मानव अधिकार वर्ष पुस्तक १९९५

यस वर्षको उल्लेख्य - शहीद र शहीदका परिवार

मानवअधिकार वर्ष पुस्तक १९९५

(०५१ पुस १७ गतेदेखि ०५२ पुस १६ गतेसम्मका घटनाहरूको संकलन)

Office use only

अनौपचारिक क्षेत्र सेवा केन्द्र
INFORMAL SECTOR SERVICE CENTRE

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, स्युचाटार

पोष्टवक्स २७२६, काठमाडौं, नेपाल

फोन नं. २७०७७०, २७८७७०

फ्याक्स : २७०५५१

इन्सेक कार्य समिति

सल्लाहकार

दमननाथ ढुङ्गाना
वीरेन्द्रकेशरी पोखरेल

अध्यक्ष

सुशील प्याकुरेल

महासचिव

डा. राजेश गौतम

कोषाध्यक्ष

दिपक काफ्ले

सदस्य

बद्रीप्रसाद स्वतिवडा
विद्यासागर घिमिरे
सुबोधराज प्याकुरेल
पवनकुमार ओझा

मानवअधिकार वर्ष पुस्तक १९९४

वर्ष पुस्तक समिति

डा. राजेश गौतम

सुबोधराज प्याकुरेल

सम्पादक

नरनाथ लुइँटेल

सम्पादन सहयोगी

शार्दूल भट्टराई

देविका तिमिल्सिना

माधव पन्थी

मानवअधिकार वर्ष पुस्तक १९९४

प्रकाशन मिति
०५२ चैत २७ गते

संख्या : दुई हजार प्रति

प्रकाशक :
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार :
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामाग्री इन्सेकको अनुमति लिएर श्रोत उल्लेख गरी पुंनर्मुद्रण गर्न सकिनेछ)

टाइप सेटिङ :
किरण माली
गोविन्द त्रिपाठी

मूल्य : रु. १५०/ -

मुद्रक :
इन्द्रेणी अफसेट प्रेस
बागबजार, फोन २२५९५४

विषय-सूची

			पृष्ठ संख्या
भूमिका			
परिच्छेद			
परिच्छेद - १	:	न्यायपालिका र मानवअधिकार १९९५	१
परिच्छेद - २	:	श्री ५ को सरकार र मानवअधिकार १९९५	७
परिच्छेद - ३	:	संसद र मानवअधिकार १९९५	१५
परिच्छेद - ४	:	आमसंचार र मानवअधिकार १९९५	२७
परिच्छेद - ५	:	सन् १९९५ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन	४७
परिच्छेद - ६	:	मानवअधिकार उल्लंघन तथ्यांक १९९५	५५
परिच्छेद - ७	:	वर्ष पुस्तकभित्र यस्ता घटनाहरू पनि छन्	८३
परिच्छेद - ८	:	निष्कर्ष र सुझाव	९९
अनुसूची			
अनुसूची - १	:	यस वर्षको उल्लेख्य - शहीद र शहीदका परिवार	१०७
अनुसूची - २	:	यस वर्षको प्रमुख घटना - अरूण तेस्रो जल विद्युत आयोजना र विश्व बैंक	१४१
अनुसूची - ३	:	नेपालमा किसान आन्दोलन	१४९
अनुसूची - ४	:	नेपालको सन्दर्भमा मानवअधिकार आयोग - अवधारणा र औचित्य	१५७
अनुसूची - ५	:	सन् १९९५ मा मानवअधिकार स्थिति बारे विभिन्न क्षेत्रको धारणा	१६५
		क) राजनीतिक पार्टीहरू	
		१) नेपाल कम्युनिष्ट पार्टी (एमाले)	१६५

२) नेपाल मजदूर किसान पार्टी १६७
३) नेपाल सद्भावना पार्टी १६८
ख) श्री ५ को सरकार
१) नेपाल प्रहरी १६९
ग) मानवअधिकार संस्थाहरू
१) मानवअधिकार संरक्षण मञ्च १७०
२) यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) १७१
३) नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन) १७२
४) अन्तर्राष्ट्रिय मानवअधिकार, वातावरण तथा विकास प्रतिष्ठान (इन्हुरेड) १७४
५) ए.बी.सी. १७७
६) बन्दी सूचना केन्द्र १७८
७) नेपाल ट्रेड यूनियन महासंघ (जीफण्ट), मानवअधिकार विभाग १८०

अनुसूची - ६ सन् १९९५ र मानवअधिकार उल्लंघनका तथ्यहरू
१. पूर्वाञ्चल १९१
२. मध्यमाञ्चल २४५
३. पश्चिमाञ्चल ३२१
४. मध्य-पश्चिमाञ्चल ३६५
५. सुदूर-पश्चिमाञ्चल ४१५

अनुसूची - ६ : वर्ष पुस्तक सम्बन्धी समीक्षा गोष्ठीको राष्ट्रिय प्रतिवेदन ४३७

अनुसूची - ८ : क्रिया / प्रतिक्रिया ४४३

अनुसूची - ९ : कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरू ४५१

अनुसूची - १० : वर्ष पुस्तक १९९२, १९९३ र १९९४ का विषय-सूची ४५३

अनुसूची - ११ : चिठ्ठीपत्र र कागजात ४५५

अनुसूची - १२ : वर्ष पुस्तक १९९५ तयारीका क्रममा संलग्न व्यक्तिहरू ४६५

अनुसूची - १३ : मानवअधिकार उल्लंघन पात्रो १९९५ ४६९

जिल्लागत विषय-सूची

१. पूर्वाञ्चल

१.१ झापा १९१
१.२ इलाम १९६
१.३ पाँचथर १९९
१.४ ताप्लेजुङ्ग २०३
१.५ मोरङ्ग २०६
१.६ सुनसरी २१२
१.७ धनकुटा २१५
१.८ तेह्रथुम २१८
१.९ भोजपुर २२१
१.१० संखुवासभा २२४
१.११ सप्तरी २२७
१.१२ सिराहा २३०
१.१३ उदयपुर २३३
१.१४ खोटाङ्ग २३६
१.१५ ओखलढुंगा २३८
१.१६ सोलुखुम्बु २४०

२. मध्यमाञ्चल

२.१ धनुषा २४५
२.२ महोत्तरी २४९
२.३ सर्लाही २५२
२.४ सिन्धुली २५६
२.५ रामेछाप २५८
२.६ दोलखा २६१
२.७ रौतहट २६४
२.८ बारा २६७
२.९ पर्सा २७०
२.१० चितवन २७५
२.११ मकवानपुर २८०
२.१२ ललितपुर २८४
२.१३ काभ्रे २८७
२.१४ भक्तपुर २९०
२.१५ काठमाडौं २९३
२.१६ धादिङ्ग ३०६
२.१७ सिन्धुपाल्चोक ३१०
२.१८ नुवाकोट ३१४
२.१९ रसुवा ३१७

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३२१
३.२ गोरखा ३२४
३.३ लमजुङ्ग ३२६
३.४ स्यांग्जा ३२९
३.५ कास्की ३३१
३.६ मनाङ्ग ३३४
३.७ नवलपरासी ३३६
३.८ रूपन्देही ३३९
३.९ पाल्पा ३४२
३.१० कपिलवस्तु ३४५
३.११ अर्घाखाँची ३४८
३.१२ गुल्मी ३५१
३.१३ वाग्लुङ्ग ३५४
३.१४ पर्वत ३५७
३.१५ म्याग्दी ३५९
३.१६ मुस्ताङ ३६१

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ्ग ३६५
४.२ प्युठान ३७२
४.३ रोल्पा ३७५
४.४ सल्यान ३८०
४.५ रूकुम ३८३
४.६ बाँके ३८६
४.७ बर्दिया ३८९
४.८ सुर्खेत ३९२
४.९ जाजरकोट ३९५
४.१० दैलेख ३९८
४.११ डोल्पा ४०१
४.१२ जुम्ला ४०३
४.१३ कालिकोट ४०५
४.१४ मुगु ४०७
४.१५ हुम्ला ४१०

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ४१५
५.२ अछाम ४१८
५.३ डोटी ४२०
५.४ बाजुरा ४२२
५.५ बझाङ्ग ४२४
५.६ कञ्चनपुर ४२६
५.७ डडेलधुरा ४२९
५.८ बैतडी ४३१
५.९ दार्चुला ४३३

अरुको मानवअधिकार उल्लंघनमा चासो देखाए मात्र आफ्नो अधिकारको रक्षा गर्न सकिन्छ।

हामी मानवअधिकार वर्ष पुस्तकलाई मानवअधिकार उल्लंघनका सूचनाहरूको प्रामाणिक दस्तावेज बनाउन क्रियाशील छौं। तपाईंहरूलाई वर्ष पुस्तकमा अझ पनि कुनै सूचना छुटेको जस्तो लागेमा हामीलाई सूचित गरी सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं। हामीले सबै पक्षबाट मानवअधिकार उल्लंघन सम्बन्धी जानकारीको अपेक्षा गरेका छौं। घटनाहरूको संकलनका लागि पचहत्तरै ज़िल्लामा हाम्रा स्वयंसेवकहरू क्रियाशील हुनुहुन्छ। मानवअधिकार उल्लंघन सम्बन्धी जानकारी लिखित वा मौखिक रूपमा हामीलाई उपलब्ध गराई सहयोग गरी दिनु भए हाम्रो अभियान अझ सशक्त बन्न सक्नेछ। याद गर्नु पर्ने कुरो हो अरूको मानवअधिकार उल्लंघनमा चासो देखाउन सकियो भने मात्र आफ्नो मानवअधिकारको पनि रक्षा गर्न सकिन्छ।

हाम्रा ठेगानाहरू :

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

केन्द्रीय कार्यालय
कलंकी, स्युचाटार
पोष्ट वक्स नं. २७२६ काठमाडौं
फोन नं. २७०७७०, २७८७७०
फ्याक्स २७०५५१

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
तीनटोलीया, विराटनगर
फोन नं. २७७२३

मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय
नगरपालिका पछाडि, नेपालगञ्ज
फोन नं. २१९६५

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
पृथ्वीचोक, पोखरा
फोन नं. २२९५४

सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय
हसनपुर, पिपलचौतारी, धनगढी
फोन नं. २१०५८

भूमिका

ईश्वी संवत् १९९२ देखि हामीले मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दैआएका छौं। यो हाम्रो चौथो कडी हो। देशमा घट्ने धेरै महत्वपूर्ण घटनाहरूको तिथि मिति खोज्दा कहिलेकाहीं ठूलै समस्या पर्छ। समय र घटना बीचको अन्तर सम्बन्धले अनुसन्धाताहरूलाई थप मार्गदर्शन गर्ने गर्छ। हामी मानवअधिकारको क्षेत्रका कार्यकर्ताहरू मानवअधिकारको क्षेत्रमा घट्ने घटनाहरूलाई यस कारण अभिलेख गर्न चाहन्छौं कि त्यसले यथार्थ जानकारी प्रदान गरोस्, उल्लंघनका प्रवृत्तिहरूलाई ठम्याएर त्यसको निदानका लागि जाँगर चलाउन सबै क्षेत्रका न्याय प्रेमीहरूलाई घचघच्याओस्।

यस वर्ष हामीले मानवअधिकार उल्लंघनको राष्ट्रिय तथ्यांक प्रस्तुत गरेका छौं। विभिन्न गैरसरकारी संस्थाहरूबाट उनीहरूको कार्य क्षेत्रमध्येबाटै १९९५ को प्रतिवेदन माग गरेर त्यसलाई प्रस्तुत गरेका छौं। वर्ष पुस्तक प्रकाशन पश्चात हामी जिल्ला जिल्लामा त्यसको मूल्यांकन गोष्ठी गर्ने गर्छौं। गोष्ठीहरूमा न्यायिक, प्रशासनिक, सुरक्षासंग सम्बद्ध अधिकारीहरू लगायत शिक्षक, बुद्धिजीवी, मानवअधिकार कर्मीहरू र सामान्य जनताको प्रतिनिधिमूलक उपस्थिति रहने गरेको छ। यी गोष्ठीहरूले जिम्मेवार निकायलाई जनतासंग प्रत्यक्षीकरण गरिदिएको छ र हामी सबैलाई आत्मसमीक्षाका साथ यथार्थपरक बन्न मद्दत पुऱ्याएको छ। वर्ष पुस्तकको मूल्यांकनका लागि विभिन्न मानवअधिकारवादी व्यक्तित्वहरूको मेला काठमाडौंमा पनि गरियो। यस वर्ष उक्त मेलाले प्रस्तावित गरे अनुरूपका विषय सूचीको छनौट गरी प्रस्तुत गरिएको छ। त्यसैले ती गोष्ठीहरूको प्रतिवेदनको छोटकरी विवरण प्रस्तुत गरिएको छ।

प्रमुख राजनीतिक पार्टीहरू, श्री ५ को सरकारको गृह मन्त्रालय, परराष्ट्र मन्त्रालयको संयुक्त राष्ट्र संघ शाखा र नेपाल प्रहरीलाई हामीले सन् १९९५ मा मानवअधिकारको स्थितिका बारेमा आ-आफ्नो धारणा उपलब्ध गराइ दिन बारम्बार अनुरोध गऱ्यौं। त्यस मध्ये हामीलाई उपलब्ध हुन सके जति प्रतिवेदन प्रस्तुत गरेका छौं। नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट भने आधिकारिक दृष्टिकोण प्राप्त गर्न हामीले कैयन कोशिस गर्दा पनि सकेनौं। नेपाल प्रहरीले छाप्न भ्याउने गरी आफ्नो धारणा पठायो।

मानवअधिकारका विविध क्षेत्रमा कृयाशील मध्ये केही गैर सरकारी संस्थाहरूसंग माग गरिए अनुसार आधिकारिक धारणाहरू प्राप्त भए।

मानवअधिकार वर्ष पुस्तकका परिच्छेदहरूमा हरेक वर्ष प्रस्तुत गरिने मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने संवैधानिक निकाय र संचार क्षेत्रका साथै तथ्यांक र प्रतिनिधिमूलक घटनाहरूको संगालो पर्दछ। यस्तो आवधिक प्रकाशनको क्रम हाम्रो देशमा यो पहिलो पटक भएको हो। वर्ष पुस्तकको मूल्यांकन गोष्ठीमा यस अघि समेटिसकिएका विषयहरूमा किन उल्लेख भएन भनेर बारम्बार प्रश्न उठ्ने गर्दछ। जस्तै सुदूर पूर्वका जिल्लामा शरणार्थी समस्या बारे उल्लेख गर्न आग्रह गरिन्छ। हामीले १९९२ र १९९३ मा यसबारे विस्तृत उल्लेख गरिसकेका छौं। तर शरणार्थी समस्याको आधारभूत स्थिति उस्तै नै रहेकोले १९९४ देखि उल्लेख गरिएको छैन। मानवअधिकार आन्दोलन र प्रजातान्त्रिक आन्दोलन एक अर्कामा अन्योन्याश्रित विषय हुन्। किनकी प्रजातन्त्र बलियो पार्नका लागि सामाजिक न्यायको बाटोमा अग्रसर परिस्थितिको निर्माण गर्नु अति आवश्यक हुन्छ। प्रजातान्त्रिक आन्दोलनमा विभिन्न पेशा र वर्गीय आन्दोलनले अहम भूमिका खेलेका हुन्छन्। यसर्थ १९९२ देखिका हाम्रा अनुसूचीहरूमा हामीले विभिन्न सान्दर्भिक विषयहरू संगाल्ने गरिआएका छौं। यो सन्दर्भलाई अझ गहकिलो बनाउन १९९३ देखि हामीले "उल्लेख्य" र "प्रमुख घटना" गरी दुई अलग्गै पहिचानका विषय पनि समेट्न थाल्यौं। यस वर्षको प्रमुख घटनाका रूपमा अरूण तेस्रो जलविद्युत आयोजनाको अवसान रह्यो। अरूण जलविद्युत आयोजनाको मामिलामा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले ऋणी मुलुकको सार्वभौमसत्ता सम्पन्न संसदको अधिकारलाई समेत वास्ता गर्दा रहेनछन् भन्ने कुरा सप्रमाण देखा पऱ्यो। संसदले पनि अग्रीम जानकारी पाउन नसक्ने वार्षिक बजेट ३ वर्ष पहिलेनै विश्व बैंकबाट अनुमोदन गराइसक्नु पर्ने शर्त राखिएको थियो जसलाई

हटाउन विश्व बैंक निकै पछि मात्रै राजी भएको थियो। शहीद र शहीदका परिवारको अद्यावधिक स्थितिको जानकारी प्रस्तुत गर्नका लागि मुलुक भरी रहेका हाम्रा जिल्ला प्रतिनिधिहरू मार्फत् सूचना संकलन गरेर यस पटक प्रस्तुत गरेका छौं। शहीदको सम्मान गर्नु भनेको प्राप्त स्मरणीय शहीदका भावनाको कदर गर्नु हो। उहाँहरू आफ्नो र आफन्तका लागि संकुचित हुनुभएन, सारा जनताका लागि उहाँहरूले जीवोत्सर्ग वरण गर्नु भयो। त्यस्ता शहीदका परिवारप्रति सिंगो मुलुकले जिम्मेवार बन्नु पर्छ। हरेक टोल बस्तीले यो जिम्मेवारीलाई आफ्नै ठान्नु पर्छ। कमसेकम शहीदको सम्मान गर्ने मामिलालाई राजनीतिक दलहरूको घेराभित्र कैद गरिनु हुन्न्। शहीद बारेको हाम्रो सूचनापूर्ण हुन सकेको नहुन सक्छ। यस क्षेत्रमा संलग्न सबैसंग समन्वयात्मक ढंगले थप प्रयास गर्नु पर्ने देखिएको छ।

नेपाल एउटा कृषि प्रधान देश हो। हाम्रो जनसंख्याको ८० प्रतिशत कृषिमा आधारित छ। तर आर्थिक, सामाजिक संरचनाको हकमा सामन्ति भू-स्वामित्व अद्यापि रहेकोले कृषकहरूको स्थिति दिन परदिन खस्कँदो छ। किसानलाई आफ्नो पेशाप्रति विश्वस्त नपारून्जेल कृषि क्षेत्रमा गर्न खोजिएको सुधार सफल हुन सक्दैन भन्ने कुरा हाम्रै विगतको अनुभवसिद्ध कुरा हो। यो मुलुकका दुख पाएका किसानले सबै प्रजातान्त्रिक आन्दोलनहरूमा अग्रणी भूमिका निर्वाह गरेका छन्। यसर्थ सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सबै आन्दोलनमा सर्वाधिक पीडा खेप्नु परेको तप्का यही हो। ०४६ को जनआन्दोलन पछि मुलुकको किसान जागरणको क्षेत्रमा अरू क्षेत्रको तुलनामा कम प्रगति भएको देखिएको छ। यसर्थ यस पटक प्रस्तुत अनुसूचीहरू मध्ये किसान आन्दोलन पनि एउटा रहेको छ।

मानवअधिकार आयोगको स्थापनाको माग हामी मानवअधिकारको क्षेत्रमा संलग्न सबैका लागि प्रजातन्त्र स्थापना पश्चात् सर्वाधिक चासोको विषय रहेको थियो। ०५१ को मध्यावधि निर्वाचन पश्चात् गठित सरकारले यस बारेमा प्रतिबद्धता दर्शाएको थियो र आयोग गठनका लागि प्रकृया समेत अगाडि बढाइरहेको थियो। यस बारेको हाम्रो दृष्टिकोण प्रस्तुत गर्नका लागि एउटा अनुसूची छुट्याइएको छ।

मानवअधिकार वर्ष पुस्तकमा हरेक जिल्लाका मानवअधिकारसंग सरोकार राख्ने सम्पूर्ण घटनाहरू संग्रहित गर्ने प्रयास गर्ने गरेका छौं। मानवअधिकार वर्ष पुस्तक एउटा संग्रहणीय दस्तावेजको रूपमा स्थापित भैसकेको छ। सन्दर्भ स्रोतका रूपमा विभिन्न लेखकहरूले यसको प्रयोग गर्ने गरेका छन्। यसर्थ वर्ष पुस्तक १९९२ देखि १९९४ सम्म समेटिएका विषय सूचीको जानकारी दिन अनुसूची १० प्रस्तुत गरिएको छ।

बाँकी अन्य विषयहरू विगतकै निरन्तरताका क्रममा छन्। मानवअधिकार बारे बौद्धिक विषय ज्ञानले निपुण साथीहरूको कमीका कारण विषयसूचि नै निर्देशिका सरह बन्न सक्ने हुँदा यस पटक पनि जिल्लाका घटनाहरूलाई साविककै शीर्षकहरूमा विभक्त गरिएको छ। आगामी वर्ष यसमा परिमार्जन गर्ने लक्ष्य राखेका छौं।

जिल्ला जिल्लाका मानवअधिकार उल्लंघनका घटनाको विस्तृत जानकारी दिने कामलाई परिच्छेदबाट हटाई अनुसूचीमा लगेका छौं। अंग्रेजी संस्करणमा यो अनुसूची समावेश गरिने छैन। यसको सट्टा परिच्छेद ६ को मानवअधिकार उल्लंघन तथ्यांक र ७ को प्रतिनिधिमूलक घटनाहरूको प्रस्तुति नै यथेष्ट हुनेछ भन्ने लागेको छ। तर घटनाहरूको विस्तृत जानकारी रोचक मात्र होइन सामाजिक अध्ययनका मामिलामा साह्रै जरूरी पनि हुँदोरहेछ। यो वर्षको अन्त्यतिर जो मानिसहरू मुलुकको पश्चिमी जिल्लामा आतंककारी जमातको हिंसात्मक प्रहारले पीडित भए भनियो, ती पीडित बारे वर्ष पुस्तक १९९३ का घटना बोल्दैछन्। ती आजका पीडित मध्य कतिले निर्दोष मानिसहरूको हत्या गर्ने, हत्याको विरूद्ध उजुरी गर्न चाहने परिवारका सदस्यहरू उपर पनि हिंसात्मक आक्रमण गर्ने काम गरेको अभिलेख हामीसंग दुरूस्त छ। यसको अर्थ हो राजकीय संरक्षणमा अपराध गर्न पल्केकाहरूको अनियन्त्रित व्यवहारले मुलुकमा अराजकता र हिंसालाई नै निम्त्याउँदो रहेछ।

यो वर्ष पुस्तक संयुक्तराष्ट्र संघ वा अन्य कुनै अन्तर्राष्ट्रिय निकायमा प्रस्तुत गर्नका लागि तयार गरिएको पूर्ण दस्तावेज होइन तर त्यस्ता दस्तावेज तयार गर्ने मामिलामा सन्दर्भ स्रोतका रूपमा यथेष्ट प्रयोग गर्न सकिने वस्तु चाहिं हो। वर्ष पुस्तक मानवअधिकार बारे सैद्धान्तिक जानकारी भइसकेका उपल्लो स्तरका विद्वतजनका लागि मात्र पनि होइन। यसले माध्यमिक विद्यालय स्तरका विद्यार्थीसम्मलाई आफ्नो लक्षित समूहका रूपमा लिएको छ।

विद्वतजन र समाजशास्त्रीहरूले पनि मुलुकका जनताका बरव्यवहार कतिसम्म रूखो, निर्दयी र असभ्य छ वा रहेछ भन्ने कुराको हेक्का राख्न चाहने हो भने मानवअधिकार उल्लंघनका तथ्यहरूसंग सम्बद्ध जिल्ला जिल्लाका घटनाहरूको विस्तृत जानकारी दिने अनुसूची ६ आद्योपान्त अध्ययन गर्नु पर्नेछ।

जुन देशमा शक्तिशाली व्यक्तिहरूको संरक्षणका कारण प्रहरीउपर भएको दुर्व्यवहार समेत कार्वाहीको विषय बन्न सक्दैन, कुलो-पैनी, सन्धि-सर्पनदेखि परिवार-पारपाचुके सम्मका कुराको राजनीतिकरण गरिन्छ, त्यस देशमा मानवअधिकार संस्कृतिको सृजना गर्नु कत्तिको जोखिमपूर्ण काम हो र यसको गंभीर दायित्वबोधको कति प्रासंगिक महत्त्व छ भन्ने कुराको चेतना दिने मामिलामा यो पुस्तकले विगत तीन वर्ष यता थोरै भए पनि महत्वपूर्ण योगदान गरेको छ भन्ने हामीलाई लागेको छ।

के मानवअधिकारको उल्लंघन राज्य वा सरकारले मात्र गर्छ ? विकसित मुलुकमा राजकीय क्षेत्रबाट भएको उल्लंघन प्रष्ट, सामुन्ने देखा पर्छ। तर हाम्रो जस्तो देशमा भने प्राय यस्ता घटनाहरूमा राज्य पछाडि बस्छ र सदृश्य सामुन्ने पूर्ण अहंकारी र निर्दयी बनेर कुनै मानिस वा जत्था आइलाग्छ। अनि भुल्नै नहुने कुरा के हो भने राज्य संचालन गर्ने मानिस जुन संस्कृति बोकेर पदीय जिम्मेवारी संचालन गर्छन्, उनीहरूको व्यवहार त्यस्तै हुन्छ। नागरिकको मानवअधिकारको रक्षा गर्नु राज्यको मुख्य दायित्व हो तर राज्य भित्र सरकार मात्र पर्दैन हामी नागरिकहरू पनि पर्छौं। त्यसैले हामीले व्यक्तिले व्यक्तिको मानवअधिकार उल्लंघन गरेका घटनाहरूका पनि अभिलेख राखेका छौं।

हाम्रो मानवअधिकारको उल्लंघनका तथ्यहरूको अनुसूची ६ अन्तर्गतको जिल्ला जिल्लाको घटनामा दफा ९ अन्तर्गत मानवअधिकारसंग प्रत्यक्ष असम्बन्धित घटनाहरू पनि संकलित छन्। तर ती घटनाहरूलाई मानवअधिकारको कुनै पनि तथ्यांकमा समावेश गरिएको छैन। ती घटनाहरू सूचनाका लागि मात्र हुन् भन्ने कुरा शीर्षकमा नै प्रष्टसंग खोलिएको छ। हाम्रो देशका शहरमा बस्ने, कतिपय मानवअधिकार विज्ञहरूले यसलाई गञ्जागोलको शीर्षक दिनुभएको छ। वर्ष पुस्तक १९९२ को प्रकाशन गर्नु अघि अध्ययन भ्रमण गर्न जाँदासम्म हामीलाई पनि त्यस्तै लाग्थ्यो। तर कमलाको बाढीले जीउ धनको नोक्सान खेपिरहेका वा पूर्वेली जिल्लामा हरेक वर्ष भारतको आसामको जंगलबाट छिर्ने जंगली हात्तीबाट आफन्तको मृत्युको पीडा खपिरहेका मानिसहरूले हामीलाई सोधे - "यसरी मानिसहरूको रक्षा कसले गर्ने हो, मृत्युको हाम्रो पीडा नदेख्ने हो भने त्यस्तो किताबको हामीलाई के अर्थ छ र?" हामीलाई लाग्यो कि जनतामा वर्ष पुस्तकप्रति "यो मेरो आफ्नो किताब हो" भन्ने भावना पुऱ्याउनु छ भने पहिले उनीहरूको भावना र भावुकता दुबैको कदर गर्नु पर्छ। गरिबीबाट आजित भएर, विद्यालय जान नपाएर, सामाजिक कुसंस्कारका कारण जोडी बाँधिन नपाउने भएर गरिएका आत्महत्या जस्ता घटनाहरू यस कोटीमा पर्छन्। त्यस्ता जनताका पीडालाई उल्लेख मात्र गरेका छौं। मानवअधिकार हननको तथ्यांकमा कतै समावेश गरिएको छैन। हाम्रो दृढ विश्वास छ कि मानिसहरूलाई सबै खाले विपत्तीबाट मुक्त राख्नु वा राहत दिनु राज्यको पहिलो र परम कर्तव्य हो।

वर्ष पुस्तक अनुसन्धान मात्र होइन, अनुसन्धानको सामग्री पनि हो। १९९२ देखि हामीले विभिन्न परिच्छेद र अनुसूची मार्फत मानवअधिकार आन्दोलनमा प्रत्यक्ष नेतृत्व प्रदान गर्ने थुप्रै विषयमा लेखिसकेका छौं। हामीलाई ती सबै विषयमा मानवअधिकारको पाटोमा कतै केही नपुग लाग्यो, सान्दर्भिक ग्रन्थको कमी लाग्यो। त्यसैले हामी यसरी फैलिएर गयौं र जाने क्रम जारी राखेका छौं।

यो वर्ष पुस्तक केवल मानवअधिकारको दृष्टिकोणले उल्लंघनको तथ्य मात्र होइन। प्रजातन्त्रको रक्षा र विकासका लागि मानवअधिकारको सुरक्षा गर्ने चेतनायुक्त अभियानका सहयात्री साथीहरूले मानवअधिकारको रक्षाका लागि मानवअधिकार सचेतनताको अभियानका क्रममा बटुल्नु भएका अनुभवहरूको संगालो पनि हो।

वर्ष पुस्तकले मुलुकमा घटेका सबै घटनाहरूको अभिलेख प्रस्तुत गर्न भ्याएको छैन। जिल्लाको भौगोलिक विकटता, संचारको कमी र सूचना प्रेषकहरूको आफ्नै बाध्यताका कारण पनि सबै घटना संकलित गर्न सकिएको छैन। मानवअधिकार उल्लंघनका कतिपय घटनाहरू यस कारण पनि संप्रेषण गरिएनन् कि पीडकको त्रासका कारण त्यो आँट गर्ने वातावरण सबै सूचना प्रेषकहरूमा रहेन। कतिपय हाम्रा सूचना प्रेषकहरूले सत्य उद्घाटित गरेबापत हिंसात्मक आक्रमणको शिकार हुनु पऱ्यो। तिनको सुरक्षा गर्नुपर्ने निकायहरू मौन बसे र प्रतिरक्षाका लागि पीडित समुदाय नै अगाडि आउन सकेन।

हामी चाहन्छौं कि गाउँ गाउँ र टोल टोलमा मानवअधिकार नेतृत्वको विकास होस्, मानवअधिकारको मामिलालाई कुनै पनि खाले स्वार्थको घेराले कैद गर्न नसकोस्। मानवअधिकार-संचार, मानवअधिकार-नेतृत्व,मानवअधिकार-ऐक्यबद्धता हाम्रो अभीष्ट हो।

महिला र बालबालिकाको सवाल, उत्पीडित जाति जनजातिको सवाल, कृषि मजदूर र सुकुम्बासीहरूको

सवालमा हामीले उनीहरूमाथि व्याप्त अत्याचारको प्रवृत्तिलाई हुबहु प्रकाशमा ल्याउन खोज्यौं, तर यो मामिलामा चार वर्ष बितिसक्दा पनि हामी अपेक्षित रूपले सफल हुन सकेका छैनौं।

मान्छे हेरी व्यवहार गर्ने चलन केही निरूत्साहित भएको छ तर समाप्त भएको छैन। प्रहरी प्रशासनको व्यवहार समाजका हुने खाने र गरीब गुरुवा प्रति फरक-फरक छ। बलात्कृत नारीलाई रकम लिएर प्रहरी कार्यालयले नै मिलापत्र गराउँछ। यो वर्ष मानवअधिकारको क्षेत्रमा केही प्रशंसनीय कामहरू भएका छन्। बालबालिकाको क्षेत्रमा, मानवअधिकार आयोग निर्माण गर्ने कामको सिलसिलामा, अन्तर्राष्ट्रिय अनुबन्धहरू अन्तर्गत पठाउनु पर्ने प्रतिवेदनहरूका लागि मानवअधिकारवादी संघ संस्थाहरूसंग सरकारले राय लिने परम्पराको शुरूवातको सन्दर्भमा र मानवअधिकारसंग सम्बद्ध अन्तर्राष्ट्रिय सम्मेलनहरूमा गैर सरकारी क्षेत्रको सहभागिताको सन्दर्भमा हामीले केही प्रगति गरेका छौं। सम्पूर्ण मानवअधिकारवादी संस्थाहरूको बीचमा समन्वय राखी काम गर्नको लागि एउटा समन्वयकारी संरचनाको निर्माण गर्नु पर्ने बेला आइसकेको छ भन्ने हामीलाई लाग्छ। वर्ष १९९५ को उत्तरार्धका साथै केही समस्याहरू थपिएका छन्। राजनीतिको नामबाट हाम्रो देशका विभिन्न भागमा हिंसात्मक क्रियाकलाप बढेको छ। ती क्रियाकलापको कारकतत्व विगतमा समाजमा व्याप्त हैकमवादी र राजनीतिक सुरक्षाप्राप्त व्यक्तिहरूको अत्याचार जिम्मेवार रहेको छ। अतः यता देखिएका ती हिंसात्मक घटनाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक कारक तत्वहरूको पहिचान गरी त्यसको उपचार तर्फ जानु पर्नेमा राज्यले प्रहरी बल प्रयोग गरी जस्तालाई तस्तै गर्ने हिसाबले दमन अभियान संचालन गर्ने गरेको र यस सिलसिलामा कानूनले निर्धारण गरेको जनताका मौलिक अधिकारहरूको खुल्लमखुल्ला उल्लंघन गरेको छ। यो दुःखद सिलसिलालाई सैद्धान्तिक तवरले नीतिगत कार्ययोजनाका साथ आमजनताको बीचमा तथ्य सूचना सम्प्रेषण गर्दै समाधान गरियोस् भन्ने हामी चाहन्छौं।

यो वर्ष पुस्तक परियोजनालाई आर्थिक सहयोग जुटाइदिने संस्था नोराड, हामीलाई सहयोग गर्ने श्री ५ को सरकार गृह मन्त्रालय अन्तर्गतका प्रशासनिक कार्यालयहरू, प्रहरी, जेल तथा मानवअधिकार संस्थाहरू, राजनीतिक दलहरू र सम्मानित अदालत लगायत सबैलाई हामी अन्तरहृदयदेखि धन्यवाद ज्ञापन गर्दछौं।

विभिन्न परिच्छेद र अनुसूची तयार गर्ने क्रममा हामीलाई जानकारी, सुझाउ दिने महानुभावहरू, यस पुस्तकभित्रका ती सामग्री तयार गर्ने विद्वान लेखकहरू काशिराज दाहाल, शार्दूल भट्टराई, गोपाल शिवाकोटी, रघु मैनाली, कुन्दन अर्याल, विष्णु प्रभात र भगवानरत्न तुलाधरप्रति हामी आभारी छौं। त्यस्तै वर्ष पुस्तक तयारीको क्रममा दिनरात नभनी खट्ने सबै सम्बद्ध साथीहरूप्रति म विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु।

यो अभिलेख थुप्रै साथीहरूको साह्रै कठिन परिश्रमले गर्दा मात्र यो रूपमा प्रकाशित हुन सकेको छ। दिनरात नभनी हप्तौं सम्म खट्दा खट्दा यो पुस्तक प्रेसमा पठाएको दिन एउटा सिङ्गो पंक्ति लखतरान भइसकेको हुन्छ। इन्सेक परिवारले त्यो दिन अग्लो पर्वतको टाकुरामा पुगेको अनुभव गर्छ। जिल्ला जिल्लाका प्रतिनिधि साथीहरू र क्षेत्रीय कार्यालयका कार्यकर्ताहरूदेखि केन्द्रीय कार्यालयका सबै विभागहरूले यो वर्ष पुस्तकको प्रकाशनका काममा ठोस योगदान गरेका छन्। अन्तिम समयसम्म हजारौं घटनालाई बारम्बार रूजु गर्नु र सच्याउनु चानचुने काम होइन। प्रत्येक लेखनमा व्यवस्थित छलफल र सामूहिक स्वीकृति नहुञ्जेल अन्तिम रूप दिन मिल्दैन। यो सामूहिक चिन्ता र संलग्नता दर्शाउने सबैमा म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

वर्ष पुस्तकलाई आफ्नो अमूल्य सुझावद्वारा मार्गदर्शन गरिदिनु हुने सल्लाहकारज्यूहरू प्रति पनि हामी सबै आभारी छौं।

अन्त्यमा मानवअधिकार वर्ष पुस्तक १९९५ कस्तो लाग्यो ? नेपालीले नेपालीका लागि नेपाली पनका साथ प्रस्तुत गर्ने जमर्कोमा भएका खोट केलाएर हेरिदिनु भए, औंल्याइदिनु भए हामीलाई तपाईंहरूको अझै नजीक पुग्ने प्रेरणा मिल्नेछ।

०५२ चैत २७ गते

सुशील प्याकुरेल
अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

परिच्छेद

परिच्छेद १

न्यायपालिका र मानवअधिकार १९९५

आधुनिक प्रजातान्त्रिक शासन व्यवस्थामा संविधानको सर्वोच्चतालाई जिवन्तता दिन, कानूनी राज्यको मान्यतालाई मूर्तरूप दिन तथा मानवअधिकारको संरक्षण गर्न स्वतन्त्र र सक्षम न्यायपालिकाको संरचनालाई आत्मसात गरिएको हुन्छ। राज्य शक्ति प्रयोग गर्ने निकाय र व्यक्तिहरूले आ-आफ्नो अधिकारको प्रयोग संविधान तथा कानूनद्वारा निर्धारित सीमाभित्र रही गरेका छन् छैनन् भन्ने कुराको अन्ततः न्यायिक जाँच गर्ने अधिकार न्यायपालिकाको हुन्छ। सिद्धान्ततः नीतिगत प्रश्न र राजनैतिक प्रश्नहरू अदालतको निरूपणको विषय नमानिए तापनि राजनैतिक प्रक्रियाबाट समस्याको समाधान हुन नसकेका कतिपय प्रश्नहरू कानून वा संविधानको आड लिई अदालतमा प्रवेश गरी निरूपित हुँदै आएका समेत देखिन्छन्। यसैले प्रजातान्त्रिक व्यवस्थामा स्वतन्त्र र सक्षम न्यायपालिका प्रजातन्त्रको आधारभूत शर्त मानिन्छ र मानवअधिकारको संरक्षण गर्ने गुरूत्तर दायित्व न्यायपालिकामा नै रहेको हुन्छ। प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भातृत्व र एकता कायम गर्ने अभिष्ट लक्ष्य राखी जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले मानवअधिकारको संरक्षणमा न्यायपालिकाको महत्वपूर्ण भूमिका हुने कुरालाई हृदयंगम गरी स्वतन्त्र एवं सक्षम न्याय प्रणालीलाई संविधानको आधारभूत संरचनाको रूपमा स्वीकार गरी असंशोधनीय बनाएको छ। मौलिक हक उपर अनुचित बन्देज लगाइएका कानूनहरूलाई अमान्य गर्ने अधिकारदेखि मौलिक हकको प्रचलनका लागि उपयुक्त आदेश जारी गर्ने समेतको असाधारण अधिकार क्षेत्र सर्वोच्च अदालतलाई संविधानले प्रदान गरेको छ।

सन् १९९५ को यस वर्षमा सर्वोच्च अदालतले मूलतः संविधानले प्रत्याभूत गरेको समानताको हकको प्रचलनमा, स्वतन्त्रताको हकको संरक्षणमा, फौज्दारी न्यायको हकको प्रचलनमा, सूचनाको हक प्रत्याभूतिमा र सार्वजनिक हक र सरोकारको विवादको निरूपणमा केही सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ। यसैगरी यस वर्ष प्रतिनिधि सभा विघटनको मुद्दामा सर्वोच्च अदालतले गरेको निर्णय सर्वाधिक चर्चा र चासोको विषय बन्न पुग्यो।

प्रतिनिधिसभा विघटन सम्बन्धी विवाद (१९९५)

नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी र लेनिनवादी (एमाले) को अल्पमतको सरकारका प्रधानमन्त्री मनमोहन अधिकारीका विरूद्ध प्रतिनिधि सभामा अविश्वासको प्रस्ताव ल्याउन प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाइएको पृष्ठभूमिमा प्रधानमन्त्री मनमोहन अधिकारीले संविधानको धारा ५३(४) अनुसार प्रधानमन्त्रीको विशेषाधिकार प्रयोग गरी प्रतिनिधिसभा नै विघटन गराई मध्यावधि निर्वाचन गराउने सिफारिश गरेको कार्य संविधानद्वारा प्रत्याभूत मौलिक हक (धारा ११, धारा १२, धारा १६) र अन्य संवैधानिक व्यवस्था (धारा ५३, ५४, ६३) को समेत विपरित भएको भन्ने आधारमा सर्वोच्च अदालतमा विभिन्न रिट निवेदनहरू दायर हुन पुग्यो। तत्कालिन प्रतिनिधिसभाका विपक्षीदलका नेता शेरबहादुर देउवा लगायत ७ जना व्यक्तिहरूले छुट्टाछुट्टै दायर गर्नु भएको रिट निवेदनमा निवेदकहरूले मूलतः संविधानको धारा ५३(३) अन्तर्गत प्रतिनिधिसभाको अधिवेशनको लागि समावेदन गरी अधिवेशन बस्ने मिति तोकिई सकेको स्थितिमा सो अधिवेशन प्रारम्भ भई अन्त नहुञ्जेलसम्म धारा ५३(४) प्रधानमन्त्रीबाट सिफारिश चढाउन र संसद विघटन हुन सक्तैन, वैकल्पिक सरकार बन्न सक्ने संभावना रहेसम्म प्रधानमन्त्रीको विघटन गराउने अधिकार धारा ५३(४) को कार्यान्वयन हुन सक्तैन, प्रधानमन्त्रीको सिफारिश अविश्वासको प्रस्ताव छल्ने दुराशयबाट भएको छ, विधायिकाको अधिकारमा वलात् अतिक्रमण भएको छ भन्ने जिकीरका साथ प्रधानमन्त्री मनमोहन अधिकारीको प्रतिनिधिसभा विघटनको सिफारिस त्रुटिपूर्ण भएकोले सो सिफारिशका आधारमा भएको संसद विघटन र तत्सम्बन्धी सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा वदर गरी प्रतिनिधिसभालाई सिफारिशपूर्वको अवस्थामा यथावत कायम राखी पाउँ भनी माग दावी भएको देखिन्छ भने प्रत्यर्थी प्रधानमन्त्री मनमोहन अधिकारीले आफ्नो लिखित जवाफमा मूलतः प्रतिनिधिसभा विघटनको सिफारिश गर्ने प्रधानमन्त्रीको पूर्ण विशेषाधिकार हो, धारा ५३(४) मा कुनै शर्त वन्देज छैन, प्रतिनिधिसभा विघटन गर्न सिफारिश गर्ने तथा त्यस आधारमा विघटन गर्ने दुबै शुद्ध राजनैतिक निर्णयका कुरा हुन अदालतबाट त्यसको संवैधानिक वा कानूनी वैधताको प्रश्नमा साँघुरिएर विचार हुनु पर्दछ, अस्थिरता र अन्यौलको स्थिति मेटाउन जनताका सामु जानु पर्ने राजनैतिक

आवश्यकता रहेको वोध गरी प्रतिनिधिसभाको विघटनको सिफारिश गरिएको हो, रिट निवेदन खारेज गरी पाउँ भन्ने जिकीरहरू रहेको देखिन्छ।

प्रस्तुत मुद्दामा उठाइएका तथ्य र जिकीरका आधारमा सर्वोच्च अदालतले देहायका प्रश्नमा आफ्नो निर्णय दिनु पर्ने गरी प्रश्नहरू निर्धारण गर्न पुगेको थियो :

(१) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) को प्रयोग गरी सम्माननीय प्रधानमन्त्रीले गर्नु भएको सिफारिशको आधारमा भएको प्रतिनिधि सभाको विघटनको विषयलाई राजनीतिक विषयवस्तु समावेश भएको कारणले न्याय योग्य (Justiciable) मान्न मिल्छ, मिल्दैन ?

(२) धारा ५३ को उपधारा (३) बमोजिम प्रतिनिधिसभाको अधिवेशन आव्हान भइसकेपछि सोही धाराको उपधारा (४) प्रयोग गरी प्रतिनिधिसभाको विघटन गर्नु संविधान सम्मत हुन्छ वा हुँदैन ?

(३) धारा ४२ को उपधारा (२) अन्तर्गतको सरकारको विकल्पमा सोही धाराको उपधारा (१) बमोजिमको सरकार बन्न सक्छ सक्दैन ?

(४) सम्माननीय प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटनको सिफारिश दुराशययुक्त छ, छैन ? र

(५) रिट निवेदकहरूको माग अनुसारको आदेश जारी हुनु पर्ने वा नपर्ने के हो ?

उपरोक्त प्रश्नहरूमा सर्वोच्च अदालतको ११ जना न्यायाधीशको इजलाशमा बहुमत सात (प्रधान न्यायाधीश-विश्वनाथ उपाध्याय, न्यायाधीश-श्री सुरेन्द्रप्रसाद सिंह, न्यायाधीश-श्री रूद्रबहादुर सिंह, न्यायाधीश-श्री मोहनप्रसाद शर्मा, न्यायाधीश-श्री केशवप्रसाद उपाध्याय, न्यायाधीश-श्री लक्ष्मणप्रसाद अर्याल, न्यायाधीश-श्री केदारनाथ उपाध्याय, न्यायाधीश-श्री गाविन्दबहादुर श्रेष्ठ) को निर्णय देहाय बमोजिम रहयो।

(१) संविधान एउटा राजनैतिक लिखतको साथै कानूनी लिखत पनि भएकोले संविधान अन्तर्गतका विवादहरूमा राजनैतिक प्रश्नहरू साथै संवैधानिक वा कानूनी वैधताका प्रश्नहरू पनि समावेश हुन सक्तछ। कुनै विवादका विषय कार्यपालिका वा व्यवस्थापिकाको संविधान प्रदत्त अधिकारसंग सम्बन्धित भएको कारणले मात्र तत्सम्बन्धी सबै प्रश्नहरू राजनैतिक प्रश्नहरू हुँदैनन्। संविधान अन्तर्गत अधिकारको प्रयोग गरेर गरिएका जुनसुकै कार्यको संवैधानिक वैधताको जाँचबुझ गर्न संविधानको धारा ८८ ले सर्वोच्च अदालतलाई असाधारण अधिकारहरू प्रदान गरेको छ। प्रस्तुत विवादमा संविधानको धारा ५९ को उपधारा (२) अन्तर्गत प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्न धारा ५३ को उपधारा (३) अन्तर्गत प्रतिनिधिसभाका सदस्यहरूको समावेदन अनुसार विशेष अधिवेशनको आव्हान भइसकेपछि सो अधिवेशनको कार्य सम्पन्न नहुँदै उपधारा (४) अन्तर्गत प्रतिनिधिसभाको विघटन हुनु संविधान सम्मत हुन्छ वा हुँदैन ? जस्ता प्रश्नहरूको निर्णय आवश्यक छ। जुन प्रश्नहरूको निर्णय सर्वोच्च अदालत बाहेक अन्य कुनै संवैधानिक अंग वा पदाधिकारीबाट हुन सक्तैन। तसर्थ प्रस्तुत विवाद सम्बन्धी प्रश्नहरू राजनैतिक प्रश्नहरू नभई संवैधानिक प्रश्न भएकोले न्यायिक पुनरावलोकन हुन सक्तछ। यसैगरी श्री ५ को नाममा प्रधानमन्त्री वा मन्त्रिपरिषद्बाट भए गरेका सबै काम कुराहरू न्यायिक निरूपणका विषयहरू हुन सक्तछन्।

(२) संविधानको धारा ५३(१) अन्तर्गतको संसदको अधिवेशन मन्त्रिपरिषद्ले सिफारिश नगरेसम्म आव्हान हुन नसक्ने र आव्हान भए पनि मन्त्रिपरिषद्ले चाहेको बखत अन्त्य हुने हुनाले प्रतिनिधिसभाको अधिवेशन नबसेको समयमा तत्कालै कुनै सरकारी नीति वा कार्यक्रम वा मन्त्रिपरिषद्को कार्यशैली वा मन्त्रीहरूको आचरणलाई संसदीय वहस, छलफल र छानवीनमा ल्याउन सांसदहरूले आवश्यक सम्झेमा नियमित अधिवेशनले निजहरूलाई कुनै मद्दत गर्दैन। यसै कुरालाई दृष्टिगत गरेर हाम्रो संविधानले सांसदहरूको आफ्नै सक्रियतामा प्रतिनिधिसभाको अधिवेशन वा वैठक बोलाउन सक्ने र त्यसको कार्यसूचि पनि आफै निर्धारित गर्ने व्यवस्था गरेको छ। संसदीय प्रणालीलाई सुदृढ गर्न टेवा पुऱ्याउने यो व्यवस्थालाई छल्ने, व्यर्थ तुल्याउने वा निष्कृय बनाउने अभिप्रायले धारा ५३ को उपधारा (४) अन्तर्गत प्रतिनिधिसभालाई विघटन गर्ने अधिकार प्रयोग हुनु हुँदैन। प्रधानमन्त्रीले नयाँ जनादेश प्राप्त गर्न आवश्यकतानुसार धारा ५३ को उपधारा (४) अन्तर्गत विघटनको सिफारिश गर्न सक्तछ। तर त्यो अधिकार अनियन्त्रित अधिकार होइन। धारा ५३ को उपधारा (४) अन्तर्गत प्रतिनिधिसभालाई विघटन गर्नलाई सो उपधारालाई मात्र हेर्नु पर्याप्त हुँदैन। संविधानका अन्य धाराहरूमा गरिएका व्यवस्थाहरूका अतिरिक्त संविधानको भावना र उद्देश्यलाई पनि दृष्टिगत गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा खास गरी संसदीय प्रणाली र बहुदलीय प्रजातन्त्रका आधारभूत मूल्य र मान्यताहरूको सम्बर्द्धन गर्न संविधानमा समाहित गरिएका प्रावधानहरूमाथि विचार गर्नु आवश्यक हुन्छ। संविधानका भावना र उद्देश्यहरूको प्रतिकूल धारा ५३ को उपधारा (४) अन्तर्गतको अधिकारको प्रयोग गर्न नमिल्ने हुन्छ।

(३) प्रधानमन्त्रीका विरूद्ध अविश्वासको प्रस्ताव पारित भएपछि प्रतिनिधिसभाको विश्वास प्राप्त गर्न सक्ने अर्को वैकल्पिक सरकारको गठनको संभावनामा कुनै विचारै

नगरी प्रतिनिधिसभाको विघटन गर्ने कुरा संसदीय प्रणालीको स्थापित परम्परा र व्यवहार अनुकूल पनि हुँदैन। एउटा सरकारले संसदको विश्वास प्राप्त गर्न सक्ने अर्को सरकारको गठन हुनु सर्वथा संविधान सम्मत र संसदीय शासन प्रणालीको स्थापित परम्परा र मान्यता अनुरुप हुन्छ। यस स्थितिमा अविश्वासको प्रस्ताव पारित भए पनि संविधान बमोजिम अर्को मन्त्रीपरिषद्को गठन हुन नसक्ने धारणा बनाई संविधानको गलत व्याख्या गरी प्रधानमन्त्रीले श्री ५ समक्ष सिफारिश जाहेर गर्नु भएको र सो व्यहोरा विघटनको एउटा प्रमुख कारण र आधारको रूपमा उल्लेख गरिएको देखिएको हुनाले सिफारिश त्रुटिपूर्ण देखिन्छ।

(४) प्रधानमन्त्रीले श्री ५ समक्ष धारा ५३ को उपधारा (४) अन्तर्गत जाहेर गर्नु भएको प्रतिनिधिसभाको विघटन सम्बन्धी सिफारिश संविधानको भावना र व्यवस्थाको प्रतिकूल देखिएको र यो मुद्दाको निर्णयमा पुग्नको लागि सो कुरा नै पर्याप्त भएकोले यसमा उपस्थित दुराशय इत्यादिका प्रश्नहरूमा प्रवेश गरेर विवेचना गरिरहनु आवश्यक देखि आएन। प्रधानमन्त्रीको सिफारिश असंवैधानिक देखिन आएकोले सो सिफारिशको आधारमा २०५२ जेठ ३० गते भएको प्रतिनिधिसभाको विघटन पनि असंवैधानिक र प्रारम्भदेखि नै कानूनी प्रभाव शून्य भएको हुँदा प्रतिनिधिसभा उक्त असंवैधानिक विघटनभन्दा पहिलो स्थितिमा पुनर्जिवित भई संविधान अनुसार आफ्नो कार्य गर्न समर्थ र सक्षम रहेको कुरा यसै निर्णयद्वारा घोषित गरिएको छ।

उपरोक्त बहुमतको निर्णयमा असहमति जनाई छुट्टै राय व्यक्त गर्ने ३ जना न्यायाधीशहरू (न्या. श्री त्रिलोकप्रताप राणा, न्या. श्री ओमभक्त श्रेष्ठ, न्या. श्री कृष्णजंग रायमाझी) को भने देहाय बमोजिमको दृष्टिकोण रहेको देखिन्छ :

(१) संविधानकर्ताले नै धारा ५३(४) लाई स्वतन्त्र राखी त्यसमा कुनै शर्त वा प्रतिवन्धात्मक वाक्यांश राखेको छैन भने सुरताल मिल्ने सुसंगत व्याख्याको नाउँमा धारा ५३(४) लाई सशर्त गराउन मिल्दैन, धारा ५३(३) प्रयोग भएको अवस्थामा धारा ५३(४) प्रयोग गर्न मिल्दैन भन्ने व्याख्या गर्ने हो भने धारा ५३(४) संविधानकर्ताले थप नगरेको शर्त थपिन जाने हुन्छ र स्वतन्त्र धाराको सट्टा बन्देजयुक्त धाराको निर्माण हुन जान्छ, यसैले धारा ५३(४) प्रधानमन्त्रीको अधिकार हो।

(२) धारा ४२(२) अन्तर्गत गठित मन्त्रिपरिषद्ले प्रतिनिधिसभाको समर्थन प्राप्त गर्न नसकेमा धारा ४२(४) बमोजिम प्रतिनिधिसभा भंग हुने हुँदा धारा ४२(१) अन्तर्गत वैकल्पिक सरकार मन्त्रिपरिषद् बन्न सक्ने स्थिति र अवस्था आउँदैन।

(३) संविधानप्रदत्त अधिकार प्राप्त प्रधानमन्त्रीबाट संविधान सम्मत तरिकाबाट प्रतिनिधिसभा विघटन गर्ने सिफारिश भएको र विवेक प्रयोग गरीबक्सी त्यस्तो सिफारिश बमोजिम श्री ५ बाट प्रतिनिधिसभा विघटन गरिबक्सेको र निर्वाचनको मिति तोकी बक्सेको घोषणामा समेत कुनै संवैधानिक त्रुटि नदेखिई संविधानको मूल्य र मान्यताको विपरित नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

यस फैसलाको परिणामस्वरूप तत्काल सत्ताधारी पार्टी नेकपा एमालेसंग नजिक रहेका वर्गीय संगठनहरूले पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पालामा भएको प्रतिनिधिसभा विघटनको मुद्दा (१९९४) मा अदालतबाट गरिएको निर्णयको पालना यस मुद्दाको बहुमतको निर्णयमा नभएको भन्ने कारण देखाई फैसला र न्यायाधीशहरूको विरोधमा जुलुश निकाल्ने, प्रधान न्यायाधीश समेतको पुत्ला जलाउने जस्ता कार्यहरू गर्न पुगे। यसरी विरोध गर्ने तथा फैसलाको विरोधमा वक्तव्य र मन्तव्य दिने व्यक्तिहरू उपर अदालतको मानहानीमा हाल सर्वोच्च अदालतमा मुद्दा चलिरहेकै छ। सर्वोच्च अदालतको उपरोक्त बहुमतको निर्णयलाई तत्कालीन सत्तापक्षले सहज रूपमा लिन नसके पनि अन्ततः फैसलाको कार्यान्वयन भई तत्कालीन मनमोहन सरकारले संवैधानिक व्यवस्था अनुरूप नै सत्ता हस्तान्तरण गर्न पुग्यो।

मानवअधिकारको प्रचलन र सर्वोच्च अदालत

सर्वोच्च अदालतले समानताको हकलाई प्रचलन गराउने सन्दर्भमा निजामती कर्मचारीलाई श्री ५ को सरकारले स्वेच्छाचारी किसिमले वर्खास्तगी गरेको विषयमा, महिला अधिकार प्रचलन गराउने कुरामा, सार्वजनिक महत्वको सूचना प्राप्त गर्ने सवालमा, फौज्दारी न्यायको हक प्रचलन गराउने विषयमा, पर्यावरणको संरक्षण र सम्बर्द्धनको विषयमा जस्ता विभिन्न विषयहरूमा केही महत्वपूर्ण निर्णयहरू गर्न पुगेको छ। निजामती कर्मचारीलाई श्री ५ को सरकारले स्वेच्छाचारी किसिमले वर्खास्तगी गरेको विषयको बद्रीकुमार बस्नेत, इन्द्रमान कर्माचार्य समेतको मुद्दामा सर्वोच्च अदालतले महत्वपूर्ण निर्णय गरी समानताको हकको संरक्षण गरेको छ। बद्रीकुमार वस्नेतको मुद्दामा सर्वोच्च अदालतले "कानूनको प्रयोग समान स्थितिमा असमान रूपमा भेदभावपूर्ण तरिकाले हुन्छ भने त्यो असमानता हुन्छ, संविधानको धारा ११ ले प्रत्याभूत गरेको समानताको मौलिक हकको प्रतिकूल हुन्छ" (बद्रीकुमार वस्नेत विरुद्ध श्री ५ को सरकार मन्त्रीपरिषद् समेत, नि.मि. २०५१/९/२०)। राज्य शक्ति संचालन गर्ने प्रत्येक निकाय र अधिकारीले आफ्नो कार्यको कारण सहित औचित्य स्थापित गर्न सक्नु पर्ने हुन्छ। त्यसैले कानूनद्वारा प्रदत्त स्वविवेकीय अधिकार प्रयोग गर्दा पनि विवेकपूर्ण र न्यायशील तरिकाले गर्नु पर्दछ, राज्य कानूनी व्यक्ति हो र सरकारले राज्यको प्रशासन गर्दछ, हरेक कानूनी व्यक्तिको कार्य कानून

र न्याय सम्मत हुनु पर्ने सरकारी कार्यको अन्तरनिहित लक्षण हो, कर्मचारीहरू मध्य कसैलाई राख्ने र कसैलाई नराख्ने गर्दा त्यस्ता कार्यको मुनासिव आधार, कारण, अवस्था हुनु पर्ने कुरा राज्य शक्ति निष्पक्ष र विवेकशील तरिकाले प्रयुक्त हुनु पर्दछ (इन्दमान कर्माचार्य विरूद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालय समेत, नि.मि. २०५१/१०/९) मन्ने व्याख्याद्वारा निजामती कर्मचारीको वर्खास्तगी भेदभावपूर्ण किसिमले गर्न नहुने मनी कर्मचारीको सेवा सुरक्षालाई संरक्षण गरेको देखिन्छ। संविधानले लिङ्गको समेत आधारमा भेदभाव गर्न नपाइने गरी समानताको हकको प्रत्याभूत गरेको यस सन्दर्भमा मुलुकी ऐन अंशवण्डाको महलमा छोरा र छोरीले अंश पाउने सम्बन्धमा भेदभाव गर्ने कानून कायमै रहेकोले सो कानून संविधानको धारा ११(१), (२) र (३) संग बाझिएकोले वदर गरी पाउँ भनी मीराकुमारी ढुंगाना समेतले सर्वोच्च अदालतमा दायर गरेको मुद्दामा सर्वोच्च अदालतले सम्पत्ती सम्बन्धी पारिवारिक कानूनलाई साङ्गोपाङ्गो रूपमा विचार गर्नु पर्ने हुँदा यस सम्बन्धमा मान्यता प्राप्त महिला संगठन, समाजशास्त्रीहरू, सम्बन्धित सामाजिक संगठन तथा कानूनी दक्षसंग समेत आवश्यक परामर्श गरी अन्य देशहरूमा भएको यस सम्बन्धी कानूनी व्यवस्थालाई समेत अध्ययन गरी आदेश प्राप्त भएको मितिले एक वर्षभित्र संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकारलाई निर्देशन दिने" भनी निर्देशनात्मक आदेश जारी गरेको छ (रि.नं.३३९२, मिराकुमारी ढुंगाना र मिरा स्वनाल विरूद्ध श्री ५ को सरकार, कानून, न्याय तथा संसदीय मन्त्रालय समेत, नि.मि. २०५२/४/२८)।

कुनै पनि व्यक्तिलाई यो यस अभियोगमा यस कानूनको आधारमा पूर्पक्षको लागि थुनामा राख्नु मन्ने अधिकार प्राप्त निकायबाट स्पष्ट र किटानी आदेश वेगर थुनामा राख्नु कानून संगत नहुने, विना आधार थुनामा राख्नु भनी लेखेको पत्र गैह्र कानूनी हुँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने (पुण्यप्रसाद काफ्ले विरूद्ध म्याग्दी जिल्ला अदालत समेत, नि.मि. २०५१/१२/८), कुनै पनि व्यक्तिले कसूर गरेको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने संविधानको व्यवस्था भएकोमा कसूर गर्दाको अवस्थाको कानून लागु गर्नु पर्नेमा संशोधनपछि थप भएको सजाय समेत जोडी थुनामा राख्न नमिल्ने (किरण श्रेष्ठ विरूद्ध काठमाडौं जिल्ला अदालत, नि.मि. २०५२/५/६)। यसरी सर्वोच्च अदालतले विभिन्न मुद्दामा संविधानद्वारा प्रदत्त फौजदारी न्यायको हक प्रचलन गराउनमा महत्वपूर्ण निर्णय गरेको देखिन्छ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने गरी सूचनाको हकलाई प्रत्याभूत गरेको छ। तर यस हकलाई प्रभावकारी रूपमा प्रचलन गराउने सम्बन्धमा समसामयिक ऐन कानून बन्न सकेको छैन। सार्वजनिक महत्वको सूचना प्रवाहमा सरकारी पक्षको संकुचन दृष्टिकोण रही रहेको छ। सर्वोच्च अदालतले विभिन्न मुद्दामा (डा. राजेश गौतम समेत विरूद्ध श्री ५ को सरकार, जलश्रोत मन्त्रालय, नि.मि. २०५१/१/२५) सूचनाको हकलाई प्रभावकारी बनाउन कानून तर्जुमा गर्न निर्देशन दिई सक्दा पनि सरकार यसतर्फ सचेष्ट रहेको देखिन्न। नेपाल र भारत बीच २०५०/९/१३ मा भएको जलश्रोत विकास कार्य योजना (Action Plan) मा हस्ताक्षर भएको कार्यतालिका सहमतीको सूचना माग गरेकोमा श्री ५ को सरकारले नदिएको कारण अधिवक्ता वालकृष्ण नेउपानेले सूचनाको हकको अतिक्रमण भएको भनी दायर गरेको रीट निवेदनमा सर्वोच्च अदालतले उक्त सहमतीको सूचना निवेदकलाई दिनु भनी आदेश जारी गर्न पुगेको देखिन्छ (रि.नं. ३१०८, अधिवक्ता वालकृष्ण नेउपाने विरूद्ध श्री ५ को सरकार, जलश्रोत मन्त्रालय समेत, नि.मि. २०५२/६/२७।

गोदावरी मार्वल इण्डष्ट्रिजले गोदावरीको पर्यावरण विनाश गरेको कारणले हुन गएको वातावरणीय क्षतिबाट पर्न गएका विभिन्न असर समेतको उल्लेख गरी गोदावरी क्षेत्रको स्वच्छ वातावरण कायम राख्न उपयुक्त व्यवस्था गर्न सम्बन्धित निकायका नाउँमा आदेश जारी गरी पाउँ भनी सूर्यप्रसाद शर्मा ढुङ्गेलले सार्वजनिक सरोकार र चासो निहित विवादको रूपमा सर्वोच्च अदालतमा दायर गरेको रीट निवेदनमा सर्वोच्च अदालतले व्याख्या गर्दै भनेको छ - "स्वच्छ, स्वस्थ्य वातावरण जीवनको समग्रताको अंग भएकोले जीउने अधिकार भित्र स्वच्छ, स्वस्थ्य वातावरणको हक पनि अन्तरभूत हुन्छ। ब्राजिलको रियो द जेनरियोमा १९९२ मा भएको विश्व वातावरणीय सम्मेलनमा नेपालले भाग लिई हस्ताक्षर गरेको वातावरण संरक्षण सम्बन्धमा सरकारी स्तरबाट निर्णय भएको देखिन्छ। प्रभावकारी रूपमा वातावरण संरक्षण गर्न एक विशेष कानून बनाउनु र प्रभावकारी ढंगबाट लागु गर्नु नितान्त जरूरी देखिन्छ। पर्यावरण सम्बन्धी अपराध र दण्डको उचित व्यवस्थाका लागि कानून अपरिहार्य हुन्छ। हाल भएका कानून छिटपुट रूपमा छरिएर रहेका र पर्याप्त तथा प्रभावकारी नभएको देखिंदा समेत पर्यावरणको सबै पक्षलाई समेट्ने गरी कानून बनाउनु पर्ने देखिन्छ। यथाशक्य चाँडो पर्यावरण संरक्षण सम्बन्धी कानून निर्माण गरी यस सम्बन्धको अन्यौल अन्त गर्नु पर्ने र पर्यावरण प्रतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वलाई मूर्तरूप दिनु पर्ने देखिन्छ। देशको लागि विकासको आधारशिला उद्योग भएकोमा विवाद देखिन्न। देश र समाज दुबैलाई विकास चाहिन्छ तर उद्योगहरूको साथसाथै वातावरणीय सन्तुलन राख्न पनि अत्यावश्यक छ। विकासका गतिविधिहरूलाई नियमितता दिनु पर्ने आवश्यकता र वातावरण संरक्षणलाई दिनु पर्ने प्राथमिकता बीच सन्तुलन स्थापना गर्न आवश्यक हुन्छ। जीउने स्वच्छ र स्वस्थ्य वातावरण विना मानिस स्वच्छ र स्वस्थ्य तवरले जीउन सक्दैन, त्यसैले वातावरण सुरक्षा साध्य हो, यस तथ्यलाई मध्यनजर राखी वातावरण विनाश हुनबाट जोगाउने उपायहरू परिचालन गर्नु पर्ने हुन्छ। गोदावरी क्षेत्रको पर्यावरण संरक्षण जस्तो संवेदनशील मानवीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय

महत्वको विषयमा प्रभावकारी र सन्तोषजनक उपचारात्मक कार्य पनि भएको नदेखिंदा लागु नभएको खनिज ऐन २०४२ लागु गर्न, वायु, जल, ध्वनी, एवं पर्यावरण संरक्षण गर्न आवश्यक कानून तर्जुमा हुन र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारी ढंगले संरक्षण तर्फ कारवाही गर्नु भन्ने सम्बन्धमा निर्देशन दिन उपयुक्त देखिएकोले निर्देशनात्मक आदेश जारी गरिएको छ" (सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध वन तथा भू-संरक्षण मन्त्रालय समेत, नि.मि.२०५२/७/१४)

सैनिक ऐन २०१८, राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन २०४४ र राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ मा विद्यमान मृत्यु दण्ड सम्बन्धी प्रावधान संविधानद्वारा प्रत्याभूत गरिएको मौलिक हकसंग बाझिएकोले सो मृत्यु दण्डको प्रावधान वदर र अमान्य घोषित गरी पाउँ भनी वि.सं. २०५० सालमा नै दायर गरिएको रीट निवेदनको टुङ्गो यस वर्षमा पनि लाग्न सकेन (कृष्णप्रसाद सिवाकोटी विरूद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालय समेत)। मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र १९४८, मानवअधिकार सम्बन्धी अनुवन्धहरू (१९६६), राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुवन्धको थप प्रोटोकल (१९६३), दासत्व अभिसन्धि- (१९२६), दासत्व अभिसन्धि संशोधन (२५ सेप्टेम्बर १९५३) मा जेनेभामा हस्ताक्षर गरिएको प्रोटोकल, दासत्व, दास व्यापार वा दासत्व सरहका संस्था तथा प्रचलनको उन्मूलन सम्बन्धी सहायक अभिसन्धि, १९५६ लगायत अन्य मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरू संयुक्त राष्ट्र संघको बहुपक्षमा अभिव्यक्त भएको सिद्धान्त सबैले बाँधा मजदुर प्रथाको उन्मूलन हुनु पर्ने कुरा व्यक्त गरेको र यी सबे दस्तावेजहरूलाई नेपालले अनुमोदन गरेको र यसलाई संविधान तथा कानूनी व्यवस्थाले समेत आत्मसात गरेको यस पृष्ठभूमिमा अझै नेपालको पश्चिमी क्षेत्र कैलाली र कञ्चनपुर जिल्लाहरूमा बँधुवा मजदुर प्रथा कायमै रहेकोले यसलाई उन्मूलन गर्ने सम्बन्धमा श्री ५ को सरकारका नाउँमा समेत आवश्यक आदेश जारी गरी पाउँ भनी २०५० सालमा सर्वोच्च अदालतमा दायर भएको रीट निवेदन पनि यस वर्ष निरूपण हुन सकेन (रि.नं. सुशीलराज प्याकुरेल विरूद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय समेत)। न्याय छिटो, छरितो र सर्वसुलभ हुनु पनि मानवअधिकारको एक महत्वपूर्ण पक्ष हो। तर विविधिकरणले गर्दा न्याय निष्पादनको कार्य छिटो, छरितो र सर्वसुलभ हुन सकी रहेको छैन। सार्क राष्ट्रका प्रधान न्यायाधीशहरूको सम्मेलनले (चैत १७-१९, २०५१) काठमाडौं घोषणापत्र जारी गरी कानूनी शासन प्रतिको सम्मान गर्ने र कानूनी शासन सिद्धान्त अन्तर्गत न्याय सम्पादन गर्ने तथा न्याय छिटो, छरितो र सर्व सुलभ हुनु पर्ने कुरामा जोड दिन पुगेको देखिन्छ। सर्वोच्च अदालतका न्यायाधीशहरू तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूको तेश्रो सम्मेलन- २०५२ ले न्याय छिटो, छरितो सम्पादन गर्न कार्यविधि कानूनमा संशोधनका लागि विभिन्न प्रस्तावहरू पारित गर्न पुगेको देखिन्छ। यसै गरी जवर्जस्ती करणी, सम्बन्ध विच्छेद, नाता कायम जस्ता महिला सम्बन्धी संवेदनशील अपराध र मुद्दाहरूको कारवाही बन्द इजलाशमा गर्ने सम्बन्धी कानूनी व्यवस्था हुनु पर्ने गरी प्रस्ताव पारित गरेको छ। कानूनी राज्यको सिद्धान्त अनुरूप सबैलाई समान रूपमा न्याय उपलब्ध गराउन असमर्थ पक्षको प्रतिनिधित्वका लागि निःशुल्क कानूनी सेवा उपलब्ध गराउने नीति राज्यले अवलम्बन गर्नुपर्ने, संविधानद्वारा निर्देशित भए अनुरूप कानूनी सहायता ऐन बन्नु पर्ने कुरालाई समेत अगाडि सारिएको छ। ■

परिच्छेद २

श्री ५ को सरकार र मानवअधिकार १९९५

आजको विश्वमा मानव जातिका लागि मानवअधिकार भन्ने कुरा अपरिहार्य विषय बन्न पुगेको छ। मानवअधिकारको अभावमा मान्छेको वैयक्तिक विकास सम्भव छैन। जब एउटा नागरिक आफ्ना अधिकारहरूबाट वञ्चित रहन्छ, तब त्यसको असर समाज र राष्ट्रले समेत भोग्नु पर्ने हुन्छ। अर्थात मानवअधिकार कुनै एउटा व्यक्ति वा कुनै एउटा राज्यको मात्र सरोकारको कुरा होइन। यसको सम्मानमा संसारका हरेक व्यक्ति, समाज, राज्य एवं अन्तर्राष्ट्रकै सहयोग अत्यावश्यक हुन्छ। तापनि आफ्नो मुलुकमा मानवअधिकारलाई सम्मान गर्ने परिपाटी कायम गर्ने कि नगर्ने भन्ने विषय भने त्यस मुलुकको राज्य व्यवस्था वा सरकारमै निर्भर गर्दछ। यस अर्थमा मानवअधिकारको सम्मान गर्न र त्यसलाई सुदृढ पार्न सरकारको नै सबैभन्दा महत्वपूर्ण भूमिका रहनु स्वभाविक हो।

जहाँ मानवअधिकारको सम्मान हुँदैन त्यहा प्रजातन्त्र पनि हुँदैन। जहाँ प्रजातन्त्र हुन्छ त्यहा मानवअधिकारको सम्मान गर्नु अनिवार्य हुन्छ। मानवअधिकारलाई गौण विषय ठानेर र त्यसलाई बेवास्ता गरेर प्रजातन्त्रको कुरा गर्नु निरंकुशतालाई आत्मसात गर्नु हो। विश्वका कतिपय मुलुकहरूमा प्रजातन्त्रको नाममा मानवअधिकारको अवहेलना गर्ने कार्य हुँदै आएको छ। मानवअधिकारप्रति सम्मान दर्शाउने प्रजातान्त्रिक संविधानको निर्माण भएको भए पनि व्यवहारमा त्यसको पालना नगरिएका प्रशस्तै उदाहरणहरू पाइन्छन्। यसबाट के कुरा बुझ्नु जरूरी हुन्छ भने - संविधानमा मात्रै मानवअधिकारप्रति प्रतिवद्धता जाहेर गरेर वास्तविक रूपमा मानवअधिकारको सम्मान हुन सक्दैन। मानवअधिकारको सम्मानका लागि प्रजातान्त्रिक संविधान अनुसार स्थापित हुने सरकारको कार्यशैली पनि प्रजातान्त्रिक हुनु पर्दछ। संविधान चाहिं प्रजातान्त्रिक देखिने तर सरकारको कार्यशैली चाहिं निरंकुश हुने स्थितिमा मानवअधिकारको रक्षा कदापि हुन सक्दैन। त्यस्तो स्थितिले त उल्टै प्रजातन्त्र र मानवअधिकारप्रति नै खिल्ली उडाएको हुन्छ। प्रजातन्त्र र मानवअधिकारलाई एउटा ढोङको रूपमा संविधानमा उल्लेख गरेर व्यवहारमा निरंकुशता कायम राख्न चालिएको एक खालको अभियान अहिले पनि विश्वका केही मुलुकहरूमा देख्न सकिन्छ।

संयुक्त राष्ट्र संघले सन् १९४८ मा "मानवअधिकारको विश्वव्यापी घोषणा" जारी गर्‍यो। यही नै घोषणालाई आधार मानेर मानवअधिकार आन्दोलन शुरू गरियो। अहिले यो आन्दोलन विश्व मै राजनीतिक, आर्थिक एवं सांस्कृतिक आन्दोलनहरूमध्येको पनि अभिन्न आन्दोलन बन्न पुगेको महशूस गरिदैछ। यद्यपि मानवअधिकार आन्दोलनको सीमा, क्षेत्र र स्वरूपका बारेमा भने कतिपय सन्दर्भमा मतभिन्नता पनि रहँदै आएको पाइन्छ।

"मानवअधिकारको विश्वव्यापी घोषणा" जारी हुँदाको समयमा नेपालमा जहानियाँ निरंकुश राणा शासन कायम थियो। त्यो समयमा मानवअधिकारको कुरा सम्भव थिएन। राणा शासनपछिको दश वर्षको बहुदलीय शासन पद्धतिमा नागरिकहरूले केही हक अधिकार प्राप्त गरे पनि मानवअधिकारको पूर्ण पालना भने हुन सकेन। ०१७ सालपछि मुलुकमा निरंकुश निर्दलीय पञ्चायती व्यवस्था शुरू भयो। नागरिकहरूका हक अधिकारहरू खोसिए। मानवअधिकारको व्यापक उल्लंघन मात्र भएन, नेपालमा मानवअधिकारको कुरा गर्नेहरूमाथि नै दमन गरियो। मानवअधिकार आन्दोलन चलाउन खोज्नेहरूले समेत भूमिगत हुनुपर्‍यो। पञ्चायती शासकहरूले राजनीतिक आन्दोलन र मानवअधिकार आन्दोलनलाई एउटै दृष्टिले हेरेका थिए।

२०४६ सालको आन्दोलनबाट मुलुकमा बहुदलीय प्रजातन्त्रको स्थापना भयो। प्रजातान्त्रिक संविधान बन्यो। नेपालमा मानवअधिकारलाई सम्मान गर्ने प्रक्रियाको रूपमा केही कामहरू पनि भए। जस अनुसार बहुदलीय प्रजातन्त्रको स्थापनापछिको नेपाली कांग्रेस र संयुक्त वाम मोर्चा सम्मिलित अन्तरिम सरकारको कार्यकालमा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन् १९६६ का दुईवटा सहायक अनुबन्ध र ऐच्छिक प्रोटोकललाई अनुमोदन गरियो। त्यसरी नै यातना, क्रूर सजाय तथा अमानवीय सजाय एवं व्यवहार सम्बन्धी सन् १९५६ को अभिसन्धि र बालअधिकार सम्बन्धी सन् १९९० को अभिसन्धिलाई पनि नेपालले अनुमोदन गर्‍यो।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध नै नेपालमा श्री ५ को सरकारद्वारा सम्मिलन गरिएको पहिलो अनुबन्ध हो। उक्त अनुबन्धको प्रस्तावना अनुसार प्रत्येक व्यक्ति आफू आफैंमा अधिकार सम्पन्न हुन पाउने परिस्थितिको सिर्जना गर्नु पर्ने कुरालाई धेरै नै महत्व दिइएको छ। विना भेदभाव मान्छेका लागि आवश्यक हरेक अधिकारहरूलाई सुनिश्चित गर्नु पर्ने कुरामा पनि अनुबन्धको प्रस्तावनामा जोड दिइएको छ।

त्यसमा भनिएको छ - "प्रत्येकले उसका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरू उपभोग गर्न पाउने परिस्थितिहरू सिर्जना गर्न सकियो भने मात्रै विश्व मानवअधिकारको घोषणा अनुसार डर र अभावबाट स्वतन्त्रता उपभोग गर्ने स्वाधीन मानव आदर्श प्राप्त गर्न सकिन्छ।"

नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध नेपालमा श्री ५ को सरकारद्वारा सम्मिलन गरिएको दोश्रो अनुबन्ध हो। यो अनुबन्ध संगसँगै यससंग सम्बन्धित ऐच्छिक प्रोटोकलहरूलाई पनि सम्मिलन गरिएको छ। तिनमा सबै किसिमका वर्णभेद उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, रंगभेद अपराधको दमन तथा दण्ड विषयक अभिसन्धि, आत्महत्या सम्बन्धी अपराधको निराकरण तथा दण्ड विषयक अभिसन्धि, बाल अधिकार अभिसन्धि, महिला विरूद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अभिसन्धि, महिलाको राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि, यातना तथा अन्य क्रूर अमानवीय व्यवहार वा सजाय सम्बन्धी अभिसन्धि, दासत्व अभिसन्धि, दासत्व अभिसन्धिलाई संशोधन गर्ने प्रोटोकल र दासत्व, दास व्यापार र दास सरहका संस्था वा प्रचलन उन्मूलन गर्ने सम्बन्धी अभिसन्धि समेत दसवटा अभिसन्धिहरू रहेका छन्।

श्री ५ को सरकारद्वारा सम्मिलन गरिएका मानवअधिकार सम्बन्धी अभिसन्धि र प्रोटोकलहरूलाई सम्मान गर्ने व्यवस्था नेपाल अधिराज्यको संविधान २०४७ मा गरिएको छ। नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा नै नागरिकका आधारभूत मानवअधिकार सुरक्षित गर्ने कुराको प्रतिवद्धता गर्दै संविधानको धारा ११६ ले प्रस्तावनाको भावनाको प्रतिकूल संशोधन गर्न नहुने भनी संवैधानिक ग्यारेण्टी प्रदान गरेको छ। संविधानको धारा ११ देखि २३ सम्म सम्पूर्ण नेपाली नागरिकहरूलाई समानताको हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रिका सम्बन्धी हक, फौज्दारी न्याय सम्बन्धी हक, निवारक नजरबन्दीको हक, सूचनाको हक, सम्पत्तिको हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, धर्म सम्बन्धी हक, शोषण विरूद्धको हक, देश निकाला विरूद्धको हक, गोपनीयताको हक एवं संवैधानिक उपचारको हक, प्रदान गरेको छ। यस बाहेक महिला अधिकारलाई विशेष महत्व दिने व्यवस्था पनि संविधानले गरेको छ। जस अनुसार प्रतिनिधि सभा निर्वाचनमा आफ्ना उम्मेद्वारहरू उठाउँदा प्रत्येक पार्टीले उम्मेद्वारको पाँच प्रतिशत महिलालाई बनाउनै पर्ने व्यवस्था छ। महिलालाई संरक्षण गर्न भनी राखिएको यो प्रावधान युग अनुकूल नभएको भनी यथेष्ट आलोचना पनि हुने गरेको छ।

नेपालमा प्रजातान्त्रिक संविधान लागू भएको पनि ५ वर्षभन्दा बढी भैसकेको छ। यस बीचमा बहुदलीय व्यवस्था स्थापना लगत्तैको अन्तरिम सरकार समेत गरी ४ वटा सरकारले मुलुकमा शासन गरिसकेका छन्। अन्तरिम सरकारका समयमा मानवअधिकारको सम्मानका लागि केही उल्लेख्य प्रयत्नहरू भए। तर त्यसपछिको जन निर्वाचित सरकारबाट यस क्षेत्रमा कुनै महत्वपूर्ण प्रयास हुन सकेन। प्रजातान्त्रिक संविधान र अन्तर्राष्ट्रिय मानवअधिकारको घोषणालाई स्वीकार गरी चौधवटा अभिसन्धिहरूमा नेपालले हस्ताक्षर गरिसके पनि व्यवहारमा मानवअधिकार उल्लंघनका थुप्रै घटनाहरू देखा परे। त्यस खालका घटनाहरूलाई रोक्ने वा कम गर्ने कुरामा वास्ताहीन स्थिति नै देखा पर्‍यो।

सन् १९९५ मा नेपालमा दुईवटा सरकारले शासन संचालन गरे। सन् १९९५ को जनवरी १ देखि सेप्टेम्बर ११ सम्म अर्थात २०५१ पुस १७ गतेदेखि २०५२ भदौ २६ गतेसम्म नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को सरकार मुलुकको शासन संचालनमा रह्यो। त्यसपछिको अवधिमा सेप्टेम्बर १३ देखि डिसेम्बरसम्म अर्थात २०५२ भदौ २७ गतेदेखि २०५२ पुस १६ गतेसम्म तीनवटा पार्टीहरू - नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीको संयुक्त सरकार कार्यरत रह्यो। यसरी सन् १९९५ मा करीब नौ महिना नेकपा एमालेको सरकार र करीब तीन महिना संयुक्त सरकारले शासन संचालन गरेको पाइन्छ। यस अर्थमा नेपालको यो वर्षको मानवअधिकारको बारेमा पनि दुईवटै सरकारका परिस्थितिगत र उद्देश्यगत स्थितिलाई लिएर घटनाहरूको चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ।

यो वर्षको शुरूवातदेखि ९ महिनासम्म नेकपा (एमाले) को सरकार कायम रहेको थियो। यस अघिको प्रमुख प्रतिपक्षमा रहँदादेखि नै यो पार्टीले मुलुकमा मानवअधिकारको सम्मान एवं रक्षा गर्नु पर्ने कुरालाई निकै नै महत्वकासाथ उठाएको थियो। गत मध्यावधि निर्वाचनमा अर्थात एमाले सत्तासीन हुनुअघिको आम निर्वाचनका सन्दर्भमा यो पार्टीले प्रकाशित गरेको घोषणापत्रमा पनि मानवअधिकारप्रति पूर्ण प्रतिवद्धता जनाउँदै भनेको थियो - "नेपाल अधिराज्यको संविधान - २०४७ को प्रस्तावनामा नै नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने प्रतिवद्धताको घोषणा गरिएको छ। २०४६ सालको जन आन्दोलनको एउटा निर्णायक र महत्वपूर्ण शक्ति भएको नाताले यो संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा उतार्नु हाम्रो दायित्व हो।"

यसरी मानवअधिकारका बारेमा प्रतिबद्धता जाहेर गर्ने नेकपा (एमाले) सत्तासीन भएपछि यस क्षेत्रमा केही सुधार हुने आशा जाग्नु स्वभाविक थियो। प्रधानमन्त्री पदमा नियुक्त हुने वित्तिकै मनमोहन अधिकारीले दिनु भएको पहिलो वक्तव्यमा पनि मानवअधिकारको पूर्ण सम्मान गरिने कुरा उल्लेख थियो। उहाँले मानवअधिकार आयोगको स्थापना गर्ने, यातना विरूद्ध क्षतिपूर्ति ऐनको निर्माण गर्ने, बाँधा श्रम प्रणालीको उन्मूलन गर्ने, वेपत्ता पारिएका मानिसहरू बारे तथ्य पत्ता लगाउने समितिको प्रतिवेदन र मल्लिक आयोगको प्रतिवेदनलाई सार्वजनिक गराउने कुरामा नेकपा (एमाले) को सरकार प्रतिबद्ध रहेको कुरा पनि व्यक्त गर्नु भएको थियो।

सन् १९९५ को शुरूवात संगसँगै सरकारले वेपत्ता पारिएका मानिसहरू बारे तथ्य पत्ता लगाउने समितिको प्रतिवेदन र मल्लिक आयोगको प्रतिवेदनलाई सार्वजनिक

गरायो। मानवअधिकार आयोग स्थापनाका लागि प्रक्रिया अगाडि बढायो। यातना विरुद्ध क्षतिपूर्ति ऐनको निर्माण गर्ने प्रक्रिया पनि शुरू गऱ्यो। बाँधा श्रम प्रणालीको उन्मूलन गर्ने कार्यक्रम अन्तर्गत कमैया प्रथाको अन्त्यका लागि बजेटको समेत व्यवस्था गऱ्यो। अशक्त र अपाङ्गहरूलाई विभिन्न सुविधा र अवसरहरू प्रदान गर्ने तथा ७५ वर्षमन्दा माथिका वृद्धहरूलाई मासिक १ सय जेष्ठ नागरिक भत्ता प्रदान गर्ने व्यवस्था गरियो। वर्षको आरम्भमै मानवअधिकारको रक्षाका लागि सरकारले केही प्रयासहरू शुरू गरेको पाइयो। सरकार मानवअधिकारप्रति सचेत रहेकै कारण अघिल्लो सरकारको ९ महिनाको कार्यकालमा राज्य हिंसाका घटनाहरू देखा परेनन्। मुलुकको समग्र मानवअधिकारको स्थितिमा सुधार आएको महशूस गरियो। यस बीचमा राज्य हिंसाका घटनाहरू देखा नपरे पनि मानवअधिकार उल्लंघनका अन्य घटनाहरू भने देशव्यापी रूपमै देखा परे। समग्रमा भन्नु पर्दा १९९५ को वर्ष मानवअधिकारको सम्मानका दृष्टिले केही उल्लेख्य पनि रहन पुग्यो भने मानवअधिकार उल्लंघनलाई रोक्न कतिपय स्थितिमा सरकारले ध्यान नदिएको पनि पाइयो।

०५१ पुस १४ गते र ०५१ फागुन ७ गते केही राजनीतिक बन्दीलाई रिहा गरियो। तर तिनलाई राजनीतिककै बन्दीको रूपमा रिहा नगरेर कैदीलाई झैं माफी दिएर रिहा गरियो। उनीहरूलाई राजाको जन्मोत्सव र प्रजातन्त्र दिवसको अवसर पारेर रिहा गरिएको थियो। मानवअधिकारप्रति प्रतिबद्धता जनाउने सरकारले राजनीतिक बन्दीलाई त्यस्तो अवसरमा माफी दिएर हैन, राजनीतिककै बन्दीको रूपमा ससम्मान रिहा गर्नुपर्थ्यो। अहिले पनि मोरङ्ग जेलमा १ जना, काठमाडौंमा ३ जना, ललितपुरमा १ जना, तुलसीपुरमा ३ जना, सिन्धुलीमा २ जना, पाल्पामा १ जना र नेपालगञ्जमा १ जना गरी जम्मा १२ जना राजनीतिक बन्दीहरू रहेका छन्।

०५१ पुस १६ गते धुलिखेल जेलमा रहेका २ जना पागल बन्दीहरूको जाडोका कारण कारागारभित्रै मृत्यु भयो। यो घटनापछि ०५१ पुस २१ गते त्यहाँका ३० जना पागल बन्दीहरूलाई जेलमुक्त गरियो।

सन् १९९५ को शुरूदेखि नै कारागारहरूमा कैदी एवं थुनुवाहरूको संख्यामा क्रमशः कमी आएको पाइयो। जस्तो ०५१ मंसीर मसान्तमा थुनुवा तथा कैदीहरूको जम्मा संख्या ६ हजार ४ सय २१ थियो भने ०५१ चैत मसान्तमा त्यो संख्या घटेर ५ हजार ८ सयमा झरेको पाइयो। जेल सुधारका लागि छिटफुट प्रयासहरू भए पनि नेपालका सम्पूर्ण जेलहरूको भौतिक सुधार तर्फ ठोस कदम चाल्ने काम भएन। यद्यपि वर्षको शुरूमै बन्दीहरूको सिदामा वृद्धि गर्ने काम भने भयो। बन्दीहरूले खाद्यान्नका अतिरिक्त "क" श्रेणीका बन्दीले दैनिक रू.८/- र "ख" श्रेणीका बन्दीले प्रतिव्यक्ति दैनिक रू.६/- नगद सिदा पाउने गरेका थिए। सम्पूर्ण कारागारमा रहेका सबै श्रेणीका कैदी, बन्दी तथा तिनका नाबालक आश्रितहरूले पाउने साविक नगद सिदामा प्रतिव्यक्ति दैनिक ४ रूपियाँ वृद्धि गर्ने निर्णय श्री ५ को सरकारले गऱ्यो।

मल्लिक आयोगको प्रतिवेदनलाई सार्वजनिक गराए पनि सरकारले पञ्चायती शासनकालमा मानवअधिकार उल्लंघन गर्नेहरूलाई उचित कारवाही गर्न भने सकेन। मल्लिक आयोगको प्रतिवेदनमा मानवअधिकार उल्लंघनकर्ताको रूपमा उल्लेख गरिएका नरेन्द्रविक्रम शाहलाई संयुक्त राष्ट्र संघमा नेपालका स्थायी प्रतिनिधि नियुक्त गरियो। मानवअधिकार उल्लंघनकर्तालाई पुरस्कृत गरेर सरकारले मानवअधिकारकै अपमान गरेको महशूस गरियो।

प्रजातन्त्र स्थापना पछिका निर्वाचित सरकारहरूले नेपालका विभिन्न जेलहरूमा विभिन्न आरोपमा रहेका राजनीतिक बन्दीहरूप्रति सकारात्मक दृष्टिकोण राखेको पाइएन। पहिलो निर्वाचित नेपाली कांग्रेसको सरकारले नेपालका जेलहरूमा राजनीतिक बन्दीहरू रहेको वास्तविकतालाई अस्वीकार गऱ्यो। यो वर्ष ०५१ फागुन ५ गते जेनेभामा सम्पन्न संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगको बैठकलाई सम्बोधन गर्दा उपप्रधानमन्त्री माधवकुमार नेपालले नेपालका जेलहरूमा एकजना पनि राजनीतिक बन्दी नभएको कुरा बताउनु भयो। यस पछिको संयुक्त सरकारले पनि नेपालका जेलहरूमा राजनीतिक बन्दीहरू रहेको वास्तविकतालाई स्वीकार गरेको पाइएन।

नेपाल-भारत बीचको सन् १९५० को सन्धि नेपाल र नेपाली जनताको हक अधिकार विपरीत रहेको बताउँदै वर्षौंदेखि त्यसको विरोध हुँदै आएको थियो। यद्यपि उक्त सन्धिमा नेपालको हित विपरीतको कुरा संशोधन वा परिवर्तन गर्ने विषयमा सरकारी स्तरबाट कुनै पनि प्रयत्न भएको पाइएको थिएन। यो वर्ष ०५१ चैत २८ गते भारत भ्रमणका अवसरमा प्रधानमन्त्री मनमोहन अधिकारीले उक्त सन्धि परिवर्तन गर्न आवश्यक भएको कुरा उठाउनु भयो। भारत सरकारले प्रधानमन्त्री अधिकारीको प्रस्तावलाई सकारात्मक रूपले लिएको थियो। त्यसैगरी टनकपुर परियोजनाका सम्बन्धमा पनि प्रधानमन्त्री मनमोहन अधिकारी र उपप्रधानमन्त्री माधवकुमार नेपालले छुट्टाछुट्टै समयको आ-आफ्नो भ्रमणको अवसरमा भारत सरकारसंग दुवै पक्षको समान हितका आधारमा सन्धि हुनु पर्ने कुरा उठाउनु भयो। टनकपुरमा राष्ट्रिय सम्प्रभुताको अपमान भएको विरोधमा भएको ०४९ फागुन २२ देखि ०५० मदौ १ सम्मको आन्दोलनमा सरकारी दमनमा परेर २८ जनाले ज्यान गुमाउनु परेको थियो। त्यसैबेला १ जना प्रभाकर सुवेदी प्रहरीद्वारा बेपत्ता पारियो। सयकडौंले घाइते हुनु परेको थियो। देशभरिमा हजारौंले थुनुवा बन्नु परेको थियो। उहाँहरू दुवैले "महाकाली प्याकेज" को रूपमा महाकाली नदीको समस्या समाधान गर्ने नयाँ सोच अघि सार्नु भयो। त्यसमा पनि भारत सरकारले सकारात्मक धारणा देखायो। यद्यपि सन् १९९५ मा त्यस सम्बन्धमा नयाँ सन्धि हुन सकेन। सन् १९९६ मा आएर समस्या समाधान भयो।

वि.सं. २०४८ सालमा कारवाहीमा पारिएका करीब २ हजार निजामती कर्मचारीको कारवाहीलाई फुकुवा गर्ने

प्रक्रिया सरकारले शुरू गऱ्यो। जसमध्ये करीब १ हजार जना कारवाहीबाट मुक्त भए भने बाँकी कारवाही फुकुवाको काम हुन सकेको देखिएन।

यो वर्ष अरूण तेश्रो जलविद्युत आयोजनाको खारेजीको घटना पनि निकै चर्चामा रहयो। ऋणदाताहरूले अगाडि सारेका अनुचित, असंवैधानिक र नेपाली जनताका आधारभूत मानवअधिकार विपरीतका पूर्वशर्तहरूकै कारण यो आयोजना लामो समयसम्म विवादमा रहयो। यस अघि प्रमुख प्रतिपक्षमा रहँदादेखि नै नेकपा (एमाले) ले त्यस्ता पूर्व शर्तहरूप्रति गम्भीर आपत्ति जनाएको थियो। सरकारमा आएपछि पनि शुरूमा एमाले सरकारले अरूण तेश्रो आयोजनाका गम्भीर खालका पूर्वशर्तहरूलाई परिवर्तन गर्नु पर्ने अडान लियो। तर शर्तहरू फेरिएनन्। अन्तिम समयमा गएर श्री ५ को सरकारले विश्व बैंकसंग भएका केही सहमतिका आधारमा आयोजनालाई लागू गर्न आफू राजी भएको पत्र लेख्यो। तर त्यसको केही समयपछि नै विश्व बैंकले एकतर्फी रूपमा आयोजना रद्द गरेको घोषणा गऱ्यो।

मुलुकमा शान्ति सुरक्षाको स्थिति सुदृढ नभैसकेको अवस्थामा नागरिकहरू बीचको आपसी झैझगडामा हत्याका घटनाहरू यो वर्ष पनि देखा परे। त्यस्तै कुटपिट, बलात्कार, महिला बेचबिखन, बहुविवाह, गिरफ्तारी आदि जस्ता घटनाहरू पनि भए। तर राज्य हिंसाका सन्दर्भमा भने वर्षको अन्त्यतिर आएर केही घटनाहरू देखा परे पनि त्यस अघि कुनै उल्लेख्य घटना भएको पाइएन। राज्यका तर्फबाट हुने गरेको मानवअधिकार उल्लंघनका घटनाहरूमा समेत यो वर्ष निकै कमी आएको देखिन्छ। ती घटनाहरूलाई संक्षेपमा प्रस्तुत गरिएको छ।

उदयपुर जिल्लाको वोक्से गाविस अन्तर्गत सुकुम्बासीहरू बसेको जग्गाको विषयमा विवाद उत्पन्न हुँदा ०५१ चैत १६ गते गोली चल्यो र ५३ जना नागरिकहरू घाइते भए। गोली स्थानीय वस्नेत परिवारको तर्फबाट चलाइएको थियो। घटनास्थलको ४३ विघा जग्गामा सुकुम्बासीहरूका १ सय ५० वटा घर बनेका थिए। ती घरहरूलाई त्यहाँबाट हटाउनु पर्ने माग स्थानीय वस्नेत परिवारको थियो। उक्त जग्गाका सम्बन्धमा वस्नेत परिवारका चक्रबहादुर वस्नेत सहित सुकुम्बासीहरूको मुद्दा अदालतमा विचाराधीन थियो। घटना हुनुभन्दा अघि सबै पक्षको बीचमा छलफल भई ३ दिनभित्र समस्या सुल्झाउने सहमति भएको थियो। तर त्यो सहमतिको वास्तै नगरी वस्नेत परिवारका व्यक्तिहरूले सुकुम्बासीहरूमाथि गोली प्रहार गरे। त्यसपछि विवादित केही ठाउँलाई प्रशासनले निषेधित क्षेत्र घोषित गऱ्यो। सोही क्षेत्रमा नेकपा (मसाल) र संयुक्त जनमोर्चा नेपालका नेताहरू सहित सुकुम्बासीहरू ०५१ वैशाख २१ गते खनजोत गर्न थाले। प्रहरी र खनजोत गर्नेहरू बीच झडप भयो। प्रहरीले नेकपा (मसाल) का दीनानाथ शर्मा, संयुक्त जनमोर्चाका घनश्याम शर्मा पौड्याल लगायत १६ जनालाई पक्राउ गऱ्यो। गोली चलाएर घटनालाई हिंसात्मक बनाउने वस्नेत परिवारका चक्रबहादुर वस्नेतको घर खानतलासी गर्दा प्रहरीले ५ नाल बन्दुक, १ एयर गन, १ पेस्तोल र १ सय ७६ राउण्ड गोलीको एक बक्सा र १ म्यागजिन राइफलको गोली बरामद गरेको थियो।

गस्तीमा खटिएका इलाका प्रहरी कार्यालय विर्तामोडका असई कृष्णबहादुर वस्नेतले ०५१ पुस २३ गते राती स्थानीय पाथीभरा लजको ३ नम्बर कोठामा बसेकी एउटी २८ वर्षीय युवतीलाई बलात्कार गरे। पीडित युवतीलाई पीडक प्रहरीले सोधपुछका लागि प्रहरी चौकीमा जानु पर्ने कुरा बताएर ती युवतीलाई केही टाढाको कृषिथोक बजारको खुला चौरीमा पुऱ्याई बलात्कार गरेका थिए।

झापाको दमक नगरपालिका-१३ का दीपक ढकाललाई हिरासतमा चर्को यातना दिइएपछि उनलाई उपचारार्थ काठमाडौंसम्म ल्याउनु पऱ्यो। घटना अनुसार - ०५१ पुस १५ गते नजिकैको चियाबगानबाट वनभोज खाई फर्किएका दीपक ढकाल र ट्राफिक कार्यालय दमकका इन्चार्ज सई चक्रबहादुर वस्नेत बीच सामान्य विवाद भयो। त्यही नै विवादमा दीपकलाई गिरफ्तार गरी ईलाका प्रहरी कार्यालय दमकको हिरासतमा तीन घण्टासम्म पानी खन्याउँदै कुटपिट गरियो। उनी सख्त घाइते भए। विराटनगरको कोशी अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि उनलाई काठमाडौं ल्याइएको थियो। यातना दिनमा संलग्न प्रहरी नायब निरीक्षक चक्रबहादुर वस्नेत र नरबहादुर श्रेष्ठ लगायत ५ जनालाई निलम्बन गरी कारवाही चलाइएको थियो। *यसरी यातना दिएका कारण तत्काल प्रहरीमाथि तत्काल कारवाही चलाइएको यो पहिलो घटना हो।*

अमेरिकी राष्ट्रपति विल क्लिन्टनकी पत्नी तथा प्रथम अमेरिकी महिला हिलारी रोधाम क्लिन्टन ०५१ चैत १७ गते नेपाल आउँदा काठमाडौंमा विरोध जनाउने कार्यक्रम पेरूको क्रान्ति समर्थन समिति, नेपालले राखेको थियो। सोही अनुसार अमेरिका विरोधी नारा लेखिएका प्लेकार्ड र कालो झण्डा सहित ठाउँठाउँमा बसेका व्यक्तिहरूलाई गिरफ्तार गरियो। गिरफ्तार हुनेहरूमा हिसिला यमी, शक्ति लम्साल, दुर्गा न्यौपाने, रवि कार्की, दिनेश शर्मा, पूर्ण विराम, माधव पौडेल लगायतका राजनीतिक कार्यकर्ताहरू थिए। उनीहरूलाई दिउँसो १ बजे गिरफ्तार गरी साँझपख छाडिएको थियो। त्यसदिन बबरमहल नजिक प्रहरीद्वारा लाठीचार्ज पनि गरिएको थियो।

नेपाल विद्यार्थी संघ र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका विद्यार्थीहरू बीच ०५१ चैत १० गते त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा ढुङ्गा हानाहान हुँदा केही विद्यार्थी सहित एकजना प्रहरी घाइते भए। त्यस दिन कीर्तिपुरको सभाकक्षमा नेकपा (एमाले) ७ नम्बर क्षेत्र काठमाडौं जिल्ला संगठन कमिटीको दोश्रो जिल्ला अधिवेशनको आयोजना गरिएको र त्यसको उद्घाटन प्रधानमन्त्री मनमोहन अधिकारीले गर्नु हुने कार्यक्रम थियो। नेविसंघका विद्यार्थीहरूले उक्त सभागृहमा कार्यक्रम गर्न लागेकोमा विरोध जनाउँदै प्रधानमन्त्रीलाई कालोझण्डा देखाउने तयारी गरेर बसे। अनेरास्ववियूका विद्यार्थीहरूले नेविसंघका

विद्यार्थीहरूलाई विरोध नगर्न र कालो झण्डा नदेखाउन अनुरोध गर्दा दुवै पक्षबीच ढुङ्गा हानाहान भएको थियो। उक्त सभागृहमा राजनीतिक पार्टीको कार्यक्रम गर्न नहुने तर्क नेविसंघका विद्यार्थीहरूको थियो भने विगतमा पनि त्यहाँ राजनीतिक कार्यक्रमहरू हुने गरेको हुँदा कर्यक्रम गर्न पाउनु पर्ने तर्क अनेरास्ववियुका विद्यार्थीहरूको थियो।

सप्तरीको रामनगर कोदारकट्टीमा ०५२ जेठ ८ गते कबिर मठको जग्गा सम्बन्धी विवादको विषयलाई लिएर जम्मा भएको जनसमूहमाथि प्रहरीले गोली प्रहार गऱ्यो। गोली प्रहारबाट स्थानीय नागरिक कुञ्जीलाल यादव र भवानी देवी घाइते भए। मठको समस्यालाई वार्ताबाट शान्तिपूर्ण ढंगले समाधान गर्न सकिने स्थिति हुँदाहुँदै महन्थको उक्साई र प्रहरीको अविवेकपूर्ण सोचाईले गर्दा उक्त अप्रिय घटना हुन गएको थियो।

धनकुटा जेलमा विगत चार वर्षदेखि बन्दी जीवन बिताइरहेकी चक्रकुमारी मगरले ०५१ चैत २६ गते जेलभित्रै छोरा जन्माइन्। जीर्ण र अव्यवस्थित जेल भवनमा पुरूष र महिला बन्दीहरूका लागि छुट्टै वार्डको व्यवस्था नभएका कारण उक्त घटना हुन गएको हो। जेलका कैदी नाइके भर्जे राईले चक्रकुमारीले जन्माएको बच्चा मेरै हो भनी स्वीकार गरेका छन्।

नेपालगंज धम्बोजी चोकदेखि पश्चिम खजुरा रोडबाट मे.अ.ख २६७ नं.को ट्रकका चालक काजीबहादुर भण्डारीलाई ०५२ जेठ ४ गते सवारी जाँचको सिलसिलामा ट्रकको पछाडिको इन्डिकेटर फ्यूज भएको कारण देखाई कुटपिट गर्दै गिरफ्तार गरियो। त्यसपछि प्रहरी हिरासतमा उनलाई फेरि यातना दिएका कारण उनी सख्त घाइते भए। चिन्ताजनक अवस्थामा उनलाई त्यही नै साँझ अस्पताल भर्ना गर्नु परेको थियो। उपचारका निम्ति उनलाई भारतको लखनउसम्म पुऱ्याउनु परेको थियो।

झापा, सुरुङ्गा-५ को टेकबहादुर खड्कालाई गिरफ्तार गरी ०५२ जेठ १४ गते स्थानीय प्रहरी चौकीमा बेहोस हुञ्जेल कुटपिट गरियो। चौकीमा असई रूकुम नेपाल नभएको बेला हवल्दार गणेशप्रसाद दाहाल र प्रहरी जवान तिलकराम चौधरीले आफूलाई ८० पटकसम्म पिटेको कुरा पीडित खड्काले बताए। उनलाई घरायसी झगडाको निहुँमा गिरफ्तार गरिएको थियो। पछि असईको उपस्थितिमा बेहोस अवस्थामै अस्पताल पुऱ्याएर खड्काको उपचार गरिएको थियो।

सिन्धुली कारागारमा बन्दी जीवन बिताइरहेका हरिवन गाविसका वलराम मझ्रातीको ०५२ बैशाख १८ गते थुनामै मृत्यु भयो। वन सम्बन्धी मुद्दामा पुर्पक्षको लागि थुनामा राखिएका वलराम जण्डीस रोगबाट पीडित थिए। समयमै उपचार हुन नसकेकाले थुनामै उनको मृत्यु भएको थियो। त्यसैगरी झापा कारागारमा बन्दी जीवन बिताइरहेका मोरङ्गको रंगेली-८ का जयप्रसाद खरेलको पनि पेट दुख्ने रोगको समयमै उपचार नभएकाले ०५२ जेठ ११ गते थुनामै मृत्यु भयो।

संयुक्त जनमोर्चा नेपाल (पम्फा भुसाल) ले ०५२ बैशाख २१ गते उपत्यका बन्द कार्यक्रमको आयोजना गरेको थियो। त्यस दिन प्रहरीको लाठीचार्जबाट केही प्रदर्शनकारीहरू घाइते बनाइए भने प्रदर्शनकारीहरूको तर्फबाट भएको ढुंगा प्रहारमा महिला प्रहरी कला पण्डित घाइते भइन्। प्रदर्शनकारीहरू टंकप्रसाद तिमिल्सिना, रामकुमार घर्ती, बुद्धि गुरूङ्ग, कृष्ण कार्की र देवी दुलाललाई लाठीचार्जबाट घाइते भएको अवस्थामा नै प्रहरीले गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएका अन्यमा केदार गौली, प्रदीप खनाल, वीरबहादुर मगर, प्रेम लामा लगायतका प्रदर्शनकारीहरू थिए।

नेपाल विद्यार्थी संघले सरकारका विरूद्ध २०५२ जेठ ५ गते आयोजना गरेको उपत्यका बन्द कार्यक्रम करीब २ सय जनालाई गिरफ्तार गरियो। प्रहरी र प्रदर्शनकारी बीचको झडपमा ११ जना प्रदर्शनकारी र ५ जना प्रहरी घाइते भए।

न्यायालयमा हुने ढिला सुस्तीका कारण कैद भुक्तान गरी सकेर पनि कारागारमै बन्दी भैरहनु परेका घटनाहरू यो वर्ष जानकारीमा आएका छन्। वीरगञ्ज जेलका बन्दी ध्रुव चौधरीले ०५० असोज १३ गते तोकिएको धरौटी जम्मा गरी अदालतबाट रिहाइको आदेश पाएका थिए। त्यो आदेश समयमा कार्यान्वयन नहुँदा उनी अरू ६ महिना कारागारमै बन्द रहेका थिए। सम्बन्धित जेलरले अदालतबाट आदेश भएको पत्र आई नपुगेकाले उनलाई थुनी राखेको कुरा बताए। त्यस्तै अर्को घटना ओखलढुंगामा देखा पऱ्यो। ओखलढुंगाको सल्यान गाविस-१ की ३६ वर्षीय चन्द्रकुमारी नेवार्नीलाई ०४६ बैशाख ५ गते ज्यान मुद्दामा जिल्ला अदालतले अपराधी ठहऱ्याई २० वर्षको कैद फैसला गऱ्यो। चन्द्रकुमारीको यो मुद्दा पुनरावेदन अदालत राजविराज पुग्यो र त्यहाँबाट ०४९ असार २७ गते ७ वर्षको कैद कायम गर्ने फैसला भयो। चन्द्रकुमारीले उक्त ७ वर्षको कैद ०५२ जेठ ११ गते नै भुक्तान गरिन्। तर उनको रिहाई भएन। यस सम्बन्धमा जेलरको भनाइ थियो - "उनको मुद्दा तथा पुनरावेदन अदालतको फैसला उपर सर्वोच्च अदालतबाट प्राप्त हुनु पर्ने राय ठहर प्राप्त नभएकाले उनलाई छोड्न नसकिएको हो। अदालतमा २ पटक लेखी सकियो। तर पनि उक्त राय ठहर आएको छैन।"

उपप्रधानमन्त्री माधवकुमार नेपाल सुदूर पश्चिमाञ्चलको भ्रमणका क्रममा २०५२ साउन ८ गते मुगुको गमगढीमा आयोजित सभामा बोली रहनु भएको बेला उहाँमाथि केही अज्ञात व्यक्तिहरूले ढुङ्गा प्रहार गरे। ढुङ्गा लागेर ७५ वर्षीय दण्डकला मल्ल र ५ वर्षीय बालिका धनलक्ष्मी शाही घाइते भए। स्थिति उत्तेजक बनेपछि प्रहरीले लाठीचार्ज गर्नुका साथै गोली समेत चलायो। गोलीबाट श्रीनगर निवासी सवल मल्ल घाइते भए। केही व्यक्तिलाई प्रहरीले गिरफ्तार गऱ्यो।

काठमाडौंको मूलपानी स्थित डम्पिङ्ग साइटमा पुनः फोहोर फाल्ने निर्णय श्री ५ को सरकारले गरेपछि २०५२ साउन ७ गतेदेखि त्यहाँको स्थिति निकै उत्तेजक बन्न पुग्यो।

स्थानीय नागरिकहरू फोहोर फाल्न नदिन धर्नामा बसे भने सरकारले प्रहरी शक्ति प्रयोग गरेर फोहोर फाल्न थाल्यो। दिनहुँ मान्छे गिरफ्तार गर्ने र छोड्ने क्रम निरन्तर चलिरह्यो। २०५२ भदौ २६ गते सरकार परिवर्तन भएपछि फोहोर फाल्न नदिनका लागि निरन्तर हुँदै आएको स्थानीय विरोध स्वतः बन्द भएको थियो।

काठमाडौंको रत्नपार्क स्थित विद्युत प्राधिकरणको भित्तामा अनेरास्ववियुद्वारा लेखिएको चुनावी नारालाई लिएर ०५२ साउन २१ गते संयुक्त जनमोर्चा नेपाल (बाबुराम समूह) र अनेरास्ववियुबीच भीडन्त भयो। त्यो घटनामा दुबैतर्फका गरी ५० जना घाइते भए। ५ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो।

रूकुम, काक्री गाविस-९ का टेकमान घर्ती, डम्बरबहादुर गुरूङ्ग, रामचन्द गुरूङ्ग, श्रीप्रसाद गुरूङ्ग, धनकुमार गुरूङ्ग र डिलबहादुर बुढालाई २०५२ भदौ १ गते सोही गाविसका केही व्यक्तिहरूको जाहेरीमा प्रहरीले पक्राउ गऱ्यो। रूकुम प्रहरी कार्यालयमा थुनिएका यी व्यक्तिहरूलाई निर्मम यातना दिइयो। यसरी नै दाङ तुलसीपुर नगरपालिका-८ का गोविन्द बस्याललाई ०५२ भदौ १८ गते प्रहरी हिरासतमा बुटले हिर्काएर यातना दिइयो। उनको अण्डकोषमा समेत गहिरो चोट पुग्न गएको थियो। पीडित बस्याललाई प्रहरीले दिएको यातनाको विरोध गर्दा स्थानीय अन्य २ जनालाई पनि प्रहरीले आधा घण्टासम्म थुनेका थिए।

प्रधानमन्त्री मनमोहन अधिकारीले राजनीतिक अन्यौललाई समाप्त गरी स्थिर सरकारको गठनका लागि आफ्नो संवैधानिक अधिकार प्रयोग गरी २०५२ जेठ २६ गते प्रतिनिधि सभा विघटन तथा मध्यावधि निर्वाचनको घोषणाका लागि गर्नु भएको सिफारिश एवं जेठ ३० गते श्री ५ बाट भएको घोषणालाई २०५२ भदौ १२ गते सर्वोच्च अदालतले असंवैधानिक ठहर गऱ्यो। अदालतको त्यो ठहरप्रति प्रधानमन्त्री अधिकारीले संविधानको अपव्याख्या भएको प्रतिक्रिया व्यक्त गर्नु भयो। यद्यपि उहाँ तथा उहाँको पार्टीद्वारा अदालतको निर्णयको पालना गर्ने धारणा व्यक्त भयो। सोही अनुरूप २०५२ भदौ २६ गते प्रतिनिधि सभामा अल्पमतमा रहेको एमाले सरकार विश्वासको मत प्राप्त गर्न नसकेर विघटन भयो। २०५२ साल भदौ २७ गते नेपाली कांग्रेसका शेरबहादुर देउवाको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टी समेतको संयुक्त सरकार गठन भयो।

संयुक्त सरकारमा निरंकुश पञ्चायती शासनकालका शासकहरू पनि मन्त्रीका रूपमा रहेका छन्, जो त्यतिबेला ठाडो ढंगले मानवअधिकार उल्लंघनकर्ताका रूपमा चिनिएका थिए। मल्लिक आयोगको प्रतिवेदनमा उल्लेखित कतिपय व्यक्तिहरू समेत मन्त्रिमण्डलमा सामेल रहेको पाइन्छ। संयुक्त सरकार गठन भएपछि पनि भूठो मुद्दामा फसाइएका राजनीतिक बन्दीहरूलाई मुक्त गर्ने कुरामा कुनै चासो देखाउने काम भएन। पञ्चायतीकालमा अपराधी मनेर मारिएका शहीदहरूमाथिको आरोपलाई फिर्ता गर्ने काम पनि थन्किएरै रहेको छ। यस अघिको सरकारले विभिन्न क्षेत्र र पक्षसंगको छलफलद्वारा तयार पारेको मानवअधिकार आयोग सम्बन्धी मस्यौदा विल संसदमा पेश नै गरिएन। कहिले कतै पनि छलफल नभएको राष्ट्रिय सभामा निजी विलको रूपमा प्रस्तुत मस्यौदालाई पारित गर्ने तर्फ सरकार सक्रिय भयो। जुन विलका बारेमा सम्पूर्ण मानवअधिकारवादीहरू समेत असन्तुष्ट देखिएका थिए।

सरकारले अघिल्लो सरकारका समयमा भएका नियुक्ति, सरूवा, बढुवा लगायतका कामलाई बदर गर्ने निर्णय गऱ्यो। विधिसम्मत ढंगले विभिन्न कार्यालयहरूबाट भएको लिखित परीक्षा, अन्तर्वार्ता तथा कर्मचारी भर्ना सम्बन्धी विज्ञापनलाई पनि रद्द गरियो। २०४८ सालको कर्मचारी आन्दोलनमा प्रतिशोधात्मक ढंगले कारवाहीमा परेकाहरूको कारवाही फुकुवा गर्ने कार्य बन्द गरियो। संयुक्त सरकारको गठनपछि धेरै कर्मचारी र शिक्षकहरू खोसुवा र सरूवामा परे।

तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय र न्यायाधीश सुरेन्द्रबहादुर सिंहका विरूद्ध एमाले सांसदहरूद्वारा संसदमा प्रस्तुत महाभियोग प्रस्तावलाई सभामुख रामचन्द पौडेलले खारेज गरेपछि ०५२ असोज १० गतेको संसदमा प्रतिपक्षी सांसदहरूमाथि हिंसात्मक आक्रमण समेत भयो। सदनभित्र अज्ञात व्यक्तिहरू प्रवेश गरी नेकपा (एमाले) का सांसद अमृतकुमार बोहरा र खगराज अधिकारीमाथि आक्रमण गरे। महाअभियोग प्रस्ताव पेश गर्न पाउने सांसदहरूको संवैधानिक विशेष अधिकारलाई सभामुखले संविधान मिचेर खारेज गरेको आरोप लगाई नाराबाजी गरिरहेको अवस्थामा एमाले सांसदहरूमाथि आक्रमण भएको थियो।

रोल्पाको २०५२ असोज २२ गतेको आपसी कुटपिट र सामान्य तोडफोडको घटनामा सरकारले राज्य आतंक मच्चाउने ढंगले जन दमन शुरू गऱ्यो। खासगरी संयुक्त जनमोर्चा समर्थकहरूमाथि निर्मम ढंगले दमन शुरू गरिएको थियो। सत्तापक्षीय स्थानीय व्यक्तिहरूको प्रत्यक्ष अगुवाईमा रोल्पाका ११ वटा गाउँमा विना पक्राउ पूर्जी व्यापक गिरफ्तारी, कुटपिट र छापा मार्ने काम शुरू भयो। प्रहरीको आतंकबाट करीब ६ हजार नागरिकहरू गाउँ छोडेर अन्यत्र जान बाध्य बनाइए। १ सय ३२ जनालाई विना कारण गिरफ्तार गरेर थुनामा राखियो। गिरफ्तार गरिएकाहरूमा ७५ वर्षमन्दा माथिका अशक्त वृद्धहरू समेत रहेको पाइयो। थुनामा रहेका सबैलाई यातना दिइएको थियो। ७ जना निर्दोष महिलालाई प्रहरी हिरासतमा नाङ्गै बनाई गुप्ताङ्गमा सिस्नु पानी लगाइएको थियो। राजनीतिक सम्वादद्वारा समाधान गरिनु-पर्ने रोल्पाको घटनामा सरकारले राज्य शक्तिको दुरूपयोग गरी व्यापक रूपले मानवअधिकारको उल्लंघन गरेको पाइयो।

संयुक्त सरकार बनेयता प्रहरी प्रशासनद्वारा गरिएको मानवअधिकार उल्लंघनका घटनाका पीडितहरू २५० भन्दा बढी देखिएको छ। त्यसमध्ये रोल्पामा मात्र २०० भन्दा बढी भएका छन्। गिरफ्तारी र यातनाबाट पीडितहरूको संख्या अन्तर्गत यस वर्ष नेकपा (एमाले) को सरकारको पालामा १३७ र संयुक्त सरकारको पालामा २५० गरी कूल ३८७ पीडितहरू

भएको जानकारी प्राप्त भएको छ।

०५२ कार्तिक ८ गते नेपालगञ्जको त्रिभुवन चोकमा भएको सामान्य विवादले चर्को साम्प्रदायिक रूप लियो। हिन्दू-मुस्लिमको झगडामा प्रहरी शक्तिले संयम अपनाउनु पर्नेमा थुनछेक गर्न थालेपछि दुई पक्षबीच हिंसात्मक भीडन्त शुरू भयो। कर्फ्यू समेत लगाउनु पर्‍यो। कार्तिक ८ देखि ११ गतेसम्म लागातार ४ दिन चलेको दंगामा १८ जना नागरिक घाइते भए भने करीब २० लाख धनसम्पत्तिको क्षति भयो।

२०५१ सालको मध्यावधि निर्वाचनको समयमा दाङमा नारायण चौधरी, पुष्पकुमार घिमिरे र कृष्णबहादुर चौधरीको हत्यामा अभियुक्तको रूपमा दाङ जिल्ला अदालतमा रहेको गृहमन्त्री खुमबहादुर खड्का समेतको मुद्दालाई श्री ५ को सरकारले फिर्ता लियो। त्यो निर्णयका विरूद्ध अधिवक्ता द्रोणप्रसाद दाहालले रिट निवेदन दर्ता गर्नु भयो। सर्वोच्च अदालतका न्यायाधीश अरविन्द्र आचार्यको सिंगल वेञ्चले ०५२ माघ १ गते मुद्दा फिर्ता लिएको सम्बन्धमा सरकारलाई कारण देखाउ आदेश जारी गर्‍यो।

संसद चलिरहेको अवस्थामा नेकपा एमालेका सांसद हिरण्यलाल श्रेष्ठल र कृष्णगोपाल श्रेष्ठलाई अर्थ मन्त्रालयको मूल गेटमा शान्तिपूर्ण धर्नामा बसिरहेको अवस्थामा गिरफ्तार गरियो। यो गिरफ्तारीले संविधान र सांसदहरूको विशेषाधिकारको हनन भएको महशूस गरियो। धर्नाबाट अन्य नागरिकहरूलाई समेत गिरफ्तार गरिएको थियो।

हुम्लामा एउटा अत्यन्तै सामान्य कुरामा प्रहरी गस्ती टोलीले २ जना नागरिकलाई ०५२ कार्तिक ८ गते असामान्य घाइते हुने गरी कुटपिट गर्‍यो। त्यसपछि नागरिक र प्रहरीबीच भीडन्त भयो। त्यो भीडन्तमा घाइते भएका दुईजना नागरिक श्यामबहादुर रोकाया र पुसे रोकायालाई प्रहरीले गिरफ्तार गरी थप यातना दिने काम गर्‍यो। त्यसैगरी ललितपुरको वडीखेलकी निर्दोष महिला पुतली थापालाई ०५२ असोज २५ गते गिरफ्तार गरेर हिरासतमा निर्मम यातना दिएको कुरा पनि ठूलै चर्चामा रह्यो।

यस बीचमा हत्याका घटनाहरू पनि धेरै नै देखा परे। रूपन्देहीको सूर्यपुराका राजकुमार जयसवालको छुरा प्रहारद्वारा हत्या भयो। मोरङ्गको कटहरीका छट्टु कामतलाई आफ्नो कामबाट फर्किरहेको बेलामा गोली हानेर हत्या गरियो। प्रशस्तै हातहतियार लिएका करीब १० जना भारतीय डाँकाहरूले मोरङ्गका ज़यकुमार साहलाई सुतिरहेको अवस्थामा राती १२ बजे गोली हानेर हत्या गरे। गोली प्रहारबाट हत्या गरिनेमा रूपन्देहीको देवदहकी गर्भवती महिला दिलकुमारी सर्वज्ञ र दाङ्ग तुल्सीपुरका रेञ्जर सत्यनारायण यादव पनि परेका छन्। धनगढीकी निशा श्रेष्ठलाई खुकुरीले काटेर अत्यन्तै निर्मम ढंगले हत्या गरियो। विदेशी पर्यटकको हत्याका घटना पनि देखा परे।

शिक्षा मन्त्रालय अन्तर्गतका थुप्रै शिक्षक तथा कर्मचारीहरूलाई हटाउने र प्रतिशोधपूर्ण ढंगले सरुवा गर्ने काम भयो। प्राविधिक तथा व्यवसायिक तालीम परिषद, उच्च माध्यमिक शिक्षा परिषद, त्रिभुवन विश्वविद्यालय अनुदान आयोग, खेलकुद परिषद, समाज कल्याण परिषद, जनक शिक्षा सामग्री केन्द्र, सांस्कृतिक संस्थान लगायतका स्वायत्त संस्थाका वरिष्ठ पदाधिकारीहरूलाई हटाउनु गैरकानूनी भएको आदेश ०५२ मंसीर २१ गते सर्वोच्च अदालतले दियो। अदालतले अर्को आदेश नभएसम्म उनीहरूलाई यथास्थानमा काम गराउने अन्तरिम आदेश दियो। तर श्री ५ को सरकारले सो आदेशको पालना गरेको पाइएन।

भरतपुर नगरपालिकाको चुँगीकर डिपोका कर्मचारी कृष्ण जोशीको ०५२ पुस ७ गते प्रहरी हिरासतमा मृत्यु भयो। त्यस दिन कार्यालयको काम सकेर खाजा खाई घरतिर जान ८ बजेतिर उनले गाडी चढेको कुरा नगरपालिका गेटको चौकीका प्रहरी हवल्दार बताउँछन्। तर अल्वाट्स कम्प्युटरमा कार्यरत डोलराज डल्लाकोटीले - चितवन माध्यमिक विद्यालय अगाडि राजमार्गको छेउमा एकजना व्यक्ति रक्सी खाएर ढलिरहेको कुरा प्रहरीलाई बताए। प्रहरी आएर जोशीलाई भ्यानमा राखी ९.१५ बजे अस्पताल पुर्‍याएर रक्सी खाएको प्रमाणित गराउन लाग्दा जोशी र प्रहरीबीच झगडा भयो। त्यसपछि उनलाई पिट्दै प्रहरी कार्यालयमा पुर्‍याइयो। हिरासतमा लडेर ग्लासको टुक्राले घुँडाको पछिल्तिरको भाग काट्न गई अत्यधिक रक्तश्रावका कारण उनको मृत्यु भएको भनाइ प्रहरीको छ। तर रक्सी खाएर लडेको मान्छेलाई धुलोमैलो नलाग्नु, हिरासतमा राखिएको ठाउँमा रगत र सिसाका टुक्राहरू नदेखिनु, अस्वभाविक ठाउँमा काटिनु, प्रहरीले तुरून्तै अभिभावकलाई खबर नगर्नु आदि जस्ता कारणले उनको मृत्यु प्रहरी कुटपिटबाट भएको धारणा अधिकांशको पाइयो। कतिपयले उनलाई सडकमा हिंडिरहेको ठाउँबाटै गिरफ्तार गरिएको पनि बताएका छन्। जोशीको मृत्युको घटनालाई लिएर पुस ८ गते नारायणगढ बजार पूरै बन्द भयो। पुस ९ गते पनि स्थिति तनावपूर्ण रह्यो। तोडफोडका घटनाहरू समेत भए।

विगत समयमा राजनीतिक प्रतिशोधका आधारमा लगाइएका मुद्दाहरू खारेज गर्ने प्रक्रिया यो वर्ष शुरू भएको भए पनि बीचमा आएर बन्द भयो। यो वर्ष कसैलाई बेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन। तर यस अघि ०५० असार ११ गतेदेखि बेपत्ता पारिएका विद्यार्थी प्रभाकर सुवेदी, ०५१ जेठ ३ गतेपछि बेपत्ता पारिएका रूपन्देहीका त्रिलोको गौड, २०४३ सालदेखि बेपत्ता पारिएका सिपाही धनबहादुर गुरूङ्ग लगायत अछामका विष्णुनाथ तिमिल्सिना र खोटाङ्गका रविन के.सी.को पत्तो लगाउने सम्बन्धमा कुनै प्रयास भएको पाइएन। १८ वर्ष अघि गिरफ्तार गरिएका एकजना व्यक्तिलाई बेपत्ता पारिएको एउटा घटना अहिले सार्वजनिक भएको छ। वारा जिल्ला, कलैया नगरपालिका-६ का मुकुन्दबहादुर श्रेष्ठ ०३४ साल साउन १

गते गिरफ्तार गरिएका थिए। त्यसको दुई वर्ष अर्थात २०३६ सालसम्म उनी वीरगञ्ज जेलमै थिए। तत्कालीन पञ्चायती व्यवस्था विरोधी गतिविधिमा सक्रिय रहेका कारण इन्सपेक्टर ललितबहादुर वस्नेतको नेतृत्वमा आएको प्रहरी टोलीले मुकुन्दबहादुर श्रेष्ठलाई पक्राउ गऱ्यो र वीरगञ्ज जेलमा राखियो। उनलाई १५ दिनसम्म प्रहरी हिरासतमा बन्दुकको कुन्दा र बुटले हिर्काई निर्मम यातना दिइएको बताइन्छ। वेपत्ता हुनुभन्दा अघि उनको मानसिक सन्तुलन ठीक नरहेको पनि बताइन्छ। वेपत्ता पारिएका व्यक्तिहरूको खोजी गर्न बनेको समितिको प्रतिवेदनमा पनि उनको नाम उल्लेख गरिएको पाइन्छ।

उल्लेखित घटनाहरूबाट के स्पष्ट हुन्छ भने सन् १९९५ मा श्री ५ को सरकारबाट मानवअधिकारको रक्षाका लागि केही महत्वपूर्ण प्रयत्नहरू शुरू गरिए पनि ती प्रयत्नहरूलाई निरन्तरता दिन खोजेको भने पाइएन। राज्य शक्तिको दुरूपयोगबाट राज्य हिंसा वा आतंक सिर्जना गर्ने घटनामा यो वर्ष तुलनात्मक रूपमा कमी आएको पाइयो। सरकार मानवअधिकारको रक्षाका लागि साँच्चिकै प्रतिबद्ध रहने हो भने मानवअधिकार उल्लंघनलाई रोक्न त्यति गाह्रो पर्दैन। सरकार आफैं नै मानवअधिकार उल्लंघनमा अग्रसर रह्यो भने त्यसको परिणामले मुलुकको सम्पूर्ण पक्षमै आघात पुग्न जान्छ। यो वर्ष नेपालमा दुवै खालका दृष्टान्तहरू देखा परे। निर्दोष नागरिकलाई यातना दिए वापत झापामा प्रहरीलाई कडा कारवाही गरिएको घटना र निर्दोष नागरिकमाथि निर्मम दमन अभियान संचालन गरे वापत दाङका प्रमुख जिल्ला अधिकारी अब्दुल रइस खाँलाई पुरस्कृत गरिएको घटना नै दृष्टान्तका रूपमा देखा परेका छन्।

जबसम्म श्री ५ को सरकारबाट मानवअधिकारको रक्षा र सम्मान हुँदैन तबसम्म नेपाल अधिराज्यको संविधान २०४७ को पालना पनि हुन सक्दैन। संविधानको पालना सरकारबाट नै नभएको अवस्थामा प्रजातन्त्रको रक्षा भएको मान्न सकिन्न। यो नेपालको प्रजातान्त्रिक संविधानले गरेको प्रत्याभूति हो। यसलाई नेपालमा गठन हुने जुनसुकै सरकारले आत्मसात गर्नु जरूरी छ। यदि त्यसो नहुने हो भने प्रजातन्त्र, प्रजातान्त्रिक संविधान र त्यस अन्तर्गत बन्ने सरकार तथा निरंकुशता, निरंकुश संविधान र त्यस अन्तर्गत बन्ने सरकारका बीचमा अन्तर रहँदैन। ■

परिच्छेद ३

संसद र मानवअधिकार १९९५

सन् १९९५ को वर्ष संसदीय इतिहासमा अत्यन्त महत्वपूर्ण वर्षको रूपमा रहन गएको छ। यस वर्षमा संसदका सबै रूपहरुको अभ्यास भए। संसदको विघटन र अदालतद्वारा संसदको पुर्नस्थापना गर्ने कार्य पनि भए। संसदका सम्बन्धमा नयाँ व्याख्या र स्थापना विकसित भए। संविधानको धारा ५३ को संसद डाक्ने उपधारा (२), (३) र विघटन गर्ने (४) का बारेमा वैध निर्णय भइ संसदीय व्यवस्थामा प्रधानमन्त्रीको विशेषाधिकारमाथि प्रतिबन्ध लागी संसदको सर्वोच्चताको अवधारणा विकास भयो। संसारको संसदीय इतिहासमा नै प्रधानमन्त्रीको संसद विघटन गर्ने अधिकारमाथि "शर्त" पूर्ण भएको यो नै पहिलो घटना भएर रहन गएको छ। यसले प्रधानमन्त्रीय व्यवस्थाको सट्टा संसदीय व्यवस्थामा नेपालको व्यवस्था फेरिन पुगेको छ। सन् १९९५ मा आठौं अधिवेशन, राष्ट्रिय सभाको विशेष अधिवेशन, प्रतिनिधि सभाको विशेष अधिवेशन र अविश्वासको प्रस्ताव पारित भई संयुक्त सरकारको गठनपछि नवौं अधिवेशन भएको छ। यसैले यो एक वर्षमा अनेकौं स्वरूपहरूको अभ्यासले संसदीय व्यवस्थामा थप अनुभव हासिल भएको छ। छोटो अवधिमा विविध चरण पार गर्नुले यो वर्षको विशेष महत्व रहेको छ भन्नुमा मतान्तर नहोला।

संसदको आठौं अधिवेशन

प्रतिनिधि सभाको लागि कार्तिक २९, २०५१ मा मध्यावधि निर्वाचन भएपछि मंसिर २८ गते प्रारम्भ भएको संसदको आठौं अधिवेशन संसदका पदाधिकारीहरूको निर्वाचन गर्ने, प्रधानमन्त्रीलाई विश्वासको मत दिने, श्री ५ को सरकारको नीति तथा कार्यक्रम संयुक्त बैठकमा पेश गर्ने, वजेट प्रस्तुत गर्ने तथा वजेट पारित गर्ने जस्ता औपचारिक कार्य गर्नमा नै व्यस्त रहयो।

२०५१ साल पौष १७ गते बसेको प्रतिनिधि सभामा सदस्यहरूको न्यून उपस्थिति भएकोले सभामुख रामचन्द्र पौडेलले संसदीय कार्यमा सत्तारूढ र प्रतिपक्षका सांसदहरूले "ऐच्छिकरूपले नभएर गम्भीर रूपले सदनको कारवाहीमा सहभागी हुन निर्देशन दिनु भयो। स्थानीय विकास मन्त्री चन्द्रप्रकाश मैनालीले प्रतिनिधि सभाको बैठकमा विनियोजन विधेयक २०५१ को स्थानीय विकास मन्त्रालय र आपूर्ति मन्त्रालय शीर्षकमाथि सांसदहरूले उठाएका प्रश्नको जवाफमा गाउँका साना आवश्यकता पूरा गर्न केन्द्रसम्म आउनु पर्ने स्थितिको अन्त गरी केन्द्रबाट प्राप्त साधन स्रोतमा स्थानीय स्रोत र साधन मिलाई गाउँको विकासलाई अभियानको रूपमा संचालन गर्न "आफ्नो गाउँ आफैं बनाउँ" कार्यक्रम आएको जानकारी गराउनु भयो।

गृहमन्त्री के.पी. शर्मा ओलीले गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकको छलफलमा उठेका प्रश्नको जवाफ दिदै समाजमा शान्ति सुरक्षाको स्थितिलाई स्वलबलिन नदिन र सम्पूर्ण जनतामा अमनचैनको भावना विद्यमान गराउन श्री ५ को सरकार दृढ र कटिवद्ध रहेको र मन्त्रालयको कार्यदिशा यस तर्फ नै लक्षित गरिएको, वर्तमान सरकार सत्तासिन हुनु पूर्व र यसले सत्ताग्रहण गरेपछि निर्वाचन अवधिमा विभिन्न पक्षबीच विद्यमान कटुता र तुषको भावनाका साथै अपराधिक कारणले केही दुःखद घटना भएको र घटनाहरूबारे मुलुकको प्रचलित ऐन अनुसार अनुसन्धान भइरहेको, दोषी देखिनेहरू उपर विना मोलाहिजा निष्पक्ष रूपमा कानून बमोजिम कारवाही गरिने, रोल्पा र दाङ्गका निर्वाचन पूर्व र निर्वाचनपछि पनि केही बेग्लै प्रकृतिका घटना बारे छानवीन गर्न टोली गएको र यसको प्रतिवेदन अनुसार कारवाही गर्ने, विना कुनै भेदभाव सम्पूर्ण नेपाली नागरिकको ज्यूधनको सुरक्षा गर्न सुरक्षा निकायका क्रियाकलापलाई प्रभावीरूपमा निर्देशित गरिसकेको र गरिनेछ, मानवअधिकारको सम्मान र कानूनी राज्यको मूल उद्देश्यबाट अभिप्रेरित वर्तमान सरकारले सार्वजनिक अपराध ऐन अन्तरगतका मुद्दाहरू अदालतको कार्यक्षेत्रमा ल्याउने, चलिरहेका सार्वजनिक मुद्दाको यथाशिघ्र टुङ्गो लगाउने, राजनीतिक कारणबाट परेका मुद्दा र थुनामा परेका विषयमा छानवीन गरी यथाशिघ्र टुङ्गो लगाउने कुराको जानकारी गराउनु भयो।

साथै गृहमन्त्री ओलीले समाजमा साम्प्रदायिक भावना तथा धार्मिक सहिष्णुताका भावनाको संरक्षण र जगेर्ना हुनुपर्छ, साम्प्रदायिक सद्भाव विथोल्ने काम कहिं कतैबाट हुनु हुन्न, गर्न दिइनु हुँदैन भन्ने कुरामा सरकार दृढ भएको, साम्प्रदायिक सद्भाव विथोली राष्ट्को मर्ममा प्रहार गर्ने स्वालका गतिविधिलाई कदापी नसहने, स्रोत र साधनले भ्याएसम्म कारागारमा रहेका कैदी तथा बन्दीहरूलाई मानवोचित सुविधा प्रदान गर्ने, सिधा लगायतका सुविधाका विषयमा पुनरावलोकन गरिने, नेपाली नागरिकलाई नागरिकता प्राप्तिबाट वञ्चित नगर्ने, नागरिकता सम्बन्धी विद्यमान

समस्याहरूको सम्बन्धमा अध्ययन गर्न आयोग गठन गरिने कुरा पनि स्पष्ट पार्नु भयो। गृहमन्त्रीले देशमा घटेका शान्ति सुरक्षाको बारेमा राष्ट्रिय सभामा सांसदहरूले उठाएका सवालको जवाफ दिनु भयो।

प्रतिनिधिसभामा नेपाली कांग्रेसका सुरेन्द्र हमालले देशमा विकास, निर्माण तथा शान्ति सुरक्षाका कार्यमा केही गर्न नसकेको आरोप लगाउनु भयो। नेपाल सद्‌भावना पार्टीका गजेन्द्रनारायण सिंहले नागरिकता समस्याबाट धेरै नेपाली पीडित भएको र मतदाता नामावलीलाई नागरिकताको आधार मान्नु पर्ने धारणा राख्नु भयो। नेपाली कांग्रेसका अर्जुन नरसिंह के.सी.ले सरकार गठन भएपछि १२ जनाभन्दा बढीको हत्या भएको बारेमा प्रश्न उठाउनु भयो।

प्रतिनिधि सभाको पुस १८ गते बसेको बैठकले आर्थिक विधेयक २०५१ पारित गऱ्यो। सोही दिन प्रतिनिधि सभाको शुन्य समयमा नेपाली कांग्रेसका डा. ध्रुव शर्माले नेपालको भारतसंग भएको सन्धि सम्झौता र सन् १९५० को सन्धिबारे सरकारको वचनवद्धतामाथि प्रश्न उठाउनु भयो। नेकपा-एमालेका नीलबहादुर तिलीजाले गैरकानूनी ढंगले नेपाली नागरिकलाई विदेश पठाउने संस्थाहरूमाथि कारवाहीको माग गर्नु भयो। नेपाली कांग्रेसका बद्रिनारायण वस्नेतले देशका विभिन्न ठाउँमा भएका हत्या र अन्य घटनाले सरकार शान्ति सुरक्षामा असफल रहेको भनी आरोपित गर्नुभयो।

राष्ट्रिय सभाको पुस १८ गतेको बैठकमा आफ्नो गाउँ आफैं बनाउँ कार्यक्रम अन्तरगत प्रत्येक गाउँ विकास समितिलाई दिइने रू.३ लाखमा स्थानीय विकास अधिकारीको तजवीजी अधिकार नरही सो रकमको खर्च सम्बन्धी योजना, कार्यान्वयन आदि सम्पूर्ण अधिकार गाउँ विकास समितिमा रहने, विकेन्द्रीकरणलाई विशेष जोड दिने कुरा बताउनु भयो। डा. युगेश्वर वर्माले यो वजेटले विपन्न र पिछडिएको वर्गलाई सहुलियत दिन खोजेको कुराको स्वागत र गरीबी उन्मूलनको लागि कार्यक्रम ल्याउन माग गर्नु भयो।

राष्ट्रिय सभाको पुस १९ गतेको बैठकमा सांसद यज्ञप्रसाद आचार्यको प्रश्नको जवाफमा श्रम मन्त्री पद्मरत्न तुलाधरले नेपालमा वैदेशिक कामदारहरूका निमित्त वर्क पर्मिट प्रणाली लागू गर्ने सम्बन्धमा अपनाइने प्रक्रियाहरू अध्ययनको क्रममा रहेको, भारतसंग सन् १९५० को सन्धिमा भएको व्यवस्थाका कारण भारतीयहरूलाई नेपालमा वर्क पर्मिट लगाउन नमिल्ने जस्ता बूँदाबारे दुई देशले मित्रवत रूपमा वार्ता गरी उपयुक्त बनाउन निकट भविष्यमा नयाँ दिल्लीमा हुने श्रम मन्त्रीहरूको सम्मेलनमा वार्ता हुन सक्ने र श्रम ऐनमा रहेको वर्क पर्मिटका प्रावधानहरूलाई समयानुकूल बनाइदिने जानकारी दिनु भयो।

प्रतिनिधि सभाको पुस २० गतेको बैठकमा टनकपुर सन्धिलाई अनुमोदन गर्ने सम्बन्धमा राप्रपाका सांसदहरू कमल थापा, डा. प्रकाशचन्द्र लोहनी र वुद्धिमान तामाङ्गले प्रश्न उठाउनु भयो। सामान्य प्रशासन मन्त्री सुबासचन्द्र नेम्वाङ्गले श्री ५ को सरकारले प्रशासनलाई स्वच्छ, निष्पक्ष र प्रभावशाली बनाउने र कर्मचारीलाई राजनीतिक पूर्वाग्रहले नहेर्ने, कार्य सम्पादन मूल्यांकनमा सुधार गर्ने, सर्वोच्च अदालतबाट पुर्नवहाली गर्ने आदेश भएका आठजनालाई पदस्थापन गरिसकेको र अन्यलाई पदस्थापना गर्ने सम्बन्धमा कारवाही भइरहेको र पञ्चायतकालमा राजनीतिक कारणले अवकाश दिइएका निजामति कर्मचारीको पुनरवहाली सम्बन्धमा केही नभएको कुरा सांसदहरूको प्रश्नको जवाफमा स्पष्ट पार्नु भयो।

राष्ट्रिय सभाको पुस २० गते बसेको बैठकमा सूचना तथा संचारमन्त्री प्रदिप नेपालले अधिराज्यमा भएका पाँच रेडियो प्रशारण केन्द्रलाई स्थानीय लोक साहित्य र लोक सँस्कृतिको उत्थान र रक्षा गर्ने कार्यमा संलग्न गराउने, मुलुकको छिपिरहेको सँस्कृति र कलाको उत्थान गर्ने तथा दुर्गम र सुगमको आधारमा भेदभाव नगर्ने नीति श्री ५ को सरकारको रहेको स्पष्ट पार्नु भयो।

प्रतिनिधि सभाको पुस २३ गते बसेको बैठकमा राप्रपाका पशुपति शमसेर जबराले टनकपुर सम्झौताका बारेमा र अरूण परियोजना बारेमा प्रश्न उठाउनु भयो। नेपाली कांग्रेसका पूर्णबहादुर खड्काले दाशढुङ्गा दुर्घटना, वानेश्वरकाण्ड र भूटानी नरेशका अभिव्यक्ति बारे स्पष्टिकरणको माग गर्नु भयो। राष्ट्रिय प्रजातन्त्र पार्टीका पदमसुन्दर लावतीले दमकमा प्रहरीहरूद्वारा थुनिएका व्यक्तिहरूमाथि कुटपिट गरिएको तस्वीर प्रस्तुत गर्नु हुँदै विवरण प्रस्तुत गर्नु भयो। नेपाली कांग्रेसका रामजनम चौधरीले कैलालीमा नेकपा-एमालेका कार्यकर्ताहरूले नेपाली कांग्रेसका कार्यकर्ताहरूलाई झूठामुद्दा लगाई दुःख दिइरहेको र शान्ति सुरक्षाको स्थिति बारेमा चिन्ता व्यक्त गर्नुभयो। नेपाली कांग्रेसका वलदेव शर्माले अस्पतालमा कर्मचारीहरू राजनीतिक पूर्वाग्रह राखी सरूवा गरिएको चर्चा गर्नु भयो। नेपाली कांग्रेसका देवेन्द्रराज कँडेलले कृत्रिम मृगौलाको कालो बजारी भइरहेको जानकारी दिनु भयो।

गृहमन्त्री के.पी. शर्मा ओलीले प्रतिनिधि सभाको पुस २४ गतेको बैठकमा नेपालमा रहेका भूटानी शरणार्थी सम्बन्धी समस्याको समाधान गर्ने क्रममा श्री ५ को सरकार र भूटानी सरकार बीच फागुन महिनाको पहिलो सातामा काठमाडौमा पाँचौ चरणको वार्ता हुने तयारी भइरहेको र भूटानी नरेशको अन्तरवार्ता सम्बन्धमा नेपाली दृष्टिकोण स्पष्ट पार्न सरकारले भारतस्थित शाही नेपाली राजदूतावासलाई निर्देशन पठाई सकिएको जानकारी गराउनु भयो।

प्रधानमन्त्री मनमोहन अधिकारीले भूटानी शरणार्थी समस्या, परराष्ट्र नीति र जलस्रोतको सदुपयोग जस्तो विषयमा सहमतिका बुँदा हुन सक्ने छन्, राष्ट्रिय सहमतिको बाटो खोज्ने र समझदारी बनाउने काममा विपक्षी पार्टी र जनप्रतिनिधिहरूप्रति मर्यादित र सम्मानयुक्त व्यवहार गरिनेछ। अरूण तेस्रो जलविद्युत आयोजनाका सम्बन्धमा सरकारले केही पक्षमा परिमार्जन, लागतमा कटौती र वैकल्पिक बाटो निर्माणको सम्भावनामाथि पुनरविचार गर्न चाहेको, तर

आयोजनाकै विरोध नगरेको, नेपालभित्र हुने गरेको बढ्दो श्रमिक चाप र सीमा क्षेत्रमा हुने गतिविधि नियन्त्रण गर्न भारत सरकारको सहयोग र समझदारी चाहिने भएकोले यी दुवै समस्या निराकरणका लागि भारतसँग मैत्रीपूर्ण रूपले प्रयास थालिने कुरा पनि प्रतिनिधि सभामा स्पष्ट गर्नु भयो। टनकपुर सम्बन्धमा पूर्ववत अडान रहेको पनि जानकारी गराउनु भयो।

प्रतिनिधि सभाको पुस २५ गतेको बैठकमा नेकपा-एमालेका लक्ष्मी नारायण चौधरीले दलित जाति तथा जनजातिको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरियोस् भन्ने सम्बन्धमा ध्यानाकर्षण गर्नु भयो। श्री चौधरीले बहुजातीय, बहुभाषीय, बहुसांस्कृतिक र बहुधार्मिक राष्ट नेपाल सबै जातिको फूलवारी भएको हुनाले ती सबै जातजाति, भाषाभाषी र जनजातिहरूको समान रूपबाट संरक्षण र सम्बर्द्धन हुनु जरूरी छ। पञ्चायत कालमा पनि दलित जाति र जनजातिको संरक्षण र सम्बर्द्धन भएन। प्रजातन्त्र आएपछि नेपाली कांग्रेसको तीन वर्षे शासन कालमा यिनीहरूको उत्थानका लागि कुनै ठोस नीति र कार्यक्रम ल्याइएन, देशको ७० प्रतिशत दलित जाति र जनजातिहरू राजनीति, शिक्षा, प्रशासन, शाही सेनामा कम रहेका छन्। त्यसैले जनजातिहरूको मातृभाषामा पढाउने विद्यालयहरू स्थापना गरिनु पर्ने, बौद्ध धर्म, मुश्लिम धर्म र थारू लगायतका जनजातिसँग सम्बन्धित पर्वमा सरकारी विदा दिनु पर्ने नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र विज्ञान प्रविधि प्रतिष्ठानमा जनजाति, दलित जातिको प्रतिनिधित्व हुनु पर्ने, सरकारी संचार माध्यमबाट सम्पूर्ण जनजातिको भाषा संस्कृतिको समान रूपमा प्रचार प्रसार हुनुपर्ने र जनजातिलाई एक निश्चित स्तरसम्म पुर्‍याउन निश्चित अवधिसम्म आरक्षण व्यवस्था हुनु पर्छ र विशेष कार्यक्रम संचालन गरिनु पर्छ भन्ने माग गर्नु भयो। यसको जवाफमा शिक्षा तथा संस्कृति मन्त्री मोदनाथ प्रश्रितले दलित जाति र जनजातिको उत्थान, संरक्षण र सम्बर्द्धनका लागि सरकारको लक्ष्य र कार्यक्रम हुँदा हुँदै पनि साधन र स्रोतको कमीले चाहिने जति बजेट विनियोजन गर्न नसकिए पनि प्रतिकात्मक रूपमा कार्यक्रम राखेर लगानी गर्न थालिएको, दलित र जनजातिको लागि एक दुई कार्यक्रमले मात्र सम्भव छैन। यसका लागि वैचारिक, राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, वैज्ञानिक र प्रविधिको लामो प्रक्रियाबाट हिँडेर मात्र समाधान गर्न सकिन्छ र यस तर्फ पनि कार्य शुरू भएको छ। संस्कृत विश्व विद्यालयलाई सबै जाति, जनजातिको भाषा, धर्म र संस्कृतिको विकास गर्ने माध्यमको रूपमा लिइनु पर्छ भनी छलफल शुरू गरिएको र त्यहाँ विभिन्न जातिका भाषाका व्याकरण र पाठ्यक्रमहरूको निर्माण गर्ने प्रक्रिया शुरू भएको, विभिन्न जातिका भाषामा प्राथमिक विद्यालयहरू चलाउने लक्ष्यका निम्ति अपेक्षित पाठ्यक्रम आवश्यक हुने हुनाले सम्बन्धित जाति र भाषाका ज्ञाता, विद्वानहरूलाई समावेश गरेर पाठ्यक्रम, पाठ्यपुस्तक निर्धारण र निर्माण गर्ने प्रक्रियालाई अगाडि बढाउने उपाय खोजिंदैछ। राउटे, मुसहर, झाँगड, दुषाद, प्रजा, सतार, धिमाल आदिका लागि पाठ्यपुस्तक किन्न छात्रवृत्तिको व्यवस्था गरिएको र देउकी र भाँड आदिका छोराछोरीको पठनपाठनको लागि छात्रवृत्तिको व्यवस्था गरेको जानकारी गराउनु भयो।

अर्थमन्त्री भरतमोहन अधिकारीले निजी स्वामित्वमा गइसकेका औद्योगिक प्रतिष्ठानलाई पुनः आफ्नो अधिनमा लिन नचाहेको तथा निजीकरण गरिँदा स्वदेशी लगानीकर्तालाई नै प्राथमिकता दिने सोचाई रहेको छ भनी निजीकरणको नीति बारे राप्रपाका प्रकाशचन्द लोहनीको प्रश्नको जवाफमा स्पष्ट गर्नु भयो।

अरूण जलविद्युत परियोजनाको राष्ट्रव्यापी चर्चा परिचर्चा भएको अवस्थामा नेपाली कांग्रेसका विदुरप्रसाद पौडेलले पुस २६ गतेको राष्ट्रिय सभाको बैठकमा अरूण तेश्रो जलविद्युत आयोजना सम्बन्धी जरूरी सार्वजनिक महत्वको प्रस्ताव राख्नु भयो। प्रस्ताव राख्दै श्री पौडेलले सम्झौताको अन्तिम चरणमा पुगेको देशको मेरूदण्डको रूपमा रहेको सो परियोजनालाई अविलम्ब स्वीकार गर्न माग गर्नु भयो। यसको जवाफमा जलस्रोत राज्य मन्त्री हरिप्रसाद पाण्डेले यस आयोजनाको पूर्वाधार निर्माणको सडक ठेकेदारबाट नबनाई सडक विभागले बनाउँदा ६ अर्ब रूपैयाँ कम लाग्ने, ट्रान्समिसन लाईनमा १० प्रतिशत खर्च कम हुने भएको हुँदा खर्च घटाउन गंभीरतापूर्वक सोचौं भनी आग्रह गर्नु भयो। संयुक्त जनमोर्चाका सिन्धुनाथ प्याकुरेलले यसमा दातृ संस्थाको स्वार्थ लुकेको आशंका साथ नेपालले साना र मझौला आयोजना प्रति ध्यान दिनु पर्ने कुरामा आफ्नो धारणा राख्नु भयो।

सूचना तथा संचार मन्त्री प्रदिप नेपालले नेपाल अधिराज्यको संविधान २०४७ ले सबै नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता दिएकोले देशका सम्पूर्ण नागरिकले आफ्नो विचार अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्न सक्ने कुरा नेपाली कांग्रेसका हरिप्रसाद देवकोटाको आशंकाको जवाफमा बताउनु भयो। प्रतिनिधि सभाको सो दिनको बैठकमा राप्रपाका पद्म सुन्दर लावतीले भूकम्प पीडितको ऋण मिनाहा गर्न माग गर्नु भयो। नेपाली कांग्रेसका जयप्रकाशप्रसाद गुप्ताले सञ्चार माध्यमका कर्मचारीलाई राजनीतिक पूर्वाग्रह राखी निकालेको आरोप लगाउनु भयो। नेकपा एमालेका महेन्द्र राय यादवले एमरेष्ट पेपर मिल्सको प्रदूषित पानीबाट स्थानीय गाईवस्तु र मानिस समेत पीडित भएकोप्रति ध्यानाकर्षण गराउनुभयो। नेकपा-एमालेका रामचन्द्र झाले बलात्कारीहरूले सांसदको घरमा संरक्षण पाएको आरोप लगाउनु भयो।

प्रतिनिधि सभाको पुस २७ गतेको बैठकमा गृहमन्त्री के.पी. शर्मा ओलीले यातना सम्बन्धी क्षतिपूर्ति विधेयक २०५१ प्रस्तुत गर्नुभयो। सो विधेयक प्रस्तुत गर्ने क्रममा श्री ओलीले क्षतिपूर्ति सम्बन्धमा संविधानमा भएको प्रावधानलाई कार्यान्वयन गर्ने उद्देश्यले सो विधेयक ल्याएको कुरा स्पष्ट पार्नु भयो।

राष्ट्रिय सभाको माघ १ गतेको बैठकमा नेपाली कांग्रेसका डा. शंकर उप्रेतिले स्याङ्जामा भएको अशान्ति,

विर्तामोडमा भएको प्रहरीद्वारा बलात्कार, दमकमा प्रहरीद्वारा यातना जस्ता विषयमा सदनको ध्यानाकर्षण गर्नु भयो। नेपाली कांग्रेसका भीमप्रसाद श्रेष्ठले धर्म परिवर्तन भइरहेको कुरा उठाउनु भयो।

प्रतिनिधि सभाको पुस २ गतेको बैठकमा दाशढुङ्गा आयोगको प्रतिवेदन सदनमा पेश नभएको र सरकारले यसबारे आफ्नो दृष्टिकोण प्रष्ट नगरेको भनी प्रतिनिधि सांसदहरूले शून्य समय, नियमापत्ती र विशेष समय लिएर बारम्बार उठाउनु भएपछि गृहमन्त्री के.पी. शर्मा ओलीले २०४७ साल बैशाख ६ गतेदेखि १७ गतेसम्म मुलुकको विभिन्न भागमा घटेका घटनाहरूमा भएको क्षतिबारे छानवीन गर्न गठित वल्लभ संशेर आयोगको प्रतिवेदन, प्रजातन्त्रको स्थापनाको सिलसिलामा वेपत्ता पारिएका मानिस पत्ता लगाउन गठित समितिको प्रतिवेदन २०४७ र दाशढुङ्गा दुर्घटना सम्बन्धी न्यायिक जाँच आयोग २०५१ को प्रतिवेदन पेश गर्नु भयो। राप्रपाका कमल थापाले वानेश्वर काण्ड सम्बन्धी आयोगको प्रतिवेदन पनि पेश गर्न माग गर्नु भयो।

उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री माधवकुमार नेपालले नेपालको परराष्ट्र नीतिको आधार नेपालको राष्ट्रिय हित नै हो मानवअधिकार होइन। हामी मानवअधिकारका समर्थक हौं, तर गरीबी अशिक्षा, पछौटेपन ग्रस्त नेपालको परराष्ट्र नीतिको आधार मानवअधिकार हुन सक्दैन। भूटानी शरणार्थी समस्यालाई गृहमन्त्रालय स्तरबाट मात्र नभई परराष्ट मन्त्रालय स्तरबाट सम्हाल्न थालिएको छ। भूटानी शरणार्थी समस्या भूटान सरकारले निकालेको समस्या हो, भूटानमा भइरहेको अमानवीय यातनाबाट नेपाली मूलका मात्र नभई अरू मूलका भूटानी नागरिक पनि भूटान छोड्न वाध्य भएको कुरा नेपाली कांग्रेसका जयप्रकाश प्रसाद गुप्ताले भूटानी शरणार्थी समस्या समाधान गर्नका लागि श्री ५ को सरकारले ठोस कुटनीतिक प्रयास गरोस् भनी प्रस्तुत गर्नु भएको जरूरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफलमा उठेको प्रश्नको जवाफ दिंदा भन्नु भयो। सांसदहरूले सार्वजनिक महत्वको प्रस्तावमाथि छलफलमा भाग लिंदै भूटानी शरणार्थी समस्याप्रति चिन्ता व्यक्त गरेका थिए।

प्रतिनिधि सभाको माघ ३ गतेको बैठकमा यातना सम्बन्धी क्षतिपूर्ति विधेयकको सैद्धान्तिक पक्षमा छलफल गरी सो विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भयो। विधेयकमाथिको छलफलमा नेमकिपाका नारायणमान विजुक्छे, राप्रपाका प्रकाशचन्द्र लोहनी, नेकपा (एमाले) का धनपति उपाध्याय र कमल कोइराला, नेपाली कांग्रेसका विष्णुराज आचार्य, रमेश रिजाल र सांसद नवराज सुवेदीले भाग लिनु भयो। सांसदहरूले उठाएका प्रश्नको जवाफमा गृहमन्त्री के.पी. शर्मा ओलीले विगतमा अनुसन्धान र तथ्य पत्ता लाउने निहुँमा प्रयोग गर्ने गरिएका मुढेबल प्रवृत्ति समाप्त गर्ने, थुनामा रहेका व्यक्तिको पनि मानवअधिकार हनन हुन नहुने सामाजिक मान्यतालाई स्थापित गर्ने र कसैलाई वदनियत राखी जथाभावी उजुरी गर्ने प्रवृत्तिलाई निरूत्साह गर्ने व्यवस्था यस विधेयकमा भएको जानकारी गराउनु भयो।

गृहमन्त्री के.पी. शर्मा ओलीले ५ गतेको राष्ट्रिय सभाको बैठकमा २०४७ साल बैशाख ६ देखि १७ गतेसम्मको अवधिमा मुलुकका विभिन्न भागमा घटेका घटनाहरूमा भएको जनधनको क्षतिबारे छानवीन गर्न गठित एक सदस्यीय आयोग २०४७ को प्रतिवेदन, प्रजातन्त्र पुनर्स्थापनको क्रममा वेपत्ता पारिएका मानिस पत्ता लगाउन गठित समिति २०४७ को प्रतिवेदन र दाशढुङ्गा दुर्घटना सम्बन्धी न्यायिक छानवीन आयोग २०५१ को प्रतिवेदन पेश गर्नु भयो।

राष्ट्रिय सभाको माघ ४ गतेको बैठकमा प्रतिनिधि सभामा माघ २ गते उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री माधवकुमार नेपालले मानवअधिकार परराष्ट्र नीतिको आधार होइन भनी दिनु भएको अभिव्यक्ति प्रति राष्ट्रिय सभामा प्रमुख प्रतिपक्षी दलका नेता वासु रिसालले आपत्ति जनाउँदै गरीब र पिछडिएकाको निम्ति मानवअधिकार मुक्ति दाता हो, प्रजातन्त्र र मानवअधिकारप्रति शंका उत्पन्न भएमा राष्ट्र नै चिन्तित हुन्छ भन्नु भयो। नेपाली कांग्रेसका महेश आचार्यले राजनीति र आर्थिक मान्यताको आधार पनि मानवअधिकारलाई बनाई आएको बेलामा परराष्ट्र मन्त्रीद्वारा व्यक्त भावना विचलन हो भन्नु भयो।

राष्ट्रिय सभाको माघ ५ गतेको बैठकको प्रश्नोत्तर कालमा अर्थ मन्त्री भरतमोहन अधिकारीले निरिह नेपाली जनताको हितको लागि राज्यले लोक कल्याणकारी नीति अवलम्बन गर्दा उदार नीति ल्याउनु पर्ने वा उदारवादी नीति अवलम्बन गर्दा लोक कल्याणकारी नीति त्याग गर्नु पर्ने मान्यता नभएको, उदारवादी आर्थिक नीतिले दुर्गम र गाउ इलाकामा बसोबास गर्ने जनतालाई प्राथमिक शिक्षा, स्वास्थ्य, खानेपानी, हुलाक जस्ता प्राथमिक सेवा पुऱ्याउन नसक्ने हुँदा त्यसको लागि लोक कल्याणकारी कार्यक्रम प्रभावकारी हुनेछ भनी नेपाली कांग्रेसका हिरादत्त भट्टको प्रश्नको उत्तरमा सरकारको अर्थ नीति बारेको अवधारणा स्पष्ट पार्नु भयो।

प्रतिनिधि सभाको माघ १० गतेको बैठकमा राप्रपाका कमल थापाले अव्यवस्थित बसोबास र सुकुम्बासी समस्या समाधान गर्न सबै राजनीतिक पार्टीहरू बीच विचार विमर्श गरी ठोस निश्कर्षमा पुग्नु पर्ने सम्बन्धमा जरूरी सार्वजनिक महत्वको प्रस्ताव पेश गर्नु भयो। यसको जवाफमा आवास तथा भौतिक योजना मन्त्री प्रेमसिंह धामीले सुकुम्बासी समस्या समाधान आयोगले बढी समस्या देखिएका तराईका २१ जिल्लामा जिल्ला स्तरीय आयोग समेत गठन गरी समस्या समाधान गर्न आवश्यक कार्य चालू रहेको कुराको जानकारी दिनु भयो।

राष्ट्रिय सभाको माघ १० गते बसेको बैठकमा उप-प्रधानमन्त्री र परराष्ट्रमन्त्री माधवकुमार नेपालले टनकपुर सम्बन्धी समस्यालाई यस पटक संयुक्त समिति गठन गरेर अर्को अधिवेशनमा पेश गरी अन्तिम टुङ्गो लगाउने विचार भइरहेको र यो अधिवेशन छोटो भएकोले टनकपुर समस्या हल गर्ने समय नै नभएको तथा टनकपुर समस्या संविधानको

भावना र राष्ट्रहित अनुरूप दुईतिहाई बहुमतबाटै पास गर्ने कुरामा दृढ भएको जानकारी सांसदहरूले उठाउनु भएको टनकपुर विवाद बारेको प्रश्नको जवाफमा दिनु भयो। साथै भूटानी शरणार्थीहरू ससम्मान फिर्ता हुनु पर्छ र यसका लागि नेपाल र भूटान सरकारबीच फेब्रुअरीको अन्तिम हप्तामा वार्ता गर्ने प्रस्ताव पठाएको पनि जानकारी गराउनु भयो।

राष्ट्रिय सभामा सार्वजनिक महत्वको विषयमा जानकारी दिँदै उपप्रधानमन्त्री रक्षा र परराष्ट्र मन्त्री माधवकुमार नेपालले पुस २४ गते खप्तड तर्फ जान लाग्दा भएको हिमपात र हुरीबाट बच्न ओडार खोज्दा हराइरहेका खप्तड राष्ट्रिय निकुञ्जमा तैनाथ अरिदमन गुल्मका ६ सैनिकमध्ये तीनजनाको लाश फेला परेको, दुईजना जीवित अवस्थामा रहेको र एकजना अझै हराइरहेको जानकारी दिनु भयो। यो जानकारी प्रतिनिधि सभाका ११ माघको बैठकमा पनि दिइयो।

प्रतिनिधि सभाको माघ १० गतेको बैठकमा सभामुख रामचन्द्र पौडेलले श्री ५ को सरकारको दृष्टिकोण माघ ११ गतेको बैठकमा प्रस्तुत गर्न निर्देशन दिनु भए बमोजिम उपप्रधानमन्त्री माधवकुमार नेपालले टनकपुर बाँध परियोजना सम्बन्धमा २०४९ चैत २५ गते गठित संयुक्त समिति तत्कालीन प्रतिनिधि सभा विघटन भएकोले स्वतः विघटन भएको हुँदा अब यस सवाललाई कसरी हल गर्ने भन्ने बारे यसै अधिवेशनभित्र विभिन्न राजनीतिक दलहरूसंग छलफल गरी अघि बढ्न सभामुखसंग सल्लाह भएको जानकारी दिनु भयो। सभामुख रामचन्द्र पौडेलले टनकपुर बाँध बारे सर्वदलीय बैठकको लागि आव्हान गर्नु भयो र सो बैठक माघ १३ गते बस्ने निधो भयो।

उपप्रधानमन्त्री माधवकुमार नेपाल माघ ११ गतेको प्रतिनिधि सभाको बैठकमा सांसदहरूले शून्य समयमा उठाएका प्रश्नको जवाफ दिने क्रममा नेपाल भारत बीच सीमा दुरूस्त राख्न डिसेम्बर १९९४ देखि नै संयुक्त समितिले कार्य गरी रहेको र नेपाल-भारत संयुक्त प्राविधिज्ञ र सीमा समितिको यही फेब्रुअरी वा मार्चमा काठमाडौंमा बस्ने बैठकमा सीमा सम्बन्धी समस्याहरू सुल्झने कुरा बताउनु भयो। सोही दिन राप्रपाका फत्तेसिंह थारूले महोत्तरीमा माघ ८ गते उपसभामुखमाथि बमद्वारा गरिएको हमलाको विवरणको माग गर्नु भयो। नेमकिपाका नारायणमान विजुक्छेले ०४२ सालमा राजनीतिमा लागेको आरोपमा निस्कासित डा. अशोकानन्द मिश्रलाई नेका वा नेकपा एमालेको सरकारबाट अहिलेसम्म पुनर्स्थापना नगरिएको कुरा बताउनु भयो।

प्रतिनिधि सभाको माघ १४ गतेको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकाका सांसदहरूले नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको मृत्यु सम्बन्धमा गठित आयोगको प्रतिवेदन सम्बन्धमा सरकारको स्पष्ट दृष्टिकोण आओस् भनी माग गर्नु भयो। सोही दिन श्रमजीवी पत्रकार सम्बन्धी विधेयक ०५१ को सैद्धान्तिक पक्षमाथि प्रतिनिधि सभामा छलफल मै विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गऱ्यो। प्रतिनिधि नेपाली कांग्रेसका कूलबहादुर गुरूङले हालै इलाममा सुत्केरी महिलाको लोग्ने मारिएकाले निजलाई राहत दिन र चुनावताका हत्या गरिएका अशोक श्रेष्ठ र निरोज श्रेष्ठको हत्यारा पत्ता लगाई कारवाही गर्न माग गर्नुभयो।

प्रतिनिधि सभाको माघ १५ गतेको बैठकले अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित महासन्धि नं. १४४ त्रिपक्षीय परामर्श (अन्तर्राष्ट्रिय श्रम कानूनको स्तर निर्धारण गर्ने) महासन्धि (१९७६) लाई अनुमोदन गऱ्यो। प्रधानमन्त्री मनमोहन अधिकारीले रोजगारीका अवसरहरू राष्ट्रव्यापी रूपमा सिर्जना गर्दै लग्न साक्षरता अभियान, लघु सिंचाई निर्माण, सडक, पुल तथा कल्भर्ट निर्माण, साझा सहकारिता, निम्न स्तरको प्राविधिक तालिम र महिला शीप विकास जस्ता कार्यक्रमहरू संचालन गर्ने जानकारी राप्रपाका प्रकाशचन्द्र लोहनीको प्रश्नको जवाफमा दिनु भयो। उहाँले सरकारी क्षेत्रबाट हुने विकास निर्माणमा स्वदेशी श्रम शक्तिलाई जोड दिने, श्रम कार्यालयहरूलाई रोजगार सूचना तथा प्रशिक्षण केन्द्रको रूपमा विकसित गरी तीनबाट शीपमूलक तालीम संचालन गराउने, विदेशमा रोजगारी उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने, ग्रामिण बैंक तथा रोजगार बैंकको स्थापना गरी आय र रोजगारीका लागि विशेष कार्यक्रम संचालन गरी शहरी तथा ग्रामिण क्षेत्रका युवा एवं दलित वर्ग लगायत गरिबीका रेखामुनि रहेका जनतालाई समेट्ने जानकारी दिनु भयो।

गृहमन्त्री के.पी. शर्मा ओलीले जेल सुधार सम्बन्धी प्रतिवेदनमाथि पुनरावलोकन गरी जेललाई यातनाको रूपमा नराखी सुधारगृहको रूपमा विकसित गर्ने र कैदीलाई भौतिक सुविधामा वृद्धि गर्ने तर्फ सरकार चिन्तनशील र क्रियाशील रहेको, शान्ति सुरक्षा खलबल्याउने व्यक्तिहरूको खोज तलास गरी कारवाही भइरहेको र मुलुकको शान्ति सुरक्षा सुदृढ र सबल तुल्याउने कार्यमा क्रियाशील रहेको, २०४२ सालको वम काण्डको अनुसन्धानको सिलसिलामा पक्राउ परेका र पछि हराएका भनिएका सत्यनारायण शाह, पद्मबहादुर लामा, ईश्वर लामा, साकेतचन्द्र मिश्र, दीलिप चौधरी र लक्ष्मीनारायण झा लाई अहिलेसम्म फेला पार्न नसकेको र खोजी जारी रहेको जानकारी सांसदहरूको प्रश्नको उत्तरमा दिनु भयो।

प्रतिनिधि सभाको माघ १७ गतेको बैठकले श्रमजीवी पत्रकार विधेयक २०५१ लाई पारित गऱ्यो। प्रतिनिधि सभामा सो दिन टनकपुर बाँध परियोजनालाई लिएर चर्को विवाद भयो। साथै सोही कुरालाई लिएर प्रतिनिधि सभाको आठौं अधिवेशनमा पहिलो चोटी बैठक वहिष्कार भयो। टनकपुर सम्बन्धी जवाफ स्पष्ट आएन भनी राप्रपाले बैठक बहिष्कार गऱ्यो भने दाशढुङ्गाको विषयमा नेपाली कांग्रेसले बैठक वहिष्कार गरेको थियो।

संसदको आठौं अधिवेशन माघ १८ गते समाप्त भयो। सो अवसरमा प्रतिनिधि सभाका सभामुख रामचन्द्र पौडेलले संसदले ऐन बनाउने कार्यमा ध्यान दिन नसकेको तर्फ संकेत गर्नु भयो। प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधि

सभा र राष्ट्रिय सभामा सांसदहरूद्वारा अभिव्यक्त धारणाहरूले नयाँ सरकारले संविधान, प्रजातान्त्रिक मूल्य मान्यता, मानवअधिकार, स्वतन्त्र न्यायापालिका र कानूनको शासनप्रति जाहेर गरेका सार्वजनिक प्रतिवद्धता दृढतापूर्वक अघि बढाउने कुरामा विश्वास दिलाउनु भयो। सांसदहरूले नेकपा-एमाले सरकारको सफलताको शुभकामना समापन वक्तव्यमा दिनु भयो। संसदको आठौं अधिवेशन मंसिर २८ गते शुरू भई माघ १८ गते सम्म ५० दिन चालू रह्यो। यी मध्ये प्रतिनिधि सभाको २८ दिनमा ३२ पटक बैठक बस्यो। बैठक १७७ घण्टा २१ मिनेट बसेको थियो।

राष्ट्रिय सभा चालु रहेको ५० दिनमध्ये २१ दिनमा २६ पटक बैठक बस्यो। बैठक ६० घण्टा ३० मिनेट बसेको थियो।

संसदको आठौं अधिवेशनमा वल्लभ संशेर आयोग, वेपत्ता भएका मानिस पत्ता लाउन गठित आयोग, दाशढुङ्गा न्यायिक आयोगको प्रतिवेदन पनि पेश गरिएको थिए।

संसदको नवौं अधिवेशन आव्हान र संसद विघटन

नियमित रूपले बस्नु पर्ने वजेट अधिवेशन श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान २०४७ धारा ५३ को उपधारा (१) बमोजिम २०५२ जेठ २५ गतेका दिन असार ११ गते दिनको १ बजे संसद् भवन सिंह दरबारमा संसद्को नवौं अधिवेशन बोलाईबक्सेको कुरा संसद सचिवालयले जनायो।

तर सोही दिन श्री ५ महाराजाधिराज समक्ष नेकपा-एमालेको सरकारका प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्ताव पेश गर्ने उद्देश्यले संविधानको धारा ५३(३) अनुसार प्रतिनिधि सभाको विशेष अधिवेशन बोलाई बक्सन प्रतिनिधि सभामा प्रमुख विपक्षी दल नेपाली कांग्रेसले समावेदन गर्‍यो। एकातिर नवौं अधिवेशनको मिति तोकी आव्हान भइसकेको र अर्कोतिर ५३(३) अनुसार विशेष अधिवेशन समावेदन भएपछि नेपालको संसदीय इतिहासमा अभूतपूर्व संकट देखा पर्‍यो। विभिन्न क्षेत्रबाट अडकलबाजी र प्रतिक्रियाहरू देखा परे। विशेष अधिवेशनको लागि ७० जना नेपाली कांग्रेसका सांसदले समावेदन गरेका थिए। मुलुकको स्थीरता र मध्यावधि निर्वाचन रोक्नका लागि यो काम गरेको कुरा नेपाली कांग्रेसले दावी गर्‍यो।

जेठ २५ गते नेपाली कांग्रेसका सांसदहरूद्वारा प्रतिनिधिसभाको विशेष अधिवेशनको लागि समावेदन भए अनुसार जेठ २५ गते श्री ५ बाट नेपाल अधिराज्यको संविधानको धारा ५३(३) बमोजिम २०५२ असार २ गते शुक्रवार दिनको १ बजे संसद भवन सिंहदरवार काठमाडौंमा प्रतिनिधि सभाको अधिवेशन आव्हान गरिबक्सेको कुरा श्री ५ महाराजाधिराजको प्रमुख संवाद सचिवालय राजदरवारबाट प्रकाशित सूचनामा जनाइयो। यसरी पहिलो चोटी नेपालको इतिहासमा सरकार र प्रतिपक्षद्वारा बोलाइएका अलग अलग अधिवेशन राजाद्वारा एकैचोटी आव्हान भयो। यो वास्तवमा अत्यन्त अन्यौल पूर्ण स्थिति थियो।

यसरी अन्यौल र संकटपूर्ण स्थिति उत्पन्न भइरहेको अवस्थामा प्रधानमन्त्री मनमोहन अधिकारीले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (४) बमोजिम श्री ५ मा प्रतिनिधि सभा विघटन गरिबक्सन र २०५२ कार्तिकमा प्रतिनिधि सभाको निर्वाचन तोकी बक्सन सिफारिश गर्नु भएको कुरा जेठ २६ गते साँझ आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउनु भयो। प्रधानमन्त्री अधिकारीले नेपाल अधिराज्यको संविधानको धारा ४२(२) बमोजिम गठित सरकारलाई स्थायित्व, निरन्तरता र जीवन्तता दिन अन्तिम विन्दूसम्म भरमग्दूर प्रयास गरिरहेकै अवस्थामा प्रमुख प्रतिपक्ष दलले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) बमोजिम अधिवेशनको लागि समावेदन गरेबाट मुलुकलाई स्पष्ट दिशा दिन, अन्यौल समाप्त गरी निश्चित र स्थायी सरकार गठन गर्न संविधानको ४२(२) बमोजिम सरकार गठन भएको अवस्थामा संविधानको विद्यमान प्रावधान बमोजिम सरकार गठन हुन सक्ने वैकल्पिक व्यवस्था नभएकोले वर्तमान सरकारले आफ्नो नीति र कार्यक्रम लागू गर्न, मुलुकलाई स्थायी सरकार दिन तथा विद्यमान अन्यौल समाप्त गर्न सार्वभौमसत्ता सम्पन्न जनता समक्ष जनादेश प्राप्त गर्नका लागि वाञ्छनीय भएकोले आज बसेको मन्त्रीपरिषदको बैठकमा गंभीर छलफल भई श्री ५ समक्ष प्रतिनिधि सभाको विघटन तथा नयाँ प्रतिनिधि सभाको मध्यावधि निर्वाचनको लागि मिति तोक्न सिफारिश गरिएको कुरा स्पष्ट गर्नु भयो। साथै उहाँले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(१) बमोजिम श्री ५ बाट संसदको नवौं अधिवेशनको आव्हान गरिबक्सेपछि प्रमुख प्रतिपक्षमा रहेको नेपाली कांग्रेसले नेपाल अधिराज्यको संविधानको धारा ५३(३) बमोजिम अधिवेशन बोलाई बक्सन वाञ्छनीय छ भनी श्री ५ समक्ष समावेदन गरेबाट संसदमा सबै भन्दा बढी सदस्यहरू भएको नेकपा-एमालेले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२(२) बमोजिम गठन गरेको सरकारलाई संवैधानिक एवं नियमित प्रक्रियाबाट सरकार चलाउन नदिई मुलुकमा अस्थिरता कायम गर्ने, अन्यौल सृजना गर्ने कार्य भएको छ। वर्तमान सरकारलाई आफ्नो नीति र कार्यक्रम समेत प्रस्तुत गर्न र लागू गर्नबाट वञ्चित गर्न खोजेको बताउनु भयो।

२०५२ जेठ २८ गते नेपाली कांग्रेसले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५९(२) र प्रतिनिधि सभा नियमावलीको नियम १७१ बमोजिम सत्तारूढ सरकारका विरूद्ध संसद सचिवालयमा ७७ जना सांसदको दस्तखत सहित अविश्वासको प्रस्ताव दर्ता गरायो।

यही अन्यौल र अनिश्चितताको बीच प्रतिनिधि सभा विघटन गर्न प्रधानमन्त्रीको सिफारिश भएको १०१ घण्टापछि श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री मनमोहन अधिकारीले विभिन्न कारण देखाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(४) बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गरिबक्सन र प्रतिनिधि सभाको

लागि निर्वाचन हुने मिति तोकी बक्सन मन्त्रीपरिषदको निर्णय सहित २०५२ जेठ २६ गते चढाउनु भएको सिफारिश बमोजिम मौसूफबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(४) बमोजिम २०५२ मंसिर ७ गते विहीबारका दिन नया प्रतिनिधि सभाका लागि निर्वाचन गराउने गरी प्रतिनिधि सभा विघटन गरिबक्सेको र मौसूफबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३६(७) बमोजिम अर्को मन्त्री परिषद गठन नभएसम्म कार्य संचालन गर्न प्रधानमन्त्री मनमोहन अधिकारीको अध्यक्षतामा गठित मन्त्रीपरिषदले गर्न एवं प्रतिनिधि सभाको लागि हुने निर्वाचन शान्तिपूर्वक र निष्पक्ष रूपमा सफलतापूर्वक सम्पन्न गर्न गराउने आशा राखी बक्सेको कुरा प्रमुख संवाद समितिको सूचनामा जनाई विज्ञप्ती जारी भयो।

राष्ट्रिय सभाको बैठक र औचित्यताको प्रश्न

प्रतिनिधि सभा विघटन भए पनि श्री ५ बाट आव्हान गरिबक्से बमोजिम राष्ट्रिय सभाको अधिवेशन असार ११ गते प्रारम्भ भयो। अधिवेशनको प्रारम्भमा राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले नवौं अधिवेशन आव्हान पश्चात प्रतिनिधि सभाको विघटन भएको परिस्थितिमा राष्ट्रिय सभाको अधिवेशनको ज्यादै महत्वपूर्ण भूमिका हुन्छ। यस अधिवेशनलाई सम्पूर्ण सचेत प्रजातन्त्र प्रेमी जनताले अभिरूचीपूर्वक हेरिरहेका छन्। त्यसैले यस अधिवेशनमा आफूमा रहेको विशिष्ट प्रजातान्त्रिक मूल्य र मान्यतालाई बडो धैर्य र संयमसाथ प्रस्तुत गरी प्रतिनिधि सभा विघटन भएको अवस्थामा पनि स्थायी सदनको रूपमा रहेको राष्ट्रिय सभाले खेल्न सक्ने भूमिकालाई प्रदर्शित गरी सम्पूर्ण नेपालीहरूमा संसदप्रति आस्था अभिवृद्धि गर्न आव्हान गर्नु भयो।

बैठकमा मन्तव्य प्रस्तुत गर्ने क्रममा प्रतिपक्षीदल नेपाली कांग्रेसका नेता वासुदेव रिसालले संसद प्रधानमन्त्रीको वन्धक भएको छ। अल्पमतको सरकार एकदलीय पद्धितिलाई संचालन गर्न व्यस्त रहेको छ। प्रतिनिधि सभाको विघटनले संसद उपहासको पात्र भएको छ र अविश्वासको प्रस्तावको मुकाबला नगर्ने नराम्रो परम्परा सुरू भएको छ भनी आरोपित गर्नु भयो। नेपाली कांग्रेसका जगदिश संशेर राणाले राष्ट्रिय सभाको उपादेयता बारे गंभीर चिन्तन मनन गरी यसलाई प्रभावकारी तुल्याउन संविधानमा भएका कमी कमजोरी हटाउन सर्वदलीय सहमति आवश्यक छ भन्नु भयो। सोही दलका चेतकुमारी दाहालले यो सरकारले अरबौंको बजेट ल्याउन सक्ने वा नसक्ने भनी प्रश्न उठाउनु भयो।

नेकपा-एमालेका मोहनचन्द्र अधिकारीले दलगत स्वार्थमन्दा माथि उठेर राष्ट्रिय चिन्तनको थलो राष्ट्रिय सभा हुन पर्ने विचार व्यक्त गर्नु भयो। संयुक्त जनमोर्चा नेपालका सिन्धुनाथ प्याकुरेलले नेकपा-एमालेको ६ महिने कार्यकालमा मानवअधिकारको रेकर्ड नेपाली कांग्रेसको भन्दा राम्रो रहेको, नेपाली कांग्रेसले गराएको चुनाव निष्पक्ष हुने अरूले गराएको चुनाव किन निष्पक्ष हुन सक्दैन भनी प्रश्न गर्नु भयो। सांसद रविन्द्र चक्रवर्तीले प्रतिनिधि सभा विघटन भएको अवस्थामा राष्ट्रिय सभाले कार्यपालिकासित सामञ्जस्यता कायम गरी एउटा निश्चित नजीर स्थापित गर्नु परेको विचार व्यक्त गर्नु भयो। बैठकमा मध्यावधि निर्वाचनको औचित्यतामाथि प्रश्न उठाइएको थियो।

कानून, न्याय तथा संसदीय मन्त्री सुवासचन्द नेम्वाङ्गले श्री ५ बाट दुबै सदनको संयुक्त बैठकलाई संबोधन भएर नीति तथा कार्यक्रमहरू प्रस्तुत हुन नसकेको अवस्थामा राष्ट्रिय सभालाई निरन्तरता दिन सकिने व्यवस्था संविधानमा नभएको प्रश्न उठाउनु भयो। सरकारले राष्ट्रिय सभालाई कार्यक्रम दिन नसकेको अवस्थामा राष्ट्रिय सभा संचालनको सम्बन्धमा नै विवाद देखापर्‍यो।

राष्ट्रिय सभाको असार १६ गते बसेको बैठकमा नेपाली कांग्रेसका महेश आचार्यद्वारा प्रस्तुत मानवअधिकार आयोग विधेयक २०५२ र नेपाली कांग्रेसका डा. शंकर उप्रेतिद्वारा अधिकृत गरिनु भएका सांसद विदुरप्रसाद पौडेलले प्रस्तुत गर्नु भएको नेपाल स्वास्थ्य व्यवसायी परिषद विधेयक २०५२ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई सामान्य छलफलपछि स्वीकृत गर्‍यो।

राष्ट्रिय सभाको असार २० गते बसेको बैठकले श्री ५ महाराजाधिराजमा अगाध श्रद्धा भक्ति र सम्मान प्रकट गर्दै नेपालमा संवैधानिक राजतन्त्र औचित्यपूर्ण मात्र होइन अपरिहार्य पनि भन्ने कुरामा पूर्ण आस्था र विश्वास प्रकट गरेको छ। बैठकमा राजधानीबाट प्रकाशित हुने साप्ताहिक "जन भावना" को असार २० गतेको अंकमा नेपाली कांग्रेसका महामन्त्री महेन्दनारायण निधिले अन्तरवार्ताका क्रममा राजसंस्था बारे व्यक्त गर्नु भएको विचारप्रति सांसदहरूले नियमापत्ती गर्नु भएपछि अध्यक्ष बेनीबहादुर कार्कीले राष्ट्रिय सभाको बैठकमा राजसंस्थाप्रति रहेको अगाध आस्था, भक्ति र सम्मान सम्बन्धी प्रस्ताव राख्नु भएको थियो। विशेषाधिकार समितिले "छलफल" माथि कारवाही गर्नु नपर्ने प्रतिवेदन पेश गर्‍यो। बैठकले नेपाल स्वास्थ्य व्यवसायी परिषद विधेयक २०५२ र मानवअधिकार आयोग विधेयक २०५२ लाई दफावार छलफलका लागि विशेष समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई स्वीकृत गर्‍यो।

राष्ट्रिय समाको नवौं अधिवेशन असार २१ गते समाप्त भयो। सोही दिनको बैठकले श्री ५ बाट वर्तमान मन्त्री परिषद र भविष्यमा यस्तो जिम्मेवारी प्राप्त गर्ने जुनसुकै मन्त्रीपरिषदले पनि आफ्नो सीमा र परिधिभित्र रहेर कार्य संचालन गरी स्वस्थ संसदीय परम्परा बसाल्न र त्यसको पालना गराउने तर्फ प्रधानमन्त्री र मन्त्रीपरिषदलाई प्रोत्साहन, सुझाव र सचेत गराई बक्सन जाहेर गरिएको छ भन्ने नेपाली कांग्रेसका महेश आचार्य प्रस्तावक र नरहरि आचार्य तथा विदुर पाण्डेले समर्थक भएको प्रस्ताव स्वीकृत गर्‍यो। यसको संशोधन नेकपा-एमालेका प्रेमबहादुर सिंहले राख्नु भएको थियो। यस किसिमको प्रस्ताव पारित भएको यो पहिलो अवसर हो।

राष्ट्रिय सभाको नवौं अधिवेशन असार ११ मा प्रारम्भ भई २० गते समाप्त भयो। यी १० दिनहरूमध्ये चार दिनमा ६ पटक बैठक बसी ११ घण्टा १५ मिनेट खास कार्यमा बितायो। यस अधिवेशनमा सरकारको तर्फबाट कुनै काम नदिएकोले दुईवटा गैर सरकारी विधेयकहरू सदनमा पेश भई दफावार छलफलका लागि अलग अलग विशेष समितिमा पठाइयो। प्रतिनिधि सभा विघटन भएको अवस्थामा राष्ट्रिय सभाको कति औचित्यता छ? भनी प्रश्नहरू खडा भए।

प्रतिनिधि सभाको पुनर्स्थापना र महा विवाद

प्रधानमन्त्रीको सिफारिशमा जेठ ३० गते प्रतिनिधि सभाको विघटन भएपछि प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधि सभा विघटनका लागि संविधानको धारा ५३(४) अनुसार चढाउनु भएको सिफारिश संविधान, संसदीय मर्यादा र मान्यता तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरित, दुरासययुक्त एवं वदनियतपूर्ण समेत भएकोले प्रतिनिधि सभा विघटन गर्ने सिफारिश लगायत सो सम्बन्धी सम्पूर्ण कार्यहरू वदर गरी प्रतिनिधि सभा पुनर्स्थापना गर्न परमादेश लगायतको जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८(२) अन्तरगत अधिवक्ता रविराज भण्डारी, प्रकाश घिमिरे, सांसदहरू चिरञ्जीवी वाग्ले, शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, गजेन्द्रनारायण सिंह लगायतले बेग्ला बेग्लै रिट निवेदन दिएपछि मुद्दा शुरू भयो।

यस मुद्दाको सुनुवाई सर्वोच्च अदालतमा प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय लगायत ११ जना न्यायाधीशबाट भई बहुमतको रूपमा फैसला आयो र बहुमतले प्रतिनिधि सभा विशेष अधिवेशन २०५२ असार २ मा र नवौं अधिवेशन २०५२ असार ११ मा बस्ने गरी आव्हान भई सकेपछि उक्त अधिवेशनहरू नै हुन नदिने दुराशय लिई प्रधानमन्त्रीले सिफारिश गर्नु भएको छ, प्रधानमन्त्रीको उक्त सिफारिश सरकार संसदप्रति जवाफदेही हुने सिद्धान्त विरूद्ध र संसदीय मूल्य, मान्यता र परम्परा प्रतिकूल छ। विशेष अधिवेशनको आधार, कारण औचित्य र वाञ्छनीयतालाई विचार नगरी तत्सम्बन्धी संवैधानिक प्रावधानले पूर्णता प्राप्त नगर्दै उपधारा (४) मा प्रवेश गर्न धारा ५३ को समष्टीगत व्यवस्थाले अनुमति दिंदै प्रधानमन्त्रीको सिफारिश धारा ५३ को प्रतिकूल रहेको स्पष्ट छ। धारा ५३(४) बमोजिम सिफारिश गर्ने अख्तियारी केवल ३६(१) र धारा ४१(१) अन्तरगत नियुक्त प्रधानमन्त्रीलाई मात्र प्राप्त हुन्छ। संविधानको धारा ५९(२) बमोजिम प्रतिनिधि सभाको विश्वास छैन भनी आधार, कारण र औचित्य समेत उल्लेख गरी निजको विरूद्धमा अविश्वासको प्रस्ताव पेश गर्ने प्रयोजनका लागि विशेष अधिवेशन समावेदन र आव्हान समेत भइसकेको प्रतिनिधि सभा समक्ष अविश्वासको प्रस्ताव दर्ता भइसकेको अवस्थामा विश्वासको मत लिनु पर्ने संवैधानिक व्यवस्था भएको अवस्थामा यसो नगरी प्रतिनिधि सभा भङ्ग गर्ने गरेको निर्णय वदरभागी छ भनी २०५२ भदौ १२ गते भएको भन्ने फैसला गरेकोले प्रतिनिधि सभाको पुनर्स्थापना भयो।

यस फैसलाबाट संवैधानिक रूपमा राजामा गरिएका सिफारिश न्यायिक पुनरावलोकन हुन सक्ने, प्रधानमन्त्रीको प्रतिनिधि सभा विघटन गर्ने अधिकार शर्तीय हुने, अविश्वासको प्रस्तावको सामना गर्नु पर्ने, संसदमा मन्त्रीपरिषद गठन गर्ने विकल्प भइञ्जेल मध्यावधि निर्वाचनमा लान नसकिने, नजिर प्रतिपादित भयो। यसैको आधारमा प्रधानमन्त्रीले श्री ५ समक्ष सिफारिश जाहेर गर्नुभएको र सो व्यहोरा विघटनको प्रमुख कारण र आधारको रूपमा उल्लेख गरिएको देखिएकोले सिफारिश त्रुटीपूर्ण र संवैधानिक प्रावधानको प्रतिकूल देखिन्छ भन्ने ठहर गऱ्यो। यसै आधारमा प्रधानमन्त्रीको सिफारिश संविधानको भावना र व्यवस्थाको प्रतिकूल देखिएको र यो मुद्दाको निर्णयमा प्रश्नका लागि सो नै पर्याप्त भएको भनी सिफारिशको आधारमा २०५२ जेठ ३० गते भएको विघटन पनि असंवैधानिक र प्रारम्भ देखि नै कानूनी प्रभाव शुन्य भएको हुँदा प्रतिनिधि सभा उक्त असंवैधानिक विघटनभन्दा पहिलेको स्थितिमा पुनर्जीवित भई संविधान अनुसार आफ्नो कार्य गर्न समर्थ र सक्षम रहेको कुरा यसै निर्णयद्वारा घोषित गरिएको छ। श्री ५ बाट संविधानको धारा ५३(३) बमोजिम आव्हान नगरिबक्सी २०५२ असार २ का दिन बस्ने व्यवस्था भएको प्रतिनिधि सभाको विशेष अधिवेशन र श्री ५ बाट धारा ५३(१) बामोजिम आव्हान गरिबक्सी २०५२ असार ११ का दिन बस्ने व्यवस्था भएको प्रतिनिधि सभाको नवौं अधिवेशनमाथि उल्लेख भए बमोजिम प्रतिनिधि सभाको असंवैधानिक विघटनको कारणले सो मितिमा बस्न नसकेको हुँदा अनुसांगिक वा परिणामिक रूपमा सो मितिहरू पनि स्वतः परिवर्तित भएको मानी उक्त अधिवेशनहरू गराउन आवश्यक व्यवस्था गराउनु भनी प्रत्यर्थी प्रतिनिधि सभाका सभामुख र मन्त्रीपरिषद सचिवालयका नाममा परमादेश जारी गऱ्यो।

यसको विपरित अल्पमतले प्रधानमन्त्रीको विघटनको सिफारिशलाई संविधान सम्मत ठहर गऱ्यो। यसैले मुद्दा शुरू भएपछि शुरू भएको विवाद महाविवादमा परिणत भयो। अदालत लगायत सारा मुलुक नै संसदको पुनरजीवनको पक्ष र विपक्षमा विभाजित हुन पुग्यो। अदालतको फैसलाको पक्ष र विपक्षमा नारा जुलुश भयो। यो नेपालको इतिहासमा भएको पहिलो घटना हो।

प्रतिनिधि सभाको विशेष अधिवेशन

श्री ५ बाट आव्हान भई २०५२ असार २ गतेका दिन बस्ने व्यवस्था भएको प्रतिनिधि सभाको विशेष अधिवेशन प्रतिनिधि सभा विघटनको कारणले बस्न नसकेकोमा सर्वोच्च अदालतको भदौ १२ गतेको निर्णय अनुसार प्रतिनिधि सभा पुनर्जीवित भएकोले विशेष अधिवेशनको मिति तोकिबक्सन सभामुखले भदौ १४ गते चढाई पठाउनु भएको जाहेरी पत्रको जाहेर हुँदा मौसूफबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३(३) बमोजिम प्रतिनिधि सभाको विशेष अधिवेशन

भदौ २० गते बस्ने गरी तोकिबक्स्यो। यसै विषयलाई लिएर प्रधानमन्त्री मनमोहन अधिकारीले विशेष अधिवेशनको विषय आफूसंग सम्बन्धित रहेको र चिकित्सकहरूले अरू तीनहप्ता अस्पतालको सैयामा बसी उपचार गराउन सल्लाह दिएकोले सो अवधिभित्र मिति नतोकी बक्सन श्री ५ मा विन्ति चढाउनुभएको थियो।

प्रतिनिधि सभाको विशेष अधिवेशन भदौ २० गते अपरान्ह ५ बजे प्रारम्भ भयो। सो दिन प्रक्रियाको सवालमा ४८ मिनेट तर्क-वितर्क भयो। सो बैठकलाई संवोधन गरी प्रधानमन्त्रीले पत्र पठाउनु भयो।

प्रतिनिधि सभाको भदौ २२ गतेको बैठमा प्रधानमन्त्रीको विरोधमा अविश्वासको प्रस्ताव प्रस्तुत भयो। तर भदौ २२ गतेको विहानको बैठमा प्रधानमन्त्री मनमोहन अधिकारीले सांसदहरूको नाममा संवोधन गरी लेख्नु भएको पत्र पिजन होलमा नराखी सदनमा पढेर सुनाउन माग राखी नेकपा-एमालेका सांसदहरूले माग राखेर सदनको कारवाही अगाडि बढ्न नसकेपछि सदन स्थगित भयो। दोश्रो बैठकमा मनमोहनको पत्र संसदीय व्यवस्था मन्त्री सुवासचन्द नेम्वाङ्गले पढेर सुनाउने सहमति भएपछि श्री नेम्वाङ्गले पत्र पढेर सुनाउन भयो। त्यसपछि प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाले प्रधानमन्त्री मनमोहन अधिकारीमाथि अविश्वासको प्रस्ताव प्रस्तुत गर्नुभयो। अविश्वासको प्रस्ताव राख्दै शेरबहादुर देउवाले नेकपा-एमालेले सत्ता सम्हालेपछि जनताको आधारभूत मानवअधिकार, वालिगमताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्रको मर्यादा, न्यायपालिकाको वैधानिक हैसियतलाई उपहास र अपमानित गरेकोले राख्नु परेको समेत कारण जनाउँदै एमाले सरकारका समयमा भए गरेका नराम्रा कार्यको फेरिस्त पेश गर्नु भयो।

प्रतिनिधि सभाको विशेष अधिवेशनमा भदौ २२ र २३ गते सांसदहरूले पक्ष र विपक्षमा तर्क प्रस्तुत गर्नुभयो। त्यसपछि प्रधानमन्त्रीले जवाफ कसरी दिने भन्ने विषयमा लामो छलफल पछि भदौ २५ गते दिनको एक बजे शिक्षण अस्पतालको सैयाबाट रेडियो तथा टेलिभिजनबाट प्रत्यक्ष संवोधन गर्ने निर्णय पछि २५ गतेको बैठकमा आफूमाथि लागेका आरोपको जवाफ करिब डेढ घण्टा दिनु भयो। शुरूको भागको जवाफ प्रधानमन्त्री मनमोहन अधिकारीले पढेपछि बाँकी अंश उप-प्रधानमन्त्री माधवकुमार नेपालले पढ्नु भएको थियो। सो संवोधनमा एमालेको ९ महिने कार्यकालमा मुलुकमा समग्र विकास भएको, मानवअधिकारको रक्षा भएको र सामाजिक न्यायको लागि काम भएको दावा गरियो।

प्रधानमन्त्रीको जवाफपछि अविश्वासको प्रस्तावमाथि मतदान हुँदा प्रस्तावको पक्षमा १०७ र विपक्षमा ८८ मत पर्‍यो। २०२ जना सदस्य रहेको सदनमा नेका, रापपा र सद्भावनाका सबै सांसदहरूले अविश्वासको पक्षमा र एमाले तथा मसालका सांसदहरूले विपक्षमा मत हाले। नेमकिपाका सांसद तीनैजनाले वहिष्कार गरे भने मनमोहन अधिकारी, वामदेव गौतम र हिमाञ्चलराज भट्टराई विरामीको कारणले उपस्थिति भएनन्।

यसरी अविश्वासको प्रस्तावमा पराजित भएपछि प्रधानमन्त्री मनमोहन अधिकारीले श्री ५ मा राजिनामा चढाउनु भयो। सो राजिनामा स्वीकृत भयो। प्रतिनिधि सभाको विशेष अधिवेशन पनि भदौ २५ गते साँझ ७ बजे बाट अन्त भयो। संसदीय इतिहासमा अविश्वासको प्रस्तावको प्रत्युत्तर अस्पतालको शैयाबाट सदनका साथै राष्ट्रव्यापी प्रचार गरी राष्ट्रलाई नै संसदको रूपमा फेरिएको पहिलो घटना हो। यसले संसदलाई मात्र प्रत्युत्तर नभएर राष्ट्रको नाममा संवोधन पनि भयो।

प्रतिनिधि सभाको नवौं अधिवेशन र राष्ट्रिय सभाको बैठक

संसद विघटनको कारणले असार ११ गते बस्न नसकेको नवौं अधिवेशन र राष्ट्रिय सभाको बैठक श्री ५ बाट भदौ २९ गते संसद भवन सिंहदरवारमा बोलाई बक्स्यो।

प्रतिनिधि सभाको असोज २ गते बसेको बैठकले ८६ का विरूद्ध १०७ मतले प्रधानमन्त्री शेरबहादुर देउवामाथि विश्वास प्रकट गर्‍यो। मतदातामा नेमकिपा अनुपस्थित रह्यो। नेकपा-एमाले तथा मसालका सांसदहरूले विश्वासको मत दिएनन्।

प्रतिनिधि सभामा सर्वोच्च अदालतका प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय र न्यायाधीश सुरेन्द्रप्रसाद सिंह माथि महाअभियोग लगाउन एमालेका सांसदहरूले दर्ता गरेको प्रस्तावलाई सभामुख रामचन्द्र पौडेलले खारेज गरिदिएपछि यस बारे विवाद सदनमा उठ्यो। असोज ५ गते बसेको प्रतिनिधि सभामा महाअभियोगको प्रस्तावमाथि छलफल गराउन एमालेका सांसदहरूले निकै समय माग गरे। तथा महाअभियोग प्रस्ताव अस्वीकृत गर्ने अधिकार सभामुखलाई नहुने दावी पनि भयो। यसै विवादले प्रतिनिधि सभाको असोज ७ गतेको बैठकको निर्धारित कार्यसूचि अनुरूप सदन चल्न सकेन।

प्रतिनिधि सभाको ८ गते बैठकमा महाअभियोग प्रस्तावका सम्बन्धमा विवाद हुनुका साथै सभामुखको घेराउ भयो। त्यसैले सो दिन बैठकमा निर्धारित कार्यवाही चल्न सकेन र स्थगित गर्नु पर्‍यो। प्रतिनिधि सभाको १० गतेको बैठक पनि महाअभियोग सम्बन्धी विवाद चर्कँदा होहल्ला, भनाभन र तोडफोडको स्थिति उत्पन्न भयो। प्रतिनिधि सभाको ११ गतेको बैठकमा आपसी सहमति भए अनुसार सभामुख रामचन्द्र पौडेलले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८७(७) एवं प्रतिनिधि सभा नियमावलीको दफा १७५ अनुरूप सदस्यहरूको महाअभियोग प्रस्ताव ल्याउन सक्ने सांसदहरूको विशेषाधिकार हो र केही दिन ७४ र ७६ सदस्यहरूले प्रस्तुत गरेको महाअभियोग प्रस्ताव खारेज भइसकेको सर्वविदितै छ। यसबाट सांसदहरूको उक्त विशेषाधिकारलाई अवरूद्ध हुने परम्पराको रूपमा लिइने छैन

भनी रूलिङ्ग गरी विशेषाधिकार स्थापित पछि महाअभियोगको पहिलो विवाद सकियो।

महादशमीको पर्वपछि असोज २६ गतेबाट सदन पुनः चालू भयो। २६ गतेको दुवै सदनको वैठकमा आर्थिक वर्ष ०५१।५२ को संशोधित आर्थिक सर्वेक्षण पेश भयो। असोज २८ गतेको प्रतिनिधि सभाको वैठकमा प्रतिनिधि सभामा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेद्वारा असोज १२ गते प्रधान न्यायाधीश सुरेन्द्रप्रसाद सिंह विरूद्ध दर्ता गरेको महाअभियोग प्रस्तावमाथि छलफल गर्ने मिति तोक्नका लागि माग सुरू गरेपछि महाअभियोग सम्बन्ध दोस्रो चरणको विवाद सुरू भयो। यो विवाद २४ कार्तिकका दिन सम्पन्न कार्यव्यवस्था समितिको वैठकमा भएको निर्णय अनुसार २६ कार्तिकका दिन महाअभियोग प्रस्ताव फिर्ता लिएपछि सो विवाद समाप्त भयो। आपसमा मिति तोक्ने र प्रस्ताव फिर्ता लिने सहमती भएपछि यसरी विवाद टुंगो लागेको हो। यस अघि लगातार यसबारे प्रश्न उठ्दै सदनको निकै समय व्यतित भयो।

प्रतिनिधि सभाको कार्तिक ११ गतेको वैठकमा गृहमन्त्री खुमबहादुर खड्काले नेपालगंजमा दुई समुह वीच भएको विवादका कारण उत्पन्न स्थितिमा धेरै नियन्त्रण भैसकेको जानकारी दिनु भयो। नेपालगंजमा कार्तिक ८ गतेदेखि साम्प्रदायिक दंगा शुरू भएको थियो।

कार्तिक १२ गतेको प्रतिनिधि सभामा नेकपा एमालेका भोजराज जोशीले कंचनपुरमा प्रहरीबाट अमानवीय व्यवहार भइरहेकोले श्री ५ को सरकार र मानवअधिकारवादी संस्थाहरूबाट ध्यान देओस् भन्नुभयो। नेकपा एमालेका कृष्णगोपाल श्रेष्ठले ठमेलमा इटालीयन नागरिकमाथि भएको हमला, डा. दिनेश मैनाली माथि भएको छुरा प्रहार बारेमा सदनको ध्यानाकर्षण गराउनु भयो। साथै रोल्पामा भएका घटना बारेमा सांसदहरूले प्रश्न उठाउनु भयो। यसपछि लगातार रोल्पाका घटना बारेमा प्रश्न उठाउने काम भयो। सरकारी पक्षले संयुक्त जनमोर्चाका कार्यकर्तालें कुटमार गरेर आतंक मच्चाएपछि शान्ति सुरक्षाको कारवाही गरेको भनी जवाफ दिने र प्रतिपक्षबाट राजनीति पूर्वाग्रह राखी दमन चक्र चलाएको भनी सदनमा आवाज उठाउने काम संसदको कार्यलमा जारी रह्यो। रोल्पा घटना नवौं अधिवेशनमा महत्वपूर्ण विषयको रूपमा चर्चित रह्यो।

प्रतिनिधि सभाको कार्तिक २१ गतेको वैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिने क्रममा गृहमन्त्री खुमबहादुर खड्काले सबै नेपाली समान भएकोले भूतपूर्व सैनिकका परिवारहरूले पनि सरल तरिकाले नागरिकता पाउन भन्ने सरकारको मान्यता रहेको र १६ वर्ष पुगेका विदेशमा जन्मेका नेपाली नागरिकले २१ वर्ष पुग्दासम्म सरकारलाई सूचना दिएमा नागरिकता प्राप्त गर्न सजिलो पर्ने जानकारी दिनु भयो। साथै वैठकमा राष्ट्रिय सभामा उत्पत्ति मै पारित भएको मानवअधिकार आयोग विधेयक ०५२ टेवुल भयो।

राष्ट्रिय सभाको कार्तिक २२ को वैठकले डा. शंकर उप्रेतीले प्रस्तुत गर्नु भएको नेपाल स्वास्थ्य व्यवसायिक परिषद् विधेयक ०५२ लाई पारित गऱ्यो। वैठकको प्रश्नोत्तर कालमा सांसदहरूको प्रश्नको उत्तर दिने क्रममा गृहमन्त्री खुमबहादुर खड्काले राजनीतिक पीडितहरूको सहायताका लागि यस वर्ष ६० लाख खर्च भइसकेको, कारागारको मर्मतको लागि ४० लाख र निर्माणको लागि २५ लाख छुट्याइदिएको जानकारी दिनु भयो।

प्रतिनिधि सभाको कार्तिक २४ गतेको वैठकको शून्य समयमा नेकपा एमालेका लीला श्रेष्ठ सुब्बाले मलेसीया जेलमा रहेका धरानका राजमान लिम्बु सहित १८ जनालाई सजाय भुक्तान भई सक्दा पनि मुक्त नागरिएको र सरकारले वास्ता नगरेको कुरा उठाउनु भयो।

प्रतिनिधि सभाको कार्तिक २६ गतेको वैठकमा विशेष समय लिएर नेकपा एमालेका शंकर पोखरेलले राप्ती अंचलमा शान्ति सुरक्षाको स्थिति विग्रदै गएको, दाङ जिल्लामा कार्तिक १७ गते ३५ जनामाथि गोली प्रहार गर्दा ३ जनाको मृत्यु भएको, उत्तरी भेगमा प्रहरी तैनाथ गरी गोठाला समेतलाई पक्राउ गरिएको, धरपकड र आतंक मच्चाएको, रोल्पाको लिवाङमा २०० जनालाई हिरासतमा राखिएको, प्रहरीद्वारा ४० मन्दा बढी घटना घटाइएको कुरा उठाउनु भयो। वैठकमा गृहमन्त्री खुमबहादुर खड्काले रोल्पाका सम्बन्धमा सांसदहरूले उठाएको प्रश्नको जवाफमा रोल्पा जिल्लामा संचालित सुरक्षा सम्बन्धी विशेष कार्यक्रम अन्तरगत विभिन्न ठाउँबाट ११७ जनालाई पक्राउ गरी ६४ जनालाई छोडिएको, ३२ नाल अवैध बन्दुक र केही खुकुरी बरामद भएको, सुरक्षा कार्यक्रम संचालन अघि ७० जनालाई पक्राउ गरी कारवाही चलाएको, यस जिल्लामा अपराधिक मनोवृत्ति भएका व्यक्तिबाट स्थानीय व्यक्तिको हत्या गर्ने, लुटपिट गर्ने, प्रहरीमा खवर गर्न जानेलाई थुनछेक गर्ने गरेकोले सुरक्षा कार्यक्रम संचालन गरेको जानकारी दिनु भयो।

प्रतिनिधि सभाको मंसीर ३ गतेको वैठकमा नेकपा एमालेका चन्द्रबहादुर डगौरा चौधरीले अछाममा सार्वजनिक मुद्दा लगाएर धेरै जनामाथि राजनीति प्रतिशोध लिन लागेको आरोप लगाउनु भयो।

प्रतिनिधि सभाको मंसीर ४ गतेको वैठकमा नेकपा एमालेका विनोदकुमार शाहले मोरङ्ग, भोजपुर, वीरगंज, भद्रपुर, पाल्पा आदि कारागारमा आस्थाका बन्दी भएको जानकारी दिनु भयो। एमालेका देवबहादुर पौडेलले मलेसीयाको जेलमा ६५ जना नेपाली रहेका छन्, तिनको उद्दार गरियोस् भन्नुभयो। एमालेकै खगराज अधिकारीले आफ्नै छोरी दुर्गादेवीलाई मारेको भनी लमजुङ्गका सोममाया पौडेललाई कारागारमा सखिएको छ, तर मारिएकी भनिएकी दुर्गादेवी आफ्नी आमासंग छन्, यस्तो अन्यायपूर्ण कार्य किन गरियो भनी प्रश्न गर्नु भयो।

राष्ट्रिय सभाको मंसीर ११ गतेको वैठकमा नेकपा एमालेका शान्ता मानवीले असहाय विधवा महिलालाई दिइने राहत ६० वर्ष पुगेकालाई मात्र नभई सबैलाई दिन माग गर्नु भयो।

प्रतिनिधि सभाको मंसीर १२ गतेको बैठकमा नेकपा एमालेका हिरण्यलाल श्रेष्ठ र कृष्ण गोपाल श्रेष्ठ अर्थमन्त्रालयबाट गिरफ्तार भएको विषयले सांसदको विशेषाधिकार हनन भएको बारेमा बैठकमा विवाद नै मुख्य विषय रह्यो।

प्रतिनिधि सभाको १४ गते बसेको बैठकमा नेकपा एमालेका खगराज अधिकारीले राजनीतिक पूर्वाग्रहको आधारमा नेपाल बैंक लिमिटेडमा ३०० जना कर्मचारीमाथि कारवाही भएको आरोप लगाउनु भयो।

मंसीर १५ गतेको प्रतिनिधि सभामा ध्यानाकर्षणको जवाफमा निर्माण तथा यातायात मन्त्री विजयकुमार गच्छेदारले श्री ५ को सरकारले रोल्पा जिल्लामा भैरहेको घटनाको वास्तविकता अध्ययन गर्न सर्वदलीय समिति गठन गर्ने जानकारी सांसदहरूले उठाएको प्रश्नको जवाफमा दिनु भयो।

संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानवअधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण गर्ने सम्बन्धमा र नेपाली जनतामा मानवअधिकार सम्बन्धी स्वास्थ्य चासो जगाउने उद्देश्यले मानवअधिकार आयोग गठन गर्न बनेको विधेयकलाई राष्ट्रिय सभाको मंसीर १६ गते बसेको बैठकले पारित गऱ्यो। यो विधेयक गैरसरकारी विधेयकको रूपमा राष्ट्रिय सभाको नवौं अधिवेशनमा प्रस्तुत गरिएको थियो।

मंसीर १८ गतेको प्रतिनिधि सभाको बैठकमा नेकपा एमालेका पुष्प पोखरेलले झापामा यादव, गणेश, सतार जस्ता तराई वासीसंग नागरिकता नभएकोले बसोबासको आधारमा जग्गा नापी गर्न आदेश दिन आग्रह गर्नुभयो। नेपाली कांग्रेसका बद्रीनारायण बस्नेतले विराटनगरका उद्योगपति पवन गोल्यान र वासु गोल्यानले आफ्ना एक जना वीरगंजका कर्मचारीलाई बोलाई घरमा तीनदिन थुनी बेहोसी हालमा उपचारमा लगेको र उपचार पछि ७ दिन विना पूर्जि प्रहरी हिरासतमा राखेकोले मानवअधिकार उल्लंघन भयो भन्नुभयो। सांसद आशाकाजी वासुकलाले वाह्रविसेको प्रहरी चौकीमा प्रहरी निरक्षकको ज्यादतीले जनता पीडित भएको र कुवेरबहादुर श्रेष्ठलाई सार्वजनिक मुद्दामा फसाइएको जानकारी दिनु भयो। नेपाली कांग्रेसका अमरराज कैनीले तनहुँमा फिरफिरे गाविसका कृष्णबहादुर थापाले पृथक राजनीतिक विचार राख्दा कुटाई खाएको जानकारी दिनु भयो।

प्रतिनिधि सभाको मंसीर २४ गतेको बैठकमा नेकपा एमालेका कमल कोइरालाले टेलिफोन ट्याप गर्ने, रूम बिगींङ्ग गर्ने र चिठी खोल्ने जस्ता मानवअधिकार विरोधी कार्यतर्फ ध्यानाकर्षण गराउनु भयो।

पौष ४ गते टनकपुर परियोजना बारे राष्ट्रिय सहमति कायम गर्ने उद्देश्यले सभामुख रामचन्द्र पौडेलको अध्यक्षतामा बैठक प्रारम्भ भयो।

प्रतिनिधि सभाको पौष ४ गतेको बैठकमा नेकपा एमालेका पुरुषोत्तम पौडेलले तराई क्षेत्रका मुसहर, चमार, डोम आदि वस्तिमा शुद्ध खानेपानीको व्यवस्था गरियोस्, यी जनता नागरिकता, रोजगार र जग्गा जमिनबाट बंचित छन्, छुवाछूतको कारण पीडित छन्, यी जनताप्रति सरकारले स्रोत परिचालित गरोस् भनी ध्यानाकर्षण गराउनु भयो। ध्यानाकर्षणको जवाफमा आवास तथा भौतिक व्यवस्था मन्त्री बालाराम घर्तीमगरले तराईका यस्ता असहाय वर्ग र जनजाति बसेको ठाउँहरूको राम्रोसंग पहिचान गरी त्यस्ता ठाउँमा खानेपानी योजना संचालन गरिने जानकारी दिनु भयो। प्रतिनिधि सभामा विशेष समय लिएर नेकपा एमालेका खगराज अधिकारीले पोखरा स्थित पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत अनेरास्ववियुका विद्यार्थी भोजराजलाई विनाकारण निस्काशन गरिएको, प्रहरीहरू तैनाथ गरी शैक्षिक आतंक खडा गरेको, शिक्षक निकालेको आरोप लगाउनु भयो। सांसद नवराज सुवेदीले रामेछापको लखनपुरमा भएको प्रहरी ज्यादतीको विरोध गर्दा पक्राउ गरी झुठा मुद्दामा फसाइदिएका जनमोर्चा (वैद्य) का कार्यकर्ताको रिहाईको माग गर्नु भयो।

प्रतिनिधि सभाको ६ पौषमा बसेको बैठकले जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि सन् १९४९ मा व्यवस्था भएको महासन्धि तथा त्यसको सन् १९५० को अग्रीम प्रोटोकललाई स्वीकृत गऱ्यो।

प्रतिनिधि सभाको पौष ९ गतेको बैठकमा चितौनको भरतपुरमा प्रहरी हिरासतमा मारिएका कृष्ण जोशीका सम्बन्धमा चितौनमा भएको प्रशासन विरुद्धको संघर्ष बारेमा सांसदहरूले आवाज उठाउनु भयो। यस बारेमा गृह सहायक मन्त्री दीपकप्रकाश बास्कोटाले जानकारी दिनु भए पनि यो विवरण झुठा हो भनी संसदीय जाच आयोगको माग भयो। यो घटनाले अधिवेशन बाँकीको अवधि भर संसदमा महत्वपूर्ण समय पायो।

प्रतिनिधि सभाको पौष १० गते बसेको बैठकमा चितवनमा भएको कृष्ण जोशीको हत्या काण्डको संसदीय जाँच गर्न नमाने विरुद्ध प्रमुख प्रतिपक्षी एमालेका सांसदहरूले १५ मिनेटको लागि बहिस्कार गरे। बहिस्कार अघि लामो समय सो घटनाको जाँचको माग गर्दै रहेका थिए।

राष्ट्रिय सभाको पौष १० गतेको बैठकमा सांसदहरूको प्रश्नको जवाफमा भारतीय सेनाबाट अवकास प्राप्त सेनालाई पायक पर्ने ठाउँमा अस्थायी पेन्सन क्याम्प खोल्न दिएको जानकारी दिनु भयो।

प्रतिनिधि सभाका चितवनको कृष्ण जोशी मारिएको घटनाको निस्पक्ष जाँचको माग सांसदहरूले डेड घण्टासम्म गरेपछि गृहमन्त्रालयका कार्यभार सम्हाल्नु भएका चिरन्जीवी वाग्लेले यस घटनाको छानवीन गर्न गृहमन्त्रालयका सहसचिवको संयोजकत्वमा टोली गठन भएको र मृतकका परिवारलाई ५० हजार क्षतिपूर्ति गर्न निर्देशन दिएको जानकारी गराउनु भयो। राष्ट्रिय सभामा पनि मन्त्रीको जवाफ माग गर्दै यसबारे जवाफ नदिई अपमान गरेको भनी नेकपा एमालेका सांसदहरूले १५ मिनेटको लागी बैठक बहिस्कार गर्नु भयो।

यस अधिवेशनमा संयुक्त सरकारलाई विश्वासको मत दिने काम भयो र आर्थिक वर्ष ०५२।५३ को बजेट पारित भयो। प्रतिनिधि सभामा २२ वटा विधेयक र राष्ट्रिय सभामा उत्पति भई प्रतिनिधि सभामा पठाइदिएका दुई वटा विधेयक र

राष्ट्रिय सभमा उत्पति भई प्रतिनिधि सभामा पठाइदिएका दुईवटा गैर सरकारी विधेयक मध्ये १९ वटा प्रतिनिधि सभाबाट पारित भए। प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको तेस्रो प्रतिवेदन ०५१ र चौथो प्रतिवेदन ०५२, महालेखाको ३२ औं प्रतिवेदन ०५२, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पाँचौं वार्षिक प्रतिवेदन ०५१।५२, लोकसेवा आयोगको छतिसौं वार्षिक प्रतिवेदन ०५१, महान्यायधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन ०५०।५१ र प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समितिको प्रतिवेदन ०५२ पेश भए। १३ वटा ध्यानाकर्षण, ६९१ वटा मौखिक प्रश्न, ३५ वटा लिखित प्रश्न। २ वटा अल्प सूचनाको प्रश्नको उत्तर दिने काम पनि प्रतिनिधि सभामा भयो। ०५१ साल पुस १ गतेदेखि ०५२ साल भाद्र मसान्तसम्म वैदेसिक सहयोग सम्बन्धमा भएका सम्झौताका विवरण पेश गरिनुका साथै जीउ मास्ने बेच्न तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि सन् १९४९ मा व्यवस्था भएको महासन्धि तथा सोको अन्तिम प्रोटोकल र अन्तर्राष्ट्रिय नागरिक उड्डयन (शिकागो) महासन्धिलाई संशोधन गर्ने विभिन्न प्रोटोकलहरूलाई अनुमोदन गर्‍यो। १५ वटा सार्वजनिक महत्वको विषयमा मन्त्रीहरूले वक्तव्य दिए। अधिवेशन भर गणपुरकको कारण ४ चोटी वैठक स्थगित भयो।

राष्ट्रिय सभाको वैठकमा राष्ट्रिय सभाबाट उत्पत्ति भएका २ वटा र प्रतिनिधि सभाबाट उत्पत्ति भएका १६ वटा गरी १८ वटा विधेयक पारित भए। राष्ट्रिय सभामा ११४ वटा मौखिक तथा २ वटा लिखित प्रश्नको उत्तर दिइयो। प्रतिनिधि सभामा पारित भई आएका चारवटा अर्थ विधेयकमा राष्ट्रिय सभामा पहिलो पटक सुझाव सहित पारित गर्‍यो। राष्ट्रिय सभामा पाँचवटा ध्यानाकर्षण र एउटा सार्वजनिक महत्वको विषय उपर छलफल भयो।

यस अधिवेशनलाई सभामुख रामचन्द्र पौडेलले घटनापूर्ण सफल भएको रूपमा मूल्यांकन गर्नु भयो।

सन् १९९५ को वर्ष संसदीय इतिहासमा नै महत्वपूर्ण वर्षको रूपमा रहन गएको छ। यस वर्ष संसदको आठौं अधिवेशन, राष्ट्रिय सभाको नवौं अधिवेशन, प्रतिनिधि सभाको विशेष अधिवेशन तथा प्रतिनिधि सभाको नवौं अधिवेशन र राष्ट्रिय सभाका बैठक गरी लगभग ६ महिना संसदीय गतिविधि नै भयो। यस अवधिमा प्रधानमन्त्रीद्वारा संसद विघटन र सर्वोच्चद्वारा संसद पुनर्जीवित भएकोले सांसद र प्रधानमन्त्रीको विशेषाधिकार बीच सम्बन्धको व्याख्या भई प्रधानमन्त्रीको नभई संसदीय सर्वोच्चतालाई नेपाली संसदले ग्रहण गर्न पुग्यो। यो संसदीय इतिहासमा नै नौलो घटना हो।

प्रतिनिधि सभा विघटन भएको अवस्थामा राष्ट्रिय सभाले काम पाउन सकेन। गैर सरकारी विधेयकले काम चल्यो। प्रतिनिधि सभा नरहेको अवस्थामा राष्ट्रिय सभामा रहेको विधेयकहरू निस्कृय हुने भएको प्रावधानले पनि राष्ट्रिय सभामा कार्य हुने अवस्था रहेन। सरकारको नियन्त्रण गर्न नसक्ने हुँदा राष्ट्रिय सभाको औचित्यतामाथि पनि यसको नवौं अधिवेशनको बेला सर्वत्र प्रश्न खडा भयो। यो पनि महत्वपूर्ण पक्ष भएर रहेको छ।

संसदको आठौं अधिवेशनमा विधेयकहरू कम आएकोले त्यसमा जनतासंग सम्बन्धित समस्याहरू ज्यादा बढी छलफलमा आयो। नवौं अधिवेशन चारमहिनासम्म चले पनि बढी विधेयकमा समय लिएकोले जनजीवनसंग गाँसिएका विषयमा कम ध्यान दिइएको देखियो। विसौं विधेयक आए पनि मानवअधिकार आयोग गठन गर्ने विधेयक प्राविधिक कारणले पारित हुन सकेन। मानवअधिकारसंग सम्बन्धित यातना क्षतिपूर्ति विधेयक तथा संविधानले निर्दिष्ट गरिएका मानवअधिकार प्रतिकूल रहेका ५० औं कानूनको समेत संशोधन नआउनु, महिला भेदभावका कानून बन्न नसक्नुले सदन मानवअधिकार बारे उदासिन रहन गएको र खाली रोल्पा, चितवन, रामेछाप, जाजरकोट वा अन्यत्र घटेका घटनालाई सामान्य रूपमा प्रस्तुत गरी झारा टार्ने प्रवृत्तिमा विकास भएको अनुभव यस वर्ष पनि रह्यो। टनकपुर परियोजनाको सन्धि जस्तो गंभीर राष्ट्रिय अस्मितासंग सम्बन्धित सवाललाई समेत टुङ्गो लगाउने काम गर्न नसकेकोले संसद आफैमा गंभीर नभएको स्पष्ट हुन्छ। यस वर्ष भएको मानवअधिकार सम्बन्धी उपलब्धीमा जीउ मास्ने बेच्ने, अरूको वेश्यावृतिको शोषणको दमनका लागि सन् १९४९ मा व्यवस्था भएको महासन्धि र सन् १९५० मा भएको अन्तिम प्रोटोकललाई अनुमोदन गरी यस सम्बन्धमा अन्तर्राष्ट्रिय दायित्व स्वीकार गर्नु नै रहन गएको देखिन्छ।

संसदप्रति सरकार उदासिन रह्यो। मन्त्रीहरूको न्यून उपस्थिति, प्रधानमन्त्रीको लगभग शुन्य उपस्थिति तथा मन्त्रीको अनुपस्थितिले सदन स्थगित गर्न पर्ने घटनाले यो कुरा सावित गरेको छ। सांसदको गणपूरकको अभावमा पटक पटक बैठक स्थगन गर्नु पर्ने र पातलो उपस्थितिको कारण सांसदहरू नै संसदप्रति गंभीर भएको देखिएन। यसले सदनप्रति जनचासो समेत कम भयो। यो कुरा दर्शकको न्यून उपस्थितिले स्पष्ट गरेको देखिन्छ। सदनमा उठेका कुराहरूले पनि पहिला जस्तो गंभीरता पाएन। यसले गर्दा संसदको गरिमामा नै गंभीर संकट पैदा भएको आशंका पनि गरिएको छ। गंभीर छलफलको वातावरण नवौं अधिवेशनसम्म पनि नहुनुलाई राम्रो भन्न सकिदैन।

वास्तवमा सन् १९९५ को वर्षमा अनेक त्रुटी र कमजोरी रहे पनि उपलब्धिहिन नै भयो भन्न मिल्दैन। यस वर्ष महत्वपूर्ण २० औं विधेयक पास भएका छन्। भूमि व्यवस्था बारेको विधेयक प्रस्तुत भएको छ। साथै आपसी मतभेदका कुरालाई कुराकानीद्वारा मिलाउने अभ्यास बढेको छ। यसैले संसद परिपक्वतातिर बढेको छ। समग्रमा भन्दा, यसका उपलब्धि र कमजोरी दुबै रहेका छन्। आउँदा दिनमा राजनीतिक दाउपेचको अखडाभन्दा माथि उठी राष्ट्को गंभीर समस्याको समाधान गर्ने थलोको रूपमा विकास गर्न निकै मिहेनत गर्नु पर्ने कुरा चाहीं यहाँ भन्नै पर्दछ। ■

परिच्छेद ४

आमसंचार र मानवअधिकार १९९५

कुनै पनि घटनाको वस्तु तथ्यलाई सार्वजनिक गर्ने र आम नागरिकहरूलाई उक्त घटना बारे सुसूचित गर्ने काम संचार माध्यमको हो। विद्युतीय संचार प्रणालीले वर्तमान विश्वलाई एकदमै सागुर्‍याएको छ। सूचनाको क्षेत्रमा यसलाई अत्यन्त उपलब्धिपूर्ण मान्नु पर्दछ। साथसाथै यसले विकृति र विकारहरू पनि ल्याइरहेको छ। हाम्रो जस्तो मुलुकमा वर्तमान विद्युतीय संचार माध्यमहरूले थोपरिरहेको विसंगत संस्कार एवं आचार विचारबाट नेपालीपनलाई कसरी जोगाउने? जिम्मेवार पक्षको ध्यान यसतर्फ जान सकेको छैन। विकासोन्मुख राष्ट्रहरूमा विज्ञान र प्रविधिको व्यापक प्रयोग पुगिनसकेको हुँदा संचार सम्प्रेषणको निम्ति पत्रपत्रिकाको भूमिका सर्वाधिक महत्वको हुन्छ। सिद्धान्ततः पत्रकारितालाई राज्यको चौथो अंग मानिए पनि व्यवहारमा यस्तो भएको छैन।

नेपालको पत्रकारिता सत्ता संस्कृतिबाट मुक्त हुन सकेको छैन। पत्रकारिता स्वस्थ आलोचना हो र यसले राज्ययन्त्रका कलपूर्जाहरूमा कुशलताको उर्जा दिन्छ। तर सत्ता वा राज्यले यो यथार्थतालाई महसुस गर्न सकिरहेको छैन। सरकारी संचार माध्यमहरू सत्ता शक्तिको पेवा बन्ने बनाउने क्रम निरंकुश पंचायती कालदेखि कै हो। आफ्नो अन्ध समर्थन गराउन आफ्ना गलत क्रियाकलापहरूलाई ढाक्छोप गर्ने र विरोधी वा विपक्षी विचार राख्नेहरूको खोइरो उतार्न बिलकुलै गलत स्वार्थका निम्ति सरकारी संचार माध्यमहरूलाई दुरूपयोग गर्ने संस्कार वर्तमान बहुदलीय प्रजातान्त्रिक परिवेशमा पनि कायमै रहेको छ भन्नु पर्दा दुःखद् अनुभूति हुन्छ। यो तीतो भइकन पनि यथार्थ हो, वास्तविकता हो। सरकारी संचारमाध्यमको निष्पक्षताका बारेमा धेरै पटक, धेरै ठाउँमा चर्चा त गरिन्छ तर यस क्षेत्रका सर्वाधिक प्रभावशाली संचार माध्यम रेडियो, गोरखापत्र र नेपाल टेलिभिजन सत्ताकै भक्ति गाथा गाउने एकलौटी माध्यम रहेका छन् भन्नु अतिशयोक्ति हुन्न।

पत्रपत्रिका वा पत्रकारिता मानवअधिकारको एउटा महत्वपूर्ण अंग नै हो। मानवअधिकार उल्लंघनको घटनाद्वारा पीडितलाई राहत प्रदान गर्न र पीडकलाई सजाय गर्न जन दबाबको जरूरत पर्दछ। त्यो जनदवाव र जनमत सृजना गर्नमा पत्रपत्रिकाको महत्व आँकलन गर्ने हो भने पत्रिकारिता स्वयंमा एउटा मानवअधिकार संस्था हो। हरेक हप्ता हजारौं पाठकहरूको हात पुग्ने हरेक पत्रिकामा मानवअधिकार हननका दर्जनौं घटनाहरूको सूचना र समाचार प्रकाशित भैरहेका हुन्छन्। तर दलीय रूपमा विभाजित बन्दै गैरहेको नेपाली समजको वर्तमान स्थितिमा पत्रकारिता पनि दलीय स्वार्थले ग्रस्त मानसिकताबाट अछुत रहन सकिरहेको देखिन्न। कुनै एउटा घटना सम्बन्धी सूचना अलग अलग ढंगले प्रस्तुत भैरहेका हुन्छन्। कुनैले पीडितलाई पीडकको रूपमा उल्लेख गर्दछन् भने कुनैले पीडकलाई पीडितको रूपमा। निष्पक्षताको प्रश्न सरकारी संचार माध्यमसंग त गाँसिएको हुन्छन्, यो निजी स्तरका पत्रपत्रिकाहरूसंग पनि उतिकै महत्वका साथ गाँसिनु पर्दछ। घटनाहरूको सूचना सम्प्रेषण गर्दा वा त्यसलाई प्रस्तुत गर्दा वैचारिक आग्रहलाई प्राथमिकता दिने हो भने त्यसले घटनाको वास्तविकता बरालिन्छ र सुसूचित गर्ने नाममा आम जनसमुदायलाई दिग्भ्रमित बनाउँछ। यसतर्फ नेपाली पत्रकारिता जगत सजग र सतर्क हुनु आवश्यक छ।

हामी चाहन्छौं नेपाली पत्रपत्रिकाले मानवअधिकारसंग गाँसिएका यावत सवालमा र यावत घटनाहरूको वास्तविक सूचना प्रवाहित गरून्। नेपालमा मानवअधिकारको सम्बर्धन र प्रजातन्त्रको स्थायित्वका निम्ति यो अपरिहार्य आवश्यकता हो। यताका वर्षहरूमा मात्रात्मक रूपले मानवअधिकार हनन भएका घटनाहरूको सूचना दैनिक वा साप्ताहिक पत्रपत्रिकामा घनत्वपूर्ण ढंगले प्रस्तुत हुन थालेको छ तर पनि राजनीतिक आग्रहलाई दृष्टि बिन्दु मानेर प्रस्तुत गरिंदा अपेक्षाकृत गुणात्मकता कायम हुन सकेको छैन।

गत वर्ष झैं यो वर्ष पनि हामीले केही साप्ताहिक पत्रिकाले प्रकाशन गरेका मानवअधिकारसंग सम्बन्धित विषयलाई क्रमबद्ध रूपमा उद्धृत गरेका छौं। ती शीर्षक अन्तरगतका व्यहोराहरू भने प्रस्तुतकर्ता समाचारपत्रको आशय यथावत रहने गरी दिइएको छ। कतै-कतै समाचार अंशको वाक्यांश जस्ताको तस्तै पनि राखिएको छ। विभिन्न विद्वानहरू र वर्ष पुस्तक समीक्षकहरूले उपत्यकादेखि बाहिरबाट प्रकाशित हुने पत्रपत्रिकाहरूलाई पनि यसमा संलग्न गराउनु पर्ने सुझावहरू दिनु भएकोले यस वर्ष हामीले उपत्यकाबाट प्रकाशित हुने छलफल साप्ताहिक र युगसम्वाद साप्ताहिकको साथसाथै पोखराबाट प्रकाशित हुने हिमाली आवाज (साप्ताहिक), नेपालगञ्जबाट प्रकाशित हुने उज्यालो साप्ताहिक र महेन्दनगरबाट प्रकाशित हुने वार्ता साप्ताहिक गरी जम्मा ५ वटा साप्ताहिकका मानवअधिकार सम्बन्धी सम्प्रेषण प्रस्तुत गरेका छौं।

छलफल साप्ताहिक (काठमाडौं)

१. पौष १७ : मल्लिक प्रतिवेदन अबिलम्ब लागु गर्नुपर्ने माग- काठमाडौं। ०४६ सालको जनआन्दोलनको क्रममा पंचायती सरकारबाट भए गरेका धनजनको क्षति र मानवअधिकार उल्लंघनबारे छानवीन गर्न गठित आयोगले पेश गरेको प्रतिवेदनलाई कार्यान्वयन गर्न इन्नुरेड इन्टरन्यासनल तथा नेपाल राजनीति शास्त्र संघद्वारा आयोजित गोष्ठीमा माग गरिएको समाचार।

२. पौष १७ : आस्थाका बन्दीहरू को कहाँ? काठमाडौं। जेलमा बन्दी जीवन विताइरहेका आस्थाका बन्दीहरू बारे लक्ष्मण ज्ञवालीको टिप्पणीमूलक लेख।

३. पौष १७ : भू.पू. मन्त्रीले रिस फेरे- काठमाडौं। चुनावमा धाँधली गर्न नपाएको झोकमा धनुषा क्षेत्र नं. ५ का निर्वाचन अधिकृत प्रकाशकुमार काफ्लेलाई रामवरण यादवले मुस्ताङ्ग सरूवा गराएको समाचार।

४. पौष २४ : नोकर मार्ने मालिक- धनकुटा। धनकुटाको चुङमाङ गाउँ विकास समिति पात्ले गाउँका ६२ वर्षीय ज्ञानबहादुर तामाङको सूर्यबहादुर कार्कीको कुटाइका कारण मृत्यु भएको समाचार।

५. पौष २४ : रजिष्टार र हत्यारा सम्बन्ध- काठमाडौं। मध्यावधि निर्वाचनताका दाङको गोली काण्डमा संलग्न भएको आरोप लागेका मेहन्द संस्कृत विश्वविद्यालयमा कार्यरत प्रदीप गौतम, सुशील बुढाथोकी र रमेश भण्डारीलाई रजिष्ट्रार दत्तात्रेयले काजविदा मिलाई अदालती कारवाहीबाट जोगाउन लागेको समाचार।

६. पौष २४ : संखुवा सभामा शिक्षकको हत्या- खाँदवारी। यामदाङ्ग प्रा.वि.का हेड माष्टर प्रेमचन्द्र राईलाई सोही ठाउँका रामबहादुर अधिकारी र अवि राईले जंगलमा हत्या गरी भीरबाट खसालिदिएको समाचार।

७. पौष २४ : सुकुम्बासी समस्या र सुकुम्बासी आयोग। भूमिहीन सुकुम्बासीका समस्यालाई विगतमा राजनीतिक स्वार्थमा प्रयोग गरियो र यथार्थ समस्या समाधानतिर ध्यानै दिइएन भन्ने समाचार विश्लेषण।

८. पौष २४ : दलितहरूको सम्मेलन- बुटवल। नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज रूपन्देहीको जिल्ला सम्मेलनमा उत्पीडित जातिको हकहितको माग।

९. पौष २४ : धुलिखेल कारागारमा बन्दीको मृत्यु- काठमाडौं। धुलिखेल कारागारमा जाडोले दुई जना बन्दीको मृत्यु भएको समाचार बारे जनहित संरक्षण मंचले गृहमन्त्रालयको ध्यानाकर्षण गराएको समाचार।

१०. पौष २४ : प्राध्यापकद्वारा ज्ञापनपत्र प्रस्तुत- काठमाडौं। त्रिभुवन विश्वविद्यालयका अस्थायी तथा करार शिक्षकहरूको भेलाले सेवाको सुरक्षाको निम्ति प्रक्रिया पूरा गरी अबिलम्ब स्थायी गर्न प्रधानमन्त्री लगायत सम्बन्धित निकायमा ज्ञापन पत्र प्रस्तुत।

११. माघ १ : खाद्य वस्तुमा केमिकल प्रयोग- दाङ। खाना, मिठाई स्वादिलो र रङ्गीचङ्गी बनाउन प्रयोग गरिने केमिकलहरूबाट जनस्वास्थ्यमा गम्भीर असर पर्ने।

१२. माघ १ : अभिभावकहरूको माग- काठमाडौं। सुस्त मनस्थिति अभिभावक संघले सुस्त मनस्थिति भएका व्यक्तिहरूको समस्या शिक्षामन्त्री समक्ष पेश गरी समाधानको माग गऱ्यो।

१३. माघ १ : उच्छृंखल प्रचार बन्द गर्ने माग- काठमाडौ.। विश्व महिला आवाज केन्द्रले महिलाहरूमाथि भैरहेको शोषण र उच्छृंखल सामाग्री प्रकाशित गर्ने काम बन्द गर्ने माग।

१४. माघ १ : कारागारभित्रको यो आतंक- काठमाडौं। केन्द्रीय कारागारका प्रहरी निरीक्षक, प्र.स.नि. सुवास गुरूङ्ग समेतले बन्दीहरूमाथि निर्मम शोषण गरेको समाचार।

१५. माघ १ : गोली हानी मोटर साइकल लिई फरार- राजविराज। पोलछेल गाविसका अरूणकुमार यादवलाई गोली हानी डाकाहरूद्वारा नगद र मोटरसाइकल लिएर भागे।

१६. माघ १ : मादक पदार्थको विज्ञापन विरूद्ध अदालत जाने- काठमाडौं। जनहित संरक्षण मंचले सरकारी संचार माध्यमबाट जनस्वास्थ्यमा असर पार्ने मादक पदार्थको विज्ञापन नरोके अदालत जाने समाचार।

१७. माघ ८ : सामूहिक बलात्कार- रौतहट। १४ वर्षीय कान्छी राईलाई चन्द्रनिगाहपुरका छोटेकुमार वैठा, सन्तबहादुर रानामगर र अर्का एक जना मुसलमानले सामुहिक बलात्कार गरेको समाचार।

१८. माघ ८ : ठानेदारद्वारा हत्या- दाङ। मध्यावधि निर्वाचनताका खुमबहादुर खड्काको नेतृत्वमा घटेको हत्याकाण्डको प्रत्यक्ष साक्षी परदेशु चौधरीलाई मलवार ठानाका ठानेदार अर्जुन पाण्डेले कुटिकुटी मारेको समाचार।

१९. माघ १५ : यो हत्या नभएर के हो त? जीवन विमा अपराध वृत्तिको घेरामा- काठमाडौं। मोरङ वेलवारीकी गीता नेपाललाई चकरघट्टीका दामोदर पौडेल- गीताको पतिले ७ लाखको जीवन वीमाको रकम हात पार्ने अभिप्रायले श्रीमती गीताको हत्या गरिएको समाचार।

२०. माघ १५ : दक्षिण कोरियामा नेपाली महिला बलात्कृत- काठमाडौं। कोरियामा काम गर्न गएकी २२ वर्षीय युवती "कि हयोङ सोक" भन्ने फर्निचर उद्योगका मेनेजरद्वारा बलात्कृत भएको अन्य कामदारहरूप्रति पनि पशुवत व्यवहार गरिएको समाचार।

२१. माघ १५ : ज्यानमार्ने तोरिको तेल- वीरगंज। श्रीपुर मुरलीमा स्थापित गुप्ता खाद्य उद्योगबाट उत्पादित "इगल ब्राण्ड" तोरिको तेलमा जनताको स्वास्थमा खराव असर पर्ने केमिकल मिसाएको समाचार।

२२. माघ २२ : भण्डारीको यो आतंक- मन्थली। जिल्ला प्रहरी कार्यालय मन्थलीमा कार्यरत प्रकाश भण्डारीले राजनीतिक आस्थाका आधारमा अनेरास्ववियूका रामु भण्डारीलाई कुटपिट गरेको।

२४. माघ २२ : दुग्ध उत्पादक संघद्वारा माग- काठमाडौं। नेपाल दुग्ध उत्पादक किसान संघ केन्द्रीय कार्य समितिको कृषि

तथा भुमिसुधार मन्त्री समक्ष १२ सूत्रीय माग पेश।

२५. माघ २९ : हाय जीवन विमा गीतालाई मृत्युमा धकेलिस्- सुनसरी। दामोदर पौडेलले आफ्नी श्रीमती गीता पौडेलको रहस्यमय हत्या पछाडि जीवन विमा हात पार्ने सपना पूरा हुन नपाएको समाचार।

२६. माघ २९ : प्रगतिशील प्राध्यापक समूहको भत्सर्ना- काठमाडौं। अमृत क्याम्पसका प्रा. गोविन्द के.सी. र सुर्खेत क्याम्पसका प्रा. लीलाबहादुर के.सी.माथि हातपात भएको घटनाप्रति प्रगतिशील प्राध्यापक समूहले सुरक्षाको माग गरेको।

२७. माघ २९ : मद्यपान रोक्ने- सिन्धुपाल्चोक। ईचोक र महाकाल गाविसमा महिलाहरूको भेलाले तास, जुवा, जाँड रक्सी बन्द गर्न महिला सचेतक तथा दवाव समूह गठन गरेको।

२८. फागुन ७ : यी बन्दीहरूमाथि सरकारको आँखा कहिले पर्ला? प्रजातन्त्र दिवस मनाए पनि मुलुकको ७५ वटा जेल भित्र बन्दी भएका १० हजार कैदीहरूको दुर्दशा र दिइने अमानवीय यातना, २५ जनाभन्दा बढी आस्थाका बन्दी अझै नछुटेको, ५० प्रतिशत सजाय भोगिसकेका बन्दीहरू समेत छुट्न बाँकी रहेको बारे समाचार विश्लेषण।

२९. फागुन ७ : नयाँ सदस्यबाट बलात्कार- रौतहट। गौर नगरपालिका १० नं. वार्डका वडा सदस्य शेष दोष महम्दले जोऔफा सेखिनलाई बलात्कार गरेकै अवस्थामा गाउँलेहरूले समातेको।

३०. फागुनु ७ : जातीय भेदभाव विरूद्ध उत्पीडित जाति- वुटवल। नेपाली समाजमा रहेको छुवाछूत र उत्पीडनको विरूद्ध आन्दोलन चलाई राख्नु पर्ने उद्घोष सहित नेपाल उत्पीडित जातीय मुक्ति समाजको प्रथम एकता सम्मेलन भएको।

३१. फागुन ७ : धागो उद्योग हडतालतिर- वुटवल। वुटवल धागो कारखानामा कार्यरत मजदूर तथा तल्लो स्तरका कर्मचारीहरूले विभिन्न २४ सूत्रीय माग राखी कार्तिक १ गते देखि आन्दोलनमा उत्रेका, फागुन ११ सम्म माग पूरा नभए कारखाना बन्द गर्ने अल्टिमेटम दिएको।

३२. फागुन ७ : हत्यारा बचाउन उपसभापति सक्रिय- सल्यान। कट्मौला गाविसका चक्रप्रसाद शर्माको हत्यामा संलग्न भएको आशंका गरिएका प्रकाश शर्मा, दिपेन्द प्रकाश शर्मा, चक्रमणि शर्मा र हेमराज शर्मालाई बचाउन जिविस उपसभापति लगायत नेकाका नेताहरू ठूलो कसरतका साथ लागेको।

३३. फागुन १४ : बालकले मृत्युदण्ड नै पाउने के अपराध गऱ्यो- विर्तामोड। आफ्नै बाबु दूर्व्यसनी मनोज खड्काद्वारा मनिष खड्का दुधे बालकको हत्या, श्रीमती देउकीमाथि अमानुषिक व्यवहार गरेको समाचार।

३४. फागुन १४ : शरणार्थी समस्या अझै अनिर्णित- काठमाडौं। भूटानी राजाको दमन खप्न नसकी देश छोड्न बाध्य भूटानी शरणार्थी समस्या बारे नेपाल सरकार र भूटानी सरकार बीच पटक-पटक वार्ता भए पनि समस्या नसुल्झिएको।

३५. फागुन १४ : नेताहरूमाथि आक्रमण- काठमाडौं। एमाले नेता तथा सांसद झलनाथ खनालमाथि नेविसंघका विद्यार्थीद्वारा सांघातिक आक्रमण गरेको।

३६. फागुन १४ : मजदूरले पिटाइ खाए- काठमाडौं। ढुङ्गा अड्डा स्थित पशुपति क्यासेट, वाइ.के. तथा आर.वि. ब्रस प्रा.लि.को हाताभित्र व्यवस्थापकहरू हनुमान प्रसाद अग्रवाल र मनोज अग्रवालले कारखानाका कामदार र मजदूर प्रतिनिधिलाई पिटेको।

३७. फागुन २१ : डा. मिश्रको छोरी अपहरण : भू.पू. सांसद डा. वंशीधर मिश्रकी ६ वर्षकी छोरी स्मृति मिश्रलाई सेन्स इङ्गलिस बोर्डिङ्ग स्कूलबाट अपहरण गरेको।

३८. फागुन २१ : प्रतिष्ठान किन बन्द- काठमाडौ.। प्रतिष्ठनमा गठित कार्यदलको आव्हानमा कर्मचारी निस्काशन गर्न सकिने निर्णय परिवर्तनको माग गर्दै नेपाल प्रशासनिक प्रशिक्षण बन्द भएको समाचार।

३९. फागुन २१ : भूटानी शरणार्थी वार्ता अझै टुंगिएन- काठमाडौं। भूटानी शरणार्थी समस्या बारे नेपाल र भूटान वीच भएको मन्त्री स्तरीय वार्ता विना सार्थक परिणति टंगिएको।

४०. फागुन २१ : यी भूमिपूत्रहरू लोप हुन नहुने- काठमाडौं। चेपाङ, छन्त्याल, जिरेल, थामी, दनुवार, माझी, मेचे र हयोल्र्या आदिवासी अल्पसंख्य बारे टिप्पणीमूलक लेख।

४१. फागुन २१ : मुसलमान लडाकूहरू गिरफ्तार- काठमाडौं। पाकिस्तानको कराची शहर बन्दको जातीय हिंसा रोक्ने अभिप्रायले ३ सयभन्दा बढी मुसलमान लडाकूहरूलाई गिरफ्तार।

४२. फागुन २८ : रामजीको हत्या कसले गऱ्यो?- काठमाडौं। रामेछापका रामजी बोहोरा कविन्द्र कडेल र कल्याण सिंहद्वारा पारिए।

४३. फागुन २८ : चेपाङ पत्रिकाको विमोचन- हेटौडा। प्रजा समाज एकता समिति मकवानपुरद्वारा चेपाङ भाषामा पहिलो पटक प्रकाशित "थोङ्ताङ" साप्ताहिक समाचार पत्रिका विमोचन।

४४. फागुन २८ : आफ्नै सन्तानको हत्या गरेपछि- विर्तामोड। मनोज खड्काले आफ्नो छोराको हत्या गरेको ९ दिन पछि गिरफ्तार। मनोजले पाँच वर्षको छोरा मनिषको शरीर भरी चुरोटको ठुटोले पोलेर यातना दिने, पत्तिले शरीर चिर्ने, पिट्ने आदि कार्यबाट निज मनिषलाई मारेको।

४५. फागुन २८ : क्यासिनो मजदूर निष्काशित- काठमाडौं। एभरेष्ट क्यासिनो मजदूर यूनियनका उपाध्यक्ष सीताराम काफ्लेलाई सेवाबाट हटाइएको।

४६. चैत्र ५ : ज्योति फेरी घर फर्केनन्- काठमाडौं। स्थानीय कुलेश्वर नयाँ वस्ती बस्ने ढुंगा अड्डा स्थित बोर्डिङ्ग स्कूलका शिक्षक ज्योति भण्डारी।

४७. चैत्र ५ : महिला मुक्ति र मजदूर आन्दोलन बारे सम्पादकीय।

४८. चैत्र ५ : महासंघको निर्णय- काठमाडौं। नेपाल यातायात व्यवसायी महासंघले अन्तरराष्ट्रिय नारी वर्षको उपलक्ष्यमा महिला वर्गका लागि यातायातमा विभिन्न सुविधा दिने घोषणा।

४९. चैत्र ५ : मन्त्री समक्ष श्रमिकको माग- काठमाडौं।

नेपाल स्वतन्त्र होटल मजदूर युनियनको एक प्रतिनिधि मण्डल पठाई श्रम तथा स्वास्थ्य मन्त्री समक्ष १३ सूत्रीय माग पेश गऱ्यो।

५०. चैत्र १२ : सुकुम्बासीलाई लालपूर्जा- चितवन। आवास तथा भौतिक योजना मन्त्रीद्वारा ५०० सुकुम्बासीलाई लालपूर्जा प्रदान।

५१. चैत्र १२ : कहिले छुट्लान जेलबाट यी बन्दी- काठमाडौं। संखुवासभाका आस्थाका बन्दी शान्ति ढुंगाना प्रतिशोधको कारण जेलमा सडाइएका।

५२. चैत्र १२ : पत्रकारहरू आन्दोलनतर्फ- काठमाडौं। श्रमजीवी पत्रकारहरूको उक्त भेलाले आफ्ना हकहितका लागि संघर्ष गर्न सुरेश आचार्यको अध्यक्षतामा संघर्ष समिति बनायो।

५३. चैत्र १९ : सुकुम्बासी विवादमा- बाह्र राउण्ड गोली प्रहार- गाईघाट। उदयपुरको बोक्से गाउँको सुकुम्बासी टोलमा भू.पू. पंच चक्रबहादुर बस्नेतको निर्देशनमा चलाइएको गोलीबाट १४ जना सुकुम्बासी घाइते भएको समाचार।

५४. चैत्र १९ : २१ गते नेपाल बन्द- काठमाडौं। संयुक्त जनमोर्चाले वैशाख २१ गते नेपाल बन्द गर्ने घोषणा चैत्र ३० गते देखि नै संघर्षका विभिन्न कार्यक्रम चरणबद्ध रूपमा संचालन गरिने।

५५. चैत्र १९ : मासमले पाँचै क्षेत्रमा गोष्ठी गर्ने- मानवअधिकार संरक्षण मंचले राष्ट्रिय मानवअधिकार उच्च आयोग गठन गर्ने सन्दर्भमा जनचाहना बुझ्री दवाव दिन पाँचै विकास क्षेत्रमा कार्यशाला गोष्ठी गर्ने।

५६. चैत्र १९ : मकवानपुरमा उत्पीडितहरूको भेला- काठमाडौं। मुक्ति समाजको जिल्ला स्तरीय कार्यकर्ता प्रशिक्षण भेलामा उत्पीडित जातिमाथि भैरहेको भेदभावपूर्ण अमानवीय कार्यको विरोध गर्दै सरकारसंग आर्थिक उत्थान कार्यक्रम लागु गर्ने माग।

५७. चैत्र १९ : संस्कृत समाचारको विरोध- र समर्थन- काठमाडौं। आदिवासी विद्यार्थी समितिका सचिव र संयोजक क्रमशः राजभाई जःकीय ज्यापू र सुरेश आलेमगरले वक्तव्य मार्फत् संस्कृत समाचार रेडियो नेपालबाट प्रशारित भएकोमो विरोध। नेपाल आर्य समाजका तर्फबाट सदस्य सचिव डा. माधवप्रसाद उपाध्यायद्वारा हस्ताक्षरित वक्तव्य संस्कृत समाचारको स्वागत।

५८. चैत्र १९ : आस्थाका बन्दीहरू कहिले छुट्ने? जनआवाज अन्तर्गत राजनैतिक बन्दी रामबहादुर तिवारी (कृष्ण के.सी.) लगायतका पाल्पा कारागारको बन्दीहरूको चिठी)

५९. चैत्र १९ : प्रथम महिलालाई कालो झण्डा- काठमाडौं। अमेरिकी राष्ट्रपति विल क्लिन्टनकी पत्नी हिलारी क्लिन्टनलाई नेपाल आगमनको क्रममा पेरूको क्रान्ति समर्थक समितिद्वारा कालो झण्डा देखाई विरोध गरियो।

६०. चैत्र २६ : मानव सभ्यताको अर्को कलंक बुरून्डीको जातीय संघर्ष- बुरून्डीमा हुतु र तुत्सी वीच सल्केको साम्प्रदायीक आगोका कारण भएको आम नर संहार बारे शिव ढकालको लेख।

६१. चैत्र २६ : जुट मिल चलाउन अनसन- विराटनगर। ०५१ असोज ४ गतेदेखि बन्द भएको जुटमिल चलाउन नेपाल स्वतन्त्र मजदूर युनियनको आयोजनामा चैत्र १९ देखि महेन्द्रचोकमा रिले अनसन शुरू।

६२. चैत्र २६ : शहीदहरूको रगतको मूल्यमा यो शासन स्थापना भएको हो- ०४६ सालको जनआन्दोलनमा शाहदत प्राप्त गर्ने सपुतहरूको सम्झना श्रद्धान्जली स्वरूप श्रवण शर्माको लेख।

६३. चैत्र २६ : श्रमजीवीको संघर्ष- नेपालगंज। बाँके जिल्लाका श्रमजीवी पत्रकारहरूको भेलाद्वारा जे. पाण्डेको संयोजकत्वमा संघर्ष समिति गठन गरियो।

६४. वैशाख ३ : प्रहरी किन मौन? - भैरहवा। सिन्धुपाल्चोकको बाङ्गदेल गाउँको कर्मा नाम्गेल लामाले भगाएर १६-१७ वर्षकी केटी बेच्न लैजाँदा-लैजाँदै गाउँलेको प्रयासबाट रोकेको तर कर्मा नाम्गेललाई प्रहरी कार्वाही नभएको समाचार।

६५. वैशाख ३ : कपडा उद्योग बन्द हुने- कलैया। अन्नपूर्ण टेक्सटाइल्स् प्रा.लि.मा कार्यरत मजदूरहरूद्वारा राखिएका १६ सूत्रीय माग पूरा नभएकोले संघर्षको अर्को चरणमा कारखाना नै बन्द गर्ने।

६६. वैशाख ३ : मजदूरहरू कोठामा बन्द- सिमरा। सूर्य टोवाको कम्पनिका व्यवस्थापकले १५० जना स्थायी मजदूरलाई ठेकेदारी प्रथाबाट काम लगाउन थालेकोले मजदूरहरूमा आक्रोश। मजदूरहरूले कोठामा थुनिनु परेको घटनाले सम्पूर्ण मजदूरहरू विरोधमा उत्रने।

६७. वैशाख ३ : महिला अधिकारपत्र कार्यक्रम- काठमाडौं। अखिल नेपाल महिला संघ महिला अधिकारपत्र राष्ट्रिय संचालक समितिले महिला हक अधिकारको लागि आन्दोलन संचालन गर्ने।

६८. वैशाख १० : वेचिएका युवतीहरूको व्यथा यस्तो छ- रौटहट। मञ्जु चौलागाई र कल्पना कार्कीलाई बम्बैमा लगेर बेचियो, मान्छे बेच्ने गिरोहको नाइकिनी बिन्दु घोइसाई हालसम्म फरार रहेको।

६९. वैशाख १७ : सिन्धुलीमा गोली- सिन्धुली। कमला वन कार्यालयका गस्ती प्रहरीसंग काठ तस्करी गर्नेहरूको दोहरो भिडन्त।

७०. वैशाख १७ : मोलि मई दिवस- काठमाडौं। विश्व मजदूरहरूको महान चाड मई दिवस मनाउने क्रममा नेपाली मजदूरहरूद्वारा हर्षोल्लासका साथ विविध कार्यक्रमको आयोजना गरिएको- मूल कार्यक्रम मे १ का दिन सम्पन्न गरिने।

७१. वैशाख १७ : हत्या कि आत्महत्या?- काठमाडौं। पुरानो वानेश्वरका बलदेव भट्टराईको घरमा डेरा गरी बस्ने जीवन बाबु थापाको घरमा डेरा गरी बस्ने सुनिता नेपालको लाश फेला परेको- हत्या हुन सक्ने आशंका।

७२. वैशाख १७ : विराटनगरमा वेश्यावृत्तिमा वृद्धि- विराटनगर। होटलको एउटै कोठामा ६ जना केटी र १० जना केटा वेश्या गमनकै अवस्थामा पक्राउ परेको।

७३. वैशाख १७ : अश्लील पत्रिका रोक लगाउने-

काठमाडौं। पत्रपत्रिका व्यवसायीहरूको मेलाले राष्ट्रीय पत्रपत्रिका व्यवसायिक संगठन निर्माण गर्नका साथै अश्लील पत्रपत्रिका बिक्री वितरणमा रोक लगाउने माग गऱ्यो।

७४. वैशाख १७ : छुवाछूत विरुद्ध आन्दोलन- सिन्धुपाल्चोक। दलित जातीय मुक्ति समाज सिन्धुपाल्चोक जिल्ला समितिद्वारा सार्वजनिक स्थलमा गरिंदै आएको भेदभावको विरोधका साथ ३ नम्बर क्षेत्रीय सम्मेलन गऱ्यो। जनकल्याण दुग्ध संस्थामा विनाभेदभाव दूध लिन दवाव दिएको तर संस्थाका कर्मचारी ठाकुरप्रसाद धितालले लिन नमानेपछि सम्मेलनका प्रतिनिधि र जनसमुदायले भेदभावको विरोधमा नारा लगाए।

७५. वैशाख १७ : मई दिवस र मजदूर- मई दिवसको महत्व, त्यस सम्बन्धमा आयोजित कार्यक्रम, मजदूर गतिविधिका बारे भूपराज खड्काको समाचार विश्लेषण।

७६. वैशाख १७ : दलित विद्यार्थीलाई छात्रवृत्ति- रूपन्देही। सिद्धार्थनगर स्वर्णकार समिति भैरहवाद्वारा स्थापित "समाज विकास छात्रवृत्ति" सिद्धार्थ नगर क्षेत्रका माध्यमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन गर्ने आठ जना दलित विद्यार्थीलाई वितरण गरेको।

७७. वैशाख १७ : लोग्ने स्वास्नीको झगडा परालको आगो भएन- बारा। निजगढ बस्ने ६० वर्षीय चन्द्रबहादुर सुवेदी श्रीमतीसंग जीउनीको झगडा परी जंगलमा झुण्डिएर आत्महत्या गरेको समाचार।

७८. वैशाख २४ : गिरफ्तार व्यक्तिहरू थुनामा- काठमाडौं। संयुक्त जनमोर्चा (भट्टराई) को आयोजनामा ३८ सूत्रीय माग राखी वैशाख २९ गते उपत्यका बन्द गरियो। सो दिन निस्केको जुलुसको प्रहरीसंग मुठभेड, ४०० व्यक्ति पक्राउ परेको र टंकप्रसाद तिमिल्सिना, रामकुमार घर्ती, बुद्धि गुरुङ, कृष्ण कार्की, देवी दुलाल, केदार गौली, प्रदीप खनाल, वीरबहादुर मगर, प्रेम लामा हनुमान ढोकामा थुनामा रहेको।

७९. वैशाख २४ : जातीय विभेदमा दलित महिला- दलित महिलाहरूको शैक्षिक स्थिति बारे प्रमोद कुमार सिंहको लेख।

८०. वैशाख २५ : श्रमिक दिवस- विर्तामोड। मई दिवसको उपलक्ष्यमा नेपाल यातायात स्वतन्त्र मजदूर संगठन र नेपाल चिया मजदूर यूनियनले संयुक्त रूपमा मई दिवसको कार्यक्रम मनाउँदै मजदूर हकहितको चर्चा गरे। यसैगरी बारामा नेपाल स्वतन्त्र मजदूर यूनियन जिल्ला कमिटीले मई दिवसको संघर्षशील परम्परा कायम राख्ने प्रतिबद्धताका साथ कार्यक्रम सम्पन्न गरेको।

८१. वैशाख २४ : भरतपुरका महिला ठगिए- नारायणगढ। कृषि विकास बैंक साना किसान आयोजनाका प्रमुख हरिमुरारी गौतम र लामा मिलेन कन्सर्न नारायणगढका प्रोपाइटरको मिलोमतोमा ऋणिहरूले ऋण रकम बुझाए पनि बाँकी रहेको देखाई ओखिकला गिरी, गोना गिरी, मसिनी लगायतका महिलाहरूलाई ठगेको समाचार।

८२. वैशाख २४ : उद्योग हडतालमा- बारा। अन्नपूर्ण टेक्सटाइल्स् लि. मजदूरका माग पूरा नभएको कारण अनिश्चित कालको हडताल शुरू भएको।

८३. वैशाख २४ : नेपाल कानून समाजको अग्रसरता- काठमाडौं। नेपाल कानून समाजले मानवअधिकारको सम्बर्द्धन तथा संरक्षणका लागि मानवअधिकार आयोग स्थापनार्थ सहयोग पुऱ्याउने उद्देश्यले मस्यौदा ऐनमा छलफल कार्यक्रम गर्ने।

८४. वैशाख ३१ : जेलबाट सुवेदारको गर्जन- काठमाडौं। शाही सेनामा भएको भ्रष्टाचार प्रकरणमा जेल परेका केदार कोइरालालाई चरम यातना दिएको।

८५. वैशाख ३१ : गाग्रो जुलुस- काठमाडौं। उपत्यकामा खानेपानी समस्यालाई लिएर पद्मकन्या क्याम्पस स्ववियूले महिलाहरूको रित्तो गाग्रो जुलुस प्रदर्शन गऱ्यो।

८६. वैशाख ३१ : जहाँ कारागारका बन्दीको समेत हत्या गरिन्छ - इन्डोनेशियामा भएको दमन, हत्या र मानवअधिकार विरोधी काम बारे टिप्पणीमूलक लेख।

८७. वैशाख ३१ : जग्गाको टुक्राले ज्यान लियो- वीरगंज। तीन जना दाजुभाइ बीच एक टुक्रा जमिनको विषयलाई लिएर भएको झगडामा प्रभुप्रसाद महतोलाई पारस महतोले प्रहार गरेको लाठीबाट मृत्यु भएको।

८८. वैशाख ३१ : भूटानी शरणार्थी समस्या समाधानमा गम्भीर प्रयास आवश्यक। गोपाल शिवाकोटीको लेख।

८९. वैशाख ३१ : पत्रकारमाथि हमला- काठमाडौं। चक्षु साप्ताहिकका कार्यकारी सम्पादक अस्वस्थामाभक्त खरेललाई पंकज प्रधानद्वारा कुटपिट गरेको समाचार।

९०. वैशाख ३१ : नाई संघ पनि आन्दोलनमा- काठमाडौं। नेपाल नाई संघ केन्द्रीय समितिको तर्फबाट विभिन्न मागहरू प्रधानमन्त्री समक्ष पेश। ३५ दिनभित्र माग पूरा नभए राष्ट्रव्यापी आन्दोलनमा उत्रने।

९१. वैशाख ३१ : झगडाले पचासौं घर ध्वस्त- झापा। गुन्द्री बुन्दै गरेका नन्द भाउजूको आपसी विवादबाट बत्ती लडी आगो सल्कदा झापामा ४६ घर ध्वस्त भएको समाचार।

९२. वैशाख ३१ : कार्पेट मजदूरद्वारा समस्या प्रस्तुत- काठमाडौं। नेपाल स्वतन्त्र कार्पेट मजदूर युनियन केन्द्रीय कमिटीका तर्फबाट गलैचा क्षेत्रका विविध समस्या समाधान गर्न प्रधानमन्त्री समक्ष माग पेश गऱ्यो।

९३. वैशाख ३१ : मादीमूलखर्कमा ज्यान बेपत्ता- संखुवासभा। माम्लीङ्ग गाविसका रामबहादुर तामाङ्गलाई कुटेर मारेको अभियोगमा कर्णबहादुर देवान र चन्द्रबहादुर गुरुङलाई पक्राउ गरेको समाचार।

९४. वैशाख ३१ : हत्या, फेरि पनि हत्या - काठमाडौं। लोग्ने, सासु,ससुरा, नन्द आमाजुका कारण ज्यान गुमाउनु परेका महिलाहरूको घटना बारेको समाचार।

९५. वैशाख ३१ : धर्मको नाममा ठगी - भक्तपुर। भक्तपुर नगरपालिकास्थित गिरी समुदायका पुर्खाले स्थापना गरेको "कुशुमठ" मा क्रिश्चियन धर्मका अण्ड्यायी नागरिक टोम ब्याकमुलरले जबरजस्ती कब्जा जमाएकोले. धार्मिक स्वतन्त्रता हनन भएको भन्ने समाचार।

९६. जेठ ७ : मुक्ति समाजको आपत्ति- पर्वत। स्थानीय नाङलिथाङ् गाउँ निवासी सेते दर्जी र सूर्यबहादुर दर्जीलाई गाईको बाछो मारेको आरोपमा थुनामा राखेकोमा मुक्ति समाजका अध्यक्ष पद्मलाल विश्वकर्माले उत्पीडित जातिलाई फसाउने षडयन्त्र हो भन्दै वक्तव्य मार्फत् घोर विरोध गरेको।

९७. जेठ ७ : धर्मको नाममा राजनीति मानवसभ्यताकै लागि खतरा- काठमाडौं। जापानको आम त्यस (ओम सिन्टो क्योफ ले भूमिगत रेलमार्गमा विषालु ग्याँस आक्रमण गरी १२ जनाको मृत्यु र पाँच हजार भन्दा बढी घाइते भएको बारे शिव ढकालको लेख।

९८. जेठ ७ : जातीय विश्वविद्यालय बनाइनु पर्छ- काठमाडौं। नेपालमा मातृभाषामा शिक्षा, जनजातिहरूको भाषाको समानरूपमा सम्मान गर्नु पर्ने, मंकाःखलको आयोजनामा सम्पन्न शिक्षा र अनिवार्य संस्कृत विषयक विचार गोष्ठीमा संस्कृत विश्व विद्यालयलाई जातीय विश्वविद्यालयमा परिवर्तन गर्ने माग।

९९. जेठ १४ : प्रधानध्यापकमाथि हमला- धादिङ। जीवनपुर स्थिति महेशधर्म माध्यमकि विद्यालयका संस्थापक सदस्य तथा प्रधानाध्यापक ओमप्रसाद गौतम माथि भू.पू. प्रधानपन्च विदुर अकौलिया र अन्य लठैतहरूबाट आक्रमण गरेको।

१००. जेठ १४ : लक्ष्मीले के गरिन् ? के गरिनन् ? ? - इलाम। बरबोटेकी लक्ष्मी घिमिरेको विवाह केदार नेपालसंग भएकोमा ६ हप्तामै बच्चा जन्माएकीले आफ्नै काकाको छोरा अम्बिका घिमिरेसंग शारिरिक सम्पर्क भएको कुरा लक्ष्मीबाट स्वीकार। १० हजार रूपियाँ समेत दिएर अर्कै केटालाई लक्ष्मी जिम्मा लगाउने प्रपञ्च भैरहेको बेला गाउँमा पोल खुली अम्बिकालाई नै लक्ष्मी घिमिरे जिम्मा लगाएको समाचार।

१०१. जेठ १४ : विद्यार्थी सम्मेलनमा खुकुरी- विराटनगर। राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनको मोरङ्ग जिल्ला सम्मेलनमा खुकुरी निकालेर निर्वाचन हुन नदिएको, ब्यालेट बक्स काट्ने र महिला प्रतिनिधिमाथि अभद्र व्यवहार गरेको समाचार।

१०२. जेठ २१ : सूर्ती किसान ठगिए- रौतहट। सूर्य टोवाको कम्पनीले प्रलोभन र आश्वासनमा सूर्ति खेती गर्ने किसानहरूलाई गतवर्ष मलखादको व्याज मिनाहा दिई सूर्तिको बिरूवामा लाग्ने आधा रकम अनुदान दिएकोमा यो वर्ष शतप्रतिशत व्याज लिएको र बिरूवाको अनुदान पनि झिकेकोले किसानहरू ठगिएको समाचार।

१०३. जेठ २८ : स्वास्थका कर्मचारीले तलव पाएनन्- इटहरी। जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गतका विकास तर्फका कर्मचारीहरूले ०५१ फागुनदेखि तलव खान नपाएकोले नेपाल किचित्सा सहायक संघ जिल्ला कार्यलय सुनसरीले अधिराज्यभरका चारहजार कर्मचारीहरूको नोकरीको सुरक्षा गर्न माग गरेको।

१०४. जेठ २८ : बुहारी मार्ने षडयन्त्र असफल- पाल्पा। स्याङ्जा जिल्ला जगत्रदेवी गल्याङका शोभाकान्त पाण्डेकी श्रीमती नितु पाण्डेलाई आफ्नै सासु, देवर र नन्द मिलेर विष खुवाएको समाचार। नितुका श्रीमान इलाहावादमा पढ्न गएको मौका पारी षडयन्त्र गरिएको थियो।

१०५. जेठ २८ : नाईको आमरण अनसन पाँचौ दिनमा- काठमाडौं। नेपाल नाई संघले श्रम अदालतको गठन, बधुवा, मजदूरी, प्रहरी थुनामा हुने अमानवीय व्यवहारको अन्त्य आदि माग राखी शुरू गरेको अनसन बसेको पाँच दिन भयो।

१०६. असार ४ : पत्रकारमाथि हातपाट- काठमाडौं। मध्यावधि निर्वाचनको घोषणाको लगत्तै निस्केको जुलुस त्रिचन्द्र क्याम्पस अगाडि पुगेपछि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का प्रतिनिधि लेखनाथ भण्डारी निरीक्षणको क्रममा त्यहाँ पुग्दा जुलुसले उहाँमाथि आक्रमण गऱ्यो र क्यामरा, केही कागजपत्र, परिचय पत्र लुटेर लगेको समाचार। इन्सेकले वक्तव्य प्रकाशित गरी विरोध गरेको।

१०७. असार ४ : शिक्षक संगठनद्वारा भर्त्सना- ललितपुर। नेपाल राष्ट्रिय शिक्षक संगठनले अधिराज्यमा विभिन्न भागमा शिक्षकहरूमाथि भइरहेको अन्यायको घोर भर्त्सना गऱ्यो।

१०८. असार ४ : भोट हाल्यो भनी सेनामाथि कार्वाही- सुनसरी। स्थानीय प्रकाशपुर गाविस निवासी तथा शाही सेनामा कार्यरत सैनिक जवान रामबहादुर कार्कीलाई ०४३ सालको स्थानीय चुनावमा भोट हालेको आरोपमा जेल हालेको समाचार।

१०९. असार ११ : यशोदा घर फर्केकी छैनन्- धनकुटा। जीतपुर निवासी श्रीमती यशोदा पौडेल बेपत्ता। षडयन्त्रपूर्ण ढंगले उनको हत्या भएको समाचार।

११०. असार ११ : डाँकाद्वारा डाँकाको हत्या- पर्सा। मधुवन मथौल गाविसका बहुरेन थारूको हत्या गर्न गएका डाँकाहरू मध्ये रामदेव चौधरी नामक डाँकाले प्रहार गरेको गोलीले अर्को डाँका कपिलदेव दास थारूको मृत्यु भएको समाचार।

१११. असार ११ : जंगली जडिबुटी तस्कर पक्राउ- सिराहा। सिराहा इलाका वन कार्यालय मिर्चैयाका सहायक वन अधिकृत राकेश कर्णको सक्रियतामा विदेश निकासीमा प्रतिबन्धित लोठ सल्लाको पातको तस्करी गर्ने रामचन्द्र महतो, छेदी साह, लक्ष्मी दास र शंकरप्रसाद जयसवाललाई पक्राउ गरेको।

११२. असार ११ : जमुना कार्कीको निधन र राजनीति- काठमाडौं। गुल्मी जन सांस्कृतिक मंचकी कलाकार जमुना कार्कीको पाल्पा मिसन अस्पताल लैजादा असामयिक निधन भयो, यसै मृत्युको विषयलाई लिएर नेपाली कांग्रेसका नेताहरूले एमाले विरोधी राजनीति गरेको समाचार।

११३. असार १८ : मासमको राष्ट्रिय सम्मेलन- काठमाडौं। मानवअधिकार संरक्षण मंचको चौथो राष्ट्रिय सम्मेलन काठमाडौंमा हुने- मानवअधिकार विधेयक, क्षतिपूर्ति विधेयक जस्ता मानवअधिकारसंग प्रत्यक्ष सम्बन्ध राख्ने विधेयकहरू आइरहेको बेला हुन लागेको यो सम्मेलन महत्वपूर्ण हुने।

११४. असार १८ : छलफलमाथि मुद्दा किन पर्‍यो?- काठमाडौं। राष्ट्रिय सभाका सदस्यद्वय सुनिलकुमार भण्डारी र महादेव प्रसाद यादवले परिवार नियोजन संघको साधन व्यापक हिनामिना गरेको समाचार छलफलमा छापिएको झोकमा राष्ट्रिय सभाको छलफलले मानहानी गर्‍यो भनी कारवाही गर्न उहाँहरू दुवैजना प्रस्तावक र समर्थक रहनु भएकोले प्रतिशोध पूर्ण कारवाही भएको समाचार।

११५. असार १८ : छलफल र राष्ट्रिय सभा प्रसंग- उजुरवाला नै न्यायकर्ता- काठमाडौं। छलफलमा प्रकाशित "प्रतिपक्षहरूको नयाँ षडयन्त्र" शीर्षक समाचारले राष्ट्रिय सभाको विशेषाधिकार हनन भयो भन्दै छानबीनको माग गरेपछि सांसद कृष्णप्रसाद घिमिरेको संयोजकत्वमा नौ सदस्यीय समिति निर्माण पश्चात् सम्पूर्ण प्रेस जगतले संविधानले प्रत्याभूति गरेको संविधानको धारा १२ को २-१ (ख) ले दिएको विचार अभिव्यक्तिको स्वतन्त्रतामाथि बन्देज लगाउन खोजेको महसुस भएको समाचार। राष्ट्रिय सभाको विशेषाधिकार हनन भयो भन्नु हुने उजुरवाला सांसद महादेव प्रसाद यादव नै न्याय दिने विशेषाधिकार समितिमा बस्नुले उजुरवाला र न्यायकर्ता एउटै हुनु प्राकृतिक न्यायका सिद्धान्त विपरित भएको समाचार।

११६. असार २५ : यशोदा अझै फेला परिनन्- धनकुटा।

११७. असार २५ : सांसद उम्मेदवार कुटपिटमा सामेल- बुटवल। नेपालगंजबाट पोखरातर्फ गइरहेको नाअस्व ४९९७ को बसका मालिक शुभाष भण्डारीलाई मोहन जोशी, हरि श्रेष्ठ, विनोद ढकाल लगायत राप्रपाको रूपन्देही क्षेत्र नं. ३ को सांसद उम्मेदवार प्रदीप उदयले कुटपिट गरेको समाचार। कुटपिटको अभियोगमा चारै जना पक्राउ। रू. ७ हजार धरौटीमा रिहा भएको।

११८. असार २५ : राजनीतिक पीडित सहायता समिति- एक टिप्पणी शीर्षकमा देवेन्द्र घिमिरेको लेख।

११९. असार ३२ : भू.पू. न्यायाधीशमाथि मुद्दा- काठमाडौं। सर्वोच्च अदालतको मानहानी भएको भनी भू.पू. न्यायाधीश बासुदेव शर्मामाथि मुद्दा।

१२०. असार ३२ : प्रहरी र विद्यार्थी वीच झडप- नेविसंघद्वारा पुनः तोडफोड- काठमाडौं। नेकपा एमाले सरकारको विरुद्ध नेपाल विद्यार्थी संघले आयोजना गरेको विरोध प्रदर्शनमा प्रहरी र विद्यार्थी संघले आयोजना गरेको विरोध प्रदर्शनमा प्रहरी र विद्यार्थी वीच झडप हुँदा ७५ जना भन्दा बढी कार्यकर्ता घाइते, ५० जना उपचारार्थ वीर अस्पतालमा भर्ना गरिएको समाचार।

१२१. असार ३२ : आङ्सान सूकीको रिहाइको स्वागत- काठमाडौं। बर्माको प्रजातान्त्रिक आन्दोलनकी प्रभावशाली नेता आङसान सुकीलाई नजरबन्दबाट हालै रिहाइ गरेकोमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का महासचिव राजेश गौतमले वक्तव्य प्रकाशित गरी स्वागत गर्नु भएको।

१२२. असार ३२ : आङसाङ सूकीको रिहाई- तानाशाही सरकारको पराजय- बर्मामा मानवअधिकारको आन्दोलन र सुकीको रिहाइ बारेको शिव ढकालको लेख।

१२३. असार ३२ : संगठनका सचिवमाथि हातपात- चन्द्रीनगाहपुर। नेपाल राष्ट्रिय शिक्षक संगठन रौतहटका जिल्ला सचिव मणिशङ्कर लाल निधीलाई नेपाल शिक्षक संघका सदस्य छन्दोविज्ञान दाहालले हातपात गरेको समाचार।

१२४. असार ३२ : कान्तिपुरलाई आदेश- काठमाडौं। पुनरावेदन अदालत ललितपुरले कान्तिपुर प्रकाशन प्रा.लि.लाई पत्रकार रेणु मैनालीलाई क्षतिपूर्ति सहित पुनर्बहाली गर्ने आदेश दिएको समाचार।

१२५. साउन ७ : भोलिदेखि राष्ट्रव्यापी चक्का जाम- काठमाडौं। नेपाल यातायात व्यवसायी महासंघले आफ्ना १५ सूत्रीय माग पूरा गराउन दवाव स्वरूप अनिश्चितकालका लागि राष्ट्रव्यापी चक्काजाम गर्ने घोषणा।

१२६. साउन ७ : चेलिबेटी बेचबिखनमा कर्मचारी- चरिकोट। नापी विभाग अन्तर्गत गोश्वारा चरिकोटमा काम गर्ने अमिन मेघनाथ चौलागाई चेलीबेटी बेचबिखन कार्यमा संलग्न भएको समाचार।

१२७. साउन ७ : हामी र हाम्रो अधिकार। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकारको बारेमा आधारभूत पाठकहरूका लागि अत्यन्तै उपयोगी पुस्तकको समीक्षात्मक टिप्पणी।

१२८. साउन ७ : योग्यताको कसी आरक्षण होइन। महिलाहरूको स्थिति र हक अधिकार बारे चर्चा गरिएको शोभा गौतमको लेख।

१२९. साउन २१ : अदालत र महिला अधिकार- काठमाडौं। सर्वोच्च अदालतले संविधानसंग नबाझिने गरी एक वर्षभित्र बनाउन मन्त्रिपरिषद् सचिवालयका नाउँमा आदेश जारी गरेको समाचार।

१३०. साउन २१ : गुरू नै ढुंगा हान्न थाले- चितवन। कृषि क्याम्पस रामपुरमा परीक्षा चल्दाचल्दै केही प्राध्यापकहरूले क्याम्पसमा ताला लगाइदिएको।

१३१. साउन २१ : नपढेको विषयमा परीक्षा- काठमाडौं। सिमरा परीक्षा केन्द्रका परीक्षार्थीहरूमाथि भएको जबरजस्ती र परीक्षाको नतिजा रद्द गरिएको बारे सर्वोच्च अदालतमा रिट दिएको।

१३२. साउन २१ : शिक्षकहरूले दिउँसै लाल्टिन बाले- पोखरा। राजनैतिक प्रतिशोधका कारणबाट शिक्षकहरूलाई पक्षपात पूर्ण ढंगले अपायक ठाउँमा सरुवा गरेको विरोधमा नेपाल शिक्षक संघ कास्कीले लालटिन जुलुसको आयोजना गर्‍यो।

१३३. साउन २१ : पोखरामा नेपाल बन्द- पोखरा। नेपाल विद्यार्थी संघले आयोजना गरेको नेपाल बन्दमा ९ जनालाई हिरासतमा लिएको, मसाल जुलुस निकालेका समाचार।

१३४. साउन २१ : पत्रकार संघको बैठक- दाङ। नेपाल पत्रकार संघ दाङ शाखाको बैठकले काठमाडौंका स्वतन्त्र पत्रकार लेखनाथ भण्डारीमाथि भएको कुटपिटको विरोध गरेको।

१३५. साउन २१ : विश्व विद्यालयको प्रांगणमा आत्मदाह गर्ने घोषणा- काठमाडौं। किर्तिपुर क्याम्पसको छात्रवास मित्र

भएका अनियमिता विरूद्ध ८ सूत्रीय माग पेश गर्ने, आन्दोलनकारी विद्यार्थी समहूको माग पूरा नभए हाँसीहाँसी त्रिविको प्रांगणमा आत्मदाह गर्ने कार्यक्रमको घोषणा गरेको।

१३६. साउन २१ : महिला र साक्षरता- महिलाहरूका लागि आफ्ना हकहित र अधिकार बारे सचेत हुन शिक्षा आवश्यक भएको सरस्वती चौधरीको लेख।

१३७. साउन २१ : राजनीतिक पीडितका नाममा यो अनियमितता किन? राजनीतिक पीडितलाई उपलब्ध गराइएको सहायता बारे "राजनैतिक पीडित सहायता समिति पूर्ण प्रतिवेदन, चैत्र ०५१" मा उल्लेखित सहायतामा धाँधली भएको तिलकराज काफ्लेको जनआवाज अन्तर्गत टिप्पणी।

१३८. साउन २१ : रोजगार दिने नाममा ठगी - काठमाडौं। दि इन्टरनेशनल मेनपावर कोअपरेटिभ ओभरसिज प्रा.लि.का संचालक पूर्ण पुलामी र मोहन रानाले नेपाली युवाहरूबाट रू. ४५ हजारदेखि ६५ हजारसम्म उठाइ बहराइन पठाइदिन्छु भनी ठगी गरेको समाचार।

१३९. साउन २१ : प्राध्यापकमाथि हातपात- इलाम। महेन्द्र बहुमुखी क्याम्पस इलामका विद्यार्थी महेश श्रेष्ठले परीक्षामा अनियमित गरेकोले कारवाही गरेको निहुँमा सहायक क्याम्पस प्रमुख शान्तिप्रसाद ढकाललाई बाटो ढुकी खुर्सानीको घोल आँखामा खन्याए र कुटपिट गरेको समाचार।

१४०. साउन २१ : दिनदाहडै घातक आक्रमण - काठमाडौं। नेपाली राष्ट्रिय एकता पार्टीका अध्यक्ष दयाकृष्ण न्यौपानेमाथि प्रमुख सेनानी दीर्घबहादुर चन्दले खुकुरी र रडले आक्रमण गराएको समाचार।

१४१. साउन २१ : उपमेयरले माफी मागे- वुटवल। वुटवल नगरपालिकाका उपमेयर रामप्रसाद खनालको नेतृत्वमा वुटवलको हाटबजारमा बसेको १४ परिवार नेपाली नागरिकलाई टिप्परमा जबर्जस्ती लोड गरी भारतको भैसालोटनमा लगेर छोडेपछि नगरपालिकालाई जनताले घेराउ गरे, उपमेयरको यस गैरकानूनी काम बारे छानवीन गर्न समिति गठन र उपमेयरलाई माफी मगाएको समाचार।

१४२. साउन २१ . मित्तलको मजदूरमारा नीति- काठमाडौं। बत्तीसपुतली स्थित समृद्धि गार्मेन्टमा काम गर्ने मजदूरको तलब कारखानाका मालिक पवनकुमार मित्तलले नदिएको, तलब माग्दा ज्यान लिने धम्की दिएको समाचार।

१४३. साउन २८ : भूटान आफै शरणार्थी समस्या बल्फाउँदै छ- काठमाडौं। भूटानी शरणार्थीको समस्या बारे राजेन्द्र गौतमको समाचार विश्लेषण।

१४४. साउन २८ : महिलाहरूको जीवन असुरक्षित- चितवन। चितवन बकुलहर स्थित गलैचा उद्योगमा कार्यरत वर्ष १७ की विष्णुमाया थरूनीलाई विहे गर्ने स्वयम्भू महतोले शिवराज चौधरीको मिलोमतोमा दिल्ली लगी भारू. ३२ हजारमा विक्री गरेको समाचार।

१४५. भदौ ४ : नारी मुक्तिको कुरा त्यति सजिलो छैन - उमा श्रेष्ठको नारी शोषण, सशक्तिकरण र नारी मुक्ति बारेको लेख।

१४६. भदौ ११ : हत्यारालाई संरक्षण- वुटवल। पाल्पा मदन पोखरा स्थित दमकडा माविमा नवजात शिशुको लास फेला परेको समाचार। अभियुक्त पूर्णकुमारी फरार रहेको र जिविस सभापति प्रेमनाथ बस्यालले संरक्षण दिएको समाचार।

१४७. भदौ १८ : सिरहामा विपक्ष आतंक- सिरहा। भू.पू. सांसद विष्णुलाल वाइवाको छोरा सांघातिक आक्रमण, काजिलाल वाइवा सहितको अर्को हुलले भरूवा बन्दुक, छुरा र नाङ्गो खुकुरी सहित राती ९ बजे मोहन साहको घरमा आक्रमण गरेको समाचार।

१४८. भदौ २५ : बोहोरालाई फोन धम्की- काठमाडौं। एमाले संगठन विभागका प्रमुख अमृतकुमार बोहरालाई सर्वोच्च अदालतको संसद पुनर्स्थापना गर्ने फैसलापछि फोनबाट धम्की।

१४९. भदौ २५ : वेइजिङ महिला सम्मेलन- काठमाडौं। सन् १९९१ मा समाजिक भेदभाव विरूद्धको सन्धिमा नेपालले हस्ताक्षर गरे पनि भेदभाव कायम रहेको, विश्व महिला सम्मेलनमा महिला विरूद्ध हुने भेदभावका बारे व्यापक कुरा उठेको समाचार।

१५०. भदौ २५ : यौन पिपासुहरू श्रीमतीको पनि हत्या गर्छन्- धरान। तारादेवी राईको आफ्नै श्रीमान विक्रम राईले हत्या गरेको समाचार।

१५१. भदौ २५ : "अपिल आन्दोलन" र "भूटान सम्मको शान्ति पदयात्रा"- झापा। भूटानी गैर सरकारी संस्थाका प्रतिनिधि र पूर्वी नेपालका विभिन्न स्थानमा रहेका भूटानी शरणार्थी शिविरका प्रतिनिधिहरूले भूटानमा मूलभूल मानवअधिकारको बहाली र भूटानी शरणार्थी चाँडो स्वदेश फर्काउने "अपिल आन्दोलन" कार्यक्रम संचालन गर्ने समाचार।

१५२. भदौ २५ : प्रजातन्त्रका नाउँमा गरिने दमनले प्रतिहिंसा जन्मन पुग्छ - भारतको काश्मिरमा भारत सरकारद्वारा गरिएको उग्र दमन र विद्रोहीहरूद्वारा विदेशी पर्यटकहरूलाई बन्दी बनाएको बारेको शिव ढकालको लेख।

१५३. भदौ २५ : आदिवासी जमघट- काठमाडौं। आदिवासी विद्यार्थी समाजद्वारा आयोजित सेमिनार कार्यक्रममा आदिवासीको पहिचान र तिनका सम्पूर्ण समस्या राजनैतिक रूपमा समाधान हुनु पर्ने माग गरेको।

१५४. भदौ २५ : प्रतिनिधि सभामा पनि मानवीय समवेदनाले ठाउँ पाएन- काठमाडौं। प्रधानमन्त्री मनमोहन अधिकारी उपर प्रस्तुत अविश्वासको प्रस्तावको जवाफ दिन समय माग गर्दा पनि सुनुवाई नभई भीषण हवाई दूर्घटनामा परी शिक्षण अस्पतालको वेडमा उपचार गराई रहनु भएका उहाँले अस्पतालबाटै जवाफ दिने समाचार।

१५६. असोज १ : फगत औपचारिकतामा सीमित वेइजिङ महिला सम्मेलन- शिव ढकालको लेख।

१५७. असोज १ : वेइजिङ चौथो विश्व महिला सम्मेलन- उमा श्रेष्ठको लेख।

१५८. असोज १ : यस्ता पनि वकिल- वीरगंज। आशा सिंहका हत्याको अभियोगमा जेल परेका मखन सिंहलाई छुटाइदिने शर्तमा रू. २ लाख, डकैती काण्डमा जेल परेका

रामबाबुबाट रू. २० हजार समेत रू. ४ लाख मन्दा बढी रकम ठगी वीरेन्द्र जैसवाल वेपत्ता।

१५९. असोज १ : बन्द प्रतिकारको नाउँमा ८१ हजार लुटियो- झापा। सर्वोच्च अदालतद्वारा गरिएको फैसलाको विरोधमा बजार बन्द आयोजना गर्नेहरूमाथि कांग्रेसीद्वारा लाठी, भाला, खुकुरीबाट आक्रमण।

१६०. असोज १ : सिन्धुलीमा प्रहरी आतंक- सिन्धुली। सिन्धुलीको महादेव गाउँमा संयुक्त जनमोर्चा समर्थित कार्यकर्ताहरूमाथि डकैतको झुठो मुद्दा लगाएको विरोध गर्नेहरूलाई प्रहरीद्वारा गोली चलाई आतंकित पारेको।

१६१. असोज ८ : कांग्रेसी आतंकले सत्रसाल सम्झायो- सर्लाही। गौरीशंकर गाविसका कांग्रेसी नेता रामएकवाल यादवले सहकारी व्यवस्थापक देवनाथ यादवलाई कुटपिट गर्नुका साथै नगद रू ३१, ८५०।- र केही व्यक्तिगत सामान लुटेको।

१६२. असोज २९ : राप्रपाले मान्छे काट्यो- मकवानपुर। एमाले कार्यकर्ता प्रतापसिंह न्यासुरलाई राप्रपाका कार्यकर्ताहरूले खुकुरी प्रहार गरी घाइते बनाएको समाचार।

१६३. असोज २९ : महिला मजदूरमाथि हातपात- वीरगंज। डायमण्ड प्लाष्टिक वर्क्समा कार्यरत महिला कामदार श्रीमती सुशीला चौधरीमाथि कारखाना मालिक ओमप्रकाश अग्रवाल र अंकुश अग्रवालले हातपात गरेका।

१६४. कार्तिक ५ : महिलामाथि प्रहरी अत्याचार- काठमाडौं। अवैध रूपमा गर्भ बोकेको र बच्चा जन्माएर फ्याँकेको भन्दै ३४ वर्षीय पुतली थापालाई प्रहरीद्वारा गिरफ्तार गरी गम्भीर रूपमा शारीरिक यातना दिएको समाचार।

१६५. कार्तिक ५ : यो कस्तो जेलयातना- वीरगंज। ०४५ सालदेखि बन्दी बनाइएका नैनियत महतो, चुट्का सतार, शिवलाल् र बइकू सतार हालसम्म कारागारमै रहे पनि उनीहरूले अदालतबाट कैद पूर्जी पाएका छैनन्। ईश्वर महत, बलबहादुर घिमिरे, हरि लामा, मानबहादुर लामा पनि विना पूर्जी कैदमा रहेको समाचार।

१६६. कार्तिक ५ : आस्थाका कारण सजाय- लमजुङ। आस्थाका कारण माध्यामिक शिक्षक पूर्णकान्त सापकोटालाई नेकाको शासन कालमा तीन पटक सरुवा गरी दुःख दिएको।

१६७. कार्तिक ५ : शिक्षकद्वारा श्रीमतीको हत्या- काभ्रे। पाँचखाल गाविसकी सीता लामिछानेको लाश आफ्नै घरको छेउमा झुण्डिरहेको, आफ्नै पति विजय लामिछानेले हत्या गरेकोले प्रहरी हिरासतमा।

१६८. कार्तिक ५ : भट्टराईलाई मार्ने धम्की- काठमाडौं। शानेवानिका महाप्रबन्धक कल्याणदेव भट्टराईलाई घोटाला छानवीन गर्न लगाएकोले फोनबाट मार्ने धम्की आएको।

१६९. कार्तिक १२ : संगठनमा लाग्दा विद्यार्थी पिटिए- काठमाडौं। करफोक माध्यमकि विद्यायका प्रधानाध्यापकले निर्दोष विद्यार्थीहरूलाई आस्थाका कारण कुटपिट गर्ने र स्कूलबाट निकाल्ने काम गरेको समाचार।

१७०. कार्तिक १२ : नेपालगंजमा साम्प्रदायिक तनाव बढ्यो- नेपालगंज। तिहारमा मैलो खेल्दा पड्काएको पटाकाको निहुँमा हिन्दू-मुस्लिम बीचको झडपमा २० जना घाइते, तोडफोड र आगलागी भएको समाचार।

१७१. कार्तिक १२ : सैनिक जवानको आतंक- चितवन। शाही सेनाका जवान खेमबहादुर राना मगरले गाउँमा रीसइवी भएकाहरूलाई कुटपिट गर्ने, बन्दूक पड्काउने काम गरी आतंकित पारेको समाचार।

१७२. कार्तिक १९ : मृत्युदण्ड विरुद्ध मुद्दा- काठमाडौं। मानवअधिकार संरक्षण मंचको तर्फबाट कृष्णप्रसाद शिवाकोटीले सर्वोच्च अदालतमा "कानूनमा रहेका मृत्युदण्डका प्रावधानहरू" नेपाल अधिराज्यको संविधान ०४७ अनुकूल नभएकोले खारेज गरी पाउँ भनी सर्वोच्च अदालतमा रिट निवेदन दिनु भएको समाचार।

१७३. कार्तिक १९ : ठमेल हत्याकाण्ड- सरकारको शान्ति सुरक्षामाथि प्रश्न चिन्ह। इटालीयन पर्यकटक टेमिङ क्यारोरोका हत्या गर्ने खामसुङ गुरूङ, राजु गुरूङ, ललित गुरूङ, सोनाम- सेक्सी गुरूङ, राजु गुरूङ सम्बन्धी भूपराज खड्काको लेख।

१७४. कार्तिक २६ : पत्रकारमाथि प्रहरी दमन- काठमाडौं। गोरखापत्र संस्थाबाट प्रकाशित हुने सन्डे डिस्प्याचमा गलत क्याप्सन छापिएको कुरालाई लिएर गोरखापत्रका कार्यकारी अध्यक्ष गोविन्द भट्ट, सम्पादक लोकद्वीप थापा, सुनिल के.सी., विजयलाल श्रेष्ठ, योगेश कोइराला र गोपीलकृष्ण राणालाई पटकपटक प्रहरीले स्पष्टीकरण लिने र धम्क्याउने काम गरेको समाचार।

१७५. कार्तिक २६ : भूटानी शरणार्थीहरू घर फर्कने तयारीमा- काठमाडौं। भूटान सपोर्ट ग्रुप नेपालको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा भूटानी शरणार्थीहरू घर फर्कने तयारीमा रहेका जानकारी दिइयो।

१७६. कार्तिक २६ : माननीय सांसदहरूको ध्यानाकर्षण- मानवअधिकार संरक्षण मंचका महासचिव कृष्णप्रसाद शिवाकोटीद्वारा लिखित मानवअधिकार आयोग विधेयक सच्याउनु पर्ने जनआवाज अन्तर्गत चिठी।

१७७. कार्तिक २६ : मानवअधिकारवादीहरूको जमघट- दाङ। एम्नेष्टी इन्टरनेशनल नेपालको आयोजना तथा ए.आई. दाङ समूहको आतिथ्यमा दुईदिने मानवअधिकार शिक्षा राष्ट्रिय सम्मेलन सम्पन्न भएको समाचार।

१७८. मंसीर ३ : रोल्पालाई जाफ्ना बनाइदै छ- काठमाडौं। रोल्पामा सरकारद्वारा गरिएको दमनका सम्बन्धमा संयुक्त जनमोर्चा (भट्टराई) ले पत्रकार सम्मेलन गरी जानकारी दिएको।

१७९. मंसीर ३ : बाबुद्वारा विवाहित छोरी वेपत्ता- राजविराज। केटा वामपन्थी र तल्लो जातको भएको कारण सफल प्रेम विवाहलाई तोड्न कांग्रेसका कार्यकर्ता रामप्रसाद सिटौला र लोकनाथ संग्रौला सफल भएको। दुर्गा सिटौला र दिनेश भूजेल बीच प्रेम विवाह भएको।

१८०. मंसीर १० : प्रेमपत्र र मृत्यु- पर्वत। श्रीग्राम प्रकाश माध्यमकि विद्यालयकी छात्रा प्रमिला शर्माले टेष्ट परीक्षा हलमा

चिट भनेर समातिएको कागज उनको प्रेमीलाई लेखेको प्रेमपत्र भएकोले आत्महत्या गरेको समाचार।

१८१. मंसीर १० : एउटै घरमा तीन जनाको हत्या : दोलखा। लौंकुरी गाविसकी सुकमाया तामाङ, चौध वर्षीय उनकै छोरी आइत तामाङ र तेह्र महिनाको बालक फुर्वा तामाङलाई हत्या गरिएको।

१८२. मंसीर १० : रोल्पालीहरूप्रति गठबन्धन सरकार किन यति क्रूरः- रोल्पामा चलाएको राज्यआतंक बारे भूपराज खड्काको समाचार विश्लेषण।

१८३. मंसीर १७ : मानवअधिकार जनताको सार्वभौम अधिकार भीम रावलको टिप्पणीमूलक लेख।

१८४. मंसीर १७ : कपाल काट्ने जिम्मा प्रहरीको- राजविराज। प्रहरी उपरीक्षकले लाइसेन्स लिन आउनेलाई जबरजस्ती कपाल काट्न लगाउने र नमान्नेलाई लाइसेन्स नै दिँदैनन्।

१८५. मंसीर २४ : कुस्नाको हत्या- कलैया। आफ्नै पति र जहान परिवारको मिलोमतोबाट १८ वर्षीय कुस्नाकुमारी महतोलाई मारेको समाचार।

१८६. मंसीर २४ : कर्मचारीद्वारा घरमा आगो- रौतहट। जिल्ला वन कार्यालय रौतहटले राधिका देवी र वसकलिया देवीको घरमा आगो लगाएको।

१८७. मंसीर २४ : बन्दीहरू आमरण अनसनमा- रौतहट। जेलका बन्दी जीवन यापन गरिरहेकाहरूलाई शारीरिक यातना दिएको कारण राजेन्द्र श्रेष्ठ, लोकबहादुर पौडेल, परशुराम थापा, रामबहादुर तामाङ र कान्छा सिजापतिले आमरण अनसन गरेको।

१८८. मंसीर २४ : महिला बेच्ने महिला- वीरगंज। निसा आले, कमला दर्जी र लक्ष्मी राईलाई बिक्री गर्न लगेको अवस्थामा पक्राउ।

१८९. पौष २ : रोल्पाः एक पीडाको अनुभूति - रोल्पामा राजनीतिक आस्थाका कारण सरकारले चलाएको दमन बारे महेश्वर पाठकको लेख।

१९०. पौष १६ : संगीनले घोचीघोची नागरिकको हत्या- भरतपुर। प्रहरीले हिरासतमा राखेको कृष्ण जोशीलाई संगीनले रोपेर हत्या गरेको समाचार।

१९१. पौष १६ : बोक्सीका नाममा हत्या र यातना- लमजुङ। सनमाया गुरूङलाई बोक्सी भएको आरोपमा कुटेर मारियो। अन्धविश्वास र रूढीवादी सोचाइको परिणाम थुप्रै अन्य महिलाहरूले पनि यातना, तिरस्कार र हत्या समेत भएको लेखनाथ भण्डारीको समाचार विश्लेषण।

वार्ता साप्ताहिक (महेन्द्रनगर)

१. माघ २० : मानवअधिकार समीक्षा गोष्ठी - धनगढी। मानवअधिकार वर्ष पुस्तक १९९३ विषयक एकदिने गोष्ठीमा इन्सेकले तयार गरेका १९९३ को पुस्तकका विषय वस्तुमा केन्द्रित रहेर समीक्षा गरिएको।

२. माघ २० : कमैया मेला- महेन्द्रनगर। अनौपचारिक क्षेत्र सेवा केन्द्रको आयोजनामा कमैयाको सचेतनता कार्यक्रमको आयोजना।

३. वैशाख ८ : निर्दोष नेपालीहरू भारतको जेलमा- पत्रकार टोलीले बन्दीहरूलाई भेट्यो। भारतको दिल्लीबाट तीनवटा बसमा स्वेदश फर्केका करिब १०० जना नेपाली नागरिकहरू उत्तर प्रदेशको पिलिभितमा पुगेपछि प्रहरीले बर्बरतापूर्ण दमन गरेको। शान्ति सुरक्षाको आरोप लगाइएको।

४. जेठ १९ : हलि कमैयाको आवासगृह निर्माणको सिलान्यास - ऋषिराज लुम्सालीले त्रिभुवन वस्ती गाविसमा रहेको ऐलानी पर्ती जग्गामा हलि कमैयालाई बसाउन आवास निर्माणको शिलान्यास।

५. असार ९ : प्रहरी जवान लालबहादुर नेपालीको बदनियत - लक्ष्मीपुर गाविसको फटैया चौकीमा प्रहरी जवान लालबहादुर नेपालीले सोही क्षेत्रका एकजना सुकुम्बासी दम्पति सुतिरहेको अवस्थामा स्वास्नीमाथि हात हाल्ने नियतले छामछुम गरेपछि जनताले थाहा पाए। सजायँ दिए।

६. साउन ५ : अस्मिता लुट्ने प्रयास- महेन्द्रनगर। नेपाल विद्यार्थी संघको बन्द कार्यक्रमले महेन्द्रनगर बजारमा लुटपाट मच्चिएको समाचार।

७. साउन १२ : उत्पीडितले मुद्दा जिते- कन्चनपुर। "डुमले धारा छुनु हुँदैन" भनेर विष्णुराम दमाईलाई कुटपिट गर्ने गौरी सिंह महतलाई अदालतले एकहजार जरिवाना गरेको।

८. साउन १२ : ज्यान मार्ने धम्की- महेन्दनगर नगरपालिकामा नेकाका मनोनित सदस्य वालसिंह खत्रीले रामदत्त जोशीलाई मार्ने धम्की दिएको।

९. साउन १९ : मानवअधिकारवादीको संभना- महेन्द्रनगर। मानवअधिकार संरक्षण केन्द्र (हुरेप) कञ्चनपुरको आयोजनामा मानवअधिकारवादी कार्यकर्ता स्व. प्रकाश काफ्लेको सम्भनामा स्मृति सभाको आयोजना।

१०. साउन १९ : बन्दमा लुटपाट गरियो- महेन्द्रनगर। नेपाल विद्यार्थी संघको बन्द कार्यक्रमले महेन्द्रनगर बजारमा लुटपाट मच्चिएको समाचार।

११. साउन २६ : हत्या भएको आशंका - पुनर्वास शिवनगर बस्ने माइला दमाईको लाश परास गाविसको खड्डा जाने बाटोमा फेला परेको।

१२. साउन २६ : अस्मिता लुट्ने दोस्रो प्रयास- प्रहरी लालबहादुर नेपालीले लक्ष्मीपुर बस्ने कन्हैया राना थारूको इज्जत लुट्न खोज्दा गाउँलेहरूले पक्राउ गरी फटैया चौकीमा बुझाएको।

१३. भदौ ९ : एकातिर चोरी अर्कोतिर बलात्कार - रौतेली बिचवा गाविसका अनारकली राना, रिला रानालाई र चेतराज भट्ट, किसन चन्द (काका), किसन चन्द (भतिजो), एकसन दमाई लगायतका व्यक्तिहरूले बलात्कार गरेको।

१४ : भदौ २३ : मृत बच्चा पानीमा- श्रीपुर बेलौरीको हाती बोझा भन्ने ठाउँमा पानीको तालमा उत्रिरहेको अवस्थामा ५ महिने बालक फेला परेको।

१५. भदौ ३० : कुटपिट गरियो- महेन्द्रनगर नगरपालिका

वाई नं. १३ पिपरीया बस्ने प्रेमसिंह थापा र निजकी पत्नीलाई छिमेकी शेरसिंह थापा लगायतका व्यक्ति मिलेर कुटपिट गरेको।

१६. असोज १३ : मजदूरहरूले अधिकार लिई छोडे - बेलडाडी। होनियो कन्स्ट्रक्सन प्रा.लि. ले आफ्ना कामदारहरूलाई एमाले सरकारको पालामा थप गर्ने निर्णय भएको, महंगी भत्ता नदिएको कारण भएको हडतालले दुवै पक्ष बीच सम्झौतामा पुऱ्याई उक्त भत्ता पाउने भएका छन्।

१७. असोज २७ : आस्थाका आधारमा कर्मचारीमाथि दमन- महेन्द्रनगर। सिप तालिम केन्द्र महेन्द्रनगरमा कार्यरत नासु केशवराज शर्मालाई खोसुवा गरी सभापति रघुराज भट्टको साले पर्ने राजेश्वर भट्टलाई नियुक्ति दिएको।

१८. मंसीर १ : इन्सेक मूल्यांकन गोष्ठी - महेन्दनगर। मानवअधिकार वर्ष पुस्तक १९९४ को मूल्यांकन गोष्ठीको आयोजना गरेको।

१९. मंसीर ८ : हत्या कि आत्महत्या- डडेलधुरा। सिर्से गाविस जोगबुढा कटाल बस्ने रति लोहारले मुसा मार्ने दवाई सेवन गर्दा मृत्युको दोसाधमा, छोरीहरू ३ वर्षकी धनाकुमारी र ५ वर्षकी बासुकुमारी लोहारको मृत्यु भएको।

२०. मंसीर २९ : मानवअधिकार विचार गोष्ठी- महेन्द्रनगर। विश्व मानवअधिकार १९९५ को सन्दर्भमा मानवअधिकार तथा वातावरण संरक्षण केन्द्र कन्चनपुरले "नेपालमा मानवअधिकार र कमैया प्रथा" विषयक एक दिने गोष्ठीको आयोजना गरेको।

युगसम्वाद साप्ताहिक (काठमाडौं)

१. पुस १९ : सरकारलाई हेरिरहेका सप्तरीका अछुतहरू- सप्तरी। तराईका अन्य जिल्लामन्दा सप्तरीमा अछूत र अपहेलित समुदायका मानिसहरूको बसोबास रहेकोमा सरकारले ती वर्गको उत्थान र विकासको लागि कार्यक्रम ल्याउनु पर्ने समाचार।

२. पुस २६: अपाङ्गहरूलाई नयाँ जीवन- नेपालगंज। पोलियो पीडित वालवालिका र अपाङ्गहरूको पुनर्स्थापना शिविर नेपालगंजमा आयोजना।

३. माघ ३ : नेपाल बैंकमा तालाबन्दी- हजारौं ग्राहकले चेक साट्न पाएनन्। नेपाल बैंक वित्तीय संस्थान कर्मचारी संघले तालाबन्दी गरेकोले यस्तो स्थिति सिर्जना भएको।

४. माघ ३ : सामाजिक भेदभाव विरूद्ध कार्यक्रम- काठमाडौं। नेपालमा विद्यमान सामाजिक भेदभाव र कुरीति विरूद्ध सिर्जना विकास केन्द्रले जनचेतना कार्यक्रम "भेदभाव विरूद्धको युद्ध" र "नेपाली महिलामा चेतनाको वृद्धि" पुस्तक विमोचन गरेको समाचार।

५. माघ ३ : यातना विरूद्ध क्षतिपूर्ति विधेयकमा विवाद-काठमाडौं। संसदको चालु सदनमा पेश भएको यातना सम्बन्धी क्षतिपूर्ति विधेयक ०५१ ले नेपालले हस्ताक्षर गरिसकेको यातना विरोधी महासन्धिको उद्देश्य पूरा गर्न नसक्ने मानवअधिकारवादी संस्थाहरूले आएका सवालहरूप्रति कुनै ध्यान नदिएको समाचार।

६. माघ ३ : जुटमिलमा रिले अनशन- विराटनगर। जुट मिलका मजदूरहरूले जुटमिलको अव्यवस्थापन, भ्रष्टाचारका बारेमा ध्यानाकर्षण गराउन रिले अनसन बसेको समाचार।

७. माघ ३ : वालक रिहा- काठमाडौं। ज्यान मार्ने उद्योग गरेको आरोपमा थुनामा राखिएको १४ वर्षको वालक सुभाष राईलाई चाहिएका बखत उपस्थित गराउने शर्तमा आमा पद्मकुमारी सुनुवारलाई जिम्मा दिने आदेश पुनरावेदन अदालत ललितपुरले दिएको। नावालकले कुनै अपराध गरेछ नै भने पनि वालवालिका सम्बन्धी ऐन अनुसार अनाथालय वा वालसुधार गृहमा राख्नु पर्नेमा विद्यालयबाट प्राप्त प्रमाणपत्रको आधारमा १४ वर्ष पनि नपुगेको वालकलाई प्रहरीले १६वर्ष कायम गरी पूरा सजायको माग गरेको थियो।

८. माघ १० : डा. मिश्रको पुनर्वहाली खै- राजविराज। राजनीतिक अभियोगका कारण ०४२ सालमा सेवाबाट हटाइनु भएका डा. अशोकानन्द मिश्रलाई ०४६ सालको जनआन्दोलन पछि पनि वहाली नगरिएको।

९. माघ १७ : आठ वर्षे वाल श्रमिक माथि निर्मम यातना- राजविराज। सप्तरीको घोघनपुर गाउँका एक अबोध ८ वर्षे वालक रजित दासलाई कुकुरले दुध खाइदिएको बहानामा आफूले काम गर्ने होटल मालिक सुरेश दास, हतहरू दासले शारीरिक यातना दिएको कारण अस्पताल भर्ना गर्नु परेको समाचार।

१०. माघ १७ : प्रेस युनियनले धर्ना दिने- काठमाडौं। सरकारी संचार माध्यमहरू रेडियो नेपाल, रासस, गोरखापत्रबाट कामदार पत्रकार निकालेको विरोधमा नेपाल प्रेस यूनियनले सिंहदरबार अगाडि धर्ना दियो।

११. माघ २४ : बन्दीहरूको जीवनमाथि खेलवाड- विराटनगर। विराटनगर कारागार प्रशासनले बन्दीहरूको जीवनमाथि खेलवाड गरेको समाचार।

१२. माघ २४ : कानून व्यवसायीहरू आमरण अनशनमा- काठमाडौं। वारको परीक्षामा देखिएका समस्या समाधानमा सम्बन्धित निकाय उदासीन रहेको कारण माघ २९ देखि संचालन हुने परीक्षा रोक्न नवोदित कानून व्यवसायीहरूले आमरण अनसन गर्ने।

१३. माघ २४ : भारतका तिब्बतीहरूलाई नेपालमा परिचयपत्र- काठमाडौं। तिब्बतबाट भारत प्रवेश गरेर उतै बसेकाहरूलाई समेत शरणार्थी परिचयपत्र दिलाउने।

१४. फागुन २ : इन्दिरा कसरी मारिइन्- पोखरा। श्रीमती इन्दिरा कोइरालाको विष सेवनबाट मृत्यु भएको मनिएता पनि कर्तव्यबाट भएको भन्ने समाचार।

१५. फागुन २ : वीरगंज। कहिले डाका काटिन्छन्, कहिले प्रहरी- वीरगंज। अपराध गतिविधिको गोप्य सुराक दिएर सहयोग गर्ने रामआधार ठाकुर उर्फ ठाकुर पहलवानको भारतीय डाका भगवान सिंहले रानीघाटमा गोली हानी हत्या गरेको।

१६. फागुन २ : रक्सी विरूद्ध सिन्धुपाल्चोकका महिलाहरू- सिन्धुपाल्चोक। इचौक महांकाल गाविसका महिला समुहका सदस्यहरूको सक्रियतामा सान्नानी लामिछानेको

संयोजकत्वमा गठित दवाव समूहले सो गाउँमा बडेको तास, जुवा, खेल्ने प्रवृत्ति र जाँड रक्सीले ल्याएको समस्या विरूद्ध संघर्ष गर्ने।

१७. फागुन २ : पियनमाथि हाकिमको आतंक- वीरगंज। कृषि विकास शाखा प्रमुख सिकन्दर साहले व्यक्तिगत काम नमानेको अभियोगमा महेन्द साह, राम नारायण यादव र कृष्ण तमाङलाई चोरीको आरोप लगाई फसाउने षडयन्त्र गरेको समाचार।

१८. फागुन २ : विराटनगरमा रक्सी आतंक- विराटनगर। रक्सी नियन्त्रणको नाममा हिजोआज प्रहरीले जथाभावी दुःख दिन थालेकोले विरामी कुरूवा समेतलाई सताएको समाचार।

१९. फागुन २ : नेपालीलाई दिल्ली प्रवेशमा रोक- काठमाडौं। काठमाडौंबाट दिल्ली उडेका ६ जना नेपालीलाई दिल्ली एयरपोर्टमा अध्यागमनले निस्किन नदिई नेपाल फर्काएको समाचार।

२०. फागुन २ : घाइतेको उपचार भएन- काठमाडौं। रूम्जाटार उडेको प्लेन दूर्घटनामा परेका यात्रुहरूको उचित उपचार नभएको समाचार।

२१. फागुन ९ : इन्सेकको आपत्ति- काठमाडौं। नेकपा एमालेका महासचिव एवं उपप्रधानमन्त्री माधवकुमार नेपालले जेनेभामा सम्पन्न मानवअधिकार आयोगको वैठकलाई सम्बोधन गर्ने क्रममा नेपालमा एक जना पनि राजनीतिक बन्दीहरू छैनन् भनी गर्नु भएको दावालाई खण्डन गर्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रेस विज्ञप्ति जारी गरेको समाचार।

२२. फागुन ९ : मानव इतिहासको कलंक- तराईमा प्रचलित छोइछिटो मुसहर, डोम आदि जाति बारे मुक्तिनाथ मण्डलको लेख।

२३. फागुन ९ : खमरडाँगीमा ज्वाईको हत्या- धुलावारी। धुलावारी गाविसका थानेश्वर कट्टेलले आफ्नै ज्वाई उमेश रेग्मीलाई छुरा प्रहार गरी हत्या गरेको समाचार।

२४. फागुन ९ : बीसौं शताब्दीको अपूरो काम। संयुक्त राष्ट्र संघीय वालकोष- यूनिसेफद्वारा प्रकाशित प्रतिवेदनमा वाल वालिकाको अवस्था बारे चर्चा भएको विश्लेषणात्मक समाचार।

२५. फागुन १६ : पार्वती अझै फेला परेकी छैनन्- वीरगंज। ठहरनाथ ढकालकी छोरी पार्वती र छिमेकी रामबहादुर राना एक महिना अगाडि गायव भए, केटी भगाउने गिरोहको भण्डाफोर, केटीका परिवारका केही सदस्यहरूमाथि खुकुरी तेस्पाई लठ्ठी प्रहार गरेको समाचार।

२६. फागुन १६ : भूटानी शरणार्थी समस्या झनै जटिल- काठमाडौं। नेपालले विगत चार वर्षदेखि भोग्दै आएको भूटानी शरणार्थी समस्या समाधानका निम्ति नेपाल र भूटान वीच मन्त्रीस्तरीय पाँचौं वैठक काठमाडौंमा शुरू भएको समाचार।

२७. फागुन १६ : शरणार्थी परिचय पत्र संदिग्ध- काठमाडौं। तिब्बती शरणार्थीहरूलाई परिचयपत्र दिने दिलाउने कार्यमा दलाई लामाका स्थानीय प्रतिनिधि संदिग्ध रूपले सक्रिय रहेको समाचार।

२८. फागुन २३ : जेलभित्र नारा र जुलुस- विराटनगर। विराटनगर कारागारका कैदीहरू ११ सूत्रीय माग राखी संघर्षमा उत्रिएको समाचार।

२९. फागुन २३ : ६० वर्षको बुढो ११ वर्षकी वालिकासंग लगनगाँठो- राजविराज।

३०. फागुन ३० : हत्यापछि फरार- वीरगंज। सीर्सिया खोला नजिक सिमानामा शेख तैयवलाई बैजु शाह कानूले मारी लाश फालेको समाचार।

३१. चैत्र ७ : महिलाहरूको अधिकार पनि मानवअधिकार हो- वेइजिङ विश्व महिला सम्मेलनका सन्दर्भमा एम्नेष्टी इन्टरनेशनलले ७ महिने लामो विशेष कार्यक्रमको आयोजना गर्ने समाचार।

३२. चैत्र २८ : मानवअधिकार हनन यथावत्- काठमाडौं। पाँचवटा मानवअधिकारवादी संस्थाहरू इन्सेक, मासम, सिमिक्ट, सिविन र इन्हुरेडले संयुक्त रूपमा आयोजित समारोहमा इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९४ को विमोचन र गणेशमानसिंहको अभिनन्दन कार्यक्रममा मानवअधिकार बारे चर्चा।

३३. वैशाख ५ : वर्ष १९९४ मानवअधिकार उल्लंघनका केही घटनाहरू- नेपालमा मानवअधिकार हनन भएको बारे इन्सेकको वर्ष पुस्तकमा आधारित घटनाको चर्चा।

३४. वैशाख ५ : भोलिदेखि उपत्यका बन्द- काठमाडौं। नेपाल राष्ट्रिय यातायात व्यावसायी महासंघले १४ सूत्रीय आफ्ना माग पूरा गराउन दवाव स्वरूप उपत्यका बन्द गर्ने घोषणा।

३५. वैशाख १२ : विश्वमा मृत्युदण्डको अवस्था- काठमाडौं। वर्तमान विश्वमा कायम रहेको मृत्युदण्डको अवस्था बारे जानकारी दिन एम्नेष्टी इन्टरनेशनल नेपालद्वारा कार्यक्रमको आयोजना गरेको।

३६. वैशाख १२ : डाक्टरको लापरवाहीले मृत्यु- वीरगंज। नारायणी उपक्षेत्रीय अस्पतालका वरिष्ठ प्याथोलजिष्ट डा. रामप्रसाद खेतानको लापरवाहीको कारण पर्सा जिल्ला बस्ने रितादेवी नाम गरेकी रोगीको ज्यान गयो।

३७. वैशाख १२ : रहस्यमय हत्या- पोखरा। भलाम गाविसका मित्रमणि पौडेललाई अज्ञात व्यक्तिहरूद्वारा रहस्यमय ढंगले हत्या गरिएको समाचार।

३८. वैशाख १९ : पाँच जिल्ला कमैया- नेपालका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूमा लगभग ३५, ९३८ कमैया रहेको जानकारी व्याकवार्ड सोसाइटी एजुकेशनको आयोजनामा संचालित गोष्ठीमा दिइएको समाचार।

३९. वैशाख २६ : छलफलको वृत्तमा मानवअधिकार आयोग- काठमाडौं। मानवअधिकार संरक्षण मंचले राष्ट्रिय मानवअधिकार आयोग गठन बारे गोष्ठीको आयोजना।

४०. वैशाख २६ : झापाका जनजातिको विरोध- विर्तामोड। झापा जिल्लाका सम्पूर्ण जनजाति महासंघको आयोजनामा संस्कृत समाचार प्रसारण बन्द गर्ने माग गर्दै कालो झण्डा गाडेर विरोध गरियो।

४१. वैशाख २६ : रहस्यमय हत्या- काठमाडौं।

महाराजगंज चक्रपथबाट बसुन्धरातर्फ जाने सडकको किनारमा छातीभन्दा माथि र कम्मरभन्दा तलका कुनै अंगहरू नभएको लाशको गीड फेला परेको।

४२. वैशाख २६ : पत्रकारमाथि हातपात- काठमाडौं। चक्षु साप्ताहिकका कार्यकारी सम्पादक अस्वत्थामा भक्त खरेललाई पंकज प्रधानले हातपात गरेको समाचार।

४३. वैशाख २६ : कस्तो रह्यो उपत्यका बन्द- काठमाडौं। संयुक्त जनमोर्चा (भट्टराई) ले आयोजना गरेको।

४४. जेठ ९ : मानवअधिकार : आजभोलिको सन्दर्भमा- महेश्वर शर्माको लेख।

४५. जेठ ९ : दाजुले भाइ मारे- वीरगंज। अंश सम्बन्धी जग्गा विवाद हुँदा मुडली गाउँका धर्मदेव महतो कोइरीले हिराम महतो कोइरीको छोरा प्रभु महतो कोइरीलाई लठ्ठी हानी मारेको।

४६. जेठ ९ : हिन्दू युवती फर्किनाले समस्या टर्‍यो- राजविराज। राजविराज नगरपालिका भरत शाही १५ वर्षीय छोरी अन्जुकुमारीलाई भारतीय नागरिक मो. नइम भन्ने व्यक्तिले मो. मुन्ना र विराटनगर निवासी अलम कवाडी समेतको सहयोगबाट अपहरण गरेको। पछि घरमा फिर्ता गरिनाले हिन्दू मुस्लिम बीचको तनाव साम्य भयो।

४७. जेठ ९ : यौन पिपासुको शिकार- स्याङ्जा। स्याङ्जा निवासी ४ वर्षीया बालिकालाई आफ्नै काका नाता पर्ने १९ वर्षीय अर्जुन के.सी.ले बलात्कार गरेको समाचार।

४८. जेठ ९ : प्रहरीले माफी मागे- वीरगंज। वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरीहरूले प्रभाकर पाण्डेलाई लाइन नलागी टिकट लिन लागेको बहानामा पक्राउ गरी कुटपिट गरी छाडेपछि विद्यार्थीहरूको दबाबबाट प्रहरी एस.पी. शेरबहादुर शाहले विद्यार्थीहरू समक्ष दोषी प्रहरीहरूलाई माफी माग्न लगाएको समाचार।

४९. जेठ १६ : मानवअधिकार आयोग- मसौदा ऐन भित्रै प्रश्न चिन्ह- काठमाडौं। नेपाल कानून सुधार आयोगले तयार गरेको मसौदा ऐनमाथि मानवअधिकारवादी संस्थाका प्रतिनिधिहरू, कानूनविद्हरू र सम्बद्ध सरकारी निकायका अधिकारीहरू बीच छलफल हुने।

५०. जेठ १६ : हत्याको कारण दाइजो- महोत्तरी। दाइजोको रकम अपुग भएको कारण खोजी गाविसका युवक रामछविला राय यादवले आफ्नी पत्नी मनतोडिया देवीलाई दाइजो नल्याएको निहुँमा घाँटीमा हसिया रोपी हत्या गरेको।

५१. जेठ १६ : आँखा जाँच्ने निहुँमा बलात्कार - विराटनगर। मोरङको उर्लावारीको डी.के. चश्मा सेन्टरका निर्मलकुमार साह र जुल्फिकार सिद्दिकीले आँखा जँचाउन आएकी २१ वर्षीय महिलालाई आँखा जाँच्ने क्लिनिकमा बोलाई अनुचित कार्य गरेको समाचार।

५२. जेठ १६ : तास खेल्दा हत्या - सिन्धुपाल्चोक। १० जनाको हुल तास खेल्दै गरेको अवस्थामा रू. ५० को लेनदेनको विषयलाई लिएर विवाद बढ्न गई भीमबहादुर तामाङले कोदालोको पासोद्वारा प्रहार गरी लामा दोर्जेको हत्या गरेको।

५३. जेठ १६ : चारजना युवाद्वारा सामूहिक बलात्कार - राजविराज। एकजना युवतीलाई राजेन्द्र पाण्डे, महेश्वर भारती, गणेश श्रेष्ठ, बुद्धराम मण्डलले पालैपालो बलात्कार गरेको समाचार।

५४. जेठ १६ : मठ विवादमा गोली चल्यो - राजविराज। सप्तरी रामनगर गाविसका केही व्यक्तिहरू र प्रहरीहरू बीच विवाद सिर्जना भई झडप हुँदा स्थानीय व्यक्तिहरूबाट गरिएको ढुङ्गा प्रहारबाट प्रहरी घाइते। प्रहरीद्वारा चलाइएको गोलीबाट २ जना व्यक्ति घाइते भएको।

५५. जेठ २३ : एक्सरे गर्दा यौन पिपासुको शिकार - नेपालगञ्ज। नेशनल एक्सरे एण्ड प्याथोलोजी सेन्टरमा एक्सरे गराउन गएकी वर्दिया निवासी एक महिलालाई बबलु हल्वाइले बलात्कार गरेको।

५६. जेठ २३ : गाविस अध्यक्षले सचिव कुटे - वीरगञ्ज। मेडीहारी गाविसका अध्यक्षलाई "आफ्नो गाउँ आफैं बनाउँ" कार्यक्रम अन्तर्गत जिविसको पत्र बुझाउन जाँदा सद्भावना समर्थक अध्यक्ष सुरेन्द्रप्रसाद चौरेसियाले गाविस सचिव गौरी शंकर नेपालीलाई कुटपिट गरेको समाचार।

५७. जेठ ३० : एम्नेष्टीको कार्यक्रम - काठमाडौं। एम्नेष्टी इन्टरनेशनल नेपालले ३५ औं स्थापना दिवसको उपलक्षमा मानवअधिकारबाट वञ्चित पारिएका, बेपत्ता पारिएका, यातना दिइएका तथा देश निकाला भएका संसारभरिका मानिसहरूको फोटो प्रदर्शनी र हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको।

५८. जेठ ३० : दुई हत्या कि आत्महत्या ? - वीरगञ्ज। कलैयाको व्यापारीकी छोरी सीताको वीरगञ्जका सुशील साह तेलीको विवाह भएकोमा ६ महिना बित्दा नबित्दै पेटमा दुइटा बच्चा भएको अवस्थामा सुशील साहकै घरमा मृत्यु भएको। दाइजोको निहुँमा हत्या गरिएको आशंका। वीरगञ्ज नगरपालिकाका पन्नालाल साहकी बुहारी रितादेवी साहलाई कान्छा ससुरा अदालत साहको घरमा अदालत साह, निजकी पत्नी हिरादेवीले विष खुवाई मारेको समाचार।

५९. असार ६ : चारसय प्रदर्शनकारी गिरफ्तार - उपत्यका बन्दमा तोडफोड - काठमाडौं। नेपाल विद्यार्थी संघले आयोजना गरेको उपत्यका बन्द कार्यक्रममा तोडफोडको घटना घटे। ४०० जना प्रदर्शनीलाई प्रहरीले पक्राउ गर्‍यो।

६०. असार ६ : पत्रकारमाथि सांघातिक हमला - काठमाडौं। मध्यावधि चुनावको घोषणाको विरोधमा निस्केको जुलुसले स्वतन्त्र पत्रकार लेखनाथ भण्डारीमाथि कुटपिट गरेको। कुटपिटमा संलग्न हुनेहरूमा वीरबहादुर बलायर, महेश थपलिया र हेमन्त मल्ल समेत रहेको समाचार। डायरी, प्रेसपास, क्यामरा लुटिएको।

६१. असार ६ : श्रीमतीको हत्या - तुलसीपुर। अवैध लागू पदार्थ सेवन गर्ने फत्तबहादुर वस्नेतले आफ्नी पत्नी मीनिता वस्नेतलाई खुकुरी प्रहार गरी हत्या गरेको।

६२. असार २० : भूटानी शरणार्थीलाई अन्तर्राष्ट्रिय सहयोग बन्द हुने - काठमाडौं। भूटानी शरणार्थी समस्या बारेको

विस्तृत समाचार।

६३. असार २० : प्रहरीद्वारा महिला बलात्कृत - धादिङ्ग। प्रहरी नायब निरिक्षक जनार्दन खत्रीले धादिङ मलेखु बजारकी निर्मला शेरचनलाई बलात्कार गरेको समाचार।

६४. असार २७ : रोल्पामा १२ पक्राउ - काठमाडौं। रोल्पाको कोट गाउँमा बेगम रानामाथि भएको कुटपिट काण्डलाई लिएर घटनासँग असम्बन्धित १२ जनालाई गिरफ्तार गरेको र हिरासतमा प्रहरीले अमानवीय यातना दिएको समाचार।

६५. असार २७ : यशोदाको हत्या कि आत्महत्या - धनकुटा। हराएकी यशोदा पौडेलको सम्बन्धमा भूपाल पौडेल, गुणराज पौडेल र उसकी पत्नीको मिलेमतोमा हत्या गरी लाश वेपत्ता पारिएको जाहेरी दिए पनि राजनीतिक दबावका कारण निजहरू हिरासतबाट छुटे।

६६. असार २७ : नेपालमा अझै पनि आस्थाका बन्दी - काठमाडौं। एम्नेष्टी इन्टरनेशनलले पत्रकार भेटघाट कार्यक्रम आयोजना गरी सन् १९९४ भरी विश्वका १५१ देशमा भएको मानवअधिकार हननको घटना प्रस्तुत गर्‍यो। नेपालमा ११ जना आस्थाका बन्दी रहेको र तिनीहरू धार्मिक कारणले गिरफ्तार गरिएको प्रतिवेदनमा उल्लेख भएको जानकारी।

६७. असार २७ : महिला मजदुरहरू शोषणको चपेटामा - ललितपुर। हरिसिद्धिको हात्तीवनस्थित इन्द्रेकनिक उद्योगमा कार्यरत महिलाहरूमाथि उद्योग व्यवस्थापनले व्यापक आर्थिक र शारीरिक शोषण गर्ने गरेको।

६८. साउन १६ : प्रकाश काफ्लेको सम्झनामा - काठमाडौं। मानवअधिकारवादी योद्धा प्रकाश काफ्लेको तेस्रो पुण्य तिथिका अवसरमा प्रकाश मानवअधिकार पुरस्कार वितरण गरियो।

६९. साउन १६ : निन्दनीय कार्य - वीरगंज। बनेपा नगरपालिका निवासी एक महिलालाई वीरगंजको नयाँ वसपार्कमा प्रहरी सहितको मिलेमतोमा बलात्कार गरेको।

७०. साउन १६ : एम्नेष्टीको राष्ट्रिय युवा सम्मेलन - काठमाडौं। एम्नेष्टी इन्टरनेशनल नेपालको राष्ट्रिय युवा सम्मेलनमा मानवअधिकार बारे चर्चा।

७१. साउन १६ : इन्हुरेडद्वारा कार्यशाला गोष्ठी - काठमाडौं। अन्तर्राष्ट्रिय मानवअधिकार वातावरण तथा विकास प्रतिष्ठानको आयोजनामा महिला अधिकार सम्बन्धी कार्यशाला गोष्ठी गरेको।

७२. साउन २३ : प्रकाश काफ्लेलाई यसरी सम्झिइयो - पोखरा। मानवअधिकारवादी नेता स्व. प्रकाश काफ्लेको तेस्रो पुण्य तिथि इन्सेक क्षेत्रीय कार्यालय पोखराको आयोजनामा मानवअधिकार शिक्षा ,जनताको घरदैलोमा पुर्‍याउने नाराका साथ सम्पन्न भएको।

७३. साउन २३ : बाल मानवअधिकार गोष्ठी - काठमाडौं। बालश्रम उन्मूलन सम्बन्धी कार्यक्रम सम्पन्न भएको।

७४. साउन २३ : पत्रकारहरू आन्दोलनमा - वीरगञ्ज। पत्रकारहरूको सुरक्षा सहित विविध माग राखेर वीरगञ्ज प्रेस क्लबको आव्हानमा जिल्ला प्रशासन कार्यालयमा धर्ना।

७५. साउन ३० : नेपालमा बाल श्रमिकको स्थिति - काठमाडौं। बाल श्रमिक र उनीहरूको अवस्था बारे खगेन्द्र भण्डारीको समाचार टिप्पणी।

७६. साउन ३० : अखिलको विरोध सभा - पोखरा। नेविसंघले आयोजना गरेको नेपाल बन्दको कार्यक्रममा तोड़फोड हुनुको साथै मानवअधिकारवादी कार्यकर्ता शंकर कार्कीको क्यामेरा लुटेको। यसको विरोधमा अखिलको सभा सम्पन्न भयो।

७७. भदौ ६ : रूख काटिएकोमा कुटपिट - धनकुटा। जिल्ला नापी शाखा धनकुटाका अमिन जयदेव यादवले सामुदायिक वन अन्तर्गत पर्ने १४ सय ८० मिटर ३ भाग छुट्याई बाँकी जंगल सुरेन्द्र पौडेलको निजी वनमा दर्ता गरेपछि रेञ्जर इन्द्रकान्त झाले जङ्गल फडानी गर्न अनुमति दिए। यसबाट विवाद उत्पन्न भई मारेक कट्टहरे गाउँका हरिबहादुर कार्की र निज पौडेलबीच कुटाकुट भयो।

७८. भदौ १३ : अनेरास्ववियूको पनि विरोध जुलुस - काठमाडौं। सर्वोच्च अदालतको फैसलापछि अनेरास्ववियूका विद्यार्थीहरूले अदालतप्रति रोष प्रकट गर्दै जुलुस प्रदर्शन गरे।

७९. भदौ १३ : वैदेशिक रोजगारीको नाममा ठगी धन्दा - काठमाडौं। बुटवल नगरपालिका बस्ने बेनिमाधव पाठक नामको एक ठगले पटक पटक गरी आफ्नै घर छिमेकका साथीहरू कर्णबहादुर सुवेदी, ईश्वरलाल चुके, पोष्टराज गौतम, हरि खड्गी, मुक्ति खड्गी, विजय तेली, उद्धव गौतम, यज्ञ चौलागाईबाट रकम लिई काम मिलाई दिने भनी निजहरूलाई सिङ्गापुरको होटलमा राखी आफू नेपाल आएको समाचार।

८०. भदौ १३ : रामपुर क्याम्पसमा गुण्डागर्दी - भरतपुर। प्राध्यापकद्वय सत्यनारायण तिवारी र चन्द्र किशोर मण्डलले क्याम्पसकै ड्राइभर तथा कर्मचारी संघ इकाइका उपसभापति उद्धव विष्टमाथि कुटपिट गरेको समाचार।

८१. भदौ १३ : अपाङ्गले सपाङ्गलाई ठगे - काठमाडौं। कुनै एक अपाङ्ग संघका अध्यक्ष समेत रहनु भएका हस्त गौतमले जापान पठाइदिने भनी ७/८ जनाबाट जनही ५ लाखका दरले चट पारेको समाचार।

८२. भदौ २० : मासमको चिन्ता - काठमाडौं। मानवअधिकार संरक्षण मञ्चले प्रतिनिधि सभा पुनर्स्थापना भएपछि पक्ष र विपक्षमा भएका जुलुस आमसभा, नारा, वक्तव्य आदिले अदालतप्रति जनआस्था घट्दै गएको र देशमा मानवअधिकार बिग्रँदै गएकोले वक्तव्य मार्फत चिन्ता प्रकट गरेको।

८३. भदौ २० : सर्वोच्च अदालतमा ज्ञापनपत्र - काठमाडौं। प्रतिनिधि सभाको पुनर्स्थापनाको फैसला भएपछि आक्रोशित नेकपा (एमाले) संग सम्बद्ध ६ वटा जनवर्गीय संगठनहरूले प्रधान न्यायाधीशलाई ज्ञापन पत्र दिए।

८४. भदौ २० : रजनीको ज्यान यसरी गयो - विराटनगर। मोरङको मृगौली गाविस बस्ने खगेन्द्र उप्रेतीको बारीबाट गणेश चौथीको राती सोही गाउँका रजनीदेवी छोरा

शंकर मलाहाले मोगटे चोरेको अभियोगमा निज उप्रेतीको घरमा काम गरेर बस्ने सुरेश काफ्ले, अर्जुन काफ्ले लगायत ४/५ जनाले रजनीदेवी मलाहालाई कुटपिट गर्दा मृत्यु भएको।

८५. भदौ २० : लक्ष्मी साहको ज्यान खतरामा - वीरगञ्ज। ललाई फकाई लक्ष्मी शाहलाई बिहे गर्ने ध्रुवतारा बसका मालिक गोल्डी सिंहले एउटा छोरा समेत जन्मिसकेको अवस्थामा रू. तीन लाख दिई निजलाई अलपत्र पार्ने षड्यन्त्र गरेको र सो नमानेकोले विभिन्न मान्छे मार्फत धम्क्याउन थालेको समाचार।

८६. भदौ २७ : यस्तो हत्या किन भयो - विराटनगर। नेपाल राष्ट्र बैंक विराटनगर शाखा कार्यालयमा इटहरी ब्यारेकबाट खटिइआएका सुवेदार मेजर भीमबहादुर श्रेष्ठको आफ्नै समूहका सुरक्षा गार्ड रामकुमार कार्कीले राईफलले हानी हत्या गरेको समाचार।

८७. असोज ३ : "नजरबन्द" शैलीको पुनरागमन - काठमाडौं। संयुक्त सरकारमा सामेल नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरू विश्वासको संकटको कारण विश्वासको मत प्रधानमन्त्री देउवालाई नदिउन्जेल नेका सांसदहरू शंकर होटलका र राप्रपाका सांसदहरू नगरकोटमा "नजरबन्द" गरिए। पञ्चायत कालको थुन्ने, किन्ने चलनको पुनरावृत्ति हुन लागेको अनुभूति जनताले गरेको।

८८. असोज ३ : वैदेशिक रोजगारको यो हालत - काठमाडौं। नेपाल म्यानपावर सप्लायर्स विशालबजार, पिरामिड म्यानपावर सप्लायर्स भोटेबहाल, मिलन इन्टरनेशनल टेकू लगायतका दर्जनौं एजेन्सीहरूले वैदेशिक रोजगारका लागि प्रतिव्यक्ति रू. ७० हजार धरौटी लिई कतार पठाइएका युवाहरू अलपत्र परेको समाचार।

८९. असोज ३ : आफ्नै आमाद्वारा हत्या - वीरगञ्ज। सवितादेवी कोइरीले आफ्नै ३ वर्षीय छोरी अन्नुकुमारीलाई चुलेसीले हिर्काइ मारेको समाचार।

९०. असोज १० : शरणार्थी सम्बन्धी संयुक्त तालिम - काठमाडौं। संरास शरणार्थी सम्बन्धी उच्चायोग तथा गैरसरकारी संस्थाहरूको साझा चुनौतिका रूपमा स्थापित "कार्यगत सहयोग" ले वकालत विषयक तालीम कार्यक्रम आयोजना संचालन।

९१. असोज ३० : परिवृत्तमा "कू" हुने - काठमाडौं। वैचारिक प्रतिशोधका कारण नेपाल टेलिभिजनको परिवृत्त कार्यक्रमका संयोजक राजेन्द्र गौतम लगायत शिव गाउँले, कृष्ण गौतम र रमेश खड्कालाई हटाइने।

९२. कार्तिक १४ : डा. मैनालीमाथि गुण्डाबाट हमला - काठमाडौं। वीर अस्पतालका चिकित्सक डा. दिनेश मैनालीमाथि लक्ष्मण भट्टराई र भूवन के.सी.द्वारा हमला गरी घाइते बनाएको समाचार।

९३. कार्तिक १४ : सिन्धुलीमा मानवअधिकार उल्लंघन - भदौ २४ गते महादेवस्थान गाविसमा भएको गोलीकाण्डका सम्बन्धमा समाचार विश्लेषण।

९४. कार्तिक २१ : पत्रकार तिवारी घाइते - काठमाडौं। पत्रकार रामचन्द्र तिवारी मोटरसाइकलको ठक्करबाट घाइते भएको समाचार।

९५. कार्तिक २१ : शान्ति योद्धाको निर्मम हत्या - काठमाडौं। इजरायलका प्रधानमन्त्री इत्ज्याक रबिनको हत्या बारे समाचार।

९६. कार्तिक २१ : एम्नेष्टीले ६० दिवसीय कार्यक्रम गर्ने - काठमाडौं। एम्नेष्टी इन्टरनेशनलले समाजको तल्लो तहसम्म मानवअधिकार बारे चेतना वृद्धि गराउन विश्व मानवअधिकारको दिनदेखि कार्यक्रम संचालन गर्ने समाचार।

९७. मंसीर ५ : सम्पत्तिको निम्ति भाउजूको हत्या - वीरगञ्ज। सम्पत्ति अंशवण्डाको कुरालाई लिएर पर्साको हरिहरपुरका इद्रिस मिया मुकेरीकी दिदी लालवदनी मुकेरि मियालाई धारिलो हतियार प्रयोग गरी मारेको। निजको देवर मुसाफिर मियाले मारेको आशंका।

९८. मंसीर ५ : आलु व्यापारीको हत्या - काकडभिट्टा। काकडभिट्टा भन्सार छेउ नजिकै दुई जना भारतीय आलु व्यापारीहरूको रहस्यमय हत्या भएको समाचार।

९९. मंसीर ५ : मृत्युदण्डको भर्त्सना - काठमाडौं। नुवाकोट कला प्रतिष्ठानको बैठकले नाइजेरियाका प्रशिद्ध नाटककार एवं नोवेल शान्ति पुरस्कारका उम्मेद्वार केन सारो विवालाई सैनिक सरकारले दिएको मृत्युदण्डको घोर विरोध गरेको।

१००. मंसीर १२ : अपराधीहरू उम्कँदै छन् - काठमाडौं। रेगिपप ठमेलमा हत्या गरिएका डेमिड क्यारोरोका हत्याराहरूलाई पक्राउ गर्न ढिलासुस्ती भएको र गामगुम पार्ने षडयन्त्र हुन थालेको समाचार।

१०१. मंसीर १२ : प्रतिवेदन बोल्छ : रोल्पाको घटनामा सरकारी पक्ष नै दोषी छ - रोल्पामा सरकारी दमन बारे समाचार विश्लेषण।

१०२. मंसीर १२ : पत्रकारलाई मार्ने धम्की - काठमाडौं। श्रमजीवी पत्रकार संघ धनुषाका जिल्ला अध्यक्ष नवराज वस्नेतमाथि अज्ञात व्यक्तिहरूद्वारा ज्यान मार्ने धम्की दिएको समाचार।

१०३. मंसीर १२ : सांसदहरूलाई इन्सेकको आग्रह - अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार वर्ष पुस्तक गोष्ठी गरी मानवअधिकार आयोग सम्बन्धमा सांसदहरूको ध्यानाकर्षण गराएको।

१०४. मंसीर १२ : मोहन निरौलालाई मार्ने धम्की - काठमाडौं। चलचित्र जन्म भूमिका निर्देशक मोहन निरौलालाई मारवाडी समुदायबाट धम्की आउने गरेको समाचार।

१०५. मंसीर १९ : ठमेल हत्याकाण्ड : व्यापारमा नकारात्मक परिणाम देखिंदैछ - काठमाडौं। ठमेलमा इटालियन नागरिक र होटलका गार्डको हत्यापछि पर्यटन व्यापारमा नराम्रो असर परेको।

१०६. मंसीर २६ : महिलाहरूलाई प्रमको रूखो जवाफ - काठमाडौं। राष्ट्रिय महिला सम्पत्ति संरक्षण मञ्चका अध्यक्ष एवं सांसद विद्या भण्डारीको नेतृत्वमा गएको प्रतिनिधि मण्डलका महिलाहरूमाथि प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नु भएको

व्यवहारले महिलाहरू अत्यन्तै दुःखी भएको।

१०७. मंसीर २६ : मानवअधिकार : औपचारिक निर्वाहमै सीमित - काठमाडौं। नेपालमा आस्थाका बन्दीहरू अझै भएको, आस्थाकै कारण नागरिकमाथि सरकारले दमन चलाएको, नारी अस्मितामाथि लुटपाट मच्चिरहेको, बालबालिकाको शोषण कायमै भएको र भूटानी शरणार्थी समस्या यथावतै रहेको अवस्थामा मानवअधिकार संरक्षण मञ्च, मानवअधिकार संगठन र एम्नेष्टी इन्टरनेशनलले छुट्टाछुट्टै सतचालीसौं मानवअधिकार दिवस मनाउन औपचारिक मात्र भएको समाचार।

१०८. मंसीर २६ : कम्प्युटर कर्मचारीहरू पनि अदालत जाने - काठमाडौं। राष्ट्रिय कम्प्युटर केन्द्रमा कार्यरत कर्मचारीहरूको तलबमा १० प्रतिशत कम गरेर दिने र सो रकम संचयकोषमा समेत जम्मा नगरेकोले कर्मचारी संघले सर्वोच्च अदालत जाने निर्णय गरेको समाचार।

१०९. मंसीर २६ : एम्नेष्टीको पदयात्रा - काठमाडौं। विश्व मानवअधिकार दिवस १९९५ को सन्दर्भमा एम्नेष्टी इन्टरनेशनल सामाजिक कार्यकर्ता समूह २५ ले पदयात्रा कार्यक्रमको आयोजना गरेको।

११०. मंसीर २६ : महिला चेली नभएको नेपाली गाउँ - सिन्धुपाल्चोक। चेलीबेटी व्यापार र वेश्यावृत्ति सम्बन्धमा कुन्द दीक्षितको विवरणात्मक लेख।

१११. मंसीर २६ : इन्हुरेडको माग - काठमाडौं। सरकारले रोल्पामा चलाएको दमनको विरोध गर्दै सर्वसम्मत आयोगको माग गरेको।

११२. पुस ४ : एम्नेष्टीको ध्यानाकर्षण - काठमाडौं। राष्ट्रिय मानवअधिकार आयोग २०५२ को सन्दर्भमा विधेयकमा त्रुटि र कमजोरी सच्याउन माग गरेको समाचार।

११३. पुस ४ : बालअधिकारका कुरा सन्धिमा सीमित नहोस् - काठमाडौं। बालबालिकाले विश्वमा भोग्न परेका अन्याय, दुःख र पीडाका सम्बन्धमा लेखिएको बी. घिमिरेको समाचार विश्लेषण।

११४. पुस ४ : सूचनाको हकमा रोक - काठमाडौं। पत्रकार गोविन्द अधिकारीले नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ अनुरूप सूचनाको हक उपयोग गर्दै गृह मन्त्रालयसंग अंगीकृत नागरिकता वितरण गर्न लिइएका निर्णय सम्बन्धी फाइल अध्ययन गर्न माग गर्नु भएकोमा गृह मन्त्रालयले नदिएको समाचार।

हिमाली आवाज (पोखरा)

१. माघ १२ : आजका बालक : भिन्नताको संसार - यूनिसेफद्वारा प्रकाशित प्रतिवेदन बारे समाचार विश्लेषण।

२. माघ १२ : पत्रिका जलाएर समाचारको खण्डन - दृष्टि पत्रिकामा प्रकाशित समाचार खण्डन नगरी नेका र केही छात्राहरूले पत्रिका जलाउने र जुलुस निकाल्ने काम गरे।

३. माघ १९ : मानवअधिकार वर्ष पुस्तकको मूल्यांकन - पोखरा। अनौपचारिक क्षेत्र सेवा केन्द्रले निकाल्दै आएको मानवअधिकार वर्ष पुस्तक मूल्यांकन एवं अर्को प्रकाशनको लागि अपनाउने कार्यविधि बारे पोखरामा क्षेत्रीय गोष्ठी गरेको।

४. माघ २६ : एम्नेष्टीको आग्रह : मानवअधिकार शिक्षालाई पाठ्यपुस्तकमा समावेश गरिनु पर्ने - पोखरा। एम्नेष्टी इन्टरनेशनल नेपालको वार्षिक साधारण सभामा मानवअधिकार शिक्षा पाठ्य पुस्तकमा समावेश गर्न सरकारसंग आग्रह गर्दै ए.आई. अभियानको रूपमा संचालन गर्ने निर्णय।

५. माघ २६ : यस्तो पनि हुन्छ - पोखरा। नेपाल निजामति कर्मचारी संगठन कास्कीको अधिवेशन गर्न जिल्ला विकास समितिको हल बुक गरेकोमा सभापतिले साँचो लिएर गएको।

६. फागुन १८ : गुण्डाहरूको ग्याङ फाइटमा एकको मृत्यु - पोखरा। पोखरा नगरको दीपज्योति सिनेमा हलमा रानीपौवा टेंडे माइला ग्रुप र नयाँबजार धनबहादुर घले ग्रुप बीच छुरी हानाहान हुँदा धनबहादुर गुरूङको तत्काल मृत्यु भएको।

७. चैत १६ : महिला समस्या समाजकै समस्या हो - पोखरा। एम्नेष्टी नेपालद्वारा पोखरामा महिलाअधिकार मानवअधिकार प्रवचन कार्यक्रमको आयोजना।

८. चैत २३ : छोराले आमा मार्‍यो - पोखरा। स्याङ्जाको बेनियोक देउराली गाउँका ७२ वर्षीय चन्द्रकुमारी रोकायालाई आफ्नो छोरा यामबहादुर रोकायाले खाना माग्दा छिटो नदिएको रीसमा लाठीले हिर्काउँदा मृत्यु भएको।

९. चैत २३ : केटी बेच्ने पक्रियो - बुटवल। काठमाडौंको कलंकी बस्ने २२ वर्षीय महिलालाई विदेशमा बेच्न लान लागेको अवस्थामा केटालाई होटलबाट पक्राउ गरेको।

१०. बैशाख ७ : महिला कानूनी अधिकार बारे प्रशिक्षण कार्यक्रम - पोखरा। पोखरा लेडी जुनियर च्याम्बरको आयोजनामा कास्कीको नौ डाँडामा महिला कानूनी अधिकार बारे प्रशिक्षण कार्यक्रम सम्पन्न भयो।

११. बैशाख ७ : मानवअधिकार वर्ष पुस्तक विमोचन - काठमाडौं। इन्सेक, मासस, सीवीन, सिभिक्ट र इन्हुरेडले संयुक्त रूपमा आयोजना गरेको वरिष्ठ राजनीतिज्ञ गणेशमान सिंहको सम्मानमा आयोजित समारोहमा मानवअधिकार वर्ष पुस्तक १९९४ विमोचन गरियो।

१२. बैशाख ७ : कहाली लाग्दो तथ्यांक - अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशित गरेको वर्ष पुस्तक १९९४ मा दिएको मानवअधिकार उल्लंघन सम्बन्धी तथ्यांकहरू कहाली लाग्दो (सम्पादकीय)।

१३. बैशाख ७ : गैर कानूनीरूपमा औषधिको विक्री वितरण भइरहेको छ - पोखरा। पोखराको बजारमा विभिन्न औषधिहरू गैरकानूनी रूपमा भइरहेको समाचार।

१४. बैशाख १४ : प्रस्तावित मानवअधिकार आयोग - संवैधानिक हुनुपर्नेमा जोड। मानवअधिकार संरक्षण मञ्च केन्द्रीय समितिको आयोजनामा आयोजित गोष्ठीमा मानवअधिकार आयोगको क्षेत्राधिकार बारे गम्भीर बहस भएको समाचार।

१५. जेठ ४ : धार्मिक हैकमवाद चल्छ - पद्मरत्नको गाई काट्न पाउने नपाउने विवाद बारे लेखिएको सम्पादकीय।

१६. जेठ ४ : जातीय भेदभाव शर्मनाक र अमानवीय कुरा हो - पोखरा। नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ कास्कीको साधारण सभामा जातीय उत्पीडन बारे चर्चा।

१७. जेठ १८ : प्रहरीलाई मानवअधिकार - पोखरा। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय अन्तर्गत संचालित प्रकाश सचेतन समूह अर्घाखाँचीद्वारा मानवअधिकार सम्बन्धी प्रहरी प्रशिक्षण सम्पन्न।

१८. असार १५ : के बालबालिकाको चित्कार नगरपालिकाले सुन्छ ? एस.ओ.एस. अन्तर्राष्ट्रिय दिवसको उपलक्षमा आयोजित वातावरणीय र्‍यालीका सहभागी बालबालिकाहरूद्वारा पोखरा नगरपालिकाका प्रमुखलाई संबोधन गरी दिएको पत्रमा पोखराको वातावरणीय समस्या समाधान गर्न ७ सूत्रीय माग पेश गरेको।

१९. असार १५ : पत्रकार समेत बचेनन् - पोखरा। बन्द कार्यक्रमको समाचार संकलन गर्न प्रेस कार्ड सहित हिंडेका पत्रकारहरूको मोटरसाइकलको चक्काको हावा खुस्काउने काम कांग्रेसका जिम्मेवार व्यक्तिहरूबाट।

२०. असार २९ : भक्तिनी बुढीको हत्या - रानी पौवा क्षेत्रमा बस्ने वर्ष ६८ की बालविधुवा भक्तिनीको शेषपछिको सबै सम्पत्ति खाने लोभले भतिज रामनाथ आचार्य र उसको छोरा नारायण आचार्यले शिवबहादुर कुँवर र भारत गोरखपुरको विनय यादवलाई रू. २ लाख रकम दिने शर्त गरी निजहरूबाट हत्या गराएको।

२१. साउन २५ : कतै जाहेरी लिँदैन, कतै अपराधी उम्काउँछ - सार्वजनिक रूपमा भएको लुटपाटका सम्बन्धमा जाहेरी गर्न जाँदा समेत प्रहरीले जाहेरी नलिएको समाचार। प्रहरीले अदालतमा बुझाउनु पर्ने अपराधीलाई पनि अदालतमा नबुझाई हिरासतबाटै छोड्ने प्रयत्न रच्ने गरेको।

२२. साउन २५ : माननीय न्यायाधीश ओझा सर्वाङ्ग नाङ्गै रहेछन् - भरत अधिकारीको जाहेरीले वादी श्री ५ को सरकार र प्रतिवादी मोहन अधिकारी भएको मुद्दामा न्यायाधीश ओझाले झण्डै रू. १ लाख घुस खाएको समाचार।

२३. साउन १५ : वन विज्ञान क्याम्पसमा धर्ना - पोखरा। वन विज्ञान केन्द्रीय क्याम्पस पोखराका विद्यार्थीहरूले पेश गरेको शैक्षिक तथा प्रशासन सम्बन्धी माग पूरा नगरेकोले विद्यार्थीहरूले धर्ना दिएको समाचार।

२४. असोज १२ : दुस्साहसपूर्ण रूपबाट विभत्स हत्या - स्याङ्जा जिल्लाको पुतलीखेत बजारमा शिक्षकद्वय ऋषिराम वाग्ले र शिवकुमारको फलामे रडले टाउकोमा प्रहार गरी हत्या गरेको।

२५. असोज १२ : संसदमा भिजलान्तेहरू - प्रतिनिधि सभाको अधिवेशन स्थलमा सांसदभन्दा बाहिरका भिजलान्तेहरू प्रवेश गरी एमाले सांसदहरूमाथि जुडो प्रहार गरेको।

२६. कार्तिक २ : कर्मचारीहरू अवकाससँगै आतंकित - सूचना तथा सञ्चार मन्त्री चिरञ्जीवी वाग्लेके निर्देशनमा पोखरा क्षेत्रीय प्रसारण केन्द्रका ५ जना कर्मचारीहरूलाई अवकाश दिएको।

२७. कार्तिक ३० : ट्रक व्यवसायी संघबाट मानवअधिकारको हनन् - गण्डकी ट्रक व्यवसायी समितिले आफ्नो ट्रक आफूखुशी सेवामा लगाउन नदिइ ट्रक नै अपहरण गर्ने कुटपिट गर्ने गरेको समाचार।

२८. मंसीर २८ : मानवअधिकार र शक्ति सन्तुलन - राज्यका तीन अंग न्यायपालिका, कार्यपालिका र विधायिका बीच शक्ति पृथकीकरण र सन्तुलन भएमा मानवअधिकार संरक्षणको लागि महत्वपूर्ण हुने (सम्पादकीय)।

२९. मंसीर २१ : रोल्पाको पीडा र कांग्रेस - सम्पादकीय

३०. मंसीर ७ : जनताको अधिकार र प्रजातन्त्र - सम्पादकीय

३१. मंसीर ७ : प्रजिअ पत्रकार धम्क्याउँछन् - दाङका प्रजिअ अब्दुल रइस खाँले नयाँ युगबोधका सम्पादक एक वरिष्ठ पत्रकार नारायणप्रसाद शर्मालाई धम्क्याउने काम गरेको।

३२. पुस १३ : बौद्ध सम्मेलनद्वारा धर्म निरपेक्ष अधिराज्यको माग - धर्मोदय सभाद्वारा आयोजित पाँचौं राष्ट्रिय बौद्ध सम्मेलनले नेपाललाई धर्म निरपेक्ष बनाउने माग गरेको।

उज्यालो साप्ताहिक (नेपालगञ्ज)

१. पुस ४ : बाँके पत्रकार संघको सर्वसम्मत निर्णय - नेपालगञ्ज। नेपाल पत्रकार संघ बाँके शाखाको बैठकले नेपालगञ्जमा घटेको साम्प्रदायिक घटनाप्रति दुःख व्यक्त गर्दै घटनामा परी सख्त घाइते भएका पत्रकार अजयकुमार गुप्ता सहित अन्य दुईजनालाई औषधि उपचार र क्षतिपूर्ति व्यवस्थाका लागि श्री ५ को सरकार समक्ष माग गर्‍यो। बैठकले पाकिस्तानको कराँचीमा साप्ताहिक "तकबेर"का सम्पादक मोहम्मद सलाहुद्दीनको हत्याको घोर भर्त्सना गर्‍यो।

२. पुस ४ : धार्मिक उन्मादको परिणति के मिल्छ त ? नेपालगञ्ज। नेपालगञ्जमा भड्किएको हिन्दू-मुश्लिम दङ्गाबारे हिमन्तको टिप्पणीमूलक लेख।

३. पुस ११ : काउसो लगाई लुटपाट - नेपालगञ्ज। नेपाल बैंक लि.बाट खानेपानी शाखाका कर्मचारीहरूलाई तलब खुवाउन भनी झिकेको रू. १ लाख ३४ हजार ६६ पियन कृष्णबहादुर भारतीलाई जिउमा काउसो लगाई अज्ञात व्यक्तिहरूले लुटेर लगेको समाचार।

४. पुस १८ : बालबालिकाको अवस्था दयनीय - नेपालगञ्ज। बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण जस्ता कुराको अभावमा दयनीय अवस्था भोग्नु परेको बारे सम्पादकीय।

५. पुस २७ : धार्मिक असहिष्णुताले समस्या अझ चर्काउने सम्भावना - नेपालगञ्ज। नेपालगञ्ज नगरपालिका वडा ४ स्थित शिव मन्दिर पुनरुद्धार कार्यको सिलसिलामा उठेको हिन्दू-मुश्लिम विवाद बारे विश्लेषणात्मक समाचार।

६. माघ ४ : मन्दिर जिर्णोद्धार बारेको विवाद अन्त्य हुने संकेत - नेपालगंज। मन्दीर जिर्णोद्धार सम्बन्धी विवाद समाप्त गर्न आपसी सहमतिको वातावरण तयार भएको समाचार।

७. माघ ४ : बैंक कर्मचारीहरू संघर्षमा - नेपालगञ्ज।

नेपाल बैंक लि. का कर्मचारीहरू तलब भत्ता वृद्धि सहितको माग व्यवस्थापन पक्षबाट पूरा नगरिएकोले संघर्षमा उत्रिए।

८. माघ ९ : समाधानको टुङ्गो लगाउने विद्यार्थीहरू संघर्षतिर - नेपालगञ्ज। पाटिल कलेजको विवाद टुङ्ग्याउन दबाब कार्यक्रम स्वरूप विद्यार्थीहरू अजय झा, धीरज धोकानिया, विपिनजीत सलुजा, विजय यादव र प्रमोद राय सत्यवादी कलेजकै प्राङ्गणमा आमरण अनसन बसेको समाचार।

९. माघ ९ : लागू पदार्थ अम्मलीहरू रूपइडिहा लाग्दै छन् - नेपालगञ्ज। रूपइडिहामा एकजना डाक्टर नै लागू पदार्थको दुर्व्यसनमा परेका युवाहरूलाई इन्जेक्सन लगाइदिने काममा संलग्न भएको समाचार।

१०. माघ १६ : मोहियानी हकको औचित्य - नेपालगञ्ज। भूमि जोत्ने मोहीलाई नै जमिनको स्वामी बनाउनु पर्छ भन्ने फतेहबहादुर सिंहको लेख।

११. माघ १६ : माघे संक्रान्ति र कमैया प्रथा - नेपालगञ्ज। कमैया प्रथा र बाँधा मजदुर बारे सूर्य प्रकाश भट्टराईको लेख।

१२. माघ २३ : विगतलाई बिर्सन खोज्नु समयानुकूल उचित नहुने - नेपालगञ्ज। एम्नेष्टी इन्टरनेशनल अन्तर्राष्ट्रिय अध्यक्ष रोस डेनियलले मानवअधिकारको संरक्षणको लागि न्याय व्यवस्था इमान्दार, स्वतन्त्र र निष्पक्ष हुनु पर्ने कुरामा जोड।

१३. माघ २३ : शहीद दिवसको शाश्वत मूल्य - नेपालगञ्ज। प्रजातन्त्र र मानवअधिकारका लागि लड्दा शाहदत प्राप्त गर्नेहरूको योगदान बारे भुवनलाल प्रधानको लेख।

१४. फागुन १ : समीक्षा गोष्ठी - नेपालगञ्ज। अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९३ बारे गोष्ठी सम्पन्न भएको समाचार।

१५. फागुन २२ : प्रधानमन्त्री समक्ष माग प्रस्तुत - नेपालगञ्ज। प्रधानमन्त्री मनमोहन अधिकारी समक्ष मालपोत, कृषि विकास बैंकको ब्याज मिन्दा गर्ने लगायत विभिन्न माग पेश।

१६. फागुन २९ : प्रहरी लाठी चार्जको घोर भर्त्सना - नेपालगञ्ज। फागुन २६ गते डा. डी.बी.आइ. पाटिल कलेजका छात्र छात्राहरूले राखेको शान्तिपूर्ण चक्काजाम कार्यक्रममा प्रहरीले लाठीचार्ज गरेकोमा नेपाल विद्यार्थी संघद्वारा खेद प्रकट गरेको समाचार।

१७. चैत ६ : लाठीचार्जको घोर भर्त्सना - नेपालगञ्ज। फागुन २९ गते पाटिल प्रतिष्ठानका छात्रहरूको आव्हानमा भएको बजार बन्द र शान्तिपूर्ण जुलुसमा प्रहरीद्वारा गरिएको लाठीचार्जको नेपाली काँग्रेस बाँकेले वक्तव्य प्रकाशित गरी घोर भर्त्सना गरेको छ।

१८. चैत २० : संसाँझै व्यापारीलाई लुट्ने प्रयास - नेपालगञ्ज। सनथाँदीका व्यापारी बलवीर सिंहलाई लुटपाट गर्न [illegible]बाट गोली चलाउँदा निज सिंह घाइते भएको समाचार।

Resource Centre
INSEC

१९. चैत २० : संघर्ष समितिको मागप्रति समर्थन - नेपालगञ्ज। नेपाल श्रमजीवी पत्रकारहरूको पेशागत हकहितका लागि सुरेश आचार्यको संयोजकत्वमा गठित संघर्ष समितिले अघि सारेका मागप्रति नेपालगञ्जका श्रमजीवी पत्रकारहरूले पूर्ण समर्थन जनाएको समाचार।

२०. चैत २० : विद्यार्थी हुन् कि मजदुर ? नेपालगञ्ज। महेन्द्र उच्च माध्यमिक विद्यालयमा कक्षा ५ मा अध्ययनरत कुलबहादुर थापा मगर र उसको एकजना साथीलाई शिक्षिका पुष्पा सिंहले आफ्नो घरमा लगी ३ घण्टा माटो बोकाएको सम्पादकलाई चिठी।

२१. बैशाख ४ : श्रीमतीको हत्या - नेपालगञ्ज। आफ्नै पत्नी पैसा श्रेष्ठको हत्या गरेको अभियोगमा राधापुर गाविसका शक्ति श्रेष्ठ प्रहरीद्वारा गिरफ्तार। निजले २०४९ मदी ४ गते घाँस काट्न नगएको सामान्य निहुँमा कुट्दा पत्नीको मृत्युभएको थियो।

२२. बैशाख ११ : प्रजातन्त्र सेनानीहरूको माँग - नेपालगञ्ज। नेपाली कांग्रेस प्रजातन्त्र सेनानी सघको विशेष बैठकले प्रजातन्त्र प्राप्ति वा पुनस्थापनाका निम्ति जीवन उत्सर्ग गर्ने शहीदका परिवारहरूको भरण पोषण गर्न र प्रजातन्त्रका सेनानीहरूको समुचित व्यवस्था गर्न श्री ५ को सरकारसंग माग गरेको।

२३. बैशाख ११ : बालबालिकाको अवस्था सुधार्नु जरूरी - नेपालगञ्ज। मोलिका आशाका किरण बालबालिकाको उचित शिक्षा, भरण पोषण, हकहित, सुरक्षाको व्यवस्था गरिनु पर्छ भन्ने माग गरिएको सम्पादकीय।

२४. बैशाख १८ : जबरजस्ती अनुचित कार्य गरेको - नेपालगञ्ज। दैलेख कासीकाँध गाविस बस्ने दिलबहादुर ठकुरीको घरमा काम गरी बस्ने वर्ष १५ की सीता काफ्लेलाई ज्ञानिल धिताल भन्ने व्यक्तिले ललाइफकाई जनसेवा होटलमा ल्याई राती मादक पदार्थ सेवन गरी जबर्जस्ती अनुचित कार्य गरेकोमा प्रहरीद्वारा अनुसन्धान कार्य भइरहेको समाचार।

२५. बैशाख १८ : महिलामाथि जबर्जस्ती - नेपालगञ्ज। सुर्खेत दशरथपुर गाविस बस्ने देवीसरा शाही सुतिरहेको अवस्थामा आफ्नै दिदीको छोरा दिलिप शाही र अर्को व्यक्ति आदर्श शाहले मादक पदार्थ सेवन गरी ढोका फोरेर घर भित्र प्रवेश गरेको र मुखमा च्यादरले बाँधी पालैपालो करणी गरेको समाचार।

२६. बैशाख १८ : खुकुरी प्रहारबाट घाइते - नेपालगञ्ज। पिताम्बर आचार्यलाई दाङ बिजौरीका शशीराम रोकाले कुटपिट गरी खुकुरीले हानेर घाइते बनाएको समाचार।

२७. बैशाख २५ : प्रेस दिवस मनाइयो - नेपालगञ्ज। अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवसको उपलक्षमा श्रमजीवी पत्रकार समूहले आफ्नो कर्तव्य निर्वाहको सिलसिलामा ज्यान गुमाउनु परेका पत्रकारहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै राष्ट्को चौथो अङ्गमाथि समय समयमा भएका कायरतापूर्ण आक्रमण रोक्न र उचित सुरक्षाको व्यवस्था गर्न माग गऱ्यो।

२८. जेठ १ : सांसद बसेको गाडीले मान्छे किच्यो -

नेपालगञ्ज। एमाले सांसद तथा बबई सिंचाइ योजनाका अध्यक्ष यामलाल कँडेल चढेको बा.अ.फ ३३७५ नं. को तोयनाथ पौडेललाई ठक्कर दिइ अङ्गभङ्ग भएको समाचार।

२९. जेठ १ : रूपैडिहामा नेपाली फेरि लुटिए - नेपालगञ्ज। सुर्खेत मेलकुना गाउँका दलबहादुर क्षेत्री बैशाख २१ गते जम्मुको गाँधी नगरमा चार वर्ष काम गरी फर्कने क्रममा रूपैडिहामा वास बस्दा बेहोस हुने औषधि खुवाई नगद र सरसामान लुटी लगेको समाचार।

३०. जेठ ८ : प्रजातन्त्रमा पुनि प्रहरी बर्बरता कायमै - नेपालगञ्ज। मे.अ.ख ३६७ नं.को ट्रकका चालक काजीबहादुर भण्डारीलाई प्रहरीले सवारी जाँच गर्ने निहुँमा कुटपिट र यातना दिएकोले उपचारार्थ लखनउ पठाइएको समाचार।

३१. जेठ १५ : छानवीन समितिको प्रतिवेदन - नेपालगञ्ज। ट्रक चालक काजीबहादुर भण्डारीमाथिको प्रहरी यातना बारे छानवीन गर्न अनौपचारिक क्षेत्र सेवा केन्द्र, नेपालगञ्जको सक्रियतामा गठित छानवीन समितिले तयार गरेको प्रतिवेदनमा।

३२. असार १९ : एम्नेष्टीको महिला राष्ट्रिय सम्मेलन - नेपालगञ्ज। एम्नेष्टी इन्टरनेशनल राष्ट्रिय महिला सम्मेलनमा घरेलु हिंसाद्वारा पीडित तथा अन्य कारणबाट शोषित महिलाहरूका बारेमा चर्चा।

३३. असार १९ : बालकलाई किच्यो - नेपालगञ्ज। वर्दिया पूर्व पश्चिम राजमार्गको मोतीपुर भन्ने ठाउँमा ना.अ.ख ७६० नं. को गाडीले ४ वर्षको बालक विकास रावललाई ठक्कर दिंदा घटना स्थलमै मृत्यु भएको।

३४. असार २६ : वन रक्षकबाट हत्या - नेपालगञ्ज। वर्दियाको मैनापोखर इलाका वन कार्यालयका सशस्त्र वन रक्षकले आफ्नै कार्यालयका सहायक वन अधिकृत मेघराज दास चौधरी र रेञ्जर मित्रलाल थापाको गोली हानी हत्या गरेको।

३५. साउन १ : कमैया प्रथा : मानव समाजको लागि अभिशाप - नेपालगञ्ज। कमैया प्रथा बारे ईश्वरीमान श्रेष्ठको समाचार विश्लेषण।

३६. साउन १ : धर्ना र पुतला जलाइयो - नेपालगञ्ज। नेकाप (एमाले) सरकारको कामकाजको विरोधमा राष्ट्रिय प्रजातन्त्र पार्टी बाँकेले जिल्ला प्रशासन कार्यालय बाँकेमा धर्ना दियो, पुतला जलाइयो।

३७. साउन ८ : भारतीय वेश्यालयमा नेपाली चेलीको अवस्था - नेपालगञ्ज। ह्युमन राइट्स वाचको प्रकाशित प्रतिवेदन अनुसार भारतमा नेपालबाट वेश्यावृत्तिको लागि ल्याइने केटीहरूको नारकीय जिन्दगी बारे चर्चा गरेको समाचार।

३८. साउन ८ : खुकुरी प्रहारबाट घाइते - नेपालगञ्ज। दाङ नारायणपुर गाविसका बलिराम थारूले त्यही बसोबास गर्ने लाहुराम चौधरी र कुमार चौधरीलाई खुकुरीले प्रहार गर्दा दुवै जना सख्त घाइते भएको समाचार।

३९. साउन १५ : हिजो कहाँ के भयो ? नेपालगञ्ज। नेपालगञ्ज नगरपालिकाद्वारा ठेक्कामा चुङ्गीकर दिइएको विरोधमा राप्रपा नगर कमिटीको आयोजनामा विरोध जुलुश। नेपाल वित्तीय संस्था कर्मचारी संघ ने.बें.लि.द्वारा कर्मचारीहरूको हक हितको माग सहित क्षेत्रीय प्रबन्धकलाई धर्ना र घेराउ गरेको समाचार।

४०. भदौ १२ : असुरक्षित छ भेरी अञ्चल अस्पताल - नेपालगञ्ज। अस्पतालमा ड्यूटीमा संलग्न डा. विनोदकुमार थापामाथि मदिरा सेवन गरेका दुई जना अपरिचित व्यक्तिहरूद्वारा अभद्र व्यवहार गरेको समाचार।

४१. भदौ १९ : पत्रकारलाई धम्की - नेपालगञ्ज। जनमञ्चका सम्वाददाता जे. पाण्डेलाई अज्ञात व्यक्तिले फोनबाट धम्की दिए।

४२. भदौ २६ : मृत्यु वा हत्या ? नेपालगञ्ज। कोहलपुर बसपार्कमा रहेको होटलमा वास बसेकी रीता देवी विहान मृत अवस्थामा फेला परेकोले मृत्यु रहस्यमय भएको समाचार।

४३. असोज २ : प्रिन्सिपलको पिटाइले छात्र सिकिस्त - नेपालगञ्ज। नगरमा सबैभन्दा बढी विद्यार्थी भएको जयबागेश्वरी ई. मि. स्कूलका विद्यार्थी दीपक भण्डारीलाई सोही विद्यालयका प्रिन्सिपल विद्याराज भण्डारीले अमानुषिक ढङ्गले पिट्दा सिकिस्त भएको समाचार।

४४. कार्तिक २७ : मानवअधिकार शिक्षा राष्ट्रिय सम्मेलन - नेपालगञ्ज। एम्नेष्टी इन्टरनेशनल नेपाल शाखाको आयोजना तथा ए.आई. दाङ समूहको आतिथ्यमा सम्पन्न २ दिने मानवअधिकार शिक्षा राष्ट्रिय सम्मेलनले विद्यालयको पाठ्यक्रममा प्राथमिक तहदेखि मानवअधिकार शिक्षा समावेश गर्नु पर्ने माग गरेको समाचार।

४५. मंसीर १८ : महिलाको नाश गर्ने प्रविधिको प्रयोग - नेपालगञ्ज। भारतमा गर्भमा छोरी रहेको भए गर्भपात गराउने, नवजात बालिकाको सुडिनीद्वारा हत्या गराउने बर्बर चलन बारे समाचार विश्लेषण।

४६. मंसीर २५ : मानवअधिकार दिवस - नेपालगञ्ज। ४७ औं विश्व मानवअधिकार दिवसको उपलक्ष्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्रको आयोजनामा नेपालमा मानवअधिकारको स्थिति र मानवअधिकार आयोगको दायित्व विषयक गोष्ठी सम्पन्न भएको समाचार।

४७. मंसीर २५ : महिला चेली नभएका नेपाली गाउँहरू - नेपालगञ्ज। सिन्धुपाल्चोकका महिलाहरू बम्बै वेश्यालयमा बिक्री गर्ने क्रममा गाउँ नै महिलाविहीन हुन पुगेको कुन्द दीक्षितको समाचार विश्लेषण।

४८. पुस ३ : दूर संचारका कर्मचारी संघर्षमा - नेपालगञ्ज। व्यवस्थापन पक्षसंग भएको सम्झौताका कतिपय माग अहिलेसम्म पूरा नभएकोले दूर संचार कर्मचारी संघको आव्हानमा संघको कार्यक्रम संचालन गर्ने।

■

मानवअधिकार उल्लंघनका घटनाहरूमध्ये तपसिलका उल्लेखित शीर्षकहरूमा प्रकाशित समाचारको तालिका बनाई प्रकाशित घटना संख्याको तालिका निम्नानुसार प्रस्तुत गरिएको छ :-

पत्रिकाहरू	गोली र हत्या	हिरासतमा यातना	मुठभेड र गिरफ्तारी	महिला बेचबिखन र बलात्कार	वैदेशिक रोजगार र यातना	अन्य	कूल
छलफल	(२६) ४, ६, १५, १८, १९, २५, ३३, ४२, ४४, ६९, ७१, ८६, ८७, ९३, ९४, १०९, ११०, १४६, १५०, १६०, १७३, १८१, १८५, १९०, १९१	(६) १४, ७८, ८४, १६४, १६५, १८७	(२) १०८, १२०	(११) १७, २०, २९, ३७, ६८, ७२, १२६, १४४, १६३, १७९, १९८	(१) १३८	(१४४)	(१९१)
वार्ता (धनगढी)	(३) ११, १४, १९	( )	( )	(३) ५, ६, १२, १३	( )	(१४)	(२०)
युग सम्वाद साप्ताहिक (काठमाडौं)	(२१) १४, १५, २३, ३०, ३६, ३७, ४१, ४५, ५०, ५२, ५४, ५८, ६१, ६५, ८४, ८६, ८९, ९३, ९५, ९७, ९८	(२) ११, ६४	(५) ७, ४८, ५९, ७७, ६४	(९) २५, २९, ४९, ५१, ५३, ५५, ६३, ६७, ६९	(१) ९	(७६)	(११४)
हिमाली आवाज (पोखरा)	(३) ८, २०, २४	( )	(१) ६	(१) ९	( )	(२७)	(३२)
उज्यालो (नेपालगञ्ज)	(२) २१, ४२	(१) ३०	(४) २, ५, २६, ३८	(२) २४, २५	( )	(३९)	(४८)

O ले कूल प्रकाशित संख्या जनाउँछ।
कोष्ठ भित्रका अंकहरूले क्रमसंख्या जनाउँछन्।

परिच्छेद ५

सन् १९९५ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन

सम्मानित रूपले बाँच्न पाउने अधिकार

वर्ष पुस्तकमा संकलित भएका घटनाहरूले के देखाइरहेका छन् भने सम्मानित रूपले बाँच्न पाउने अधिकारबाट नागरिकहरू यो वर्ष पनि बंचित भए। वर्षको पूर्वार्धमा राज्यको बल प्रयोगद्वारा भएका मानवअधिकार हननका घटनाहरूमा उल्लेखनीय कमी आएको भएता पनि उत्तरार्धमा आएर त्यो क्रम प्रशस्त बढ्यो। सामाजिक जनजीवनमा साना मसिना निहुँमै व्यक्ति व्यक्तिमाथि हिंसात्मक आक्रमण गरी ज्यान लिने घटनाहरूमा यस वर्ष पनि कमी आएन।

यस वर्ष हत्याका जम्मा घटना ३०५ वटा भए। जस्मा ८ वटा घटना राज्यको तहबाट भएको पाइयो भने बाँकी २९७ वटा घटना व्यक्तिगत हिंसा र आक्रमणबाट भएका पाइए। उक्त घटनाहरूमा पीडित ३२७ जना मध्ये पुरूष २०५ जना, महिला ८७ जना र बालबालिका ३५ जना रहेका छन्। राज्यको तहबाट भएका हत्याका ८ वटा घटनामा १० जना मानिसको मृत्यु भएको पाइयो। तिनीहरू मध्ये पनि वनरक्षकको गोलीबाट ५ जना र प्रहरीको गोलीबाट ५ जनाको मृत्यु भयो।

दाङ, शान्तिनगरका डिल्लीप्रसाद पाण्डेले आफ्नै छोरी, धनीकुमारी पाण्डेलाई अह्राएको नमानी जवाफ फर्काएको निहुँमा दाउराले हानी हत्या गरे। रूकुम, हुकामका जयबहादुर घर्तीले देशबहादुर घर्तीलाई भरूवा बन्दूकले गोली हानीहत्या गरे भने घोरे, पर्साकी सवितादेवी महतोले अञ्जुकुमारी महतोलाई चुलेसीले काटेर हत्या गरिन्। धरमपुर झापाका २१ वर्षीय ज्योती कार्कीलाई आफ्नै बाबु केशव कार्कीले पेटमा काँटी ठोके र गुप्तांग चुँडालेर हत्या गरे।

यस वर्ष पनि पारिवारिक कलहका निहुँमा पतिले पत्नीको / पत्नीले पतिको हत्या गरेका घटनाहरू देखिए। तातापानी सुर्खेतका बुधे दमाईले रक्सीको नसाले मातेर मति च्यूत भई आफ्नी पत्नी कलसरीलाई बलजफ्ती संभोग गर्न खोज्दा नमानेपछि बंचरोले हिर्काई हत्या गरे भने, सुर्खेतकै लाटी कोइलीका डम्बरबहादुर सार्कीले आफ्नी पत्नी उजाल दुर्गा सार्कीलाई टाउको बटारेर हत्या गरे। त्यसैगरी गोरखा आरूपोखरीका हिरालाल खनालले आफ्नी पत्नी शान्तदेवी खनाललाई बासीभात खुवाउन खोजेको भनी कोदालोले हिर्काएर मारिदिए। कास्की ठिकुर पोखरीका धर्मराज भण्डारीले आफ्नी पत्नी अनुमाया भण्डारीलाई कपिलवस्तुका दिपराज गुप्ताले आफ्नी पत्नी द्रौपती तेलीलाई, गुल्मी, वलेटक्सारका हिमलाल ज्ञवालीले आफ्नी पत्नी कान्तिकला ज्ञवालीलाई, बाग्लुङ वुर्तिवाङका बलराम विश्वकर्माले आफ्नी पत्नी मनकुमारी विश्वकर्मालाई, पर्वत माझफाँटका रामहरी सुवेदीले आफ्नी पत्नी खिमादेवी सुवेदीलाई हत्या गरेका घटना उल्लेखनीय छन्। यस वर्ष १५ जना पत्नीहरू पतिद्वारा हत्या गरिए भने पत्नीद्वारा ३ जना पतिहरूको हत्या भएको पाइयो।

अन्ध विश्वासले मानिसलाई कति बिघ्न क्रुर बनाउँछ भन्ने कुरा कैलाली पण्डौनको हत्या घटनाले पुष्टि गरेको छ। पण्डौनका वीरबहादुर सुनारुवरी मगरले देउतालाई बलिदिने भनी पत्नी अमृतादेवी, १६ वर्षीय छोरी लालमती मगर, ८ वर्षीय छोरा शेरबहादुर मगर, अर्की ३ वर्षीय छोरी बाटुली मगर समेत ४ जनालाई हँसियाले काटेर विभत्स हत्या गरे। अन्धविश्वासकै कारण बोक्सी र बोक्साको आरोपमा यो वर्ष पनि मानिसहरूले ज्यान गुमाउनु पर्‍यो। बोक्सीको आरोपमा, निर्मम कुटपिटद्वारा ३ जनाको मृत्यु भयो भने ५ जना अमानवीय र जंगली खालको व्यवहारको शिकार भए। लम्जुङ, दूध पोखरीका काले गुरूङले सुनमाया गुरूङलाई बोक्सीको आरोपमा कुटपिट गरी हत्या गरे भने रौतहट खेसैयाकी फुलचन सहनीलाई सत्यनारायण सहनी लगायतका व्यक्तिहरूले नाइलनको डोरीले घाँटी बाँधेर हत्या गरे। यसैगरी बोक्सीकै आरोपमा धादिङ, केवलपुरमा धनबहादुर तामाङलाई निर्ममता पूर्वक मारियो।

राजनीतिक आन्दोलनका सिलसिलामा राज्यद्वारा गोली प्रहार गर्नाले हुने मृत्युको घटना यस वर्ष घटेन। धादिङको गजुरीमा वन सुरक्षा गार्ड र प्रहरीको आक्रमणका क्रममा गोली प्रहार हुँदा टोपबहादुर पाठकको मृत्यु भयो। झापाको पथरियाका कुष्ट रोगी बाबुलाल सतार पनि गोलीको शिकार भए। कलुवा राजवंशीको हत्यारा पत्ता लगाउन खटिएका प्रहरीले गोली चलाउँदा उनको मृत्यु भएको थियो। यो वर्ष गोलीका जम्मा घटना १५ वटा भए। जसमा २४ जना मानिस पीडित भएका पाइए। पीडितहरू मध्ये पनि १८ जना पुरूष र ६ जना महिला रहेका छन्। १५ वटा घटना मध्ये राज्यको तहबाट ४ वटा, जनसमूदायको तहबाट १० वटा र राजनीतिक तहबाट १ वटा घटना भएको पाइयो। गत वर्षको तथ्यांक र यस वर्षको तथ्यांकलाई तुलना गर्दा जनताले आफ्नो मौलिक हक प्रयोग गर्ने मामिला विरूद्ध राजकीय बल

प्रयोगमा मानिसहरूको ज्यान नोक्सानी नहुने परिस्थितिको सृजना पनि हुँदो रहेछ भन्ने कुराको पुष्टि भएको छ।

गिरफ्तारी र यातना

गिरफ्तारी र यातनाका घटनाहरूको सन्दर्भमा पनि उपरोक्त कुरा दोहोर्‍याउनु पर्ने भएको छ। यस वर्ष पुस्तकमा संग्रहित राज्यको तहबाट दिइएका यातनाका जम्मा १०० वटा घटनाहरू भए। जसमा कूल पीडित संख्या ४६० रहेको छ। गिरफ्तारी यातनाको उक्त संख्या मध्ये राज्यको तहबाट ९५ वटा जनसमूदायबाट ३ वटा र राजनीतिक तहबाट २ वटा छन्। जम्मा पीडित मध्ये जानकारीमा आए अनुसार पुरूष २७४, महिला १२ जना भएको, यी घटनाहरू मध्ये ०५२ भदौ २७ यता मात्र ४५ वटा यातनाका घटनाहरू घटे जसमा २९० जना पीडित भए। ती मध्ये पनि १६ वटा घटना रोल्पा, दाङ र प्युठान जिल्लामा मात्र भए जस्मा २३५ जना मानिस प्रत्यक्ष पीडित भएका पाइए।

यस वर्ष पनि यातनाको स्वरूपमा उल्लेखनीय परिवर्तन आएको पाइएन। वारा वन कार्यालयले तुरूङमा हाली यातना दिएको घटना पनि पाइयो। वन कार्यालय, आरक्ष र भन्सार कार्यालयहरूमा हिरासत कोठा, तुरूङ आदि राख्ने र ती हिरासतहरूको स्थिति प्रहरी हिरासत भन्दा गए गुज्रेको पाइयो। विभिन्न अपराधको आरोपमा पक्राउ गरिएका मानिसलाई न्यायिक निकाय समक्ष लैजानु पूर्व प्रहरी हिरासतमा कुटपिट गरिएको, नङमा पिन घुसारिएको, उँधोमुन्टो पारिएको, गल लगाएर पेलिएको, पाइपले पैतालामा पिटिएको, सुत्ने भूईंमा पानी पोखिदिएको जस्ता यातनाका पुरानै शैलीहरू प्रयोग गरिएको पाइयो। पुष्टिका रूपमा केही घटनाहरू यस्ता छन्- अछामको दुनैमा चोरीको घटनामा पक्राउ परेका मानबहादुर साउदलाई लाठी र बुटले पैताला, घुँडा र पिठ्यूँमा हिर्काइयो। दार्चुला ब्रम्हदेवमा गाई मारेको आरोपमा पक्राउ परेका प्रेमदत्त जोशीलाई हिरासतमा चुरोटको ठुटाले पैतालामा पोलिदिने जस्तो अमानवीय यातना दिइयो। दाङमा बलात्कार आरोपमा पक्राउ परेका गोविन्द बस्याललाई हिरासतमा बुटले पुठामा हिर्काउँदा छाला उप्किनुका साथै अण्डकोषमा समेत लाती हानिएको थियो।

प्रहरीले गर्ने व्यवहारको दुखदायी पक्ष अर्को के पनि देखिएको छ भने कुनै ठूलो क्षेत्र वा समुदाय वा राजनीतिक घटनाको सिलसिलामा प्रहरीहरू बिल्कुलै निर्दयी र निरंकुश भएर जाइलाग्ने गर्दछन्। रोल्पाको प्रहरी अपरेशनको सिलसिलामा गिरफ्तार गरिएका महिलाहरूलाई लुंगी उचाल्न लगाएर गुप्ताङ्गमा लठ्ठी घुसार्ने, औंला कोची दिने, जुठो चिया खान लगाउने, चुरोटको ठुटोले संवेदनशील अंगहरूमा पोलिदिने जस्ता अमानवीय व्यवहार गरिएको पाइयो।

अपराध छानवीनको क्रममा आधुनिक प्रविधि र वैज्ञानिक सामग्रीको प्रयोग नेपाल प्रहरी प्रधान कार्यालयको स्तरमा र एकाध घटनामा अन्यत्र पनि गरेको पाइयो तर जिल्ला इलाका वा थाना चौकीको स्तरमा भने अमानुषिक यातना दिएर जबरजस्ती किसिमले बक्न लगाउने पुरातन प्रक्रिया नै अपनाउने गरेका थुप्रै घटनाहरू पाइए।

यहाँ उल्लेख गर्नै पर्ने अर्को कुरा के छ भने अपराधको छानवीनको क्रममा प्रमाणहरूको परीक्षण गर्ने काम नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले गर्दछ। तर दूरदराजका इलाकाबाट पठाइएका त्यस्ता वस्तुहरूको प्रयोगशाला जाँच धैरैजसो लामो समयसम्म थन्किन्छ र उता अपराधीको प्रमाण प्रहरीले पुर्‍याउन नसकेका कारण अपराधीहरू सजिलैसंग उम्किने गरेका छन्। यही कारणले पनि बलात्कार र हत्याका अभियुक्तहरू सजिलै उम्कने गरेको पाइएको छ।

नेपाल प्रहरीले प्रहरीलाई मानवअधिकार शिक्षा दिने कामको थालनी गरिसकेको छ। अख्तियार दुरूपयोग गर्ने प्रहरीहरूउपर कार्वाही गर्नका लागि प्रहरी अख्तियार दुरूपयोग अनुगमन इकाईको पनि गठन गरेको छ। यो एउटा प्रशंसनीय कार्य हो तर पनि अमानुषिक यातना दिने कुराका हकमा संख्या र विस्तारका दृष्टिकोणले कमी आएको देखिएको भएता पनि यातनाको पुरातन शैली भने यथावतै रहेको पाइयो।

जेल र बन्दीहरू / राजनीतिक बन्दी

जेलको दुरावस्था यस वर्षको अर्को चर्चित प्रसंग हो। यो वर्षको शुरूदेखि नै जेलका कैदीहरूको संख्यामा क्रमशः कमी आएको पाइयो। जेलको भौतिक अवस्था सुधार गर्नेतर्फ कुनै प्रयास नभए पनि वर्षको शुरूमै बन्दीहरूको सिदामा बृद्धि गर्ने काम भने भयो। भोजपुर, सिराहा, महोत्तरी, नवलपरासी, रोल्पा र बर्दिया जेलका बन्दीहरूले स्वास्थ्यउपचार, सरसफाइ र लेखपढ, पत्रपत्रिका एवं अन्य समस्या सम्बन्धी मागहरू राख्दै अनशन र नारा जुलुसका कार्यक्रम पनि गरेको पाइयो।

अधिकांश जेलहरूको व्यवस्थापन कार्यका निम्ति विनियोजन गरिएको बजेट अपर्याप्त देखिएको छ। उक्त बजेटले जेल भवनको मर्मत सम्भारको त कुरै नगरौं, बन्दीहरूको स्वास्थ्य उपचार समेतको मानवीय व्यवस्था हुन सकेको देखिएन। महोतरी जेलका बन्दी विरामीलाई स्वास्थ्य जाँच गराउन स्थानीय अस्पतालबाट अहेवलाई बोलाइने गरिएको र उनको बेफुर्सदीका कारण आउन नसकेपछि स्थानीय डाक्टर बोलाई जाँच गराउँदाको शुल्क रू. १०० का दरले बन्दीले पाउने सिधाबाट कट्टा गरेको विरोधमा बन्दीहरूले आन्दोलन गरेका थिए। मलंगवा लगायतका केही जेलमा बन्दीहरूको औषधि उपचार वापत खर्च गरिएको उधारो विलको मोटो रकम कसरी तिर्ने भनी जेलरहरू चिन्तित रहेको पनि भेटियो।

मुस्ताङ र मुगु जिल्लाका जेल भवन असुरक्षित भएकोले बन्दीहरूलाई चौबिसै घण्टा नेल लगाएर राख्ने गरेको पाइयो। नवलपरासीमा महिला बन्दीहरूलाई चौकीदारले कुटपिट गर्ने गरेको गुनासो रहेको पाइयो।

यो वर्षको अन्त्यसम्ममा विभिन्न मुद्दामा फसाइएका राजनीतिक बन्दीहरूको संख्या १२ रहेको छ। तिनीहरू मध्ये मोरङमा हिमलाल उप्रेती, पाल्पामा रामबहादुर तिवारी, केन्द्रीय कारागार काठमाडौंमा झकबहादुर जि.सी., महेन्द्र राई, वीरबहादुर बस्नेत, नख्खु ललितपुरमा प्रकाश घिमिरे, दाङ तुलसीपुरमा शालिकराम उपाध्याय, मेघराज गिरी, वैकुण्ठबहादुर के.सी., नेपालगंजमा डब्बलसिं के.सी. र सिन्धुलीमा छैहुप लामा तथा हरि श्रेष्ठ राजनीतिक बन्दीको रूपमा रहेका पाइए।

धम्की / ज्यान मार्ने धम्की / कुटपिट

यो वर्ष मुलुकमा ४२६ वटा धम्की र कुटपिटका घटनाहरू भए। ती घटनाहरूमा ६५६ जना मानिस पीडित भएका पाइए। कुटपिटका घटनाबाट भएका जम्मा पीडित मध्ये ७५ जना महिला र ६ जना वालवालिका रहेका छन्। उक्त घटनाहरू मध्ये राज्यको तहबाट ११ वटा भएको पाइयो भने ४ सय १ वटा घटना समाजको कारणबाट र १४ वटा घटना राजनीतिक तहबाट भएको पाइयो। यस किसिमका निर्दयी व्यवहारहरू तुलनात्मक रूपमा मन्नुपर्दा पूर्वाञ्चल मन्दा पश्चिमतिरका विकट गाउँ बस्तीतिर बढी पाइयो। कंचनपुरकी ज्योति दमिनीले आफ्नै पति दलबहादुर दमाईलाई सुतिरहेकै बेला बन्चरो प्रहार गरी सख्त घाइते बनाइन्। पर्वतका रविलाल आचार्यकी ५ वर्षीय छोरी देवी आचार्यलाई उखु ख्वाइदिएको निहुँमा मोहदत जैसीले हिर्काएर आँखै फुटाइ दिए। इलाम सुलुवुङका जीवन सिवाले आफ्नै पत्नी फूलमाया सिवालाई दाम्लोले बाँधेर लगातार १० घण्टासम्म पिटे। सुर्खेत गुदुका जंगबहादुर कामीलाई देवीराम उपाध्याय लगायतका ४०।५० जनाको हुलले बाँधेर प्रहरी चौकी वाबियाचौरमा लगी कुटपिट गरे।

यो वर्ष कुटपिटको शिकार पत्रकारहरू पनि भए। पाल्पाका लक्ष्मण देवकोटा, जनकपुरका नवराज बस्नेत, काठमाडौंका लेखनाथ मण्डारी, कृष्ण भट्टराई लगायतका पत्रकारहरूलाई विभिन्न आरोपमा पिटियो। यस वर्ष कुटपिट र साँघातिक हमलाको शिकार सुरक्षाको जिम्मेवारी लिएर बसेका प्रहरी, वनसुरक्षा गार्ड र सेनाका जवानहरू समेत बनेको पाइयो। डोटीको सिलगढीमा उपसेनानी बन्धु कार्कीलाई कृष्णको रथयात्राको फोटो खिच्दा कुटपिट गरियो। जिल्ला वन कार्यालय सल्यानका कार्यालय प्रमुख लालनारायण सिंह कर्णले विभिन्न रेञ्जपोष्टका वन सुरक्षा गार्ड तलव लिन सदरमुकाम आएको बेला लाइन लगाएर पिटे। बर्दियाका प्रहरी जवान सीताराम के.सी. र मुगु गमगढीमा ५ जना प्रहरीलाई कुटपिट गरेको पाइयो। देशमा यो वर्ष कुल २१ जना मन्दा बढी प्रहरीहरू शान्ति सुरक्षा कायम राख्ने सिलसिलामा आक्रमणको शिकार भए।

थुनामा मृत्यु

यस वर्ष प्रहरी हिरासत र विभिन्न जेलहरूमा थुनिएका २३ जना मानिस थुनिएकै अवस्थामा मरे। जसमध्ये पुरूष २१ जना, महिला १ र नावालिक १ जना रहेका छन्। यसरी मर्नेहरू, यातनाका कारण, विरामी अवस्थामा राम्रो उपचार प्रबन्ध नहुनाका कारण, जीवनदेखि निराश भएर गरिएको आत्महत्याका कारण र कोही कालगतिका कारण मरेका पाइए।

मौलिक अधिकार

संविधान प्रदत्त मौलिक अधिकारको हनन भएका घटना गतवर्षको तुलनामा न्यून रहे पनि विभिन्न जिल्लाहरूमा कुनै न कुनै रूपमा यस वर्ष पनि भए। यस वर्ष अभिव्यक्ति स्वतन्त्रताको हननका कूल घटना ३४ वटा संकलित भएका छन्। जसमध्ये राज्यको तहबाट ३ वटा, समाजको तहबाट ४ वटा, राजनीतिक कारणबाट २७ वटा रहेका छन्। उक्त घटनामा कूल १४० जना पीडित भएको पाइयो।

रूकुममा ०५२ मदौ १२ गते सर्वोच्च अदालतको फैसलापछि मदौ १६ गते निस्किएको जुलुसमाथि केही व्यक्तिहरूले ढुंगा प्रहार गरे मने सल्यानमा एमालेको इलाका कार्यालय तोडफोड गरी चन्द्रबहादुर हमाल र रामबहादुर हमालमाथि कुटपिट गरेको पाइयो। नेविसंघको आयोजनामा भएको बाँके बन्दको कार्यक्रम सफल बनाउन ०५२ साउन १६ गते सडकमा धर्ना बसेका विद्यार्थीहरूमाथि प्रहरीले लाठी चार्ज गर्नुका साथै १३ जनालाई पक्राउ गरियो। त्यसैगरी नवलपरासीको परासी बजारमा नेविसंघद्वारा आयोजना गरिएको नेपाल बन्दको कार्यक्रममा सहभागी भएको मनी प्रहरीले संजीवकुमार घिमिरे र कृष्णबहादुर श्रेष्ठलाई विनापूर्जी पक्राउ गऱ्यो। ०५२ साउन १६ गते नेविसंघद्वारा आह्वान गरिएको नेपाल बन्दको कार्यक्रममा पर्यवेक्षण गर्दै हिंडेका मासम स्याङ्जाका सचिव निर्मलकुमार शेरचन र शंकर अधिकारीलाई जुलुसमा संलग्न व्यक्तिहरूले कुटपिट गरेको पाइयो।

मुगुमा ०५२, साउन ८ गते तत्कालीन उपप्रधानमन्त्रीको भ्रमणका अवसरमा विरोध जुलुसलाई पन्छ्याउन प्रहरीले २ राउण्ड रबरको गोली प्रयोग गऱ्यो। गोली लागेर १ जना घाइते भए।

धार्मिक स्वतन्त्रता

गत वर्ष झैं यस वर्ष पनि आम रूपमा धार्मिक सहिष्णुता यथावत कायम रहेको पाइयो। आर्थिक प्रलोभनमा परी केही जिल्लाहरूमा क्रिश्चियन धर्मप्रति आकर्षित बनाउने केही क्रियाकलापहरू मेटिए। हिन्दू मुस्लिम धार्मिक मतावलम्बी वीच नेपालगंजमा ०५२ कार्तिक ८ गते देखि ११ गतेसम्म भएको धार्मिक दंगा यस वर्षको चर्चित प्रसंग बाहेक यस प्रकारका घटना अन्यत्र कतै पनि देखिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

निष्पक्ष न्यायिक अधिकार जनताको नैसर्गिक अधिकार हो। तर यस वर्ष यो अधिकार उल्लंघन भएका २३ वटा घटना संकलित भएका छन्। २३ वटा घटना मध्ये

राज्यको तहबाट ९ वटा घटनामा १२ जना पीडित भएको पाइयो।

विना अपराध र थुनुवा पुर्जी नदिइ कुनै नागरिकलाई थुनछेक गर्न नपाउने कानूनी प्रावधान हुँदाहुँदै पनि कास्की जिल्लाका प्रजिअले पागल बन्दीका रूपमा दुई जनालाई थुनेर राख्ने आदेश दिएको पाइयो।

जिल्ला-जिल्लामा न्यायाधीशहरू अनुपस्थित भई न्याय संपादनमा ढिलाई हुन गएका उदाहरणहरू प्रशस्तै भेटिन्छन्। परिणामतः जथाभावी आरोपित भएका नागरिकहरूले आफ्नो सफाइ दिने उचित मौकाबाट बंचित भई स्वतन्त्रता पूर्वक बाँच्ने र न्याय पाउने अधिकार समेत पाएका छैनन्। डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला लगायतका जिल्ला यसका उदाहरण हुन्।

प्रचलित कानून बमोजिम निकुन्ज सम्बन्धी मुद्दा विशेष अदालतले हेर्ने गर्छ। डोल्पा जिल्लामा उक्त आरोप लागेकाहरू अदालतको अभावले २ वर्ष भन्दा बढी समयदेखि बन्दी जीवन विताइरहेछन्।

जेल भुक्तानीको समय सकिई सक्दा पनि अदालतले सोको जानकारी पत्र समयमै नपठाई दिएकोले तोकिएको अवधि भन्दा बढी समयसम्म जेलमा बन्दी जीवन विताइरहनु परेको पाइयो। ओखलढुंगाकी चन्दकुमारी नेवारनीले ०५२ जेठ ११ गते सम्मको तोकिएको कैद भुक्तान गरिसकेर पनि यो वर्षको अन्तसम्मै उनी जेलमै थुनिएकी छिन्।

श्री ५ को सरकारले विभिन्न समयमा स्वेच्छाचारी ढंगले गरेको बर्खास्तगी विरूद्ध सर्वोच्च अदालतले महत्वपूर्ण निर्णय गरी कर्मचारीहरूको पुनर्बहाली गरेको देखिन्छ।

मुलुकी ऐन अंश वण्डाको महलमा छोरा र छोरीले पाउने अंश सम्बन्धमा भेदभाव गर्ने कानून अद्यापि रहेकाले संविधानसंग बाझिने यी कुराहरूको निरूपण गर्न एक वर्षभित्र ससदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकारलाई सर्वोच्च अदालते निर्देशात्मक आदेश जारी गरेको छ।

संविधान प्रदत्त फौजदारी न्यायको हक प्रचलनमा ल्याउन र सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई सर्वोच्च अदालतले प्रत्याभूत गरेको पाइन्छ। मुद्दाहरू क्रमशः किरण श्रेष्ठ विरूद्धः काठमाडौं जिल्ला अदालत र अधिवक्ता वालकृष्ण नेउपाने विरूद्ध श्री ५ को सरकार, जलस्रोत मन्त्रालय समेतको मुद्दा।

सरूवा / घटुवा / पक्षपात आदि

यस वर्ष सरूवा / घटुवा / पक्षपातका जम्मा १८ वटा घटना संकलित भएका छन्। जसमध्ये राज्यको तहबाट १४ वटा, व्यक्तिगत रूपले ५ वटा र राजनीतिक तहबाट २ वटा घटना भए। यी घटनाहरूमा २०५ जना पीडित भएको पाइयो। राजनीतिक आस्थाका कारण यो वर्षको पूर्वार्धतिर केही शिक्षक र कर्मचारीहरूलाई अपायक सरूवा गरियो। पाँचथरमा नेवि संघ जिल्ला कार्य समितिले यस जिल्लामा कार्यरत संगठन पक्षीय २९ जना कर्मचारीलाई "अत्यन्त बाधक" भन्ने संकेत गरी उनीहरूलाई अन्यत्र सरूवा गर्नु पर्ने भनी केन्द्रीय समितिमा पठाएको चिठी सार्वजनिक भएको पाइयो।

महिला अधिकार

महिला अधिकारको कुरा गर्दा यस वर्ष पनि बलात्कारका विभत्स घटनाहरू सर्वाधिक रहेको पाइयो। दुखद स्थिति के रहेको छ भने यस वर्ष प्रहरीले हिरासतमा र हिरासत बाहिर पनि बलात्कार गरे। जम्मा बलात्कारका घटना १५१ वटा मध्ये प्रहरीद्वारा महिला बलात्कृत भएका घटना ६ वटा रहेको पाइयो। १५१ बलात्कारका घटनाहरूमा कूल पीडित १५७ जना पाइए भने यिनीहरू मध्ये पनि ८८ जना १५ वर्षभन्दा माथिका किशोरी वा महिलाहरू छन् भने १५ वर्षभन्दा मुनिका बालिकाहरूको संख्या ६९ रहेको छ। बलात्कार जस्तो पाशविक अत्याचारको शिकार ३ वर्षसम्मका बालिका देखि ६२ वर्षीय वृद्धाहरू समेत बन्न पुगेको पाइयो।

बाबुले छोरीमाथि बलात्कार गरेका घटनाहरूले मुलुकमा सामाजिक विकृति कुन हदसम्म बढ्दै छ भन्ने कुराको पुष्टि गरेको छ। पाशविक अत्याचारका केही घटनाहरू यस्ता छन्- अछाम मष्टमाण्डौंका धुने आउजीले ११ वर्षीय आफ्नै छोरीलाई बलात्कार गरे। वैतडीकी १५ वर्षीय एक बालिकालाई तोरी पेलाएर घर फर्किरहेको बेला सर्माली प्रहरी चौकीका हवल्दार मानसिंह साउदले बलात्कार गरे। दाङ नारायणपुरकी १७ वर्षीय एक युवतीलाई आफ्नै बाबु निमबहादुर घर्तीले हात पछाडि बाँधेर र टोपीले मुख थुनेर बलात्कार गरे। बाँके, बागेश्वरीकी ५ वर्षीय एक बालिकालाई ६१ वर्षीय मनवीर महताराले बलात्कार गरे। नेपालगंजको क्लिनिकमा एक्सरे गराउन गएकी २८ वर्षीय एक महिला क्लिनिकका बब्लु हलवाइद्वारा बलात्कृत भइन्। बाग्लुङ अधिकारी चौरकी ११ वर्षीय एक बालिकालाई ६४ वर्षीय भीमबहादुर विकले बलात्कार गरे। धनुषा कजरारमौलकी एक महिलालाई घरमा कोही नभएको मौका पारी हतियार सहित आएका हदिव नदाफ, सरिक नदाफ, रामनारायण हलुवाइ, हदिस नदाफ लगायतका ६ जनाले सामूहिक बलात्कार गरे। बारा, कोहल्वीकी १४ वर्षीय एक बालिका भैंसी चराउन जंगलमा गएका बेला इलाका प्रहरी कार्यालय कोहल्वीका प्रहरी जवान बालबुलद्वारा बलात्कृत भइन्। यस वर्ष बाबुद्वारा ७ वटी छोरी बलात्कृत भए भने प्रहरीद्वारा ६ जना महिला बलात्कृत भएको पाइयो। बलात्कारी प्रहरी मध्ये ४ जनालाई तत्काल कारवाही गरियो।

समाजमा व्यक्ति वा समुदायबाट हुने मानवअधिकार उल्लंघनका क्रियाकलापहरूमा तात्विक अन्तर आएको देखिएन तर केही महिना अघि प्रहरीले रात परेपछि मदिराको प्रयोगमा बन्देज लगायो र यो समयमा समाजमा हुने गरेको गुण्डागर्दी, आपसी कुटपिट र रक्सी खाएर गरिने महिला र परिवार उपरको उत्पीडनका मामिलाहरूमा भने केही

सुधार भएको देखियो।

सामाजिक कुसंस्कारहरूका विरूद्ध अभियानले मात्र पुग्दैन, समाजिक आन्दोलन नै चलाउने बेला भैसकेको महसूस भएको छ। साक्षरता र आधुनिकताको मामिलामा अगाडि बढेको जिल्लादेखि लिएर दूरदराजका क्षेत्रहरूसम्म बोक्सीका नाममा दिशा खुवाउने, लाससंग सुताउने र बोक्सीको आरोप लगाएर हत्या गर्नेसम्मका अमानुषिक व्यवहारहरू यस वर्ष पनि देखा परे। यस्ता घटना पूर्वाञ्चलको इलाम, मोरङ्ग भोजपुरमा पाइयो भने मध्यमाञ्चलको महोत्तरी, रौतहट, मकवानपुर र धादिङ्गमा पाइयो। पश्चिमाञ्चलको लमजुङ्गमा पनि यस्तै घटना पाइयो। बोक्सीको आरोपमा रौतहट, धादिङ्ग र लमजुङ्गमा गरिएको हिंसात्मक आक्रमणमा परेका ३ जना महिलाको ज्यानै गएको थियो।

हाम्रो समाज धेरै निर्दयी र बेलाबखत जंगली पनि देखियो। बाबुद्वारा छोरीको बलात्कार, पतिद्वारा पत्नीको बलात्कार र हत्या, ३ वर्षीय बालिका देखि ६२ वर्षीय बृद्धामाथि सम्म भएका दुर्दान्त बलात्कारका घटनाहरूले जंगलीपना र निर्दयी व्यवहारलाई उद्घाटित गरेको छ।

हामीले यस वर्ष गर्भपतनका प्रशस्त घटनाहरू संकलित गर्‍यौं तर ती घटनाहरू मानवअधिकारका दृष्टिकोणले प्रतिकूल हुन् कि होइनन् भन्ने ठहर गर्न नसकेका कारण मानवअधिकार उल्लंघनका तथ्यांकमा ती सबै घटनाहरू समावेश गरिएका छैनन्। अनधिकृत ढंगले अदक्ष मानिसबाट गर्भपतन गर्न गराउन खोज्दा कैयौं महिलाहरूको ज्यान गएको छ। कतैकतै ती अदक्ष मानिसहरूले महिलाको पेट चिरेर बच्चा झिक्ने दुष्प्रयास गरेका छन्, कतै मेटासिड खुवाएर गर्भपतन गराउन खोजिएको छ। यस्तो घटना खोटाङ र प्युठानमा पाइयो। अनपेक्षित गर्भलाई पतन गर्न पाउने अधिकार महिलाहरूले पाउनु पर्दछ।

सम्पत्तिमाथिको अधिकार नपाउनाका कारण महिलाहरू अपहेलित र प्रताडित दुवै हुनुपरेका घटनाहरू पनि पाइयो। कपिलवस्तुमा आफ्नै पत्नीलाई सारा मानिसहरूका अगाडि सर्वाङ्ग नाँगै पारेर गुप्ताङ्गमा लट्ठी घुसारेर कुटपिट गर्ने पतिले ती महिलाले माइतीबाट पाएको सम्पत्ति आफ्नो नाममा राखेको हुनाले, पत्नीलाई जघन्य अपराधी ठहर्‍याएर यस्तो यातना दिएका थिए।

दाइजो नपाएको रीसमा महोत्तरीमा र पतिले भन्दा पहिले भात खाइसकेको आरोपमा धादिङ्गमा महिलाहरूले ज्यानै गुमाउनु पर्ने निर्दयी प्रताडना खप्नु पर्‍यो। यस्ता घटना थुप्रै जिल्लाहरूमा घटे। सप्तरीमा पकाएको रोटीमा भुस पर्‍यो भन्ने निहुँमा पत्नीलाई कुटेर मारेको पाइयो।

बलात्कृत महिलाहरूले कतै अज्ञानतावश, कतै त्रासका कारण र कतै वेइज्जतिका डरले आफूमाथि भएको जघन्य अपराधको उपचारका लागि उचित पहल गर्न सकेनन्। कतिपय बलात्कृत महिलाहरूले बलात्कारको पीडा खप्न नसकी आत्महत्या गरेको पनि पाइयो। ललितपुरको बडी खेलकी पुतली थापालाई पतिद्वारा यातना दिई गर्भपतन गर्न बाध्य बनाइयो र गर्भपतन गराएको आरोपमा उनलाई प्रहरी हिरासतमा समेत निर्मम यातना दिइयो।

महिलाहरू माथि हुने अमानवीय उत्पीडनका कतिपय घटनाहरूमा महिलाहरू स्वयंले नै पीडकलाई सघाएको पनि पाइयो।

महिला र पुरूषले गर्ने गरेको समान कामको ज्याला र पारिश्रमिकमा गरिने भेदभाव अहिले पनि कायम छ। उदाहरणका लागि सरकारी चिया बगानहरूमा एउटै काम गर्ने महिला र पुरूष कामदारहरू मध्ये पुरूषलाई बढी ज्याला दिइने गरेको छ।

ताप्लेजुङ्गमा ३४ वर्षीय छोरीलाई बाबुले जग्गा दियो भन्ने रीसमा उनका दाजुले ती बहिनीलाई कुटेर मारे।

महिला बेचबिखन

यो वर्ष महिला किनबेचका जम्मा ७६ वटा घटना संकलित भएका छन्। यी घटनामा पीडितहरूको संख्या १३३ रहेको छ। महिला भएकै कारणले अमानवीय यातना र अमानुषिक व्यवहार भोग्न विवश भएका महिलाहरूको संख्या पनि उल्लेखनीय रूपमा रहेको छ। महिला भएकै कारण दिइने यातनाका घटना यस वर्ष जम्मा ७३ वटा भएका पाइए। ती घटनामा ८४ जना पीडित छन्। पीडितहरू मध्ये पनि १२ जना बालिकाहरू रहेका छन्। जारी, बहुविवाह, देहव्यापारका १२७ वटा घटनामा २४० जना पीडित भएका पाइयो। जारी सम्बन्धी घटनामा पुरूष ९ जना, महिला २२१ जना र बालबालिका १० जना पीडित रहेको पाइयो।

गरीबीका कारण विभिन्न प्रलोभन देखाउँदै महिलाहरूलाई विदेशमा लगेर बेच्ने अपराधी चलन अध्यापि कायम छ र फैलदो छ। आधुनिकताको विकृतिका रूपमा एउटी किशोरीलाई म फिलिमको हिरो हुँ तिमीलाई हिरोइन बनाइ दिन्छु भनी यौन इच्छा पूर्ति गर्न सफल भएको पनि पाइएको छ। अनधिकृत तवरले बंगलादेश, फिलिपिन्स, मलेसिया, सिंगापुर, जापान लगायतका मुलुकहरूमा नेपाली चेलीहरू बेचिने गरेका छन् र यो क्रम बढ्दो छ। वैदेशिक रोजगारीका नाममा खुलेका कम्पनीहरूले अधिकृत ढंगबाट वैदेशिक रोजगारका लागि भनी पठाइएका मानिसहरूको स्थिति कस्तो छ भन्ने बारे आवधिक र नियमित जानकारी राख्ने कुनै संयन्त्र निर्माण भएको पाइएन।

भारतमा मात्र वर्षेनी ५ हजार भन्दा बढी नेपाली चेलीहरू बेचिन्छन् भन्ने अनुमान गरिएको छ। वेश्यावृत्तिबाट एड्सग्रस्त भएपछि तिनीहरूलाई यहाँ फर्काइन्छ। नेपाल फर्किनासाथ प्रहरी र प्रशासनले समेत एच.आई.भि. रगत परीक्षण गराउने गर्दछन्। तर पुरूषका हकमा यस्तो कुनै व्यवस्था छैन जसका कारण एड्स रोगी पुरूषहरूको पहिचान हुन सकेको छैन र ती पुरूषहरू नै एड्स फैलाउन सकृय बनिरहेका छन्।

कानूनले वेश्यावृत्तिलाई निषेध गरेको छैन, त्यसकारण प्रहरीले भरपर्दो ढंगले यसको नियन्त्रण गर्न सक्दैन

र अर्को तर्फ कानूनले यसलाई व्यवस्थित पनि गरेको छैन। आर्थिक कारणले वेश्यावृत्तिमा संलग्न रहेका महिलाहरूको ठूलो जमात मुलुकका सबै भागमा पाइन्छ। ठाउँहरूको स्तर र भौगोलिक अवस्थिति हेरी वेश्यावृत्तिको स्वरूपमा एकाध भिन्नता देखिन्छ। मुलुकको पश्चिमी क्षेत्रका केही जिल्लाहरूमा वेश्यावृत्तिले सामाजिक संस्कारको मान्यता लिइरहेको पनि पाइन्छ।

रोल्पामा एउटा गाई दान गरेर वा डोल्पामा ६ हजार रूपयाँ तिरेर आफ्नै पत्नीलाई कुनै पनि बेला त्याग्न पाउने प्रचलन विद्यमान छ। अर्काकी पत्नीलाई समाज बसेर, पतिसंग मोलतोल गरी पैसा गनेर गाई वस्तु खरिद गरे भैं खरिद गरी लैजाने घृणित परम्परा पनि मौजुद छ। मुगु जिल्लामा जारी वापत रू. ५० हजारसम्म तिरेको घटना फेला पर्‍यो।

बालअधिकार

उत्पादनका साधन र उत्पादनशील क्षेत्रको कमीका कारणले नेपाली परिवारका बालबालिकाहरू हातखुट्टा लाग्न थाल्दादेखि नै मजदूर बन्न पुग्छन्। ठूला मानिसले गर्ने सबै काम गर्न उनीहरू बाध्य छन्। यसै कारणले बाल सुलभ अज्ञानताका साथै काममा हुने कमी त्रुटी उपरको आक्रोश समेत थपिएर यी बालबालिकाहरू दोहोरो आक्रोशको शिकार बन्न पुगेका छन्।

हातमुख जोर्ने काममा आफै लाग्नु पर्ने भएकोले यी बाल बालिकाहरू स्कूल जान पाउँदैनन्। शिक्षाको प्रचारको व्यापकताले एउटा संवेदनशील विसंगति देखियो। पर्वतमा ११ वर्षीय बालिकाले स्कूल जान नपाएको पीडा खप्न नसकी आत्महत्या गर्न पुगिन्।

बालबालिकाहरू सामाजिक कुसंस्कार र विकृतिको सबभन्दा डरलाग्दो शिकार हुन्छन्। बलात्कार, हत्या, सार्वजनिक यातना लगायत आफूलाई जन्म दिने आमा बेचिएर हिंडेको टुलुटुलु हेर्न यी बालबालिका विवश छन्।

शहर बजारमा घरेलु नोकरको रूपमा र कारखानाहरूमा बाल मजदूरको रूपमा काम गर्ने बालबालिकाहरूले अमानवीय नियमहरूका अतिरिक्त शारीरिक प्रताडनाहरूको दोहोरो मार खप्नु परिरहेको छ।

यस वर्ष बालअधिकार हननका ३१ वटा घटना संकलित भएका छन्, जसमा ३५ जना बालबालिका पीडित भएका पाइए। यस वर्ष पारिवारिक हिंसाबाट १६ जना नाबालकहरू मारिएको पाइयो।

बालकल्याणको क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप गर्नु पर्ने कामहरूका मामिलामा सरकारी स्तरको भूमिका उत्साहजनक रहेको देखिएन।

जेलमा जीवन व्यतित गरिरहेका बन्दी अभिभावकहरूसंग बस्ने बालबालिकाहरूको भविष्य अन्धकार बनाउने काम राज्यले गरिरहेको छ।

निष्कर्षमा, हाम्रो मुलुकमा जन संख्याको बृद्धिदर संगसंगै निराशा, क्रुरता र बदलाको भावनाले विकृत भावी सन्ततीको निर्माण भइरहेको छ।

आधुनिक शिक्षाको नाममा खुलेका बोर्डिङ स्कूलहरूले किताबी किरो र पाठको बोझले थिचिएका त्रस्त सन्ततीको पंक्ति निर्माण गरिरहेको छ। छात्रछात्रामा आत्म निर्भर, जागरूक र विश्लेषकको प्रतिभा जगाउन वर्तमान शिक्षा नीति सक्षम छैन।

बालबालिकाको स्वास्थ्यको क्षेत्रमा प्रतिरोधात्मक भन्दा निरोधात्मक उपचारको बढी महत्व हुन्छ, यो मामिलामा राज्यको भूमिका निराशाजनक देखिएको छ।

कानूनत बालबालिकाले बाबु वा आमा मध्ये कसैको थर लेख्न पाइने स्थिति कायम भएता पनि व्यवहारमा यो कार्यान्वयन हुन सकेको छैन। अहिले पनि आमाको थर लेख्ने बालबालिकाले समाजमा बतासे वा बाबु विनाको भनी अपहेलित र तिरस्कृत हुनु पर्ने स्थिति कायमै छ। सरकारी काम कार्वाहीका सबै तहमा बाजे र बाबुको नाम अनिवार्य लेख्नु पर्ने नियमहरू प्रचलनमा रहिरहेकै छन्। यसले गर्दा आमाको थर लिनेहरूका लागि कानूनको कुनै अर्थ छैन।

बृद्धहरूका सम्बन्धमा

देशका बयोवृद्ध जेष्ठ नागरिकहरूलाई नेकपा (एमाले) को सरकारले पहिलोपल्ट बृद्ध भत्ताको व्यवस्था गरी सम्मान गरेको थियो।

देशमा बृद्धाश्रमको अभावले गर्दा काम गर्न असमर्थ असहाय बृद्धहरू बस्न र खानका लागि मन्दिर, सत्तल, पाटी, पौवा तथा भिक्षाटनको शरणमा जान बाध्य देखिन्छन्।

आर्थिक अधिकार

श्रमिकहरूको हक अधिकार सुनिश्चित गर्ने मामिलामा कुनै पनि सरकार सजग रहेको पाइएन। कृषि श्रमिकको ज्याला र कार्यसमय शुद्ध रूपमा रोजगारदाताकै इच्छामा आधारित रहेको छ। मालिकले दिएको जग्गामा बाली उब्जाएर गुजारा गर्ने र कमैयाको नाममा सपरिवार निशुल्क खट्ने अर्धदासहरूको स्थिति अत्यन्त दयनीय छ।

कारखानामा काम गर्ने मजदूरहरूको संचयकोष र उपदानको सुरक्षा गर्ने कुनै भरपर्दो निकाय छैन। सरकारी कारखाना र संस्थानहरूले नै मजदूरको संचयकोषको रकम चलाइदिएका छन्। सामूहिक जीवन वीमा गर्ने स्वीकृति श्री ५ को सरकारले नै नदिएका कारण मजदूरको मृत्यु भएमा आश्रितहरूको बिल्लीबाठ हुने स्थिति छ। पदोन्नति, प्रशिक्षणको कुनै सुनिश्चित मापदण्ड छैन। वार्षिक ग्रेड तलबको कति प्रतिशत हुनुपर्ने हो भन्ने बारे एउटा मापदण्ड तोकिनु पर्नेमा त्यस तर्फ पहल भएको छैन।

कारखानाहरूमा मालिकले लागू गर्ने ठेक्का प्रथाका कारण मजदूर केवल मेसिनको थान्कोमा फरेका छन्। श्री ५ को सरकारले तलबमा मासिक रू. ३००।- का दरले

महंगी भत्ता वढोत्तरी गऱ्यो। तर व्यवस्थापकहरूले त्यो रकम अझै उपलब्ध गराएका छैनन्।

आर्थिक कारणले तल्लो वर्गको मानिने सबै स्वाले मजदूरहरूको स्थिति दयनीय छ। आर्थिक संकटका कारण चेतनालाई बन्धकी राख्न मजदूर र तिनका परिवारलाई बाध्य पार्ने गरिएको पनि पाइएको छ। व्यवस्थापनमा श्रमिकको सहभागितालाई कुनै पनि कानून वा नियमले वास्ता गरेको छैन। मजदूरलाई विश्वासमा लिने सदासयताको विकास गर्नका लागि दीर्घकालीन र अल्पकालीन उपायहरू अवलम्बन गर्नु पर्नेमा त्यतातिर सरकारको सोंच प्रवाहित भएको पाइदैन।

नेपालका मजदूर जुनसुकै बेला असुरक्षित छन्। मजदूरको हक अधिकारको रक्षा गर्नु पर्ने निकायहरू अपांग र लाचार छन्। अदालतले गरेका फैसलालाई लागु गराउनु पर्ने सरकारी निकायहरू तमासे भै दिनाले थुप्रै मजदूरहरूले अदालतबाट पुनरवहालीको आदेश गरिएको वर्षौं बितिसक्दा पनि काममा फर्किन पाएका छैनन्।

यस वर्ष झण्डै २०० जति प्रतिष्ठानहरूमा मजदूरहरूले व्यवस्थापनसंग मागहरू प्रस्तुत गरेका थिए। ०५१ फागुन महिनामा श्री ५ को सरकारले घोषणा गरेको मासिक रू. ३००।- महंगी भत्ताको विषय नै प्रमुख माग बनेको देखिन्छ।

नेपाल उद्योग वाणिज्य महासंघले उक्त महंगी भत्ता कार्यान्वयन नगर्ने भनी सर्वोच्च अदालतमा रिट दिएकाले औद्योगिक प्रतिष्ठानहरूले फैसला पछि विचार गरिने गरी भत्ता सम्बन्धी निर्णय लिने कुराले मजदूर अधिकार हनन हुन पुगेको छ। डोल्पामा थोरै मुनाफा लिएर सुफत मूल्यको पसल संचालन गरे वापत २ जना व्यापारीलाई स्थानीय व्यापार संघले ५-५ सय उल्टै जरिवाना गरेको पाइयो।

यो वर्ष ३३१ जना मजदूरहरूले निस्काशित भएर रोजगारी गुमाए भने दरबन्दी कटौतीका कारण ५२६ जना बेरोजगार भए। औद्योगिक दूर्घटना र पेशागत रोगका कारण १४ जना मजदूरको मृत्यु भयो र १९ जना अंगभंग हुन पुगेका छन्। यसरी मृत्यु हुने र अंगभंग हुने मध्ये मृतक मजदूरको १ परिवारले मात्र क्षतिपूर्ति पाएका थिए। यो वर्ष मजदूर आन्दोलनका सिलसिलामा ४ वटा प्रतिष्ठानमा प्रहरी हस्तक्षेप भयो।

असंगठित क्षेत्र, महिला र बालश्रम मानवअधिकारको दृष्टिकोणले सर्वाधिक उपेक्षित र शोषित भएको छ।

जातीय छुवाछूत

अन्य अमानवीय व्यवहार अन्तर्गत जातीय छुवाछूतका प्रशस्त घटनाहरू यस वर्ष पनि संकलित भएका छन्। यो वर्ष यस प्रकृतिका ३५ वटा घटनामा ७० जना मानिस पीडित भए, जसमा १५ जना महिला र १ जना नावालक समेत छन्। जातीय छुवाछूत सम्बन्धी केही घटना यस्ता पनि छन् :

डडेलधुरा कारागार शाखामा कार्यरत प्रहरी जवान उद्धव टमटालाई सोही शाखामा कार्यरत हवल्दार चम्बुसिंह रावलले पानी खान र धारो छुन दिएनन्। तँ तल्लो जातको मान्छे तैंले छोएको खाए म विरामी हुन्छु भन्दै धारा छुन दिएनन्। प्युठान लुङका डिल्लीराज रिजाल, माधव रिजाल र शिवराज रिजालले स्थानीय जुद्धबहादुर टमटालाई घरभित्र पस्यो भन्ने आरोपमा निर्ममता पूर्वक कुटपिट गरे।

हुम्ला, सिमिकोटका सुरजन कामीका छोरा सार्की कामीको विहेमा जन्ती गएका कामी जातिका मानिसहरूले रातो पटुका र पगरी बेरेको र बाजा बजाएको भन्ने आरोपमा दुलहालाई जरिवाना गरियो। जाजरकोटक डण्डे लुहारको छोरीको विहेमा बाजा बजाएको आरोपमा ठूला भनिने जातिका व्यक्तिहरूले कुटपिट गरे। उक्त घटनामा नन्दे लुहार सख्त घाइते भएका थिए।

आत्महत्या

आत्महत्याका घटनाले मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्दैनन्। तर नेपालमा आर्थिक विपन्नता, सामाजिक संस्कार, प्रेम विवाह, असफलता आदिका कारण आत्महत्या हुने गरेका छन्। अपाङग भएको हिनतावोधका कारण, आफूले मन पराएको केटासंग विवाह गर्न नपाएर, विरामी बालबच्चाको उपचार गर्ने खर्च नभएर, प्रेम विवाहलाई परिवारले स्वीकृति नदिएका कारण मानिसहरूले आत्महत्या गरेका पाइए।

यो वर्ष आत्महत्याहरू जम्मा ८८६ वटा घटनाहरू संकलित भएका छन्। उक्त घटनामा ८८७ जना पीडित मध्ये १८० जना महिलाहरू र ४ जना बालवालिका समेत रहेका पाइए।

■

परिच्छेद ६

मानवअधिकार उल्लंघन तथ्यांक १९९५

वर्ष पुस्तकमा प्रकाशित गरिने मानवअधिकार उल्लंघनका तथ्यहरू विषयको अनुसूचि अन्तर्गतका घटनाहरूको जिल्लागत र राष्ट्रिय तथ्यांक प्रस्तुत गर्नका लागि यस वर्षदेखि हामीले यो परिच्छेद समावेश गरेका छौं। वर्ष पुस्तक भित्र यस्ता पनि घटनाहरू छन् भन्ने परिच्छेद ७ ले प्रतिनिधिमूलक घटनाहरू संकलन गरेको हुँदा यी दुवै परिच्छेदले मानवअधिकार उल्लंघनको राष्ट्रिय तथ्यांक र चरित्र प्रस्तुत गरेको छ।

कुनै पनि घटनाले मानवअधिकारका जुन-जुन क्षेत्रको उल्लंघन गर्दछ ती सबै शीर्षकमा उल्लंघनका घटनालाई उल्लेख गर्ने गरिन्छ। जस्तो कसैलाई विना पुर्जी पक्रेर हिरासतमा यातना दिइयो, समयमा अदालत समक्ष प्रस्तुत गरिएन भने गैरकानूनी थुना, यातना र न्यायिक अधिकारको उल्लंघन भएकोले ती सबै शीर्षकमा गणना गरिन्छ। यो अन्तर्राष्ट्रिय प्रचलन हो। तर हामीले त्यस्ता घटनालाई जुन शीर्षकको सबभन्दा बढी उल्लंघन भएको छ त्यसमा मात्र दर्ज गरेका छौं। बलात्कार पछि हत्या गरिएकाको हकमा भने हत्याको शीर्षकमा मात्र उल्लेख गरेको भएतापनि बलात्कारको तथ्यांकमा पनि समावेश गरेका छौं। त्यस्तै बहुविवाहको हकमा एउटै घटनाले पहिलेकी र कान्छी दुवै पत्नीको मानवअधिकारको उल्लंघन हुने हुँदा अघिल्ला र नव विवाहिता दुवैलाई पीडित मानी गणना गरिएको छ। तर राजीखुशी जारीमा वा प्रेम गरी जानेका हकमा भने पहिलेकी पत्नीहरूको मात्र मानवअधिकार उल्लंघन भएको मानेर गणना गरिएको छ। गर्भपतनको धेरै घटनाहरू हाम्रो जानकारीमा आए। धेरैजसो गर्भपतन अनैतिक संसर्गबाट रहेको गर्भ तुहाउन गरिएको पाइयो। अतः यकिन रूपले मानवअधिकार उल्लंघन भएका बाहेकका घटनाहरूलाई तथ्यांकमा समावेश गरिएको छैन। कुटपिटमा परी भएका गर्भपतनका हकमा तथ्यांकमा समावेश गरिएको छ। बलात्कार अन्तर्गत बलात्कार प्रयास समेतलाई समावेश गरिएको छ। तर दायाँ पट्टि "प्रयास-संख्या" भनी जनाइएको छ। गोली लागेर मारिएकाको तथ्यांक हत्यामा समावेश गरिएको छ। घाइते मात्र भएका वा गोली चलेको घटनालाई गोली शीर्षकमा समावेश गरिएको छ।

अतिरिक्त जानकारी अन्तर्गतका घटनाहरू तथ्यांकमा गणना गरिएको छैन। आत्महत्याको बेग्लै तथ्यांक प्रस्तुत गरिएको छ। वर्ष पुस्तकमा प्रकाशित सबै घटनाहरू तथ्यांकमा समावेश गरिएको छैन। स्पष्टतः मानवअधिकार उल्लंघन भएका घटनाहरूलाई मात्र तथ्यांकमा समावेश गरिएको छ।

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरुष	महिला	नाबालिक	
१.१ झापा									
	१.१.१ हत्या	१	१७		१९	१६	१	२	प्रहरीको हत्या १/प्रहरीद्वारा हत्या १
	१.३ गिरफ्तारी र यातना	४			४	४	०	०	प्रजिअद्वारा यातना १
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१२	१	१२	११	१	०	>
	१.६ थुनामा मृत्यु	२			२	२	०	०	
	४.१.१ महिला किनबेच		१		२	०	२	०	
	४.१.२ बलात्कार	१	६		७	०	५	२	प्रयास १/बाबुद्वारा १
	४.१.३ एड्स पीडित		१		१	०	१	०	मृत्यु
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		४		८	०	८	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	०	१	०	
	जम्मा	८	४४	१	५८	३३	२०	५	
	९ आत्महत्या		४४		४४				
१.२ इलाम									
	१.१.१ हत्या		५		५	५	०	०	
	१.३ गिरफ्तारी र यातना	२			७	३	०	४	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		९		१०	५	३	२	
	२.४ सरुवा/घटुवा/पक्षपात आदि	१			४०	४०	०	०	
	४.१.१ महिला किनबेच		१		१	०	१	०	काठमाडौंमा बेचिएको
	४.१.२ बलात्कार		२		२	०	१	१	बाबुद्वारा प्रयास १
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	जम्मा	३	१९	०	६७	५३	६	८	
	९ आत्महत्या		१५		१५	९	६	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
१.३ पाँचथर									
	१.१.१ हत्या		६		६	२	४	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	२	११		१४	१२	२	०	सेनाद्वारा कुटपिट १
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			२	४	४	०	०	>
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	२			२९	२९	०	०	>
	४.१.२ बलात्कार		१		१	०	१	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		२	०	२	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	जम्मा	४	२१	२	५७	४७	९	१	
	९ आत्महत्या		१२		१२	७	५	०	
१.४ ताप्लेजुङ्ग									
	१.१.१ हत्या		३		३	२	१	०	
	१.१.२ गोली		१		१	१	०		
	१.४ वेपत्ता पारिएको		१		१	०	१	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		५		६	४	२	०	
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	४.१.२ बलात्कार		१		१	०	१	०	
	४.२ जारी/वहुविवाह/दंउकी/देह व्यापार		२		४	०	४	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	जम्मा	१	१४	०	१८	८	९	१	
	९ आत्महत्या		४		४	१	३	०	
१.५ मोरङ्ग									
	१.१.१ हत्या		१४		१४	१०	४	०	
	१.३ गिरफ्तारी र यातना	४			६	५	०	१	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		४	१	५	४	१	०	
	४.१.१ महिला किनबेच		३		४	०	३	१	पतिद्वारा १
	४.१.२ बलात्कार		७		७	०	३	४	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	५ बाल अधिकार		२		२	०	०	२	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		२		२	०	२	०	
	जम्मा	४	३३	१	४१	१९	१४	८	
	९ आत्महत्या		९३		९३				
१.६ सुनसरी									
	१.१.१ हत्या		३		३	२	१	०	
	१.३ गिरफ्तारी र यातना	१			२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१		३	३	०	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	४.१.१ महिला किनबेच		१		१	०	१	०	
	४.१.२ बलात्कार		१		१	०	०	१	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		८		८	०	८	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		२		४	०	२	२	दुईजना बालिका देह व्यापारमा
	जम्मा	१	१६	०	२२	७	१२	३	
	९ आत्महत्या		४		४	१	३	०	
१.७ धनकुटा									
	१.१.१ हत्या		२		२	०	२	०	
	१.३ गिरफ्तारी र यातना	४			५	५	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		९		१०	८	२	०	
	१.६ थुनामा मृत्यु	१			१	०	१	०	
	४.१.२ बलात्कार		३		३	०	३	०	प्रयास १
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	२	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		२		५	२	३	०	
	जम्मा	५	१८	०	२९	१५	१४	०	
	९ आत्महत्या		६		६	५	१	०	
१.८ तेह्रथुम									
	१.१.१ हत्या		१		१	०	०	१	
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	१	७		९	८	१	०	
	१.६ थुनामा मृत्यु	१			१	०	०	१	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			१	२	२	०	०	
	४.१.२ बलात्कार		१		१	०	०	१	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	जम्मा	३	१०	१	१६	११	२	३	
	९ आत्महत्या		५		५	४	१	०	
१.९ भोजपुर									
	१.१.१ हत्या		४		४	३	१	०	
	१.२ जेल	१			१	१	०	०	
	१.३ गिरफ्तारी र यातना	१			२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		३		३	३	०	०	
	४.१.२ बलात्कार		३		३	०	२	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		४		८	०	७	१	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		२		३	१	२	०	
	जम्मा	२	१६	०	२४	१०	१२	२	
	९ आत्महत्या		५		५	३	२	०	
१.१० संखुवासभा									
	१.१.१ हत्या		७		७	५	१	१	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१७		२१	१८	३	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	१			१२	१२	०	०	
	४.१.१ महिला किनबेच		१		१	०	१	०	
	४.१.२ बलात्कार		१		१	०	०	१	प्रयास १
	जम्मा	१	२६	०	४२	३५	५	२	
	९ आत्महत्या		६		६			२	
१.११ सप्तरी									
	१.१.१ हत्या		६		६	२	४	०	
	१.१.२ गोली		२	१	६	४	२	०	
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	>
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२		३	३	०	०	
	१.६ थुनामा मृत्यु	२			२	२	०	०	
	४.१.१ महिला किनबेच		१		१	०	०	१	
	४.१.२ बलात्कार		२		२	०	२	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		२		३	०	२	१	
	५ बाल अधिकार		१		१	०	०	१	
	जम्मा	३	१६	१	२५	१२	१०	३	
	९ आत्महत्या		१९		१९	५	१४	०	
१.१२ सिरहा									
	१.१.१ हत्या		५		५	२	२	१	
	१.१.२ गोली		२		५	५	०	०	
	१.२ जेल	१			५	५	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२		२	२	०	०	
	४.१.२ बलात्कार		२		२	०	२	०	
	जम्मा	१	११	०	१९	१४	४	१	
१.१३ उदयपुर									
	१.१.१ हत्या		२		३	२	१	०	
	१.१.२ गोली		२		३	२	१	०	
	१.३ गिरफ्तारी र यातना	३			६	५	१	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		३		३	३	०	०	
	४.१.२ बलात्कार		२		२	०	१	१	प्रयास १

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		२		४	०	४	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	०	१	०	
	जम्मा	३	१३	०	२३	१२	९	२	
	९ आत्महत्या		२		२	१	१	०	
१.१४ खोटाङ									
	१.१.१ हत्या		४		४	३	१	०	
	४.१.२ बलात्कार		२		२	०	०	२	
	जम्मा	०	६	०	६	३	१	२	
	९ आत्महत्या		१०		१०	२	८	०	
१.१५ ओखलढुङ्गा									
	१.१.१ हत्या		५		६	१	२	३	
	१.४ वेपत्ता पारिएको		२		२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		३		३	३	०	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			१	१	१	०	०	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	१			१	०	१	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	१			३	३	०	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	जम्मा	२	११	१	१७	१०	३	४	
	९ आत्महत्या		४		४	०	४	०	
१.१६ सोलुखुम्बु									
	१.१.१ हत्या		२		२	१	१	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		८		९	८	१	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि		१		१	१	०	०	
	जम्मा	०	११	०	१२	१०	२	०	
	९ आत्महत्या		३		३			१	
१. पूर्वाञ्चल									
	१.१.१ हत्या	१	८६	०	९०	५६	२६	८	
	१.१.२ गोली	०	७	१	१५	१२	३	०	
	१.२ जेल	२	०	०	६	६	०	०	
	१.३ गिरफ्तारी र यातना	२१	०	०	३४	२८	१	५	
	१.४ वेपत्ता पारिएको	०	३	०	३	२	१	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	३	९६	२	११३	९५	१६	२	
	१.६ थुनामा मृत्यु	७	०	०	७	५	१	१	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	०	०	४	७	७	०	०	
	२.२ धार्मिक स्वतन्त्रता	०	०	०	०	०	०	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	१	०	०	१	०	१	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	५	१	०	८५	८५	०	०	
	३ भूमिहीन तथा सुकुम्बासी समस्या	०	०	०	०	०	०	०	
	४.१.१ महिला किनबेच	०	८	०	१०	०	८	२	
	४.१.२ बलात्कार	१	३४	०	३५	०	२१	१४	
	४.१.३ एड्स पीडित	०	१	०	१	०	१	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना	०	१५	०	१५	०	१५	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	१७	०	३३	०	२९	४	
	४.३ गर्भपतन	०	०	०	०	०	०	०	
	५ बाल अधिकार	०	९	०	९	०	०	९	
	६ आर्थिक अधिकार	०	०	०	०	०	०	०	
	७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि	०	०	०	०	०	०	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत	०	८	०	१२	३	९	०	
	जम्मा	४१	२८५	७	४७६	२९९	१३२	४५	
	९ आत्महत्या	०	२३२	०	२३२	३८	४८	३	
२.१ धनुषा									
	१.१.१ हत्या	१	३		४	३	१	०	प्रहरीको गोलीले मृत्यु १
	१.१.२ गोली		१		८	८	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		७		१९	१५	४	०	>
	३ भूमिहीन तथा सुकुम्बासी समस्या		१		१२	१२	०	०	
	४.१.१ महिला किनबेच		१		२	०	२	०	
	४.१.२ बलात्कार		३		३	०	१	२	बाबुद्वारा बलात्कार १
	४.३ गर्भपतन		१		१	०	०	१	
	जम्मा	१	१७	०	४९	३८	८	३	
	९ आत्महत्या		३		३				
२.२ महोत्तरी									
	१.१.१ हत्या		८		८	४	३	१	बलात्कार गरी सकेपछि हत्या १
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		६		१६	१५	१	०	
	४.१.२ बलात्कार		२		२	०	१	१	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		२	०	२	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		१	०	१	०	
	४.३ गर्भपतन		१	१	२	०	२	०	
	जम्मा	०	२०	१	३१	१९	१०	२	
	९ आत्महत्या		३		३				
२.३ सर्लाही									
	१.१.१ हत्या		७		८	३	१	४	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	१.१.२ गोली		१		२	२	०	०	
	१.३ गिरफ्तारी र यातना	२			२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	१	१६		१८	१५	३	०	
	४.१.१ महिला किनबेच		२		२	०	१	१	
	४.१.२ बलात्कार		६		७	०	४	३	प्रयास ३/बाबुद्वारा १/नातेदारद्वारा १
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		३		६	०	६	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	जम्मा	३	३७	०	४७	२२	१६	९	
२.४ सिन्धुली									
	१.१.२ गोली	२			९	६	३	०	
	१.३ गिरफ्तारी र यातना	३			५	५	०	०	विनापूर्जी गिरफ्तार २
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	१	२		४	२	२	०	
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	४.१.१ महिला किनबेच		१		१	०	१	०	
	४.१.२ बलात्कार		३		५	०	३	२	
	४.१.३ एड्स पीडित				२	०	२	०	मृत्यु
	जम्मा	७	६	०	२७	१४	११	२	
	९ आत्महत्या		५		५	२	३	०	
२.५ रामेछाप									
	१.१.१ हत्या		२		२	२	०	०	
	१.३ गिरफ्तारी र यातना	२			१२	१२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	२	१०		२०	१८	२	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि			२	४	४	०	०	
	३ भूमिहीन तथा सुकुम्बासी समस्या		१		१४	१	१३	०	
	४.१.२ बलात्कार		२		२	०	१	१	
	जम्मा	४	१५	२	५४	३७	१६	१	
	९ आत्महत्या		९		९				
२.६ दोलखा									
	१.१.१ हत्या		६		८	५	१	२	
	१.३ गिरफ्तारी र यातना	२			२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	१	६	१	१०	९	१	०	
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	४.१.२ बलात्कार		१		१	०	०	१	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	२	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	४.३ गर्भपतन		१		१	०	१	०	
	जम्मा	४	१६	१	२६	१७	६	३	
	९ आत्महत्या		१४		१४	११	३	०	
२.७ रौतहट									
	१.१.१ हत्या	२	३		६	५	१	०	बलात्कार गरी सकेपछि हत्या १
	१.१.२ गोली		२		२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		३		६	५	१	०	
	४.१.१ महिला किनबेच		१		१	०	१	०	
	४.१.२ बलात्कार		५		५	०	२	३	
	४.३ गर्भपतन		२		२	०	२	०	
	जम्मा	२	१६	०	२२	१२	७	३	
	९ आत्महत्या		४		४	२	२	०	
२.८ बारा									
	१.१.१ हत्या		९		९	५	३	१	
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		७		१५	१५	०	०	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	१			१	१	०	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि		२		२	२	०	०	
	४.१.२ बलात्कार	१	२		३	०	१	२	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		२	०	२	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		३		४	०	३	१	
	५ बाल अधिकार		२		२	०	०	२	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		२	१	१	०	
	जम्मा	३	२८	०	४१	२५	१०	६	
	९ आत्महत्या		८		८				
२.९ पर्सा									
	१.१.१ हत्या		१२		१३	७	३	३	
	१.४ वेपत्ता पारिएको	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		९		११	९	१	१	>
	४.१.१ महिला किनबेच		२		३	०	३	०	
	४.१.२ बलात्कार	१	६		७	०	५	२	बलात्कार प्रयास २/प्रहरीद्वारा बलात्कृत
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		२	०	१	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	१	१	
	६ आर्थिक अधिकार		१		१	१	०	०	
	जम्मा	२	३२	०	४०	१८	१४	८	
	९ आत्महत्या		५		५	१	४	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
२.१० चितवन									
	१.१.१ हत्या	१	४		७	४	२	१	वनसुरक्षाकर्मीको गोलीले मृत्यु १
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		४		४	४	०	०	>
	४.१.१ महिला किनबेच		२		२	०	०	२	
	४.१.२ वलात्कार		६		७	०	४	३	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		४		४	०	४	०	
	५ बाल अधिकार		१		३	१	०	२	
	जम्मा	१	२१	०	२७	९	१०	८	
	९ आत्महत्या		६		६				
२.११ मकवानपुर									
	१.१.१ हत्या		३		३	२	०	१	
	१.३ गिरफ्तारी र यातना	२			८	८	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२		५	३	१	१	
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	४.१.१ महिला किनबेच		२		७	०	७	०	
	४.१.२ बलात्कार		२		२	०	०	२	
	४.१.३ एड्स पीडित		१		१	०	१	०	मृत्यु
	४.२ जारी/बहुविवाह/दंउकी/देह व्यापार		१		२	०	२	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		२	०	२	०	
	जम्मा	३	१३	०	३२	१४	१३	५	
	९ आत्महत्या		३१		३१				
२.१२ ललितपुर									
	१.१.१ हत्या		३		३	१	१	१	
	१.१.२ गोली		१		१	१	०	०	
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		३		३	३	०	०	
	३ भूमिहीन तथा सुकुम्वासी समस्या		१		५	१	१	३	
	४.१.१ महिला किनबेच		३		५	०	४	१	
	४.१.२ बलात्कार		२		२	०	२	०	
	४.२ जारी/बहुविवाह/दंउकी/देह व्यापार		२		४	०	४	०	
	४.३ गर्भपतन		१		१	०	१	०	
	जम्मा	१	१६	०	२५	७	१३	५	
	९ आत्महत्या		१०		१०	६	४	०	
२.१३ काभ्रेपलान्चोक									
	१.१.१ हत्या		२		३	२	१	०	
	१.१.२ गोली		१		१	१	०	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नावालिक	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		५		१०	९	१	०	
	१.६ थुनामा मृत्यु	१			२	२	०	०	
	४.१.२ बलात्कार		१		१	०	१	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	२	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	१	०	०	
	जम्मा	१	१२	०	२१	१५	६	०	
	९ आत्महत्या		२२		२२				
२.१४ भक्तपुर									
	१.१.१ हत्या		५		५	२	१	२	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१८		२५	२०	४	१	
	४.१.१ महिला किनबेच		१		१	०	१	०	
	४.१.२ बलात्कार		४		४	०	२	२	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		२	०	२	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	२	०	
	जम्मा	०	३१	०	३९	२२	१२	५	
	९ आत्महत्या		१९		१९	१०	९	०	
२.१५ काठमाडौं									
	१.१.१ हत्या		१७		१७	१४	३	०	
	१.१.२ गोली		१		१	१	०	०	
	१.३ गिरफ्तारी र यातना	३		२	७	४	३	०	>
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१६	२	१९	१५	४	०	
	१.६ थुनामा मृत्यु	२			२	२	०	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	१	३	१०	४५	४३	२	०	>
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	१	१		२३	२३	०	०	
	४.१.१ महिला किनबेच		१९		३६	०	३२	४	
	४.१.२ बलात्कार		७		७	०	३	४	प्रयास १
	४.१.४ महिला भएकै कारणले दिइने यातना		४		६	०	५	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		४		८	०	८	०	
	५ बाल अधिकार		५		५	०	०	५	
	जम्मा	७	७७	१४	१७६	१०२	६०	१४	
	९ आत्महत्या		१५६		१५६				
२.१६ धादिङ्ग									
	१.१.१ हत्या		८		८	६	२	०	वन अधिकृतको गोलीले मृत्यु १
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		५		६	४	२	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			१	२	२	०	०	

जिल्ला	घटना शीर्षक	उल्लघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	१			२९	२९	०	०	
	४.१.१ महिला किनबेच		१		१	०	१	०	
	४.१.२ बलात्कार	१	१		२	०	१	१	प्रहरीद्वारा बलात्कृत १
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		२		४	०	४	०	
	जम्मा	३	१७	१	५३	४२	१०	१	
	९ आत्महत्या		१५		१५	६	९	०	
२.१७ सिन्धुपाल्चोक									
	१.१.१ हत्या		५		५	५	०	०	
	१.३ गिरफ्तारी र यातना	१			२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		४		४	४	०	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			१	१२	१२	०	०	
	४.१.१ महिला किनबेच		५		७	०	७	०	
	४.१.२ बलात्कार		१		१	०	०	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		९		१८	०	१५	३	
	४.३ गर्भपतन		१		१	०	०	१	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		४		८	८	०	०	>
	जम्मा	१	२९	१	५८	३१	२२	५	
	९ आत्महत्या		२५		२५	१७	८	०	
२.१८ नुवाकोट									
	१.१.१ हत्या		३		३	१	१	१	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		३		३	३	०	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	१			२	२	०	०	
	४.१.१ महिला किनबेच		७		१०	०	३	७	
	४.१.२ बलात्कार		१		१	०	१	०	प्रयास १
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	२	०	
	जम्मा	१	१५	०	२१	६	७	८	
	९ आत्महत्या		२३		२३	१४	९	०	
२.१९ रसुवा									
	१.१.१ हत्या		१		१	१	०	०	
	१.३ गिरफ्तारी र यातना		२		५	५	०	०	
	४.१.१ महिला किनबेच		३		९	०	७	२	
	जम्मा	०	६	०	१५	६	७	२	
	९ आत्महत्या		१		१	१	०	०	
२. मध्यमाञ्चल									
	१.१.१ हत्या	४	१०१	०	११३	७२	२४	१७	
	१.१.२ गोली	२	७	०	२४	२१	३	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नावालिक	
	१.२ जेल	०	०	०	०	०	०	०	
	१.३ गिरफ्तारी र यातना	१८	२	२	४६	४३	३	०	
	१.४ वेपत्ता पारिएको	१	०	०	१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	५	१२६	३	१९८	१६८	२७	३	
	१.६ थुनामा मृत्यु	६	०	०	७	७	०	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	१	३	१२	५९	५७	२	०	
	२.२ धार्मिक स्वतन्त्रता	०	०	०	०	०	०	०	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	१	०	०	१	१	०	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	३	३	२	६०	६०	०	०	
	३ भूमिहीन तथा सुकुम्बासी समस्या	०	३	०	३१	१४	१४	३	
	४.१.१ महिला किनबेच	०	५०	०	८७	०	७०	१७	
	४.१.२ बलात्कार	३	५५	०	६२	०	३२	३०	
	४.१.३ एड्स पीडित	०	१	०	३	०	३	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना	०	१८	०	२१	०	१९	२	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	३०	०	५७	०	५२	५	
	४.३ गर्भपतन	०	७	१	८	०	६	२	
	५ बाल अधिकार	०	१०	०	१२	१	०	११	
	६ आर्थिक अधिकार	०	१	०	१	१	०	०	
	७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि	०	०	०	०	०	०	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत	०	७	०	१३	१०	३	०	
	जम्मा	४३	४२४	२०	७७५	४२७	२५८	९०	
	९ आत्महत्या	०	३५९	०	३५९	७०	५१	०	
३.१ तनहुँ									
	१.१.१ हत्या		२		२	१	१	०	
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		३		४	४	०	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		२		४	४	०	०	
	जम्मा	१	९	०	१३	१०	२	१	
	९ आत्महत्या		१०		१०	६	४	०	
३.२ गोरखा									
	१.१.१ हत्या		७		७	३	२	२	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		३		४	२	२	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			१	३	३	०	०	
	४.१.२ बलात्कार		१		१	०	०	१	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरुष	महिला	नाबालिक	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		६		१३	१	१२	०	
	जम्मा	०	१७	१	२८	९	१६	३	
	९ आत्महत्या		१२		१३				
३.३ लमजुङ्ग									
	१.१.१ हत्या		१		१	०	१	०	
	१.३ गिरफ्तारी र यातना	१			१	०	१	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२		२	२	०	०	
	४.१.२ बलात्कार		१		१	०	१	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		३		५	०	३	२	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	१	०	०	
	जम्मा	१	८	०	११	३	६	२	
	९ आत्महत्या		३		३	२	१	०	
३.४ स्याङ्जा									
	१.१.१ हत्या		२		३	३	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२		४	४	०	०	
	४.१.२ बलात्कार		१		१	०	१	०	प्रयास १
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		२	०	१	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		१	०	१	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	जम्मा	०	८	०	१२	७	३	२	
३.५ कास्की									
	१.१.१ हत्या		६		६	३	३	०	
	१.२ जेल	२			२	२	०	०	
	१.३ गिरफ्तारी र यातना	२			२	२	०	०	विनापूर्जी गिरफ्तार १
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	२			३९	३९	०	०	
	४.१.१ महिला किनबेच		१		१	०	१	०	
	जम्मा	७	७	०	५१	४७	४	०	
	९ आत्महत्या		१७		१७				
३.६ मनाङ्ग									
३.७ नवलपरासी									
	१.१.१ हत्या		५		५	५	०	०	
	१.१.२ गोली	२			२	२	०	०	वनसुरक्षाकर्मीको गोलीले घाइते
	१.२ जेल	१			२	०	२	०	
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२		२	२	०	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	१			२	२	०	०	
	४.१.१ महिला किनबेच		५		७	०	५	२	
	४.१.२ बलात्कार		६		७	०	४	३	प्रयास १
	४.३ गर्भपतन		१		१	०	१	०	
	जम्मा	५	१९	०	२९	१२	१२	५	
	९ आत्महत्या		२२		२२	१७	५	०	
३.८ रूपन्देही									
	१.१.१ हत्या		१०		१२	९	१	२	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		७		७	६	१		
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			२	१०	१०	०	०	>
	३ भूमिहीन तथा सुकुम्बासी समस्या		१		१४	१४	०	०	
	४.१.१ महिला किनबेच		४		११	०	११	०	
	४.१.२ बलात्कार		३		३	०	१	२	बाबुद्वारा गर्भधारण
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	५ बाल अधिकार		२		३	०	०	३	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		३		३	२	०	१	बालकलाई गुदद्वारमा बलात्कार
	जम्मा	१	३१	२	६५	४२	१५	८	
	९ आत्महत्या		५		५	३	२	०	
३.९ पाल्पा									
	१.१.१ हत्या		३		३	२	०	१	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२	१	६	५	१	०	
	१.६ थुनामा मृत्यु	२			२	२	०	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		२	०	१	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		३		४	२	२	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		२३	२३	०	०	
	जम्मा	२	१०	१	४०	३४	४	२	
	९ आत्महत्या		२०		२०	९	११	०	
३.१० कपिलवस्तु									
	१.१.१ हत्या		५		५	२	३	०	बलात्कार गरी सकेपछि हत्या १
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२		९	८	१	०	
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	४.१.२ बलात्कार		२		२	०	१	१	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		२	०	२	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	१	०	०	
	जम्मा	२	१२	०	२१	१३	७	१	
	९ आत्महत्या		१		१	१	०	०	
३.११ अर्घाखाँची									
	१.१.१ हत्या		१		१	०	१	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		८		१०	९	१	०	
	४.१.२ बलात्कार		२		२	०	१	१	प्रयास २
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		३		६	०	६	०	
	जम्मा	०	१४	०	१९	९	९	१	
	९ आत्महत्या		२०		२०	११	९	०	
३.१२ गुल्मी									
	१.१.१ हत्या		१		१	०	१	०	
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		८		४७	४६	१	०	>
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	४.१.२ बलात्कार		१		१	०	१	०	प्रयास २
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		७		१४	०	१४	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	जम्मा	२	१९	०	६७	४८	१८	१	
	९ आत्महत्या		११		११				
३.१३ वाग्लुङ									
	१.१.१ हत्या		५		६	१	३	२	
	१.१.२ गोली		१		१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		७		१३	१३	०	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			१	१	१	०	०	
	४.१.२ बलात्कार		२		२	०	१	१	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		१	०	१	०	>
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		३		६	०	६	०	
	जम्मा	०	२०	१	३०	१६	११	३	
	९ आत्महत्या		११		११	८	३	०	
३.१४ पर्वत									
	१.१.१ हत्या		२		२	१	१	०	
	१.३ गिरफ्तारी र यातना	१			१	०	०	१	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		५	३	१३	११	१	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	२	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	५ बाल अधिकार		१		१	०	०	१	
	जम्मा	१	९	३	१९	१२	४	३	
	९ आत्महत्या		६		६				
३.१५ म्याग्दी									
	१.१.१ हत्या		३		३	०	३	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		४		५	५	०	०	
	४.१.२ बलात्कार		२		२	०	२	०	प्रयास १
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	१	१	
	जम्मा	०	१०	०	१२	५	६	१	
	९ आत्महत्या		५		५				
३.१६ मुस्ताङ									
३. पश्चिमाञ्चल									
	१.१.१ हत्या	०	५३	०	५७	३०	२०	७	
	१.१.२ गोली	२	१	०	३	३	०	०	
	१.२ जेल	३	०	०	४	२	२	०	
	१.३ गिरफ्तारी र यातना	८	०	०	८	६	१	१	
	१.४ वेपत्ता पारिएको	०	०	०	०	०	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	०	५५	४	१२६	११७	८	१	
	१.६ थुनामा मृत्यु	६	०	०	६	६	०	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	१	०	४	१६	१६	०	०	
	२.२ धार्मिक स्वतन्त्रता	०	०	०	०	०	०	०	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	०	०	०	०	०	०	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	२	०	०	३९	३९	०	०	
	३ भूमिहीन तथा सुकुम्बासी समस्या	०	१	०	१४	१४	०	०	
	४.१.१ महिला किनबेच	०	१०	०	१९	०	१७	२	
	४.१.२ बलात्कार	०	२१	०	२२	०	१३	९	
	४.१.३ एड्स पीडित	०	०	०	०	०	०	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना	०	१२	०	१५	०	११	४	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	२५	०	४८	३	४४	१	
	४.३ गर्भपतन	०	१	०	१	०	१	०	
	५ बाल अधिकार	०	६	०	७	०	०	७	
	६ आर्थिक अधिकार	०	०	०	०	०	०	०	
	७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि	०	०	०	०	०	०	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत	०	८	०	३२	३१	०	१	
	जम्मा	२२	१९३	८	४१७	२६७	११७	३३	
	९ आत्महत्या	०	१४३	०	१४४	५७	३५	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीड़ित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरुष	महिला	नाबालिक	
५.१ दाङ्ग									
	१.१.१ हत्या	१	६		७	३	४	०	वन अधिकृतको गोलीले रेञ्जरको मृत्यु १
	१.१.२ गोली		१	१	२	१	१	०	
	१.३ गिरफ्तारी र यातना	५	१		१३	१३	०	०	बोक्सीको आरोपमा अमानवीय व्यवहार
	१.४ वेपत्ता पारिएको		१		१	०	१	०"	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२५		५८	५४	४	०	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	५			५	५	०	०	>
	४.१.१ महिला किनबेच		३		११	०	११	०	
	४.१.२ बलात्कार		३		३	०	३	०	प्रयास १/बाबुद्वारा १
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		२	०	२	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		५		७	१	६	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	६ आर्थिक अधिकार		१		१	१	०	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	१	०	०	
	जम्मा	११	५०	१	११२	७९	३२	१	
	९ आत्महत्या		९		९	५	४	०	
४.२ प्युठान									
	१.१.१ हत्या		३		३	२	१	०	
	१.३ गिरफ्तारी र यातना	३			१२२	१२२	०	०	**
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		६	१	१२	१०	२	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक़ स्वतन्त्रता			१	१	१	०	०	
	४.१.२ बलात्कार		१		२	०	२	०	प्रयास १/कुटपिट १
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		२		४	०	४	०	
	६ आर्थिक अधिकार			१	१	१	०	.०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	१	०	०	
	जम्मा	३	१३	३	१४६	१३७	९	०	
	९ आत्महत्या		१७		१७				
४.३ रोल्पा									
	१.१.१ हत्या		५		५	५	०	०	
	१.३ गिरफ्तारी र यातना	९			१८०	५	७	०	>
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	१	११	१	१८	१८	०	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता		१	२	१९	१९	०	०	>
	४.१.२ बलात्कार		१		१	०	१	०	प्रयास १
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		२	०	२	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		२		४	०	४	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरुष	महिला	नाबालिक	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	१	०	०	
	जम्मा	१०	२३	३	२३०	४८	१४	०	
	९ आत्महत्या		१०		१०			१	
४.४ सल्यान									
	१.१.१ हत्या		३		३	१	१	१	
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	१	२		६	४	२	०	वन अधिकृतले वन सुरक्षाकर्मीलाई कुटपिट १
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			१	२	२	०	०	
	४.१.२ बलात्कार		१		१	०	१	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		३		४	०	३	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	२	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	०	१	०	
	जम्मा	२	११	१	२०	८	१०	२	
	९ आत्महत्या		९		९				
४.५ रूकुम									
	१.१.१ हत्या		५		५	५	०	०	
	१.३ गिरफ्तारी र यातना	३			१३	१३	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		३	१	९	८	१	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	१		१	३१	३१	०	०	लाठी चार्ज
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		२	०	२	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		२		४	०	४	०	
	जम्मा	४	१२	२	६४	५७	७	०	
	९ आत्महत्या		९		९				
४.६ बाँके									
	१.१.१ हत्या		१		२	२	०	०	
	१.३ गिरफ्तारी र यातना	३			३	३	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१		१	०	१	०	
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	४.१.१ महिला किनबेच		३		३	०	२	१	
	४.१.२ बलात्कार		५		५	०	२	३	बाबुद्वारा बलात्कृत १
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	६ आर्थिक अधिकार		१		१	१	०	०	
	जम्मा	४	१३	०	१८	७	६	५	
	९ आत्महत्या		७		७	२	५	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीड़ित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
४.७ बर्दिया									
	१.१.१ हत्या	२	५		९	९	०	०	वनसुरक्षाकर्मीको गोलीले रेञ्जरको मृत्यु २
	१.३ गिरफ्तारी र यातना	२			४	४	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		५		५	५	०	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	१			२	०	२	०	
	४.१.२ बलात्कार		४		४	०	३	१	प्रयास १
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		४	०	२	२	
	६ आर्थिक अधिकार		१		१	०	१	०	
	जम्मा	५	१७	०	२९	१८	८	३	
	९ आत्महत्या		४		४				
४.८ सुर्खेत									
	१.१.१ हत्या		६		६	४	२	०	
	१.३ गिरफ्तारी र यातना	३			३	३	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१२	१	२१	१९	२	०	दुईजना प्रहरीलाई हुल्याहाद्वारा कुटपिट
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	१			१	१	०	०	बन्दीलाई परीक्षामा सामेल नगराएको
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	२			१७	१७	०	०	
	४.१.२ बलात्कार		२		२	०	१	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		४		९	०	९	०	
	जम्मा	६	२४	१	५९	४४	१४	१	
	९ आत्महत्या		१३		१३				
४.९ जाजरकोट									
	१.१.१ हत्या		२		२	१	१	०	
	१.१.२ गोली	१			१	१	०	०	
	१.३ गिरफ्तारी र यातना	३			५	५	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१०	१	१३	१३	०	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		१		१	०	१	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		२		४	०	४	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		१	१	०	०	
	जम्मा	४	१६	१	२७	२१	६	०	
	९ आत्महत्या		१		१	०	१	०	
४.१० दैलेख									
	१.१.१ हत्या		२		२	१	१	०	
	१.३ गिरफ्तारी र यातना	१			१	१	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		६		९	९	०	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि		१		१	१	०	०	
	४.१.२ बलात्कार		२		२	०	२	०	प्रयास २
	४.१.४ महिला भएकै कारणले दिइने यातना		३		३	०	३	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		७		१४	०	१४	०	
	५ बाल अधिकार		२		२	०	०	२	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		२		२	२	०	०	
	जम्मा	१	२५	०	३६	१४	२०	२	
	९ आत्महत्या		६		६	२	४	०	
४.११ डोल्पा									
	१.२ जेल	१			२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		४		४	४	०	०	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	१			४	४	०	०	>
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	१			१	१	०	०	
	६ आर्थिक अधिकार		१		२	२	०	०	
	जम्मा	३	५	०	१३	१३	०	०	
४.१२ जुम्ला									
	१.३ गिरफ्तारी र यातना	१			२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१		१	१	०	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	२	०	
	जम्मा	१	२	०	५	३	२	०	
४.१३ कालिकोट									
	१.१.१ हत्या		१		१	०	१	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१		१	१	०	०	
	४.१.२ बलात्कार		२		२	०	१	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		४		८	०	८	०	
	जम्मा	०	८	०	१२	१	१०	१	
	९ आत्महत्या		१		१	१	०	०	
४.१४ मुगु									
	१.१.२ गोली	१			३	१	२	०	
	१.३ गिरफ्तारी र यातना	१			२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१		९	९	०	०	
	१.६ थुनामा मृत्यु	१			१	१	०	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		५		७	०	५	२	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		२		४	०	४	०	
	जम्मा	३	८	०	२६	१३	११	२	
४.१५ हुम्ला									
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		२		४	३	१	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता			१	१	१	०	०	
	४.१.२ बलात्कार		२		२	०	१	१	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	४.१.४ महिला भएकै कारणले दिइने यातना		२		२	०	२	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१४		२३	५	१८	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत		१		२	१	१	०	
	जम्मा	०	२१	१	३४	१०	२३	१	
४. मध्यपश्चिमाञ्चल									
	१.१.१ हत्या	३	३९	०	४५	३३	११	१	
	१.१.२ गोली	२	१	१	६	३	३	०	
	१.२ जेल	१	०	०	२	२	०	०	
	१.३ गिरफ्तारी र यातना	३५	१	०	३४९	१७४	७	०	
	१.४ वेपत्ता पारिएको	०	१	०	१	०	१	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	२	९०	५	१७१	१५८	१३	०	
	१.६ थुनामा मृत्यु	२	०	०	२	२	०	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	१	१	६	५४	५४	०	०	
	२.२ धार्मिक स्वतन्त्रता	०	०	०	०	०	०	०	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	७	०	०	१०	१०	०	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	४	१	०	२१	१९	२	०	
	३ भूमिहीन तथा सुकुम्बासी समस्या	०	०	०	०	०	०	०	
	४.१.१ महिला किनबेच	०	६	०	१४	०	१३	१	
	४.१.२ बलात्कार	०	२३	०	२४	०	१७	७	
	४.१.३ एड्स पीडित	०	०	०	०	०	०	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना	०	२३	०	२८	०	२३	५	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	४६	०	८५	६	७९	०	
	४.३ गर्भपतन	०	०	०	०	०	०	०	
	५ बाल अधिकार	०	४	०	४	०	०	४	
	६ आर्थिक अधिकार	०	४	१	६	५	१	०	
	७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि	०	०	०	०	०	०	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत	०	८	०	९	७	२	०	
	जम्मा	५५	२४८	१३	८१४	४५६	१७२	१८	
	९ आत्महत्या	०	८६	०	८६	१०	१४	१	

*** एउटा घटनामा १२२ जनालाई गिरफ्तार गरी रोल्पा जेलमा सारिएको तथा अर्को एक घटनामा प्रहरी निरीक्षकद्वारा प्रहरी जवानलाई यातना दिइएको

जिल्ला	घटना शीर्षक	राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	कैफियत
५.१ कैलाली									
	१.१.१ हत्या	०	११	०	१४	८	४	२	
	१.३ गिरफ्तारी र यातना	३	०	०	७	७	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	१	०	०	१	१	०	०	
	४.१.१ महिला किनबेच	०	२	०	३	०	२	१	
	४.१.२ बलात्कार	०	६	०	६	०	२	४	प्रयास-१/बाबुद्वारा १

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	२	०	४	०	४	०	
	७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि	०	२	०	४	२	२	०	
	जम्मा	४	२३	०	३९	१८	१४	७	
	९ आत्महत्या	०	३०	०	३०	१६	१४	०	
५.२ अछाम									
	१.१.१ हत्या	०	१	०	१	१	०	०	
	१.३ गिरफ्तारी र यातना	१	०	०	४	४	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	०	५	०	८	७	१	०	
	४.१.२ बलात्कार	०	१	०	१	०	०	१	बाबुद्वारा १
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार		१		२	०	२	०	
	जम्मा	१	८	०	१६	१२	३	१	
	९ आत्महत्या	०	३	०	३	३	०	०	
५.३ डोटी									
	१.१.१ हत्या	०	१	०	१	०	१	०	
	१.३ गिरफ्तारी र यातना	२	०	०	२	२	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	०	७	०	७	४	३	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना	०	१	०	१	०	०	१	
	४.१.२ बलात्कार	०	१	०	१	०	०	१	प्रयास १
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	२	०	४	०	४	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत	०	१	०	१	१	०	०	
	जम्मा	२	१३	०	१७	७	८	२	
५.४ बाजुरा									
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	०	४	०	१०	६	४	०	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	०	०	१	४	४	०	०	
	जम्मा	०	४	१	१४	१०	४	०	
	९ आत्महत्या	०	१	०	१	१	०	०	
५.५ बझाङ्ग									
	१.३ गिरफ्तारी र यातना	३	०	०	४	४	०	०	हिरासतमा यातना २
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट		१		१	१	०	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	१	०	२	०	२	०	
	५ बाल अधिकार		१		१	०	०	१	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत	०	०	१	१	१	०	०	
	जम्मा	३	३	१	९	६	२	१	
५.६ कञ्चनपुर									
	१.१.१ हत्या	०	१	०	१	१	०	०	
	१.१.२ गोली		३		३	२	१	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरुष	महिला	नाबालिक	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	०	११	०	१४	१३	१	०	
	४.१.२ बलात्कार	१	४	०	५	०	३	२	प्रहरीद्वारा बलात्कार प्रयास १
	५ बाल अधिकार		१		२	०	०	२	
	जम्मा	१	२०	०	२५	१६	५	४	
	९ आत्महत्या	०	१८	०	१८	९	९	०	
५.७ डडेलधुरा									
	१.१.१ हत्या	०	१	०	१	०	१	०	
	१.३ गिरफ्तारी र यातना	१	०	०	२	२	०	०	
	१.५ बधम्की/ज्यानमार्ने धम्की/कुटपिट	०	५	०	६	५	१	०	
	६ आर्थिक अधिकार	०	१	०	१	१	०	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत	१	१	०	२	१	१	०	
	जम्मा	२	८	०	१२	९	३	०	
	९ आत्महत्या	०	८	०	८	४	४	०	
५.८ बैतडी									
	१.१.१ हत्या	०	२	०	३	३	०	०	
	४.१.२ बलात्कार	१	०	०	१	०	०	१	प्रहरीद्वारा बलात्कृत १
	४.१.४ महिला भएकै कारणले दिइने यातना	०	१	०	१	०	१	०	
	जम्मा	१	३	०	५	३	१	१	
	९ आत्महत्या	०	३	०	३	०	३	०	
५.९ दार्चुला									
	१.१.१ हत्या	०	१	०	१	१	०	०	
	१.३ गिरफ्तारी र यातना	३	०	०	४	४	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	०	१	०	१	०	१	०	
	१.६ थुनामा मृत्यु	१	०	०	१	१	०	०	आत्महत्या
	४.१.४ महिला भएकै कारणले दिइने यातना	०	३	०	३	०	३	०	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	३	०	५	०	५	०	
	जम्मा	४	८	०	१५	६	९	०	
	९ आत्महत्या	०	३	०	३	१	२	०	
५. सुदूर पश्चिमाञ्चल									
	१.१.१ हत्या	०	१८	०	२२	१४	६	२	
	१.१.२ गोली	०	३	०	३	२	१	०	
	१.२ जेल	०	०	०	०	०	०	०	
	१.३ गिरफ्तारी र यातना	१३	०	०	२३	२३	०	०	
	१.४ बेपत्ता पारिएको	०	०	०	०	०	०	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	१	३४	०	४८	३७	११	०	
	१.६ थुनामा मृत्यु	१	०	०	१	१	०	०	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	०	०	१	४	४	०	०	
	२.२ धार्मिक स्वतन्त्रता	०	०	०	०	०	०	०	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	०	०	०	०	०	०	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	०	०	०	०	०	०	०	
	३ भूमिहीन तथा सुकुम्बासी समस्या	०	०	०	०	०	०	०	
	४.१.१ महिला किनबेच	०	२	०	३	०	२	१	
	४.१.२ बलात्कार	२	१२	०	१४	०	५	९	
	४.१.३ एड्स पीडित	०	०	०	०	०	०	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना	०	५	०	५	०	४	१	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	९	०	१७	०	१७	०	
	४.३ गर्भपतन	०	०	०	०	०	०	०	
	५ वाल अधिकार	०	२	०	३	०	०	३	
	६ आर्थिक अधिकार	०	१	०	१	१	०	०	
	७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि	०	२	०	४	२	२	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत	१	२	१	४	३	१	०	
	जम्मा	१८	९०	२	१५२	८७	४९	१६	
	९ आत्महत्या	०	६६	०	६६	३४	३२	०	

जिल्ला	घटना शीर्षक	राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	कैफियत
नेपाल									
	१.१.१ हत्या	८	२९७	०	३२७	२०५	८७	३५	
	१.१.२ गोली	४	१०	१	२४	१८	६	०	
	१.२ जेल	६	०	[illegible]	१२	१०	२	०	
	१.३ गिरफ्तारी र यातना	९५	३	२	४६०	२७४	१२	६	
	१.४ वेपत्ता पारिएको	१	४	०	५	३	२	०	
	१.५ धम्की/ज्यानमार्ने धम्की/कुटपिट	११	४०१	१४	६५६	५७५	७५	६	
	१.६ थुनामा मृत्यु	२२	०	०	२३	२१	१	१	
	२.१ अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता	३	४	२७	१४०	१३८	२	०	
	२.२ धार्मिक स्वतन्त्रता	०	०	०	०	०	०	०	
	२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार	९	०	०	१२	११	१	०	
	२.४ सरूवा/घटुवा/पक्षपात आदि	१४	५	२	२०५	२०३	२	०	
	३ भूमिहीन तथा सुकुम्बासी समस्या	०	४	०	४५	२८	१४	३	
	४.१.१ महिला किनबेच	०	७६	०	१३३	०	११०	२३	
	४.१.२ बलात्कार	६	१४५	०	१५७	०	८८	६९	प्रहरीद्वारा ६/बाबुद्वारा ७
	४.१.३ एड्स पीडित	०	२	०	४	०	४	०	
	४.१.४ महिला भएकै कारणले दिइने यातना	०	७३	०	८४	०	७२	१२	
	४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार	०	१२७	०	२४०	९	२२१	१०	
	४.३ गर्भपतन	०	८	१	९	०	७	२	
	५ बाल अधिकार	०	३१	०	३५	१	०	३४	

जिल्ला	घटना शीर्षक	उल्लंघन घटना संख्या			पीडित संख्या				कैफियत
		राज्य	जनता	राजनीतिक	जम्मा	पुरूष	महिला	नाबालिक	
	६ आर्थिक अधिकार	०	६	१	८	७	१	०	
	७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि	०	२	०	४	२	२	०	
	७.२ अन्य अमानवीय व्यवहार/छुवाछूत समेत	१	३३	१	७०	५४	१५	१	
	जम्मा	१७७	१२३१	४९	२६०७	१५१३	७२४	२०२	
	९ आत्महत्या	०	८८६	०	८८७	२०९	१८०	४	

> यो संकेतले पीडित संख्या दिइएको संख्या भन्दा पनि बढी भएको जनाउँछ।

जेलमा रहेका राजनीतिक बन्दीहरूको विवरण

क्र.सं.	नाम	ठेगाना	सम्बद्ध दल	जेल परेको मिति	घटना	आरोप	कारागार
१.	हिमलाल उप्रेती	दर्वेशा-७, मोरङ	एमाले	०४८ मंसीर ९ गते	०४८ कार्तिक ७ गते दर्वेशाका पुन्यप्रसाद उप्रेतीको हत्याको घटनामा राजनीतिक प्रतिशोधले फसाइएको।	ज्यान सम्बन्धी	मोरङ कारागार
२.	रामबहादुर तिवारी,	बरस्टे-४, स्याङ्जा	एमाले	०५० वैशाख २२	०३४ साउन २४ गते हात हतियार स्वरस्वजाना मुद्दामा जेल परेको र ०३६ साउन १७ गते नेकपा मालेको निर्देशनमा तनहुँ जेल विद्रोह गरी निस्केपछि ०५० वैशाखमा पुनः गिरफ्तार परी जेलमा थुनिएको	हातहतियार स्वरस्वजना सम्बन्धी	पाल्पा कारागार
३.	भकबहादुर जिसी	पुजा-५, प्युठान	मसाल	०४७ चैत ४ गते	पूजा गा.प. का तत्कालीन प्रधानपंच शमशेरबहादुर के.सी.ले गौमुदी मा.वि.को भवन निर्माण निम्ति उठाइएको रकम हिनामिना गरेपछि ०४७ चैत १ गते तमाम गाउँवासी गई उनीहरूसंग कुरा गर्न जाँदा उल्टै हतियार झिकी एकजनालाई प्रहार गरेर भाग्न लागेकोले गाउँलेले ढुंगामुढा प्रहार गर्दा मरेको घटनाका सिलसिलामा मुद्दा लगाई थुनिएको।	ज्यान सम्बन्धी	भद्रगोल कारागार
४.	डम्बल सिं के.सी.	पूजा-५, प्युठान	मसाल	०४७ चैत ४ गते	पूजा गा.प. का तत्कालीन प्रधानपंच शमशेरबहादुर के.सी.ले गौमुदी मा.वि.को भवन निर्माण निम्ति उठाइएको रकम हिनामिना गरेपछि ०४७ चैत १ गते तमाम गाउँवासी गई उनीहरूसंग कुरा गर्न जाँदा उल्टै हतियार झिकी एकजनालाई प्रहार गरेर भाग्न लागेकोले गाउँलेले ढुंगामुढा प्रहार गर्दा मरेको घटनाका सिलसिलामा मुद्दा लगाई थुनिएको।	ज्यान सम्बन्धी	नेपालगंज कारागार
५.	वैकुण्ठबहादुर के.सी.	पूजा-५, प्युठान	मसाल	०४७ चैत ४ गते	पूजा गा.प. का तत्कालीन प्रधानपंच शमशेरबहादुर के.सी.ले गौमुदी मा.वि.को भवन निर्माण निम्ति उठाइएको रकम हिनामिना गरेपछि ०४७ चैत १ गते तमाम गाउँवासी गई उनीहरूसंग कुरा गर्न जाँदा उल्टै हतियार झिकी एकजनालाई प्रहार गरेर भाग्न लागेकोले गाउँलेले ढुंगामुढा प्रहार गर्दा मरेको घटनाका सिलसिलामा मुद्दा लगाई थुनिएको।	ज्यान सम्बन्धी	तुलसीपुर कारागार
६.	मेघराज गिरी	पूजा-५, प्युठान	मसाल	०४७ चैत ४ गते	पूजा गा.प. का तत्कालीन प्रधानपंच शमशेरबहादुर के.सी.ले गौमुदी मा.वि.को भवन निर्माण निम्ति उठाइएको रकम हिनामिना गरेपछि ०४७ चैत १ गते तमाम गाउँवासी गई उनीहरूसंग कुरा गर्न जाँदा उल्टै हतियार झिकी एकजनालाई प्रहार गरेर भाग्न लागेकोले गाउँलेले ढुंगामुढा प्रहार गर्दा मरेको। घटनाका सिलसिलामा मुद्दा लगाई थुनिएको।	ज्यान सम्बन्धी	तुलसीपुर कारागार

क्र.सं.	नाम	ठेगाना	सम्बद्ध दल	जेल परेको मिति	घटना	आरोप	कारागार
७.	सालिकराम उपाध्याय	पूजा-५, प्युठान	नेकपा मसाल	०४७ चैत ४ गते	पूजा गा.प. का तत्कालीन प्रधानपंच शमशेरबहादुर के.सी.ले गौमुदी मा.वि.को भवन निर्माण निम्ति उठाइएको रकम हिनामिना गरेपछि ०४७ चैत १ गते तमाम गाउँवासी गई उनीहरूसँग कुरा गर्न जाँदा उल्टै हतियार झिकी एकजनालाई प्रहार गरेर भाग्न लागेकोले गाउँलेले ढुंगामुढा प्रहार गर्दा मरेको। घटनाका सिलसिलामा मुद्दा लगाई थुनिएको।	ज्यान सम्बन्धी	तुलसीपुर कारागार
८.	प्रकाश घिमिरे	दमक, झपा	एमाले	०४३ साल फागुन १९	०४३ सालमा झापाको रतुवा खोलामा लावारिस अवस्थामा आरावाल राईको लाश फेला परेको थियो। राजनीतिक प्रतिशोधले राईको हत्या अभियोग लगाई ३ महिना पछि पक्राउ गरेर झुठो मुद्दा लगाई जेलमा थुनिएको।	ज्यान सम्बन्धी	नख्खु कारागार
९.	महेन्द्र राई	दमक, झापा	एमाले	०४३ साल फागुन १९	०४३ सालमा झापाको रतुवा खोलामा लावारिस अवस्थामा आरावाल राईको लाश फेला परेको थियो। राजनीतिक प्रतिशोधले राईको हत्या अभियोग लगाई ३ महिना पछि पक्राउ गरेर झुठो मुद्दा लगाई जेलमा थुनिएको।	ज्यान सम्बन्धी	केन्द्रीय कारागार
१०.	वीरबहादुर बस्नेत	काउले, भोजपुर	एमाले	०४३ साल वैशाख	भोजपुर काउलेकी दाउरा खोज्न गएकी कोपिला तामाङ भीरबाट खसेर ०४३ वैशाखमा मरिन्। जनपक्षीय उम्मेदवारको प्रचारमा जुटेका बस्नेतलाई तात्कालीन प्रधानपंच धनबहादुर बस्नेत र मन्त्री डम्बरबहादुर बस्नेतको मिलिमतोमा कोपिलाको हत्या अभियोगमा झुट्टा मुद्दा लगाई जेलमा थुनिएको।	ज्यान सम्बन्धी	भद्रगोल जेल
११.	छिडुप लामा	भिमान, सिन्धुली	एमाले	०४९ कार्तिक २६ गते	०४९ कार्तिक ११ गते भिमान, हर्दियाका रत्नबहादुर सार्कीकी बहिनीको हत्याको घटनालाई राजनीतिकरण गरिए पछि राजनीतिक प्रतिशोध स्वरूप लामालाई उक्त हत्या केशमा फसाएर मुद्दा लगाई जेलमा थुनिएको।	ज्यान सम्बन्धी	सिन्धुली कारागार
१२.	हरि श्रेष्ठ	मरेन, सिन्धुली	संजमो	०५२ साउन ४ गते	०५२ जेठ १ गते शिक्षक मनोहर खतिवडाको पैसा लुटिं पछि राजनीतिक प्रतिशोध स्वरूप श्रेष्ठलाई डकैती मुद्दा लगाई जेलमा थुनिएको।	डकैती	सिन्धुली कारागार

नोट : राजनीतिक बन्दीहरूको विवरण- १९९५ डिसेम्बर सम्मको मात्रै हो।

परिच्छेद ७

वर्ष पुस्तकभित्र यस्ता घटनाहरू पनि छन्

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

१.१ झापा

बुधबारे गाविस-१ का अनन्तराम फुँयालले **०५१ माघ १९** गते आफ्नै पत्नी २५ वर्षीय पर्शुमायालाई विरामी भइरहेको भनेर घाँटी बटारी हत्या गरे।

पथरिया गाविस-२ का कुष्टरोगी बाबुलाल सतारलाई **०५१ चैत ११** गते प्रहरीले नेपाल भारत सीमानामा गोली हानी हत्या गरे। उक्त गोली पथरिया गाविस-२ का कलुवा राजवंशीको हत्यारा पत्ता लगाउन खटिएका प्रहरीले चलाएका थिए। यस सम्बन्धमा हालसम्म कसैलाई कार्वाही भएको छैन।

धरमपुर गाविस-८ का २ वर्षीय छोरा ज्योति कार्कीलाई **०५२ कार्तिक ८** गते आफ्नै बुबा केशव कार्कीले पेटमा काँटी ठोकेर र गुप्त अंग चुँडालेर हत्या गरे। पीडक गाँजाका अम्मली थिए।

जलथल गाविस-९ का ५८ वर्षीय वीरबहादुर लिम्बुलाई **०५१ पुस ३०** गते आफ्नै पत्नी मनमाया लिम्बुले ढिंकीको मुशलले हिर्काएर हत्या गरिन्।

१.४ ताप्लेजुङ

आँखोप गाविस-९ की ३४ वर्षीय फूलमाया राईलाई **०५२ कार्तिक ५** गते आफ्नै दाजु सुवासचन्द्र राईले दाउराले हिर्काएर हत्या गरे। अविवाहित फूलमाया राईलाई पनि बाबु-आमाले जग्गा दिएको रीसइबीमा तिनको हत्या गरेको बताइन्छ।

१.८ तेह्रथुम

खतेवुङ्ग गाविस-२ की ३२ वर्षीय शान्ता उप्रेतीले **०५२ मदी २८** गते साँझ आफू कार्यव्यवस्ततामा रहेको समयमा रोएको भनी आफ्नै डेढ महिनाकी छोरी रिता उप्रेतीलाई घाँटी निमोठेर हत्या गरिन्।

१.११ सप्तरी

राजविराज नपा-१० की गीतादेवी यादवलाई **०५२ मदी २४** गते आफ्नै पति नन्दी यादवले रोटीमा भुस परेको निहुँमा लौराले हिर्काएर हत्या गरे।

१.१३ उदयपुर

चौडण्डी गाविस - रानीटारका ४८ वर्षीय रंगमान माझीले **०५२ मदी १५** गते दिउँसो घरायसी वादविवादका कारण ८० वर्षीय बाबु लखमान माझी र ७५ वर्षीय आमा पञ्चीमाया माझीलाई वञ्चरो प्रहार गरी हत्या गरे।

१.१५ ओखलढुंगा

ओरगनी गाविस-४ का १४ वर्षीय जीतबहादुर मगरलाई **०५२ वैशाख ३१** गते आफू गोठालो बसेको घरमालिक काजीमान सुनुवारले घरको काम नगरी मेला हेर्न गएको निहुँमा कुटेर हत्या गरे।

केतुके गाविस-४ की भक्तमाया तामाङले **०५२ जेठ १४** गते आफ्नी १२ वर्षीय छोरी रिङ्कु तामाङलाई पैसा चोरेर चाउचाउ खाएको रीसमा कुटेर हत्या गरिन्।

टारकेराबारी गाविस-८ का खम्बबहादुर वस्नेत र निजकी पत्नी खेमकुमारी वस्नेतले **०५२ असार २** गते स्थानीय हेमबहादुर विष्टकी गर्भवती पत्नी नरमाया विष्टको पेट चिरी आमा र बालकको समेत हत्या गरे।

२.२ महोत्तरी

खोपी गाविस-९ का राम छविला यादवले तिलकमा ज्याकेट नदिएको रीसमा आफ्नै नवविवाहिता पत्नी मनतोरिया देवीलाई **०५२ जेठ ३** गते हँसियाले घाँटी रेटी हत्या गरे।

डाम्हीमदै गाविस-५ का राजु झाले आफ्नै पत्नी चञ्चलदेवी झालाई दाइजोमा टेलिभिजन नल्याएको रीसमा **०५२ जेठ २३** गते घरमै घाँटी थिची हत्या गरे।

रघुनाथपुर गाविस-७ की जयकुमारी देवी यादवले **०५१ माघ २८** गते पोलियो रोगले ग्रस्त २ वर्षे छोरी शान्ति कुमारीलाई घाँटी थिची हत्या गरिन्।

श्रीपुर गाविस-९ की विणादेवी यादवलाई **०५२ असार ६** गते स्थानीय राजेश्वर यादव, राजकिशोर यादव, जयनारायण साह, राम सोगार्थ साह, रघुनाथ मुखिया समेतले हत्या गरे। अभियुक्तहरूले हत्या गर्नु अघि विणालाई सामूहिक बलात्कार गरेका थिए।

२.७ रौतहट

खेसैया गाविस-६ का फुलचन सहनीलाई बोक्सोको आरोप लगाई स्थानीय सत्यनारायण सहनी लगायतका

व्यक्तिहरूले **०५२ जेठ १८** गते नाइलनको डोरी घाँटीमा कसेर हत्या गरे।

२.९ पर्सा

घोरे गाविस-३ की सवितादेवी महतोले **०५२ साउन २०** गते आफ्नी छोरी ३ वर्षीय अञ्जुकुमारी महत्तोलाई चुलेसीले काटेर हत्या गरिन्।

धोर्नी गाविस-७ का ५ वर्षीय ओमप्रकाश महत्तोलाई **०५२ असोज ७** गते पैनीमा खेल्न गएका बखत सोही गाविस-९ का ११ वर्षीय रामनारायण राउत सहितका केटाकेटीहरूले पानीमा डुबाएर हत्या गरेको बताइन्छ।

२.१५ काठमाडौं

ठमेल स्थित रेगीपप होटलमा **०५२ असोज २७** गते एक युवतीको विषयलाई लिएर ५ जना नेपालीहरूले इटालीयन नागरिक डेभिड क्यारोरोको हत्या गरे।

प्रहरीलाई लागु औषधको कारोवार बारे सुराकी दिने काले कृष्ण भन्ने मलेकृष्णबहादुर दहालको शव **०५१ कार्तिक ६** गते मैसेपाटीमा फेला पऱ्यो। कार्तिक २ गते कृष्णकै सुराकमा ठमेल स्थित नरसिंह गेटमा ग्वाला तुलाचन नाम गरेको व्यक्तिबाट प्रहरीले लागु औषध बरामद गरेको थियो।

२.१६ धादिङ

केवलपुर गाविस-६ का ८० वर्षीय धनबहादुर तामाङलाई **०५१ पुस २६** गते सोही ठाउँका ६१ वर्षीय जेठी लामाले लौराले कुट्दै कान्लाबाट धकेली हत्या गरिन्। हातमा ठूलो घाउ आइ नचल्ने भएकोमा झाँक्री हेराउँदा बोक्सो लागेको छ भनेको र त्यो बोक्सो निकै बुढो र तिम्रै छिमेकमा बस्छ भनेकाले बेघरवार अवस्थाका ती वृद्धको हत्या भएको हो।

मार्पाक गाविस-७ की १७ वर्षीय मुण्टी वि.क.लाई निजकै पति मुण्टे वि.क.ले **०५१ चैत २९** गते राती आफू घरमा आउँदा आफ्नी पत्नीले पहिल्यै खाना खाइसकेको भन्ने निहुँमा कुटी कुटी हत्या गरे।

३.१ तनहुँ

केशवटार गाविस-७ का ३३ वर्षीय रिठे दमाईलाई **०५२ वैशाख १०** गते आफ्नै पत्नी सुकमाया दमाई र तिनकी आमा ६५ वर्षीय लक्ष्मी दमाई, दाजु ३३ वर्षीय मनविर दमाई र २० वर्षीय भाइ रामबहादुर दमाई समेत मिली घाँटीमा डोरीले कसेर हत्या गरे।

३.२ गोरखा

आरुपोखरी-७ का हिरालाल खनालले **०५२ वैशाख २१** गते आफ्नी पत्नी शान्तदेवी खनाललाई बासीभात खुवाउन खोजेको भन्ने रीसमा कोदालाले हिर्काएर हत्या गरे।

३.१३ बागलुङ

बोबाङ गाविस-५ का २२ वर्षीय खगे विश्वकर्माले **०५१ माघ २७** गते ससुराले तिर्नु पर्ने रकम नतिरेको रीसमा १८ वर्षीय आफ्नै पत्नी साउनी विश्वकर्मालाई घाँटी थिची मुक्काले छातीमा हिर्काएर हत्या गरे।

३.१४ पर्वत

०५२ जेठ ६ गते **मामफाँट-४** का रामहरि सुवेदीले आफ्नै पत्नी २१ वर्षीय खिमादेवी सुवेदीलाई हत्या गरे। मृतकको साथमा १७ महिनाकी छोरी र ३ महिनाको गर्भ रहेको अवस्थामा पति रामहरि सुवेदीले पत्नी निरक्षर भएको कारणले हत्या गरी बुइगलको धुरीमा डोरीले झुण्ड्याई दिएका थिए।

४.१ दाङ

पवननगर गाविस-४ का २२ वर्षीय नन्दलाल सापकोटाले रक्सीले मात्तिएको अवस्थामा **०५२ असार २८** गते आफ्नै ससुरा मानबहादुर आलेलाई गोली प्रहार गरे। पीडित आले एमालेका तर्फबाट गाविस सदस्य थिए। ससुरा ज्वाईं बीच राजनीतिक मत भिन्नता थियो। त्यसै कारणले मेरो हत्या गर्न खोजिएको थियो, भाग्यले गोली लागेन भनी मानबहादुर आले बताउँछन्।

४.३ रोल्पा

पाखापानी गाविस-२ का ४५ वर्षीय वागवीर डाँगीलाई **०५२ कार्तिक ९** गते स्थानीय केशबहादुर वली र देवबहादुर वलीले कुटपिट गरी हत्या गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरी सदरमुकाम लिवाङ तर्फ लैजाँदालैजाँदै भाग्न खोज्दा भीरबाट लडेर मरेको बताइन्छ। उनीहरूलाई प्रहरीले लडाएर मारेको पनि हुन सक्ने शंका स्थानीय व्यक्तिहरूले व्यक्त गरेका छन्।

४.८ सुर्खेत

तातापानी गाविस-५ का ५२ वर्षीय बुधे दमाईले आफ्नी पत्नी कलसरी दमिनीलाई रक्सी खाएको बेलामा असावधानीपूर्वक संभोग गर्न खोज्दा नमानेपछि बञ्चरोले हिर्काई **०५२ जेठ २७** गते हत्या गरे।

४.१४ मुगु

यस वर्ष यहाँ प्रशासनिक पक्षबाट पहिलो पटक हवाई फायर गरेको घटना भयो। **०५२ साउन ८** गते तत्कालीन उपप्रधान मन्त्री माधवकुमार नेपालको भ्रमणमा विपक्षीद्वारा विरोध प्रदर्शन हुँदा शान्ति सुरक्षाको खातिर दुई राउण्ड रवर गोली चलाइयो र त्यसबाट सब्बलबहादुर मल्ल घाइते भए।

५.१ कैलाली

पण्डौन गाविस-७ का ३८ वर्षीय वीरबहादुर सुनारवरी मगरले **०५१ चैत २६ गते** आफ्नी ३० वर्षीय पत्नी अर्मितादेवी मगर, १६ वर्षकी छोरी लालमति मगर, ८ वर्षको छोरा शेरबहादुर मगर र ३ वर्षकी छोरी बादुली मगर समेत ४ जनालाई हँसियाले काटेर हत्या गरे। त्यसपछि पीडक आफैले आफूलाई भरूवा बन्दुकले हानी आत्महत्या गरे। अन्धविश्वासका कारण देउतालाई बली दिन पीडकले आफ्ना परिवारको विमत्स ढंगले हत्या गरी आफूले पनि आत्महत्या गरेको बताइन्छ।

साडेपानी गाविस-८ का ४७ वर्षीय टिटे दमाईको **०५२ पुस २ गते** राती अण्डकोष र घाँटी थिचेर हत्या गरियो। हत्याको अभियोगमा बुहारी शिवादेवी दमिनीलाई प्रहरीले पक्राउ गरेको छ। मृतककी पत्नी र प्रहरीका अनुसार बलात्कारबाट बच्न शिवा दमाईले ससुरा टिटे दमाईको हत्या गरेकी हुन्।

५.२ अछाम

बलीगाउँ गाविस- ५ का ४२ वर्षीय सेते बोहरालाई **०५२ कार्तिक ९** गते आफ्नै पत्नी भागी बोहरा र सासु जलु बोहराले स्वलको लोहराले टाउकामा हिर्काई हत्या गरे।

१.२ जेल र बन्दीहरू

२.४ सिन्धुली

हाल यहाँ संजमो (भट्टराई) संग सम्बद्ध हरि श्रेष्ठ र एमालेसंग सम्बद्ध छैडुप लामा २ जना राजनीतिक बन्दी रहेका छन्।

२.९ पर्सा

यस वर्ष नवलपरासी जेलबाट सरूवा भएर आएका रामकुमार थापाको रगत परीक्षण गर्दा एच.आई.भी. पोजेटीभ पाइएको छ।

२.१४ काठमाडौं

केन्द्रीय कारागार पनि पानी चुहिने र पर्खाल चर्किएको अवस्थामा छ। यहाँभित्रको शौचालयमा एकै पटक ६० जना बस्न सक्ने क्षमता भए पनि धेरै बन्दीहरूका कारण कहिले काँही शौचालयका लागि झगडा हुने गरेको छ।

३.३ लमजुङ

यस वर्ष यो जेलमा ०५१ माघ १० गते बन्दी राकेश परियारले आफूसंग आफ्नो बच्चा साथमा राख्न पाउनु पर्छ भनी सम्पूर्ण बन्दीहरूले आमरण अनशन बसेका थिए।

३.५ कास्की

उक्त जेलमा ०५० साउन २५ गते देखि वालकृष्ण अधिकारी र ०५१ मंसीर ५ देखि शंकर अधिकारीलाई विना अपराध पागल बन्दीको रूपमा राखिएको छ। विना कुनै मुद्दा र अपराध आफन्तहरूको अनुरोधमा निजहरूलाई प्रमुख जिल्ला अधिकारीले त्यहाँ थुनेर राख्ने आदेश दिएका थिए।

३.७ नवलपरासी

अझै पनि यस जेलमा चौकीदारहरूले आफू सरहका बन्दीहरूलाई हप्काउने, पिट्ने गरेको पाइन्छ भने महिला बन्दीको स्तनमा लौराले घोच्ने गरेको पनि पीडितहरू बताउँछन्। महिलाहरूलाई चौकीदारले लौराले पिट्ने गरेको विरोधमा २ जना महिलाले एक दिन खाना नै खाएनन्।

३.९ पाल्पा

यहाँ पंचायतकालमा दमौली जेल फोडी भाग्ने विद्रोही रामबहादुर तिवारी राजनीतिक बन्दीका रूपमा थुनिएका छन्। तर उनलाई राजबन्दीको दर्जा दिइएको छैन र हातहतियार तथा स्वरस्वजाना मुद्दा लगाएर ६ वर्ष ३ महिनाको सजाय तोकिएको छ।

३.१६ मुस्ताङ

यहाँका बन्दीहरूलाई सँधै नेल लगाएर राखिन्छ। जेल भवन सुरक्षित नभएको कारण बताउँदै त्यहाँका डि.एस.पी. प्रबल समशेर राणा भन्छन् - "यो हाम्रो वाध्यता हो। पक्की जेल बन्ने वित्तिकै हामी बन्दीका नेलहरू खोली हाल्छौं।"

४.५ रूकुम

०५१ कार्तिक १६ गते जेल परेका ३५ वर्षीय लोकेन्द्र विष्ट संजमो (मट्टराई) का कार्यकर्ता हुन्। उनीलाई राजनीतिक व्यक्तिको हत्या गरेको आरोपमा पक्राउ गरी जेलमा थुनिएको छ।

४.८ सुर्खेत

०४९ सालमा फौजदारी मुद्दा लागेका कमलप्रसाद रेग्मीले पटक-पटक निवेदन चढाउँदा पनि परीक्षा दिनबाट वञ्चित रहेका छन्। उनले पढ्न र जाँच दिन पाइने सेन्ट्रल कारागारमा सरूवा माग्दा पनि सरूवा गरिएन।

४.१४ मुगु

पुर्पक्षमा राखिएका थुनुवा १४ वर्षीय वालक सेनापति र अर्का बन्दी राजेश शाहलाई सुत्दा पनि बाँधेर राखेको पाइयो। यसप्रकारको पशुवत व्यवहार बारे जेलर भन्छन्- "जेल सुरक्षित नभएको हुँदा भागी जाने डरले बाँधेर राख्नु परेको हो।"

१.३ गिरफ्तारी र यातना

१.१ झापा

दमक नपा-१३ का दीपक ढकाललाई **०५१ पुस १५** गते वनभोज कार्यक्रमबाट घर फर्किंदा मादक पदार्थ सेवन गरेको भनी दमकका प्रहरी निरीक्षकको निर्देशनमा गिरफ्तार गरी

अमानवीय यातना दिइयो। त्यस किसिमको यातना दिने प्रहरीलाई तत्काल निलम्बन गरी कारवाही समेत चलाइयो।

दमक नपा-१० का गंगाबहादुर भट्टराईलाई **०५२ पुस १६** गते बुहारीको नागरिकतामा सनास्वत नगरेको आरोपमा गिरफ्तार गरी प्रमुख जिल्ला अधिकारी हिरामणी भण्डारीले कार्यालयमै कुटपिट गरे।

१.५ मोरङ

रेडियो नेपालका विराटनगर सम्वाददाता टंक खनाललाई **०५२ मंसीर १२** गते घर फर्कंदै गर्दा प्रहरीले जबर्जस्ती प्रहरी भ्यानमा राखी कुटपिट गरी यातना दिएको कुरा पीडित स्वयंले बताए।

८ वर्षीय चन्द्रेश्वरलाई प्रहरीले भाउजूलाई मारेर कहाँ फालेका छन् भन्ने भए भन नत्र भने फाँसीमा चढाउँछौं मन्दै मानसिक यातना दिइयो। पक्राउ परेका अन्य दुई जनालाई नाकबाट पानी हाल्ने, चिसो भुईंमा सुताउने, मलद्वारमा लौरो कोच्ने जस्ता अमानवीय तरिकाले यातना दिएको बताइन्छ। तर जिल्ला प्रहरी कार्यालय मोरङले यातना नदिएको बताएको छ। ८ वर्षीय चन्द्रेश्वरलाई सत्यतथ्य बक्छ भनी फाँसीको धम्की दिएको कुरा प्रहरी निरीक्षक गोविन्द शाहीले स्वीकार गरे।

१.७ धनकुटा

मूर्तिढुंगा गाविस-४ का ८० वर्षीय नैनबहादुर काफ्लेलाई **०५२ जेठ २४** गते जितपुर प्रहरी चौकीका प्रहरीले पक्राउ गरी यातना दिइयो। यातनाका कारण पीडितको खुट्टा सुन्नियो। स्थानीय व्यक्तिहरूको दवावमा प्रहरीले उपचार खर्चवापत ३ सय रूपैयाँ तिर्नु परेको थियो। पीडितउपर स्थानीय देवीबहादुर कार्कीले आफ्नी बहिनीलाई पोइल हिंडाएको आरोप लगाएका थिए।

फलाँटे गाविस-९ का रामबहादुर मगरलाई झगडाको निहुँमा **०५२ असोज ७** गते पाख्रिवास प्रहरी चौकीका प्रहरीले पक्राउ गरे। चौकीमा पुऱ्याएपछि वारी गोड्न लगाइयो। उनलाई कुटपिट गरी टाउकोले टेकेर उभिन लगाइयो। सो गर्न नसकेपछि उठवस गर्न लगाइएको थियो।

२.६ दोलखा

हुलाकी सत्यमान लामालाई सिन्धुपाल्चोकको सिकुटे नजिकै **०५२ असोज ५** गते विनाकारण मिनी बसमा यात्रा गरिरहेका प्रहरी जवानहरूले एक्कासी कुटपिट गरी घाइते तुल्याए।

२.८ बारा

डुमरवाना गाविस-८ का २१ वर्षीय भगाउर चौधरीलाई जंगलमा वन काटेको आरोपमा **०५२ वैशाख २५** गते गिरफ्तार गरी जिल्ला वन कार्यालय सिमराको थुनुवा कोठामा तुरूङ्गमा खुट्टा घुसार्न लगाई यातना सहित राखियो।

२.१५ काठमाडौं

०५२ मंसीर १२ गते धर्नामा बस्नु भएका सांसदद्वय कृष्ण गोपाल श्रेष्ठ र हिरण्यलाल श्रेष्ठ समेत ४९ जनालाई प्रहरीले पक्राउ गरी २ घण्टासम्म महेन्द्र पुलिस क्लवमा राखेर छोड्यो।

शाही नेपाली सेनाभित्र भएको भ्रष्टाचारको आरोपमा सैनिक अदालतको कारवाहीमा परी जेल जीवन विताई रहेका सैनिक सुवेदार गोपाल कोइरालाले आफूलाई निर्मम यातना दिएर बयान लेखाइएको, बेहोस हुन्जेलसम्म पिटेको, खुर्सानीको धुवाँ लगाएको, टाउकोमा रगतको भल बगुन्जेल पिटेको बताए।

विरोध जुलुसमा सौन्दर्य प्रतियोगिताको नाममा महिला अस्मिताको व्यापार गर्न पाइदैन, सुरामा बिक्ने सुन्दरी चाँहिदैन भन्ने जस्ता नाराहरू लगाइएका थिए।

३.३ लमजुङ

खुदी गाविस-१ का सोममायालाई **०५२ कार्तिक १७** गते आफ्नै सातवर्षे छोरीलाई खोलामा बगाएको झूठो अभियोगमा पक्राउ गरियो। त्यसपछि प्रहरी हिरासतमा सोममायालाई निकै यातना दिइयो र छोरी दुर्गा मायालाई खोलामा फालेको कुरा स्वीकार्न विवश बनाइयो। छोरी दुर्गा भने अन्यत्रै थिइन्। पछि यो घटनाको हल्ला चलेपछि उनलाई आमाकहाँ ल्याइयो। तर सोममायालाई भने निकै समयसम्म जेलमा राखियो। झूठो आरोपमा कारवाही चलाउने प्रहरीलाई कुनै कार्वाही गरिएको जानकारी प्राप्त भएन।

३.११ अर्घाखाँची

यस जिल्लाको जिल्ला प्रहरी कार्यालयको हिरासत कोठा सानो र होचो भएकोले हिरासतमा दिन बिताउन निकै कष्टकर हुने कुरा हिरासतमा बस्नेहरूले मात्र होइन उक्त कार्यालयका प्रहरी निरीक्षक पनि बताउँछन्।

३.१४ पर्वत

नाङ्लीवाङ गाविसका ११ वर्षीय बालक सेते दर्जीलाई गाई मारेको आरोपमा मुद्दा चलाइएको छ। एउटा वाच्छी दौडदै आउँदा खाडलमा खसेको थियो। त्यसलाई निकाल्न निजले स-साना ढुङ्गाले हिर्काएका थिए। तर वाच्छी निस्केन। केही समयपछि वाच्छीको मृत्यु भएपछि निजले नै मारेको हो भनी गिरफ्तार गरिएको छ।

४.१ दाङ

तुलसीपुर नपा-८ दुधेनाका ३५ वर्षीय गोविन्द वस्याललाई **०५२ भदौ १५** गते एक महिलालाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०५२ भदौ १७ गते प्रहरीले पक्राउ गऱ्यो। भोलिपल्ट वयान दिने क्रममा आरोप स्वीकार नगरेपछि इन्सपेक्टर दिलसिं रोकाको आदेशमा २ जना प्रहरी र १ जना

हवल्दार समेतले पालैपालो पिटे। बुटले पुट्ठामा हिर्काउँदा छाला उप्किनुका साथै अण्डकोषमा समेत बाधा पर्न गएको थियो।

०५२ असोज ८ गते गाविस अध्यक्ष टेकबहादुर वली, गाविस सदस्य डिल्लीराम खत्री लगायतको मिलोमतोमा इलाका प्रहरी कार्यालय पंचकुलेका प्रहरीहरूले विनापूर्जी नै गिरफ्तार गरी यातना दिएर जनही १ हजार रूपैयाँ समेत जरिवाना गरियो।

पवननगर गाविस-४ का ३४ वर्षीय वुद्धिबहादुर गरंजालाई **०५२ असोज २१** गते कुटपिट गरेको अभियोगमा प्रहरीले पक्राउ गरी इलाका प्रहरी कार्यालयमा पुऱ्याएपछि असोज २५ गते राती स.ई. इन्द्रबहादुर बुढाले कुटपिट गरे। प्रहरी कार्यालय मर्मत गर्न भनी उनीसंग ४ हजार रूपैयाँ समेत मागेको तर आफूले १ हजार ५ सय मात्र दिएको कुरा पीडित बताउँछन्।

तुलसीपुर नपा-१ राना गाउँका ४५ वर्षीय मोहनलाल वली र ४१ वर्षीय होमनारायण घिमिरे समेतका ८ जनालाई **०५२ कार्तिक २** गते प्रहरीले पक्राउ गरी जिल्ला प्रशासन कार्यालयमा बुझाइयो। प्र.जि.अ. अब्दुल रईस खाँको आदेशमा उहाँकै गार्डले ती मोहनलाल वलीलाई मुक्का र लाठीले कुटपिट गरे।

तुलसीपुर नपाका न्याउलाका १६ वर्षीय मानबहादुरलाई **०५२ पुस ११ गते** खसी चोरेको आरोपमा **तुलसीपुर** न.पा.-१ का सदस्य थम्मन पाण्डे समेतका व्यक्तिहरूले नाङ्गै बनाएर सिस्नो लगाए। हात र खुट्टाले समेत कुटेको कुरा पीडित बताउँछन्।

५.२ प्युठान

वागेसाल गाविस-७ का आत्मराम पोखरेललाई **०५२ असार** २८ गते वागेसाल प्रहरी चौकीका हवल्दार गोपालप्रसाद उपाध्यायले गिरफ्तार गरी दुवै हातमा हतकडी लगाई रातभर थुने।

जिल्ला प्रहरी कार्यालय खलंगामा कार्यरत प्रहरी जवान पूर्णबहादुर बस्नेतलाई प्रहरी निरीक्षक विष्णुहरी गौतमबाट यातना दिइएपछि **०५२ असोज १२** गते पीडित पूर्णबहादुर अफिस छोडी भागे।

५.३ रोल्पा

गाम गाविस-५ अन्तर्गत पर्ने तमाखे डाँडामा ०५२ असोज २२ गते लागेको मेलामा भएको घटना पछि यस जिल्लामा थुप्रै घटनाहरू भए। गिरफ्तारी र यातनाका घटनाहरू पनि व्यापक रूपमा भएको पाइयो। प्रहरी सूत्रका अनुसार यस जिल्लामा घटेका विभिन्न घटनाका सम्बन्धमा विभिन्न आरोपमा ३ सय ३९ जनालाई गिरफ्तार गरिएको थियो। तिनमा १ सय ६५ जनालाई साधारण सोधपुछपछि छोडिएको र १ सय ७२ जनालाई विभिन्न मुद्दामा सम्बन्धित निकायमा बुझाइएको थियो। पक्राउ पर्नेहरू सबै संयुक्त जनमोर्चा समर्थकहरू रहेका छन्। संयुक्त जनमोर्चा सूत्रका अनुसार पक्राउ पर्नेहरूको संख्या प्रहरीले दिएको जानकारी भन्दा २ सय जति बढी छ। प्रहरी अपरेशनका नाममा दिन दहाडै जसलाई पनि पक्राउ गर्नुका साथै विना सूचना घरमा छापा मारी खानतलासी लिने काम गरियो।

यस वर्ष यस्ता प्रकृतिका घटनाहरूबाट गाम, उवा, जेल्वाङ्ग, भिरूल, तेवाङ, सेरम, मावाङ, राङसा, सिर्प, इरिवाङ, कोटगाउँ, पाछ्रवाङ गाविसहरू बढी प्रभावित भए। पक्राउ गरिएकामध्ये धेरैलाई केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ। सत्तापक्षीय केही व्यक्तिहरूको इसारामा १३ वर्षको नाबालकदेखि ७४ वर्षको वृद्धसम्मका व्यक्तिहरूलाई गिरफ्तार गरी कर्तव्य ज्यान तथा केही सार्वजनिक अपराध जस्ता गम्भीर अपराधको अभियोग लगाएको पाइयो।

उवा गाविसकी १६ वर्षीय धनकुमारी घर्तीलाई **०५२ कार्तिक १४** गते घरैबाट पक्राउ गरियो। गाम प्रहरी चौकी पुऱ्याएर त्यसै दिन रातारात हिंडाएर १५ गते विहान ६ बजे सुलिचौर पुऱ्याइयो। त्यहाँबाट लिवाङसम्म बसबाट ल्याइयो। पीडित धनकुमारीका अनुसार बयान लिने क्रममा तिनलाई प्रहरीले लठ्ठी, सिस्नो-पानीले हात, गाला र घुँडा मुनी पिटे। दिलकुमारी भन्ने अर्की महिलालाई लुङ्गी कम्मरसम्म उचाल्न लगाई गुप्ताङ्ग लगायतका शरीरका सम्वेदनशील अंगमा सिस्नोले कुटिएको थियो। त्यसैगरी हात र कम्मरमा लठ्ठीले कुटियो। यहाँ सम्मकि दिलकुमारीको गुप्ताङ्गमा प्रहरीले हातको औंलासम्म कोचिदिएको कुरा धनकुमारी बताउँछिन्।

उवा गाविसकी २० वर्षीय कलसरी रोकालाई **०५२ कार्तिक १४** गते घरबाटै पक्राउ गरिएको थियो। गाम प्रहरी चौकीमा ल्याई त्यहाँबाट लिवाङ्ग ल्याउने क्रममा बाटोमा प्रहरीले रक्सी खाई चिमोट्ने, गाला टोक्ने र अश्लील शब्दहरू प्रयोग गरी जिस्काउने गरेको कुरा पीडित बताउँछिन्।

गाम गाविसकी वंशी बुढालाई **०५२ कार्तिक २१** गते पक्राउ गरी २८ गते छोडेर एक हप्ता पछि पुनः पक्राउ गरियो र गाम चौकीमा २ दिन हिरासतमा बस्दा त्यहाँ खटिएका प्रहरी निरीक्षक गगनबहादुर खड्काले विभिन्न किसिमले मानसिक तथा शारीरिक यातना दिए। ८/१० फुटको हिरासत कोठामा ५०।६० जनासम्म कोचेर आफन्त र कानून व्यवसायीहरूलाई समेत भेट गर्न दिइएन।

०५२ कार्तिक २३ गते भावाङको मेलाबाट घर फर्कदै गर्दा निर्मला रोकालाई चौधारा भन्ने ठाउँमा राङ्सीको देवानन्द डाँगीको निर्देशनमा पक्राउ गरियो र २५ गते लिवाङ पुऱ्याइयो। मावि राङसीमा १० कक्षामा अध्ययनरत पीडित छात्राको टेष्ट परीक्षा चलिरहेकै थियो। जिल्ला शिक्षा शाखा रोल्पाले हिरासतमै परीक्षा लिन इन्कार गरेका कारण अर्थशास्त्र विषयको परीक्षा छुटेको कुरा निर्मला बताउँछिन्।

गाम गाविसकी २० वर्षीय सामरी घर्तीलाई तिम्रो नाम पुलिस चौकीमा छ त्यो कटाउन हिंड भनी झुक्याएर **०५२ मंसीर १** गते गाम प्रहरी चौकीमा ल्याई प्रहरी हिरासतमा २ दिन राखेर लिवाङ जिल्ला प्रहरी कार्यालयमा ल्याएको कुरा

पीडित बताउँछिन्।

हरिवाङ गाविस-७ का पहलबहादुर डाँगीलाई **०५२ मंसीर ६** गते घरबाट पक्राउ गरी गाउँ मुकाममा ल्याई ४ जना प्रहरीले निर्ममतापूर्वक पिटे। पीडितको नाक, मुखबाट रगत बग्यो। पछि पीडित डाँगीलाई नै प्रहरीले रगत सफा गर्न लगाए।

५.५ रूकुम

काक्री गाविस-९ का टेकमान घर्ती, डम्बरबहादुर गुरूङ्ग, रामचन्द्र गुरूङ्ग, श्रीप्रसाद गुरूङ्ग, धनकुमार गुरूङ्ग, डिलबहादुर बुढालाई ०५२ मदी १ गते प्रहरीले पक्राउ गरी राती प्रहरी कार्यालयको खोरमा राखेर प्रहरी हवल्दार मृतु गिरी, प्रहरी जवान हरीबहादुर बुढाथोकी समेतले रक्सी खाएर पैतलामा तलमाथि लाठीले पिटे। राती सुत्ने समयमा कोठामा पानी पोखी दिएर ताल्चा लगाइदिएर पीडितहरूसंग भएका कम्बल, घुम आदि समेत खोसी अर्को कोठामा राखिदिएको कुरा पीडितहरू बताउँछन्।

मुरू गाविसका गलवीर वाठाको हत्या गरेको अभियोगमा खारा गाविसका रिमबहादुर घर्ती, जयबहादुर घर्ती, तुलबहादुर घर्ती, गलवीर पुन र किल्ली घर्तीलाई प्रहरीले **०५२ कार्तिक २६** गते पक्राउ गऱ्यो। उनीहरूलाई विनापूर्जी पक्राउ गरी हिरासतमा राखियो। त्यहाँ उनीहरूलाई गल लगाएर पेल्ने समेत गरी निकै यातना दिइयो। तीमध्येका रिमबहादुरको खुट्टाका फिलाको मासु चिराचिरा परेको देखिन्थ्यो।

पोखरा गाविस-६ का मनसुन घर्तीलाई मारेको आरोप लगाई **०५२ मंसीर ९** गते प्रहरीले गिरफ्तार गरेर कलबहादुर खड्का र तप्तबहादुर घर्तीलाई हिरासतमा अमानवीय यातना दिइयो। पीडितहरूलाई करेन्ट लगाउने, पीनले घोच्ने र खाना खान समेत नदिएर भोकै राख्ने समेत गरियो। आफन्तहरूसंग भेट गर्न समेत नदिएको बताइन्छ।

दलबहादुर पुनलाई **मंसीर १९** गते प्रहरीले पक्राउ गरी हिरासतमा राखेको छ। त्यहाँ उनलाई मानसिक यातना दिइएको बताइन्छ।

५.८ सुर्खेत

जन मा.वि.मा कक्षा ९ मा पढ्ने यादव के.सी.लाई उनकै घर अगाडि बुद्धपथमा प्रहरी जवान कर्णबहादुर सिंहले **०५२ कार्तिक ३०** गते अन्धाधुन्ध लाठीले हिर्काए। प्रहरीद्वारा रीस फेर्न उनलाई त्यसरी पिटिएको थियो।

५.१० दैलेख

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक निरीक्षक दिपककुमार श्रेष्ठलाई सोही कार्यालयका प्रहरी नायब उपरीक्षक प्रेमबहादुर चन्दले **०५२ कार्तिक ८** गते साँझ रक्सी खाएर होहल्ला गऱ्यो भनी गिरफ्तार गरी लठ्ठी तथा बुटले कुटपिट गरे। पीडितलाई उपचारार्थ जिल्ला अस्पतालमा भर्ना गरिएको थियो।

५.१२ जुम्ला

तलिउम गाविसका पृथ्वी दमाईको रहस्मय मृत्युका सम्बन्धमा छानवीन गर्ने क्रममा **०५२ जेठ ३०** गते पक्राउ परेका वीरबहादुर दमाई र असार ३ गते पक्राउ परेका वीरे दमाईलाई प्रहरी हिरासतमा यातना दिइयो। वीरबहादुरलाई असार २ गते हिरासत कोठाबाट अर्कै कोठामा लगेर दुवै हातका औंलाहरूमा पिन रोपियो र वीरे दमाईलाई पैतलामा पिटेको कुरा पीडितहरू बताउँछन्।

५.९ दार्चुला

ब्रम्हदेव गाविस-१ का प्रेमदत्त जोशीलाई **०५१ फागुन २५** गते गाई मारेको उजुरी थोले लुहारले दिएपछि प्रहरीले गिरफ्तार गरी अमानवीय यातना दिए। चुरोटको ठुटाले पैतलामा डामेको, हिरासतमा खान पनि नदिई अँध्यारो कोठामा राखिएको कुरा पीडित बताउँछन्। उनलाई ४ दिन हिरासतमा राखिएको थियो।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

१.१ झापा

संसद पुनर्स्थापनाको विरोधमा अनेरास्ववियू, जीफन्ट, प्रराष्ट्रसंघद्वारा आयोजित **०५२ मदी १८** गतेको बन्द कार्यक्रममा सहभागी कार्यकर्ताहरूलाई ने.का. समर्थक व्यक्तिहरूले कुटपिट गरे।

१.५ मोरङ्ग

विराटनगरबाट प्रकाशित हुने दैनिक प्रतिविम्बका सम्पादक मुपाल थापालाई **०५२ जेठ १४** गते जिल्ला खानेपानी संस्थान मोरङको बारेमा भ्रष्टाचार र अनियमितता सम्बन्धी समाचार छापेको भनी उक्त कार्यालयका मुरारी धमला लगायतका ५ जनाले कुटपिट गरे।

महेन्द्र मोरङ बहुमुखी क्याम्पसमा अध्ययनरत रामकुमार वस्नेतलाई **०५२ मंसीर २१** गते संजीव झा, प्रेम भट्टराई र उमेश यादव समेतका व्यक्तिले सांघातिक आक्रमण गरी सख्त घाइते बनाए। उनी अनेरास्ववियूका र पीडकहरू नेवि संघका थिए।

१.२ इलाम

सुलुबुङ गाविस-६ का जीवन सिवाले **०५२ वैशाख ८** गते आफ्नै पत्नी फूलमाया सिवालाई दाम्लोले बाँधेर लगातार १० घण्टासम्म पिटे।

१.३ पाँचथर

भारपा गाविस-१ जोर पोखरीको जंगलमा भारपा गाविस-२ का कृष्णप्रसाद गुरूङलाई **०५१ माघ १५** गते सैनिक जवानहरूले कुटपिट गरी घाइते बनाए।

१.१६ सोलुखुम्बु

सल्लेरी गाविस-५ का ईन्द्रकुमार श्रेष्ठलाई स्थानीय ललितबहादुर थापाले लेनदेनको कारण **०५२ कार्तिक ९** गते कुटपिट गरे। पछि स्थानीय वासिन्दाले मिलापत्र गराउने प्रयत्न गरे तर स्थानीय प्रशासनले कानूनी कार्वाही गर्नु पर्ने गरी तारेखमा राख्यो। यसको प्रतिशोध स्वरूप तत्कालीन प्रजिअ उषा नेपाललाई मनाङ सरूवा गरिएको पाइन्छ।

२.१ धनुषा

जनकपुर नपा-३ मा सुरेन्द्रप्रसाद साहले **०५२ मंसी १०** गते भारत भागलपुर घर भई सोही ठाउँमा बसी सिलाई काम गर्ने २८ वर्षीय सुनितादेवी साह कलवारको शरीरमा तेजाव खन्याइदिए। आफ्नी पत्नी अनिता साहलाई सिलाई गर्ने काममा लगाएकीले पत्नी आफूसंग घर जान नमानेपछि सोही रीसमा पीडितको शरीरमा तेजाव खनाइ दिएको बताइन्छ।

२.४ सिन्धुली

महादेवस्थान गाविस-४ का निर्मल कुँवरकी पत्नी रामकुमारी कुवर र सरमान कुँवरकी पत्नी निरू दर्लामीलाई **०५२ मंसी २४** गते राती १२ बजे २०।२५ जना प्रहरीले तिमीहरू पार्टी त्याग, अन्यथा मार्छौं भन्दै लछारपछार गरे।

२.१० चितवन

भरतपुर नपा-५ बस्ने १० वर्षीय बाबुराम कडेल र ११ वर्षीय रामचन्द्र थापालाई १/१ वटा टोपी चोरेको अभियोगमा शहीदचोकस्थित चितवन वस्त्र भण्डारका रामदास श्रेष्ठ र रोशन श्रेष्ठले चारपाटा मुडेर नाङ्गै पारेर विजुलीको पोलमा बाँधी **०५२ असोज २१** गते कुटपिट गरे।

३.१४ पर्वत

०५२ असार २४ गते धवलागिरी बन्दको आव्हान गर्दै नेपाली कांग्रेस जिल्ला अध्यक्ष अर्जुन जोशीको नेतृत्वमा निक्लेको जुलुसले **शिवालय-८** का पाउरोटी व्यापारी कर्णबहादुर पौडेललाई पसल खोलेकोमा कुटपिट र लुटपिट गऱ्यो।

४.३ रोल्पा

माडिचौर गाविसका रेगबहादुर के.सी. र वेगम रानालाई **०५२ असार १६** गते केही व्यक्तिहरूले कुटपिट गर्नुका साथै खुकुरी समेत प्रहार गरी घाइते बनाए। उनको टाउकोमा गम्भीर चोट लाग्यो। वेगम रानाको दुबै हात र दुबै खुट्टा भाँचियो। वेगम राना सहितका ७ जना व्यक्तिहरू मिलेर ०५० कार्तिक ११ गते जंकोट गाविस-८ का पुर्ले कामीलाई हत्या गरी भीरबाट फ्याकेको अभियोगको मुद्दा अदालतमा चलिरहेको छ। के.सी. र वेगम राना दुबै नेपाली कांग्रेसका कार्यकर्ता हुन्। आक्रमण गर्ने संजमो समर्थकहरू भएको आरोप पीडितहरूको छ।

४.४ सल्यान

जिल्ला वन कार्यालय सल्यानका कार्यालय प्रमुख लालनारायण सिं कर्णले जिल्लाका विभिन्न रेञ्जपोष्टमा कार्यरत वन सुरक्षा गार्डलाई सदरमुकाममा **०५२ जेठ ५** गते तलव लिन आएका बखत लाइनमा उभिन लगाएर कुटपिट गरे। पीडक कर्णको पिटाइबाट पदमबहादुर भण्डारीको कानमा निकै चोट लागेको थियो।

४.१४ मुगु

श्रीनगर गमगडीबजारमा **०५२ असोज ८** गते जिल्ला प्रहरी कार्यालय मुगुमा कार्यरत पाँच जना प्रहरीलाई कुटपिट गरियो।

५.३ डोटी

०५२ मंसी २ गते **सिलगढी**मा कृष्णको रथयात्रा र मष्टको जाँचको बजार परिक्रमा गरिरहेको दृश्यको फोटो खिच्दा उपसेनानी बन्धु कार्कीलाई नरबहादुर मलासी लगायतले कुटपिट गरे। त्यहाँ फोटो खिच्न पाईदैन भन्ने कुरा बन्धु कार्कीलाई थाहा थिएन।

५.६ कञ्चनपुर

दोधारा गाविस-४ बस्ने ४२ वर्षीय दलबहादुर दमाईलाई आफ्नै पत्नी ज्योती दमिनीले **२०५१ फागुन १९** गते ज्यान मार्ने उद्देश्यले सुतेको मौका पारी वञ्चरो प्रहार गरिन्।

१.६ थुनामा मृत्यु

२.४ सिन्धुली

वन मुद्दाको सिलसिलामा पुर्पक्षका लागि सिन्धुली कारागारमा रहेका **सर्लाही हरिवन-९** का वलराम मङरातीको कमलपित्त रोगका कारण **०५२ वैशाख १८** गते थुनामा मृत्यु भयो।

२.१३ काभ्रे

जाडोका कारण दुई जना मानसिक रोगीको **०५१ पुस १८** गते थुनामा नै मृत्यु भयो। त्यसपछि त्यहाँका मानसिक रोगबाट पीडित सबै बन्दीहरूलाई जेल मुक्त गरिएको थियो।

२.६ दोलखा

क्षमावती गाविस-७ घर भई चोरीको अभियोगमा गिरफ्तार भएका ४० वर्षीय कृष्णमान थामीको **०५२ वैशाख १८** गते भीमेश्वर अस्थायी प्रहरी चौकीमा मृत्यु भयो। सो घटनालाई प्रहरीले आत्महत्या भनी प्रमाणित गरेर ३ दिन पछि दाह संस्कार गरेको थियो।

२.११ मकवानपुर

मकपुर चितपोल गाविस-२ का २४ वर्षीय प्रद्युम्न देउजाको **०५२ जेठ २२** गते राती जिल्ला प्रहरी कार्यालय हेटौंडाको हिरासतमा मृत्यु भयो।

४.१४ मुगु

यस वर्ष यहाँ पुर्पक्षका निम्ति थुनामा राखिएका मिजुर ऐडीको **०५२ पुस १५** गते बेलुका हृदयघातद्वारा मृत्यु भयो। सत्र महिना थुनामा रहँदा पनि उनको मुद्दा फैसला नभएको गुनासो पीडित पक्षको रहेको थियो।

५.९ दार्चुला

कारागार शाखामा कैद सजाय भोगी रहेका कुष्ठ रोगी ५० वर्षीय गगने टमटाले **०५१ चैत ९** गते आफ्नो शरीरमा मट्टितेल खन्याएर आगो लगाई आत्महत्या गरे।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

१.२ इलाम

बाम्को गाविस-९ हतिलेदाका फुलकुमार राईले **०५२ मंसीर २** गते आफ्नै ७ वर्षीय झड्केली छोरीलाई बलात्कार गर्ने प्रयास गरे।

१.७ धनकुटा

०५२ असार १३ गते राष्ट्रिय सभा सदस्यको चुनावमा धनकुटा मतदान केन्द्रमा मत दिन आएका सुनसरी पंचकन्या गाविसका अध्यक्ष रमेश वस्नेतका नाममा अरूले नै फर्जि मत खसाई दिए।

१.१५ ओखलढुंगा

जि.वि.स. सदस्य गणेशमान कटुवाललाई दलबदल गरेवापत जि.वि.स. बैठकमा हाजिर हुन दिइएन। वहाँलाई **०५२ मंसीर ७** गते राजीनामा दिने शर्तमा मात्र हाजिर गराइएको थियो।

२.१५ काठमाडौं

०५१ पुस ३० गतेका दिन सिने अभिनेता कृष्ण मल्लले कुमारी हल मा सौभाग्य फिल्मको प्रेस सो हेर्न उपस्थित पत्रकार कृष्ण भट्टराईमाथि हातपात गरे।

पत्रकार अनुप सुवेदीलाई **०५१ फागुन ४** गते अस्कल क्याम्पसका केही विद्यार्थीहरूले कुटपिट गरे।

मध्यावधि चुनावको घोषणाको विरूद्ध निस्केको नेविसंघको जुलुसले **०५२ जेठ ३०** गते अपरान्ह त्रिचन्द्र क्याम्पस अगाडि मानवअधिकार वर्ष पुस्तक काठमाडौं जिल्ला प्रतिनिधि तथा स्वतन्त्र पत्रकार लेखनाथ भण्डारीलाई सो जुलुसको फोटो खिच्न खोज्दा आक्रमण गऱ्यो। जुलुसका सहभागीहरूले भण्डारीका साथमा रहेको क्यामराको रिल निकालेर च्यात्ने, क्यामरा लगायत इन्सेकको परिचयपत्र, डायरी र पत्रकार प्रेस पास समेत लुटेका थिए। उक्त जुलुसमा नेविसंघका महामन्त्री चन्द्र भण्डारी, नेविसंघका कार्यकर्ता तथा अधिवक्ता हेमन्त मल्ल, वीरबहादुर बलायर, महेश थपलिया, रवीन जोशी, कृष्णप्रसाद रेग्मी, यदुनाथ अर्याल लगायत १०-१५ जना रहेका थिए।

२.१६ धादिङ

०५२ असार १६ गते नेविसंघको आव्हानमा भएको नेपाल बन्दका विपक्षमा आफ्नो मत प्रकट गर्ने धादिङ बेसीका शालीकराम अधिकारीलाई आन्दोलनकारीहरूबाट घरभित्रै थुन्ने काम गरियो। धादिङ बेसीकै पुछार बजारका हरि अधिकारीको कपडा पसलमा पसी कपडा छरेर उनी र उनका परिवारलाई लछारपछार गरियो।

३.७ नवलपरासी

परासी बजारका विद्यार्थी संजीबकुमार घिमिरे र कृष्णबहादुर श्रेष्ठलाई **०५२ साउन १६** गते ने.वि.संघद्वारा आयोजित नेपाल बन्दको कार्यक्रममा सहभागी भएको भनी विनापूर्जी गिरफ्तार गरियो।

३.८ रूपन्देही

उपप्रधानमन्त्री माधवकुमार नेपाललाई **०५२ जेठ ३१** गते लुम्बिनी रोडमा नेपाली कांग्रेसका पूर्व सांसद रामकृष्ण ताम्राकारद्वारा नेतृत्व गरिएको एक जुलुसले कालो झण्डा देखाई विरोध गर्दा प्रहरीले लाठी चार्ज गऱ्यो।

४.३ रोल्पा

मा.वि. बढाचौरमा अनेरास्ववियूको प्रारम्भिक कमिटीको गठन गर्न गएका अनेरास्ववियू जिल्ला कमिटीका उपाध्यक्ष योगेन्द वली र सचिव जितबहादुर बहकरी, उक्त माविका कमलबहादुर बुढाथोकी, जयन्द बुढाथोकी, डम्बरबहादुर बुढाथोकी र भुवन रोका क्षेत्री समेतका व्यक्तिहरूलाई मिति **०५२ वैशाख २१** गते ६ घण्टासम्म कोठामा थुनियो। यसरी कमिटी गठन गर्न नदिइ थुनेर राख्नेहरू अनेरास्ववियू (क्रान्तिकारी) का धनसिं बुढाथोकी, कमल बुढा, उदिराम घर्ती र श्यामकुमार बुढा समेतका २० जना थिए।

गाम गाविसको भित्री गाममा **०५२ असोज २२** गते पूर्णिमाको दिन पुण्यरामको मेलामा संयुक्त जनमोर्चाले राखेको सांस्कृतिक कार्यक्रममा वीरबहादुर लगायतका व्यक्तिहरूले व्यवधान गरेको निहुँमा झडप भयो।

४.४ सल्यान

०५२ असोज २९ गते **माझडाँडा**मा रहेको नेकपा एमाले इलाका कमिटीको कार्यालय तोडफोड गर्नुका साथै चन्द्रबहादुर हमाल र रामबहादुर हमाललाई कुटपिट समेत गरियो।

४.५ रूकुम

०५२ भदौ १२ गते सर्वोच्च अदालतको फैसला पछि भदौ १६ गते प्ररायुसंघ, अनेरास्ववियू, अनेकिसंघ तथा अनेमसंघ

जिल्ला कमिटी रूकुमले संयुक्त रूपमा जुलुस प्रदर्शन गरिरहेको अवस्थामा जुलुसमाथि केही व्यक्तिहरूले ढुंगाप्रहार गरे।

४.६ बाँके

नेपाल विद्यार्थी संघले ०५२ साउन १६ गते राखेको "बन्द" कार्यक्रम सफल बनाउन नेपालगञ्जमा **साउन १५** गते जुलुस प्रदर्शन गरी संघ समर्थक विद्यार्थीहरू १६ गते विहानदेखि सडकमा धर्ना बसे। प्रहरीले बाटोमा अवरोध नगर्न अनुरोध गऱ्यो तर आन्दोलनकारीहरूले सडक छोडेनन्। त्यसपछि प्रहरीले लाठीचार्ज गर्नुका साथै १३ जना नेपाल विद्यार्थी संघ समर्थक विद्यार्थीहरूलाई गिरफ्तार गरेको थियो।

४.१५ हुम्ला

मैला गाविस वडे चौरमा **०५२ कार्तिक**मा नेपाली कांग्रेसले आयोजना गरेको आमसभामा एमाले समर्थक केही व्यक्तिहरूले सभा विथोल्न ढुंगामुढा प्रहार गरे। दुबै पक्षबीच ढुंगा हानाहान भयो। एमाले समर्थकहरूद्वारा बाबुरत्न जैसी पिटिए। उक्त घटनामा अन्य केही घाइते समेत भएका थिए।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

२.१५ काठमाडौं

दुई जिल्ला न्यायाधीशहरूको खराव आचरणबारे उजुर परेकाले न्याय परिषद्ले **०५२ वैशाख २०** गते एक सदस्यीय जाँचबुझ समिति गठन गऱ्यो। कालिकोट जिल्ला अदालतका न्यायधीश रामेश्वरमानसिंह अधिकारी र डोल्पा जिल्ला अदालतका न्यायाधीश धुवलाल राजका विरूद्ध आचरण सम्बन्धी मुद्दा परेकाले सर्वोच्च अदालतका न्यायाधीश कृष्णजंग रायमाझी रहनु भएको समितिले आफ्नो प्रतिवेदनमा न्यायधीशहरूले न्यायपालिकाको आचरण विपरितको चरित्र गरेको ठहर भएकाले दुवैजना न्यायाधीशलाई पदमुक्त गरियो।

नेकपा एमालेको **०५१ मदी ३** गतेको सिंहदरबार धर्ना कार्यक्रमको दिन स्थानीय होटलमा काम गर्ने सिन्धुपाल्चोकका १४ वर्षीय राजकुमार खड्का प्रहरीले सार्वजनिक अपराधको मुद्दा चलाई रू. २५ हजार धरौटी तिर्न नसकी थुनामा राखिएकोमा ०५१ फागुन २९ गते छुटे। निर्दोष बाल बन्दीका रूपमा रहेका रामकुमारको रिहाईको लागि विभिन्न मानवअधिकारवादी संस्था, वकील तथा पत्रकारहरूले पनि सम्बन्धित निकायहरूलाई दवाव दिने काम गरेका थिए।

४.१ दाङ

पवननगर गाविस-४ कुमाल गाउँनेर सार्वजनिक जग्गामा २-३ वर्ष पहिले नै उक्त गाविसका युवाहरूको सक्रियतामा वाचनालय बनाइएको थियो। प्रजिअ अब्दूल रईस खाँले उक्त भवन २८ दिनभित्र भत्काउनू अन्यथा प्रतिव्यक्ति ५ हजार रूपैयाँ र भवन भत्काउँदा लाग्ने खर्च समेत असुल्ने आदेश दिए।

०५२ असोज २७ गते जिल्ला प्रशासन कार्यालयले शिक्षा कार्यालयको आर्थिक श्रेस्ता कब्जा गऱ्यो र आर्थिक कारोवार सहित प्रशासनिक काम बन्द गर्न लगाइया।

४.११ डोल्पा

०५१ चैत १९ गते देखि यहाँ न्यायाधीशको कुर्सी मात्र छ, न्यायाधीश छैनन्। न्यायाधीश नभएका कारण मुद्दा फैसला नभएकाले ४ जनाले जेलमा बन्दी जीवन बिताइरहनु परेको छ भने निकुञ्ज सम्बन्धी मुद्दा विशेष अदालतले हेर्ने हुँदा निकुञ्जमा शिकार खेलेका आरोप लागेकाहरू सो अदालतको अभावमा २ वर्षभन्दा बढी समयदेखि बन्दी जीवन बिताउन विवश छन्।

४.१२ जुम्ला

यहाँको जिल्ला अदालतमा धेरै महिनासम्म न्यायधिश अनुपस्थित रहने गरेका छन्।

४.१३ कालिकोट

प्रायः न्यायाधीशको अनुपस्थितिले गर्दा मुद्दा फैसला हुन ढिलाई हुने गरेको गुनासो पीडित पक्षको रहेको पाइयो।

४.१४ मुगु

अदालतमा न्यायधिशको अभावले गर्दा समयमा मुद्दा फैसला हुँदैनन्।

४.१५ हुम्ला

जनचेतनाको कमीले यस जिल्लाका अधिकांश मानिसहरू आफूलाई अन्याय परे पनि अदालत जाँदैनन्। गाउँमै "ठूलाठालु" धामी झाँक्रीहरूलाई खसी, बोका, पैसा खुवाएर विवाद मिलाउने गरिन्छ। भौगोलिक विकटता र न्यायाधीश प्रायः जिल्लामा नरहने हुँदा पूर्पक्षमा रहेकाहरूको मुद्दा ढिलो फैसला भएको गुनासो पाइन्छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

१.३ पाँचथर

नेपाल निजामती कर्मचारी संघ जिल्ला कार्य समितिले यस जिल्लामा कार्यरत संगठन पक्षीय २९ जना कर्मचारीहरूलाई "अत्यन्त बाधक" भन्ने संकेत गरी उनीहरूलाई अन्यत्रै सरूवा गर्नु पर्ने भनी केन्द्रीय समितिमा पठाएको चिठी सार्वजनिक भएपछि **०५२ कार्तिक १३** गते कर्मचारीहरूबीच विवाद भएको थियो।

४.११ डोल्पा

वर्दिया मैनापोखर गाविसका वुद्ध गिरी वन कार्यालय डोल्पामा मुखिया पदमा कार्यरत छन्। उनी विगत ११ वर्ष पहिलेदेखि डोल्पामै

कार्यरत छन्। सरूवाका लागि सम्बन्धित निकायमा पटक-पटक निवेदन दिंदा पनि कुनै सुनुवाई नभएको गुनासो उनको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

१.१ झापा

भारत दार्जिलिङ्ग घर भएकी २५ वर्षीय रेखा गुरूङ्गलाई **०५१ पुस २३** गते इलाका प्रहरी कार्यालय विर्तामोडका प्रहरी नायब उपरीक्षक कृष्णबहादुर वस्नेतले पाथिभरा लजबाट **कृषियोक बजार**मा लगी बलात्कार गरे। उनीमाथि तत्काल कारवाही गरियो।

भद्रपुर नपा-५ की २५ वर्षीय सुत्केरी सीता आचार्यलाई **०५२ जेठ ४** गते आफ्नै पति दिनानाथ आचार्यले यौन सम्पर्क गर्न खोज्दा निजले नमानेपछि कुटपिट गरी बलात्कार गरे।

घुलाबारी गाविस-३ का मानबहादुर गुरूङ्गले **०५२ असोज १३** गते आफ्नै १६ वर्षीय छोरीलाई जंगलमा लगी हातखुट्टा बाँधेर बलात्कार गरे।

गौरादह गाविस-७ की २७ वर्षीय तुलसा विश्वकर्माको **०५२ कार्तिक ५** गते एड्स रोगका कारण मृत्यु भयो।

१.५ मोरङ्ग

विराटनगर नपा-२ की १४ वर्षीय एक बालिकालाई **०५२ पुस १२** गते सिनेमा हेरी फर्किरहेको अवस्थामा ३ जना व्यक्तिहरूले अपहरण गरी महेन्द्र मोरङ्ग बहुमुखी क्याम्पसको चौरमा लगेर सामूहिक बलात्कार गरे।

विराटनगरकी १४ वर्षीय एक बालिकालाई **०५१ फागुन १३** गते भारत विहार प्रदेश कटिहार जिआरपी एवं जिल्ला पुलिस थानाका २ जना प्रहरीले थानामै लगी बलात्कार गरे। पीडक प्रहरीमध्ये किशोरकुमार यादवलाई भारतीय कानून अनुसार सम्बन्धित क्षेत्रले सजाय गरेको थियो।

उर्लावारी बजारमा जे.के. चश्मा पसल संचालन गर्ने स्वास्थ्य सहायक निर्मलकुमार शाह र जुल्फीकार सिद्धिकीले **०५२ जेठ ९** गते आँखा जचाउन आएकी हसन्दह गाविस-२ की एक २० वर्षीय युवतीलाई बलात्कार गरे।

फोराहाट गाविस-९ की एक अपांग युवतीलाई **०५२ असार २१** गते स्थानीय १० जना युवकहरूले सामूहिक बलात्कार गरी मरणासन्न अवस्थामा पुऱ्याएका थिए।

१.६ सुनसरी

सोनापुर-५ मा डेरा गरी बस्ने २३ वर्षीय श्याम गिरीले आफ्नी २२ वर्षीय पत्नी सरिता गिरीलाई **०५२ वैशाख १८** गते माइतबाट एक दिन ढिलो गरी आएको भनी कुटपिट गर्दै खाना समेत नदिएर डेराबाट निकाली दिए।

२.१ धनुषा

बेह्रगाडावर गाविस-९ लालगढ माझी टोलका ६८ वर्षीय गोविन्द घिमिरेले **०५१ चैत ३०** गते ८ वर्षीय एक बालिकालाई बलात्कार गरे।

धनुषाधाम गाविस-१ का ३७ वर्षीय सलिम राइनले **०५२ असार १२** गते विहान आफ्नै १४ वर्षीय छोरीलाई बलात्कार गरे।

२.२ महोत्तरी

जलेश्वर नपा-४ की पम्फादेवी राजपुतनीलाई बोक्सी भनी स्थानीय सत्यनारायण पासवान लगायतको समूहले **०५२ जेठ २५** गते दिशा पिसाब घोलेर कोचाए।

गम्हरिया गाविस-४ की शान्तिदेवीलाई पति उपेन्द्र मण्डलले त्यागेका छन्। उनी गत वर्ष स्थानीय हवीब भन्ने व्यक्तिद्वारा बलात्कृत भएकी थिइन्।

२.३ सर्लाही

कर्मैया गाविस-३ का २१ वर्षीय जीवनबहादुर थापाले **०५२ भदौ ३१** गते राती ४ छोराछोरीको आमा र ४ महिनाको गर्भ रहेकी स्थानीय साहिली माया वोटेलाई बलात्कार गर्न खोज्दा आफू असफल भएपछि निर्ममतापूर्वक कुटपिट गरे।

२.४ सिन्धुली

सिद्धेश्वर गाविस-५ की १३ वर्षीय एक बालिकालाई **०५२ असार २१** गते सिन्धुली अस्पतालका अहेव रविन्द्र श्रेष्ठले बलात्कार गरे। पीडित उपचारका लागि अस्पताल गएकी थिइन्।

यस वर्ष एड्सबाट पीडित भई २ जनाको मृत्यु भयो।

२.८ बारा

कोहल्वी गाविस-१ की १४ वर्षीय एक बालिका **०५२ भदौ १८** गते भैंसी चराउन जाँदा जंगलमा इलाका प्रहरी कार्यालय कोहल्वीका प्रहरी जवान रामभक्त वालवुलले बलात्कार गरे।

२.९ पर्सा

अठराह सुनौली गाविसकी १९ वर्षीय युवतीलाई **०५१ चैत ३** गते खेतमा काम गरिरहेको अवस्थामा मोदन मियाँ, मुख्तार मियाँ, जमुना मियाँ, अमिन मियाँ, कन्हैया कानु समेतले बलात्कार गर्ने प्रयास गरे। ती पीडकहरूलाई कपाल चारपाटा मुडी पीडित महिलासंग माफी माग्न लगाइयो।

०५२ साउन १३ गते नयाँ वसपार्क प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक शिव श्रेष्ठ, जवानहरू फौदबहादुर तामाङ्ग र नारायणदत्त गैरेले वनेपा नपा-६ की १७ वर्षीय युवतीलाई प्रहरी चौकीमा राखी २ दिनसम्म सामूहिक बलात्कार गरे। बलात्कारीहरू सबैलाई प्रहरी सेवाबाट निष्काशित गरियो।

२.११ मकवानपुर

अहिलेसम्म यस जिल्लामा १९ जना एड्सका रोगी भएको कुरा विभिन्न संस्थाका तथ्यांकहरूले पुष्टी गरेका छन्।

२.१२ ललितपुर

काभ्रेपलाञ्चोक सिङ्गारचे गाविस-९ घर भई **ललितपुर नपा-६** सिन्याहिटी स्थित गलैंचा कारखानामा काम गर्ने १८ वर्षीय एक युवतीले शौचालयमा चुकुल लगाउन बिर्सिएको मौका छोपी **०५२ असार २८** गते सोही कारखानामा काम गर्ने १८ वर्षीय बच्चु तामाङ्गले भित्र पसी मुख थुनेर बलात्कार गरे। सोही बलात्कारको कारण पीडितले विषालु औषधि सेवन गरी आत्महत्या गरिन्।

२.१३ काभ्रे

सुब्बागाउँ गाविस-५ का प्रेमबहादुर खत्रीका छोरा आनन्द खत्रीकी पत्नी रूकु खत्रीलाई मकारो सोहर्न नजानेका कारण ०५२ असार ९ गते निजका ससुराले मुखमा गोबर कोचाउने र दाम्लाले बाँधेर पिट्ने काम गरे। हाल पीडित रूकु खत्री माइतमै छिन्।

२.१५ काठमाडौं

०५१ पुसको तेस्रो साता भारतीय स्वास्थ्य संगठनले प्रकाशित गरेको एक प्रतिवेदन अनुसार भारतमा नेपालका २ लाखभन्दा बढी महिलाहरू वेश्यावृत्तिमा लागेका छन्। प्रतिवेदनमा प्रति वर्ष ५-७ हजार नेपाली युवती भारतमा वेचिने र तिनीहरू मध्ये १ लाख कलकत्ता, दिल्ली र बम्बैमा छन् भनिएको छ। उत्तर प्रदेशमा २५ देखि ३० हजारसम्म वेश्यालयहरू भएको र त्यहाँ २४ हजार नेपाली महिला भएको पनि प्रतिवेदनमा उल्लेख छ।

धनकुटा जिल्ला राजारानी गाविस-३ घर भई काठमाडौं नपा धोवीचौर बस्ने एक १३ वर्षीय बालिकालाई काठमाडौं जिल्ला चण्डेश्वरी गाविस-६ घर भई **काठमाडौं नपा-१७** क्षेत्रपाटी बस्ने २२ वर्षीय राम सुर्खेतीले म फिल्मको हिरो हुँ, तिमीलाई विवाह गर्छु भनी आफ्नो डेरामा लगि **०५१ चैत १५** गते बलात्कार गर्‍यो।

नेपाली युवतीहरूलाई खाडी मुलुकहरूमा घरेलु काममा लगाई दिन्छु भन्नेहरूले उदयपुर लेखानी गाविस-५ की २३ वर्षीय निलकुमारी राईलाई बंगलादेशमा पुर्‍याई वेश्यावृत्तिमा लगाउने प्रयास गरेपछि उनी त्यहाँबाट भागेर नेपाल आइन्। काठमाडौं **सिफल**मा गलैंचा कारखानामा मजदूरी गर्ने निलकुमारीलाई **०५२ वैशाख २४** गते बंगलादेश पुर्‍याई वेश्यावृत्तिमा लगाउन मरणासन्न हुने गरी पिटिएको थियो। उनीसँगै गएका अन्य ४ जना युवतीहरू समेतलाई काठमाडौं लैनचौर बस्ने ओम विष्टले ७-७ सय डलरमा बेचेका थिए। अन्य ४ जना भने फर्कन सकेनन्।

नेपालमा कार्यरत महिला सम्बन्धी गैर सरकारी संस्थाका अध्ययन अनुसार प्रतिवर्ष ५ हजारभन्दा बढी नेपाली महिलाहरू बेचिन्छन्। त्यसरी बेचिने देशहरूमा भारत, हङ्गकङ्ग, सिंगापुर र अरब राष्ट्रहरू रहेका छन्।

काठमाडौं नपा बल्खु चक्रपथमा **०५२ जेठ ३०** गते २४ वर्षीय शर्मीला राईले ५ वर्षको छोरालाई बल्खु खोलाको डिलमा राखी बाढीमा हाम फालिन्। उदयुर घर भएकी शर्मीलाका पति पैसा कमाउन अरब गएकाले उनी बल्खुमा साहुको घरमा काम गरेर ढुंगा गिटी कुटेर जीवन गुजार्दै थिइन्। त्यस दिन छोराले भोक लाग्यो भनेर साह्रै रोएकाले उनले साहुसंग पैसा मागिन्। साहुले पैसा नदिए पनि उनले पसलमा गएर छोरालाई रोटी खुवाइन्। आफूले पनि खाइन्। पसलेले पैसा माग्दा पैसा छैन भनेकाले पसलेले सारी नै तानेपछि उनले ठूलो वेइज्जती महसुस गरी खोलामा हाम फालेकी थिइन्।

छैमले गाविस-१ की एक ६२ वर्षीय बृद्धालाई सोही ठाउँका ४२ वर्षीय तिर्थबहादुर मोक्तानले बलात्कार गरेकोमा प्रहरीले पक्राउ गर्‍यो।

३.४ स्याङ्जा

रापाकोट गाविस-८ घर भई पाल्पा क्याम्पसमा प्रमाण पत्र प्रथम वर्षमा अध्ययनरत एउटी युवती र उनका काका बीच यौन सम्पर्क हुन गई उनी गर्भवती भइन्। पछि पीडितका दाजु सहितले निजको विवाह गरी दिने या गर्भ पतन गराउने भनी लगेका थिए। नत गर्भ पतन नै गरियो, नत विवाह नै भयो। उनले हाल बच्चा जन्माएर अलपत्र परेकी छिन्।

३.८ रूपन्देही

देवदह गाविस-७ का ७० वर्षीय लालबहादुर क्षेत्रीले **०५१ फागुन २०** गते आफ्नै १७ वर्षीय छोरीसंग शारीरिक सम्बन्ध कायम गरेपछि उनकी छोरी गर्भवती भएकी छिन्।

३.१० कपिलवस्तु

धरमपनिया गाविस हरीहरपुरका ४५ वर्षीय चन्द्रिका वढईले आफ्नी पत्नी प्रेमकली वनियालाई **०५२ वैशाख** महिनामा अति नै दर्दनाक यातना दिने काम गरे। माइतीले दिएको जग्गा प्रेमकलीले आफ्नै नाउँमा राखेको हुनाले, सो जग्गा मेरो नाउँमा गर्नुपर्छ भनेर निज चन्द्रिकाले पत्नीलाई धेरै मानिसको बीचमा नाङ्गै पारेर कुट्ने, गुप्ताङ्गमा लौरो घुसाइ दिने, जस्ता अमानवीय यातना दिए।

४.१ दाङ

नारायणपुर गाविस-२ परेनीकी १७ वर्षीय एक युवतीलाई **०५२ साउन १९** गते आफ्नै बाबु ४७ वर्षीय निमबहादुर घर्तीले हात पछाडि बाँधेर टोपीले मुख थुनेर बलात्कार गरे। र छोरीलाई यो कुराको हल्ला गरिस् भने तँलाई मार्छु नभने तेरी आमासंग भेट गराउन भारत लैजान्छु भनेपछि डर र आमासंग भेट हुने आशाले त्यो कुरालाई गोप्य राखिन्। पछि गर्भवती भएपछि ०५२ साउन ५ गते मात्र रहस्य खुल्यो। अपराधी बाबु फरार भए।

४.३ रोल्पा

कोर्चाबाङ गाविस-९ की ३४ वर्षीय सौरा घर्तीलाई गाउँमै मानिस जम्मा गरी **०५२ असार ३२** गते तिनका पति गणेशबहादुर घर्तीले सम्बन्ध विच्छेद गरी घरबाट निकाले।

४.६ बाँके

बागेश्वरी गाविस-९ "एफ" गाउँकी ५ वर्षीय बालिकालाई **०५२ जेठ ११** गते स्थानीय ६१ वर्षीय मनविर महताराले बलात्कार गरे। पीडक महतरालाई प्रहरीले पक्राउ गरी जेठ १५ गते जिल्ला अदालत बाँकेमा पेश गरेको छ।

नेपालगञ्जको एक क्लिनिकमा शरीरको एक्सरे गराउन गएकी वर्दिया जिल्ला मनाङ गाविसकी २८ वर्षीय महिलालाई सोही क्लिनिकका टेक्निसियन बब्लु हलुवाइले ०५२ जेठ १६ गते बलात्कार गरे।

४.१३ कालिकोट

मर्ती गाविस-६ का ४८ वर्षीय आसमान सुनारले सोही ठाउँकी ३३ वर्षीय एक महिलालाई बलात्कार गरे। गाउँका भलाद्मी बसी जुनालाई क्षतिपूर्ति दिने टुंगो गरी मिलापत्र भयो र खसी काटेर भोज खाए।

४.१४ मुगु

रारा-८ मुर्म गाउँकी २५ वर्षीय आउँसी रोकायाले आफूलाई बोक्सी भनेको अरोप सहन गर्न नसकी आफ्नो १० महिने बच्चालाई पिठ्यूमै बोकेर **०५२ वैशाख १७** गते रारातालमा हाम फालेर आत्महत्या गरिन्।

रोवा-९ की देवी वुढाले आफ्नो छोरा र छोरी दुवैलाई लिई शोभा खोलामा हाम फाली आत्महत्या गरिन्। उनी लोग्नेको कुटपिट सहन नसकी त्यसरी मरेकी थिइन्।

५.१ कैलाली

टीकापुर गाविस-९ का एकजना जमिन्दारले **०५१ फागुन १० गते** आफ्नै घरमा काम गरेर बसेकी ११ वर्षीय बालिकालाई बलात्कार गरे।

मसुरीया गाविस-७ का जीतबहादुर चौधरीले **०५२ साउन ७ गते** १२ वर्षीय आफ्नै भ्रुट्केली छोरीलाई बलात्कार गरी बेहोस् बनाए।

५.२ अछाम

मस्टामाण्डौं गाविस-५ का धने आउजीले **०५२ मंदी ४** गते राती आफूसंग सुतिरहेकी ११ वर्षीय आफ्नै छोरीलाई बलात्कार गरे।

५.८ बैतडी

सर्माली गाविस-८ सनकोटकी १५ वर्षीय एक बालिकालाई **०५२ असोज १३** गते तोरी पेलाएर घर फर्किरहेको अवस्थामा सर्माली प्रहरी चौकीका हवल्दार मानसिंह साउदले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

१.११ सप्तरी

डाढा गाविस-५ का तोफा मियाले **०५२ जेठ १५** गते जेठी पत्नीले दाइजो नल्याएको भनी जुफेदार खातुनलाई दोस्रो विवाह गरे।

३.१६ मस्ताङ

तेताङ घर मै **पाङलिङ** बसोबास गर्ने व्यापारी छिरिङ्ग गुरुङ र उनका भाइ दुण्डुक गुरुङले साझा पत्नी कुञ्जुङ्गसंग परिवार बसाएका छन्। उनैका जेठा दाजु र कान्छा भाइ पनि साझा पत्नीसँगै रहन्छन्। ती दुई दाजुभाइको उमेर अन्तर २०/२२ वर्षको रहेको छ।

कागवेनीका २६ वर्षीय गुम्बु गुरुङका दुई भाइ पनि एक पत्नीसँगै रहन्छन्। यस्तो प्रथामा रहेका नागरिकहरूसंग सोध्दा उनीहरू भन्दछन् - यसबाट परिवारको व्यवसाय संचालन गर्न सजिलो पनि हुने र आफ्नो परम्परा पनि थामिन्छ।

४.३ रोल्पा

कुविङ गाविस-८ की तीला घर्तीका पति रमेशबहादुर घर्तीले **०५२ असार ७** गते दोस्रो विवाह गरे। तीला घर्तीलाई एउटा गाई दिएर सम्बन्ध विच्छेद गरे।

कोर्चाबाङ गाविस-९ की २० वर्षीय तीर्थकुमारी दमाईका पति सन्तबहादुर दमाईले दोस्रो विवाह गरे। जेठी पत्नी तीर्थकुमारीलाई **०५२ असार २५** गते २ हजार ५ सय रूपैया दिएर सम्बन्ध विच्छेद गरे।

४.९ जाजरकोट

कृषि सामाग्री संस्थान प्रशाखा कार्यालयका कार्यवाहक प्रबन्धक मोहनराज घिमिरेले **०५१ पुस**मा १३ वर्षीय बालिकासंग बहुविवाह गरे।

४.११ डोल्पा

यहाँ ८ हजार देखि २० हजारसम्म जारी लिने दिने चलन भएको कुरा स्थानीय वासिन्दाहरू बताउँछन्। कसैले आफ्नी पत्नीलाई छोड्न चाहेमा ६ हजार रूपैयाँ पत्नीलाई दिएर छोड्न सक्छ।

५.३ डोटी

बगलेख गाविस- २ का २७ वर्षीय गोरे ठगुन्नाले ४ वर्ष अघि बिहे गरेकी पत्नीबाट सन्तान नभएको बहानामा सोही गाउँकी २३ वर्षीय तारा वलीलाई भगाएर ल्याए।

५.९ दार्चुला

मालिकार्जुन गाविस-८ मलवावका २३ वर्षीय पदमसिं धामीले घरमा पत्नी कलावती हुँदाहुँदै दोश्रो बिहे गरे। पहिलो पत्नीलाई तँ कम्युनिष्टको छोरी, कम्युनिष्ट भनेका त डुम हुन् डुमकी छोरी मलाई चाहिँदैन भनी अर्को बिहे गरेको कुरा पीडित बताउँछिन्।

४.३ गर्भपतन

२.२ महोत्तरी

बाँसपिट्टि मोहनपुरकी सहरून खातुनको तीन महिनाको गर्भ **०५२ जेठ २६** गते राप्रपा छाडी नेकामा प्रवेश गरेको रीसइबीमा ओकिला खातुन, कलामुन खातुन, कलिया खातुन, उसमान खान र मोमताज खानद्वारा कुटपिट गर्दा पतन हुन पुग्यो।

२.१२ ललितपुर

गोदावरी बडीखेल गाविस-१ का ३४ वर्षीय पुतली थापालाई **०५२ असोज २५** गते पतिद्वारा यातना दिई गर्भपतन गर्न वाध्य बनाइएको बताइन्छ। गर्भपतन गराएको आरोपमा उनलाई प्रहरी हिरासतमा समेत निर्मम यातना दिइयो।

५. बालअधिकार (बालबालिकाउपरको अत्याचार)

१.११ सप्तरी

मधवापुर गाविस-३ का ७ वर्षीय रणधिर दासलाई **०५१ माघ** ८ गते स्थानीय सुरेश दास लगायत ३ जनाले आफ्नो घडी चोरेको शंकामा हात भाँचिने गरी कुटपिट गरे। उनलाई तातो फलामले डाम्ने, करेण्ट लगाई दिने जस्ता अमानवीय यातना दिएका थिए।

२.३ सर्लाही

सन् १९७९ सालमा बनेको सर्लाहीको बाल मन्दिरमा अहिले २ सय ४५ जना बालकहरू पढ्दछन्। बच्चाहरूलाई सरकारले दिएको सुविधामा चुहावट हुने गरेको पाइएको छ। बच्चाहरूले कपडा धुने, भात पकाउने सबै काम आफैले गर्नु पर्दछ।

२.८ बारा

पिपरा-सिमरा गाविस-६ को औराही टोलको नजिकै पर्ने दाउने खोलाको वगरमा **०५२ भदौ १३** गते एउटा नवजात शिशु कराई रहेको अवस्थामा फेला पर्‍यो। नवजात शिशुको पेटमाथि कमिलाको गोला थियो र कमिलाले जीउभरि टोकेपछि बच्चा चिच्याएको थियो।

२.१५ काठमाडौं

काठमाडौंमा मात्र ५० हजार जति श्रमजीवी बालिकाहरू मध्ये र ती मध्ये ५ हजार वेश्यावृत्तिमा र २५ हजार घरवार विहिन तथा ३ सय बालिकाहरूले आकाशमुनी खुला सडकमा नै जीवन बिताइरहेको कुरा बाल संरक्षण केन्द्रले **०५१ पुस २१** गते एक विज्ञप्ति प्रकाशित गरी जानकारी गराएको थियो।

त्यसरी घर-घरमा काम गर्ने बालिकाहरू करीब १० हजार रहेका र तिनीहरू मध्ये २० प्रतिशत मालिकहरूबाट यौन उत्पीडनको शिकार हुने गरेका छन्। ती मध्ये ३० प्रतिशतले बारम्बार दुर्व्यवहार सहनु पर्ने र ७० प्रतिशत निरक्षर छन्। ती बालिकाहरूले दैनिक १३ घण्टा भन्दा बढी काम गर्नु पर्ने पनि विज्ञप्तिमा जनाइएको छ।

समयमा उपचार नपाउँदा **०५२ असोज २८** गते एक ८ वर्षीय बालिका रेखा साहको निधन भयो। असोज २७ गते राती कान्ति बाल अस्पताल पुर्‍याइएकी ती बालिकालाई डाक्टरले आफ्नो ड्युटी सकिएकाले भोलिपल्ट आउन भनेका थिए। भोलिपल्ट बिहान पनि डाक्टर शनिवार भनी नआएकाले ती बालिका झन्-झन् सिकिस्त बन्दै गइन्। शनिवार बेलुकी उनको मृत्यु भयो।

३.४ स्याङ्जा

जगत्रदेवी गाविस -६ की २० वर्षीय युवतीले **०५२ कार्तिक २८** गते बच्चा जन्माई हत्या गरिन्। ती युवतीले सो बच्चा वौलाहा कुकुरले टोकेर रहन गएको बताएकी छिन्। बच्चा जन्मिएपछि निजले तातो पानीमा डुबाएर मारेकी थिइन्।

४.१ दाङ

तुलसीपुर नपाका-१ रानागाउँमा रहेको प्रा.वि.का प्र.अ. विष्णुप्रसाद भण्डारीले **०५२ असोज ३** गते दिउँसो २ कक्षामा पढ्ने ११ वर्षीय निमबहादुर वलीलाई सामान्य गल्ती गरेको आरोपमा कानमा साँचो राखी यातना दिंदा जाली नै फुटाइदिएको आरोप छ।

४.६ बाँके

नेपालगञ्ज नपा-१ का ८ वर्षीय रविकुमार गुप्तालाई **०५२ मंसीर १७** गते आफ्नै बाजे मोतीलाल गुप्ताले ४ घण्टासम्म साङलाले बाँधेर राखे। आफ्नो नातिले राम्रोसंग नपढेको, फिल्म हेर्न गएको भनी त्यसो गरेको कुरा पीडक बताउँछन्।

४.१० दैलेख

रानीवन गाविस-२ की मनकुमारी आलेले आफैले जन्माएको १६ दिनको बच्चालाई **०५२ वैशाख** ८ गते भोकै राखेर मारिन्। आफ्नो पति बीरबहादुर आलेसंग छुटकारा पाउन मितिनी माउजूको सल्लाह अनुसार त्यसो गरेको कुरो पीडक मनकुमारी बताउँछिन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेडयुनियन / श्रम सम्बन्धी अधिकार)

२.१५ काठमाडौं

०५१ फागुनदेखि श्री ५ को सरकारले औद्योगिक मजदूरको लागि बृद्धि गरेको मासिक ३ सय भत्ता अहिलेसम्म

मजदूरहरूले पाएका छैनन्। यस वर्ष सरकारले निजामति सेवामा तलवमा ३ सय गाभेर थप भत्ता दिंदा पनि मजदूरले सो सुविधा पाएनन्।

नेपाल निजामति कर्मचारी संघलाई सर्वोच्च अदालतले गैर कानूनी भएको भनी **०५१ चैत १५** गते फैसला गऱ्यो।

नेपालबाट वैदेशिक रोजगारका लागि विदेशमा जाने नेपालीहरूलाई यस वर्ष पनि विभिन्न यातना दिने र हिरासतमा राख्ने काम भयो। मलेशीया र सिंगापुरमा १५० भन्दा बढी नेपाली कामदारहरूलाई अवैध रूपमा प्रवेश गरेका कारण त्यहाँको अदालतले ३ कोर्रा र ३ महिनाको जेल सजाय तोकिदिएको कुरा त्यहाँबाट भागेर आउनेहरूले बताए। नेपालबाट वैदेशिक रोजगारका लागि विदेश पठाउँछु भनी ठगेर पैसा खाएका १७ वटा घटना जिल्ला प्रहरी कार्यालयमा दर्ता भए।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

५.१ कैलाली

गेटा गाविस-५ का कमलसिं कडायतले **०५१ माघ १५ गते** आफ्नो कमैया चुन्टे थारूकी पत्नी र आमालाई आफ्नै घरमा बन्दी बनाए। कसैसंग भेट गर्न समेत दिएनन्। नगद १५ हजार ९ सय ८१ र ७ क्वीन्टल धान तथा ५० किलो गहुँ नतिरेसम्म उनीहरूलाई नछोड्ने कुरा कडायतले बताए। चुन्ने थारू ०४९ सालदेखि नै निज कडायत कहाँ कमैया बसेका थिए।

प्रतापपुर गाविस-५ का छोटेलाल चौधरीलाई विहान ४ बजेदेखि काममा नआएको भनी **०५२ वैशाख २१ गते** जमिन्दार प्रेमभक्त रेग्मीले कामबाट निकाली दिए। पीडित चौधरी प्रेमभक्तकै काममा जाँदा जंगलमा लडेर घाइते अवस्थामा थिए। उनको औषधि उपचार गराउनुको सट्टा उल्टो २ दिन काममा नआएको भनी १ सय रूपियाँ हर्जाना तिराइयो। १ हजार ६ सय सौकी तुरून्त तिरेर गइहाल् भनेर मालिकले आफूलाई निकालेको कुरा पीडित चौधरी बताउँछन्।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

१.१ झापा

मेची बहुमुखी क्याम्पसमा अध्ययनरत बुधबारे गाविसकी सुश्री विमला खातीले उत्पीडित जाति भएकै कारण हालसम्म कोठा पाएकी छैनन्।

१.५ मोरङ्ग

बुधनगर गाविस-५ की ३३ वर्षीय विधवा राधादेवी मण्डललाई बोक्सीको आरोपमा **०५२ असोज ७** गते दिशा खुवाउने, वोरामा हालेर वोराको मुख बाँधी कुटपिट गर्ने र एकजनाको लाशसँगै बाँधेर राख्ने जस्ता अमानवीय व्यवहार गरियो।

१.७ धनकुटा

डाँडागाउँ गाविस-६ का डिल्लीबहादुर थापालाई **०५२ वैशाख १६** गते थापा बन्धुहरूले बनाएको मन्दिरमा श्रम गर्न नगएको भनी वंशजबाट हटाइयो।

धनकुटा नपा-७ का धनमान डंगोलले आफ्नो घरमा डेरा गरी बस्ने धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत प्रेमकुमारी दर्नाल, मैया रसाइली, चन्द्रकला धमला र पदम नेपालीलाई **०५२ मंसीर २९** गते राती अछूत जातिको भनी गाली वेइज्जती गर्दै घरबाट निकालिदिए। त्यसपछि धनमानले पुरेत ल्याएर पूजा गरी घर चोख्याएका थिए।

१.९ भोजपुर

होम्ताङ्ग गाविस-८ का मनोवल राईकी १६ वर्षीय छोरी बोक्सी भएको भनी ०५२ मंसीर १३ गते स्थानीय किशोरचन्द राई लगायतका व्यक्तिहरूले निजको घर भत्काई सामानहरू फ्याँकेर निजलाई समेत लखेटे।

२.८ बारा

डुमरवाना गाविस-६ का केशव अधिकारी, कमला अधिकारी र सालीकराम पौडेलले **०५२ वैशाख २५** गते सोही टोलका खड्कादेवी र उनका छोरा केशव छतफुलियालाई केशवकी गर्भवती पत्नीलाई चारित्रिक आरोप लगाई खान, लगाउन समेत नदिएको आरोप लगाई आमा समूहको नामबाट कालोमोसो दलेर घाँस खुवाई २ घण्टासम्म टायर गाडामा घुमाए।

२.११ मकवानपुर

धियाल गाविस-५ का ७२ वर्षीय आदी माया थिङ्ग र ललिमाया योञ्जनलाई स्थानीय क्षेवाङलो लामाले **०५२ साउन १** गते वोक्सी लगाई कर्तव्य गरी मारेको आरोप लगाई सार्वजनिक भेला गरी बोक्सी भएको ठहर गर्नुको साथै कागज गराएर वडा कार्यलयमा बुझाए।

३.३ लमजुङ्ग

इसानेश्वरमा अवस्थित महादेवको मन्दीरमा **०५२ कार्तिक १** गते रूद्री पूजा गरिएको र त्यसमा भगवानका नाममा फूल, अक्षता र प्रसाद चढाउन भनी गएका मणीराम वि.क.लाई पुरोहित लगायतका केही व्यक्तिले गाली गरे। अछूतको अक्षता चढ्दैन भनी फूलपाती अस्वीकार गरियो।

३.८ रूपन्देही

करहीया गाविस-९ का १२ वर्षीय युवराज न्यौपानेलाई **०५१ माघ**को दोस्रो हप्तामा स्थानीय श्यामबहादुर थापामगर र गणेश सेनले छुरी देखाएर गुदद्वारमा बलात्कार गरे।

आमा गाविस बंजरीयाका जमिन्दार अनिलकुमार श्रीवास्तवले **०५२ जेठ २** गते स्थानीय विद्यालयका शिक्षक

किशोर हरिजनलाई बसी-बसी नमस्ते गरेकोमा नराम्रो संग कुटे।

५.२ प्युठान

लुङ गाविस-६ का डिल्लीराज रिजाल, माधव रिजाल र शिवराज रिजालले स्थानीय जुद्धबहादुर टमटालाई घर भित्र पस्यो भन्ने आरोपमा **०५२ असोज ११** गतेका दिन निर्ममतापूर्वक कुटपिट गरे। जुद्धबहादुर टमटालाई अछुत जाति भएर पनि ब्राम्हणको घरभित्र पसेको आरोप पीडकहरूले लगाएका थिए।

५.३ रोल्पा

तेवाङ गाविस-८ वेगम रोकालाई **०५२ असोज १४** गते केही व्यक्तिले कुटपिट गर्नुका साथै दिसाको टिका लगाएर दुबै हात र घाँटीमा समेत डोरीले बाँधी घिसार्दै महादेवस्थानसम्म पुऱ्याए। उनको घरबाट १ लाख १० हजार रू. बराबरका तमसुकहरू पनि फिकेर च्यातेका थिए।

५.४ सल्यान

खलंगा गाविस- खलंगा बजारका १८ वर्षीय विनोदकुमार सिंहले **०५२ असार २९** गते विवाह गरी ल्याएकी १५ वर्षीय जोगमायालाई "अछूत भनिने" कामीकी छोरी भनी उनका सासू ससुराले घरमा पस्न दिएनन् र पति समेतले कुटपिट गरेका थिए।

५.९ जाजरकोट

०५२ बैशाख २६ गते **पुन्मा गाविस-६** गंगटियाका डण्डे लुहारकी छोरीको बिहे थियो। उनको घरमा बाजा बजाइयो। अछूत भनिने जातिका घरमा बाजा बजाएर बिहे गरेको कुरा ठूला भनिने जातिका व्यक्तिहरूले सहन सकेनन्। सोही ठाउँका सर्पु सिंहले तिमी कामीहरूले यसरी बाजा बजाउन पाउँदैनौ, फिर्ता गर भने। तर लुहारहरूले उनको कुरालाई स्वीकार गरेनन्। त्यसपछि विवाद चर्कियो र कुटपिट समेत भयो। कुटपिटमा परी नन्दे लुहार सख्त घाइते भए।

५.१५ हुम्ला

सिमिकोट गाविस-८ पुराउँसेका सुरजन कामीका छोरा सार्की कामीको विहेमा **०५२ मंसीर २६** गते स्वार्पुनाथ गाविसमा जन्ती गएका कामी जातिका मानिसहरूले रातो बोरका, पटुका र पगरी बेरेको त्यहाँका उपल्लो जातिका भनिने ठकुरीहरूलाई सह्य भएन। उनीहरूले कामीको बिहेमा बाजा बजाउन हुँदैन भनेर बाजा बजाउन समेत दिएनन्। भोलिपल्ट बेहुली लिएर फर्कदा भिमबहादुर शाही र देव शाही समेतको हुलले बेहुली समेत खोसेर सुरजन कामीलाई जरिवाना पनि गरेका थिए।

५.२ अछाम

अन्धविश्वासका कारण महिनावारी भएकी महिलालाई घरमा बस्न नदिने चलन अनुसार **अताम सिद्धेश्वर गाविस- १** की १८ वर्षीय कालिमा कुँवरको घरदेखि टाढा टहरामा सुतिरहेको अवस्थामा **०५२ साउन ३** गते सर्पले टोकेर मृत्यु भयो।

५.५ बफाङ्ग

जिल्ला अस्पतालमा कार्यरत डा. नित्यप्रसाद खनाललाई **०५२ मदी ५** गते जिविस सभापति चेतराज बफाल, सांसद नरेशबहादुर सिंह, भूतपूर्व सांसद अर्जुनबहादुर सिंह समेत करीव २५ जनाको हुलले अभद्र व्यवहार गरी लछारपछार पार्दै जिल्ला प्रशासन कार्यालयमा पुऱ्याए। तत्कालै कर्मचारीहरूले पनि जुलुस निकाली राजनीतिक हस्तक्षेपको विरोध गरे।

५.७ डडेलधुरा

कारागार शाखामा कार्यरत प्रहरी जवान उद्धव टमटालाई **०५२ जेठ १५** गतेदेखि सोही शाखामा कार्यरत हवल्दार चामुसिंह रावलले पानी खान र धारो छुन दिएनन्। तँ तल्लो जातको मान्छे तैंले छोएको धाराको पानी खाएर म विरामी हुन्छु, मैले कति औषधि गरिसकें तर पनि विरामी भइरहन्छु भनी धम्क्याएर पानी छुनबाट वञ्चित गरेका थिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि उनलाई जिल्ला प्रहरी कार्यालयमा काजमा राखिएको थियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

३.४ स्याङ्जा

०५२ साउन १६ गतेको ने.वि.संघको नेपाल बन्द कार्यक्रमको सन्दर्भमा पर्यवेक्षण गरी रहेका हुरेड र मासमका कार्यकर्तामाथि कुटपिट र लुटपिट भए पश्चात त्यसको विरोधमा हुरेड र मासमद्वारा पर्चा प्रकाशित गरी वितरण गरिएको थियो।

३.५ कास्की

कानून व्यवसायी जगन्नाथ ढकाल र जयनारायण पौडेललाई प्रहरीले कुटेको सिलसिलामा वार एसोशिएसन पुनरावेदन अदालतले खेद प्रस्ताव पारित गरी वक्तव्य निकालेको थियो।

३.८ रूपन्देही

नेपाल राष्ट्रिय शिक्षक संगठन रूपन्देहीले **०५२ मंसीर १०** गते एक प्रेस वक्तव्य जारी गरी महिला कोटा अन्तर्गत प्रा.वि. तहको शिक्षक पदमा अस्थायी पदपूर्तिका लागि जाँच लिई नतिजा प्रकाशित गरेर पनि नियुक्ति रोकिएको र केहीको नतिजा नै प्रकाशित नगरिएकोमा जिल्ला शिक्षा कार्यालयमा विरोधपत्र दियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

१.२ इलाम

१ जना महिलाले पति मन नपरेर र २ जनाले आर्थिक कमजोरीका कारण आत्महत्या गरेका छन्।

१.६ सुनसरी

१ जनाले आफूले मन पराएको केटासंग विवाह गर्न नपाएर र १ जनाले आफ्नी पत्नीले सम्बन्ध विच्छेद गरेको पीडाले आत्महत्या गरेको पाइएको छ।

१.८ तेह्रथुम

एकजनाले अपाङ्ग भएको हीनताबोधका कारण आत्महत्या गरेका थिए।

१.१० संखुवासभा

प्रायले झुण्डिएरै आत्महत्या गरे। ती मध्ये २ जना १२ वर्षीय बालकहरू पनि छन्।

२.१ धनुषा

७८ वर्षीय एकजना महिलाले रोग निको नभएको कारण झुण्डिएर आत्महत्या गरेकी थिइन्।

२.११ मकवानपुर

मनहरी गाविस-७ का ६५ वर्षीय वलवान गिरीले गरीबीको कारणले गर्दा विरामी छोरीको औषधि उपचार गर्न नसकेको पीडाले आत्महत्या गरे।

२.१५ काठमाडौं

अध्यागमन विभागले **०५१ माघ ३** गते **काठमाडौं नपा-१०** बानेश्वर स्थित एक घरमा छापा मारी ६ जना श्रीलंकाका नागरिकलाई पक्राउ गऱ्यो। उनीहरू ४-५ वर्ष यतादेखि नेपालमा बसेर अवैध रूपमा पासपोर्टको कारोवारमा संलग्न रहेको प्रमाण पनि फेला परेको कुरा गृह मन्त्रालयका प्रवक्ताले बताए।

नेपाल प्रहरीले **०५१ फागुन १८** गते थानकोटमा ८ जना भारतीय प्रहरीलाई पक्राउ गऱ्यो। भारतको विहार राज्यको डि.एस.पी. अजितनारायण सिंहको नेतृत्वमा आएको सो टोली अनाधिकृत रूपमा उपत्यका प्रवेश गरेको थियो। विहान ८ बजे पक्राउ गरी तिनीहरूलाई सोही दिन बेलुकी छोडियो। हातहितयार वाकीटकी सहित आएको टोलीले आफ्नो गाडी जाँच गर्न दिएन।

२.१६ धादिङ

नीलकण्ठ गाविस-६ की फूलमाया गुरूङ्गले गरीबीका कारण खान लाउन समेत नपाउने भएपछि ०५१ पुस १९ गते आत्महत्या गरिन्।

३.१ तनहुँ

१ जनाले ऋण तिर्न नसकेर र अन्यले अरू कारणले नै आत्महत्या गरे

मिर्लुङ गाविस-१ का २० वर्षीय गोपाल गुरूङ र सोही ठाउँकी १८ वर्षीय पार्वती गुरूङले **०५२ जेठ १६** गते राती रूखमा एउटै डोरीमा झुण्डिएर आत्महत्या गरे। उनीहरू एक अर्कालाई प्रेम गर्थे।

३.५ कास्की

आफ्नो आमाको मृत्यु भयो भन्ने पिरले १ जनाले आमाको लाश घरबाट उठाउनु भन्दा पहिले विष सेवन गरेर प्राण त्याग गरे।

३.१० कपिलवस्तु

जयनगर गाविस-१ का ३० वर्षीय विष्णुप्रसाद चौधरीले **०५२ जेठ ८** गते शिक्षित हुँदा हुँदै पनि रोजगार नपाएको हुँदा घर नजिकैको नर्सरी जंगलमा गई विषालु औषधि सेवन गरी आत्महत्या गरे।

३.११ अर्घाखाँची

ठाडा गाविसका २१ वर्षीय मंगलबहादुर राना र उनकी पत्नी १६ वर्षीय लक्ष्मी रानाले **०५२ जेठ ७** गते विष सेवन गरेर सामुहिक रूपमा आत्महत्या गरे। उनीहरूको प्रेम विवाहलाई घर परिवारले स्वीकृति नदिएका कारण उनीहरूले आत्महत्या गरेको बताइन्छ।

३.१४ पर्वत

एकजना ११ वर्षीय बालिकाले स्कूल जान नपाएको र १७ वर्षीय अर्की युवतीले परीक्षामा राम्रो अंक नआएकोमा आत्महत्या गरेका घटना पनि पाइएको छ।

३.१५ म्याग्दी

एक युवतीले अनमेल विवाहको कारण आत्महत्या गरेकी थिइन्।

४.४ सल्यान

महावीर सार्कीले चाहीं घरको आर्थिक स्थिति ज्यादै कमजोर भएका कारणले आत्महत्या गरेका थिए।

४.७ बर्दिया

मैनापोखर गाविस-१ का ३७ वर्षीय कृष्ण थारूले **०५२ वैशाख १७** गते गरिबीको कारण थायोडिन नामक विष सेवन गरी आत्महत्या गरे।

५.१ कैलाली

यो वर्ष देहव्यापारबाट वाक्क भएर एउटी महिलाले आत्महत्या गरेको घटना पनि देखा पऱ्यो।

५.९ दार्चुला

दत्तु गाविस-८ का ८ वर्षीय महेश सिंह नगरीलाई **०५२ भदौ २०** गते महाकाली नदीले बगाएर ल्याएको दाउरा लिन जाँदा नदीबाट आएको छालले बगाइ मृत्यु भयो। कक्षा ४ मा पढ्ने उक्त बालक विद्यालयबाट घर फर्कन लाग्दा आमा बुबाले दाउरा उतार्न थालेको देखी ऊ पनि दाउरा लिन गएको थियो। ■

परिच्छेद ८

निष्कर्ष र सुझाव

न्यायालय

सर्वोच्च अदालतले गरेको फैसला पनि यस पटक विवाद रहित बन्न सकेन। अल्पमतको सरकारले आफू विरूद्ध अविश्वासको प्रस्ताव दर्ता भैसकेपछि संसद विघटन र मध्यावधि चुनावको सिफारिश गरेको थियो। सो बमोजिम राजाबाट गरिएको संसद विघटनलाई सर्वोच्च अदालतको ०५२ भदौ १२ गतेको फैसलाले बदर गऱ्यो। सर्वोच्च अदालतका प्रधान न्यायाधीश लगायत ११ जनाको फूल बेञ्चले गरेको फैसलामा ३ जना न्यायाधीशहरूले आफ्नो असहमति जनाई बेग्लै राय लेख्नु भएको थियो।

सर्वोच्च अदालतको फैसला पछि उक्त फैसलाको पक्षमा र विपक्षीको विरूद्धमा तत्कालीन प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायका शृंखलाबद्ध अन्तर्वार्ताहरू पत्रपत्रिकामा छापिएको थियो।

नेपालका अदालतहरूमा अहिले पनि साधन, सुविधा अपर्याप्त छ। दैनिक कार्य संचालनका लागिसमेत स्रोत र साधनको अभाव छ। आधुनिक कार्यालय व्यवस्थापन, सामग्री र अभिलेखालयको कमीका कारण न्याय सम्पादनमा ढिलाई हुने गरेको छ।

पश्चिमका कतिपय जिल्लाहरूमा न्यायाधीशकै अनुपस्थितिका कारण बन्दीहरूले लामो समयसम्म पूर्पक्षका लागि थुनामा बस्नु परेको छ। कैदको म्याद भुक्तान भैसकेर पनि अदालतबाट समयमा राय ठहर प्राप्त नभएका कारण जेलमा थन्किनु परेको घटना पाइयो।

न्याय सम्पादनको सिलसिलामा प्रहरी, प्रशासन र कानून व्यवसायीहरूको पनि अहम् भूमिका हुने गर्दछ। यस्ता सम्बद्ध पक्षको कमी कमजोरीका कारण पनि अदालतहरूले आफ्नो निर्णय समयमै गर्न नसकेको स्थिति छ। अदालतको निर्णयलाई शीघ्रातिशिघ्र लागु गर्नु गराउनु पर्ने मामिलामा पनि ढिलाई हुने गरेको छ।

महिलाको सम्पत्ति हकलाई संविधानले निर्दिष्ट गरे मुताविक सुनिश्चित गर्ने गरी कानून निर्माण गर्न यस पटक सर्वोच्च अदालतले ०५२ साउन २८ गते गरेको निर्देशन उल्लेख्य रह्यो।

कालिकोट जिल्ला न्यायाधीश रामेश्वरमान सिंह अधिकारी र डोल्पाका जिल्ला न्यायाधीश, ध्रुवलालराज दुई जनाको आचरणका बारेमा छानवीन गर्न सर्वोच्च अदालतका न्यायाधीश कृष्णजंग रायमाझी रहनु भएको समिति गठन गरिएको थियो। उक्त समितिको ०५२ वैशाख २० गतेको प्रतिवेदन बमोजिम सम्बन्धित न्यायाधीशहरूले न्यायाधीशको आचरण विपरितको आचरण गरेको ठहर गऱ्यो। तत्पश्चात् उहाँहरू दुवै जनालाई सेवाबाट हटाइयो।

सरकार

यस वर्ष दुई वटा सरकार बने। पहिलो सरकारको पालामा प्रहरीले तुलनात्मक रूपले बढी संयमित र सहिष्णु व्यवहार गरेको पाइयो। ०५२ भदौ २४ गते देखि प्रहरीको यातनाबाट पीडित हुनेहरूको संख्या क्रमशः बढ्दै गयो। असोज २२ गते रोल्पाको गाम गाविस अन्तर्गत तमासे डाँडाको मेलामा भएको झडपबाट शुरू भएको अशान्तिलाई समन गर्ने क्रममा प्रहरीले व्यापक स्तरमा दमन प्रक्रिया चलायो। कार्तिकको अन्त्यसम्ममा प्रहरीले विनापूर्जी पक्रने, पक्राउ परेकालाई निर्मम यातना दिने लगायत पक्राउ परेका महिलाहरूसंग अभद्र र लज्जाजनक व्यवहार गर्ने काम गरेको थियो। २०० मन्दा बढी मानिसहरू गैरकानूनी थुनामा परे। यो सिलसिला वर्षको अन्त्यसम्म पनि जारी नै रहेको थियो।

०५२ भदौ २७ गतेसम्मको सरकारका पालामा प्रहरीको गोलीले ४ जना मारिए। ती मध्ये ३ जना डाकाहरू थिए। २ जना प्रहरीसंगको मुठभेडमा मारिए भने १ जना प्रहरीले समातेर ल्याउँदै गर्दा उम्केर भाग्न खोज्दा मारिए। झापामा हत्यारा खोज्न गएको बेलामा प्रहरीले चलाएको गोली लागेर १ जनाको ज्यान गयो। ज्यान गएको कुरालाई हामीले दुखद् घटनाको रूपमा समावेश गरेका छौं।

वन रक्षकको गोलीले ५ जनाको ज्यान गयो। धादिङ्गमा वन अधिकृत स्वयंले भिड हटाउन चलाएको गोली लागेर १ जनाको ज्यान गयो। चितवनमा दाउरा काट्न वन गएकाहरूसंगको दोहोरो मुठभेडमा १ जना दाउरा काटन गएका व्यक्ति र १ जना वन सुरक्षकको मृत्यु भयो। बर्दिया निकुञ्जमा १ जना शिकारीलाई नियन्त्रण गर्ने क्रममा आरक्षका सिपाहीले चलाएको गोली लागी उक्त शिकारीको मृत्यु भयो।

अपराधीहरूको आक्रमणबाट ३ जना प्रहरीको ज्यान गयो। शान्ति सुरक्षा कायम राख्ने सिलसिलामा खटिएका बखत २० जनामन्दा बढी प्रहरीहरू घाइते भए। त्यस्तै वन सुरक्षाको सिलसिलामा १ जना सुरक्षाकर्मीलाई पनि चोटपटक लाग्यो।

यसपटक प्रहरी चौकीमै बलात्कारको एउटा घटना पर्सामा घट्यो। झापामा १, धादिङ्गमा १, बैतडीमा १, बारामा १, पर्सामा १ र कंचनपुरमा १ गरी कूल ६ वटा बलात्कारका घटनामा प्रहरी संलग्न भएको पाइयो। बैतडीको घटनामा आफ्नो संलग्नता नरहेको दावी गर्ने र कंचनपुर जिल्लामा बलात्कारको प्रयास गर्ने प्रहरी जवान बाहेक सबै प्रहरीहरू उपर तत्कालै कारवाही भयो।

धादिङ्गमा अनपेक्षित ढंगले गोली चलाउने वनअधिकृतलाई निलम्बन गरेर कारवाही चलाइयो। झापामा पक्राउ गरिएकालाई अमानवीय यातना दिने प्रहरी निरीक्षकलाई पनि तत्कालै कारवाही गरियो। अर्को यातनाको घटनाका सिलसिलामा तनहुँको भिमाद प्रहरी चौकीका प्रहरी नायव निरीक्षकले उपचार खर्च तिर्नु पर्‍यो। सुर्खेतमा पनि यातना दिने प्रहरी उपर विभागीय कारवाही गरियो।

यो वर्ष अनपेक्षित, निरंकुश व्यवहार गर्ने प्रहरी वल उपर कारवाही गरिनाले प्रहरी प्रतिकै दृष्टिकोण सुधार्न मद्दत पुगेको छ। तर वर्षको उत्तरार्धमा गरिएको प्रहरी कारवाहीलाई संयमित र कानून बनाउने तर्फ सरकारले चासो राखेको पाइएन।

यस वर्ष राज्यको वल प्रयोग गरेर दिइने यातनाका अघिल्लो सरकारका पालामा घटनाको संख्यामा कमी आएको देखिए तापनि यातनाका परम्परागत निर्दयी शैलीमा कुनै सुधार भएकोसम्म पनि पाइएन। यातना मानवता विरोधी कुरा हो र यसले जंगलीपनलाई मात्र उद्घाटित गर्छ भन्ने तर्फ सरकारी सजकता बढाउनु पर्ने नितान्त जरूरी देखिएको छ। दाङका प्रजिअ अब्दुल रईस खाँले आफ्नो कार्यालयमा बोलाएर मानिसलाई गार्ड लगाएरै भकुरे।

प्रहरीले मानवअधिकार शिक्षा तर्फ चासो बढाएको, आफ्ना सुरक्षाकर्मीलाई त्यस सम्बन्धी तालिम प्रदान गरेको पाइयो। नेपाल प्रहरीले प्रहरी अख्तियार दुरूपयोग अनुगमन इकाई गठन गरेको छ।

प्रहरी वल संचालन गर्नेको मानसिकता अनुरूप नै प्रहरीको व्यवहारमा तत्कालै फरक आउँदो रहेछ। ०५१ पुस १७ देखि ०५२ भदौ २७ अर्थात् १९९५ जनवरी देखि सेप्टेम्बर ११ सम्म साढे ८ महिनाको समयमा प्रहरीले दिने यातनाका कूल ५० घटनामा १७० जना पीडित भए भने त्यस यता डिसेम्बर अन्त्यसम्मको साढे ३ महिनामा प्रहरी यातनाका ४५ घटनामा २९० जना पीडित भए।

जेलमा दैनिक दिइने रकममा रू. ४।- बढाइयो। तर अन्य सुविधाहरू यथावत् रहेको र परिस्थिति पनि उस्तै रहेकोले खासै फरक अनुभूति गर्न सकेको पाइएन।

यस वर्ष बालअधिकार महासन्धि बमोजिमको संयुक्त राष्ट्र संघमा सरकारले पठाउने प्रतिवेदन तयार गर्ने सिलसिलामा गैर सरकारी संस्थाहरूसंग पनि राय सल्लाह लिएको पाइयो। उक्त प्रतिवेदन श्री ५ को सरकार र बालअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको संयुक्त समितिले तयार गरेको थियो तर प्रतिवेदन पठाउनु अघि संयुक्त समितिसंग सहमति लिइएन।

महिला विरूद्ध सबै प्रकारका भेदभाव उन्मूलनको महासन्धि, यातना विरूद्धको महासन्धि, सबै प्रकारका वर्णभेद उन्मूलनको महासन्धि लगायत नागरिक तथा राजनीतिक अधिकारहरूको अन्तर्राष्ट्रिय अनुबन्ध तथा ऐच्छिक प्रलेख र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अन्तर्राष्ट्रिय अनुबन्धको प्रतिवेदन पठाउने बारे सरकारले यस क्षेत्रमा संलग्न कुनै पनि गैर सरकारी संस्थाहरूसंग विचार विमर्श गरेको छैन। प्रतिवेदन पठाउनु पर्ने म्यादहरू गुज्री सकेको छ, तर जनतालाई यसबारे सूचित गर्ने, उनीहरूको प्रतिक्रिया माग्ने तर्फ पनि चासो देखाइएको छैन।

मानवअधिकार शिक्षालाई माध्यमिक विद्यालयको पाठ्यक्रममा गर्नु पर्ने माग निरन्तर उठिरहेको भएता पनि सरकारद्वारा यसतर्फ कुनै पहल गरिएको पाइएन।

सार्वजनिक सुरक्षा कानूनलाई यस वर्षको अघिल्लो सरकारले जिल्लाका प्रशासकहरूको अधिनबाट झिकेर न्यायपालिकाको अधिकार क्षेत्रभित्र लगेको थियो तर नयाँ सरकार बनेपछि प्रहरी प्रशासनले उक्त अधिकारको प्रयोग गर्न थालेको गुनासो सुन्नमा आएको छ।

संसद

प्रतिनिधि सभाको ०५१ माघ १५ गतेको बैठकले अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित महासन्धि नं. १४४ लाई अनुमोदन गर्‍यो। संसदमा विगतका वर्षमन्दा खासै फरक खालका कुरा उठेनन्। संसदमा तोडफोड, धक्कामुक्की पनि भयो। प्रतिनिधि सभाको पुस ०५२ को बैठकले जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि सन् १९४९ मा व्यवस्था भएको महासन्धि तथा त्यसको सन् १९५० को अग्रिम प्रोटोकललाई स्वीकृत गर्‍यो। त्यस्तै अन्तर्राष्ट्रिय नागरिक उड्डयन (शिकागो) महासन्धिलाई पनि अनुमोदन गर्‍यो। सदनभित्र नेकपा (एमाले) को मानवअधिकारको रेकर्ड नेपाली कांग्रेसको भन्दा राम्रो रहेको भनी संयुक्त जनमोर्चाका सांसद सिन्धुनाथ प्याकुरेलले भन्नुभएको थियो। यस वर्षको संसदमा ०५२ असोज १० गते दर्शक दीर्घाबाट उफ्रेर आई सांसदहरू उपर हातपात गर्न खोजेको घटना पनि घट्यो।

आमसंचार

सरकारी स्तरका संचारका माध्यमहरू नै बढी व्यापक रहेका छन्। तर तिनमा मानवअधिकारले प्राथमिकता पाएन। गैर सरकारी छापाहरूले मानवअधिकारवादीहरूका क्रियाकलापलाई यथोचित स्थान दिएको पाइयो। यस वर्षको मानवअधिकार दिवस गैरसरकारी संस्थाहरूले संयुक्त रूपमा मनाए र त्यसको मूल नारा राजनीतिमा अपराधीकरणको विरूद्ध थियो। ठूलो सहभागिता साथ सम्पन्न उक्त कार्यक्रमको समाचार रेडियो र टेलिभिजनमा ब्ल्याक आउट गरियो। रेडियो नेपालबाट प्रशारित गैरसरकारी संस्थाहरूबाट संचालित मानवअधिकार शिक्षा कार्यक्रम निरन्तर लोकप्रिय बन्दै गएको पाइयो।

राष्ट्रिय मुद्दा

अरूण जलविद्युत आयोजनाले गर्दा राष्ट्रिय हित विपरितका शर्तहरू मान्न नेपालले विवश हुनु पर्लाकि भन्ने चिन्ता बढेको पाइयो। सरकार र विश्व बैंक यसबाट प्राप्त हुने उर्जाको प्रचारमा केन्द्रित रहे भने अरूण आयोजना क्षेत्रका बासिन्दाहरूलाई यस आयोजनाका कारण बन्ने बाटोप्रति नै बढी चासो रहेको पाइयो। अरूण उपत्यकाको प्राकृतिक वातावरणको रक्षाको पक्षमा प्रशस्त तर्कहरू प्रकाशमा आए।

समाज

हाम्रो समाज अझै पनि कुसंस्कारले जकडिएको छ। यो वर्ष बोक्सीको आरोप लगाएर दिशा ख्वाउने देखि लिएर हत्या गर्ने सम्मका काम भए। यससंग सम्बन्धित ८ वटा घटनामा ३ जनाको हत्या गरियो। पिताद्वारा बलात्कृत भएका र गर्भवती भएका समेत छोरीहरू बारेका कूल घटनामा झापा, धनुषा, सर्लाही, रूपन्देही, दाङ्ग र बाँकेमा गरी कूल ७ वटा भए। रक्सीको नसामा बलजफ्ती पूर्वक संभोग गर्न खोज्दा नमाने वापत सुर्खेतमा एउटी पत्नीले पतिकै कुटाइबाट ज्यान गुमाउनु पर्‍यो। दुख पाएकी महिलाले सहयोग माग्दा सारी तान्ने र पदीय अहंकारले मानिसहरूलाई सार्वजनिक ठाउँमा कुटपिट गर्ने घटना पनि देखियो। स-साना १०-११ वर्षका बालकहरूलाई टोपी चोरेको आरोपमा विजुलीको खम्बामा बाँधेर कुटपिट गरियो। पैसा चोरेर चाउचाउ खाएको भनी आमाले छोरीलाई कुटेर मारिन्। धेरैजसो अवैध संसर्गबाट जन्मिएका अबोध बालबालिकाहरू ढुंगाले टाउको कुच्याएर, पानीमा डुबाएर, प्लास्टिकको झोलामा कोचेर मारिए। जारी र बहुविवाहको चलनले गर्दा समाज आक्रान्त रह्यो। परिवारका सदस्यको हिंसात्मक आक्रमणबाट यस वर्ष १५ जना बालबालिकाले ज्यानै गुमाउनु पर्‍यो।

गर्भपतनका थुप्रै घटनाहरू हामीले प्राप्त गर्‍यौं। झापामा २ जना गर्भवती, धनकुटामा १, खोटाङमा २, रूपन्देहीमा १ र धादिङमा १ गरी कूल ६ जना महिलाको अनधिकृत र अकुशल मानिसहरूबाट गर्भपतन गराउन खोज्दा मृत्यु भयो। धादिङमा औषधि खुवाएर गर्भपतन गराउन खोज्दा ज्यान गयो। प्युठानमा अनैतिक सम्बन्धका कारण रहेको गर्भ तुहाउन महिलालाई मेटासिड नामको बालीको किरा मार्ने कडा विषाधी खान दिइयो। विष खाइसकेपछि पीडाले इन्तु न चिन्तु मई कराउन थालेकी ती महिलालाई हल्ला हुने डरले हत्या गरियो। धेरैजसो गर्भपतन अनैतिक सम्बन्धका कारण रहन गएको गर्भ तुहाउनका लागि गरिएको छ। रूपन्देहीमा गर्न खोजिएको गर्भ पतन छोरी होली भन्ने पीरले गरिएको थियो। आपसी कुटपिटका कारण र महिलाहरूले डाले घाँस टिप्ने देखि लिएर गर्नु पर्ने अन्य भारी कामका कारण हुने गर्भपतन सबैभन्दा बढी भएका छन्। देशमा गर्भपतन सम्बन्धी सुनिश्चित कानून बनाउनु पर्ने र स्वास्थ्य क्षेत्रमा गर्भपतनको एकीन मर्यादाका साथ स्वास्थ्य कर्मीको व्यवस्था गर्नु पर्ने आवश्यकता टड्कारो देखिएको छ।

दहेज वा दाइजो नपाएको रीसमा धेरै पत्नीहरूले पतिहरूको निर्मम प्रहारबाट ज्यान गुमाउनु पर्‍यो। दाइजोमा ज्याकेट नपाएको रीसमा, टेलिभिजन नपाएको रीसमा, ससुराले पैसा नदिएको रीसमा पत्नीहरू मारिए। करेण्ट लगाएर, हँसियाले रेटेर र कुटेरै पनि महिला मारिए। पतिले भन्दा पहिले भात खाएको आरोपमा समेत महिलाहरू मारिए। महिलाप्रतिको समाजको दृष्टिकोण कतिसम्म घीनलाग्दो र पाशविक देखिएको छ भने कपिलवस्तुमा माइतीले दिएको सम्पत्ति आफ्नै नाममा राखेकोमा एउटी महिलालाई उनका पतिले सारा मानिसको अगाडि नांगै पारेर कुटेर गुप्ताङ्गमा लट्ठी घुसाई दिए। तर सिंगो समाज यस्ता आततायीलाई रोक्नु पर्छ भनेर अगाडि बढेन। लगातार घण्टौंसम्म पत्नीहरूलाई कुटिंदा पनि यो पतिको अधिकार हो भन्ने ठानेर समाज मौन बसेको पाइयो। हाम्रो समाज निर्दयी छ भन्ने कुरा यस्ता खाले थुप्रै घटनाहरूले पुष्टि गरेका छन्।

पर्सामा ५ वर्षीय बालकलाई ११ वर्षीय बालकले पानीमा डुबाएर हत्या गरे। रूपन्देहीका १ जना शिक्षकले बसिबसि नमस्कार गरेको हुँदा स्थानीय जमिन्दारबाट नराम्रोसंग कुटाई खानु पर्‍यो। बझाङमा जिल्ला समितिका सभापति, सदस्य र गाविस उपाध्यक्ष समेत भएर तारे कुमाललाई पाता फर्काएर बाँधे र कुटपिट गरे।

बलात्कार र हत्याका विभत्स घटनाहरू भए। पिताद्वारा बलात्कृत छोरीहरूको ७ वटा घटना र एउटा बलात्कार प्रयासको घटना जानकारीमा आएको छ। आर्थिक संकटका कारण र प्रेम वा विवाहलाई समाजले स्वीकार नगरेकोले गरिएको आत्महत्याका घटनाहरू पाइयो। स्कूल जान नपाएर पर्वत जिल्लाकी ११ वर्षीय एउटी बालिकाले आत्महत्या गरिन्।

राजनीति

राजनीतिक आन्दोलनहरू एक अर्काप्रति असहिष्णु बनेर देखा पर्‍यो। एउटा पक्षले नेपाल बन्द गर्दा अर्को पक्षका मानिसको पसल, व्यवसाय तोडफोड गर्ने, मानवअधिकार कार्यकर्तालाई पनि राजनीतिक लेवल लगाएर सुपरीवेक्षण गरिरहेका बखत समेत कुटपिट गर्ने गरेको देखियो। पेशागत संगठनमा लागे वापत सरकारी तहबाटै भेदभाव गर्ने, प्रताडित गर्ने काम भयो। एउटी शिक्षिकाले राजनीतिक भेदभाव गरेको आरोपमा पेशा खोसिए पछि आत्महत्या गरिन्।

राजनीतिक दलहरू बीच एक अर्कोमा सबैले आ-आफ्ना संवैधानिक अधिकार निर्वाध उपयोग गर्न पाउनु पर्छ भन्ने चेतनाको कमी प्रशस्तै देखियो।

अमुक पार्टी छोड्न वा अमुक पार्टीको सदस्यता लिन बाध्य गराउनका लागि पुलिसको बल प्रयोग गरियो।

०५२ भदौ २५ गते संसदमा अविश्वासको प्रस्ताव उपर मतदान हुने दिनभन्दा अगाडि नै विपक्षी पार्टीका सांसदहरू ठूला होटल र घरहरूमा अघोषित रूपमा बन्दी बनाइए।

मानवअधिकार- संस्थाहरू

यस वर्ष मानवअधिकारको क्षेत्रमा संलग्न संस्थाहरूले आफ्नै पहलमा सरकारलाई बारम्बार अनेक विषयमा घचघचाउने काम गरे। मानवअधिकारसँग सम्बद्ध निर्वाह गर्नु पर्ने, अन्तर्राष्ट्रिय दस्तावेज अनुरूप प्रतिवेदन पठाउनु पर्ने आदि विषयमा यी संस्थाहरूले स्वपहलमा समन्वय राखेर सुझाउहरू प्रस्तुत गरे। गम्भीर प्रकृतिका घटनाहरू घट्दा मानवअधिकार- संस्थाहरूको संयुक्त टोलीले थलोमै पुगेर अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेको छ।

यस वर्ष ४७ औं विश्वमानवअधिकार दिवस (डिसेम्बर १०) को मूल नारा थियो- "राजनीतिमा अपराधीकरण, मानवअधिकारका लागि चुनौति।" त्यस अवसरमा काठमाडौंमा प्रभावशाली जुलुसले नगर परिक्रममा गऱ्यो र प्रधानमन्त्री समक्ष एउटा स्मृतिपत्र प्रस्तुत गऱ्यो। ज्ञापनपत्रमा राजनीतिमा अपराधीकरणको अतिरिक्त पंचायती कालमा मारिएका शहीदहरूप्रति तत्कालीन व्यवस्थाले लगाएको आरोप हटाउन, अधिकार सम्पन्न मानवअधिकार आयोगको गठन गर्न र यातनाको रोकथाम र क्षतिपूर्ति कानून, बालश्रम, कमैया समस्या बारे ध्यानाकर्षण गराएको थियो। देश भरि यो दिवस त्यही मूल नाराका साथ मनाइयो।

वर्ष १९९५ भरि घटेका घटनाहरू हेर्दा समग्रमा समाजमा हिंसक प्रवृत्ति विद्यमान रहेको पाइयो। राजनीतिमा असहिष्णुता, सरकारमा विवेकको न्यूनता समेत रहेको पाइयो। न्यायालय हुनु पर्ने जति प्रभावशाली हुन नसकिरहेको कुरा न्यायमा हुने गरेको ढिलाई र आम नागरिकले न्याय महंगो भयो भनेर गर्ने गरेको गुनासोले सावित गरेको छ।

थुप्रै कानून निर्माण गर्न बाँकी रहेका छन्। ती क्षेत्रमा गम्भीरतापूर्वक चासो लिएको पाइएन। विद्यालयको पाठ्यक्रममा मानवअधिकार शिक्षालाई समावेश गर्नु पर्ने कुरा जोडतोडका साथ उठाइएको भएतापनि सरकारले त्यस तर्फ कान दिइएको पाइएन। सूचना, सम्बाद र समन्वयको संस्कृतिलाई जिम्मेवार तहले नै अंगिकार गरेको पाइएन। अतः मानव चेतना र मानवअधिकारप्रतिको सचेतनताका लागि संगठित लडाईं लड्नु पर्ने बेला भइसकेको अनुभूति भएको छ।

सुझाउ

विगत ३ वर्षदेखि हामीले सरकार, संसद, राजनीतिक दल, आमसंचार, गैरसरकारी संस्था तथा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू समक्ष केही सुझाउहरू प्रस्तुत गरिआएका छौं। तिनै पुराना कुराहरू फेरि दोहोऱ्याई रहनुले खासै अर्थ नलाग्ला। तर मानवअधिकारको दृष्टिकोणले मुलुकको परिस्थितिमा तात्विक अन्तर आएको छैन। अतः हाम्रो दृष्टिकोणमा खासै फरक पनि देखा परेको छैन। तथापि केही सुझाउहरू यसपटक पनि प्रस्तुत गरेका छौं।

सरकार समक्ष

शिक्षानीतिको एउटा महत्वपूर्ण पक्ष भनेको मानवअधिकार बारे विद्यालयका छात्रछात्रालाई आधारभूत ज्ञान र चेतना दिने खालको हुनुपर्छ।

छानवीनको आधुनिक र वैज्ञानिक साधन सम्पन्न नभएकोले प्रहरीले मारमुंग्री गोदेर भए पनि अभियोग स्वीकार्न लगाउने गर्दछ। अतः यसतर्फ गम्भीर भएर सोंच्नु पर्छ।

जनतामा व्याप्त कुसंस्कार र अन्धविश्वास हटाउन हरेक तहमा ठोस अभियान संचालन गर्नुपर्छ।

अपराधका प्रमाणको अनुसन्धान गर्नका लागि भरपर्दो र चुस्त व्यवस्था गर्नु पर्छ। रोनास्टको मात्र भर पर्नु पर्ने हुँदा धेरै प्रमाणहरू समयमा परीक्षण नगरी दिनाले बेकार भएका छन्। अपराधीहरू सजिलै उम्कने गरेका छन्।

न्यायलयलाई आधुनिक र सक्षम बनाउन यथेष्ट बजेट विनियोजन गर्नु पर्छ।

जनताको आर्थिक अधिकार र उनीहरूलाई अशक्त अवस्थामा राज्यले गर्नु पर्ने स्याहार र सुरक्षातर्फ यथेष्ट ध्यान दिनु पर्छ।

संसद समक्ष

संसद बाहिर संसद भित्रका एजेण्डामा यथेष्ट विचार विमर्श हुने वातावरणको निर्माण गर्नु पर्छ।

मानवअधिकार एउटा आदर्श हो। आदर्श विनाको राजनीति दीर्घजीवी हुन सक्दैन। अतः मानवअधिकारको कोटीमा पर्ने गरी हरेक वर्ग, तह र पेशाका जनताको हक हितको सुरक्षा हुने गरेर मात्र विधेयकहरू पारित गर्नु पर्छ।

अहिले पनि कानूनमा मृत्युदण्डको प्रावधान मौजुद छ। यस्तो मानवअधिकार विरोधी माग गरिएको मृत्यु दण्डको प्रावधानको समाप्ती लगायत अन्य मागका विषयमा संसदले गम्भीर बन्नु पर्छ।

पारित कानून र निर्णयको पालना सरकारले के कति गऱ्यो, गरेन भन्ने बारे सुस्पष्ट कुरा सदनमा उठाउनु पर्छ।

सांसदहरूको अधार भनेको आफ्ना क्षेत्रका जनताबाट सिक्नु र उनीहरूको पीडालाई आत्मसात गर्नु हो। तर मतदानको समर्थन लिने नाममा कुसंस्कार समक्ष आत्मसमर्पण भने गरिनु हुन्न।

जनता दिगो विकास चाहन्छ। आधुनिकता र विकासका नाममा आफ्नो पहिचान र आत्मनिर्भरता समाप्त पार्ने कार्यक्रमहरू पारित गरिनु हुन्न।

प्रत्येक देशको वास्तविक सम्पत्ति भोको जनताको रचनात्मक शक्ति हो। अतः मानव संसाधनको विकासका लागि संसदले हरदम चनाखो रहनु पर्छ।

राजनीतिक दलहरू समक्ष

राजनीतिक दलहरूले जबसम्म आफ्ना कार्यकर्तालाई मानवअधिकारको शिक्षाले लैस पार्ने र आफ्ना

हरेक नीतिहरूलाई मानवअधिकारको कसीमा जाँचेर मात्र लागु गर्ने परम्परा बसाल्दैनन् तबसम्म बहुदलीय प्रजातान्त्रिक परिपाटीमा ती राजनीतिक दलहरूले जनतासँग आफ्नो तादात्म्य स्थापित गर्न सक्दैनन्।

मानवअधिकारको क्षेत्रले सबै दलहरूलाई एक आपसमा खुलस्त हुने र स्वस्थ आलोचना आत्मालोचना गर्ने सुअवसर पनि प्रदान गर्दछ। अतः राजनीतिक दल र मानवअधिकारवादी संघ संस्थाहरू बीच सुमधुर सम्बन्धको विकास गर्ने तर्फ निरन्तर प्रयास हुनु पर्छ।

आमसंचार समक्ष

निजी क्षेत्रका पत्रपत्रिकाहरूले मानवअधिकारको क्षेत्रलाई महत्वका साथ उठाउने गरेको देखिन्छ। अब उनीहरूले मानवअधिकारको दृष्टिकोणले हुने हननका घटनालाई स्पष्ट व्याख्या गरेर मानवअधिकारको उल्लंघन कसरी भयो भन्ने विषयमा बुँदागत विश्लेषण गरिदिनु पर्छ।

संचार भनेको अदृश्य संगठन पनि हो। अतः प्रजातान्त्रिक मुलुकमा संचार जगतको धेरै ठूलो महत्व छ। मानवअधिकारका समाचारहरू रोचक प्रस्तुतीका दृष्टिकोणले मात्र प्रस्तुत गरिनु हुन्न। त्यसले मानवअधिकारको रक्षाका लागि अगाडि बढ्ने प्रेरणा पनि दिनु पर्छ।

गैरसरकारी संस्था समक्ष

गैरसरकारी संस्थाहरूले काम गर्ने थलोमा एक आपसमा समन्वय राखेर त्यहाँका जनताको सबै अधिकारको रक्षाका लागि काम गर्नु पर्ने देखिन्छ। चुनाव वा यस्तै खास बेलामा मात्र होइन हरेक समयमा जनताका आधारमूत हकको रक्षाका लागि निरन्तर उनीहरूसँगै गोलबन्द भएर संघर्ष गरिरहनु पर्ने देखिन्छ।

मानवअधिकारको दृष्टिकोणले उल्लंघनका महत्वपूर्ण घटनाहरूलाई तुरुन्तै प्रचारमा ल्याउन र त्यस्ता प्रवृत्तिको रोकथाम गर्नका लागि देशमा मानवअधिकार संचारको नेटवर्क स्थापना गर्नु पर्ने देखिएको छ।

क्षेत्रीय, अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संस्थाहरू समक्ष

मानवअधिकारको चेतनाले लैस नभइकन मानिसले समाज र संस्कारका बारेमा मानवोचित विश्लेषण गर्न सक्दैन। अतः मानवअधिकारको स्थिति र त्यसका सम्भावनाका बारेमा क्षेत्रीय, अन्तर्राष्ट्रिय स्तरको ऐक्यबद्धतालाई बलियो पार्ने काममा यस्ता गैरसरकारी संस्थाहरूले आफ्नो भूमिका बढाउनु पर्ने देखिन्छ। आर्थिक अधिकारबाट बंचित मानिसहरूले नै धेरै महत्वपूर्ण बेलाहरूमा आत्मसमर्पण गर्न बाध्य हुनु परेको देखिएको छ। अतः मानिसका सबै खाले चेतनाको अभियानमा सहभागी बनेर जान सकिने गरी अन्तर्राष्ट्रिय सहयोग र ऐक्यबद्धता जुटाउने काममा मद्दत गर्नु पर्छ।

मुक्त बजारको नयाँ नाराले थुप्रै मुलुकका बासिन्दाका सांस्कृतिक र आत्मनिर्णयको अधिकारलाई वेवास्ता गर्न थालेको पाइएको छ। वातावरण, पर्यावरण र जनताका सार्वभौम अधिकारलाई थिचोमिचो गर्ने सम्भावना बढेर गएको छ। यो परिस्थितिमा सीमाना बाहिरका अनुभवहरूको आदानप्रदान गर्ने र तदअनुकूल जनताको रणनीति निर्माण गर्ने मामिलामा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले अझ बढी कृयाशील हुनु पर्ने देखिएको छ। ■

अनुसूची

अनुसूची १

यस वर्षको उल्लेख्यः

शहीद र शहीदका परिवार

परिभाषा र पृष्ठभूमि :

नेपाली बृहत शब्दकोशमा शहीद शब्दको अर्थ यसरी लगाइएको छ- "आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रता प्राप्तिको निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्ति नै शहीद हो"। तात्कालीन शासन सत्ता यदि निरंकुश र स्वेच्छाचारी छ भने लोकको हितार्थ कर्म क्षेत्रमा जुटिरहेको कुनै पनि नागरिकलाई सत्ता-शक्तिको दुरूपयोग गरी हत्या गर्दछ। आफ्नो शासन सत्ता अकण्टक राख्न निरंकुशता विरोधी व्यक्तिलाई समाप्त पार्नु नै उसले पहिलो आवश्यकता ठानी रहेको हुन्छ। दुनिया भरिका निरंकुश शासकहरूको यो आमप्रवृत्ति हो। यसरी सत्ताद्वारा निर्ममतापूर्वक मारिएका व्यक्तिहरू जनताका हृदयमा युगयुगान्तसम्म बाँचिरहेका हुन्छन्। युगौंसम्म उनीहरूका स्मृतिगाथा जनताले दिगदिगान्त गाइरहेका हुन्छन र शहीदको पुण्यस्मृतिमा पुष्पगुच्छा एवं शब्दश्रद्धा व्यक्त गर्दै आफ्नो सम्मान प्रकट गरिरहेका हुन्छन्।

शहीद सगरमाथाकै उच्चताका प्रतीक हुन्-राष्ट्रका निम्ति। उनीहरूको त्याग र बलिदानले राष्ट्रलाई अग्रगति प्रदान गरेको हुन्छ। मुलुक र मुलुकवासीको स्वतन्त्रता, सुख र समृद्धिका निम्ति आफ्नो जीवन उत्सर्ग गर्न अलिकति पनि नहिचकिचाउने व्यक्तिहरू नै शहीद हुन्। बलिदानको विरासतमा उनीहरूको व्यक्तित्व उज्यालिएको हुन्छ। शहीद भन्नु नै जीवन उत्सर्गको ज्वलन्त नमूना हो। हाम्रो मुलुकको राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र राष्ट्रको अखण्डता जोगाउने क्रममा बहादुरी पूर्वक लड्दा लड्दै सैयौं सपूतहरूले जीबन बलिदान गरेका छन्। राणाहरूको निरंकुश जहानियाँ शासनको विरूद्धमा जनचेतनाको शंखघोष गर्ने दर्जनौं सपूतहरूले हाँसी-हाँसी पहाड जस्तै गह्रुङ्गो मृत्युवरण गरेका छन्। पंचायती निरंकुश कालको तीस वर्षे अवधिमा सैयौं सपूतहरूलाई कायरता र निर्ममतापूर्वक हत्या गरिएको छ। अनि त्यस कालरात्रीको अन्त्यका लागि शुरू भएको ०४६ सालको निर्णायक जनआन्दोलनका क्रममा पनि सैयौं देशभक्त नागरिकहरूलाई वर्वर दमन चक्रमा पारी मारिएको छ। प्रजातन्त्र र मानवअधिकार प्राप्तिको निम्ति यसरी जीवन बलिदान गर्नेहरूको संख्या कम छैन। उनीहरूकै त्याग, तपस्या र बलिदानको मूल्य स्वरूप मुलुकमा अहिले बहुदलीय प्रजातन्त्र स्थापित भएको छ। तीस वर्षसम्म निरंकुश शासनको अकल्पनीय यातना, जेल, निर्वासन र भूमिगत रहनु परेका तथा सर्वस्व हरण भएकाहरू वर्तमान परिवेशमा सत्ता संचालनको कर्मथलोको केन्दविन्दुमा आइपुगेका छन्। त्यो बेला प्रतिबन्धित रहेका राजनीतिक दलहरू नै अहिले शासन सत्ता संचालनको हकदार र हिस्सेदार बनेका छन्। यो परिवर्तनको न्यानोपनमा ती आदरणीय शहीदहरूको तप्त रगतको तातोपन मिसिएको छ।

प्रजातन्त्र प्राप्ति पछिका पाँच वर्ष वितिसके। प्रजातान्त्रिक संसद र प्रजातान्त्रिक बहुदलीय व्यवस्था सूत्रपात भइसके पछि तीन किसिमका सरकार बनिसके। तर पनि ज्यूँदो जाग्दो दुर्भाग्य के हो भने देश र जनताको निम्ति हाँसी-हाँसी जीवन उत्सर्ग गर्ने ती अमर शहीदहरूको यथार्थ अभिलेख यो मुलुकको कुनै निकायसंग छैन। देशको निम्ति उत्सर्ग भएकाहरूको पारिवारिक स्थिति, उनीहरूका वालवच्चा र जहान परिवारले कस्तो नियति भोग्दैछन् भन्ने बारेमा यो राष्ट्रको प्रजातान्त्रिक सरकार बेखबर बनेको छ। जसका त्याग, तपस्या र वलिदानको मूल्यबाट निरंकुशता ढल्यो तथा प्रजातन्त्रको पुनरोदय भयो, तिनै वीर वीराङ्गनाका परिवारजनहरू लावारिस जीवन ज्यून विवश छन्। यो कुरा राष्ट्रकै निम्ति लज्जास्पद यथार्थ हो। एकातिर हामी शहीदहरूको सम्मानमा हरेक वर्ष विभिन्न सभा समारोह गर्दछौं। शहीदका सपना विपना र चाहनाको चर्चा परिचर्चा गर्दै राष्ट्रिय स्वतन्त्रताको संरक्षण र प्रजातन्त्र स्थापनामा उनीहरूले पुर्‍याएको योगदानको स्मरण गर्दछौं। तर उनीहरूका परिवारजनहरू कसरी बाँच्दै छन्, शहीदका बालबच्चाहरू कस्तो स्थितिमा रहेका छन्, उनीहरूले प्रजातन्त्रको उपभोग गर्ने अवसर पाइराखेका छन् कि छैनन्, अर्थात् मुलुकमा शहीद परिवारको समग्र स्थिति कस्तो छ भन्ने सवाल तर्फ हामी कसैको ध्यान पुगेको छैन।

प्रजातन्त्र पुनर्स्थापनाका पाँच वर्ष बितिसक्दा पनि यो मुलुकमा शहीदहरूको विवरण, अभिलेख संकलन, उनीहरूको वास्तविक संख्या निरूपण र उनीहरूका योगदानहरूको यथार्थ मूल्यांकन हुन सकेको छैन। बरू को शहीद हुन् र को होइनन्, कुन शहीद कुन दल विशेषको कार्यकर्ता वा नेता थिए जस्ता मत र विचारहरू प्रस्तुत गर्दै अनावश्यक वादविवादको उठान गरिएको छ। शहीदहरूको सन्दर्भमा यो घातक प्रवृत्ति हो। उपरोक्त प्रवृत्तिले शहीदको परिभाषा र उनीहरूलाई हेर्ने दृष्टिकोण विकृत बनाउँदै लगिरहेको छ। शहीदहरूलाई यो अमूक दलको अथवा ऊ

अमूक दलको भनेर दल विशेषमा विभाजित गर्ने र कसैको व्यक्तित्वका बारेमा अतिरंजित तवरले माथि उचाल्ने तथा कसैको व्यक्तित्व एवं योगदानलाई तल खसाल्ने एकदमै गलत संस्कार हावी हुँदै गएको छ। विभिन्न समय र विभिन्न घटनामा शहादत वरण गर्नेहरू दलीय स्वार्थभन्दा माथि रहेका छन्। प्रजातन्त्र प्राप्तिको लडाईंमा उनीहरूको योगदान केही घटी बढी भए पनि बलिदानको महत्व समान छ भन्ने कुरा बिर्सन नहुने यथार्थ हो।

शहीदहरूको त्याग तपस्या र उनीहरूका योगदान बलिदानका बारेमा, उनीहरूको जीवनी, तथा वर्तमान पारिवारिक स्थितिका बारेमा खोजवीन गर्दै उचित सम्मान गर्नु कुनै पनि प्रजातान्त्रिक सरकारको तथा राज्यको दायित्व हो। शहीदको रगतको मूल्यमा स्थापित सरकार शहीद र उनीहरूका परिवारको वर्तमान स्थिति प्रति सम्बेदनशील हुनै पर्छ। तर यस तर्फ राज्यको ध्यान पुगेको महसुस नहुनु यो अर्को दुखद यथार्थ हो।

मुलुकमा मानवअधिकार वहालीको अभियानलाई आन्दोलनका रूपमा अगाडि बढाउन क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यस वर्ष शहीदहरू, उनीहरूका पारिवारिक स्थितिको सूचना विवरण अभिलेख संकलन गर्ने जमर्को गरेको थियो। यसै प्रयोजन निम्ति जिल्ला-जिल्लामा कार्यरत जिल्ला प्रतिनिधिहरूलाई विवरण फारम उपलब्ध गराई ०१७ साल पछिका शहीदहरूको विवरण संकलन गर्न निर्देशित गरिएको थियो। सीमित स्रोत र साधनका बाबजुद प्राप्त भएसम्मका विवरणहरूलाई हामीले संक्षिप्त रूपमा परिशिष्ट १ मा र शहीदहरूका तस्वीरलाई परिशिष्ट २ मा समावेश गरेका छौं। हामीलाई लाग्दछ यो अपूर्ण छ। धेरै शहीदहरूका विवरण यसमा छुटेका हुन सक्छन्। तैपनि हामीले यस कार्यको शुरूआत गर्‍यौं। भविष्यमा यस विषयमा राज्य वा सरकारको जिम्मेवार निकायले अझ व्यवस्थित विवरण संकलन गर्ने छ भन्ने हामीलाई लागेको छ। शहीदहरूको विवरण व्यवस्थित ढंगले संकलन गर्ने कामको यो शुरूवात मात्र हो। यसलाई पूरा गर्न तपाईहरूको सहयोग र सद्भावनाले हामीलाई बल पुर्‍याउने छ।

एकीकरण अभियान र इतिहासमा पुरिएका शहीदहरू

स-साना राज्य रजौटामा विभाजित मुलुकलाई एकीकरण नगरेसम्म बढिरहेको अंग्रेज साम्राज्यको तात्कालीन हस्तक्षेपबाट जोगाउन सम्भव थिएन। इतिहासले एकीकरणको यो ऐतिहासिक जिम्मेवारी गोरखाका राजा पृथ्वी नारायण शाहलाई दियो। वि.सं. १८१६ देखि १८७३ सम्मको यो अभियानका प्रथम निमित्तनायक पृथ्वीनारायण शाह थिए। उनको देहान्त पछि छोरा, बुहारी र भीमसेन थापाले यसको नेतृत्व गरे। राज्य एकीकरणका क्रममा भएका अनगिन्ति रक्तपातपूर्ण लडाईंमा धेरै व्यक्तिहरूले आफ्नो जीवनबाट उत्सर्ग गर्न परेको थियो। वि.सं. १८२४ देखि १८५४ को समय अवधि एकीकरण अभियानको उत्कर्ष काल थियो। यही समयमा नेपालको सीमा पूर्वमा टिष्टा, पश्चिममा कुमाउ-गढवाल, उत्तरमा तिब्बत र दक्षिणतर्फ हालको सीमासम्म फैलिन पुगेको थियो। इतिहासको यस कालखण्डमा राज्य विस्तार तथा राष्ट्रिय एकीकरणका निम्ति भएका युद्धहरूमा बहादुरी पूर्ण मृत्युवरण गर्ने व्यक्तिहरूको पूर्ण विवरण र संख्या इतिहासको गर्तमा पुरिएको छ। जे-जति नामहरू अहिले प्रकाशमा आएका छन् त्यो त एउटा सानो अंश मात्रै हो। रामकृष्ण कुँवर, जगजीत पाण्डे, पारस भण्डारी, शिवनारायण खत्री, कालु पाँडे, अभिमानसिंह बस्नेत, वंशराज पाँडे, उजीर सिंह थापा, शिवराम सिंह बस्नेत, अहिराम कुँवर, वलि वानिया, केहेर सिंह बस्नेत आदि यस अवधिका शहीदहरू हुन्।

राष्ट्रिय स्वतन्त्रता निम्ति बलिदान भएका शहीदहरू

राष्ट्रिय स्वतन्त्रता संरक्षणका निम्ति नेपालीहरूले गौरवपूर्ण लडाईंहरू लडेका छन्। इतिहासको त्यो कालखण्डमा देश रक्षार्थ अनेकन सपूतहरूले सगरमाथा जस्तै गहुँगो मृत्युवरण गरेका छन्। नेपालको प्राकृतिक सुन्दरता र रणनीतिक महत्वको भूधरातल देखेर अंग्रेजहरूको लोभी नजर नेपालमाथि परेको थियो। विक्रम सम्बत १८१९ मा सर्वप्रथम बंगालका तत्कालीन नवाब मीर कासीम अलि खाँका सेनापति गुरगिन खाँले करिब तीन हजार बंगाली फौज लिएर नेपालमाथि आक्रमण गरेको थियो। उक्त फौजसंग मकवानपुर गढीमा भीषणयुद्ध भयो र करिब १७ सय बंगाली फौज हताहत भएको तथ्य इतिहासमा अंकित छ। त्यसपछि व्यापारिक उद्देश्य लिएर भारत पसेको इष्ट इण्डिया कम्पनीले किनलोकको नेतृत्वमा सन् १८१४ मा नेपालमाथि विभिन्न नाकाबाट आक्रमण गर्दा अंग्रेजका अत्याधुनिक शस्त्र अस्त्र सज्जित फौजसंग सीमित घरेलु हातहतियारका भरमा नेपालीहरूले बहादूरीपूर्ण लडाइँ लडेका थिए। त्यसैगरी सन् १८४६ मा भएको नेपाल र तिब्बतबीच भएको पहिलो युद्ध र १८४९ मा भएको दोस्रो युद्ध, लगायतका अनेकन युद्धमा नेपाली सपूतहरूले यो देशको स्वाभिमान उँचो राख्दै जीवन बलिदान गरेका छन्। राष्ट्रिय स्वतन्त्रतालाई अक्षुण राख्न यसरी बलिदान हुनेहरूको पंक्तिमा अमरसिंह थापा, भक्ति थापा, दामोदर पाँडे, नयनसिं थापा, बलभद्र कुँवर, सुब्बा चन्द्रवीर थापा, सुब्बा नाथु माझी, सुवेदार दलजीत कुँवर, जमदार दलजीत शाही, तुलाराम पाँडे आदि रहेका छन्।

राणा विरोधी आन्दोलन र वीर शहीदहरू

नेपालको इतिहासमा कोतपर्वको (१९०३ असोज २ गते) नामले चिनिने नरसंहारकारी हत्याको षडयन्त्रपूर्ण घटना घटाई जंगबहादुर कुँवर सत्तामा उक्लिएका थिए। राणा शासनका सूत्राधार जंगबहादुरले सूत्रपात गरेको स्वेच्छाचारी, निरंकुश शासन व्यवस्था १०४ वर्षसम्म अकण्टक रह्यो। राणाहरूको बोली नै कानून बन्ने त्यो बेला पनि जनताको पंक्तिबाट स्वेच्छाचारी शासनको विरूद्ध शंखघोष गर्ने

व्यक्तिहरू ननिस्किएका होइनन्। राणा शासन विरूद्ध विरोधको भण्डा उठाउने पहिलो व्यक्तिको रूपमा लखन थापालाई लिन सकिन्छ। निरंकुश शासक जंगबहादुरलाई मारेर नेपालको शासन गर्नु पर्छ भन्दै संगठित विद्रोहको तयारीमा जुटेका लखन थापा उनका ७ जना सहयोगी साथ पक्राउ परे र मनकामना मन्दिर अगाडिको रूखको फेदमा काटिए।

लखन थापाको हत्याको घटनापछि १०४ वर्ष लामो अवधिमा राणाहरूको शासन विरूद्ध तथा प्रजातन्त्र प्राप्तिको महाअभियानमा जुटेका सैयौं सपूतहरूलाई बर्बरतापूर्वक मारिएको छ। मुलुकमा अशिक्षा र असचेतनताको कालो अँध्यारो कायम रहे निरंकुश शासनको अवधि लम्ब्याउन सकिन्छ भन्ने सोच राणाहरूमा थियो, त्यसैले स्कूल पाठशाला वा पुस्तकालय खोलेको आरोपमा पनि नागरिकहरूलाई बर्बर दमन र यातना दिने गरिन्थ्यो। मुलुकमा राणा शासनको अन्त्य गर्दै प्रजातन्त्र स्थापना निम्ति भएका बलिदानीपूर्ण संघर्षमा जीवन आहुती गर्ने शहीदहरूको पंक्ति पनि ठूलो छ। वि.सं. १९३३ मा मारिएका अजसिंह, अच्छामी मगर, शुकदेव गुरूङ्ग, मोटुसिंह बस्नेत, १९९७ मा मारिएका शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा, राणा विरोधी गतिविधिमा क्रियाशील भए बापत पक्राउ परी जेल भित्रै मृत्युवरण गर्नेहरूमा कृष्णलाल अधिकारी, बलबहादुर पाण्डे, कृष्णप्रसाद कोइराला, मैनाबहादुर खत्री, खण्डमान सिंह, गोपी च्यामे, लामो जेल जीवन र अकथनीय यातनाका कारण जेलबाट छुटेको केही दिनमै मृत्युवरण गर्ने लक्ष्मी नन्दन चालिसे, वसन्त मणि आदी, नरबहादुर कार्की, तिलकमणि आदी, चिनियाँलाल श्रेष्ठ, दानमान शाक्य आदि अनेक रहेका छन्।

२००७ सालको राणा विरोधी निर्णायक आन्दोलनका क्रममा राजधानी बाहिर वीरगंज, तेह्रथुम, धनकुटा, मोरङ्ग, ओखलढुंगा, जनकपुर, तनहुँ, पाल्पा लगायत अधिराज्यका विभिन्न ठाउँमा दर्जनौं सपूतहरू मारिएका थिए। २००७ सालको जनक्रान्तिपछि स्थापित प्रजातान्त्रिक सरकारमा पनि राणाहरूकै संलग्नता रह्यो। दिल्ली सम्झौता विरोधी आन्दोलनका रूपमा विरोध र विद्रोह संगठित भयो। विरोध र विद्रोहकै सिलसिलामा मुलुकमा विभिन्न भागमा हिंसात्मक घटनाहरू भएका थिए। यसले मुलुकको राजनीतिक अस्थिरतालाई कायम राख्यो। यो स्थिति ०१७ सालसम्म नै कायम रह्यो। यही अवधिमा दाङ, चितवन र रौतहटमा ऐतिहासिक किसान संघर्ष संगठित भएका थिए। सत्तामा पुगेको नेपाली कांग्रेसले पनि जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न सकेन। वर्ष-वर्ष दिनमा सरकार परिवर्तन हुँदै रह्यो। यस्तो अस्थिर र अराजक परिस्थितिले प्रजातन्त्र विरूद्ध षडयन्त्र गर्न दरबारलाई सजिलो बनायो। ०१५ सालमा सम्पन्न प्रथम संसदीय निर्वाचनमा ठूलो बहुमत ल्याई सरकार बनाउन सफल नेपाली कांग्रेसले दरबारिया षडयन्त्र र संकटापन्न स्थितिलाई आकलन गर्न सकेन। अन्ततः राजा महेन्द्रले निर्वाचित सरकार र संसद समेत भंग गरी प्रजातन्त्रकै नाममा ०१७ साल पुसमा निरंकुश पंचायती व्यवस्था लागु गरे।

शहीदहरूको तप्त बलिदान स्वरूप २००७ सालमा प्रजातन्त्रको स्थापना भए पनि शहीद हुने क्रम अझै रोकिएन। २००७ साल देखि २०१७ सालको पंचायती व्यवस्थाको सूत्रपात हुन्जेलसम्मको अवधिमा पनि २००८ कार्तिक २० गते चिनिया काजी, २००९ सालमा असर्फी यादव, २०१० सालमा भीमदत्त पन्त, २०१४ सालमा अघोरी यादव, २०११ सालमा मुगालाल महतो, २०१६ साल मंसीर १३ गते भीमबहादुर सेन, ०१७ सालमा गुभ्राहा थारू आदिलाई कायरतापूर्वक मारियो।

पंचायती निरंकुशताका तीस वर्ष र शहीदहरूको पंक्ति

२०१५ सालमा स्थापित संसद र निर्वाचित सरकारलाई सैनिक बलमा विघटन गरी राजा महेन्द्रले ०१७ सालमा पंचायती निरंकुशतन्त्रको प्रारम्भ गरे। सबै राजनीतिक दलहरू प्रतिबन्धित गरिए। राजनेताहरूलाई पक्राउ गरियो र कारावास पठाइयो। कतिपय नेताहरूले तत्काल आत्मसमर्पण गरे भने धेरैले यो फौजी काण्डको विरोधमा आफूलाई सकृय पारी रहे। प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी तानाशाही पंचायती व्यवस्था विरोधी संघर्षमा आ-आफ्नै किसिमले जुटिरहे। पंचायती व्यवस्थाको विकल्पै नभएको दावी गर्दै यो व्यवस्थाका विरूद्ध गतिविधि गर्नेहरूलाई दमन र उत्पीडन जारी राखियो। यस अवधिमा शैयौं देशभक्त सपूतहरूलाई कायरतापूर्वक हत्या गरियो। यहा निरंकुश पंचायती कालमा घटेका प्रमुख हत्या काण्डहरूको सिलसिलाबद्ध तर संक्षिप्त विवरण प्रस्तुत गर्नु सान्दर्भिक हुने छ।

जनकपुरको बमकाण्ड

२०१७ सालमा जबरजस्त लादिएको पंचायती व्यवस्थाको विरूद्ध प्रजातान्त्रिक दलहरू संगठित असंगठित आन्दोलनमा ओर्लिए। राजा र राजतन्त्रप्रति पनि आक्रोश अभिव्यक्त हुन थाल्यो। यसै क्रममा २०१८ साल माघ ९ गते राजा महेन्द जनकपुर गएको बेला नेपाली कांग्रेसको योजनाबद्ध पहलमा र दुर्गानन्द झाको नेतृत्वमा बम प्रहार गरियो। राजा महेन्द चढेको गाडीमा बम प्रहार भए पनि सामान्य क्षति मात्र भयो। उक्त घटनापछि दुर्गानन्द झा, अरविन्दकुमार ठाकुर र दलसिंह थापा मगरलाई पक्राउ गरियो। दुर्गानन्द झालाई २०२० साल माघ ५ गते गोली हानेर हत्या गरियो भने अरविन्द र दलसिंह थापालाई फाँसीको सजाय घोषित गरेर पनि पछि आजन्म कैद तोकिएको थियो।

०१८ सालको सशस्त्र संघर्ष

०१७ सालको प्रतिगामी कदम पछि त्यसको विरोधमा देशव्यापी सशस्त्र संघर्षका क्रममा मारिएका सपूतहरूको श्रृङ्खला लामो छ। ०१८ जेठ १५ गते गुल्मीमा मोतिप्रसाद भुसाल, ०१८ साल भदौ ९ गते पाँचथरमा बलबहादुर तामाङ, ०१८ सालमा अर्घाखाँचीमा टिकाराम

घिमिरे, ०१८ साल चैत २५ गते पाँचथरमा अम्बिकाप्रसाद लुईंटेल, ०१८ सालको भरतपुर काण्डमा पक्राउ परी मारिनु भएका जगप्रकाश जङ्ग शाह, टंकबहादुर गुरूङ र रकेमबहादुर गुरूङ, ०१९ साल जेठ १५ गते गुल्मीका शमशेर बहादुर खत्री, ०१९ साल जेठ १५ गते स्विमानन्द पौड्याल, ०१९ वैशाख १८ गते ताप्लेजुङमा श्रीप्रसाद पराजुली, ०१९ साल असार २२ गते फिदिममा चूडामणि बाँस्तोला, ०१९ साल असोज २९ गते फिदिममा लालबहादुर राई, पाँचथरमा जीतबहादुर घिसिङ लगायत देशका विभिन्न ठाउँहरूमा १०० जना भन्दा बढी सपूतहरूको हत्या गरिएको थियो।

०२८ सालको झापा संघर्ष

तत्कालीन नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वसंग विद्रोह गरी झापाका युवा क्रान्तिकारीहरूले अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेशन कमिटी (माले) निर्माण गरे। उक्त संगठनको नेतृत्व र पहलमा ०२८ सालमा सरकार संरक्षित सामन्तहरूको चर्को दमन र उत्पीडन विरूद्ध सशस्त्र कार्वाही शुरू गरियो। यसै सिलसिलामा सैयौं क्रान्तिकारी युवाहरूलाई पक्राउ गरिएको थियो। पक्राउ परेकाहरू मध्ये ५ जना युवाहरू नेत्र घिमिरे, रामनाथ दहाल, विरेन राजवंशी, कृष्ण कुईंकेल र नारायण श्रेष्ठलाई झापा जेलबाट इलाम जेल सार्ने निहुँमा ०२९ साल फागुन २१ गते सुखानीको जंगलमा लगी गोली हानेर हत्या गरियो। शसस्त्र कार्वाहीको सिलसिलामा २ हजार जति नागरिकलाई गिरफ्तार गरी अमानवीय यातना दिइएको र २ दर्जन जतिलाई विभिन्न मुद्दामा जन्म कैदको सजाय दिइएको थियो। यस्तै सजाय पाएकाहरू मध्येकै छविल राजवंसीले ०४६ मंसीरमा, हेमबहादुर खड्काले ०३२ सालमा, विजुलाल राजवंशीले ०३२ फागुन २८ मा र हरिकृष्ण चौधरीले ०३२ फागुन १५ गते जेल भित्रै मृत्युवरण गरेका थिए।

यसपछि लगत्तै ०३० साल कार्तिक २ गते मधुवनी स्टेशनमा सरोजप्रसाद कोइराला, ०३१ साल साउन ३० गते महोत्तरीमा केशव कोइराला जस्ता सपूतहरूलाई पंचायती सत्ताले निर्ममता पूर्वक गोली हानी हत्या गराएका थिए।

०२९ सालको जदुकोहा घटना

पंचायती निरंकुशताको विरोधमा नेपाली विद्यार्थीहरू पनि संगठित ढंगले जुटिरहेको यथार्थ बिर्सनै नहुने यथार्थ हो। विद्यार्थी पंक्ति यसरी व्यवस्थाको विरूद्ध उभिएको देखेर पंचायती शासकहरू क्रुद्ध बनिरहेका थिए र उनीहरूमाथि दमन अभियान चलाइरहेका थिए। यसै क्रममा जनकपुर, जदुकोहामा विद्यार्थीहरूले ०२९ साल भदौ ९ गते एउटा जुलुसको आयोजना गरेका थिए। त्यही जुलुसको सन्दर्भलाई लिएर भदौ ३१ गते विद्यार्थीहरूमाथि धरपकड शुरू गरियो। विद्यार्थीहरूले गिरफ्तारीको विरोध गरी प्रहरीको पंजाबाट केही साथीहरूलाई छुटाए। भोलिपल्ट पनि प्रहरी दमनको विरोध गर्दै जुलुस निस्कियो। उक्त जुलुसलाई दमन गर्न थप सशस्त्र प्रहरी डफ्फा त्यहाँ पठाइएको थियो। जुलुसमाथि अन्धाधुन्दा गोली चल्यो। भदौ ३२ गतेको उक्त गोली काण्डमा विद्यार्थी कामेश्वर मण्डल, कुशेश्वर मण्डल र कन्नी गोइतको मृत्यु भयो। यो पाशविक गोली काण्डमा ४२ जना विद्यार्थी र ७५ जना सर्वसाधारण नागरिक घाइते भएका थिए।

०३१ सालको नख्खु हत्या काण्ड

पंचायती व्यवस्थाको विरूद्ध विप्लव गर्ने योजनाका साथ बम बोकेर हिडेको आरोपमा लीलानाथ दहाल र ठगी दहाललाई नख्खु जेलमा बन्द गरिएको थियो। अरू दुई राजबन्दी गोकर्णबहादुर कार्की र खगेन्द्रराज दहाल समेत ४ जनालाई ०३१ साल असोज १३ गते जेल सार्ने निहुँमा नख्खु जेलबाट झिकेर रातको साढे १२ बजे जाउलाखेल र नख्खुको बीच पर्ने शिवदेवीको खेतमा गोली हानेर हत्या गरियो। तत्कालीन बागमती सह-अंचलाधीश सूर्यप्रसाद श्रेष्ठको नेतृत्वमा कारागारबाट बाहिर ल्याई हत्या गरेपछि सुरक्षा गार्डको हतियार खोस्न आएको र हातपात गरी भाग्न खोजेको आरोप लगाउँदै सुरक्षाको निम्ति गोली चलाउँदा मृत्यु भएको कायर तर्क अघि सारियो।

०३१ सालको ओखलढुंगा काण्ड

०१७ सालमा खोसिएको प्रजातान्त्रिक अधिकारलाई पुनर्स्थापना गर्न नेपाली कांग्रेसले शुरू गरेको शसस्त्र संघर्षका क्रममा ठूलो संख्यामा नागरिकहरू मारिएको घटना हो, ओखलढुंगा शसस्त्र संघर्ष।०३१ सालमा क्याप्टेन यज्ञबहादुर थापाको नेतृत्वमा हतियारबन्द मुक्ति सेनाद्वारा ओखलढुंगा कब्जा गर्ने योजनाका साथ स्टेनगन, पेस्तोल र गोली गठ्ठा सहित कमला खोंचको बाटो कांग्रेसी कार्यकर्ताहरूको एउटा लडाईं गर्ने जमात अगाडि बढ्यो। यस कुराको सुराक पंचायती प्रशासनले पाइसकेको थियो। पुस १ गतेको कालो दिन नै सल्लेरी हमला गर्ने योजना भए पनि टिम्बुरबोटे ओडारमा बास बसेकै बेला सेनाले चारैतिरबाट उनीहरूलाई घेरा हाल्यो। साँझ ५ बजे उनीहरू बसिरहेको ओडारमा सेनाले एकैसाथ १५।२० वटा बम प्रहार गर्‍यो। उक्त मुठभेडमा अगममणि राई, श्यामकुमार गुरूङ, पदमप्रकाश पुरी, शिवकुमार राई, माहिला राई, मानवबहादुर वारिखम, मानबहादुर मगर, लालबहादुर मगर, चन्द्रबहादुर तमाङ, राम उपाध्याय, लक्ष्मण उपाध्याय, प्रजालाल राई, महेश कोइराला, नेत्रबहादुर कार्की, कृष्णबहादुर लिम्बु र पेशलकुमार दहालले घटना स्थलमै सहादत प्राप्त गरे। सशस्त्र संघर्षकै सिलसिलामा पक्राउ गरेर जेल चलान गरी त्यहाँबाट अन्यत्र लैजाँदा रोक्सेलको जंगलमा पुगेपछि हर्कबहादुर कार्की, अम्बरबहादुर खड्का, भीमबहादुर कटुवाल, शमसेरबहादुर कार्की, रामकुमार सुनुवार, टिकाराम राई र होमिशेर राईलाई कायरतापूर्वक गोली हानी हत्या गरियो। उक्त घटनाबाट उम्कन सफल भए पनि क्याप्टेन यज्ञबहादुर थापालाई गाउँ घेराउ गरी ०३१ पुसमा पक्राउ गरियो र पुसको ६।७ गते काठमाडौं ल्याइयो।

क्याप्टेन थापा र ०३१ सालमा विराटनगरमा राजा वीरेन्द्र सवारी भएको बेला भएको बम काण्डको सिलसिलामा पक्राउ गरिएका भीमनारायण श्रेष्ठलाई ०३५ माघ ४ गते मध्यरात काठमाडौं स्थित केन्द्रीय कारागारबाट बाहिर निकालियो। पोखरामा राजासंग दर्शन भेट गराउन भनी काठमाडौंबाट हिंडाइएका यज्ञबहादुरलाई कमला नदीको किनारमा र भीमनारायण श्रेष्ठलाई कोशी नदीको किनारमा लगेर गोली हानी हत्या गरिएको थियो।

०३६ सालको छिन्ताङ हत्या काण्ड

पंचायती कालको नृशंस दमनको ज्यूँदो उदाहरण हो छिन्ताङ। पंचायती व्यवस्था विरूद्ध गतिविधि संचालन गरेको आरोपमा महिनौंसम्म छिन्ताङमा आतंक खडा गरियो। ०३६साल कार्तिकमा पूरै गाउँलाई चारैतिरबाट घेरी "गुरिल्ला सखाप पार्ने" योजना अनुरूप चलाइएको विभत्स दमन अभियानकै क्रममा छानी छानी १५ जना सपूतहरूलाई हत्या गरियो। स्थानीय पंच, प्रहरी र प्रशासनको बर्बर दमन कै सिलसिलामा छिन्ताङका गोपाल आनन्द राई, भैरवबहादुर राई, बलबहादुर खत्री, धनवीर दर्जी, गम्भीरमान दर्जी, टंकबहादुर विश्वकर्मा, लाखमान राई, रणध्वज पुमा राई, केशरमान राई, गणेश विश्वकर्मा, हाँखिमा राई, भगेन्द्रबहादुर राई, पुत्रमान राई, चन्द्रबहादुर राई, गंगाबहादुर तुम्रीहाङ राई र रामकुमारी राईलाई गोली हानी हत्या गरियो। धनकुटा छिन्ताङको यो विभत्स हत्या काण्डको वेला धनकुटाकै सूर्यवहादुर थापा प्रधानमन्त्री थिए।

०३६ साल र सुर्खेतको हत्या काण्ड

निरंकुश पंचायती व्यवस्था विरूद्ध भएका शान्तिपूर्ण जुलुस र आम सभामाथि हिंसक हमला गर्ने गरिन्थ्यो। ०३६ साल जेठ १५ गते सुर्खेतमा किसान विद्यार्थी र शिक्षकहरूको विशाल जुलुस निस्किएको थियो। २५ सूत्रीय मागहरू जिल्ला प्रशासन कार्यालयमा प्रस्तुत गर्न अगाडि बढिरहेको उक्त जुलुस दशरथ पुर स्थिति कृषि केन्द्र नजिकै पुगेपछि कृषि केन्द्रमै लुकेर बसेका प्रहरीहरूले अचानक गोली प्रहार गरे। यसरी जुलुसमाथि अन्धाधुन्द चलाइएको गोलीद्वारा इन्द्रबहादुर वि.सी., न्याउले विश्वकर्मा, लालबहादुर टमाटा, हर्कबहादुर सार्की, बहादुर लापने, धर्मदत्त तिवारी र कर्णबहादुर खत्रीको घटना स्थलमै मृत्यु भएको थियो। उक्त घटनामा अरू ३५ जना घाइते भएका थिए।

०४० सालको पिस्कर गोली काण्डका शहीदहरू

सिन्धुपाल्चोकको पिस्कर महादेव स्थानमा वर्षेनी माघे संक्रान्ति मेला लाग्ने गर्दछ। मेलाको अवसर पारी ०४० सालको माघ १ गते स्थानीय कलाकर्मीहरूद्वारा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो। पंचायती निरंकुशताका पक्षपातीहरू त्यस्ता सांस्कृतिक साहित्यिक कार्यक्रमहरू देखि पनि त्रस्त र भयग्रस्त हुने गर्दथे। तत्कालीन मन्त्री पशुपति शम्शेर जबरा र प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको निर्देशनमा सांस्कृतिक कार्यक्रमकै निहुँमा उक्त दिन मेलामा हिंसक दमन चलाइयो। तीन तिरबाट घेराउ गरी अन्धाधुन्द पचासौं राउण्ड गोली प्रहार गरियो। गोलीको शिकार बनेका इले थामी र वीरबहादुर थामी घटना स्थलमै शहादत प्राप्त गरे। सैयौं निहत्था नागरिक घाइते बनेका थिए र उक्त गोली काण्ड पछिको राक्षसी दमनको चपेटामा परी १५ दिनकी सुत्केरी कान्छी थामी र उनको छोरा, चन्द्रबहादुर भण्डारीको छोरा, लालमान थामी र मानबहादुर थामीकी वृद्ध आमाको मृत्यु भयो। गिरफ्तारमा परेका दर्जनौं नागरिकहरूलाई लामो समय कारागारमा अमानवीय यातनाका साथ बन्दी बनाइएको थियो।

०४२ सालको बमकाण्ड र अमानुषिक यातना

नेपाली कांग्रेसद्वारा पंचायती व्यवस्थाका विरूद्ध ०४२ साल जेठ १० गते सत्याग्रह आन्दोलनको कार्यक्रम अघि सारिएको थियो। यसै सिलसिलामा कांग्रेस नेता कार्यकर्ता तथा वामपन्थी व्यक्तित्वहरू सत्याग्रहमा सहभागी भएको आरोपमा हजारौंको संख्यामा गिरफ्तार भएका थिए। सत्याग्रह संचालन भैरहेकै बेलामा नै ०४२ साल असार ६ गते नारायणहिटी राजदरबारको ढोका, सिंहदरबार स्थित राष्ट्रिय पंचायत, ग्यालरी बैठकको मूल ढोकामा बाम विस्फोट भयो। त्यसपछि पोखरा र जनकपुरमा पनि बम विष्फोटका घटनाहरू भए। उक्त घटनामा ७ जना व्यक्तिको मृत्यु भएको थियो। बमकाण्ड पछि विभिन्न ठाउँबाट एकसय भन्दा बढी नागरिकहरूलाई गिरफ्तार गरियो र उनीहरूलाई महिनौंसम्म अमानुषिक यातना दिइयो। गिरफ्तार भएकाहरू मध्ये ८ जना नागरिकलाई प्रहरी हिरासतबाटै बेपत्ता बनाइएको छ। बेपत्ता हुनुभन्दा अघि उनीहरू नृशंस यातनाका कारण गम्भीर घाइते बनाइएको थियो। उनीहरू जिवित या मृत के छन् भन्ने कुराको पुष्टि प्रजातन्त्र स्थापनाको पाँच वर्ष वितिसक्दा पनि हुन सकेको छैन। यसरी बेपत्ता पारिएकाहरूको नामावली निम्न बमोजिम छ।

नाम	ठेगाना
पदमबहादुर मोक्तान	धनुषा
ईश्वरचन्द लामा	धनुषा
साकेतचन्द्र मिश्र	सप्तरी
दिलिप चौधरी	सप्तरी
डा. लक्ष्मीनारायण झा	धनुषा
सत्यानाराय शाह	धनुषा
सूर्यनाथ यादव	धनुषा
महेश्वर चौलागाई	संखुवासभा

२००७ सालको जनक्रान्तिपछि दिल्ली सम्झौताको विरोधमा जुटेका र २००८ सालदेखि बेपत्ता पारिएका रामप्रसाद राईको कुनै पत्तो छैन। ०१७ सालको फौजी काण्डद्वारा मुलुकमा निरंकुश पंचायती व्यवस्थाको सूत्रपात भएपछि बेपत्ता

पारिएकाहरूमा ०१८ जेठमा नाङ्गीडाँडा, धादिङबाट पक्राउ परेका वैकुण्ठ अधिकारी, ०१८ मा इलाम पाँचथर वीचको कुडमीर देउरालीबाट पक्राउ परेका डाकमान तामाङ, ०१८ सालमा पौवा सारताप पाँचथरबाट पक्राउ परेका पासाङ तामाङ, ०१८ सालमा रवि पाँचथरबाट पक्राउ परेका कल्याण राई, ०१७ सालमा रामेछापबाट पक्राउ परेका रूद्र भट्टराई, ०१८ वा ०१९ सालमा पाँचथरबाट पक्राउ परेका लालबहादुर राई, ०१८ सालमा भरतपुरबाट पक्राउ परेका सेते गुरूङ, ०१८ सालमा वाराबाट पक्राउ परेका मफिस्वन ठाकुर, परीक्षण ठाकुर लोहार, ०१८ सालमा भरतपुरबाट पक्राउ परेका श्रीहर्ष स्वनाल, ०१९ सालमा पाल्पाबाट पक्राउ परेका मित्रलाल शर्मा, ०२४ फागुन ४ गते स्याङ्जामा पक्राउ परेका जीतबहादुर सिंजाली, ०२३।०२४ सालमा भारत प्रवासबाट नेपाल फर्कंदा सित्तड, वैतडीका वलभद्र जोशी, ०३० चैतमा विराटनगरबाट पक्राउ परेका हरि पराजुली, ०३१ सालमा ओखलढुंगाबाट पक्राउ परेका पहलमान कार्की, ०३१ साल जेठ २४ गते नेपालगंजबाट पक्राउ परेका गणेशराज गौतम, ०३४ सालमा वालाजोर सिन्धुलीबाट पक्राउ परेका खड्गबहादुर लुंगेली, ०३६ मंसीर १५ गते इन्जिनियरिङ इन्स्च्युट पुल्चोकबाट पक्राउ परेका हरिहर राय यादव, ०३६ मा बागबजार काठमाडौंबाट पक्राउ परेका केशरबहादुर खड्का, ०३६ सालमा भोजपुरबाट पक्राउ परेका पूर्णलाल उदास, ०३७ साल्मा काठमाडौंबाट पक्राउ परेका ओखलढुंगाका रामहरि दाहाल, ०३६ साल चैतमा दमक झापाबाट पक्राउ परेका खोटाङका जबरबहादुर राई, ०४१ साउनमा ओखलढुंगामा पक्राउ परेका टिकाराम अधिकारी, ०४२ साल फागुन ५ गते स्वराङ, संखुवासभाबाट पक्राउ परेका गोविन्दप्रसाद दाहाल, ०४२ साल जेठ ४ गते लम्जुङका हर्षबहादुर प्रधान, ०४३ साल जेठमा पक्राउ परेका सल्यानका शंकरप्रसाद शर्मा रेग्मी र ०४३ वैशाख ३ गते पोखरामा पक्राउ परेका लीलाधर चापागाईं, ०४६ सालको जनआन्दोलनको सिलसिलामा फागुन ७ गते संगम चोक चितवनबाट वेपत्ता भएका रामराज अधिकारी र हर्ष स्वनाल तथा ०४७ सालमा प्रहरीले गिरफ्तार गरी वेपत्ता पारिएका प्रभाकर सुवेदी समेतको अझसम्म पत्तो लाग्न सकेको छैन।

०४६ सालको जनआन्दोलन र शहीदहरूको पंक्ति

तीस वर्षीय पंचायती निरंकुशताको विरूद्ध ०४६ सालमा राष्ट्व्यापी जनआन्दोलनको उभारले निर्णायक मोड समात्यो। नेपाली कांग्रेस र नेपाली कम्युनिष्टहरूको संयुक्त वाम मोर्चाले संयुक्त रूपमा आन्दोलनको नेतृत्व निर्वाह गरे। फागुन ७ गते देखि शुरू भएको यो आन्दोलनमाथि प्रारम्भदेखि नै पंचायती शासकहरूद्वारो हिसात्मक दमन गरिएको थियो। हिंसात्मक दमन र आदरणीय शहीदहरूको रगतले आन्दोलनलाई अझ बढ्ता गति दियो। आखिर पंचायती निरंकुशता धरासायी भयो। प्रजातन्त्र पुन स्थापनाको निम्ति भएको ०४६ सालको निर्णायक आन्दोलनमा शहीदवरण गर्नेहरूको संख्या पनि कम छैन। काठमाडौं, भक्तपुर, पाटन, कीर्तिपुर, चितवन, झापा, पोखरा लगायत देशका विभिन्न ठाउँमा भएका हिंसात्मक मुठभेडमा मृत्युवरण गर्नेहरूको सूचि यस प्रकार छः

नाम	उमेर	शाहदत प्राप्त मिति	स्थान
१. गणेश पौडेल	४४	०४६ फागुन ७ गते	चितवन
२. राजेश बानियाँ	२१	०४६ फागुन ७ गते	चितवन
३. वलराम कडेल	३१	०४६ फागुन ७ गते	काठमाडौं
४. कृष्ण प्र. पौड्याल	२२	०४६ फागुन ७ गते	तनहुँ
५. हरिकृष्ण भुजू	१९	०४६ फागुन ८ गते	भक्तपुर
६. निर्मल शाक्य	२४	०४६ फागुन ८ गते	भक्तपुर
७. कृष्णराम दुवाल	२४	०४६ फागुन ८ गते	भक्तपुर
८. राजकुमार दुवाल	२२	०४६ फागुन ८ गते	भक्तपुर
९. सोनावती यादव	३८	०४६ फागुन ९ गते	जनकपुर
१०.रामनारायण यादव	३५	०४६ फागुन ९ गते	जनकपुर
११.मनेश्वरी यादव	४५	०४६ फागुन ९ गते	जनकपुर
१२.उदयशंकर मण्डल	१४	०४६ फागुन ९ गते	जनकपुर
१३.जानकीदेवी यादव	६१	०४६ फागुन ९ गते	जनकपुर
१४.राम थापा	२५	०४६ फागुन १४ गते	झापा
१५.सागर सिंह	२०	०४६ फागुन १७ गते	पाटन
१६.सूर्यप्रसाद घिमिरे	३१	०४६ फागुन २१ गते	पाल्पा
१७.सानुराज नकर्मी	२३	०४६ फागुन २६ गते	काठमाडौं
१८.ज्ञानबहादुर शाही	१७	०४६ चैत्र १७ गते	पाटन
१९.टंकप्रसाद आचार्य	१८	०४६ चैत्र १७ गते	काठमाडौं
२०.लनबहादुर महर्जन	४०	०४६ चैत्र २० गते	कीर्तिपुर
२१.राजमान माली	२२	०४६ चैत्र २० गते	कीर्तिपुर
२२.राजेन्द्र महर्जन	१८	०४६ चैत्र २० गते	कीर्तिपुर
२३.हिराकाजी महर्जन	२४	०४६ चैत्र २० गते	कीर्तिपुर
२४.लालबहादुर परू	२०	०४६ चैत्र २० गते	पाटन
२५.पम्फा खड्गी	२४	०४६ चैत्र २१ गते	काठमाडौं
२६.नवराज थापा	१८	०४६ चैत्र २४ गते	वुटवल
२७.रामविलास ठाकुर	२५	०४६ चैत्र २४ गते	जनकपुर
२८.सानुकान्छा तमाङ	२६	०४६ चैत्र २४ गते	काठमाडौं
२९.गोपी महर्जन		०४६ चैत्र २४ गते	काठमाडौं
३०.सुरज शाक्य	१५	०४६ चैत्र २४ गते	काठमाडौं
३१.बुद्धिमान खनाल	२१	०४६ चैत्र २४ गते	काठमाडौं
३२.निर्गुण स्थापित	२१	०४६ चैत्र २४ गते	काठमाडौं
३३.दिलिपकुमार श्रेष्ठ	१७	०४६ चैत्र २४ गते	वुटवल
३४.पुष्परत्न शाक्य	२७	०४६ चैत्र २४ गते	काठमाडौं
३५.महेश श्रेष्ठ	२३	०४६ चैत्र २४ गते	काठमाडौं
३६.ज्ञानशोभा बज्राचार्य३	३०	४६ चैत्र २५ गते	काठमाडौं
३७.कुमार उदास	२०	०४६ चैत्र २६ गते	काठमाडौं
३८.राजन-रायमाझी	१४	०४६ चैत्र २६ गते	काठमाडौं
३९.नारायणप्रसाद दहाल	२५	०४६ चैत्र २६गते	चितवन
४०.सुशील कट्टेल	१३	०४६ चैत्र २७ गते	धरान
४१.प्रकाश रिजाल	२८	०४६ चैत्र २८ गते	काठमाडौं
४२.देवीप्रसाद आचार्य	४०	०४७ वैशाख १० गते	काठमाडौं
४३.गोविन्द अग्रवाल	२४	०४७ वैशाख १० गते	काठमाडौं

४४.नव खड्का	१९	०४७ वैशाख १० गते	काठमाडौं
४५.रेखा रिजाल	१०	०४७ वैशाख १० गते	काठमाडौं
४६.पुष्पदास नापित	२९	०४७ वैशाख १० गते	काठमाडौं
४७.ऋषि प. परियार	३९	०४७ वैशाख १७ गते	पोखरा
४८.फणेन्द्र कार्की		०४७ वैशाख १७ गते	पोखरा
४९.ईश्वरीदत्त शर्मा		०४८ वैशाख	काठमाडौं
५०.भूमिराज सापकोटा	१७	०४७ वैशाख ३० गते	काल्लुङ

२०४६ सालको निर्णायक आन्दोलनका क्रममा गोली लागेर हजारौंका संख्यामा घाइते भएका तथा सैयौं नागरिकहरू अंगभंग भएका थिए।

यस अतिरिक्त पंचायती निरंकुशताको ३० वर्षीय अवधिमा अरू थुप्रै देशभक्त तथा प्रजातान्त्रिक व्यक्तिहरूको हत्या गरिएको थियो। केही नामहरू यस प्रकार छन्- ०१९ सालमा पाँचथरका चुडामणि बाँस्तोला र ताप्लेजुङका लालबहादुर राई, ०१८ सालमा पाँचथरका वलबहादुर तामाङ, ०१९ सालमा पाँचथरका जीतबहादुर घिसिङ, ०१९ साल असोजमा पाँचथरका धनरूप थाम्सुहाङ, ०१८ सालमा योगेन्द्रमान शेरचन, ०२९ सालमा तेह्रथुमका नेत्र गुरागाईं, ०३२ सालमा सिराहाका रामप्रीत यादव र मंजुल अहमद, ०३३ सालमा वालेश्वर राय, ०३३ सालमा खगेन्द्र राई र भप्सी मण्डल, ०३६ सालमा संखुवासभामा हरि नेपाल र चन्द्रबहादुर पुरी, झापाका चन्द्रबहादुर डाँगी, ०२९ सालमा सिधेश्वर पासवान, छेदी शाह र अमर पौडेल, ०३० मा ताप्लेजुङका जगतप्रसाद लिम्बु, ०३५ साल चैत्र २७ गते रत्नकुमार वान्तवा र वमप्रसाद वान्तवा, ०३६ साल फागुन १२ गते सिन्धुलीका ऋषिराज देवकोटा।

प्रजातन्त्र पुनर्स्थापना पछि मारिएका व्यक्तिहरू

०४६ सालको सफल जनआन्दोलन पछि स्थापित प्रजातान्त्रिक सरकारको अवधिमा पनि विभिन्न बेलामा भएका विरोध प्रदर्शनका क्रममा नागरिकहरूलाई नृशंसतापूर्वक गोली हानी हत्या गरिएको छ। केही नामहरू यस प्रकार छन्- कर्मचारी आन्दोलनको सिलसिलामा ०४८ साउन १५ गते खोटाङका मनोज जोशी, ०४८ साल असार २३ गते अर्घाखाँचीका बसिर मिया, अर्घाखाँचीकै बलबहादुर बाँकावल, ०४८ साल माघ ५ गते इलाममा अनिल राई, ०४८ जेठ २० गते सिन्धुलीका शिवबहादुर ठकुरी, ०४८ साल असोज ११ गते काठमाडौंका बुद्ध लामा, ०४८ मंसीर १२ गते कैलालीका नरबहादुर बुढाथोकी, ०४८ पुस १८ गते थानकोटका विजय कार्की, ०४८ पुस १८ गते धनकुटाका रत्न सुब्बा, ०४८ माघ ९ गते डुम खाना फत्तेपुरका लक्ष्मी चौधरी, ०४८ फागुन २९ गते मोरङका राजेन्द्र तिमिल्सिना, ०४८ साल चैत २४ गते काठमाडौंका आशिष बज्राचार्य, राजिव शाक्य, अनिल शर्मा, अनिश शाक्य, लोकनारायण श्रेष्ठ, महेन्द्र श्रेष्ठ, सचिन्द्र श्रेष्ठ, राजिव श्रेष्ठ, कृष्णकुमार श्रेष्ठ, राजिव रघुवंशी, ०४९ वैशाख १ गते काभ्रेका ध्रुवप्रसाद तिमिल्सिना, ०५० मंसीर २५ गते चितवनका वालकृष्ण वि.क., ०४८ वैशाख ११ गते ताप्लेजुङका इन्द्र थेवे, रूकमान थेवे, ०४९ फागुन २२ गते सिन्धुलीकी सफना दाहाल।

शहीदका परिवारको वर्तमान स्थिति

मुलुक र मुलुकवासहिरूको नियती बदल्ने अभियानमा जुद्दाजुद्दै शहादतवरण गर्ने आदरणीय सपूतहरूका परिवारजनहरू आज पनि उपेक्षित र पराश्रित हुनु परिरहेको छ। शहीदहरूकै त्याग र तपस्याका कारण मुलुकले प्रजातन्त्र प्राप्त गरेको छ तर प्रजातन्त्र स्थापना पछि गठित कुनै पनि सरकारले शहीदहरूको विवरण तयार गर्ने या शहीद परिवारको स्थिति बुझ्ने कार्यको थालनीसम्म गरेको छैन। राजनीतिक पीडित सहायता समिति मार्फत् केही शहीद परिवारलाई आर्थिक सहयोग उपलब्ध गराइएको छ तर त्यो पनि विवाद रहित हुन सकेको छैन। सीमित आर्थिक सहयोग प्रदान गरेर मात्र उनीहरूमाथि राज्यले दायित्व पुरा गरेको मान्न सकिन्न। कतिपय शहीद पत्नीहरू आफ्नो घरवास नभएका कारण कसैको घरमा आश्रय लिएर ज्याला मजदूरीमा प्राणधान्न विवश छन्। कतिपय शहीदका वालवच्चाहरू शिक्षादीक्षाको अवसर नपाएर घरेलु श्रम गरेर बाँच्नु परिरहेको छ। कतिपय शहीदका आफन्तजन पिता वा माताहरू अभाव र अनिकाल ग्रस्त बृद्धअवस्था भोगिरहेका छन्। कतिपय शहीदका होनहार छोराछोरीहरू पेट पाल्नका निम्ति होटलमा जुठा भाँडा माझीरहेका समाचारहरू प्रकाशमा आइरहेका छन्। ०४६ को जनआन्दोलनमा शहादतवरण गर्ने सूर्यप्रकाश घिमिरेका छोरा विद्यालयको शुल्क नतिरिएका कारण विद्यालयबाट निकालिएको कुरा भर्खरै सार्वजनिक भएको छ।

०४६ सालकै जनआन्दोलन क्रममा शहीद भएकाहरू मध्येकै केही परिवार घरवास बेगर पाटीमा बस्न विवश छन्। शहीद राजेश बानियाँकी पत्नी घरबाट निकालिनु भएको छ।

०३० सालको कार्तिकमा गुल्मीको तम्घासमा भएको आन्दोलनपछि भएको प्रशासनिक धरपकडबाट बच्न भारतप्रवास पुग्नु भएका स्विमानन्द पौड्यालको देहान्त उहीं भएको थियो। पौड्यालको देहान्तपछि घरको कमजोर आर्थिक स्थितिका कारण दुई भाइ छोरा भारत प्रवास गएका छन्।

०४६ को जनआन्दोलनका क्रममा शहादतवरण गर्ने पुष्प नापितकी ६ वर्षीया छोरी गत वर्ष भूगोलपार्कमा भीख माग्दै गरेको भेटिएको थियो। उनको अगाडि शहीद पुष्प नापितको गोली लागेको विभत्स फोटो र डाक्टरले दिएको एउटा पूर्जिका साथै "हाम्रो पिताको ०४६ सालमा गोली लागेर मृत्यु भएकोले हाम्रो सहारा कोही छैन। घर छैन, हामी बालाजुमा डेरा गरेर बस्छौं। हामीलाई दानी दयालु महानुभावहरूले रू.१।२ दिएर सहयोग गर्नुहोस्।" लेखिएको कागज थियो।

संखुवासभामा शहादत वरण गर्ने चन्द्र पुरीका दुई छोरीहरू छन्। उहाँको निर्मम हत्या पछि वहाँकी पत्नीले दोस्रो

विवाह गरिन्। छोरीहरू साथै वहाँ दोस्रो पतिको घर भित्रिएकी, सौतेनी बाबुले ती छोरीहरूको शिक्षदीक्षाप्रति कुनै चासो नदिएकोले अहिले ज्याला मजदूरी गरेर जीवन निर्वाह गर्न बाध्य भएका छन्।

०३१ सालमा ओख्लढुंगामा शहादतवरण गर्नु भएका पेशलकुमार दाहालकी पत्नी इन्दिरा दाहालको स्थिति पनि उस्तै दयनीय छ। इन्दिरालाई आफ्ना ससुरा र देवरले अंश नदिएको र जीवन गुजारा गर्न अर्काको ढिकी जाँतो र वनि वुतो गरिरहनु परेको कुरा स्वयं बताउँछिन्।

०४६ सालको आन्दोलनमा शहीद हुनेहरूका प्रायः सबै परिवारले राजनीतिक पीडित सहायता पाए र सोही आन्दोलनमा शहीद भएका प्रकाश रिजालको परिवार भने उक्त सहायताबाट धेरै पछिसम्म पनि बंचित रहनु पर्‍यो। ०५२ मा पुनगर्ठित राजनीतिक योद्धा सम्मान समितिले रिजालको परिवारलाई सहयोग प्रदान गर्‍यो।

०४६ को जनआन्दोलनको क्रममा जनकपुर जदुकुहामा शहीद हुनु भएका रामनारायण यादवको पारिवारिक स्थिति पनि भयावह छ। २ छोरा र ४ छोरीहरूको परिवार उहाँकी पत्नी राम सरही देवी एक्लै कसरी धान्दै छिन्? ठूलो छोरा ५ कक्षासम्म पढेर घरेलु काममा फर्किए। पठनपाठनको सट्टा कलिलै उमेरमा कठिन काम गर्दै परिवारको लालनपालनमा आमालाई सहयोग पुर्‍याउन बाध्य बनेका छन्।

पंचायती निरंकुशताको चरम दमन अभियानकै क्रममा ०४४ साल भदौमा झापा, पृथ्वीनगरमा भाला हानेर मारिनु भएका शहीद कृष्णराज योङ्हाङ्को परिवार जीविका चलाउन अर्काको जमिन अधियाँमा कमाइरहेका छन्। उनीहरूको आफ्नो घर समेत छैन।

विराटनगर स्थित महेन्द्र मोरङ बहुमुखी क्याम्पस प्रांगणमा फणिन्द्र तिमिल्सिनालाई पिस्तोलको गोली प्रहार गर्ने विजय गच्छदारले राजनीतिक पीडित बनेर आर्थिक सहयोग लिए तर फणिन्द्र तिमिल्सिनाको परिवारलाई कुनै वास्ता गरिएन। धेरै पछि ०५२ सालमा मात्र रू. १ लाख राजनीतिक योद्धा सम्मान समितिले प्रदान गर्‍यो। शिव पौड्यालकी पत्नीलाई पनि धेरै पछिमात्र राहत सहयोग उपलब्ध गराइयो। शहीद खगेन्द्र राईको परिवारले पनि कुनै राहत सहयोग पाएका छैनन्।

०१९ सालमा मारिनु भएका शहीद तुलाराम रेग्मीका परिवारको स्थिति पनि उस्तै छ। रेग्मीकी पत्नी डिल्लीमाया तथा परिवारले पनि कुनै राहत सहयोग नपाएको र छोराछोरी पढाउन नसकेको पीडा पोखिरहेकी छिन्।

माथि प्रस्तुत गरिएका पीडादायी तथ्यहरू केही उदाहरण मात्रै हुन्, आम शहीद परिवारको स्थिति र नियति यहाँभन्दा भिन्न छैन। शहीद परिवारको यो दुर्दशाप्रति सरकार संवेदनशील बनिरहेको छैन। जनस्तरबाट र केही गैरसरकारी मानवअधिकार संस्थाहरूले केही शहीदका छोराछोरीहरूलाई शिक्षादीक्षाको अवसर प्रदान गरेका छन्। त्यो पनि नगन्य मात्रामा। आफन्तजनहरूसंग त सम्झना आलै छ। तर देशले शहीदहरू र उनका परिवार जनको जीवन मरणको सवालसंग गाँसिएका समस्याहरू बारे नसोच्ने हो भने कसले सोच्ने?

इन्सेकमा प्राप्त हुनआएका शहीद विवरण अनुसार प्रायः सबैजसो शहीद परिवारहरू ऋणमा डुबेका छन्। उनको आय आर्जनको ठोस स्रोत छैन। अधिकांश शहीदका बालवच्चा शिक्षा आर्जनबाट बंचित छन्। हरेक शहीदका आफन्त जनहरूले बालबच्चाको शिक्षादीक्षामा राज्यको सहयोगको अपेक्षा गरेका छन्। पाखुरी चलाएर आय आर्जन गर्ने अवशर मात्रै पाए पनि बाँच्न सजिलो हुन्थ्यो भन्ने अभिप्राय सबैको छ। धेरै शहीद परिवार अर्काको आड भरोसामा र आश्रयमा बसेका छन् र दुःखपूर्वक जीवन निर्वाह गरिरहेका छन्। प्रजातन्त्र पुनर्स्थापना पछि शहीद परिवारलाई वितरण गरिएको आर्थिक सहयोग प्राप्त नगरेका शहीद परिवारको संख्या निकै ठूलो छ। कसैले पाउनु र कसैले नपाउनुले कतिपयलाई भ्रम खडा गरि दिएको छ। एउटै घटनामा शहीद भएको एउटा शहीदको परिवारले राहत सहयोग प्राप्त गरेको छ भने अर्कोले प्राप्त गर्न सकेको छैन। यसले पक्षपात र पूर्वाग्रह अनि पहुँचको गन्ध पनि ओकलिरहेको छ।

समाज, परिवार, आफन्त, गाउँले सबैले ती वीर वीरांगनाको सम्मान र संरक्षणका लागि स्वतस्फूर्त ढंगले पनि शहीदका परिवारप्रति दायित्वबोध गर्नुपर्ने हो। सामाजिक संघ संस्थाले प्राथमिकताको क्रममा शहीदको परिवारप्रतिको दायित्व बोधलाई प्रथम सूचिमा राख्नु पर्ने हो र यो सबै जिम्मेवारीको अगुवाई सरकार संचालन गर्नेहरूले गरून् भन्ने हाम्रो अभिप्राय हो। शहीदको सम्मन गर्ने संस्कृतिको निर्माण गर्ने काममा सबैले ऐक्यबद्ध भएर लागिदिन सके मुलुकले निस्वार्थी-अनुगृही संस्कारको फराकिलो चेतना आत्मसात गर्ने थियो।

■

सन्दर्भग्रन्थहरू :

१. मानवअधिकार वर्ष पुस्तक १९९३ र १९९४ - इन्सेक
२. शहीद - मदन आश्रित स्मृति प्रतिष्ठान
३. उनीहरू कहाँ छन् ? - इन्सेक
४. मानवअधिकारको ऐतिहासिक अवधारणा- डा. राजेश गौतम
५. नेपालको जनक्रान्ति- भुवनलाल प्रधान

शहीद र शहीदका परिवार विवरण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा शहीद र शहीदका परिवारहरूको अभिलेख संकलन गर्ने उद्देश्यले आफ्ना ७५ वटै जिल्लाका जिल्ला प्रतिनिधिहरूलाई आवश्यक विवरण फारम उपलब्ध गराइएको थियो। जिल्ला प्रतिनिधिबाट प्राप्त भएसम्मका फारम अनुसार यो विवरण तयार गरिएको छ। यो विवरण अन्तिम होइन, यो त शुरूवात मात्र हो। शहीद र शहीद परिवारको विवरण अभिलेख संकलनमा पूर्णता दिन हामी तपाईहरूको सकृय सहयोगको अपेक्षा गर्दछौं। यो विवरणमा समावेश गरिएका झण्डै ४० जना शहीदहरूको नाम र संक्षिप्त विवरण उपलब्ध गराउनु हुने नेपाली कांग्रेस चितवन जिल्ला समितिका महेश्वर श्रेष्ठप्रति हामी कृतज्ञता व्यक्त गर्दछौं।

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
१	हिराबहादुर श्रेष्ठ		राजविराज	२००७ सालको राणा विरोधी आन्दोलनका क्रममा राजविराज गोश्वारा क्याप्चर गर्न खोज्दा सेनाले पक्राउ गरी हत्या गरिएको।					
२	बहादुर सदा	१९६० साल	बडहरा-८, सिरहा	०११ सालको किसान आन्दोलनका क्रममा किसान सभामा तात्कालीन सामन्त विश्वनाथको आदेशमा गोली चलाउँदा मृत्यु भएको।	२	२	पत्नी १	दयनीय	-
३	शिवचन्द मिश्र	१९९५ साल	महोत्तरी	०१७ सालको फौजी काण्ड विरोधी संघर्षमा संलग्न भएका कारण प्रहरीले ०१७।७।१४ मा गोली हानी हत्या गरिएको।	-	१	पत्नी १	निम्न	१ लाख
४	गुम्राह थारू		दाङ, बेलुवा	०१७ सालको किसान आन्दोलनका क्रममा प्रहरी र सेनाले गोली हानी मारेको।	-	-		दयनीय	-
५	दुर्गानन्द झा	१९९९ साल	जनकपुर	०१८ सालको शसस्त्र संघर्षका क्रममा राजा महेन्दलाई वम हानेको आरोपमा पक्राउ गरी ०१८ माघ १५ गते हत्या गरिएको।	-	-	पत्नी १	निम्न	१ लाख २५ हजार
६	पंचे गुरूङ		भरतपुर चितवन	०१८ सालमा चितवन भरतपुर काण्डमा शाही सेनाले चलाएको गोलीद्वारा माघ २७ गते मृत्यु भएको।					१ लाख
७	आशबहादुर लामा		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २७ गते शाही सेनाद्वारा मारिएको।					१ लाख
८	रामबहादुर तामाङ		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २८ गते शाही सेनाद्वारा मारिएको।					१ लाख
९	हरिप्रसाद गुरूङ		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २८ गते शाही सेनाद्वारा मारिएको।					१ लाख

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
१०	बुद्धसिंह रानामगर		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २८ गते शाही सेनाद्वारा मारिएको।					१ लाख
११	खेमबहादुर गुरूङ		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २८ गते शाही सेनाद्वारा मारिएको।					१ लाख
१२	जगतप्रकाश जंग शाह		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २८ गते शाही सेनाद्वारा मारिएको।	१			राम्रो	१ लाख
१३	शम्शेरबहादुर गुरूङ		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २८ गते शाही सेनाद्वारा मारिएको।					१ लाख
१४	लालध्वज गुरूङ		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २८ गते शाही सेनाद्वारा मारिएको।					१ लाख
१५	इमानसिंह गुरूङ		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी गोश्वाराको अड्डा सार चलान गरी लैजाँदा कोत्रे खोलामा सेनाद्वारा हत्या गरिएको।					१ लाख
१६	सर्वसिंह गुरूङ		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २८ गते शाही सेनाद्वारा मारिएको।					१ लाख
१७	हस्तवीर गुरूङ		भरतपुर, चितवन	०१८ सालको भरतपुर काण्डमा गिरफ्तार गरी माघ २८ गते शाही सेनाद्वारा मारिएको।					१ लाख
१८	ट्राफी तामाङ		भरतपुर	०१८ सालमा जगतप्रकाश जंग शाहसँगै पक्राउ परी वेपत्ता।					१ लाख
१९	टेकबहादुर गुरूङ		गोरखा	घरबाट पक्राउ गरी गोरखा लैजाँदा बाटोमा सेनाद्वारा हत्या गरिएको।					१ लाख
२०	भरत गुरूङ		तनहुँ, पुलिमराङ	घरैमा गई पक्राउ गरी ०१८ साल फागुनमा शाही सेनाद्वारा हत्या गरिएको।					७५ हजार (बाँकी २५ हजार)
२१	खम्बसिंह तामाङ		गोगने, नुवाकोट	०१८ साल फागुनमा त्रिशुली शाही सेना व्यारेकमा सेनाद्वारा हत्या गरिएको।					१ लाख
२२	सिंहबहादुर तामाङ		गोगने, नुवाकोट	०१८ साल फागुनमा त्रिशुली शाही सेना व्यारेकमा सेनाद्वारा हत्या गरिएको।					
२३	वैकुण्ठ अधिकारी		धादिङ, जोगीमारा	नांगीको ०१८ सालको घटनापछि वेपत्ता।					१ लाख
२४	चन्द्रबहादुर पर्जा		चितवन	०१८ सालको शसस्त्र संघर्षका क्रममा कान्द्राङगडी शाही सेनाको गोलीले मृत्यु भएको।					
२५	भीमबहादुर पर्जा		चितवन	०१८ सालको शसस्त्र संघर्षका क्रममा कान्द्राङगडी शाही सेनाको गोलीले मृत्यु भएको।					
२६	बुद्धिमान तामाङ		चितवन	०१८ सालको शसस्त्र संघर्षका क्रममा कान्द्राङगडी शाही सेनाको गोलीले मृत्यु भएको।					

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
२७	उदयबहादुर साउदेन	१८८१ साल	पुवामजुवा- इलाम	०१७ सालको फोजी काण्डको विरूद्ध आन्दोलनमा सरिक हुँदा ०१८ साल चैत १७ गते तात्कालीन पंच जंगबहादुर थापाले गोली प्रहार गरी अनुहारमा आगोले पोलेर हत्या गरेर बाटोमा फ्याँकेको।	२	३	पत्नी १	मध्यम	-
२८	रंगलाल गुरूङ	१९८२।१।१४	शान्ति डाँडा- इलाम	०१७ सालको फौजी काण्डको विरोध गर्दै प्रहरीसंग मुठभेड हुँदा ०१९ साल वैशाख ४ गते गोली लागी मारिएको।	४	३	पत्नी १	मध्यम	-
२९	खड्गबहादुर गुरूङ		चितवन	०१८ सालमा शाही सेनाले पक्राउ गरेको, वेपत्ता पारिएको।					
३०	शम्सेरबहादुर खत्री	१९७९	अमपुर चोरकाटे, गुल्मी	०१९।२।१५ मा १९ सालको शसस्त्र संघर्षका क्रममा सेना र प्रहरीद्वारा मारिएको	१	१	पत्नी १	मध्यम	रू. १ लाख ५ हजार
३१	टीकाप्रसाद थपलीया		गोरखा	८ जुन १९६२ मा शाही सेनाको गोलीद्वारा हत्या गरिएको।					१ लाख
३२	नारायणप्रसाद लिम्बु		राजारानी-७, धनकुटा	०१७ सालको फोजी काण्ड विरोधी गतिविधिमा संलग्न भएको आरोपमा घरबाट पक्राउ गरी ०१९।६।१९ गते रघुवा खोलामा पुर्‍याएर गोली हानी मारिएको।	३	६	पत्नी १	निम्न	१ लाख
३३	अमृतबहादुर राई		माईमजुवा-३ इलाम	०१७ सालको फौजी काण्ड विरोधी शसस्त्र संघर्षमका क्रममा ०१९ कार्तिकमा सेनाको गोलीद्वारा हत्या गरिएको।	२	४	पत्नी १	निम्न	१ लाख
३४	जयसुर सिंह	१९९७ साल	सिलगडी, डोटी	पंचायती व्यवस्था विरोधी विचार लिएर नेपाली कांग्रेसको शसस्त्र संघर्षमा भाग लिएकाले ०१९ सालमा गोली हानी मारिएको।					
३५	भुन्दुसिंह	१९९६साल	सिलगडी, डोटी	पंचायती व्यवस्था विरोधी विचार लिएर नेपाली कांग्रेसको शसस्त्र संघर्षमा भाग लिएकाले ०१९ सालमा गोली हानी मारिएको।					
३६	भियाल सिंह	१९९५ साल	सिलगडी, डोटी	पंचायती व्यवस्था विरोधी विचार लिएर नेपाली कांग्रेसको शसस्त्र संघर्षमा भाग लिएकाले ०१९ सालमा गोली हानी मारिएको।					
३७	ओमजंगबहादुर सिंह	१९८८ साल चैत	सिलगडी, डोटी	पंचायती व्यवस्था विरोधी विचार लिएर नेपाली कांग्रेसको शसस्त्र संघर्षमा भाग लिएकाले ०१९ सालमा गोली हानी मारिएको।					
३८	चास्खुडे सिंह	१९९८ साल	सिलगडी, डोटी	पंचायती व्यवस्था विरोधी विचार लिएर नेपाली कांग्रेसको शसस्त्र संघर्षमा भाग लिएकाले ०१९ सालमा गोली हानी मारिएको।					

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
३९	केशबहादुर सिंह	१९९३ साल	सिलगडी, डोटी	पंचायती व्यवस्था विरोधी विचार लिएर नेपाली कांग्रेसको शसस्त्र संघर्षमा भाग लिएकाले ०१९ सालमा गोली हानी मारिएको।					
४०	जैला दौड्याल	१९७८ साल	सिलगडी, डोटी	पंचायती व्यवस्था विरोधी विचार लिएर नेपाली कांग्रेसको शसस्त्र संघर्षमा भाग लिएकाले ०१९ सालमा गोली हानी मारिएको।					
४१	छेजु तामाङ		सत्यदेवी- धादिङ	पर्सा जिल्लामा पक्राउ गरी ०१९ सालमा सेनाको गोलीद्वारा हत्या गरिएको।					१ लाख
४२	तुलबहादुर तामाङ		धादिङ	पर्सा जिल्लामा पक्राउ गरी ०१९ सालमा सेनाको गोलीद्वारा हत्या गरिएको।					१ लाख
४३	बाबुलाल थिङ तामाङ		मकवानपुर-हाँडीखोला	०१९ सालमा सेनाको गोलीद्वारा हत्या गरिएको।					
४४	देउबहादुर तामाङ		मकवानपुर-हाँडीखोला	०१९ सालमा सेनाको गोलीद्वारा हत्या गरिएको।					
४५	भूवन लामा		प्रवासी नेपाली	पर्सा सिकटामा ०१९ सालमा हत्या गरिएको।					१ लाख
४६	ध्वजबहादुर गोल तामाङ		मकवानपुर, डाँडाखर्क	०१९ सालमा गोली हानी हत्या गरिएको।					
४७	रामविलास यादव		रौतहट	सशस्त्र संघर्षको सिलसिलामा पक्राउ गरी अड्डा सार गर्दै वीरगंज ल्याउँदा ०१९ सालमा वीच बाटोमै हत्या गरिएको।					३५ हजार (९६हजार बाँकी)
४८	वालदेव सदा		रौतहट	शसस्त्र संघर्षको सिलसिलामा पक्राउ गरी अड्डा सार गर्दै वीरगंज ल्याउँदा ०१९ सालमा वीच बाटोमै हत्या गरिएको।					१ लाख
४९	भोला शाह कानु		वारा	०१९ सालमा गोली हानी मारिएको।					१ लाख
५०	सुलेमान मियाँ		पर्सा	०१९ सालमा सिकटामा हत्या गरिएको।					
५१	तेजबहादुर अमात्य		विरगंज	०१७ सालको फौजी काण्डपछि प्रवासीयर १९६६ अप्रिल ६ मा स्वदेश फर्कदा रक्सौलमा हत्या गरिएको।					
५२	होमनाथ ढकाल	१९९८।३।१५	गोरखा सदरमुकाम	पंचायती व्यवस्थाको विरोधमा चिठी लेखे वापत गिरफ्तार गरी प्रहरीले निर्मम यातना दिएका कारण ०२९।१०।१४ मा मृत्यु भएको।	-	१	पत्नी १	दयनीय	१ लाख
५३	वीरेन्द्रसिंह राजवंशी	१९९८।१०।१	सुखानीको जंगल	झापा आन्दोलनको सिलसिलामा गिरफ्तार गरी झापा जेलमा राखिएको। जेल सार्ने निहुँमा ०२९ फागुन २१ गते जंगलमा लगी गोली हानी मारिएको।	२	-	पत्नी १	निम्न	१ लाख

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
५४	रामनाथ दाहाल	१९९५ साल	सुखानी जंगल	झापा आन्दोलनको सिलसिलामा गिरफ्तार गरी झापा जेलमा राखिएको। जेल सार्ने निहुँमा ०२९ फागुन २१ गते जंगलमा लगी गोली हानी मारिएको।	४	४	पत्नी २	निम्न	१ लाख
५५	नेत्र घिमिरे	२००३साल	सुखानीको जंगल	झापा आन्दोलनको सिलसिलामा गिरफ्तार गरी झापा जेलमा राखिएको। जेल सार्ने निहुँमा ०२९ फागुन २१ गते जंगलमा लगी गोली हानी मारिएको।	-	२	पत्नी १	निम्न	१ लाख ५० हजार
५६	कृष्ण कुईंकेल	०११।७।११	सुखानीको जंगल	झापा आन्दोलनको सिलसिलामा गिरफ्तार गरी झापा जेलमा राखिएको। जेल सार्ने निहुँमा ०२९ फागुन २१ गते जंगलमा लगी गोली हानी मारिएको।	-	-	अविवाहित	निम्न	१ लाख ५ हजार
५७	हेमबहादुर खड्का	१९८३ साल	विरगंज जेल	०२८ सालको झापा आन्दोलनको क्रममा गिरफ्तार भई वीरगंज जेलमा अमानवीय यातनाबाट मृत्यु भएको।	४	३	पत्नी १	निम्न	५ हजार
५८	चन्द्र डाँगी	२००३ साल	गरामनी-झापा	०२८ सालको झापा आन्दोलन पछि गरिएको प्रहरी दमनको सिलसिलामा ०३० साल साउन २० गते घर घेराउ गरी प्रहरीको गोलीद्वारा मारिएको।	२	१	पत्नी १	निम्न	५ हजार
५९	रामप्रसाद प्रधान	१९९८ साल	जुरेधुम इलाम	पंचायती व्यवस्था विरुद्ध काम गर्ने कम्युनिष्टको आरोपमा प्रहरीद्वारो घर घेराउ गरी बाँसको भालाले घोचीघोची ०३० कार्तिक ५ गते हत्या गरिएको।	२	२	पत्नी १	निम्न	१ लाख
६०	नेत्र गुरागाईं		सुदाप गाविस-सिजुवा	कम्युनिष्ट भएको आरोपमा गिरफ्तार गरी जेल सार्दै झापा पुऱ्याएर त्यहाँबाट फर्काउँदा बाटोमा गोली हानी ०२९ कार्तिक २९ गते हत्या गरिएको।	-	-	-	-	-
६१	खिमानन्द पौड्याल (अर्घाखाँची)	१९९७।१२।१५	अमर अरवाथोक-१, गुल्मी	०३० सालको कार्तिकमा नेकपाको आव्हानमा सदरमुकाम घेराउ पछि गिरफ्तारीबाट बच्न भारतप्रवास गएको अवस्थामा बिरामी भई ०३०।९।१४ का दिन मृत्यु भएको।	२	१	पत्नी १	निम्न	
६२	खगेन्द्रकुमार राई	०११ साल	मोरङ कारागार	कम्युनिष्ट राजनीति लिएका कारण गिरफ्तार भई मोरङ कारागारमा अमानवीय यातना दिएर ०३०।१२।२४ गते मारिएको।	-	-	अविवाहित	निम्न	-
६३	रणबहादुर घिसिङ	२००५ साल	जमुनिवास, धनुषा	०३० सालमा धनुषामा भएको मोहियानी हक सम्बन्धी संघर्षका सिलसिलामा प्रहरीले गोली हानी हत्या गरिएको।	२	२	पत्नी १	निम्न	५ हजार

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
६४	केशव कोइराला	२००७।३।३	मटिहानी- महोत्तरी	प्रवासबाट स्वदेश फर्कदा सीमा क्षेत्रमा गोली हानी ०३१ साउनमा हत्या गरिएको।	-	१	पत्नी १	निम्न	१ लाख
६५	भवेश्वर पौड्याल	१९९८।११।१५	भैरहवा कारागारमा	पंचायती व्यवस्था विरोधी क्रियाकलाप गरेको आरोपमा गिरफ्तार गरी भैरहवा जेलमा थुनिएको अवस्थामा मिति ०३१।३।५ मा प्रहरी यातनाका कारण मृत्यु भएको।	-	१	पत्नी १	निम्न	५ हजार
६६	प्रजालाल राई	२००७।११।७	भेंडेटार-२, धारापानी धनकुटा	०३१ सालको शसस्त्र संघर्षका क्रममा टिम्बुर बोटे काण्डमा मारिएको।	१	-	पत्नी १	मध्यम	१ लाख ५ हजार
६७	रामबहादुर सुनुवार		टिम्बुर बोटे	०३१ सालको शसस्त्र संघर्षको क्रममा मारिएका।	-	-	अविवाहित	निम्न	१ लाख
६८	भीमबहादुर कटुवाल		टिम्बुरबोटे	०३१ सालको शसस्त्र संघर्षको क्रममा मारिएका।	-	-	अविवाहित	निम्न	-
६९	हर्कबहादुर कार्की		टिम्बुरबोटे	०३१ सालको शसस्त्र संघर्षको क्रममा मारिएका।	-	१	पत्नी १	निम्न	-
७०	अमरबहादुर खड्का		टिम्बुरबोटे	०३१ सालको शसस्त्र संघर्षको क्रममा मारिएका।	१	-	पत्नी १	निम्न	१ लाख
७१	भविन्द्रबहादुर बस्नेत		टिम्बुरबोटे	०३१ सालको शसस्त्र संघर्षको क्रममा मारिएका।	-	-	-	निम्न	१ लाख
७२	नेत्रबहादुर कार्की		टिम्बुरबोटे	०३१ सालको शसस्त्र संघर्षको क्रममा मारिएका।	-	-	-	-	-
७३	लीलानाथ दाहाल	२००६।४।२९	नख्खु र लगनखेलको बीच पर्ने खेत	सशस्त्र संघर्षको कार्यक्रम सहित वम लिएर काठमाडौं आँउदा थानकोटमा गिरफ्तार गरी नख्खु जेलमा थुनिएको। ०३१।६।१३ मा जेलबाट झिकी गोली हानी हत्या गरिएको।	२	-	पत्नी १	राम्रो	१ लाख
७४	महेशकुमार कोइराला	०१२ साल	सोलु-टिमुरबोटे	०३१ सालको शसस्त्र संघर्षको क्रममा गोली हानी हत्या गरिएको।	-	-	अविवाहित	मध्यम	१ लाख
७५	गोकर्णबहादुर कार्की	०१३ जेठ	नख्खु र लगनखेलको बीच पने खेत	शसस्त्र संघर्षको कार्यक्रम सहित वम लिएर काठमाडौं आँउदा थानकोटमा गिरफ्तार गरी नख्खु जेलमा थुनिएको। ०३१।६।१३ मा जेलबाट झिकी गोली हानी हत्या गरिएको।	-	-	अविवाहित	निम्न	१ लाख
७६	ठगीराज दाहाल	२००२।८।१५	नख्खु र लगनखेलको बीच पर्ने खेत	शसस्त्र संघर्षको कार्यक्रम सहित वम लिएर काठमाडौं आँउदा थानकोटमा गिरफ्तार गरी नख्खु जेलमा थुनिएको। ०३१।६।१३ मा जेलबाट झिकी गोली हानी हत्या गरिएको।	२	१	पत्नी १	मध्यम	१ लाख ५० हजार
७७	खगेन्द्रराज दाहाल	०१५ साल	नख्खु र लगनखेलको बीच पर्ने खेत	शसस्त्र संघर्षको कार्यक्रम सहित वम लिएर काठमाडौं आँउदा थानकोटमा गिरफ्तार गरी नख्खु जेलमा थुनिएको। ०३१।६।१३ मा जेलबाट झिकी गोली हानी हत्या गरिएको।	-	-	अविवाहित	निम्न	१ लाख
७८	विर्जुलाल राजवंशी	१९९२ साल	विरगंज जेल	०२८ सालको झापा आन्दोलनको क्रममा गिरफ्तार भई वीरगंज जेलमा मिति ०३२।११।२८ गते अमानवीय यातनाबाट मृत्यु भएको।	३	१	पत्नी १	दयनीय	-

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
७९	हरिकृष्ण चौधरी	२००१ साल	वीरगंज जेल	०२८ सालको झापा आन्दोलनको क्रममा गिरफ्तार भई वीरगंज जेलमा राखिएको अवस्थामा ०३२।११।१५ गते प्रहरीको अमानवीय यातनाबाट मृत्यु भएको।	१	३	पत्नी १	दयनीय	५ हजार
८०	पेशलकुमार दाहाल	०१०।१।४	कुन्तादेवी-९ ओख्लढुंगा	०३१ सालको शसस्त्र संघर्षको क्रममा प्रहरीले चलाएको गोली लागी मृत्यु भएको।	-	१	पत्नी १	निम्न	१ लाख
८१	यज्ञबहादुर थापा	१९८१	कमलाको तीर	ओख्लढुंगाको शसस्त्र संघर्षको क्रममा गिरफ्तार गरी जेलमा राखिएको। ०३५ माघ २६ गते जेलबाट लगी कमलाको तीरमा मारिएको।	४	३	पत्नी ३	मध्यम	१ लाख
८२	भीमनारायण श्रेष्ठ	१९९६।३	कोशी व्यारेज, धनकुटा	०३५ माघ २४ गते जेल सार्ने निहुँ गरी २६ गते गोली हानी हत्या गरियो।	२	२	पत्नी १	निम्न	१ लाख ५ हजार
८३	रत्नकुमार वान्तवा	२००८।१२।२७	इभाङ-१ इलाम	कम्युनिष्ट पार्टीको भूमिगत गतिविधिमा सम्लग्न रहेको अरोपमा प्रहरीले वारेन्ट जारी गरेको अवस्थामा ०३५।१२।२७ पुलिससंग जम्का भेट हुँदा तत्काल गोली हानी हत्या गरिएको।	-	-	अविवाहित	निम्न	१ लाख
८४	विक्रु पासवान		करजन्हा-३, सिरहा	०३५ सालको संघर्षका क्रममा प्रहरीले पक्रन लखेट्दा लखेट्दै बेहोस भई मृत्यु भएको।	३	१	पत्नी १	निम्न	-
८५	प्रभाकर पौड्याल	०२१।२।४	शहीद चोक हेटौंडा	०३६ सालको विद्यार्थी आन्दोलनका क्रममा हेटौंडामा निस्किएको विद्यार्थीको जुलुसमाथि ०३६।१।१५ गते गोली प्रहारद्वारा मृत्यु भएको।	-	-	अविवाहित	दयनीय	१ लाख
८६	भोला शाह	०११ साल	तारापट्टि जनकपुर	०३५-३६ को आन्दोलनका क्रममा प्रहरीले चलाएको गोलीबाट ०३५।१०।३ मा घटनास्थलमै मृत्यु भएको।	-	१	पत्नी १	निम्न	१ लाख
८७	राम परीक्षण भेडियर	०१२ साल	करजन्हा-४, सिराहा	०३६ सालको विद्यार्थी आन्दोलनका क्रममा पुलिस र जनताको बीच भिडन्त हुँदा ०३६।२।३ मा प्रहरीद्वारा गोली चलाई मारिएको।	-	१	पत्नी १	मध्यम	५ हजार
८८	होमबहादुर भण्डारी		चितवन	०३६ सालको आन्दोलनका सिलसिलामा प्रहरीको गोलीबाट मृत्यु भएको।					
८९	रामप्रसाद घिमिरे		चितवन	०३६ सालको आन्दोलनको क्रममा प्रहरीको गोलीद्वारा संगमचोकमा मृत्यु भएको तर उनको लाश बेपत्ता पारिएको।					
९०	मुगालाल महतो	०१५ साल	ढल्केवर	०३५-३६ को जनआन्दोलनका क्रममा जुलुसमाथि प्रहरीले गोली चलाउँदा ०३६।२।५ मा घटनास्थलमै मृत्यु भएको।	-	-	अविवाहित	निम्न	

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
९१	मोहन महतो		ढल्केवर	०३६ सालको आन्दोलनको सिलसिलामा प्रहरीले गोली चलाई ०३६।२।५ मा घटनास्थलमै मृत्यु भएको।	३	१	पत्नी १	दयनीय	५ हजार
९२	इन्द्र वि.सी.	०२० भाद्र १४	दशरथ चोक, सुर्खेत	पंचायती व्यवस्थाको विरोधमा जुलुस सहित सदरमुकाम जान लाग्दा ०३६।२।१५ गते प्रहरीले गोली चलाउँदा मृत्यु भएको।	-	-	-	दयनीय	
९३	भप्सी मण्डल	२००६ साल	पर्वती- धनुषा	०३६ सालको आन्दोलनको सिलसिलामा प्रहरीले पक्राउ गरेर लाठी र भालाद्वारा आक्रमण गरी हत्या गरिएको।	१	१	पत्नी १	दयनीय	१ लाख
९४	मिथिलेश दुवे	०१८।९।१४	कटैह्या- महोत्तरी	०३६ सालको आन्दोलनमा झण्डा बोकी जुलुसमा गएका बेला प्रहरीले चलाएको गोलीबाट ०३६।६।१ मा मृत्यु भएको।	-	-	अविवाहित	निम्न	१ लाख
९५	रणध्वज राई	१९९८ साल चैत	डाँडागाउँ, धनकुटा	कम्युनिष्ट भएको कारणले ०३६।७।१४ मा प्रहरीले गिरफ्तार गरी सोही दिन छोडिदिएको र त्यसको भोलिपल्ट घरमै आई गोली हानी मारिएको।	२	१	पत्नी १	निम्न	१ लाख
९६	लाखमान साधुराई	१९७५।१०।१५	पाताल- छिन्ताङ, धनकुटा	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२४ गते गिरफ्तार गरी २७ गते विहान प्रहरीले गोली हानी हत्या गरिएको।	२	५	पत्नी १	निम्न	१ लाख
९७	गम्भीरमान दमाई	२००५।२।९	पाताल- छिन्ताङ, धनकुटा	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२४ गते गिरफ्तार गरी २७ गते विहान प्रहरीले गोली हानी हत्या गरिएको।	१	१	पत्नी १	निम्न	
९८	टंकबहादुर विश्वकर्मा	१९९५ फागुन	पाताल- छिन्ताङ, धनकुटा	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२४ गते गिरफ्तार गरी २७ गते विहान प्रहरीले गोली हानी हत्या गरिएको।	-	२	पत्नी १	निम्न	१ लाख
९९	धनविर दर्जी	१९९२।११।१	पाताल- छिन्ताङ, धनकुटा	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२४ गते गिरफ्तार गरी २७ गते विहान प्रहरीले गोली हानी हत्या गरिएको।	१	१	पत्नी १	निम्न	१ लाख
१००	गंगाबहादुर तुम्रीहाङ	१९९९।३।१४	पाताल- छिन्ताङ, धनकुटा	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२४ गते गिरफ्तार गरी २७ गते विहान प्रहरीले गोली हानी हत्या गरिएको।	४	२	पत्नी १	दयनीय	१ लाख
१०१	केशरमान राई	०२२।९।१५	तारेभिर आँखीसल्ला, धनकुटा	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२४ गते गिरफ्तार गरी तारे भीरमा लगेर २६ गते प्रहरीले गोली हानी हत्या गरिएको।	-	-	अविवाहित	निम्न	१ लाख ५ हजार

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
१०२	गोपाल आनन्द राई	२००१।३।१५	छिन्ताङ-७, धनकुटा	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२४ गते गिरफ्तार गरी अरूणको गढतीरमा पुऱ्याएर २५ गते प्रहरीले गोली हानी हत्या गरिएको।	२	२	पत्नी १	निम्न	१ लाख
१०३	चन्द्रबहादुर दर्जी	०१४।७	छिन्ताङ पाताल छेउ	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२४ गते गिरफ्तार गरी २७ गते विहान गोरिल्ला खोज्न मनेर घरबाट हिंडाएर चिलाउनेको फेदमा पुऱ्याएर प्रहरीले गोली हानी हत्या गरिएको।	१	-	पत्नी १	निम्न	१ लाख
१०४	गणेशबहादुर विश्वकर्मा	२००८।६।१८	तारेभिर आँखीसल्ला, धनकुटा	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२५ गते गिरफ्तार गरी २८ गते प्रहरीले गोली हानी हत्या गरिएको।	३	-	पत्नी १	निम्न	१ लाख ५ हजार
१०५	भैरवबहादुर राई	२००५।१०।७	छिन्ताङ-४, खानेखोला सिमाना	छिन्ताङ संघर्षका क्रममा ०३६।७।२५ गते गिरफ्तार गरी २६ गते प्रहरीले गोली हानी हत्या गरिएको।	२	२	पत्नी १	दयनीय	१ लाख
१०६	पुत्रमान थुलुङ राई	२००४।६।१२	छिन्ताङ-८ पुङदुङ खोला दोमान	छिन्ताङ संघर्षका क्रममा भागेर तमोर तर्दातर्दै मंडलेहरूले ढुंगा प्रहार गरी मिति०३६।७।२६ गते हत्या गरिएको।	२	१	पत्नी १	दयनीय	१ लाख
१०७	बलबहादुर खत्री	२०२० साल	छिन्ताङ खानेखोला	छिन्ताङ संघर्षको क्रममा ०३६।७।२६ गते गोली हानी हत्या गरिएको।	-	-	अविवाहित	दयनीय	-
१०८	हाङ्खीमा साइली (श्रीमाया राई)	१९९६।१२।१२	छिन्ताङ कुमाङ	छिन्ताङ संघर्षका क्रममा प्रहरी दमनबाट बच्न भीरमा लुकिरहेको अवस्थामा प्रहरीले फेला पारी ०३६।७।२९ गते बन्दुकको कुन्दाले हानी हत्या गरिएको। उनको पेटमा ९ महिनाको गर्भ रहेको थियो।	६	-	पति १	दयनीय	१ लाख ५ हजार
१०९	रामनारायण यादव	२००८ साल	गोठकुवा, जदुकुवा, जनकपुर	०३६ सालको आन्दोलनका क्रममा पुलिसद्वारा गोली हानी ०३६।११।९ गते हत्या गरिएको	२	४	पत्नी १	निम्न	
११०	कर्णबहादुर घर्ती		चितवन	०३६ सालको आन्दोलनका सिलसिलामा प्रहरीको गोलीबाट मृत्यु भएको।					१ लाख
१११	रामअधिन मण्डल		लक्ष्मीनिया-१, धनुषा	गाउँलेहरूले पक्डेर पुलिस चौकीमा लगेको ६ दिनपछि ०३६ चैत २ गते लठ्ठीले घाँटी थिची मारेको।	४	२	पत्नी १	दयनीय	-
११२	ठाकुरप्रसाद भण्डारी	२००९।१२।१८	वीर अस्पताल	०३६ सालको आन्दोलनको सिलसिलामा कीर्तिपुर छात्रवासको दुई तलामाथिबाट प्रहरीले फ्याँकी दिंदा घाइते भई उपचार गर्दागर्दै ०३६।२।२० गते मृत्यु भएको।	-	-	-	-	-

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
११३	वमप्रसाद वान्तवा राई	२००९।१०।१६	साँखेजुङ- ६ इलाम	पंचायती व्यवस्था विरोधी गतिविधि गरेको आरोपमा धोज विक्रम राईको घरबाट गिरफ्तार गरी गंगाराम बस्नेतको घरमा लगेर ०३६।१।२८ गते गोली हानी हत्या गरिएको।	-	-	अविवाहित	निम्न	१ लाख
११४	फगेन्द्र राई	०११।३।१०	मोरङ, वेलवारी	०३६ को छिन्ताङ संघर्षका क्रममा वारेन्टेड भएर मोरङको वेलवारी आइपुग्नु भएका राईलाई पंचहरूले षडयन्त्रपूर्वक विष ख्वाएर ०३६।१०।१८ मा मृत्यु भएको।	-	-	-	निम्न	१ लाख ५ हजार
११५	श्रीधर ठाकुर		देवडीहार, धनुषा	०३६ सालको आन्दोलनको सिलसिलामा प्रहरीले अन्धाधुन्द गोली चलाउँदा घाइते भएका र ब्लड क्यान्सर भई ०४६।५।२ गते मृत्यु भएको।	२	२	पत्नी १	दयनीय	२५ हजार
११६	केदार भट्टराई	२००४ साल	सुन्दरपुर-९ गछिया, मोरङ	वहुदलवादीद्वारा आयोजित आमसभामा पंचहरूको खुकुरी प्रहारद्वारा मिति ०३७।१।१४ गते मारिएको।	-	१	पत्नी १	निम्न	-
११७	जब्बरबहादुर राई	२००८।२।१०	स्याङ्जा	दमक-झापा घर भई ०३७ सालमा वि.पी. कोइरालासंग स्याङ्जा गएको बेला प्रहरीले हानेको गोलीले मृत्यु भएको।	-	-	अविवाहित	निम्न	-
११८	ऋषि देवकोटा आजाद	२००१ माघ	सिन्धुली, भिमान	कम्युनिष्ट पार्टीका लागेको कारणले ०३७ फागुन १२ गते प्रहरीले खुकुरी र बन्दुकको कुन्दाले घोची घोची हत्या गरिएको।					
११९	टंकप्रसाद भूषाल	०१४ साल	अर्घा-२, अर्घाखाँची	चुनाव बहिष्कारको सिलसिलामा ०३७ साल वैशाख २९ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा दिएको निर्मम यातनाका कारण मृत्यु भएको।	-	-	पत्नी १	निम्न	१ लाख
१२०	फणिन्द्रराज तिमिल्सिना	०११।३।११	महेन्द्र मोरङ क्याम्पस, विराटनगर	स्ववियू निर्वाचनको विवादका सिलसिलामा विजय कुमार गच्छेदारद्वारा चलाइएको गोली लागी ०३८।८।९ गते मृत्यु भएको।	-	-	अविवाहित	मध्यम	१ लाख
१२१	उमादेवी मुक्तानस्या		ढुंग्रे स्वांला, रामेछाप	०३९।८।१८ गते कम्युनिष्ट भएको आरोपमा वारेण्टेड भएर भूमिगत अवस्थामा उपचार हुन नसकी मृत्यु भएको।	१	२		निम्न	-
१२२	वीरबहादुर थामी	२००१ साल	पिष्कर महादेव स्थान, सिन्धुपाल्चोक	सांस्कृतिक कार्यक्रममा तीन तिरबाट प्रहरीले घेरा हाली गोली चलाउँदा मिति ०४०।१०।१ मा मृत्यु भएको।	३	-	पत्नी १	निम्न	१ लाख
१२३	इली थामी	२००० साल	पिष्कर महादेव स्थान, सिन्धुपाल्चोक	सांस्कृतिक कार्यक्रममा तीन तिरबाट प्रहरीले घेरा हाली गोली चलाउँदा मिति ०४०।१०।१ मा मृत्यु भएको।	१	२	पत्नी १	दयनीय	१ लाख

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
१२४	नेत्रलाल पौडेल अभागी	२००१ पुस		कम्युनिष्ट पार्टीको काममा भूमिगत रूपमा क्रियाशील भइरहेको बेला उहाँको ०४१ जेठ ६ गते दाङमा हत्या गरियो।					
१२५	शेरबहादुर शाह	१९८१ साल	बाजुरा मार्तडी	०४१।११।१ गते तात्तकालीन सिडियोसंग खाध्यान्नको मूल्य वृद्धिका विरूद्धमा कुराकानी भएको र सोही दिन बेलुका अज्ञात व्यक्तिले मारेका।	१	-	पत्नी २	दयनीय	१ लाख३ हजार
१२६	मित्रमणि आचार्य	०१९।३।११	पर्साढाप, चितवन	स्ववियू निर्वाचनमा अनेरास्ववियू पक्ष विजयीलाई सहन नसकी ०४२।१।१८ गते हत्या गरिएको।					
१२७	गान्धीवलाल श्रेष्ठ		छाताचोक, धरान	नेपाल राष्ट्रिय शिक्षक संगठनको विरोध कार्यक्रममा ०४२।२।६ मा प्रहरीले चलाएको गोलीबाट मृत्यु भएको।	-	-		दयनीय	
१२८	सुरेश सेरखुजा पुन	०१६।७।१५	सिस्व मुलपानी, म्याग्दी	तात्कालीन पंच भिमप्रसाद गौचनको निर्देशनमा ०४२।१२।१९ गते राती प्रहरीले चलाएको गोलीबाट मृत्यु भएको।	१	१	पत्नी १	निम्न	रू. १ हजार
१२९	मीना ढकाल	२०१९ साल	वेलवारी- मोरङ	०४२ सालको शिक्षक आन्दोलनको सिलसिलामा प्रहरीद्वारा चलाइएको गाली लागी मिति ०४२ जेठ ६ गते मृत्यु भएको त्यसबेला उहाँ दश महिनाकी गर्भवती हुनुहुन्थ्यो।	-	-	पति	मध्यम	२५ हजार
१३०	शोभाकर धन्नजय भूषाल	२००१।३।५	सन्धिखर्क-९, अर्घाखाँची	०४२ सालको वम काण्डको आरोपमा पक्राउ गर्न खोज्दा भारत प्रवास जानु भएको र नेपालबाट गएका मण्डलेहरूले छुरी हानी ०४३।४।११ गते मारेका।	-	२	पत्नी १	दयनीय	-
१३१	कृष्णराज लिम्बु	०१३।८।२	महेशपुर-४ मैसावारी झापा	०४४ साल भदौ २१ गते प्रहरीले गिरफ्तार गरेको र उम्कन खोज्दा गोली हानी मारिएको।	३	-	पत्नी १	दयनीय	५ हजार
१३२	लक्ष्मी पाण्डे	०२२।९।१८	सुरुङ्गा- झापा	भारतबाट लखेटिएका नेपालीहरूको बसोबास र संरक्षण गरियोस् भनी आयोजना गरिएको आमसभामा प्रहरीद्वारा गोली प्रहार भई ०४४ साल कार्तिक २७ गते घटनास्थलमै मृत्यु।	-	-	अविवाहित	निम्न	१ लाख
१३३	सत्यनारायण पाठक		पिंडारी, धनुषा	आदर्श नगर बनाउन अधिकरण गरिएको जग्गाको मुआवजा माग गर्दै सुरू भएको आन्दोलनका क्रममा प्रहरीले गोली चलाउँदा ०४५ पुसमा घटना स्थलमै मृत्यु।	१	२	पत्नी १	दयनीय	१ लाख

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
१३४	विन्देश्वर महतो कोइरी		धनुषा	कम्युनिष्ट गतिविधिमा सम्लग्न भएको आरोप लगाई तात्कालीन पंचहरूले ०४५।६।४ मा भाला र लाठी प्रहार गरी हत्या गरेको।	-	१	पत्नी १	दयनीय	५ हजार
१३५	वलराम कँडेल	०१५ साल	वीर अस्पताल	०४६ सालको जनआन्दोलनको क्रममा फागुन ७ गते निस्केको जुलुसमाथि पुलिसले गोली चलाउँदा घाइते भई प्रहरी अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको।	१	२	पत्नी १	निम्न	१ लाख २५ हजार
१३६	राजेश वाँनिया	०२९।९।२९	शहीदचोक, चितवन	०४६ सालको जनआन्दोलनको क्रममा फागुन ७ गते निस्केको जुलुसमाथि पुलिसले गोली चलाउँदा घटना स्थलमै मृत्यु भएको।	-	-	अविवाहित	निम्न	१ लाख २५ हजार
१३७	गाणेश पौडेल	२००२।२।२	शहीदचोक, चितवन	०४६ सालको जनआन्दोलनको क्रममा फागुन ७ गते निस्केको जुलुसमाथि पुलिसले गोली चलाउँदा घटना स्थलमै मृत्यु भएको।	१	१	पत्नी १	निम्न	१ लाख २५ हजार
१३८	जानकी देवी यादव		गोठकुवा, जनकपुर	०४६ सालको आन्दोलनका क्रममा पुलिसले गोली चलाउँदा ०४६।११।९ मा मृत्यु भएको।	२	-	पति १	निम्न	१ लाख २५ हजार
१३९	मुनेश्वरीदेवी यादव	२००१ साल	गाठकुवा, जनकपुर	०४६ सालको आन्दोलनका क्रममा पुलिसले गोली चलाउँदा ०४६।११।९ मा मृत्यु भएको।	१	१	पति १	दयनीय	१ लाख २५ हजार
१४०	उदयशंकर मण्डल	०३२।८।१	जदुकुवा, जकपुर	०४६ सालको आन्दोलनका क्रममा पुलिसले गोली चलाउँदा ०४६।११।९ मा मृत्यु भएको।	-	-	अविवाहित	निम्न	१ लाख २५ हजार
१४१	सोनाज्ती यादव	०१३ साल	गोठकुवा, जनकपुर	०४६ सालको आन्दोलनका क्रममा पुलिसले गोली चलाउँदा ०४६।११।९ मा मृत्यु भएको।	१	४	पति १	निम्न	१ लाख २५ हजार
१४२	कृष्णप्रसाद पौडेल	०२४।१०।१	दोरफिर्दी, तनहुँ	०४६ सालको जनआन्दोलनको क्रममा फागुन ७ गते निस्केको आमसभामाथि पुलिसले लाठी चलाउँदा घाइते भई अस्पतालमा उपचार गर्दागर्दै ०४६।११।८ मा मृत्यु भएको।	१	-	पत्नी १		१ लाख २५ हजार
१४३	सूर्यप्रसाद घिमिरे	०१४।९।१४	रामपुर, पाल्पा	०४६ सालको जनआन्दोलनको क्रममा फागुन ७ गते निस्केको जुलुसमाथि पुलिसले गोली चलाउँदा घाइते भई उपचारको लागि काठमाडौं ल्याएपछि ०४६।११।१६ मा मृत्यु भएको।	३	१	पत्नी १	निम्न	१ लाख २५ हजार
१४४	रामबहादुर थापा	०२१।३।११	मेचि क्याम्पस, भद्रपुर	०४६ को जनआन्दोलनको क्रममा पंचायतको पुत्ला जलाउने कार्यक्रममा सहभागी हुँदा ०४६ चैत्र १४ गते मंडलेहरूले छुरा प्रहार गरी मृत्यु भएको।	-	-	अविवाहित	मध्यम	१ लाख २५ हजार

क्र.सं	नाम	जन्म मिति	स्थान	संक्षिप्त घटना विवरण र मिति	पारिवारिक स्थिति			आर्थिक स्थिति	सरकारबाट प्राप्त आर्थिक सहयोग
					छोरा	छोरी	पति/पत्नी		
१४५	दिलिप श्रेष्ठ	०२८ चैत	बुटवल चौराहा	०४६ को जनआन्दोलनका क्रममा चैत २४ गते बुटवलमा भएको जुलुसमाथि प्रहरीको गोली प्रहारबाट मारिएको।	-	-	-	मध्यम	रू. १ लाख
१४६	रामविलास ठाकुर	०२५।२।१५	जनकपुर	०४६ सालको जनआन्दोलनको क्रमा चैत २४ गते निस्किएको जुलुसमा प्रहरीले गोली चलाउँदा ०४६।१२।२४ गते मृत्यु भएको।	-	-	अविवाहित	निम्न	१ लाख २५ हजार
१४७	सुशील कट्टेल	०३३।९।५	धरान न.पा.- १४	०४६ सालको जनआन्दोलनका क्रममा पक्राउ परेकाहरूको रिहाइको लागि आन्दोलन गर्दा प्रहरीको गोलीले मिति ०४६।१२।२६ गते मृत्यु भएको।	-	-	-	निम्न	१ लाख ३० हजार
१४८	नारायण दाहाल	०२१।५।६	रत्ननगर, चितवन	०४६ सालको जनआन्दोलनका क्रममा ०४६ चैत २६ गते निस्केको जुलुसमाथि प्रहरीले गोली चलाउँदा घटनास्थलमै मृत्यु भएको।	-	-	अविवाहित	दयनीय	१ लाख २५ हजार
१४९	फणेन्द्रबहादुर कार्की	०१३।९।२४	शहीदचोक, पोखरा	पंचायतकालमा अपराधीलाई कार्वाही गर्नु पर्छ भनी सिडियो कार्यालयमा धर्ना बसेका अवस्थामा ०४७।१।१७ का दिन प्रहरीले सिडियो कार्यालयभित्रबाट चलाएको गोलीले मृत्यु भएको।	२	१	पत्नी १	निम्न	२५ हजार
१५०	ऋषि परियार	२००८।८।१०	शहीदचोक, पोखरा	पंचायतकालमा अपराधीलाई कार्वाही गर्नु पर्छ भनी सिडियो कार्यालयमा धर्ना बसेका अवस्थामा ०४७।१।१७ का दिन प्रहरीले सिडियो कार्यालयभित्रबाट चलाएको गोली लागी मृत्यु भएको।	३	-	पत्नी २	दयनीय	२५ हजार
१५१	वासुदेव मुस्याज्यू	०३१।९।६	नयाबसपार्क, बनेपा	०४७ मंसीर २७ गते राप्रपा थापाद्वारा बोलाइका २०० जना व्यक्ति सहितका व्यक्तिहरूले जुगामुक गरी अशान्ति सिर्जना गरेपछि प्रहरीले गोली हानी घाइते बनाएकोले वीर अस्पतालमा उपचार गर्दागर्दै पुस ६ गते मृत्यु भएको।	-	-	अविवाहित	दयनीय	२५ हजार
१५२	बशिर मियाँ	२००४।१०।१३	पाली-२ अर्घाखाँची	०४८।३।२३ गते कम्युनिष्टको आरोपमा घरमै प्रहरीद्वारा गोली हानी मारिएको	१	१	पत्नी १	निम्न	२५ हजार
१५३	मनोज जोशी	०३०।६।२३	दिक्तेल, खोटाङ	०४८ सालको कर्मचारी आन्दोलनका सिलसिलामा भएको धर्ना कार्यक्रममा प्रहरीले गोली प्रहार गर्दा ०४८।४।१५ गते मृत्यु भएको।	-	-	अविवाहित	निम्न	ने.नि.क.सं द्वारा रू. १० हजार प्रदान

शहीद र शहीदका परिवारहरूको तस्वीर

(क) शहीदहरू

एकीकरण कालका अमर सेनानी कालु पाँडे, भक्ति थापा र अमरसिंह थापा

लखन थापा

१९९७ सालका शहीदहरू क्रमशः शुक्रराज शास्त्री, धर्म भक्त माथेमा, दशरथ चन्द र गंगा लाल श्रेष्ठ

भीमदत्त पन्त

एकदेव आले

इमानसिंह गुरूङ्ग

वुद्धसिंह राना

लालध्वज गुरूङ्ग

भोला साह

राम - लक्ष्मण

रामनाथ दाहाल

नेत्र घिमिरे

रामप्रित यादव

कृष्ण कुईकेल

विरेन्द्रसिंह राजवंशी

खगेन्द्र राई

भिमनारायण श्रेष्ठ

दुर्गानन्द झा

रत्नकुमार वान्तवा

नेत्रलाल पौडेल

श्रीधर ठाकुर

फणिन्द्र तिम्सीना

गाण्डिव श्रेष्ठ

शेरबहादुर शाह

टंक भुसाल

शोभाकर धनञ्जय

सुरेश शेरबुजा

मिना ढकाल

सत्यनारायण पाठक



बलराम कँडेल

विन्देश्वर महतो

जानकी देवी यादव

मुनेश्वरीदेवी यादव

सोनावतीदेवी यादव

उदयशंकर मण्डल

दिलीप श्रेष्ठ

रामप्रसाद सापकोटा

सूर्यप्रसाद घिमिरे

राजेश वानियाँ

गणेश पौडेल

नारायण दाहाल

सुशील कट्टेल

रामविलास ठाकुर

झपेन्द्र कार्की

बासुदेव मुस्याजु

बसीर मियाँ



मित्रमणि आचार्य

मनोज जोशी

शिव नेपाल

लक्ष्मीप्रसाद पाण्डे

(ख) शहीदका परिवारहरू

शहीद दुर्गानन्द झाकी आमा र पत्नी

शहीद मुगालाल महतोको परिवार

शहीद झप्सी मण्डलकी पत्नी र छोरा

शहीद रामनाथ दाहालको परिवार

शहीद नेत्र घिमिरेकी वृद्ध आमा
पवित्रादेवी घिमिरे

शहीद कृष्ण
कुईंकेलका
परिवार
माता पिता

शहीद चन्द्रबहादुर डाँगीकी
वृद्ध आमा

शहीद रामप्रसाद प्रधानकी
पत्नी र छोरी

शहीद खिमानन्द पौडेलकी पत्नी र छोराहरू

शहीद भिमनारायण श्रेष्ठकी पत्नी र छोरीहरू

छिन्ताङ्का शहीद रणध्वज राईकी पत्नी,
माइला छोरा र बुहारीका साथ

छिन्ताङका शहीद लाखमान साधु राईकी पत्नी नातिसंग

शहीद खगेन्द्र राईको परिवार

शहीद मोहन महतोको परिवार

छिन्ताङ्का शहीद गम्भिरमानका छोरा, आमा, पत्नी र छोरी

छिन्ताङका शहीद धनबहादुर दर्जीका छोरा सोमबहादुर र पत्नी

छिन्ताङका शहीद गंगाबहादुर तुप्रिहाङको परिवार

छिन्ताङका शहीद केशरमान राईको परिवार

छिन्ताङका शहीद गोपाल आनन्द राईकी पत्नी तथा छोरा-छोरी

छिन्ताङका शहीद चन्द्रबहादुरको परिवार

छिन्ताङका शहीद बलबहादुर खत्रीका पिता

छिन्ताङका शहीद गणेशबहादुर विश्वकर्माका पिता र दुई छोराहरू

छिन्ताङका शहीद भैरवबहादुर राईको परिवार

छिन्ताङका शहीद पुत्रमान राईको परिवार

छिन्ताङका शहीद हाँस्विमा साइलीको परिवार

शहीद रामनारायण यादवको परिवार

छिन्ताङका शहीद भगेन्द्र राईको परिवार

शहीद राम अधिन मण्डलकी पत्नी र छोरी

पिस्करका शहीद इली थामीको परिवार

शहीद फणिन्द्र तिम्सिनाको परिवार

पिस्करका शहीद वीरबहादुर थामीको परिवार

शहीद राजेश वानियाँको परिवार

शहीद जानकी देवीको पति र नाति

शहीद सूर्यप्रसाद घिमिरेको परिवार

शहीद मुनेश्वरीको पति, छोरा र बुहारी

शहीद उदयशंकर मण्डलको परिवार


शहीद सोनावती यादवका पति र छोरीहरू

शहीद दिलिप श्रेष्ठको परिवार

शहीद राम थापाका बाबु-आमा

शहीद मनोज जोशीका बाबु-आमा तथा दाजुहरू

शहीद ऋषि परियारको परिवार

शहीद झपेन्द्र कार्कीको परिवार

शहीद बासुदेव मुस्याजुको परिवार

(ग) केही शहीदका पत्नीहरू

शहीद हेमबहादुर खड्काकी पत्नी

शहीद भवेश्वरकी पत्नी

शहीद विर्जु राजवंशीकी पत्नी

शहीद विन्देश्वर महतोकी पत्नी

शहीद हरीकृष्ण चौधरीकी पत्नी

शहीद मोहन महतोकी पत्नी

शहीद कृष्णराज योङहाङकी पत्नी

शहीद बलराम कँडेलकी पत्नी

(घ) वेपत्ता पारिएकाहरू

०४८ सालदेखि वेपत्ता पारिएका रामप्रसाद राई, ०४२ सालको वमकाण्डका सिलसिलामा गिरफ्तार गरी वेपत्ता पारिएकाहरू क्रमशः इश्वर लामा, सत्यनारायण शाह, साकेतचन्द्र, महेश्वर चौलागाई र ०४७ मा वेपत्ता पारिएका प्रभाकर सुवेदी

(ङ) वेपत्ता पारिएकाहरूको परिवार

रामप्रसाद राईको परिवाहर

इश्वर लामाको परिवार

सत्यनारायणको परिवार

पदम लामाका आमा र छोरीहरू – इन्सेटमा पत्नी

अनुसूची २

यस वर्षको प्रमुख घटनाः

अरुण तेस्रो जल विद्युत आयोजना र विश्व बैंक

नेपालमा जलविद्युत विकास

जलविद्युत विकासका लागि नेपाल प्रारम्भिककालदेखि नै विदेशी अनुदानमा भर परिरहेको छ। राणा शासनको समाप्ति पछि नेपालले निर्माण गरेका हरेक जलविद्युत आयोजनामा विदेशी लगानीकै बाहुल्य छ। वि.सं.२०२४ सालमा निर्माण कार्य सम्पन्न भएको त्रिशुली-देवीघाट जलविद्युत आयोजना विदेशी लगानीमा सम्पन्न नेपालको पहिलो ठूलो जलविद्युत आयोजना हो। यो आयोजना भारत सरकारको सहयोगमा निर्माण भएको थियो।

पूर्व सोभियत संघको सहयोगमा बनेको पनौती, चीनको सहयोगमा बनेको सुनकोशी, जर्मनीको सहयोगमा बनेको मर्स्याङ्दी, जापान समेतको सहयोगमा बनेको कुलेखानी आदि विदेशी सहयोगमा बनेका आयोजनाहरुको सूचिमा आउने नामहरु हुन्। यी जलविद्युत आयोजनाहरुबाट हाल नेपालमा २५० मेगावाट विद्युत उत्पादन भइरहेको छ। अर्थात नेपालको कुल जनसंख्याको १० प्रतिशत जनताले मात्र विजुली बाल्ने सुविधा उपभोग गरिरहेका छन्।

विदेशी अनुदान पाएर पनि विविध कारणले निर्माण कार्य सम्पन्न हुन नसकेका अन्य आयोजनाहरु यहाँ प्रसस्त छन्। विदेशी सहयोगमा भर परेको नेपालको जलविद्युत विकास, विदेशी हस्तक्षेपका कारण पनि पछाडि धकेलिएको छ। सन् १९७८ मा फ्रान्स सरकारको सहयोगमा निर्माण गर्ने प्रारम्भिक कार्य योजना बनिसकेको ६० मेगावाट विद्युत र ६८ हजार हेक्टर जमीनमा सिंचाई सुविधा पुर्‍याउने कनकाई बहुउद्देश्यीय आयोजना भारत सरकारले आपत्ति जनाएका कारण स्थगित हुन पुग्यो। जलविद्युत क्षेत्रको विकासक्रमलाई नियालेर हेर्ने हो भने कनकाई बहुउद्देश्यीय आयोजना तथा सप्तगण्डकी आयोजनाका लागि दाता राष्ट्हरूले दिएको रकम जवरजस्त ढङ्गले मोडेर सन् १९८५-८७ मा अरुण-३ आयोजनामा लगाउने निर्णय भयो।



अरुण परियोजनाद्वारा प्रभावित हुने
पर्यावरणीय दृष्टिकोणले संवेदनशील तथा संरक्षित भू-भाग

अरूण परियोजनाको बाटोले ओगट्ने भू-भाग			
जमिनको प्रकार	जमिन (हेक्टर)	दूरी (कि.मी.)	प्रतिशत
१. जङ्गल	१०६	३३	२७
२. वस्ती र वस्तु चरण क्षेत्र	११९	३७	३०
३. खेती योग्य जमिन			
क) समतल जमिन	१०६	३३	२७
ख) भिरालो जमिन	६३	२०	१६
जम्मा	३९४	१२२	१००

अरूण जलविद्युत आयोजनाको पहिचान

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यु.एन.डि.पी) को सहयोगमा सन् १९७९ मा ९० मेगावाटको कालीगण्डकी "ए" को संभाव्यता अध्ययन पूरा भइसकेको थियो भने जापानको सहयोगमा २२५ मेगावाटको सप्तगण्डकी आयोजनाको पनि संभाव्यता अध्ययन पूरा गरिएको थियो। यसैबीच जापानको अन्तर्राष्ट्रिय सहयोग संस्था जाइकाले सन् १९८३ देखि १९८५ सम्मको अवधिमा कोशी वेसिन (उपत्यका) को गुरूयोजना तयार पार्‍यो। यस योजना पछि नेपालको जलविद्युत क्षेत्रको विकासले अनौठो मोड लियो।

कोशी वेसिन गुरूयोजनाले कोशी नदीमा ५२ वटा जलविद्युत तथा वहुउद्देश्यीय विकास कार्य संचालन स्थलको पहिचान गरी विश्लेषण समेत गर्‍यो। यी ५२ वटा आयोजनाहरू मध्ये १३ वटा आयोजनालाई गुरूयोजनामा प्राथमिकताका साथ उल्लेख गरिएको छ। अरूण नदीमा मात्र छ वटा आयोजना स्थल पहिचान गरेको यस गुरूयोजनाले अरूण- ३ लाई उच्च प्राथमिकता दिएको थियो।

नेपालले त्यस वेलादेखि अरूण- ३ लाई उच्च प्राथमिकता मात्र दिएन, यस आयोजनालाई सिङ्गो जलविद्युत क्षेत्रको विकास ठान्न थाल्यो र अगाडि नै संभाव्यता अध्ययन भईसकेका आयोजनाहरूलाई पूर्णरूपमा विर्सिदियो।

त्यसपछि अरूण-३ आयोजनाका बारेमा विभिन्न चरणमा अध्ययन भयो। सन् १९८५ को जुलाई महिनामा नेपाल विद्युत प्राधिकरणले वाटर एण्ड इनर्जी रिसोर्स डेभलपमेन्ट प्रोजेक्टको प्राविधिक सहयोगमा अरूण-३ को पूर्व संभाव्यता अध्ययन गर्‍यो। सन् १९८७ को जून महिनामा जाइकाको प्राविधिक सहयोगमा नेपाल विद्युत प्राधिकरणले यस आयोजनाको संभाव्यता अध्ययन पूरा गर्‍यो।

सन् १९८७ मा नेपालको उर्जा प्रणालीमा विकल्प दिने प्रतिवद्धता स्वरूप कम लागतमा निर्माण हुने योजना संचालन गर्ने नीति अवलम्वन गरियो। सन् १९९० मा सो नीतिलाई केन्द्रमा राखेर हेर्दा अरूण- ३ त्यसबेला आकर्षक आयोजना सावित भयो। सन् १९९० को नोभेम्बरमा गरिएको अध्ययन अनुसार अरूण- ३ लाई दुई चरणमा संचालन गर्ने निश्कर्ष निकालियो। जसको पहिलो चरणमा २६८ मेगावाट र दोस्रो चरणमा १३४ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष थियो।

सन् १९८८ को मे महिनामा दाताहरूको विशेष मिटिङ पेरिसमा बस्यो। सो बैठक अरूण- ३ आयोजनाको कार्यान्वयनका लागि स्रोत जुटाउने विषयमा केन्द्रित थियो। यस बैठकमा विश्व वैंक, एसियन विकास वैंक, यु.एन.डि.पी तथा जापान, जर्मनी, स्वेडेन, फिनल्याण्ड, वेलायत, वेल्जियम, इटली, फ्रान्स, क्यानडा र अष्ट्रिया सरकारका प्रतिनिधिहरूको सहभागिता थियो। सहभागीहरूले वैठकको अन्त्यमा अरूण- ३ का लागि ५५ करोड डलर उपलब्ध गराउने प्रतिवद्धता जाहेर गरेका थिए।

सन् १९८८ को मार्च महिनामा नेपाल र भारतको सम्बन्धमा गतिरोध सृजना भयो। यसबीचमा विश्व वैंकले अरूण- ३ प्रवेश मार्ग निर्माणका लागि तीन करोड ४० लाख डलर स्वीकृत गर्‍यो। सन् १९९० को मार्च महिनामा सडक निर्माणका लागि दुई जना ठेकेदारहरूले दाखिल गरेका बोलपत्रहरू (गतिरोधका कारणले हुन सक्छ) अनुमान भन्दा भण्डै तीन गुणा बढीका थिए। सोही वर्षको नोभेम्बर महिनामा विश्व वैंकले अरूण भन्दा पहिला अन्य आयोजना निर्माण गर्न नहुने, वैकल्पिक जलविद्युत आयोजनाको लागत २५ प्रतिशतदेखि ४० प्रतिशतसम्म बढाइनु पर्ने, अरूण आयोजना संचालन हुनु अगाडिनै नेपाल विद्युत प्राधिकरणले विजुलीको महशूल १२४ प्रतिशत बढाउनु पर्ने र वजेट प्रस्तुत हुनु भन्दा पहिले आर्थिक तथा सामाजिक क्षेत्रमा विनियोजन गरिएको रकममा विश्व वैंकले स्वीकृति दिनु पर्ने, नेपाल विद्युत प्राधिकरणको लेखापरीक्षण विश्व बैंकले तोकेको लेखा परीक्षकबाट गराउनु पर्ने लगायतका शर्तहरू राख्यो। यस मध्ये नेपाल विद्युत प्राधिकरणको लेखापरीक्षण विश्व वैंकले तोकेको लेखापरीक्षकबाट गराउनु पर्ने तथा वजेट पेश हुनु अघि विश्व वैंकको स्वीकृति लिनु पर्ने जस्ता शर्तहरूले संवैधानिक संकट नै सृजना गरेका थिए। सरकारी मातहतमा रहेका संस्थानहरू समेतको लेखापरीक्षण संवैधानिक निकाय महालेखा परिक्षकको कार्यालयले गर्नु पर्ने संवैधानिक व्यवस्था छ।

विश्व बैंककै दबावमा नेपालले अरूण- ३ संचालनकै लागि तीन पटक विद्युत महशूल बढायो र प्राधिकरणमा कार्यरत धेरै कर्मचारीहरू कटौतिमा परे।

सन् १९९२ जनवरीमा आइपुग्दा जर्मनीको लाहमेयर इनर्जी इन्जिनियरिङ र जपानको इपिडिसीले ४०२ मेगावाटको अरूण-३ का लागि विस्तृत डिजाइन तयार पारेका थिए। अरूण- ३ को अध्ययनका लागि मात्र चार वर्षको अवधि र करीब डेढ अर्ब रूपयाँ खर्च भयो।

सबै दातृ राष्ट्रहरूले विश्व वैंक र नेपाल विद्युत प्राधिकरणलाई सन् १९९२ को मार्च महिनामा अरूण-३ सबभन्दा सस्तो आयोजना हुने र यसलाई वित्तीय औकातले

म्याउने कुरालाई प्रमाणित गर्न निर्देशन दिए। दातृ राष्ट्रहरूको निर्देशन अनुरूप विश्व वैंकको "म्याक्रो इकोनमिक एण्ड फिनान्सियल एर्फोटेविलिटी स्टडी" ले अरूण-३ लाई २०१ को बाल (Baby) अरूण बनाउने निश्कर्ष निकाल्यो। र अरूण-३ दोस्रो चरणमा प्रवेश गऱ्यो।

२०१ मेगावाटको वेवी अरूण निर्माण गर्ने विश्व वैंकको यस अवधारणलाई सन् १९९२ को अप्रिलमा पेरिसमा सम्पन्न दातृसमूहको वैठकले स्वीकृति प्रदान गऱ्यो। सोही वर्षको मे महिनामा बसेको दातृ समूहको प्राविधिक वैठकले पनि यस अवधारणालाई मान्यता दियो। सन् १९९२ को जुन महिनामा वेवी अरूणको अन्तिम पुनरावलोकन गरियो। यसको एक महिनाभित्रमा जर्मनीको लाहमेयर समेतका कम्पनीहरूले बाल अरूणको विस्तृत इन्जिनियरिङ अध्ययन पूरा गरे। सेप्टेम्वर/ अक्टोवर महिनामा अर्को प्राविधिक बैठक सम्पन्न भयो।

अरूण- ३ आयोजना शुरू गर्नका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा संचालित दुतत्तर आर्थिक संरचना समायोजन कार्यक्रम (इ.एस.ए.एफ) लाई नेपालले अवलम्बन गर्नु पर्ने दवाव दिइयो। विश्व वैंकको यस दवावका सामु झुकेर नेपालले अक्टोवर १९९२ मा अन्तराष्ट्रिय मुद्रा कोषसंग सम्झौता गऱ्यो।

मे १२, १९९३ मा अरूण- ३ जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्य सम्पन्न भयो। यसको पाँच महिना पछि अक्टोवर १९९३ मा श्री ५ को सरकार तथा विश्व वैंकले अरूण- ३ र इ.एस.ए.एफ. लाई मिलाएर अघि बढ्ने समझदारी पत्रमा दस्तखत गरे। मार्च १९९४ मा विश्व वैंकले नेपालका लागि "फिस्कल रीस्टक्चरिङ एण्ड पव्लिक रिसोर्सेज मेनेजमेन्ट इन दि नायन्टिज" नामक प्रतिवेदन तयार पाऱ्यो। यो प्रतिवेदन नै नेपालको एक दशकका लागि आर्थिक व्यवस्थापनको म्यानुअल हुनु पर्ने कुरामा विश्व वैंकले अडान लियो। सो प्रतिवेदन वेवी अरूणलाई केन्द्रमा राखेर विश्व वैंकले तयार गरेको थियो।

जुन, १९९४ मा श्री ५ को सरकार र विश्व वैंक व्यवस्थापन बीच ऋण वार्ता सम्पन्न भयो। विश्व वैंकले अरूण प्रति लिएको नीतिको विरोधमा सो बैंकका सामाजिक सेवा महाशाखा प्रमुखले राजिनामा दिए। यसको दुई महिना पछि विश्व वैंकको व्यवस्थापनले बाल अरूणलाई नोभेम्वरमा बस्ने बोर्डमा पेश गर्ने कार्यक्रम तय गऱ्यो।

तर १९९४ को सेप्टेम्बर महिनामा नै नेपालमा राजनीतिक अस्थिरता शुरू भयो। तत्कालीन सत्तारूढ दल नेपाली कांग्रेसको आन्तरिक कलहका कारण सदन विघटन भयो। देशमा राजनीतिक अस्थिरता बढेको बेलामा अरूण- ३ जस्तो ठूलो आयोजना कार्यान्वयन गर्नु मुलुकका लागि उपयुक्त नहुने जिकिर गर्दै तत्कालीन प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव माधवकुमार नेपालले मध्यावधि चुनावबाट बन्ने नयाँ सरकारका कार्यकालमा मात्र अरूण- ३ सम्बन्धी निर्णय लिनु उचित हुने व्यहोराको सुझाव पत्र विश्व बैंकलाई पठाउनु भयो।

मध्यावधि चुनाव पछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सरकार गठन भयो। नेकपा एमालेको सरकारले विश्व वैंकले राखेका विश्व वैंकको स्वीकृति विना नेपालले १० मेगावाट भन्दा ठूला आयोजना संचालन गर्न नपाउने, विद्युत महशूल दर बैंकको निर्देशनमा बढाउन प्राधिकरण बाध्य हुनु पर्ने तथा अरूण प्रवेश मार्गलाई प्याकेजको रूपमा छुट्टै संचालन गरिने भन्ने यी तीन वटा आपत्तिजनक शर्तहरूमा सहमति जनाएन। तत्कालीन जलस्रोत मन्त्री हरिप्रसाद पाण्डेले सदनमा अरूण- ३ को बारेमा वक्तव्य दिदै यसका लागि सर्वदलीय समिति गठन गरिनु पर्ने आवश्यकतालाई जोड दिनु भयो। तर प्रतिपक्षी दलहरूले यस कुराको कडा विरोध गरे। विश्व वैंक, दातृ राष्ट्र तथा एसियाली विकास वैंकसंग यी शर्तहरू बदल्न एमालेले आग्रह गऱ्यो।

यसै बीच जुन १९९४ मा अरूण- ३ का बारेमा छलफल गर्न वासिंगटनमा बसेको बैठकमा नेपालको तर्फबाट तत्कालीन जलस्रोत मन्त्री हरिप्रसाद पाण्डेको अध्यक्षतामा योजना आयोगमा जलस्रोत हेर्ने सदस्य वाई.बि. थापा समेत संलग्न एक टोली वासिंगटन भ्रमणमा गयो। यसमा अरूण- ३ आयोजनाको लागत घटाउने प्रस्ताव नेपालले रास्दारास्दै पनि योजना सम्झौतामा हस्ताक्षर गऱ्यो। योजनामा हस्ताक्षर भएपछि वैठकमा सहभागी हुन गएका नेपाल लगायत युरोप र अमेरिकाका ५० वटा भन्दा बढी गैरसरकारी संस्थाहरूको तत्काल बैठक बस्यो।

विश्व वैंकसंगको दोहोरो कुराकानी पछि सरकारले महशूल तथा १० मेगावाट भन्दा बढी आयोजना सम्पन्न गर्न विश्व वैंकको स्वीकृति लिनु पर्ने शर्तलाई बदल्न एमालेको सरकार सफल भयो तर प्रवेश मार्गको कुरामा भने विश्व वैंक अलिकति पनि झुकेन र एमाले सरकारले सन् १९९५ को मार्च महिनामा अरूण- ३ लाई पुरानै रूपमा स्वीकार गर्ने प्रतिवद्धता सहित छिटो कार्यान्वयन गर्न वैंक समक्ष आग्रह गऱ्यो।

दातृ राष्ट्र जर्मनीमा महालेखा परीक्षकको कार्यालयले आर्थिक सहयोग प्रक्रिया त्रुटिपूर्ण रहेको प्रतिवेदन दियो भने अमेरिकाको ऊर्जा विभाग तथा विश्वमै ख्यातिप्राप्त प्रयोगशाला लरेन्स वर्क्लेले नेपाल विद्युत प्राधिकरण र विश्व वैंकको विद्युत आयोजना अरूण- ३ को स्थान सही नभएको निश्कर्ष निकाले। विश्व वैंकको बोर्डले ५० वर्षको इतिहासमा पहिलो पल्ट व्यवस्थापनको कार्य समीक्षा गर्न एउटा निरीक्षण टोली गठन गऱ्यो। यसै अवधिमा विश्व वैंकको अध्यक्ष परिवर्तन भए। अगस्त १९९५ मा १० वर्षभन्दा बढी चलेको अरूणको चक्कर समाप्त भयो।

अरूण- ३ आयोजना नेपाली जनताको हितलाई हेरेर तयार पारिएको योजना थिएन। ठूलो आयोजना संचालन हुँदा हात पर्ने मोटो कमिशन, दातृ समूँहहरूको निहित स्वार्थ तथा नेपालको असक्षम कर्मचारी प्रशासनका कारण अरूण- ३ नेपालीको टाउकोमा थोपर्न खोजिएको थियो। यसरी दातृ तन्त्र,

आठपहरिया तन्त्र र कमिशन तन्त्रको फलामे त्रिकोण सामु राष्ट्रिय आवश्यकता दश वर्षसम्म पराजित भएर बस्यो।

अरूण जल विद्युत आयोजना र विवादहरू

नेपालमा पहिलो पटक ठूला विकास आयोजनाका सम्बन्धमा सार्वजनिक रूपले चलेको विवाद भनेको नै अरूण- ३ आयोजना हो। वि.सं. २०४६ सालमा भएको जनआन्दोलन पछि स्वतन्त्र रूपले बोल्न पाउने अधिकार नेपाली जनताले पाए। यही अधिकारलाई प्रयोग गरेर अरूण- ३ का बारेमा सुसूचित हुन पाउने अधिकारको वकालत भयो। स्थानीय बासिन्दाहरू विकासको छनोटमा सहभागी हुन पाउने माग दिनदिनै बढ्दै गयो।

सन् १९८९ मा अरूण आयोजनाको टेन्डर खुल्नु अघि नेपाल वातावरण पत्रकार समूहका तत्कालीन महासचिव राजेन्द्र दाहालले देशान्तर साप्ताहिकमा एक लेख प्रकाशित गरी अरूण आयोजनाको सम्बन्धमा पहिलो पटक सार्वजनिक रूपले औंलो ठड्याउने काम गर्नु भयो। त्यसको केही समय पछि हिमाल (अंग्रजी) म्याग्याजिनमा जलस्रोत इन्जिनियर, स्रोत विशेषज्ञ तथा तत्कालीन नेपाल विद्युत प्राधिकरण संचालक समितिका सदस्य दीपक ज्ञावलीले लेख्नु भएको लेख पनि प्रकाशित भयो।

फेब्रुअरी १९९३ मा नेपाल वातावरण पत्रकार समूह, युवा वातावरण समूह, हिमाल एसोसियसन लगायतका दशवटा संस्थाले होटल काठमाडौंमा आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रम अरूण- ३ का बारेमा संस्थागत रूपमा लिइएको पहिलो सार्वजनिक चासो थियो। सार्वजनिक सुनुवाईका आयोजकहरूको दावी थियो- "अरूण- ३ स्वयम्‌को आयाम असामान्य भएको तथा सबैलाई विकास कार्यमा सहभागी हुन पाउनु र सुसूचित हुन पाउनु संविधान प्रदत्त अधिकार भएकाले सो आयोजना सम्बन्धी उपलब्ध जानकारीका आधारमा खुला छलफल र वादविवाद गरिनु आवश्यक छ।"

अरूण सुनुवाई कार्यक्रममा आमन्त्रित पदाधिकारीहरूसंग जिज्ञासा राख्न जलस्रोत विशेषज्ञहरूको एउटा समूह थुप्रै प्रश्न लिएर बसेको थियो। विशेषज्ञहरूको सो समूहले तयार पारेका प्रश्नहरूमा अरूण आयोजनाले वातावरण सुरक्षा निम्ति अवलम्बन गर्ने उपायहरूदेखि लिएर त्यो बाँधको निर्माणबाट विस्थापित हुने बासिन्दालाई गरिने पुनर्वास व्यवस्थासम्मका थिए। छिमेकी देश भारत, चीन र भूटानको तुलनामा नेपालमा संचालन हुने जलविद्युत आयोजनाहरू किन अचाक्ली महंगा हुन्छन् भन्ने प्रश्न पनि उनीहरू सोध्न चाहन्थे। शहरबासीले विजुलीको सुविधा प्रयोग गर्दा ग्रामीण जनताले बोझ बोक्नु पर्ने कारण के हो थाहा पाउन चाहन्थे। र, सधैं विदेशी ठेकेदार माथि भर पर्नु पर्ने स्थितिको अन्त्य गर्न नेपाली इन्जिनियरहरू किन सक्षम छैनन् भनी बुझ्न चाहन्थे।

तर नेपाल विद्युत प्राधिकरणका पदाधिकारीहरू बाहेक राष्ट्रिय योजना आयोग तथा मन्त्रालयका प्रतिनिधिहरूले सो सुनुवाई कार्यक्रमलाई बहिस्कार गरे। राष्ट्रिय योजना आयोग, जलस्रोत मन्त्रालय र अर्थ मन्त्रालयका पदाधिकारीहरूले निम्ता पाएर पनि उनीहरू नियोजित रूपमानै उपस्थित भएनन्। यसकारण त्यस दिनको कार्यक्रम आयोजनाको प्राविधिक विवरणमा मात्र सिमित रह्यो। राष्ट्रिय जलविद्युत नीतिका सम्बन्धमा उठेका प्रश्नहरूको जवाफ दिने कोही पनि भएनन्। जलविद्युत नीति स्पष्ट नभएकै कारणले अरूण जस्तो आयोजनामा लगानी गर्न मुलुक तम्सेको निश्कर्ष सो सार्वजनिक सुनुवाई कार्यक्रमले निकालेको थियो।

सरकारी अधिकारीहरूले सुनुवाई कार्यक्रमलाई बहिस्कार गर्दा आफ्नो दायित्वबाट सजिलै उम्कन सकिन्छ भन्ने सोचाई बोकेको ठहर गर्दै त्यसको प्रतिक्रिया स्वरूप एक महिना पछि जलस्रोत इन्जिनियर, स्रोत विशेषज्ञ तथा वातावरणविदहरू मिलेर एलायन्स फर इनर्जी नामक समूहको गठन गरे।

स्थापना भएको दुई वर्षमा एलायन्सले अरूण- ३ तथा नेपालको जलस्रोत स्थितिको स्वेत पत्र तयार गर्‍यो। चार वटा आवधिक न्युजलेटर निकालेर अरूण आयोजनाको अत्यधिक लागतबारे आफ्नो चिन्ता व्यक्त गर्‍यो। तीस वर्ष भन्दा लामो अवधिमा नेपालले विकास गरेको जलविद्युत क्षमता करीव २५० मेगावट मात्र भएको स्थितिमा अरूण जस्तो एउटै विशाल आयोजनामा लगानी गर्दा नेपालले वेहोर्नु पर्ने जोखिमलाई प्रष्ट्याउदै जलविद्युत विकासका लागि वैकल्पिक उपायहरू अघि सारियो।

यस अवधिमा जलविद्युत विकासका लागि जलविद्युत विकास कोषको स्थापना गरिनु पर्ने, नौ वर्षको अवधि तथा त्यसवेला कुल राष्ट्रिय बजेटको डेढ गुणा बढी हुने अरूणको लागतलाई वैकल्पिक क्षेत्रमा लगानी गर्दा नेपालमा अरूण- ३ को भन्दा ५०० मेगावाट बढी विद्युत उत्पादन गर्न सकिने दावी जलस्रोत इन्जिनियरहरूले पेश गरे।

नेपालमा अरूण- ३ बारे विवाद चलिरहेकै बेला मे १९९३ मा विश्व बैंकको कार्यदल "एप्रेजल मिशन" नेपाल आयो। जर्मनीको पुनर्निर्माण वैंक (के. एफ. डब्लु.), तथा एसियाली विकास बैंकका प्रतिनिधिहरू पनि सो मिशनमा संलग्न थिए। यस कार्यदलको मुख्य उद्देश्य अरूण बारे सूचना संकलन गर्नु तथा नेपालमा अरूण बारेमा भइरहेका पछिल्ला घटनाक्रमहरूको मूल्याङ्कन गर्नु थियो। कार्यदलका नेता तथा अरूणका लागि विश्व वैंकका मुख्य प्रबन्धक डोनाल ओ लेरीले अरूण- ३ कै पक्षमा बारम्वार वकालत गरिरहे। उनको दावी थियो- अरूण वाहेक अर्को आयोजना तत्काल तयार गर्न सकिने कुनै विकल्प नै छैन।

तर विश्व वैंकको सोही कार्यदल सेप्टेम्बर १९९३ मा अर्को पटक काठमाडौं आउँदा कार्यदलले अरूण भन्दा दुई वर्ष अघि नै १०० मेगावाटको कालीगण्डकी "ए," ६० मेगावाटको खिम्ती र १४ मेगावाटको मोदी खोला जलविद्युत आयोजना पनि तयार भइसक्ने कुरा स्वीकार गर्‍यो। चार महिना भित्रैमा कार्यदलले यो कुरा स्वीकार्नु आफैंमा

आश्चर्यको विषय थियो। जापानका विशेषज्ञहरूको टोली सोही वर्षको सेप्टेम्बर महिनामा नेपाल आइपुग्यो

डिसेम्बर १९९३ मा अरूणको विषयमा प्रष्ट असहमति व्यक्त गर्दै नेपाल विद्युत प्राधिकरण संचालक समितिका सदस्य दीपक ज्ञवालीले आफ्नो पदबाट राजीनामा दिनुभयो। अरूणको विवादलाई विश्व बैंक र श्री ५ को सरकारले वेवास्ता गरेपछि अरूण उपत्यकामा सक्रिय सामाजिक कार्यकर्ता तथा मानव अधिकारवादी संस्थाहरूले डिसेम्बर १९९३ मा अरूण सरोकार समूह गठन गरे। त्यस समूहले सबैभन्दा पहिला जलस्रोत मन्त्रालय र नेपाल विद्युत प्राधिकरणसंग अरूणका बारेमा जानकारी माग गऱ्यो। सम्बन्धित अधिकारीहरूले जानकारी दिन इन्कार गरे पछि सो समूहले सर्वोच्च अदालतमा सूचनाको अधिकारको वकालत गर्दै मुद्दा दायर गऱ्यो। सर्वोच्च अदालतले भविश्यमा हुन सक्ने विवादहरूका निम्ति समेत नजिर हुन सक्ने गरी सुसूचित हुने नागरिक अधिकारको पक्षमा फैसला दियो।

यसअवधिमा तत्कालीन प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसद पद्मरत्न तुलाधरको नेतृत्वमा जनअधिकारका लागि एक छानवीन आयोग पनि जनस्तरमा गठन भइसकेको थियो।

अरूण आयोजनालाई वर्तमान स्थितिमा नेपालका लागि अनुपयुक्त ठहऱ्याउने गैरसरकारी संस्थाको प्रतिनिधि मण्डलले जून १९९४ मा वासिङ्गटनस्थित विश्ववैंकको प्रधान कार्यालयमा दक्षीण एशिया क्षेत्रका उपाध्यक्ष जो उडसंग भेटवार्ता गऱ्यो। सो वार्ता अरूण- ३ का विकल्पहरू, स्थानीय जनताले पाउनुपर्ने यथोचित प्रतिफल, वातावरणीय प्रभाव तथा जनसहभागिता लगायतका विषयमा केन्द्रित थियो।

त्यसपछि नेपालबाट गएको गैरसरकारी संस्थाको प्रतिनिधि मण्डलले अरूणका लागि निर्णायक भूमिका खेल्न सक्ने अन्य कार्यकारी निर्देशकहरूलाई पनि भेटेको थियो।

अक्टोवर २४, १९९४ मा वाशिङ्गटनबाट फर्किएपछि अरूण सरोकार समूहले विश्व बैंकको निरीक्षण टोली समक्ष उजुर हाल्यो। विश्व वैंकका कार्यकारी निर्देशकहरूद्वारा गठन गरिएको वैंक व्यवस्थापनले वोर्डको कार्य निर्देशन र नीतिहरू अनुरूप काम गरिरहेको छ कि छैन भनी केलाउने तथा वैंकद्वारा लगानी गरिएका आयोजनाहरूबाट प्रभावित स्थानीय बासिन्दाको दावी विरोधबारे छानवीन गर्ने अधिकार प्राप्त सो टोली एक स्वतन्त्र निकाय नै हो।

सो निरीक्षण टोलीलाई विश्व वैंकका निर्देशकहरूको निर्णयले केही अधिकार मात्र सुम्पिएको थियो। निरीक्षण टोलीबाट अरूणको विकल्पका बारेमा खोजी गर्ने अधिकारलाई भने पूर्णरूपमा खोसिएको थियो। सो टोलीले जून २१, १९९५ मा कार्यकारी निर्देशकहरूलाई आफ्नो प्रतिवेदन बुझायो। सो प्रतिवेदनमा बाँध स्थलसम्म जाने पहुँचमार्गको निर्माणबाट विस्थापित हुने स्थानीय जनताहरूको पुनर्वास तथा पुनर्स्थापनाका लागि श्री ५ को सरकारले गरेको काम अपर्याप्त रहेको कुरा उल्लेख छ। साथै पुनर्वास सम्बन्धी आफ्नै नीति प्रष्ट गर्न नसकेको भनी वैंकको पनि आलोचना गऱ्यो।

अरूणका पक्षधरहरूको नेतृत्व तत्कालीन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. रामशरण महतले गर्नु भएको थियो। उहाँ अरूण फर्काउने नारा दिएरै संयुक्त सरकारको मन्त्री मण्डलमा अर्थमन्त्रीको रूपमा सामेल हुन सफल पनि हुनु भएको छ। अरूण पक्षधरहरूका विचारमा अरूण नेपालका लागि निर्विकल्प तथा सर्वोत्तम आयोजना थियो। "ठूला विद्युत आयोजनाहरूको नेपाललाई खाँचो छ, एउटै आयोजनामा मात्र दाताहरूबाट सहयोग माग्न सकिन्छ" अरूणलाई पुष्ट्याँइ गर्न पक्षधरहरूले अघि सार्ने गरेका थप प्रमाणहरू यस्तै थिए। र, उनीहरूका नजरमा अरूणलाई जस्ताको तस्तै स्वीकार्नु हुदैन भन्नेहरू ठूला आयोजना तथा विकास विरोधी थिए।

तर अरूणको विपक्षमा आवाज उठाउनेहरू भने अरूणलाई साना तथा ठूला आयोजनाको विवादसंग जोड्न चाहदैनथे। उनीहरू अरूण- ३ संचालन गर्दा सामाजिक क्षेत्रमाथिको जोखिम, राष्ट्रिय अर्थतन्त्र माथिको जोखिम, नदीसंग सम्बन्धित जोखिम, जलविद्युत क्षेत्र नै धराशायी हुने जोखिमबाट त्रस्त थिए। यसलाई अरूणको विवादमा सीमित नगरी मुलुकको आयोजना र प्रकृयाबीचको विवादको रूपमा प्रस्तुत गरिरहेका थिए। कुन समयमा, कुन प्रक्रियाबाट कस्ता आयोजनाहरू संचालन गर्ने ? यही प्रश्नको उत्तर अरूण समर्थकहरूबाट मागिरहेका थिए।

समयमा वृद्धि पुऱ्याउन नसक्दा वनलाई राष्ट्रिय धन भएको घोषणा गर्ने देशले अहिले वृक्षारोपण गर्न प्रतिवर्ष करोडौं रकम खर्च गर्नु परेको सन्दर्भ उल्लेख गर्दै उनीहरू भनिरहेका थिए- प्राकृतिक स्रोतको उचित प्रयोग गर्न जाने मात्र त्यो हाम्रो धन हो। त्यसो गर्न सकिएन भने त्यो धन तिर्नै नसकिने दायित्वमा परिणत हुन्छ। अरूणको विपक्षमा आवाज उठाउनेहरू अरूण आयोजनालाई घोडा भन्दा गाडा अगाडि राखिएको विश्वास व्यक्त गर्दथे। विकासका गतिविधिमा सहभागी हुन पाउने नागरिकको अधिकारलाई बेवास्ता गरिएकोमा उनीहरू आक्रोशित थिए।

विकाससंग गासिएका यी र यस्तैखाले थुप्रै समस्या तथा विसंगतिलाई हटाएर देशको लागि स्वस्थ्य, सन्तुलित र भरपर्दो विकास गर्न ध्यान दिनु जरूरी थियो। त्यसैले यी सवालहरूमा छलफल आवश्यक भइसकेको र त्यसको चिन्तालाइ राष्ट्रिय चिन्ताको रूपमा लिनु पर्ने थियो।

अन्तर्राष्ट्रिय क्षेत्रका ५० भन्दा बढी गैरसरकारी संस्था तथा थुप्रै विशेषज्ञहरूले अरूण- ३ को विरोधमा यसैकारणले चर्को आवाज उठाए। यो आवाज विकासको छनोट गर्न पाउने नागरिकको अधिकार माथि विश्व वैंकले गरेको हस्तक्षेपका विरूद्ध अन्तर्राष्ट्रिय ऐक्यवद्धता समेत थियो। र, अन्त्यमा प्रायोजित अरूण -३ फिर्ता लिन विश्व वैक बाध्य हुनु पऱ्यो। अरूण- ३ आयोजनालाई फिर्ता लिएको पाँच महिना वितिसक्दा पनि नेपालको जलविद्युत क्षेत्र अन्योलपूर्ण स्थितिमा छ।

सोचनीय पक्ष

अरूण ३ जलविद्युत आयोजना सरकारी तवरबाटनै २९८ वटा अध्ययन प्रतिवेदन तयार गरिएको आयोजना हो। यो अध्ययनका लागि मात्र सवा अर्व रूपयाँ स्वर्च भैसकेको छ। अरूण सरोकार समूहका संस्थापक तथा इञ्जिनियर गणेश घिमिरे भन्नुहुन्छ- यो रकम भनेको नेपालमा १५ मेगावाट विद्युत उत्पादन गर्न पुग्ने रकम हो। अरूण ३ आयोजनाको प्रस्तावलाई २०५१ सालमा अन्तिम रूप दिने नेपालका योजनाविद् तथा नीति निर्माताहरूले आयोजनाको कुल स्वर्च झण्डै ५४ अर्व रूपयाँ त्यस वर्ष पेश गरिने राष्ट्रिय बजेटको डेढ गुणा बढी छ भन्ने कुरालाई सम्झन सकेनन्।

२०५१ सालमा नेपालीहरूका काँधमा एक अर्व ९० करोड बैदेशिक ऋण थियो र अरूण ३ आयोजना संचालन गरेको भए एक्कै पटक नेपालीको काँधमा ३० प्रतिशत ऋण थपिने थियो। नेपाली नेताहरूले सस्तो व्याजदर भनेर व्यापक प्रचार गरेको रकम वापत नेपालले अरूण आयोजनाको निर्माणकालमै करीव १४ अर्व व्याज तिर्नु पर्ने थियो। तर गजवको कुरा अरूण ३ आयोजना सम्पन्न भइसक्दा कुल स्वर्चको ८१ प्रतिशत रकम प्राविधिक तथा उपकरणको नाममा विदेशीकै हातमा पुग्ने थियो।

सरकारले विद्युत क्षेत्रको विकासका लागि तयार पारेको २० वर्षे लगानी योजनाकै आधारमा भन्ने हो भने अरूण आयोजना सम्पन्न भएपछिको २० वर्षसम्म थप विद्युत उत्पादन हुने थिएन। यसको मतलव आगामी २० वर्षमा करिव २३ प्रतिशत नेपालीले मात्र विजुली बाल्न पाउने थिए। त्यसअवधिसम्ममा २३ प्रतिशत जनता भनेका अहिलेकै शहरीकरणको दरमा हिसाव लगाउँदा पनि काठमाण्डौं र विराटनगर जस्ता ठूला शहरमा बस्ने मानिस मात्र हुन्।

हाल नेपाली उपभोक्ताहरूले प्रति युनिट विजुलीको महशूल वापत करिव ४ रूपयाँ तिरिरहेका छन्। "आकर्षक आयोजना" भनिने अरूण ३ को विजुली उत्पादन भएपछि नेपाली उपभोक्ताहरूले एक युनिटको ८ रूपैयाँ ८० पैसा तिर्नु पर्ने थियो। त्यसवेला नेपाली ग्राहकले तिर्नु पर्ने प्रतियुनिट विजुलीको महशूल अमेरिकामा भन्दा दुई गुणा र भारतमा भन्दा तीन गुणा महंगो हुने थियो।

अरूण ३ मा स्वर्च हुने ५४ अर्व रकम विकेन्द्रीकरणको सिद्धान्त अनुसार देशका ७५ वटै जिल्लालाई वरावर भाग लगाउँदा हरेक जिल्लाका भागमा रू ७० करोड रकम पर्ने थियो। एलायन्स फर इनर्जीले गरेको दावी अनुसार यो ७० करोड रकम स्वर्च गर्दा हरेक जिल्लामा ५ देस्वि १० मेगावाट विजुली उत्पादन हुन्छ र यसबाट हरेक जिल्लामा दुई लास्व भन्दा बढी जनताले विजुली बाल्न पाउने थिए। अर्थात अरूण ३ मा स्वर्च गरेर २०१ मेगावाट विजुली उत्पादन गर्ने रकमले सोही अवधिमा ५०० मेगावाट विजुली उत्पादन गर्न सकिने थियो।

अरूण ३ को १२० किलोमिटर प्रवेश मार्गका लागि छुट्याइएको करीव आठ अर्व रकमले श्री ५ को सरकार, निर्माण तथा यातायात मन्त्रालयले हाल निर्माण गरिरहेको सडक लागतकै दरमा निर्माण गर्दा पनि ८०० किलोमिटर बाटो तयार हुने थियो। हाल नेपालमा सडक प्रतिकिलोमिटर ७० लास्व देस्वि एक करोडसम्मको लागतमा निर्माण भइरहेका छन्। इञ्जिनियर गणेश घिमिरेका अनुसार अरूण ३ प्रवेश मार्ग नेपालमा निर्माण भइरहेका सडकहरूको औसत लागतका तुलनामा ५ दोव्वर महंगो थियो। अरूण ३ को प्रवेश मार्ग निर्माण गर्दा विस्थापित हुने १३२ परिवारलाई सरकारले ५ करोड रकम मुआब्जा दिइसकेको थियो भने यस आयोजनाबाट कुल १५५ परिवार विस्थापित हुने थिए।

आयोजनाको असफलता

अरूण-३ मरेको औपचारिक घोषणा विश्व वैंकले सन् १९९५ को अगस्त ३ तारिस्वमा गऱ्यो। तर जलस्रोतविद् तथा स्रोत अर्थशास्त्री दीपक ज्ञवाली भन्नुहुन्छ- अरूण-३ को जन्मदै फोक्सो, मुटु र मृगौला केही पनि थिएन। दश वर्षसम्म अरूण-३ लाई कृत्रिम स्वासप्रश्वास प्रक्रियाद्वारा जीवित देस्वाउने कोशिस गरिएको थियो। अहिले विश्व वैंकले कृत्रिम स्वासप्रश्वासका लागि प्रयोग गरिएको रिसक्सीटेटर मेशिन झिकिदियो। जसले गर्दा अरूण-३ भर्स्वरै मरेको भ्रम नेपाली नीति निर्माता र राजनीतिज्ञहरूलाई परेको छ। वास्तवमा अरूण-३ मृत अवस्थामा नै जन्मिएको थियो।

अरूण-३ औपचारिक रूपले मरेपछि यसको "पोष्टमार्टम" गरियो। तर दलीय राजनीतिक डाक्टरहरूका नजरमा अरूण-३ को मृत्यु हुने कारण अलग-अलग हुन्। विश्व वैंकले नेपालका लागि अरूण-३ ज्यादै जोस्विमपूर्ण हुने, अरूण-३ लाई धान्न नसक्ने र दाताराष्ट्रले अरूण-३ माथि लगानी गर्ने निर्णय गर्न डेढ वर्ष भन्दा बढी लाग्ने कारण देस्वाएर अरूण-३ हाल लागू गर्न सम्भव नभएको ठहर गऱ्यो। तत्कालीन प्रतिपक्षी पार्टीहरू नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीले मुलुकमा कम्युनिष्ट शासन भएको हुँदा विदेशी अनुदान रोक्का भएको निष्कर्ष निकाले। नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले जारी गरेको अध्यादेश वजेट अरूण-३ को मृत्युका लागि अन्तिम वाण बनेको प्रचार विपक्षी पार्टीहरूले जाँगर चलाएर गरे। सत्तामा पुगेको केही समयसम्म स्पष्ट धारणा बोकेको एमाले सरकार पनि शासनकालको उत्तरार्धमा पुग्दा राजनीतिक बाध्यताले नै हुनसक्छ, अरूण-३ लाई संचालन गर्ने टुङ्गोमा पुग्यो। यो असम्भव आयोजना संचालन हुने कुनै आधार थिएन। यसर्थ अहिले अरूण-३ हत्याको कलंक एमालेले वेहोर्नु परिरहेको छ।

विश्व वैंक र हाम्रो अधिकार

विश्व बैंक समग्रमा एउटा व्यापारिक संस्था हो। यसले लगानीका आधारमा मुनाफा कमाउने उद्देश्य रास्व्छ। त्यसैले संबन्धित राष्ट्का जनताको आर्थिक तथा सामाजिक

पक्षलाई गौण रूपमा हेर्ने गर्छ। त्यसैले यो संस्था स्थापनाकाल देखि नै विवादास्पद बन्दै आएको छ। निश्चित शक्ति राष्ट्रहरूको स्वार्थ पूर्तिका लागि स्थापना गरिएको यस बैंकले आफ्नो स्वार्थ अनुरूप काम गर्न नचाहनेहरूलाई आर्थिक नाकाबन्दी लगाउने र प्रत्यक्ष वा अप्रत्यक्ष धम्की समेत बेलामौका दिने गरेको छ। त्यसैले विश्व बैंक देश विशेषको जन चाहना विपरीत पटक पटक प्रस्तुत भइ सकेको छ।

नेपाली जनताको राष्ट्रिय हित अनुकूल निर्णय गर्ने अधिकारलाई नै चुनौति हुने गरी विश्व बैंकले जुन शर्तहरू राख्यो, त्यसलाई देशभक्तहरूले आफ्नो अधिकारको सुरक्षा गर्न विरोध गर्नु पर्ने देखे। विद्युत महशूल निर्धारण विश्व बैंकले नै गर्ने, तीन वर्षसम्मको सम्पूर्ण बजेटको स्वीकृति विश्व बैंकबाट लिनु पर्ने, गरीब जनताले तिर्न नसक्ने गरी विद्युत मूल्य बढाई विश्व बैंकलाई रकम दिँदै जानु पर्ने, विद्युत प्राधिकरणको लेखा परीक्षण विश्व बैंकले तोकेको लेखा परीक्षकबाट गराउनु पर्ने र अरूण क्षेत्रका जनताको आवश्यकता अनुरूप बाटो निर्माण नगरी त्यस क्षेत्रको वातावरण तहस नहस हुने स्थानबाट आफ्नो अनुकूलता अनुसार विश्व बैंकले बाटो बनाउन पाउनु पर्ने जस्ता कुराहरूबाट नेपाली जनताको अधिकारमाथि ठाडै थिचोमिचो हुने थियो। विश्व बैंकका हैकमी शर्तहरूले हाम्रो अधिकारको उल्लंघन गर्ने जुन चेष्टा गरेको थियो, त्यसको प्रतिकार गर्ने पक्षधरहरूको बलियो जनमत भएकाले पनि आयोजना रद्द हुन पुग्यो।

अरूण- ३ जलविद्युत आयोजना सम्बन्धी विवादमा विश्व बैंक स्वयंको व्यवहार अझ संवेदनशील बन्यो। यो आयोजना विश्व बैंकको ऋणसंग मात्र सम्बन्धित थिएन। यस आयोजनामा थुप्रै मित्रराष्ट्रहरूले नेपाली जनताको समुन्नतिका लागि दिएको अनुदान रकम पनि समावेश थियो। र, अरूण आयोजनाको कार्यकारी निकाय विश्व बैंक थियो। मित्रराष्ट्रहरूले नेपाल र नेपालीको हितका लागि निस्वार्थ भावनाले दिएको रकम एउटा व्यापारिक संस्थाको नेतृत्व र स्वार्थ अनुरूप प्रयोग हुनु आश्चर्यको विषय हो। अरूणको विरोधमा आवाज उठाउनेहरूको जमघटमा यस घटना पछि बारम्बार एउटै प्रश्न उठ्ने गरेको छ- यस्ता आयोजनामा संलग्न हुनु अघि विश्व बैंकले प्रजातन्त्र र मानव अधिकार प्रतिको आफ्नो धारणा स्पष्ट पार्नु पर्ने कि नपर्ने ?



अरूण जलाधार तथा आयोजना स्थल



Figure No. 8.1

मकालु-वरूण आरक्ष

निष्कर्ष

मरिसकेको अरूण-३ जलविद्युत आयोजनालाई फर्काउन सार्वजनिक रूपले संकल्प गर्ने नेपाली कांग्रेस संयुक्त सरकारमा सामेल भएपछि प्रस्तुत गरिएको आर्थिक वर्ष २०५२/०५३ को वजेटले अरूण-३ आयोजनाका नाममा रू १० लाख विनियोजन गरेको छ। नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीको संयुक्त सरकारका तर्फबाट अर्थमन्त्री डा. रामशरण महतले २०५२ साल असोज २९ गते संसदको दुवै सदनमा दिनु भएको वजेट भाषण सुनिसक्ने वित्तिकै एक जलस्रोतविज्ञको टिप्पणी थियो- हाम्रा लागि अरूण-३ वास्तवमा धान्नै नसकिने ठूलो आयोजना हो। आफ्नो भनाईलाई पुष्टि गर्न उनले वजेटलाई नै उद्धृत गरे- अब अरूण-३ को सद्गत गर्न मात्र पनि १० लाख रूपयाँ खर्च हुने भएछ।

विगतका केही आर्थिक वर्षदेखि कम्तिमा एक अर्ब तीस करोड रकम विनियोजित हुदै आएको अरूण-३ का लागि यस पटकको वजेटमा १० लाख रूपियाँ मात्रै विनियोजन गरिनुमा, यो आयोजना फर्काउन सकिदैन भन्ने विश्वासले भरपूर काम गरेको थियो। तर वजेट पेश गरिसकेपछि पनि अर्थमन्त्री डा. महतले अरूण-३ फर्काउन नेपाली कांग्रेस सफल हुने "दावी भाषण" गर्नु चाँहि सस्तो राजनीतिक दाउपेचको सूचिमा पछिल्लो उदाहरण बन्न पुगेको छ।

यो आयोजना कार्यान्वयन भएका खण्डमा अरूण उपत्यकावासीले भोग्नु पर्ने वातावरणीय ह्रास र हरेक शर्तमा राष्ट्रले टाउको झुकाएर लगानीकर्ता अर्थात् विश्व बैंकसंग लत्रनु पर्ने बाध्यता तर्फ भने अरूण पक्षधरहरू मौन देखिन्छन्।

अरूण-३ सरकारी योजनाकार तथा नीति-निर्माताहरूका विचारमा, देशमा विद्यमान विद्युत संकटको समाधान गर्ने जादुको छडी नै थियो। त्यसैले नेपाली जलविद्युत क्षेत्र विगत दश वर्षसम्म आँखा चिम्लिएर अरूण-३ का पछाडि दगुर्‍यो। अन्त्यमा अरूण-३ को प्रायोजक संस्था विश्व बैंक स्वयंले यस आयोजनालाई हाल सञ्चालन नगर्ने भनी एकपक्षीय निर्णय गरेपछि नेपाली नीति निर्माताहरू हिजोआज शोकाकुल बनेका छन्। ■

अनुसूची ३

नेपालमा किसान आन्दोलन

प्रस्तुत अनुसूचिमा नेपालको किसान आन्दोलनका बारेमा सर्सर्ति बताइएको छ। सम्पूर्ण किसान आन्दोलनलाई प्रस्तुत गर्ने प्रयत्न हुँदाहुँदै पनि कतिपय घटनाक्रम छुटेका भने हुन सक्छन्। यसमा किसानहरूद्वारा आफ्नो हक हितका लागि चलाइएका आन्दोलनहरूलाई मात्र समेटिएको छ। स्थानाभावका कारण घटनाको पृष्ठभूमि, संवैधानिक र कानूनी अवस्था आदिका बारे मात्र चर्चा गरिएको छैन्। आन्दोलनको प्रवृत्तिलाई उजागर गर्ने उद्देश्यका साथ केही घटनाक्रमलाई अलि विस्तारमा प्रस्तुत गरिएको छ। अनुसूचि ००७ देखि ०४६ को जनआन्दोलनसम्मको अवधिमा केन्द्रित छ। त्यसैले खासगरी ०४६ पछि कमैयाहरूको मुक्तिका लागि भएका अभियानका सम्बन्धमा यसमा उल्लेख गरिएको छैन।

भेंडा र बाख्रा सरिका हामी
हक आफ्नो देख्दैनौं।
भेंडा त बिक्छ रूपैयाँ पाँचमा
हामी त बिक्दैनौं।

महाकवि देवकोटाले ००७ सालको सेरोफेरोमा जागरणका निम्ति यस्तो पक्ति लेखेका थिए। नेपालको किसान आन्दोलनले संगठित रूपमा त्यही समयतिर देखि वामे सर्न शुरू गरेको हो। भेंडा पाँच रूपैयाँमा बिक्ने तर आममानिसले पशुतुल्य जीवन बिताउनु पर्ने अवस्थाका बिरूद्ध किसानहरूले त्यही सेरोफेरोमा संघर्षको मैदानमा टेकेका थिए।

वि.सं. १९७७ साल साउनमै "मकैको खेती" मार्फत् सुब्बा कृष्णलालले नेपालीको कृषि व्यवस्था र नेपाली किसानहरूको दयनीय स्थितिको चित्रण गरे भनी उनलाई कठोर सजाय दिइयो। उनको जेलमै मृत्यु भयो। किताबको भूमिकामा उल्लेखित नेपाली कुकुर र बेलायती कुकुरको तुलना अनि मकै खाने रातो टाउके र कालो टाउके कीराको प्रसंगलाई आपत्तिजनक ठहऱ्याई किताबका छापिएका हजारप्रतिमध्ये ९ सय ९९ प्रति जलाइयो।

नेपालमा किसान आन्दोलन असंगठित रूपले भने धेरै पहिले देखि शुरू भएको हो। सातको सेरोफेरोमा शुरू भएको संगठित आन्दोलनले पनि लामोसमय देखिको असंगठित एवं स्वस्फूर्त किसान आन्दोलनको पृष्ठभूमि बोकेको छ। राजा महेन्द्रको समयमा काठमाडौंका किसानहरूले आफ्ना पीडा र समस्याहरूका सम्बन्धमा दरबारमा निवेदन पेश गरेको कुरा पनि इतिहासमा पाइन्छ।

००७ सालको सेरोफेरोमा भएका किसान आन्दोलनहरू

सातसाल पछिसम्म आम नेपाली किसानहरूको अवस्था पशुतुल्य थियो। किसानहरूले तराईको अधिया प्रथामा वा पहाडको कुत प्रथामा जमिन मालिक वा सामन्तहरूले तोके बमोजिमको दरमा बाली बुझाउनु पर्थ्यो। किसानहरूले मरिमेट्दा पनि एक टुक्रा जमिनको कुत मिनाह हुँदैनथ्यो। बेठ, बेगारी, सलामी आदि जस्ता विना ज्याला र अनिच्छाका कर उठाएर प्रशासनले पनि किसानहरूको टाउको माथि बोझ नै बोझ थपेको थियो। बाली तिर्न नसक्दा जोताहा किसानहरूलाई भूमि मालिकहरू लठैत लगाएर पक्रन्थे र चिसो छिडींमा बन्दी बनाउँथे।

००७ साल कार्तिक २६ गते नेपाली कांग्रेसले राणा शासन विरूद्ध सशस्त्र संघर्ष शुरू गऱ्यो। उक्त संघर्षमा राजा त्रिभुवनको पनि समर्थन थियो। अन्यायको जाँतोमा पिसिएका किसानहरूले त्यो संघर्षलाई साथ दिए। संघर्षमा किसानहरूले गरेको सहयोगका सम्बन्धमा पुष्पलालले लेख्नु भएको छ– "राणा शाहीको जहाँनिया शासनलाई समाप्त गरी तथाकथित जनप्रतिनिधि सरकार गठन गरी देशमा साम्यवादको उठानलाई रोक्ने उद्देश्यले प्रेरित भई चलाएको उक्त संघर्षले उत्तरोत्तर विराट रूप लिन थाल्यो। त्यस समय नेपाल कम्युनिष्ट पार्टी भर्खरै जन्मेको भएतापनि उक्त संघर्षलाई समर्थन गरी त्यसलाई पूर्ण रूपले सामन्ती र साम्राज्यवादी विरोधी संघर्षमा परिणत गर्ने आफ्नो नीतिलाई स्पष्ट रूपले घोषणा गरेको छ। विभिन्न स्थानहरूमा जनताले आफ्नै पहल कदमीमा मुक्ति फौजको गठन गरी राणा शाही सरकारलाई अपदस्थ गर्दै एकपछि अर्को जिल्लामा जनसरकार गठन गर्न थाले। यस संघर्षमा पूर्वमा रामप्रसाद राई, मध्य नेपालमा एकदेव आले, पश्चिममा चित्रबहादुर गुरूङहरूले आ-आफ्नो पहलकदमीमा मुक्ति सेनाहरू गठन गरी स्थानीय सामन्तहरूको विरूद्ध उठाइएका विभिन्न क्रान्तिकारी कदमहरू अति प्रशंसनीय र अनुकरणीय छन्। यसरी इलाकीय सामन्ति शोषणको विरूद्ध क्रान्तिकारी कदमहरू चालिए। "जमिन कस्को, जोत्नेको" नाराका साथ सामन्तहरूको जमिन किसानहरूले कब्जा गर्न थाले। कैयन जाली तमसुक च्यातिए र सामन्तहरूको वेरी तथा मकारी कब्जा गरी जनताको वीचमा अनाज बाँडिन थाल्यो। अत्याचारी प्रशासक

तथा जाली फटाह र सामन्तहरूका विरूद्ध मुद्दा सुन्नको निम्ति जनअदालत गठन हुन थाले। यसरी इलाका-इलाकामा सामन्ती व्यवस्था विरोधी कार्य गर्दै चारैतिरबाट मुक्ति फौजको अभियान देशको राजधानी काठमाडौं तिर हुन थाल्यो।"

००७ साल पछि राजधानीमा कम्युनिष्ट, कांग्रेस र प्रजापरिषद्को संयुक्त मेलाले अखिल नेपाल किसान संघ मध्यप्रान्तीय कमिटीको गठन गर्‍यो। त्यस कमिटीको सभापतिमा नाती महर्जन, सेक्रेटरीमा शम्भुराम श्रेष्ठ र संगठन विभाग प्रमुख वासुपासालाई चुनिएको थियो। तर पछि वासुपासा संगठन कम्युनिष्टहरूको कब्जामा गयो भनेर त्यसबाट अलग्गिनु भयो। ००८ सालमा कृषि सुधार संघ र किसान मजदूर संघको एकीकरण भयो र अखिल नेपाल किसान संघको जन्म भयो। अखिल नेपाल किसान संघको घोषणा ००८ साल वैशाख १४ गते टुँडिखेलमा विशाल आमसभाका बीच गरिएको थियो। त्यसबेला नेपाललाई ३५ जिल्लामा बाँडिएको थियो र किसान संघ २४ वटा जिल्लाहरूमा फैलिएको थियो। तुल्सीलाल अमात्यको सभापतित्वमा बनेको राष्ट्रिय स्तरको उक्त समितिका उपसभापति शम्भुराम श्रेष्ठ हुनुहुन्थ्यो भने सदस्यहरू क्रमशः निरन्जन गोविन्द बैद्य, कमलराज रेग्मी, नरबहादुर कर्माचार्य आदि हुनुहुन्थ्यो।

सात सालको परिवर्तन पश्चात् क्रान्तिकारी युवाहरू जोताहा किसानहरूलाई पनि "नाना, खाना र छाना" को व्यवस्था हुनु पर्छ भन्दै अग्रसर हुन थाले। त्यसै सेरोफेरोमा सात साल फागुनको चौधौं दिन उपत्यकामा नेपाल कृषि सुधार संघको स्थापना गरियो।

त्यतिबेला अर्थात् संघ खोल्ने क्रममा पूर्वउल्लेखित कार्यकर्ताहरूले के कस्तो प्रयास गर्नु पर्‍यो र त्यस बेलाका किसानहरूको मनस्थिति कस्तो थियो भन्ने विषयमा तत्कालीन किसान नेता पदमबहादुर बुढाथोकीले त्यस बेलाको स्थितिको वर्णन गर्दै लेख्नु भएको छ- "तलछिङ मार्नु, राजा मार्नु, देउता मार्नु आदि पाप हुन् भनेर केही अर्ध किसान हाम्रो किसान आन्दोलनको जोशमा डराउँथे। हामी सक्रिय कार्यकर्ताहरू तिनीहरूलाई भन्दथ्यौं- प्रजातन्त्रमा दुई सरकार हुँदैन। भूमिको कर सरकारले मात्र लिन सक्छ। बिर्तावालले लिन सक्दैन। यदि लिने हो भने शोषण नीति हट्दैन। अब प्रजातन्त्रमा समान हक हुनाले तिरो, भरो कानून सबैलाई एकै हुनुपर्छ। भूस्वामित्व सरकारको हो र जमीन जोत्नेको हुनुपर्छ। जमिनबाट हुने लामको भूमि कर सरकारको ढुकुटी भित्रिनु पर्छ र उत्पादनको सम्पूर्ण श्रेय किसानलाई हुनु पर्छ। आर्थिक नीति यस प्रकारबाट चलेन भने जमिनको उत्पादन बढ्दैन र किसानहरूको आर्थिक दशा सुध्रिदैन। किसान भनेको नेपालको बहुमत भएको जनता हो र जनताको आर्थिक दशा सुध्रिएन भने प्रजातन्त्रको हँस्सी मज्जा पुराना शासकले गर्ने छन् भनी सम्झाउने गर्दथ्यौं।"

नेपाल कृषि सुधार संघको झण्डामा सेतो भूईंमा स्वर्पन कोदालो बोकेको किसानको चित्र अंकित थियो। संघको सभापति पद्मबहादुर बुढाथोकी हुनुहुन्थ्यो भने सदस्यहरूमा गोपालप्रसाद गौतम, राम राजथला, कृष्ण बुढाथोकी, अंगीरस उपाध्याय पौडेल, रत्नप्रसाद पोखरेल, गोविन्दप्रसाद गौतम, कृष्णप्रसाद पौडेल, भवनाथ न्यौपने, लीलाबहादुर थापा र अर्जुन थापा हुनुहुन्थ्यो। त्यसै समयको हाराहारीमा किसान मजदूर संघ नामक संगठन पनि अस्तित्वमा आएको देखिन्छ।

किसान संघमा सुधारको आवश्यकता छ भन्दै ०११ साल माघ २६ गते पद्मबहादुर बुढाथोकी सभापति र वासुपासा सेक्रेटरी रहनु भएको अखिल नेपाल किसान संघ शुद्धिकरण समिति गठन गरियो। त्यसपछिका दिनहरूमा गुठीमा तीन खण्ड धान, एक खण्ड नगद नलिई आधा नगद, आधा जिन्सी दिइयोस्, बाली तिर्ने म्याद चैत मसान्तबाट बढाइयोस् आदि मागहरूका साथ उपत्यकाका किसानहरू संघर्षमा अग्रसर भइरहे। अखिल नेपाल शुद्धिकरण किसान संघका अन्य पदाधिकारीहरू कनकबहादुर, पूर्णप्रसाद, रूद्रनाथ आदि हुनुहुन्थ्यो। यसका शाखाहरू काठमाडौं वरिपरिका जिल्लाहरूमा सक्रिय थिए। उक्त संघको कार्यगत नीति र उद्देश्य दुई वर्षे र तीन वर्षे गरी दुई चरणमा तय गरिएका थिए। पर्ति जग्गाहरू स्थानीय सुकुम्बासीहरूलाई वितरण गर्ने, सबैप्रकारका खान्गी प्रथा रोक्ने र स्वास्थ, शिक्षा, खानेपानी, यातायातको प्रबन्ध गर्ने लगायतका १२ वटा कार्यक्रमहरू तीन वर्षे कार्यक्रम अन्तर्गत राखिएका थिए। शुद्धिकरण समितिले आफ्नो गतिविधि पनि अघि बढायो। तर पछि त्यो समिति आफै सेलायो। पद्मबहादुर जीवन पर्यन्त कम्युनिष्ट पार्टीभन्दा टाढा पनि जानु भएन।

अखिल नेपाल किसान संघसंग शुद्धिकरण किसान संघको मतभेद थियो। मतभेद हुनुको मूल कारण अखिल नेपाल किसान संघ कम्युनिष्ट पार्टीको संरक्षणमा रहनु नै थियो। अखिल नेपाल किसान संघको धारणा शुद्धिकरण संघको भन्दा फरक थियो। अखिल नेपाल किसान संघको धारणा यस्तो थियो- "सामन्ती भूस्वामित्वको अन्त्य हुनुपर्छ। सम्पूर्ण भूमिहीन किसानले जमिन पाउनु पर्छ। जस्को जोत उस्को पोत हुनु पर्छ।" कम्युनिष्ट पार्टीले तात्कालीन स्थितिमा तल्सिङबाट असीमित एवं अनियन्त्रित रूपले बाली असुल गर्ने परिपाटी भएकोले त्यसलाई नियन्त्रित गर्नको निम्ति "तल्सिङलाई कुत बुझाउनु पर्छ किनभने उनीहरू मध्यम वर्गीय जनता हुन् र उनीहरू जमिनको आयमा आश्रित छन्" भन्ने नीति अघि सारेको थियो। तर शुद्धिकरण संघ भन्दथ्यो- "भूमिको कर सरकारले मात्र लिन सक्छ। विर्तावालले लिन सक्दैन। ... भूस्वामित्व सरकारको हो र जमिन जोत्नेको हुनु पर्छ।"

००७ पछि किसानहरूको संगठित हुने क्रम निकै द्रुत गतिले अघि बढ्यो। ००७ देखि ००९ सालसम्म लुम्बू, काठमाडौं, पूर्व कोशी, पश्चिम कोशी, उत्तर गण्डक, पश्चिम गण्डक, आदि विभिन्न क्षेत्रमा किसान संगठनका शाखाहरूको स्थापना गरिए।

००७ सालको संघर्षमा जमिन्दार, विर्तावाल र सामन्तहरूले प्रत्यक्ष रूपमा राणा शासकहरूलाई सघाए। तर जहाँ-जहाँ सामन्तहरूको अत्याचारको प्रचार हुन सक्यो त्यहाँ-त्यहाँ किसानहरूले आन्दोलनकारीहरूलाई सघाए। डा. के.आई. सिंहले भैरहवामा आक्रमण गर्दा किसानहरूको उल्लेख्य सहयोग पाउनु भयो। सोही वर्ष किसानहरूले रौतहटमा अमिनी कचहरी समेत कब्जा गरे। उक्त संघर्षका क्रममा किसानहरूलाई

कुत मिनाहा गर्ने, ऋण मुक्त गर्ने, मोहियानी हक सुरक्षित पार्ने, भूमि वितरण गर्ने जस्ता आश्वासनहरू दिइएको थियो। तर ००७ साल फागुन ७ गते पछि पनि ती आश्वासनहरू पूरा नगरिएपछि किसानहरूमा आक्रोस बढ्यो। किसानहरू माफ देशव्यापी रूपमा जागरण छायो। जमिनमाथि आफ्नो हक हुनुपर्छ भनेर किसानहरू जुर्मुराउन थाले।

००८ सालपछिको स्थिति यस्तो थियो - सरकार किसान आन्दोलन दबाउन प्रहरी बलको प्रयोग गरिरहेको थियो। सामन्तहरू गुण्डादलहरू बनाइरहेका थिए। अर्कोतिर किसानहरू आत्मरक्षा दलहरू गठन गरी रहेका थिए। किसानहरूले आफ्नै अदालत र घुम्ती जेल समेत बनाएका थिए। तराईको क्षेत्रमा पनि आन्दोलन तीब्र वेगका साथ अघि बढ्यो। जनताले आफ्नो आन्दोलनलाई अगाडि बढाउनको निम्ति स्थानीय भाषामा समेत अपिल प्रकाशित गर्दै भनेका थिए- "जमीन, अन्न और वस्त्र के लिए संगठित आन्दोलन तेज करो" शीर्षकमा निकालिएको पर्चामा लेखिएको थियो "वीरगंजमे भी किसानो ने रोटी, रोजी और कपडा आदि की माग लेकर आन्दोलन किया इसमे भी सरकार ने भूखे नंगे किसानोका पक्ष न लेकर शोषकों का ही पक्ष लिया।... चार आदमी मारे गये और तीन लाश बेपत्ता करदी गई। कितने ही किसान सख्त घायल हुए और इन घायलों को अस्पताल पहुचाने के लिए स्वयम्‌सेवकों का काम करने वाले नेपाली कांग्रेस, प्रजापरिषद्, किसान संघके प्रमुख कार्यकर्ता महेशमणि दीक्षित (किसान संघ), मेघराज उपाध्याय, ढुण्डीराज शर्मा मखनाजी (नेका) आदि गिरफ्तार कर लिए गए"। उक्त आन्दोलनको नेतृत्व कम्युनिष्ट पार्टीले गरेको थियो। केन्द्रीय स्तरमा आन्दोलनको विरूद्धमा हिरो भए पनि केही स्थानीय कांग्रेस कार्यकर्ताहरू आन्दोलनको पक्षमा रहेका थिए।

००७ सालको परिवर्तन पश्चात आएको जागरण

नेपालको किसान आन्दोलनको इतिहासमा सातसालपछि केही वर्षसम्म सुदूर पश्चिमका भीमदत्त पन्त पनि सक्रिय रूपमा देखा पर्नु भयो। सात सालका स्वतन्त्रता सेनानी पन्तले ००८ सालको अन्त्यतिर देखि आफूलाई पूर्ण रूपमा किसान आन्दोलनमा केन्द्रित गर्नु भयो। उहाँ हलिया-कमैया प्रथाको अन्त्य र जमीनमाथि जोत्नेको भूस्वामित्वको नारा दिँदै बझाङ, बाजुरा र वैतडीमा पनि घुम्न थाल्नु भयो। ती जिल्लाहरूमा शाखाहरू खोले पश्चात उहाँ कैलाली र कञ्चनपुरमा पनि आन्दोलन विस्तार गर्न पट्टि लाग्नु भयो।

किसानहरूलाई संगठित तुल्याउने दिशामा पन्तको सक्रियता बढ्दै गएपछि उहाँ जमिन्दारहरू र सरकारको समेत आँखाको कसिंगर बन्न थाल्नु भयो। स्थानीय अभिजातहरूले उहाँलाई सातसाल फागुन सात अघि पनि मार्ने दुष्प्रयास गरेका थिए।

००९ साल माघमा उहाँलाई कञ्चनपुरबाट षडयन्त्रमूलक ढंगले गिरफ्तार गरियो। असारमा उहाँलाई छोडियो र केही दिन पछि नै पुनः गिरफ्तार गरियो। तर पन्त सरकारको पञ्जाबाट मुक्त हुन सफल हुनु भयो। त्यसपछि नेपाल र भारत दुबै देशको सरकार "पन्त खतरनाक कम्युनिष्ट हुन्" भनी उहाँको खोजी गर्न लागे।

त्यसै क्रममा नेपालका तत्कालीन प्रधान सेनापति किरण शमसेरले भीमदत्त पन्तलाई ज्यूँदै पक्रेर ल्याउने वा मृतक रूपमा ल्याउनेलाई पाँचहजार नगद पुरस्कार दिने घोषणा गरे। पन्तलाई व्यापक जनसमर्थन प्राप्त थियो। त्यसैले उहाँ ०१० साल साउनसम्मै जनताकै काखमा भूमिगत जीवन बिताउन सफल रहनु भयो। तर ०१० साल साउन १७ गते विहान उहाँलाई छलकपट गरी डडेलधुरामा पक्राउ गरियो। उहाँलाई पक्रने वित्तिकै कुटपिट गर्न थालियो। एक गोली कोख्यामा हानेर उहाँलाई कठोर यातना दिइयो। त्यसपछि एकजना सिपाहीले खुकुरी प्रहार गरी उनको टाउको छिनाए। प्रहरी उहाँको टाउको बोकी सोही दिन डडेलधुरा खलंगा तर्फ लागे। साउन १८ गते उहाँको टाउको खलंगा बजारमा पुर्‍याइयो। उहाँको टाउकोलाई बाँसमा झुण्ड्याई प्रदर्शन गरियो। स्थानीय जमिन्दारहरूले उहाँको हत्या भएकोमा अति खुसी मनाए। भीमदत्तको क्रूरतापूर्वक हत्या गरिएपश्चात उहाँका झण्डै तीनसय अनुयायीहरूलाई गिरफ्तार गरियो। पन्तका पचासजना भन्दा बढी सहयोगीहरूलाई घाइते बनाइयो। गिरफ्तार गरिएका कार्यकर्ताहरूलाई ०१३ सालमा मात्र रिहा गरियो।

०१० साल असोज ४ गते देखि भूमिसुधार कमिशनले किसानहरूको मागका सम्बन्धमा प्रक्रिया अघि बढायो। त्यसै वर्ष कार्तिक १५ गते काठमाडौंको किसानहरूले कमिशन समक्ष पहिले सहमति भए बमोजिम ६ वटा मागहरू चाँडो पूरा गराउन दबाब दिने निधो गरे। यसरी उपत्यकाका किसानहरू माल अड्डाले लिने गरेको सैकडा ४ जिन्सी प्रथा हटाई नगद बुझियोस्, तालुकदारी र जिमिन्दारी प्रथा खारेज होस्, राजगुठीमा माल भाउका दरले नगदै बुझियोस्, तिरो लिने व्यवस्था समान होस्, विर्ता खारेज होस् जस्ता मागहरूका साथ अग्रसर भए।

सरकारले बेवास्ता गरेपछि किसानहरू खुला अपीलका साथ मैदानमा ओर्लिए। मंसीरदेखि किसानहरू खुलेरै मैदानमा उत्रिए। पुष १९ गते १२ जना आन्दोलनकारीहरू पक्राउ परे। थुनामा परेकाहरूलाई खान समेत नदिई तीन-तीन महिनासम्म राखियो। फेरी ०११ साल फागुन १६ गतेदेखि उपत्यकाका किसानहरूको अर्को चरणको आन्दोलन प्रारम्भ भयो। त्यस क्रममा करिब ५५ जना किसानहरूले १०। १० महिना जेल सजाय भोग्नु पर्‍यो।

००८-९ सालमा रौतहट र वारामा भएको "जी कहो" र "रे कहो"आन्दोलनले नेपाली किसान आन्दोलनमा महत्वपूर्ण ठाउँ ओगटेका छन्। नारायणी अंचलको रौतहट जिल्लामा फैलिएको सामन्ती शोषणा र उत्पीडन विरोधी किसान संघर्षले बारालाई पनि प्रभावित पार्‍यो। रौतहटका किसानहरू पनि "रे कार विरोधी" आन्दोलनमा सामेल भए। वाराको आन्दोलन रौतहट जिल्लामा चलेको "जी कहो" आन्दोलनकै प्रतिरूप थियो। त्यो आन्दोलन सामन्तहरूले आफ्नो हैकम देखाउँदै गरीब भूमिहीन किसानहरूलाई तुच्छ ठान्ने, हेपेर बोल्ने परिपाटी विरूद्धको आन्दोलन थियो। सामाजिक मर्यादा, इज्जत र स्वाभिमानका खातिर चलाइएको आन्दोलन थियो।

०ं०९ सालमा बाराको लरईमा अखिल नेपाल किसान संघको नेतृत्वमा तत्कालीन किसान समस्याका सम्बन्धमा आयोजित विशाल किसान ऱ्यालीले उनीहरूको आन्दोलनमा नयाँ गति प्रदान गऱ्यो। ऱ्याली अत्यन्त सफल रह्यो। उक्त ऱ्यालीका बारेमा भनिन्छ ऱ्यालीमा सहभागी हुन आएका किसानहरूका लागि छाकै पिच्छे १७ मन चामलको भात पाक्दथ्यो। तर भात बराबरी बाँड्दा एक जनाको भागमा एक डाडुमात्र पर्थ्यो। गाउँ-गाउँमा आन्दोलन अघि बढ्दै गयो। त्यसै क्रममा संगठनको नेतृत्वमा क्रान्तिकारी किसानहरूद्वारा "मद्दत भकारी खडा करो" भन्ने नारालाई पनि अघि बढाइयो। त्यस्तो मद्दत भकारीमा किसानहरूले आफू सक्दो अन्न, पैसा जम्मा गर्नु पर्थ्यो र सामन्तहरूले पनि "किसान संघ" ले तोके बमोजिम चन्दा दिन बाध्य हुनु पर्थ्यो। संघर्ष अघि बढ्दै गयो। सामन्तहरूले दमन गर्ने षडयन्त्र पनि गरिरहे। ०११ माघ ९ गते आफ्ना किसान नेताहरू मधु सिंह, रामवृक्ष चौधरी "कमरेड", नन्द किशोर चौधरी, मोहन सिंह महतो, नन्दन अर्याल, देवनारायण कलवार, रामलाल थारू, रमाकान्त र नथुनी शाह आदिलाई पक्रन बडा हाकिमको नेतृत्वमा आएको सशस्त्र प्रहरी दल माथि किसानहरूको ठूलो जत्थाले हमला नै गऱ्यो। त्यस क्रममा प्रहरीकै गोलीले १९ वर्षीय किसान मुखलाल महतोको मृत्यु भयो।

किसानहरूको संगठित भएर अघि बढ्ने क्रममै ००९ सालमा तुल्सीलालको अध्यक्षतामा रौतहटको महम्मदपुरमा अखिल नेपाल किसान संघको पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न भयो। पहिलो सम्मेलन सम्पन्न भए पश्चात् किसानहरू मोहियानी हक प्राप्त गर्न, विर्ता तथा जमिन्दारी प्रथाको अन्त्य गर्न झन जोश र उत्साहका साथ अग्रसर भए। सम्मेलनको घोषणापत्रमा सामन्तवाद र साम्राज्यवादको विरोध गर्दै किसानहरूले १४ सूत्रीय माग तथा कार्यक्रम प्रस्तुत गरेका थिए। किसानहरूको पहिलो माग यस्तो थियो- "ठूला-ठूला सामन्त, ठूलाठूला विर्तावालहरूको जमिन उनीहरूको परिवारलाई पूर्तिको निम्ति चाहिने छोडी अरू बाँकी रहेको जमिन जफ्त गरी खेताला, गरीब किसान र मझौला किसानहरूलाई बाँडि दिया जाओस्।" संघको अध्यक्षमा तुल्सीलाल अमात्य, उपाध्यक्षमा रामहरि शर्मा, महामन्त्रिमा शम्भूराम श्रेष्ठ र मन्त्रीमा निरञ्जन गोविन्द वैद्यलाई चुनिएको थियो। संघको २३ सदस्यीय केन्द्रीय कार्यकारिणीको गठन गरिएको थियो।

त्यसपछिका दिनहरूमा नेपाली किसानहरू कृषि उत्पादनको न्यायोचित हिस्सा पाउनै पर्छ, नाजायज ब्याज र जाली तमसुकबाट मुक्ति पाउनै पर्छ आदि मागका साथ अगाडि बढिरहे। ०१० साल फागुनमा प्युठानको नारीकोटमा स्थानीय सामन्त र जमिन्दारहरू विरूद्ध किसानहरूलाई समेटेर वामपन्थी कार्यकर्ताहरूले योजनावद्ध आन्दोलन चलाए। त्यस वर्षको पुसदेखि प्युठानको रातामाटा-विजयनगरमा प्रगतिशील अध्ययन मण्डलको मातहतमा तीन महिनासम्म एउटा प्रशिक्षण शिविर चलाइएको थियो। उक्त शिविरमा करीब डेढसय स्थानीय युवाहरूलाई राजनीतिक शिक्षा र शारीरिक तालिम दिइएको थियो।

त्यही प्रशिक्षण शिविरको एउटा टोली स्थानीय किसानहरूलाई प्रशिक्षण प्रदान गर्न नारीकोट पुग्यो। नारीकोटमा केही किसानहरूले त्यहाँका साहु-सामन्तहरूद्वारा उनीहरूमाथि भइरहेको अत्याचारका बारेमा रातामाटा-शिविरमा उजुरी गरेका थिए। रातामाटा शिविरका युवाहरू सोही उजुरीका आधारमा नारीकोट पुगेका थिए। नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंहका अनुसार "शिविरमा करिब तीन महिना उनीहरूले मार्क्सवादी-लेनिनवादी सिद्धान्त, नीति र वर्ग-संघर्षबारे जे जानकारी प्राप्त गरेका थिए, त्यो ज्ञानलाई व्यवहारमा प्रयोग गर्नका लागि त्यो एउटा राम्रो अवसर थियो।"

उक्त संघर्षका बारेमा मोहनविक्रम सिंहले लेख्नु भएको छ- "नारीकोटमा सर्वप्रथम साहु, मुखियाहरूसित कुराकानी गरेर किसानहरूमाथि उनीहरूले गरेका अन्याय अत्याचारलाई समाधान गर्न प्रयत्न गरियो। तर कैयौं दिनको सभा कचहरीपछि पनि उनीहरू तयार भएनन्। उल्टो उनीहरूले खुङ्ग, नारीकोट नजिकैको गाउँबाट ठकुरीहरूलाई बोलाएर शिविरमाथि आक्रमण गर्ने प्रयत्न गर्न थाले। खुङ्गका ठकुरीहरूले आफ्ना साथमा बन्दूक र तरवारहरू लिएर आएका थिए र रातको समयमा कैयौं पल्ट वा दिउँसो सभाका बेलामा पनि शिविरमाथि हमला गर्ने प्रयत्न गरे। तर शिविरका युवकहरूका सतर्कता तथा अनुशासित र संगठित शक्तिका अगाडि उनीहरूको जोड लागेन। साहुहरू शिविर उठेर गएपछि उनीहरूका विरूद्ध शिविरमा उजुरी गर्ने किसानहरूको घरबास उठाउने धम्की पनि दिन थाले। त्यो अवस्थामा शिविरले कैयौं गाउँहरूबाट आफ्ना सहयोगीहरू बोलायो, गाउँका किसानहरूलाई व्यापक रूपले आन्दोलित पाऱ्यो। जब साहुहरू कुनै पनि तरिकाले किसानहरूमाथि गरेका आफ्नो अन्यायपूर्ण कारवाही बन्द गर्न तयार भएनन्, शिविरले साहुहरूलाई पक्रेर रातारात ओखरकोट पुऱ्यायो।"

शिविरका कार्यकर्ता र किसानहरूले साहु-सामन्तहरूलाई त्यसरी पक्रेर मछी भन्ने ठाउँमा पुऱ्याउँदा राती खुङ्गका करिब दुईसय ठकुरीहरू उनीहरूलाई छुटाउन हातहतियार सहित आई पुगे। उनीहरूले हमला गरे। तर शिविरका युवाहरू र किसानहरूले सशक्त प्रतिरोध गरेपछि उनीहरूको आक्रमण असफल भयो। उनीहरू त्यस बेला भागे। तर भोलिपल्ट दिउँसो उनीहरूले फेरी आक्रमण गरे। तर त्यो प्रयत्न पनि सफल भएन। अन्ततः साहु-सामन्तहरूले सबै उजुरीहरू स्वीकार गरे। साहु-सामन्तहरूले किसानहरूमाथिको अन्यायपूर्ण कारवाहीहरू समाप्त पार्न मञ्जुरी गरे। त्यसरी फागुन २४ गतेका दिन उक्त घटनाका सम्बन्धमा मोहनविक्रम सिंहले लेख्नु भएको छ- "फागुन २४ गतेपछि प्युठानमा वर्ग संघर्ष तीब्र र व्यापक बनेर गयो। गाउँ-गाउँमा जाली-फटाहा विरोधी संघर्ष, अधिया आन्दोलन र जिल्ला प्रशासन विरोधी संघर्ष व्यापक बनेर गयो। फागुन २४ गतेको किसान संघर्षपछि जिल्ला भरिका जाली फटाहाहरूले एउटा बैठक गरेर शिविरका विरूद्ध संगठित हुने निर्णय गरे र त्यसपछि शिविरका विरूद्ध अड्डा अदालतमा कैयौं उजुरीहरू पारे र थुप्रै साथीहरूका विरूद्ध वारेण्टहरू जारी गरिए। पछि कैयौं मागहरू लिएर जुलुसमा गएका बेलामा ६ जना साथीहरू गिरफ्तार गरिए र उनीहरूका विरूद्ध "राजद्रोहको मुद्दा चलाइयो। उनीहरूले

शान्तिपूर्ण प्रकारले गएको जुलुसका विरूद्ध सशस्त्र आक्रमण गर्न गएको आरोप लगाए। "सशस्त्र आक्रमण" का प्रमाणका रूपमा राती बास बस्दा दाउरा काट्न ल्याएको वञ्चरोलाई प्रस्तुत गरे। त्यो मुद्दाका सिलसिलामा ६ जनालाई करिब दुई वर्ष जात जेलमा राखियो भने अन्य व्यक्तिहरूलाई वारेण्ट काटियो र उनीहरू भूमिगत हुन वाध्य भए। त्यो दुई वर्षको कालमा लगातार पुलिसको आतंक कायम रह्यो र उनीहरूसित भीडन्त भइराख्यो।"

त्यस बखत पक्राउ परेकाहरू दुई वर्षपछि अदालतकै निर्णय अनुसार रिहा गरिए। वारेण्टहरू पनि खारेज भए। त्यसपछि अखिल नेपाल किसान संघको प्युठान जिल्ला समितिले हरेक वर्ष "फागुन २४" को दिनलाई किसान दिबसका रूपमा मनाउने निर्णय गऱ्यो। तर ०१७ सालको काण्डपछि त्यसरी मनाउने क्रम रोकियो।

०११ सालसम्म करिब तीनलाख किसानहरू संघको झण्डामुनि गोलबन्द भइसकेका थिए। संघको दोस्रो राष्ट्रिय सम्मेलन ०११ साल जेठ १९ देखि २१ गतेसम्म जनकपुरमा सम्पन्न भयो। सम्मेलनको अन्तिम दिन स्थानीय बाह्रबिगाहामा घोषणा सभाको आयोजना गरिएको थियो। उक्त सभामा करिब १० हजार जनसमूदायको उपस्थिति रहेको थियो। सम्मेलनमा विभिन्न प्रान्तीय र जिल्लास्तरका कमिटीहरूबाट करिब ३ सय प्रतिनिधि र ५ सय पर्यवेक्षकहरूले भाग लिएका थिए।

सम्मेलनको प्रारम्भमा निरंजन गोविन्द बैद्यले झण्डोत्तोलन गर्नु भएको थियो। सम्मेलनमा उद्घाटन भाषण कमलराज रेग्मीले गर्नु भएको थियो। शम्भुराम श्रेष्ठबाट संघको पहिलो सम्मेलनदेखि दोस्रो सम्मेलनसम्मको किसान संघर्षको सिंहवालोकन प्रस्तुत गरिएको थियो। सम्मेलनको समापन २४ सूत्रीय माग तथा नाराहरूका साथै संघको कार्यक्रम सहितको घोषणापत्रलाई अघि सार्दै गरियो। सम्मेलनबाट तुलसीलाल अमात्य सभापति, डी.पी. शर्मा उपसभापति, शम्भुराम श्रेष्ठ, महामन्त्री र कमलराज रेग्मी समेत सदस्य रहनु भएको ३१ सदस्यीय काउन्सिलको निर्माण भयो। उक्त सम्मेलन पश्चात् जारी गरिएको घोषणापत्रमा संघको दीर्घकालीन उद्देश्यका सम्बन्धमा भनिएको थियो- "सामन्ती भूमि व्यवस्थालाई स्वतम गर्न सामन्तहरूको हातमा रहेका तमाम जग्गा, जमिन तथा उत्पादनका साधनहरू विना मुआब्जा जफत गरी खेतहीन तथा जमिनका आवश्यकता भएका किसानहरूमा बाँडिदिने हो।"

००९ देखि ०११ सालका तीन वर्षहरूमा तराईका अधिकांश जिल्लाहरूमा "खमार रोक" आन्दोलन भएको थियो। त्यो शुद्ध किसान आन्दोलन थियो। त्यस किसान आन्दोलनलाई दबाउन कार्वाही चलाउने प्रशासनका विरूद्ध किसान नेताहरूले सशस्त्र संघर्ष पनि गरेका थिए। त्यस संघर्षमा झापा अग्रपंक्तिमा थियो। पछि ती किसान नेताहरूलाई डाँका घोषित गरियो। झापा सुखानीका किसान नेता नारायण ओलीले त्यही अभियोगमा १६ वर्ष जेल जीवन बिताउनु भयो।

०१३ सालमा नेपालमा नेपाल समाजवादी किसान पार्टी नामक राजनीतिक दलको पनि स्थापना भएको थियो। तर उक्त दलका नेता वासुपासाले ०१५ सालको आम निर्वाचनमा नेपाल प्रजातान्त्रिक महासभाको तर्फबाट उम्मेदवारी दिनु भएको थियो। कालान्तरमा उक्त समाजवादी किसान पार्टी आफै विलुप्त हुन पुग्यो।

०१७ सालको फौजी कार्वाही पश्चात् अखिल नेपाल किसान संघमाथि प्रतिबन्ध लगाइयो। पंचायतको जनवर्गीय संगठनका रूपमा नेपाल किसान संगठनलाई अघि सारियो।

०१४ सालसम्म अखिल नेपाल किसान संघका सदस्यहरू ५ लाख पुगी सकेका थिए। त्यसबेलासम्म देशको वारा, पर्सा, रौतहट, सिराहा, सप्तरी, मोरङ, रूपन्देही, पाल्पा, सिन्धुली, दाङ आदि ठाउँहरूमा सामन्ति शोषणका विरूद्ध ठूल-ठूला संघर्ष संचालन गरिसकेका थिए।

यी संघर्षहरूको क्रममा नै पाल्पामा गोदाम प्रथा विरोधी संघर्ष भएको थियो। त्यस दौरान ईश्वरी आचार्य लगायतका युवाहरूले किसान जागरणका निम्ति निकै राम्रो काम गरेका थिए। जुलुस प्रदर्शनको क्रममा आफ्नो माग अघि सारेका थिए। सामन्ति शोषण विरोधी संघर्षमा बडा हाकि तारकबहादुर शाह र रूके मुखिया विरोधी संघर्ष विशेष उल्लेखनीय छन्।

०१७ सालमा दाङ, देउखुरीको बेलुवा-वञ्जाडीमा ऐतिहासिक किसान विद्रोह भयो। उक्त विद्रोहको बीऊ ०१५ को आमनिर्वाचनमै रोपिएको थियो। त्यस साल भएको नेपालको पहिलो संसदीय निर्वाचनमा कांग्रेसले "जग्गा कसको जोत्नेको, घर कसको पोत्नेको" भन्ने नारा अघि सारेको थियो। त्यही आधारमा कांग्रेसले दुई तिहाई बहुमत पनि पायो। तर सरकारमा पुगेपछि पार्टीले आफ्नो घोषणापत्र बिर्सियो। विद्रोहको जरो त्यहींबाट उत्पन्न भयो।

०१७ मा दाङ-देउखुरीका जमिन्दारहरूले व्यापक रूपमा मोही वेदखली शुरू गरे। पहिले किसानहरूले जग्गामा जोताहा शर्तमा खाई आएका थिए। तर जमिन्दारहरूले जग्गामा शर्त परिवर्तन गरी अधिया, तिक्कूर, चौकुर गराउने अभियानकै शुरूवात गरे। दाङ-देउखुरीमा त्यस्तो अभियानका विरूद्धमा सर्वप्रथम गैरागाउँ, गुलरिया, रतनपुर, बेलुवा वञ्जडी र कर्जाहीका किसानहरू अग्रसर भए। किसान संघर्षको योजना बनाउनेहरूमा तत्कालीन कम्युनिष्ट कार्यकर्ताहरू -नारायणप्रसाद शर्मा, रामप्रसाद देवकोटा, माणिकलाल गौतम र केशवराज गौतम थिए। ०१७ साल असारको एकदिन किसानहरूको एउटा विशाल जुलुस जिल्ला गोश्वरामा घेराउ गर्न पुग्यो। जुलुसले कम्युनिष्ट पार्टी-जिन्दावाद, किसान संघ जिन्दावाद, मोही वेदखली- मुर्दावाद आदि नाराहरू लगाएको थियो। गोश्वारा अगाडि नारा लगाइरहेका किसानहरूमाथि प्रहरीले निर्ममतापूर्वक लाठीचार्ज गऱ्यो र जुलुस तितरबितर भयो। त्यसबेला दाङका किसानहरूले मोही वेदखली र शर्त परिवर्तनको सवालका साथै जिल्लाका विभिन्न ठाउँमा वेठ बेगारी बन्द गराउन संघर्षहरूको संचालन गरे। किसानहरू जमिन्दारहरूसंग तोरीवाली बुझाइएको रसिद माग्न थाले। रसिद नपाइएपछि किसानहरूले त्यो वर्ष तोरी पनि बुझाएनन्। त्यस्तो आन्दोलनको प्रभाव मूलतः बेलुवा-बञ्जाडी र वरपरको गाउँहरूमा पऱ्यो। तर जमिन्दारहरू पनि किसानहरूको आन्दोलनलाई कसरी दबाउने भन्ने विषयमा रातदिन सोची रहेका थिए। त्यस क्षेत्रका जमिन्दारहरू वासुदेव शर्मा, भागवत शर्मा, मेदिनीराज शर्मा आदिले

दलबल सहित ०१७ साल माघ १८ गते राती बेलुवा वञ्जाडीमा अवस्थित किसानहरूको खलियानमा रहेको तोरी लुट्न आक्रमण गरे। किसानहरू र जमिन्दारका लठैतहरूबीच ठूलै भीडन्त भयो। किसानहरूले ती लठैतहरूलाई समातेर अड्डामा बुझाए।

त्यसपछिका दिनमा पनि बेलुवा वञ्जाडीका जमिन्दारहरूले किसानहरूलाई जोती आएको जग्गाबाट विस्थापित गर्न खोजेका थिए। अनेक दुष्प्रयासबाट पनि नसकेपछि जमिन्दारहरूले प्रहरीलाई समेत खेतमा पहरा दिन लगाए। तैपनि जमिन्दारहरू सफल हुन सकेनन्। अन्य ठाउँमा भन्दा व्यापक रूपमा संचालन गर्न खोजिएको मोही वेदखली प्रक्रियाको किसानहरूले डटेर प्रतिरोध गरे। संघर्ष अघि बढ्दै गयो। ०१७ साल साउन ३ गते जमिन्दारहरूले जोत भोग गर्दै आएका जग्गा बलपूर्वक जोत्न लगाए। गाउँका किसान महिला र पुरूष एकजूट भई जमिन्दार र उनीहरूका लठैतहरू विरूद्ध लडे। दुवै पक्षबीच भीडन्त भयो। जमिन्दारहरू त्यहाँबाट भाग्न बाध्य भए। तर त्यसपछि जमिन्दार नयाँ षडयन्त्रबारे सोच्न थाले। जमिन्दारहरूले सरकारसंग साँठगाँठ गरी कम्युनिष्ट कार्यकर्ताहरूलाई जेल पठाउने र किसान आन्दोलनलाई दमन गर्ने योजना बनाए। सरकारले पनि प्रत्यक्षरूपमा जमिन्दारहरूलाई नै साथ दियो।

०१७ साल साउन ४ गते किसान आन्दोलनका अगुवा कम्युनिष्ट कार्यकर्ताहरू रामप्रसाद देवकोटा, माणिकलाल गौतम र केशवराज गौतमलाई पक्राउ गरी जेल चालन गरियो। केही दिन पछि नारायणप्रसाद शर्मालाई पनि जेल पुऱ्याइयो। साउन ६ गते वेलुका वञ्जाडीका किसानहरू पहिलेदखि जोत्दै आएको खेत जोती रहेका थिए। जिमिन्दारहरूको योजना मुताविक एकाएक एस.पी. कमान सिंहको नेतृत्वमा एक प्रहरी जत्था किसानहरूलाई रोक्न त्यहाँ पुग्यो। प्रहरीको पछि-पछि जमिन्दारहरू पनि आइपुगे।

पहिले सशस्त्र प्रहरीलाई खेतको चारैतिर घेरा हाल्न लगाइयो। अनि अन्य प्रहरी जोतिरहेका किसानहरूलाई बन्दुक देखाउँदै, गोली चलाउने धम्की दिँदै खेत बाहिर जाने आदेश दिन थाले। तर किसानहरूले खेत जोत्न छाडेनन्। उनीहरू आफ्नो काममा लागी रहे। निहत्था किसानहरूको अदम्य साहस देखेर जमिन्दारहरू भयभीत भए। तर उनीहरू किसानहरूलाई दमन गर्नकै निम्ति शस्त्रवल सहित त्यहाँ पुगेका थिए। अन्ततः प्रहरी र किसानहरू वीच ठूलै भिडन्त भयो। प्रहरीहरूले गोली चलाए। तर किसानहरूले आफ्नो काम छाडेनन्। दुई जनाको तिघ्रामा गोली लाग्दा पनि गुम्रा थारू खेत जोत्ने काममा तल्लीन रही रहनु भयो। अचानक उहाँको पिठ्यूँमा आएर एउटा गोली लाग्यो। उहाँलाई जसरी गोली लाग्यो, त्यो पनि जमिन्दार प्रहरीको कायरताको प्रतीक थियो। आफ्नो काममा तल्लीन गुम्रा थारूको छातीमा गोली हान्ने हिम्मत प्रहरीको भएन। त्यतिखेर किसानहरूको रगत साँच्चै नै भकमकी उम्लिरहेको थियो। गुम्रा थारू खेतमै शहीद हुनु भयो। तर उहाँको रगतले अन्य किसानहरूलाई झन प्रेरणा दियो। ६१ वर्षीय गुम्राको त्यो आँट देखेर किसानहरू झन् जुर्मुराए। एकजना तर्फ निसाना सोझ्याई रहेका प्रहरी एस.पी. लाई एकजना किसानले लठ्ठीले बेस्सरी प्रहार गरे। एस.पी को बुढी औंला भाँचियो र अर्को किसानको ज्यान जोगियो।

उक्त हत्याकाण्ड पछि वेलुवा वञ्जाडी र वरपरका गाउँघरमा व्यापक धरपकड र दमनको शुरूवात गरियो। १८ जना किसान कार्यकर्ताहरूलाई पक्राउ गरी उनीहरूको दुवै हात पछाडि फर्काएर एउटै डोरीले बाँधेर १४ दिनसम्म राखियो। उनीहरूलाई निमर्म यातना दिइयो। उनीहरूलाई केवल एक छाक दुई मुठी च्यूरा खानका लागि दिइन्थ्यो। उनीहरूलाई दिसा पिसाव गर्ने बेलामा समेत डोरीबाट मुक्त गरिदैन थियो। त्यसबेला एकजना महिला किसानलाई समेत थुनिएको थियो। प्रहरीले अनेक यातना दिँदै पक्राउ परेकाहरूसंग उनीहरूको नेताहरूको नाम सोधे पनि किसानहरूले केही बताएनन्। अन्ततः ऋषिराम चौधरी लगायत सात जनालाई जेल चलान गरी अरूलाई रिहा गरियो। दाङको किसान संघर्षका बारेमा वी.वी.सी.ले कम्युनिष्ट संघर्ष भनी प्रचार गऱ्यो। संसदमा तुल्सीलाल अमात्यले दाङका किसानहरूमाथि भएको दमनको कडा भत्सर्ना गर्नु भयो।

०१७ सालपछि भएका किसान आन्दोलनहरू

नेपालको किसान आन्दोलनको चर्चा गर्दा झोडा फाँडेर बसेका किसानहरूले गरेको संघर्षको पनि उल्लेख गर्नु पर्ने हुन्छ। ०२७-२८ सालमा मोरङको दक्षिणी भेगमा पहाडबाट बसाई सरी आउने जनता र स्थानीय सुकुम्बासीहरूद्वारा झोडा फाँड्ने लहर नै चल्यो। मोरङको उर्वराभूमिमा त्यसरी झोडा फाँडी बस्ने जनताउपर ०२८ माघमा कानेपोखरी, पथरी, दहीझोडा, जयायोहार, बयरवन, जदाहा, भाउन्ने, चिसाङ गरी चारैतिरबाट घेरी सैनिकहरूले अन्धाधुन्ध गोली चलाए। निहत्था किसानहरूले गोलीको सामना गर्न सकेनन्।

सुकुम्बासीका लाशहरूलाई ट्रकमा राखी कोशीमा बगाइयो। तर त्यस्तो दमनका कारण छोड्नु परेको रमाइलो झोडा नामक उक्त बस्तीमा २ वर्षपछि किसानहरूले फेरी कब्जा जमाए।

०२७-२८ सालमै सुन्सरी, तरहराको पंचाङ बौका झोडामा पनि सरकारले व्यापक दमन चक्र चलाएको थियो। ०२७ सालतिरै मोरङको कूल झोडामा प्रेमबहादुर लिम्बूको अगुवाईमा किसानहरूले ठूलै संघर्ष संचालन गरेका थिए।

नेपाली राजनीतिक आन्दोलनको इतिहासमा चर्चित कम्युनिष्ट विद्रोहहरू पनि किसानहरूकै बीचबाट भएका थिए। ०२७ देखि ०३० सम्म पूर्वको झापामा भएको विद्रोहको आधार पनि किसान संघर्ष नै थियो। त्यस बापत किसानहरू स्थानीय सामन्तहरूको अन्यायका विरूद्ध जागृत हुन थालेपछि प्रशासनिक दमन पनि बढेको थियो। दिन दिनै किसान संघर्षहरू चर्कन थालेपछि झापामा प्रगतिशील विचारधारा भएका विभिन्न व्यक्तिहरू वारेण्टेड हुन थाले। कैयन गिरफ्तारीमा परे। तर संघर्षले त्यसपछि झन चर्को रूप लियो। जताततै जनविद्रोहका लहरहरू देखिँदै थिए। वुद्धिजीवी र संवेदनशील युवाहरू आक्रोशका साथ मैदानमा ओर्ली रहका थिए। त्यस्तै परिस्थितिमा झापाका जोशिला युवाहरू "मुलुकमा किसान - मजदूर संघर्ष चर्काउन" हिंसात्मक विद्रोहमा ओर्लिए। उक्त विद्रोहलाई दबाउन सरकारले पाँचजना युवाहरूलाई सुखानीको जंगलमा एकै ठाउँमा गोली ठोकी माऱ्यो। यसरी ०२९ साल फागुन २१ गते वीरेन राजवंशी, रामनाथ दाहाल, नेत्र घिमिरे,

नारायण श्रेष्ठ र कृष्ण कुइँकेललाई जेल सार्ने निहुँमा मारिएपछि विद्रोहको ज्वार बाहिरबाट हेर्दा केही मत्थर त भयो। तर झापा विद्रोहले देशमा कम्युनिष्ट आन्दोलनको नयाँ लहर श्रृजना गऱ्यो।

०३० तिर लुम्बिनी अञ्चलमा पुष्पलालको नेतृत्वमा कम्युनिष्टहरू किसानहरू माझ निकै सक्रिय भए। "पार्टीलाई किसानका बीच बसोबास गराऊ" नारा अन्तर्गत हजारौं किसानहरूलाई आन्दोलित गरिँदै थियो। अञ्चलभरि नै जाली तमसुक च्यात्ने, सामन्तहरू र उनीहरूका मतियारहरूलाई कालो मोसो दली दिने, सन्धि सर्पन खुल्ला बनाउने, घुस फिर्ता गराउने, जनअदालत खडा गरेर प्रतिक्रियावादीहरूलाई सार्वजनिक कारवाही गराउने जस्ता कामहरू भइरहेका थिए। त्यसै क्रममा ०३० कार्तिक २६ गते लुम्बिनी अञ्चलका सबै जिल्ला सदरमुकामहरूमा भएको वचत फिर्ता गराउने र अन्यायपूर्ण रूपमा लगाइएका करहरू खारेज गराउने मागका साथ गरिएका भव्य जुलुस प्रदर्शनहरूले किसान आन्दोलनलाई नयाँ गति प्रदान गरे। यस आन्दोलनको सिलसिलामा खास गरी पाल्पामा प्रशासनिक दमन चर्को रह्यो। गुल्मीमा भएको कार्यक्रमको दमन गर्ने क्रममा थुप्रैलाई पक्राउ गरियो। पछि अंचलव्यापी किसान संघर्षको परिणामस्वरूप सरकारले बचत फिर्ता गर्ने घोषणा गऱ्यो।

अर्घाखाँची जिल्लाका कम्युनिष्टहरूको मनोबल त्यसपछि निकै माथि उठ्यो। अञ्चलका अन्य जिल्लाहरूको तुलनामा अर्घाखाँचीमा प्रशासनिक दमन केही कम पनि थियो। त्यही क्रममा पार्टीका प्रमुख नेता पुष्पलालको असहमति हुँदा हुँदै अञ्चल सचिव केशरमणि पोखरेल र केही युवाहरूद्वारा सशस्त्र संघर्षको ठोस तयारी गर्ने प्रस्ताव अघि सारियो। तत्काल एक्सन टीम पनि बन्यो। अर्घाखाँची भलायडाँडाबाट हिंडेको एक्सन टोली एक दिन जंगलमा बास बसेर ०३० फागुन २८ गते राती ८ बजे वरेंस्थित रविलाल बेल्वासेको घरमा पुग्यो। गाउँमा बिहेको निम्तोमा जान ठीक परेका घरका सदस्यहरूलाई गिरफ्तार गरेर टोलीले तमसूक जलाउने र केही नगद र जिन्सी सामान जफत गर्ने काम गऱ्यो। पिसाब फेर्ने निहुँमा उम्किएकी घरकी एउटी बुहारीले गाउँमा गुहार मागेपछि केही गाउँले र जन्तीहरूले आएर ढुङ्गामुढा गरे। तर टोलीले हवाई फायर गरेपछि उनीहरू पछि हटे। टोली आफ्नो लक्ष्य आंशिक रूपमा सफल गरी फर्कियो। उक्त घटना स्थानीय सामन्तहरूको लामो समयदेखिको अत्याचार विरूद्ध किसानहरूले व्यक्त गरेको आक्रोश कै परिणति थियो।

कार्वाही गोप्य र छापामार ढंगले गरिएको थियो। सबैले नकाब पहिरेका थिए। त्यसैले तत्काल चर्चाबाट बाहिर आए। घटना रहस्यमय डकैतीका रूपमा चर्चित भयो र रविलाल र उनका छोरा शोभाकरले पनि त्यस्तै किसिमका जाहेरी दिए। तर एकसनमा सम्मिलित शशीधर नामक व्यक्तिले सबै पोल खोली दिएपछि व्यापक धरपकड शुरू भयो। केशरमणि लगायत ७० जना पक्राउ परे। पक्राउ परेकाहरूलाई भयंकर यातना दिइयो। त्यस क्रममा केशरमणि पलायन हुनु भयो र ०३७ सालको आम माफीमा उहाँलाई रिहा गरियो। उक्त घटनामा एकसन टोलीले जम्मा २६ हजार रूपैयाँ जतिको धनमाल र नगद लुटेको थियो। त्यस्तै ०३२ सालमा चितवनको जुगेडीमा भएको किसान संघर्षलाई पनि निर्ममता पूर्वक दमन गरिएको थियो। आन्दोलनका क्रममा प्रशासनद्वारा सन्तबहादुर चेपाङ र दशरथ चेपाङको हत्या गरिएको थियो।

नेपालको किसान आन्दोलन र कम्युनिष्ट आन्दोलन अन्योन्याश्रित रूपले गाँसिएको कुरा इतिहासले देखाउँछ। नेपाल कम्युनिष्ट पार्टीले आफ्नो स्थापनाको लगत्तै जारी गरेको अपीलमा भनेको थियो "किसानलाई आफ्नो भोक हटाउन, आफ्नो वालीनाली (फसल) को भाऊ बढाउन, ज्याला बढाउन, अधियामा उचित भाग पाउन र जमीनको निम्ति लड्नु पर्दछ। यस कारण किसान नागरिक स्वतन्त्रता चाहन्छ।"

उक्त अपीलको लगत्तै पार्टीले जारी गरेको प्रथम घोषणा पत्रमा नेपाली किसानका तत्कालीन मागहरूलाई ६ वटा बुँदामा समाविष्ट गऱ्यो। पार्टीले किसानहरू माझ आफ्नो जनवर्गीय संगठन बनाउने घोषणा पनि गऱ्यो। अखिल नेपाल किसान संघको स्थापना सोही आधारमा भयो।

पंचायत कालमा बेदखलीको विरोधमा मात्र होइन मोहियानी हक कायम गराउन, खाद्यान्नको अभाव हटाउन र वचत संकलन फिर्ता गराउन पनि किसानहरूले विभिन्न संघर्षहरू गरे। त्यसै क्रममा ०२२ सालमा नवलपरासीमा वचत विरोधी संघर्ष निकै चर्किएको थियो। संघर्षलाई दबाउने क्रममा प्रशासनले पचासौं किसानको हत्या गऱ्यो। काभ्रेको दोलालघाटमा खाद्यान्नको मागका साथ किसानहरूले विशाल जुलुस प्रदर्शन गरेका थिए। ०२५-२६ तिर कपिलवस्तुमा महिला किसानहरूले धर्मभकारी संघर्ष गरेका थिए। कपिलवस्तु अजंगरामा भएको किसान आन्दोलन पनि नेपाली किसान आन्दोलनको महत्वपूर्ण घटना मानिन्छ।

पंचायत कालभर अखिल नेपाल किसान संघले भूमिगत भएर काम गर्नु पऱ्यो। त्यसैले संघले जति गर्नु पर्ने हो त्यति गर्न सकेन। किसानहरूले छिटफुट संघर्षहरू गरे। तर राष्ट्रिय राजनीतिमा ठूलै प्रभाव पार्ने किसान आन्दोलनको सृजना हुन सकेको थिएन। तर कम्युनिष्ट आन्दोलनको विभाजित स्वरूपसँगै किसान आन्दोलन पनि विभाजित रूपमा भए पनि केही न केही अघि बढ्दै थियो। त्यसै क्रममा ०३२ साल वैशाखमा नेकपा (पुष्पलाल समूह) को अखिल नेपाल किसान संघको दोस्रो सम्मेलन सम्पन्न भयो। सम्मेलनले संघको कार्यनीति पारित गर्दै यस्तो पनि भनेको छ-"दुई हजार वर्षभन्दा पहिलेदेखि हाम्रो देशमा सामन्ती सत्ता चालु भएर आएको छ। यस लामो अवधिमा शाषक वंशमा हेरफेर भएता पनि सामन्ति शोषण कायम हुँदै आएको छ। सामन्ति व्यवस्थामा जे जति सुधारहरू भए ती सबै भूमिपति वर्गको स्वार्थलाई जन विरोधबाट बचाउनको लागि भएर आएका छन्। अतः आजको भूमि सुधारको मुलभूत नारा नै "जमिन जोत्नेको" नारा हुनु पर्दछ।

वि.सं. १८३१ मा पृथ्वीनारायण शाहद्वारा किपट स्वीकृत गरिएको जग्गामा रहेको इलामको चुलाचुलीका सुकुम्बासीहरूले कैयन पटक संघर्ष र दमनको प्रतिरोध गरेका छन्। ०३२ सालमा चुलाचुली गाउँको दक्षिण र महेन्द्र राजमार्गको उत्तरतिर पर्ने झोरामा सैनिक कार्वाही नै सुकुम्बासीहरूलाई

विस्थापित गरियो। त्यसपछि ०४० सालमा फेरी सम्पूर्ण चुलाचुली गाउँलाई उठाइ त्यहाँ जंगल लगाउने घोषणा गरियो। ०४१ साल पुस २५ गते चुलाचुलीमा करीब २४ सय महिला पुरूषहरूको जुलुस राजारानीको तस्वीर बोकेर चुलाचुली बाहागोठ तर्फ लाग्दै थियो। बाटोमा रसुवा पुलनेर महेन्द्र राजमार्गमा करीब ४-५ सय प्रहरीहरूले जुलुसमा अन्धाधुन्ध लाठी चार्ज गऱ्यो। स्वासगरी महिलाहरू घाइते भए। प्रहरीद्वारा १८ तोला १४ आना सुन र एउटा माइक पनि लुटियो।

त्यस अघि ०३४ सालमा जनकपुर अंचल भरी भकारी फोड आन्दोलन पनि चलेको थियो। ०३५-३६ को देशव्यापी संघर्षका क्रममा किसानहरू पनि मैदानमा ओर्लेका थिए। उक्त संघर्षपछि पूर्वी तराईका जिल्लाहरूमा किसानहरूले आफ्ना उत्पादनहरूको उचित मूल्य पाउन ठूलो संघर्ष संचालन गरेका थिए। ०३६ सालमा दाङका किसानहरू माथि सैनिक कारवाही समेत गरिएको थियो। सोही वर्ष धनुषामा न्यायाधीश प्रकाश मानको भकारी पनि किसानहरूद्वारा लुटिएको थियो। उक्त घटना पनि सामन्तहरूको भकारी लुट्ने किसानहरूको कारवाही अन्तर्गत नै भएको थियो। काभ्रेमा ०३३ देखि ३५ सम्म सामन्तहरूको चर्को ब्याज विरूद्ध पटक-पटक संघर्षहरू भएका थिए।

०३७-३८ मा झापा, मोरङ आदि जिल्लाहरूमा फेरी किसान संघर्षको ज्वाला चर्कियो। त्यसै सेरोफेरोमा ०३७ साल फागुन १३ गते मात्रै अखिल नेपाल किसान संघको पुनर्गठन गरी केन्द्रीय तयारी समिति बनाइयो। संघ फेरि संगठनात्मक गतिविधिमा अघि बढ्यो। त्यसपछि पनि देशका विविध भागमा छिटपुट किसान संघर्षहरू भइरहे। लामो समयदेखि थिचोमिचो सहेर बस्न बाध्य भएका धनकुटाका किसानहरू पनि जुर्मुरायो। तर प्रशासनले ०३६ सालमा धनकुटाका किसानहरूलाई दबाउन छिन्ताङमा निर्मम सैनिक अपरेशन नै चलायो। त्यस क्रममा १७ जना किसानहरूको हत्या गरिएको थियो। ०४० सालमा स्थानीय सामन्तहरूको अत्याचार विरूद्ध किसानहरूमा जागरण उत्पन्न हुन थालेपछि सिन्धुपाल्चोकको पिस्करमा पनि किसानहरू माथि व्यापक दमनचक्र चलाइएको थियो। ०४० साल माघ १ गते धार्मिक मेलामा मेला भएका किसानहरू माथि अन्धाधुन्ध गोली चलाई इली थामी र वीरबहादुर थामीको घटनास्थलमै हतया गरिएको थियो। ०४० जेठमा इलामका किसानहरू पंचायती शासन विरूद्ध जलेरै मैदानमा उत्रिएका थिए। बहुदलीय व्यवस्थाको आगमन पश्चात् ०४७ साल असोज २६ र २७ गते संघको तेस्रो ऐतिहासिक सम्मेलन सम्पन्न भयो।

त्यस महिनाका दिनमा चुलाचुलीको समस्या झनझन बल्झिदै गयो। बहुदलीय व्यवस्थाको आगमन पश्चात् मात्र त्यहाँको समस्याको समाधानका लागि कदम चालियो।

०४६ को जनआन्दोलनमा पनि किसानहरूको महत्वपूर्ण सहभागिता रह्यो। नेपालमा ००७ देखि ०१७ सालसम्मको किसान आन्दोलनको जोडले जमिनमा किसानहरूको स्वामित्वलाई सैद्धान्तिक रूपमा एकहदसम्म स्वीकार गर्न सामन्तवादी शासक वर्ग बाध्य भयो। शासक वर्गको स्वार्थको निमित्त राजश्व बढाउने हिसाबले केही सुधारहरू पनि गरिए। जनताको जागरणदेखि आतंकित भएका शासकहरूले प्रशासनिक यन्त्र र कर्मचारी तन्त्रलाई बलियो बनाउन चाहिने खर्च जम्मा गर्न पनि त्यस प्रकार राजस्व बढाउनु आवश्यक थियो। किसान आन्दोलनले सामन्ति व्यवस्थाको पुरानो स्वरूपमा भूकम्प पैदा गऱ्यो। जसले गर्दा बाध्यतावस भूमि व्यवस्थामा कतिपय सुधारहरू गरिए। तर ती सुधारहरू सामन्ति भूमि व्यवस्था र शोषणको अन्त्य गर्ने दिशामा अपर्याप्त थिए र अपर्याप्त नै छन्। आज किसान आन्दोलन झिनो ढंगले भए पनि पर्याप्त सुधार गरिनु पर्छ भन्ने दिशातर्फ उन्मुख छ।

सन्दर्भ सामाग्रीहरू

१. नेपालमा किसान आन्दोलन- पद्मबहादुर बुढाथोकी
२. अनेकिसंघको कार्यक्रम- २१, फागुन ०४२
३. नेकपाको पहिलो पर्चा / घोषणापत्र
४. किसान किताव- केशव बडाल
५. फर्केर हेर्दा- वासुपासा
६. झापा विद्रोह ०२७-३०, नेपाल नवयुवा समूह, २६ डिसेम्बर १९८१
७. कृष्णलाल अधिकारी र मकै पर्व- सं. भूपहरि पौडेल
८. अन्तर्ध्वनी त्रैमासिक, पूर्णाङ्क- ३, ०५० साउन पुस
९. नेपालकी कहानी- काशीप्रसाद श्रीवास्तव
१०. किसान जागरण- वर्ष १, अंक १
११. पहाडी पुकार- लक्ष्मीप्रसाद देवकोटा
१२. चार दशक- मोहन विक्रम सिंह
१३. झिल्को त्रैमासिक, पूर्णाक १२, असोज ०४६
१४. अखिल नेपाल किसान संघको घोषणापत्र र यसको कार्यभार- पुष्पलाल
१५. वर्रे संघर्षको समीक्षा- अर्घाखाँची जिल्ला कमिटी (माले)
१६. नेपाली जनआन्दोलन एक समीक्षा- पुष्पलाल
१७. मुक्ति मोर्चा- नेकपा (माले) केन्द्रीय कमिटीको राजनीतिक मुखपत्र, जेठ ०४१

अनुसूची ४

नेपालको सन्दर्भमा मानवअधिकार आयोग: अवधारणा र औचित्य

मानिस सामाजिक प्राणी हो भन्ने कुरा धेरैले स्वीकारेको पाइन्छ। तर सामाजिक प्राणी हुनुको तात्पर्यतर्फ भने थोरैकोमात्र ध्यान पुगेको पाइन्छ। जब व्यक्तिको सामाजिकता परिवारका माध्यमबाट समाज र राष्ट्रसंग जोडिन पुग्दछ तब उसले कर्तव्यको हेक्का राख्नु अनिवार्य बन्दछ। पारिवारिकतामा पनि व्यक्तिको अधिकारमात्र हुँदैन, कर्तव्य पनि संगसंगै जोडिएर आएको पाइन्छ। समाजमा पनि त्यो जोडिएर नै आएको पाइन्छ। तर प्राकृतिक प्रभावद्वारा आर्जित मानव संस्कार बलवैभवको आधारमा अरूको अस्तित्व मेट्न समेत उद्यत भयो। जब राज्यले आदर्श शासकको परिकल्पनामा आफूलाई शक्तिशाली बनाउँदै गयो र मानव कल्याणको राजकीय कर्तव्य भुल्दै साम्राज्यको मोहमा अघि लम्कन थाल्यो, तब मानवताको त्यो प्रारम्भिक कल्याणकारी सद्भाव क्षय हुँदै गयो। मानिसहरू जाति, वर्ण, धर्म र सम्पदाको आधारमा विभाजित हुँदै अन्तरकलह तर्फ होमिए। परस्परमा सहअस्तित्व बोध गर्नुभन्दा परस्परमा अस्तित्व निषेध गर्न युद्धरत भए, व्यक्ति र समाजको सुन्दर सम्बन्ध समेत खल्बलियो। बलियाको निम्ति निर्धाले कजिनु पर्ने भयो। कम ज्यालामा काम गर्नु पर्ने मात्र होइन, कामको ज्याला नै नपाउने अवस्था समेत पैदा भयो। मानव समाजमा परोपकारको भावना खिइँदै गयो। राज्यले संरक्षक भएर सुरक्षा दिने कुरामा समेत भेदभावपूर्ण ब्यबहारहरू देखा पर्न थाले। त्यस पाशविक प्रवृतिका बिरूद्ध प्राचीन जनसमाजले आफ्नै समयको सीमाभित्र विभिन्न उपकारवादी सोच अघि सार्‍यो र सामाजिक कल्याणको पक्षमा ध्यानदिंदा ब्यक्तिको स्वतन्त्र उपस्थितिलाई पनि भुल्न नहुने अवधारणा हुर्कायो। आवश्यकताको राज्यदेखि आधुनिक राज्य प्रणालीसम्मको लामो यात्रामा मान्छेको यो कल्याणकारी भावनाले उपकारवादको भावनालाई परिस्कार गर्दै सामाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा समेत मानवीय सदाचार, समता र बन्धुत्वभावको रूप दियो। फलतः मानवताको कल्याण भावद्वारा दर्शन, राजनीति र अर्थतन्त्रमात्र प्रभावित भएन बरू सांस्कृतिक परम्पराहरू समेत प्रभावित भए। मानव संस्कृतिमा अन्तरप्रभावी गुण विकसित हुँदै आयो र बसुधैव कुटुम्बकम्को मार्ग अनुशरण गर्न थालियो।

यसप्रकार जब कल्याण र अकल्याणको द्वन्दमा मानव जातिको विकास यात्रा अघि बढ्दै आयो तब एकातर्फ राज्य र राज्यहरूका बीचमा समेत युद्धका विभिषिकाहरू दन्कन पुगे। यसबाट दुर्बल मान्छेहरूको स्वतन्त्र अस्तित्व मात्रै खतरामा परेन, दुर्बल राष्ट्रहरूको समेत अस्तित्वको संकट पैदा भयो। युद्धको पीडाले मानव जातिको सुकोमल हृदय कक्रियो। रक्तरंजित भूमिमा प्राकृतिक न्यायबाट समेत ऊ बञ्चित हुन थाल्यो। अर्कोतर्फ प्रारम्भिक कल्याणकारी चेतनाले पनि समयसंगै आफ्नो विकास गर्दैआयो। सर्वसाधारण जनसमूहदेखि बुद्धिजीवी, राजा र राजनेताहरूलाई समेत त्यसले आफ्नो प्रभावमा लिंदै गयो। फलस्वरूप अठारौं शताब्दी पछि मानव जातिको क्षयप्रति चिन्तित हुँदै मानवताको रक्षाका निम्ति मानिसका अधिकार र कर्तव्यहंरूको बारेमा ब्यवस्थित छलफलहरू हुन थाले। सहमतिका घोषणाहरू जारी गरिए र यस सम्बन्धी आधुनिक विधिब्यवस्थाहरू बनाइए, राज्यको दायित्व किटियो र बीसौं शताब्दीसम्म आइपुग्दा मानवअधिकारको नाममा एउटा ब्यवस्थित अवधारणा हाम्रा सामु देखा पर्‍यो।

२.मानवअधिकार व्यक्तिको सार्वभौम स्वतन्त्रतासंग सम्बन्धित छ। शिक्षा, स्वास्थ्य, जीविका र सन्ततीका सवालमा मात्र होइन, समाज, संस्कृति, सभ्यता र समृद्धिका थुप्रै विषयहरूमा ब्यक्ति र राष्ट्र बीचको सम्बन्धलाई सन्तुलित गर्ने आधुनिक चिन्तन एवं कार्यप्रणालोको रूपमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र एवं त्यससंग सम्बन्धित अन्य अभिसन्धिहरू सम्पन्न भएका छन्। दोस्रो विश्वयुद्धको विनाशकारी पीडाले शान्तिका निम्ति मूर्तरूप दिएको संयुक्त राष्ट्रसंघले सर्वप्रथम १९४८ डिसेम्बर १० मा मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा जारी गर्‍यो। त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न राष्ट्रसंघीय मानवअधिकार आयोग गठन गरेर यस सम्बन्धी विचारलाई विश्वव्यापी प्रसारण गर्‍यो, राज्यहरूलाई मानिसको अधिकारप्रति सचेत पार्दै अनुबन्धित गर्‍यो। राजनीतिक स्वतन्त्रताको सवालमात्र मानवअधिकारको प्रश्न होइन भन्ने कुरा हालसम्मका महासन्धिहरूले पनि औंल्याएकै छन्। यस अवस्थामा प्रत्येक राष्ट्रका नागरिकले सम्मानपूर्वक बाँच्न पाउने र त्यसका निम्ति आवश्यक सम्पूर्ण भौतिक, बौद्धिक पक्षको निर्बाध उपभोग गर्न सक्ने परिस्थिति निर्माण गर्नु नै राज्यको कर्तव्य बन्न पुगेको छ। तर राज्य संचालकहरूले त्यो कर्तव्य पूरा गर्नुको उल्टा त्यसमा पदाशीन सरकार र त्यसका व्यक्तिहरूले आफ्नो मनोमानी मानवअधिकारका

सार्वभौम सोचहरूमाथि नै बेला मौकामा आक्रमण गर्दै आएका छन् र त्यो क्रम अहिले पनि चलिरहेकै छ। एकातर्फ राज्यद्वारा र अर्कोतर्फ व्यक्ति र समूहद्वारा पनि मानवअधिकार हनन गर्ने काम भइरहेको यस अवस्थामा मानवअधिकारको प्रत्याभूतिका निम्ति राष्ट्र संघीय आयोगको उपस्थिति अपर्याप्त भइसकेको छ। यही तथ्यलाई महशूस गरेर नै सन् १९९२ मा संयुक्त राष्ट्र संघको मानवअधिकार आयोगले राष्ट्रिय स्तरका मानवअधिकार संस्थाहरूको लागि आवश्यक सिद्धान्तहरू अघि सार्न पुग्यो।

३.मानवअधिकारको रक्षा र प्रवर्द्धनका निम्ति गठन गरिने कुनै पनि देशका राष्ट्रिय मानवअधिकार आयोगहरू सम्भव भएसम्म व्यापक परिधिमा क्रियाशील रहन सक्ने गरी सर्वाधिकार सम्पन्न, स्वतन्त्र संस्थाका रूपमा निर्माण गरिनु पर्दछ। त्यस्ता आयोगहरूलाई संवैधानिक प्रक्रिया पूरा गरी कानून सम्मत बनाउनुको तात्पर्य सरकारी अंग बनाउनु होइन। राष्ट्रिय मानवअधिकार आयोगहरूको गठन र कार्यविधिलाई राज्यको कार्यकारी शक्तिद्वारा हुने वा हुन सक्ने मानवअधिकार हननको क्रियाकलापलाई समेत छानवीन गर्न सक्ने गरी सुनिश्चित गरिनु पर्दछ। आयोगका सदस्यहरू सरकारबाट स्वतन्त्र, आफ्नो विषयका विशेषज्ञ, मानवअधिकारको प्रवर्द्धन र संरक्षण कार्यमा लागिरहेका सामाजिक समूहहरूको विविधतापूर्ण पृष्ठभूमि भएका र निष्कलंक हुनुपर्दछ। राष्ट्रिय मानवअधिकार आयोगका सम्बन्धमा संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगद्वारा अघि सारिएको सिद्धान्त भन्दछ- "मानवअधिकार संरक्षण सम्बन्धी विद्यमान कानून एवं प्रशासनिक प्रावधानहरूको अवलोकन गरी संशोधनका निम्ति सिफारिश गर्ने र संसद र सरकारले ल्याएका नयाँ विधेयक, ऐन र नियमावलीहरूलाई मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यता र स्तर अनुरूप भए नभएको जाँच्ने काम पनि आयोगले गर्नु पर्दछ।"

सन् १९९२ मार्च ३ मा पारित त्यस सिद्धान्तले राष्ट्रिय मानवअधिकार आयोग न्यायालयसंग प्रतिद्वन्दिता गर्ने नभएर त्यससंग हातेमालो गर्दै अघि बढ्नु पर्दछ भन्ने धारणा अघि सारेको छ। अदालतले झैं उजुरी प्राप्त विषयमा मात्र सीमित नरहेर मानवअधिकार हननका घटनाहरूको स्वतन्त्र जाँच, अनुसन्धान एवं छानवीन गर्ने र त्यस क्रममा प्राप्त तथ्यहरूका आधारमा मानवअधिकारको संरक्षण र प्रत्याभूतिका निम्ति सिफारिस गर्ने काम गर्नु पर्दछ। देशभित्रैका सुरक्षा शक्ति अर्थात् सेना र प्रहरीको आचार व्यबहारबाट मानवअधिकार हनन भएको अवस्थामा राष्ट्रिय आयोगलाई तिनीहरूको बारेमा पनि जाँचबुझ गर्ने अख्तियार प्राप्त हुनु पर्दछ। राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार शिक्षाको प्रवर्द्धन गर्न गराउन स्कूल, विश्व विद्यालय र व्यावसायिक समूहहरू माफ पुग्ने, सबै प्रकारका भेदभाव र उत्पीडनको बिरोध गर्ने, अन्तर्राष्ट्रिय अभिसन्धिहरूलाई राष्ट्रिय सरकारद्वारा अनुमोदन गराई तदनुकूल व्यवहार गर्न लगाउने, आफ्नो प्रतिवेदन संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगमा पठाउने जस्ता कामहरू पनि गर्नु पर्ने कुरा उल्लेख गरिएको छ।

आयोग बनाउँदा समाजको बहुलवादी स्वरूप अनुरूप गैरसरकारी मानवअधिकारवादी संस्था, जातिभेद बिरोधी संस्थाहरू, ट्रेड युनियनहरू, अधिवक्ता, चिकित्सक, पत्रकार र वैज्ञानिकहरूका पेशागत सामाजिक संगठनहरूको समेत प्रतिनिधित्व गराइनु पर्दछ। आवश्यकता अनुसार राष्ट्रिय मानवअधिकार आयोगको क्षेत्रीय र स्थानीय शाखा बनाउन सकिने कुरा पनि सो सिद्धान्तमा उल्लेख छ। त्यसमा भनिएको छ -

१. राष्ट्रिय संस्था मानवअधिकार प्रबर्द्धन र संरक्षण गर्नका लागि सक्षम हुनेछ।

२. राष्ट्रिय संस्थाको संरचना र अधिकार क्षेत्र संवैधानिक लिखतमा स्पष्ट उल्लेख गरी सकेसम्म विस्तृत र अधिकार सम्पन्न बनाइने छ।

३. राष्ट्रिय संस्थामा अन्य कुराको अतिरिक्त देहायको उत्तरदायित्व रहने छः

क. संबन्धित अधिकारीहरूको अनुरोधमा वा उच्चस्तरीय उत्प्रेषण विना नै कार्यविषयमा सुनुवाई गर्न सक्ने आफूमा निहीत अधिकार उपयोग गरी सरकार, संसद र अन्य अधिकार सम्पन्न निकाय समक्ष मानवअधिकार प्रबर्द्धन तथा संरक्षण गर्ने सम्बन्धमा विचार, सुझाव, प्रस्ताव तथा प्रतिवेदन प्रस्तुत गर्ने, र त्यसलाई प्रकाशन गर्ने निर्णय गर्न सक्ने छ।

त्यस्ता विचार, सुझाव, प्रस्ताव तथा प्रतिवेदनहरू र त्यस्तो संस्थाको विशेषाधिकार निम्न विषयहरूसंग सम्बन्धित हुनेछः

१. मानवअधिकार संरक्षण र विस्तार गर्न प्रेरित कुनै पनि विधान वा प्रशासकीय साथै न्यायिक संगठन सम्बन्धी व्यवस्थाहरूको सम्बन्धमा, राष्ट्रिय संस्थाले लागु भएका विधान र प्रशासकीय व्यवस्थाहरू साथै विधेयक तथा प्रस्तावहरू परीक्षण गर्ने र आधारभूत मानवअधिकारका सिद्धान्तहरू अनुकूल बनाउन उपयुक्त ठानिएका सुझावहरू प्रदान गर्ने, उपयुक्त देखिएमा नयाँ विधेयक स्वीकारका लागि सिफारिश गर्ने, लागुरहेका कानून संसोधन गर्न र प्रशासकीय व्यवस्थाहरूलाई सुधार गर्न सुझाव दिने।

२. यसले उठाउने निर्णय गरेका कुनै पनि मानवअधिकार उल्लंघनको स्थिति।

३. सामान्य र विशेष रूपका मानवअधिकार सम्बन्धी राष्ट्रिय स्थिति बारे प्रतिवेदन तयार गर्ने

४. देशको कुनै पनि भागमा मानवअधिकार उल्लंघनको स्थिति बारे सरकारको ध्यानाकर्षण

गराउने र त्यस्तो स्थिति अन्त गर्ने उपायहरू अवलम्बन गर्न प्रस्ताव गर्ने र आवश्यकतानुसार, सरकारको स्थिति तथा प्रतिक्रिया सम्बन्धमा धारणा व्यक्त गर्ने।

ख. राज्यले स्वीकार गरेका अन्तर्राष्ट्रिय मानवअधिकारका माध्यमहरू अनुरूप राष्ट्रिय कानून, नियम तथा प्रकृया विकास गर्ने, एकरूपता ल्याउने र तिनीहरूको प्रभावकारी कार्यान्वयन गराउने।

ग. माथि उल्लिखित माध्यमहरू अनुमोदन गर्न वा सम्मिलन गर्न र त्यस्को कार्यान्वयन सुनिश्चित गराउन प्रोत्साहित गर्ने।

घ. देशले संयुक्त राष्ट्रसंघीय निकाय वा समितिहरू र क्षेत्रीय संस्थाहरूमा सम्झौताका दायित्व अनुरूप पेश गर्नुपर्ने प्रतिवेदनमा योगदान पुऱ्याउने र आवश्यकतानुसार सो विषयमा तिनको स्वाधिनतालाई समेत सम्मान गर्दै विचार व्यक्त गर्ने।

ङ. संयुक्त राष्ट्र संघ र संयुक्त राष्ट्र संघीय प्रणालीका संगठनहरू, क्षेत्रीय संस्थाहरू र मानवअधिकारको प्रबर्द्धन र संरक्षण गर्न सक्षम विदेशी राष्ट्रिय संस्थासंग सहयोग गर्ने।

च. मानवअधिकार शिक्षा तथा अनुसन्धान गर्ने कार्यक्रम बनाउन सहयोग गर्ने र त्यस्तो कार्यक्रम विद्यालय, विश्वविद्यालय र व्यवसायिक क्षेत्रमा कार्यान्वयन गर्न सहभागी बन्ने।

छ. मानवअधिकार र सबै खालका भेदभाव खासगरी जातीय भेदभाव समाप्त गर्ने प्रयासहरूमा सर्वसाधारणको सचेतनता खासगरी जानकारी तथा शिक्षा र प्रेसका सबै अंगहरू उपयोग गरी प्रचार प्रसार गर्ने।

त्यस्तो राष्ट्रिय संस्थाको बनौट सम्बन्धमा सो सिद्धान्त भन्दछ-

१. राष्ट्रिय संस्थाको बनौट र यसका सदस्यहरूको चुनावबाट वा अन्य प्रकारले नियुक्ति गर्दा मानवअधिकार प्रबर्द्धन र संरक्षण गर्ने कार्यमा संलग्न (नागरिक समाजको) सामाजिक शक्तिको बहुलवादी प्रतिनिधित्व निश्चित् हुनसक्ने प्रत्याभूति गरी संस्थापित प्रकृया अनुरूप हुनेछ, त्यस्तो शक्तिले देहाय अनुसार प्रभावकारी सहयोग जुटाउने वा संलग्नता कायम गर्ने वा प्रतिनिधित्व गराउने छः

   क. मानवअधिकार क्षेत्रका र जातीय भेदभाव अन्त गर्न संलग्न गैरसरकारी संस्था, मजदूर संगठन, सम्बन्धित सामाजिक र व्यवसायिक संगठनहरू जस्तै कानूनविद, चिकित्सक, पत्रकार र ख्यातिप्राप्त वैज्ञानिकहरूको संगठन

   ख. दार्शनिक प्रवर्ग वा धार्मिक विचार धाराका प्रवृत्तिहरू,

   ग. विश्वविद्यालयसंग सम्बद्ध योग्य विज्ञहरू,

   घ. संसद

   ङ. सरकारी विभागहरू (यस्ता प्रतिनिधि समावेश गरिएको खण्डमा ती प्रतिनिधिहरूले सल्लाहकारको रूपमा मात्र छलफलमा भाग लिनु पर्ने),

२. राष्ट्रिय संस्थाका कार्यहरू सरल रूपमा सम्पादन गर्न उपयुक्त आधारभूत सुविधाहरू खासगरी पर्याप्त रकम हुनुपर्ने छ। त्यस्तो रकम व्यवस्था गर्नुको उद्देश्य सरकारसंगबाट संस्थाका आफ्ना कर्मचारी स्वतन्त्र राख्न र कार्यालय स्थलको व्यवस्था गर्नु हुनेछ।

३. सदस्यताको लागि निश्चित व्यवस्था नभै सही रूपमा संस्थाको स्वाधिनता नहुने भएकोले, संस्थाको सदस्य नियुक्ति गर्दा आधिकारिक निर्णयबाट तोकिएको अवधिका लागि हुनेछ। त्यस्तो व्यवस्था संस्थाको सदस्यतामा बहुलवादी विशेषता रहुन्जेलसम्म पुनः नियुक्ति हुन सक्नेछ।

राष्ट्रिय मानवअधिकार आयोगको कार्य विधि सम्बन्धमा संयुक्त राष्ट्र संघीय सिद्धान्त भन्दछ-

क. आफ्नो क्षेत्राधिकारभित्र परेका सवालहरू स्वतन्त्र रूपले हेर्न, त्यस्तो कुरा सरकारले प्रेषित गरेको वा उच्च अधिकारीको उत्प्रेषण विना नै यस्का सदस्य वा निवेदकको प्रस्ताव स्वतन्त्र रूपले हेर्ने।

ख. आफ्नो क्षेत्राधिकार भित्र परेका कुराहरूको स्थिति मूल्यांकन गर्ने, कुनै व्यक्तिको सुनुवाई गर्ने र कुनै जानकारी तथा अभिलेख लिने।

ग. आफ्नो धारणा वा विचार र सुझावहरू सार्वजनिक जानकारी गराउन सर्वसाधारणलाई प्रत्यक्ष वा पत्रकार जगत मार्फत् सम्बोधन गर्ने।

घ. नियमित रूपमा र आवश्यकता अनुसार सबै सदस्यहरूलाई बोलाई बैठक बस्ने।

ङ. आवश्यकता अनुसार आफ्ना सदस्यहरू मध्येबाट कार्यदल गठन गर्ने र कार्य सम्पादनमा सहयोग पुऱ्याउनका निम्ति स्थानीय र क्षेत्रीय शाखाहरू स्थापना गर्ने।

च. मानवअधिकार प्रबर्द्धन तथा संरक्षण गर्ने उत्तरदायित्व भएका न्यायिक वा अन्य निकायहरू (खासगरी अम्बुदसम्यान मध्यस्तहरू तथा समान रूपका अन्य निकायहरू) संग परामर्श लिइरहने।

छ. गैरसरकारी संस्थाहरूले राष्ट्रिय संस्थाको कार्य विस्तारका लागि खेलेको भूमिका दृष्टिगतगरी मानवअधिकार प्रबर्द्धन र संरक्षण, आर्थिक तथा सामाजिक विकास, जातिवाद हटाउन, खासगरी कमजोर समूह (बालक, बसाई-सरी आएका

कामदारहरू, शरणार्थीहरू, शारीरिक तथा मानसिक रूपबाट अशक्त व्यक्तिहरू) वा विशिष्टीकृत क्षेत्रमा काम गर्न समर्पित गैरसरकारी संस्थासंग सम्बन्ध विकास गर्ने।

अर्धन्यायिक अधिकारका सम्बन्धमा उल्लेख गर्दै त्यसमा अगाडि भनिएको छ- राष्ट्रिय संस्थाले कुनै खास स्थितिका सम्बन्धमा सुनुवाई गर्न, उजुरी स्वीकार गर्न र निवेदन प्राप्त गर्ने अधिकार प्राप्त गर्न सक्नेछ। त्यस्तो संस्थामा मुद्दा ल्याउने व्यक्ति, तिनको प्रतिनिधि, तेस्रो पक्ष, गैरसरकारी संस्था, ट्रेड युनियन संगठन वा अन्य कुनै प्रतिनिधि संगठन हुन सक्नेछन्। त्यस्तो परिस्थितिमा माथि उल्लिखित आयोगको अधिकार सम्बन्धी सिद्धान्तलाई प्रभाव नपर्ने गरी त्यस्तो संस्थालाई प्रदान गरिने कार्य दायित्वहरू देहायका सिद्धान्तमा आधारित हुनेछन्:

क. मेलमिलापबाट वा कानूनले प्रदान गरेको सीमाभित्र रही पालना गर्नुपर्ने निर्णयबाट वा आवश्यक परेमा विश्वसनीयताका आधारमा मित्रवत रूपमा मुद्दा छिनोफानो गर्न प्रयास गर्ने,

ख. निवेदन दिने पक्षलाई उस्को अधिकार खासगरी उपलब्ध उपचारबारे जानकारी प्रदान गर्ने र त्यस्तो उपचार प्राप्त गराउन सहयोग गर्ने,

ग. उजुरी वा निवेदनहरू सुनुवाई गर्ने वा कानूनले प्रदान गरेको सीमाभित्र रही अन्य सक्षम अधिकारीलाई त्यस्तो उजुरी वा निवेदन हस्तान्तरण गरी पठाउने,

घ. सक्षम अधिकारी समक्ष सुझावहरू खासगरी निवेदकलाई आफ्नो अधिकार लिन कठिनाई सिर्जना गरेका कुराहरूमा खासगरी कानून, नियम वा प्रशासकीय तौरतरिकामा संशोधन वा सुधार गर्न प्रस्ताव राख्ने।

त्यसैगरी एम्नेष्टी इन्टरनेशनलद्वारा प्रस्तावित राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धी मापदण्डले त्यस्तो आयोगको गठन सम्बन्धी शर्तलाई यसरी अघि सारेको छ- "आयोग स्वतन्त्र हुनु पर्छ। संवैधानिक प्रक्रियाबाट गठन गरिनु पर्छ। स्वतन्त्र व्यक्ति, विशेषज्ञ, मानवअधिकारको प्रवर्द्धन र संरक्षणको क्षेत्रमा लागि रहेका व्यवसायिक, समूह र गैर सरकारी क्षेत्रको विविध पृष्ठभूमिबाट लिइनु पर्दछ र त्यो सर्वाधिकार सम्पन्न हुनुपर्छ।" सो प्रस्तावित मापदण्डमा अगाडि भनिएको छ- आयोगलाई मानवअधिकार उल्लंघनका आरोपहरूको छानवीन गर्नका निम्ति आवश्यक पर्ने- "अनुसन्धान संयन्त्र र विशेषज्ञको सहयोग लिनेसम्मको अधिकार नै हुनु पर्दछ। कुनै व्यक्ति थुनिएको आशंकामा त्यस्ता जुनसुकै ठाउँमा पनि तुरुन्त र निर्वाध रूपमा आयोगले छानवीन गर्न सक्ने ग्यारेन्टी हुनुपर्दछ। आयोगको छानवीन कार्यमा सहयोग पुऱ्याउनु सरकारी अधिकारीहरूको बाध्यात्मक दायित्व हुनु पर्छ।"

"आयोगलाई आफ्नै पहलमा अनुसन्धानको कदम चाल्ने अधिकार प्राप्त हुनुपर्दछ। उजुर गर्नेबाट मात्र नभई, सूचनाबाट बञ्चित भएको अवस्थामा वकील, नातेदार वा उसको पक्षमा गैरसरकारी समूह लगायत सबैले आयोगलाई सूचना गर्न र उजुर गर्न पाउने व्यवस्था हुनुपर्छ। जाँचबुझका लागि साक्षीहरूलाई बयान दिन प्रोत्साहित गर्नलाई आयोगले घटनाहरूको छानवीन गर्दा विशेष गरी क्षेत्रीय र स्थानीय स्तरमा छानवीनको व्यापक प्रचार गर्नु पर्दछ।"

"आयोगलाई उजुरवाला र साक्षीहरूको संरक्षण र सुरक्षा गर्ने आरोपित कर्मचारीहरूको निलम्बन, सरूवा र कारवाहीमा भएको ढिलाई आदिका बारेमा जानकारी दिने अन्य व्यक्तिहरूको संरक्षण र सुरक्षा गर्ने पूर्ण र प्रभावकारी अधिकार हुनुपर्दछ। पीडित र उसका नातेदारहरूलाई अनुसन्धानसित सम्बन्धित जानकारीहरू र कागजातहरू हेर्न दिइनु पर्दछ र प्रमाणहरू उपलब्ध गराउन हिंड्दा र बस्दा उनीहरूलाई लागेको खर्च आयोगले उपलब्ध गराउनु पर्छ।"

आयोगले खुला रूपमा काम गर्नु पर्छ र त्यसको सुनुवाई विशेष परिस्थितिमा बाहेक सबैका लागि खुला हुनुपर्छ। आयोगका प्रतिवेदनहरू आवधिक रूपमा जन प्रतिनिधिहरूको राष्ट्रिय तथा क्षेत्रीय तहका निकायहरूमा नियमित रूपले प्रस्तुत गरिनु पर्दछ। आयोगद्वारा प्राप्त तथ्यका आधारमा दोषीमाथि कार्वाही गरिनु पर्ने कुरा औंल्याउँदै एमनेष्टीद्वारा प्रस्तावित मापदण्ड भन्दछ- मानवअधिकार उल्लंघन गरेको वा गर्न उक्साएको, आदेश दिएको वा त्यसका लागि अनुमति दिन जिम्मेवार ठहऱ्याइएको र अभियोग लागेका हरेक व्यक्तिलाई अनिवार्य रूपलेअदालतसामु उभ्याउनु पर्दछ। साथै आयोगले निकालेको निष्कर्षप्रति सरकार जवाफदेही हुनै पर्दछ।

४.नेपालको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगको माग लोकतन्त्रको प्रश्नसंग गाँसिएर आएको छ। प्रजातान्त्रिक आन्दोलनले निरंकुशताको विरूद्धमा आवाज बुलन्द गर्दै शुरूदेखि नै नेपाली जनताको मौलिक मानवअधिकारको प्रत्याभूति हुनुपर्ने कुरा उठाएको छ र यो यसको सकारात्मक पक्ष हो। त्यसरी नै नेपालका सबै राजनैतिक समूहहरूले निर्दलीयताको विरोध गर्नु, सामाजिक न्याय, समानता र समृद्धिको पक्षपोषण गर्नु पनि सकारात्मक कुरा नै हुन्। यद्यपि आफ्ना यी मान्यता अनुरूप व्यवहार गर्न को कसले कति मात्रामा सकेका छन् भन्ने प्रश्न उठ्न सक्दछ र त्यो प्रसंग मूल्यांकनको अलग पक्षका रूपमा रहन्छ। यहाँ उनीहरूले जाहेर गरेको बचनबद्धता पनि महत्वपूर्ण मानिएको छ। दुई सदनात्मक संसदीय व्यवस्थाको स्थापना पछि ०४६ सालमा परम्परागत राज्यशक्ति, पूँजिवादीहरू र समाजवादी वामपन्थीहरूको त्रिपक्षीय सहभागितामा निर्मित संविधानले मानवअधिकारको संरक्षण र प्रत्याभूतिका निम्ति पूर्ववर्ती संविधानहरूले भन्दा निकै ध्यान पुऱ्याएको देखिन्छ। नेपालको संविधान २०४७ मा भाग ३ को धारा ११ देखि २३ सम्ममा

मानवअधिकारका विविध पक्षलाई प्रत्याभूत गरिएको छ। संसदमा यस सम्बन्धी समिति गठन गर्न सकिने, राजनैतिक दललाई प्रतिबन्ध लगाउन नपाइने, मौलिक हकमाथि घात गर्ने ऐन कानूनलाई बदर गर्न सर्वोच्चमा रिट निवेदन दिन सकिने जस्ता विधिहरूले राज्यलाई एकातर्फ कानूनी अवधारणा प्रदान गरेको छ भने अर्कोतर्फ राज्यलाई आफ्नो कल्याणकारी भूमिका ग्रहण गर्नु पर्ने दिग्दर्शन पनि दिएको छ। नेपालद्वारा अनुमोदित अन्तर्राष्ट्रिय अभिसन्धिहरूसंग राष्ट्रिय कानून बाभ्न नहुने व्यवस्था छ र यदाकदा बाझिन गएमा अन्तर्राष्ट्रिय कानून अनुसार मानवअधिकार प्रत्याभूत गरिने कुरालाई नेपालले अनुमोदन गरेको छ। तर पनि राज्यले कतिपय घटनामा मानवअधिकार उल्लंघन गर्ने काम गर्दै आइरहेको छ।

नेपालका विभिन्न मानवअधिकारवादी संस्थाहरूको प्रतिवेदन, संसदमा उठेका विभिन्न मुद्दाहरू र एमनेष्टी इन्टरनेशनल जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको अनुगमन प्रतिवेदनहरूले नेपालमा अझै पनि विभिन्न ढंगबाट मानवअधिकार हनन भइरहेको छ भन्ने दर्शाउँछन्। कतिपय नागरिकहरू बेपत्ता पारिएका छन्। राजनैतिक दलहरूले आफ्ना चुनावी घोषणापत्रमा मानवअधिकारको संरक्षण गर्ने कुरा उल्लेख गरेर पनि व्यवहारमा कतिपय हिंसात्मक घटनामा उनीहरूको संलग्नता रहेको पाइएको छ। मानवअधिकारको संरक्षण र प्रवर्द्धनका निम्ति यस्ता कुराहरू अशुभ सूचक नै मानिन्छन्।

५.न्यायिक उपचारको सन्दर्भमा पनि नेपाली समाज आफ्नै खालको जटिलतामा रहेको छ। एकातर्फ साना ठूला सबै विषयहरूमा अदालत गुहार्नु पर्ने अवस्थाले सर्व सुलभ न्यायको सिद्धान्तलाई उपेक्षा गरेको अनुभूति पीडित पक्षले गरिरहेका छन् भने अर्कोतर्फ नेपाली समाजको गरीबी, अशिक्षा र सहनशील प्रवृत्तिले गर्दा अधिकांश व्यक्तिहरू अदालतसम्म पुग्दै पुग्दैनन्। जो पुग्छन् तिनीहरू पनि कानूनी प्रक्रियाका लामा चौडा झञ्जटद्वारा दिक्क बन्दछन्। यस स्थितिमा तात्कालिक उपचार र मानवअधिकारको रक्षाका निम्ति पनि राष्ट्रिय मानवअधिकार आयोगको आवश्यकता र औचित्य देखा पर्दछ।

६.नेपालको इतिहासमा वामपन्थी समाजवादीहरू मानवअधिकारको रक्षा र प्रवर्द्धनमा सबभन्दा बढी सजग देखिन्छन्। राष्ट्रिय मानवअधिकार आयोगको आवश्यकता र औचित्यलाई सर्वप्रथम उनीहरूले नै महशूस गरे। संसदमा राष्ट्रिय मानवअधिकार आयोगको माग गर्दै सर्वप्रथम नेकपा एमालेका सांसद एवं कानूनविद् सुवास नेम्वाङ्गले ०४९ फागुन ३ गते एउटा संकल्प प्रस्ताव राष्ट्रिय सभामा प्रस्तुत गर्नु भएको थियो। त्यसप्रति विधायकहरूले गम्भीर चिन्तन मनन गर्नु पर्नेमा उल्टै त्यसको विरोध समेत तत्कालीन सत्ता पक्षबाट भयो। उक्त प्रस्तावमा भनिएको थियो- "देशको मानवअधिकारको आकलन, मूल्यांकन गरी आवश्यक कार्यार्थ सरकारलाई सिफारिश गर्न, मानवअधिकार क्षेत्रमा कार्यरत व्यक्तिहरू समेत समाविष्ट रहेको एउटा उच्चस्तरीय सर्वदलीय राष्ट्रिय आयोगको अबिलम्ब गठन गरियोस्।" तर यस प्रस्तावलाई पारित हुन नदिने काममा सत्ता पक्ष लाग्यो र ०४९ फागुन २२ गते मतदान गराइयो। प्रमुख विपक्षी नेकपा एमालेको १६ मत प्रस्ताव पारित गर्ने पक्षमा र सत्तापक्ष नेपाली कांग्रेसको २७ मत प्रस्तावलाई अनुमोदन नगर्ने पक्षमा भयो र प्रस्ताव पारित भएन। यो घटना नेपालको मानवअधिकार आन्दोलनमा ज्यादै दुःखद र अविस्मरणीय रहेको छ।

७. राष्ट्रिय मानवअधिकार आयोगको माग गर्नेहरूमा दोस्रो हुन न्यायाधीशहरू आइपुगे। सर्वोच्च अदालतका न्यायधिशहरू तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूको ०५१ मा पोखरामा सम्पन्न दोस्रो सम्मेलनले मानवअधिकार आयोगको खाँचोलाई सुस्पष्ट औंल्यायो र एउटा प्रस्ताव पारित गर्‍यो। त्यस प्रस्तावले आयोगको संरचना र कार्यक्षेत्रका बारेमा समेत थप व्याख्या गर्‍यो। जसअनुसार पूर्व प्रधानन्यायाधीश वा न्यायाधीशको अध्यक्षतामा बार एशोसियशन, पत्रकार संघ, मानवअधिकार सम्बन्धी गैर सरकारी संस्थाहरू समेतको प्रतिनिधित्व हुने गरी स्वतन्त्र निकायका रूपमा आयोग बन्नु पर्ने र त्यसले थुनाको बैधता, यातना, बन्दी जीवन, बालश्रम, कमैया, नारी शोषण आदि क्षेत्रमा ध्यानदिनु पर्दछ। स्थलगत निरीक्षण पछि सम्बन्धित निकायलाई उचित निर्देशन दिने, अमानवीय व्यवहार नगर्न सचेत बनाउने, सरकारलाई समेत त्यस्ता मानवअधिकार बिरोधी काम रोक्न अनुरोध गर्ने र अन्तर्राष्ट्रिय न्यायिक क्षेत्रसंग सम्पर्क राख्ने जस्ता कामहरू गर्नु पर्ने कुरा पनि त्यस सम्मेलनमा पारित प्रस्तावले औंल्याउन पुग्यो।

८. गैरसरकारी मानवअधिकारवादी संस्थाहरूले पनि राष्ट्रिय मानवअधिकार आयोगको गठनका निम्ति विभिन्न गतिविधिहरू अघि बढाए। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), इन्हुरेड इन्टरन्याशनल, मानवअधिकार संरक्षण मंच, नेपाल मानव अधिकार संगठन, यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन) आदिले संयुक्त तथा छुट्टाछुट्टै पनि आफ्ना अभिमतहरू प्रकट गर्दै मानवअधिकार आयोगको माग गरे, विभिन्न ठाउँमा गोष्ठी, सभाहरू भए। इन्सेकद्वारा वितरण गरिएको एक अनुरोध पत्रमा मानवअधिकार आयोग सम्बन्धी मापदण्ड बारे भनिएको छ-

- मानवअधिकारको उल्लंघन सम्बन्धमा आफ्नै स्वविवेकमा वा पीडित व्यक्ति वा निजको तर्फबाट अन्य कुनै संस्था वा व्यक्तिले दिएको उजुरीमा आवश्यक जाँचबुझ र अनुसन्धान गर्ने र आफ्नो राय ठहरको जानकारी सरकार वा सम्बन्धित निकाय र उजुरवालालाई दिने,

- मानवअधिकारको उल्लंघन सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्दा वास्तवमा मानवअधिकारको उल्लंघन भएको देखिएमा पीडित व्यक्तिलाई उपयुक्त उपचार वा मनासिब क्षतिपूर्ति दिन सरकार वा सम्बन्धित निकायमा लेखी पठाउने,
- मानवअधिकारको उल्लंघन सम्बन्धी अदालतमा परिरहेको मुद्दाको कारवाहीमा अदालतको अनुमति लिई अदालतले तोकिदिएको शर्त बन्देजको अधिनमा रही संलग्न हुने,
- मानवअधिकारको प्रचलनको लागि विद्यमान कानूनहरू र अड्डा अदालतबाट भएका आदेश वा फैसलाहरू सरकार वा सम्बन्धित निकायहरूबाट पालन भए नभएको हेर्ने र पालन नभएको वा आलटाल भएको देखिएमा सो सम्बन्धमा सरकार वा सम्बन्धित निकायको ध्यानआकर्षण गर्ने,
- विद्यमान कानूनहरू र सम्बन्धित निकायको अनुरोधमा प्रस्तावित कानूनहरू समेत मानवअधिकार अनुकूल छ छैन पुनरावलोकन गर्ने र मानवअधिकार प्रतिकूल देखिएका प्रावधानहरू संशोधन गर्न वा हटाउन सरकार वा सम्बन्धित निकायलाई सुझाव दिने,
- मानवअधिकारको उल्लंघनबाट पीडित व्यक्तिलाई उपयुक्त उपचारको लागि कानूनमा व्यवस्था भएको ठाउँमा जान आवश्यक सहयोग र सहायता पुऱ्याउने,
- मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरूको अध्ययन गर्ने र अनुमोदन गर्न वा सम्मिलन हुन सरकारलाई सुझाव दिने,
- अनुमोदन वा सम्मिलन गरेका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न त्यसमा रहेका प्रावधानहरूलाई कानूनमा समावेश गर्न वा व्यवहारमा ल्याउन सरकारलाई उपयुक्त राय सुझाव दिने,
- मानवअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसंग समन्वयात्मक सम्बन्ध राख्ने, मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि ती संस्थाहरूद्वारा संचालित वा आयोजित कार्यक्रममा सहभागी हुने,
- मानवअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूबाट भए गरेका मानवअधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धी काम कारवाही र प्रकाशनहरूको जानकारी राख्ने र ती संस्थाहरूको काममा सक्दो सहयोग गरी तिनीहरूको प्रयासलाई प्रोत्साहन दिने,
- मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि सरकारले अपनाउनु पर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा सरकारलाई सुझाव दिने,
- मानवअधिकारप्रति जनआस्था, सम्मान र विश्वास जगाउन र मानवअधिकारको संरक्षण र सम्बर्द्धन्को लागि उपलब्ध उपायहरूप्रति जनचेतना बृद्धि गर्न प्रकाशन, संचार माध्यम र अन्य उपलब्ध साधनहरूद्वारा मानवअधिकार सम्बन्धी शिक्षा एवं चेतना फैलाउने,
- संयुक्त राष्ट्र संघ र अन्तरगतका निकायहरूबाट मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि आवश्यक र उपलब्ध सहयोग लिने आदि।

इन्हुरेड इन्टरन्याशनलद्वारा वितरित राष्ट्रिय मानवअधिकार आयोग कस्तो हुनु पर्छ ? भन्ने अभिमतमा उल्लेख गरिएको छ - मानवअधिकार आयोग सरकारबाट स्वतन्त्र रहनु पर्छ। त्यसका प्रतिवेदनहरू व्यवस्थापिकामा पेश गरिनु पर्दछ। आयोगले मानवअधिकार सम्बन्धी सरकारी नीतिहरूलाई अवलोकन गरी कमी कमजोरीहरू औंल्याउनुपर्दछ। राज्यले अन्तर्राष्ट्रिय कानूनहरू अनुरूप काम गरे नगरेको अनुगमन गरी आवश्यक संयन्त्र निर्माण गर्न सिफारिश गर्ने र तिनीहरूलाई प्रभावकारी बनाउन कार्यरत रहनु पर्दछ।

त्यसैगरी नेपाल कानून समाजद्वारा ०५१ मंसीर १४ गते राजधानीमा एक छलफल कार्यक्रम आयोजना गरियो। त्यसमा विभिन्न विद्वान, कानूनविद्‌हरूले राष्ट्रिय मानवअधिकार आयोगको आवश्यकता दर्शाउँदै विचारहरू व्यक्त गरे। उक्त छलफलमा आयोग सम्बन्धी कार्यपत्रहरू पनि प्रस्तुत भएका थिए।

९.मध्यावधि निर्वाचन पछि बनेको नेकपा एमालेको सरकारले राष्ट्रिय मानवअधिकार आयोगका सम्बन्धमा विशेष चासो राखेर नेपाल कानून सुधार आयोगलाई क्रियाशील बनायो। त्यस आयोगद्वारा कतिपय विशेषज्ञ एवं मानवअधिकारवादी संघसंस्थाका प्रतिनिधिहरूसंग समेत छलफल गरी- "मानवअधिकार आयोग ऐन, ०५२ को प्रारम्भिक मस्यौदा" तयार पारियो। कतिपय पक्षमा कमी रहेको भए पनि त्यस मस्यौदाप्रति तुलनात्मक रूपमा ती संस्था एवं व्यक्तिहरूले सकारात्मक दृष्टि राखेका थिए। तर यसैबीच सरकारले पुनः चुनाव गराउने निर्णय गरी संसद विघटनको सिफारिश गऱ्यो र पुनः मध्यावधिको निर्वाचन घोषणा भयो। त्यसका बिरूद्धमा सर्वोच्चमा रीट पऱ्यो। अन्ततः अदालतले संसदको पुनर्बहाली गरिदियो।

संसदको पुनर्स्थापना पछि बनेको संयुक्त सरकारले मानवअधिकार आयोगका सम्बन्धमा पहिले तयार पारिएको मस्यौदालाई ओझेलमा पाऱ्यो। त्यसको सट्टा पुनः नेपाल कानून समाजद्वारा "मानवअधिकार आयोग विधेयक ०५२" (मस्यौदा) तयार पारियो र त्यसकै आधारमा राष्ट्रिय सभाका सांसद श्री महेश आचार्यले "मानवअधिकार आयोग ऐन ०५२" संसदमा प्रस्तुत गर्नु भयो। विपक्षी सांसदद्वारा त्यसका त्रुटीहरू औंल्याउने काम त भयो तर बहुमतद्वारा त्यो पारित गरी प्रतिनिधि सभामा पठाउने निर्णय लिइयो। यस घटनाले मानवअधिकारवादी संघसंस्था र व्यक्तिहरूलाई सजग गरायो। फलस्वरूप ३० कार्तिक ०५२ मा इन्सेकद्वारा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९५ को मस्यौदा विषय

सूचिमाथि भएको छलफल कार्यक्रमका सहभागी संस्था एवं व्यक्तिहरूले प्रतिनिधि सभाका सदस्यहरूलाई एउटा पत्र लेखी मानवअधिकार आयोगको सम्बन्धमा राष्ट्रिय सभाद्वारा पारित गरिएको विधेयकप्रति सजग रहन आग्रह गरे र उक्त विधेयकलाई पारित नगर्न समेत अनुरोध गरे। त्यस अनुरोध पत्रमा भनिएको छ- "राष्ट्रिय सभाद्वारा पारित गरेको विधेयकले त मानवअधिकार आयोगलाई फगत सरकारी निकायको रूपमा मात्र प्रस्तुत गरेको छ। यस्तो विधेयकद्वारा बन्ने आयोग न शक्ति सम्पन्न बन्ने छ न त स्वतन्त्र नै।" त्यसक्रममा संयुक्त राष्ट्र संघ र एमनेष्टी इन्टरनेशनलद्वारा अघि सारिएको मानवअधिकार आयोग सम्बन्धी मापदण्डहरू उपलब्ध गराई तिनीहरूको भावनालाई प्रस्तावित आयोग सम्बन्धी विधेयकमा समावेश गरियोस् भनी आवाज उठाउनका निम्ति समेत अनुरोध गरियो।

१०. राष्ट्रिय सभाद्वारा पारित भएर प्रतिनिधि सभामा पठाउने भनिएको त्यस विधेयक बारे कानूनविद्, मानवअधिकारवादी संस्थाहरू र राजनैतिक क्षेत्रले समेत आलोचना गरेपछि हाल त्यो प्रतिनिधि सभाद्वारा पारित भएको छैन। उक्त विधेयक अनुसार बन्ने आयोग जम्मा तीन सदस्यीय हुने छ, जसको अध्यक्ष भूपू प्रधानन्यायाधीश वा न्यायधीश, अथवा सर्वोच्च अदालतका न्यायाधीश हुने योग्यता पुगेको व्यक्ति र सदस्यमा कानूनी क्षेत्रमा वा मानवअधिकारको क्षेत्रमा अथवा सामाजिक क्षेत्रमा वा संचार वा पत्रकारिता क्षेत्रमा काम गरी महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्ति मध्ये एक र अर्को एक व्यक्ति संवैधानिक अंगको कुनै पदमा वा विशिष्ठ श्रेणीको पदमा कार्य गरी सेवानिवृत भएको व्यक्ति मध्ये एक रहने व्यवस्था छ। आयोगको स्वतन्त्रता बारे त्यस विधेयकमा कुनै सुष्पष्टता छैन। न त त्यो संस्था स्वशासित एवं संगठित रहने कुरा नै किटान गरिएको छ। पहिले कानून सुधार आयोगद्वारा प्रस्तावित मस्यौदामा ५ सदस्य रहने कुरा उल्लेख थियो। र त्यो संस्था स्वशासित एवं संगठित रहने कुरा स्पष्ट उल्लेख छ। त्यसमा आयोगका सदस्यमा रहने व्यक्तिहरू चालिस वर्ष पुगेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको हुनुपर्दछ भनिएको छ। कानून सुधार आयोगले तयार गरिएकोमा भने ४५ वर्ष उमेर अंकित गरेको छ। सदस्यहरूको पद रिक्त हुने सम्बन्धमा आयोगका सदस्यहरूप्रति प्रतिनिधि सभाको मानवअधिकार समितिले दुई तिहाई सदस्यको उपस्थितिमा भएको वैठकद्वारा दुई तिहाई बहुमतबाट अनुपयुक्त ठहर गरिएको प्रस्ताव प्रतिनिधि सभामा पारित भयो भने पद रिक्त हुने व्यवस्था पनि त्यसमा उल्लिखित गरिएको छ।

आयोगको कामका सन्दर्भमा मा. महेश आचार्यद्वारा प्रस्तुत विधेयकले अन्तर्राष्ट्रिय मान्यताको उल्टो धारणा प्रस्तुत गरेको छ। सैनिकद्वारा गरिने मानवअधिकार हननको छानवीन गर्ने कुरामा मात्र रोक लगाइएको नभै सरकारको मुख्यसचिव एवं महान्यायाधीवक्ताले समेत आयोगको क्षेत्राधिकार संकुचित बनाइदिन सक्ने अवस्था पनि त्यसमा समावेश गरिएको छ। यद्यपि कानून सुधार आयोग र नेपाल कानून समाजद्वारा तयार पारिएका मस्यौदामा कतिपय कुराहरू मिल्दाजुल्दा भए पनि कतिपय कुरामा भिन्नता प्रचुर छन्। त्यसैगरी राष्ट्रिय सभाद्वारा पारित विधेयकले अदालतमा विचाराधीन रहेको कार्वाहीका बारेमा पनि अदालतको अनुमति लिएर छानवीन गर्न सक्ने कुरा अघि सारेको छ। अरू केही कुरामा ती दुई मस्यौदाहरू मिल्दाजुल्दा देखिन्छन् तर ती तीनवटै प्रस्तावित ऐनका मस्यौदाहरूमा अन्तर्राष्ट्रिय मान्यताको पक्ष भने अपेक्षित सबल देखिँदैन।

११. वास्तवमा हाम्रो देशको सापेक्षतामा राष्ट्रिय मानवअधिकार आयोगको बनौट, कार्य विधि र अधिकार क्षेत्रको सन्दर्भमा विचार गर्दा मानवीय सम्बन्ध प्रवर्द्धन गर्ने, समानता र स्वतन्त्रताको प्रत्याभूति दिने र प्रत्येक व्यक्ति र समाजको हित सम्बर्द्धन गर्नका निम्ति आवश्यक मानवअधिकार, कर्तव्य र सदाचारको पक्षलाई समेत ध्यानमा राख्ने आवश्यकता पैदा भएको छ। यसरी हेर्दा आयोग गठन गर्ने कामकुरामा अन्तर्राष्ट्रिय अनुबन्धहरूले निर्धारित गरिसकेका कार्यविधि र दायित्वहरूलाई संकीर्ण पार्ने काम कदापि हुनुहुँदैन। यसका निम्ति मानवअधिकारवादी संघ संस्थाहरू, सम्बन्धित क्षेत्रका विज्ञहरू र यसबारे चासो राख्ने प्रवुद्ध वर्गहरूमाफ व्यापक र सार्वजनिक छलफल, परामर्श बैठकहरू संचालन गरी यथासंभव ठोस टुङ्गोमा पुग्नु आवश्यक छ। अतः माथि प्रस्तुत गरिएका विभिन्न मतहरूको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक स्थान दिने तर्फ सर्वप्रथम ध्यान जानु आवश्यक छ।

स्वतन्त्र संवैधानिक स्थान प्रदान गरेपछि आयोगको कार्यसंचालनमा विशेष गरी कार्यपालिकाद्वारा कुनै प्रकारको प्रभाव पर्न नदिने, राजनीतिक दल विशेषको प्रभाव पर्न नदिने जस्ता कुराहरूको प्रत्याभूति जरूरी हुन्छ। मुख्य सचिव अथवा महान्यायाधिवक्ताद्वारा किटिने विषयका बारेमा कानूनी सुस्पष्टता हुनु वाञ्छनीय देखिन्छ। सैनिकद्वारा होस वा प्रहरी प्रशासनद्वारा कुनै पनि व्यक्तिको मानवीय अधिकारमाथि चोट पुग्न गएको खण्डमा त्यसलाई आयोगले अवलोकन नगर्ने हो भने त्यसको सार्थकता पनि न्यूनतातिर बहकिने छ।

संक्षेपमा भन्दा माथि विवेचना गरिएका सबै धारणाहरूको सार ग्रहण गरी सर्वाधिकार सम्पन्न स्वतन्त्र राष्ट्रिय मानवअधिकार आयोग गठन हुने व्यवस्था नगरेसम्म, त्यस प्रकारको प्रकृति ग्रहण गरेको आयोग बन्ने आधार प्रस्तुत गर्ने ऐन (विधेयक) तर्जुमा नगरियुञ्जेलसम्म राष्ट्रका मानवअधिकारवादीहरूद्वारा उठाइएका मागहरूको अवमूल्यन मात्र नभई अन्तर्राष्ट्रिय मर्यादाको पनि अवमूल्यन हुन जाने देखिन्छ। अतः सम्बन्धित क्षेत्रले सजगतापूर्ण दृष्टि दिई यसलाई अन्तिम स्वरूप प्रदान गर्नु पर्ने आवश्यकता अझै पनि टड्कारो रहिरहेको देखिन्छ।

■

अनुसूची ५

सन् १९९५ मा मानवअधिकार स्थिति बारे विभिन्न क्षेत्रको धारणा

राज्यका महत्वपूर्ण सरकारी निकाय र राजनीतिक पार्टीहरू वर्ष भरिका स्थितिबारे आ-आफ्नो क्षेत्रसंग सम्बन्धित विषयमा कस्तो मूल्यांकन गर्दछन्। उनीहरूका धारणा मानवअधिकार वर्ष पुस्तकमा समावेश गरिनु सान्दर्भिक हुने भएकोले १९९२ देखि नै हामीले यो शीर्षकको अनुसूचि प्रस्तुत गर्दै आएका छौं। विगत वर्षहरूमा जस्तै यस वर्ष पनि हामीले सबै राजनीतिक पार्टीहरू, श्री ५ को सरकार गृहमन्त्रालय एवं परराष्ट्र मन्त्रालय, संयुक्त राष्ट्रसंघ शाखा, नेपाल प्रहरी, संसदको मानवअधिकार तथा परराष्ट्र समिति र मानवअधिकारका विविध क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूलाई आ-आफ्नो धारणा उपलब्ध गराइ दिन आग्रह गर्दै पत्राचार गर्‍यौं। वर्ष पुस्तक प्रेसमा पुर्‍याउनु भन्दा अघिल्लो दिनसम्म हामीले अनुनय विनय गर्दा पनि नेपाली कांग्रेस, राप्रपा, संयुक्त जनमोर्चा, गृहमन्त्रालय, परराष्ट्र मन्त्रालय र संसदको मानवअधिकार समितिका आधिकारिक धारणा प्राप्त हुन सकेन र जे जति प्राप्त भए तिनीहरूलाई मात्र यहाँ प्रस्तुत गरिएको छ।

(क) राजनीतिक पार्टीहरू

१. नेपाल कम्युनिष्ट पार्टी (एमाले)

मानवअधिकारको दृष्टिकोणमा सन् १९९५

हाम्रो पार्टी, मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्ने तपाईहरूको निरन्तरताप्रति साधुवाद व्यक्त गर्न चाहन्छ। यस्ता प्रकाशनहरूले देश र दुनियाँलाई मुलुकको मानवअधिकारको स्थितिको वास्तविक जानकारी प्रदान गर्नुका साथै यिनीहरूले मानवअधिकारको उल्लंघन भइरहने ठाउँहरूलाई सजगता पनि प्रदान गर्दछन्।

१९९२, १९९३ र १९९४ का मानवअधिकार वर्ष पुस्तकहरूमा प्रकाशित मानवअधिकार उल्लघनका केही घटनाहरू यसपटक पनि उल्लेख गर्न सकिने अवस्थामा छन्। यसको अर्थ हो, तिनीहरूका बारेमा राज्यले ठोस रूपमा काम थालेको छैन। तिनमा वर्तमान संविधानको भावनासँग मेल नखाने कानूनहरूको खारेजी या आवश्यक संशोधन प्रमुख रहेको छ। यसबाहेक महिला विरूद्धका भेदभावपूर्ण कानूनहरू यथावत् रहनु, बँधुवा मजदूरको क्षेत्रमा नयाँ कानूनको तर्जुमा हुन नसक्नु, जनताको सुसूचित हुने अधिकारको ग्यारेन्टी गर्ने कानून नबन्नु जस्ता कामहरू अहिले पनि मानवअधिकारको विपक्षमा उभिएका छन्।

यसबाहेक, मानवअधिकारको दृष्टिकोणबाट १९९५ को वर्ष मिश्रित रहेको छ। यो वर्ष मुलुकले आधारभूत रूपमै दुई फरक दार्शनिक मान्यता राख्ने राजनीतिक शक्तिहरूको सरकार बेहोर्‍यो। ती दुई शक्तिहरूको बोली र व्यवहारको बीचमा रहेको भिन्नतालाई पनि मुलुकले महसूस गर्ने अवसर प्राप्त गर्‍यो। त्यसै हुनाले मानवअधिकारको चर्चा गर्दा यो वर्षलाई विशेष उल्लेखनीय मान्नु पर्ने हुन्छ।

मानवअधिकारको पहिलो र सर्वाधिक महत्वपूर्ण अंश भनेको जीविकाको अधिकार हो। जीवनको अभावमा मानवअधिकारका सबै तर्कहरू अर्थहीन हुन्छन् र तिनीहरू कोरा राजनीतिक भाषणमा सीमित हुन्छन्। भोको पेटको आर्तनादलाई तिरस्कार गरेर अघाएको पेटको डकारलाई मात्र मानवअधिकारको परिभाषाभित्र सामेल गरियो भने त्यो परिभाषा आंशिक, एकांगी, अधुरो र अर्थहीन हुन्छ। यथार्थमा जुन राज्यले नागरिकको भोकको समस्या समाधान गर्न सक्दैन, त्यो राज्यले मानवअधिकारको सर्वाधिक हनन गरिरहेको हुन्छ। मानवअधिकारलाई यही दृष्टिकोणबाट नबुझ्नेल, मानवअधिकारको चर्चा गर्नु व्यर्थ हुन्छ।

१९९५ को पूर्वार्धमा, मानवअधिकार भनेको जीवनको अधिकार हो भन्ने वास्तविकतालाई सरकारले महसूस गर्ने र आफ्नो क्षमताका आधारमा त्यसलाई व्यवहारमा उतार्ने काम गर्‍यो। नेपालको इतिहासमा पहिलोपटक स्थापित कम्युनिष्ट पार्टीको सरकारले मानवअधिकारको ग्यारेण्टी गर्ने काम आरम्भ गरेको थियो। विगतमा प्रतिपक्षमा हुँदा आफूले उठाउँदै आएको तर नेपाली कांग्रेसको सरकारको जिद्दीका कारण तिरस्कृत हुँदै आएको मानवअधिकार आयोगको स्थापनाका लागि त्यसले काम प्रारम्भ गरेको थियो। कम्युनिष्ट पार्टीको सरकारले स्वतन्त्र न्यायपालिकाको सम्मान गर्दै सार्वजनिक अपराध ऐनलाई प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट झिकेर अदालतको अधिकार क्षेत्रभित्र लैजाने काम गरेको थियो। त्यसले मानवअधिकार उल्लघन गर्ने कानूनहरू संशोधन गर्ने कार्य आरम्भ गर्नुका साथै कानूनी राज्यको स्थापनाका लागि

आवश्यक पर्ने प्रक्रियाहरू समेत आरम्भ गरेको थियो। यतिमात्र नभएर, जनताको जीविकाको अधिकारको ग्यारेण्टी गर्ने गरी त्यसले लोककल्याणकारी राज्यको अवधारणालाई व्यवहारमा उतार्ने कोशिस गरेको थियो। त्यसले आफ्ना कामहरूलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्ने क्रममा कृषि, सिंचाई, उत्पादकत्व बृद्धि, ग्रामीण क्षेत्रको विकासलाई पहिलो पंक्तिमा राख्यो। जनतालाई अधिकतम सुविधा उपलब्ध गराउने उद्देश्यबाट प्रेरित भएर आफ्नो कार्य आरम्भ गर्दा त्यसले गरीवि निवारणको वस्तुवादी सुविधा उपलब्ध गराउने उद्देश्यबाट प्रेरित भएर आफ्नो कार्य आरम्भ गर्दा त्यसले गरीवि निवारणको वस्तुवादी योजना बनायो। नेकपा (एमाले) को सरकारले त्यही योजनाको आधारमा आफ्नो कार्य आरम्भ पनि गरेको थियो।

आम रूपमा मानवअधिकार भनेर प्रचार गरिने राजनीतिक सहिष्णुता र अभिव्यक्तिको अधिकार कसरी व्यवहारमा उतार्न सकिन्छ भन्ने व्यवहार पनि १९९५ को पूर्वार्धमा मुलुकले महसूस गर्ने मौका पायो।नेकपा (एमाले) सरकारमा भएको बेलामा प्रतिपक्षी राजनीतिक पार्टीहरूले र ती पार्टीहरूको उक्साहटमा सरकारी एवं संस्थानका कर्मचारीहरूले आन्दोलन गरे। त्यस अवधिमा नेपाल बन्द र हडतालका घटनाहरू पनि आम भए। ती आन्दोलन र बन्दका कार्यक्रममा नेपाली कांग्रेस होस् वा जनमोर्चा (भट्टराई) सबैले आफ्नो कार्यक्रमलाई हिंसात्मक ढंगले चलाए, तोडफोड र ढुंगामुढाका घटना भए तर नेपालको इतिहासमा पहिलोपटक हडताल र बन्दहरू सरकारको सहिष्णुता र प्रयत्नका कारण सापेक्षित रूपमा शान्तिपूर्ण ढंगले सम्पन्न भए। सरकारले कुनै पनि आन्दोलनमा एक राउण्ड गोली चलाएन, एकजनालाई मार्नु परेन, एकजनालाई थुन्नु परेन। शान्तिपूर्ण ढंगले सरकार संचालन गर्न सकिएको १९९५ का आठवटा महिनाहरू शान्ति र नागरिक सुरक्षाका हिसाबले स्वर्णिम थिए। मानवअधिकारको दृष्टिले यो शासन संचालन नेपालको विगतको मात्रै होइन, विश्वका धेरैवटा प्रजातान्त्रिक मुलुकभन्दा उत्कृष्ट थियो।

नेपाल जस्तो पछाडि परेको मुलुकमा सरकारले सामाजिक चेतना वृद्धि गर्ने, वैज्ञानिक सोचलाई प्रश्रय दिने, अन्धविश्वास र कुरीतिका विरूद्ध जनताको पहलकदमी खोल्ने काममा सघाउ पुऱ्याउने जस्ता कामहरू मानवअधिकारको संरक्षणभित्रै पर्दछन्। नेकपा एमालेको शासनकाल यिनै कुराहरूप्रति समर्पित थियो। जनतालाई राहत पुऱ्याउने कार्यक्रमहरू मात्र होइन, जनताको सामाजिक चेतना अभिवृद्धि गर्ने काममा योजनाबद्ध ढंगले लाग्ने काम पनि त्यतिबेला आरम्भ गरिएका थिए। जनसंस्कृतिको उत्थान, उत्पीडित जनताको अधिकारको सुरक्षा, भूमिहीनको पक्षमा भूमिसुधार कार्यक्रम संचालन, सुकुम्बासीहरूलाई आवास उपलब्ध गराउने जस्ता कार्यक्रमहरू त्यस कालमा संचालन गरिएका थिए। यतिमात्र होइन गैर सरकारी संघ संस्थाको स्वतन्त्र आयोजना र निर्माणमा सरकारी संचार माध्यमबाट मानवअधिकार शिक्षा संचालन गर्ने काम पनि नेपालको इतिहासमा सर्वप्रथम नेकपा एमालेको सरकारले नै आरम्भ गरेको थियो। यस्ता कामलाई निरन्तरता दिन सकिएको भए मुलुकमा मानवअधिकारको स्थिति विकसित मुलुकमा भन्दा सुदृढ हुने थियो।

तर यो स्थिति मुलुकमा दीर्घजीवी बन्न सकेन। मानवअधिकार हननका गम्भीरतम घटनाहरू पनि १९९५ मै नेपालमा घटे। नेकपा एमालेको सरकारले जनसहभागिता बृद्धि गर्ने र जनतालाई सशक्तिकरण गर्ने कार्यक्रम चलाएको थियो। तर राजनीतिक षडयन्त्रको गोटी चालेर जनतालाई शक्तिशाली बन्न नदिनेहरूले संविधानको अपव्याख्या मात्र होइन, त्यसको संशोधन समेत गर्ने कोशिस गरे। १९९५ को अगष्ट २८ को दिन मुलुकले चिताउँदै नचिताएको संवैधानिक कू भयो। जनताद्वारा आफ्नो प्रतिनिधि छनौट गर्ने अधिकारको कटौती भयो। प्रजातान्त्रिक प्रक्रिया अबरूद्ध गर्ने कोशिस गरियो। संविधान, अदालत र कानूनी राज्यको अवधारणाको उल्लंघन गरियो। यसरी पुनः मुलुकमा मानवअधिकार हननको नया श्रृङ्खला आरम्भ भयो।

मुलुकमा नेकपा एमालेको सरकार पतन भएर नेपाली कांग्रेसको नेतृत्वमा गठबन्धन सरकारको स्थापना भएपछि गोली, लाठीचार्ज, हिरासतमा नागरिकको हत्या सामान्य घटना भए। जनताको जुलुसमाथि फेरि गोली चल्न थाल्यो। हर क्षेत्रमा राजनीतिक असहिष्णुता र प्रतिशोध आम बन्न थाल्यो। नेकपा एमालेको शासनकालमा विर्सिइनै लागेको राजनीतिक प्रतिशोधको मुद्दालाई गठबन्धन सरकारले पुनर्जिवित गऱ्यो। यही गठबन्धन सरकारका पालामा कर्मचारी क्षेत्र जस्तो संवेदनशील अंगलाई राजनीतिकरण गर्ने प्रयत्न गर्दै सत्ताधारी दलको छातामुनि आएमा प्रोत्साहन र पुरस्कार, निष्पक्ष र व्यवसायिक अडान राखेमा तिरस्कार र दण्ड दिने नयाँ परिपाटी खडा गरियो। गठबन्धन सरकारले संवैधानिक निकायहरूमा हस्तक्षेप गर्ने, सांसदहरूसम्मलाई झुट्टा मुद्दामा फसाउँने षडयन्त्र गर्ने जस्तासम्मका कामहरू आरम्भ गऱ्यो। वास्तवमा १९९५ को उत्तरार्धमा गठित राजनीतिक रूपमा चरम दक्षिणपन्थी शक्तिको प्रतिनिधित्व गर्ने सरकारका काम कारवाहीहरूले एकपल्ट फेरि मुलुकको मानवअधिकारको स्थितिलाई दयनीय बनाउने काम गऱ्यो।

०५२ फागुन १२

प्रदिप नेपाल
केन्द्रीय सचिवालय

२. नेपाल मजदूर किसान पार्टी

सन् १९९५ मा मानवअधिकार स्थिति

मानवअधिकारको क्षेत्र अति संवेदनशील र व्यापक छ। समग्रमा मुलुकको मानवअधिकारको स्थिति सरकार, प्रमुख प्रतिपक्षी र अन्य "ठूला" राजनीतिक पार्टीहरूसंग सम्बन्धित हुन्छ। किनभने मानवअधिकारको हनन सरकार वा बलिया पक्षबाट हुने गर्छ।

सन् १९९५ को करिब नौ महिना एमालेको सरकार र बाँकी अवधि नेपाली कांग्रेस, राप्रपा र नेपाल सद्‌भावना पार्टीको संयुक्त सरकार थियो। ०४८ को आम निर्वाचनपछि एमालेको प्रमुख प्रतिपक्षीको भूमिका र ०५१ को मध्यावधि निर्वाचनपछि एमाले सरकारको गतिविधिलाई मूल्यांकन गर्दा नेपाली कांग्रेस, राप्रपा र नेपाल सद्‌भावना पार्टीभन्दा एमाले मौलिक रूपले भिन्न नभएको स्पष्ट हुन्छ। हुन त नेपाली कांग्रेस, एमाले, राप्रपा र नेपाल सद्‌भावना पार्टीको निर्वाचन घोषणा पत्रमा भूमिमाथि द्वैध स्वामित्व अन्त्य गर्ने, सुकुम्बासी समस्या समाधान गर्ने, निजीकरण आदिबारे समान दृष्टिकोण देखिन्छ।

सबै पार्टीहरूसंग समन्वय राखी सरकार चलाउने दावी गरे पनि एमाले सरकारको पालमा प्रशासन र संचार क्षेत्रमा एमालेकरण भयो। भूमिमाथि द्वैध स्वामित्व अन्त्य गर्ने एमालेको चुनावी प्रतिबद्धता एउटा आयोगमै सीमित भयो। एमाले सरकारको त्यस भूमि सुधार आयोगले के-कस्ता सिफारिश गर्‍यो जनता सुसूचित हुन पाएनन्। नागरिकता समस्यालाई पनि एमालेको सरकारले एउटा आयोग गठन गरेर टार्‍यो। "कम्युनिष्ट" को सरकार भन्न रूचाउने एमालेको सरकारले लाखौं-लाख कमैया र बधुवाहरूलाई जोताहा हक दिलाउने समेत कुनै तत्परता देखाएन।

टनकपुर परियोजनाबारे नेपाली कांग्रेसलाई "राष्ट्रघाती" र "देश बेचुवा" भन्ने एमालेले आफ्नो सरकारको पालामा "महाकाली प्याकेज" को नाउँमा महाकाली नदी नै सुम्पने पूर्वाधारहरू तयार गर्‍यो। १९५० को नेपाल भारत सन्धि पनुरावलोकनको ठुल-ठूलो स्वर उठाउने एमाले सरकारले यथास्थितिलाई स्वीकार गर्‍यो। दासढुंगा काण्डका अपराधी पत्ता लगाउने र मल्लिक आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्ने र भूटानी शरणार्थी समस्या समाधान गर्नेबारे एमालेको सरकार नेपाली कांग्रेसकै पद चिन्हमा हिडेको थियो।

दासढुंगा काण्डबारे ड्राभइर अमर लामाको फाँसीको माग गर्ने एमालेले आफ्नो सरकारको पालामा समेत अपराधी पत्ता लागउन सकेन। एमाले सरकारकै दिवंगत कामरेड मदन भण्डारीका श्रीमती सांसद विद्या भण्डारीले सदनमा प्रश्न उठाउनु भएको थियो। त्यस्तै दासढुंगा काण्डका अपराधीमाथि कार्वाही गराउने माग राखी देशभरि उठेको आन्दोलनबाट पीडित जनतालाई समेत एमाले सरकारबाट कुनै राहत भएन। एमाले सरकारको पालामा दासढुंगा हत्याकाण्डको अपराधी पत्ता लगाई कार्वाही हुनु पर्दथ्यो, त्यसो नगर्नुले जेलमा थुनिएका ड्राभइर अमर लामाको मानवअधिकार हनन हुन गएको छ।

समाजवादको नारा दिने एमालेको सरकारले केही उद्योगहरू निजीकरण गर्ने अन्तिम तयारी गरिसकेको थियो। मजदूरहरूको हक-हित सुनिश्चित गर्ने र उनीहरूलाई मानवोचित ज्यालाको बन्दोबस्त गर्ने तथा व्यवस्थापनको थिचोमिचो अन्त्य गरी उनीहरूको कामको ग्यारेण्टी गर्ने ऐन नियम बनाउनेतर्फ एमालेले कुनै चासो देखाएन।

कमिशनलाई राजस्वमा जम्मा गर्ने प्रतिबद्धता देखाउने एमाले सरकारको पालामा चिनी काण्ड, राडार काण्ड, मल काण्ड जस्ता घोटालाहरू घटे र ती काण्डहरूबारे जनता सुसूचित हुन पाएनन्। राजनीतिक पीडित कोषलाई नेपाली कांग्रेसले झैं पार्टी कार्यकर्ता पाल्ने हतियारको रूपमा उपयोग गरियो। सरकारका मन्त्री र पार्टी केन्द्रीय सदस्यका छोराछोरीहरूलाई विदेश पठाउने काम जारी भयो।

तीन प्रतिशतको संवैधानिक प्रावधान र निर्वाचनका लागि "मान्यता प्राप्त" र "मान्यता प्राप्त नभएको" पार्टी जस्ता कथित "राष्ट्रिय" र "अराष्ट्रिय" पार्टीको प्रावधान मेटाउने र संविधानको बुहदलीय अवधारणालाई व्यवहारमा उतार्ने काममा एमालेले पनि कुनै चासो देखाएन। मानवअधिकार आयोगमा लामो समयदेखि मानवअधिकार आन्दोलनमा कार्यरत व्यक्तिहरूलाई समेट्ने गरी विधेयक ल्याएन। सारमा एमालेले प्रतिपक्षमा रहँदा जे-जे कुराहरू उठाउने गर्दथ्यो सरकारमा गएपछि ती सबैलाई तिलाञ्जली दियो।

संसदीय व्यवस्थामा प्रधानमन्त्रीसंग संसद विघटन र मध्यावधिको घोषणा गर्ने विशेष अधिकार हुन्छ। नेपाली कांग्रेस सरकारको तत्कालीन प्रधानमन्त्री गिरिजिाप्रसाद कोइराला र एमाले सरकारको प्रधानमन्त्री मनमोहन अधिकारीबाट संसदको विघटन र मध्यावधिको घोषणा हुँदा नेमकिपाले संविधान सम्मत कदम भनी सरकारको हाँकलाई स्वीकार गरेको थियो। तर देशका "ठूला" पार्टीहरू पालैपालो सर्वोच्च अदालतमा रिट दिन जाने र त्यसबारे अदालतले व्याख्या गर्ने गर्दा प्रधानमन्त्रीको विशेष अधिकार र जनताको प्रजातान्त्रिक अधिकारमाथि अंकुश लागेको छ। अतः एमालेको शासन अवधिभरि मुलुकमा मानवअधिकारको स्थिति सन्तोषजनक थिएन। मालसामानको माउलाई नियन्त्रण गर्ने, बेरोजगारी समस्या समाधान गर्ने र स्तरीय शिक्षाद्वारा एउटा सुसंस्कृत समाज निर्माण गर्न एमाले सरकारले कुनै योगदान गर्न सकेन। बरू आफ्ना मानिसहरूलाई मात्रै कर्मचारी, शिक्षक र अन्य पदमा नियुक्ति दिने वा जागिर दिने काम भयो। नेपाली कांग्रेस, नेपाल सद्‌भावना पार्टी र राप्रपाको संयुक्त सरकार समेत एमालेको पद चिन्हमा हिडेको हुँदा कुनै नविनता देखिएन। सानो मन्त्री मण्डललाई आदर्श मन्त्रीमण्डलको रूपमा लिइन्छ, तर संयुक्त सरकारको नेपालकै इतिहासमा सबभन्दा ठूलो मन्त्री मण्डल बन्यो। अघिल्लो सरकारले झैं प्रशासन, शैक्षिक संस्थान र संचारमा सरकारीकरण गरियो। मजदूर, किसान र अन्य कामदार

जनताको हितका निम्ति संयुक्त सरकारले चासो लिएन। बलियाले निर्धालाई शोषण दमन गर्ने व्यवहार संयुक्त सरकारमा पनि चालु भयो।

नेपाल मजदूर किसान पार्टीको आधिकारिक पत्र (टिकट), घोषणापत्र र चुनाव चिन्ह "मादल" को आधारमा दैलेख क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित विनोदकुमार शाहले नेपाल अधिराज्यको संविधान ०४७ को धारा ४९ (च) र प्रतिनिधि सभा सदस्य नियमावली ०४८ को नियम २१६ र २१७ मा दल त्याग गर्ने संसद सदस्यको स्थान रिक्त हुने प्रावधान प्रष्ट उल्लेख छ। उक्त प्रावधान अनुसार विनोदकुमार शाही (दैलेख क्षेत्र नं. २) को प्रतिनिधि सभा सदस्यको स्थान रिक्त हुनु पर्ने व्यहोरा उल्लेख गरी नेमकिपाले सभामुखलाई सूचना गरिसकेको छ। नेमकिपाको सूचना अनुसार विनोदकुमार शाहको प्रतिनिधिसभाको सदस्यता रिक्त गर्नु पर्नेमा हालसम्म सभामुखबाट गरिएको छैन। नेमकिपा संसदको हरेक विषय अदालतमा पुऱ्याई रहन नपरोस् भन्ने चाहन्छ।

रोल्पाको विभिन्न गाविसमा संयुक्त सरकारको व्यापक दमनको कारण कैयौं निर्दोष व्यक्तिहरू शिकार भएका छन्। प्रजातन्त्रमा विश्वास राख्ने संयुक्त सरकारले आस्थाका कारण तीव्र जन दमन गर्नु लज्जास्पद कुरा हो। सांस्कृतिक गतिविधिमा भएका सामान्य भै झगडालाई अतिशयुक्तिपूर्ण राजनैतिक रंग दिएर अन्याय, अत्याचार र दमनलाई निम्ताउने प्रचार कार्यले स्थितिलाई धमिल्याउने काम गरेको छ।

संयुक्त सरकारले नवौं अधिवेशनको अन्त्यतिर भूमि सम्बन्धी ऐन ०५१ को चौथो संशोधन सदनमा पेश गऱ्यो। उत्पादकत्व बढाउने, जग्गाधनी र मोही वीच पारस्परिक सामाञ्जस्य कायम गर्ने भनी ल्याइएको उक्त विधेयकमा लाखौं लाख कमैया र बधुवाहरूलाई जोताहा हक दिने कुनै प्रावधान छैन। साथै द्वैध स्वामित्व अन्त गर्ने नाउँमा जग्गाधनी र मोहीलाई पचास, चालिस र तीस प्रतिशतले जग्गा छुट्याउने प्रावधान जोत्नेलाई जग्गाको स्वामित्व दिने सिद्धान्त विपरित छ। यो कृषि उत्पादन घटाउने नीति मात्र होइन जोताहालाई जग्गाको केही भाग दिएर जग्गाबाट निष्काशन गर्ने अर्को दाऊ पनि हो।

मुलुकमा अधिकाश जनता महंगी, बेरोजगारी, अशिक्षाले पीडित भई निस्सासिएको बेला संयुक्त सरकारले सांसदहरूको पारिश्रमिक एवं सुविधा बढाउने विधेयक ल्याई सांसदहरूलाई विशेष भत्ताको नाउँमा पेन्सनको रूपमा आजीवन भत्ताको व्यवस्था गर्नु सरकारको न्यायसंगत पाइला होइन। संसद कारखाना र कार्यालय होइन भने सांसदहरू मजदूर र कर्मचारी होइनन्। तसर्थ पेन्सनको रूपमा दिइने उक्त विशेष भत्ता खारेज गर्न नेमकिपाले सदनमा संशोधन प्रस्ताव पेश गरेको थियो।

साथै नेपालको संविधान ०४७ बेलायती संविधानबाट प्रभावित छ। बेलायतमा सभामुख पार्टीको सकृय कार्यकर्ता हुने होइन बरू पार्टी सदस्यता समेत त्यागेर तटस्थताको प्रतिमूर्ति हुने गर्छ। तर तटस्थ हुनु पर्ने सभामुखलाई सहुलियत बढाएर पार्टीको सकृय राजनीति गर्न र झण्डै सचेतक समेत गराउने बाटो खोली दिएको छ। यस्तै अध्यक्ष, उपाध्यक्ष, संसदीय दलका नेता र सचेतकहरूलाई समेत झण्डै दोब्बर सुविधा बढाएको छ।

बहुदलीय प्रजातन्त्रभित्र सरकार र प्रमुख प्रतिपक्षीको सहमतिमा संसदको काम कार्वाहीलाई अगाडि बढाउनु दुई दलीय तानाशाहीको नांगो रूप हो। न्यायधिशहरू माथिको महाअभियोगको प्रस्ताव र त्यसको फिर्ता यसको उदाहरण हो। नेपाली कांग्रेस र एमाले लगायत "ठूला" राजनैतिक पार्टीहरूले आ-आफ्नो स्वार्थका कारण खेलेको भूमिकाले मुलुकको मानवअधिकारको स्थिति सन्तोषजनक देखिएन। देश एक-एक पाइला गरेर निर्दलीयता र एक दलीय स्थितिमा पुगेको छ। दुई ठूला पार्टीको गुप्त गठबन्धन नै संसद हुने गर्दैन। त्यसले संसद ओझेलमा पर्दैछ। दुई पार्टी तानाशाहीको संभावना तड्कारो रूपले देखा पर्दै छ। अन्ततः यो संसदीय व्यवस्था वा बहुदलीय प्रजातन्त्र स्वयं कामदार वर्गको निम्ति पूँजीवादी तानाशाहीको रूपमा प्रष्टिदै आएको छ। जसमा तल्लो वर्गको काम,माम, कपडा र व्यक्तित्व विकास गर्ने समान अवसर समाप्त हुँदै गई मानवअधिकार झन-झन् हनन हुँदै जाँदो छ। धन्यवाद।

प्रेम सुवाल
सचिव

३. नेपल सद्भावना पार्टी

सन् १९९५ र मानवअधिकारको स्थिति

नेपाल सद्भावना पार्टी बहुदलीय व्यवस्था शुरू भएको समयदेखि नै मानवअधिकारका विषयहरू उठाउँदै आइरहेको छ।

सत्ता बाहिर रहँदा मानवअधिकारका कुरा जति फलाके पनि सत्तामा पुग्दा कुर्सी नछोड्ने मानसिकताबाट ग्रसित भैसकेका हुन्छ र जसलाई जति थिचोमिचो गरे पनि सत्तामा बसिरहने प्रवृत्तिले मानवअधिकार बारे बिर्सी सकेका हुन्छ। कुर्सी नछोड्ने मनोवृत्तिले नै "एमाले" पार्टीले जेठ ३० गते संसदलाई विघटन गरी सम्पूर्ण नेपालीकै मानवअधिकारको थिचोमिचो गरी उल्लंघन गरेको थियो। संसद जस्तो गरिमामय संस्था जस्ले सम्पूर्ण नेपालीकै दिशाबोध गराउँदछ। त्यो पनि कुर्सी नछोड्न परोस् भनी आफ्नो अधिकार समेतमाथि प्रहार गरी देशलाई अन्यौल अवस्थमा पुऱ्याई दिएको विषयलाई न्यायिक बाटोले दिशा निर्देश गरिसकेको छ। व्यक्तिगत वा सामुहिक रूपबाट कुनै पनि व्यक्ति वा समुदायलाई थिचोमिचो गर्नु नै मानवअधिकारको हनन हुन जान्छ। आफूले पाएका अधिकारभित्र रही कर्तव्य गर्ने मानसिकता नै समाजमा नभएकोले मानवअधिकार संरक्षण संस्थाहरूले मानसिकता नै

परिवर्तन गर्न निमुखादेखि लिएर राष्ट्रिय नेतृत्वमा बस्नेहरू समेतमा मानसिक परिवर्तनको लागि अभियान नै चलाउनु पर्ने महसुस गरिन्छ। देशको आधी जनसंख्या भएको मधेसी समुदाय नेपालको दक्षिणी मेगदेखि काठमाडौंसम्म बसोबास गर्दै छन्। कुनै पनि नागरिकको जन्मसिद्ध अधिकार देशको नागरिक हुनु र बुबा बाजेले आर्जन गरेको सम्पतिमाथि हुन्छ तर देशमा जन्मसिद्ध नागरिकता पाउने नैसर्गिक मानवअधिकार भएका नागरिक ऐन २००९ लाई खारेज गरी नेपालको संविधान ०४७ ले नागरिकता परिचयपत्र पाउने अधिकारलाई नै विवादस्पद बनाई दिएको छ।

यस संविधानकोभाग २ शीर्षक "नागरिकता" को धारा ८ को उपधारा "क" र "ख" मा स्पष्ट उल्लेख छ कि नेपालको संविधान ०१९ मा धारा ८ वा नेपालको नागरिकता ऐन ०२० को दफा ३ बमोजिम नेपालको नागरिक हुने व्यक्तिहरू र नेपालको नागरिकता ऐन ०२० को दफा ७ बमोजिम नेपालको अंगिकृत नागरिकता प्राप्त भएका व्यक्तिहरू आम नेपालका नागरिक मानिने छ र २००९ देखि देशभरि कै नागरिकता प्रक्रियाद्वारा समाधान हुँदै आएकाहरूलाई संविधान निर्माताहरूले विवादित बनाई दिएका छन्। मधेशमा प्रवेश गर्दा देशका सम्पूर्ण पार्टीले नागरिकता समस्या छ भन्ने स्वीकार गरेका छन् तर मधेशका मधेशी नै यसबाट पीडित भएकाले मानसिक कारणले हो वा कुनै राजनीतिक सोच हो। "एमाले" वा "कांग्रेस" ले आयोगै आयोग गठन गर्दै समस्यालाई टालटुल पारिरहेका छन्। संविधान संशोधन प्रक्रियाबाट नै समाधान हुने विषयलाई सम्पूर्ण पार्टीले महसूस गर्दागर्दै नगर्नु एक समूहले अर्को समूहको मानवअधिकार हनन गर्ने सोच नै बनाएको महसूस गरेका छौं। गत श्रावणमा महिला मंचले आफ्नो नारी अधिकारका विषयहरूलाई लिई सिंहदरबारको अगाडि प्रधामन्त्री समक्ष ज्ञापनपत्र दिन जाँदा भद्रकालीमा महिलाहरूमाथि लाठी प्रहार र निजहरूमाथि अमानवीय व्यवहार सत्ताबाट हुनु के मानवअधिकारको हनन् होइन? यो निर्विवाद छ कि मानवअधिकारको उल्लंघन सत्ताबाट र सत्ताको आडमा गरिन्छ। एक अर्कोलाई थिचोमिचो गरी आफूले फाइदा उठाउने मानिसकताप्रति मानवअधिकारको हनन हुन्छ। वर्तमानमा नागरिकता समस्याको समाधान गर्दै मतदाता परिचयपत्र बनाउने प्रकृयामा नागरिकता परिचयपत्रको अनिवार्यताले धेरै नागरिक मतदानबाट पनि वंचित हुनेछन्।

हाल संचालित जग्गा नापी भैरहे तापनि नागरिकताका प्रावधान लगाइएका छन् र आफ्नो सम्पत्तिको अधिकारबाट वंचित हुन जाने अवस्था उत्पन्न भएको छ। सत्तादेखि सेवासम्म जनसंख्याको आधारमा समानताको अधिकार पाउन संघर्षरत मधेशीहरू प्रति शासकीय मनोवृत्तिले प्रेरित हुनुनै मानवअधिकाका हनन गर्ने जस्तो कार्य भेदभाव, शोषण, साम्प्रदायिक, अन्तरविरोध जारी रहेमा देशमा अनेक विसंगतिहरू उत्पन्न हुन सक्ने छन्। जसले गर्दा सम्पूर्ण देशवासीलाई राष्ट्रको मूलधारामा समाहित गर्ने कार्यमा अवरोध हुने कुरामा दुईमत हुन सक्दैन।

तसर्थ मानवअधिकारवादी संस्थाहरूलाई हामी आग्रह गर्न चाहन्छौं कि राष्ट्रका उपेक्षित, अवहेलित, शोषित, पीडित, दलीत समुदायहरूलाई भेदभावबाट मुक्ति दिलाउनका लागि तथा न्याय समानता र प्रगतिका कार्यमा रचनात्मक कार्यक्रम समेत संचालन गरी नेपालको मानवअधिकारको अवस्थाबारे विश्वलाई स्पष्ट रूपमा अवगत गराउनु पर्ने आजको आवश्यकता हो।

०५२/११/१५

भागेन्द्र ठाकुर
प्रवक्ता

(ख) श्री ५ को सरकार

१) नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय

सन् १९९५ मा नेपाल प्रहरी र मानवअधिकार

यस अघिका वर्षहरूमा भैं यस वर्ष पनि मानवअधिकार वर्ष पुस्तक प्रकाशित हुन लागेकोमा खुशी व्यक्त गर्दछु।

संविधान प्रदत्त नागरिक हक अधिकारको संरक्षण गर्दै प्रचलित ऐन कानूनको कार्यान्वयन एवं श्री ५ को सरकारको नीति निर्देशन अनुरूप नेपाल अधिराज्यभर शान्ति सुव्यवस्था तथा अमन चयन कायम राख्नु नेपाल प्रहरीको मूलभूत दायित्व प्रति संगठनका प्रत्येक सदस्यहरू सचेत रहेका छन्।

मानवअधिकारको सन्दर्भमा सन् १९९५ को वर्षले नेपालमा विशेष महत्व राखेको मैले महसूस गरेको छु। मानवअधिकारको सम्बन्धमा देशभित्र व्यापक रूपमा जिज्ञासा र जनचासो वृद्धि भएको पाइएको छ भने यस सम्बन्धमा प्रहरी संगठनभित्र अभै गहन चिन्तनको थालनी भएको छ।

संगठनका बहुसंख्यक सदस्यको मानवअधिकार प्रतिको ज्ञान, व्यवहार र अवधारणालाई सकारात्मक धार दिन पर्याप्त अभ्यासहरू भैरहेका छन् र अशातीत रूपमा हामीले कानून कार्यान्वयन जिम्मेवारी निर्वाह गर्ने सदस्यहरूलाई संविधान प्रदत्त हक अधिकारहरूको संरक्षण र सम्बर्द्धन प्रति सचेत र प्रतिबद्ध बनाउँदै आएका छौं। यस वर्ष अधिराज्यका २ स्थानमा प्रहरी हिरासतमा भएको मृत्यु दुर्भाग्यपूर्ण दुर्घटनाको रूपमा भएको तथ्य प्रति सबैलाई स्पष्ट गराउँदै यस प्रकारको दुर्घटनाको पुनरावृत्तिलाई नियन्त्रण गर्न हिरासत व्यवस्थापन कार्य पद्धति लागु गरिसकेका छौं। यस पद्धति लागु गर्न कानूनी प्रावधानहरूको जटिलता विद्यमान रहे तापनि हिरासतमा रहने प्रत्येक बन्दीको सुरक्षा, स्वास्थ्य र व्यक्तिगत सरसामानको समुचित प्रबन्ध तर्फ कार्यपद्धति लक्षित रहेको छ।

यसका अतिरिक्त प्रहरी संगठन भित्र प्रहरीद्वारा अधिकार दुरूपयोगको मामला हेर्न "प्रहरी अख्तियार दुरूपयोग अनुगमन इकाई" गठन गरेका छौं। प्रत्येक क्षेत्रमा समेत गठित यस

प्रकारको इकाईलाई प्रहरीको ज्यादती, अमर्यादित व्यवहार, सेवाभावप्रतिको तदारूकताको कमी, भ्रष्ट आचरण सम्बन्धी निष्पक्ष रूपमा अनुसन्धान र कार्यवाहीको लागि विभागीय अख्तियार प्रदान गरिएको छ।

यस्तै समाजको अति नै संवेदनशील वर्ग, नारी तथा बालबालिकाको समस्या, तिनका हकहित र कानूनी उपचारको प्रबन्धमा विशेष दृष्टि पुऱ्याउन महिला प्रहरी अधिकृतहरू रहेको इकाईको गठन गरिएको छ। यस्ता इकाईहरू क्रमशः अधिराज्यका अन्य क्षेत्रहरूमा स्थापना गर्दै लैजाने लक्ष्य रहेको छ।

निश्चित रूपमा प्रहरीले मानवअधिकार बुझेको छ र आफ्नो कार्य पद्धतिमा ढाल्ने प्रयासमा पूर्णतया प्रतिबद्ध छ। तर यदाकदा मानवीय गल्ती र अन्य पक्षहरूको अभावबाट हुन जाने गल्तीलाई समयमा नै निराकरण गराउने तर्फ सबै पक्षको प्रयास र ध्यान् जरूरी देखिन्छ। एक अर्का प्रतिको लान्छना, तिरस्कारले मात्रै समस्या सल्टनुको सट्टा वितृष्णा र असुरक्षाको भावना बढ्न जाने र समस्याको गाँठो झन् बलियो हुने तथ्य तर्फ सतर्क रहनु पर्ने आवश्यकता देखिन्छ।

मानवअधिकारको सन्दर्भमा, सन् १९९५ लाई मूल्यांकन गर्दा यो वर्ष अपेक्षित र उल्लेखनीय सफलताको वर्षको रूपमा नरहेको भए तापनि नेपाल प्रहरीको प्रयास सन्तोषजनक भएको व्यहोरा सगौरव जानकारी गराउन चाहन्छु र आगामी दिनहरूमा मानवअधिकारको, संरक्षण र सम्बर्द्धनमा नेपाल प्रहरीले अझै ठोस प्रयासहरूको निरन्तरता कायम गर्ने छ भन्ने विश्वास दिलाउन चाहन्छु। बाह्य रूपमा नेपाल प्रहरीलाई मानवअधिकारको सन्दर्भमा मूल्यांकन गर्दा, मानवअधिकारको संरक्षण र सम्बर्द्धनको मामलामा प्रतिरक्षात्मक रवैयाको बदला मानवअधिकारको मूल प्रवाह, मूल्य र मान्यताप्रति प्रहरी संगठनले गरेको आत्मसातको आधारमा प्रहरीको प्रतिबद्धतालाई आँक्नु बढी न्यायोचित हुनेछ।

अन्तमा, मानवअधिकारको संरक्षणमा सरकारी र गैर सरकारी निकाय वीच पूर्वाग्रह पूर्ण दबावको सिर्जनाले मात्र समस्याको निराकरण हुन्छ भन्ने सोचाईको बदला सहभागितापूर्ण सामूहिक प्रयासको एकातर्फ खाँचो छ भने अर्कोतर्फ अवैधानिक र अमानवीय अपराधिक कृयाकलापबाट आतंकित पीडितहरूको मानवअधिकारको प्रश्नमा मानवअधिकारवादी प्रत्येक कार्यकर्ताको तीव्र र मानवोचित संवेदनशीलता एवं आवाजको अभाव केही समय यता घटेका घटनाहरूको सन्दर्भमा महसूस भएको छ। यो अत्यन्त गंभीर पक्षतर्फ सबैको ध्यानाकर्षण गराउँदै मानवअधिकार र सामाजिक न्यायको पक्षमा त्यस संस्थाले निर्वाह गरेको भूमिकाको सहाहना गर्दछु र आगामी दिनहरूमा यस क्षेत्रमा सारपूर्ण सर्वग्राह्य सफलताको कामना गर्दछु।

मितिः– ०५२।११।२९।३

आमोद गुरूङ
प्रहरी उपरीक्षक

(ग) मानवअधिकार संस्थाहरु

१. मानवअधिकार संरक्षण मञ्च

मानवअधिकार साकार भएको छैन

मानवअधिकारको स्थितिका सम्बन्धमा मूल्यांकन गर्दा सन् १९९५ मा पनि त्यति सकारात्मक काम भएको पाइदैन। प्रथमतः मानवअधिकारको संरक्षणको निमित्त प्रजातान्त्रिक मर्म र भावना अनुरूपको कानूनको आवश्यता पर्दछ। जुन बेलासम मानवअधिकारको रक्षा गर्न सक्ने कानूनहरू बन्दैनन् तबसम्म मानवअधिकारको रक्षा भयो वा हुन सक्ने अवस्था सिर्जना भएको छ भनेर मान्न सकिदैन। यदि कुनै बेला शासनमा बस्ने मानिसहरू केही उदार भए भने घटना कम हुन सक्दछ। त्यो व्यक्तिको भावनाको कुरा हो। कुनै बेला क्रुर स्वभावका मानिसहरूले सत्ता सभाले भने मानवअधिकारको बढी उल्लंघन हुन सक्दछ। यो स्वभावको कारणबाट मात्र केही फरक भएको हो।

सन् १९९० मा पुनः प्रजातन्त्र स्थापना हुनासाथ मानवअधिकारका क्षेत्रमा केही अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरूलाई अनुमोदन गरियो र सोही मर्म अनुरूपको संविधान बनेता पनि त्यो भावनालाई व्यवहारमा उतार्न कानून बनाउने प्रयत्न सरकारी पक्षबाट हुनु पर्ने हो त्यस तिर सरकार उदासिन छ। पंचायत कालमा बनेका मानवअधिकार विरोधी कानूनहरू आजसम्म यथावत रहेका छन्। त्यस्तै आफै बादी र आफै न्यायधिश हुने हास्यास्पद मानवअधिकार विरोधी कानूनहरू मौजुदा रहेका छन्। कैयन कानूनहरूमा अदालतसम्म जान समेत प्रतिबन्ध लगाएको छ। जनताको हक अधिकार बहाली गर्न निर्माण गरिनु पर्ने कानून बन्न नसकेकोले मौलिक हकहरू कुण्ठित भएका छन्। यसतिर सम्बन्धित पक्षले चासो देखाएको छैन।

मानवअधिकार आयोग निर्माण गर्न कानून निर्माण गर्ने सम्बन्धमा प्रतिबद्धताहरू जाहेर भएको भएतापनि आजसम्म निर्माण हुन सकेको छैन। हाल संसदको विचाराधीन रहेको निजी विधेयक पनि आर्थिक विधेयकको रूपमा प्रस्तुत नभएकोले खाली यो विधेयक देखावटी रूपमा मात्र रहेको छ। क्षेतिपूर्ति विधेयक संसदमा पेस भएको भएता पनि ४ ओटा अधिवेशन समाप्त हुँदा पनि पास हुन सकेको छैन। सूचनाको हक बहाल हुन कानूनको आवश्यकता पर्ने हुँदा त्यसतिर कुनै गृह कार्यसम्म भएको आभास पाइएको छैन। आम नागरिकको हकलाई संरक्षण गर्ने उपभोक्ता कानून नभएकोले संरक्षण हुन सकिरहेको छैन। संविधानले नारी र पुरुषसमान हुन भन्ने अधिकार प्रदान गरेको भएता पनि अझै नारी र पुरुष वीच असमानता रहेका कानून मौजद छन्। संघ संस्था चलाउन पाउने नैसर्गिक हकलाई विभिन्न वाधा अड्चन पुऱ्याउने कानून जीती रहेका छन्। संविधान उदार भएता पनि कानून अनुदार रहेका छन्।

प्रहरी हिरासतमा दुई व्यक्तिको मृत्यु भएको छ। रोल्पा लगायत देशका विभिन्न भागमा जनताहरूको मानवअधिकार उल्लंघन सरकारी पक्षबाट भएको छ। निजी क्षेत्रमा हत्या, बलात्कारका घटनाहरू तिव्र रूपले बढी रहेका छन्। त्यसतिर प्रशासन चुस्त हुन सकेको छैनन्। राष्ट्र सेवकहरू माथि आस्थाको आधारमा हेरिने र सोही अनुरूप कारवाही भएको पाइएको छ। शैक्षिक क्षेत्र अस्तव्यस्त रहेको छ। पार्टीहरू आफ्ना समर्थकहरूलाई जोगाउन अपराधी प्रवृतिलाई संरक्षण गरिरहेका छन्। अपराध जन्य गैर राजनैतिक मुद्दा मामिलामा संलग्न व्यक्तिहरूलाई अपराधबाट जोगाउन र आफ्नो समर्थक बनाउने कार्यहरू दिनदिनै बढ्दै छन्।

सन् १९९५ मा मानवअधिकारका क्षेत्रमा भएका सकारात्मक कार्यहरूमा मानवअधिकार आयोगका बारेमा शाही सम्बोधन मार्फत् प्रतिबद्धता जाहेर भएको छ। गैर सरकारी क्षेत्रमा पनि विभिन्न सभा गोष्ठीहरू भै त्यसबाट आएका विचारहरू सरकार समक्ष पुऱ्याउने कार्य भएको छ। सत्ताधारी पार्टीहरू र प्रमुख प्रतिपक्ष दल तथा अन्य दलहरूले पनि मानवअधिकार प्रति प्रतिबद्धता जोहर गरेका छन्। कार्यगत रूपमा मुलरूप लिन नसके पनि गैर सरकारी क्षेत्रबाट उठाइएका प्रश्नमा सबैले सहमती जनाउनुलाई राम्रो नै मान्नु पर्दछ।

सन् १९९५ लाई मानवअधिकारको दृष्टिले मूल्यांकन गर्दा व्यवहारमा सकारात्मक रूप लिन नसकेको भएता पनि बचनमा भने सकारात्मक पाइएको छ। व्यवहारमा सकारात्मक पाउने आशामा १९९६ लाई पर्खनु सिवाय अरू साहारा नभएको महसुस मासमले गरेको छ।

कृष्णप्रसाद सिवाकोटी
महासचिव

२. यातना पीडित सरोकार केन्द्र (सिभिक्ट)

सन् १९९५ मा यातना

यो वर्ष पनि यातनाका घटनाहरू जानकारीमा आए। केही घटनाहरू पत्रपत्रिकामा पनि चर्चित भएर देखा परे। संख्यात्मक रूपमा भने यो वर्ष विगतको तुलनामा गिरफ्तारी गर्दा र हिरासतमा राखिएपछि दिइएको यातना निकै घटेको देखिन आएको छ। झण्डै ५० वटा यातनासम्बन्धी यस्ता घटनाहरूमा अधिकांश प्रहरी हिरासत र चौकीमा भएको पाइएको छ।

यातना दिने शैली, यातनाको अवधि र थुनामा गरिएका व्यवहारको रूपमा भने यो वर्षका यातनाका घटनाहरूमा विगतका तुलनामा निक्कै अन्तर देखा पऱ्यो। विगतमा जस्तो निरन्तर रूपमा लामो अवधिसम्म यातना दिने गरिएको घटनामा धेरै कमी आएको पाइयो। यो वर्ष रूकुममा ०५२ कार्तिक २६ गते पक्राउ परेका रिमबहादुर घर्ती समेतका ७ जनालाई दुई महिनासम्म कुनै पूर्जा नदिई थुनेर यातना दिइयो। सो बाहेक अन्य घटनामा तीन चारदिन भन्दा बढी यातना दिएको घटना भएको प्रकाशमा आएन।

यातना दिने तरिकामा शारीरिक र मानसिक दुवै भएको पाइयो। खास गरी लाठीले जीउको विभिन्न भागमा पिट्ने, बुटले हिर्काउने, गालामा थप्पड लगाउने, पैतालामा लौराले पिट्ने, हातखुट्टा बाँध्ने, उभिन्हो बनाउने, औंलामा पिन रोप्ने, पाइपभित्र लौरो राखेर पिट्ने, संवेदनशील अंगमा हिर्काउने, विद्युत झड्का दिने, टायरले पिट्ने जस्ता विगतका जस्तै तरिकाहरू नै यातनाका प्रमुख तरिका देखिए। गाली गर्ने, धम्की दिने जस्ता मानसिक रूपले यातना दिने तरिका पनि पहिले जस्तै देखिए। तर विगतमा जस्तो लामो समयसम्म भोकै राख्नेजस्ता वञ्चनापूर्ण शैली त्यति अपनाइएको देखा परेन। शारीरिक रूपमा विगतमा प्रायः देखा नपरेका गलले मुस्लामा (तिघ्रा) पेल्ने र लाठीहरूले यस्ता ठाउँमा पेल्ने तरिकाहरू देखा परे।

यो वर्ष प्रहरी हिरासतभित्र आठवटा मृत्युका घटना भए। मकवानपुर, भरतपुर र रूपन्देहीमा भएका यी घटनाहरू रहस्यमय रहे। यातनाकै कारण र सुरक्षाकर्मीहरूको लापरवाहीकै कारणले यी थुनुवाहरू मरेका हुन् कि होइनन् भन्ने बारेमा एकिन हुन सकेन। यी घटनामध्ये चितवनको घटना छानवीन गर्न सरकारले एक आयोग पनि गठन गऱ्यो। तर आयोगले छानवीन गरेको तथ्यविवरण प्रकाशमा ल्याइएन।

यातना पाउनेहरूमा यो वर्ष बालबालिकाको संख्यामा कमी आएको देखियो। अधिकांश यातना पाउनेहरूमा साबालकहरू नै देखा परे। यस वर्षको यातनाका घटनामा कानूनव्यवसायी, पत्रकार, शिक्षक, विद्यार्थी र कृषक जस्ता सबै पेशाका मानिसहरू देखिए।

निर्दोष व्यक्तिलाई प्रहरीहरूले बेकसुर यातना दिएको घटनामा पीडितको औषधोपचार प्रहरीले गराएको थोरै घटना पनि यो वर्ष देखिएका छन्। यसले कम्तिमा निर्दोष मानिसलाई यातना दिएकोमा प्रहरीले आफ्नो दोष पनि महसूस गरेको देखिएको छ।

प्रहरीले प्रक्रियाअनुसार कारवाही नचलाई सामान्य विवादहरूमा पक्राउ परेका मानिसहरूलाई यातना दिएर छाडिएका घटनाहरू पनि यो वर्ष भए। अधिकांश मामिलाहरूमा पक्राउ परेको सूचना थुनुवाहरूले पाएनन्।

प्रहरीले पक्राउ गरेर निर्दोष मानिसहरूलाई यातना दिएका घटनाहरू चर्चा र प्रकाशमा आएपछि जनआक्रोसलाई मत्थर पार्न तत्कालै यातना दिने प्रहरीमाथि कारवाही गरिने घोषणा पनि यो वर्ष भएको पाइयो। तर स्थिति फेरिँदै गएपछि कारवाही गरियो गरिएन भन्नेबारेमा अनुगमन भएन। के कस्तो कारवाही भयो भन्ने कुरा पनि प्रकाशमा आएन। झापा दमकका यातना दिने प्रहरी दीपक ढकाललाई विभागीय कारवाही गर्न निलम्बन गरिएको चाँहि प्रकाशमा आएको थियो।

गएको वर्षमा देखा नपरेका प्रशासनिक अधिकारीले, सुरक्षा सेनाले र वनका कर्मचारहिरूले यातना दिएका घटनाहरू पनि यो वर्ष भए। दाङमा प्रमुख जिल्ला अधिकारीले गार्ड लगाएर लाती मुड्कीले यातना दिने आदेश दिई भएको यातना प्रशासनिक कार्यालयमा भएको यस्तै एउटा घटना हो। यस्तै कोशी टप्पु वन्यजन्तु आरक्षका सुरक्षाकर्मीले स्थानीय मानिसहरूलाई यातना दिए। वनसम्बन्धी कसुर गरेको आरोपमा वन कार्यालयका कर्मचारीहरूले पक्राउ गरेका मानिसहरूलाई प्रहरी हिरासतमा यातना दिन प्रयोग हुन छाडिसकेको तुरूङ प्रयोग गरेर यातनाको चरम रूप वन हिरासतमा पनि देखा पर्‍यो।

अपराध अनुसन्धानको उपायको रूपमा यो वर्ष यातना दिइयो। यातना नदिई अपराध अनुसन्धान गर्न सकिदैन भन्ने मान्यतामा प्रहरी र कर्मचारीमा खास परिवर्तन आएन। तर पनि थुनामा राख्दा प्रताडनापूर्वक राख्नुपर्छ भन्ने धारणामा केही परिवर्तन आएको अनुभव गरिएको छ। यातना जस्तो मानवअधिकारको ठाडो हननलाई सापेक्ष रूपमा हेर्न मिल्दैन भन्ने मानवअधिकारको सैद्धान्तिक मूल्य भए पनि सापेक्ष रूपमा विगत वर्षका तुलनामा यातनामा कमी आएकै मान्नुपर्दछ। अपराध अनुसन्धानको शैली र प्रविधिको विकास भएमा यातनाको रोकथाम सजिलो रूपमा गर्न सकिन्छ भन्ने कुरा यस वर्ष भएका यातनाका घटनाले पनि देखाएका छन्। समग्रमा यस वर्ष यातना सधै झै निरन्तर रहेको पाइए पनि विगतका तुलनामा यसको मात्रा, अवधि र संख्या घट्दै गएको कुरा बाहिर आएका तथ्यहरूले देखाएका छन्।

डा. योगेन्द्र शर्मा
निर्देशक

३. नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन) सन् १९९५ मा बाल अधिकार

१. विषय प्रवेश

नेपालमा बाल अधिकारका कुराहरू संगठित रूपमा उठ्न थालेको धेरै भएको छैन। नेपालमा अझै पनि बालबालिकाको अधिकारलाई स्थापित गर्ने भन्दा पनि केही बालबालिकाको निम्ति "परोपकारी" कार्य गर्ने धारणा कायमै छ। सन् १९८९ मा संयुक्त राष्ट्र संघले बाल अधिकार सम्बन्धी महासन्धि पारित गरेपछि विश्वभरी नै बाल अधिकार संरक्षणको लहर उठ्यो। यस अन्तर्राष्ट्रिय लहरबाट नेपाल पनि अछुतो रहेन। नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापनापछि बाल अधिकारका बारेमा संघसंस्था सक्रिय हुन थालेका छन्। यद्यपि यस अघि नै केही संस्थाले नेपालमा बाल अधिकार आन्दोलनको जग भने बसाली सकेका थिए।

बाल अधिकार सम्बन्धी महासन्धिलाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेपछि नेपालको सरकार पनि बाल अधिकारको संरक्षणका निम्ति क्रियाशील रहन वाध्य भयो। महासन्धि अनुसार बालबालिकाका निम्ति थुप्रै दायित्वहरू सरकारले वहन गर्नु पर्ने कानूनी वाध्यता सृजना भएता पनि व्यवहारमा भने ठोस केही हुन सकेको छैन। सन् ९० देखि ९५ सम्मको अवधिमा बाल अधिकारको संरक्षणका निमित्त सरकारी क्षेत्रबाट केही नीतिगत कागजी कुराहरू भएका छन्। यसको पछाडि पनि गैर सरकारी क्षेत्रबाट सृजना गरिएका दवाव तथा संचेतना अभिवृद्धि एवं सरकारले अन्तर्राष्ट्रिय जगतमा देखाएको प्रतिवद्धता अनुसार केही न केही गर्नु पर्ने वाध्यताले प्रमुख भूमिका खेलेको छ। गैर सरकारी क्षेत्रबाट बाल अधिकार सम्बन्धी जनचेतना अभिवृद्धि तथा जोखिम एवं कठिन परिस्थितिका बालबालिकाका निम्ति संचालित कल्याणकारी र पुनर्स्थापन सम्बन्धी कार्यक्रमहरूमा केही वृद्धि भएता पनि यिनीहरू आवश्यकताको तुलनामा न्यून नै रहेका छन्। सरकारी क्षेत्रबाट विभिन्न पटक दर्साइएका प्रतिवद्धताहरू अझै पनि कागजी योजनामा नै सीमित भएका छन्। हालसम्म उपलब्ध साधन र श्रोतको पनि समुचित रूपमा उपयोग हुन सकिराखेको छैन।

सरकारी र गैर सरकारी स्तरमा बाल अधिकारलाई संरक्षण र प्रवर्द्धन गर्ने दिशामा विविध खाले गतिविधिहरू संचालन भएता पनि बाल अधिकार उपभोग गर्न नपाएका अर्थात् बाल अधिकार उल्लंघन भएका क्षेत्रहरू जस्तै बालश्रम, सडक बालबालिका, बन्दी बालबालिका, बालविवाह, बालवेश्यावृत्ति आदी क्षेत्रहरूमा खासै उल्लेखनीय परिवर्तन भएको छैन।

२. सरकारी प्रतिवद्धता र प्रयासहरू

१९९५ मा सरकारले बाल अधिकारका सम्बन्धमा केही कागजी कार्यहरू मात्रै भए पनि गरेको छ। यद्यपि यी कागजी कार्यहरू व्यवहारिक रूपमा परिणत हुन भने सकेनन्। तथापि ढिलो र धीमा गतिमा संचालन भएको भएता पनि यस "सरकारी चासो" लाई स्वागत योग्य नै मान्नु पर्ने हुन आउँछ।

क) बालबालिका सम्बन्धी नियमावली लागू

नेपालमा सन् १९९२ मा नै बालबालिका सम्बन्धी बेग्लै ऐनको निर्माण भएको भएता पनि यसको व्यवहारिक कार्यान्वयनका लागि अति आवश्यक नियमावलीको निर्माण हुन सकिराखेको थिएन। १९९५ को पूर्वार्धमा बालबालिका सम्बन्धी यो नियमावली निर्माण हुनु र लागू भएको घोषणा गरिनुले नेपाली बालबालिकाको हितका निम्ति कम्तीमा पनि ऐनमा व्यवस्था भएका कुराहरूलाई लागू गर्न बाटो खुलेको छ। तर व्यवहारिक पक्षलाई हेर्ने हो भने फेरि पनि आशातित परिवर्तन भने हुन सकेको छैन। नेपालमा हुने सरकारी योजना, कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनको पक्षमा देखिँदै आएको दूरी यस क्षेत्रमा पनि कायमै रहेको छ। बालबालिका सम्बन्धी ऐन बनेपछि लागू भएको घोषणा हुन करीब डेढ वर्ष लागेको थियो भने नियमावली विना अपाङ्ग बनी रहेको ऐनलाई सपाङ्ग

बनाउन अरू करीब डेढ वर्ष कुर्नु पर्‍यो। अब ऐन, नियम दुवै बनी सकेपछि पनि सो अनुसारका सुविधाहरू बालबालिकालाई उपलब्ध गराउन आवश्यक पूर्वाधारहरूको निर्माण सरकारी पक्षबाट १९९५ बितिसक्दा पनि हुन सकेको छैन। यद्यपि कछुवाको गतिमा केही "गठन" हरू भने नभएका होइनन्।

ख) राष्ट्रिय महिला तथा बालबालिका परिषदको गठन

नेपालमा बालबालिकाको हितका निमित्त नीति निर्माण गर्न सहयोग पुर्‍याउने उद्देश्यले ०५१ चैत २४ गते प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय महिला तथा बाल विकास परिषदको गठन हुनुलाई यस वर्षको एक महत्वपूर्ण कार्यका रूपमा लिन सकिन्छ। तर हतारमा र बिना गृहकार्य गठन गरिएको परिषद नाम मात्रकै रहन गयो। अझ परिषद गठन भएको केही समयपछि भएको राजनीतिक अन्यौल र सत्ता परिवर्तनले त यस परिषदलाई कुइरोको काग बनाई दियो। सन् ९५ को उत्तरार्धसम्म आइपुग्दा त परिषदको अस्तित्व नै द्विविधामा पर्न गयो।

ग) बाल अधिकार सम्बन्धी महासन्धिको प्रतिवेदन

बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेको २ वर्ष पछि पहिलो पटक सरकारी स्तरबाट गैर सरकारी संस्थाहरू समेतलाई समेटेर तयार गरिएको प्रतिवेदन यसै वर्ष संयुक्त राष्ट्र संघमा पठाइयो। तर उपरोक्त प्रतिवेदनको सुनुवाई भएको छैन। प्रतिवेदनको सुनुवाई सन् ९६ को मध्यमा हुने भएको हुँदा १९९५ को उत्तरार्धमा उक्त प्रतिवेदनलाई संशोधन गर्नका निमित्त गैर सरकारी संस्थाहरूलाई पनि संलग्न गराइनु सरकारी पक्षबाट गरिएको अर्को सकारात्मक कार्य हो। यसै परिप्रेक्षमा संयुक्त राष्ट्र संघ समितिका सदस्यहरूको नेपाल भ्रमण पनि भएको थियो।

घ) केन्द्रीय बाल कल्याण समितिको गठन

बालबालिका सम्बन्धी नियमावली यस वर्षको पूर्वार्धमा लागू भएता पनि ऐन बमोजिम गठन हुनु पर्ने केन्द्रीय बाल कल्याण समिति यस वर्षको उत्तरार्धमा आएर मात्र गठन हुन सक्यो। तर यस केन्द्रीय बाल कल्याण समितिको गठन पनि गृहकार्यको अभावमा नै गठन हुन गएकाले थुप्रै महिना बितिसक्दा पनि यसले गति लिन सकिराखेको छैन। यसै गरी हरेक जिल्लामा गठन हुनु पर्ने जिल्ला बाल कल्याण समिति एवं बाल कल्याण अधिकारीहरूको व्यवस्था पनि हुन सकेको छैन। बालबालिका सम्बन्धी बेग्लै बाल अदालतको गठन हुनु पर्ने कुरा ऐनमा उल्लेख गरिएको भएता पनि सो हुन सकेको छैन। असहाय तथा बेवारिसे बालबालिकाको निमित्त सरकारद्वारा संचालन गरिनु पर्ने कल्याणकारी कार्यक्रमहरू पनि संचालन हुने छैनन्। बाल गृह, बाल सुधार गृहको व्यवस्था गरिने भनिए तापनि सोका सम्बन्धमा अहिलेसम्म कुनै कार्यक्रम तर्जुमा हुन सकिरासेको छैन। यसरी सरसर्ती हेर्दा सरकारी पक्षबाट बालबालिका ऐन, नियमलाई लागू गराउने केही "चासो" देखाएको भएता पनि यो अझै "देखावटी" रूपमा नै रहेको छ।

ङ) बालश्रम उन्मूलन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको निर्माण

बालश्रम उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमबाट (आई.एल.ओ., आइपिक अन्तर्गत) बालश्रम उन्मूलन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको निर्माण भएको छ।

३. व्यवहारिक पक्ष : न्यून परिवर्तन

व्यवहारिक पक्षको चर्चा गर्ने हो भने १९९५ मा नेपाली बालबालिकाहरूले भोग्नु परिरहेको समस्यामा खासै ठूलो परिवर्तन आएको भने पाईंदैन। बालबालिकाका आधारभूत अधिकार स्वास्थ्य, पोषण, शिक्षा लगायतका कुराहरूमा यस वर्ष पनि सरकारले आफ्नो जिम्मेवारीलाई उचित ढंगले पूरा गर्न सकेन। बालबालिकामाथि हुने गरेको दुर्व्यवहार र बाल श्रमशोषणको अन्त्यका निमित्त कुनै पनि प्रभावकारी कार्यक्रम सरकारले ल्याउन सकेन। बालिकामाथि हुने गरेका बलात्कारका घटनाहरूमा पनि रोकथाम हुन सकेन भने बालबालिका हराउने प्रक्रिया पनि यथावतै रह्यो। १९९५ मा विद्यालयमा शिक्षकहरूले बालबालिकालाई पिटेर सख्त घाइते बनाएका तथा बालबालिकाको मृत्यु समेत भएका थुप्रै समाचारहरू प्रकाशमा आए। त्यस्तै गरी बालबालिकाको हत्या गरिएको र अपहरण गरिएका घटनाहरू पनि प्रकाशमा आए।

१९९५ को पत्रपत्रिका सर्वेक्षणबाट देखिए अनुसार, नेपालबाट भारतमा बेचिएका चेलीबेटीहरूमध्ये २० प्रतिशत १६ वर्ष मुनिका बालिकाहरू छन्। त्यसै गरी यस वर्ष बलात्कारका शिकार भएकाहरूमा झण्डै ५४ प्रतिशत १६ वर्ष मुनिका बालिकाहरू रहेको पाइएको छ। यस वर्ष बालश्रमिकहरूमाथि भएको दुर्व्यवहार, हात खुट्टा भाँचिने गरी कुटिएका तथा चारपाटा मुडेर घुमाइएका घटनाहरू पनि प्रकाशमा आए।

यस वर्ष पनि विगतमा झैं सरकारले बालबालिका सम्बन्धी महासन्धि अनुसार पूरा गर्नु पर्ने आफ्नो दायित्व पूरा गर्न सकेको देखिएन। त्यसै गरी लागू गरिएका ऐन कानून अनुसारका पूर्वाधारहरूको निर्माण पनि हुन सकेन। तर केही सरकारी निकायहरूले यसतर्फ केही कदम उठाउन शुरूवात भने गरे। नेपालको पुलीस एकेडेमीले प्रहरीका वरिष्ठ अधिकृतदेखि जवान समेतका लागि बाल तथा महिलाका विरूद्धमा हुने अपराधका सम्बन्धमा एवं बाल अधिकार र महिला अधिकारका बारेमा तालिम र प्रशिक्षणहरूको आयोजना गर्नुलाई एक सकारात्मक पहलका रूपमा लिन सकिन्छ।

४. बाल अधिकार र संचेतना

१९९५ मा बालअधिकार प्रतिको जनचेतनाका निमित्त गैरसरकारी क्षेत्रबाट महत्वपूर्ण कार्यक्रमहरू संचालन भएका छन्। यस वर्षबाट मानवअधिकारको क्षेत्रमा कार्यरत

संस्थाहरूको पहलमा मानवअधिकार शिक्षा - रेडियो कार्यक्रम संचालनको थालनी गरियो। जस अन्तर्गत सिविनले बालअधिकारमा केन्दित रहेर रेडियो कार्यक्रम संचालन गरेको थियो। यसै गरी बाल दिवसका उपलक्ष्यमा बाल अधिकारका विषयमा विद्यालय स्तरीय चित्रकला तथा वक्तृत्वकला प्रतियोगिताहरू पनि सम्पन्न भए। रेडवार्ना र रेडियो नेपालद्वारा बाल अधिकार विषयक बाल गिती प्रतियोगिता पनि सम्पन्न भयो। त्यस्तै विभिन्न संस्थाहरूद्वारा समाजका विभिन्न तहमा "बालअधिकार सबैको सरोकार" भन्ने मान्यतालाई स्थापित गर्ने विविध कार्यक्रमहरू सम्पन्न भएका छन्। गैर सरकारी संस्थाबाट सरकारी क्षेत्रको तुलनामा बढी नै बाल अधिकार सम्बन्धी जनचेतना अभिवृद्धि तथा कल्याणकारी कार्यक्रमहरू संचालन भएका छन्। तर यति हुँदा हुँदै पनि बाल श्रम शोषण, बाल शिक्षाको अभाव, स्वास्थ्य सेवाको अभाव, बालबालिकामाथि हुने दुव्यर्वहार, बालिकालाई गरिने भेदभाव, जातीय छुवाछूत लगायतका कुराहरूबाट पीडित अधिकांश बालबालिकाको संरक्षणका निमित्त अझै पनि थुप्रै कामहरू गर्न बाँकी रहेका छन्।

नेपालमा बालश्रमको अन्त्यका निमित्त अन्तर्राष्ट्रिय सहयोगको अभिवृद्धि पनि भएको छ। सन् १९९६ देखि नेपालमा लागू गरिने भनिएको अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गतको बालश्रम उन्मूलन सम्बन्धी अन्तराष्ट्रिय कार्यक्रम (आईपेक) को पूर्वाधार तयार गरिएको छ। तथा यस सम्बन्धमा सरकारी गैर सरकारी निकाय बीच विभिन्न कार्यक्रमहरू तर्जुमा भएको छ। सरकारी सक्रियता र प्रतिवद्धताहरू सही ढंगमा कार्यान्वयन हुन सकेमा आगामी दिनहरूमा बालश्रम शोषणलाई हटाउन सकिने संभावनाहरू बढेका छन्।

१९९५ को १ वर्षको अवधिमा नेपाली राजनीतिमा भएको दुई पटकको सत्ता परिवर्तनले गर्दा बालहितका निम्ति वर्षको पूर्वार्धमा थालिएका केही प्रयासहरू वर्षको उत्तरार्धमा आइपुग्दा विलिन हुन पुगे भने उत्तरार्धमा शुरूवात भएका गतिविधिहरूले पनि कुनै गति लिन सकेनन्। यद्यपि यस वर्ष बाल अधिकारको विषय भने राष्ट्रिय मुद्दाको रूपमा उठी नै रह्यो।

५. बाल अधिकार सम्बन्धी महासन्धि र कानूनहरूको उल्लंघन

बाल अधिकार सम्बन्धी र बालबालिका सम्बन्धी कानूनमा उल्लेखित कतिपय प्रावधानहरू व्यवहारमा लागू हुन सकेका छैनन् र उल्लंघन भइरहेका छन्। यसरी वालअधिकारको निरन्तर उल्लंघन र अपहेलना भैरहनुका पछाडि निम्न कारणहरू रहेका छन्।

क) बालबालिका सम्बन्धी ऐनमा व्यवस्था भए अनुसार बाल सुधार गृह तथा बाल अदालत स्थापना नहुनु।

ख) जोखिमपूर्ण परिस्थितिका बालबालिकाहरूको पुनर्स्थापनका निम्ति कानून मुताविक बाल कल्याण गृहहरू निर्माण नहुनु।

ग) बालबालिकाहरूलाई कानून विरूद्ध थुनछेक, गिरफ्तार गर्नु र यातना दिनु।

घ) श्रम ऐन २०४८ र बालबालिका सम्बन्धी ऐन २०४८ विरूद्ध बालबालिकाहरूलाई जोखिमपूर्ण श्रममा लगाउनु, उनीहरूको मुक्तिको निम्ति बनाएका निकायहरू निस्कृय हुनु।

ङ) देहव्यापार र बाल वेश्यावृत्ति विरूद्ध गतिविधि संचालन गर्न कुनै पनि आधिकारिक निकाय स्थापना नहुनु र स्वदेश भित्रै बाल देह व्यापार खुल्ला रूपमा संचालन हुनु।

च) बाल अधिकार संरक्षण गर्न बनेका निकायहरू जस्तैः राष्ट्रिय महिला तथा बाल परिषद, बालश्रम उन्मूलन सम्बन्धी कार्य समिति, केन्द्रीय बाल कल्याण समितिको प्रभावकारिता र विश्वसनीयता कम हुनु अर्थात् सम्बन्धित सरकारी निकायहरूले घोषित उद्देश्यहरू अनुसार कार्य नगर्नु।

छ) संयुक्त राष्ट्र संघ बाल अधिकार सम्बन्धी महासन्धिको राज्यपक्षको हैसियतले निर्वाह गर्नु पर्ने भूमिका नाम मात्रको हुनु र यथार्थतामा उल्लेखित वाध्यात्मक प्रतिवद्धताहरू नै उल्लंघन हुनु।

ज) देशका विभिन्न भागमा उत्पीडित तथा "अछूत" जातिका बालबालिकाहरूले सार्वजनिक विद्यालयहरूमा समुदायका अन्य "उपल्लो जातिका" छोराछोरीहरूसंग सँगै पढ्ने वातावरण नभएको कुरा बारम्बार प्रकाशनमा आइरहेको भए पनि सो सम्बन्धमा केही कारवाही नहुनु।

झ) "धर्मपुत्र-धर्मपुत्री" राख्ने तथा बालबालिकाहरूलाई विदेश लैजाने कानून र कानूनी प्रक्रियाहरू स्पष्ट नहुनु।

ञ) बालबालिका अपराधिक गतिविधिको शिकार हुनु इत्यादि।

गौरी प्रधान
कार्यकारी संयोजक

४. अन्तर्राष्ट्रिय मानवअधिकार, वातावरण तथा विकास प्रतिष्ठान (इन्हुरेड)

सन् १९९५ मा अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरुको कार्यान्वयनको स्थिति

यस वर्ष (सन् १९९५) पनि नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको प्रभावकारी कार्यान्वयन गर्ने तर्फ श्री ५ को सरकारद्वारा ठोस कदमहरू चालिएनन्। ती सन्धिहरू अन्तर्गत सम्बन्धित संयुक्त राष्ट्र संघीय समितिहरूमा अनिवार्य रूपमा पठाउनु पर्ने प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरू पठाउने कार्यमा केही प्रगति भए पनि यसरी प्रतिवेदनहरू बुझाउनु पर्ने

अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्न आवश्यक प्रतिबद्धता र सक्रियता देखिएन। यसको अलावा सन्धि सम्झौताहरूबारे आवश्यक सूचना एवं जानकारी अनिवार्य रूपमा जनसमक्ष प्रवाहित गर्ने कार्यमा उदासिनता देखिएको छ। यस वर्ष मानवअधिकार सम्बन्धी कुनै पनि नयाँ सन्धिहरूमा सम्मिलन तथा अनुमोदन गरिएन्। संयुक्त राष्ट्र संघको तत्वाधानमा आयोजित मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूद्वारा सृजित कार्ययोजनाहरूलाई राष्ट्रिय स्तरमा कार्यान्वयन गर्ने दिशामा पनि खास संयन्त्रहरूको निर्माण गर्ने कार्य भएको छैन। संक्षिप्तमा यस वर्षमा अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयनको स्थिति के कस्तो रह्यो भन्ने बारेमा यस प्रकार उल्लेख गर्न सकिन्छ :

(१) बालअधिकार महासन्धि :

यस महासन्धि अन्तर्गत संयुक्त राष्ट्र संघीय समिति समक्ष ढिलै भए पनि पहिलो प्रारम्भिक प्रतिवेदन पेश गरियो। उक्त प्रतिवेदन तयार गर्ने कार्यमा बालअधिकार पर्यवेक्षण नेपाल तथा अन्य गैरसरकारी संस्थाहरूको विशेष सक्रियता र योगदान थियो जसलाई उक्त प्रतिवेदनमा पनि उल्लेख गरिएको छ। उक्त प्रतिवेदनको मस्यौदा श्री ५ को सरकार, बालअधिकार पर्यवेक्षण नेपाल र बाल चेतना समूहका प्रतिनिधिहरूको संयुक्त समितिले तयार गरेको थियो। तर प्रतिवेदनको अन्तिम मस्यौदा उक्त समितिबाट अनुमोदन नगराई पठाइएकोले सम्बन्धित संस्थाहरूको गुनासो रहेको छ तथा प्रतिवेदनका कतिपय सूचना र विषय वस्तुमा असहमति देखा परेको छ। उक्त प्रतिवेदनमाथि आगामी वर्षको मे महिनामा जेनेभामा औपचारिक छलफल र छानवीन हुँदैछ। श्री ५ को सरकार तथा गैरसरकारी संस्थाहरू अहिले उक्त समितिलाई बालअधिकार महासन्धिको कार्यान्वयनका क्षेत्रमा भएका प्रगति तथा कमजोरीहरू बारे थप सूचनाहरू उपलब्ध गराउने तयारीमा लागेका छन्। अन्य महासन्धिहरूको तुलनामा यस महासन्धिको कार्यान्वयनको निमित्त विगतदेखि नै केही बढी कार्यहरू भएका छन्। बालबालिकाहरू सम्बन्धी ऐन बन्यो तथा यस वर्ष उक्त ऐनलाई लागू गर्ने नियमावली पनि जारी भई सोही अनुसार केन्द्रीय तहमा केही समितिहरू बन्ने कार्य समेत भएका छन्।

(२) महिला विरूद्ध सबै प्रकारका भेदभाव उन्मूलनको महासन्धि :

यस महासन्धि अन्तर्गत महिला विरूद्धका भेदभाव उन्मूलनको समिति समक्ष पठाउनुपर्ने प्रारम्भिक प्रतिवेदनको मस्यौदा तयार गर्न एक समिति स्थापना गरिएको छ। बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनभन्दा पहिले नै उक्त प्रतिवेदन संयुक्त राष्ट्र संघ समक्ष पेश गर्ने भनिए पनि सरकारमा भएको परिवर्तनका कारण यसमा अरू ढिलाई भइरहेको छ। सरकारले तयार गरेको प्रतिवेदन ज्यादै हचुवा र अपूर्ण भएको ठानी गैरसरकारी संस्थाहरूले प्रतिवेदनको पहिलो मस्यौदामाथि छलफल गर्न एक राष्ट्रिय कार्यशाला गोष्ठी गरी विस्तृत सुझाव र सूचनाहरू पेश गरेका छन्। यो प्रतिवेदन आगामी वर्ष पेश हुने आशा गरिएको छ।

(३) यातना विरूद्धको महासन्धि :

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि अन्तर्गत नेपालले दुई वर्ष अघि पेश गरेको डेढ पानाको हचुवा प्रतिवेदनलाई यातना विरूद्धको समितिले अपूरो भएको ठानी एक वर्षभित्र विस्तृत पूरक प्रतिवेदन माग गरेको थियो। तर उक्त पूरक प्रतिवेदन अझसम्म पनि पठाइएको छैन। पूरक प्रतिवेदन तयार गर्नको निमित्त श्री ५ को सरकारद्वारा ठोस कदम चालिएको पाइएको छैन। साथै उक्त प्रतिवेदनको तयारीको सिलसिलामा कुनै पनि गैरसरकारी संस्थाहरूलाई समावेश गराइएको जानकारी छैन।

(४) सबै प्रकारका वर्णभेद उन्मूलनको महासन्धि :

संयुक्त राष्ट्र संघसमक्ष प्रतिवेदन पठाउनु पर्ने दायित्व स्वीकार गरी नेपालले अनुमोदन गरेको यो पहिलो महासन्धि हो। पंचायती सरकारका पालामा केही प्रतिवेदनहरू पठाउने कार्य भए तापनि ती प्रतिवेदनहरू अपर्याप्त भएको ठानी वर्णभेद विरूद्धको संयुक्त राष्ट्रसंघीय समितिले सरकारसंग स्पष्टीकरण सहित विस्तृत प्रतिवेदनको माग गरेको थियो। त्यसपछि जनआन्दोलन भयो र पंचायती व्यवस्था नै ढल्यो। आन्दोलन पछि बनेका सरकारहरूले हरेक दुई-दुई वर्षमा पठाउनु पर्ने प्रतिवेदन आजसम्म पनि पठाएका छैनन्। तर वर्णभेद र दलित प्रथाको उन्मूलनका निमित्त सक्रिय विभिन्न गैरसरकारी तथा पेशागत संस्थाहरूले उक्त महासन्धिको कार्यान्वयनको स्थिति र समस्याहरूलाई लिएर विभिन्न सभा, गोष्ठी गरी विभिन्न प्रतिवेदनहरू तयार गरी श्री ५ को सरकारसंग पेश गरिसकेका छन्। तर सरकारी तर्फबाट यस महासन्धि अन्तर्गतको प्रतिवेदन पेश गर्न के कस्तो कार्य भएको छ भन्ने बारेमा कुनै जानकारी छैन।

(५) नागरिक तथा राजनीतिक अधिकारहरूको अन्तर्राष्ट्रिय अनुबन्ध तथा ऐच्छिक प्रलेख :

यस अन्तर्गत सरकारले पेश गरेको पहिलो प्रारम्भिक प्रतिवेदनमाथि संयुक्त राष्ट्र संघीय मनवअधिकार समितिले छानवीन गरी विभिन्न सुझावहरू दिएको थियो। तर यी सुझावहरूलाई व्यवहारमा लागू गर्नेतर्फ नयाँ कदमहरू चालिएको छैन। सरकारले उक्त प्रतिवेदन तथा मानवअधिकार समितिले दिएका सुझावहरूलाई अझसम्म पनि जनसमक्ष ल्याउने तथा तिनलाई कार्यान्वयन गर्ने ठोस कदमहरू अघि सारेको छैन। स्मरणीय छ कि यस महासन्धि अन्तर्गत विभिन्न मानवअधिकार संस्थाहरूको सक्रियतामा बैकलिप्क प्रतिवेदन समिति समक्ष पेश गरिएको थियो।

(६) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अन्तर्राष्ट्रिय अनुबन्ध :

यस अनुबन्ध अन्तर्गत पहिलो प्रारम्भिक प्रतिवेदन पठाउनु पर्ने म्याद नाघेको दुई वर्ष बितिसक्दा पनि अफसम्म कुनै ठोस तयारी कार्य शुरू गरिएको जानकारी छैन। नेपालको यस ढिलाइप्रति संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको समितिले बेलाबखत चासो व्यक्त गर्दै आएको छ।

यसरी नेपाल मानवअधिकारवादी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू अन्तर्गत श्रृजित नियमित रूपमा आफ्नो प्रगति प्रतिवेदन पठाउनु पर्ने अनिवार्य दायित्व पूरा गर्न गम्भीर एवं दत्तचित्त भएको देखिदैन। सरकारले यी विभिन्न सन्धिहरू अन्तर्गत पठाउनु पर्ने प्रतिवेदनहरू नपाएसम्म तिनलाई जनसमक्ष नल्याएसम्म तथा ती प्रतिवेदनहरूको तयारी गर्दा गैरसरकारी संस्थाहरूलाई संलग्न नगराएसम्म ती सन्धिहरूको कार्यान्वयन नेपालमा के कसरी भइरहेको छ वा छैन, के कस्ता कठिनाइहरू देखा परेका छन् र सरकारले के कस्ता उपयाहरूको अवलम्बन गर्दछ भन्ने थाहा पाउन पनि कठीन भएको छ।

यी सन्धिहरूलाई प्रभावकारी रूपमा नेपालभित्र लागू गर्ने विषयसंग सम्बन्धित केही प्रयासहरू यस वर्ष पनि जारी रहे। तर तिनले अफसम्म पनि कार्यरूप पाउन सकेका छैनन्। थुनामा रहँदा यातना पाउने व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धी कानून, राष्ट्रिय स्तरमा मानवअधिकार आयोगको स्थापना सम्बन्धी कानूनका मस्यौदाहरूले संसदमा अन्तिम रूप पाउन सकेका छैनन्। सर्वोच्च अदालतले महिलाहरूमाथि भेदभाव जनाउने प्रचलित कानूनहरूलाई संशोधन र खारेज गरी समानतामा आधारित कानून निर्माण गर्न आदेश दिएको छ। तर यसको पालना सरकारले के कसरी गर्नेछ त्यो हेर्नु पर्ने विषय भएको छ।

यी माथि उल्लेख गरिएका ६ वटा सन्धिहरू हरेक राज्यपक्षले नियमित रूपमा संयुक्त राष्ट्र संघ समक्ष नियमित प्रतिवेदनहरू पठाउने कार्यसंग सम्बन्धित छन्। तर यी बाहेक पनि दासत्व उन्मूलन, महिलाका राजनीतिक अधिकारहरूको संरक्षण आदिसंग सम्बन्धित महासन्धिहरूलाई पनि नेपालले अनुमोदन गरेको छ। ती महासन्धिहरूको कार्यान्वयन तर्फ सरकारले छुट्टै चासो देखाएर नयाँ कुरा गर्न खोजेको देखिदैन।

त्यस्तै गरी अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गतका विभिन्न चारवटा महासन्धिहरू अन्तर्गत पनि नेपालले नियमित रूपमा प्रगति प्रतिवेदनहरू पेश गर्नु पर्ने हो। यस सम्बन्धमा ढीलै भएपनि सन् १९९५ मा यी महासन्धिहरूको पाँच वर्षमा एकै चोटी प्रतिवेदन पठाइएको छ तर प्रतिवेदनमा प्रस्तुत विषयवस्तु सम्बन्धमा जनसमक्ष जानकारी प्रवाह गरिएको छैन।

एकातिर नेपालले अनुमोदन गरिसकेका महासन्धिहरूको कार्यान्वयनको अवस्था नै यति कमजोर, फितलो र हचुवा छ भने अर्कोतर्फ अघिल्ला वर्षहरूमा भैं मानवअधिकार संस्थाहरूले सरकारहरू समक्ष नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धिको मृत्यु दण्ड उन्मूलन सम्बन्धी दोस्रो ऐच्छिक प्रलेख, शरणार्थी तथा मजदूरहरूका हक-हित सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनका अन्य महासन्धिहरूलाई अनुमोदन गर्न नियमित रूपमा दबाव दिइरहेका छन्।

अन्तर्राष्ट्रिय दायित्वको पालना किन र कसरी

मानवअधिकार सम्बन्धी यी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको राष्ट्रिय तहमा कार्यान्वयन गर्नु भन्नुको अर्थ ती सन्धि सम्झौतामा भएका अधिकार र व्यवस्थाहरूलाई प्रभावकारी रूप दिन विभिन्न विधायिकी, न्यायिक, प्रशासनिक तथा अन्य कदमहरू चाल्नु हो। तर अहिलेसम्म पनि पंचायती कालदेखिका कतिपय मानवअधिकार विरोधी कानूनहरू यथावत छन्। नयाँ कानूनहरू निर्माणको आवश्यकता तर्फ सरकार र संसदको ध्यान कमै गएको छ। भएका कानूनहरू अन्तर्गत छिटो, छरितो न्याय निसाफ दिने कार्यमा पनि हाम्रा अदालतहरू संकीर्ण र उदासिन देखिन्छन्। असहाय पक्षका निमित्त कानूनी सहायताको व्यवस्था नहुनाले पीडितहरूलाई आफ्ना अधिकारहरू खोज्न अरू कठिनाई भएको छ। प्रशासनिक तहबाट रोकिनु पर्ने ज्यादतिहरू र दूर्व्यवहारहरूमा खास परिवर्तन भएको देखिन्न। साथै, यी विभिन्न सन्धि सम्झौताहरूले नेपाली नागरिकहरूलाई के कस्ता थप मानवअधिकारहरू प्रदान गरेका छन् तथा सबैका निमित्त तिनको प्रभावकारी कार्यान्वयनका लागि सरकारी एवं गैरसरकारी क्षेत्रबाट के कसरी कार्य गर्न जरूरी छ भन्ने बारेमा व्यापक रूपमा जनचेतना जगाउने कार्यमा सरकार उदासिन छ। जे जति प्रचार प्रसार र जनचेतना जगाउने कार्य भएका छन् ती प्रायः मानवअधिकार संस्थाहरूबाटै भएका छन्।

अर्कोतर्फ, यी कुनै पनि सन्धि सम्झौताहरूलाई लागू गर्नु भन्नुको अर्थ तिनमा सहीछाप गर्नु वा प्रतिबद्धता जनाउनु मात्र होइन। यसका निमित्त सरकारसंग आर्थिक तथा भौतिक स्रोत र राजनीतिक संकल्पको खाँचो पर्दछ। यी सन्धिहरू अन्तर्गत नेपाली जनतालाई प्राप्त कतिपय अधिकारहरूको उपभोग गर्न गराउन सरकार तथा नेपालका राजनीतिक पार्टीहरूको राजनीतिक संकल्प मात्र पनि पर्याप्त हुन्छ। तर त्यति सफलता पनि आजसम्म हासिल हुन सकेको छैन। अर्कोतर्फ, मानवअधिकार संरक्षण गर्ने संरचनाहरूका निमित्त तथा खास गरिकन आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बालअधिकार तथा महिला अधिकारहरूको पूर्ण उपभोगका निमित्त प्रशस्त आर्थिक तथा भौतिक स्रोतको पनि आवश्यकता पर्दछ। यसतर्फ नेपालले ठोस उपलब्धी हासिल गर्न सकेको छैन।

तर देशमा प्रशस्त आर्थिक तथा भौतिक स्रोत उपलब्ध छैन भन्ने तर्क दिएर मानवअधिकारको अन्तर्राष्ट्रिय

दायित्वबाट नेपाल मुक्त हुन सक्दैन। सबैभन्दा पहिले त भएको राष्ट्रिय स्रोतको सदुपयोग के कसरी भएको छ, स्रोत र सुविधाको वितरण प्रणाली कस्तो छ र सरकारका प्राथमिकताहरू कतातिर ढल्किएका छन् भनी हेर्नु पर्दछ। त्यसपछि विद्यमान अन्तर्राष्ट्रिय कारक तत्वहरूलाई पनि ध्यान दिनु पर्दछ। अन्तर्राष्ट्रिय कारक तत्वहरूमा अहिले निजीकरण र खुला बजारको सिद्धान्तमा आधारित पश्चिमा राष्ट्रद्वारा नियन्त्रित र निर्देशित अर्थ एवं वाणिज्य व्यवस्थालाई लिनु पर्ने भएको छ। यी नीतिहरू आज नेपालमा पनि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र अन्य पश्चिमा दाता राष्ट्रहरू मार्फत् जबर्जस्ती लाद्ने कार्यहरू भएका छन्। यसले गर्दा मानवअधिकारहरूको प्रभावकारी कार्यान्वयन र उपभोगका निमित्त आवश्यक स्रोत र साधनको सदुपयोग गर्न पनि यी वित्तीय अनुमति प्राप्त गर्नु पर्ने जस्ता बाध्यताहरू सृजना गरिएका छन्। ती बन्धनहरूलाई तोड्न नेपाल सरकार र नेपाली जनताले निक्कै ठूलो मूल्य चुकाउनु पर्ने देखिएको छ। उनीहरूले अहिले खासगरिकन नेपालका कुनै पनि आर्थिक तथा विकास नीतिहरू नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी सम्पूर्ण सन्धि सम्झौताहरू विपरित हुन नहुने तर्फ संगठित भएर कार्य गर्नु पर्ने भएको छ।

गोपालकृष्ण शिवाकोटी
कार्यक्रम निर्देशक

५. ए.बी.सी.

सन् १९९५ मा महिला अधिकार

प्रजातन्त्र र मानवअधिकार एक अर्काका परिपूरक हुन्। मानवअधिकारको पूर्ण बहालीबिना प्रजातन्त्रको सम्बर्द्धन, संरक्षण र विकास हुन सक्दैन। यसैगरी महिलाको मानवअधिकारको संरक्षण विना प्रजातन्त्रको दिगो विकास असम्भव छ। विशेष गरेर १९९३ मा भियनामा भएको मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले महिला अधिकारलाई मानवअधिकारको रूपमा मान्यता दिए पश्चात अहिले महिलाको अधिकारको संरक्षण र सम्बर्द्धनको कुरा सशक्त रूपमा उठ्दै आएको छ। नेपालमा महिलाको मानवअधिकारलाई संविधानले संरक्षण गरेता पनि संविधानसंग बाझिएका प्रशस्त भेदभावपूर्ण कानूनी व्यवस्थाले महिलाको मानवअधिकारलाई हनन गरिरहेकै छ। नेपालमा महिलाका मानवअधिकारको कुरा गर्दा महिलाले कस्तो मानवीय जीवन बाँचिरहेका छन् ? भन्ने प्रश्न उठ्दछ। महिलाहरूमाथि हुने सामाजिक अपराधका घटनाहरू अहिले तीब्र रूपमा वृद्धि भइरहेका छन्। वेश्यावृत्तिको निम्ति नेपाली चेलीबेटीको अवैध व्यापार, बलात्कारका घटनाहरू, बालविवाह, बहुविवाह, महिलामाथि कुटपिट र हत्याका घटनाहरूदेखि लिएर दाइजोको कारण महिलाहरूमाथि भएका दुर्व्यवहारका घटना र बोक्सीको आरोपमा महिलामाथि भएका अमानुषिक व्यवहारका घटनाहरू १९९५ को वर्षमा प्रशस्त छापामा आए। महिलाहरूमाथि भएका यौन दुर्व्यवहारका कैयौं घटनाहरूलाई हेर्दा महिलालाई सामान्य जीवन बाँच्नको लागि पनि कठीन भएको प्रष्ट देखिन्छ।

यो वर्ष महिला र बालिकाहरूमाथि भएका बलात्कारका घटनाहरू छापामा प्रशस्त आए। सर्लाही जिल्लाको सिमरा गाविसमा डेढ वर्षीय बालिका विवाह रायलाई भाला हानेर निर्ममतापूर्वक हत्या गरिएका घटनादेखि लिएर डेढ वर्षकी बालिकाको समेत पाशविक बलात्कार भएको घटना घटे। सर्लाहीमा ३ वर्षकी बालिकाको सामुहिक बलात्कार र अपराधीलाई समात्न प्रहरी सक्षम नभएको कुरा समेत प्रकाशमा आएको घटनाले सामान्य जनसमुदायमा पनि त्रासको वातावरण सृजना भएको कुरा प्रकाशमा आएको थियो। नेपालगञ्जमा बाबुप्रताप सिंह ठकुरीले आफ्नै छोरीलाई बलात्कार गरेको र निजकै पत्नीले बलात्कारी लोग्नेलाई प्रहरी थानामा पुऱ्याएको जस्ता घटनाहरूले यस्ता सामाजिक अधिकारका विरूद्ध महिला पनि सजग भएको देखिन्छ।

१९९५ मा देशका विभिन्न ठाउँमा बोक्सीको अपराधमा महिलालाई दिएको यातना र पीडाका घटनाहरू प्रशस्त घटे। विराटनगर, बुधनगर गाविस बस्ने फूलचन्द्र मण्डलकी पत्नी फूलमाया देवी सर्पले टोकेर मरेकोमा विश्वासै नगरी उक्त गाउँमा बस्ने ३३ वर्षीय विधवा राधादेवीलाई गाउँलेहरू मिलेर बोक्सीको आरोप लगाई दिशा खुवाई बोरामा हाली बोराको मुख बन्द गरी कुटपिट गरी मृतककै लाशसंग बाँधी अमानवीय व्यवहार गरिएको कुरा प्रकाशमा आएको थियो। पीडित महिलाले आफूप्रति भएको सो अमानवीय व्यवहारको सम्बन्धमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको तर त्यसमा कारवाही नभएको कुरा प्रकाशमा आएको थियो। यस्ता घटनाहरूमा अहिले तीव्र वृद्धि भइरहेको र कैयौं यस्ता घटनाहरू प्रकाशमा समेत आउने गर्दैनन्। यस्ता घटनाहरू र दुर्व्यवहारका विरूद्ध सबै क्षेत्रले सजग हुनु पर्ने देखिन्छ। यसैगरी ५ महिनाको पेट बोकेकी २१ वर्षीय एक महिलाको बन्दुकको गोलीले निर्मम हत्या भएकोमा अभियुक्तले बाँदरलाई भनेर हानेको बन्दुकको गोलीले केटीलाई लागेको भन्ने बयान दिएको घटनाले महिलाहरूको वर्तमान स्थिति र उनीहरूको मानवअधिकारको स्थिति अन्दाज गर्न सकिन्छ। अपराधका घटनाहरूमा चेलीबेटीको बेचबिखन र अन्य अपराधमा प्रशस्त वृद्धि भएको देखिन्छ। प्रहरी विभाग इन्टरपोलका अनुसार १९९५ मा महिलामाथि हुने अपराध, जीउ मास्ने बेच्नेमा ४७.५ प्रतिशत वृद्धि भएको र आर्थिक कठिनाइ, पारिवारिक कलह, मानसिक यातना, अवैध यौन सम्बन्ध र प्रेममा असफलता जस्ता कारणबाट ७४५ जना महिलाले आत्महत्या गरेको कुरा जनाइएको छ।

१९९५ को वर्ष, महिला अधिकारको क्षेत्रमा केही सकारात्मक उपलब्धि भएको वर्ष पनि हो। यो वर्ष चौथो

अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना हुने वर्ष भएकोले १९९५ भरी महिलाहरूका अधिकारका कुराहरू प्रशस्त उठे। देशका विभिन्न भागमा नेपाली महिलाहरूका अधिकार, समस्यादेखि लिएर बेइजिङ्गमा नेपालले प्रस्तुत गर्ने प्रमुख बुँदाहरूमा विभिन्न माध्यमबाट छलफल, विचार विमर्श भए। यसैगरी पत्रपत्रिकाहरू र सञ्चारका विभिन्न माध्यमबाट चौथो विश्व सम्मेलन र महिला बारे जानकारी गराइयो। नेपाली महिलाहरूले ठूलो संख्यामा (दुईसय), बेइजिङ्गमा भाग लिई विचारको आदान प्रदान र विश्वव्यापी रूपमा महिलाहरूका मानवअधिकारको समस्यादेखि लिएर महिलाहरूका मुद्दाहरू जान्ने बुझ्ने अवसर पाए। यो एउटा सकारात्मक उपलब्धि मान्नु पर्दछ। १९९५ मा महिला अधिकारको क्षेत्रमा भएको एउटा अत्यन्त महत्वपूर्ण घटना हो - पैतृक सम्पत्तिमा छोरीको अधिकारको सम्बन्धमा सर्वोच्च अदालतको एउटा महत्वपूर्ण निर्णय। मीरा ढुङ्गाना र मीरा खनालद्वारा मुलुकी ऐनको अंश वण्डाको १६ नं.मा भएको छोरीलाई पैतृक सम्पत्तिमा अधिकार लिन ३५ वर्ष अविवाहित हुनु पर्ने कानूनी प्रावधान संविधान र महिला विरूद्ध भेदभाव अन्त गर्ने महासन्धिसंग बाझिएकाले तत्कालै त्यस्ता बाझिएका कानूनको अन्त होस् भन्ने सर्वोच्च अदालतमा दिएको रिट निवेदनमाथि सर्वोच्च अदालतले दिएको निर्णय। उक्त निर्णय महिला अधिकारको क्षेत्रमा भएको एउटा महत्वपूर्ण निर्णयको रूपमा लिन सकिन्छ। उक्त निर्णयमा सर्वोच्च अदालतले संविधानसंग नबाझिने गरी महिला अधिकार सम्बन्धी कानून एक वर्ष भित्रमा बनाउन मन्त्रीपरिषद सचिवालयलाई तोक आदेश दिएको छ। १९९५ मा महिला मन्त्रालयको स्थापना र महिला मन्त्रीको नियुक्ति भएको छ। निश्चय नै महिला हक, हीत र अधिकारको संरक्षणको लागि मन्त्रालयबाट ठोस कार्य हुन सके १९९५ महिला हीतको लागि उपलब्धिमूलक वर्षको रूपमा सावित हुन सक्छ।

१९९५ मा महिलाहरूले विभिन्न जिल्लामा रक्सीविरूद्ध सशक्त आवाज उठाए। केही गाविसलाई रक्सी निषेधित क्षेत्र घोषणा गर्न सफल भए। दाङ्ग, कैलाली, लमजुङ्ग आदि जिल्लाबाट शुरू भएका आन्दोलनको असर विस्तारै अन्य जिल्लामा पनि १९९५ मा पऱ्यो। महिलाहरूमा स्वतस्फूर्त रूपमा आएको एउटा चेतनाको लहरले निश्चय नै महिलाको अधिकार र हीतलाई संरक्षण गर्नेछ भन्ने आभास ठाउँठाउँमा देखिएको लहरले देखा परेको छ।

महिलाको मानवअधिकारको संरक्षणको लागि सबै क्षेत्रले ध्यान दिनु जरूरी छ। जबसम्म महिला र पुरूषका बीच कानूनी भेदभाव रही रहन्छ, जबसम्म महिलाहरूमाथि हुने यौन दुर्व्यवहारका घटनाहरूको अन्त हुँदैन, तबसम्म महिलाको मानवअधिकार संरक्षण हुन सक्दैन। अझै पनि संस्कृति, धर्म, जाति र महिला भएकै कारणबाट महिलाहरू शोषित र पीडित भई सामाजिक दुर्व्यवहार, हिंसा र अवहेलनाको सिकार भएका छन्। मानवअधिकारवादी संघ संस्थाहरूले महिला अधिकारको संरक्षण गर्न दबाव दिनुका साथै महिलाको मानवअधिकार हनन भएका घटनालाई सशक्त रूपमा उजागर गरी दिनु आज अत्यन्त आवश्यक भएको छ। जबसम्म महिलाहरूले आफ्नो अधिकारको उपभोग गर्न पाउँदैनन्, जबसम्म महिलामाथि विभिन्न किसिमका शोषण भइरहन्छ, तबसम्म समाजमा महिलाहरू दोश्रो दर्जाको नागरिक सरह हुन्छन्। प्रजातन्त्रको पुनरस्थापना भएको ५ वर्ष बितिसक्दा पनि महिलाहरूले वास्तविक रूपमा प्रजातन्त्र र मानवअधिकारको अनुभूति गर्न सकेका छैनन्।

यसैले महिलाको मानवअधिकारको संरक्षण प्रजातन्त्रको दिगो विकासको लागि अपरिहार्य छ भन्नु अतिशयोक्ति नहोला।

दुर्गा घिमिरे
निर्देशक

६. बन्दी सूचना केन्द्र, नेपाल

सन् १९९५ मा नेपालका जेल र बन्दीहरुको स्थिति

जब कुनै व्यक्ति कानूनको नजरमा अपराधी ठहरिन्छ, त्यसबेला ऊ सजायको भागी हुने गर्दछ। जब हाम्रो देशको कानूनले कुनै व्यक्ति जेल बस्नु पर्ने अपराध गर्दछ भने ऊ बन्दी जीवन बिताउन बाध्य हुन्छ। मानिस जेलमा बस्नु पर्ने अवस्था आफैमा एउटा सजाय हो, अझ त्यस व्यक्तिमाथि अपराध गरेको कारणले कुटपिट गर्ने, निर्दयी र अमानवीय व्यवहार गर्दै मानसिक यातना दिने गर्नु संविधान र मानवअधिकारको विश्व घोषणा पत्र १९४८ अनुसार पनि गलत हुन जान्छ। राज्यले कुनै व्यक्तिलाई जेलमा राख्नु भनेको उसले गरेका गल्ती कमजोरीलाई सच्याउँदै आउँदा दिनमा ऊ त्यस किसिमको अपराधमा संलग्न नहोस् र सुध्रिएर एक असल व्यक्ति बन्न सकोस् भन्ने चाहना गर्नु पर्दछ। यस चाहनाको लागि जेल र जेल प्रशासनको वातावरण समेत त्यही अनुरूप तयार हुनु पर्दछ। तर अझसम्म पनि हाम्रो देशमा न यस किसिमको भावनाको विकास हुन सकेको छ न त त्यस किसिमको वातावरण तयार पार्ने भौतिक र प्रशासनिक पूर्वाधार नै तयार हुन सकेको छ। आशा गरौं हाम्रो देशको प्रजातान्त्रिक परिपाटीमा संचालित सरकारले जेल र बन्दी जस्तो संवेदनशील विषयमा यस किसिमको वातावरण तयार पार्न उचित पहल गर्ने छ।

क. नेपालका जेलहरूको स्थिति :

हाल नेपाल अधिराज्य भरिमा भएका ७३ वटा जेलहरू मध्ये ४१ वटा जेल ०२९ साल अगाडि विभिन्न समयमा विभिन्न प्रयोजनका लागि निर्माण भएका छन् भने ३२ वटा जेलहरू जेलकै प्रयोजनका लागि पछि निर्माण भएका छन्। नेपालका यी ७३ वटा जेलहरूमध्ये "क" श्रेणीका जेलहरूको स्थिति अन्य जेलको सापेक्षतामा राम्रो भए पनि अन्य "ख" र "ग" श्रेणीका जेलहरूको स्थिति ज्यादै दयनीय अवस्थामा रहेका छन्। यी जेलहरूमा मानिस बस्नको लागि चाहिने आधारभूत

आवश्यकता पानी, चर्पी, ढल निकास, मान्सा कोठा, सुत्ने र बस्ने कोठाहरू ज्यादै खराब अवस्थामा रहेका छन्। धेरैजसो जेलका भवनहरू पुराना र मर्मत संभारको अभावमा ज्यादै जीर्ण अवस्थामा रहेका कारण हुरी बतास लाग्दा र वर्षा याममा पानी पर्दा कुन बेला सबै बन्दीहरू एकै चिहान हुनु पर्ने हो भन्ने त्रासको वातावरण समेत रहेको छ। पानीको अप्रयाप्तताको कारण सरसफाइमा कमी, ढल निकासको उचित प्रबन्धको अभावमा वातावरण दुषित र दुर्गन्धित रहेको छ। धेरैजसो जेलहरू पुराना र अन्य प्रयोजनका लागि बनेका कारण उचित किसिमका झ्यालहरू नहुनु कौसी र बार्दली नहुनुको कारण जाडोको समयमा सूर्यको किरणसम्म छिर्न नपाउने स्थिति समेत रहेको छ।

जेल जस्तो सम्वेदनशील क्षेत्रमा निकै कम बजेट छुट्याइने र विकास बजेट नहुने तथा साधारण तर्फको बजेटले जेलका बन्दीको सेवा सुविधा र प्रशासन संचालन गर्न समेत धौ-धौ हुने स्थिति रहेकोले जेलमा विभिन्न समस्याहरू दिनानुदिन बढी रहेका छन्। बजेटको अभावमा यस वर्षमा समेत कुनै नयाँ जेल निर्माण नहुनुका साथै अधिकांश जेलहरूमा मर्मत तथा संभार पनि उचित तवरले हुन सकेको छैन।

ख. नेपालका बन्दीहरूको स्थिति :

नेपालका ७३ वटा जेलहरूको क्षमता ७२३३ रहे पनि हाल नेपालका यी जेलहरूमा करीब ६५०० व्यक्तिहरू छन्। जस मध्ये ४४१ जना महिला, करिब ६००० जना जति पुरुष र ७५ जना बाल बालिकाहरू छन्। तराई र शहरका प्राय सबै जेलहरूमा क्षमताभन्दा बढी बन्दीहरू रहेका छन् भने पहाडका जेलहरूमा क्षमताभन्दा कम बन्दी रहेको पाईन्छ।

जेलमा बन्दीहरूलाई मुख्यतया दुई श्रेणीमा विभाजन गर्ने प्रचलन बमोजिम "क" श्रेणीका बन्दीहरूलाई ७०० ग्राम मसिनो चामल र रू. १२ दिइन्छ भने "ख"श्रेणीका बन्दीहरूलाई ७०० ग्राम मोटो चामल र रू. १० दिइन्छ। १ वर्षमा २ जोर लगाउने लुगा र २ वर्षका एक जोर सिरक डस्ना दिइने गरिन्छ। जेल प्रशासनबाट दिइने लुगाहरू कमसल भएको कारण बन्दीहरूले सबै ठाउँमा उक्त लुगा प्रयोग नगरे पनि केही ठाउँहरूमा भने प्रयोग गरेका छन्।

अहिलेको प्रजातान्त्रिक वातावरणमा पनि कतिपय जेलहरूमा बन्दीहरू र प्रशासन बीच सुमधूर सम्बन्ध कायम हुन सकेको छैन। कतिपय जेलहरूमा अझै पनि अमानवीय किसिमले यातना दिने गरिन्छ।

नेपालका अधिकांश जेलका बन्दीहरू समय बिताउनको लागि निकै कष्ट परेको कुरा बताउँछन्। अधिकांश जेलमा साना घरेलु उद्योग तथा अन्य तालिम सम्बन्धी व्यवस्था नहुनु, मनोरंजन र खेलकूदका सामग्री तथा ठाउँहरू नहुनु, अध्ययनका लागि आवश्यक र उपयोगी पत्रपत्रिका र पुस्तकहरू नहुनुले गर्दा जेलको जीवन निकै कष्टकर छ। अर्को तर्फ जेलमा रहेका बन्दीहरूलाई उनीहरूले गरेका कमी कमजोरीलाई महसूस गराई अपराध कार्यबाट टाढा हुने किसिमको मनोवैज्ञानिक शिक्षा दीक्षा दिने वातावरण तयार हुन सकेको छैन।

जेलमा कानूनी उपचार समेत एउटा समस्याको रूपमा देखा परिरहेको छ। यस सन्दर्भमा पूर्पक्षका लागि राखिएका कतिपय थुनुवाहरूको बारेमा लामो समयसम्म जेलमा रहँदा पनि कुनै निर्णय नहुनु, कतिपयलाई कानूनी प्रक्रियाको समेत राम्रो ज्ञान नहुनु, कतिपयको आर्थिक अभावका कारण कानूनी उपचार तर्फ लाग्न नसक्नु र कतिपयका आफन्तहरू नभएको कारण वकीलसंग सम्पर्कसम्म गर्न नसक्नुनका कारण कानूनी उपचार अगाडि बढाउन नसक्दा अनाहकमा बन्दी जीवन विताउन बाध्य रहेका छन्। कानूनी रूपमा समेत क्षतिपूर्तिको व्यवस्था नभएका कारण भुक्तान गर्नु पर्ने भन्दा बढी अवधिसम्म कैदमा रहेका र जेल परेका निर्दोष व्यक्तिहरूले समेत क्षतिपूर्ति पाएका छैनन्।

जेलको अर्को समस्याको रूपमा स्वास्थ्य उपचारको विषय पनि रहेको छ। जेलको दूषित वातावरणका कारण थुप्रै बन्दीहरू विरामी पर्ने गरेका छन् भने कतिपय दीर्घ रोगी समेतको उचित र उपयुक्त किसिमको उपचार हुन नसक्नुका कारण जेलमै मृत्यु समेत भएको छ।

ग. आस्थाका कारण भएका आन्दोलन र गिरफ्तारी :

यस वर्ष देशका विभिन्न भागहरूमा विभिन्न राजनैतिक पार्टी तथा संघ संस्थाहरूले आफ्नो विचार र आस्थाका कारण विविध कार्यक्रमहरू (जुलुस, विरोध प्रदर्शन, धर्ना घेराउ आदि) संचालन गरेका छन्। यस किसिमका प्रमुख घटनाहरूमा संयुक्त जनमोर्चाद्वारा गरिएको उपत्यका बन्द, सिंह दरबार घेराउ तथा विरोध प्रदर्शन, ने.वि.संघद्वारा विभिन्न शैक्षिक मागको विषयलाई लिएर गरिएका आन्दोलनका क्रममा भएका उपत्यका बन्द, नेपाल बन्द तथा विरोध प्रदर्शन जस्ता कार्यक्रमहरू, गोकर्ण डम्पिङ्ग साइट विवादका सन्दर्भमा भएका विरोध प्रदर्शनहरू, सर्वोच्च अदालतको प्रतिनिधिसभा पुनर्स्थापना सम्बन्धी निर्णयका सन्दर्भमा अनेरास्वबियु लगायत अन्य जन संगठनहरूले गरेका विरोध प्रदर्शन तथा ने.वि.संघद्वारा गरिएका समर्थन जुलुसहरू, रोल्पामा भएका विभिन्न घटनाहरू तथा अन्य संघसंस्थाहरूले गरेका धर्ना, घेराउ तथा विरोध प्रदर्शनहरू आदि पर्दछन्। यसै सन्दर्भमा सरकारद्वारा करिब १२ सय व्यक्तिहरू गिरफ्तार गरिएको छ। उक्त घटनाहरूमा गिरफ्तार अधिकांश व्यक्तिहरू तत्काल रिहा भएका छन् भने केही व्यक्तिहरू २,५ दिनसम्म सम्म हिरासतमा रही रिहा भएका छन् तर रोल्पा काण्डमा संलग्न व्यक्ति मध्ये २१ जना अझै पनि जेलमा रहेका छन्।

घ. हाल जेलमा रहेका आस्थाका बन्दीहरू :

०४३ साल मंसीरमा झापाको रतुवा नजिक फेला परेको "आरावाल साईला" को लाशको सन्दर्भमा इलाम जिल्ला बाँझो गाविस वडा नं. १ निवासी महेन्द्र राई र प्रकाश घिमिरेलाई छानवीनको लागि ०४३ फागुन १९ गते गिरफ्तार गरी उक्त हत्यामा संलग्न रहेको भनी झुठा मुद्दामा फसाइएको छ। हाम्रो संस्थाको अध्ययन अनुसार वहाँहरूको तत्कालीन पंचायती व्यवस्थासंग मतभेद रहेको र वामपन्थी आन्दोलनमा निजहरूको सहभागिताका कारण उक्त झुठो मुद्दामा फसाइएको हो। हाल

वहाँहरू काठमाडौं केन्द्रीय कारागारमा कैदी जीवन विताइरहनु भएको छ।

०४७ चैत्र १ गते प्युठान जिल्ला पुजा गाविसको गौमुखी मा.वि.को रकम भ्रष्टाचार गरेको सन्दर्भमा उक्त मा.वि.का संचालक समितिका तत्कालीन अध्यक्ष शंशेरबहादुर के.सी.संग उक्त रकम माग गर्न गएका स्थानीय जनताहरूसंग फुत्केर भाग्दा निज शंशेरबहादुर भीरबाट लडी मृत्यु भएको थियो। यसै विषयलाई आधार मानी नेकपा मसाल समर्थक ९२ जना व्यक्तिहरूलाई राजनैतिक प्रतिशोधका कारण ज्यान मुद्दाको अभियोग लगाइएको थियो। उक्त मुद्दामा हाल तुलसीपुर जेलमा बैकुण्ठबहादुर के.सी., मेघराज गिरी र शालीग्राम उपाध्याय (तीन जना), नेपालगंज जेलमा डबलसिंह के.सी., प्युठान जेलमा रामलाल शर्मा र भद्रगोल जेलमा झकबहादुर जी.सी. गरी अझसम्म ६ जना व्यक्तिले बन्दी जीवन विताइ रहेका छन्।

मोरङ्ग जिल्ला दर्बेसा गाविस निवासी पुण्यप्रसाद उप्रेतीको हत्या आफ्ना सहोदर भतीजा केदार उप्रेतीबाट ०४८ साल कार्तिक ७ गते राती भएको थियो। उक्त घटनाको समयमा सिक्किम मामाघर रहेका हिमलाल उप्रेतीलाई वामपन्थी कार्यकर्ता भएको कारण स्थानीय कांग्रेसका कार्यकर्ताहरूको मिलोमतोमा निज हिमलाललाई समेत उक्त हत्या काण्डमा संलग्न रहेको अभियोगमा विराटनगर जेलमा राखिएको छ।

समग्रमा हेर्दा सन् १९९५ मा नेपालका जेलहरूमा उल्लेख्य किसिमका कुनै पनि निर्माण र सुधारका कार्यहरू भएका छैनन्। बन्दीहरूको हकमा उनीहरूले पाउने दैनिक रकममा यस वर्षको शुरूदेखि रू. २ वृद्धि भए पनि अन्य समस्याहरू जस्ताका तस्तै रहेका छन्। जेल सुधारका लागि विगतमा बनेका विभिन्न आयोगहरूले दिएका सुझावहरूलाई अहिलेसम्म सरकारले ठोस रूपमा कार्यान्वयन गर्न सकेको छैन।

०५२/११/९

बलबहादुर आचार्य
सचिव

७. नेपाल ट्रेड यूनियन महासंघ (जीफन्ट) मानवअधिकार विभाग

सन् १९९५ मा मजदूर अधिकारको स्थिति

मजदूरहरूको अधिकारलाई मानवअधिकारको अभिन्न अंगको रूपमा स्वीकार गर्ने प्रक्रियाको विकास हालसम्म पनि हाम्रो देशमा हुन सकेको छैन। मजदूरहरू पनि मानव र कुनै न कुनै देशको नागरिक हुने भएकाले उनीहरूलाई मानवअधिकार र नागरिक अधिकार दुबै प्राप्त हुन्छ। तर मजदूरहरू आफ्नो श्रम बिक्री वापत ज्याला लिने भएको हुँदा उनीहरूको श्रमको मूल्य र सेवा शर्त निर्धारण सम्बन्धी अधिकार र त्यसलाई संरक्षण गर्ने ट्रेड यूनियन सम्बन्धी अधिकार अन्य व्यक्तिको भन्दा विशिष्ट प्रकृतिको हुन्छ। त्यस्ता अधिकारलाई मजदूर अधिकार भनिन्छ।

नेपालमा प्रत्येक वर्ष झैं यस वर्ष पनि थुप्रै मजदूरहरूका अधिकारहरू अपहरण गरिएका छन् भने कतिपय मजदूरहरूले आफ्ना अधिकार लाई पुनरप्राप्ती एवं संरक्षित गर्न सफल भएका छन्।

१. सामुहिक सौदाबाजीको स्थिति :

प्रत्येक वर्ष झैं यस वर्ष पनि झण्डै २०० जति प्रतिष्ठानहरूमा सामुहिक मागदावी राख्ने काम भएका छन्। नेपाल ट्रेड यूनियन महासंघद्वारा यस वर्ष ७६ वटा सामुहिक मागदावीको स्थितिलाई अध्ययन गर्ने प्रयास गरिएको थियो। उक्त तथ्यांक अनुसार औद्योगिक प्रतिष्ठानहरूमा ४६ वटा होटलमा ९ वटा, गार्मेण्टमा १६ वटा, कार्पेटमा २ वटा यातायातमा २ वटा विवाद भएका थिए। उक्त विवादहरूमध्ये यस वर्ष ७० वटा प्रतिष्ठानमा कानूनी प्रक्रिया पूरा गरी ६ वटा प्रतिष्ठानमा आकस्मिक रूपमा मागपत्र प्रस्तुत गरिएको थियो। त्यसरी सामुहिक मागदावी राखिएका प्रतिष्ठानहरूमध्येमा मजदूरहरूले जम्मा १५ वटा प्रतिष्ठानमा मात्र हड्ताल भएको, ६ वटा प्रतिष्ठानमा तालाबन्दी हुन पुगेको र ५२ वटा प्रतिष्ठानहरूमा वार्ताबाट समस्या समाधान हुन पुगेको छ। यसरी नै ३ वटा प्रतिष्ठानमा मजदूरहरू पूर्ण असफल भएका, २ वटा प्रतिष्ठानमा मजदूरहरूले माग फिर्ता लिएका २ वटा प्रतिष्ठानमा कुनै निर्णय हुन नसकेको, २ वटा प्रतिष्ठानमा सामुहिक सौदावाजीका क्रममा बन्द हुन पुगेका छन्। उपरोक्त तथ्यांकलाई प्रतिशतमा परिवर्तन गरी वर्षसंग तुलना गरी हेर्दा निम्न अनुसार हुन पुग्दछ :

	१९९४	१९९५
१. कानूनी माग पत्र पेश भएको	९४.०२	९२.१०
२. गैर कानूनी	६०.३४	७.९०
३. हड्ताल	१७.९१	१९.७३
४. तालाबन्दी	५.९	७.८९
	(हड्ताल भएकामध्ये ३३)	(हडताल भएकामध्ये ४०)
५. वार्ता	६१.१९	६८.४२
६. मजदूर पूर्ण असफल	८.९५	३.९४
७. मागपत्र फिर्ता	-	२.६३
८. अनिर्णित	८.९५	२.६३
९. कारखाना बन्द	४.४७	२.६३

उपरोक्त तथ्यांकलाई हेर्ने हो भने यो वर्ष पनि मजदूरहरूको सामुहिक सौदावाजीको स्थितिमा तात्वीक भिन्नता आएको पाईदैन।

मुख्य मागहरू

गत वर्ष फागुन महिनामा श्री ५ को सरकारले घोषणा गरेको मासिक रू.३००/- महंगी भत्ताको विषय नै यस वर्ष

मजदूरहरूको मूल मागको विषय बन्न पुग्यो। सरकारबाट घोषणा गरिएको रू.३००/- महंगी भत्तालाई लागू गराउने अभिभारा श्री ५ को सरकारको नै भएता पनि मजदूरहरूले त्यसलाई प्राप्त गर्नका लागि सामुहिक मागदावीको नै साहारा लिनु परेको छ। कतिपय प्रतिष्ठानमा सामान्य सौदावाजीबाट त कतिपय प्रतिष्ठानमा मागपत्रको रूपमा नै यसलाई उठाउनु र कतिपय प्रतिष्ठानमा हड्ताल समेत गर्नु परेको थियो। यद्यपि ६० प्रतिशत प्रतिष्ठानहरूले सामान्य सौदावाजीबाट नै रू.३००/- महँगी भत्ता दिएका छन् भने बाँकी २५ प्रतिशतमा मागपत्र प्रस्तुत गरेपछि मात्र उक्त घोषणा कार्यान्वयन गराउन सकिएको छ। बाँकी १५ प्रतिशत प्रतिष्ठानले भने हालसम्म उक्त घोषणाको अवज्ञा गरेको अवस्था छ। उक्त महंगी भत्ता कार्यान्वयन नगर्ने भनी सर्वोच्च अदालतमा नेपाल उद्योग वाणिज्य महासंघले दायर गरेको रिट निवेदन नै यसको मूल कारण बन्यो। हालसम्म उक्त महंगी भत्ता प्राप्त गर्ने प्रतिष्ठानहरूमध्ये ८० प्रतिशत प्रतिष्ठानहरूले सर्वोच्च अदालतको फैसला पश्चात विचार गरिने गरी हाल पेश्कीको रूपमा उक्त महंगी भत्ता खुवाएकोले गर्दा यो शर्त सहितको अवस्थामा रहेको छ। यसले कुनै पनि दिन देशलाई गम्भीर औद्योगिक अशान्तिको दिशामा धकेल्ने खतरा विद्यमान भएको हुँदा मजदूर अधिकारको हनन हुन सक्ने शंका यस वर्ष निराकरण हुन सकेन।

यो वर्ष बढीमा ३० र घटिमा एक सूत्रिय मागपत्र सामुहिक सौदावाजीका क्रममा प्रस्तुत भएका छन्। एक सूत्रिय मागका रूपमा रू.३००/- महँगी भत्तालाई कार्यान्वयन गरियोस् भन्ने नै रहेको छ। सामुहिक सौदावाजीको रूपमा पेश भएका माग पत्रहरू हेर्दा अधिकांश रूपमा न्यूनतम वेतन लागु गर्नु पर्ने र नियुक्ति पत्र प्रदान गरियोस् भन्ने नै प्रमुख रूपमा रहेका छन्। यस क्रममा प्रस्तुत मागलाई हेर्दा होटल होराइजन काठमाडौंमा २४ घण्टासम्म पनि काम लगाउने गरेको, धुलिखेल लज काठमाडौंमा रू.७००/- प्रति महिनामा काममा लगाइरहेको, सफारी एडभेन्चर होटलमा मासिक रू.८००/- मा काम लगाइरहेको जस्ता तथ्यहरू समेत उजागर हुन पुगेका छन्। यसबाट नेपालका मजदूरहरूको कानूनी अधिकारलाई कार्यान्वयन गराउन नसकिएको कुरा स्पष्ट भएको छ।

यस वर्ष सामुहिक सौदावाजी भएका प्रतिष्ठानको प्रकृतिलाई हेर्दा सबैभन्दा बढी औद्योगिक प्रतिष्ठानहरूमा मागपत्र प्रस्तुत भएको देखिन्छ। ७६ वटा प्रतिष्ठानहरूमध्ये ४६ औद्योगिक प्रतिष्ठानहरूमा, १६ गार्मेन्ट, ९ होटल, २ कार्पेट र २ यातायात प्रतिष्ठानमा सामुहिक मागपत्र प्रस्तुत भएको पाइन्छ।

यसरी मागपत्र प्रस्तुत भएकामध्ये जम्मा १९.७३ प्रतिशत प्रतिष्ठानमा मात्र हड्ताल भएको, ७.८ प्रतिशत प्रतिष्ठानमा तालाबन्दी भएको र ६८.४२ प्रतिशत प्रतिष्ठानमा वार्ताबाट नै मजदुरहरूले केही न केही उपलब्धी प्राप्त गरेको हुनाले यो सामुहिक सौदावाजीको अधिकार मजदुरहरूको लागि महत्वपूर्ण रहेको स्पष्ट हुन्छ।

यस्तै सामुहिक सौदावाजीका क्रममा २.६३ प्रतिशत प्रतिष्ठान बन्द हुन पुगेको, ११ जना मजदुरहरू निश्काषनमा पर्नु परेको, २८ जना मजदुरहरू गिरफ्तार भएको अवस्था विद्यमान भएको हुँदा मजदूरहरूले यो अधिकार प्रयोग गर्दा ज्यादै होस् पुऱ्याउनु पर्ने सबक समेत सिकाएको छ।

ट्रेड यूनियन अधिकारको स्थिति

१९९५ साल मजदूरहरूको ट्रेड यूनियन अधिकारको स्थिति सन्तोषजनक नै भएको मान्नु पर्छ। यसका लागि गत वर्ष र यस वर्षको ट्रेड यूनियन दर्ताको तुलनात्मक तालिकालाई नै हेर्दा स्पष्ट हुन्छ :

यसरी यस वर्ष मात्र थप २८१ वटा प्रतिष्ठान स्तरका ट्रेड यूनियन दर्ता भइसकेको हुनाले यस वर्ष मजदूरहरूको

विभिन्न श्रम कार्यालयहरूमा दर्ता भएका ट्रेड यूनियनहरूको स्थिति

क्र.सं.	श्रम कार्यालय	यूनियन दर्ता संख्या		नेपाल ट्रड युनियन महासंघसंग आबद्ध		नेपाल ट्रेड यूनियन कांग्रेससंग आबद्ध		संस्थान र अन्य	
		१९९४	१९९५	१९९४	१९९५	१९९४	१९९५	१९९४	१९९५
१.	झापा	२५	२८	१२	१३	११	१३	२	२
२.	विराटनगर	९०	१२९	३५	५३	५२	७३	३	३
३.	जनकपुर	८	१५	४	७	४	७	०	१
४.	वीरगंज	६०	७१	४१	४७	१९	२४	०	-
५.	हेटौंडा	३१	४९	२३	२८	८	१४	०	७
६.	काठमाडौं	४०६	५५५	२५१	२९३	११०	१७९	४५	८३
७.	पोखरा	३२	५५	१७	३०	१३	२४	२	१
८.	वुटवल	४७	७३	३१	३५	१६	३५	०	३
९.	नेपालगंज	१२	१७	६	७	६	७	०	१
	जम्मा	७११	९९२	४२०	५१५	२३९	३७९	५२	१०१
				५९.०७५	५१.९१५	३३.६१५	३७.९५	७.३२५	१०.१८%

ट्रेड यूनियन अधिकारको स्थिति संतोषजनक भएको मान्नु पर्ने देखिन्छ।

त्यसरी नै यस वर्षबाट नै आधिकारिक ट्रेड यूनियन निर्वाचन प्रक्रियाको शुरूवात भएको छ। यसवर्ष झण्डै ५० वटा यूनियनमा भएका निर्वाचनहरूबाट मजदूरको ट्रेड यूनियन अधिकार संस्थागत रूपमा संचालन गर्ने प्रक्रियामा थप मद्दत पुग्न गएको छ।

तर अझ पनि मजदूरहरूको यो अधिकारलाई व्यवस्थापकहरूले कुण्ठीत गर्ने प्रयास भने जारी नै राखेका छन्। यूनियन दर्ताका लागि व्यवस्थापकले गर्नु पर्ने सिफारिश नगर्ने, दर्ता भएका यूनियनका नेताहरूमाथि कारवाही चलाउने जस्ता कार्य यसका उदाहरणहरू हुन्। यस वर्ष दर्ता भएको हिमाल हाइड्रो खिम्ती जलविद्युत आयोजना नेपाल स्वतन्त्र मजदूर यूनियनलाई मान्यता नदिने व्यवस्थापकको निर्णय, यूनियन दर्ता भए पश्चात यूनियनका पदाधिकारी एवं सदस्यमाथि कारवाही प्रारम्भ गर्ने यति ट्राभल्स, मोडर्न स्लिपर इण्डष्ट्रिज यसका प्रमुख उदाहरणहरू हुन्।

त्यस्तै गरी कृषि श्रमिकहरू, कमैया मुक्ति आन्दोलन जस्ता ट्रेड यूनियनहरू दर्ता गर्न नसकिने वर्तमान ट्रेड यूनियन सम्बन्धी ऐन नियम संशोधन नहुनु यस वर्षको अर्को राज्यद्वारा भएको ट्रेड यूनियन अधिकार हननको उदाहरण भएको छ।

यसमा तत्काल संशोधन गरी कृषि श्रमिक, स्वरोजगार र असंगठित क्षेत्रलाई ट्रेड् यूनियन अधिकार प्रदान गरिनु आवश्यक भइसकेको छ। यस बाहेक यो वर्षसम्म नेपाल ट्रेड यूनियन महासंघ सम्बद्ध १२ वटा राष्ट्रिय स्तरका ट्रेड यूनियन संघ दर्ता र नेपाल ट्रेड यूनियन कांग्रेस सम्बद्ध ११ वटा यूनियन दर्ता भइसकेको र महासंघको रूपमा नेपाल ट्रेड यूनियन महासंघ (जीफण्ट) दर्ता भइसकेको हुँदा यो अधिकारको प्रयोगमा संतोष गर्न सकिने अवस्था पनि रहेको छ।

मजदूरहरूका अन्य अधिकारहरू :

प्रत्येक वर्ष झैं यस वर्ष पनि मजदूर अधिकार अपहरणको घटना कम भएन। विगत २०५० सालबाट ड्रिम्स एण्ड डिजायन प्रा.लि.बाट निश्काषित मजदूर जयन्ती खड्कालाई २०५२ सालको जेठमा सर्वोच्च अदालतले समेत पुनरवहालीको आदेश दिइसक्दा पनि हालसम्म पुनरवहाली नगरिएको अवस्था छ। त्यसरी नै २०४९ सालमा पेप्सीकोला उत्पादन गर्ने स्वस्तीक एरोटेड प्रोडक्ट्स प्रा.लि.बाट निश्काषित मजदूरहरू दिपक पौडेल र वकिलमान शाक्यलाई २०५२ सालको जेठमा पुनरावेदन अदालत पाटनले पुनरवहालीको आदेश दिएको भएता पनि हालसम्म पुनरवहाली नगरिएको अवस्था छ। यसरी सम्मानित अदालतबाट भएका आदेशको अवज्ञा बाहेक श्रम कार्यालय, श्रम विभागले दिएका आदेशलाई अवज्ञा गर्ने र मजदूरको सेवा सुरक्षाको अधिकारलाई अपहरण गर्ने क्रम प्रत्येक दिन वृद्धि भइरहेको छ। तर मजदुरको हक संरक्षणका लागि भएको आदेश कार्यान्वयन गर्ने संयन्त्रको अभावलाई पूरा गर्ने तर्फ सरकारले कुनै प्रयास नगरेको हुनाले त्यस्ता अधिकार अपहरण गर्ने काममा सरकारको समेत समर्थन रहेको स्पष्ट पार्दछ।

यस वर्ष नेपाल ट्रेड यूनियन महासंघमा प्राप्त जानकारी अनुसार औद्योगिक प्रतिष्ठानहरूबाट ८२ जना मजदूरहरू निश्काषित भएका छन् भने ४० जना मजदूरहरू कटौतीमा परेका छन्। यसरी नै होटलहरूबाट १ जना, यातायातबाट १ जना, कार्पेटबाट ५ जना गार्मेन्टबाट २४२ जना मजदूर निश्काषन गरिए भने गार्मेन्टबाट ८६ जना र कार्पेटबाट ४०० जना मजदूर कटौती गरिए। तर त्यसरी निश्काषित र कटौतीमा परेका मजदूरहरूमध्ये गार्मेन्ट प्रतिष्ठानका जम्मा १० जना पुनरवहाली गरिएको र २०६ जनालाई केही आर्थिक सहयोग र क्षतिपूर्ति दिलाएको कुरा नेपाल स्वतन्त्र गार्मेन्ट मजदूर यूनियनले जनाएको छ।

यसरी हेर्दा यो वर्ष ३३१ जना मजदूरहरू निश्काषनबाट रोजगारी गुमाए भने ५२६ जनाले कटौतीका कारण रोजगारी गुमाउनु परेको छ। यसरी नै यो वर्ष कूल ९ जना मजदूरहरू निलम्बनमा परेका छन् भने ५ जनाको ग्रेड रोक्का, २०० भन्दा बढी व्यक्तिलाई नसिहत दिइएको छ। नसिहत एउटा सामान्य कारवाही हो र यो कारवाही दुई पटक भए पछि मजदूरलाई निश्काषन गर्न सकिने भएबाट यस्तो कारवाहीको संख्या प्रत्येक दिन वृद्धि हुँदै गइरहेको छ। यसको यस वर्षको अन्तिम उदाहरण यति ट्राभल्स दरवार मार्गले आफ्ना अधिकांश मजदूरलाई विभिन्न अभियोगमा यस्ता नसिहत पत्र दिएबाट स्पष्ट हुन्छ।

यस वर्ष औद्योगिक दुर्घटना र पेशागत रोगका कारण १४ जना मजदूरको मृत्यु र १९ जना मजदूरहरूको अंगभंग हुन पुगेको छ। यस वर्षको मृत्युको स्थितिलाई हेर्दा कार्पेटका ८ जना, होटलका ३ जना र उद्योगका ३ जनाको मृत्यु भएको छ। मृत्युभएका मध्ये १ जनाको परिवारले मात्र क्षतिपूर्ति प्राप्त गर्न सफल भएको छ। मृत्यु भएको मध्ये रामलखन वर्माको ब्वाइलरमा काम गर्दा गर्दै मृत्यु भएको छ भने होटल मल्लमा एकजना मजदूरको हत्या भएको थियो। त्यसरी नै होटल कृष्टलका एकजना मजदूरको पेशागत रोगका कारण मृत्यु भएको थियो। त्यस्तै इमर कार्पेटमा काम गर्ने गीता चौलागाईंको निमोनियाको उपचार नभएबाट र इनद कार्पेटका लेखाल यादव पेशागत रोगको उपचार नपाएर र काभ्रे कार्पेटकी सरिता मगरको आगलागीका कारणबाट मृत्यु भएको थियो। त्यसरी नै पाटन कर्णाली कार्पेटका गन्धी मगर, मिरा मगर र शंकर सुब्बा पनि यस वर्ष उपचारका अभावमा मृत्युको शिकार भएका छन्।

औद्योगिक दुर्घटनाको कारण अन्नपूर्ण टेक्सटाइलमा एकजना मजदूरको मृत्यु हुन पुगेको छ भने भगवति स्टील इण्डष्ट्रिजमा एकजनाको करेन्ट लागेर मृत्यु भएको छ। उपरोक्त बमोजिम मृत्यु भएकामध्ये भगवति इण्डष्ट्रिज बाहेक अन्य कुनै पनि प्रतिष्ठानले क्षतिपूर्ति रकम नदिएको अवस्था

छ। कूल ७.१४ प्रतिशत मजदूरहरूका परिवारले मात्र मृत्यु पश्चात प्राप्त गर्ने क्षतिपूर्ति प्राप्त गरेका छन्।

यस वर्ष भएका कूल अंगभंग संख्या मध्ये ४२.१० प्रतिशतले मात्र क्षतिपूर्ति प्राप्त गरेको र तिनले पनि उचित र कानूनसम्मत क्षतिपूर्ति प्राप्त गर्न नसकेको अवस्था छ। यस वर्ष प्रतिष्ठान भित्र ३६ वटा कुटपिटका घटना भएका, ४० वटा हतोत्साहका घटना भएका र ४ ४ ठाउँमा प्रहरी हस्तक्षेप भएको छ।

असंगठित क्षेत्र :

उपरोक्त तथ्यांकहरू संगठित क्षेत्रसंग मात्र सम्बन्धित रहेका छन्। बहुसंख्यक मजदूरहरू असंगठित एवं गैर औद्योगिक क्षेत्रमा रहेका छन्। यसको वास्तविक एवं यथार्थ विवरण प्राप्त गर्न सम्भव छैन। यातायात एवं ट्रेकिङ्ग क्षेत्रसंग सम्बन्धित केही घटनाहरू यहाँ समावेश गरिएको छ।

यो वर्ष यातायात क्षेत्रमा भएका अनगिन्ती दुर्घटनाहरूमध्ये एकदर्जनभन्दा बढी यातायात मजदूरहरूको मृत्यु एवं अंगभंग हुन पुगेको छ। यातायात क्षेत्रमा काम गर्ने मजदूरहरूले दुर्घटना एवं अंगभंग वापत सरकारले तोके बमोजिम क्षतिपूर्ति विमा वापत प्राप्त गर्न सकिरहेको भएता पनि यसको विमा रकम ज्यादै कम रहेको छ। यस वर्ष नै साँगा काभ्रेमा भएको दुई यातायात मजदूरको रहस्यमय हत्या र दमौली तनहुँमा भएको एकजना यातायात मजदूरको सरकार संरक्षित गुण्डाहरूबाट भएको हत्या यस वर्षका उल्लेख्य घटनाहरू हुन्।

यस्तै प्रत्येक वर्ष १०/१२ जना मजदूरको मृत्यु हुने र दर्जनौं सानो ठूलो चोटपटक एवं अंगभंग हुने ट्रेकिङ्ग क्षेत्रका मजदूरहरू यस वर्ष धेरैको संख्यामा हताहत हुन पुगेका छन्। गत असोज-मंसीर बीचमा विभिन्न स्थानमा भएको हिम दुर्घटनामा परी ६० भन्दा बढी मजदूरको ज्यान जानुका साथै दर्जनभन्दा बढी मजदूरहरू अंगभंग हुन पुगेका छन्। तर यस क्षेत्रका मजदूरहरूले पनि विमा रकम प्राप्त गरेको हुनाले यसलाई क्षतिपूर्ति प्राप्तीका हिसाबले संतोषजनक मान्नु पर्ने नै हुन्छ। तर यस क्षेत्रका मजदूरका लागि २५ हजार विमा गरे पुग्ने वर्तमान व्यवस्थाका कारण यो क्षतिपूर्तिले मजदूर वा निजको आश्रित परिवारको जीविकोपार्जन हुन नसक्ने देखिन्छ।

मजदुरको क्षेत्रमा यस महासंघले गरेको क्रियाकलापको तथ्यांकगत छोटकरी विवरण निम्नानुसार छ :

विवरण	०४९ साल	०५० साल	०५१ साल	०५२ साल
श्रम विवाद	१९	१२३	३३५	४४३
प्रशिक्षण कार्यक्रम	१४	२९	६४	१३४
सभा सम्मेलन	१४	१४५	५१	५४
गठन पुनर्गठन	६२	४८	२३	२४१
राष्ट्रिय कार्यक्रममा भाग लिएको	-	१	१८	३०
ताला बन्दी	६	-	४	१२
मृत्यु	२	६	१	१५
पिटिएको		१	२	६
निष्काशन	४	२५६	६७	१७१

अनुसूची ६

सन् १९९५ र मानवअधिकार उल्लंघनका तथ्यहरु

उल्लेख गर्न आवश्यक केही कुराहरू

- यो वर्ष पुस्तकमा सन् १९९५ भरिका अर्थात् ०५१ पुस १७ गतेदेखि ०५२ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्। यो वर्ष मात्र सार्वजनिक जानकारीमा आएका अघिल्ला वर्षहरूका केही घटना पनि उल्लेख गरिएका छन्।

- घटनाहरूको संकलन पश्चात यथासक्य विश्वसनीय घटनाहरू मात्रै वर्ष पुस्तकमा उल्लेख गरिएका छन्। केही घटनाहरूलाई विश्वसनीयताको अभावमा प्रकाशित गर्न सकिएन।

- मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रचारमा ल्याउने, त्यस्ता घटनाहरूबाट नागरिकहरूलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने र मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने मनशाय वर्ष पुस्तकको हो। त्यस क्रममा उल्लेखित घटनाहरूबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भएमा हामी दुःखकासाथ क्षमा चाहन्छौं।

- वर्ष पुस्तक प्रकाशनका सिलसिलामा घटनाहरूको संकलन गर्न ७५ वटै जिल्लामा सूचना प्रेषकको व्यवस्था गरिएको थियो। तर जिल्लाहरूको प्रत्येक गाउँ र ठाउँमा पुगेर घटनाहरू संकलन गर्नु सम्भव भएन। त्यसकारण सार्वजनिक जानकारीमा नआएका केही घटनाहरू हाम्रा लागि अज्ञात नै रहन पुगेका पनि हुन सक्छन्। तापनि शोधका आधारमा पनि सकेसम्म हामीले भए जति घटनाहरूलाई संकलन गर्ने र उल्लेख गर्ने प्रयत्न भने गरेका छौं।

- विभिन्न पत्रपत्रिकाहरू पनि वर्ष पुस्तकको सूचना श्रोतका आधारहरू मानिएका छन्। पत्रपत्रिकामा प्रकाशित सूचनाको आधारमा सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरेपछि मात्र घटनाहरूलाई समावेश गर्ने काम भएको छ।

- बलात्कारका घटनाहरूमा बलात्कृत महिलाहरूको नाम दिइएको छैन। पीडित महिलाहरूको सामाजिक एवं व्यक्तिगत जीवनमा कुनै समस्या नपरोस् भन्ने धारणाले गर्दा नाम उल्लेख नगरिएको हो।

- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको पनि हुनसक्छ। त्यस्तो गल्ती भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

- तथ्यांकका अन्य आधारहरू

  क. केन्द्रीय तथ्यांक विभागको वर्ष पुस्तक-१९९३ र १९९४।

  ख. स्थानीय सामाजिक संघ, संस्था, व्यक्तिहरू।

  ग. स्थानीय न्यायिक, अर्ध न्यायिक, प्रशासनिक र सुरक्षा सम्बन्धी निकायहरू।

  ध. मानवअधिकार वर्ष पुस्तक १९९२, १९९३ र १९९४।

पूर्वाञ्चल

१.१ झापा
१.२ इलाम
१.३ पाँचथर
१.४ ताप्लेजुङ्ग
१.५ मोरङ्ग
१.६ सुनसरी
१.७ धनकुटा
१.८ तेह्रथुम
१.९ भोजपुर
१.१० संखुवासभा
१.११ सप्तरी
१.१२ सिरहा
१.१३ उदयपुर
१.१४ खोटाङ्ग
१.१५ ओखलढुंगा
१.१६ सोलुखुम्बु



१. पूर्वाञ्चल

मेची

१.१ झापा

जनसंख्या : ५९३७३७

साक्षरता : ५६.१ प्रतिशत

महिला साक्षरता : ४४.४ प्रतिशत

क्षेत्रफल : १६०६ वर्ग कि.मी.

पूर्वमा भारतको पश्चिम बंगाल, दक्षिणमा भारतकै विहार राज्यसंग जोडिएको यो जिल्ला राजनीतिक रूपबाट बढी चर्चामा आउने गरेको छ। भारतसंगका खुला सीमाना र भूटानी शरणार्थीहरूको बसोबासका कारण चोरी, डकैती, बलात्कार र अन्य सामाजिक विकृतिहरू यस जिल्लामा फैलिएको देखिन्छ। यो जिल्ला राजनीतिक रूपले सचेत देखिए पनि मानवअधिकारप्रति सचेत रहेको पाइएको छैन। यस वर्ष यहाँ एकजना नागरिकलाई विनाकारण प्रहरीले यातना दिएपछि तत्काल पीडक प्रहरीमाथि कारवाही चलाइएको घटना निकै चर्चित रह्यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

पथरिया गाविस-७ का घंगारू राजवंशीलाई **०५१ पुस २०** गते स्थानीय भरत राजवंशी र महेश्वरमान राजवंशीले केटी जिस्काएको भनी कुटपिट गरी हत्या गरे। पीडक दुवैलाई थुनामा राखिएको छ।

जलथल गाविस-९ का ५८ वर्षीय वीरबहादुर लिम्बुलाई **०५१ पुस ३०** गते आफ्नै पत्नी मनमाया लिम्बुले ढिकीको मुशलले हिर्काएर हत्या गरिन्।

महाभारा गाविस-७ का १८ वर्षीय फागुलाल राजवंशीलाई **०५१ माघ १०** गते चोरी गर्न आएका चोरले छुरा प्रहार गरी हत्या गरे। यस घटनाका शंकास्पद व्यक्ति कोरोवारी गाविस-७ का निमधन ताजपुरिया हालसम्म फरार रहेका छन्।

बुधबारे गाविस-१ का अनन्तराम फुँयालले **०५१ माघ १९** गते आफ्नै पत्नी २५ वर्षीय पर्शुमायालाई विरामी भइरहेको भनेर घाँटी बटारी हत्या गरे।

अनारमनि गाविस-८ का मनोज खड्काले **०५१ फागुन ९** गते राती आफ्नै ५ वर्षीय छोरा मनिष खड्कालाई कुटेर अमानवीय यातना दिएर हत्या गरेका छन्। निजले छोरा मनिषलाई चुरोटले आँखामा पोलेर शरीरभरि पत्तिले चिरेर र कुटेर हत्या गरेका छन्।

धुलाबारी गाविस-९ का घलेन्द्र (थानेश्वर) कट्टेलले **०५१ चैत ४** गते बाहुनडाँगीका ज्वाई शिक्षक उमेश रेग्मीलाई सासुसंग अनुचित सम्बन्ध राखेको शंकामा छुरा प्रहार गरी हत्या गरे।

शनिश्चरे गाविस-६ सालवाडीका २१ वर्षीय राजेन्द्र लिम्बुलाई **०५१ चैत ७** गते रातको समयमा धाइजन गाविस-६ का पेस्कर कडेरिया लगायत ३ जनाले कुटपिट गरी हत्या गरे।

पथरिया गाविस-२ का कुष्टरोगी बाबुलाल सतारलाई **०५१ चैत ११** गते प्रहरीले नेपाल भारत सीमानामा गोली हानी हत्या गरे। उक्त गोली पथरिया गाविस-२ का कलुवा राजवंशीको हत्यारा पत्ता लगाउन खटिएका प्रहरीले चलाएका थिए। यस सम्बन्धमा हालसम्म कसैलाई कार्वाही भएको छैन।

पथरिया गाविस-२ का कलुवा ६० वर्षीय राजवंशीलाई **०५१ चैत ११** गते भारतका केही अपरिचित युवाहरूले छुरा प्रहार गरी हत्या गरे।

भारत पश्चिम बंगाल नक्सालका प्रमोद मेचेलाई **०५१ चैत १६** गते **काकडभिट्टा गाविस-२** का सुनिल मेचेले कुटपिट गरी हत्या गरे।

चकचकी प्रहरी चौकीका प्रहरी हवल्दार रामकृपाल

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	१	२	१
हिरासतमा यातना	-	१	२	३
बलात्कृत	-	१	५	६
बाबुद्वारा				१
पतिद्वारा				१
प्रहरीद्वारा				१
आत्महत्या	-	१	१६	४४

भारतीय नागरिकद्वारा हत्या गरिएका प्रहरी हवल्दार श्रीरामकृपाल दास

दासलाई **०५१ चैत २७** गते **चकचकी गाविस–८ मियाँवस्ती**मा भारत विहार ईशलामपुर निवासी जोहिर मियाँले गोली हानी हत्या गरे। हाल पीडक र निजकी पत्नीलाई झापा कारागारमा राखिएको छ।

दमक नपामा पर्ने **रतुवानदीको किनार**मा **०५२ जेठ २१** गते एकजना ४० वर्षीय अज्ञात व्यक्तिको बेवारिस लाश भेटियो। हत्या गरेर लाश फालिएको भए पनि पीडक र पीडित बारे कुनै जानकारी प्राप्त हुन सकेन।

गौरीगंज गाविस–७ मा पर्ने तेलकानीको धानवारीमा **०५२ मदौ २९** गते टाउको नभएको एउटा अज्ञात व्यक्तिको लाश फेला पऱ्यो। त्यस सम्बन्धमा प्रहरी अनुसन्धान जारी छ।

भिखारी २० वर्षीय ओठे साइला मगरलाई **०५२ असोज १७** गते **दमक दगरपालिका–१५** का भीमबहादुर धिमालले कुटपिट गरी हत्या गरे।

धरमपुर गाविस–८ का २ वर्षीय छोरा ज्योति कार्कीलाई **०५२ कार्तिक** ८ गते आफ्नै बुबा केशव कार्कीले पेटमा काँटी ठोकेर र गुप्त अंग चुँडालेर हत्या गरे। पीडक गाँजाका अम्मली थिए।

नेपालबाट रिक्सा चढी भारत गइरहेका आलु व्यापारी ४० वर्षीय जगदिशप्रसाद साह र ४५ वर्षीय राजनारायणप्रसाद साहलाई **०५२ कार्तिक २६** गते अज्ञात लुटेराहरूले छुरा प्रहार गरी हत्या गरेर निजहरूसंग रहेको धनमाल समेत लुटे।

खुदुनावारीमा रहेका भूटानी शरणार्थी ३१ वर्षीय खड्गबहादुर गुरूङ्गलाई **०५२ मंसीर ४** गते स्थानीय शरणार्थी माधव तिम्सिनाले कुटपिट गरी घाइते बनाए। पीडितको उपचार हुँदाहुँदै मृत्यु भयो।

डाँगीबारी गाविस–२ मा भिक्षा मागी हिंड्ने ७० वर्षीय सदुवानी राजवंशीको **०५२ मंसीर २२** गते मृत्यु भएपछि लाश गाडियो। पछि गाडिएको लाश निकाली पोष्टमार्टम गर्दा हत्या गरिएको आशंका भयो। घटनाका सम्बन्धमा **होमनारायण** राजवंशी सहितका व्यक्तिलाई गिरफ्तार गरी हाल **धरौटीमा** छोडिएको छ।

महेशपुर गाविस–१ बस्ने ३२ वर्षीय भीमबहादुर राईलाई **०५२ पुस** ८ गते राती सोही ठाउँ बस्ने हर्कबहादुर राईले छुरी हानी हत्या गरे। पीडक हालसम्म फरार भएका छन्।

१.२ जेल र बन्दीहरू

बाबुद्वारा मारिएका मनिष खड्का

करीब दुई बिगाह २ कट्ठा १८ धुर क्षेत्रफलमा फैलिएको यस जेलको क्षमता १ सय ७५ जनाको रहेको छ। जेलको आन्तरिक स्थितिमा केही सुधार आएता पनि कारागारलाई मर्मत सुधार गर्नु पर्नेमा हालसम्म केही भएको पाईंदैन। जेलको भौतिक स्थिति ज्यादै जीर्ण छ। बन्दीहरूले पाउनु पर्ने केही सुविधा यस वर्ष पनि नपाएको गुनासो छ। बन्दीहरू शीपमूलक तालीमको व्यवस्था केही नभएकोले त्यस्तो व्यवस्था हुनु पर्ने बताउँछन्। यो वर्षको अन्त्यतिर यस जेलमा पुर्पक्षको निमित्त थुनामा परेका १२१ जना मध्ये ९ जना महिला र कैद तोकिएका ६५ जना मध्ये ६ जना महिला समेत जम्मा बन्दी १८६ जना रहेको पाइयो।

१.३ गिरफ्तारी र यातना

दमक नपा–१३ का दीपक ढकाललाई **०५१ पुस १५** गते वनभोज कार्यक्रमबाट घर फर्किंदा मादक पदार्थ सेवन गरेको भनी दमकका प्रहरी निरीक्षकको निर्देशनमा गिरफ्तार गरी अमानवीय यातना दिइयो। त्यस किसिमको यातना दिने प्रहरीलाई तत्काल निलम्बन गरी कारवाही समेत चलाइयो।

सुरुङ्गा गाविस–४ का टेकबहादुर खड्कालाई गिरफ्तार गरी **०५२ जेठ १४** गते स्थानीय प्रहरी चौकीमा वेहोस हुन्जेल कुटिएको थियो। चौकीमा असई रूकुम नेपाल नभएको बेला हवल्दार गणेश प्रसाद दाहाल र प्रहरी जपान तिलकराम चौधरीले आफूलाई ८० पटक सम्म पिटेको कुरा खड्काले बताए। उनलाई घरायसी झगडाको निहुँमा पक्राउ गरिएको थियो।

पाँचथर भारापा गाविस घर भई झापा **अनारमनी गाविस–३** मा बस्ने १४ वर्षीय मजदुर लयप्रसाद रिजाललाई **०५२ असार १** गते मेची बन्दको कार्यक्रममा ढुङ्गा हानेको आरोपमा जिल्ला प्रहरी कार्यालय भद्रपुरले १४ दिनसम्म हिरासतमा राखेको थियो।

महारानी झोडा गाविस–५ का फणिन्द्र पोमुलाई **०५२ असोज १५** गते सार्वजनिक अपराध गरेको आरोपमा प्रहरी चौकी गौरादहका प्रहरी हवल्दार भविन्द्र बुढाथोकी र प्रहरी जवान राम मगरले चौकी अगाडिको रूखमा बाँधेर यातना दिए।

दमक नपा–१० का गंगाबहादुर भट्टराईलाई **०५२ पुस १६** गते बुहारीको नागरिकतामा सनाखत नगरेको आरोपमा गिरफ्तार गरी प्रमुख जिल्ला अधिकारी हिरामणी भण्डारीले कार्यालयमै कुटपिट गरे।

१.४ वेपत्ता पारिएको

यस वर्ष वेपत्ता पारिएको घटना प्रकाशमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

नेपाली कांग्रेस **झापा-२** ले आयोजना गरेको जुलुसले **०५२ जेठ ८** गते सुकुम्बासी समस्या समाधान आयोगको कार्यालयमा दुङ्गामुढा गर्दा कर्मचारीहरू समेत घाइते भए।

दमक नपाका केदार पराजुलीलाई **०५२ असार २३** गते स्थानीय ओलाङचुङ्ग देवानले कुटपिट गर्नुका साथै ज्यान मार्ने धम्की समेत दिए।

हल्दीबारी गाविस-७ का लक्ष्मीबहादुर श्रेष्ठलाई **०५२ असार २२** गते स्थानीय शेरबहादुर श्रेष्ठ र प्रेम लिम्बुले पेटमा छुरी प्रहार गरी घाइते बनाए।

संसद पुनर्स्थापनाको विरोधमा अनेरास्ववियू, जीफन्ट, प्ररायूसंघद्वारा आयोजित **०५२ भदौ १८** गतेको बन्द कार्यक्रममा सहभागी कार्यकर्ताहरूलाई ने.का. समर्थक व्यक्तिहरूले कुटपिट गरे।

गोलधाप मा.वि. कक्षा १० मा अध्ययनरत छात्र अनिल निरौलालाई **०५२ भदौ १८** गते स्थानीय केही व्यक्तिले कुटपिट गरे। ०५२ भदौ १८ गते भएको पूर्वाञ्चल बन्द कार्यक्रम निजले स्कूल बन्द गर्ने भनेपछि स्थानीय व्यक्तिहरूले स्कूल बन्द गर्न पाईंदैन भनी कुटपिट गरेका थिए।

गरामनी गाविस-२ का पुर्णहाङ लिम्बुको परिवारलाई **०५२ असोज ११** गते साँझको बेलामा केही अज्ञात व्यक्तिहरूले कुटपिट गरे।

पृथ्वीनगर गाविस-९ का धनपति चिमरीयालाई **०५२ असोज १५** गते स्थानीय खड्गबहादुर लिम्बुले बालीमा गाई वस्तु छोडेको आरोपमा कुटपिट गरे।

खुदुनाबारी गाविस-६ का मणीकुमार लिम्बुलाई **०५२ असोज १७** गते स्थानीय कालु भन्ने सम्बाहाम्फे काइलाले छुरा प्रहार गरी घाइते बनाए।

खुदुनाबारी गाविस-२ का वडा सदस्य रामबहादुर

झापा जेलका बन्दीहरू आफ्नै प्रयत्नले सीपमूलक कामहरू पनि गर्दछन्।

प्रहरी यातनाका शिकार दिपक ढकाल
यातना दिने प्रहरीलाई तत्काल कार्वाही गरिएको थियो।

निरौलालाई **०५२ कार्तिक २३** गते अर्जुनधारा-३ का वसन्तलाल दनुवार लगायत २ जनाले स्वानेपानी योजनाको उपभोक्ता समिति एकलौटी बनाएको भन्ने आरोपमा कुटपिट गरे।

कुमरखोद झापाका प्रहरी नायब निरीक्षक दानबहादुर थापालाई **०५२ मंसीर १०** गते सतासीधाम गाविस-७ का बलबहादुर माझी लगायत ९ जनाले कुटपिट गरे। पीडकहरूले चोरीको काठ भारत तर्फ निकासी गरी रहेको बेलामा गिरफ्तार गर्न खोज्दा प्रहरीलाई काठले किचेर कुटपिट गरी गम्भीर घाइते बनाएका हुन्।

काकडभिट्टा गाविस-८ का गणेश चौहानलाई **०५२ मंसीर २६** गते स्थानीय राजकुमार जोशीले केटाकेटीको सामान्य विवादमा खुकुरी प्रहार गरी घाइते बनाए।

मेची बहुमुखी क्याम्पस भद्रपुरका क्याम्पस प्रमुख चित्रबहादुर श्रेष्ठलाई **०५२ मंसीर २८** गते सोही क्याम्पसका छात्र धनपति नेपालले क्याम्पसमा भइरहेको अभद्र व्यवहार मिलाउन नसकेको आरोपमा कुटपिट गरे।

बाहुनडाँगी गाविस बहुवन उपभोक्ता समितिका अध्यक्ष यामनाथ दाहाल र सचिव युवराज कट्टेललाई **०५२ पुस ४** गते बाहुनडाँगी गाविस-४ का कमल पोखरेलले कुटपिट गरे।

१.६ थुनामा मृत्यु

४७ वर्षीय बन्दी जयप्रसाद खरेलको **०५२ जेठ ११** गते मेची अञ्चल अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो। कैदी ३२ वर्षीय सुनिल राजवंशीको **०५२ साउन २९** गते कारागारभित्रै मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

कन्काई क्याम्पस विर्तामोडका ने.वि.संघ समर्थक विद्यार्थीहरूले **०५१ फागुन ११** गते आफूले निर्विरोध रूपमा

स्ववियूको चुनाव जितेको भनी नगर परिक्रमा गरे। सोही विद्यालयका अन्य पक्षधर विद्यार्थीहरूले तालाबन्दी गरिरहेको बेला निजहरूले क्याम्पस प्रमुखलाई जबरजस्ती सही गर्न लगाएर आफूले जितेको घोषणा गरेका थिए। हाल सो स्ववियू विघटन भई सर्वपक्षीय स्ववियू गठन भएको छ।

भारत पश्चिम बंगाल दार्जिलिङ्गका ३ सय यात्रुहरूलाई **०५२ जेठ ५** गते इलाम पशुपतिनगरबाट काठमाडौं तर्फ गइरहेको अवस्थामा झापा जिल्ला प्रशासनले रोकेको थियो र उनीहरूलाई पूर्वनाका काकडभिट्टा नै पुऱ्याइएको थियो। सो समयमा भीड उत्तेजित हुँदा प्रहरीले लाठी चार्ज र हवाईफायर गरेर भीड तितरवितर पारी ०५२ जेठ ६ गते उनीहरूलाई स्वदेश फर्काइएको थियो।

झापा गौरीगंज मा.वि.का प्र.अ. उदयलाल यादवले विद्यालयको रकम हिनामिना गरेको आरोपमा **०५२ जेठ ८** गते सोही विद्यालयका विद्यार्थी र स्थानीय जनताले निजको राजीनामा माग गरी आन्दोलन गरे। त्यसो गर्ने ८ विद्यार्थी र ६ स्थानीय जनतालाई प्र.अ. माथि कुटपिट गरेको भन्ने आरोपमा जिल्ला प्रशासन कार्यालयले सार्वजनिक मुद्दा चलाएको छ।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा साधारण देवानी ६ सय ५४, फौजदारी ३ सय ३७, सरकारवादी २ सय ३७ गरी जम्मा १ हजार २ सय २८ वटा मुद्दा परे। जसमध्ये १ सय ९० वटा फछ्र्यौट भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस जिल्लाको विभिन्न विद्यालयहरूमा पूर्वसरकारद्वारा नियुक्ति गरिएको अस्थायी शिक्षकहरूलाई **०५२ मंसीर २८** गते निश्काशन गरियो। यही कुरालाई लिएर नेपाल राष्ट्रिय शिक्षक संगठन झापाले विरोध जनाएको थियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या यथावत नै छ।

दमक नपा-७ तारावारी भन्ने ठाउँमा अर्केको नम्बरी जग्गामा बस्दै आएका भूमिहीनहरूले **०५२ कार्तिक १०** गते जग्गा धनी छबिलाल विश्वकर्मा र तिलकबहादुर विश्वकर्मालाई धान काट्न जाँदा भूमिहीनहरूले कुटपिट गरी लखेटी दिए। सुरक्षाका लागि खटिएका प्रहरीहरूलाई समेत आक्रमण गरियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

भारत दार्जिलिङ्ग घर भएकी २५ वर्षीय रेखा गुरूङ्गलाई **०५१ पुस २३** गते इलाका प्रहरी कार्यालय विर्तामोडका प्रहरी नायब उपरीक्षक कृष्णबहादुर वस्नेतले पाथिभरा लजबाट **कृषिथोक बजार**मा लगी बलात्कार गरे। उनीमाथि तत्काल कारवाही गरियो।

भद्रपुर नपा-५ की २५ वर्षीय सुत्केरी सीता आचार्यलाई **०५२ जेठ ४** गते आफ्नै पति दिनानाथ आचार्यले यौन सम्पर्क गर्न खोज्दा निजले नमानेपछि कुटपिट गरी बलात्कार गरे।

शान्तिनगर गाविस-१ की १६ वर्षीय युवतीलाई **०५२ जेठ ११** गते चन्द्रगढी गाविस-७ का तेजबहादुर श्रेष्ठ लगायत ३ जनाले सामूहिक बलात्कार गरे।

महारानीझोडा गाविस-९ की १६ वर्षीय दुई युवतीलाई **०५२ भदौ २८** गते जुरोपानी गाविस-८ का रमेश विश्वकर्माले भारत सिलीगुढीमा लगी बिक्री गरे।

भद्रपुर नपा-२ की ३५ वर्षीय महिलालाई **०५२ असोज १२** गते भारत यू.पी.मा घर भई हाल सोही ठाउँमा बस्ने हरिलाल सिंहले बलात्कार गरे।

धुलाबारी गाविस-३ का मानबहादुर गुरूङ्गले **०५२ असोज १३** गते आफ्नै १६ वर्षीय छोरीलाई जंगलमा लगी हातखुट्टा बाँधेर बलात्कार गरे।

गौरादह गाविस-७ की २७ वर्षीय तुलसा विश्वकर्माको **०५२ कार्तिक ५** गते एड्स रोगका कारण मृत्यु भयो।

सुरूङ्गा गाविस-६ की १५ वर्षीय बालिकालाई **०५२ कार्तिक १९** गते स्थानीय नरबहादुर भुजेलले बलात्कार गरे।

पृथ्वीनगर गाविस-७ भद्रपुर गार्मेण्टकी २२ वर्षीय युवतीलाई **०५२ मंसीर ५** गते भद्रपुर नपा-११ का युवराज न्यौपानेले हातपात गरे।

अनारमनी गाविस-३ की ५ वर्षीय बालिकालाई **०५२ पुस १६** गते स्थानीय १९ वर्षीय राजु खनालले फकाई फुल्याई बलात्कार गर्ने प्रयास गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

बुधबारे गाविस-६ का ऋषिराम कट्टेलले **०५२ जेठ १४** गते तोपगाछी गाविस-७ की अम्बिका पौडेलसंग दोस्रो विवाह गरे।

शिवगंज गाविसका तेजप्रसाद भट्टराईले **०५२ जेठ १७** गते भारत सिक्कीम बस्ने सुशिला भट्टराईसंग बहुविवाह गरे।

गौरीगंज गाविस-५ का शान्तिराम गौतमले **०५२ असार ६** गते खजुरगाछी गाविस-६ की विष्णुमाया खनालसंग दोस्रो विवाह गरे।

बैगुनधुरा गाविस-९ का बाबुराम निरौलाले **०५२ असार ६** गते शिवगंज गाविसकी कौशिला निरौलासंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

महारानीझोडा गाविस-४ की २१ वर्षीय युवतीले स्थानीय राजेन्द्र सुब्बासंगको यौन सम्पर्कबाट गर्भवती हुन पुगेपछि **०५१ चैत १८** गते गर्भपतन गराइन्।

इलाम लक्ष्मीपुर गाविस-७ की कमलादेवी सार्कीले स्थानीय खेम आचार्यसंगको सम्बन्धबाट रहन गएको अवैध गर्भ **०५२ जेठ २०** गते **काकडभिट्टा कन्काई नर्सिङहोम**मा औषधि प्रयोग गरी पतन गराइन्।

हाकपाङ्ग गाविसकी युवतीले स्थानीय नेत्रप्रसाद प्रसाईको अवैध गर्भ **०५२ असार १२** गते औषधि प्रयोग गरी पतन गराइन्।

महाभारा गाविस-५ की १८ वर्षीय युवतीले **०५२ असोज ११** गते भारत विहार तुलसिया गई गर्भपतन गराउँदा बढी रक्तश्रावका कारण निजको मृत्यु भयो। सो गर्भ कुमरखोद गाविस-६ का शम्भु कार्कीको रहेको थियो। हाल पीडक फरार छन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

पृथ्वीनगर गाविस-७ को खेतमा एउटा बच्चाको लाश भेटियो। उक्त बच्चा कसको हो र किन फालियो भन्ने कुरा थाहा हुन सकेको छैन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

ज्यामिरगडी वंशल चिया कमानका मालिक र मजदुरबीचको असमान्य स्थितिबाट ०५२ असार ३ गतेदेखि ०५२ साउन ४ गतेसम्म सो चिया कमान बन्द गरिएपछि नेपाल चिया मजदुर यूनियनका नेता इश्वरी आचार्यलाई निश्काशन गरियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

मेची बहुमुखी क्याम्पसमा अध्ययनरत बुधबारे गाविसकी सुश्री विमला खातीले उत्पीडित जाति भएकै कारण हालसम्म कोठा पाएकी छैनन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस वर्ष कुनै पनि घटनालाई लिएर प्रेस वक्तव्य, टिप्पणी प्रकाशित भएको जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा पानीमा डुबेर १२ जना, ट्राफिक दुर्घटनाबाट १८ जना, विपत्तिमा परेर ३ जना, आगलागीमा परेर २ जना र करेण्ट लागेर १ जनाको मृत्यु भयो।

४४ जनाले आत्महत्या गरे। **कोरोबारी चौकी**का प्रहरी जवान विनोदमणी अधिकारीले **०५२ असोज २१** गते जिल्ला प्रहरी कार्यालयको हातामित्र भुण्डिएर आत्महत्या गरे।

■



१. पूर्वाञ्चल

मेची

१.२ इलाम

जनसंख्या : २२९२१४
साक्षरता : ५२.३ प्रतिशत
महिला साक्षरता : ३८.८ प्रतिशत
क्षेत्रफल : १७०३ वर्ग कि.मी.

इलाम नेपालको सुदूर पूर्वको पहाडी जिल्ला हो। यसको पूर्वमा भारतको दार्जिलिङ्ग र उत्तरमा सिक्कीमसंग सीमाना जोडिएको छ। माइपोखरी, टोड्के, झरना, श्रीअन्तु, याङमालुङ डाँडाको गुफा, चियाबारी र बाँस घारीहरू यहाँका आकर्षक ठाउँहरू हुन्। यहाँ करिब ९० प्रतिशत मानिस कृषि पेशामा संलग्न छन्। गरीबी, अशिक्षा यहाँ पनि व्याप्त छ। मानवअधिकार उल्लंघनका घटनाहरूमा यो जिल्ला पनि चर्चामा आउने गरेको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

कन्याम गाविस-८ का भक्तबहादुर खड्कालाई **०५१ माघ ५** गते स्थानीय पासाङ शेर्पाले छुरा प्रहार गरी हत्या गरे।

भोजपुर प्याउली-८ घर भई आमचोक गाविस-५ मा डेरा गरी बस्ने भक्तबहादुर भुजेललाई **०५१ चैत १३** गते स्थानीय मनबहादुर राईले निजसंग भएको रकम लिने उद्देश्यले खुकुरी प्रहार गरी हत्या गरे।

दानाबारी-९ का मनबहादुर, मनकुमार राई, पहलमान राई समेतले झापा **हल्दीबारी गाविस-७** का ५४ वर्षीय वासुदेव थापालाई **०५२ वैशाख ८** गते ब्लेडले चिरी, नुन खोर्सानी लगाई, आगोले पोलेर विभत्स ढंगले हत्या गरे।

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	१	-	-	-
हिरासतमा यातना	-	२	-	२
बलात्कृत	-	१	२	१
[बाबुद्वारा बलात्कार प्रयास				१]
आत्महत्या	-	१७	२०	१५

उनको लाशलाई डोरीले बाँधेर चाकाचुलीमा फालिएको थियो। अभियुक्तहरूलाई गिरफ्तार गरी कारवाही चलाइयो।

माङ्जाबुङ गाविस-५ का धनबहादुर लावतीलाई **०५२ साउन १०** गते साङरूम्बा गाविस-७ का शन्तबहादुर राई लगायत ४ जनाले कुटपिट गरी हत्या गरे।

नाम्सालीङ्ग गाविसका यज्ञबहादुर दर्जीलाई **०५२ असोज १०** गते ढुंगा प्रहार गरी हत्या गरे। उनी मे.अ.ख. ३८९ नं. को ट्रकको खलासी थिए। ट्रकभित्रै उनीमाथि ढुंगा प्रहार गरिएको थियो।

१.२ जेल र बन्दीहरू

जम्मा ५५ जना बन्दी राख्न सक्ने क्षमता भएको यस जेलमा हाल ९६ जना बन्दीहरू राखिएको छ। जसमा १५ जना कैदी, ७७ जना थुनुवा र ६ जना नाबालक रहेका छन्। यस वर्ष यो जेलमा परेका बन्दी पासाङ घिसिङ लगायत ७ जनाले आफूमाथि लगाइएको झुठो मुद्दा फिर्ता नलिएमा आमरण अनशनमा बस्ने निर्णय गरी मुद्दा खारेजीका लागि अदालतमा निवेदन पठाएका थिए। हत्याको अभियोगमा गिरफ्तार भएका पासाङ शेर्पा लगायत दश जनालाई अदालत पुऱ्याई फर्कंदा केही अज्ञात व्यक्तिहरूले ढुंगामुढा गरी घाइते बनाए। सो घटनामा सुरक्षाका लागि खटिएका प्रहरीहरू पनि घाइते भए। "यो जेलको हालत पंचायती शैलीकै भएकोले यसलाई सुधार्न गैरसरकारी संस्थाहरूले पनि सक्दो प्रयास गर्नु पर्‍यो" जेलरको भनाई यस्तो रहेको छ।

१.३ गिरफ्तारी र यातना

इलाम नपा चोक बजारमा बस्ने १२ वर्षीय रंजीत राई लगायत ४ जना बालकलाई **०५१ चैत २८** गते चोरीको आरोपमा प्रहरीले गिरफ्तार गरी उभिण्डो पारेर पैतालामा लठ्ठी प्रहार गरी यातना दियो।

मे.अ.ख. ३८९ नं. को ट्रक खलासी यज्ञबहादुर दर्जीको मृत्युलाई लिएर **इलाम नपा-४** का जितबहादुर अधिकारी लगायत ३ जनालाई **०५२ असोज १२** गते गिरफ्तार गरी साविती गराउन अमानवीय यातना दिइयो। निजहरू जबरजस्ती अपराध गरेको भन्ने प्रमाणित गराइएको गुनासो गर्छन्।

प्रहरी यातनाका शिकार १२ वर्षीय रञ्जीत राई र १४ वर्षीय रमेश गुरूङ

१.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना जानकारीमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

सिदियुम्का गाविस-४ का अर्जुन कार्कीलाई **०५१ चैत** २० गते टेकबहादुर बमजन लगायतका ३ जनाले कुटपिट गरी मुखमा जुत्ता कोच्ने जस्तो अमानवीय कार्य गरे।

वरबोटे गाविस-७ की मनमाया आचार्यलाई **०५१ चैत** २० गते बेलुका ७ बजे बोक्सीको आरोपमा स्थानीय टेकप्रसाद घिमिरे लगायतका ५ जनाले कुटपिट गरे। उनकी ५ वर्षीय छोरीलाई समेत बोक्सीकी छोरी भन्दै लछारपछार गरेर काँडाको झ्याङमा फालिदिए।

सुलुबुङ गाविस-६ का जीवन सिवाले **०५२ वैशाख ८** गते आफ्नै पत्नी फूलमाया सिवालाई दाम्लोले बाँधेर लगातार १० घण्टासम्म पिटे। हाल पीडक कान्छी पत्नीलाई लिई फरार रहेका छन्।

एकतणा गाविस-१ का १४ वर्षीय डम्बर खातीलाई **०५२ वैशाख ११** गते स्थानीय ३५ वर्षीय गोमादेवी थापाले कुटपिट गरिन्।

सुलुबुङ गाविस-५ की मनमाया घिमिरेलाई **०५२ वैशाख २४** गते स्थानीय नेत्रबहादुर साउदेनले विनाकारण लाठी प्रहार गरी घाइते बनाए।

चिसापानी गाविस-५ का रूपकुमार राईलाई **०५२ वैशाख ३०** गते बाँझो-१ का कमल मण्डारी लगायत १० जनाले मरणाशन्न हुने गरी कुटपिट गरे।

साङरूम्बा गाविसका गणेश घिमिरेलाई **०५२ असार १९** गते गाविस सचिव कुलबहादुर लामाले आफ्नो विरूद्धमा जनतालाई उकासेको आरोपमा खुकुरी प्रहार गरी कुटपिट गरे।

महेन्द्ररत्न बहुमुखी क्याम्पसका सहक्याम्पस प्रमुख शक्तिप्रसाद ढकाललाई **०५२ असार २८** गते विद्यार्थी महेशकुमार श्रेष्ठले परीक्षामा नक्कल गर्न नदिएको भनी कुटपिट गरी हातमा भएको घडी समेत लुटे।

जीतपुर गाविसका जीवनाथ फूँयाललाई **०५२ कार्तिक ३** गते केही अज्ञात व्यक्तिहरूले मरणासन्न हुने गरी कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस जिल्लामा ०५२ असार ३ गते नियुक्त गरिएका ४० जना अस्थायी शिक्षकहरूलाई **०५२ पुस ३** गते निष्काशन गरियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस वर्ष यो जिल्लामा रहेका २ सय ३० जना सुकुम्बासीहरू मध्ये १ सय १६ जनालाई जग्गा वितरण गरियो।

अज्ञात व्यक्तिद्वारा भएको कुटपिटका घाइते जीवनाथ फूयाँल

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

वरबोटे गाविस-७ की ३८ वर्षीय कुविजादेवी घिमिरेलाई **०५१ चैत ९** गते स्थानीय केही व्यक्तिहरूले बोक्सीको आरोपमा कुटपिट गरे।

वरबोटे गाविस-१ की लक्ष्मी घिमिरेलाई **०५२ वैशाख २४** गते स्थानीय अम्बिका घिमिरेले काठमाडौंमा मजदूरी गरी बस्ने ज्ञानबहादुर श्रेष्ठलाई ४ हजार ५ सयमा बिक्री गरे। लक्ष्मी घिमिरेको विवाह नाम्सालीङ्ग गाविस-७ का केदार नेपालसंग भएको थियो। विहेको ६० दिनमै लक्ष्मीले बच्चा जन्माएकोले उक्त बच्चा कसको हो भनी खोजी गर्न थालियो। उक्त बच्चा अम्बिका घिमिरेको हो भन्ने पत्ता लागेपछि पीडित महिलालाई अम्बिकाको जिम्मा लगाइएको थियो।

समाल्बुङ्ग गाविस-४ की २० वर्षीय युवतीलाई **०५२ साउन २५** गते भारतको मिरिकका २५ वर्षीय अशोक सुब्बाले बलात्कार गरे।

बाम्हो गाविस-९ हतिलेदाका फुलकुमार राईले **०५२ मंसीर २** गते आफ्नै ७ वर्षीय झ्ड्केली छोरीलाई बलात्कार गर्ने प्रयास गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

४.३ गर्भपतन

यस सम्बन्धी घटना जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

कन्याम गाविस-२ मा करिब ६ महिनाको बच्चाको लाश **०५१ चैत १५** गते वेवारिसे अवस्थामा भेटिएको थियो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

मानिस यसरी पनि झुण्डिएर मर्न सक्छ ?
आत्महत्याद्वारा मरे भनिएका ज्ञानबहादुर गुरूङ्ग

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै घटनाका सम्बन्धमा प्रेस वक्तव्य टिप्पणी आदि प्रकाशित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ट्राफिक दूर्घटनाबाट ७ जनाको, पानीमा डुबेर ७ जनाको र भीरबाट लडेर ७ जनाको मृत्यु भयो। ६ जना महिला र ९ जना पुरूष गरी १५ जनाले आत्महत्या गरे। जसमध्ये धैरै जसोले मानसिक स्थिति बिग्रन गई आत्महत्या गरेका छन् भने १ जना महिलाले पति मन नपरेर र २ जनाले आर्थिक कमजोरीका कारण आत्महत्या गरेका छन्।

■

१. पूर्वाञ्चल

मेची

१.३ पाँचथर

जनसंख्या : १७५२०६
साक्षरता : ४३.६ प्रतिशत
महिला साक्षरता : २६.६ प्रतिशत
क्षेत्रफल : १२४१ वर्ग कि.मी.

लिम्बु जातिको बाहुल्यता रहेको यस जिल्लामा अन्य जातजातिका मानिसहरू पनि बसोबास गर्छन्। विभिन्न मानवअधिकारवादी संघ संस्थाहरूले जनतामा मानवअधिकारको चेतना वृद्धि गर्ने काममा विभिन्न कार्यक्रम संचालन गर्ने गरेका छन्। यस वर्ष यो जिल्लामा गत वर्षहरूको तुलनामा हत्या र कुटपिटका घटनाहरूमा बृद्धि भएको पाइएको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

अमरपुर गाविस-६ सिंहपुरका ४३ वर्षीय भक्तबहादुर रायको लाश **०५१ फागुन २४** गते घर नजिकै फेला पऱ्यो। मृतकका भाइ खड्कबहादुर रायले प्रहरीमा दिएको जाहेरी अनुसार तिनकी पत्नी विष्णुमायासंग झगडा भइरहने गरेको र अघिल्लो दिन झापा घर गई सोही ठाउँमा काठको काम गरी बस्ने काठ मिस्त्री जंगबहादुर राईसंग सामान्य कुटपिट भएको थियो। उनको मृत्युको रहस्य खुल्न सकेको छैन। आरोपित पीडक विष्णुमायालाई प्रहरीले पक्राउ गरी हाल तारेखमा छोडेको छ।

नागिन गाविस-४ का ५८ वर्षीय प्रभाकर न्यौपानेलाई **०५१ फागुन १५** गते तिनकै भतिजा पर्ने रामप्रसाद न्यौपानेले वन्चरोले टाउकोमा हिर्काइ हत्या गरे। प्रहरीले पीडकलाई पक्राउ गऱ्यो र पुर्पक्षको लागि थुनामा राख्यो।

चोकमागु गाविस-२ की ६७ वर्षीय बिम्वमति कन्दङवालाई **०५२ वैशाख २०** गते स्थानीय मनकुमारी तुम्बाहाम्फेले कुटपिट गरी सख्त घाइते पारिन्। कुटपिटका कारण उनको मृत्यु भयो। पीडक फरार छिन्।

मारपा गाविस-८ की ३९ वर्षीय चन्दमाया एकतिनहाङको लाश **०५२ वैशाख ३०** गते स्थानीय हेंवा खोलाको बगरमा फेला पऱ्यो। ०५२ जेठ २ गते अस्पतालमा पोष्टमार्टम गर्दा हत्याको लक्षण देखिएको बताइन्छ। यस घटनाका सम्बन्धमा प्रहरीले पीडितको पति बदीराज एकतिनहाङलाई पक्राउ गरी तारेखमा छोडेको छ।

याङनाम गाविस-९ की २१ वर्षीय रामकुमारी रिमालको लाश **०५२ साउन ४** गते **याङनाम गाविस-८ हेंवा खोला**मा फेला पऱ्यो। उनी दुई दिन अघि घाँस काट्न गएकोमा फर्केकी थिइनन्। पोष्टमार्टम रिर्पोटमा फोक्सो र पेटमा पानी नभएको, बाँया निधारमा आधा इन्च गहिरो चोट र शरीरका अन्य भागहरूमा निलडामहरू रहेको जनाइएको छ। पीडितका माइले तिनका पति पदमप्रसाद रिमाल र देवर विष्णुप्रसाद रिमालका विरूद्ध ज्यान मारेको अभियोगमा जाहेरी दिएपछि आरोपित पीडकहरूलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राख्यो।

च्याङथापु गाविस-४ का २६ वर्षीय श्यामबहादुर कामीलाई **०५२ मंसीर १९** गते ताप्लेजुङ जिल्ला आङखोप गाविस-८ का वालकृष्ण कामीले **फलैचा गाविस-४ दोमाने** भन्ने ठाउँमा छुरी प्रहार गरे। पीडितको कोशी अंचल अस्पतालमा उपचार गर्दागर्दै ०५२ पुस ४ गते मृत्यु भयो। हत्याको अभियोगमा प्रहरीले वालकृष्ण कामीलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

स्यावरूम्बा गाविस-१ की ६२ वर्षीय हर्कमाया बोहरालाई **०५२ मंसीर २०** गते आफ्नै सौताको छोरा नारायणप्रसाद बोहराले धारिलो हतियार प्रहार गरी हत्या गरे। उनीहरूबीच सम्पत्ति सम्बन्धी विवाद थियो। पीडक आफै

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	२	२	३	-
सेनाद्वारा कुटपिट				२
बलात्कृत	१	१	-	१
आत्महत्या	-	-	१४	१२

भतिजाले वञ्चरोद्वारा टाउकामा प्रहार गरी मारिएका प्रभाकर न्यौपाने

हेंवा खोलाको बगरमा फेला पारिएको चन्द्रमाया एकतिनहाङको लाश

प्रहरी कार्यालयमा हाजिर भएका थिए। उनलाई थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा २५ जना बन्दी क्षमता भएको "ग" श्रेणीको जेल छ। तर यहाँ क्षमताभन्दा बढी बन्दी राख्ने गरिन्छ। यो वर्षको अन्त्यतिर पुर्पक्षको निम्ति थुनिएका १२ जना मध्ये १ जना महिला र कैद तोकिएका २१ जना मध्ये १ जना महिला समेत जम्मा ३३ जनालाई राखिएको पाइयो। जेलको भौतिक अवस्था जीर्ण छ। एकजना पागल बन्दी पनि यो जेलमा छ।

पाँचथर जेल : जो भूकम्पले चर्किएको छ

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी उल्लेख्य घटना भएको पाइएन।

१.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मारपा गाविस-१ जोर पोखरीको जंगलमा मारपा गाविस-२ का कृष्णप्रसाद गुरूङलाई **०५१ माघ १५** गते सैनिक जवानहरूले कुटपिट गरी घाइते बनाए।

पंचमी गाविस-७ का लक्ष्मी प्रसाद गिरीलाई **०५१ माघ २९** गते स्थानीय जीवनाथ गिरी, कपिल गिरी, अमृत गिरी र कुमार गिरी समेतले कुटपिट गरी घाइते बनाए। पीडकहरूलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ।

रानीटार गाविस-३ मा **०५१ फागुन १६** गते लागेको शिवरात्री मेलामा स्थानीय नयाँहाङ नेम्वाङ्गलाई केही व्यक्तिहरूले आक्रमण गरी सख्त घाइते बनाए। उक्त घटनामा धनप्रसाद नेम्वाङ र विष्णुकुमारी नेम्वाङलाई पनि चोटपटक लागेको थियो।

याङनाम गाविस-७ का मे.अ.ख. २७२ नं. ट्रक चालक २६ वर्षीय रामबहादुर थापालाई **०५२ वैशाख २५** गते ट्रकमा चढ्न नदिएको निहुँमा थर्पुका चन्द्रप्रसाद सार्की, कालीबहादुर सार्की र वमप्रसाद योङहाङ समेतका व्यक्तिहरूले कुटपिट गरे।

आङना गाविस-७ का गाविस सदस्य मंगलसिंह सम्वाहाम्फेलाई **०५२ जेठ २०** गते स्थानीय दिलबहादुर सम्बाहाम्फे र लैनबहादुर सम्बाहाम्फेले खुकुरी र लाठीले टाउकोमा हिकाई घाइते बनाए। खानेपानी योजना राख्ने ठाउँको विषयको विवादमा उक्त घटना भएको थियो।

ओलने गाविस-२ का ओमनारायण अधिकारीले **०५२ असार ७** गते मौवा गाविस-१ की नर्वदा थापालाई कुटपिट गरे। उनलाई प्रहरीले पक्राउ गरी हिरासतमा राखिएकोमा त्यहाँबाट भागेर ओलने गाविसका अध्यक्ष महेन्द्र खत्री, मौवा गाविसका अध्यक्ष मित्रलाल थापा र इन्द्राणी मा.वि.का

शिक्षकहरू श्यामबहादुर थापा, उमेश त्रिताल र छविलाल थापा लगायतका व्यक्तिलाई कुटपिट गर्दै ज्यान मार्ने धम्की दिई हिंडेका थिए। तिनले विभिन्न किसिमले ठगी गर्दै हिंडेका कुरा पनि पीडितहरू बताउँछन्।

थर्पु गाविस-२ मेदिबुङमा ०५२ साउन ३ गते लागेको राँके मेलामा नागी गाविस-७ का दीपेन्द्र योङहाङलाई थर्पु गाविस-५ का हर्कबहादुर योङहाङ र अशोक खेवाङ्गले खुकुरी र छुरी प्रहार गरी सख्त घाइते बनाए। पीडकहरूमध्ये हर्कबहादुरलाई प्रहरीले पक्राउ गऱ्यो भने अशोक खेवाङ्ग फरार छन्।

नागिन गाविसमा "आगाआव" कार्यक्रम अन्तर्गत संचालन गरिने योजना छनौटका विषयमा विवाद हुँदा **०५२ साउन १७** गते नेकपा एमालेका तर्फबाट सर्वदलीय समितिमा सम्मिलित थुमनाथ चापागाईंलाई लालबहादुर नेउपाने लगायतका व्यक्तिले ज्यान मार्ने धम्की दिए।

मारपा गाविस-२ का गुरुप्रसाद पोखे्रललाई **०५२ साउन २४** गते स्थानीय छत्रप्रसाद पाठकले कुटपिट गरी ज्यान मार्ने धम्की दिए। पीडकलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ।

फिदिम गाविस-१ घर भई सोही गाविस-२ **सुब्दार गाउँमा** पसल गरी बस्ने २२ वर्षीय सुभद्र भट्टराईलाई **०५२ कार्तिक ३** गते सोही ठाउँ बस्ने टंक अधिकारीले दाउराले प्रहार गरी घाइते बनाए। पीडक फरार छन्।

फिदिम गाविस-१ की श्रीमाया तामाङलाई **०५२ कार्तिक** ८ गते पदमबहादुर परियारले कुटपिट गरे। पीडकलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ।

मारपा गाविस-९ का पूर्णबहादुर माझी सहितको देउसी समूहलाई फिदिम गाविस-५ का जंगबहादुर तामाङ सहितको अर्को देउसी समूहका व्यक्तिहरूले **०५२ कार्तिक** ८ गते कुटपिट गरे।

फिदिम गाविस-१ को फिदिम बजारमा युवा मेला लागिरहेको अवस्थामा **०५२ पुस १४** गते स्थानीय गणेश राई र पौवा सार्तपका टंक नेम्वाङलाई सैनिक जवानहरूले कुटपिट गर्दै लछारपछार गरे। नाचगान गर्दा खुट्टा कुल्चिएको विषयमा विवाद भएका कारण ती सैनिक जवानहरूले त्यसो गरेको बताइन्छ।

१.६ धुनामा मृत्यु

यस सम्बन्धी कुनै पनि घटना जानकारीमा आएको पाइएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

पाँचथर जिल्ला विकास समितिको तेस्रो जिल्ला परिषद्को **०५१ फागुन २९** गते बसेको बैठकको समाचार संकलन गर्न गएका कान्तिपुर दैनिकका प्रतिनिधि प्रेम ओझा र

कुटपिटद्वारा सख्त घाइते न्यौहाङ नेम्वाङ

रासस प्रतिनिधि विन्देश्वर खनाललाई बैठक कक्षबाट बाहिर निकालियो। एक जना पत्रकारको डायरीमा सूर्य चिन्हका स्टीकर टाँसेको कारण उनीहरूलाई बैठक कक्षबाट बाहिर निकालिएको बताइन्छ।

०५२ मदी १८ गते अनेरास्ववियूले आयोजना गरेको पूर्वाञ्चल बन्द कार्यक्रममा बजार बन्द गर्न लगाउने जुलुस र राप्रपा, नेपाली कांग्रेस समर्थकहरूको अर्को जुलुसबीच स्थानीय **वि.पी. चौकमा** झडप भई केही घाइते भए। भीष्मकुमार खत्री ढुंगा लागि घाइते भए् भने सुरक्षाका लागि तैनाथ प्रहरी नायब निरीक्षक अमृत गुरूङलाई पनि जुलुसबाट फ्याँकिएको ढुंगाले चोट लाग्यो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा दुनियाँवादी साधारण फौजदारी मुद्दाहरू ५ सय १२ वटा परेकोमा १ सय ४३ फैसला भए। सरकारवादी फौज्दारी मुद्दा ५० वटा परेकोमा ९ वटा फैसला भए भने दुनियाँवादी देवानी मुद्दा ३ सय ३२ वटा परेकोमा ६५ वटा फैसला भए। यसरी समग्रमा ८ सय ९४ वटा मुद्दा दर्ता भएका मध्ये २ सय १७ वटा फैसला भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

नेपाल शिक्षक संघ पक्षीय शिक्षकहरूलाई अपायक सरूवा गरेको र नियुक्तिमा पक्षपात गरेको भनी **०५२ जेठ २३ र २४** गते सोको विरोधमा शिक्षक संघले **शिक्षा कार्यालयमा** धर्ना दियो।

नेपाल निजामती कर्मचारी संघ जिल्ला कार्य समितिले यस जिल्लामा कार्यरत संगठन पक्षीय २९ जना कर्मचारीहरूलाई "अत्यन्त बाधक" भन्ने संकेत गरी उनीहरूलाई अन्यत्रै सरूवा गर्नु पर्ने भनी केन्द्रीय समितिमा पठाएको चिठी सार्वजनिक भएपछि **०५२ कार्तिक १३** गते कर्मचारीहरूबीच विवाद भएको थियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो समस्या यस जिल्लामा उल्लेख्य रूपमा देखिँदैन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

नागिन गाविस-९ की रामकुमारी न्यौपानेलाई परपुरूषसंग लसपस गरेको भनी तिनका पति राजेन्द्र न्यौपानेले **०५२ वैशाख १९** गते देखि ४ दिनसम्म कोठामा थुनेर राखे। यस अघि पनि आफूलाई पतिले पटक-पटक कुटपिट गर्ने गरेको कुरा पीडित महिला बताउँछिन्।

पंचमी गाविस-१ की ५४ वर्षीय खरूकीमाया लिङदेनलाई **०५२ वैशाख ३** गते तिनका पति महाप्रसाद लिङदेलले कुटपिट गरी बायाँ हात भाँचिदिए। यसअघि पनि पटक-पटक कुटपिट गरी यातना दिने गरेको कुरा पीडित महिला बताउँछिन्।

रानीटार गाविस-२ की ३३ वर्षीय लाटी महिलालाई **०५२ असोज १८** गते स्थानीय मानबहादुर तामाङले बलात्कार गरे। पीडक फरार छन्।

अमरपुर गाविस-६ की २३ वर्षीय राजकुमारी थापाले **०५२ मंसीर २९** गते एक बच्चालाई जन्म दिइन्। तिनलाई रूपन्देही घर भई दूरसंचार कार्यालय फिदिममा कार्यरत कर्मचारी तेजमान थापाले विहे गर्ने आश्वासन दिई गर्भवती बनाएका थिए। नवजात शिशुको सोही दिन मृत्यु भयो। पीडक फरार छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

फिदिम गाविस-१ की विमला खड्काले **०५२ वैशाख १९** गते आफैले जन्म दिएको नवजात शिशुलाई झोलामा कोचेर मारिन्। जिल्ला वन कार्यालयका रेन्जर पिताम्बर दाससंग उनको अवैध यौन सम्पर्क भएको बताइन्छ। पीडकलाई प्रहरीले पक्राउ गरेको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

दासत्व सम्बन्धी उल्लेख्य समस्या यस जिल्लामा देखिँदैन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

छुवाछूतको चलन कायमै रहेको भए पनि यस सम्बन्धी उल्लेख्य घटना भएको पाइएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै पक्षबाट प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा डुबेर, बाढी पहिरोमा परेर १३ जनाको मृत्यु भयो। आगलागिमा एक जनाको मृत्यु भयो भने जंगली जनावरबाट १ जना घाइते भए। पटक-पटकका मोटर दूर्घटनामा परी ७ जनाको मृत्यु हुनुका साथै २९ जना घाइते भए। ७ जना पुरूष र ५ जना महिला समेत १२ जनाले आत्महत्या गरे। तिनमा २ जनाले विष सेवन गरेर, १० जनाले झुण्डिएर आत्महत्या गरेका थिए। आत्महत्या गर्नेहरू १७ देखि ७१ वर्षसम्म उमेरका छन्।

■



१. पूर्वाञ्चल

मेची

१.४ ताप्लेजुङ्ग

जनसंख्या : १२००५३
साक्षरता : ४६.० प्रतिशत
महिला साक्षरता : ३०.५ प्रतिशत
क्षेत्रफल : ३६४६ वर्ग कि.मी.

ताप्लेजुङ्ग, सुदूर पूर्वको एक पहाडी जिल्ला हो। यो जिल्लाको सीमाना नेपालका दुई छिमेकी देशहरू चीन र भारतसंग जोडिएको छ। शैक्षिक र आर्थिक दुबै रूपमा यो जिल्ला पछाडि छ। स्वास्थ्य र यातायातको सुविधाबाट अधिकांश जिल्लावासी वञ्चित रहेका छन्। यहाँ व्यक्तिगत रीसइबीका कारण कुटपिटका घटना बढी हुने गरेको देखिन्छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

फुङ्लिङ्ग गाविस-२ का २८ वर्षीय मानबहादुर पालुवालाई **०५२ साउन २६** गते फुलवारी गाविस-४ जुकेटारका सन्तबहादुर गुरूङ्गले खुकुरी प्रहार गरी हत्या गरे। पीडितका बाबु पूर्णबहादुर पालुवाले रामबहादुर पालुवा मार्फत पीडक सन्तबहादुर गुरूङ्गलाई १० हजार रूपैयाँ दिने शर्तमा आफ्ना छोरालाई अपाङ्ग हुने गरी काट्न अह्राएको अनुसन्धानबाट खुल्न आएको छ। पूर्णबहादुर र रामबहादुरलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने सन्तबहादुर फरार छन्।

कुम्सेँधु गाविस-२ का २६ वर्षीय युवराज वनेमलाई **०५२ साउन २६** गते छिमेकका घरबाट फर्की आफ्नो घर जाँदै गर्दा इन्द्रप्रसाद गौतमको घरको झ्यालबाट गोली प्रहार गरी घाइते बनाइयो। उनका दुबै खुट्टामा छर्रा लागेका थिए। प्रत्यक्षदर्शी श्रीप्रसाद वनेमले बताए अनुसार उक्त घरबाट डम्बर चङवाङ, त्रिवेणी चङवाङ, भिम पौडेल, चुडामणी भट्टराई, झलनाथ तेम्बे र केशर वनेम निस्किएर पीडितलाई कुटपिट गर्दै थिए। तर गोली चलाउने को हो भन्ने कुरा थाहा हुन सकेन। आरोपित पीडकहरू फरार छन्। पीडित युवराजको उपचार स्थानीय अस्पतालमा हुन नसके पछि काठमाडौं त्रि.वि. शिक्षण अस्पतालमा पुर्‍याइएको थियो।

मेहेले गाविस-९ का ५९ वर्षीय हर्कबहादुर साम्यू (लिम्बु) लाई **०५२ असोज ५** गते स्थानीय हर्कबहादुर लिङदेनले कुटपिट गरी हत्या गरे। पीडकलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

आँखोप गाविस-९ की ३४ वर्षीय फूलमाया राईलाई **०५२ कार्तिक ५** गते आफ्नै दाजु सुवासचन्द्र राईले दाउराले हिर्काएर हत्या गरे। अविवाहित फूलमाया राईलाई पनि बाबु-आमाले जग्गा दिएको रीसइबीमा तिनको हत्या गरेको बताइन्छ। पीडकलाई स्थानीय व्यक्तिहरूको सहयोगमा पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा २५ जना बन्दी राख्न सकिने "घ" श्रेणीको एउटा जेल छ। यस वर्षको अन्त्यतिर यस जेलमा ११ पुरूष र १ महिला समेत १२ जना बन्दीहरू रहेका थिए। तीमध्ये ८ जना कैद तोकिएका बन्दीहरू र ४ जना थुनुवाहरू रहेको पाइयो। बन्दीहरूलाई हप्तामा दुई दिन मात्र आफन्तहरूसंग भेटघाट गर्न दिइन्छ।

जेलमा महिला बन्दीका लागि अलग कोठाको व्यवस्था छैन। बन्दीहरूलाई काम सिकाउने उद्देश्यले जेल भित्रै टोपी तथा कपडा बुन्ने तान पनि राखिएको छ। जेलभित्रको अन्य भौतिक सुविधा सामान्य नै छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	१	-	-
बलात्कृत	-	१	-	१
आत्महत्या	-	१	२	४

ढुङ्गा प्रहारद्वारा घाइते छविलाल गुरूङ्

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको

फुङलिङ गाविस-१ बस्ने ३२ वर्षीय जानुका गुरागाई ०५२ साउन ११ गते देखि वेपत्ता भएकी छिन्। निजलाई वेपत्ता गराएको आरोपमा आफ्नै पति पद्मप्रसाद गुरागाई र जेठानी कमला गुरागाईलाई प्रहरीले तारेखमा राखी कार्यवाही शुरू गरेको छ।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

सावादीन गाविस-४ की ४० वर्षीय भिमादेवी विष्टलाई **०५२ साउन ६** गते स्थानीय टुकीमाया पौडेल, केसीमाया विष्ट मिली मकैको घोगोले हिर्काउँदै कुटपिट गरे। पीडित भिमादेवीलाई उपचारार्थ जिल्ला अस्पताल पुऱ्याइएको थियो। पीडकहरू उपर कुनै कार्वाहि भएन।

हाङदेवा गाविस-९ का छविलाल गुरूङ र उत्तम गुरूङलाई **०५२ साउन ७** गते स्थानीय दुर्गासिं विश्वकर्मा र हर्कबहादुर विश्वकर्मा समेतले ढुङ्गा प्रहार गरी घाइते बनाए। उनीहरूबीच गोरूले वाली खाइदिएको कुरामा विवाद भएपछि उक्त घटना भएको थियो। पीडित छविलाललाई उपचारार्थ जिल्ला अस्पतालमा पुऱ्याइयो भने पीडकहरूमाथि जिल्ला अदालतमा ज्यान मार्ने उद्योग गरेको मुद्दा चलाइएको छ।

खेजेनिम गाविस-२ की पदममाया वस्विमलाई **०५२ साउन ३१** गते स्थानीय लोकनाथ खत्रीले खुकुरी प्रहार गरी घाइते बनाए। पीडित महिलाका पति भद्र वस्विमले लोकनाथलाई गाउँकी कमिनी लगेको झूठ्ठो प्रचार गरेको झोंकमा भद्र वस्विम गाउँको राजा हो ? भन्दै उनीमाथि खुकुरी प्रहार गरिएको बताइन्छ। पीडितलाई उपचारार्थ स्थानीय जिल्ला अस्पतालमा पुऱ्याइयो। पीडक फरार भएका कारण उनीमाथि कार्वाही हुन सकेको छैन।

नाल्वु गाविस-६ का ३३ वर्षीय होमप्रकाश तुम्बाहाम्फेलाई **०५२ भदौ १** गते स्थानीय नरेन्द्रकुमार तुम्बाहाम्फेले खुकुरी प्रहार गरी कुटपिट समेत गरे।

लिम्वुदिन गाविस-४ का ४५ वर्षीय मानबहादुर लिम्बुलाई **०५२ असोज २३** गते स्थानीय खड्गबहादुर लिम्बुले खुकुरी प्रहार गरी घाइते बनाए। यस अघि असोज १८ गते पनि उनीहरूबीच झगडा भएको थियो। उक्त घटनापछि पीडितको स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि घोपा क्याम्प धरानमा पुऱ्याइयो भने पीडितकी पत्नीले जिल्ला प्रहरी कार्यालयमा घटना बारे उजुरी दिइन्। पीडक फरार छन्।

१.६ थुनामा मृत्यु

लेलेप गाविस-३ का ५६ वर्षीय पेम्वा छेतेन शेर्पाको **०५२ असार ३** गते पेटमा क्यान्सर भएका कारण बन्दी अवस्थामै मृत्यु भयो। उनलाई उपचारका लागि वीर अस्पताल काठमाडौंमा पनि पुऱ्याइएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

एकादशीको दिन मासु विक्री गरेको, भैंसीको मासु बिक्री गरेको आरोपमा यस वर्ष ३ वटा घटनाहरू भए। ती घटनाहरूमा प्रहरीले कानूनी कारवाही चलाएको थियो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

शैक्षिक र आर्थिक स्थिति कमजोर भएकाले संविधान र कानूनमा व्यवस्था भएको अधिकार यहाँका जनताले पूर्णरूपले उपभोग गर्न पाएका छैनन्। यसवर्ष यहाँको जिल्ला अदालतमा दर्ता भएका मुद्दाहरूमा कर्तव्य ज्यान ५, ज्यान मार्ने उद्योग ८, जवर्जस्ती करणी २, बहुविवाह १, डाँका १, भवितव्य ज्यान २ समेत गरी जम्मा १९ वटा रहेका छन्। यस अवधिमा नयाँ र पुरानो गरी २० वटा मुद्दा फैसला भए। जिल्ला प्रहरी कार्यालयमा विभिन्न शीर्षकका ४८ वटा मुद्दा दर्ता भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

उल्लेख्य घटना प्रकाशमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

येचम्पु गाविस-२ की २१ वर्षीय एक युवतीलाई **०५२ साउन १६** गते स्थानीय अम्मरबहादुर लिम्बुले बलात्कार गरे। पीडित युवतीका बाबुले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि पीडकलाई प्रहरीले पक्राउ गरी १७ दिन हिरासतमा राख्यो। पीडकलाई जिल्ला अदालतले धरौटीमा छोडेको भए पनि धरौटी बुझाउन नसकी ९ दिन थुनामा बसी उनी तारेखमा छुटेका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

बहुविवाह सम्बन्धी २ वटा मुद्दाहरू जिल्ला प्रहरी कार्यालय मार्फत जिल्ला अदालतमा दर्ता भएको पाइयो।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

कालिखोला गाविस-९ का हरिचन्द्र वानियाले **०५१ चैत २** गते आफ्नै बुहारी लिलादेवी वानियासँगको अनुचित सम्बन्धले जन्मिएको नवजात शिशुको हत्या गरे। जिल्ला अदालतले हरिचन्द्रलाई बालकको हत्या गरेको अभियोगमा पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ भने लिलादेवीलाई तारेखमा छोडेको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी समस्या यहाँ भएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

उल्लेख्य घटना देखा परेन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै पक्षबाट कुनै घटनाका सम्बन्धमा प्रतिक्रिया व्यक्त गरिएको सार्वजनिक जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

खोलामा बगेर २ जना, ट्रक दुर्घटनामा १ जना र मोटरले किचेर १ जनाको मृत्यु भयो।

३ जना महिला र १ जना पुरूष समेत ४ जनाले आत्महत्या गरे। एकजना महिलाले गरीबीका कारण आत्महत्या गरेकी थिइन्।

■



१. पूर्वाञ्चल

कोशी

१.५ मोरङ्ग

जनसंख्या : ६७४८२३

साक्षरता : ४८.६ प्रतिशत

महिला साक्षरता : ३५.० प्रतिशत

क्षेत्रफल : १८५५ वर्ग कि.मी.

पूर्वी नेपालको व्यापारिक तथा औद्योगिक केन्द्रको रूपमा चिनिने विराटनगर मोरङ्ग जिल्लामै पर्दछ। भारतसँग सीमाना जोडिएको यस जिल्लामा डकैतीका थुप्रै घटना हुने गर्दछन्। यस जिल्लाका ग्रामीण क्षेत्रमा अझै पनि अन्धविश्वास व्याप्त छ। मानवअधिकारको चेतना यहाँका जिल्लावासीहरूमा कमै पाइन्छ। यहाँ जनस्तरबाटै मानवअधिकारको उल्लंघनका घटनाहरू बढी हुने गरेको देखिएको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मधुमल्ला गाविस-१ का ६८ वर्षीय विन्देश्वर चौधरीलाई **०५१ पुस २३** गते लेटाङबाट घरतर्फ फर्किंदै गर्दा केही व्यक्तिहरूले छुरी खुकुरी समेत प्रहार गरी हत्या गरे। हत्याको अभियोगमा पथरी गाविसका चिरञ्जीवी दाहाल, रूद्र ओली, तण्डु शेर्पा र अजय सुब्बालाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूबाट पीडितबाट लुटेर लगेको नगद र सामानहरू तथा हत्या गर्दा प्रयोग गरिएको हतियार समेत बरामद गरिएको छ। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कटहरी गाविस-२ मा पर्ने खेतमा **०५१ पुस २८** गते सप्तरी, सिसुवा बेलही गाविस-४ का ६५ वर्षीय कुलचन्द्र मण्डलको लाश फेला पर्‍यो। पीडित मण्डल इटाभट्टा कारखानामा काम गर्ने मजदुर हुन्। उनको हत्या गरिएको आशंका गरिएको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	३	-	-	-
हिरासतमा यातना	-	२	५	४
बलात्कृत	३	१	५	७
आत्महत्या	-	५०	७९	९३

शनिश्चरे गाविस-८ की ७२ वर्षीय दौपती विश्वकर्मालाई **०५१ फागुन १३** गते आफ्नै पति ७३ वर्षीय डिल्लीमान विश्वकर्माले खुकुरी प्रहार गरी हत्या गरे। प्रहरीले पीडकलाई हत्यामा प्रयोग गरिएको खुकुरी सहित पक्राउ गरेको छ।

पथरी गाविस-१ का ३२ वर्षीय वमबहादुर राईलाई **०५१ चैत २** गते पथरी गाविसकै शरणार्थी क्याम्पमा बस्ने बुद्धिमान राईले छुरी प्रहार गरी हत्या गरे। उनीहरूबीच ज्यालादारी विषयमा विवाद भएको थियो। पीडकलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

विराटनगर नपा-२२ मा घर भई मिल्स मा.वि.मा अध्ययनरत १७ वर्षीय पदमबहादुर श्रेष्ठलाई **०५२ वैशाख १३** गते आफ्नै साथी विकास घिमिरेले कुटपिट गरी हत्या गरे। उनीहरूबीच क्यासेटको विवादमा झगडा भएको थियो। पीडक विकासलाई प्रहरीले पक्राउ गरी अदालतमा बुझाएपछि अदालतले ५५ हजार रूपैयाँ धरौटीमा तारेखमा छोडेको छ।

मझारे गाविस-८ की २२ वर्षीय सावित्रीदेवी मण्डललाई **०५२ वैशाख १५** गते राती आफ्नै पति दिनेशप्रसाद मण्डलले कुटपिट गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

वयरवन गाविस-१ की २५ वर्षीय सीता चौधरीलाई **०५२ वैशाख २२** गते हत्या गरेर लाशलाई हाँसपोसा गाविस-२ तरहरास्थित चारकोसे जंगलमा गाडियो। यस घटनाको रहस्य ०५२ कार्तिक महिनामा खुलेको थियो। गाडेको ठाउँमा प्रहरीले खान तलासी गर्दा लाश पूर्णतया गलेको अवस्थामा कंकाल मात्र फेला परेको थियो। यस घटनाका सम्बन्धमा प्रहरीले त्रिलोचन चौधरी र उनका सहयोगी बुधनारायण चौधरी र गणपति चौधरीलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

टंकीसिनुवारी गाविस-३ का ४७ वर्षीय यादवशरण घिमिरेलाई **०५२ जेठ ८** गते केही नकाबधारी व्यक्तिहरूले छुरा

प्रहार गरी हत्या गरे। पीडकहरूले यादवसंग दराजको साँचो मागेका थिए र पीडितलाई पिस्तोल देखाउँदै पैसा निकाल्न भनेका थिए। उक्त समयमा पीडित यादवका छोरा ध्रुव घिमिरेलाई डोरीले बाँधेर मुखमा पट्टी बाँधी बारीमा लडाइदिएका थिए। मनिएता पनि मृतकका छोरा २० वर्षीय ध्रुवले बैजनाथ गाविस षडानन्द मोची, फुटीलाल, ऋषिदेव र डिलचन्द्र देवको मिलेमतोमा हत्या गरेको अभियोगमा प्रहरीले निजहरूलाई पक्राउ गऱ्यो।

सिजुवा गाविस-८ की ३२ वर्षीय लीलामाया लिम्बुलाई घरमा सुतिरहेको अवस्थामा आफ्नै पति पञ्चवीर लिम्बुले खुकुरी प्रहार गरी हत्या गरे। त्यसपछि पञ्चवीर लिम्बु आफूले पनि आत्महत्या गरे। उनको लाश सोही गाविसको वक्राहा खोलामा **०५२ जेठ २४** गते फेला परेको थियो। उनको लाशसँगै खुकुरी पनि भेटिएको थियो।

वयरवन गाविस-९ का १५ वर्षीय आनन्द मगरको **०५२ असार ९** गते रहस्यमय मृत्यु भयो। घरबाट विहान ५ बजेतिर दिशा गर्न जंगलमा पसेका आनन्दको दिउँसो १२ बजे लाश भेटियो। मृतकका पिता कर्णबहादुरले दोमना प्रहरी कार्यालयमा जाहेरी दिएका थिए।

बेलबारी गाविसका ३९ वर्षीय ललित गुरूङलाई **०५२ असार १७** गते बजारबाट फर्किएर घरमा जाँदै गर्दा केही व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। पोष्टमार्टमको रिपोर्ट अनुसार धारिलो हतियार उनको कान र टाउकामा रोपिएको थियो। हत्याको आरोपमा वकील रत्ननिधि रेग्मी, चुलाचुली रात्री वसका ड्राइभर करक धिताल, पुण्य धिमाल र लेटाङ्गका रतन चाम्लीङ्गलाई प्रहरीद्वारा पक्राउ गरी छोडियो।

मृगौलिया गाविस-९ की ४० वर्षीय रजनीदेवी महलालाई **०५२ मदी १६** गते स्थानीय सुरेश काफ्ले, अर्जुन काफ्ले, केशव काफ्ले, भूपाल काफ्ले र गीता काफ्ले समेतले कुटपिट गरी हत्या गरे। खगेन्द्र उप्रेतीको वारीबाट पीडितका १८ वर्षीय छोरा शंकर मलाहाले भोगटे चोरेको निहुँमा उक्त घटना भएको थियो।

नेपाल राष्ट्र बैंक पूर्वाञ्चल क्षेत्रीय कार्यालयमा सुवेदार पदमा कार्यरत फूँजेल गाविस - गोरखाका ४५ वर्षीय भिमबहादुर श्रेष्ठलाई **०५२ मदी २०** गते सोही कार्यालयमा कार्यरत सुरक्षा गार्ड रामचन्द्र कार्कीले गोली हानी हत्या गरे। पीडक रामचन्द्र आफूले आफैलाई पनि गोली हानी आत्महत्या गर्ने प्रयास गर्दा घाइते भएका थिए। यस घटनाका सम्बन्धमा सैनिक अदालतबाटै कार्वाही हुने कुरा बताइएको छ।

कटहरी गाविस-४ का ३८ वर्षीय छद्दुलाल कामतलाई **०५२ कार्तिक १** गते गोली हानी हत्या गरियो। गोली हान्ने कार्यमा संलग्न भएको आरोप लागेका ५ जना मध्ये दुहवी गाविसका आशनारायण चौधरी र विराटनगर नपा-२२ मिल्स एरियाका जवार खत्वेलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको छ। अन्य ३ जना भारतीय नागरिकहरू फरार छन्।

बाहुनी गाविस-३ का ५२ वर्षीय डिकबहादुर राईलाई

सुरक्षा गार्ड रामचन्द्र कार्कीले गोली हानी हत्या गरिएका ने.रा.बैंक क्षे.का. विराटनगरका सुबेदार भीमबहादुर श्रेष्ठ

०५२ कार्तिक ३ गते केही व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे। यस हत्याको आरोप कसेनी गाविस-३ का भक्तबहादुर राई, मटना खवास, हगुवा खवास, सिया खवास, बाल खवास र भितुम खवास समेतका व्यक्तिहरूलाई लगाइएको छ। तीमध्ये केहीलाई पक्राउ गरिएको भए पनि केही फरार छन्।

माथिगछ गाविसका १९ वर्षीय जयकुमार साहलाई **०५२ मंसीर १२** गते घरमै भारतीय डाँकाहरूले गोली हानी हत्या गरे। राती १२ बजेतिर हात हतियारले सु-सज्जित करीब १० जना डाँकाहरू साहको घरमा एक्कासी प्रवेश गरी परिवारका सबै सदस्यहरूलाई टाउको निहुऱ्याउन लगाई पीडित साहलाई छातीको तल्लो भागमा गोली हानी फरार भएका थिए।

डाँगीहाट गाविसका २६ वर्षीय मनका राईलाई **०५२ पुस १०** गते दाउरा काट्न जंगल गएको अवस्थामा अज्ञात व्यक्तिले छुरी प्रहार गरी हत्या गऱ्यो।

९.२ जेल र बन्दीहरू

यस जिल्लामा २ वटा जेल छन्। तीमध्ये महिला बन्दीगृह एक तले सौंगुरो भवनमा रहेको छ। जहाँ राम्रोसंग हावा र प्रकाश छिर्न सक्दैन। एउटा मात्र धारो भएका कारण सरसफाइका लागि पानीको पनि समस्या देखिन्छ। यसको क्षमता ६० जना राख्न सकिने छ।

यहाँ रहेको पुरूष बन्दी गृहको क्षमता २ सय ५० जना राख्न सकिने भए पनि यहाँ वर्षको अन्त्यतिर ५ सय ७२ जना बन्दीहरू राखिएको पाइयो। दुवैपट्टि गरी पुर्पक्षमा थुनिएका ३६४ पुरूष र २१ महिला, कैद तोकिएका १७४ पुरूष र ११ महिला र २ जना नावालक समेत रहेका छन्। जीर्ण अवस्थाको यस जेलमा एउटै कोठामा ४० देखि ४५ जनासम्म बस्नु पर्दा निकै कठिनाइ परिरहेको छ। जेलमा आवश्यक पर्ने औषधि साफा औषधि पसलबाट लिने गरिन्छ। तर विगतमा ल्याएका औषधिको भुक्तानी नभएकाले उक्त पसलबाट औषधि नपाइएपछि औषधोपचारबाट विरामी बन्दीहरू वञ्चित हुनु परेको छ। यस जेलमा टी.बि.का रोगी ९ जना, मानसिक स्थिति ठीक नभएका २ जना, १ जना छारे रोगी, एक जना डाइवेटिज र १ जना उच्च रक्तचापका विरामी पनि छन्।

खुर्पा प्रहारद्वारा घाइते टिकाकुमारी धिमाल

हातहतियार तथा स्वरस्वजाना मुद्दामा जेल बसेका मोजिम मियालाई जेलकै नाइके र चौकीदार समेतले कुटपिट गरी खुट्टा भाँचिदिए। यस घटनामा जेलरको पनि मिलोमतो भएको कुरा बन्दीहरू बताउँछन्। ०५१ फागुन १५ गते तत्कालीन जेलरको क्रियाकलापको विरोध तथा जेल सुधारका विभिन्न मागहरू राखी बन्दीहरूले नारा, जुलुस गरेका थिए। जेलरको सरूवापछि स्थिति शान्त भएको थियो।

०५२ भदौ १३ गते तिजको उपलक्ष्यमा अखिल नेपाल महिला संघको सक्रियतामा महिला बन्दीहरूलाई फलफूल र अन्य सरसामानहरू वितरण गरिएको थियो। यस वर्ष जिल्ला अदालत र पुनरावेदन अदालतबाट ३ पटक जेलको निरीक्षण गरेको पाइयो।

१.३ गिरफ्तारी र यातना

विनपा-१२ का प्रदिप भुजेललाई **०५१ माघ २५** गते रंगेली रोडको शोभा होमियो क्लिनिकमा कार्यरत डाक्टरलाई हातपात गरेको आरोपमा पक्राउ गरियो। प्रहरी हिरासतमा प्रदिपलाई हातखुट्टा रातभरी झ्यालको डण्डीमा बाँधी कुटपिट गरियो। उनलाई अस्पताल भर्ना गर्नु परेको थियो। पछि उनी धरौटीमा छुटेका थिए।

जाँते गाविस-९ का २८ वर्षीय भीम लिम्बुलाई सार्वजनिक अपराधको मुद्दामा **०५२ असार १२** गते पक्राउ गरी प्रहरी हिरासतमा निकै यातना दिइयो। पीडितलाई उर्लावारी इलाका प्रहरी कार्यालयका तत्कालीन प्रहरी निरीक्षकले पैतालामा बाँसको कप्टेराले हिर्काउने, बुटले शरीरका अन्य अंगहरूमा पिट्ने गरेको कुरा पीडित बताउँछन्। म्याद थप गर्न अदालत लाँदा केश फारम गर्न पाउँ भनी आफ्ना शरीरका रक्ताम्य घाउहरू र नीलडामहरू देखाएका थिए।

रेडियो नेपालका विराटनगर सम्वाददाता टंक खनाललाई **०५२ मंसीर १२** गते घर फर्कंदै गर्दा प्रहरीले जबर्जस्ती प्रहरी भ्यानमा राखी कुटपिट गरी यातना दिएको कुरा पीडित स्वयंले बताए।

सिसवनीजहदाकी वेचनीदेवी सिंह ०५२ पुसमा आफ्नै बाबु महेश्वरकुमारको षडयन्त्रमा सुनसरी जिल्लाको बेलगाछी गाउँमा लुकेर बसेकी थिइन्। यता एक साधारण भैंसीको कारण रीसइबी साँधेको महेश्वरले छोरीलाई ससुराली पक्षधरले वेपत्ता पारे भन्दै जिल्ला प्रहरी कार्यालय मोरङ्गमा उजुरी दिए। उजुरीको आधारमा प्रहरीले पक्राउ गरेका लगनदेव सिंह, श्रवणकुमार सिंह र चन्द्रेश्वर सिंहलाई यातना दिइयो। तीमध्ये ८ वर्षीय चन्द्रेश्वरलाई प्रहरीले भाउजूलाई मारेर कहाँ फालेका छन् भन्ने भए भन नत्र भने फाँसीमा चढाउँछौं भन्दै मानसिक यातना दिइयो। पक्राउ परेका अन्य दुई जनालाई नाकबाट पानी हाल्ने, चिसो भुईंमा सुताउने, मलद्वारमा लौरो कोच्ने जस्ता अमानवीय तरिकाले यातना दिएको बताइन्छ। तर जिल्ला प्रहरी कार्यालय मोरङले यातना नदिएको बताएको छ। ८ वर्षीय चन्द्रेश्वरलाई सत्यतथ्य बक्छ भनी फाँसीको धम्की दिएको कुरा प्रहरी निरीक्षक गोविन्द शाहीले स्वीकार गरे।

१.४ वेपत्ता पारिएको

विराटनगर नपा-१४ की १४ वर्षीय सन्तोषी आले, इन्दिरा झा र विराटनगर नपा-१३ की शर्मिलाकुमारी भुजेल ०५२ कार्तिक १३ गतेदेखि वेपत्ता भएका छन्। यस विषयमा विराटनगर नपा-९ का राजेश यादवलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

विराटनगर नपा-६ मा डेरा गरी बस्ने अलि हुसेन (राहुल) लाई **०५२ बैशाख ९** गते चोरीको आरोप लगाई घर धनी सगीर माष्टर र सोही घरमा बस्ने तुलसी अधिकारीले कोठामा थुनेर कुटपिट गरे।

पथरी गाविस-६ की १८ वर्षीय टीकाकुमारी धिमाललाई **०५२ बैशाख १३** गते सोही ठाउँकी खगेन्द्रदेवी दाहालले खुर्पा प्रहार गरी घाइते बनाइन्। पिडकलाई प्रहरीले पक्राउ गरी ४ दिन राखेर छोड्यो।

विराटनगरबाट प्रकाशित हुने दैनिक प्रतिविम्बका सम्पादक भुपाल थापालाई **०५२ जेठ १४** गते जिल्ला खानेपानी संस्थान मोरङको बारेमा भ्रष्टाचार र अनियमितता सम्बन्धी समाचार छापेको भनी उक्त कार्यालयका मुरारी धमला लगायतका ५ जनाले कुटपिट गरे।

जाँते गाविस-९ का ४३ वर्षीय सोमनाथ दाहाललाई **०५२ असार १०** गते लेटाङबाट घर फर्कंदै गर्दा सोही ठाउँका इन्द्र ढकाल, दिलकुमार लिम्बु, भिम लिम्बु र रूद्र धिमाल समेतले घेरा हाली खुकुरी, छुरी समेत प्रहार गरी सख्त घाइते बनाए। पीडकहरूलाई प्रहरीले पक्राउ गरी हाल धरौटीमा छोडेको छ।

महेन्द्र मोरङ बहुमुखी क्याम्पसमा अध्ययनरत रामकुमार वस्नेतलाई **०५२ मंसीर २१** गते संजीव झा, प्रेम भट्टराई र उमेश यादव समेतका व्यक्तिले सांघातिक आक्रमण गरी सख्त घाइते बनाए। उनी अनेरास्ववियूका र पीडकहरू नेवि संघका थिए। उनीहरू बीच कक्षा संचालन गर्ने र बन्द गर्ने विषयमा विवाद भएपछि उक्त घटना भएको थियो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नेपाल विद्यार्थी संघ जिल्ला समिति मोरङ्गले **०५२ असार २ गते** आयोजना गरेको मोरङ्ग बन्दको सिलसिलामा उक्त दिनदेखि विराटनगरको शहरी क्षेत्रमा समूहगत रूपमा हिंडिरहेका नेपाल विद्यार्थी संघका कार्यकर्ताहरू विमलकुमार संग्रौला, यदुकुमार विष्ट, दामोदर कोइराला, दिलिप पोखेल, पदमपति पराजुली र अशोक रेग्मी समेत ८ जनालाई प्रहरीले पक्राउ गरी सोही दिन बेलुका छोडेको थियो।

तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी **०५२ साउन १८ गते विराटनगर** पुग्नु हुँदा विरोध प्रदर्शन गर्ने क्रममा यातायातका साधन रोक्न खोज्ने ६१ जना प्रदर्शनकारीहरूलाई प्रहरीले पक्राउ गरी सोही दिन छोड्यो।

२.२ धार्मिक स्वतन्त्रता

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला प्रहरी कार्यालय मोरङ्गमा विभिन्न शीर्षकका ५ सय ३४ वटा मुद्दा दर्ता भए। तीमध्ये कर्तव्य ज्यान सम्बन्धी ३२ वटा, केही सार्वजनिक अपराध १ सय १६ वटा, बहुविवाह ७ वटा, ज्यानमार्ने उद्योग १० वटा जीउ मास्ने बेच्ने ९ वटा र गर्भपतन सम्बन्धी २ वटा र अरू अन्य प्रकृतिका मुद्दा रहेका थिए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस वर्ष यो जिल्लामा यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

एक सर्वेक्षण अनुसार यस जिल्लामा ३६ हजार सुकुम्बासी रहेको अनुमान गरिएको छ। नेकपा एमालेको पालामा गठित सुकुम्बासी समस्या समाधान आयोगले ५ हजार सुकुम्बासीहरूलाई जग्गा धनी पूर्जा वितरण गऱ्यो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

विराटनगर नपा-२ की १४ वर्षीय एक बालिकालाई **०५२ पुस १२** गते सिनेमा हेरी फर्किरहेको अवस्थामा ३ जना व्यक्तिहरूले अपहरण गरी महेन्द्र मोरङ्ग बहुमुखी क्याम्पसको चौरमा लगेर सामूहिक बलात्कार गरे। बालिकाले दिएको

भूकम्पले जीर्ण भइसकेको विराटनगरको महिला जेल

हुलिया अनुसार विराटनगरकै नविनदास प्रधान, सरोज भूजेल र मदन भूजेललाई प्रहरीले अनुसन्धानको क्रममा पक्राउ गरेका थिए।

विराटनगरकी १४ वर्षीय एक बालिकालाई **०५१ फागुन १३** गते भारत विहार प्रदेश कटिहार जिआरपी एवं जिल्ला पुलिस थानाका २ जना प्रहरीले थानामै लगी बलात्कार गरे। पीडक प्रहरीमध्ये किशोरकुमार यादवलाई भारतीय कानून अनुसार सम्बन्धित क्षेत्रले सजाय गरेको थियो।

राजघाट गाविस-४ की तुलसादेवी खड्का र गोमा कार्कीलाई **०५२ वैशाख १२** गते सोही ठाउँकी १६ वर्षीय युवतीलाई राम्रो काम लगाइदिने प्रलोभन दिइ भारत लगी बेचबिखन गर्न लागेको आरोपमा उर्लावारी प्रहरी कार्यालयले पक्राउ गऱ्यो। केही दिन पुर्पक्षका लागि थुनामा राखेपछि यथेष्ट प्रमाणको अभावमा जिल्ला अदालतले उनीहरूलाई छोडी दियो।

टंकीसिनुवारी गाविसकी ३० वर्षीय सावित्रादेवी विष्टलाई **०५२ वैशाख १४** गते तिनकै अलग बसिरहेका पति दिलबहादुर विष्टले अचानक घरमा आएर मरणासन्न हुने गरी कुटपिट गरे।

उर्लावारी बजारमा जे.के. चश्मा पसल संचालन गर्ने स्वास्थ्य सहायक निर्मलकुमार शाह र जुल्फीकार सिद्धिकीले **०५२ जेठ ९** गते आँखा जचाउन आएकी हसन्दह गाविस-२ की एक २० वर्षीय युवतीलाई बलात्कार गरे।

मोराहाट गाविस-९ की एक अपांग युवतीलाई **०५२ असार २१** गते स्थानीय १० जना युवकहरूले सामूहिक बलात्कार गरी मरणासन्न अवस्थामा पुऱ्याएका थिए। बोल्न नसक्ने र शरीरका विभिन्न भाग अपाङ्ग भएकी पीडित युवतीलाई प्लास्टिक र थोत्रा बोराको छहारीमुनि सुतिरहेको अवस्थामा राती बलात्कार गरेका थिए। यस घटनामा संलग्न भएको अभियोगमा गार्डकुमार चौधरीलाई प्रहरीले हिरासतमा लिएको थियो। अन्य १० जना पीडकहरू फरार भए।

बनीगाउँ गाविस-१ की आरतीदेवी भगतलाई भारत विहारको वावाधाम जाने भन्ने निहुँमा **०५२ साउन १७** गते आफ्नै पति मनोज भगतले बिक्री गरे। पीडकलाई प्रहरीले पक्राउ गरी ०५२ असोज ३१ गते अदालत पेश गरेपछि

अदालतले उनलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो।

विराटनगर नपा-१६ की १४ वर्षीय बालिकालाई **०५२ साउन २३** गते राती बत्ति निभेको समयमा ५ जना व्यक्तिले सामूहिक बलात्कार गरे। प्रहरीले बालिकालाई अर्धविक्षिप्त अवस्थामा फेला पारी अस्पताल भर्ना गरिएको थियो। बलात्कारको आरोप लागेका अगिम अन्सारी र श्रीलाल महतोलाई प्रहरीले पक्राउ गरेको छ।

उर्लावारी गाविस-३ की ३४ वर्षीय एक महिलालाई **०५२ मंदी २** गते दमक नपा-५ का कालु मगरले बलात्कार गरे। बलात्कार गर्नु पहिले र गरीसके पछि पीडित महिलालाई कुटपिट गरी सख्त घाइते समेत बनाए। पीडकलाई प्रहरीले पक्राउ गरी आवश्यक कार्वाही गऱ्यो।

पथरी गाविस-२ की १४ वर्षीय एक बालिकालाई ललाईफकाई भारत तर्फ बिक्री गर्न लाँदै गरेको अवस्थामा **०५२ असोज ६** गते उर्लावारी इलाका प्रहरी कार्यालयले बेलवारीका ध्यानबहादुर राई र इटहरीका डि.बी. राईलाई पक्राउ गऱ्यो। पीडकहरूलाई जीउ मास्ने बेच्ने अभियोग अन्तर्गत थुनामा राखी कार्वाही चलाइयो।

बाहुनडाँगी गाविसकी ११ वर्षीय बालिकालाई सिनेमा हेरी फर्कँदै गरेको अवस्थामा भिनाजुको घरमा पुऱ्याइदिन्छु भनी कर्सिया गाविसका संजय चौधरीले **०५२ कार्तिक ४** गते धान खेतमा बोकेर लगी बलात्कार गरे। पीडक चौधरीलाई प्रहरीले पक्राउ गरी कार्वाही गऱ्यो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

विराटनगर नपा-७ मा रक्सीभट्टी खोली देह व्यापारमा संलग्न ४० वर्षीय सुलोचना श्रेष्ठ लगायत १६ जनालाई **०५२ बैशाख १०** गते प्रहरीले पक्राउ गऱ्यो। तिनमा १० जना पुरूष थिए। १८ देखि २३ वर्षका ४ जना महिलाहरूलाई पैसाको प्रलोभनमा उक्त कार्यमा संलग्न गराइएको पाइयो। पक्राउ परेका ती ४ जना युवतीहरूलाई छोडियो। १० जना पुरूष र वेश्यावृत्तिमा महिलाहरूलाई लगाउन सहयोग गर्ने अमृता तामाङ्गलाई जनही ५ हजार रूपैयाँका दरले जरिवाना गरी छोडियो भने उक्त कार्य संचालन गर्ने सुलोचना श्रेष्ठलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

४.३ गर्भपतन

बयरवन गाविस-१ की २५ वर्षीय युवतीले गर्भपात गराउँदा **०५२ बैशाख** ८ गते अधिक रक्तश्राव भई मृत्यु भएको छ। सो गर्भ सोही गाविसका त्रिलोचन चौधरीको अवैध यौन सम्पर्कबाट रहन गएको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

विराटनगर नपा-१५ बस्नेकी इन्द्रकला कामतले **०५२ असार ९** गते नवजात शिशुको हत्या गरिन्। अवैध यौन सम्पर्कबाट उनी गर्भवती भएकी थिइन्। पीडकलाई प्रहरीले पक्राउ गरी थुनामा राख्यो।

हसनदह गाविस-८ की देवीमाया राई र उनको १० दिनको बालकलाई **०५२ मंदी ८** गते कुटपिट गर्दा काखको बच्चा भूइँमा पछारिन गई मृत्यु भयो। देवीमायालाई कुटपिट गर्ने तिनका नन्दहरू शान्ता थापा, सुशिला थापा, मेनुका थापा र कमला थापालाई स्थानीय वासिन्दाहरूले प्रहरी कार्यालयमा बुझाएका थिए। प्रहरीले उनीहरूलाई तारखेमा छोडेको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

विराटनगर जुटमिल बन्द रहेकाले तलब नपाएका २४ सय ७० जना मजदूरहरूले **०५१ चैत १९** गते तुरून्त मिल संचालन गरिनु पर्ने माग राखी हडताल गरेर २०० जनाले आफूहरूले काम र दाम पाउनु पर्ने माग राखी रिले अनसन शुरू गरे। मजदूर र सम्बन्धित प्रशासनबीच ०५२ **बैशाख १०** गते देखि मिल संचालन गर्ने सम्झौता भएपछि ०५२ **बैशाख ५** गतेदेखि हडताल र अनसन बन्द गरियो।

रघुपति जुटमिल ६ महिना अघिदेखि बन्द रहेकाले त्यसमा कार्यरत मजदूर तथा कर्मचारीहरूले पारिश्रमिक पाएनन्। मिल संचालन गरिनु पर्ने र पारिश्रमिक पाउनु पर्ने माग राखी **०५२ जेठ १९** गते जनक वस्नेत, चन्द्रमणी खतिवडा र मोहम्मद मियाँ आमरण अनसन बसेका थिए। पछि सम्झौता भएपछि अनसन तोडिएको थियो।

टंकीसिनवारी गाविसमा रहेको केटिएम क्वालिटी फेसन उद्योग प्रा.लि.मा कार्यरत १७ जना मजदूरहरूलाई **०५२ मंसीर १८** गते स्पष्टीकरण मागियो। उनीहरूलाई नै ०५२ मंसीर २७ गते पुन दोश्रो पटक ३ महिनासम्म निलम्बन गर्न सकिने भन्दै धम्कीपूर्ण भाषामा स्पष्टीकरण माग गरियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी खासै समस्या यस जिल्लामा नदेखिए पनि घरको काम काज गर्न शहरी क्षेत्रमा नोकरको रूपमा र गाउँमा हली गोठालाको रूपमा मानिसहरूलाई काममा लगाउने गरिन्छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछुत समेत

बुधनगर गाविस-४ की ३३ वर्षीय विधवा राधादेवी मण्डललाई बोक्सीको आरोपमा **०५२ असोज ७** गते दिशा खुवाउने, वोरामा हालेर वोराको मुख बाँधी कुटपिट गर्ने र एकजनाको लाशसँगै वाँधेर राख्ने जस्ता अमानवीय व्यवहार गरियो। सो ठाउँका फूलचन्द्र मण्डलकी पत्नी फूलियादेवी मण्डलको सर्पको टोकाइबाट मृत्यु भएको थियो। तर त्यस वास्तविकतालाई वास्ता नगरी वोक्सीले मारेको शंकामा पीडित राधादेवीमाथि बुधनगर गाविस-४ का फुलचन्द मण्डल, डोमी मण्डल, रमल मण्डल, सत्यनारायण मण्डल, प्रदिप मण्डल, वनमोली यादव र भिस्त्री यादवले त्यस किसिमको अमानवीय

व्यवहार गरिएको बताइन्छ। पीडित राधादेवीले ०५२ असोज १३ गते जिल्ला प्रहरी कार्यालयमा यस घटनाका बारेमा उजुरी दिएकी थिइन्।

विराटनगर नपा-४ वरगाछी चौकमा होटेल गरी बस्ने ४२ वर्षीय द्रौपतीदेवी साहलाई **०५२ कार्तिक** २ गते विराटनगर नपा-६ का कृष्ण कटुवालले जाँड किन राख्निस् भनी पकौडा पकाउँदै गरेको कराइमा लात्तीले हिर्काए। तातो तेल द्रौपतीको शरीर पोखिएर उनी घाइते भइन्। वरगाछीका स्थानीय महिलाहरूले यस अमानवीय व्यवहारको विरोध गरेका थिए। पीडकलाई प्रहरीले पक्राउ गरी केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जाँते गाविसको सरस्वती मा.वि.का प्रधानाध्यापक सोमनाथ दाहाललाई **०५२ असार १०** गते केही व्यक्तिहरूले कुटपिट गरेको विषयमा नेपाल शिक्षक संघ मोरङ्ग जिल्ला कार्य समितिले प्रेस वक्तव्य र पर्चा प्रकाशित गरी उक्त कार्यको घोर निन्दा र मत्सर्ना गरेको थियो।

महेन्द्र मोरङ्ग बहुमुखी क्याम्पसका अनेरास्ववियू कार्यकर्ता रामबहादुर बस्नेतलाई **०५२ मंसीर २१** गते कुटपिट गरिएकोमा अनेरास्ववियू जिल्ला कमिटीले उक्त कार्यको विरोध गरी दोषीमाथि कार्वाही गर्ने माग गर्दै प्रेस वक्तव्य जारी गरेको थियो।

बुधनगर गाविस-४ की राधादेवी मण्डलमाथि बोक्सीको आरोप लगाइ गरिएको अमानवीय व्यवहारको विरुद्ध अनेमसंघले विरोध गर्दै दोषीमाथि कार्वाही गर्न सम्बन्धित निकायमा उजुरी गर्न सहयोग गरेको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा विभिन्न ट्राफिक दुर्घटनामा ३८ जनाको मृत्यु भयो। ०५१ चैत २१ गते केरावारी गाविस-१ बजारमा भिषण आगलागी भयो। यस घटनामा ३ सय ४४ वटा घरहरू मध्ये ९६ वटा घर पूर्ण ध्वस्त हुँदा थुप्रै व्यक्तिहरू घरवार विहीन हुन पुगे।

यस वर्ष यो जिल्लामा ९३ जना व्यक्तिहरूले आत्महत्या गरे। ती मध्ये ७८ जनाले झुण्डिएर र १५ जनाले विष सेवन गरी हत्या गरेका थिए।

महेन्द्र मोरङ बहुमुखी क्याम्पसको महिला छात्रावासमा ०५२ जेठ २० गते राती साढे १२ बजेतिर करिब जना १० पुरूषहरू अवैध ढंगले प्रवेश गरी महिलाहरूलाई आतंकित पारे। डकैतीका थुप्रै घटनाहरू यस जिल्लामा घट्ने गरेको पाइयो।



१. पूर्वाञ्चल

कोशी

१.६ सुनसरी

जनसंख्या : ४६३४८१

साक्षरता : ४४.५ प्रतिशत

महिला साक्षरता : २९.८ प्रतिशत

क्षेत्रफल : १२५७ वर्ग कि.मी.

सुनसरी जिल्ला पूर्वाञ्चल क्षेत्र अन्तर्गत कोशी अंचलको दक्षिण-पश्चिममा पर्ने जिल्ला हो। यस जिल्लाको उत्तरी क्षेत्रमा केही पहाडी भू-भाग पर्दछ भने अन्य सम्पूर्ण भू-भाग समतल तराईमा पर्दछ। नेपालको सबभन्दा ठूलो नदी सप्तकोशी यसै जिल्लाको पश्चिमी भागबाट बगेको छ। नेपालको प्रसिद्ध जंगल चारकोसे र वन्यजन्तु आरक्षण केन्द्र (मृगकुञ्ज) यही जिल्लामा पर्दछ। यो वर्ष राजनीतिक प्रतिशोध, व्यक्तिगत रीसइवी र सामाजिक प्रतिष्ठाको विषयलाई लिएर विभिन्न खालका घटनाहरू भए। ती घटनाहरूले नै यहाँको मानवअधिकार हननलाई पुष्टी गर्दछन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

इनरूवा नपा-२ का २९ वर्षीय प्रा.वि. शिक्षक शम्भु घिमिरेको लाश **०५१ माघ २०** गते निजको घरको उत्तर पूर्वमा रहेको एक बकैनाको रूखमा झुण्डिएको अवस्थामा फेला पर्‍यो। घटनाको प्रकृति अनुसार कोही अपराधिक व्यक्तिले अपहरण गरी उनको हत्या गरेको बुझिएको छ।

इटहरी गाविस-१ का रामबहादुर तमाङले **०५२ साउन ११** गते स्थानीय हेमराज कोइरालालाई सानो विवादका कारण हिर्काएर हत्या गरे। पीडकलाई गिरफ्तार गरिएको छ।

हाँसपोसा गाविस-३ का ४७ वर्षीय तारादेवी राईको लास **०५२ मदी ६** गते धरानको ताप्रेघारीमा भेटियो। मृतकको योनीमा १ फुट लामो काठ घुसारिएको आधारमा निजलाई उनकै पतिले हत्या गरी फालेको आशंका गरिएको छ। घटनाको बारेमा प्रहरी अनुसन्धान जारी छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	१	-	-
हिरासतमा यातना	-	-	३	१
[वन कार्यालयको हिरासतमा यातना]				१
बलात्कृत	-	३	१	१
आत्महत्या	-	-	२	४

१.२ जेल र बन्दीहरू

यस जिल्लामा जेल छैन। कैद तोकिएका या पुर्पक्षका निम्ति थुन्न परेकालाई विराटनगर जेलमा राखिन्छ।

१.३ गिरफ्तारी र यातना

इटहरी गाविस-२ शान्ति झोडामा रहेका काठ तस्करहरूको खानतलासी गर्न गएका वनपालेहरूलाई **०५१ फागुन २१** गते कुटपिट गर्न थालेको थाहा पाई इलाका प्रहरी कार्यालय इटहरीबाट प्रहरी आई स्थानीय १६ वर्षीय सुरेश भुजेल र १९ वर्षीय ताराकर्ण राईलाई गिरफ्तार गरे। उनीहरूलाई सार्वजनिक अपराध ऐन अन्तर्गतको मुद्दा चलाइयो। उनीहरूलाई जिल्ला प्रशासन कार्यालयले २० हजार धरौटी लिई तारिखमा छोडेपछि जिल्ला प्रशासन कार्यालयको गेटबाट बाहिर निक्लनासाथ पुनः वन कार्यालयले काठ चोरीको अभियोगमा गिरफ्तार गर्‍यो र मरणासन्न हुने गरी कुटपिट गरियो। उनीहरूले काठ चोरेको कुनै पुष्टि हुन सकेको छैन।

१.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

इटहरी गाविस-२ शान्ति फोडा स्थित चारकोसे जंगलमा ०५१ चैत २१ गते स्थानीय लटीया चौधरी लगायतका व्यक्तिहरूले वन कर्मचारी सेतुराम राई, टंक बानिया र प्रहरी रामप्रसाद श्रेष्ठ लगायतलाई कुटपिट गरे।

१.६ थुनामा मृत्यु

यस सम्बन्धी कुनै घटना जानकारीमा आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतप्रति सबै सन्तुष्ट नै रहेका छन्। यस वर्ष यहाँ देवानी र फौजदारी गरी १ हजार ८ सय ४७ वटा मुद्दा परेका थिए। जसमध्ये ७ सय ३ वटा फैसला भैसकेका छन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लाको पुलाहा, रामगंज, धरान, खैरेनी, इटहरी, लौकही, कुशाहा र हरिपुरमा सुकुम्बासीहरूको ठूलो संख्या रहेको छ। यो वर्ष जिल्लामा करिव १ हजार ५ सय सुकुम्बासी परिवारलाई लालपूर्जा वितरण गरियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

धरान नपा-१० की ६ वर्षीय एक बालिकालाई **०५१ माघ २७** गते भारत भागलपुर घर भई हाल सोही ठाउँमा सुचिकारको पेशागरी बस्ने १८ वर्षीय मोहम्मद कासीम मियाले मिठाई दिन्छु भनी बाथरूममा बोलाएर बलात्कार गरे।

दुहबी गाविस-७ की १७ वर्षीय एक युवतीलाई **०५१ चैत २** गते स्थानीय २१ वर्षीय रेखा परियारले जोगवनीमा लगी १ हजारमा बिक्री गरिन्।

बकलौरी गाविस-३ का २६ वर्षीय भगवान कटुवालले स्थानीय १८ वर्षीय पुष्पा गुरूङलाई प्रेम विवाह गरी केही दिन सँगै राखेर **०५१ चैत २०** गतेदेखि फरार रहेका छन्। हाल पीडित अलपत्र परेकी छिन्।

इनरूवा नपा-६ का मणि सुवेदीले **०५२ वैशाख १** गते आफ्नी पत्नी उमादेवी सुवेदीलाई कुटपिट गरी घरबाट निकाली दिए। हाल पीडितले न्यायको लागि अदालतमा मुद्दा दायर गरेकी छिन्।

धरानको ताप्रेघारीमा भेटिएको तारादेवी राईको लाश : गुप्ताङ्गमा एकफुट लामो काठ घुसारिएको थियो।

नरसिंह गाविस-८ का महेन्द्र साहुले आफ्नै पत्नी दुलारीदेवी साहुलाई **०५२ वैशाख १५** गते खान समेत नदिई कुटपिट गरी घरबाट निकाली दिए।

सोनापुर गाविस-२ को साफा संस्था लिमिटेड दुहवीका व्यवस्थापक भैरवप्रसाद दाहालले सोही अफिसमा कार्यरत स्टोरकिपरसंग दोस्रो विवाह गरी **०५१ माघ २६** गते पहिलाकी पत्नी निर्मला दहाललाई अब तेरो काम छैन भनी कुटपिट गरेर घरबाट निकाली दिए। हाल पीडित निर्मलाले मासिक १ हजार २ सय खाना खर्च माग गरी अदालतमा फिरादपत्र दायर गरेकी छिन्।

सोनापुर-५ मा डेरा गरी बस्ने २३ वर्षीय श्याम गिरीले आफ्नी २२ वर्षीय पत्नी सरिता गिरीलाई **०५२ वैशाख १८** गते माइतबाट एक दिन ढिलो गरी आएको भनी कुटपिट गर्दै खाना समेत नदिएर डेराबाट निकाली दिए।

मध्यहर्षाही-८ मा बसोबास गर्ने ४० वर्षीय फर्चुकी ठाकुरले **०५२ असार २८** गते आफ्नी पत्नी दानावतीदेवी ठाकुरलाई कुटपिट गरी खान समेत नदिएर घरबाट निकाली दिए। हाल उनी माइतमा बसेकी छिन्।

इनरूवा नपा-७ का मोहनराम मोचीले **०५२ कार्तिक ३** गते आफ्नो पत्नी पार्वतीलाई कुटपिट गरी घरबाट निकाली दिए।

धरान नपा-१० का जागिरमान राईले आफ्नी दोस्रो पत्नी रत्नमाया राईलाई **०५२ पुस ९** गते कुटपिट गरी घरबाट निकाली दिए। पीडितले न्यायको लागि अदालतमा मुद्दा दायर गरेकी छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

दुहवी गाविस-७ की १९ वर्षीय गिता परियारले आफ्नो रेष्टुरेण्टमा २ जना नाबालक केटीहरू राखी देह व्यापार समेत गराउने गरेकी थिइन्। सो कुरा प्रहरीले थाहा पाई छापा मारेपछि **०५२ जेठ ७** गते उनीहरूलाई पुरूषसंग यौन सम्पर्क

गरिरहेकै अवस्थामा समाती कार्वाही गऱ्यो भने गितालाई विराटनगर जेल चलान गरिएको छ।

सोनापुर गाविस-२ को साझा संस्थाका व्यवस्थापक भैरवप्रसाद उपाध्यायले **०५२ जेठ २४** गते आफ्नै कार्यालयकी कर्मचारी निलम दाहालसंग दोस्रो विवाह गरे।

५.३ गर्भपतन

धरान नपाका दूर संचार कार्यालयकी पियन २९ वर्षीय धनमाया राईले **०५२ पुस ६** गते ६ महिनाको गर्भ पतन गराइन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

वकलौरी गाविस-२ का होहीलाल चौधरीले सगोलमा बसी आर्जन गरेको सम्पत्ति भाइ छुतहरू चौधरीलाई नदिई **०५२ जेठ ३** गते घरबाट समेत निकाली दिए। पीडितले अंश दिलाई पाउँ भनी अदालतमा मुद्दा दायर गरेका छन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा छुवाछूतको व्यवहार कायम हुँदाहुँदै पनि उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य, टिप्पणी जारी भएको जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यहाँ गाडीले किचेर ६ जनाको मृत्यु भयो। एउटा डकैतीको घटनामा ४ लाख ५० हजार बराबरको सम्पत्ति लुटियो। ४ जनाले आत्महत्या गरेको पाइएको छ। जसमा ३ महिला र १ पुरूष रहेका छन्। १ जनाले आफूले मन पराएको केटासंग विवाह गर्न नपाएर र १ जनाले आफ्नी पत्नीले सम्बन्ध विच्छेद गरेको पीडाले आत्महत्या गरेको पाइएको छ भने अन्य २ जनाले जीवन देखि वाक्क भएर आत्महत्या गरे। ■



१. पूर्वाञ्चल

कोशी

१.७ धनकुटा

जनसंख्या : १४६३८६
साक्षरता : ४९.० प्रतिशत
महिला साक्षरता : ३३.० प्रतिशत
क्षेत्रफल : ८९१ वर्ग कि.मी.

धनकुटा पूर्वाञ्चल विकास क्षेत्रको केन्द्र रहेको जिल्ला हो। यसको पूर्वमा मेची अंचलको पाँचथर, कोशीको तेह्रथुम, दक्षिणमा मोरङ र सुनसरी, उत्तरमा संखुवासभा र पश्चिममा भोजपुर, उदयपुर जिल्ला पर्दछन्। मानवअधिकारका बारेमा यहाँका मानिसहरू त्यति सजग भएको पाइएन। यस जिल्लामा क्रियाशील मानवअधिकारवादी संघ संस्थाहरू मानवअधिकारका बारेमा ग्रामीण क्षेत्रमा जनतासम्म चेतना पुऱ्याउने काममा सक्रिय भएको देखिन्छ। यस वर्ष यहाँ व्यक्तिगत रीसइवीका कारण हुने कुटपिटका घटनाहरू अन्य घटनाभन्दा बढी पाइयो। प्रहरी हिरासतमा यातना दिएको एउटा घटना भने चर्चित रहयो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मारेक कटहरे गाविस-६ की २७ वर्षीय खेमकुमारी निरौला **०५१ माघ ११** गते घरदेखि केही पर मृत अवस्थामा फेला परिन्। लास जाँच गर्दा घाँटीमा निलडामहरू देखिएका थिए। प्रत्यक्षदर्शीहरूले बताए अनुसार पीडित महिलालाई अघिल्लो दिन पति अम्बरबहादुर निरौलाले कुटेका थिए। मृतकका भाइ तोर्ण बानियाले ससुरा जगतबहादुर निरौला र पति अम्बरबहादुर निरौलाको विरुद्ध कर्तव्य ज्यान सम्बन्धी मुद्दा दिएपछि आरोपित पीडकहरूलाई पक्राउ गरी थुनामा राखिएको छ।

सुनसरी जिल्लामा घर भई अस्थायी रूपमा धनकुटामा बसोबास गर्ने दिनेश बस्नेतले **०५२ असोज १०** गते आफ्नी पत्नी इन्दिरा बस्नेतलाई हत्या गरे। **मूलघाट विश्रान्ति मन्दिर** नजिकै पीडितको लाश फेला परेको थियो। पीडकलाई ०५२ असोज २० गते पक्राउ गरी थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा जेलको व्यवस्थित भवन छैन। जिल्ला अदालत रहेको पुरानो भवनमा रहेको जेल भवनको क्षमता ४० जनाको छ। यस वर्षको अन्त्यतिर यस जेलमा १४ जना कैद तोकिएका बन्दी र २१ जना थुनुवा समेत ३५ जना रहेको पाइयो। यहाँ महिला बन्दी छैनन्। कैद तोकिएकाहरूलाई मात्र ओछ्याउने दिइनाले थुनुवाहरूले कष्टकर रूपमा रात बिताउनु पर्ने बाध्यता छ।

१.३ गिरफ्तारी र यातना

सान्ने गाविस-३ का गाविस सदस्य खेरबहादुर बुढाथोकीलाई **०५२ वैशाख ६** गते पाख्रीवास प्रहरी चौकीले पक्राउ गरी १ रात चौकी मै राख्यो। अर्को दिन जिल्ला प्रहरी कार्यालयमा पुऱ्याएर छोडियो। ०३६ सालको जनमत संग्रहपश्चात् उनलाई गिरफ्तार गरी यातना दिइएका कारण उनी हाल रोगले पीडित भई नियमित रूपमा औषधि सेवन गर्दै थिए तर उक्त दिन चौकीमा राखेकाले औषधि खान छुटेको पीडित बताउँछन्। तिनलाई सानो मानो प्रयोग गरेको अभियोगमा पक्राउ गरिएको थियो।

पाख्रिवास गाविस-७ का निरबहादुर मगर र राजकुमार राईलाई **०५२ वैशाख १४** गते पाख्रीवास प्रहरी चौकीले चिहान खनेको आरोपमा पक्राउ गऱ्यो। चौकीमा पुऱ्याएर निरबहादुर मगरलाई प्रहरीले कुटपिट गरेको थियो।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	७	३	४
बलात्कृत	-	-	-	२
आत्महत्या	-	४	४	६
बलात्कारको पीडाले वेपत्ता				१

पतिद्वारा मारिएकी इन्दिरा वस्नेत

छिन्ताङ गाविस-५ का मिठ्ठे राईलाई **०५२ जेठ ७** गते आँखीसल्ला इलाका प्रहरी कार्यालयका प्रहरीले पक्राउ गरी दुबै हात बाँधेर लगियो। उनलाई माघ महिनामा भएको कुटपिट सम्बन्धी घटनाको अभियोगमा पक्राउ गरिएको थियो। जिल्ला प्रहरी कार्यालयमा पुऱ्याएर उनलाई छोडियो।

मूर्तिढुंगा गाविस-४ का ८० वर्षीय नैनबहादुर काफ्लेलाई **०५२ जेठ २४** गते जितपुर प्रहरी चौकीका प्रहरीले पक्राउ गरी यातना दिइयो। यातनाका कारण पीडितको खुट्टा सुन्नियो। स्थानीय व्यक्तिहरूको दबावमा प्रहरीले उपचार खर्चवापत ३ सय रूपैयाँ तिर्नु परेको थियो। पीडितउपर स्थानीय देवीबहादुर कार्कीले आफ्नी बहिनीलाई पोइल हिंडाएको आरोप लगाएका थिए।

फलाँटे गाविस-९ का रामबहादुर मगरलाई झगडाको निहुँमा **०५२ असोज ७** गते पाख्रिवास प्रहरी चौकीका प्रहरीले पक्राउ गरे। चौकीमा पुऱ्याएपछि वारी गोड्न लगाइयो। उनलाई कुटपिट गरी टाउकोले टेकेर उभिन लगाइयो। सो गर्न नसकेपछि उठवस गर्न लगाइएको थियो।

१.४ वेपत्ता पारिएको

अर्खौले जितपुर गाविस-५ का भूपाल पौडेलकी पत्नी यसोदा पौडेल **०५२ जेठ ३०** गते राती घरबाट वेपत्ता भइन्। तिनलाई हत्या गरेर लुकाइएको आशंकामा पति भूपाल र जेठाजु गुणराज पौडेललाई प्रहरीले पक्राउ गरी १३ दिनसम्म हिरासतमा राख्यो। तर वास्तविकता पत्ता लाग्न नसकेपछि उनीहरूलाई हाजिरी जमानीमा छोडियो। अहिलेसम्म यसोदाको बारेमा केही थाह हुन सकेको छैन। यशोदाका दाजु शशीधर नेपालले आफ्नी बहिनीलाई हत्या गरी षडयन्त्र मूलक ढंगले वेपत्ता पारिएको किटानी जाहेरी प्रहरीमा दिएका छन्। तर प्रहरीले हत्या गरेको हुन सक्ने यथेष्ट प्रमाण हुँदाहुँदै पनि प्रहरीले कुनै कारवाही नगरेको गुनासो पनि मृतकका आफन्तहरूले बताए।

राजारानी गाविस-७ की १८ वर्षीय शुकलक्ष्मी राई **०५२ मंसीर १९** गते एउटा अस्पष्ट चिठी लेखेर छोडी घरबाट वेपत्ता भइन्। तिनले मंसीर ३ गते डाँडा बजार गएका बस्त रामे भन्ने केटाले बलात्कार गरेको कुरा पत्रमा उल्लेख गरेकी थिइन्। उनी हालसम्म भेटिएकी छैनन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

डाँडाबजार गाविस-२ की दिव्यश्वरा बराललाई **०५१ चैत २०** गते स्थानीय ईश्वरी अधिकारीले कुटपिट गरी दाहिने आँखा फुटाई दिए। गाइवस्तुले वाली खुवाएको भनी गाली गरेपछि उनले कुटपिट गरेको बताइन्छ। पीडक फरार छन्।

मेडेटार गाविस-४ की रीता सुब्बालाई **०५२ वैशाख २३** गते पंचकन्या गाविस-८ का गणेश लिम्बूले कुटपिट गरे। लेनदेन सम्बन्धी कुरामा विवाद हुँदा उक्त घटना भएको थियो।

धनकुटा बहुमुखी क्याम्पसमा वि.ए. दोस्रो वर्षमा अध्ययनरत हरिहर चापागाईलाई **०५२ जेठ १०** गते आफ्नो कोठातर्फ जाँदै गर्दा **टुँडिखेल** नजिकै प्रदीप राईले कुटपिट गरे। पीडक फरार छन्।

धनकुटा नपा-१ हिलेका दिलबहादुर पाण्डेलाई **०५२ साउन १८** गते स्थानीय चन्द्रबहादुर राई लगायतका ३ जनाले कुटपिट गरे।

वेलहारा गाविस-३ का धनबहादुर रानामगर र उदयबहादुर रानामगरलाई **०५२ साउन २६** गते स्थानीय गंगाबहादुर रानामगर, एकबहादुर रानामगर र ओमबहादुर रानामगर समेतले खुकुरी प्रहार गरी सख्त घाइते बनाए।

मुढेबास गाविस-५ का खड्गसिं मादीलाई **०५२ मदी २३** गते कुरूले तेनुपाका गेहेन्द्र लिम्बु र डेढराज लिम्बुले कुटपिट गरे।

धनकुटा नपा-७ का मनोहर नारायण श्रेष्ठले **०५२ कार्तिक २६** गते राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी कृष्ण नेपाललाई कुटपिट गरे। आफ्नो हाइभिजन हलको बारेमा पत्रिकालाई समाचार दिएको भन्ने आरोपमा कृष्ण नेपाललाई कुटपिट गरिएको थियो।

मेडेटार गाविस-१ धारापानीका चतुरमान राईलाई **०५२ कार्तिक २८** गते स्थानीय मेलामा महाभारत गाविसका केही व्यक्तिहरूले साइकिलको चेनले हिर्काइ घाइते बनाए। उनी झगडा छुट्याउन जाँदा उक्त आक्रमण गरियो।

मारेक कटहरे गाविस-८ का टंकबहादुर लिम्बुलाई **०५२ मंसीर ५** गते डाँडागाउँमा वाला चर्तुदशी मेलामा गएको अवस्थामा राती अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी घाइते बनाए।

१.६ थुनामा मृत्यु

गर्भ पतन गराएको अभियोगमा **प्रहरी हिरासतमा** रहेकी मूर्तिढुंगा गाविस-५ की कृष्णमाया भण्डारीको **०५२ मंसीर १९** गते मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५२ असार १३ गते राष्ट्रिय सभा सदस्यको चुनावमा धनकुटा मतदान केन्द्रमा मत दिन आएका सुनसरी पंचकन्या

गाविसका अध्यक्ष रमेश बस्नेतका नाममा अरूले नै फर्जि मत खसाई दिए। मतदाताले परिचयपत्र देखाउनु अनिवार्य नभएकाले त्यस्तो स्थिति देखियो। आफूले मतदान गर्न पाउनु पर्ने जिकीर गरेपछि रमेश बस्नेतलाई निविदा मतदान गर्न दिइएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतप्रति जनताको धारणा राम्रै रहेको छ। तर अर्ध न्यायिक निकायहरूप्रति भने जनविश्वास देखिंदैन। न्यायका लागि धेरै समय पर्खिरहनु पर्ने कुराप्रति जन गुनासो पाइन्छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

विघटित सुकुम्बासी समस्या समाधान आयोगसमक्ष जग्गा प्राप्तिका लागि १ हजार १ सय निवेदन परेका थिए। ती मध्ये १ सय ८५ परिवारलाई जग्गा धनी पूर्जा वितरण गरियो। आयोगले ६ सय परिवारलाई जग्गा धनी पूर्जा दिने निर्णय गरेको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

धनकुटा नपा-१ की २१ वर्षीय एक लाटी युवतीलाई **०५१ चैत २६** गते धरान नपा-२ का गणेश राईले बलात्कार गरे। पीडक राईलाई पक्राउ गरी थुनामा राखियो।

कुरूले तेनुपा गाविस-३ का मानबहादुर परियारकी पत्नीलाई **०५२ असार ७** गते स्थानीय दलबहादुर दर्जीले बोक्सीको आरोपमा कुटपिट गरे। उनलाई लछार पछार गर्दै सिस्नो लगाइएको थियो।

राजारानी गाविस-७ की १७ वर्षीय युवतीलाई **०५२ साउन २५** गते स्थानीय नरेन्द्र कुमार राईले बाख्रा चराउन गएको अवस्थामा बलात्कार गर्ने प्रयास गरे।

धनकुटा नपा-१ की १८ वर्षीय युवतीलाई **०५२ मंसीर ३** गते सोही ठाउँका राजेश तामाङले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देठकी / देहव्यापार

बोधे गाविस-१ का धनन्जय गिरीलाई घरमा पत्नी हुँदाहुँदै दोस्री पत्नी विवाह गरेको अभियोगमा **०५२ वैशाख २५** गते प्रहरीले पक्राउ गरी अदालतमा बुझाए।

४.३ गर्भपतन

मूर्तिढुंगा गाविस-५ की ४४ वर्षीय विधवा कृष्णमाया भण्डारीको **०५२ मंसीर १६** गते सिंदुवा प्रहरी चौकीमै गर्भपतन भयो। कृष्ण मायासंग शारीरिक सम्पर्क गर्ने स्थानीय रूद्रबहादुर कार्की, राजबहादुर भण्डारी र कृष्ण मायालाई गाउँलेहरूले पक्राउ गरी प्रहरी चौकीमा बुझाएका थिए। औषधि गर्ने गौतम ड्रग सेन्टर हिलेका अजय गौतमलाई पनि पक्राउ गरिएको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जनता मा.वि. जीतपुरमा कक्षा-४ मा पढ्ने आङदावा शेर्पालाई विद्यालयमा उच्छृङ्खल कार्य गरेको आरोपमा **०५१ चैत २२** गते विद्यालयबाट निष्कासित गरियो। तर पछि विद्यार्थीहरूको दबावमा ०५२ वैशाख २२ गते पुन सोही विद्यालयमा प्रवेश गराइयो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लामा धनिमानीहरूले हली, गोठाला राख्ने गरेको पाइन्छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

डाँडागाउँ गाविस-६ का डिल्लीबहादुर थापालाई **०५२ वैशाख १६** गते थापा बन्धुहरूले बनाएको मन्दिरमा श्रम गर्न नगएको भनी वंशजबाट हटाइयो।

धनकुटा नपा-७ का धनमान डंगोलले आफ्नो घरमा डेरा गरी बस्ने धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत प्रेमकुमारी दर्नाल, मैया रसाइली, चन्द्रकला धमला र पदम नेपालीलाई **०५२ मंसीर २९** गते राती अछूत जातिको भनी गाली बेइज्जती गर्दै घरबाट निकालिदिए। त्यसपछि धनमानले पुरेत ल्याएर पूजा गरी घर चोख्याएका थिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै निकायबाट प्रेस वक्तव्य, टिप्पणी प्रकाशित प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा बस र ट्रक दूर्घटनामा परी ६ जनाको मृत्यु भयो र २२ जना घाइते भए। भीरबाट लडेर र पानीमा डुबेर १३ जनाको मृत्यु भयो। आगलागीमा परी ५ महिनाको बालकको मृत्यु भयो।

यो वर्ष यस जिल्लामा ५ जना पुरूष र १ महिला समेत ६ जनाले आत्म हत्या गरे। दिङला भोजपुरका गणेशबहादुर बस्नेतको ०५१ फागुन ९ गते एड्स रोगको उपचार गराउँदा गराउँदै धनकुटा अस्पतालमा मृत्यु भयो। ■

१. पूर्वाञ्चल

कोशी

१.८ तेह्रथुम

जनसंख्या : १०२८७०
साक्षरता : ५५.४ प्रतिशत
महिला साक्षरता : ३७.४ प्रतिशत
क्षेत्रफल : ६७९ वर्ग कि.मी.

पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने पहाडी जिल्लाहरूमध्ये तेह्रथुम जिल्ला मनोरम प्राकृतिक दृश्यले भरिपूर्ण छ। नेपालको सबैभन्दा लामो "हध्याथुङ्ग" झरना यसै जिल्लामा पर्दछ। ०४६ को प्रजातन्त्र पुनर्वहालीपछि यहाँका जनतामा विस्तारै मानवअधिकारको चेतना बढ्न थालेको पाइन्छ। यस कार्यमा जिल्लामा कार्यरत मानवअधिकारवादी संघ संस्थाहरूको पनि महत्वपूर्ण भूमिका रहेको छ। यस जिल्लामा व्यक्तिगत रीसइवीका कारण कुटपिटका घटनाहरू बढी हुने गर्दछन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

छातेढुङ्गा गाविस-२ की ३२ वर्षीय शान्ता उप्रेतीले **०५२ मंदी २८** गते साँझ आफू कार्यव्यवस्ततामा रहेको समयमा रोएको भनी आफ्नै डेढ महिनाकी छोरी रिता उप्रेतीलाई घाँटी निमोठेर हत्या गरिन्। पीडक आमाले मृत छोरीको लाशलाई आफ्नै वारीमा गाडेकी थिइन्। तर स्थानीय वासिन्दाहरूले यस घटना बारे पत्ता लगाइ प्रहरीलाई जानकारी दिएपछि पीडक उप्रेतीमाथि ज्यान मारेको मुद्दामा थुनामा राखियो।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेलको क्षमता ७० जनाको भएता पनि ३५ जना भन्दा बढी राख्न सकिने स्थिति छैन। यस वर्षको अन्ततिर १३ जना कैद तोकिएका बन्दी र १६ जना थुनुवा गरी २९ जना रहेका छन्। तीमध्ये १५ जना पुरूष र ४ जना महिला रहेका छन्। बन्दीहरूले जेलभित्रै ढाका कपडा बुनी बिक्री गर्ने गर्दछन्। जेलभित्र कुनै प्रकारको किटनाशक औषधि लान नपाउने भएकाले उडुसबाट बन्दीहरू पीडित छन्।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	–	–	–	–
हिरासतमा यातना	२	६	–	१
बलात्कृत	–	–	–	१
आत्महत्या	–	३	९	५

१.३ गिरफ्तारी र यातना

मोराहाङ्ग गाविस-७ का ५५ वर्षीय नगेन्द्रबहादुर लिम्बु र नरध्वज लिम्बुलाई **०५२ कार्तिक २८ गते** अवैध रूपमा बन्दुक राखेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो।

छातेढुंगा-४ की बालिकालाई बलात्कार गरेको आरोपमा पक्राउ परेका खगेन्द्र नेपालीले मलाई बलात्कार गर्न उक्साउने कमल शिवा हो भने पछि **०५२ मंसीर १९** गते विर्तामोड प्रहरीले कमल शिवा तैं होस् भनी निर्दोष टेकनाथ शिवालाई पक्राउ गरी अड्डा सार गर्दै तेह्रथुम जिल्ला प्रहरी कार्यालयमा बुझाए पछि उनलाई तारेखमा छोडिएको थियो।

१.४ वेपत्ता पारिएको

खाम्लालुङ गाविस-९ की १४ वर्षीय कमला लकान्दीलाई ०४९ पुस ११ गते देखि वेपत्ता पारिएको आरोपमा उनको बाबु उमानाथ लकान्दीलाई प्रहरीले पक्राउ गरी अदालत पेश गऱ्यो। उनी धरौट राखी तारखेमा छुटे।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

आङ्खुक गाविसका अध्यक्ष अर्जुनकुमार साम्बाहाम्फेलाई **०५१ पुस १६** गते केही अज्ञात व्यक्तिहरूले आक्रमण गरी घाइते बनाए। पीडकहरूले तिखो फलामे छडले पाखुरामा प्वाल पारेर छियाछिया पारिदिएका थिए। पीडकहरू एमालेका कार्यकर्ता भएको आरोप लगाइएको छ।

पैठाक गाविस-३ का बुद्धिमान कार्कीलाई **०५१ फागुन २६** गते स्थानीय केशरबहादुर पंधाक, ओमबहादुर पंधाक र

हरि पंधाक समेतले कुटपिट गरे। पीडित कार्कीको छोरीको विवाह भइरहेको बेला होहल्ला नगर्न अनुरोध गर्दा उनीमाथि आक्रमण गरिएको बताइन्छ। पीडकहरूलाई प्रहरीले पक्राउ गरी मुद्दा चलायो।

श्रीजुङ गाविस-८ का अम्मर चोङवाङले **०५२ वैशाख २५** गते स्थानीय २४ वर्षीय खगेन्द्र चोङवाङमाथि खुकुरी प्रहार गरी देब्रे हात टुक्रा पारी घाइते बनाए। पारिवारिक रीसइवीका कारण उनीमाथि आक्रमण गरेको थाहा भएको छ। पीडकलाई प्रहरीले पक्राउ गरी कार्वाही गर्दै गरेको थाहा भएको छ।

जिरीखिम्ती गाविस-८ का २८ वर्षीय लाक्पा शेर्पालाई **०५२ वैशाख २६** गते आफ्नै दाजु, माउजू तथा अन्य नातेदारहरू तेन्जी शेर्पा, लाङचुङ शेर्पा, ग्यातजे शेर्पा र पासाङ छित्रा समेतले लाठी र खुकुरी प्रहार गरी घाइते बनाए। पीडकहरूलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाइयो।

सिम्ले गाविस-४ की ३५ वर्षीय धनमाया लिम्बुलाई वारीको घाँसमा सखरखण्ड रोपेको आरोपमा थोकलुङ गाविस-१ का कृष्णमाया बराल र अर्की एक जना महिला समेतले **०५२ असार २६** गते डण्डीले हिर्काइ सख्त घाइते बनाए।

आम्बुङ गाविस-६ का श्रीबहादुर लिम्बु, घनश्याम लिम्बु र प्रेमबहादुर लिम्बुलाई **०५२ साउन २५** गते स्थानीय नन्दबहादुर लिम्बु, लोकमान लिम्बु, हेमबहादुर लिम्बु र शुक्रराज लिम्बुले ढुंगा र खुकुरी प्रहार गरी सख्त घाइते बनाए।

म्याङलुङ गाविस-१ का भक्तबहादुर खापुङ्गले **०५२ कार्तिक ९** गते हातमा खुकुरी नचाउँदै स्थानीय लोकेन्द्रबहादुर फदेङको घरमा गई ज्यान मार्ने धम्की दिँदै खाटमा ओछ्याइएको राडी, दैलो र भित्तामा समेत खुकुरी प्रहार गरे। पीडितको उजुरीमा प्रहरीले पीडकलाई पक्राउ गऱ्यो। तर स्थानीय व्यक्तिहरूको सल्लाहमा पीडितले मुद्दा फिर्ता लिए।

सप्तरी जिल्ला घर भई चुहानडाँडा हेल्थपोष्टमा कार्यरत अ.हे.व. राजनारायण यादवलाई स्थानीय **प्रहरी चौकी**मा प्रहरी जवान डिकबहादुर बुढाथोकी र ताप्लेजुङ घर भई तेह्रथुम क्याम्पसमा अध्ययनरत दुर्गा पौयुले कुटपिट गरे। पीडितलाई औषधि दुरूपयोग गरेको आरोप लगाइएको थियो।

१.६ थुनामा मृत्यु

महिला बन्दी सुनकुमारीसंग संगै जेलभित्रै बस्ने अन्दाजी ७ वर्ष की बालिका फियरानी लिम्बुको **०५१ चैत १९ गते** मृत्यु भयो। मृतक बालिकाकी आमा आफ्नी सौतालाई बन्चरो हानी मारेको आरोपमा केही वर्ष अघिदेखि जेलमा बसेकी थिइन्। अस्पतालमा उपचार गराउँदा गराउँदै उनको मृत्यु भएको थियो। आमा-बाबु हुँदाहुँदै बालिकाको लाशलाई वेवारिस घोषणा गरिएको कुरा स्थानीय व्यक्तिहरू बताउँछन्।

तेह्रथुम जेल

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

इसिबु गाविस-४ का खेमनाथ भण्डारी र भरतराज भण्डारीलाई ०५१ को मध्यावधि निर्वाचनमा नेकपा एमालेलाई भोट दिएको आरोपमा **०५१ पुस २६** गते स्थानीय केशवप्रसाद भेटवाल, लक्ष्मीप्रसाद बराल, छत्रप्रसाद भेटवाल र गणेश बरालले कुटपिट गरी घाइते बनाए। पीडकहरूउपर केही सार्वजनिक अपराधको मुद्दा लगाइयो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता भएको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालतमा जम्मा १ सय ५३ वटा मुद्दाहरू दर्ता भए। ती मध्ये ५२ वटा फैसला भए भने १ सय १ वटा मुद्दा चलिरहेको कुरा अदालतबाट थाहा भएको छ।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

विघटित सुकुम्बासी समस्या समाधान आयोग समक्ष ३२ वटा गाविसहरूबाट ६ सय २० सुकुम्बासी परिवारले आवदेन फारम भरेका थिए। ती मध्ये सुङनाम, सम्दु, ओख्रे, सुदाप र जलजले गाविस समेतमा गरी ४३ जना सुकुम्बासीहरूलाई आयोगले छनौट गरी जग्गाधनी पूर्जा दिने निर्णय गरेको थियो।

५. महिला अधिकार

५.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

प्रहरीले कुटपिट गरी घाइते पारिएका अ.हे.व. राजनारायण यादव

छातेढुंगा-४ का १८ वर्षीय खगेन्द्र नेपालीले **०५१ चैत २९** गते स्थानीय ४ वर्षीय बालिकालाई डेउडीको जंगलमा लगी बलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको थियो।

सिम्ले गाविस-८ की रणमाया खड्कालाई अंश मुद्दा लगाएको रीसमा तिनका पति ऐमान खड्का, सौता भगीमाया खड्का र सौतेनी छोराहरू अम्बरबहादुर खड्का र धनबहादुर खड्का समेतले **०५२ असार ७** गते गाली वेइज्जती गर्दै कुटपिट गरे।

५.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

५.३ गर्भपतन

सोल्मा गाविस-३ की २९ वर्षीय मनकुमारी मगरले **०५१ माघ १०** गते औषधि खाएर ४ महिनाको गर्भपतन गराइन्। तिनलाई सो औषधि स्थानीय हेल्थपोष्टका इन्चार्ज नैननाथ लिम्बुले स्वास्थ्य राम्रो हुन्छ खानु भनी धरानबाट पठाइदिएका थिए। उनीहरूबीच शारीरिक सम्पर्क भएपछि गर्भ रहन गएको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

आर्थिक स्थिति कमजोर भएका कारण थुप्रै बालबालिकाहरू स्कूल पढ्न जाने अवसरबाट वंचित छन्। कतिपय बालबालिकाहरू अर्काको घरमा काम गरेर बस्न बाध्य छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै उल्लेख्य घटना प्रकाशमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी समस्या यो जिल्लामा देखिएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना भएको पाइएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै पक्षबाट प्रेस वक्तव्य प्रकाशित र प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष लडेर १४ जनाको र आगलागीमा परी १ जनाको मृत्यु भयो। ५ जनाले आत्महत्या गरे। तिनमा १ जना महिला र ४ जना पुरुष छन्। ४ जनाले झुण्डिएर र १ जनाले विष सेवन गरेर आत्महत्या गरेको पाइयो। तिनमा ९ वर्षदेखि ७१ वर्ष उमेरसम्मका मानिसहरू छन्। एकजनाले अपांग भएको हीनताबोधका कारण आत्महत्या गरेका थिए भने अन्यको कारण खुल्न सकेन।

इशिबु गाविसमा ०५१ फागुन १३ गते लागेको "शिक्षा मेला" मा खाम्लालुङ गाविस-६ का मोहन हाङखुङ, शुत्र वाहिम सक्रान्ति-७ का हेम कर्ण लिम्बु र चुहानडाँडा-१ का पिपराज कन्दङवाले आतंक मच्चाई प्रहरी सहायक निरीक्षकको वाकिटकी समेत खोसे। पीडकहरूलाई प्रहरीले पक्राउ गरी केही सार्वजनिक अपराधको मुद्दा लगाएको थियो।

■



१. पूर्वाञ्चल

कोशी

१.१ भोजपुर

जनसंख्या : १९८७८४
साक्षरता : ४१.५ प्रतिशत
महिला साक्षरता : २५.९ प्रतिशत
क्षेत्रफल : १५०७ वर्ग कि.मी.

पूर्वाञ्चल विकास क्षेत्रको कोशी अंचलमा अवस्थित भोजपुर जिल्ला माफ किरांतको नामले प्रसिद्ध छ। आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, भौगोलिक दृष्टिकोणले समेत पछि परेको यो जिल्लाको धेरैजसो भाग अति दुर्गम रहेको छ। मानवअधिकारको दृष्टिकोणले पछाडि नै रहेको यो जिल्लाका करीब ९५ प्रतिशत नागरिकहरू कृषिमै निर्भर छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

बालागाविस-१ का प्रेमचन्द्र भन्ने प्रेमकुमारलाई **०५१ पुस १८** गते स्थानीय रामबहादुर अधिकारी लगायत २ जनाले हत्या गरे।

हेलौछा गाविस-९ का ५२ वर्षीय नेत्रबहादुर राईले **०५२ मदी २८** गते स्थानीय डम्बरबहादुर राईकी पत्नी मित्र मायालाई विष खुवाएर हत्या गरे। पीडक पुर्पक्षका लागि थुनामा रहेका छन्।

सिद्धेश्वर गाविस-३ का ४० वर्षीय केदार खड्कालाई **०५२ असोज ७** गते स्थानीय मुक्त प्रधान लगायतका मानिसले कुटपिट गरी हत्या गरे। यो घटनामा गुप्तेश्वर-९ का मानबहादुर थापा समेत सख्त घाइते भए। घटनाको अनुसन्धानका लागि २६ जनालाई गिरफ्तार गरिएकोमा हाल पुर्पक्षको लागि १४ जनालाई थुनामा राखिएको छ।

हेलौछा गाविस-२ का २४ वर्षीय ललितबहादुर राईलाई **०५२ पुस ४** गते आफ्नै पिता दल भजन राईले रक्सी खाएको बेलामा लाठीले कुटपिट गरी हत्या गरे। पीडक थुनामा रहेका छन्।

१.२ जेल र बन्दीहरू

२५ जना बन्दी राख्न सक्ने क्षमता रहेको भोजपुर "ग" श्रेणीको जेल हो। हाल यो जेलमा १८ जना थुनुवा, ३३ जना कैदी र नाबालक ३ जना गरी जम्मा ५४ जना बन्दी राखिएको छ। जसमध्ये ७ जना महिलाहरू रहेका छन्। यस जेलमा चर्पी र पानीको राम्रो व्यवस्था रहेको छ। यहाँ बन्दीहरूले खाली समयमा टोपी बुन्ने काम गर्ने गरेको हुँदा केही आर्थिक सहुलियत भएको छ। जेलको भौतिक स्थिति जीर्ण भएको हुँदा मरम्मत तथा सुधार हुनु पर्ने देखिएको छ। महिला बन्दी चक्र कुमारीले ०५२ वैशाखमा जेलभित्रै छोरा जन्माएकी थिइन्। ०५२ वैशाखमै बन्दीहरूले विभिन्न माग राखी कालो झण्डा गाडेका थिए। उक्त घटना केही पछि जेलभित्र बन्दी र प्रहरी बीच झडप भएको र बन्दीहरूले ढुंगा वर्षाउँदा एकजना प्रहरीको टाउकोमा चोट लाग्नुका साथै प्रहरीले हवाई फायर गरेको थियो।

१.३ गिरफ्तारी र यातना

भोजपुर गाविस-५ का मिलनकुमार राई र दिलिप राईलाई **०५२ मदी १** गते साधारण झै-झगडाको निहुँमा गिरफ्तार गरी यातना दिइयो।

१.४ बेपत्ता पारिएको

यस वर्ष कसैलाई बेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	१	-	१
बलात्कृत	३	१	३	३
आत्महत्या	-	-	५	५

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

साङ्पाङ गाविस-६ का दातेञ्जी शेर्पाले **०५२ वैशाख ३१** गते स्थानीय आङ्गनिमा शेर्पालाई छुरा प्रहार गरी घाइते बनाए।

साङ्पाङ गाविसका अध्यक्ष डेढराज खत्री र जिविस सदस्य शालिकराम खत्री सहित १५-१६ जनाको जत्थाले **०५२ साउन १८** गते साना किसान विकास आयोजना प्रमुख राजेन्द्रप्रसाद घिमिरेलाई ऋण नदिएको भनी धम्क्याउने काम गरे।

वास्तिम गाविस-५ का कृष्ण राईले **०५२ कार्तिक ६** गते स्थानीय कुलकेशर राईलाई छुरा प्रहार गरी घाइते बनाए। पीडक कृष्ण राई फरार छन्।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

उल्लेख्य घटना जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायालयप्रति सबैको सकारात्मक धारणा रहेको छ। तर न्यायालयमा हुने ढिलासुस्तीप्रति भने जनताहरूको व्यापक गुनासो छ। यस वर्ष यहाँ ३ सय ४१ वटा मुद्दा अदालतमा दर्ता भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा ३ सय ७१ परिवार घरवार विहीन रहेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

'**साङ्पाङ गाविस**का १८ वर्षीय नन्दे राईले **०५१ माघ १०** गते स्थानीय २१ वर्षीय एक लाटी युवतीलाई भाँडा माझ्न खेतमा गएको बेला बलात्कार गरे।

तिम्मा गाविस-२ का २० वर्षीय गजकुमार राईले **०५२ मंसीर २६** गते स्थानीय १८ वर्षीय एक युवतीलाई बलात्कार गरे।

दलगाउ गाविस-४ की १२ वर्षीय एक बालिकालाई **०५२ मंसीर २४** गते स्थानीय १८ वर्षीय आइन्द्रकुमार राईले जंगलमा लगी बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

लेखर्क गाविस-२ का २७ वर्षीय चन्द्रकुमार राईले **०५१ फागुन २६** गते स्थानीय शान्तिकला राईसंग दोस्रो विवाह गरे।

कोट गाविस-१ का २९ वर्षीय प्रभुनाथ कोइरालाले **०५१ चैत २७** गते स्थानीय २३ वर्षीय नीरकुमारी कोइरालालाई दोस्रो विवाह गरे।

बोखिम गाविस-६ का २५ वर्षीय रूद्रकुमार राईले स्थानीय २० वर्षीय शोनाम राईसंग दोस्रो विवाह गरे।

संखुवासभा वाना गाविस-२ मा घर भै उपस्वास्थ्य चौकीमा कार्यरत अहेव कमलबहादुर श्रेष्ठले **०५२ भदौ २८** गते **स्यामशिला-३** की १५ वर्षीय सीतादेवी कार्कीसंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

साङ्पाङ गाविस-८ की देउधन राई र विष्णुमाया राईले **०५२ साउन ३०** गते इलाका स्वास्थ्य चौकीमा रूद्र भण्डारीसंगको मिलोमतोमा इन्जेक्सन लगाएर गर्भपतन गराए।

वासिङ थर्पु गाविस-६ का २२ वर्षीय पार्वती सार्कीले स्थानीय राजेन्द्रबहादुर विष्टसंगको यौन सम्पर्कबाट रहन गएको गर्भपतन गराई जंगलमा फालिन्।

थिदींखा गाविस-२ की ३४ वर्षीय निम्दीकी शेर्पाले ०५२ भदौ १३ गते गर्भपतन गरी नजिकको जंगलमा लगी गाडिन्। हाल उनी कर्तव्य ज्यान मुद्दाको सजाय भोगिरहेकी छिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

उल्लेख्य घटना जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

जरायोटार-६ का केशव भण्डारीकी १८ वर्षीय छोरी विनाले **०५२ जेठ**मा २६ वर्षीय युवक अनुरागकुमार सिंहसंग प्रेम विवाह गरिन्। विवाह गरेको ४ महिनापछि माइती गएकी

छोरी र ज्वाईंलाई केशव भण्डारीको परिवारले घरमा बस्न दिएकाले अमिल्दो जातसंग गएकी छोरीलाई घरभित्र राख्यो भनी सोही ठाउँका लक्ष्मीप्रसाद भण्डारी, सोमनाथ भण्डारी तथा शिक्षकद्वय दिपक भण्डारी र नरेन्द्रराज भण्डारीले समाजका केही मानिसहरूलाई बोलाई केशव भण्डारीको परिवारलाई सामाजिक बहिष्कार गर्ने कागजमा जबरजस्ती सही गराए। उक्त कागजमा प्रचलित धर्म संस्कृति भन्दा भिन्न व्यक्तिसंग विवाह गरेकी छोरीलाई घरमा राखेको र उनीहरूलाई नत्यागेसम्म धर्म संस्कृति अनुसारका कुनै कार्यमा सामेल हुन नदिने कुरा लेखिएको थियो।

होम्ताङ्ग गाविस-८ का मनोवल राईकी १६ वर्षीय छोरी बोक्सी भएको भनी ०५२ मंसीर १३ गते स्थानीय किशोरचन्द्र राई लगायतका व्यक्तिहरूले निजको घर भत्काई सामानहरू फ्याँकेर निजलाई समेत लखेटे।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

भोजपुर क्षेत्र नं.२ बाट नेपाली कांग्रेस प्रतिनिधि सभाका उम्मेद्वार कुमार राईले **०५२ पुस १२** गते एक प्रेस विज्ञप्ति जारी गरी होम्ताङ गाविस-८ निवासी ने.वि.संघ सगरमाथा मा.वि. घोरेटोर इकाइकी कोषाध्यक्ष सुश्री शान्ति राईलाई बोक्सीको आरोप लगाई निज र निजका बाबु आमालाई समेत केही व्यक्तिले कुटपिट र अमानवीय व्यवहार गरेकोमा सो घटनाबारे विरोध जनाएका थिए।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा रूखबाट खसेर १ जना र खोलामा परेर १ जनाको मृत्यु भयो। ३ जना पुरुष र २ जना महिलाले आत्महत्या गरे। जसमा १ जनाले आर्थिक संकटका कारणले गर्दा आत्महत्या गरेको पाइयो। अरूले जीवनदेखि वाक्क भएर आत्महत्या गरेका थिए। ■



१. पूर्वाञ्चल

कोशी

१.१० संखुवासभा

जनसंख्या : १४१९०३
साक्षरता : ४८.१ प्रतिशत
महिला साक्षरता : ३२.१ प्रतिशत
क्षेत्रफल : ३४८० वर्ग कि.मी.

कोशी अंचलमा पर्ने पहाडी जिल्लाहरूमध्येको संखुवासभा रद्द अरूण तेस्रो जलविद्युत आयोजनाका कारण पनि चर्चामा छ। व्यक्तिगत रीसइवी र मादक पदार्थको सेवनबाट यहाँ विविध खाले घटनाहरू हुने गरेको पाइन्छ। यहाँका अधिकांश जनतालाई आफ्नो अधिकारका बारेमा थाहा छैन। परम्परागत कुरीति र कुसंस्कारहरूबाट यहाँका वासिन्दाहरू पनि मुक्त हुन सकेका छैनन्। यस वर्ष यो जिल्लामा गत वर्षहरूको तुलनामा हत्या र कुटपिटका घटनाहरूमा बृद्धि भएको पाइयो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

वाला गाविस-१ का ४१ वर्षीय प्रेमकुमार राईलाई **०५१ पुस १८** गते सदरमुकाम तर्फ जाँदै गर्दा **कुलुङ्ग गाविस-३** मा पर्ने सालडाँडा भन्ने एकान्त ठाउँमा वाला गाविस-१ का रामबहादुर अधिकारी र सिसुवा खोला गविस-३ का अम्बरबहादुर राई समेतले कुटपिट गरी हत्या गरे र लाश नदीमा फालिदिए। पीडकमध्येका एकजना रामबहादुर अधिकारीलाई पक्राउ गरी भोजपुर जिल्लाको कारागारमा थुनामा राखिएको छ। अम्बरबहादुर राई फरार छन्।

ताम्कु गाविस-१ का ६९ वर्षीय भुवानसिं राईलाई **०५१ पुस २७** गते आफ्नै छोरा ३९ वर्षीय शंखबहादुर राईले टाउकोमा बन्चरो प्रहार गरी हत्या गरे। आफूलाई बाबुले विनाकारण गाली गरेकाले सहन नसकी उनीमाथि बन्चरो प्रहार गरेको कुरा पीडकले बताए। पीडक शंखबहादुरलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	४	-	-
बलात्कृत	-	२	-	-
आत्महत्या	-	-	३	६

माम्लिङ गाविस-५ का रामबहादुर तामाङलाई **०५१ चैत २६** गते मादी मूलखर्क-३ मा स्थानीय चन्द्रबहादुर मेघी, श्यामबहादुर देवान, चतुरमान देवान, कालिबहादुर देवान समेतका व्यक्तिले हाम्रा चेलीबेटीलाई किन आँखा झिम्क्याइस् भनी कुटपिट गरे र समाएर नजिकैको विद्यालयमा लगे। त्यहाँ प्रतिमान देवान, भोला देवान, आइत देवान, गंगा देवान समेतका व्यक्ति थपिएर उनको हत्या गरे। पीडकहरूले खाल्डो खनी लाश दबाए। प्रहरीले कर्णबहादुर देवान र चन्द्रबहादुर मेघीलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ भने अन्य पीडकहरू फरार छन्।

पावाखोला गाविस-८ का २८ वर्षीय नरबहादुर विश्वकर्मा **०५२ वैशाख ४** गते गाउँ नजिकै जंगलमा मृत अवस्थामा फेला परे। उनीसंग संगै शिकार खेल्न गएका सिद्धिराम गुरूङ लाश नजिकै बन्दुक छोडेर फरार भएका छन्। घटनालाई लिएर जितबहादुर विश्वकर्माले ०५२ वैशाख ९ गते कर्तव्य ज्यान सम्बन्धी मुद्दा दिएका छन्।

मादी राम्वेनी गाविस-५ की २५ वर्षीय गीतादेवी वर्देवाको लाश **०५२ वैशाख ९** गते आफ्नै घरको तल्लो तलामा झुण्डाएको अवस्थामा फेला पऱ्यो। तिनको शरीरमा कुटपिट गरिएका घाउहरू देखिन्थे। उनका पति चन्द्रकुवेर वर्देवाले कुटपिट गरी हत्या गरेको आशंका गरिएको छ। पीडक चन्द्रकुवेरलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नुम गाविस-४ का पुरनध्वज तामाङलाई **०५२ कार्तिक २०** गते आफ्नै बहिनी-ज्वाँई लोकबहादुर तामाङले कुटपिट गरे। घाइते पुरन्ध्वजको उपचार स्थानीय संखुवासभाको जिल्ला अस्पतालमा हुन सकेन र विराटनगर लान तुम्लिङ्गटार विमानस्थलमा पुऱ्याइए पछि उनको मृत्यु भयो। लोकबहादुर

तामाङलाई हत्याको अभियोगमा प्रहरीले पक्राउ गरी थुनामा राखेको छ।

माल्टा गाविस-६ की ८ महिनाकी टीकादेवी पुरीलाई **०५२ पुस २** गते बाबु टिकाराम पुरी र आमा पार्वती पुरीले हत्या गरे। पीडकका बाबुआमाले छोरीको लाशलाई ओडारमा ढुंगाले पुरेर दबाए। घटनाका बारेमा गाउँलेहरूले प्रहरीलाई खबर दिएपछि पीडकहरूलाई पक्राउ गरी कार्वाही गरियो।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा २५ जना बन्दी क्षमता भएको जेल छ। तर क्षमता भन्दा झण्डै दोब्बर बढी ४३ जनासम्म बन्दीहरू राखिएको पाइयो। तिनीहरू मध्ये कैद तोकिएका १९ जनामा महिला ३ जना र पुर्पक्षका निम्ति थुनामा रहेका २२ जना मध्ये २ जना महिला रहेका छन्। । आफ्ना आमाहरूसंग बस्ने २ जना नाबालक पनि जेलमै रहेका छन्। बन्दीहरूलाई हप्तामा २ दिन मात्र आफन्तहरूसंग भेट गर्न दिइन्छ।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

१.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

सिसुवा गाविस-१ का उद्वव राईलाई **०५१ पुस १८** गते त्वालागाविस-१ का रामबहादुर अधिकारी र अम्बरबहादुर राई समेतले डण्डी र लाठीले हिर्काए। उनी मुस्किलले फुत्किएर भाग्न सफल भएका थिए।

माङतेवा गाविस-९ का ५८ वर्षीय चन्द्रबहादुर राईले **०५१ चैत २८** गते आफ्नै १८ वर्षीय छोरी मनकुमारी राईलाई घरमै थुनेर झुण्डाएर मार्ने योजना बनाई छोरीलाई आफै आत्महत्या गरेकी हुँ परिवार र गाउँलेलाई पिर पर्ने छैन भन्ने लेख्न लगाए। तर घरको झ्याल फोडेर मनकुमारी उम्कन सफल भइन्। यस बारेमा छिमेकीहरूले थाहा पाएपछि उनीहरूले पीडक चन्द्रबहादुर राईलाई पक्राउ गरी प्रहरीमा बुझाए। पीडकउपर ०५२ वैशाख ३ गते ज्यानमार्ने उद्योग गरेको भनी मुद्दा दर्ता गराए पछि पुर्पक्षका लागि थुनामा राखिएको छ।

धुपु गाविस-८ ज्यामिरेका डम्बरबहादुर राई र ओस्नीबहादुर राईलाई **०५२ वैशाख २** गते उनीहरूकै दाजुको छोरा नैनसिं राईले कुटपिट गरे। टाउकोमा गहिरो चोट लागेकाले उनीहरू बेहोश भएका थिए। पीडक फरार छन्।

माल्टा गाविस-८ की देवीमाया थापामगरलाई पानी लगाउने कुरामा विवाद भई **०५२ वैशाख १०** गते स्थानीय मेघराज पोखेल र रत्नकुमारी पोखेलले कुटपिट गरी घाइते बनाए। पीडकहरूलाई प्रहरीले पक्राउ गरी सार्वजनिक अपराध अन्तर्गत कार्वाही गर्ने क्रममा हिरासतमा राख्यो।

वाना गाविस-४ का धनबहादुर तामाङले **०५२ जेठ १५** गते स्थानीय फूलमाया तामाङलाई डण्डीले हिर्काएर हात भाँचिदिए। प्रहरीले धनबहादुरलाई पक्राउ गर्‍यो। तोकिएको धरौटी तिर्न नसकी उनी जेल बसेका छन्।

मनकामना गाविस-४ का लोकबहादुर खत्रीलाई खाँदवारीबाट फर्किरहेका अवस्थामा **०५२ साउन ९** गते सोही गाविस-५ का इन्द्रनारायण गिरीले लाठीले हिर्काइ घाइते बनाए। पीडकले पीडितलाई तीन हजार रूपैयाँ दिएपछि मिलापत्र भयो।

बाह्रबिसे गाविसको प्रहरी चौकीका प्रहरीहरू प्रेमबहादुर राई, तोसबहादुर राई र चक्रबहादुर खवासलाई **०५२ मदौ ५** गते बाह्रबिसे गाविस-५ का दीपक ताम्राकारले हातपात गरे।

चैनपुर गाविस-९ का ७६ वर्षीय सूर्यबहादुर डाँगीलाई **०५२ मदौ १०** गते उनकै छोरा ३२ वर्षिय शंकर डाँगीले काट्छु मार्छु भनी धम्की दिंदै कुटपिट गरे। अंशवण्डा सम्बन्धी विवादका कारण कुटपिट गरेको बताइन्छ।

पाङमा गाविस-१ का पोष्टराज खनाललाई **०५२ मदौ १८** गते मकालु गाविसमा गाविस अध्यक्ष नरबहादुर राई र तारामान गुरूङले कुटपिट गरे। पीडकहरूउपर कुनै कार्वाही भएन।

मादीमुलखर्क गाविस-२ का यमबहादुर देवानलाई **०५२ असोज १** गते स्थानीय भक्तशेर जिमीले पैसा लेनदेनको विवाद हुँदा खुकुरी प्रहार गरी घाइते बनाए। पीडक फरार छन्।

मतस्यपोखरी गाविस-२ का टेकबहादुर गुरूङलाई **०५२ असोज १७** गते स्थानीय ज्ञानबहादुरले खुकुरी प्रहार गरी सख्त घाइते बनाए। पुरानो रीसइवीका कारण उनलाई त्यसरी आक्रमण गरिएको थाहा थियो।

मनकामना गाविस-४ का कृष्ण खवास र टंक मगरलाई **०५२ असोज १७** गते स्थानीय कुमार अधिकारी, अर्जुन कार्की, राजेन्द्र गुरूङ र डम्बर कटुवाल समेतका व्यक्तिहरूले लाठीले कुटपिट गरे।

मनकामना गाविस-५ का ३४ वर्षीय भक्तबहादुर मगरलाई **०५२ असोज १७** गते दशैंको दिन बाबु-आमासंग टीका लगाउन जाँदै गरेको बेला स्थानीय राजेन्द्र अधिकारी, कुमार अधिकारी, राजेन्द्र गुरूङ, अर्जुन कार्की, खिलराज कार्की र डम्बरबहादुर कटुवाल समेतका व्यक्तिहरूले खुकुरी प्रहार गरी घाइते बनाए। तर पीडकहरूउपर कुनै कार्वाही भएन।

धुपु गाविस-३ का तेजबहादुर रिजाललाई **०५२ कार्तिक ८** गते स्थानीय डिल्लीबहादुर थापा र ईश्वरी चिमरीयाले कुटपिट गरे।

समापोखरी गाविस-८ का भरतमान लिम्बुलाई **०५२ कार्तिक ८** गते स्थानीय कुलध्वज लिम्बु र कुलविर लिम्बुले लाठी प्रहार गरी कुटपिट गरे। पीडकहरूले पीडितलाई ६ हजार रूपैया उपचार खर्च दिएपछि मिलापत्र गरियो।

मच्छे पोखरी गाविस-३ स्थित सरस्वती मा.वि.का

शिक्षक निलमणि पोख्रेललाई **०५२ कार्तिक १३** गते सोही गाविसमा ग्रामीण स्वास्थ्य कार्यकर्ता, तेह्रथुमका धनप्रसाद दाहालले खुकुरी प्रहार गरे। पीडक धनप्रसाद आफैं प्रहरी कार्यालयमा गई "मैले निलमणिलाई हत्या गरें" भनी गिरफ्तारी दिए। रक्सी खाई होहल्ला गर्ने भएकोले आफूले खुकुरी प्रहार गरेको कुरा धनप्रसाद बताउँछन्। पीडकउपर सार्वजनिक अपराधको मुद्दा लगाई धरौटीमा रिहा गरियो।

सितलपाटी गाविस-१ का १८ वर्षीय महेश गौतमलाई **०५२ पुस १०** गते स्थानीय काजीबहादुर थापाले लाठीले पेटमा घोच्दै, कुटपिट गरे र धम्की समेत दिए। आफ्नो छोरालाई शिक्षकबाट हटाउन खोजेको आरोपमा उनले त्यसो गरेको बताइन्छ।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ४ सय ५० वटा देवानी र ३१ वटा फौजदारी अभियोगका मुद्दाहरू दर्ता भए। जिल्ला सदरमुकाम खाँदवारीमा अदालत र वकिल कार्यालय चैनपुरमा भएकाले जिल्लावासीहरूलाई ज्यादै अप्ठ्यारो परेको देखिन्छ। थुनामा रहेका व्यक्तिहरूलाई म्याद थप गर्न अदालतमा हाजिर गराउन निकै गाह्रो परिरहेको छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस जिल्लाका ०५२ असार ३ देखि भदौ १२ गतेभित्र नियुक्ति भएका १२ जना अस्थायी शिक्षकहरूलाई म्याद नसिद्धिदै अवकाश दिइयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा करीब १ हजार परिवार भूमिहीन तथा सुकुम्बासी भएको अनुमान गरिएको छ। तर यो वर्ष उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित महिला भएकै कारणले दिइने यातना

माङतेवा गाविस-५ की १५ वर्षीय एक बालिकाले **०५२ असार ३०** गते स्थानीय ३१ वर्षीय अर्जुन थापाले आफूलाई बलात्कार गरेको बताइन्। आरोपित पीडक अर्जुन थापा आफूलाई पुरानो रीसइवीका कारण षडयन्त्र गरी पक्राउन खोजेको बताउँछन्। थापालाई प्रहरीले पक्राउ गरी पुर्पक्षको लागि थुनामा राख्यो।

आखिभुँई गाविस-४ की ३० वर्षीय अम्बिका गिरीलाई स्थानीय झनकबहादुर सुनारले फकाई फुल्याई राम्रो नोकरी लगाइ दिने प्रलोभन दिई **०५२ असोज २१** गते घरबाट भगाए। पीडित महिलालाई भारत लगी बिक्री गरेको आशंका गरिएको छ। पीडकउपर जीउ मास्ने बेच्ने अभियोगमा मुद्दा चलाइएको छ तर पीडक फरार छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

४.३ गर्भपतन

यस वर्ष कसैले पनि गर्भपतन गराएको घटना प्रकाशमा आएन।

५ बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

आर्थिक विपन्नताका कारण स्कूल जाने उमेर पुगेका थुप्रै बालबालिकाहरू गाई बाख्रा चराउन बाध्य छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी समस्या उल्लेख्य रूपमा रहेको देखिएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

छुवाछूतको भेदभाव कायमै रहेको भए पनि यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै पक्षबाट केही प्रतिक्रिया आएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा पानीमा डुबेर ११ जनाको मृत्यु भयो। बाढी पहिरोबाट दिदीङ गाविस-१ का ४ परिवारहरू प्रभावित भए। आत्महत्या गरी ६ जना मरे। प्रायले झुण्डिएरै आत्महत्या गरे। ती मध्ये २ जना १२ वर्षीय बालकहरू पनि छन्। आत्महत्याको कारण थाहा हुन सकेन। ■



१. पूर्वाञ्चल

सगरमाथा

१.११ सप्तरी

जनसंख्या : ४६५६६८

साक्षरता : ३४.७ प्रतिशत

महिला साक्षरता : १७.७ प्रतिशत

क्षेत्रफल : १३६३ वर्ग कि.मी.

सप्तरी जिल्ला सगरमाथा अंचलका ६ जिल्लामध्ये सबैभन्दा कम उचाइमा रहेको जिल्ला हो। मानवअधिकार हननका दृष्टिले यो जिल्ला हरेक वर्ष चर्चामा आउने गरेको छ। हत्या, लुटपिट जस्ता धेरै घटनाहरू यहाँ हरेक वर्ष देखा पर्ने गर्छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

धरमपुर गाविस-५ की चन्द्रदेवी साहलाई **०५१ पुस १९** गते आफ्नै पति छोटेलाल साहले घाँटी थिचेर हत्या गरे।

तडही गाविस-७ का देवनारायण खवासलाई **०५१ पुस २४** गते राती सुतिरहेको अवस्थामा धारिलो हतियारले हानेर हत्या गरियो। रासलाल साह लगायतका व्यक्तिहरूलाई गिरफ्तार गरिएको छ।

प्रसवनी गाविस-९ का योगेन्दर मण्डलको लाश **०५१ फागुन २१** गते चिम्टीटोलमा फेला पर्‍यो। निजलाई हत्या गरी फालिएको आशंका गरिएको छ। घटनाको छानवीनका लागि जुक्ता सदा लगायत ६ जनालाई हिरासतमा लिइएको छ।

जोगिनिया गाविस-१ का गंगाप्रसाद यादवलाई **०५१ फागुन २१** गते हनुमाननगरबाट घर आउँदै गरेको अवस्थामा भारत विहार मधुवनीका त्रिभुवन मुखिया लगायत ३ जनाले मार्ने उद्देश्यले गोली चलाए। तर कसैलाई केही भएन।

हर्दिया गाविस-१ की चौठानीदेवी चौधरीलाई **०५२ मदी १०** गते आफ्नै पति रौदी चौधरीले सामान्य वादविवादमा ढुंगाले हिर्काएर हत्या गरे।

राजविराज नपा-९ की राधा भन्ने कल्पनादेवी चौधरी कान्तलाई **०५२ मदी १७** गते साँझ आफ्नै पति र देवरले विषालु औषधि ख्वाई हत्या गरे।

फुटकी गाविस-७ का स्थानीय बासिन्दाहरू वीचको झगडाका निहुँमा **०५२ मदी २२ गते** नेपाली कांग्रेसका कार्यकर्ता सिवन यादवको निर्देशनमा हातमा लाठी, भाला बोकेका २०-२५ जना व्यक्तिहरूको नेतृत्व गर्ने सुन्दर यादवले ४ राउण्ड गोली प्रहार गरे। उक्त घटनामा सोही ठाउँका सुखराम यादवको टाउको, घाँटी र छातीमा छर्रा लाग्यो भने धनपैत यादव, लतरू यादव, कुशेश्वर यादव सुट्टामा छर्रा लागेको थियो। अभियुक्तलाई पक्राउ गरी हिरासतमा राखियो।

राजविराज नपा-१० की गीतादेवी यादवलाई **०५२ मदी २४** गते आफ्नै पति नन्दी यादवले रोटीमा भुस परेको निहुँमा लौराले हिर्काएर हत्या गरे।

रामनगर स्थित कविर मठको जग्गा सम्बन्धी विवादका विषयमा **०५२ जेठ ८** गते प्रहरीले गोली चलाउँदा भवानी देवी र कुजिलाल यादव लगायत एक दर्जन व्यक्तिहरू घाइते भएका थिए। उक्त झडपमा २ जना प्रहरी पनि घाइते भएका थिए।

१.२ जेल र बन्दीहरू

यहाँको जेलको क्षमता १ सय २५ जनासम्म बन्दीहरू अट्न सक्ने देखिन्छ। यो वर्षको अन्त्यतिर यो जेलमा थुनुवा ५५ जना मध्ये २ जना महिला र कैदी ४३ मध्ये ५ जना महिला गरी जम्मा ९७ जना राखिएको छ। २ जना नाबालक पनि छन्। सरसफाइको स्थिति राम्रो छैन। बेलाबेलामा चौकीदारहरूले बन्दीहरूलाई धम्काउने र कुट्ने गरेका छन्। वि.सं. १९९६ सालमा निर्मित जेल भवन अत्यन्त जीर्ण छ। मर्मत सम्भार विना चर्पीको नाल फुटेर सर्वत्र दुर्गन्ध छाएको

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	१	-	-	-
हिरासतमा यातना	-	१	१	-
वन सुरक्षकद्वारा कुटपिट				२
बलात्कृत	-	२	३	२
आत्महत्या	-	-	१४	१९

राजविराज जेलको भित्री भाग : मर्मत संभार बिना चर्पीको नाल फुटेर सर्वत्र दुर्गन्ध छाएको छ।

पाइन्छ। रोगी बन्दीहरू धेरै छन् तर उपचारको राम्रो प्रबन्ध छैन।

१.३ गिरफ्तारी र यातना

कमलपुर गाविस-३ का मिश्रीलाल यादवलाई **०५१ चैत २०** गते कोशी टप्पुमा भैंसी चराइरहेको अवस्थामा सो ठाउँका वन्यजन्तु सुरक्षा कर्मीहरूले मुखबाट रगत आउने गरी कुटे। यही कुरालाई लिएर स्थानीय जनता र सुरक्षा कर्मी बीच झडप हुँदा सुरक्षा कर्मीहरू कुटिए। पछि थप सुरक्षाकर्मीहरू आई स्थानीय हिरालाल यादव लगायत १० जनालाई गिरफ्तार गरी अमानवीय यातना समेत दिइयो।

पोर्ताहा गाविस-३ का जितेन्द्रकुमार खड्का लगायत ११ जनालाई **०५२ जेठ २९** गते प्रहरीले गिरफ्तार गरी हाल धरौटीमा छोडेको छ। गाइघाट निवासी अमरबहादुर थापाको भाइको विवाहमा आएका जन्तीले केटीहरूलाई जिस्काएपछि स्थानीय जनता र जन्ती बीच विवाद हुँदा निजहरूलाई गिरफ्तार गरिएको थियो।

१.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको घटना जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

बैरवा गाविसमा पर्ने माध्यमिक विद्यालयका शिक्षक शिवनारायण शाह र प्रकाश स्वतिवडालाई **०५२ मदौ २५** गते वैरवा गाविस-२ का विन्देश्वर महतो र बेचो महतोले विद्यालयको प्रांगणमा कुटपिट गरे।

कोइलाडी गाविस-१ का शिवेन्द्र मण्डललाई **०५२ असोज १५** गते स्थानीय सन्तोषकुमार सिंहले आफ्नो घरतर्फ फर्काई माइक बजाएको निहुँमा तरवारले हिर्काएर घाइते बनाए।

१.६ थुनामा मृत्यु

सप्तरी कारागारमा थुनिएका विरामी बन्दी रामेश्वर यादवको **०५१ माघ १९** गते राजविराज अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो। यसैगरी ०५२ भदौ ९ गते गुदर मोचीको पनि मृत्यु भएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै उल्लेख्य घटना जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासी समस्या छ। तर उल्लेख्य घटना जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

राजविराज नपा-३ की १५ वर्षीय युवतीलाई **०५१ माघ ३** गते लठ्याउने सुई लगाइ स्थानीय मुहमद जैन अन्सारी लगायत ३ जनाले भारतको मुज्जफरपुरमा लगेर बिक्री गरे। हाल पीडकहरू राजविराज कारागारमा छन्।

काचना गाविस-७ की ३० वर्षीय महिलालाई **०५२ जेठ २** गते देउरी गाविस-३ का हरिलाल यादवले दिसा गर्न गैरहेको अवस्थामा समातेर बलात्कार गरे।

दार्जिलिङ्ग कालिम्पोङमा घर भै झापाको दमक नपा-११ सूर्योदय इंग्लीस स्कूलमा पढाउने २५ वर्षीय शिक्षिकालाई **०५२ जेठ ८** गते बस चढ्न जाँदा बाटोमा **राजविराज नपा-१** का महेश्वर भारती लगायत ४ जनाले सामूहिक बलात्कार गरे। अभियुक्तहरूलाई प्रहरीले पक्राउ गर्‍यो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

पकरी गाविस वलथीका चन्द्रनारायण दासले **०५१ फागुन**मा आफ्नी ११ वर्षीय छोरी राधाकुमारी दासलाई राजविराज नपा-७ का ६० वर्षीय बृद्ध लक्ष्मीदाससंग विवाह गरिदिए। चन्द्रनारायणले लक्ष्मी दाससंग पटक-पटक गरेर १५ हजार रू. सापटी लिएको र लक्ष्मी दासले छोरी दिए ऋण मिनाहा गरिदिने कुरा गरेपछि यो अमानवीय घटना भएको हो। चन्द्रनारायण राधालाई लिएर भारततर्फ फरार भएका छन्।

डाढा गाविस-५ का तोफा मियाले **०५२ जेठ १५** गते जेठी पत्नीले दाइजो नल्याएको भनी जुफेदार खातुनलाई दोस्रो विवाह गरे।

४.३ गर्भपतन

गर्भपतन सम्बन्धी घटना जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

मधवापुर गाविस-३ का ७ वर्षीय रणधिर दासलाई **०५१ माघ ८** गते स्थानीय सुरेश दास लगायत ३ जनाले आफ्नो घडी चोरेको शंकामा हात भाँचिने गरी कुटपिट गरे। उनलाई तातो फलामले डाम्ने, करेण्ट लगाई दिने जस्ता अमानवीय यातना दिएका थिए।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य र टिप्पणी प्रकाशित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

गाडीले दूर्घटनामा परी २९ जना, करेण्ट लागेर ३ जना र पानीमा डुबेर ११ जनाको मृत्यु भयो। १४ जना महिला र ५ जना पुरुष गरी १९ जनाले आत्महत्या गरे। तिनमा ८ जनाले घरायसी झगडाको कारणले, १ जनाले पुत्र शोकमा परेर, ४ जनाले मानसिक सन्तुलन ठीक नभएर आत्महत्या गरेको पाइयो। अन्यले भने पतिसंग झगडा भइरहने गरेको कारण आत्महत्या गरे। आत्महत्या गर्नेहरूको उमेर १५ वर्ष देखि ५५ वर्षको बीचमा रहेको पाइएको छ। ■



१. पूर्वाञ्चल

सगरमाथा

१.१२ सिराहा

जनसंख्या : ४६०७४६

साक्षरता : २८.७ प्रतिशत

महिला साक्षरता : १३.३ प्रतिशत

क्षेत्रफल : ११८८ वर्ग कि.मी.

सिराहा पूर्वी तराईका चर्चित जिल्लाहरूमध्ये एक हो। राणा शासन विरोधी आन्दोलन, सामन्त विरोधी आन्दोलन र पञ्चायत विरोधी आन्दोलनहरूमा यो जिल्लाका नागरिकहरूले महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। मानवअधिकार हननका घटनाहरूका कारण पनि यो जिल्ला बेला बेलामा चर्चामा रहने गरेको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मोरङ्ग जिल्ला उर्लावारी बस्ने रमेश भन्ने रूद्र आचार्यलाई **०५१ पुस २९** गते राती केही व्यक्तिहरूले मिली हत्या गरे। ३ दिनपछि **धनगढी बजार नजिक** उक्त व्यक्तिको लाश फेला पर्‍यो र छानवीनको क्रममा केही व्यक्तिलाई गिरफ्तार गरियो। पक्राउ पर्ने मध्येका धनगढी इलाकाका प्रहरी साथै मृतक रमेशको नातामा दाजु समेत पर्ने केशव आचार्यले रू. १ लाख ३ हजार लिने विचारले अरूसंग मिली हत्या गरेको कुरा स्वीकारे। मृतक व्यापारको सिलसिलामा यहा आउँदा उक्त घटना भएको थियो। हाल उक्त घटनामा संलग्न केशव आचार्य, रामदयाल अमात, आशा अमात, रामकिसुन सिराहा कारागारमा रहेका छन्।

लालपुर अर्नमाको पसलमा बसिरहेको अवस्थामा **०५१ फागुन २** गते छट्टु सदाय र कारी मोचीले स्थानीय मोहन महतोलाई बाहिर बोलाए। त्यसपछि कारी मोचीले गम्छाले बाँध्न र छट्टु सदायले पछाडिबाट मुक्का हान्न थाले। मोहन महतो माथिको कुटपिट सहन नसकी बजारको भीडले आक्रमण गर्‍यो र छट्टु सदाय मारिए।

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	१	-	-	-
हिरासतमा यातना	-	१	-	-
बलात्कृत	-	१	२	२
आत्महत्या	-	-	२	-

लक्ष्मीनीया गाविस जरूवा टोलमा **०५२ असार २२** गते राती ९ बजे फेकनी यादव नामकी १ वर्षे बालिकाको हत्या भयो। उक्त घटनालाई लिएर २० जनालाई पक्राउ गरी अनुसन्धानमा राखियो। हाल केहीमाथि मुद्दा चलिरहेको छ।

फूलकाहाकट्टी गाविस-२ मा **०५२ मदौ २० गते** अनितादेवीको हत्या भयो। निजको हत्या निजका पति श्रीराम महतो र जेठानी गुलावदेवी महतोबाट भएको थियो। श्रीराम महतो र गुलावदेवी महतो बीच रहेको अनैतिक सम्बन्ध नै उक्त हत्याको मुख्य कारण मानिएको छ। दुबै पीडक हाल थुनामा छन्।

बडहरामाल गाविस-९ मा **०५२ असोज २** गते मेला भरेर साइकलमा घर आइरहेको समयमा किसुन साह भन्ने व्यक्तिसंग केही व्यक्तिको सामान्य भनाभन पछि भएको कुटपिटमा बन्दुक समेत चलेको थियो। घटनामा वडहरामाल बस्ने सुकदेव साहको खुट्टा भाँचिन गयो। त्यसपछि घटना बढेर जाने क्रममा वडहरामालका काजीलाल वाइवालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

सिक्रोन गाविसका मने यादव लगायत ६० जना व्यक्तिहरूले **०५२ असोज २२** गते हतियार लिएर गाउँमा आई बन्दूक पडकाई आतंकित पार्ने र गाउँलेहरूलाई पिट्ने काम गरे। पिटाईबाट गम्भीर चोट लागी घाइते हुनेहरूमा सिक्रोनका कारी कापर, राम सागर कापर, जगदिश कापर, राम इकवाल रहेका छन्।

धनगढी गाविस-४ का अशोक श्रेष्ठले **०५२ मंसीर २३** गते राती आफ्नी भाउजु २१ वर्षीय निशा श्रेष्ठलाई सुतिरहेका बखत खुकुरीले घाँटीमा हानी हत्या गरे। निकै समयदेखि देवर भाउजुको वोलचाल थिएन। पीडक कारागारमा छन्।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा "ख" श्रेणीको १५० जना बन्दी क्षमता भएको एउटा जेल रहेको छ। उक्त जेलमा ९८ जना पुरुष र ३ महिला समेत १ सय १ जना कैद तोकिएका बन्दीहरू र १ सय ७४ पुरुष र ४ महिला समेत १ सय ७८ जना थुनुवाहरू रहेका छन्। आफ्ना आमाहरूसंग बस्ने ७ जना बालबालिका पनि यस जेलमा रहेका छन्। जेलभित्र १ जना प्रा.वि. शिक्षकको दरबन्दीको पनि व्यवस्था भएकाले साक्षरता कक्षा संचालन गरिएको छ। यस जेलमा एकजना स्वास्थ्य सहायकको पनि व्यवस्था गरिएको छ। सामान्य स्वास्थ्य परीक्षण जेल भित्रै गरिन्छ। एउटा मात्र टेलिभिजन भएकाले आलो-पालो गरेर हेर्ने गरिन्छ।यस जेलका ५ जना बन्दीहरू विभिन्न १० सूत्रीय मागहरू राखी ०५२ वैशाख ११ गते देखि आमरण अनशनमा बसेका थिए। अनशन ६ दिनसम्मको निरन्तर चल्यो। वैशाख १७ गते अनशनकारीहरू मध्ये रामदयाल मुखियाको अवस्था चिन्ताजनक भयो। १७ गते बन्दीहरू मुख्य ढोकामा जम्मा भई नारा लगाए। त्यसपछि स्थानीय प्रमुख जिल्ला अधिकारी आई उनीहरूसंग वार्ता गरियो। वार्तापछि मागहरू पूरा गरियो र यो आन्दोलन रोकिएको थियो।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

करजनहा गाविस-५ मा निर्भय यादवका छोरा रामनारायण यादव गाई चराई घर फर्किरहेको अवस्थामा **०५२ असार १५** गते केही व्यक्तिहरूद्वारा कुटिए।

धनगढी गाविसको शान्तिपुर जाँदा बाटोमा पर्ने खोलामा **०५२ मंसीर २२** गते शिक्षक रामदेव मण्डलमाथि केही अज्ञात व्यक्तिहरूले आक्रमण गर्नाले उनी घाइते भए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएको घटना छैन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस जिल्लामा अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकारमाथि कुनै पनि किसिमको वाधा अड्चन भएको पाइएन।

सिराहा जेलको अग्र भाग

२.२ धार्मिक स्वतन्त्रता

यस वर्ष धार्मिक स्वतन्त्रता उपभोग गर्न नपाएको घटना कतै देखिएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायपालिका निष्पक्ष भएता पनि यस जिल्लाका वासिन्दाहरूमा भने सो कुराको छाप पर्न सकेको छैन। पैसा र शक्ति पट्टी नै न्यायकर्ता पनि हुन्छन् भन्ने जनधारणा यस जिल्लामा पाइन्छ।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासीहरूको संख्या प्रशस्त रहेको छ। खासगरी तराईमा भूमिहीनमा मुसहरहरू धेरै नै संख्यामा देखिन्छन्। भूमिहीन तथा सुकुम्बासीहरूको समस्या अरू जिल्लामा जस्तै आन्दोलनको रूपमा अगाडि आएको देखिएन। यो समस्यालाई समाधान गर्नको लागि गठन गरिएको सुकुम्बासी आयोगले यस जिल्लामा यस वर्ष करीब १ हजार सुकुम्बासी परिवारलाई जमिन वितरण गरेको थियो। भूमिहीन तथा सुकुम्बासीहरू ऐलानी, पर्ति, पोखरीको डील र अरूको जमिनमा बसोबास गरिरहेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

कचनारी गाविस-१ की १८ वर्षीय एक युवतीलाई **०५१ माघ ७** गते दिउँसो घरबाट खेतमा गोरू पुऱ्याउन गइरहेको समयमा चौरीपैनी भन्ने ठाउँमा स्थानीय रामप्रित यादव र गुदरी यादवले एक्कासी आक्रमण गरी बलात्कार गरे। अपराधीहरू फरार छन्।

लाहान नपा-८ को बसपार्कमा **०५१ फागुन १** गते बारा जिल्ला डूमरवाना गाविस-९ की एक युवतीलाई हेटौंडाबाट ट्रकमा आउँदा लाहानको बस पार्कमा ३ बजे राती सोही ट्रकका चालक मकवानपुर चिसापानी बस्ने राजाराम दाहाल र खलासी मकवानपुर हेटौंडा नामटार गाविस-३ बस्ने दलबहादुरले बलात्कार गरे। पछि सुकमायाले हल्ला गरेपछि इलाका प्रहरी कार्यालयले निज २ जना अपराधीहरूलाई समाती कारवाही चलाएको छ। अभियुक्तहरू सिराहा कारागारमा छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस वर्ष यस सम्बन्धी घटना प्रकाशमा आएन। देउकी प्रथा यस जिल्लामा छैन।

४.३ गर्भपतन

यस वर्ष गर्भपतनको घटना प्रकाशमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लामा बालअधिकार सम्बन्धी कुनै त्यस्तो उल्लेख्य घटना भएको देखिँदैन। तर पनि बालबालिकाहरू यस जिल्लामा घरेलु नोकरका रूपमा रहेका छन्। बाल अधिकारलाई यस जिल्लाका विपन्न वर्गका बालबालिकाहरूले उपभोग गर्न पाउने कुनै पनि सम्भावना देखिँदैन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा खास गरी कृषि मजदूरहरूले आफ्नो अधिकार हनन भएको महशूस गरेका छन्। कृषि मजदूरहरूको कुनै निश्चित ज्याला र कामको समय छैन। २ सेर धान वा अन्नमा १२ घण्टासम्म यहाँ काममा लगाइने व्यवस्था विद्यमान रहेको छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लामा बाँधाको रूपमा नरहेता पनि पुस्तौं पुस्ता हरूवा चरूवाको रूपमा एउटै धनीको घरमा बस्ने प्रथा छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा छुवाछूत धेरै मात्रामा छ। डूम भन्ने जातिलाई छुनसम्म हुँदैन भन्ने सोचाई छ र त्यो जातलाई गाउँबाट अलग्ग राखिएको हुन्छ।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य र टिप्पणी प्रकाशित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा यस वर्ष २ जनाको गाडी दुर्घटनाबाट मृत्यु भयो।

■



१. पूर्वाञ्चल

सगरमाथा

१.१३ उदयपुर

जनसंख्या : २२१२५६
साक्षरता : ३८.० प्रतिशत
महिला साक्षरता : २१.४ प्रतिशत
क्षेत्रफल : २०६३ वर्ग कि.मी.

उदयपुर जिल्ला सगरमाथा अञ्चलको मित्री मधेश क्षेत्रमा पर्दछ। जिल्लामा क्रियाशील मानवअधिकारवादी संस्थाहरूले ग्रामीण क्षेत्रमा मानवअधिकार कार्यक्रमहरू संचालन गर्ने गरेकाले ग्रामीण जनसमुदाय पनि आफ्ना अधिकारका बारेमा सजग हुन थालेको भेटिएको छ। यस जिल्लामा अत्यन्तै पिछडिएको मुसहर जातिका मानिसहरूको जीवनस्तरमा भने कुनै परिवर्तन भएको छैन। यस वर्ष गाइघाट गाविस-१ को बोक्से भन्ने ठाउँमा जमिन्दार र सुकुम्बासी बीच विवाद हुँदा गोली समेत चल्यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

गाईघाट गाविस-१ बोक्सेमा सुकुम्बासी र वस्नेत परिवारको जग्गा सम्बन्धी विवादमा वस्नेत परिवार तर्फ १५० जना व्यक्तिहरू **०५१ चैत १६** गते दिउँसो हातमा पिस्तोल, बन्दुक र लाठी सहित सुकुम्बासी टोलतिर आक्रमण गर्न भनी गए। उता सुकुम्बासीहरू पनि हातमा हँसिया, भाला र खुकुरी लिएर प्रतिरोधमा उत्रिए। वस्नेतहरूका तर्फबाट गोली प्रहार हुँदा निरबहादुर भुजेल, गणेशबहादुर सार्की, डम्बरकुमारी राई सरन्त घाइते भए भने अरू ५९ जना घाइते भए। तर सुकुम्बासीहरूले हातहतियारधारीहरूलाई लखेट्दै चक्रबहादुर वस्नेतको घरसम्म पुऱ्याए। त्यतिबेला प्रहरीहरू आई केही सेल अश्रु ग्यास छोडेका थिए। उक्त घटनापछि प्रहरीले चक्रबहादुरको घर खानतलासी गर्दा ७ थान पिस्तोल र १ सय ७६ थान गोली बरामद गरी चक्रबहादुर वस्नेत सहित १८ जनालाई गिरफ्तार गऱ्यो। उक्त घटनालाई लिएर सुकुम्बासीहरूले ४७ जनाको नाममा विभिन्न मुद्दा दर्ता गराए। ०५२ बैशाख २० गतेको आमसभामा नेकपा मसाल संजमोका नेताहरूले घोषणा गरे बमोजिम बैशाख २१ गते विहान नेताहरू सहित सुकुम्बासीहरू कुटो, कोदालो, खन्ती बोकेर निषेध गरिएको जग्गा खनजोत गर्न गए। प्रहरीले रोक्न खोजे। तर प्रहरी विफल भए। दिउँसो थप दुई ट्रक दंगा प्रहरी त्यहाँ आई लाठी चार्ज गर्दै ४ सेल अश्रुग्यास छोडे। उक्त भीडन्तमा २३ जना प्रहरी र ४० जनामन्दा बढी सुकुम्बासीहरू घाइते भए। जिल्ला प्रहरी कार्यालयले जनाए अनुसार प्रहरी निरीक्षक मोहनप्रसाद श्रेष्ठ र प्रहरी सहायक निरीक्षक चन्द लामा, प्रहरी जवान परशुराम रावल र मोहनकाजी गुरूङलाई बढी चोट लागेको थियो। नेकपा मसालका प्रवक्ता दिनानाथ शर्मालाई कुममा चोट लाग्यो। योगबहादुर राईको टाउको र शरिरमा चोट लाग्यो। उक्त घटनाका सम्बन्धमा इन्सेकका पूर्वाञ्चल क्षेत्रीय संयोजक दशरथ बुढाथोकी र पत्रकार यज्ञ शर्माको एक तथ्य छानवीन टोलीले स्थलगत छानवीन गरी प्रतिवेदन पनि सार्वजनिक गरेको थियो।

चौडण्डी गाविस - रानीटारका ४८ वर्षीय रंगमान माझीले **०५२ भदौ १५** गते दिउँसो घरायसी वादविवादका कारण ८० वर्षीय बाबु लखमान माझी र ७५ वर्षीय आमा पञ्चीमाया माझीलाई वञ्चरो प्रहार गरी हत्या गरे। भदौ १७ गते प्रहरी कार्यालयमा दिएको जाहेरी अनुसार प्रहरीद्वारा पीडकलाई पक्राउ गरी आवश्यक अनुसन्धानपछि सबुत प्रमाण वञ्चरो सहित ०५२ असोज ६ गते अदालतमा पेश गरिएको थियो।

मलायो डाँडा गाविस-९ ध्याम्पेका २४ वर्षीय इन्द्रबहादुर राईलाई **०५२ असोज १७** गते स्थानीय प्रेमबहादुर लुङगेली मगरले छुरी प्रहार गरी हत्या गरे। प्रेमबहादुरका दाजु-भाइको विवाद मिलाउन खोज्दा इन्द्रबहादुरलाई छुरी प्रहार गरिएको थियो। पीडकलाई गाउँलेहरूले नै पक्राउ गरी प्रहरी कार्यालयमा बुझाए। उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	–	–	–	–
हिरासतमा यातना	–	–	२	३
[वनपोष्टमा यातना				१]
बलात्कृत	२	२	२	१
आत्महत्या	–	–	३	२

ठोक्सीला गाविस-१ मा **०५२ कार्तिक ४** गते सुनसरी, छिटाहा गाविस-५ का ३२ वर्षीय नारायण शाहलाई प्रकाशपुर गाविस-५ सुनसरीकै दीपक राई, राजेन्द्र राई र बद्री चन्द्रवंशीले कुटपिट गरी हत्या गरे। पीडक दिपक राई फरार छन् भने अन्य २ जना पीडकहरूलाई प्रहरीले पक्राउ गरी अदालतमा पेश गरेका छन्। पीडकहरूले आफूहरूले हत्या गरेको स्वीकार गरेका छन्।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेलमा ५० जना बन्दी राख्न सकिने क्षमता छ। "ख" श्रेणीको यस जेलमा यस वर्ष यहाँ २४ जना थुनुवा र १५ जना मुद्दा फैसला भएका बन्दीहरू समेत जम्मा ३९ जना बन्दीरू रहेको पाइयो। जेलको भौतिक अवस्था जीर्ण भैसकेको छ।

१.३ गिरफ्तारी र यातना

गाईघाट गाविस-१ बोक्सेको **०५२ बैशाख २१** गतेको घटनामा नेकपा मसालका प्रवक्ता दीनानाथ शर्मा, संजमोका केन्द्रीय सदस्य अमिक शेरचन र संजमोकै घनश्याम पौडेल, साध्यबहादुर भण्डारी समेत राजनीतिक पार्टीका नेता कार्यकर्ता र ९ जना सुकुम्बासीहरूलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहर समेत १७ जनालाई मुद्दा लगाइयो। आगजनीको अभियोगमा गिरफ्तार गरिएकी विष्णुकुमारी राईलाई यातना दिइएको बताइन्छ। हिरासतमा रहेका डिगबहादुर राई, नारायण विश्वकर्मा र जनक राईलाई छुट्टै कोठामा लगी यातना दिएको पीडितहरूले बताए।

मूमरसुवा गाविस-९ मा **०५२ कार्तिक ६** गते केही युवाहरूबीच क्यासेट चोरी गरेको विषयमा विवाद भयो। उक्त विवादलाई मिलापत्र गराउने सैलेश थापा, अमिर थापा, समिर थापा र वौवा थापालाई ०५२ कार्तिक १६ गते प्रहरीले पक्राउ गरी २४ घण्टासम्म हिरासतमा राख्यो।

हडिया गाविस-४ का ५१ वर्षीय लक्ष्मणदास वानियाँलाई रक्सी खाएको आरोपमा **०५२ पुस ९** गते प्रहरी चौकीका हवल्दार गंगाबहादुर विष्टले पक्राउ गरी कुटपिट गरी हतकडी समेत लगाएर चौकीमा पुऱ्याई लाठीले समेत हिर्काई रक्ताम्य बनाए।

भोरा सामुदायिक वन समिति **देउरी-१** का उपाध्यक्ष मोती लाललाई वन चेकपोष्ट लालपाटाका वन सुरक्षा गार्डहरूले पक्राउ गरे। अन्य व्यक्तिहरूलाई पनि उनीहरूले पक्राउ गरी कुटपिट गरेका थिए।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

ठोक्सीला गाविस-३ का कर्णबहादुर थापालाई स्थानीय लक्ष्मण धामीले **०५२ असार ३१** गते खुर्पा प्रहार गरी घाइते बनाए। लक्ष्मण धामीले उनलाई कुटपिट गर्दै लखेटेपछि सहन नसकी खुर्पा प्रहार गरेको बताइन्छ। पीडक धामीलाई प्रहरीले हिरासतमा लिएका थिए। धामीले हिरासतबाट निस्कनेवित्तिकै उनलाई खत्तम पार्ने धम्की दिएको बताइन्छ।

त्रिजुगा जनता क्याम्पस गाईघाटमा प्रमाणपत्र तह दोश्रो वर्षमा अध्ययनरत किरण कोसेली राईलाई **०५२ असोज ४** गते देउरी गाविस-८ का मनोज भण्डारी र सरोज भण्डारीले खुकुरी प्रहार गर्न लाग्दा उनीहरूलाई प्रहरीले पक्राउ गरी केही सार्वजनिक अपराधको मुद्दा लगाइयो। २८ हजार बराबरको जेथाजमानी धरौटीमा राखी तारेखमा छोडिएको छ।

वसाहा गाविसका श्याम विष्टलाई **०५२ असोज १८** गते वेल्टारतिर जाँदै गर्दा स्थानीय गणेशबहादुर श्रेष्ठ, डम्बरबहादुर मगर, मनराज तामाङ्ग समेतका व्यक्तिहरूले कुटपिट गरे। यस घटना बारे विष्ट परिवारले थाहा पाएपछि बबरबहादुर विष्ट, राजेन्द विष्ट, हरिचन्द विष्ट र एकमणी विष्ट लगायतका व्यक्तिहरू पनि घटनास्थल आए अनि दोहोरो भीडन्त भयो। सामान्य चोटपटक दुबै पक्षका व्यक्तिहरूलाई लागेको भए पनि श्याम विष्ट र उनका बाबु बबरबहादुर विष्टमाथि खुकुरी प्रहार गरी सख्त घाइते बनाइयो। पीडकहरूउपर ज्यान मार्ने उद्योग गरेको मुद्दा लगाइयो। तर पछि यस घटनालाई अतिरञ्जित गरी राजनीतिक रंग दिइएको थियो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

त्रिजुगा जनता क्याम्पसको स्ववियू निर्वाचनको सन्दर्भमा **०५२ मंसीर १७** गते ने.वि.संघ र अनेरास्ववियूका कार्यकर्ताहरू बीच विवाद उत्पन्न भयो। अनेरास्ववियू समर्थकहरूले ने.वि.संघका केही कार्यकर्ताहरूलाई कोठामा थुनेको आरोपमा गाईघाट गाविस-२ का नेपाल राष्ट्रिय शिक्षक संगठनसंग सम्बद्ध जनता प्रा.वि.का शिक्षक शुभनारायण चौधरीलाई प्रहरीले पक्राउ गरे। उनीमाथि केही सार्वजनिक अपराधको मुद्दा लगाइयो। आफूलाई राजनीतिक आस्थाका कारण विद्यार्थीहरूको विवादमा षडयन्त्र गरी भुट्ठा आरोप लगाएको कुरा चौधरी बताउ छन्। यस विषयलाई लिएर अनेरास्ववियू जिल्ला कमिटीले ०५२ मंसीर २५ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र दिए। उक्त ज्ञापन पत्रमा निर्दोष शुभनारायण चौधरीलाई तुरुन्त रिहा गरिनु पर्ने अन्यथा हडताल गर्ने धम्की दिइएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

उदयपुर जिल्ला अदालतमा गत आर्थिक वर्षबाट सरी आएका ५ सय ३७ र यो वर्ष दर्ता भएका ४ सय ३८ समेत जम्मा ९ सय ७५ मुद्दा भएको मा देवानी तर्फ ३ सय ७४ र फौजदारी तर्फ ३ सय ३२ मुद्दा फैसला भए। बाँकी २ सय ६९ मुद्दा चालु आर्थिक वर्षमा सरेको कुरा अदालतबाट थाहा भएको छ। यस वर्ष ७२.४१ प्रतिशत मुद्दा फैसला भएको पाइयो।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

रूपाटार गाविसस्थित जनता प्राथमिक विद्यालयमा कार्यरत शिक्षक गोसांइ पासवानलाई सेवाबाट अवकाश दिइयो। यस

सम्बन्धमा पीडित पासवानको भनाइ छ –"मलाइ या त सरकारी दरबन्दी भएको शिक्षकमा नियुक्ति दिनु पर्छ अन्यथा मैले १ वर्ष पढाएको तलब पाउनु पर्छ। तर जिल्ला शिक्षा अधिकारीले आश्वासन दिँदै आलटाल मात्र गरिरहेका छन्।"

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी समस्याले बेलाबेला जटिल मोड लिने गरेको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

त्रिवेणी गाविस-७ की २५ वर्षीय एक महिलालाई दाउरा बेच्न बजारतर्फ जाँदै गर्दा कटारी गाविस-४ का महेशकुमार श्रेष्ठ र शशु तामाङ्गले **०५१ फागुन ८** गते बलात्कार गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

सिराहा जिल्ला घर भएका निरज गुप्ता, संजय निरौला र रूपेश न्यौपाने समेतले **०५२ असार ९** गते स्थानीय १५ वर्षीय बालिकालाई बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरी केही सार्वजनिक अपराधको मुद्दा लगाए। पछि ०५२ असार २० गते धरौटी राखी तारेखमा छुटेका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

ठोक्सीला गाविस-२ का शैलेन्द्र के.सी.ले घरमा पत्नी हुँदाहुँदै **०५२ साउन २७** गते २ जना युवतीहरूलाई जबर्जस्ती सिन्दूर हालिदिए। ती पीडित युवतीहरू मोरङ्ग जिल्ला लेटाङ शनिश्चरे गाविस-२ घर भई ठोक्सीलामा आफ्ना आफन्तहरूलाई भेट्न आएका थिए। प्रहरीले तीनै जनालाई पक्राउ गऱ्यो। पीडित युवतीहरूले बेइज्जती हुने डरले हामीलाई सिन्दूर हालेको होइन भनेपछि सबैलाई रिहा गरियो।

हडिया गाविस-१ देवघाटका भरत चौधरीले घरमा पत्नी हुँदाहुँदै **०५२ असार १५** गते सरमसिला चौधरीसंग दोश्रो विवाह गरे। पीडित हसन कुमारीले बहुविवाह सम्बन्धी मुद्दा दिएपछि पीडक फरार छन्।

४.३ गर्भपतन

यस सम्बन्धी घटना जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

पञ्चावती गाविस-३ उदयपुरगढी भैंसेटारीकी १६ वर्षीय एक युवतीले **०५२ असोज १६** गते बच्चा पैदा गरी उक्त बच्चालाई घाँटी थिचेर मारिन्। यस कार्यमा उनकी आमाले सहयोग गरेकी थिइन्। अविवाहिता ती युवती स्थानीय भिमबहादुर थापासंगको शारीरिक सम्बन्धका कारण गर्भवती भएकी थिइन्। ती युवतीलाई प्रहरीले पक्राउ गरी जिल्ला अदालतमा पेश गरेको छ।

यस जिल्लामा गरिबीका कारण थुप्रै बालबालिकाहरू मजदुरी गर्न बाध्य छन्। यस बापत उनीहरूले अत्यन्तै न्यून पारिश्रमिक पाउँछन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

उदयपुर सिमेन्ट उद्योगमा रहेका कर्मचारी मजदुरहरूको सुविधा वृद्धि गर्न र सबै किसिमका अनियमितता रोक्न र लामो समयदेखि कार्यरत दैनिक ज्यालादारी कर्मचारीहरूलाई स्थायी गरिनु पर्ने जस्ता विविध ३९ सूत्रीय मागहरू राखी नेपाल स्वतन्त्र मजदुर यूनियनले **०५२ जेठ ३१** गते देखि विरोध कार्यक्रम संचालन गऱ्यो। ०५२ साउन ३१ गते व्यवस्थापन पक्ष र यूनियन पक्ष बीच सम्झौता भई विरोध कार्यक्रम टुंगिएको थियो। तर अहिले सम्झौता अनुसार काम भएको छैन भनी यूनियनका पदाधिकारीहरू बताउँछन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

भुमरसुवा गाविस-१ का ४० वर्षीय खजामुल खातुन विरामी परी **०५२ असार ११** गते जिल्ला अस्पताल पुगिन्। तिनको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्यकर्मी दिपा यादवले राम्रोसंग नजाँची औषधि लेख्न थालेपछि खातुनले गुनासो गरिन्। अनि ती स्वास्थ्यकर्मीले विरामी खातुनलाई अमानवीय व्यवहार गर्दै लछारपछार गर्दै बाहिर निकाली दिइन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस जिल्लाको गाइघाट गाविस-१ बोक्सेमा ०५१ चैत १६ गते भएको सुकुम्बासीहरू र जमिन्दार बीच गोलीकाण्ड र ०५२ वैशाख २१ गते प्रहरी र सुकुम्बासी बीचको भीडन्तका सम्बन्धमा विभिन्न राजनीतिक पार्टीहरूले विरोध जनाएका थिए।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा खोलाले बगाएर २ जनाको मृत्यु भयो। जंगली जनावर भालुको आक्रमणबाट १ जना र ट्रकले ठक्कर दिएर १ जनाको मृत्यु भयो। आगलागीमा परी ३ जना बालबालिकको ज्यान जानुका साथै ८ वटा घर नष्ट भए। ०५२ जेठ २१ गते पहिरोमा परी उदयपुर गाइघाट सडक निर्माण कार्यमा संलग्न शाही नेपाली सेनाका हुद्दा शिवबहादुर भण्डारी, हवल्दार गोरखनाथ दाहाल, सिपाहीहरू पुरूषोत्तम थापा, सोमबहादुर राई, केदार अधिकारी र मिठ्ठे घर्ती समेत ६ जनाको मृत्यु भयो। माटोले पुरी एक बालिकाको मृत्यु भयो।

२ जनाले आत्महत्या गरेका घटना सार्वजनिक जनाकारीमा आए। ती मध्ये १ पुरूष र १ महिला थिए। दुबैले झुण्डिएर आत्महत्या गरेका थिए।

■



१. पूर्वाञ्चल
सगरमाथा
१.१४ खोटाङ्ग

जनसंख्या : २१५९६५
साक्षरता : ३९.९ प्रतिशत
महिला साक्षरता : २३.३ प्रतिशत
क्षेत्रफल : १५९१ वर्ग कि.मी.

खोटाङ सगरमाथा अंचलमा पर्ने विकट पहाडी जिल्ला हो। यस जिल्लामा बहुसंख्यक राई जातिका मानिसहरू बसोबास गर्दछन्। अहिले पनि यहाँका बासिन्दाहरू विभिन्न किसिमका कुरीति र कुसंस्कारहरूले ग्रस्त छन्। मानवअधिकारको चेतना भने प्रजातन्त्र पुनर्स्थापनापछि विस्तारै बढ्दै गएको पाइन्छ। ०५२ असार २ गतेको अविरल वर्षाको कारण यस जिल्लामा आएको बाढी पैहोमा परी ५८ जनाको मृत्यु भयो भने थुप्रै घरवार विहीन भए।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

वाक्सीला गाविस-३ का २८ वर्षीय मानबहादुर राईलाई **०५१ चैत १०** गते स्थानीय बागधन राईले कुटपिट गरी हत्या गरे। उनको लाश त्यसै दबाइयो। यस सम्बन्धी घटनाको बारेमा ०५१ चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा जानकारी प्राप्त भएपछि प्रहरीहरूले चिहानबाट लाश निकाली पोष्टमार्टम गराए। पोष्टमार्टमको रिपोर्टमा मानबहादुरको टाउकोमा गहिरो चोट लागी मृत्यु भएको भन्ने उल्लेख छ। पीडक बागधन फरार छन्।

राजापानी गाविस-७ का १८ वर्षीय झनकबहादुर कार्कीको **०५२ जेठ ६** गते रहस्यमय मृत्यु भयो। तिनलाई आफ्नै बाबु देवीबहादुर कार्की समेतले कुटपिट गरी मारेको आशंका गरिएको छ। यही आरोपमा देवीबहादुर कार्कीलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	-	१	-
बलात्कृत	-	-	१	२
आत्महत्या	-	-	५	१०

खाल्ले गाविस-८ सिवालय गाउँका ३० वर्षीय पुन्यबहादुर नेपालीलाई **०५२ असोज २१** गते चिम गाविसका १९ वर्षीय रमेश सुनामले कुटपिट गरी हत्या गरे। पीडक र पीडित दुबैले उक्त दिन संगै बसी रक्सी पिएका थिए। पीडक रमेश सनामलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको छ।

सिम्पानी गाविस-९ की सरिता पोखरेललाई **०५२ असोज २८** गते आफ्नै पति गोविन्दबहादुर पोखरेल समेतका अन्य व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। पीडक गोविन्दबहादुर पोखरेल, तिलकबहादुर पोखरेल र मदन पोखरेललाई पक्राउ गरी अदालतको आदेश अनुसार गोविन्द पोखरेललाई थुनामा राखी अन्यलाई तारेखमा छोडिएको छ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेलको क्षमता ३० जना बन्दी राख्न सकिने छ। यहाँ हाल ३७ पुरुष र ३ महिला समेत ४० जना बन्दी रहेका छन्। तीमध्ये १५ जना थुनुवा र २५ जना मुद्दा फैसला भएकाहरू छन्। महिला बन्दीहरूसंग बस्ने २ जना नाबालक पनि छन्। खानेपानीको राम्रो व्यवस्था नभएको गुनासो बन्दीहरूको रहेको छ।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

बेपत्ता पारिएका रविन के.सी. अझै फेला परेका छैनन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

उल्लेख्य घटना देखा परेको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतप्रति यस जिल्लाका बासिन्दाहरूको सकारात्मक धारणा रहेको पाइन्छ। तर अर्धन्यायिक निकायहरूप्रति जनताको पूर्ण विश्वास नभएको पाइयो। जिल्ला अदालतमा यो वर्ष कुटपिट सम्बन्धी ५५, ज्यान मार्ने उद्योगको ३, कर्तव्य ज्यान सम्बन्धी ९, लुटपिट सम्बन्धी २८, जर्वजस्ती करणीका २, हाडनाता करणीको १, चोरी १, जालसाजी सम्बन्धी ८ वटा मुद्दा दर्ता भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

कर्मचारी तथा शिक्षकहरूलाई राजनीतिक आस्थाका कारण जुनसुकै सरकारको पालामा पनि पक्षपातपूर्ण व्यवहार भएको गुनासो सम्बन्धित व्यक्तिहरू बताउँछन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

उल्लेख्य घटना देखा परेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

चिउरीडाँडा गाविस–८ की १४ वर्षीय एक बालिकालाई गाई वस्तु चराउन गएको बखत **०५१ चैत १७** गते स्थानीय गोविन्दबहादुर चौहानले बलात्कार गरे। पीडित बालिकाले प्रहरी कार्यालयमा उजुरी दिए पछि पीडक फरार छन्।

सप्तेस्व गाविस–९ की १५ वर्षीय एक बालिकालाई खेतमा धान रूङ्न गएको बखत **०५२ कार्तिक ३०** गते स्थानीय २२ वर्षीय सप्तराज राईले बलात्कार गरे। पीडक फरार छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

कुनै घटना प्रकाशमा आएन।

४.३ गर्भपतन

थितुङ्ग गाविस–९ की १८ वर्षीय चण्डीका राईको **०५१ फागुन २८** गते गर्भपतन गराउन खोज्दा जिल्ला अस्पताल दिक्तेलमा मृत्यु भयो। उनी हलेसी गाविस ऐसेलुखर्कका मामा नाता पर्ने चङ्खराज राईसंग शारीरिक सम्पर्कका कारण गर्भवती भएकी थिइन्। घटनाका सम्बन्धमा प्रहरीले गर्भपतन गराउने कार्यमा संलग्न अस्पतालका कर्मचारीहरूलाई धरौटीमा राखी तारेखमा छोडेको छ भने चङ्खराज राई फरार छन्।

ऐंसेलुखर्क गाविस–४ की २४ वर्षीय भोजकुमारी (दोटीमाया) कार्कीले **०५१ चैत २८** गते गर्भपतन गराउन खोज्दा मृत्यु भयो। स्थानीय ४८ वर्षीय दलबहादुर गिरीसंगको शारीरिक सम्पर्कका कारण भोजकुमारी गर्भवती भएकी थिइन्। उक्त दिन तिनलाई दलबहादुरले डाक्टर कहाँ जाँच गराउने भनी दुवेकोल गाविस–७ राउटारका बलबहादुर गुरूङ कहाँ पुऱ्याए। त्यहाँ उनलाई इन्जेक्सन दिई चिरफार गर्न खोज्दा उनको मृत्यु भएको थियो। वलबहादुर गिरी र वलबहादुर गुरूङलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

दिक्तेल गाविस–८ को एक ओडारमा **०५१ माघ १** गते नवजात शिशुको वेवारिसे लाश फेला पऱ्यो। यस घटनाको जानकारी स्थानीय शुक्रबहादुर राईले प्रहरीमा दिएपछि प्रहरीले यस सम्बन्धी अनुसन्धान गर्दै गरेको थियो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

लामिडाँडा गाविस–७ लामिडाँडा विमानस्थलमा रहेको एभरेष्ट एयरका स्टेशन इन्चार्ज शखसिं मुलले सोही कार्यालयका निम्न स्तरका कर्मचारीहरूलाई अतिरिक्त पारिश्रमिक नदिएर कार्यालय समयपछि आफ्नो व्यक्तिगत काममा लगाउने गरेको गुनासो पीडितहरूको रहेको छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लाका धनीमानी साहुहरूले गरीबहरूलाई ऋण दिएर खेतवारी जोत्न लगाउने गरेको पाइन्छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

उल्लेख्य घटना भएको पाइएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

घटनाका सम्बन्धमा कुनै पक्षबाट प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित गरिएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

०५२ असार २ गतेको अविरल वर्षाका कारण बाढी पैरोमा परी यस जिल्लाको विभिन्न ठाउँहरूमा गरी ५८ जनाको मृत्यु हुनुका साथै ४७ वटा घरहरू ध्वस्त भए। उक्त वाढी पैरोले माफका, सप्तेश्वर, जालमा, हौचुरा, महेश्वरी, दुवेकोल, ऐंसेलुखर्क र बाकाचोक आदि गाविसहरू प्रभावित भएका थिए। ३ वटा पुल, एउटा मिल, एउटा घट्ट क्षतिग्रस्त भए। संभावित खतराको कारण १ सय ९७ वटा घर परिवारलाई अन्यत्र सार्नु परेको थियो। आगलागीमा परी २ जनाको मृत्यु भयो। जंगली जनावरको आक्रमणबाट १ जनाको मृत्यु भयो भने समयमै उपचारको अभावमा बच्चा जन्माउन नसकेर एकजना महिलाको मृत्यु भयो। १० जनाले आत्महत्या गरे। तिनमा २ जना पुरूष र ८ महिला छन्। आत्महत्या गर्नेहरू १५ देखि ५४ वर्ष बीचको उमेरका रहेका छन्। तिनमा १ जनाले गरिबीका कारण आत्महत्या गरेको पाइयो। अरू सबैले भुण्डिएर आत्महत्या गरेका थिए। ■



१. पूर्वाञ्चल

सगरमाथा

१.१५ ओखलढुङ्गा

जनसंख्या : १३९४५७

साक्षरता : ३८.६ प्रतिशत

महिला साक्षरता : २२.८ प्रतिशत

क्षेत्रफल : १०७४ वर्ग कि.मी.

सगरमाथा अञ्चलको ओखलढुङ्गा पर्यटकीय आकर्षणको स्थल पनि रहेको छ। पेशागत दृष्टिले यहाँका जनसंख्याको बयानब्बे प्रतिशत कृषिमा निर्भर छ। मानवअधिकार हननका दृष्टिले यो जिल्ला पनि राष्ट्रिय चर्चामा रहने गरेको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

च्यानाम गाविस-७ का हरिबहादुर कटुवालकी पत्नी चन्द्रमाया कटुवालको **०५२ वैशाख १२** गते निमोनियाको रोगले मृत्यु भएको जनाएता पनि हत्या गरेको आशंका गरिएको छ।

ओरगनी गाविस-४ का १४ वर्षीय जीतबहादुर मगरलाई **०५२ वैशाख ३१** गते आफू गोठालो बसेको घरमालिक काजीमान सुनुवारले घरको काम नगरी मेला हेर्न गएको निहुँमा कुटेर हत्या गरे। त्यसपछि मृतकको लाश रूखमा झुण्ड्याइएको थियो।

केतुके गाविस-४ की भक्तमाया तामाङले **०५२ जेठ १४** गते आफ्नी १२ वर्षीय छोरी रिङ्कु तामाङलाई पैसा चोरेर चाउचाउ खाएको रीसमा कुटेर हत्या गरिन्। प्रहरीले भने यसलाई स्वभाविक मृत्यु भनी अभियुक्तलाई कार्वाही नचलाएको बताइन्छ।

ओखलढुङ्गा गाविस-२ का ५२ वर्षीय जीवा शेर्पाले **०५२ असार २** गते मादक पदार्थ सेवन गरी आफ्नी ४८ वर्षीय पत्नी लाक्पाडोमा शेर्पालाई कोदालोले हिर्काई हत्या गरे।

टारकेरावारी गाविस-८ का खम्बबहादुर वस्नेत र निजकी पत्नी खेमकुमारी वस्नेतले **०५२ असार २** गते स्थानीय हेमबहादुर विष्टकी गर्भवती पत्नी नरमाया विष्टको पेट चिरी आमा र बालकको समेत हत्या गरे। खम्बबहादुरको नरमाया विष्टसंगको अनैतिक सम्बन्धबाट रहन गएको गर्भले समाजमा आफ्नो छबि बिग्रने डरले त्यसरी हत्या गरिएको थाहा भएको छ।

बिगुटार गाविस-३ का दाजाङबु शेर्पाले बरूणेश्वर-९ का दातेम्बा शेर्पालाई **०५२ मंसीर ५** गते रक्सीले मात्तिएको अवस्थामा छुरी प्रहार गरी हत्या गरे।

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	१	–	–	–
हिरासतमा यातना	–	–	४	–
बलात्कृत	–	–	–	–
आत्महत्या	–	१	९	४

१.२ जेल र बन्दीहरू

५० जनाको क्षमता भएको यहाँको कारागारमा हाल २१ जना बन्दी रहेका छन्। जसमा ११ पुरूष, २ महिला कैदी र ५ पुरूष, ३ महिला थुनुवामा रहेका छन्। यहाँ खाना बनाउने ठाउँको समस्या छ। मुद्दा सुनवाईमा ढिलो हुने गरेको गुनासो बन्दीहरूको छ। पत्रपत्रिका र खेलकुद सामानको पनि अभाव देखिएको छ। हाल जेल सरसफाईको प्रबन्धमा केही सुधार आएको छ।

१.३ गिरफ्तारी र यातना

नारायणस्थान गाविस-३ का श्यामलाल खत्रीलाई **०५२ मंसीर १६** गते गाविस अध्यक्ष देवीबहादुर के.सी.को छोरा प्रदीप के.सी.लाई पिटेको निहुँमा १३ दिनसम्म प्रहरी हिरासतमा राखी सार्वजनिक मुद्दा लगाइयो।

१.४ वेपत्ता पारिएको

०३८ सालमा वेपत्ता पारिएका गणेशनिधि गौतम अझै फेला परेका छैनन्।

०५० माघ ३ गतेको विन्दादेवी दाहालको हत्या अभियोगमा गिरफ्तार भएका **सिंहदेवी कुवापानी**का रवि दाहाल **०५२ जेठ ३** गते हिरासतबाट वेपत्ता भएका छन्। प्रहरी सूत्रले उनलाई छड काटेर भागेको भनेको छ भने निजका घर परिवारले वेपत्ता पारिएको मनेका छन्।

पाल्ले गाविस-६ का २० वर्षीय दामे शेर्पा र १८ वर्षीय लाक्पा शेर्पालाई ज्यान मार्ने उद्योगको मुद्दामा इलाका प्रहरी कार्यालय खिजी फलौटेले हिरासतमा राखेको बेलामा **०५२ जेठ १६** गते देखि वेपत्ता भएका छन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

वरूणेश्वर गाविस-४ का २१ वर्षीय रविशचन्द्र कार्कीलाई **०५२ असोज १२** गते वरूणेश्वर गाविस-२ का नेत्र अधिकारी लगायत ३ जनाले मरणासन्न हुने गरी कुटपिट गरे।

टोक्सेल गाविस-६ का श्रीलाल गौतमले **०५२ कार्तिक ८** गते स्थानीय खिलानाथ गौतम र मेघनाथ बाँस्तोलालाई खुकुरी प्रहार गरी घाइने बनाए।

रूम्जाटार गाविस-६ का दिलबहादुर गुरूङ्गले **०५२ कार्तिक २७** गते स्थानीय ७६ वर्षीय पूर्णबहादुर गुरूङ्गलाई सडकबाटै ढुङ्गाले हिर्काएर सख्त घाइते बनाए।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जि.वि.स. सदस्य गणेशमान कट्वाललाई दलवदल गरेवापत जि.वि.स. बैठकमा हाजिर हुन दिइएन। वहाँलाई **०५२ मंसीर ७** गते राजीनामा दिने शर्तमा मात्र हाजिर गराइएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

सल्यान गाविस-१ की ३६ वर्षीय चन्द्रकुमारी नेवारनीलाई ०४६ वैशाख ५ गते ज्यान सम्बन्धी मुद्दामा जिल्ला अदालतले अपराधी ठहर गरी २० वर्ष कैद फैसला गरी थुनामा राखेको थियो। चन्द्रकुमारीको सो मुद्दा पुनरावेदन अदालत पुग्यो र पुनरावेदन अदालत राजविराजले ०४९ असार २७ गते ७ वर्षको कैद कायम गर्ने फैसला गर्‍यो। उक्त ७ वर्षको कैद चन्द्रकुमारीले ०५२ जेठ ११ गते भुक्तान गरिसकेर पनि यो वर्षको अन्तसम्मै उनी जेलमै रहेकी छन्। चन्द्रकुमारीको रिहाई बारे कुरा गर्दा कारागारका जेलर बताउँछन्- "उनको मुद्दा तथा पुनरावेदन अदालतको फैसला उपर सर्वोच्च अदालतबाट प्राप्त हुनुपर्ने राय ठहर प्राप्त नभएकोले उनलाई छोड्न नसकिएको हो। अदालतमा २ पटक लेखी सकियो नर पनि उक्त राय ठहर आएको छैन।" यसरी कैद भुक्तान भैसकेर पनि नागरिकले बन्दी बनिरहनु पर्ने स्थिति न्यायिक निकायको ढिलासुस्तीका कारण उत्पन्न भएको छ। यस वर्ष यहाँ ३ सय ७४ वटा मुद्दा दर्ता भए। जसमध्ये ८८ वटा फछ्र्यौट भई २ सय ८६ वटा बाँकी रहेका छन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

जिल्ला शिक्षा समितिमा २ वर्षको लागि मनोनित सदस्य लीलाबहादुर कट्वाल तथा छनौट समितिका सदस्यहरू सुमन भण्डारी र भीमप्रसाद श्रेष्ठलाई अवधि बाँकी छँदै अवकाश दिइयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मुलखर्क गाविस-६ की २३ वर्षीय कालीमाया विश्वकर्माले **०५१ माघ**मा स्थानीय पुष्पबहादुर कार्कीसंगको यौन सम्पर्कबाट छोरा पाएपछि सो छोराको न्वारन समेत नभई हाल उनी माइती घरमा बसेकी छिन्।

फुलवारी गाविस-६ की ४० वर्षीय लिलामाया खड्काको आफ्नै भतिजो पर्ने २६ वर्षीय मानबहादुर खड्कासंग **०५१ माघ** देखि यौन सम्पर्क रहेको थाहा हुन आए पछि निजलाई गिरफ्तार गरियो।

ज्यामिरे गाविस-६ की ४७ वर्षीय मिठ्ठुमाया खड्काले आफ्नै नाति पर्ने १७ वर्षीय लीलबहादुर खड्कासंगको यौन सम्पर्कबाट **०५१ चैत २** गते बच्चा जन्यो। हाल उनी कहाँ छिन् थाहा पनि छैन।

कुन्तादेवी गाविस-१ की रत्नकुमारी ढकालले **०५२ बैशाख २७** गते स्थानीय हिराप्रसाद ढकालसंगको यौन सम्पर्कबाट बच्चा जन्मेपछि हाल अलपत्र परेकी छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

४.३ गर्भपतन

रानीबन गाविस-९ की गंगमा बोगटीले **०५२ असार १६** गते कालिका गाविस-९ का धनबहादुर श्रेष्ठसंगको यौन सम्पर्कबाट रहन गएको गर्भलाई औषधि सेवन गरी पतन गराइन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

ज्यामिरे गाविस-२ की २२ वर्षीय एक युवतीले स्थानीय ध्रुवबहादुर थापासंगको यौन सम्पर्कबाट **०५२ जेठ १६** गते जन्मेको बालकलाई हत्या गरी फालिन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा भीरबाट खसेर ४ जनाको मृत्यु भयो। त्यस्तै आगलागीबाट २ जनाको मृत्यु र केही धनमालको क्षति भयो। ४ जना महिलाले आत्महत्या गरे। सबैले मानसिक स्थिति बिग्रन गई आत्महत्या गरेको बताइन्छ। ■



१. पूर्वाञ्चल

सगरमाथा

१.१६ सोलुखुम्बु

जनसंख्या : ९७२००
साक्षरता : ३८.५ प्रतिशत
महिला साक्षरता : २१.३ प्रतिशत
क्षेत्रफल : ३३१२ वर्ग कि.मी.

संसारको सर्वोच्च शिखर सगरमाथा रहेको यो जिल्ला चीनसंग जोडिएको छ। नेपालको पर्यटन केन्द्रको रूपमा विश्व परिचित छ। धेरैजसो चट्टानी पहाड र थोरै मात्र खेति योग्य जमीन छ। बाटोघाटोको समुचित व्यवस्था छैन। घोडेटो, गोरेटो मात्र छ। कच्ची मोटर सडक पनि छैन। हवाई सेवाले यहाँको आवागमनलाई जोडेको छ। यहाँ तीनवटा स-साना हवाइ मैदान छन् - फाप्लु, लुक्ला र स्याङवोचे। हाल निजी क्षेत्रबाट हेलिकोप्टर सेवा समेत सञ्चालित छ। सगरमाथा राष्ट्रिय निकुञ्ज पनि यही जिल्लामा रहेको छ। अशिक्षा र गरीबी व्याप्त यो जिल्लामा मानवअधिकार उल्लंघनका घटनाहरू भई नै रहन्छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

गार्मा गाविस-१ का सुवाने वि.क.ले आफ्नै पत्नी टीकामायालाई **०५२ भदौ १२** गते हत्या गरी आफूले पनि पासो लगाई आत्महत्या गरे।

सल्लेरी गाविस-५ का ङिमालमू तामाङ्ग **०५२ मंसीर २९** गते दाउरा बेचेर फर्कंदा कुनीखोप जैदु जाने पुलको छेउमा मृत अवस्थामा भेटिए। कोखामा चोटपटक लागेको र लाश रहेको ठाउँमा थुप्रै ढुङ्गाहरू थुप्रेको दृश्यले हत्याको आशंका गरिएको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	-	-	-
बलात्कृत	-	-	-	-
आत्महत्या	-	१	३	३

१.२ जेल र बन्दीहरू

सोलुखुम्बु जेलको क्षमता २५ जनाको छ। तिब्बती शरणार्थीको निम्ति शिविर बनाइएको घरलाई नै जेल भवनको रूपमा प्रयोग गरिएको छ र यो अत्यन्त साँघुरो र जीर्ण अवस्थामा छ। बन्दीहरू बस्ने कोठामा पर्याप्त उज्यालो र हावा आउँदैन। लेखपढको निम्ति पत्रपत्रिका उपलब्ध नगराइने गरेको कुरा बन्दीहरू बताउँछन्। यस जेलमा कैद तोकिएका १० जना पुरुष र १ महिला, पुर्पक्षको निम्ति थुनामा रहेका १२ जना पुरुष र ४ जना महिला समेत जम्मा २७ जना रहेका छन्।

१.३ गिरफ्तारी र यातना

दिदीसंग पैसा माग्दा नपाएपछि आफ्नो घरमा लागेको आगो उनैले लगाएको हो भनी नेचा वेलधारीका खेमराज कट्टेलले पम्फादेवीलाई **०५२ जेठ १५** गते पक्राए। उनी डूँडी छिन्। तर अहिले पुर्पक्षका लागि थुनामा राखिएकी छिन्। यो घटनाबाहेक यस वर्ष यहाँ गिरफ्तारी र यातनाका अन्य घटना सार्वजनिक जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी घटना जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

वाकु गाविस-५ का शिक्षक सूर्यबहादुर राईलाई सोही ठाउँका पूर्ण, गंगा, भक्त, चक्र, आइ बहादुर राईहरूले **०५१ माघ ५** गते कुटपिट गरे। पीडकउपर कानूनी कारवाही भएको छ।

सल्लेरी गाविस-६ का सार्की शेर्पाले आफ्नै भाइ दोर्जी शेर्पालाई **०५१ फागुन १२** गते सामूहिक वन उपभोक्ता समितिको साधारण सभामा आर्थिक विवरण माग गरेको

रीसइबीले कुटपिट गरे र दोर्जेको हात भाँचिदिए। अभियुक्त सार्की शेर्पा हाल फरार छन्।

टाकसिन्दु गाविस-४ नुनथला स्थित माध्यमिक विद्यालयका शिक्षक तिलक कार्कीलाई सोही ठाउँ बस्ने वि.सं.स.का अध्यक्ष पासाङ्ग ग्याल्जेन शेर्पाले **०५२ वैशाख ५** गते विद्यालयमै कुटपिट गरे। ती शिक्षकले विद्यालयको हितमा कुरा गरी ग्याल्जेनले विद्यालयको कोषबाट लिएको ऋण सापटी फिर्ता गर्नु पर्ने अडान राखी प्रशासनको समेत सहयोग लिई इमन्दारीपूर्वक काम गरिरहेका थिए। अहिले पीडकले पीडितको ज्यान वेपत्ता पार्ने धम्की समेत दिइरहेको तर प्रशासनले तिलकलाई संरक्षण र न्याय दिन सकिरहेको छैन।

टाप्टिङ गाविस-७ का नोर्बु शेर्पालाई **०५२ वैशाख २५** गते आफ्नै ज्वाईं काजी शेर्पाले खुकुरी प्रहार गरे। नोर्बुको टाउको र पाखुरामा चोट लाग्यो। पीडकउपर कुनै कार्वाही भएको छैन। पीडित अस्पताल धाउँदैछन्।

नेचाम बतासे गाविस-२ का सोमप्रसाद कट्टेल र उनकी पत्नी इन्द्रकुमारीलाई सोही ठाउँको खानेपानी योजना सञ्चालन गर्ने उपभोक्ता समितिका अध्यक्ष टिकाराम निरौला र अन्य सदस्यहरू लक्ष्मीप्रसाद कट्टेल, वसन्त शर्मा, धनप्रसाद वास्तोला, विश्वलाल आचार्य र लेखनाथ वास्तोला लगायतका व्यक्तिहरूले कुटपिट गरे। **०५२ असार १** गते खानेपानीको पाइप विछ्याउने क्रममा उनीहरूको बारी खन्न शुरू गर्दा इन्द्रकुमारी र सोमप्रसादले विरूवा पात सारेर ठाउँ मिलाइ दिएपछि खन्नु होला आज पर्खिदिनुस् भन्दा नमानेपछि सो झगडामा कुटपिट भएको थियो।

सल्लेरी गाविस-५ का धनबहादुर लामिछानेले जिल्ला प्रशासन कार्यालयका पिउन धनबहादुर थापालाई **०५२ असार ३** गते रक्सी खाई कुटपिट गरे। अहिले लामिछानेलाई सार्वजनिक अपराधको मुद्दा लगाइएको छ।

गार्मा गाविस-६ तेज्जिङ बस्ने हेवाङ शेर्पाले सोही ठाउ बस्ने नैनबहादुर लामिछानेलाई **०५२ साउन ४** गते कुटपिट गरे। उपभोक्ता समितिद्वारा भएको भ्रष्टाचारलाई समर्थन गरी सही नगरी दिएको रीसमा उक्त कुटपिट गरिएको थियो। अभियुक्तलाई एकदिन थुनी छाडियो। तर पीडित भने आफ्ना चोटपटकको उपचार गराइरहेका छन्।

सोताङ्ग गाविस-२ का गणेश राई र प्र.स.नि. विशाल भारतीबीच **०५२ असोज ७** गते मादक पदार्थ सेवन गरी कुटपिट भयो।

सल्लेरी गाविस-५ का ईन्द्रकुमार श्रेष्ठलाई स्थानीय ललितबहादुर थापाले लेनदेनको कारण **०५२ कार्तिक ९** गते कुटपिट गरे। पछि स्थानीय वासिन्दाले मिलापत्र गराउने प्रयत्न गरे तर स्थानीय प्रशासनले कानूनी कार्वाही गर्नु पर्ने गरी तारेखमा राख्यो। यसको प्रतिशोध स्वरूप तत्कालीन प्रजिअ उषा नेपाललाई मनाङ सरूवा गरिएको पाइन्छ। घटनाको छानवीन जारी छ।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै घटना भएको सार्वजनिक जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता रहेको छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

उल्लेख्य घटना देखा परेन।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

टाकसिन्दु निमाविका शिक्षकलाई विद्यालयको रकम हिनामिना हुन सक्ने शंका गरी सञ्चालक समितिका अध्यक्ष पासाङ्ग ग्याल्जेनको समर्थन नगरेको हुँदा **०५१ माघ** देखिको तलब समेत नदिई विद्यालयको कामबाट हटाइएको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएन।

४.३ गर्भपतन

सल्यान गाविस-४ की शुभ लक्ष्मी राईलाई **०५१ माघ १६** गते एउटा मृत भ्रुण फ्याँकेको अभियोग लगाई गर्भपतनको मुद्दा लगाइयो। राई भन्छिन् - "कोखबाट जन्मँदा नै मृत थियो त म के गरूँ?"

चौरीखर्क गाविस-९ का लालबहादुर विश्वकर्माको कुटाईबाट **०५२ असोज २१** गते स्थानीय सानुमायाँ वि.क.को आठ महिनाको गर्भ पतन भयो। दुर्गापूजाको निम्ति गएका आफ्ना लोग्ने कविरसंग बाझ्दै गरेका लालबहादुरको स्वर सुनेर उनी हेर्न गएकी थिइन्। तर लालबहादुरले लोग्नेको निम्ति हूल उठेको भनी सानुमायाको पेटमा लात्तिले हानेपछि उक्त गर्भपतन भएको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन। यहाँ कमैया बाँधाको चलन छैन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै वक्तव्य प्रतिक्रियाहरू व्यक्त गरेको सार्वजनिक जानकारी प्राप्त भएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

खुम्जुङ्ग, नाम्चे र चौरीखर्क र गोकियोमा **०५२ कार्तिक २३ र २४** गते परेको अविरल वर्षाका कारण तीन/चार फीट हिउँ पऱ्यो र खुम्बु क्षेत्रमा ठूलो पहिरो गयो। दृश्यावलोकनमा आएका पर्यटक, भरिया, पथ प्रदर्शकहरूमध्ये १३ जना विदेशी र १५ जना नेपालीको घटना स्थलमा मृत्यु भयो। त्यस घटनाबाट तीनसय पचास जनालाई स्थानीय प्रहरी सेना र जनसमुदायले उद्धार गरे। हीटल एभरेष्टले हेलिकोप्टरद्वारा विस्कुट र चाउचाउ वितरण गऱ्यो।

खुम्जुङ- हेर्न आएका अमेरिकी नागरिक सेम सेपुर र जोसा सायमन पैदल यात्रा गरिरहेका बेला चौक्तापास क्षेत्रमा हिंड्दा हिउँको डल्ला खसेर लाग्दा सेम सेपुर **०५२ जेठ ८** गते दिवंगत भए।

यस वर्ष यहाँ हेलिकोप्टरको पंखाले लागेर एउटी महिलाको मृत्यु भयो। हेलिकोप्टर नदेखेकी ती महिला कौतुहलतावश नजिकै पुग्दा सो दुर्घटना भएको थियो।

यहाँ खोलाले बगाएर २ जना र भीरबाट लडेर २ जनाको मृत्यु भएको जानकारी पाइयो भने ठगी र चोरीका २ वटा घटना जानकारीमा आए।

यसवर्ष यहाँ झुण्डिएर आत्महत्या गरेका ३ वटा घटना भए जसमा एकजना बालक पनि छन्। ■

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रेपलान्चोक
२.१४ भक्तपुर
२.१५ काठमाण्डौ
२.१६ धादिङ्ग
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२. मध्यमाञ्चल

जनकपुर

२.१ धनुषा

जनसंख्या : ५४३६७२

साक्षरता : २९.९ प्रतिशत

महिला साक्षरता : १६.० प्रतिशत

क्षेत्रफल : ११८० वर्ग कि.मी.

यो जिल्ला जनकपुर अंचलको तराई क्षेत्रमा पर्दछ। धार्मिक र ऐतिहासिक जनकपुर "मिथिला" यसै जिल्लामा पर्दछ। यो जिल्लालाई मैथली भाषा साहित्य र कलाको केन्द्र नै मानिन्छ। विभिन्न सामाजिक र राजनीतिक कारणले गर्दा जिल्लावासीहरूले मानवअधिकार निर्बाध रूपमा उपभोग गर्न पाएको देखिदैन। भारतसंग सीमा जोडिएको यस जिल्लामा डकैतीका घटना समेत हुने गरेको देखिन्छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

०५२ असोज २७ गते **महुवा गाविस**का रामनारायण दास, परमेश्वर साह र परीक्षण मण्डलको घरमा जुगेश्वर कापरी र दिलिप सहनालको नेतृत्वमा गएको एक डफ्फाले रू. ६ लाख मूल्य बराबरको धनमाल लुट्नुका साथै ७ राउण्ड गोली चलाएका थिए। गोली प्रहारबाट ८ जना मानिस घाइते भए। त्यस्तै हातहतियार गोली बारूद लिएर नेपाल प्रवेश गर्न लागेका गाडीहरूलाई प्रहरीले रोकेका थिए।

जनकपुर नपा स्थित मिल्स एरियाका मुन्सी ५५ वर्षीय अमिरीलाल साहलाई **०५२ असार ७** गते उमेश साह, शम्भु साह, महेश साह, राजा साह, दुखिया साह, सहदेव साह समेतका व्यक्तिहरूले कुटपिट गरे। कुटपिटकै कारण तिनको मृत्यु भयो। पीडकहरूमध्ये उमेश साहलाई पक्राउ गरी थुनामा राखिएको छ भने अन्य व्यक्तिहरू फरार छन्। स-मिलको लागि आवश्यक पर्ने दाउराको भाउ नमिल्दा पीडित अमिरीलाललाई कुटपिट गरिएको बताइन्छ।

जनकपुर नपा-१ मा **०५२ असार २३** गते प्रहरीले चलाएको गोली लागी बल्ला गोठ गाउँका ३८ वर्षीय मोहम्मद नुर हसनको मृत्यु भयो। प्रहरीले बताए अनुसार डाँका गरेको आरोपमा तिनलाई पक्राउ गरी प्रहरी चौकी तर्फ ल्दाँदै गर्दा नुर हसनले खोके जस्तो गरेपछि सिसौ घारीबाट गोली चल्यो अनि हसन फुत्किए पछि प्रहरीले पनि गोली चलायो। एकछिन दोहोरो गोली चल्यो। त्यसै क्रममा गोली लागेर मोहम्मद नुर हसनको मृत्यु भएको हो। अर्को एक जनालाई पनि गोली लागेको तर उ भाग्न सफल भएको बताए। स्थानीय बासिन्दाहरूका अनुसार मृतक नुर हसन १० वर्षको उमेरदेखि नै अवैध रूपमा व्यापार गर्ने कार्यमा संलग्न थिए। घटना भएको दिन उनी जयनगरबाट रक्सी पिएर आउँदै गर्दा प्रहरीले पक्राउ गरे । खान तलासी गर्दा पिस्तोल जस्तो देखिने खुकुरी पनि फेला परेको थियो। त्यसै कुरालाई आधार मानेर प्रहरीले पक्राउ गरेको एकै क्षणमा ४/५ राउण्ड गोली चलेको थियो। प्रहरीले गोली चलाउनु पर्ने स्थिति आफूहरूले नदेखेको कुरा पनि स्थानीय बासिन्दाहरू बताउँछन्।

रघनाथपुर गाविस-४ कमला नहरमा करीब २५ वर्षीय एक अज्ञात युवतीको लाश **०५२ साउन २१** गते फेला परेको थियो।

रम्दैया गाविस-७ का रामचन्द्र सादाले **०५२ असोज २५** गते आफ्नै पत्नी पुरनी देवी सदालाई लाठीले हिर्काएर हत्या गरे। पीडित पुरनीदेवी सखुवा महेन्द्र नगर-३ को बजारबाट घर फर्किरहेको अवस्थामा पीडकले कहाँ गएको भनी सोध्दा केही नबोलेकीले लाठीले हिर्काएको बताउछन्। पीडकलाई प्रहरीले पक्राउ गरी अदालतको आदेश अनुसार पुर्पक्षका लागि जलेश्वर जेलमा राखेको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	१
हिरासतमा यातना	-	२	१	-
बलात्कृत	-	१	२	३
[बाबुद्वारा बलात्कृत				१]
आत्महत्या	-	-	५	३

सिंग्याही मदान गाविस-४ की २८ वर्षीय शान्तिदेवी महतोको **०५२ मदी ३०** गते मृत्यु भएपछि दाहसंस्कार समेत गरियो। सर्पले टोकेर आफ्नी पत्नी मरेको बताउने पति ३२ वर्षीय रामसुन्दर महतोले नै कुटपिट गरी हत्या गरेको हुन सक्ने आशंका गरि पक्रिएको तर जिल्ला अदालत धनुषाले उनलाई हाजिरी जमानीमा छोडेको छ।

जनकपुर नपा-१५ कुवा रामपुर र वोहर्वा गाविसको सीमामा पर्ने सडक नजिकै **०५२ कार्तिक ९** गते देवडिया गाविस-३ का ३८ वर्षीय पुनित पासवानको लाश फेला पऱ्यो। उनलाई जनकपुर नपा १५ का लक्ष्मेश्वर शर्मा लगायतका व्यक्तिहरूले कुटपिट गरी हत्या गरेको भनी मृतकका बाबु रामचन्द्र पासवानले प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित पीडकहरू फरार भएको बताइन्छ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा जेल छैन। यहाँका बन्दीहरूलाई महोत्तरी जेलमा राख्ने गरिन्छ।

१.३ गिरफ्तारी र यातना

यस वर्ष यहाँ उल्लेखनीय गिरफ्तारी र यातनाका घटना भएनन्।

१.४ वेपत्ता पारिएको

जनकपुर नपा-१६ पुलचोककी राजकुमारी साह **०५२ मंसीर ६** गतेदेखि वेपत्ता भएकी छन्। कन्या मा.वि.मा अध्ययन गर्ने ती वालिका उक्त दिन विद्यालयमा रिजल्ट सुन्न गएकी थिइन्। उनलाई पुलचोक टोलकै रामप्रसाद पूर्वेले विहे गर्न भनी फकाई फुलाई भारतको सितामढी लगेको बताइन्छ। पूर्वे फर्किएर नेपाल आए तर राजकुमारी नआएपछि थप आशंका उब्जिएको छ। आफूले राजकुमारीलाई नलगेको कुरा पूर्वेले प्रहरी समक्ष बताए। उनलाई या त बिक्री गरियो या हत्या गरियो भन्ने शंकाले उनका दाजु श्रीप्रसाद साहले जिल्ला प्रहरी कार्यालय धनुषामा रामप्रसाद पूर्वे, रेखा नायक, महेश्वर सिंह र जयनगरवाली भन्ने एक महिलाका नाममा उजुरी दिएका छन्।

पूर्वेद्वारा वेपत्ता पारिएकी राजकुमारी साह

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

गोपालपुर गाविस-९ का महित कवाडी, इनुस कवाडी, इद्रिस कवाडी र कमिरू कवाडीलाई **०५१ पुस २९** गते सखुवा बजारबाट तरकारी बेचेर फर्किरहेका बेला खुकुरी, भाला बोकेर हिंडेका केही अज्ञात व्यक्तिहरूले आक्रमण गरे।

मौवा गाविसका महाजन साह, इब्राहिम नदाफ, विनोद साह, प्रमोद साह र सत्यनारायण साहलाई **०५२ वैशाख १०** गते खेतमा काम गरिरहेका बखत केही अज्ञात व्यक्तिहरूले कुटपिट गरे। उनीहरू सोही दिन बजारबाट फर्किरहेका थिए।

वालावाखर गाविस-३ चिरहीयाका राजगिर यादव, प्रसादी यादव, राधे यादव र महेन्द्र यादवलाई **०५२ वैशाख २३** गते सोही गाविसका रामचन्द्र साह, गणेश साह, सत्य नारायण यादव, जीत नारायण यादव लगायतका व्यक्तिहरूले बन्दूक चलाउँदा छर्रा लागेर लडेका थिए। त्यसपछि उनीहरूमाथि खुकुरी समेत प्रहार गरिएको थियो।

इनहर्वा गाविसमा ०५२ जेठ ११ गते शिवशंकर पुरीले एकको डेढ दिने भनी वुर्ता खाता संचालन गरी धेरै मानिसलाई ठगेको कुराको विरोध गर्ने गाउँलेहरूलाई ठग पुरीका लठैतहरूले कुटपिट गरे र केही पैसा समेत लुटेर लगे।

मूचक्रपुर गाविस-४ का उत्तिमलाल महतो, स्वजनीदेवी महतो र विष्णुदेव महतोलाई **०५२ असार ६ गते** स्थानीय देवनारायण महतो, राम पीडित महतो, महेन्द्र महतो र रामसजन महतो लगायतका व्यक्तिहरूले कुटपिट गरे। अर्काको खेतमा भैंसी चराएको भनी उनीहरूलाई कुटपिट गरिएको थियो।

जनकपुर नपा-३ मा सुरेन्द्रप्रसाद साहले **०५२ मदी १०** गते भारत भागलपुर घर भई सोही ठाउँमा बसी सिलाई काम गर्ने २८ वर्षीय सुनितादेवी साह कलवारको शरीरमा तेजाव खन्याइदिए। आफ्नी पत्नी अनिता साहलाई सिलाई गर्ने काममा लगाएकीले पत्नी आफूसंग घर जान नमानेपछि सोही रीसमा पीडितको शरीरमा तेजाव खनाइ दिएको बताइन्छ। पीडक सुरेन्द्रप्रसाद साहलाई प्रहरीले पक्राउ गरी अदालतमा पेश गरेकोमा अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राखिएको छ।

नेपाल श्रमजीवी पत्रकार संघ धनुषाका अध्यक्ष नवराज बस्नेतको **जनकपुर नपा-२** स्थित निवासमा **०५२ कार्तिक २९** गते राती १ बजे तिर मुखमा कालो पट्टी बाँधेका र हातहतियार बोकेका केही व्यक्तिहरूले आक्रमण गरे। पत्रकार बस्नेत उक्त दिन त्यस कोठामा नभएकाले पत्नी तुलसा दाहाललाई नै छुरी देखाएर तेरो पतिलाई कहाँ लुकाईस् निकाल भनी ती व्यक्तिहरूले हत्या गर्ने धम्की समेत दिए। उक्त घटनापछि पीडित्र वस्नेतले ज्यानधनको सुरक्षा गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालय धनुषामा निवेदन दिएका थिए।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५२ असार २९ गते जिल्ला शिक्षा कार्यालयमा सांसद रामचन्द्र झा र नेपाल शिक्षक संगठनका पदाधिकारीहरूले शिक्षा अधिकारीसंग भेट गर्न दिउँसो १ बजेको समय

मिलाएका थिए। तर जिल्ला विकास समितिका सभापति रामसरोज यादवले सांसद र संगठनका पदाधिकारीहरूलाई शिक्षा अधिकारीसंग भेट गर्न अवरोध खडा गरे पछि सामान्य झडप भयो। त्यसपछि सांसद झाका विरूद्ध सभापति यादवको नेतृत्वमा विभिन्न नारा लगाउँदै एक जुलुसले नगर परिक्रमा गरेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

धर्म संरक्षण समितिले जनकपुरधामको परिक्रमा क्षेत्रभित्र रक्सी, मासुको बेचबिखन बन्द गर्ने माग गर्दै **०५१ पुस ५ देखि १९** गतेसम्म रिले अनसन र १९ गते देखि आमरण अनशन कार्यक्रम संचालन गर्‍यो। पछि प्रशासनले परिक्रमा सडक भन्दा २ सय मिटर टाढा मात्र बेचबिखन गर्ने सहमति भएपछि अनशन टुंगिएको थियो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला प्रशासन कार्यालय धनुषामा यस वर्ष केही सार्वजनिक अपराधका मुद्दा ३९ वटा, हातहतियार तथा खरखजाना मुद्दा १० परे भने जिल्ला प्रहरी कार्यालयमा केही सार्वजनिक अपराधका ६०, २० वटा कर्तव्य ज्यान सम्बन्धी, १० वटा ज्यान मार्ने उद्योग सम्बन्धी, ११ डकैती, ९ चोरी सम्बन्धी, १२ लागु औषध सम्बन्धी र अन्य गरी २ सय ३४ वटा मुद्दा दर्ता भएका थिए। जिल्ला अदालतमा २४ वटा ज्यान मुद्दा, १ सय १ वटा कुटपिटका र ५ वटा बलात्कार सम्बन्धी मुद्दा दर्ता भएका थिए।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

शिक्षकहरूलाई अपायक सरूवा गरिएको र केही सुविधा समेत कटौती गरेको विरोधमा **०५२ असोज २६** गते नेपाल राष्ट्रिय शिक्षक संगठनले जिल्ला अध्यक्ष दिलबहादुर जोशीको नेतृत्वमा शिक्षा कार्यालयमा धर्ना कार्यक्रम संचालन गरेको थियो।

जनकपुर नपामा काम गर्दै आएका १० जना कर्मचारीहरूलाई १ वर्ष अगाडि पक्षपात पूर्ण तरिकाले निष्काशन गरिएको थियो। त्यसको विरोधमा उनीहरूको पुर्नवहालीको माग गर्दै **०५२ मंसीर ६** गते देखि ट्रेड युनियन कांग्रेसका अध्यक्ष तथा उपमेयर लाल किशोर साहको नेतृत्वमा धर्ना र रिले अनशन कार्यक्रम संचालन गरियो। यति गर्दा पनि माग पूरा नभएपछि पुस ११ गते देखि आमरण अनशन गर्ने भनिएपछि स्थानीय प्रशासन, नगरका मेयर र ट्रेडयुनियन बीचको सहमतिमा ती निष्कासित कर्मचारीहरूलाई पुर्नवहाली गर्ने निर्णय गरिएको थियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लाको उत्तरी क्षेत्रमा पर्ने तुलसी, ढल्केवर, भरतपुर लगायतका गाविसहरूमा र जिल्लाको विभिन्न भागमा छरिएर रहेका दुसाद, चमार, डोम, हलखोर मुसहर जस्ता

गुठी जग्गाको विवादमा भएको आपसी झडपबाट घाइतेहरू

अछूत मनिने जातिका मानिसहरू सुकुम्बासीको रूपमा रहेका छन्। नेकपा एमालेको सरकारको पालामा गठन भएको सुकुम्बासी समस्या समाधान आयोगले भरतपुर गाविसका १ सय २६ जनालाई जग्गा धनी पूर्जा वितरण गरेको थियो।

कजरा रमौल गाविसमा वर्षौं देखि गुठीको जग्गा उपभोग गरिरहेका किसानहरूको जग्गा स्थानीय जमिन्दार विनोदकुमार यादवले खोस्न खोज्दा **०५२ साउन १२** गते दुई पक्ष बीच भीडन्त भयो। त्यस घटनामा परी योगेन्द्र यादव, रामरिझन यादव, रामदेव यादव लगायतका १२ जना घाइते भए।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

बेङ्गाडावर गाविस-९ लालगढ माझी टोलका ६८ वर्षीय गोविन्द घिमिरेले **०५१ चैत ३०** गते ८ वर्षीय एक बालिकालाई बलात्कार गरे। बलात्कार गरी सकेपछि पीडकले बालिकालाई आफ्नै घरमा ल्याई उपचार गराइरहेको कुरा ६ दिन पछि गाउँलेहरूले थाहा पाएर अस्पताल पुर्‍याएर डाक्टरी जाँच गराई जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। ती पीडित बालिकालाई बाल मजदूर सरोकार केन्द (सिविन) को सहयोगमा बोर्डिङ स्कूलमै बोडर्स गरिएको छ। पीडक घिमिरे फरार छन्।

धनुषाधाम गाविस-१ का ३७ वर्षीय सलिम राइनले **०५२ असार १२** गते विहान आफ्नै १४ वर्षीय छोरीलाई बलात्कार गरे। पीडित बालिका चिच्याएपछि छिमेकीहरूले प्रहरीमा खबर गरे। प्रहरीले बाबु छोरी दुबैलाई पक्राउ गरेकोमा पीडित बालिकालाई छोडी बलात्कारीलाई जलेश्वर जेलमा चलान गरियो।

लगमा जटही गाविसमा रहेको भन्सार प्रहरी चौकीका प्रहरीहरूले **०५२ असार २६** गते दुई जना युवतीलाई बम्बई तर्फ बिक्री गर्न लग्दै गर्दा समीउल्ला मिया र युवराज कटुवाल भन्ने व्यक्तिहरूलाई पक्राउ गरे र अड्डासार गर्दै काठमाडौं पुर्‍याइयो। ती दुई पीडकहरूले अरबको कतारमा जागिर मिलाई दिन्छौं भनी आफूहरूलाई फकाएर भारततर्फ लग्न

लागेको कुरा पीडित युवतीहरूले प्रहरीसमक्ष बताए।

मिथिलेश्वर निकाशकी २२ वर्षीय एक महिलालाई महेन्द्रनगरबाट फर्किरहेको अवस्थामा **०५२ मंसीर ११** गते हर्दिनाथ कृषि फर्म नेर हातहतियार बोकेका **इसुफ राइन कवाडी र नइम राइन कवाडीले सामूहिक बलात्कार गरे।** पीडकहरूले हल्ला गरेमा मार्ने धम्की समेत पीडित महिलालाई दिएका थिए। मंसीर १४ गते पीडित महिलाले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

४.३ गर्भपतन

महोत्तरी, खयरमारा गाविस-६ घर भई जनकपुरमा डेरा गरी बस्ने रमा ढकाल र जनकपुर नपा-२ घर भएका धीरेन्द्र कुमार निधिले ३ महिनाको गर्भ पतन गराए। उनीहरूबीच **०५१ मंसीर ५** गते जानकी मन्दिरमा विवाह भएको थियो। विवाह भएको ५ महिनापछि ३ महिनाको गर्भ पतन गराइएको थियो। धीरेन्द्र रमासंग कुनै सम्बन्ध नभएको बताउँछन् भने रमा चाहिं उनलाई नै पति मानिरहेकी छिन्। उनीहरूको मुद्दा जिल्ला अदालत धनुषामा चलिरहेको छ।

बहुअर्वा गाविस-७ की विमला कापडीले **०५२ मंसीर ९** गते आफैंले जन्माएको नवजात शिशुको हत्या गरिन्। अवैध रूपमा भएको यौन सम्पर्कबाट जन्मिएको हुनाले उनले त्यसो गरेको हुन सक्ने बताइन्छ। उनलाई प्रहरीले पक्राउ गरी हिरासतमा लिएर कार्वाही चलाएको थियो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लाका बजार क्षेत्रमा रहेका होटेलहरू र गाउँका जमिन्दारहरूको घरमा बालबालिकालाई काममा लगाएको पाइन्छ। उनीहरूलाई १४ घण्टासम्म काममा लगाउने गरिन्छ। पारिश्रमिक ज्यादै कम दिइने गरिन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जनकपुर चुरोट कारखाना, कृषि विकास आयोजना जस्ता निकायहरूमा १८ वर्ष देखि काम गरिरहेका अस्थायी ज्यालादारी कर्मचारीलाई स्थायी गरिएको छैन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लामा गाउँघरतिर जमिन्दारहरूले घरमा हली गोठालो राख्ने गरिए पनि कमैया, बाँधा र दासत्व सम्बन्धी समस्या देखिंदैन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा दुसाद, चमार, हलखोर, डोम, भाँगर, वातर, तत्मा, दास र मुसहर आदि अछूत भनिने जातिका मानिसहरूको जनसंख्या २० हजार भन्दा बढी छ। तर छुवाछूत सम्बन्धी उल्लेख्य घटना भने यस वर्ष देखिएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

पत्रकार नवराज बस्नेतमाथि भएको सांघातिक हमलाको विरूद्ध नेपाल पत्रकार संघ धनुषा, राष्ट्रिय जनसांस्कृतिक मंच नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, अनेरास्ववियू र अनेकिसंघले छुट्टाछुट्टै प्रेस विज्ञप्ति प्रकाशित गरी अपराधिमाथि कार्वाही गर्ने माग गरेका थिए।

डाक्टर अमरेन्द्र झाको क्लिनिकमा भएको घटनाका सम्बन्धमा जनकपुरका डाक्टर, प्यारामेडिकल एसोसियसन लगायतका विभिन्न संघ संस्थाहरूले "जनकपुरलाई अपराधबाट मुक्त गरौं" भन्ने आन्दोलन संचालन गरे। **०५२ मंसीर २७-२८** गते डाक्टरहरूले कालो पट्टी बाँधे भने २९ गते मौन जुलुस प्रदर्शन समेत गरेका थिए।

कजरारमौलको बलात्कार घटनाका सम्बन्धमा अखिल नेपाल महिला संघले प्रेस विज्ञप्ति प्रकाशित गर्नुका साथै पीडकमाथि कार्वाही गर्न प्रहरी प्रशासनलाई दबाव समेत दिएका थिए।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा ट्राफिक दूर्घटनामा १ जना, डुबेर १ जना, करेन्ट लागेर १ जना र रूखले किचेर ३ जना गरी ६ जनाको मृत्यु भयो। आगलागीमा परी सयौं भन्दा बढी घर नष्ट भए।

आत्महत्या गरेर ३ जना मरेको जानकारी पाइयो। ती मध्ये २ जना झुण्डिएर र १ जनाले विष खाएर आत्महत्या गरेका थिए। ७८ वर्षीय एकजना महिलाले रोग निको नभएको कारण झुण्डिएर आत्महत्या गरेकी थिइन्।

जनकपुर नपा-१६ मा पोली क्लिनिक संचालन गरेका डा. अमरेन्द्र झा र डा. अञ्जु झालाई **०५२ मंसीर १५** गते नकावधारी सशस्त्र जत्थाले कुटपिट गर्नुका साथै ५० हजार मूल्य बराबरको नगद र जिन्सी लुटेर लगे। त्यस्तै सोही **नपा-१** मा **०५२ जेठ २** गते डाँकाहरूले ५ लाख ३२ हजार रूपैया मूल्यको धनमाल लुटेर लगे।

■



२. मध्यमाञ्चल

जनकपुर

२.२ महोत्तरी

जनसंख्या : ४४०१४६

साक्षरता : २५.७ प्रतिशत

महिला साक्षरता : १३.७ प्रतिशत

क्षेत्रफल : १००२ वर्ग कि.मी.

यो जिल्ला नेपालको दक्षिणी भागमा अवस्थित छ। भारतको बिहार राज्यसंग जोडिएको यस जिल्लामा सबै जातिको बसोबास छ। यस वर्ष यहाँ १ सय ५२ जनालाई मलेरियाले आक्रमण गरेको पाइयो। औलो उन्मूलन भइसकेको धारणालाई यस सूचनाले सतर्क एवं पुनर्विचारणीय बनाएको यहाँका प्रबुद्ध वर्ग बताउँछन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

बलवा निवासी सुरेश यादव, दिनेश यादव, गणेश यादव र विनोद कुमारले स्थानीय ठूलो यादवलाई छुरा प्रहार गरी **०५१ माघ २५** गते हत्या गरे। सुरेश यादवकी पत्नीलाई भगाई दिएको रीसमा सो घटना भएको थियो। अभियुक्तलाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

परौल तिलगढ-७ का विन्देश्वर मण्डललाई **०५१ चैत ३** गते स्थानीय रामदेव मण्डल, कलमिन नदाफ, लालमहम्मद नदाफ र सत्यनारायण मण्डल लगायतका नौजनाले कुटेर हत्या गरे।

खोपी गाविस-९ का राम छविला यादवले तिलकमा ज्याकेट नदिएको रीसमा आफ्नै नवविवाहिता पत्नी मनतोरिया देवीलाई **०५२ जेठ ३** गते हँसियाले घाँटी रेटी हत्या गरे। अभियुक्तलाई कानूनी कार्वाही भइरहेको छ।

डाम्हीमदै गाविस-५ का राजु झाले आफ्नै पत्नी चञ्चलदेवी झालाई दाइजोमा टेलिभिजन नल्याएको रीसमा **०५२ जेठ २३** गते घरमै घाँटी थिची हत्या गरे। अभियुक्तलाई कानूनी कार्वाही भइरहेको छ।

फूलकहाँ गाविस-२ का रामदयाल साह तेलीलाई स्थानीय हरिनारायण यादव, मगरू यादव र मुनिलाल यादवहरूद्वारा टाउकोमा लाठी र फर्साले प्रहार गरी **०५२ जेठ १९** गते राती हत्या गरे। अभियुक्तहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

विजलपुरा गाविस-३ का सरूप शाहको वगैंचामा आँप टिपेको निहुँमा झगडा हुँदा सरूप साह, भोला साह र दरोगा साहले **०५२ जेठ २९** गते रामऔतार राउत भेरीयरलाई कोदालोले टाउकामा हानी हत्या गरे। त्यस अवसरमा राउतका भाइ राम एकवाल र छोरा वलिराम घाइते भए। अभियुक्तलाई कानूनी कार्वाहीका निम्ति थुनामा राखिएको छ।

रघुनाथपुर गाविस-७ की जयकुमारी देवी यादवले **०५१ माघ २२** गते पोलियो रोगले ग्रस्त २ वर्षे छोरी शान्ति कुमारीलाई घाँटी थिची हत्या गरिन्। उनलाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

श्रीपुर गाविस-९ की विणादेवी यादवलाई **०५२ असार ६** गते स्थानीय राजेश्वर यादव, राजकिशोर यादव, जयनारायण साह, राम सोगार्थ साह, रघुनाथ मुखिया समेतले हत्या गरे। अभियुक्तहरूले हत्या गर्नु अघि विणालाई सामूहिक बलात्कार गरेका थिए।

१.२ जेल र बन्दीहरू

यहाँ "ख" श्रेणीको जेल छ। त्यसको क्षमता १ सय ३५ जना सम्मको छ। मुद्दा फैसला हुन बाँकी भई थुनुवाका रूपमा रहेका ९५ पुरुष र ३ महिला छन् भने फैसला भई बन्दी जीवन बिताउनेमा ५८ पुरुष गरी जम्मा १५६ जना रहेका छन्। नाबालक केटाकेटीहरू छैनन्।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	-	-	-
बलात्कृत	-	५	१	२
आत्महत्या	-	८	२	३

स्वास्थ्योपचारको व्यवस्था राम्रो नभएको र बन्दीहरूको स्वास्थ्य जाँच गर्दा एकसय रूपैयाँ लिने गरेको हुँदा **०५२ वैशाख १२** गते देखि १४ गते बन्दीहरूद्वारा अनसन गरिएको थियो।

१.३ गिरफ्तारी र यातना

गिरफ्तारीपछि दिइएको यातनाबारे जानकारी प्राप्त भएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन। व्यक्तिगत रूपमा रीसइबी साधन **कोल्हुवा** बस्ने पंकजकुमार र सन्तोषकुमारले **०५२ असोज २२** गते जनकपुर क्याम्पसका प्राध्यापकका छोरा लबसिंहलाई अपहरण गरेको हुँदा प्रहरीद्वारा उनीहरूलाई पक्राउ गरी थुनामा राखिएको छ। अपहरित व्यक्ति भने अझै फेला परेका छैनन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मटिहानी र मधवापुर (भारत) बीच सीमानामा मधवापुरका उपमुखिया मोहन शाहलाई **०५२ जेठ ५** गते असइ उपेन्द्र झाले कुटपिट गरे। हाल दुबैपक्ष बीच मिलापत्र भइसकेको छ।

प्रकौली फुल्टा गाविस-२ का श्रीकेशवर झा, नरेन्द्र झा, सुरेन्द्र झा, रवीन्द्र झा, विन्दे झा र अनिल झाले **०५२ जेठ ६** गते आफ्नो जग्गामा गोरू बाँधेको रीसका कारण ८६ वर्षीय शारदादेवी झा र निजका छोराद्वय विष्णुदेश झा र इनरदेव झालाई मरणासन्न पारी कुटे। अभियुक्तलाई कानूनी कार्वाहीका निम्ति छानवीन भइरहेको छ।

प्रकौली फुल्टा गाविस-९ फुल्टामा स्थानीय कृषि मजदूरद्वारा ज्याला बढाऊ भन्ने माग राखी हडताल गर्दा धनी किसानहरू सुरेन्द्र सिंह, दिनेश सिंह, विनय सिंह, कैलास सिंह आदिद्वारा रामलखन महतो, युगेश्वर महतो, जग्गु कापर, सत्यनारायण ठाकुर, रवीन्द्र ठाकुर, कुलदीप महतो, सोमित महतो र सोभिन्द्र महतोलाई **०५२ असार ३२** गते कुटपिट गरियो। अभियुक्तहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

धिरापुर गाविस-७ का दिवस मण्डल र रामबहादुर मण्डललाई **०५२ मदौ १** गते खेतमा पानी लगाउने विवादमा सोही ठाउँका कपिन्द्र झा लगायतका व्यक्तिहरूले कुटपिट गरे।

नवराजपुर गाविस-८ का किरण महतो र विरेन्द्र चौधरी बीच लेनदेनको झगडा मिलाउन भनी जुटेका मानिसहरू बीच भनाभन हुँदा **०५२ असोज २१** गते कुटपिट भयो। त्यस क्रममा रामदेव मण्डल, रामप्रताप यादव र कामेश्वर सिंहद्वारा महेश्वरसिंहलाई लाठी र फर्साले प्रहार गरी घाइते पारियो। यस सम्बन्धी मुद्दा अदालतमा चलिरहेको छ।

गौसाला बजारस्थित स्वास्थ्य केन्द्रमा कार्यरत डाक्टर नागेन्द्रप्रसाद यादवलाई **०५२ मंसीर २९** गते स्थानीय युवक प्रकाशकुमार साह, सुरेन्द्र श्रेष्ठ, किरण जोशी र प्रवीण कुमारद्वारा कुटपिट गरियो।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

मटिहानी गाविस-६ स्थित संस्कृत क्याम्पसको **०५१ माघ १४** गते भएको स्ववियू निर्वाचनमा निर्वाचन अधिकृत बनेका प्राध्यापक ताराकान्त झा र अवधेश शर्माले विद्यार्थीहरू गोपाल बराल, विभिषण सहनी र राजन बरालालाई उम्मेद्वार बन्न नदिएको कुरा सम्बन्धित पक्षले बतायो।

जलेश्वर नगरमा **०५२ मदौ १८** गते वामपंथीहरूद्वारा आयोजित आमसभामा सर्वोच्च अदालतका प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायको विरोध गरियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

उल्लेख्य घटना प्रकाशमा आएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यहाँ भूमिहीन सुकुम्बासीहरूले पर्ति, गुठीका जग्गामा टहरा हालेर बसेका पाइन्छन्। त्यसको यकीन तथ्यांक भने उपलब्ध हुन सकेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

पिपरा गाविस-५ का २६ वर्षीय दिपेन्द्र पाण्डे र २४ वर्षीय रवीन्द्र पाण्डेले सनुखरा-८ की १३ वर्षीय एक बालिकालाई **०५२ वैशाख १८** गते खेतमा बलात्कार गरे। अभियुक्त र पीडित बीच सम्झौता भएको छ।

जलेश्वर नपा-५ को विनोद लजमा **०५२ वैशाख २३** गते कञ्चनपुरबाट आई बसेका दम्पत्ति प्रमेश्वर ठाकुर र उनकी पत्नीलाई सोही ठाउँमा रहेको राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरू एकाउण्टेन्ट रामहरी सुवेदी, खजाञ्ची घनश्याम पौड्याल, वरिष्ठ सहायक विनोद आचार्य, सहायक सुरेन्द्र पाण्डे र दिलीपकुमार ठाकुर रक्सी खाई हातपात गर्ने प्रयास गरे। पछि हार गुहार गर्दै भाग्न सफल भएका ती दम्पतिहरूले

प्रहरीमा उजुर गर्न खोज्दा लज मालिकले रोकेर भोलिपल्ट पीडक पक्षबाट पीडित पक्षलाई ४ हजार दिलाई सम्झौता गरियो।

जलेश्वर नपा-४ की पम्फादेवी राजपुतनीलाई बोक्सी भनी स्थानीय सत्यनारायण पासवान लगायतको समूहले **०५२ जेठ २५** गते दिशा पिसाब घोलेर कोचाए। स्थानीय उर्मिलाको मृत्यु बोक्सीले चुसेर मएको हो भन्ने अन्धविश्वासका कारण सो घटना भएको थियो।

गम्हरिया गाविस-४ की शान्तिदेवीलाई पति उपेन्द्र मण्डलले त्यागेका छन्। उनी गत वर्ष स्थानीय हवीब भन्ने व्यक्तिद्वारा बलात्कृत भएकी थिइन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जलेश्वर नपा-१ का चन्द्रेश्वर साहले आफ्नी पत्नी सरिताले सातै महिनामा बच्चा पाएको कुरालाई निहुँ बनाएर परपुरूषसंग संसर्ग रहेको भनी ०५२ जेठ १५ गते उनलाई त्यागे। उनले सरितालाई ४२ हजार रूपैयाँ रकम फिर्ता गरेका छन्। स्थानीय बासिन्दाका अनुसार साहले दोश्रो बिहे गर्नका निम्ति यसो गरेका हुन्।

४.३ गर्भपतन

मम्मौस बिसनपुर गाविस-३ की विधवा चुल्हिया देवीले अवैध रूपमा बाबु साहेब मिश्रसंग संसर्ग राख्दा रहन गएको गर्भ स्थानीय डाक्टर इदरीस नदाफद्वारा प्राप्त औषधि खाई **०५२ जेठ १५** गते पतन गराइन्।

बीसपिट्टि मोहनपुरकी सहरून खातुनको तीन महिनाको गर्भ **०५२ जेठ २६** गते राप्रपा छाडी नेकामा प्रवेश गरेको रीसइबीमा ओकिला खातुन, कलामुन खातुन, कलिया खातुन, उसमान खान र मोमताज खानद्वारा कुटपिट गर्दा पतन हुन पुग्यो। अभियुक्तहरूका बारेमा आवश्यक छानबीन भइरहेको छ।

मंगाहा गाविस-९ का लालबिहारी साहकी छोरी २० वर्षीय प्रमिला साह **०५२ मंसीर २** गते आफ्नो छिमेकी मोला साहद्वारा पिटिंदा उनको पेटमा रहेको गर्मपतन हुन पुग्यो। अभियुक्तमाथि कारवाहीको माग गरी पीडित पक्षले उजुरी दिएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

स-साना केटाकेटीलाई चरूवाको रूपमा गोठाला पठाइने गरेको देखिन्छ। घरेलु नोकरका रूपमा पनि बाल श्रम प्रयोग भइरहेको भेटिन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी घटना देखा परेन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यहाँ दासप्रथा, कमैया प्रथा, बाँधा प्रथा रहेको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

दलगत द्वन्दका कारणबाट पनि केही ठाउँमा मानवअधिकार हनन हुन गएको कुरा स्थानीय नेका सचिव बताउछन्। अपहरणको घटना मानवअधिकार विरोधी भएको विचार राप्रपाका जिल्ला अध्यक्षको छ।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यहाँ डकैतीको घटनामा २ जनाको मृत्यु भयो। आत्महत्याको घटनाबाट ३ जना मरे। ट्याक्टर दुर्घटनाबाट २ जना र विजुली चोरी बाल्ने क्रममा १ जना मरे, यसैगरी बाढीमा उद्धार गर्दा पानीले बगाई १ जना प्रहरीको मृत्यु भयो।

लक्ष्मिनियाँको जंगलमा काठमाडौंबाट विराटनगर जाने रात्रीबस ना.अ.ख ७४६० लाई ०५२ जेठ १९ गते राती २.३० बजे पचासजना डाँकाद्वारा बाटोबाट जंगलतर्फ अपहरण गरी लूटपाट मच्चाइयो। त्यस क्रममा कण्डक्टरलाई गोली समेत प्रहार गरिएको थियो।

■



२. मध्यमाञ्चल

जनकपुर

२.३ सर्लाही

जनसंख्या : ४९२७९८
साक्षरता : २५.८ प्रतिशत
महिला साक्षरता : १३.२ प्रतिशत
क्षेत्रफल : १२५९ वर्ग कि.मी.

पूर्वमा महोत्तरी, पश्चिममा वागमती नदी, उत्तरमा चुरे पहाड र दक्षिणमा भारतको विहार प्रदेशसंग सीमाना जोडिएको यो जिल्लाको सम्पूर्ण भाग तराईमा पर्दछ। नागरिकहरू कृषिमा आधारित छन्। आकाशे पानीको भरमा खेती गर्नु पर्ने भएकोले उत्पादनमा दिन प्रतिदिन ह्रास हुँदै गएको छ। गरीबी र अशिक्षाबाट पीडित यहाँका अधिकांश नागरिकहरू मानवअधिकारप्रति अनभिज्ञ नै छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

हथियोल गाविस-३ का लक्ष्मीनारायण सिंहकी कान्छी छोरी रेणुकादेवी सिंहलाई **०५१ पुस २२** गते विश्वमोहन सिंहले गोलीद्वारा हत्या गरे।

अनौली गाविस-४ का १० वर्षीय उदियबहादुर श्रेष्ठ र १२ वर्षीय काजिलाल श्रेष्ठको **०५१ माघ २७** गते दिउँसो हत्या गरी खोलाको किनारमा पुरिएको अवस्थामा लाश फेला पर्‍यो। निजहरूको हत्याको सिलसिलामा स्थानीय झरिलाल महतोलाई गिरफ्तार गरिएको छ।

रानिगंज गाविस-७ का १७ वर्षीय सन्तबहादुर सार्की र ३५ वर्षीय पंचबहादुर सार्कीलाई अज्ञात व्यक्तिहरूले हत्या गरे। दुवै जनाको लाश कलिन्जोर खोलामा पुरिएको अवस्थामा **०५१ फागुन १८** गते फेला पारिएको थियो। पीडितहरू फागुन १५ गते खाना खाएर हिंडेका थिए।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	२	-	-
हिरासतमा यातना	-	३	-	२
बलात्कृत	-	६	५	३
[बाबुद्वारा				१]
आत्महत्या	-	-	२१	-

लक्ष्मीपुर सुखचैना गाविस-६ का जंगबहादुर रायले **०५१ चैत १४** गते १३ महिनाकी आफ्नै छोरी पिल्सीकुमारीलाई दुवै खुट्टामा समाती भुँइमा पछारेर हत्या गरे। पीडकलाई पुर्पक्षको निम्ति थुनामा राखियो।

हरिपुरवा गाविस-९ का ३० वर्षीय रौजा मन्सुर धुनियाले **०५२ असार ८** गते आफ्नै आमालाई कुटपिट गरी हत्या गरे। धुनिया मानसिक रूपले असन्तुलित थिए।

ललितबहादुर श्रेष्ठकी २३ वर्षीय छोरी रत्नकुमारी श्रेष्ठ र निजको काकाको छोरा भुवन श्रेष्ठबीच भएको अनुचित सम्बन्धबाट जन्मिएको नाबालक छोरालाई **०५२ असोज १७** गते राती हत्या गरेर फालियो।

इश्वरपुर गाविस-९ का भूतपूर्व जिल्ला पञ्चायत सभापति रामजीबाबु थापा र निजका ३९ वर्षीय छोरा श्यामबाबु थापालाई **०५२ कार्तिक १५** गते साइकलमा चढी घर फर्किंदै गर्दा मुर्तियाको जंगलमा अज्ञात व्यक्तिहरूले गोली प्रहार गरी घाइते बनाए।

धनकोल गाविस-९ का दशरथ मण्डलले **०५२ कार्तिक २१ गते ५५** वर्षीय आफ्नै बाबु महेन्द्र मण्डललाई ग्रासा नामक हतियारले घाँटीमा काटी हत्या गरे।

सिमरा गाविस-५ का हरिनारायण राय, रामकलेश राय, पिताम्बर राय, चूलाई मण्डल र तपेश्वर राय लगायतका व्यक्तिहरूले स्थानीय महेन्द्र राय र वीरेन्द्र रायलाई बीच **०५२ मंसीर १५** गते सामान्य झगडाको निहुँमा साघातिक आक्रमण गरे। उक्त आक्रमणमा परी २ वर्षीय विभाकुमारी रायको मृत्यु भयो। सीमानामा वेरा लगाउने निहुँमा उक्त झगडा भएको थियो।

१.२ जेल र बन्दीहरू

जिल्लाको सदरमुकाम मलंगवामा १९९० सालमा बनेको यहाँको जेल अत्यन्त जीर्ण अवस्थामा छ। १ सय बन्दी क्षमता भएको यो जेलमा अहिले थुनुवा र बन्दी गरी जम्मा ९० जना

छन्। यीमध्ये थुनुवा ६२ जना पुरूष, २ जना महिला र कैद तोकिएका २४ जना पुरूष तथा १ महिला रहेका छन्। एक जना नाबालक पनि छन्।

जेलको व्यवस्थापन राम्रो पाइयो।सरसफाइ एवं विरामी बन्दीहरूको उपचार लगायत कुनै कुरामा पनि बन्दीहरूको गुनासो पाइएन।

१.३ गिरफ्तारी र यातना

राजघाट गाविस-६ का कृष्णबहादुर वाइवालाई इलाका प्रहरी चौकी वरहथवाले **०५२ जेठ २३** गते विनापूर्जि पक्राउ गरी यातना दियो।

कर्मैया गाविस-३ का ३३ वर्षीय छविलाल थिङलाई **०५२ साउन ७** गते कर्मैया प्रहरी चौकीका असई देवकुमार श्रेष्ठले विनापूर्जी गिरफ्तार गरे। कुकुरले ठूलो कान्छ नाम गरेको व्यक्तिलाई टोकेपछि निजलाई गिरफ्तार गरिएको थियो।

हरिवन गाविस-५ का ३३ वर्षीय टोल केन्द्र के.सी.लाई ०५२ कार्तिक २१ गते विनाकारण गिरफ्तार गरी यातना दिइयो।

१.४ वेपत्ता पारिएको

मलंगवा नपा-८ का ४५ वर्षीय काडी राय **०५१ माघ २५** गतेबाट वेपत्ता भएका छन्। आफ्नो घर घडेरी बेचेवापत लिन बाँकी रहेको रकम लिन उनी घरबाट निस्केपछि वेपत्ता भएका थिए।

मलंगवा जेलमा आमासँगै रहेकी बालिका चन्दा महतो

मृतक दुई वर्षीय विभाकुमारी राय : सामान्य झगडाको निहुँमा अभिभावकमाथि भएको आक्रमणको शिकार

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कर्मैया गाविस-थिङटोलाका ३५ वर्षीय रूद्रमान विश्वकर्मा आफ्नी पत्नीलाई **०५२ जेठ २** गते राती पिटेर भागेका छन्।

हजरिया चौरासीका नारायणबहादुर राउतले स्थानीय अर्जुन थापालाई **०५२ जेठ ३** गते सख्त घाइते हुने गरी पिटे।

कर्मैया गाविस-५ का ३१ वर्षीय बद्रीबहादुर खड्कालाई **०५२ वैशाख २०** गते राती अपरिचित व्यक्तिहरूको हुलद्वारा मुखमा कपडाले बाँधी सख्त घाइते हुने गरी पिटे।

सिसौट गाविस-७ का ४२ वर्षीय भोजी रायलाई स्थानीय जवाहरलाल रायले **०५२ वैशाख २१** गते सख्त घाइते हुने गरी पिटे।

कौडेना गाविस-४ का १८ वर्षीय नागेश्वर ठाकुरलाई **०५२ असार २** गते राती गाविस अध्यक्ष रामस्वरूप रायले पिटे। निजलाई आँप चोरेको झूठो आरोप लगाई पिटिएको थियो।

जिल्ला प्रशासन कार्यालयका भूतपूर्व सुब्बा विश्वनाथ भट्टराईले आफ्नी जेठी पत्नीलाई **०५२ असार ४** गते सख्त घाइते हुने गरी पिटे। जेठी पत्नीले अंश माग्दा त्यसरी पिटिएको थियो।

कौडेना गाविस-३ का ३५ वर्षीय श्याम चौधरीलाई **०५२ असार १३** गते प्रहरी चौकी सुन्दरपुर पर्साका रामस्वरूप राय लगायतका व्यक्तिहरूले हातपात गरे। गाउँमा सामान्य झगडा मिलाउन जाँदा निजमाथि पीडकहरूले हमला गरेका थिए।

धुर्कौली गाविस-२ का ज्ञानध्वज जिम्मा, चक्रबहादुर जिम्मा, धनबहादुर वल, हिरालाल जिम्मा लगायतका १० जना व्यक्तिहरूले हरिवन गाविस-२ का ३९ वर्षीय कृष्णबहादुर स्याङतानलाई **०५२ असार ३०** गते सख्त घाइते हुने गरी पिटे। पीडकहरूले पीडितलाई पैसा दिनु पर्ने थियो।

हरिवन पुरानो बजारका ४० वर्षीय महेन्द्र नेपालले स्थानीय २८ वर्षीय गोविन्द थापालाई **०५२ असार ३१** गते राती पिटे। पहिलेदेखि नै दुबै बीच व्यक्तिगत रीसइबी थियो।

लालबन्दी गाविस-३ का विनोद लामालाई **०५२ साउन**

सामान्य झगडाको निहुँमा भएको सांघातिक आक्रमणले घाइते वीरेन्द्र राय

२४ गते सालको रूख काटिरहेको अवस्थामा पक्राउ गरियो। उनले त्यसबखत वन कर्मचारीलाई बञ्चरो प्रहार गरेको हुँदा ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दा लगाइएको छ।

हरिवन गाविस-४ का ४५ वर्षीय रामकुमार महतोले **०५२ मदौ १७** गते दुंग्रेखोला गाविस-५ का ३५ वर्षीय मानबहादुर थिङलाई सख्त घाइते हुने गरी पिटे। निजलाई चोरीको आरोपमा पिटिए पनि पीडित व्यक्ति आफू त्यस किसिमको कार्यमा संलग्न नभएको बताउँछन्।

हरिवन गाविस-नयाँ रोडमा पसल गरेर बस्ने ३८ वर्षीय कृष्णप्रसाद अधिकारीलाई **०५२ असोज १०** गते राती आफ्नो पसलमा बसिरहेको अवस्थामा अपरिचित व्यक्तिहरूको हुलले कुटपिट गऱ्यो।

दुंग्रेखोला गाविस-७ का २६ वर्षीय मुरारी रायमाझीलाई सुनिल श्रेष्ठ, चञ्चल थापा र विष्णु वस्नेत लगायतका व्यक्तिहरूले **०५२ असोज ११** गते पिटे। फूटवल खेल खेल्दा सामान्य भनाभन हुन गई उक्त घटना भएको थियो।

हरिवन गाविस-नोचा दुर्गाको मन्दिरमा वास बसेका, राम्रो बोल्न नजान्ने मागेर पेट पाल्ने कान्छा तिर्मिल्सिनालाई **०५२ असोज १७** गते अपरिचित व्यक्तिहरूको हुलले कुटपिट गऱ्यो।

कर्मैया प्रहरी चौकीका हवल्दार भुविक्रम थापालाई **०५२ कार्तिक ६** गते स्थानीय केशवप्रसाद प्रसाईले कुटपिट गरे।

कर्मैया पुरानो चौकीका चण्डेश्वर राय, नवराज वानिया र दीपक भण्डारीले धनुषा घर भएका पत्रकारहरू नवराज वस्नेत र पर्वत थापालाई **०५२ कार्तिक १८** गते आफन्तको घरमा जान लाग्दा कुटपिट गरे।

परवानीपुर गाविस-४ का महेश कार्की, रमेश पाठक, कुमार पाण्डे, कृष्ण दाहाल लगायतका करीब १० जनाले **०५२ जेठ १२** गते परवानीपुर गाविस-२ का वडा सदस्य सूर्यबहादुर स्याङतानलाई सख्त घाइते हुने गरी पिटे।

१.६ थुनामा मृत्यु
थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)
उल्लेखनीय घटना भएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता
यस जिल्लामा यो वर्ष धार्मिक वैमनश्यका कारणले कुनै घटना भएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार
न्याय प्राप्त गर्ने तर्फ अशिक्षाको कारणले अधिकांश जनताहरूले त्यति चासो दिएको देखिँदैन। जिल्ला अदालतमा सवभन्दा बढी मुद्दा लेनदेन सम्बन्धी परे। विभिन्न प्रकृतिका मुद्दाहरू गरी जम्मा १ हजार ५ सय ७१ मुद्दाहरू दर्ता भएको पाइयो। यी मुद्दाहरूमध्ये ५ सय ६१ फैसला भएका छन्। यसै गरी जिल्ला प्रशासन कार्यालयमा २७ मुद्दा दर्ता भए र ७ फैसला भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि
यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या
यो जिल्लामा दिन प्रतिदिन सुकुम्बासी समस्या बढ्दै गएको छ। जिल्लामा लगभग २५ हजार सुकुम्बासी रहेका छन्। यो वर्ष १ हजार ५ सय सुकुम्बासीहरूलाई जग्गाधनी पूर्जा वितरण गरियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना
हजरिया गाविस-७ का शिवनाथ महतोले स्थानीय रामदरेश महतोको ५ वर्षीय छोरीलाई बलात्कार गरे। **०५१ फागुन २१** गते निज बालिका बाख्रा चराउन गएको बेलामा मुखमा कपडाले बाँधेर शिवंनाथ महतोले बलात्कार गरेका थिए।

हरिवन गाविस-५ का २८ वर्षीय कपिल परियारले **०५२ बैशाख २१** गते घरमा कोही नभएको अवस्थामा आफ्नै १० वर्षीय छोरीलाई बलात्कार गरे।

कर्मैया गाविस-१ की १५ वर्षीय लक्ष्मीकुमारी श्रेष्ठ **०५२ साउन १३** गतेदेखि हराएकी छिन्। निजलाई बेचेको आशंका गरिएको छ। उक्त घटनाका सिलसिलामा भरत भट्टराई, केदार मैनाली र दिपक वाग्लेलाई प्रहरीले पक्राउ गरेको थियो।

मलंगवा नपा-७ की १७ वर्षीय रामश्रीदेवी राय **०५२ मदौ २** गतेदेखि वेपत्ता भएकी छिन्। उनलाई भारतमा लगी बेचेको आशंका गरिएको छ।

मलंगवा नपा-६ का ४० वर्षीय अब्दुल अफिज मिकरानीले **०५२ मदी २** गते मलंगवा नपाका मुखियाकी ३५ वर्षीय पत्नीलाई बलात्कार गर्ने उद्देश्यले हातपात गरे। पीडितले रोइ कराइ गर्न थालेपछि पीडक भागेका थिए।

गौरीशंकर गाविस-२ की २६ वर्षीय मलमीगिया मुसहर र सुनील कुमार पाण्डेबीच रहेको अनुचित यौन सम्बन्धका कारण मलमीगिया मुसहरले गर्भ धारणा गरिन्। सुनिल पाण्डेले निजलाई अपनाउन अस्वीकार गरे। **०५२ मदी ८** गते उनले नाता कायम गरी अंश दिलाइ पाउँ भनी जिल्ला अदालतमा मुद्दा दायर गरेकी छिन्।

कर्मैया गाविस-३ का २१ वर्षीय जीवनबहादुर थापाले **०५२ मदी ३१** गते राती ४ छोराछोरीको आमा र ४ महिनाको गर्भ रहेकी स्थानीय साहिली माया वोटेलाई बलात्कार गर्न खोज्दा आफू असफल भएपछि निर्ममतापूर्वक कुटपिट गरे।

दुंग्रेखोला गाविस-५ का सुब्बासिङ गोलनले **०५२ असोज ९** गते राती स्थानीय एक महिलालाई बलात्कार गर्ने प्रयास गरे।

सहोदवा गाविस-२ का रामसेवक रायले **०५२ मंसीर २२** गते सोही ठाउँकी एक महिलालाई बलात्कार गरी फरार भए।

दुंग्रेखोला गाविस-७ का ३० वर्षीय गोविन्द चालिसेले स्थानीय १४ वर्षीय एक बालिकालाई **०५२ मंसीर १७** गते बाख्रा चराउन गएको अवस्थामा जंगलमा बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

दुंग्रेखोला गाविस-९ का पाँच छोरा छोरीका बाबु ४० वर्षीय हरिबहादुर उप्रेतीले स्थानीय देवकी देवी सिग्देलसंग **०५१ माघ ३०** गते दोस्रो विवाह गरे।

हरिवन गाविस-९ का श्यामबहादुर मुजेलले घरमा पत्नी हुँदाहुँदै **०५२ वैशाख ३** गते अर्की केटीसंग दोस्रो विवाह गरे।

कर्मैया गाविस-१ का २५ वर्षीय नविन काफ्लेले घरमा पत्नी हुँदाहुँदै स्थानीय १५ वर्षीय शान्ता प्रसाईसंग **०५२ मंसीर २४** गते दोश्रो विवाह गरे।

४.३ गर्भपतन

ईश्वरपुर गाविस-२ की १७ वर्षीय हेमकुमारी वजगाईले ५० वर्षीय विष्णु गिरीसंग अनुचित सम्बन्ध राखी रहन गएको ६ महिनाको गर्भ **०५१ फागुन ३०** गते पतन गराई नजिकैको बाँसको घारीमा फालिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

लालबन्दी गाविसकी २३ वर्षीय रत्नकुमारी श्रेष्ठ र २१ वर्षीय भुवन कुमार श्रेष्ठले नवजात शिशु जन्मने बित्तिकै **०५२ असोज १७** गते हत्या गरी फालेका थिए।

सन् १९७९ सालमा बनेको सर्लाहीको बाल मन्दिरमा अहिले २ सय ४५ जना बालकहरू पढ्दछन्। बच्चाहरूलाई सरकारले दिएको सुविधामा चुहावट हुने गरेको पाइएको छ। बच्चाहरूले कपडा धुने, भात पकाउने सबै काम आफैले गर्नु पर्दछ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी घटना प्रकाशमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेखनीय घटना देख्न परेन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

कुनै उल्लेख्य घटना केही पाइएनन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै घटनाका बारेमा कसैले पनि प्रतिक्रिया व्यक्त गरेको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष १ जनाको खोलामा डुबेर र २ जनाको बस दुर्घटनामा परेर मृत्यु भयो। आगलागीबाट करीब ४ लाख ३० हजारको सम्पत्ति नष्ट भयो। डकैतीको एउटा घटना भयो।

■



२. मध्यमाञ्चल

जनकपुर

२.४ सिन्धुली

जनसंख्या : २२३९००
साक्षरता : ३२.६ प्रतिशत
महिला साक्षरता : १७.४ प्रतिशत
क्षेत्रफल : २४९१ वर्ग कि.मी.

सिन्धुली जिल्ला आधा भित्री मधेस र आधा पहाड मिलेर बनेको छ। यातायातको दृष्टिकोणले पिछडिएको यो जिल्लाको सदरमुकाम सिन्धुली माढीलाई महेन्द्र राजमार्गसंग धुले सडकले जोडेको छ। वर्ष भरिमा ५ महिनामात्र चल्न सक्ने यो बाटोले थोरैलाई मात्र सुविधा प्रदान गरेको छ। गरीबी र अशिक्षा यहाँ पनि व्याप्त छ। यस जिल्लाका मानिसहरूको मुख्य पेशा कृषि नै रहेको छ। यस वर्ष महादेवस्थान-४ मा प्रहरीद्वारा चलाइएको गोली काण्डको घटना व्यापक चर्चामा रह्यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

रानीवास गाविसमा पर्ने खितखिरे जंगलमा **०५२ वैशाख ३** गते ४०।५० जना काठ तस्करहरू पसेको सुराक कमला इलाका वन कार्यालयका सुरक्षा कर्मीहरूले थाहा पाएपछि सो ठाउँमा जाँदा दोहरो भिडन्त भयो। प्रहरीको गोलीबाट २ जना घाइते भए भने २ जना वन सुरक्षा कर्मी पनि घाइते भए।

महादेव स्थान गाविस-४ मरिन खोलाका शेरमान कुवँरको घरमा **०५२ मदौ २४** गते राती करीब १२ बजे प्रहरीले ५ राउण्ड गोली प्रहार गरी सर्वसाधारण जनतालाई आतंकित बनायो। ०५२ जेठ १ गते शिक्षक मनोहर खतिवडाको पैसा लुटिएको विषयलाई लिएर हरि श्रेष्ठ लगायतका केही व्यक्तिलाई पक्राउ गर्न गएका प्रहरीहरूले शेरमान उम्किए पछि उनको घरका परिवार भाउजू रामकुमारी कुँवर र दाजु निर्मल कुँवरलाई लातले हान्ने र बन्दूकको कुन्दाले छाति र पेटमा हिर्काउँदा रामकुमारीको पाठेघरमा घाउ लागी रगत समेत बगेको थियो। साथै शेरमानकी पत्नी निरू, बाबु दलबहादुर र आमा पवित्र कुमारी कुँवरलाई पनि प्रहरीले कुटपिट गरेको थियो। मासम लगायतका मानवअधिकार संस्थासंग सम्बद्ध व्यक्तिहरूको एक टोलीले घटनास्थलको अध्ययन भ्रमण गरी सार्वजनिक गरेको प्रतिवेदनमा उक्त कुरा उल्लेख गरिएको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	१	-	-
हिरासतमा यातना	-	४	२	१
बलात्कृत	-	२	२	३
आत्महत्या	-	-	६	५

१.२ जेल र बन्दीहरू

२०२८ सालमा निर्मित सिन्धुली जेलको क्षमता २५ जनाको रहेको छ। भौतिक स्थिति जीर्ण भैसकेकोले पानी पर्दा चुहिने गरेको छ। महिला वन्दी गृह तर्फ खाना पकाउने बस्ने, सुत्ने र शौचालय एकै ठाउँमा रहेको हुँदा जेल निकै दुर्गन्धित देखिन्छ। हाल ६५ जना रहेको यस जेलमा १ महिला अरू पुरूष रहेका छन्। जसमा ३७ जना थुनुवा, २८ जना कैदी छन्। हाल यहाँ संजमो (भट्टराई) संग सम्बद्ध हरि श्रेष्ठ र एमालेसंग सम्बद्ध छैडुप लामा २ जना राजनीतिक बन्दी रहेका छन्।

१.३ गिरफ्तारी र यातना

सिद्धेश्वर गाविसका सुवास रायमाझी र ढुंग्रेवासमा व्यापार गरी बस्ने सन्तोष बराल **०५२ मदौ २७** गते महादेवस्थान गाविसमा पत्रिकाको पैसा उठाउन जाँदा निजहरूलाई राती वास बसेको ठाउँबाटै विना कारण प्रहरीले गिरफ्तार गरी ३ दिन पछि तारेखमा छोडेको थियो।

कपिलाकोटका रूदबहादुर मगर र टेकबहादुर ब्लोन **०५२ मदौ २४** गते राँगो किन्न भनेर जाँदा रात परेपछि महादेवस्थानमा वास बसे। उनलाई यहाँ किन सुतेको भनी गिरफ्तार गरियो। हाल उनीलाई हातहतियार खरखजानाको मुद्दा लगाइएको छ।

मनोहर खतिवडाको रकम चोरेको अभियोगमा ०५२ **असार १** गते गिरफ्तार भएका **महादेवस्थान गाविस**का हरि श्रेष्ठ लगायतलाई हिरासतमा यातना दिइएको कुरा पीडितहरू बताउँछन्।

१.४ वेपत्ता पारिएको

यस वर्ष वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

महादेवस्थान गाविस-४ का निर्मल कुँवरकी पत्नी रामकुमारी कुवर र सरमान कुँवरकी पत्नी निरू दर्लामीलाई **०५२ भदौ २४** गते राती १२ बजे २०।२५ जना प्रहरीले तिमीहरू पार्टी त्याग, अन्यथा मार्छौं भन्दै लछारपछार गरे।

फाँगाफोली रातमाटाका शम्भु वर्मालाई **०५२ मंसीर १९** गते छिमेकीको घरमा आएको जन्ति पक्षका ज्ञानबहादुर माझी लगायतका व्यक्तिहरूले कुटपिट गरी वेहोस् बनाए।

डकाहा स्थित मल विक्रेता जगत कल्याण अधिकारीले मल लुकाएको भनी मल क्रेता र विक्रेता बीच **०५२ पुसमा** झडप हुँदा स्थानीय मल्लवलाल अधिकारीलाई ठूलो चोट लागेको थियो।

१.६ थुनामा मृत्यु

वन मुद्दाको सिलसिलामा पुर्पक्षका लागि सिन्धुली कारागारमा रहेका **सर्लाही हरिवन-९** का वलराम मक्रातीको कमलपित्त रोगका कारण **०५२ वैशाख** १८ गते थुनामा मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

उल्लेख्य घटना प्रकाशमा आएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

एमाले सरकारको कार्यकालमा नियुक्त भई शिक्षा लगायत अन्य क्षेत्रमा कार्यरत करार सेवाका कर्मचारीहरूलाई समयावधि नपुग्दै निष्काशन गरियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस वर्ष ५ सय घर परिवार सुकुम्बासीलाई लालपूर्जा वितरण गरियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

कल्पवृक्ष गाविस-८ की १३ वर्षीय बालिकालाई **०५२ वैशाख २१** गते स्थानीय धनबहादुर तिमिल्सिनाले बलात्कार गरे।

वासेश्वर गाविस-६ का तीन युवतीहरू **०५२ असार ३** गते बजार गरी डेरा फर्किरहेको अवस्थामा स्थानीय सुवास के.सी. र नवराज अधिकारी लगायतकाले बलात्कार गर्ने प्रयास गरे।

सिद्धेश्वर गाविस-५ की १३ वर्षीय एक बालिकालाई **०५२ असार २१** गते सिन्धुली अस्पतालका अहेव रविन्द्र श्रेष्ठले बलात्कार गरे। पीडित उपचारका लागि अस्पताल गएकी थिइन्।

महादेवस्थान गाविस-२ का वीरबहादुर वाइवाकी २० वर्षीय छोरी इन्दु कुमारी वाइवा **०५२ मंसीर १** गते देखि वेपत्ता भइन्। निजलाई उनकै दाजु पर्ने भीम वाइवाले वेचेको आशंका गरिएको छ।

यस वर्ष एड्सबाट पीडित भई २ जनाको मृत्यु भयो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

४.३ गर्भपतन

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लाबाट थुप्रै बालबालिकाहरू गरीबीका कारण काठमाडौंमा आई गलैचा बुन्ने र होटलमा भाँडा माझ्ने काम गरिरहेका छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

महादेवस्थान गाविस-४ मा ०५२ भदौ २४ गते भएको घटनाको बारेमा मानवअधिकार चेतना केन्द्र सिन्धुलीले एक विज्ञप्ति प्रकाशित गरी दोषीमाथि कार्वाही गर्न माग गरेको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लमा पानीमा डुबेर ३ जनाको मृत्यु भयो। त्यस्तै झाडापखालाले ६ जनाको मृत्युभयो, जसमा मृत्यु हुनेको उमेर डेढ वर्षदेखि ३० वर्ष सम्म रहेको छ। त्यसैगरी ट्रक दुर्घटनामा परी १ जना, आगलागीबाट ८ जना र पहिरोमा परी २ जनाको मृत्यु भयो। यो वर्ष यस जिल्लामा ३ जना महिला र २ जना पुरूष गरी ५ जनाले आत्महत्या गरे। तिनमा १ जनाले आर्थिक समस्याको कारणले र बाँकी ४ जनाले घरायसी झगडाको कारणले आत्महत्या गरेको पाइएको छ।



२. मध्यमाञ्चल

जनकपुर

२.५ रामेछाप

जनसंख्या : १८८०६४

साक्षरता : २९.९ प्रतिशत

महिला साक्षरता : १२.७ प्रतिशत

क्षेत्रफल : १५४६ वर्ग कि.मी.

यो जिल्लामा अहिलेसम्म मोटर बाटो पुगेको छैन। यहाँका ९५ प्रतिशत मानिसहरू खेतीमा निर्भर छन्। तर धैरेजसो जग्गाहरूमा सिंचाइ सुविधा उपलब्ध छैन। ५ प्रतिशत जमिन मात्र कृषि योग्य रहेको छ। हरेक वर्ष राजनीतिक झगडाका कारण एउटा न एउटा घटना यहाँ हुने गरेको छ। यस वर्ष त्यस किसिमको घटना भएको पाइएन। कुटपिट र ज्यान मार्ने धम्कीका घटनाहरू भने धेरै भए।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

फर्पू गाविस-४ का २० वर्षीय शिवकुमार खड्काले आफ्नो दाजु ध्रुवकुमार खड्कालाई **०५२ असार ९** गते खुकुरी प्रहार गरी हत्या गरे। पीडक शिवकुमार अहिले रामेछाप कारागारमा रहेका छन्।

रस्नालु गाविस-९ को जंगलमा गुप्तेश्वर गाविस-६ का पेमा तामाङ्ग, स्थानीय रत्नकाजी तामाङ्ग र रस्नालु गाविस बस्ने वीरबहादुर तामाङ्ग समेतले **०५२ मंदी १५** गते खुजी गाविस-९ का मोहन सुनवार जिरीबाट दोकानको सामान लिएर आउँदा कुटपिट गरेर मारेको आशंका गरिएको छ। सो अभियोगमा पीडितलाई पुर्पक्षको निम्ति थुनामा राखियो।

१.२ जेल र बन्दीहरू

रामेछाप जिल्लाको पुरानो सदरमुकाम रामेछापमा रहेको कारागार जीर्ण अवस्थामा रहेको छ। यस कारागारको पूर्व तर्फको गारो भत्किन लागेको छ। पटक पटक जीर्णोद्वार गरी सकिएको भएता पनि एक-डेढ वर्षमा पुनः जीर्णोद्वार गर्नु पर्ने स्थिति पैदा भएको छ। जिल्लाको नयाँ सदरमुकामबाट कारागारमा पुग्न ६ घण्टाको समय लाग्छ। बन्दीहरू चिसो भूईंमा सुत्नु पर्ने अवस्था रहेको छ। जम्मा २५ जनासम्मको क्षमता भएको यो जेलमा यस वर्ष तिनीहरू मध्ये कैदी तर्फ १४ जना पुरूष र ६ जना महिला, थुनुवा तर्फ ५ जना पुरूष र २ जना महिला समेत गरी जम्मा २४ जना रहेका छन्।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	-	-	२
बलात्कृत	-	-	२	२
आत्महत्या	-	१२	११	९

१.३ गिरफ्तारी र यातना

जिल्ला प्रहरी कार्यालयका प्रहरी टेकबहादुर थापा, महेन्द्रप्रसाद राय र नरबहादुर तामाङ्गले लखनपुर गाविसमा पूर्णिमाको दिन लागेको जात्रामा जथाभावी कार्य गर्न खोज्दा उक्त कार्य रोक्न खोज्ने **लखनपुर गाविस-२** का प्रेमप्रसाद चौलागाई, शिक्षक ढण्डु तिवारी लगायत लखनपुर गाविसका उपाध्यक्ष चित्तलाल श्रेष्ठ समेत गरी करीब ८ जनालाई **०५२ मंसीर १९** गते निर्मम यातना दिइयो।

यसैगरी गुन्सी गाविसको प्रहरी चौकी जलाएको आरोपमा प्रहरीहरूद्वारा प्रेमप्रसाद चौलागाई, डण्डु तिवारी लगायतका ४ जनालाई कुटपिट गरी सार्वजनिक अपराधको मुद्दा लगाइयो।

१.४ वेपत्ता पारिएको

यस वर्ष कसैलाई वेपत्ता पारिएको घटना प्रकाशमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

गोठगाउँ गाविस-४ मा पर्ने दोभार खेतमा पानी लगाउने झगडामा **०५१ माघ २०** गते बखतबहादुर भुजेलले भीमकुमारी कार्कीलाई ज्यान मार्ने धम्की दिई कुटपिट गरे। पीडकमाथि

सार्वजनिक मुद्दा चलाई धरौटीमा छोडिएको छ।

एस.एल.सी. परीक्षा चलिरहेको बेला **शंकर मा.वि.** रामेछापमा जिल्ला प्रशासन कार्यालयबाट निरीक्षण गर्न खटाइएका जयमुकुन्द खनाललाई **०५१ माघ २२** गते परीक्षार्थीहरू नीलराज जैसी, ध्रुव ढकाल, रत्नबहादुर नेवार, विनोद सुवेदी, पेशलकुमार बुढा, रामकुमार आछामे मगर, बाबुराज खड्का, इन्द्र दुंगेल र गौरीशंकर मा.वि.का संचालक समितिका अध्यक्ष गोविन्दबहादुर श्रेष्ठ समेतले ज्यान मार्ने धम्की दिई कुटपिट गरे। निज पीडकहरूलाई सार्वजनिक ऐन अपराध अन्तर्गत मुद्दा चलाई तारेखमा छाडिएको छ।

गौश्वरा गाविस-४ मा प्रहरी जवान कमलबहादुर कार्की र राजकुमार थापामगरलाई **०५१ फागुन १३** गते सहबहादुर थापामगर, वमबहादुर थापामगर, डिलबहादुर थापामगर र गंगाबहादुर थापामगरले कुटपिट गरी ज्यान मार्ने धम्की दिए। निज पीडकहरूलाई सार्वजनिक अपराधमा मुद्दा चलाई तारेखमा छोडिएको छ।

मक्रुवा गाविस-७ मा घरायसी रीसइबीको कारणले मूलबाटो छेकी रोजबहादुर लामा, हरि लामा, ओमबहादुर घिसिङ, धनबहादुर घिसिङ, मानबहादुर घिसिङ, वीरबहादुर घिसिङ र कुमार घिसिङले **०५२ वैशाख १२ गते** ध्रुवकुमार श्रेष्ठलाई कुटपिट गरे। कुटपिट गर्ने व्यक्तिहरूमाथि सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाइ तारेखमा छोडिएको छ।

दोरम्बा गाविस-४ का ४० वर्षीय मानबहादुर तामाङ, गौतमकुमार योञ्जन र पदमबहादुर तामाङ समेत करीब १५ जनाले सोही ठाउँमा लागेको बजारमा उपभोग्य सामान बेच्दा बढी पैसा लियो भनी **०५२ जेठ २** गते गोपाल मुक्तान र गोपाल लामालाई कुटपिट गरे। पीडकहरूलाई सार्वजनिक मुद्दा लगाइ तारेखमा छाडिएको छ।

मदौरे गाविस-७ का अम्बरबहादुर भण्डारी लगायत तीनजनाले **०५२ असार १७** गते मदौरे स्कूल चौरमा इमानसिंह तामाङलाई कुटपिट गरे।

नागदह गाविस-२ का २६ वर्षीय यामबहादुर वरूवाल क्षेत्रीलाई **०५२ साउन १३** गते प्रहरी सहायक निरीक्षक नारायण गैरी र प्रहरी जवान नवराज वस्नेतले कुटपिट गर्दै पक्राउ गरी सार्वजनिक अपराधको मुद्दा लगाए।

फूलासी गाविस-९ का ७८ वर्षीय तख्तबहादुर खड्कालाई **०५२ साउन २५** गते मन्दिरमा पूजा गरी फर्कंदा डडुवा गाविसका वालुमान तामाङ र अन्य दुईजनाले कुटपिट गरे।

रस्नालु गाविस-१ का ३५ वर्षीय धनबहादुर वस्नेतले थोसे-६ का गाविस सचिव श्रीभक्त प्रधानलाई **०५२ भदौ १९** गते मन्थली बजारमा हिंडी रहेको अवस्थामा कुटपिट गरे।

गाठेगाउँ गाविस-७ का अध्यक्ष बलबहादुर कार्की र अन्य ५ जनालाई पिपल डाँडामा लाग्ने हाट मेलामा झगडा मिलाउन लागी रहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयका प्रहरी हवल्दार कृष्णबहादुर बोहरा र हेमबहादुर श्रेष्ठले **०५२ भदौ २०** गते कुटपिट गरी पीडितहरूलाई सार्वजनिक ऐन अपराधमा झूठा लगाइयो।

मन्थली गाविस-४ का ३९ वर्षीय गोपालबाबु श्रेष्ठलाई पानीको धारा सम्बन्धी झगडामा मन्थली मन्ज्याङ्की कान्छी मुक्तानले **०५२ असोज २६** गते खुकुरी प्रहार गरिन्। खुकुरीको प्रहारबाट पीडितको देब्रे आँखामाथि चोट लागेकोले ९ वटा टाँका लगाउनु परेको थियो। रामेछाप जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

लखनपुर गाविस-५ की गोमा श्रेष्ठ र उनका पति गणेशबहादुरलाई **०५२ कार्तिक २२** गते लखनपुर गाविस-५ का ४० वर्षीय कृष्णबहादुर श्रेष्ठ लगायत तीनजनाले ढुङ्गामुढा गरी कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

धर्मको विषयलाई लिएर विवाद र धार्मिक स्वतन्त्रता हनन भएको घटना जानकारीमा आएको पाइएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

रामेछाप जिल्लाको अदालतप्रति आमजनताको धारणा नकारात्मक छैन। तर न्याय सम्पादनमा ढिलासुस्ती हुने गरेको कुरा नागरिकहरू बताउँछन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

गेलु मा.वि.का शिक्षक अर्जुन के.सी.लाई शिक्षक संगठनमा लागेको भनी संचालक समितिका अध्यक्ष र शिक्षा कार्यालयका अधिकारीले गोठगाउँ गाविसको नि.मा.वि.मा **०५१ फागुन महिना**मा अपायक सरूवा गरे।

जीतजंग महतलाई **०५१ चैत १०** गते रामेछाप जिल्लाका प्रा.वि. शिक्षक पदबाट अवकाश दिइया।

भीमेश्वर रूद्र मा.वि.का शिक्षकहरू बद्रीप्रसाद घिमिरे, निलहरी दाहाल र मोला श्रेष्ठलाई नेपाल राष्ट्रिय शिक्षक संगठनमा लागेको भनी प्रधानअध्यापक नरेन्द्रलाल कर्ण निरालाले पक्षपातपूर्ण ढंगले ०५१ माघ महिनादेखि ०५२ कार्तिक मसान्तसम्मको तलब भत्ता नदिएको कुरा पीडितहरू बताउँछन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

मटौली गाविस-५ मा झुप्रो हाली बसेकी प्यारी तामाङ्नी

लगायत १४ जनाको **०५२ असार ९** गते घर भटौली गाविस-४ का भरत प्रसाई, भटौली गाविस अध्यक्ष गोपाल प्रसाई र श्याम सुवेदी समेत १५ जनाले भत्काई दिए।

५. महिला अधिकार

५.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

दुरागाउँ गाविस-३ की १३ वर्षीय एक बालिकालाई **०५२ साउन १८** गते घरमा कोही नभएको अवस्थामा १९ वर्षीय आनन्द कार्कीले बलात्कार गरे। पीडकलाई कुनै कारवाही भएन।

ठोसे गाविस- ५, ६, र ७ का सुरेश कुमार श्रेष्ठ, गौतम श्रेष्ठ, महेशलाल प्रधान, यादवलाल प्रधान, असाकाजी श्रेष्ठ र कपिल श्रेष्ठ लगायतका ५ जनाले काठमाडौंबाट जिरी गइरहेको प्रीति गाविसकी १७ वर्षीय एक युवतीलाई **०५२ मंसीर १२** गते सामुहकि बलात्कार गरी बेहोस् बनाएका थिए।

५.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जारी र बहुविवाह यस जिल्लाका सामान्य घटनाहरूभित्र पर्दछन्। देउकी प्रथा यस जिल्लामा छैन। धन्दाको रूपमा देह व्यापार गरेको पनि पाइएको छैन।

५.३ गर्भपतन

गर्भपतनको घटना प्रकाशमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यहाँका धेरैजसो बालबालिकाहरू सानै उमेरमा घरेलु काममा संलग्न भएको पाइन्छ। काठमाडौंमा गलैंचा उद्योगमा काम गर्ने थुप्रै नाबालक बालबालिकाहरू त्यस तर्फ लागेको पनि पाइन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना भएको सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना भएको सार्वजनिक जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

घटनाहरूका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा खोलामा डुबेर १, सेप्टी ट्याङ्कीमा परी १ जनाको मृत्यु भयो। आगलागीबाट ४ जना मरे भने ९ जनाले आत्महत्या गरे। यस बाहेक दुईजना व्यक्तिमाथि अपराधिक गतिविधिमा लागे वापत मुद्दा चलाइएको छ।

■

२. मध्यमाञ्चल

जनकपुर

२.६ दोलखा

जनसंख्या : १७३२३६
साक्षरता : ३४.४ प्रतिशत
महिला साक्षरता : १७.३ प्रतिशत
क्षेत्रफल : २१९१ वर्ग कि.मी.

गौरी शंकर हिमालको काखमा रहेको यो जिल्ला पर्यटनका हिसाबले महत्वपूर्ण मानिन्छ। यहाँका नब्बे प्रतिशत नागरिकहरू कृषिमा निर्भर रहेको पाइन्छ भने बाँकी अन्य उद्योग, व्यापार र नोकरीमा आश्रित रहेका छन्। यस जिल्लामा अशिक्षा र अज्ञानताका कारण मानवअधिकार उल्लंघनका घटनाहरू हुने गरेको पाइएको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

लापीलाङ्ग गाविस-५ का ४० वर्षीय अम्बीर थामीलाई **०५१ पुस २४** गते स्थानीय बसुराम थामीले पुरानो रीसइवीका कारण जाँड खुवाएर लट्ठ बनाएपछि ढुंगाले र लौराले कुटेर हत्या गरे।

सैलुङ्गेश्वरी गाविस-२ का तुलबहादुर श्रेष्ठलाई मुडे बजार स्थित आफ्नो पसलबाट घर गइरहेको बेलामा **०५२ जेठ** ५ गते फस्कु गाविस-९ का चिफे भन्ने शिव तामाङ्गले पुरानो रीसइवीका कारण लाठीले कुटेर हत्या गरे।

सहरे गाविस-४ का कृष्णबहादुर भट्टराई र प्रेमबहादुर खड्काबीच **०५२ कार्तिक ८** गते झगडा हुँदा छुट्याउन गएका ६२ वर्षीय बृहस्पतिलाई निजहरूले लडाएपछि घटनास्थलमै उनको मृत्यु भयो। हाल पीडक प्रेमबहादुर खड्का प्रहरीमा हाजिर भएका छन् भने कृष्णबहादुर भट्टराई फरार रहेका छन्।

लाकुरीडाँडा गाविस-१ का चिन दोर्जे तामाङ्गकी २९ वर्षीय पत्नी शुकमाया तामाङ्ग, छोरा आइते तामाङ्ग र १३ महिनाको फुर्बा तामाङ्गलाई **०५२ कार्तिक २५** गते अज्ञात व्यक्तिद्वारा खुकुरी प्रहार गरी हत्या गरे। प्रहरीले अभियुक्त मध्ये केहीलाई हिरासतमा लिएको छ।

सुरी गाविस-७ का ४० वर्षीय सूर्यबहादुर श्रेष्ठ र स्थानीय भगवान खड्का **०५२ मंसीर ६** गते जंगलमा शीकार गर्न गैरहेको अवस्थामा भगवान खड्काले बोकेको बन्दूक पड्किन गई सूर्यबहादुर श्रेष्ठको पिंडीलामा लाग्न पुग्यो। उपचार हुँदाहुँदै उनको मृत्यु भयो।

नाम्दु गाविस-५ का ८७ वर्षीय ठूलो नरमान श्रेष्ठलाई **०५२ पुस १** गते आफ्नै भतिजा रामबहादुर श्रेष्ठले धकेलेका कारण लडेर घाइते भएपछि उनको उपचार हुँदाहुँदै मृत्यु भयो। हाल प्रहरी कार्यवाही भैरहेको छ।

गैरीमुदी गाविस अध्यक्ष टलकबहादुर तामाङ्गलाई स्थानीय बासिन्दाको हुल आई कुटपिट गर्दा **०५१ फागुन २३** गते उनको मृत्यु भयो। स्थानीय वासिन्दाहरूले लिस्नेको जंगलमा पर्ने ३ नम्बरी जग्गामा ३/४ वर्ष अघिदेखि आलु खेति गर्दै आएका थिए। त्यसै सन्दर्भमा त्यस गाविसका अध्यक्षले जिल्ला वन शाखामा उजुरी गरेको आरोपमा उक्त घटना भएको थियो। सो घटनाको स्थलगत अध्ययन गर्न इन्सेकसंग सम्बद्ध मानवअधिकार कार्यकर्ताहरू र पत्रकारको एक टोली त्यहाँ गएको थियो र आवश्यक छानवीन पछि प्रतिवेदन सार्वजनिक गरेको थियो।

१.२ जेल र बन्दीहरू

यहाँको जेलको भौतिक अवस्था ज्यादै जीर्ण रहेको छ। हाल ५७ जना बन्दी रहेको यस जेलमा ५२ जना थुनुवा र ५ जना कैदी रहेका छन्। जसमध्ये २ जना महिला पनि छन्। साह्रै दुर्गन्धित रहेको यस जेलमा एउटामात्र चर्पी रहेको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	२	४	१	१
बलात्कृत	-	२	-	१
आत्महत्या	-	-	४	१४

खुकुरी प्रहार गरी हत्या गरिएका एकै परिवारका सुकमाया तामाङ्ग, छोरा आइते तामाङ्ग र फुर्वा तामाङ्ग

स्थानीय वासिन्दाको हुलले कुटपिट गरी मारिएका गैरीमुदी गाविस अध्यक्ष टलकबहादुर तामाङ्ग

अदालतको ढिलाइले गर्दा धेरै बन्दीहरू थुनुवाको रूपमा रहेका छन्।

१.३ गिरफ्तारी र यातना

गाविस अध्यक्ष टलकबहादुरको मृत्युको घटनामा गिरफ्तार भएका **नारायण नि.मा.वि. मिरकोट**का बन्दी शिक्षक देवदास श्रेष्ठलाई दिशा पिसाब गर्न पनि नदिएर यातना दिइएको थियो। हाल उनी ५० हजार धरौटीमा छुटेका छन्।

जिरीबाट काठमाडौं आउँदै गरेका हुलाकी सत्यमान लामालाई सिन्धुपाल्चोकको सिकुटे नजिकै **०५२ असोज ५** गते विनाकारण मिनी बसमा यात्रा गरिरहेका प्रहरी जवानहरूले एक्कासि कुटपिट गरी घाइते तुल्याए।

१.४ वेपत्ता पारिएको

वेपत्ता गरिएको घटना जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मालु गाविस-७ घर भई हाल काठमाडौं पशुपतिमा बसोबास गर्ने ज्योतिष ६२ वर्षीय केदारनाथ तिमिल्सिनालाई **०५१ माघ १३** गते नागरिकताको प्रतिलिपि लिन जाँदा सामान्य वादविवादमा चरिकोटका प्र.जि.अ. कमलप्रसाद लालकर्णले हातपात गरी धम्काउने कार्य समेत गरे।

जिरी मा.वि.मा **०५१ माघ २३** गते परीक्षा चलिरहेकै अवस्थामा जिल्ला शिक्षा कार्यालय जिरीका निरीक्षक नारायण श्रेष्ठलाई हावा गाविसका विद्यार्थीहरूले चिट खोसेको निहुँमा कुटपिट गरे।

ओखलढुंगा रजनी गाविस-५ का दिलकुमार रोकाले जिरी गाविसमा **०५१ चैत्र ११** गते राती १ बजेको समयमा पासपोर्ट नं. ०७३०७७७१ भएका अमेरिकी नागरिक रोवर्ट हेम पोस्टरलाई छुरा प्रहार गरी घाइते बनाए।

पवटी गाविसका ४६ वर्षीय प्रेमबहादुर बस्नेतलाई **०५२ वैशाख ९** गते सामान्य भनाभनको कारणमा स्थानीय तेजबहादुर बुढाथोकीले कोदालाको पासोले हिर्काइ गम्भीर घाइते बनाए।

ठूलोपातल गाविस-१ का टेकबहादुर तामाङ र निजकी पत्नी बामनी तामाङ लगायत पुरै घर परिवारलाई **०५२ साउन २** गते स्थानीय तेजबहादुर तामाङ लगायत २९ जनाले लाठी खुकुरी प्रयोग गरी घाइते बनाए।

बाबरे गाविसका २९ वर्षीय राम पाण्डेलाई र सुवास पाण्डे **०५२ असोज १४** गते सुनखानी गाविस-३ सातमाटे बजारस्थित होटलमा खाना खान लाग्दा स्थानीय ढालबहादुर सापकोटा र सम्भुबहादुर खड्काले राजनीतिक विवाद हुँदा कुटपिट गरे।

गैरीमुदी गाविस-४ का गणेश तामाङलाई **०५२ कार्तिक** ८ गते स्थानीय टंक वमजन लगायत ३० जना जतिले प्रहरीको सामुन्ने कुटपिट गरे।

चरिकोट गाविस-४ का श्यामकृष्ण थापालाई **०५२ मंसीर १७** गते बेलुका चरिकोट बजारस्थित प्रहरी हवल्दार शेरबहादुर लामीछानेले सामान्य भनाभनमा कुटपिट गरे।

सुकाठोकर गाविस-४ का ५२ वर्षीय ज्ञानबहादुर तामाङ र स्थानीय ५० वर्षीय कुमारसिंह तामाङ बीच **०५२ पुस २** गते सामान्य कुराको निहुँमा झगडा हुँदा दुबैजना सख्त घाइते भए।

१.६ थुनामा मृत्यु

क्षमावती गाविस-७ घर भई चोरीको अभियोगमा गिरफ्तार भएका ४० वर्षीय कृष्णमान थामीको **०५२ वैशाख १८** गते भीमेश्वर अस्थायी प्रहरी चौकीमा मृत्यु भयो। सो घटनालाई प्रहरीले आत्महत्या भनी प्रमाणित गरेर ३ दिन पछि दाह संस्कार गरेको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँ ८ सय ४४ वटा मुद्दा दर्ता भएका थिए। जसमध्ये ३ सय ४४ मुद्दा फछ्र्यौट भए। अरू कुनै उल्लेख्य घटना जानकारीमा आएन।

सामान्य निहुँमा कोदालोको पासोले हिर्काई घाइते बनेका प्रेमबहादुर वस्नेत

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना जानकारीमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा ५ सय परिवार सुकुम्बासीहरू रहेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सुन्दावती गाविस-३ की २० वर्षीय एक युवतीलाई **०५२ जेठ ९** गते ३४ वर्षीय मेघनाथ चौलागाईंले विवाह गरे। पछि इनरूवा गएर निज युवतीलाई वेश्यावृत्तिमा संलग्न गराएपछि निज युवतीले प्रहरीमा उजुरी गरिन्। हाल प्रहरी कार्यवाही जारी छ।

माटी गाविस-१ की एक ७ वर्षीय एक बालिकालाई **०५२ कार्तिक ८** गते पिङ खेलेर घर फर्किरहेको अवस्थामा मकैबारी गाविस-६ का २२ वर्षीय ज्ञाने दमाईले बलात्कार गरे। पीडकलाई पक्राउ गरिएको छ।

४.२ जारी / बहुविवाह / देठकी / देहव्यापार

चरिकोट गाविस-७ का २१ वर्षीय कृष्णबहादुर बुढाथोकीले **०५१ पुस २५** गते स्थानीय चेतकुमारी बुढाथोकीसंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

सहरे गाविस-९ की १९ वर्षीय एक युवतीले अवैध गर्भ धारण गरी **०५२ वैशाख २** गते गर्भपतन गराइन्।

मेलुङ गाविस-१ की मिथुला कार्कीको **०५२ जेठ २** गते सामान्य भनाभनमा स्थानीय व्यक्तिहरूको कुटाइले गर्दा गर्भपतन भयो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

उल्लेख्य घटना प्रमाशमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लामा दासत्व, कमैया र बाँधाको समस्या नरहेता पनि हलियाको समस्या विद्यमान छ। तर यो वर्ष उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य, टिप्पणी प्रकाशि/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा ३ जना महिला र ११ जना पुरूषले आत्महत्या गरे। तिनमा ३ जनाले गरीबीका कारण परिवार पाल्न नसकेर र १ जनाले सन्तान नभएका कारण आत्महत्या गरेको पाइन्छ। अन्यले भने पारिवारिक झगडा, मानसिक असन्तुलन आदि कारणले आत्महत्या गरेको देखिन्छ। ३ जनाले विष सेवन गरेर र ११ जनाले झुण्डिएर आत्महत्या गरेको पाइयो। खोलामा डुबेर ३ जनाको मृत्यु भयो। ■



२. मध्यमाञ्चल

नारायणी

२.७ रौतहट

जनसंख्या : ४१४००५

साक्षरता : २३.५ प्रतिशत

महिला साक्षरता : ११.८ प्रतिशत

क्षेत्रफल : ११२६ वर्ग कि.मी.

जिल्लामा व्याप्त सामन्ती शोषण र उत्पीडनका कारण मानवअधिकारको स्वतन्त्र उपभोग गर्नबाट जिल्लावासीहरू वंचित भएको देखिन्छ। सामान्य वाद विवादमा समेत यहाँ गोली चल्ने गरेका घटनाहरू पाइन्छन्। यस वर्ष वाग्मती, वकैया र चाँदी जस्ता नदीहरूमा आएको बाढीले ठूलो क्षति पुऱ्यायो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

चन्द्रनिगाहपुर गाविस-६ का सोमप्रसाद काफ्लेलाई **०५१ माघ २०** गते गाउँ नजिकैको जंगलमा केही अज्ञात व्यक्तिहरूले टाउकोमा गोली प्रहार गरे। उपचारका लागि बीरगंज लैजाँदालैजाँदै उनको मृत्यु भयो। हत्याराहरू पत्ता लाग्न सकेका छैनन्।

खेसैया गाविस-६ का फुलचन सहनीलाई बोक्सोको आरोप लगाई स्थानीय सत्यनारायण सहनी लगायतका व्यक्तिहरूले **०५२ जेठ १८** गते नाइलनको डोरी घाँटीमा कसेर हत्या गरे। सत्यनारायण सहनीलाई प्रहरीले पक्राउ गरी अदालतमा पेश गरेको छ।

जिंगडवा वेलविछ्वा गाविस-२ का शेख तहिदको लाश **०५२ जेठ २१** गते राजपुर तुल्सी गाविस-६ मा फेला पऱ्यो। उनको हत्या गरिएको हुनु पर्ने आशंका गरियो। तर हत्याराहरूको बारेमा केही थाहा हुन सकेको छैन।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	२	-	२
हिरासतमा यातना	३	१	१	-
बलात्कृत	१	१	२	५
आत्महत्या	-	-	१	४

इलाका प्रहरी कर्यालय समनपुरका प्रहरी नायब निरीक्षक रविनारायण चौलागाईको नेतृत्वमा गएको प्रहरी गस्ती र डाँकाहरू बीच **०५२ असार ४** गते **विसुनपुर्वा गाविस** नजिकै मुठभेड हुँदा प्रहरीले चलाएको गोलीले दुई जना डाँकाहरूको मृत्यु भयो। उनीहरूको सनाख्त हुन सकेन।

महम्मदपुर गाविस-८ का शिवशंकर दास सर्भङ्ग गोसाइलाई **०५२ साउन १४** गते सोही ठाउँका ब्रम्हदेव महरा समेतले गोली प्रहार गरी घाइते बनाए। पीडकहरूलाई जिल्ला प्रहरी कार्यालय गौरले पक्राउ गरी थुनामा राखेको छ। पीडकसँग घटनाका बारेमा बुझ्दा आफूलाई गरीब भनी हेप्न खोजेको हुँदा गोली प्रहार गरेको बताए।

हजमिनिया गाविस-९ की ३२ वर्षीय फूलकुमारी देवीलाई **०५२ कार्तिक २०** गते सोही गाविस-८ का नथुनी सिंह भन्ने कमलकिशोर सिंहले हत्या गरे। पीडकले पहिले बलात्कार गरेर त्यसको पोल खुल्ने डरले उनको हत्या गरेको बताइन्छ।

शितलपुर गाविसमा **०५२ पुस ११** गते डाँका गर्न गएका स्थानीय दयाराम यादव, रामसेवक राय, जयकरण साह तेली लगायतका १२ जना व्यक्तिहरूमाथि प्रहरीले गोली चलायो। गोली लागेर ०५२ वैशाख ४ गते दयाराम यादवको वीर अस्पतालमा उपचार गराउँदा गराउँदै मृत्यु भयो।

पतौरा गाविस-१ का १६ वर्षीय रामबाबु साह तेलीलाई सोही गाविसका कमल राय समेतका व्यक्तिहरूले गोली प्रहार गरी घाइते बनाए। पीडकहरूलाई प्रहरीले पक्राउ गरी कार्वाही गरेको थाहा भएको छ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेल भवन करीब ६० वर्ष पुरानो छ। महिलाहरूका लागि ३ वटा कोठा र पुरूषहरूका लागि १६ वटा कोठाको व्यवस्था भएको यस जेलको बन्दी क्षमता ७५ जनाको छ। यस वर्षको अन्त्यतिर ६६ जना पुरूष थुनुवा, २०

जना कैद तोकिएका पुरूष र ३ जना महिलाहरू समेत जम्मा ८९ जना बन्दीहरू यस जेलमा रहेको पाइयो। औषधि उपचारको व्यवस्था गरियोस् भनी यो वर्ष बन्दीहरू अनशन बसेका थिए। सुरक्षा व्यवस्थाको कमजोरीले गर्दा ०४८ कार्तिक १७ गते २० वर्ष जेलको फैसला भएको एकजना बन्दी **०५२ वैशाख ६** गते फरार भए। पछि प्रहरी निरीक्षक सत्यनारायण चौधरीले तिनलाई सरमुजवा गाविस नजिकै बगैंचामा सुतिरहेको अवस्थामा ०५२ जेठ १२ गते पुनः पक्राउ गरी १४ गते जिल्ला प्रशासन कार्यालयमा बुझाएका थिए। कहिले कहीं यातना दिने गरेको कुरा बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मुढवलावा गाविस-७ का दहाउर राय यादव, राम विश्वास यादव, कृष्णनन्दन यादव र राम दुलारीलाई **०५१ फागुन २१** गते स्थानीय राम एकवाल राय समेतका ५/६ जना व्यक्तिहरूले कुटपिट गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ।

राजपुर फरहदवा गाविस-५ का शेख सविरलाई **०५२ साउन १** गते स्थानीय शेख जैतुल, शेख जाहिर, शेख बजाहरूल, लालबाबु भन्ने शेख मजहर समेतका व्यक्तिहरूले लाठी भाला जस्ता हतियार प्रयोग गरी कुटपिट गरे। पीडकहरूलाई सम्बन्धित निकायले कार्वाही गरेको थियो।

पिपरा पोखरीया गाविस-१ का लक्ष्मी राय यादवलाई **०५२ असोज १०** गते सोही गाविस-२ का राम अवतार साह लगायतका व्यक्तिहरूले मुक्का, भाला, लाठी हिर्काएर मरणाशन्न बनाए। पीडकहरूलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको छ।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

हिन्दू र मुस्लिम धर्मावलम्बीहरू बीच सामान्य वादविवाद भए पनि कुनै उल्लेख्य घटना भएको पाइएन।

बोक्सोको आरोपमा मारिएका फुलधन सहनी

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्याय सुगम र निष्पक्ष रूपमा नपाएको गुनासो जनसमुदायमा छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लाका सडक छेउमा घर (छाप्रो) बनाइ बसेका थुप्रै संख्यामा सुकुम्बासीहरू पाइन्छन्। कतिपय सुकुम्बासीहरू अर्काका घरमा हरूवा, चरूवा भएर बस्न बाध्य छन्। एमाले सरकारको पालामा गठन भएका सुकुम्बासी समाधान आयोगले केही सुकुम्बासीहरूलाई बसोबासका लागि १० धुर देखि १ कठ्ठासम्म जग्गा वितरण गरिएको भए पनि समस्या अझै विद्यमान छ।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सिन्धुली जिल्ला **रतनपुर गाविस-२** की १४ वर्षीय बालिकालाई **०५१ माघ १** गते आफ्नो काकाको घर **चन्द्रनिगाहपुर** जान लागेका बेला तिम्रो काकाको घरमा लगिदिन्छु भनी आफ्नो कोठामा लगेर उनलाई चन्द्रनिगाहपुर गाविस-१ का छोटे कुमार वैठा र सोही गाविस-९ का सन्त बहादुर राना मगरले समेत सामूहिक बलात्कार गरे। पीडित बालिकाले प्रहरी कार्यालयमा उजुरी गरेपछि पीडक सन्तबहादुर राना र छोटेकुमार वैठालाई प्रहरीले पक्राउ गऱ्यो।

गरूडा गाविस, गरूडा बजार नजिकै उखुबारीमा **०५१ माघ १७** गते एक युवतीलाई सोही गाविसका वसन्त कुमार शाह, देवलाल चौधरी, रामबाबु राउत र फौदी महरा चमारले सामूहिक बलात्कार गरे। तर उनीहरूउपर कुनै कार्वाही भएन।

गरूडा गाविस, गरूडा बजारमा डेरा गरी बस्ने माधव घिमिरे र मनोज मिश्रले **०५२ असार १** गते सोही घरमा काम गरी बस्ने १४ वर्षीय बालिकालाई सामूहिक बलात्कार गरे।

बलात्कारीहरूलाई प्रहरीले पक्राउ गरी आवश्यक कार्वाही गरेको छ।

चन्दनिगाहपुर गाविस-१ की वेली भन्ने मंजु चौलागाईलाई काठमाडौं थानकोट गाविस-८ को मिना भन्ने विन्दादेवी घोरसाइनेले **०४९ कार्तिक १६** गते बम्बइमा पुऱ्याई ५० हजार रूपैयाँमा बिक्री गरेकी थिइन्। पीडित महिला **०५१ चैत्र २७** गते भारतीय प्रहरीको सहयोगमा नेपाल फर्किइन् । पीडित महिलाका अनुसार तिनलाई बेहोश हुने औषधि खुवाई बेहोश पारी भारत पुऱ्याएर बिक्री गरिएको थियो। पीडित महिलाले आफ्ना दाजु रामप्रसाद चौलागाईंको सहयोगमा सम्बन्धित निकायको पीडक उपर जीउ मास्ने बेच्ने अपराधको मुद्दा दर्ता गरेपछि विन्दादेवीलाई प्रहरीले पक्राउ गरी जिल्ला सरकारी वकीलको कार्यालय मार्फत् जिल्ला अदालत रौतहटमा पेश गरेको छ।

जटहरा गाविस-२ की ७ वर्षीय बालिकालाई पसलमा दुध पुऱ्याउन गइरहेको अवस्थामा **०५२ मंसीर २४** गते सोही गाविसका ३५ वर्षीय रूदल हजरा दुसाधले बलात्कार गरे। बलात्कारीलाई थुनामा राखिएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

४.३ गर्भपतन

इनरवारी गाविस-९ की नैनीदेवी राउत कुर्मीलाई सोही गाविस-८ का जयमंगल राय यादव, लक्ष्मण राय यादव, विरेन्द्र राय यादव र जाहिर मिया समेतका व्यक्तिहरूले **०५१ फागुन १३** गते कुटपिट गर्दा पीडित महिलाको ८ महिनाको गर्भ पतन भयो। पीडकहरू मध्ये जयमंगल रायलाई प्रहरीले पक्राउ गऱ्यो भने अन्य पीडकहरू फरार छन्।

सितलपुर वैरगनिया गाविस-३ की राम भरीया ठकुरानीलाई **०५२ मदी २८** गते स्थानीय रामचन्द्र राय समेतका व्यक्तिहरूले कुटपिट गर्दा उनको ७ महिनाको गर्भपतन भयो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लामा बालबालिका उपरको अत्याचारमा बालविवाह, जस्ता कुरीति पर्दछन् भने थुप्रै बालबालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित रहेका छन्। गरीबीको कारण बालबालिकाहरू श्रम बेच्न वाध्य छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा छुवाछूत कुरीति कायमै रहेको भए पनि उल्लेख्य घटना भएको पाइएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

०५२ कार्तिक १७ गते **गौर नपा-१३** मा केही व्यक्तिहरूले नेकपा (एमाले) का कार्यकर्ताहरूमाथि सांघातिक हमला गरेको कुरालाई लिएर नेकपा (एमाले) ले जुलुस प्रदर्शन गऱ्यो। साथै नेकपा (एमाले) जिल्ला कमिटीका उपसचिव महेन्द्रप्रसाद चौलागाईंले गुण्डागर्दी गर्नेहरूमाथि तुरुन्त कार्वाही गरियोस् भनी प्रेस वक्तव्य जारी गर्नु भयो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा डुबेर १ जनाको र मोटर दुर्घटनामा परी १ जनाको मृत्यु भयो।

०५२ साउन २७ र २८ गतेको अविरल वर्षाका कारण वाग्मती, चाँदी र वकैया नदीमा आएको भीषण वाढीले थुप्रै गाविसहरूका हजारौं विगाहा जमिनको खेतीपाती नष्ट गर्नुका साथै गाइ वस्तु समेत बगाई क्षति पुऱ्यायो।

२ जना पुरुष र २ जना महिला समेत ४ जनाले आत्महत्या गरे। तीमध्ये ३ जनाले भुण्डिएर र १ जनाले विष सेवन गरी आत्महत्या गरेका थिए।

अवैध हातहतियार ओसारपसार, लागु औषध व्यापारका घटनाहरू पनि देखिए। प्रहरी रेकर्डका अनुसार यो वर्ष त्यस्ता ७ वटा घटनाहरू भए।

■



२. मध्यमाञ्चल
नारायणी
२.८ बारा

जनसंख्या : ४१५७१८
साक्षरता : २७.९ प्रतिशत
महिला साक्षरता : १३.५ प्रतिशत
क्षेत्रफल : ११९० वर्ग कि.मी.

चुरे पहाड र चारकोशे झाडीसंग जोडिएको यस जिल्लाको दक्षिणी सीमाना भारतको विहार राज्यसंग जोडिएको छ। यस जिल्लामा विशेष गरी धार्मिक, छुवाछूत र राजनीतिक मतभेदका कारण मानवअधिकार उल्लंघनका घटनाहरू हुने गर्दछन्। गत वर्षको तुलनामा यस वर्ष यहाँ मानवअधिकार उल्लंघनका घटनाहरूमा वृद्धि भएको पाइयो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

दहीयार गाविस-२ का राजेन्द्रप्रसाद यादवको **०५१ चैत २** गते आफ्नो घर फर्किरहेको बेला मलहनी गाउँ नजिक शिवनारायण यादव र सिताराम यादव सहित ७ जनाको डफ्फाले आक्रमण गर्दा मृत्यु भयो।

निजगढ गाविसका जगतबहादुर मगरको **०५२ जेठ ५** गते वकैया खोला नजिकै लाश फेला पर्‍यो। पोष्टमार्टम रिपोर्टमा निजको हत्या भएको कुरा उल्लेख भएता पनि हत्यारा भने फेला पर्न सकेको छैन।

तेलकुवा गाविस-८ का भोला राउत अहीरकी छोरी ७ वर्षकी सिकान्ती देवीको **०५२ वैशाख १०** गते भैसीले वाली खाएको आरोपमा स्थानीय साहेव राउत र अशोककुमार यादवले लाठी प्रहार गरी मरणासन्न बनाएपछि मृत्यु भयो।

बढ्की फुलरिया गाविस-६ मा रौतहट मिठुमवा गाविस-९ माइतघर भएकी १८ वर्षीय सुगन्धीदेवीको टाउको काटिएको लाश **०५२ साउन २४** गते खेतमा फेला पर्‍यो। यो घटनापछि ससुरा रामचन्द्र सहनी र पति विजयी सहनी फरार भएका छन्।

रामपुर्वा गाविस-८ का ३५ वर्षीय मोहन चौधरीलाई **०५२ भदौ ५** गते डकैती गरी भाग्दा मानिसहरूको हुलद्वारा पिटिएपछि भदौ ७ गते मृत्यु भयो।

कलैया नपा-२ का वृजकिशोर यादवकी पत्नी २० वर्षीय इन्दुदेवी यादवको लाश गाउँदेखि करीब १ कि.मी. पूर्वपट्टिको पोखरीमा **०५२ असोज २०** गते फेला पर्‍यो। मृतकका पति वृजकिशोर यादव घटना पश्चात फरार छन्।

मलुवी मरवलिया गाविस-९ की २० वर्षीय कुसना कुमारी महतो गाउँबाट बेपत्ता भएको २४ दिन पछि **०५२ मंसीर २८** गते उनको लाश दुधौराखोलामा फेला पर्‍यो। सो घटनाका सिलसिलामा उनका पति विनोद महतो र ससुरा मिश्री महतोलाई प्रहरीले पक्राउ गरेको थियो।

वीरगंज चिनी कारखानामा काम गर्ने **ईटाही गाविस-८** का मेघराज साहले **०५२ पुस ३** गते आफ्नी पत्नीसंग अनुचित सम्बन्ध राखेको कारण आफ्नै दाजु सोहन साहको हत्या गरे। यसभन्दा अघि मेघराज साहले उक्त परिवारका ६ जनाको हत्या गरेको कुरा पनि स्वीकार गरेका छन्।

कवही गोठ गाविस-९ का श्रीरामप्रसाद यादवलाई केही अपरिचित व्यक्तिहरूले राती सुतेको ठाउँबाट उठाएर टाढा लगी हत्या गरे।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा जेल छैन। यहाँका थुनुवा र बन्दीहरूलाई वीरगञ्ज जेलमा राखिन्छ।

१.३ गिरफ्तारी र यातना

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	१	-	-	-
हिरासतमा यातना	२	२	४	-
वनकार्यालयको हिरासतमा यातना				१
बलात्कृत	२	३	४	३
[प्रहरीद्वारा बलात्कृत				१]
आत्महत्या	-	-	६	८

डुमरवाना गाविस-८ का २१ वर्षीय भगाउर चौधरीलाई जंगलमा वन काटेको आरोपमा **०५२ वैशाख २५** गते गिरफ्तार गरी जिल्ला वन कार्यालय सिमराको थुनुवा कोठामा तुरूङ्गमा खुट्टा घुसार्न लगाई यातना सहित राखियो।

पिपरपाती गाविस-१ को अमृतगंजमा भारतीय नम्बर प्लेट मएको मोटरसाइकल चढी आइरहेका हिरामान राउत र सीताराम यादवलाई **०५२ असार १५** गते प्रहरी सहायक निरीक्षक राजु देवकोटाले कागजपत्रको निहुँमा गिरफ्तार गरी दुई दिनसम्म थुनामा राखे।

निजगढ गाविस-५ डेरा गरी बस्ने दुलाल स्याङ्तनलाई ठगी गरेको आरोपमा **०५१ पुस १६** गते हेटौंडाका रामेश्वर श्रेष्ठ लगायत ४-५ जनाको हुलले कुटपिट गरी हात खुट्टा बाँधेपछि प्रहरी आई गिरफ्तार गर्‍यो। उनलाई हथकडी लगाएर थुनामा राखियो।

१.४ बेपत्ता पारिएको

कलैया नपा-६ का मुकुन्दबहादुर श्रेष्ठ ०३४ साउन १ गते गिरफ्तार भै त्यसको दुई वर्षसम्म वीरगंज जेलमै थिए। त्यसपछिदेखि उनी बेपत्ता रहेको कुरा वारा स्थित हाम्रा जिल्ला प्रतिनिधि कृष्ण लामाले प्रेषित गर्नु भएको सूचनामा उल्लेख गरिएको छ। तत्कालीन पंचायती व्यवस्था विरोधी गतिविधिमा संलग्न भएका कारण प्रहरी इन्स्पेक्टर ललितबहादुर बस्नेतको नेतृत्वमा आएको प्रहरी टोलीले मुकुन्दलाई पक्राउ गरी वीरगंज कारागार चलान गरिएको थियो। १५ दिनसम्म प्रहरी हिरासतमा बन्द रहेका बेला उनलाई बन्दुकको कुन्दा र बुटले हिकाई निर्मम यातना दिएको कुरा उनका सहकर्मीले बताएका छन्। बेपत्ता हुनुभन्दा अगाडि कारागार भित्रै उनको मानसिक सन्तुलन समेत विग्रदै गएको बताइन्छ। बेपत्ता पारिएका व्यक्तिहरूको खोजी गर्न बनेको समितिको प्रतिवेदनमा समेत मुकुन्दबहादुर श्रेष्ठको नाम समावेश छ। उनको खोजी कार्य हुनु जरूरी छ।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कलैया नपाका प्रकाश दास, विनोद दास, कैलास दास र शम्भु दास लगायतका केही व्यक्तिहरूले **०५२ वैशाख १** गते वीरगंजका इनलदासलाई घर अगाडि पार्टी विशेषको नाम लिई जथाभावी गाली गरे। किन गाली गरेको भन्दै घरबाट बाहिर निस्कँदा इनलदासलाई निजहरूले कुटपिट गरी ज्यान मार्ने धम्की दिए।

रतनपुरी गाविस-६ का वडा अध्यक्ष सानुकान्छा पाखिनलाई **०५२ वैशाख ६** गते स्थानीय कर्णबहादुर थिङ्गले मादक पदार्थ सेवन गरी छुरी प्रहार गरेर घाइते बनाए।

लिपनीमाल परवानीपुर गाविस-८ मा बाटो बनाउने काम भइरहेको बेला लक्ष्मण राउतले आफ्नो घर अगाडि बाटो बनाउने कार्यको विरोध गरे। **०५२ जेठ २०** गते उक्त कुरालाई लिएर वडा सदस्य रामचन्द्र साहले सम्झाउन खोज्दा लक्ष्मण राउतले उनलाई कुटपिट गरे।

बबबन गाविस-५ मुसहर टोलको धाराको हेड खोलेको निहुँमा **०५२ असार १९** गते स्थानीय सोवरम माझी, प्रभु माझी, दशरथ माझी र जोरवन माझीलाई भरत यादव लगायत २०-२५ जनाको हुलले कुटपिट गरी घाइते बनायो।

निजगढ गाविस-३ मा बाटो बनाइरहेको अवस्थामा **०५२ असार ३१** गते विवाद हुँदा दानप्रसाद सिग्देलले वडा अध्यक्ष सुदर्शन लामिछानेलाई ढुङ्गा प्रहार गरे। टाउकोमा चोट लागी सुदर्शन घाइते भए।

हर्दिया गाविस-५ का मोतीप्रसाद यादव र बद्री राय यादव वरियातबाट फर्किरहेको अवस्थामा **०५२ वैशाख २०** गते **ईनर्वामाल गाविस-३** मा स्थानीय जोगेन्द्रप्रसाद यादव, विजयकुमार यादव, लोचन यादव र अमरजीत यादव लगायतका व्यक्तिहरूले साइकल र घडी खोसी कुटपिट गरे।

दहियार गाविस-५ का गंगा साह सोनार लगायत ५ जनालाई ०५२ कार्तिक ८ गते कुलो पानीको विवाद सिलसिलामा सोही गाविस-३ का बलराम राय यादव लगायत तीन जनाले कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

इनर्वामाल गाविसमा मुसलमानहरूका बच्चाहरू पढाउने स्कूल "मदरसा" भत्काउने प्रयत्न गाविस अध्यक्षको पहलमा भएको थियो। यस्तै मुसलमानहरूबाट टेडामट्टी गाविसको मन्दिर भत्काउने काम भएको थियो। यी घटनाहरूले धार्मिक दंगाको सम्भावनालाई बढाउन पुगेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक विकास श्रेष्ठले राजाको शुभ जन्मोत्सवको उपलक्ष्यमा टाँगिएको तुल र ब्यानर च्यातेको आरोपमा गौरी शंकर मा.वि.का पियन गोविन्द दाहाललाई **०५२ पुस १२** गते प्रहरी कार्यालयमा बोलाई जबरजस्ती मैले नै च्यातेको हो भनी कागज गर्न वाध्य बनाए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

सिमरा-पिपरा गाविसको राष्ट्रिय मा.वि.मा ०४२ पुस ७ गते प्रा.वि. तहमा स्थायी नियुक्ति पाई मा.वि. तहमा निजी श्रोतबाट तलब खाने गरी अपग्रेडिङ गरिएका शिक्षक रामप्रसाद अधिकारीलाई **०५२ वैशाख २१** गते जिल्ला शिक्षा

समितिको निर्णय अनुसार प्राथमिक तहमै तह घटुवा गरेर अमलेखगंजको राष्ट्रिय नि.मा.वि.मा सरूवा गरियो।

कोहल्वी गाविस पिपरियाको हेल्थपोष्टका असिष्टेन्ट किशोरीप्रसाद चौधरीलाई राजनीतिक आस्थाका आधारमा **०५२ मंसीर १** गते गुल्मी सरूवा गरियो। उनी जुम्लामा नै चार वर्ष बसेर ५ महिना अघि मात्र उक्त ठाउँमा सरूवा गरिएका थिए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

अन्नपूर्ण टेक्सटाइल्स प्रसौंनी २८ वर्षीय मुबारक मिया अन्सारीले कलैया नपाको वरेवा मा.वि.को गेटमा **०५२ जेठ ९** गते ११ वर्षीय बालिकालाई बलात्कार गरे।

कचाही गोठ गाविसका प्रमोद मिश्रकी १८ वर्षीय पत्नी पुतिलता **०५२ जेठ १२** गतेदेखि बेपत्ता भएकी छिन्। पुतिलतालाई भनेजति दाइजो नल्याएको भनी पति र ससुराले सधैं कुटपिट गर्ने गर्थे।

बाँके जिल्ला नेपालगंज बस्ने १९ वर्षीय एक विवाहित महिलालाई **०५२ साउन १९** गते इलाम तर्फ जान **पथलैया चोक**मा बस पर्खिरहेको अवस्थामा स्थानीय सिमरा पिपरा गाविस–८ का ओमकृष्ण कार्की र जीतपुर भवानीपुर गाविस–५ का कुलबहादुर वस्नेतले आफ्नो दाजुको गाडीमा चढाई दिने आश्वासन दिई जंगलमा लगेर बलात्कार गरे।

कोहल्वी गाविस–१ की १४ वर्षीय एक बालिका **०५२ भदौ १८** गते भैंसी चराउन जाँदा जंगलमा इलाका प्रहरी कार्यालय कोहल्वीका प्रहरी जवान रामभक्त वालवुलले बलात्कार गरे।

डुमरवाना गाविस–७ की २५ वर्षीय मितु विश्वकर्मा आफ्ना पति र सासुले सँधै कुटपिट गरी यातना दिने गरेकाले आफ्ना दुई बच्चाहरू सहित ०५२ भदौ १० गते देखि डेरा गरी दुःख कष्ट सहेर बस्न वाध्य बनाइएकी छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

निजगढ गाविस–५ का शिवबहादुर सापकोटाकी पत्नी होम कुमारी सापकोटालाई **०५२ साउन १८** गते सोही ठाउ बस्ने भीमबहादुर लिम्बुले जारी गरी लगेका थिए।

मनहर्वा गाविस–८ का विनोद लामाकी पत्नी पूर्णिमा लामासंग प्रहरी जवान बच्चु राय यादवले दोश्रो विवाह गरे।

पिपरा–सिमरा–१ मा डेरा गरी बस्ने लक्ष्मीमाया गुरूङकी छोरी १४ वर्षीय बालिका माया गुरूङको जयराम दाहालसंग यौन सम्पर्क हुँदा गर्भधारण हुन गई छोरी जन्माएकी छिन्।

४.३ गर्भपतन

लिपनीमाल गाविस–६ की भगरू महराकी पत्नी मैनादेवी महराले नारायणी अञ्चल उपक्षेत्रीय अस्पतालमा **०५२ बैशाख १४** गते तेश्रो पटक गर्भपतन गराइन्।

चिकनी पकडिया गाविस–३ की २५ वर्षीय विधुवा पार्वतीदेवी र सोही गाउँका वावुलाल बीचमा अनुचित सम्बन्ध हुँदा गर्भ रहन गई पार्वतीदेवीले **०५२ असार २२** गते गर्भपतन गराइन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

पिपरपाती गाविस–४ का सिपाही मियाँका छोरा १४ वर्षीय गफार मियाँलाई आगनमा पिसाब गरेको निहुँमा सोही ठाउँका दिलमान मियाँले **०५२ असार ३०** गते टाउको फुट्ने गरी लाठीले पिटे।

पिपरा–सिमरा गाविस–६ को औराही टोलको नजिकै पर्ने दाउने खोलाको वगरमा **०५२ भदौ १३** गते एउटा नवजात शिशु कराई रहेको अवस्थामा फेला पर्‍यो। नवजात शिशुको पेटमाथि कमिलाको गोला थियो र कमिलाले जीउभरि टोकेपछि बच्चा चिच्याएको थियो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

नेपाल स्वतन्त्र मजदूर यूनियन र नेपाल ट्रेड यूनियन कांग्रेसको संयुक्त आयोजनामा ०५१ चैत २८ गते देखि अन्नपूर्ण टेक्सटाइल्समा १६ सूत्रीय मागहरू राखी मजदुरहरूले हडताल भयो। उक्त हडताल १ महिना १५ दिनसम्म चलेको थियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेखनीय घटना प्रकाशमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

डुमरवाना गाविस–६ का केशव अधिकारी, कमला अधिकारी र सालीकराम पौडेलले **०५२ बैशाख २४** गते सोही टोलका खड्कादेवी र उनका छोरा केशव छतफुलियालाई केशवकी गर्भवती पत्नीलाई चारित्रिक आरोप लगाई खान, लगाउन समेत नदिएको आरोप लगाई आमा समूहको नामबाट कालोमोसो दलेर घाँस खुवाई २ घण्टासम्म टायर गाडामा घुमाए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा २ जनाको करेण्ट लागेर, १ जनाको मोटरसाइकल दुर्घटनामा मृत्यु भयो भने ८ जनाले



२. मध्यमाञ्चल

नारायणी

२.१ पर्सा

जनसंख्या : ३७२५२४

साक्षरता : ३२.३ प्रतिशत

महिला साक्षरता : १७.५ प्रतिशत

क्षेत्रफल : १३५३ वर्ग कि.मी.

पर्सा जिल्ला नेपाल-भारत प्रवेशद्वारको रूपमा चिनिन्छ। यस जिल्लाको दक्षिण तर्फको सबै भू-भाग भारतसंग जोडिएकाले नेपाल-भारत दुबै तर्फका अपराधीहरू यस क्षेत्रलाई सुरक्षित आश्रय थलो ठान्दछन्। मानवअधिकारका बारेमा यहाँका मानिसहरू त्यत्ति सजग भएको पाईंदैन। यस जिल्लामा हत्या, कुटपिट र डकैतीका घटनाहरू धेरै हुने गरेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

चोर्नी गाविसका सब्दुर हुसेन ठकुराई तथा उनकी ८ वर्षीय छोरी झुनी खातुनलाई **०५१ फागुन १४** गते अज्ञात डाँकाहरूले गोली प्रहार गर्दा बालिका झुनी खातुनको मृत्यु भयो। सब्दुरलाई पनि गोली लागी घाइते भए। पीडकहरूको बारेमा थाहा हुन सकेको छैन।

रानीघाट खण्डेश्वरी मठको नजिकै **०५१ माघ २४** गते रामाधार ठाकुरलाई भारतीय नागरिक भगवानसिंहले गोली हानी हत्या गरे। पीडक सिंह अवैधरूपमा हातहतियार, नक्कली डलरको कारोवार गर्ने गर्दथे। त्यस बारे पीडित ठाकुरले केही प्रमाण समेत फेला पारेको शंका गरी प्रहरीमा आफ्नो अपराधको रिपोर्ट पुग्ने डरले उनको हत्या गरेको बताइन्छ। यस घटनाका सम्बन्धमा मालिसिंह वग्गा, दिनेश पट्टेल, रमेश सिंहलाई प्रहरीले पक्राउ गरी बयान लिएर छोडेको छ भने भगवान सिंहलाई प्रहरीले पक्राउ गर्न सकेका छैनन्।

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	१	२	-	-
हिरासतमा यातना	२	२	२	-
बलात्कृत	-	१	२	५
[प्रहरी चौकीमा बलात्कार				१]
आत्महत्या	-	१	१	५

वीरगंज नपा-१३ आदर्श नगरमा डेरा गरी बस्ने २५ वर्षीय इन्द्रजित कौरको लास **०५१ चैत ७** गते घाँटीमा डोरीले बाँधिएको तर डोरी चुँडिएर भुईंमा लडेको अवस्थामा फेला पऱ्यो। पीडितका बाबु आमाले ज्वाई देवेन्द्र सिंह (कालु) ले नै मारेको हुनु पर्ने आशंका गरेपछि प्रहरीले कालुलाई पक्राउ गरी अदालतमा पेश गरे। तर आत्महत्या गरेको ठहर गरी अदालतले कालुलाई छुटकारा दियो।

मुडली गाविस-१ का २२ वर्षीय प्रभुप्रसाद महतोलाई **०५२ बैशाख २५** गते स्थानीय धर्मदेव र वर्मदेवका परिवारले लाठी-भाला प्रहार गरी हत्या गरे। धर्मदेव, वर्मदेव र हिरामोहन तीन दाजुभाई थिए। उनीहरूको तीनै जनाको जग्गा सीमानामा हिरामोहनका छोरा पीडित प्रभुप्रसादले साइकील मर्मत गर्ने झुपडी बनाउन थालेपछि पीडकहरूले आक्रमण गरेका थिए।

वीरगंज नपा-१२ घण्टाघर नयाँ रोडका पासवन साहकी बुहारी सीता देवीको **०५२ जेठ १२** गते रहस्यमय तरिकाले मृत्यु भयो। उक्त दिन उनलाई झाडावान्ता भएको भनी बेहोस् अवस्थामा अस्पताल पुऱ्याइयो। त्यहाँ जाँच गरेपछि डाक्टरहरूले विष सेवन गरेको हुनुपर्ने आशंका गरे र प्रहरीलाई जानकारी दिनु पर्ने बताएपछि अस्पताल प्रशासनलाई नै जानकारी नदिएर रक्सौल स्थित डंकन अस्पतालमा पुऱ्याइयो। त्यहीं उनको मृत्यु भयो र दाहसंस्कार समेत गरियो। मृतकका अभिभावकहरूले उनको मृत्यु सहज ढंगले नभई विष खुवाई हत्या गरेको भनी प्रहरीमा उजुरी गरेपछि पासवान दम्पत्ति केही समय फरार भए। ०५२ साउन १७ गते उनीहरूले आफै गिरफ्तारी दिए।

वीरगंज नपा-१५ की रितादेवीको **०५२ जेठ १५** गते रक्सौल डंकन अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो। प्रहरी र मृतकका माइती कसैलाई कुनै जानकारी नदिएर भारतमै उनको दाहसंस्कार गरियो। उक्त दिन रितालाई उनकी सासुले

आफ्नो देवरको घरमा फाँक्रीलाई देखाउन लगेकी थिइन्। एकाएक राती १२ बजे एम्बुलेन्सद्वारा उनलाई अस्पताल पुऱ्याइएको थियो। मृतकका बाबु राम अवतारले नियोजित ढंगले आफ्नी छोरीको हत्या गरिएको भनी ०५२ जेठ १६ गते प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले मृतकका काका, ससुरा अदालत साह सोनारलाई पक्राउ गरे भने ससुरा पन्नालाल र पति उमेश साह फरार छन्।

मधुवन मथौल गाविस-७ मा **०५२ जेठ २५** गते रामदेव चौधरीले प्रहार गरेको गोली कपिलदास थारूको निधारमा लागी उनको मृत्यु भयो। पीडकलाई सोही दिन प्रहरीले पक्राउ गरी हिरासतमा लियो।

विरूवागुठी गाविस-३ का ३४ वर्षीय लक्ष्मीप्रसाद गजुरेललाई **०५२ साउन ७** गते हातहतियार सहित आएका केही व्यक्तिहरूले पेटमा बञ्चरो प्रहार गरी हत्या गरे। उक्त घटनामा विष्णुप्रसाद पाठक र रामप्रसाद पाठक पनि घाइते भएका थिए। पीडित गजुरेलसंग ७/८ लाख नगद रूपैयाँ भएको हल्ला फैलिएको थियो। उक्त हत्याको आरोपमा प्रहरीले सोही गाविसका शिवशंकर र मोतीलाललाई पक्राउ गरेका थिए।

चोर्नी गाविस-९ सोलकपुरका शंकरबहादुर बञ्जरालाई **०५२ साउन ९** गते सूर्ति बोकेर आएको गाडीमा चढ्ने र उत्रने कुरामा विवाद भएपछि केही व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए। नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गर्दागर्दै साउन १० गते उनको मृत्यु भयो। पीडितका काका यदुनाथ बञ्जाराले प्रहरीमा दिएको जाहेरी अनुसार हत्याको आरोप लागेका शेष कुर्बान र पुष्पलाल श्रेष्ठ फरार छन्।

बगही गाविस-२ की २५ वर्षीय इन्द्रावतीको लास **०५२ साउन १८** गते बयलगाडामा हालेर भारततर्फ लैजाँदै गरेको अवस्थामा बदर्वा प्रहरी चौकीका हवल्दार रामज्ञासिंहले फेला पारे। लाशको पोष्टमार्टम रिपोर्ट अनुसार उनलाई घाँटी थिचेर हत्या गरिएको थियो। उक्त दिन दिउँसो सासु कान्तीदेवीसंग उनको झगडा भएको थियो। पीडकहरूमध्ये सासु कान्तीदेवीलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाइरहेको छ भने ससुरा विन्देश्वरी साह फरार छन्।

पोरे गाविस-३ की सवितादेवी महतोले **०५२ साउन २०** गते आफ्नी छोरी ३ वर्षीय अञ्जुकुमारी महतोलाई चुलेसीले काटेर हत्या गरिन्। पीडक सविता देवीको मानसिक स्थिति ठीक नभएकोले केही महिना अगाडि उपचार समेत गरिएको कुरा उनका ससुरा जगन्नाथ महत्तो बताउँछन्। पीडकमाथि कर्तव्य ज्यान सम्बन्धी मुद्दा चलाइएको छ।

चोर्नी गाविस-७ का ५ वर्षीय ओमप्रकाश महत्तोलाई **०५२ असोज ७** गते पैनीमा खेल्न गएका बखत सोही गाविस-९ का ११ वर्षीय रामनारायण राउत सहितका केटाकेटीहरूले पानीमा डुबाएर हत्या गरेको बताइन्छ। प्रहरीले रामनारायण सहितका ३ जनलाई पक्राउ गरी १ दिन राखेर सोधपुछ गरी छोडिएको थियो।

हरिहरपुर गाविस-८ विर्तामा **०५२ कार्तिक २५** गते

रामदेव चौधरीले चलाएको गोलीद्वारा मारिएका कपिलदास थारू

लालवदनी मियाँलाई देवर रैफूल मिया र उनको साथी मुसाफिर मियाले धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडित महिला विधवा र निसन्तान भएकीले सम्पत्ति खाने लोभले उनको हत्या गरिएको बताइन्छ। रैफुल मियालाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ भने मुसाफिर मिया फरार छन्।

जितपुर गाविस-९ का बाबुलाल थारूलाई **०५२ कार्तिक ३०** गते स्थानीय रामेश्वर दास थारूले खुकुरी प्रहार गरी हत्या गरे। आफ्नी पत्नीसंग बाबुलालको अनैतिक सम्बन्ध भएकाले उनको हत्या गरेको कुरा पीडक रामेश्वरले प्रहरी समक्ष साविती बयान दिने क्रममा बताए।

मनिहारी गाविस-६ जगरनाथपुरका २५ वर्षीय मरोसी मियालाई **०५२ मंसीर ८** गते लिपनी विर्ता गाविसको चिकनी भन्ने ठाउँमा हत्या गरियो। उक्त हत्याको आरोपमा प्रहरीले केदार राउत कुर्मीलाई पक्राउ गऱ्यो। जगनाथपुरका वासिन्दाहरूले उक्त हत्यामा लिपनी गाविसका अध्यक्षको हात रहेको आशंका व्यक्त गर्दै जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा १ हजार ५ सय बन्दी क्षमताको जेल छ। जेल धेरै पुरानो र जीर्ण छ। यो वर्षको अन्त्यतिर यस जेलमा १ सय ५९ जना पुरूष र ७ जना महिला समेत १ सय ६६ जना बन्दीहरू रहेको पाइयो। आफ्ना आमाहरूसंग बस्ने ६ जना बालक र ३ जना बालिकाहरू पनि छन्। यस जेलमा पुस्तकालय पनि संचालन गरिएको छ। ०४५ सालमा बारा जिल्लाको इटिहाई हत्या काण्डको अभियोगमा कमलदेव साह ४ वर्षदेखि यसै जेलमा बन्दी जीवन बिताइरहेका छन्। जबकी सो हत्याकाण्डका अभियुक्त मेघराज सोनारले हत्या गर्दा प्रयोग गरिएका हतियार सहित गत मंसीर महिनामा प्रहरी र अदालतसमक्ष साविती बयान दिइसकेका छन्। पीडकले बाबु, आमा, भाइ, बुहारी र भतिजाहरू समेत ६ जनाको हत्या गरेका थिए। बाँकी रहेको एउटा भाइलाई पनि हत्या गर्न खोज्दा प्रहरी र गाउँलेहरूले पक्राउ गरेका थिए।

यस वर्ष नवलपरासी जेलबाट सरूवा भएर आएका

वीरगञ्ज जेल

रामकुमार थापाको रगत परीक्षण गर्दा एच.आई.भी. पोजेटीभ पाइएको छ।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी उल्लेख्य घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

१.४ वेपत्ता पारिएको

वीरगंज नपा-९ का प्रेम सर्राफलाई चोरी मुद्दामा प्रहरीले पक्राउ गरी हिरासतमा रहेको अवस्थामा **०५२ साउन १०** गते देखि वेपत्ता भएका छन्। प्रहरीले निज हत्कडी सहित भागेको बताइरहेता पनि निजकी पत्नी भने हत्या भएको आशंका गरिरहेकी छिन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

सखुवा पसौनी गाविस-२ की ३२ वर्षीय लक्ष्मीदेवी तेलीलाई **०५१ पुस २४** गते सोही ठाउँका नथुनीदास थारूले कपाल लुछ्दै कुटपिट गरे। पीडित महिलाले घाउ जाँच गराई जिल्ला अदालतमा मुद्दा दिएकी छिन्।

शारदा मा.वि. श्रीपुरका प्र.अ. युगलबहादुर द्विवेदीले **०५१ माघ ७** गते सोही विद्यालयको कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थी श्याम किशोर तिवारीलाई मरणाशन्न हुने गरी कुटपिट गरे। शुल्क नबुझाएका कारण उनलाई कुटपिट गरिएको थियो। निःशुल्क रहेको कक्षा शुल्क बुझाउनु पर्ने कुरामा तिवारीका अभिभावकले विश्वास नगरी शुल्क तिर्ने रूपैया दिएका थिएनन्।

छपकैयाका तपी साह र उमाशंकरलाई स्वल्वा सिर्सियाका लालबाबु लगायतका २०-२५ जना व्यक्तिहरूले **०५१ फागुन ३** गते कुटपिट गरे। साथै पीडितहरूको घर तोडफोड गर्नुका साथै नगद समेत लुटेर लगेका थिए। तर उनीहरूलाई कुनै कार्वाही भएन।

वीरगंज नपा-१५ का रामबाबु साहलाई **०५२ जेठ २४** गते रञ्जन साह समेतका व्यक्तिहरूले कुटपिट गरे। पीडितका बाबु विरामी भई अस्पताल भर्ना गरिएकोमा पीडककी आमाले अस्पतालको नर्सले बेवास्ता गरेको गुनासो गरेपछि नर्सले आफ्नो छोरालाई फोन गरी बोलाएर पिटाएकी थिइन्। ०५२ जेठ २५ गते बसेको अस्पताल प्रशासनको बैठकले नर्स गायत्री साहलाई कार्वाही गर्ने निर्णय गरेको थियो।

मनिहारी गाविस-२ का सुकदेव राउत समेतका व्यक्तिहरूले **०५२ मंदी २८** गते कुटपिट गरी ३३ वर्षीय वच्चन साहको टाउको फुटाइ दिए। पीडितको टाउकोमा ७ वटा टाँका लगाउनु परेको थियो। उक्त घटनामा दुई पक्षबीच झडप भएको थियो।

वीरगंज नपा-१४ श्रीपुरमा **०५२ असोज १९** गते चिनी कारखानामा काम गर्ने रमेश सिंह राजपुतले सिद्धार्थ मा.वि.का पियन वृद्धिराज महत्तोलाई छुरा प्रहार गरी घाइते बनाए।

वीरगंज नपा-१४ श्रीपुरका रामचन्द्र मिश्र र उनकी १५ वर्षीय छोरीलाई **०५२ कार्तिक २८** गते राती केही अज्ञात व्यक्तिहरूले लाठी प्रहार गर्नुका साथै कटुवा बन्दुक समेत फायर गरी घाइते बनाए। केही दिन पहिले उनीहरूको घरमा डेरा गरी बस्ने व्यक्तिहरूलाई उनीहरूले हटाएका थिए। विवाद समेत भएका कारण कोठाबाट निकालिएका व्यक्तिहरूलाई नै शंका गरिएपछि प्रहरीले करण र विजयलाई पक्राउ गरी हिरासतमा लिएको थियो।

वीरगंज बजारको हरियाली रेष्टुरेण्टमा **०५२ मंसीर ४** गते बेलाबखत दिव्य दर्शन साप्ताहिक को पत्रकार हुँ भन्ने नेपाली कांग्रेसका भू.पू. जिल्ला सदस्य शैलेश पोख्रेललाई कुटपिट गरियो।

जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत गहेन्द्रबहादुर घिमिरेलाई **०५२ मंसीर २९** गते **वीरगंज नपा-१** सिर्सियामा केही व्यक्तिहरूद्वारा आक्रमण गरियो। तस्करी अप्रेशनका लागि गएको बेलामा नेपाल-भारत सीमा क्षेत्रमा तस्करहरूको भीडले उहाँमाथि आक्रमण गरेको थियो। उक्त समयमा प्रहरी मुकदर्शक भएर बसेको पीडित घिमिरे बताउछन्।

१.६ थुनामा मृत्यु

थुनामा कसैको पनि मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै उल्लेख्य घटना भएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

तत्कालीन स्वास्थ्य मन्त्री पद्मरत्न तुलाधरले कलैयाको एक आमसभामा गाई काट्न पाउनु पर्छ भनेको भनी त्यसको विरोधमा यस जिल्लामा पाशुपत सेना, शिव सेना, गोरक्षा समिति र दुर्गावाहिनी जस्ता धार्मिक संस्थाहरू गठन गरिए।

चोरनी गाविसको रामवन नजिकैका जंगलभित्र मन्दीरको विषयमा विवाद हुँदा **०५२ वैशाख ६** गते चार राउण्ड हवाइफायर गरियो। केही दिन पहिले आगो लगाइएको

एक साधुको मठ पुनः बन्न दिने र नदिने विवाद बढ्दै गएपछि उक्त घटना भएको थियो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

०५२ जेठ १५ गते भएको सितादेवी हत्या काण्डमा आरोपित पीडक पासवान साह तेलीलाई प्रहरीले पक्राउ गरेको भए पनि अदालतले १० रूपैयाँ धरौटीमा रिहा गर्ने निर्णय गऱ्यो। यस निर्णयलाई लिएर पत्रकार तथा बुद्धिजीवीहरूले समेत केन्द्रीय स्तरबाटै यसको निष्पक्ष छानबीन गरियोस् भनी ०५२ साउन २१ गते जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका थिए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना भएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लाको ठोरी, निलमवस्ती, हरपुर, सखुवा, प्रसौनी आदि गाविसहरूमा सुकुम्बासीहरूको वस्ती रहेको छ। यस जिल्लाका करीब ६० हजार सुकुम्बासी रहेको कुरा जिल्ला मालपोत कार्यालयले जनाएको छ। एमाले शासन कालमा गठन भएको सुकुम्बासी समस्या समाधान आयोगले ६० परिवार सुकुम्बासीहरूलाई जग्गा वितरण गरेको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

वीरगंज नपा-२ छपकैयाकी १८ वर्षीय युवतीलाई **०५१ पुस**मा राती पिसाब फेर्न बाहिर निस्किएको अवस्थामा शेष अलिमियाँ लगायतका व्यक्तिहरूले अपहरण गरी सामूहिक बलात्कार गरे। पीडक शेष अलिमियाँलाई प्रहरीले पक्राउ गरी कार्वाही गरेको छ भने अन्य पीडकहरू फरार छन्।

वीरगंज नपा-२ छपकैयामा होटेल गरी बस्ने ४५ वर्षीय एक महिलालाई स्थानीय अब्दुल लतिफ मियाँ उर्फ पिरमहमद अन्सारीले **०५१ पुस १७** गते बलात्कार गरे। पीडक अन्सारीले पीडित महिलालाई २ हजार ५ सय जरिवाना तिर्ने गरी वडा सदस्य नैमुद्दिन अन्सारीले मिलापत्र गराइदिए।

अठराह सुनौली गाविसकी १९ वर्षीय युवतीलाई **०५१ चैत ३** गते खेतमा काम गरिरहेको अवस्थामा मोदन मियाँ, मुस्तार मियाँ, जमुना मियाँ, अमिन मियाँ, कन्हैया कानु समेतले बलात्कार गर्ने प्रयास गरे। ती पीडकहरूलाई कपाल चारपाटा मुडी पीडित महिलासंग माफी माग्न लगाइयो।

मिर्जापुर-७ की २६ वर्षीय महिलालाई स्थानीय जयमंगल राउत, अहिर र शंकर राउतले **०५२ वैशाख २९** गते बलात्कार गर्ने प्रयास गरे। तर पीडकहरू उपर कुनै कार्वाही भएन।

०५२ साउन १३ गते नयाँ वसपार्क प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक शिव श्रेष्ठ, जवानहरू फौदबहादुर तामाङ्ग र नारायणदत्त गैरेले वनेपा नपा-६ की १७ वर्षीय युवतीलाई प्रहरी चौकीमा राखी २ दिनसम्म सामूहिक बलात्कार गरे। बलात्कारीहरू सबैलाई प्रहरी सेवाबाट निष्काशित गरियो।

०५२ मदौ ५ गते आफ्ना पतिको खोजीमा १ वर्षीय छोरालाई लिएर लक्ष्मी साह वीरगंज मिना बजारको महालक्ष्मी लजमा पुगिन्। २ वर्ष अघि ध्रुवतारा वस मालिकका छोरा गोल्डी सिंहले उनलाई विवाह गरी काठमाडौंको जोरपाटीमा राखेका थिए। तर पछि पीडकले "तँ जहाँ जान मन लाग्छ त्यहाँ जा" भनेको कुरा पीडित महिला बताउँछिन्। पीडक गोल्डी सिंहले उनलाई मारेर फाल्ने धम्की समेत दिएका थिए। त्यसपछि पीडित महिला कहाँ गइन् केही थाहा हुन सकेन।

चितवन क्षेत्रपुर गाविसकी उमादेवीले स्थानीय १७ वर्षीय युवती शान्ता घलेलाई हिरोइन बनाइदिने प्रलोभन देखाएर भारततर्फ बेच्न लाँदै गर्दा **०५२ मदौ १३** गते इनरूवा प्रहरी चेकपोष्टले पक्राउ गऱ्यो। पीडक उमादेवीले प्रहरीसमक्ष आफ्नो अपराध स्वीकार गरेकी छिन्।

वीरगंज नयाँ वसपार्क नजिकैकी ३ वर्षीय बालिकालाई **०५२ असोज २८** गते स्थानीय ३९ वर्षीय महावीर साहले बलात्कार गरे। बालिकाको चर्को चित्कार सुनेपछि स्थानीय वासिन्दाहरूले पीडकलाई पक्राउ गरी प्रहरी कार्यालयमा बुझाए।

धादिङ्ग महादेव वेशी घर भई काठमाडौंको कार्पेट फ्याक्ट्रीमा काम गर्ने १७ वर्षीय दुई युवती लक्ष्मी राई र कमला दर्जीलाई भारततर्फ बिक्री गर्न लाँदै गर्दा पीडक भारत हाजिपुरकी १७ वर्षीय निशा झालाई इनरूवा प्रहरी चेकपोष्टको प्रहरीले **०५२ मंसीर १८** गते पक्राउ गरे। पीडित युवतीहरूलाई बम्बैमा राम्रो र धेरै पैसा आउने काम लगाइदिने आश्वासन पीडक निशाले दिएकी थिइन्।

आदर्शनगर कालिका मन्दिर अगाडि किराना पसल गरी बस्ने रविभूषण कुर्मीले **०५२ असार ३२** गते सोही ठाउँकी ५ वर्षीय बालिकालाई बलात्कार गरे। पीडक कुर्मीलाई प्रहरीले पक्राउ गरी आवश्यक कार्वाही गर्दै गरेको थाहा भएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

वीरगंज नपा-१६ श्रीपुरका धनञ्जय अधिकारीले घरमा पत्नी हुँदाहुँदै **०५२ साउन २५** गते हरिवन सर्लाहीकी १४ वर्षीय धनकुमारी कार्कीसंग दोश्रो विवाह गरे। पहिलो पत्नी शान्ता अधिकारीले पीडक पतिका विरूद्ध बहुविवाह र बालविवाह गरेको भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकी छिन्।

४.३ गर्भपतन

परसौनीमटा गाविस-९ की उर्मिला देवी विनको सात महिनाको गर्भ **०५१ फागुन ११** गते पतन भयो। आफ्ना पति र स्थानीय शिवप्रसाद पण्डित बीच विवाद भई हात हालाहाल भएपछि छुटाउन जाँदा उर्मिला देवी चोट लागेर भूइँमा पछारिन

पुगेकी थिइन्। त्यही कारण उनको गर्भ पतन भयो। पीडित महिलाले पीडक शिवप्रसाद पण्डितका विरूद्ध उजुरी दिएकी छिन्। तर पीडक फेला पर्न सकेका छैनन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लाका बहुसंख्यक बालबालिकाहरू मजदूरी गर्न वाध्य छन्। खासगरी यस्ता बालकहरू टाँगा चलाउने, होटेलमा काम गर्ने, उद्योगहरूमा काम गर्ने र फुटपाथमा प्लाष्टीक-सामान र फ्याँकिएका सिसीहरू जम्मा गर्न हिंडेका पाइन्छन्। होटेलमा काम गर्ने बाल मजदूरहरू २ सय देखि ४ सय मासिक ज्यालामा दैनिक १८ घण्टा काम गर्न वाध्य छन्। यकीन रूपमा बाल मजदूरहरूको तथ्यांक फेला नपरे पनि वीरगंज नगरमा मात्र करीब २ हजार जति बाल मजदूरहरू रहेको अनुमान गरिन्छ। कतिपय बाल मजदूरहरू अन्य जिल्लाबाट कामको खोजीमा यहाँ आएका पाइन्छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

सरकारले वृद्धि गरिदिएको तलब भत्ता यहाँका उद्योग प्रतिष्ठानमा काम गर्ने मजदूरहरूले प्राप्त गर्न सकेका छैनन्। नेपाल स्वतन्त्र मजदूर यूनियन पर्साका अध्यक्ष पटवारी बैठाले हामी चुप लागेर बसेको १ वर्ष भयो, हाम्रा समस्याप्रति कसैले पनि विचार नगरेपछि मजदूर आन्दोलनका लागि तयारी भइरहेको बताउनु भयो।

०५२ भदौ ११ गते ना.अ.ख ३७५६ नं.को ट्यांकरका हेल्पर प्रकाश उप्रेती ट्यांकरको भेल खराब भएकाले भेल बनाउन ट्यांकी भित्र पसेपछि ग्याँसले गर्दा बेहोश भए। सो ट्यांकरका चालक कमल राउतले उनलाई अस्पताल पुऱ्याए। पीडित प्रकाश उप्रेतीको स्वास्थ्य एकदमै खराब भइसक्दा पनि ट्यांकरका मालिक प्रितम सिंह र कुकु सिंहले उनको उपचार गर्ने तर्फ चासो देखाएनन्। ट्यांकरका मजदूरहरूलाई मासिक पारिश्रमिक दिइदैन। उनीहरू ट्रिप भत्ताको भरमा काम गर्न वाध्य छन्। यी मजूरहरूका लागि यातायात मजदूर ऐन कागजको खोष्टो सावित भएको छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लाको नगर क्षेत्रमा प्रायः अर्ध नोकरका रूपमा रहेकाहरूको संख्या प्रशस्तै छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लाका ग्रामिण क्षेत्रहरूमा डुम, पोडे, च्यामे, सुतियार जस्ता अछूत भनिने जातिका मानिसहरूको बसोबास रहेको पाइन्छ। उनीहरूलाई छूत भनिने जातिका मानिसहरूले घरभित्र पस्न दिँदैनन्। उनीहरूले छोएको पनि समेत खाँदैनन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

सितादेवी हत्या काण्डका अभियुक्त पासवान साहलाई अदालतले **०५२ साउन १९** गते रू.१०/- धरौटी लिइ छोडेपछि विरोध गर्दै ०५२ साउन २१ गते वीरगंज प्रेस क्लव एक्सन कमिटीले केन्द्रबाट निष्पक्ष छानवीन गरियोस् भन्ने माग गर्दै एक प्रेस वक्तव्य जारी गरेको थियो।

तस्करी सम्बन्धी समाचारहरू प्रकाशित भएपछि वीरगंजका पत्रकारहरूलाई ज्यान मार्ने धम्की दिइयो। **०५२ साउन २३** गते वीरगंज प्रेस क्लवले पत्रकारहरूको सुरक्षाको ग्यारेण्टी गरियोस् भन्ने माग राख्दै जिल्ला प्रशासन कार्यालयमा धर्ना दियो। आवश्यक सुरक्षाको व्यवस्था मिलाउने सम्झौतामा धर्ना टुंगिएको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा भएका विभिन्न किसिमका दूर्घटनामा परी ५ जनाको मृत्यु भयो।

०५२ बैशाख ४ गते **वीरगंज नपा-१८** भिस्वा टोलमा आगलागी हुँदा १२ वटा घर नष्ट भए। ७ लाख रूपैयाँ मूल्य बराबरको धनमाल नोक्सान भयो भने ०५२ बैशाख ११ गते सुगौली गाविस-२ मा आगलागी हुँदा ५० वटा घर खरानी भए। उक्त आगलागीमा करोडौं रूपैयाँ बराबरको खाद्यान्न र धनमाल नष्ट भएको बताइन्छ।

५ जनाले आत्महत्या गरेको घटना सार्वजनिक भयो। तिनमा १ जना पुरूष र ४ जना महिला छन्। ३ जनाले झुण्डिएर र १ जनाले विष सेवन गरी आत्महत्या गरेका थिए।विभिन्न किसिमले ठगी गर्ने, डकैती गर्ने जस्ता अपराधिक घटनाहरू पनि प्रशस्त भएको पाइन्छ।

■



२. मध्यमाञ्चल

नारायणी

२.१० चितवन

जनसंख्या : ३५४४८८
साक्षरता : ५२.९ प्रतिशत
महिला साक्षरता : ४०.७ प्रतिशत
क्षेत्रफल : २२१८ वर्ग कि.मी.

महाभारत पर्वत श्रृंखला र चुरे पहाडको बीच पूर्व पश्चिम फैलिएर रहेको यो जिल्ला भारतको विहार प्रान्तसंग जोडिएको छ। नेपालका तीन मुख्य नदी मध्येको एउटा कृष्ण गण्डकी (जसलाई देउघाट तलतिर नारायणी पनि भन्ने गरिन्छ) यसैको पश्चिम पट्टिबाट बग्दछ। पहिले यहाँ मलेरियाको प्रकोप थियो। त्यस कारण कालापानी भन्ने गरिन्थ्यो। यहाँका प्रमुख वासिन्दामा थारू, दरै, कुमाल, माझी, चेपाङ, ब्राम्हण, क्षेत्री, नेवार, गुरूङ, तामाङ, मगर, लिम्बु, शेर्पा सबै देखिन्छन्। एक प्रकारले नेपालका सबै जातिको संगम स्थल बनेको छ र यहाँ पचहत्तरै जिल्लाका मानिसहरू पाइन्छन्। यहाँ शैक्षिक र राजनीतिक चेतनाको तुलनामा मानवअधिकार सम्बन्धी चेतना ज्यादै न्यून रहेको पाइन्छ। वर्षको अन्त्यतिर यहाँ प्रहरी हिरासतमा भएको एउटा मृत्युको घटना निकै ठूलो चर्चामा रह्यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

राज्य शक्तिको समेत संलग्नता देखिएका तीन वटा गोली काण्ड यस वर्ष यहाँ देखा परे।

भरतपुर नपाका कर्मचारी कृष्ण जोशीको **०५२ पुस ७** गते प्रहरी हिरासतमा मृत्यु भयो। सो दिन ६ बजे ड्युटी सकेर खाजा खाई उनी ८ बजेतिर नै गाडी चढेको कुरा नपा गेटको चौकीमा कार्यरत प्रहरी हवल्दार बताउँछन्। तर अल्वाट्स कम्प्युटरमा कार्यरत डोलराज डल्लाकोटीले चितवन मा.वि. अगाडि राजमार्गको छेउमा एकजना व्यक्ति रक्सीले मातेर सुतिरहेको कुरा प्रहरीलाई खबर गरेपछि उनीहरू भ्यान लिएर आए। प्रहरीले जोशीलाई पक्रेर अस्पताल पुऱ्याउँदा ९ बजेको थियो भने ९:१५ मा आकस्मिक केश दर्ता गरियो र रक्सी खाएको प्रमाणित गराई सही गराउन लाग्दा प्रहरी र जोशी बीच भनाभन भएको थियो। कसैले उनलाई सडकमा लडेको अवस्थामा होइन हिँडिरहेको अवस्थामै पक्राउ गरिएको आशंका व्यक्त गरेका छन्। ठीक १० बजे हिरासतमा लडेर ग्लासको टुक्राले घुँडाका पछिल्तिरको भागमा सवा १ इञ्चको गहिरो काट्दा पप्लिटिएल आर्टरी र भेन पूर्णरूपमा काटिन गई अत्यधिक रक्त श्रावको कारण १०:१५-१०:३५ सम्म उपचार गर्दा गर्दै उनको मृत्यु भएको भन्ने प्रहरी सूत्रको भनाइ छ। यस घटनाको विरोधमा ८ गते पुरै नारायणगढ बजार बन्द भयो, ९ गते पनि व्यापक तनाब सिर्जना भयो। पोष्टमार्टम पछि शव यात्राका रूपमा जुलुशले बजार परिक्रमा गर्दै नारायणी नदीमा दाहसंस्कारको लागि लैजाँदा आक्रोसित भीडले पुल्चोक स्थित प्रहरी चौकी, ट्राफिक कार्यालयमा आक्रमण गरी भवन ध्वस्त पाऱ्यो। भीडलाई नियन्त्रण गर्न ३ राउण्ड हवाइ फायर गरियो। लगभग ३० सेल अश्रुग्याँस प्रहार गरियो। दिउँसो ४ बजेदेखि झण्डै ९ बजेसम्म प्रहरी र नागरिक बीच दोहोरो भीडन्त भयो। पछिल्लो समयमा धेरैजसो रिक्सावाल र गाडी टेम्पो चालकहरू प्रहरीसंग मुठभेड गर्दै थिए। घटनाको सिलसिलामा प्रहरीले २४ जनालाई हिरासतमा लिएको थियो भने २ दिनसम्म लगभग ५/६ घण्टा यातायात अवरूद्ध भएको थियो। यस घटनाका सम्बन्धमा गृह मन्त्रालयले झूठो जानकारी दिएको आरोप लगाउँदै **०५२ पुस ९** गते प्रतिनिधि सभाका सांसदहरूले सदनको नियमित काम कार्वाही अगाडि बढ्न दिएनन्। सत्तारूढ पार्टीका सचेतक आनन्द ढुंगानाले सरकारले जवाफ दिने कुरा बताए पछि सदनको काम अगाडि बढ्यो। पछि गृह मन्त्रालयले कारागार

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	२	-	-
वन आरक्षकको गोलीले मृत्यु				१
हिरासतमा यातना	-	३	१	-
बलात्कृत	१	५	१	६
आत्महत्या	-	-	१	६

भरतपुर जेलको महिला वार्ड र नाबालकहरू

व्यवस्था विभागका महानिर्देशक कुमारप्रसाद पौडेलको संयोजकत्वमा ३ सदस्यीय छानवीन टोली गठन गरेको थियो।

यस अघि उक्त घटनाको स्थलगत अध्ययन गर्न इन्सेकका अध्यक्ष सुशील प्याकुरेल र सिभिक्टका निर्देशक डा. भोगेन्द्र शर्माको एक टोली गएको थियो र टोलीले ०५२ पुस १२ गते आफ्नो प्रतिवेदन सार्वजनिक गरेको थियो।

भरतपुर नपा-२ आँपटारी बस्ने शिव वि.क.लाई स्थानीय आकाश मगर र दिवाकर गुरूङ सहितको एउटा डफ्फाले रीसइबीका कारण **०५१ पुस २५** गते साँझ उनकै घरमा गएर बाहिर बोलाई छुरी प्रहार गरी हत्या गरे। अभियुक्तमध्ये ४ जनालाई पक्राउ गरी कानूनी कार्वाही चलाइएको छ।

भरतपुर नपा-१२ का ६० वर्षीय गोपाल परियारले सोही ठाउँका २० वर्षीय सन्तकुमार कंडेललाई **०५१ माघ १७** गते बेलुका हत्या गरे। पीडक र पीडित दुबै केटी बेच्ने धन्दामा लागेकोले पोल खोल्न नसकोस् भनी हत्या गरेको कुरा स्वीकार्दै अभियुक्तले प्रहरीसमक्ष साविती बयान दिएका छन्। हाल कानूनी कार्वाही गरी जेल चलान गरिएको छ।

रत्ननगर गाविस टाँडीमा गुण्डाको रूपमा चिनिएको राजु विक भन्ने व्यक्तिले **०५२ बैशाख १०** गते स्कूलमा छुरी नचाउँदै आतंक मच्चाएकोले त्यसलाई नियन्त्रण गर्न भनी प्रहरी डाकियो। प्रहरीलाई देखेपछि निज विकले प्रहरीमाथि नै प्रहार गर्न पुगे। प्रहरी अधिकृत राजेन्द्रको हातमा छुरी प्रहार गरेपछि उनले गोली चलाए। राजु विक घाइते भए। पीडकमाथि कानूनी कार्वाही भइरहेको छ।

मङ्गलपुर गाविस-३ का दुर्गा रिमाल र उनको डेढ वर्षे छोरा **०५२ जेठ २** गते दिउँसो नारायणी नदीको किनारमा मृत अवस्थामा फेला परे। उनका पति गोकर्ण रिमालसंगको सम्बन्ध नराम्रो भएका कारण हत्याको आशंका गरियो र प्रहरी सामु अभियुक्त गोकर्णले साबिती बयान दिए।

भारत मोतिहारी घर भई हाल **भरतपुर नपा** लक्ष्मीपुर बस्ने रामकुमार गुप्तालाई आफ्नै पत्नीको हत्या गरेको आरोपमा **०५२ साउन**मा पक्राउ गरियो। उसले प्रहरी समक्ष साविती बयान दिएका छन्।

भरतपुर नपा-२ नौरंगेमा **०५२ भदौ २५** गते राती जंगलबाट काठ चोरी निकासी गर्दै गरेकोमा जत्थालाई पक्रने क्रममा दोहोरो मुठभेड भयो। त्यस क्रममा पञ्चकन्या-८ का १७ वर्षीय दिनेश ढकालको वन सिपाहीको गोलीबाट मृत्यु भयो भने सुरक्षा टोलीका शोनेलाल साहको पनि अर्को पक्षबाट प्रहार भएको गोलीद्वारा मृत्यु भयो। यस घटनाको आवश्यक छानवीन गरी कार्वाही गर्न एउटा सर्वदलीय आयोग गठन भएको छ।

१.२ जेल र बन्दीहरू

यहाँको जेलमा भौतिक सुधार भएको पाइएन। ७५ जनाको क्षमता भएको जेलमा १२९ जनालाई कोचेर राखिएको छ। ती मध्ये थुनुवा पुरुष ९५ र ५ महिला, बन्दी पुरुष २२ र ४ महिला तथा नाबालकमा एकजना पुरुष र दुईजना महिला छन्। हाते तानबाट टोपी बुन्ने, नाम्ला डोरी बाट्ने जस्ता कामहरू शुरू गरिएको र एउटा पुस्तकालय सञ्चालन गरिएको हुँदा बन्दीहरूले समय व्यतित गर्नमा कठिनाई महशूस गर्नु परेको छैन। रेडियो सुन्न र टि.भी. हेर्न पाउँछन्। पत्रपत्रिका हेर्न पाउने सुविधा प्राप्त छ। फोहोरको समस्या भने छँदैछ। घरेलु उद्योग खोली बन्दीहरूलाई सृजनशील कार्यमा लगाउन सके राम्रो हुने कुरा जेलर बताउँछन्।

१.३ गिरफ्तारी र यातना

नागरिक अधिकार उपभोग गर्ने क्रममा बाधा व्यवधान उत्पन्न गरी राज्यको तर्फबाट विनाकारण पक्राउ गरेका घटनाहरू पाइएन। तर रामपुरस्थित कृषि क्याम्पसमा डा. तेजबहादुर के.सी.लाई डिनबाट हटाएको विरोध गर्दै **०५२ साउन १९** मा नेविसंघ समर्थक विद्यार्थी एवं केही प्राध्यापकहरूले समेत धर्ना दिए। उनीहरूलाई प्रहरीले गिरफ्तार गर्‍यो। त्यस क्रममा लाठी चार्ज पनि भयो। भीमनाथ शर्मा र नरसिंह प्रसादलाई सामान्य चोटपटक लाग्यो। साउन २१ देखि हुने भनिएको परीक्षा स्थगित गरियो र करीब ४ महिनासम्म क्याम्पस बन्द गरियो।

अयोध्यापुरी गाविस-९ बांदर झुलामा वन फँडानी गरेको र अरूलाई पनि वन फँडानी गर्न उक्साएको आरोपमा कुमरोज निवासी छेदाई महतो लगायत ४ जनालाई पक्राउ गरियो।

१.४ वेपत्ता पारिएको

यस वर्ष वेपत्ता पारिएको कुनै घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कुमरोज गाविस-१ घर भई आदमघाट प्रा.वि.मा पढाउने शिक्षक कृष्णबहादुर वोगटीले कुमरोज गाविस उपाध्यक्ष तेजप्रसाद वर्तौलालाई **०५२ पुस १०** गते सात दिन भित्र ज्यान लिने धम्की दिए। त्यसो गर्नुको कारण भने उपाध्यक्षले निज वोगटीका बाबुले हर्नरीमा १४ घर सुकुम्बासीले कमाएको जग्गा आफ्नो नाममा गराएको कामलाई मञ्जुरी नदिई

सुकुम्बासी आयोग समक्ष जग्गा कमाउने सबैका नाममा सो जमिन दर्ता हुनु पर्ने कुरा खुलाई सिफारिस गरिदिएको रीस फेर्न धम्की दिइएको थियो।

जुटपानी गाविस-५ का पूर्णप्रसाद पौड्याललाई सोही ठाउँका वलराम थपलियाले **०५१ पुस १७** गते राती डोरीले बाँधी सार्वजनिक चोकमा निर्घातसंग पिटे।

पदमपुर गाविस-२ का धनीराम महतो लगायत अन्य थुप्रै नागरिकहरूमाथि अमृतपोष्टका नायक र हवलदार मिली **०५१ माघ ७** गते भवानीपुरमा गम्भीर रूपले कुटपिट गरे। दिउँसो ३ बजेतिर घाँस दाउरा ल्याउँदै गरेका जनतासंग सामान्य भनाभनबाट शुरू भएको सो घटनामा शाही निकुञ्जका सेनाको ज्यादती भएको कुरा स्थानीय वासिन्दा बताउँछन्। वर्षेनी माघ ६/७ गतेदेखि १५ दिनको लागि जङ्गल खुला हुने गर्दछ र गाउँलेहरू जङ्गल जाँदा र फर्कंदा यस्ता घटनाहरू भइरहन्छन्।

दारचोक गाविस-३ का शिक्षक सूर्यचन्द्र घिमिरेलाई **०५२ वैशाख २५** गते सोही गाविसका अज्ञात व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए।

जनजागृती मा.वि. पिठूवाका प्र.अ. केशव न्यौपानेमाथि **०५२ असार २१** गते सांघातिक आक्रमण भयो। उनलाई तत्काल भरतपुर अस्पताल र त्यसपछि २२ गते ५ बजेसम्म पनि होश नखुलेपछि काठमाडौं वीर अस्पतालमा ल्याइयो। दुबै खुट्टा र एउटा हात भाँचिएको अवस्थामा अस्पताल पुऱ्याइएका निज केशवको अर्को हात पनि उपचारकै क्रममा नचल्ने भयो। त्रसित मुद्रामा रहेका घाइते न्यौपाने आफू पूर्ण रूपमा ठीक नभै आक्रमणकारीको नाम बताउँदिन भन्छन्। त्यस घटनासंग जोडेर पिठूवा गाविस लगायतका १२ जनालाई वारेन्ट काटियो। होमनाथ लामिछाने, डम्बरबहादुर बुढाथोकी, केदारप्रसाद अर्याल, हरिकुमार श्रेष्ठ, लालप्रसाद पौडेल, शिवसुन्दर श्रेष्ठ, तोपबहादुर कुँवरलाई मुद्दा लगाइयो। जुटपानीका हेमबहादुर रायमाझी र पुस्कल वस्नेत एवं कमल मानन्धर र राजु कल्वार रत्नगरलाई पनि सोही अभियोग लगाइयो। जसमध्ये ८ जनालाई तारेखमा, २ जनालाई मुद्दा चल्नु नपर्ने गरी र २ जनालाई प्रतिव्यक्ति रू. २० हजारको दरले धरौटी लिइ छोडिएको छ भने वास्तविक आक्रमणकारी को हो अहिलेसम्म खुल्न आएको छैन।

वीरेन्द्र क्याम्पस भरतपुरमा २ विद्यार्थीको भर्ना सम्बन्धी विवादलाई लिएर अनेरास्ववियू र नेविसंघका विद्यार्थीहरू बीच **०५२ मंसीर २१** गते दोहोरो झडप भयो जसमा नेविसंघका विकास कोइराला प्रहरीको लाठीद्वारा, अनेरास्ववियूका यदुनाथ पोखरेल नेविसंघका विद्यार्थीको प्रहारबाट र सहायक प्रहरी निरीक्षक लेमबहादुर सेन नेविसंघका विद्यार्थीको प्रहारबाट घाइते भए।

मंसीर १५ गते तत्कालीन निमित्त क्याम्पस प्रमुख भागवतशरण न्यौपानेले ठाकुरराम बहुमुखी क्याम्पसमा भर्ना भई आएका सुवास श्रेष्ठ र पाटन संयुक्त क्याम्पसबाट भर्ना भई आएका सुरज तिवारीलाई सरूवाको लागि स्वीकृति दिई

अज्ञात व्यक्तिहरूको आक्रमणमा परी घाइते भएका जनजागृति मा.वि. का प्र.अ. केशव न्यौपाने

भर्ना गर्ने तोक लगाएपछि विवाद शुरू भएको थियो। विद्यार्थी भर्नाको सामान्य विवादबाट क्याम्पसमा तालाबन्दी गरियो। नेविसंघ भर्नाको विपक्षमा अनेरास्ववियू पक्ष विद्यार्थी भर्ना हुन र पढ्न पाउनु पर्छ भन्ने कुराको पक्षधर बनेको हुँदा दुई पक्ष बीच भीडन्त चर्किएर उक्त घटना घट्न पुगेको थियो।

कुमरोज गाविस-४ मगनीका नारायण चौधरीको ट्रेक्टरले **०५२ पुस १५** गते बालुवा ल्याइरहेको अवस्थामा शिवराम चौधरीले रू.३०/- कर तिरेर जानभन्दा नमानेकोले केही वेर सामान्य विवाद भयो। विवादलाई बढ्न नदिन स्थानीय शिक्षक देवलाल वर्तौलाले सम्झाउन लाग्दा उल्टो उनलाई कुटपिट गरियो। वर्तौलाको नाक भाँच्चियो। ट्रेक्टरमा रहेका मजदुरहरूले पनि सामान्य पिटाइ खाएकोले सो खबर खैरहनी गाविस-४ मगनी पुग्यो। आफ्नो गाउँलेले पिटाई खाएको, ड्राइभर गम्भीर घाइते भएको सुनी प्रतिरक्षाको लागि अर्को ट्रेक्टरमा गएको टोलीले प्रहरी कार्यालयमा बसिरहेका सिसहनी निवासी घाइतेहरूमाथि पुनः आक्रमण गऱ्यो। उक्त आक्रमणमा सिसहनी र मगनीका बासिन्दाहरू बीच कुटपिट हुँदा स्थानीय शिक्षक केशव पाठक, गोकर्ण बर्तौला, विनोद बर्तौला, उमाकान्त नेपाल पनि घाइते भए पछि घाइतेहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। तर राजनीतिक कार्यकर्तहरूको सल्लाह र सुझावको कारण उपचार खर्च सबै विपक्षीले व्यहोर्ने, आइन्दा यस्तो घटना नदोहोऱ्याउने, गल्ती स्वीकार गर्ने शर्तमा दुबै थरी बीच समझदारी भयो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

जनजागृती मा.वि. पिठूवाका प्र.अ. केशव न्यौपानेमाथि आक्रमण गर्ने व्यक्तिहरू पत्ता लगाइयोस् भनी दबाव दिने उद्देश्यले जिल्ला प्रशासन कार्यालय भरतपुरमा **०५२ साउन ३** गते नेका समर्थकहरूद्वारा घेराउ कार्यक्रमको आयोजना

गरियो। धर्ना कार्यक्रम असफल पार्न धर्नाकारी लगभग ५० जनालाई गिरफ्तार गरी जिप्रका पठाइयो। उनीहरूलाई मेला हुनबाट वञ्चित गरियो। कार्यक्रम अवधि सकिए पश्चात सबैलाई रिहाई गरियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ हिन्दू, बौद्ध, मुस्लिम, क्रिश्चियन सबै धर्मावलम्बीहरू पाइन्छन्। धर्मको विशेष प्रभाव प्रौढ महिला र वृद्ध मानिसहरूमा रहेको छ। युवावर्ग र सचेत जनसमुदायको धर्मप्रति खासै आस्था पाइँदैन तर पनि धर्मावलम्बीहरू बीच राम्रो सहिष्णुता पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतप्रति आम नागरिकहरूको सकारात्मक धारणा नै पाइन्छ। नियम कानूनप्रतिको अज्ञानता र केही मुद्दाहरू फैसला हुनबाट भएको ढिलाइले यदाकदा केही गुनासाहरू भने पाइन्छन्।

प्रहरी कार्यालयबाट प्राप्त जानकारी अनुसार यस वर्ष सार्वजनिक अपराधका घटना-५३, जीउ मास्ने बेच्ने-८, करणी-८, चोरी-१३, आत्महत्या-४८, हत्या-७, ज्यान सम्बन्धी घटना-११२ वटा घटे। बहुविवाह-३ र ठगी-१ पनि प्रहरीमा दर्ज रहे। यी सबै मुद्दा प्रहरीले अदालतमा बुझाएको जानकारी दिइयो।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

सुकुम्बासी समस्या भएका जिल्लाहरूमध्ये यो पनि एउटा हो। यस जिल्लामा लगभग १५ हजार ३ सय २७ जना सुकुम्बासीहरू छन्। यी मध्ये १ हजार ४ सय ४९ लाई पूर्जा वितरण गरिएको छ भने थुप्रै सुकुम्बासीहरूको अवस्था चिन्ताजनक छ। पुराना बासिन्दाहरू धेरैजसो सिनेमा हेर्ने र रक्सी सेवन गर्ने कारणले सुकुम्बासी बनेका छन् भने गरीबीको कारण पहाडबाट झरेका मानिसहरू पनि छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सुकनगर गाविस-३ बस्ने काशिराम न्यौपानेले ११ वर्षीय बालिकालाई **०५१ चैत ८** गते बलात्कार गरेका छन्। निज बलात्कारीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ।

गीतानगर गाविस-६ की ११ वर्षीय एक बालिकालाई सोही ठाउँका १८ वर्षीय राजकुमार श्रेष्ठले **०५२ जेठ ९** गते बलात्कार गरे। निज पीडकले साँझ ८ बजे आँप खान जाऔं भनी फकाइ फुल्याइ आँपको फेदमा लगी आँप झारेर खान दिएपछि जबरजस्ती करणी गर्न लाग्दा उनी कराइन् र निज पीडक भागे पनि भोलिपल्ट स्थानीय जनता र प्रहरीको सहायताले पक्राउ गरी आवश्यक कार्वाहीको लागि हिरासतमा राखियो।

शारदानगर गाविस-७ का संजय गुरूङ्ग र गोपाल गजमेरले १२ वर्षीय बालिकालाई **०५२ जेठ १२** गते **कृष्ण फिल्म हल** नजिकैको एक मात्र रेष्टुराँमा लगी म:म: र मादकपदार्थ खुवाइ जबरजस्ती बलात्कार गरे। अनुसन्धानको लागि निज पीडकहरूलाई हिरासतमा लिइएको छ।

पिप्ले गाविस-७ निवासी २० वर्षीय महिला रत्नमाया भट्ट आफ्ना पतिद्वारा पीडित भएकी छिन्। ०४६ साल माघ महिनामा दाम्पत्य जीवनमा बाँधिएका र दम्पत्तिको केही समयपछि नै सम्बन्ध बिग्रन गएकोले **०५१ साउन**मा पीडक राजकुमारले मकवानपुर निवासी माया विजुला उप्रेतीसंग दोस्रो विवाह गरी रत्नमाया भट्टलाई परित्याग गरेका छन्। राजनकुमार भट्ट ड्राइभिङ पेशामा भएकोले कमै मात्र घर बस्ने गर्दथे भने रत्नमाया लगायत सानो परिवार होटल चलाएर बसेको थियो। होटल आएका अन्य मानिसहरूसंग हुने बोलचालहरूलाई आधार बनाएर सासु र छोरा मिली उनीलाई परित्याग गर्ने निर्णय गरे। हाल ८ महिनाको छोरा सहित पतिसंग सम्बन्ध विच्छेद गरी आफ्नै खुट्टामा उभिने अभिप्रायले कानूनी उपचार खोजिरहेकी छिन्।

समिटार कृषि विकास बैंक साना किसान विकास आयोजनाका प्रमुख शेरबहादुर खड्काले सोही गाविस निवासी १९ वर्षीय एउटी चेपाङ युवतीलाई **०५२ असोज २८** गते बेलुका पर्सा बजारबाट तेल लिएर घर जाँदै गर्दा वीरेन्द्रनगरको घले चौतारा मुनि एक्कासी पक्रेर बलात्कार गरे। भोलिपल्ट २९ गते पीडित युवतीले सबै कुरा गाउँलेहरूलाई भनेपछि बलात्कारमा सहभागी भएका अर्का मतियार साना विकास आयोजनाका पियन मङ्गलबहादुर प्रजालाई प्रहरी हिरासतमा लिइयो भने मुख्य पीडक खड्का फरार भए।

अयोध्यापुरी गाविस-९ बाँदरझुलामा **०५२ पुस १** गते १६ जनाको हुल बाँधेर आएका भारतीय डाँकाहरूले स्थानीय दुई चेलीहरूलाई बलात्कार गरे। पुरूषहरूमाथि कुटपिट गरे। पिटाइ खानेहरू गोरेबहादुर तामाङ्ग र रामबहादुर तामाङ्ग रहेका छन्।

भरतपुर नपा-७ की १५ वर्षीय बालिका शान्ता घलेलाई सोही स्थानमा बसोबास गर्ने उमादेवी क्षेत्रीले चलचित्रको नायिका बनाइदिन्छु भन्ने प्रलोभन दिई भारततर्फ लैजाँदै गर्दा रक्सौलमा स्थानीय प्रहरीहरूले सुराक पाई अभियुक्त उमा देवीलाई पक्राउ गरे। यस सम्बन्धमा आवश्यक कानूनी कार्वाही भइरहेको छ।

भरतपुर नपा-१२ वसेनीमा डेरा गरी बस्ने २४ वर्षीय लपु ठेचो लामाटार निवासी राजु के.सी. र शान्ति के.सी.ले लमजुङ्ग बेसीशहर गाविस-९ बस्ने एउटी १५ वर्षीय युवतीलाई आफ्नो भाइसंग बिहे गरिदिने बहाना बनाई २०४९ मा बम्बे

पुऱ्याएर ५० हजारमा बिक्री गरेका थिए। उनी भागेर नेपाल आई चितवन जिप्रकामा निवेदन गरेपछि अभियुक्तलाई गिरफ्तार गरिएको थियो। हाल दुबैलाई जिल्ला अदालत लमजुङको फैसला बमोजिम थुनामा राखिएको छ। त्यसैगरी नवलपरासीको गैंडाकोट घर भएकी विष्णु विश्वकर्मालाई नारायणगढका दुई युवतीहरू भारत लगी बिक्री गरेको अभियोगमा पक्राउ गरिएको छ। अभियुक्तले आफ्नो अपराध स्वीकार गरेका छन्।

कुमरोज गाविस-४ धरमपुर निवासी मदरी चौधरी आफ्नो पति, सासु र ससुराको उत्पीडनका कारण ०४८ सालदेखि माइतीमै बस्न बाध्य भएकी छिन्। १९ वर्षीय मदरी चौधरीको ०४८ मंसीरमा चन्द्र चौधरीसंग प्रेम विवाह भएको थियो। ०४८ सालदेखि नै अंशको दाबी गर्दै आएकी निज मदरीले जिल्ला अदालतमा उजुरी दिई विजयी पनि भइन् तर ससुरा पुनरावेदन पुगे। पुनरावेदनले पनि जिताइदियो तर अझै पनि अंश पाएकी छैनन्। ३ वर्ष ३ महिनाको एउटा छोरा लिएर अब आफूले पाउने अंश दिलाइ दिनको लागि महिला सघन विकास केन्द्रमा सम्पर्क गरेकी छिन्।

फूलबारी गाविस-३ श्रीपुर बस्ने ६३ वर्षीय जालमाया सार्की ०३७ सालदेखि आफ्नो पतिबाट पीडित भएर अपमानजनक जीवन बिताउन बाध्य छिन्। उनका पति मङ्गलसिंह सार्कीले तेस्रो विवाह गरी पवित्रा सार्कीलाई भित्र्याएपछि मिल्न नसकी पीडित जालमाया सार्की छुट्टै बसेर बनिबुतो गरी जीविका गरिरहेकी छिन्। तेस्रो विवाहपछि कमाइ खान भनी दिइएको १० कठ्ठा जग्गा पनि हालै नदिने निर्णय आफ्नो पतिले गरेपछि उनी अदालत जान बाध्य भएकी छिन्।

भरतपुर नपा-११ निवासी २९ वर्षीय शान्ति अधिकारी आफ्ना पति गणेशबहादुर अधिकारीद्वारा पीडित भएकी छिन्। गणेशसंग दोस्रो पत्नीको रूपमा वैवाहिक जीवनमा बाँधिएकी शान्तिलाई अहिले घरबाट निकालेर सम्पत्तिविहिन बनाउने काम उनका पति र सासुबाट भएको कुरा उनी बताउँछिन्। उनको एकमात्र अपराध हो सन्तान नजन्माउनु। उनी न्याय माग्न अदालत जाने तरखरमा छिन्।

कठार गाविस-५ जीवनपुर निवासी चन्द्रविक्रम चौधरीले घरमा काम गर्न राखिएकी १६ वर्षीय युवतीलाई बलात्कार गरी गर्भिणी गराएको ८ महिना बितेपछि कुमरोज गाविस-८ कपिया निवासी वगडा चौधरीलाई जिम्मा लगाएका थिए। १५ दिनपछि रहस्य खुल्न गयो। म्याक्सी लगाएर पठाइएकोले पेट नदेखेकोले विवाह गर्न स्वीकार गरेको तर अर्काको सम्बन्ध भएको कुरा बुझेपछि वगडा चौधरीले उनीलाई फिर्ता गराए। उनी हाल विचल्लीमा छिन्।

त्यसैगरी भारतमा काम गरेर बसेका तारा चौधरीकी पत्नीसंग पनि चन्द्रविक्रमको अनैतिक सम्बन्ध भएको कुरा घर आएपछि थाहा पाएर ताराले पत्नी र चन्द्र दुबैलाई कुटे। तर उनका काका चुडामणीले तारा चौधरीलाई त्यही अभियोगमा थुनाइदिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

उल्लेख्य घटना जानकारीमा आएन।

४.३ गर्भपतन

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

भरतपुर नपा-५ बस्ने १० वर्षीय बाबुराम कडेंल र ११ वर्षीय रामचन्द्र थापालाई 1/1 वटा टोपी चोरेको अभियोगमा शहीदचोकस्थित चितवन वस्त्र भण्डारका रामदास श्रेष्ठ र रोशन श्रेष्ठले चारपाटा मुडेर नाङ्गै पारेर बिजुलीको पोलमा बाँधी **०५२ असोज २१** गते कुटपिट गरे। पीडित बालकहरूको पक्षमा बोल्ने इश्वरीप्रसाद कडेंलमाथि पनि निज व्यापारीहरूले दुर्व्यवहार गरे।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

भरतपुर नपा गोदाङ्का विमिद टेक्सटाइल उद्योगका मजदूरहरूले ०५२।२।१० देखि ०५२।३।६ सम्म पेशागत हकहितको माग राखी निरन्तर आन्दोलन गरे। तात्कालीन अवस्थामा भएको ठेकेदारी प्रथाको अन्त गर्ने र श्रम ऐन लागु गर्ने माग राखी गरिएको आन्दोलन माग पूरा भै आषाढ ६ गते सम्झौता भै ११ गते देखि काम चालु भयो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेख्य घटना भएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

उल्लेख्य घटना भएको पाइएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस विज्ञप्ति प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यहाँ ट्राफिक दुर्घटनाका ३ वटा घटना जानकारीमा आए। आत्महत्याका ६ वटा घटना र २ वटा शंकास्पद मृत्युको घटना जानकारीमा आए।

■



२. मध्यमाञ्चल

नारायणी

२.११ मकवानपुर

जनसंख्या : ३१४५९९
साक्षरता : ३८.३ प्रतिशत
महिला साक्षरता : २४.५ प्रतिशत
क्षेत्रफल : २४२६ वर्ग कि.मी.

राजधानीसंग जोडिएको र सुगम क्षेत्र भनेर घोषणा गरिएको भए पनि दुर्गम एवं विकासको ओझेल परेका गाउँहरू पनि यहाँ रहेका छन्। मकवानपुर जिल्ला औद्योगिक क्षेत्रको नामले चिनिँदै अएको छ भने ऐतिहासिक स्थल मकवानपुर गढी र हालै निर्मित शहीद स्मारकले यसलाई थप परिचय दिलाउने काम गरेको छ। राजनीतिक घटनाक्रमका दृष्टिले पनि महत्वपूर्ण मानिएको यस जिल्लामा यो वर्ष मानवअधिकार उल्लंघनका घटनाहरूमा भने गत वर्षको तुलनामा कमी आएको पाइएको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

भीमफेदी गाविस-४ की लोककुमारी थापाले अवैध गर्भधारण गरी जन्मिएको नवजात शिशुको **०५१ फागुन १६** गते माइतीमा हत्या गरी नजिकैको झाडीमा फालिदिइन्। निज थापा पतिलाई छोडेर केही समयदेखि माइती घरमा बसेकी थिइन्। अभियुक्त थापालाई थुनामा राखिएको छ।

फापरबारी गाविस-९ का ३८ वर्षीय अम्बरबहादुर थोकरले **०५२ साउन २** गते वारीमा मकै खान लागेको बाँदरलाई गोली हान्दा सोही मकैवारीमा कोदो रोपिरहेका आफ्नै १३ वर्षीय छोरा तिलकबहादुर थोकरलाई गोली लागेर घटनास्थलमै मृत्यु भयो।

हेटौंडा नपा-४ कर्रा टोलका रामकुमार श्रेष्ठका पति पत्नी घरायसी निहुँमा **०५२ कार्तिक ३** गते झगडा गरिरहेको अवस्थामा छिमेकी रामकुमार देवकोटाले सधैं पति पत्नी झगडा गरी छिमेकीलाई वाधा पुऱ्याउने काम नगर भन्दा मनाभन भई कुटपिट भयो। त्यसै कुटपिटबाट ४८ वर्षीय रामकुमार श्रेष्ठको मृत्यु भयो। अभियुक्त देवकोटा फरार भएका छन्।

हाँडीखोला गाविस-२ का ३७ वर्षीय मानबहादुर प्रजालाई **०५२ मंसीर १६** गते मादकपदार्थ सेवन गरी विभिन्न किसिमका घरायसी निहुँ झिकी स्थानीय रामप्रसाद लटौंला, गणेशबहादुर प्रजा र कृष्णभक्त भण्डारीले कुटपिट गरी हत्या गरे।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	-	१	१
आरक्षमा यातना				१
बलात्कृत	-	९	२	१
आत्महत्या	-	-	३३	३१

१.२ जेल र बन्दीहरू

भीमफेदीमा रहेको कारागार भवन राणाकालिन ग्यारेज हो र ०३२ सालदेखि यसलाई जेलका रूपमा प्रयोग गरिएको छ। उक्त भवन जर्जर एवं जीर्ण अवस्थामा पुगिसकेको छ। कैदी र बन्दीहरू सुत्ने कोठामा वर्षायाममा पानी चुहिएर सुत्न सक्दैनन्। करीब साढे १ कठ्ठा जमिन कम्पाउण्ड घेरी निर्माण गरिएको उक्त कारागारको एउटा मात्र भवन रहेको छ। जसमा २ कोठा छन्। महिला र पुरूष कैदी बन्दीहरू अलग कोठामा बस्ने गर्दछन्। ३५ जना बन्दी अट्ने क्षमता रहेको यस कारागारमा अहिले एक महिला र २ वर्षीय बालक सहित ५५ जना कैदी बन्दीहरू रहेका छन्। भीमफेदी कारगार भनिने यस जेलमा १८ जना दोष प्रमाणित भएका र ३६ जना दोष प्रमाणित नभएका व्यक्तिहरू छन्। एउटा कोठामा ५३ जना पुरूषहरू बस्छन् भने अर्को कोठामा एक महिला र उनकै नाबालक छोरा बस्ने गर्दछन्। सुत्ने कोठा, भात पकाउने कोठा र अपरान्ह ६ बजेदेखि दिशा पिसाब गर्ने कोठा पनि एउटै भएको कारणले बन्दीहरूको अवस्था चिन्तित देखिन्छ। पढ्ने, लेख्ने र स्वास्थ्य उपचार गर्ने सुविधा छैन भनी २ वर्षदेखि बन्दी जीवन बिताउँदै आएका कमल घिसिङ्ग बताउँछन्। उक्त

कारागारका सुरक्षाकर्मीहरू पनि जेल जीर्ण र जर्जर भएकाले कुनै पनि बेला भत्कन सक्ने आशंका व्यक्त गर्दछन्।

१.३ गिरफ्तारी र यातना

मकवानपुर जिल्लाको प्रहरी एवं प्रशासनद्वारा राजनीतिक अभियोगमा गिरफ्तारी नगरे पनि अन्य घटनामा गिरफ्तार गरिएका र त्यसपछि निर्मम ढङ्गले यातना दिने गरेको पाइन्छ।

मनहरी गाविस प्रतापपुरका रामबहादुर राई, थिमबहादुर राई र वीरबहादुर राईलाई **०५२ वैशाख ७** गते पर्सा वन्यजन्तु आरक्षको जङ्गलमा गाई वस्तु पस्यो भन्ने आरोपमा त्यहाँका सिपाहीले निजहरूलाई गिरफ्तार गरी पथलैयाको आधावहार क्याम्पमा लगी २ दिनसम्म खान नदिई थुन्ने काम गरे।

०५२ जेठ २२ गते प्रहरी हिरासतमा नै मृत्यु भएको भक्तपुर चितपोल गाविसका प्रद्युम्न देउजाको सम्बन्धलाई लिएर **हेटौंडा**मा सडक आन्दोलन भयो। त्यसमा प्रहरीले अन्धाधुन्ध लाठी चार्ज र अश्रुग्यास प्रयोग गऱ्यो। त्यसै क्रममा व्यापक गिरफ्तारी पनि भयो। **हेटौंडा नपा-८** का अर्जुन ढुङ्गेल **०५२ जेठ २४** गते आफ्नो कामले हुलाकमा जान लाग्दा प्रहरीले गिरफ्तार गरी २ दिनसम्म हिरासतमा राखी निर्मम यातना दियो। उनको साथमा रहेको १७ सय रूपैयाँ पनि लुटियो। सो घटनामा पर्ने टेकबहादुर खड्का, वाला रोकाया, राजकुमार र हरिबहादुर मुक्तानलाई पनि प्रहरी हिरासतमा यातना दिने काम गरेको पाइयो।

१.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको घटना भएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

हेटौंडा नगरपालिकाका प्रमुख डोरमणि पौडेललाई **०५१ पुस २७** गते राती केही व्यक्तिहरूले हातपात गरी घाइते बनाए। वीरगंजबाट आएको ना.अ.ख. ३९६७ नं. को ट्र्याकरले पशुपतिनगरमा कर तिर्न रोक्दा ट्र्याकरमा रहेका चालक श्याम श्रेष्ठ, उनकी पत्नी र छोरीलाई केही हुल्याहा

भीमफेदी जेलको साँघुरो प्राङ्गण : जहाँ खुल्ला नालीसँगै बन्दीहरूले खाना पकाएर खानु पर्छ

प्रहरी कष्टडीमा मृत्यु भएका प्रद्युम्न देउजा

व्यक्तिले हातपात गरेका थिए। त्यसपछि ट्र्याकर चालक श्रेष्ठले ट्र्याकर तेर्स्याएर सवारी आवत-जावत बन्द गरिदिए। राती १२ बजे नगरप्रमुख डोरमणि पौडेल घटनास्थलमा आउँदा उहाँमाथि पनि एक्कासी हातपात गरिएको थियो। कुटपिटमा संलग्न हुल्याहरूको प्रहारबाट नगर प्रमुख पौडेलको टाउकामा चोट लागेको थियो। उहाँको टाउकोमा ८ टाँका लगाउनु परेको थियो।

ठिंगन गाविस-१ का प्रतापसिं न्यासुरलाई **०५२ असोज २२** गते खेतमा काम गरी रहेको बेला सोही ठाउँका शंकरसिं न्यासुरले खुकुरी प्रहार गरी घाइते बनाए।

१.६ थुनामा मृत्यु

भक्तपुर चितपोल गाविस-२ का २४ वर्षीय प्रद्युम्न देउजाको **०५२ जेठ २२** गते राती जिल्ला प्रहरी कार्यालय हेटौंडाको हिरासतमा मृत्यु भयो। जेठ २२ गते १० बजे मोटरसाइकल दुर्घटनामा परी सामान्य घाइते अवस्थामा हिरासतमा रहेका देउजाको मृत्युलाई लिएर विभिन्न आशंकाहरू पनि गरिएको छ।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नेपाल अधिराज्यको संविधानले प्रत्येक नागरिकलाई दिएको अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार हनन् गर्ने उद्देश्यले प्रशासनिक क्षेत्रबाट प्रत्यक्ष कुनै कार्वाही चलाइएको पाइएन। राजनीतिक प्रतिशोधको दृष्टिले एकले अर्काको अभिव्यक्तिमा वाधा पुऱ्याउने कार्य गरेको पनि देखिएन। मकवानपुर जिल्लामा रहेका पिछडिएका प्रजा जातिले "प्रजा विकास एकता समाज" स्थापना गरी संगठित हुनुको साथै आफ्नो भाषामा "थाङ्गोताङ्गो" भन्ने मासिक पत्रिका समेत प्रकाशन गर्न शुरू गरेका छन्।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न धर्म र समुदायका मानिसहरूको बसोबास छ र सबैमा धार्मिक सहिष्णुता रहेको छ। दशैं र

तिहार मान्नु हुन्न यो क्षेत्री बाहुनको मात्र चाड हो भनी केही जनजातिहरूले प्रचार प्रसार शुरू गर्नुको साथै त्यसलाई वहिष्कार गर्ने काम पनि हुन थालेको छ। केही समय यता मकवानपुर जिल्लाका विभिन्न भागमा क्रिश्चियन धर्मको प्रचार प्रसार व्यापक रूपमा बढ्न थालेको छ भने क्रिश्चियन धर्म मान्नेहरूको संख्यामा पनि वृद्धि हुँदै गएको देखिन्छ। यस जिल्लामा प्रजा (चेपाङ्ग) जाति र तामाङ्ग जातिमा क्रिश्चियन धर्मले प्रभाव जमाउने काम गरेको छ। यसरी धर्म परिवर्तनमा धार्मिक सुझबुझ र आफ्नो विवेकले भन्दा पनि प्रचारकहरूको लोभ लालचद्वारा काम भइरहेको पाइन्छ। अशिक्षाको कारणले पनि धर्म परिवर्तनको प्रभाव परेको भेटिन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायालयप्रति आमधारणा सकारात्मक नै रहेको छ। तर कतिपय न्यायिक प्रक्रियामा गुनासाहरू पनि सुनिन्छन्। यस वर्ष मकवानपुर जिल्ला अदालतमा महिला अधिकार सम्बन्धी ७, मानवअधिकार सम्बन्धी २, लुटपिट र डाँका ४, चोरी ११, बलात्कार ३, लागु औषध कारोवार १६, ज्यान मार्ने उद्योग ८, हत्या २, जीउ मास्ने बेच्ने १० मुद्दा दायर गरिए।

जिल्ला न्यायाधीश मोहनकृष्ण खनाल भने सुगम र निष्पक्ष न्यायिक अधिकार प्रदान गर्नमा कुनै वाधा नआएको बताउनु हुन्छ। तर पुर्पक्षका लागि बन्दी बनाइएकाहरूले भने मुद्दा चाँडो किनारा नलागेको कुरामा गुनासो व्यक्त गरेको पाइन्छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

नेपाल निजामति कर्मचारी संगठनमा लागेको कारणले यस संगठनको मकवानपुरका अध्यक्ष एवं जनस्वास्थ्य मकवानपुरका सुब्बा बाबुराम दाहाललाई दुर्गम क्षेत्रमा सरूवा गरियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

विभिन्न प्राकृतिक प्रकोपबाट पीडित, पैतृक सम्पत्ति नभएको वा अन्य कारणबाट शहरी इलाकाको छेउछाउमा बसोबास गरिरहेका सुकुम्बासीहरू यस जिल्लामा उल्लेखनीय संख्यामा पाइन्छन्। परम्परादेखि सुकुम्बासीहरू बन्दै आएका व्यक्तिहरू करीब २ हजार ५ सय छन् भने ०५० सालको बाढी पहिरोले घरबार विहीन भई सुकुम्बासी भएका करीब ४ सय व्यक्तिहरूलाई पदमपोखरी गाविस-१ मा ताइवानी सहयोगमा पक्की घर बनाई आश्रय दिने काम गरिएको छ। तर बेरोजगार भएको कारणले विहान बेलुका हातमुख जोड्न सो वस्तीका सुकुम्बासीहरूलाई कठीन परेको छ।

हेटौंडा नगरमा घर नभएका ठेलागाडा चलाउने, रिक्सा चालक, तरकारी बेच्नेहरूले **हेटौंडा** नपा-११ स्थित राप्ती खोलाले बगर बनाएर छोडेको पर्ती जग्गामा छाप्रो हाली बस्न थालेका छन्।

०३९ सालमा आएको बाढीले घरबार बगाएर सुकुम्बासी बनेका मनहरी लोथर सडकको दायाँबायाँ भागमा छाप्रो हाली कष्टकर जीवन बिताइरहेका व्यक्तिहरू अहिलेसम्म कुनै सरकारी सहयोग नपाएको गुनासो व्यक्त गर्दछन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

महिला किनबेचको दृष्टिकोणले यो जिल्लाले देशकै दोश्रो स्थान ओगटेको छ। खासगरी यस जिल्लाको पदमपोखरी, भैसेचुरियामाई, हटिया, छतिवन, मनहरी, सरिखेत, हाडीखोला गाविसहरू महिला व्यापारको घटनाले चर्चामा रहेका छन्। बम्बैका कोठीहरूमा वेश्यावृत्तिका निम्ति जानेहरू पनि पाइएको छ। विगत समयमा विवाह गर्ने भनी फकाएर लाने प्रचलन व्यापक थियो भने यसवर्ष सर्कसमा खेलाउन, भारत घुमाउन लाने भनी झुक्याएर लगी बेच्ने प्रचलन पाइएको छ। प्रजातन्त्रको बहालीपछि पनि चेलीबेटीको यो व्यापारमा नियन्त्रण हुन सकेको छैन। धेरैजसो घटनाहरू सार्वजनिक जानकारीमा आउँदैन। पदमपोखरी गाविसका केही टोलमा युवतीहरू देख्न पनि मुश्किल भइसकेको छ।

यस वर्ष उक्त गाविसबाट ११ जना युवतीहरू हराएको उजुरी जिल्ला प्रहरी कार्यालय हेटौंडामा पर्न आएको देखिन्छ। यो संख्या गत वर्षको भन्दा कम रहेको छ।

सरिखेत गाविस-३ मैनाटारकी २० वर्षीय कमला विश्वकर्मा, १८ वर्षीय धनकुमारी विश्वकर्मालाई पदमपोखरी गाविस-७ का पूर्णबहादुर रूम्बा र भक्तबहादुर वलले **०५१ फागुन** ८ गते सर्कस खेलाउन लाने भनी भारततिर बेच्न लैजान लाग्दा स्थानीय जनता र प्रहरीले मनहरी बजारमा पक्राउ गरे।

हेटौंडा नपा-५ की एउटी १५ वर्षीय एक युवतीलाई पिसाब फेर्न घरबाट बाहिर चौरमा निस्किएको बेला **०५१ फागुन २६** गते राम कार्की, शिव गौतम, राम थापा लगायतका व्यक्तिहरूले मुख थुनेर बलात्कार गरे।

हेटौंडा नपा-४ की १४ वर्षीय एक बालिकालाई सोही ठाउँका २९ वर्षीय तुलबहादुर मगरले **०५१ चैत २८** गते जंगलमा लगी मुखमा रूमाल कोचेर बलात्कार गरे।

पदमपोखरी गाविस निवासी ज्ञानबहादुर तितुङ्ग, भोटे लामा, रवि तामाङ्ग, बाबु तामाङ्ग, देवु तामाङ्ग र गोविन्द तामाङ्ग समेतको गिरोहले **०५१ बैशाख ४** गते भैंसे गाविस-९ की कमला दर्जी, माया पाख्रीन, मनमाया घिसिङ्ग, सरिता थापा र सन्तमाया तामाङ्गलाई रक्सौल घुम्न जाने भनी भारतको बम्बई कोठीमा प्रतिव्यक्ति ३० हजार भारतीय रूपियामा बेचे। ती युवतीहरूले भारतीय प्रहरीको सहयोगमा उम्किन सफल भई हेटौंडा आई ०५२ बैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उक्त अभियोगमा ज्ञानबहादुर तितुङ्ग र भोटे लामालाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

पदमपोखरी गाविस-८ की ३३ वर्षीय फूलमाया

तामाङ्गको **०५२ कार्तिक १६** गते मृत्यु भयो। मृतक तामाङ्ग ०५२ सालमा भारतको बम्बैस्थित वेश्यालयमा २० हजारमा बेचिएका कारणले त्यहाँको नारकीय जीवन बिताउन वाध्य हुँदाकै अवस्थामा एड्सबाट प्रभावित भई नेपाल फर्किएकी थिइन्।

यो वर्ष मकवानपुर जिल्लाबाट २३ जना चेलीहरू भारत लगेर बेचेको बताइन्छ। तर त्यस सम्बन्धी सम्पूर्ण जानकारी सार्वजनिक भएको देखिँदैन।

यस जिल्लामा अहिले एड्सका रोगीहरू बढ्दै छन्। अहिलेसम्म यस जिल्लामा १९ जना एड्सका रोगी भएको कुरा विभिन्न संस्थाका तथ्यांकहरूले पुष्टी गरेका छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

तामाङ्ग जातिमा जारी प्रथा प्रचलित छ। जारी लिने दिने कुरा दुबै पक्षको मञ्जुरीमा गरिने भए पनि कतिपय गाउँहरूमा गाउँका जनप्रतिनिधि एवं टाठा-वाठाहरूले तोक्ने गर्दछन्। जारी सम्बन्धी कुनै मुद्दा पनि न्यायिक निकायमा पुगेको छैन।

सर्लाही राजघाट गाविस-५ का २१ वर्षीय चन्द्रबहादुर खड्काले **०५२ वैशाख २८** गते पत्नी र छोरी हुँदाहुँदै **हेटौंडा नपा-९** लामसुरेकी १८ वर्षीय मेनुका कुँवरसंग बहुविवाह गरी घरतिर लान लाग्दा प्रहरीले गिरफ्तार गरेको थियो।

४.३ गर्भपतन

गर्भपतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

हेटौंडा नगर वरिपरीका गलैंचा उद्योगमा अहिले बालबालिकाहरूलाई काम लगाइएको देखिन्छ। त्यसैगरी राजमार्गको आसपासका होटेल, लज, चियापसल एवं सम्भ्रान्त व्यक्तिहरूको घरमा बाल मजदूरहरू कार्यरत रहेको देख्न सकिन्छ।

पदमपोखरी गाविस-१ मा विभिन्न ठाउँबाट बाढी पहिरोका कारण विस्थापित व्यक्तिहरूलाई ४ सय घर बनाई आश्रय यलो दिने काम भए पनि सो स्थानमा विद्यालय स्थापना नभएकाले बालबालिकाहरू शिक्षा हासिल गर्ने अधिकारबाट वञ्चित रहेका छन्।

आमभञ्ज्याङ्ग गाविस-७ का १८ वर्षीय लक्ष्मणबहादुर कार्कीले सोही ठाउँकी १३ वर्षीय नानीमैया दहाललाई जबरजस्ती सिंदूर हाली पत्नी बनाउने प्रयास गरेको अभियोगमा प्रहरीले पक्राउ गर्‍यो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यहाँ करिब ३५ वटा ठूला उद्योग एवं प्रतिष्ठानहरू संचालनमा रहेका छन्। श्रम ऐन ०४९ अनुसार ट्रेड यूनियनहरू दर्ता गर्ने, प्रतिष्ठान स्तरको आधिकारिक निर्वाचन गर्ने कामहरू संचालन गरिरहेका छन्। त्यसैगरी **बसामाढी गाविस**मा रहेको नविन-रि-रोलिङ्ग उद्योगका मजदूरहरूले आर्थिक माग लगायत विभिन्न माग राखी **०५२ मंसीर २७** गतेदेखि हडताल गरेका थिए। व्यवस्थापन र मजदूर बीचको वार्ताद्वारा केही मागहरू पूरा गरियो र हड्ताल रोकियो। त्यसैगरी **हेटौंडा नपा-९** मा संचालित हेटौंडा सिमेन्ट उद्योगका मजदूर र कर्मचारीहरूले पनि आर्थिक माग लगायत विभिन्न मागहरू राखी हडताल गरेका थिए। वार्ताद्वारा केही मागहरू पूरा गरियो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लामा सम्पन्न परिवारका घरमा घरेलु नोकर राखिएको बाहेक दासत्व प्रथा रहेको पाईंदैन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

जिल्लामा बोक्सी, धामी, झाँक्री जस्ता अन्धविश्वासले मानिसहरूलाई जकडिराखेको छ। **धियाल गाविस-५** का ७२ वर्षीय आदी माया थिङ्ग र ललिमाया योञ्जनलाई स्थानीय क्षेवाङलो लामाले **०५२ साउन १** गते बोक्सी लगाई कर्तव्य गरी मारेको आरोप लगाई सार्वजनिक मेला गरी बोक्सी भएको ठहर गर्नुको साथै कागज गराएर वडा कार्यलयमा बुझाए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

०५२ जेठ २४ गते प्रद्युम्न देउजाको प्रहरी हिरासतमा भएको मृत्युलाई लिएर भएको प्रहरी र जनताबीचको झडपमा प्रहरीले बन्द गरेको पसलको ढोकामा लात्तीले हान्ने, पसलभित्र पसेर व्यापारीहरूलाई अमानवीय व्यवहार गरेको भनी सो घटनाको विरोधमा मकवानपुर उद्योग वाणिज्य संघले एक प्रेस वक्तव्य प्रकाशित गर्नुको साथै सम्बन्धित निकायको ध्यानाकर्षण गराएको थियो।

नेकपा एमाले मकवानपुरले **०५२ भदौ १२** गतेको सर्वोच्च अदालतको संसद पुनस्थापना गर्ने फैसलाको विरोधमा एक प्रेस वक्तव्य प्रकाशित गरेको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष मकवानपुर जिल्लामा सवारी दुर्घटनाहरू गत वर्षको तुलनामा निकै वृद्धि भएको छ। वस ट्रक दुर्घटना भएर, सवारी साधनहरूले किचेर ठक्कर खाएर यस वर्ष ४८ जनाको मृत्यु भएको छ। गत वर्षको तुलनामा यो संख्या तीन दोब्बर बढी छ। गत वर्ष सवारी दुर्घटनामा परी १३ जनाको मात्र मृत्यु भएको थियो।

राप्तीखोला तर्न खोज्दा बगाएर ४ जनाको मृत्यु भयो भने चट्याङ्गबाट ५ जनाको मृत्यु भयो।

झुण्डिएर २१ जना र वीष सेवन गरेर १० जना गरी ३१ जनाले यो वर्ष आत्महत्या गरे।

मनहरी गाविस-७ का ६५ वर्षीय वलवान गिरीले गरीबीको कारणले गर्दा विरामी छोरीको औषधि उपचार गर्न नसकेको पीडाले आत्महत्या गरे। ■



२. मध्यमाञ्चल

बागमती

२.१२ ललितपुर

जनसंख्या : २५७०८६
साक्षरता : ६२.२ प्रतिशत
महिला साक्षरता : ४७.८ प्रतिशत
क्षेत्रफल : ३८५ वर्ग कि.मी.

ऐतिहासिक मठ मन्दिरले भरिएको, पर्यटकको आकर्षणको केन्द्र विन्दु रहेको शहरदेखि मारदेव मट्टे डाँडा जस्ता विकट र अग्ला पहाडले सजिएको यो जिल्लाको आफ्नो छुट्टै परिचय छ। यहाँको केही क्षेत्र काठमाडौं उपत्यकाभित्र परे पनि ठूलो भाग पहाडले नै ओगटेको छ। झण्डै झण्डै राजधानीकै जिल्ला भने पनि हुने ललितपुर जिल्लाका अधिकांश नागरिकहरू अशिक्षा, गरीबी र शोषणबाट पनि पीडित छन्। मानवअधिकार उल्लंघनको दृष्टिले यो जिल्ला पनि राष्ट्रिय चर्चामा रहने गरेको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

ललितपुर नपा-१५ सातदोबाटो डेरा गरी बस्ने कुमारसिंह भुजेलकी पत्नी ज्ञानवती भुजेललाई **०५१ पुस १५** गते राती कोठामा टि.भी. हेरिरहेको अवस्थामा ४ जना नकाबधारी व्यक्तिहरूले हत्या गरे। अनुसन्धानको क्रममा त्यही घरमा काम गर्ने श्रीराम थापा र सोही घरमा डेरा गरी बस्ने ब्रजेश गौतमलाई थुनामा राखिएको छ।

दुकुच्छाप गाविस-२ वागमती खोलाको छेउमा दुई ढुङ्गाको बीचमा **०५२ असार १** गते एक अज्ञात महिलाको लाश फेला पर्‍यो।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	२	४	-	-
हिरासतमा यातना	-	१	३	-
बलात्कृत	-	६	४	२
आत्महत्या	-	-	१०	१०
[बलात्कारको ग्लानीले आत्महत्या				१]

लेले गाविस-८ का ३० वर्षीय केदार घलेलाई **०५२ असार ३** गते अज्ञात व्यक्तिद्वारा गोली प्रहार गरी घाइते बनाइयो। निज रूखको फेदमा बसिरहेको बेला एक्कासी गोली प्रहार भएको थियो।

ललितपुर नपा-६ प्रयाग पोखरी ठाइनाटोलका मुकेश भोछिमया श्रेष्ठलाई **०५२ भदौ १७** गते स्थानीय युवा दिलिप वस्नेत र राजेश बज्राचार्यले छुरा प्रहार गरी हत्या गरे। घटना पुरानो रीसइबीका कारणबाट भएको बुझिएको छ।

लेले गाविस-८ की १७ वर्षीय गोपिनी खड्काको लाश **०५२ असोज २२** गते गौरीगाउँ भन्ने ठाउँमा सडेको अवस्थामा फेला पर्‍यो। उनी ०५२ भदौ २० गतेदेखि आफ्नै घरबाट हराएकी थिइन्। उनलाई हत्या गरी फालेको आशंका गरिएको छ।

चन्दनपुर गाविस-३ की कान नसुन्ने महिला मंगलीमायाको **०५२ कार्तिक ५** गते आफ्नै भाइ बलबहादुर वाइवाद्वारा माथिबाट खसालिएको ढुङ्गाले लागेर मृत्यु भयो।

ललितपुर नपा-७ लसुनवारीमा **०५२ मंसीर १३** गते एक नवजात शिशुको लाश फेला पर्‍यो। उक्त बच्चा प्लाष्टिकको ग्यालिनभित्र प्लाष्टिकको झोलाले पोको पारेको अवस्थामा फेला परेको थियो। बच्चा कसको र कसले फालेको भन्ने अझै पत्ता लाग्न सकेको छैन।

धापाखेल गाविस-५ मा पर्ने तिनकुने पोखरीभन्दा १ मिनट पश्चिम पाखामा **०५२ असार ३१** गते लेखनदासको काम गर्ने दिलकृष्ण महर्जनको लाश फेला पर्‍यो। निजलाई पुरानो रीसइबीका कारणले केही व्यक्तिहरूले हत्या गरी सो ठाउँमा फालेको आशंका गरिएको छ।

१.२ जेल र बन्दीहरू

देशको सबैभन्दा पुरानो यहाँको नख्खु जेल वि.सं. १९९५/९६ तिर बनाइएको हुँदा भौतिक रूपले जीर्ण भइसकेको छ। पहिलेको टक्सारको रूपमा चिनिने यस जेलको क्षमता १

सय ५० जनाको रहेको छ। हाल जम्मा १ सय ३७ जना बन्दी भएको यस जेलमा ७६ कैदी र ६१ थुनुवा रहेका छन्। यस जेलमा सबै पुरूष बन्दी मात्र छन्। एमालेसंग सम्बद्ध झापाका प्रकाश घिमिरे राजनीतिक बन्दीको रूपमा रहेका छन्।

१.३ गिरफ्तारी र यातना

ललितपुर नपा-७ का जग्गाको मुद्दा लडिरहेका ५० वर्षीय दिलबहादुर महर्जनलाई **०५१ माघ १८** गते विना वारेन्ट प्रहरीले गिरफ्तार गऱ्यो। निजलाई यही घटनामा मंसीरमा पनि गिरफ्तार गरी यातना दिने काम भएको थियो।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी घटना भएको जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

पाटन क्याम्पसको कम्पाउण्डभित्र **०५२ बैशाख १३** गते विद्यार्थी भाष्कर अमात्य र दिपेन्द्र देउजा लगायतका व्यक्तिहरूले संजय महर्जनलाई खुकुरी प्रहार गरे। भाष्कर अमात्य लगायतकाले केटी जिस्क्याउँदै हिंडेपछि निजहरूलाई सम्झाउँदा उल्टै खुकुरी प्रहार गरेका थिए।

महापाल का १८ वर्षीय राजेश नापितलाई **०५२ बैशाख १९** गते **ललितपुर नपा-१६** इलांछेका प्रवीण शाक्य लगायतका व्यक्तिले पुरानो रीसइबीका कारण चक्कु प्रहार गरी सख्त घाइते बनाए।

कुपण्डोलबाट प्रकाशित हुने द फाइनान्सियल टाइम्सका पत्रकार बासुदेव अमात्यलाई **०५२ जेठ १५** गते कर चुहावट सम्बन्धी तथ्य प्रकाशन गरेकोमा मोडर्न बिल्डर्सका प्रोपाइटर नुतन वैद्यले केही भाडाका व्यक्ति लगाई हमला गराएको कुरा पत्रकार अमात्य बताउँछन्।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

उल्लेख्य घटना प्रकाशमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतप्रति सबैको धारणा सकारात्मक रहे पनि ढिलासुस्तीप्रति भने आमजनताको गुनासो कायमै छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

उल्लेख्य घटना भएको जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

ललितपुर नपा-३ नीरभवन सानो ढुङ्गाखानीस्थित पर्ती चौरमा ०४० सालदेखि बसोबास गर्दै आएका लालबहादुर तामाङ्ग अहिले अलपत्र परेका छन्। पत्नी र बालबच्चा सहित ५ जनाको परिवारलाई बसिरहेको ठाउँबाट हटाइएपछि उनी बिचल्लीमा परेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मकवानपुर घर भई **ललितपुर नपा सुनाकोठी** डेरा गरी बस्ने १३ वर्षीय ज्ञानीमाया तामाङ र ३० वर्षीय सम्झना तामाङलाई **०५१ फागुन २०** गते धादिङ मुरली भञ्ज्याङका लालबहादुर वि.क. र श्रीमती लक्ष्मी वि.क.ले बम्बै लगी बेचेको कुरा हराएका चेलीहरूको आफन्तले बताए।

रामेछाप घर भई हाल **ललितपुर नपा-८** बालकुमारीमा डेरा गरी बस्ने धनमाया तामाङ्ग, ईश्वरीमाया तामाङ्गलाई नुवाकोट चतुराले गाविस-४ घर भई ललितपुर नपा-१ कुपण्डोल डेरा गरी बस्ने वर्ष ३५ का वीरबहादुर तामाङ्ग, कमली तामाङ्ग र सोलुखुम्बु घर भई काठमाडौं छाउनीमा बस्ने पासाङ्ग शेर्पाले **०५२ जेठ १८** गते ललाई फकाई भारतको बम्बई तर्फ लगी रहेको बेला प्रहरीले गिरफ्तार गऱ्यो।

भारत पूर्णिमा थानावाला वलुवान टोल घर भई **झरूवारासी गाविस-२** बस्ने मोहम्मद सिराजले **०५२ असार ११** गते झरूवारासी गाविस-२ की १९ वर्षीय एक युवतीलाई बम्बई तर्फ लगिरहेको समयमा युवतीले प्रहरीलाई जानकारी गराएपछि पीडक मोहम्मदलाई पक्राउ गरियो।

काभ्रेपलाञ्चोक सिङ्गारचे गाविस-९ घर भई **ललितपुर नपा-६** सिन्याहिटी स्थित गलैंचा कारखानामा काम गर्ने १८ वर्षीय एक युवतीले शौचालयमा चुकुल लगाउन बिर्सिएको मौका छोपी **०५२ असार २८** गते सोही कारखानामा काम गर्ने १८ वर्षीय बच्चु तामाङ्गले भित्र पसी मुख थुनेर बलात्कार गरे। सोही बलात्कारको कारण पीडितले विषालु औषधि सेवन गरी आत्महत्या गरिन्।

ओखलढुङ्गा रङ्गदिप गाविस-७ घर भई हाल काठमाडौं जोरपाटी गलैंचा कारखानामा काम गर्ने २० वर्षीय युवतीलाई **०५२ असार १४** गते काभ्रे मदन कुडारी गाविस-७ घर भई **ललितपुर नपा सानेपा** डेरा गरी बस्ने ३२ वर्षीय सलामसिंह तामाङ्गले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

ललितपुर नपा-९ का कृष्णचन्द्र देसारले घरमा पत्नी र छोराछोरी हुँदाहुँदै **०५१ फागुन २९** गते दोस्रो विवाह गरे।

ललितपुर नपा-७ का मनोहा महर्जनले **०५२ जेठ २२**

गते स्थानीय मैया महर्जनसंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

ललितपुर नपा-१३ भोटे क्याम्पस्थित जुनु थापाको घरको छिंडीमा **०५१ चैत ३** गते काठमाडौं चाल्नाखेल गाविसकी ३० वर्षीय सानु थापाले औषधि सेवन गरी गर्भपतन गरिन्।

गोदावरी वडीखेल गाविस-१ का ३४ वर्षीय पुतली थापालाई **०५२ असोज २५** गते पतिद्वारा यातना दिई गर्भपतन गर्न वाध्य बनाइएको बताइन्छ। गर्भपतन गराएको आरोपमा उनलाई प्रहरी हिरासतमा समेत निर्मम यातना दिइयो। निज महिला हाल पतिसंग छुट्टिएर बसेकी छिन्।

५ बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

०५२ जेठ १२ गते ललितपुरको सार्वजनिक इनारमा गर्भे बच्चाको लाश फेला परेको थियो।

०५२ जेठ १२ गते नै **लगनखेल**को सार्वजनिक फोहर फाल्ने ठाउँमा एउटा महिना नपुगी जन्मेको बच्चा फेला परेको थियो।

६ आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेख्य घटना देखा परेन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य र टिप्पणी प्रकाशित/प्रसारित भएको जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा जम्मा १० वटा आत्महत्याका घटना भए। जसमा ४ जना महिला र ६ जना पुरूष छन्। आत्महत्या गर्नेहरूको उमेर २० देखि ७४ वर्षसम्म रहेको छ। ट्राफिक दुर्घटना र पानीमा डुबेर ६ जनाको मृत्यु भयो भने ३ वटा अपराधिक घटना भए।

■



२. मध्यमाञ्चल

बागमती

२.१३ काभ्रे

जनसंख्या : ३२४३२९

साक्षरता : ३९.२ प्रतिशत

महिला साक्षरता : २३.४ प्रतिशत

क्षेत्रफल : १३९६ वर्ग कि.मी.

महाभारत पर्वतीय श्रृंखलासंग गाँसिएको पहाडी भूभाग काभ्रेको आफ्नै परिचय छ। यहाँका करीब ८० प्रतिशत नागरिकहरू कृषिमा निर्भर छन्। ०५१ फागुन २४ गते गोकुलेका स्थानीय व्यक्तिहरू बीच कुकुरको छाउरोको निहुँमा भएको भगडाले राजनीतिक रूप लिएको थियो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

धुलिखेल नपा-७ का ४८ वर्षीय पूर्णबहादुर अधिकारीको लेनदेनको भगडामा **०५२ जेठ २८** गते स्थानीय श्यामलाल सुवालको कुटाइका कारण ०५२ असार ८ गते बनेपा अस्पतालमा मृत्यु भयो। हाल सो घटना प्रहरी अनुसन्धानमा रहेको छ।

पाँचखाल गाविस-४ का शिक्षक विजय लामिछानेकी पत्नी सीता लामिछानेको लाश **०५२ असोज १६** गते नजिकैको बनको रूखमा भुण्डिरहेको अवस्थामा फेला पर्‍यो। निजले आत्महत्या गरेको जस्तो देखाइएता पनि पति र ससुराको कुटाइबाट मृत्यु भएको आशंका गरिएको छ।

सुन्थानगाउँ गाविस-४ का २७ वर्षीय सुन्दरकुमार कुँवरले **०५२ कार्तिक ६** गते आफ्नै पिता नेत्रबहादुर कुँवरलाई भरूवा बन्दुकले प्रहार गरे। आपसी भगडामा नेत्रबहादुरलाई बचाउन लाग्दा काकालाई पनि खुकुरी प्रहार गरी सख्त घाइते बनाए। निजको उपचार हुँदा हुँदै मृत्यु भयो भने पिता नेत्रबहादुरको उपचार भइरहेको छ।

सर्स्यूँखर्क गाविस-१ का फौँदबहादुर थपलियाले **०५२ मंसीर १८** गते स्थानीय महालक्ष्मीदेवी श्रेष्ठलाई मन्दिरमा पूजा गर्न गइरहेको बेलामा मीरबाट लडाएर हत्या गरे। निज थपलियाले पीडित महालक्ष्मी श्रेष्ठको छोराले आफ्नी पत्नी भगाई लगेको रीसमा मीरबाट लडाएका थिए।

साँगा मझ्याङको गणेशस्थान मोडमा **०५२ पुस १०** गते राती ट्रकमा आगो लाग्न गई गोरखा, गोरखकाली गाविस-८ निवासी चालक विष्णुबहादुर कोइराला र खलासी कोपिल परियारको मृत्यु भयो। सो घटनामा केही अज्ञात व्यक्तिद्वारा उनीहरूको हत्या गरेको आशंका गरिएको छ।

१.२ जेल र बन्दीहरू

राणाकालीन समयमा तबेलाको रूपमा प्रयोग भएको जेल भवन वि.सं. १९६० मा निर्माण भएको अनुमान गरिन्छ। मानसिक रोगी राखिने "घ" श्रेणीको यस जेलको क्षमता ६१ जनाको रहेको छ। हाल यहाँ रहेका ३९ बन्दीमध्ये थुनुवा २५ र कैदी १४ रहेका छन्। राजनीतिक बन्दी जे.वि. आले र गणेश चौलागाईंलाई ज्यान मार्ने उद्योग गरेको आरोप लगाइएको छ। यहाँ मानसिक रोगीसंग अन्य बन्दीहरू पालैपालो सुताइने गरिन्थ्यो। चर्पी र सरसफाई नभएको हुँदा जेल साह्रै दुर्गन्धित छ। मानसिक रोगी राखिने जेलमा अहिलेसम्म स्वास्थ्यकर्मीको व्यवस्था छैन।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी घटना भएको सार्वजनिक जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

यस वर्ष बेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	२	-	-
बलात्कृत	२	५	६	१
आत्महत्या	-	१५	२७	२२

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

तालदुङ्गा गाविसका दलबहादुर स्याङतानको कुकुर चोरीबाट निस्लेको विवादले राजनीतिक रूप लिई एमालेका युवराज लामा, वलराम स्याङतान, इन्द्रबहादुर र नेकाका रेशमबहादुर बल बीच **०५१ फागुन २४** गते झगडा भयो। दुबै तर्फका केही व्यक्ति घाइते भए। घटनाको छानवीनका लागि प्रहरीले युवराज लामा सहित ३ जनालाई २ हप्तासम्म हिरासतमा राख्यो। अहिले उनीहरू तारेखमा छुटेका छन्।

दुख्वर्क गाविस-६ का केशवप्रसाद तिमिल्सिना लगायत ६ जनाले विवाहका बेल बेहुली गंगा वास्तोलालाई **०५२ बैशाख १९** गते दुर्व्यवहार गरे। आफूले मन पराएको केटीले अर्कैसंग विवाह गरेको भन्ने निहुँमा बेहुलीमाथि नै त्यस्तो अभद्र व्यवहार गरिएको थियो।

कलाती भुमेडाँडा गाविस-८ का ३५ वर्षीय भिमबहादुर कार्की र १८ वर्षीय विष्णुप्रसाद दाहाललाई **०५२ बैशाख २९** गते मलपी गाविस-७ का ५५ वर्षीय यज्ञबहादुर ख्वत्री लगायत ४ जनाले आफ्नो घरमा लगी ढोका थुनेर पिटे। पीडकहरूलाई अहिलेसम्म कुनै किसिमको कार्वाही भएको छैन।

वितदिउराली गाविस-१ स्थित भूमेस्थान मा.वि.का छात्राहरूमाथि **०५२ बैशाख**मा अभद्र व्यवहार गरेको र स्कूलको अफिस कोठामै पसेर शिक्षकहरूलाई साइकलको चेनले प्रहार गरेको आरोपमा प्रहरी जवान माधवप्रसाद पन्तलाई पचुवारघाट चौकीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय धुलिखेलमा बुझायो। माधवप्रसाद पन्तका भाइ रामचन्द्र पन्त र पिता रामप्रसाद पन्तलाई पनि शिक्षकहरू प्रमोदचन्द्र पन्त, नुरनाथ पन्त, भोला पन्त र दिनेश पन्तमाथि हातपात गर्न सघाएको आरोपमा गिरफ्तार गरियो।

०५२ मदी २९ गते अधिवक्ता रामप्रसाद शर्मालाई प्रहरी कार्यालय धुलिखेलमा मैंसीपाटीको एउटा जग्गाको विषयमा कुरा गर्दा प्रहरी नायब उपरीक्षक अर्जुनजंग शाहीले अपशब्द बोली मुद्दा चलाउने धम्की दिए।

पाँचखाल गाविसका भूतपूर्व प्रधानपञ्च दिनानाथ ढुङ्गानालाई **०५२ असोज ३१** गते बेलुकी गणेश चौलागाईं लगायतका ३ जनाले खुकुरी प्रहार गरी सख्त घाइते बनाए।

नयाँगाउँ देउपुर गाविस-२ का कमलप्रसादको पसलमा **०५२ कार्तिक ७** गते कौडा खेली रहेका काभ्रे जिल्ला विकास समितिका इलाका सदस्य इन्द्रबहादुर तामाङ्ग र कमलप्रसाद बीच विवाद हुँदा झगडा मिलाउन आएका ७८ वर्षीय यज्ञप्रसाद बजगाईंलाई आफ्नो विरूद्धमा फैसला गरेको भनी इन्द्रबहादुरले कुटपिट गरे। भोलिपल्ट त्यही कुराको फैसला गर्न आएका गाविस अध्यक्ष शक्तिसिंह तामाङ्ग लगायतका व्यक्तिलाई पनि निज इन्द्रबहादुर लगायत ५ जनाले खुकुरीद्वारा आक्रमण गरे। पीडकहरूलाई हालसम्म पनि कुनै कार्वाही भएको छैन।

१.६ धुनामा मृत्यु

जाडोका कारण दुई जना मानसिक रोगीको **०५१ पुस १८** गते धुनामा नै मृत्यु भयो। त्यसपछि त्यहाँका मानसिक रोगबाट पीडित सबै बन्दीहरूलाई जेल मुक्त गरिएको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

श्रीप्रभा मा.वि. कात्तिके चौरालीका प्र.अ. धर्मराज गिरीको आफ्नो अंगरक्षकका रूपमा रहेका ज्ञानबहादुर लामाले विद्यार्थीलाई कुटपिट गरे विद्यार्थीहरूले प्र.अ. धर्मराजलाई निकाल्नु पर्छ भनी जिल्ला शिक्षा कार्यालयमा हस्ताक्षर सहित निवेदन दिंदा पनि कुनै किसिमको कार्वाही भएन।

संयुक्त जनमोर्चा नेपालले सरकारको विरूद्धमा **०५२ पुस १** गते **पाँचखालको तिनपिप्ले**मा कार्यक्रम गरिरहेको अवस्थामा राप्रपाका कार्यकर्ताहरूले कार्यक्रम बिथोलेका थिए।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यस जिल्लाको जिल्ला अदालतमा देवानी, दुनियाँवादी र फौजदारी गरी ५ सय २२ वटा मुद्दा परे। गत वर्षको समेत गरी हाल जम्मा ५ सय ६८ वटा मुद्दाहरू फछ्यौंट भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस किसिमको कुनै पनि घटना जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

०४९ सालको सर्भेक्षणमा ६ सय ११ परिवार सुकुम्बासी रहेका थिए। ०५२ साउन २८ गते १ सय १३ जनालाई जग्गा वितरण गरियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

०५१ चैत २० गते महादेवस्थान गाविस-९ घर भई काठमाडौं चाबेलमा दिदीको घरमा गएर फर्किंदै गरेकी १८ वर्षीय एक युवतीलाई महादेवस्थान गाविस-९ का आफ्नै काका पर्ने वलराम राई लगायतले घर पुऱ्याइदिन्छु भनी ट्रकमा धेरैबेर कुराएर रात परेपछि धुलिखेल र बनेपा बीचको **काठमाडौं विश्वविद्यालयको कच्चीरोड** मुनिको खेतमा लगी सामुहिक बलात्कार गरे।

सुन्थानगाउँ गाविस-५ का प्रेमबहादुर खत्रीका छोरा आनन्द खत्रीकी पत्नी रूकु खत्रीलाई भकारो सोहर्न नजानेका

कारण ०५२ असार ९ गते निजका ससुराले मुखमा गोबर कोचाउने र दाम्लाले बाँधेर पिट्ने काम गरे। हाल पीडित रूकु स्त्री माइतमै छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

देवीटार गाविस-३ का नारायण घोरसाइनीले **०५२ साउन ५** गते त्याले गाविस-७ की विवाहित राधाकुमारी सापकोटासंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

यस वर्ष गर्भपतनको घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

मादन कुडारी गाविस-६ का ५५ वर्षीय कृष्णप्रसाद पाठकले **०५१ फागुन २६** गते १६ वर्षीय मञ्जु कार्की र १६ वर्षीय भीमप्रसाद पाठक बीच बाल विवाह गराएको र त्यसरी विवाह गरिदिंदा केटीलाई २० हजारमा बेचेको भनी निजकै भाइ लीलाप्रसाद पाठकले प्रहरीमा उजुरी गरे। उक्त उजुरीको आधारमा प्रहरीले कृष्णप्रसाद पाठकलाई ७ दिन र भीमप्रसाद पाठक तथा मञ्जु कार्कीलाई ४ दिनसम्म हिरासतमा राख्यो। भीमप्रसाद पाठक र मञ्जुले आफूहरूबीच आपसी प्रेम बसेका कारण प्रेम विवाह गरेको बताएका छन्।

यस जिल्लाका ६० प्रतिशत बालबालिका शिक्षा पाउनबाट बञ्चित छन्। बनेपाको होटल लगायत भरिया र मजदुरीमा करीब ५ सय बालबालिका रहेको अनुमान छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

०५२ मदी १४ गते शिर मेमोरियल अस्पताल बनेपाका कर्मचारीहरूले दक्षिण एशिया डिभिजनका प्रमुख डा. चेरियनलाई एक पत्र लेखी अस्पतालको प्रशासकीय कामकाज राम्रो बनाउन डा. मेनाले आफ्नो कामकाजमा सुधार ल्याउनु पर्ने बताएका छन्। यहाँ डा. मेनाको असक्षमताको कारणले निजको विरोध गरिएको त्यहाँका कर्मचारीहरूले बताएका छन्।

०५२ कार्तिक १९ गते **बनेपा नया नयाँ बसपार्क**मा रहेका नगरपालिकाका पसल घरहरू खाली राखेर आयश्रोत घटाउने काम भएको छ। त्यहाँ व्यापारीहरूले लगाएर राखेको ताल्चा काटी मेयर रामभक्त कोक श्रेष्ठले आफूले ताल्चा लगाएका थिए।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

०५२ मदी २७ गते **कात्तिके दौराली गाविस-१** को कि.नं. ५९७ र ६३५ को सार्वजनिक पर्ती ऐलानी पाखो आफ्नो नाउँमा दर्ता नगराएको कारण मालपोत अधिकृत परशुराम अधिकारीलाई ने.का. जिल्ला समितिका सदस्य शिव हुमागाईं लगायतका व्यक्तिहरूले अमानवीय दुर्व्यवहार गरी जागिर खाइदिने धम्की समेत दिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

तालदुङ्गा गाविसमा ०५१ फागुन २४ गते भएको घटनाका सम्बन्धमा एक वक्तव्य प्रकाशित गरी काभ्रे क्षेत्र नं.-१ का सांसद शिवबहादुर देउजाले भन्नु भयो "कान्तिपुर लगायत विभिन्न पत्रिकामा प्रकाशित कांग्रेसमाथि हमला भन्ने जस्ता शीर्षकमा छापिएका समाचारहरू एमालेलाई बदनाम गर्न तथा म सांसद शिवबहादुर देउजाको राजनीतिक चरित्र हत्या गर्न चालिएको नियोजित षडयन्त्र मात्र हो।"

नेपाली कांग्रेसका राजेन्द्र खरेलमाथि **०५२ मंसीर १२** गते कोशीपारीमा आक्रमण गरिएको भनी ने.का. काभ्रेले प्रेस वक्तव्य जारी गरी श्री ५ को सरकारसंग छानवीन आयोगको गठन गर्ने माग गरेको थियो। उक्त घटनाका सम्बन्धमा एमालेले आफू विकास विरोधी नभएको, कोशीपारी बाटो खनी रहेको बेला डोजर फिर्ता गर्न जाँदा जनताले प्रतिक्रिया मात्र जनाएको भनी स्पष्टीकरण दिएको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यहाँ २२ जनाले आत्महत्या गरे। जसमध्ये ८ जनाले विष सेवन गरेर १४ जनाले झुण्डिएर आत्महत्या गरेका छन्। डुबेर २, सवारी दुर्घटनाबाट ८ र भवितव्यबाट ४ जनाको ज्यान गएको छ। यसै गरी जङ्गली जनावरद्वारा २ जनाको मृत्यु भएको छ। आत्महत्या गर्नेहरूमा धेरैजसोले आत्मग्लानीका कारण र केहीले मानसिक असन्तुलनको कारण आत्महत्या गरेका छन्। होटल हिमालय होराइजन धुलीखेलमा बसेका जर्मन नागरिक हवास हेन्सनको ०५२ मंसीर २३ गते मृत शरीर सोही होटलबाट बरामद भएको थियो।

■



२. मध्यमाञ्चल

बागमती

२.१४ भक्तपुर

जनसंख्या : १७२९५२

साक्षरता : ५८.५ प्रतिशत

महिला साक्षरता : ४२.४ प्रतिशत

क्षेत्रफल : ११९ वर्ग कि.मी.

भक्तपुर नेपालको सबैभन्दा सानो जिल्ला भएर पनि ऐतिहासिक महत्वको जिल्ला हो। यस जिल्लामा विश्व सम्पदा सूचिमा पर्ने पचपन्न झ्याले दरबार, न्यातपोल देवल, चाँगु नारायणको मन्दिर आदि पर्दछन्। राजधानी जिल्लासंगैको भक्तपुर जिल्लाका बहुसंख्यक नागरिकहरू अहिले पनि अशिक्षा र गरीबीबाट पीडित छन्। जिल्लाको समग्र स्थिति हेर्दा मानवअधिकारको रक्षा गर्नु पर्छ भन्ने चेतना नागरिकहरूमा देखा परेको पाईदैन।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

कालिङपोङ दार्जलिङ घर भै **भक्तपुर नपा-८** मा बस्ने वर्ष २५ की अविवाहित शिक्षिका मालती ठकुरीले **०५१ माघ ११** गते छोरी जन्माएर अरनीको सभा भवनको पेटीमा फालेर भाग्न लाग्दा उनलाई प्रहरीले गिरफ्तार गर्‍यो। निजलाई जिल्ला अदालतबाट ४ वर्षको कैद सजाय भएको छ।

गठ्ठाघरमा डेरा गरी बस्ने २४ वर्षीय पवित्रा राईले **०५१ चैत १६** गते आफ्नो बच्चा मारेर काठमाडौं जोरपाटी गाविस-२ मा गाड्न लाग्दा उनलाई प्रहरीले पक्राउ गर्‍यो। हाल उनी थुनामा छिन्।

सिपाडोल गाविस-१ का २४ वर्षीय टीकाबहादुर दाहालले **०५२ वैशाख १** गते आफ्नै पत्नी गंगा बुढाथोकीलाई लोहोरोले हानी हत्या गरे। निजलाई जिल्ला अदालत्ले २० वर्ष कैदको सजाय तोकेको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	६	-	-
बलात्कृत	१	२	-	४
आत्महत्या	-	४	१६	१९

भक्तपुर नपा-१६ का ३५ वर्षीय सुनभक्त बखुन्छेले **०५२ साउन १** गते स्थानीय पुण्यराम बखुन्छेलाई कुटपिट गरी घाइते बनाएपछि उपचार गर्दागर्दै निजको मृत्यु भयो। जग्गा विवाद सम्बन्धी विषयलाई लिएर उनीहरू बीच झगडा भएको थियो।

मौखेल गाविस-८ का रामप्रसाद मलेपति र उनका भाई समेतका व्यक्तिहरूले **०५२ साउन ३१** गते **चाँगु गाविस-३** का २८ वर्षीय मोला रानामगरलाई कुटपिट गरी मट्टितेल खन्याएर आगो लगाउँदा उनको मृत्यु भयो।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा जेल छैन। प्रहरी हिरासतमा राखिएकालाई यातना दिने गरेको केही पीडितहरूको गुनासो छ।

१.३ गिरफ्तारी र यातना

०५२ वैशाख ७ गतेदेखि नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले विभिन्न माग पूरा गराउन चक्का जाम कार्यक्रमको आह्वान गर्‍यो। त्यस सिलसिलामा प्रहरीले १० जनालाई पक्राउ गरी ४ दिनसम्म थुनामा राखी छोडेको थियो।

संजमो (भट्टराई) ले ३८ सूत्रीय माग राखी **०५१ वैशाख २१** गते उपत्यका बन्द कार्यक्रमको आयोजना गरेको थियो। त्यसदिन २६ जना आन्दोलनकारीलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरले पक्राउ गरी राती छोडेको थियो।

एमाले सरकारको विरोधमा नेविसंघले **०५२ असार ५** गते उपत्यका बन्द कार्यक्रमको आयोजना गरेको थियो। त्यसदिन २६ जना आन्दोलनकारीहरूलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरले पक्राउ गरी बेलुका छोडेको थियो। आन्दोलनकारी शिवप्रसादको टाउकोमा प्रहरीको पिटाईले चोट लागेको पाइयो।

०५२ साउन १६ गते एमाले सरकार र मध्यावधि

चुनावको सिफारिशको विरोधमा नेविसंघले नेपाल बन्दको आयोजना गऱ्यो। बन्दको सिलसिलामा गिरफ्तार आन्दोलनकारी ३ जनालाई राती छाडिएको थियो।

सर्वोच्च अदालतले संसद पुनर्स्थापना गरेको विरोधमा **०५२ भदौ १५** गते अनेमसंघ, अनेरास्ववियु, प्रायुसंघ, नेट्रेयू महासंघले उपत्यका बन्दको आह्वान गरे। उक्त उपत्यका बन्दको सिलसिलामा शिक्षा क्याम्पस सानो ठिमीका ८ जना विद्यार्थीलाई विहान ९ बजे प्रहरीले पक्राउ गरी राती छाडेको थियो।

मोला रानामगरलाई कुटपिट गरी मट्टितेल खन्याएर आगो लगाई हत्या गरियो

१.४ वेपत्ता पारिएको

यस जिल्लामा नागरिकहरूलाई वेपत्ता पारिएको घटना पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

बागेश्वरी गाविस-२ का पंचबहादुर महाजु लगायत ३ जनालाई **०५१ माघ ९** गते स्थानीय भरत स्वत्री लगायतका व्यक्तिले कुटपिट गरे।

वालकोट गाविस-९ का ज्ञानेन्द्र रजौरीयालाई **०५१ चैत ४** गते वालकुमारी गाविसका रामचन्द्र श्रेष्ठ लगायत २ जनाले कुटपिट गरे।

गुण्डु गाविस-५ का मदन बस्नेत र राजु कार्की २ जनालाई **०५१ चैत ६** गते दोलखा घर भई हाल सिपाडोल गाविस-१ मा बस्ने देशराज श्रेष्ठ लगायत ८ जनाले कुटपिट गरे।

कटुन्जे गाविस-३ की ७ वर्षीय हिमांसु ढुंगेललाई **०५१ चैत १५** गते आफ्नै काका रमेश ढुंगेलले ढुंगाले हिर्काएर देब्रे आँखामा चोट पुऱ्याए।

दुधपाटी प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक सुद्धवराज स्वत्रीलाई **०५१ चैत ३०** गते भक्तपुर नपा-११ का प्रकाश धौमडेल लगायत २ जनाले सामान्य वादविवादमा कुटपिट गरे।

कुटपिटबाट घाइते धर्मराज न्यौपाने

चाँगु गाविस-४ का गयन लामा र निजकी पत्नीलाई **०५२ वैशाख ६** गते स्थानीय इन्दुबहादुर तामाङ लगायत २ जनाले कुटपिट गरे।

भक्तपुर नपा-१५ का तुलसीराम वैद्य र कृष्ण वैद्यलाई **०५२ वैशाख १०** गते स्थानीय रामसुन्दर सुवाल सहित १४ जनाले कुटपिट गरे।

भक्तपुर अस्पतालका डा. कश्यप नर्सिङ शाक्यलाई **०५२ जेठ १२** गते गुण्डु गाविस-२ का पुस्कर थापाले कुटपिट गरे।

फौसेल गाविस-९ का गणेशमान सुलुलाई **०५२ जेठ १६** गते भक्तपुर नपा-१० का विष्णुप्रसाद सुलुले कुटपिट गरी घाइते बनाए।

फौसेल गाविस-४ की भगवती न्यौपानेलाई **०५२ असार ७** गते स्थानीय रोशन न्यौपानेले सामान्य वादविवादमा कुटपिट गरे।

सुडाल गाविसका सहकुल पुरीलाई **०५२ असार १७** गते स्थानीय शिव ढकाल तिमिल्सिनाले घरायसी झगडाका कारण कुटपिट गरे।

दधिकोट गाविस-२ का धर्मराज न्यौपानेलाई **०५२ असोज २१** गते स्थानीय हरिहर न्यौपाने लगायत ३ जनाले कुटपिट गरी टाउको फुटाई दिए।

सुडाल गाविस-५ की मैना त्वाती र विष्णु त्वातीलाई **०५२ असोज ३१** गते स्थानीय सहकुल खड्का लगायत ३ जनाले कुटपिट गरी घाइते बनाए।

भक्तपुर नपा-४ का बाल मुकुन्द प्रधानाङ्गलाई **०५२ कार्तिक १०** गते स्थानीय कान्छा भन्ने दिलिप नापीतले कुटपिट गरे।

वालकोट गाविस-८ का पद्मबहादुर सिल्वाल र निजका छोरा बसन्तबहादुर सिल्वाललाई **०५२ कार्तिक ११** गते स्थानीय ध्रुव सिलवाल लगायत तिन जनाले कुटपिट गरे।

सुडाल गाविस-९ का हरिभक्त अधिकारीलाई **०५२ कार्तिक १२** गते स्थानीय दधिराम अधिकारीले जग्गाको विवादमा कुटपिट गरी घाइते बनाए।

भक्तपुर नपा-१ का काजीमान स्यामभाजुलाई **०५२ कार्तिक २०** गते स्थानीय स्यामभाजु र बलराम स्यामभाजुले कुटपिट गरे।

बालकुमारी गाविस-४ का राधाकृष्ण कायस्थ श्रेष्ठलाई **०५२ कार्तिक २८** गते स्थानीय किरण सिवन्जार श्रेष्ठ लगायत ३ जनाले कुटपिट गरी दाहिने आँखा फुटाई दिए।

१.६ थुनामा मृत्यु

यस जिल्लाको प्रहरी हिरासतमा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस वर्ष अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकारबाट कसैलाई वञ्चित गरेको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

विस्केट जात्राको अन्तिम दिन **०५२ वैशाख ५** गते रथ तान्ने क्रममा दुई पक्षबीच ढुंगा हानाहान हुँदा प्रहरीले **भक्तपुर नपा**का १२ जनालाई गिरफ्तार गरी ४ दिनसम्म थुनामा राख्यो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यो जिल्लाको जिल्ला अदालतमा ४ सय ८९ वटा मुद्दा दर्ता भए। जिल्ला प्रशासन कार्यालयमा ५ सय ४१ वटा मुद्दा दर्ता भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

१ सय २ जना अस्थायी शिक्षकलाई **०५२ मंसीर**मा अवकाश दिइयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

भौस्खेल गाविस-५ की १३ वर्षीय बालिकालाई **०५१ चैत १५** गते भक्तपुर नपा-१३ का गणेश चाकमुनीले बलात्कार गरे।

नख्खेल गाविस-८ का राजेश बुढाथोकीले **०५२ जेठ १०** गते आफ्नै पत्नी मन्जु खड्कालाई दाइजो कम ल्याएको आरोपमा कुटपिट गरे।

भक्तपुर नपा-१५ की निरमाया लामालाई **०५२ वैशाख १२** गते काठमाडौं साख्यु सुनटोलका चन्द्रनारायण श्रेष्ठले आफ्नै कोठामा थुनेर कुटपिट गरे। पीडित महिलाले आफ्नो पारिश्रमिक माग्न जाँदा कुटपिट गरिएको बताइन्।

भक्तपुर कमल विनायकमा डेरा गरी बस्ने २० वर्षीय विमला डाँगीलाई **०५२ असार २१** गते रसुवा घरमै भक्तपुरमा डेरा गरी बस्ने झक्कबहादुर भुसालले बम्बईमा लगी बिक्री गरे।

गुण्डु गाविस-५ की १० वर्षीय बालिकालाई **०५२ भदौ १४** गते गुण्डु गाविस-४ का भरत भुजेलले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

भक्तपुर नपा-७ स्थित जनता इङ्गलिस स्कूलका शिक्षक श्रीराम लागेले **०५१ चैत १७** गते आफ्नै स्कूलकी शिक्षिका जमुनासँग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

गर्भपतनको घटना प्रकाशमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लामा इट्टाभट्टा, गलैंचा कारखाना, चिया पसल, होटल इत्यादिमा अत्यधिक बालबालिकाहरूलाई काममा लगाइएको पाइन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

ठिमीमा रहेको पशुपति स्पिनिङ्ग मिल्स प्रा.लि.का मजदूरले **०५१ चैत २०** गते आफ्नो पारिश्रमिक बृद्धिका लागि धर्ना दिए। यसरी जिल्ला प्रशासन कार्यालयमै धर्ना दिंदा पनि मिल्सका मालिक सुमित अग्रवालले ती मजदूरहरूको पारिश्रमिक नबढाइने धम्की दिए।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

उल्लेख्य प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ट्राफिक दूर्घटनाबाट १३ जना, पानीमा डुबेर ३ जना, करेण्ट लागेर ३ जनाको मृत्यु भयो। आगलागी, घर भत्केर, बालुवाले पुरेर र जनावरको आक्रमणबाट ३ जनाको मृत्यु भयो। ९ जना महिला र १० जना पुरूष गरी १९ जनाले आत्महत्या गरे। जसमध्ये १० जनाले मानसिक सन्तुलन ठीक नभएर र ६ जनाले घरायसी झै-झगडाबाट आत्महत्या गरेको पाइयो। ३ जनाले आर्थिक अभावका कारण आत्महत्या गरेको पाइएको छ। आत्महत्या गर्नेहरूको उमेर १३ देखि ४५ बर्ष बीचको छ। ■

२. मध्यमाञ्चल

बागमती

२.१५ काठमाडौं

जनसंख्या : ६७५३४१

साक्षरता : ६९.६ प्रतिशत

महिला साक्षरता : ५६.६ प्रतिशत

क्षेत्रफल : ३९५ वर्ग कि.मी.

काठमाडौं जिल्ला देशको राजधानी पनि भएकोले यहाँ हरेक गतिविधिहरू अन्य जिल्लाको तुलनामा सबैभन्दा बढी हुने गरेका छन्। जनघनत्व पनि बढी भएको यो जिल्लाको काठमाडौं नगरपालिकालाई यसै वर्ष श्री ५ को सरकारले महानगरपालिका घोषित गरेको छ। यद्यपि महानगरपालिकाको न्यूनतम आधारभूत सेवा र सुविधा जनतालाई उपलब्ध गराउन सक्ने स्थिति भने छैन। बहुदलीय शासन व्यवस्था स्थापित भएपछि पनि हरेक वर्ष राज्य हिंसाका घटनाहरू हुँदै आएको काठमाडौं जिल्लामा यस वर्ष राज्य हिंसाको उल्लेख्य घटना देखा परेन। यद्यपि मानवअधिकार उल्लंघनका विभिन्न खाले घटनाहरू भने भए। यो वर्ष २ वटा गोलीका घटना भएको पाइयो। त्यस्तै विभिन्न अपराधिक घटनाका क्रममा र रीसइवीको कारणले ५१ जनाको हत्या भयो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

छैमले गाविस-४ का दिलबहादुर रूम्बाले **०५१ पुस २५** गते स्थानीय ४५ वर्षीय भीमबहादुर तामाङलाई पुरानो रीसइवीका कारण दाउराले हानी हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गऱ्यो।

तीनथाना गाविस-८ की २२ वर्षीय सरिता पुरी **०५१ पुस २७** गते स्थानीय इनारमा मृत अवस्थामा फेला परिन्। हत्याको आशंकामा प्रहरीले मृतककी सासु, ससुरा र देवरलाई पक्राउ गऱ्यो।

भारत दार्जीलिङ घर भई **काठमाडौं नपा-२१** लगनटोल बस्ने ३० वर्षीय माइला विक लामाले ३० वर्षीय पत्नी जुई लामालाई घरायसी कुरामा विवाद हुँदा मार्ने नियतले शरीरमा **०५१ माघ १०** गते एसिड खन्याई दिए। वीर अस्पतालमा उपचार गर्दागर्दै ०५२ वैशाख ४ गते पीडितको मृत्यु भयो। पीडकलाई थुनामा राखिएको छ।

काठमाडौं नपा- ढोकाटोलका राम अवतारको चामल पसलमा काम गर्ने श्याम विहारीलाई **०५१ चैत**मा चामल चोरेको अभियोगमा हत्या गरी उनको शरीरलाई चार टुक्रा पारेर ती टुक्राहरूलाई महाराजगंज, दक्षिणकाली र छाउनीमा फालियो। लामो समयको प्रहरी अनुसन्धानपछि मृतक र अभियुक्तहरू पत्ता लागेको यो घटनामा प्रहरीले चामल पसलका मालिक रामअवतार तिवारी, धुवनारायण, इन्द्रनारायण श्रेष्ठ र रमेश भन्ने व्यक्तिलाई गिरफ्तार गऱ्यो। पीडकमध्ये रितेशकुमार भन्ने व्यक्ति फरार छन्।

कपन गाविस-९ का दिलबहादुर के.सी.लाई घरायसी झगडामा **०५१ माघ १४** गते उनकै छोरा मनराज के.सी.ले कुटपिट गरेपछि भोलिपल्ट उनको मृत्यु भयो। पीडक फरार छन्।

काठमाडौं नपा- कुलेश्वर स्थित बोर्डिङ्गका शिक्षक ज्योति भण्डारी **०५१ चैत १** गते घरबाट स्कूल हिडेकोमा उनको लाश भोलिपल्ट घरकै नजिकको नालीमा फेला पऱ्यो। फागुको दिन भएकाले सोही कारण उत्पन्न झगडामा उनको हत्या भएको हुन सक्ने अनुमान लगाए तापनि हत्यारा फेला परेको छैन।

काठमाडौं नपा- इन्द्रचोककी ६० वर्षीय विधवा रामदुलारी अग्रवाललाई **०५१ चैत २०** गते अज्ञात व्यक्तिहरूले हत्या गरी सुनको चुरा लिएर गए। हत्यारा पत्ता लाग्न सकेको छैन।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	९	९	-	-
हिरासतमा यातना	३	५	५	२
बलात्कृत	१३	१७	६	६
[प्रहरी कष्टडीमा बलात्कृत	१	-	१	-]
आत्महत्या	-	१४	१५०	१५६

सामाखुशीका १८ वर्षीय रामजी बोहरालाई **०५१ फागुन २२** गते छुरा प्रहार गरी हत्या गरियो। घटनाका सम्बन्धमा प्रहरीले बानेश्वरका कविन्द्र कँडेल, कल्याणसिंह राउत र अर्को एकजनालाई गिरफ्तार गर्‍यो।

काठमाडौं नपा- नरदेवीका २४ वर्षीय विश्वम्भर श्रेष्ठलाई **०५२ वैशाख ११** गते अज्ञात व्यक्तिहरूले कुटपिट गरी मरणाशन्न बनाएपछि भोलिपल्ट उनको मृत्यु भयो। घटनाको अनुसन्धानका लागि प्रहरीले २४ वर्षीय मिना गुरूङलाई गिरफ्तार गर्‍यो।

काठमाडौं नपा-२ का ६० वर्षीय बेखा महर्जनलाई काठमाडौं नपा-१६ का दिनेश महर्जनले **०५२ जेठ १६** गते फलामे छडले हिर्काई हत्या गरे।

मद्रवास गाविस-६ का २३ वर्षीय हर्क नगरकोटीले आफ्नी २२ वर्षीय पत्नी मायादेवी नगरकोटीलाई घरायसी झगडामा **०५२ जेठ २२** गते कुटपिट गरी हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेको छ।

वाडमञ्ज्याङ्ग गाविसका महेन्द्र सुवेदीलाई **०५२ जेठ २७** गते खेतमा काम गरिरहेको बेला अज्ञात व्यक्तिले गोली हानी घाइते बनायो।

कानपा-७ कुमारीगाल स्थित गलैंचा कारखानामा काम गर्ने चितवन जिल्ला वलासी-१ का २२ वर्षीय कुमार लामालाई **०५२ असार २६** गते सोही कारखानामा काम गर्ने ३४ वर्षीय कृष्ण थापाले जीउ दुखेको औषधि भनी गुजरगानो खान दिएपछि लामाको मृत्यु भयो। प्रहरीले पीडक थापालाई थुनामा राखेको छ।

काठमाडौं नपा-१४ टेकुका मधु सिंहको कवाडी सामान बिक्रेताका ५ जना कामदारहरू मिली पैसाको कारण अर्का कवाडी सामान व्यापारी सिकन्दर मियाँको **०५२ असार २९** गते हत्या गरे। घटनाका सम्बन्धमा पीडक मनोज हमिद, अनवर मियाँ र हवीवलाई पक्राउ गरी थुनामा राखिएको छ भने २ जना फरार छन्। पीडित र पीडक सबै भारतीय नागरिक हुन्।

लप्सीफेदी गाविस-३ का ३३ वर्षीय नक्कलबहादुर तामाङको स्थानीय जंगल छेउको मकैवारीमा भरूवा बन्दुकको गोली लागी **०५२ साउन १४** गते मृत्यु भयो। सो जंगलबाट बनेल निस्की मकै खाने भएकाले बनेललाई पासो थापेको दर्जनको ठाउँमा परी नक्कलबहादुरको मृत्यु भएको थियो। प्रहरीले "दर्जन" थाप्ने चन्द्रबहादुरलाई पक्राउ गर्‍यो।

काठमाडौं नपा-१५ विजेश्वरीका १८ वर्षीय नवीनराज तिवारीलाई **०५२ साउन २३** गते गोरखा जिल्ला वरपाक-८ मा घरभई काठमाडौंमा डेरा गरी बस्ने रत्नकुमार घले, कानपा-१७ का कृष्ण श्रेष्ठ र विक्रम लामाले रीसइवीका कारण छुरा प्रहार गरी घाइते बनाएपछि उनको मृत्यु भयो। पीडकमध्ये रत्नकुमार घलेलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं नपा-२९ मा डेरा गरी बस्ने पर्वत जिल्ला वाच्छा गाविस-१ का २९ वर्षीय खुमबहादुर थापालाई **०५२ साउन २५** गते पर्वत वाच्छा गाविस-१ कै रत्नबहादुर क्षेत्री र काठमाडौं नपा-२९ का शुक्रप्रसाद पाठकले हत्या गरे। पीडक दुवैलाई थुनामा राखिएको छ।

काठमाडौं नपा- डल्लु निवासी ६५ वर्षीय छिरिङ्ग लामालाई उनकै ज्वाँई ४५ वर्षीय छिलटेन लामाले **०५२ साउन २८** गते हत्या गरे। पीडक फरार छन्।

मकवानपुर जिल्ला कालिकाटार गाविस-१ घर भई **कुलेश्वर**मा डेरा गरी बस्ने २६ वर्षीय रमेश प्रजा (चेपाङ्ग) ले संगै डेरामा बस्ने २४ वर्षीय रामलाल प्रजालाई आपसी विवादमा झगडा हुँदा **०५२ भदौ १७** गते हत्या गरे। पीडकलाई प्रहरीले थुनामा राखेको छ।

काभ्रे जिल्ला दोलालघाट-२ का लक्ष्मण खरेललाई काठमाडौं **ठमेल**मा घुमिरहेको अवस्थामा **०५२ भदौ २३** गते केही अज्ञात व्यक्तिले छुरा हानी हत्या गरे। घटनाका पीडक भएको आशंका गरी नैकाप-५ का २० वर्षीय प्रकाश पौडेल र धादिङ्ग सल्यानटार घर भई काठमाडौं डल्लु बस्ने राजन कँडेललाई पक्राउ गरिएको थियो। प्रहरीले प्रकाशलाई पुर्पक्षका लागि हिरासतमा राख्यो।

ठमेल स्थित रेगीपप होटलमा **०५२ असोज २७** गते एक युवतीको विषयलाई लिएर ५ जना नेपालीहरूले इटालीयन नागरिक डेभिड क्यारोरोको हत्या गरे। अभियुक्त मध्ये राजु गुरूङ र खुम्सुङ गुरूङलाई प्रहरीले पक्राउ गरे भने अन्य फरार छन्।

प्रहरीलाई लागु औषधको कारोवार बारे सुराकी दिने काले कृष्ण भन्ने मलेकृष्णबहादुर दहालको शव **०५१ कार्तिक ६** गते भैंसेपाटीमा फेला पर्‍यो। कार्तिक २ गते कृष्णकै सुराकमा ठमेल स्थित नरसिंह गेटमा ग्वाला तुलाचन नाम गरेको व्यक्तिबाट प्रहरीले लागु औषध बरामद गरेको थियो। तर उनको हत्या कसले गर्‍यो भन्ने कुरा थाहा हुन सकेन।

काठमाडौं नपा बल्खुमा देवकुमार बस्नेतको लाश **०५२ कार्तिक ९** गते ना.अ.प.६ नं. को ट्रकमा शंकास्पद अवस्थामा फेला पर्‍यो। घटनाको दिन मधुकर थापा, अनिल र कपिल नामका युवकहरूसंग झगडा भएको थियो। मुखमा मोविल दलेको, शरीरमा एसिड छरेको र निलडाम भएको देखेर मृतकका पिता भिमसेनले प्रहरीमा जाहेरी दर्ता गराए। तर कुनै कारवाही नभएको गुनासो उनले गरेका छन्।

काठमाडौं नपा-२९ ठमेलस्थित अष्ट्रेलीयन रेष्टुरेन्टका चौकीदार पद्मबहादुर कार्कीलाई **०५२ कार्तिक १२** गते अज्ञात व्यक्तिहरूले हत्या गरी रेष्टुरेन्टको सेफबाट ४० हजार नगद र एउटा क्यासेट पनि चोरेर लगे।

गोकर्णकी १९ वर्षीय शुभा बस्नेत **०५२ कार्तिक २४** गते ठमेलको होटल आइवलको कोठा नं. २०५ मा मृत अवस्थामा फेला परिन्। मृतकका परिवारले सुशील गौचन भन्ने व्यक्तिले उनको हत्या गरेको आशंका गरी प्रहरीमा जाहेरी दिएका छन्।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा २ वटा जेल प्रशासनको कार्यालय रहेका भए पनि ५ वटा जेल भवनहरू छुट्टाछुट्टै रहेका छन्। ती

जेलहरू मध्ये डिल्लीबजार चारखालभित्र सदरखोर र महिला कारागार नामका २ जेल छन् भने सुन्धारा स्थित केन्द्रीय कारागार अन्तर्गत केन्द्रीय कारागार, भद्रबन्दी गृह र महिला कारागार रहेका छन्।

यो वर्ष सदरखोर चारखाल जेलमा १ सय ५८ जना थुनुवा र ४७ जना कैदी समेत २ सय ५ जना रहेका पाइयो। यहाँ १ जना आश्रित बालक रहेका छन्। त्यस्तै यस कारागारमा चोरीको अभियोगमा १ जना १४ वर्षीय नावालक पनि रहेका छन्। त्रिपुरेश्वर स्थित एउटा होटलमा काम गर्ने रामजी अधिकारीलाई २ महिना पहिलेदेखि थुनामा राखिएकोमा **०५२ माघ २२** गतेसम्म छोडिएको थिएन। महिला जेलमा २० जना कैदी रहेकोमा १ जना आश्रित बालक रहेका छन्।

केन्द्रीय कारागारको ३ वटा जेलको क्षमता १ हजार ५ सय रहेकोमा यस वर्ष सरदर १ हजारदेखि १ हजार २ सयसम्म बन्दी र कैदीहरू रहेका थिए। जसअनुसार केन्द्रीय कारागारमा थुनुवा २ सय ३४ र कैदी ३ सय ३६ तथा १ जना नाबालक समेत ५ सय ९८ जना रहेको पाइयो। भद्रबन्दी गृहमा २ सय २० कैदी, १ सय ८० थुनुवा र ७ जना आश्रित बालक छन् भने महिला कारागार तर्फ ५५ जना कैदी, २१ जना थुनुवा र ८ जना आश्रित नावालक रहेका छन्। यी ३ वटा जेलभित्र यस वर्षको अन्तिम सम्ममा १ हजार ७५ जना बन्दीहरू रहेका थिए। यी जेलमा ८५ जना विदेशी मध्ये केन्द्रीय कारागारमा ४६, भद्र बन्दीगृहमा ३४ र महिला कारागारमा ५ जना छन्।

जेलमा रहेका अधिकाँश बन्दीले समयमा न्याय नपाएको, अदालतले समयमा फैसला नगरिदिएको, पुनरावेदन दिएका कारण भुक्तान भएको कैद सजायभन्दा पनि बढी समयसम्म बन्दी रहनु परेको जस्ता गुनासाहरू गरे। चारखालस्थित सदरखोर र महिला कारागार दुवै जीर्ण र अव्यवस्थित एवं फोहोर दुर्गन्धका कारण वातावरण अस्वस्थ रहेको छ।

केन्द्रीय कारागार पनि पानी चुहिने र पर्खाल चर्किएको अवस्थामा छ। यहाँभित्रको शौचालयमा एकै पटक ६० जना बस्न सक्ने क्षमता भए पनि धेरै बन्दीहरूका कारण कहिले काँही शौचालयका लागि झगडा हुने गरेको छ। यहाँका सबै जेलमा पानी र ढलको समस्या मुख्य छ। कैदीहरूलाई दिने दैनिक खर्च, राशन र कपडा पनि समयानुकूल छैन।

श्री ५ को सरकारले ०५१ फागुनदेखि नेपाल अधिराज्यका सम्पूर्ण कारागारमा रहेका सबै श्रेणीका कैदी र बन्दीहरू तथा तिनका नाबालक आश्रितहरूले पाउने साविकको नगद र सिदामा पनि प्रतिव्यक्ति दैनिक रू. ४ वृद्धि गर्‍यो। त्यस अघि कैदीले दैनिक रू. ६ रुपियाँ पाउँथे।

केन्द्रीय कारागारमा कारावासमा ज्यान केस अन्तर्गत सजायँ भोगी रहेका टक्करबहादुर वाईवा ०५२ असार २९ गतेका दिन आफूसँग भएको रू.१० हजार हराएकोले त्यसको क्षतिपूर्तिको माग गर्दै अनशन बसेका थिए। एक हप्तापछि बद्रीप्रसाद खतिवडा र गोपाल गुरागाईको आग्रहमा उनले अनशन फिर्ता लिएका थिए।

हिलारी क्लिन्टनको आगमनमा कालो झण्डा प्रदर्शनको क्रममा गिरफ्तार हिसिला यमी

राजनीतिक बन्दीका रूपमा नेकपा मसालसंग सम्बद्ध प्युठानका झकबहादुर जि.सी., एमालेसंग सम्बद्ध भोजपुरका वीरबहादुर बस्नेत भद्रगोल जेलमा र झापाका महेन्द्र राई केन्द्रीय कारागारमा रहेका छन्।

१.३ गिरफ्तारी र यातना

भारतका विभिन्न तीर्थस्थल घुम्न गएका नेपालीहरू मध्ये ५ जनालाई **०५१ फागुन २०** गते भारतको पिलिभितमा गैर कानूनी ढंगले थुनामा राखियो।

दक्षिण एशियाली राष्ट्रको भ्रमणमा नेपाल आइपुग्दा अमेरिकी राष्ट्रपति विल क्लिन्टनकी धर्मपत्नी हिलारी क्लिन्टनलाई **०५१ चैत १७** गते संयुक्त जनमोर्चा (भट्टराई) का कार्यकर्ताले कालो झण्डा देखाए। त्यस क्रममा प्रहरीले लाठी चार्ज गर्नुका साथै हिसिला यमी, शक्ति लम्साल, पूर्णविराम, दुर्गा नेउपाने, कुमार दहाल, रवि कार्की, रामकुमार कार्की, रवीन कार्की, माधव पौडेल, दिनेश शर्मा, शोभा दुवाल, देवेन्द्र श्रेष्ठ, रामजी प्रधान, डा. गोविन्द आचार्य, खिला शर्मा, सी.पी. ढकाल, शालिग्राम, जय कट्टेल समेतलाई गिरफ्तार गर्‍यो। गिरफ्तार व्यक्तिहरूलाई साँझ छाडिएको थियो।

कर्णाली मुक्ति मोर्चाको आह्वानमा **०५२ जेठ ९** गते खुलामंचमा आयोजना गर्ने भनिएको आमसभामा भाग लिन काठमाडौं आएका भारतीय नागरिक एन के कुमाईं, चुडामणि खड्का, सरोजसिंह र सुवर्ण नामका चार व्यक्तिलाई ०५१ वैशाख २० गते प्रहरीले पक्राउ गरी त्यसकै भोलिपल्ट भारततर्फ फर्कायो। त्यस कार्यक्रमसंग सम्बन्धित भएको आशंका गरी प्रेम कैदीलाई पनि प्रहरीले ०५१ जेठ ८ गते नै पक्राउ गर्‍यो। उनलाई राज्य अपराध विरूद्धको अभियोगमा मुद्दा चलाइएको थियो।

गोकर्णमा फोहोर फाल्ने निर्णयको विरूद्धमा **०५२ साउन ९** गते गोकर्णको मूल गेटमा धर्ना बसेकाहरूमाथि प्रहरीले लाठी चार्ज गरी नेकाका युवा नेता हरिबोल भट्टराई समेत ७५ जनालाई गिरफ्तार गर्‍यो। यस अघि पनि १ सय ३१ जनालाई गिरफ्तार गरिएको थियो। त्यस घटनामा परी १ महिलाको

संजमोको जुलुशबाट गिरफ्तार व्यक्तिहरू

हिरासत भित्र प्रेम कैदी

गर्भपतन भएको, १ व्यक्तिको खुट्टा भाँचिएको कुरा धर्नामा संलग्न लोकेश ढकालले बताउनु भयो। विरोध गर्नेहरूले फोहोर बोकेका गाडीहरूमा ढुंगा प्रहार गरेको आरोप प्रहरीले लगाएको थियो।

गोकर्ण डम्पीङ्ग साइटको विवादको कारण **०५२ साउन १०** गते सुन्धाराबाट गोर्कण तर्फ गइरहेका जगन्नाथ देवकोटालाई प्रहरीले जबरजस्ती पक्राउ गरी **थानकोट** पुर्‍यायो। उनलाई प्रहरीले तत्काल कहाँ लगेको छ भन्ने कुराको जानकारी परिवारलाई पनि दिइएन।

संयुक्त जनमोर्चा नेपाल (भट्टराई समुह) को आह्‌वानमा **०५२ साउन २३** गते भद्रकालीमा धर्नामा बसेका संजमो कार्यकर्ताहरूलाई एमालेका कार्यकर्ताले आक्रमण गरेको आरोप संजमोले लगाएको थियो। अनेरास्ववियूले भने उक्त स्थलमा दुवै पक्ष वीच विवाद हुँदा हात हालाहाल भएको बतायो। घटनालाई नियन्त्रणमा ल्याउन प्रहरीले ५ राउण्ड अश्रुग्याँस प्रहार गर्‍यो। त्यस घटनामा प्रहरीले लवकुमार श्रेष्ठ, विदुर के.सी. र मनिष अर्याललाई पक्राउ गरेको थियो।

नेपाल विद्यार्थी संघका ११ जना विद्यार्थीहरूलाई प्रहरीले **०५२ मदी ११** गते गिरफ्तार गर्‍यो। विद्यार्थी धर्नाको विषयमा त्रि.वि.वि. पदाधिकारीसंग वार्ता गरिरहेका विद्यार्थीहरूको समुहबाट त्रि.वि. स्ववियूका अध्यक्ष देवराज चालिसे, केशव पौडेल, नन्दकुमार धिताल, हरिश्चन्द्र भट्ट, सन्तोष अर्याल, मानसिंह भाट, नारायण पौडेल, लालमणि ओझा, उज्वल बराल, निरज शाह र दमन चन्द पराजुलीलाई पक्राउ गरिएको कुरा नेविसंघका अध्यक्ष एन.पी. साउदले बताउनु भयो।

खोटाङ जिल्ला बुइपा गाविस-२ का रवीन्द्र राईले विनाकसूर प्रहरीबाट पिटाई खानु परेको र एक रात प्रहरी हिरासतमा थुनिएको बताए। उनलाई असोज **१५ गते राती १०** बजे **लाजिम्पाट** डेरा तर्फ जाँदा केशर महलमा प्रहरीले पक्राउ गरेको थियो।

चर्चित हास्य कलाकार सन्तोष पन्तलाई **०५१ कार्तिक २६** गते प्रहरीले एउटा चोरी गाडीको अनुसन्धानका लागि गिरफ्तार गरी १ सातासम्म हिरासतमा राख्यो। सन्तोष पन्तले प्रयोग गरेको गाडी चोरीका क्रममा किनबेच भएकोमा प्रहरीले उनलाई पक्राउ गरेको थियो।

विकास निर्माणको बजेट कटौती गरेकोमा विरोध जनाउँदै अर्थ मन्त्रालयको प्रवेशद्वारमा जनसमुहका साथ सांसदद्वय कृष्णगोपाल श्रेष्ठ र हिरण्यलाल श्रेष्ठ **०५२ मंसीर १२** गते धर्नामा बस्नु भएको थियो। प्रहरीले सांसदद्वय समेत ४९ जनालाई पक्राउ गरी २ घण्टासम्म महेन्द्र पुलिस क्लबमा राखेर छोड्यो।

शाही नेपाली सेनाभित्र भएको भ्रष्टाचारको आरोपमा सैनिक अदालतको कारवाहीमा परी जेल जीवन विताई रहेका सैनिक सुवेदार गोपाल कोइरालाले आफूलाई निर्मम यातना दिएर बयान लेखाइएको, बेहोस हुन्जेलसम्म पिटेको, खुर्सानीको धुवाँ लगाएको, टाउकोमा रगतको भल बगुन्जेल पिटेको बताए।

काठमाडौंमा नेपाल जेसिजले आयोजना गरेको नेपाल सुन्दरी प्रतियोगिताको विरोधमा अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ले जुलुस प्रदर्शन गर्‍यो। नयाँ वानेश्वरस्थित अन्तर्राष्ट्रिय सभा भवन बाहिरसम्म जुलुस र प्रहरीबीच भीडन्त भयो। त्यसै क्रममा प्रहरीबाट लाठी प्रहार गर्ने र विरोध कार्यक्रमका सहभागी हिसिला यमी र पम्फा भुसाललाई लछारपछार गर्ने काम भयो। विरोध जुलुसमा सौन्दर्य प्रतियोगिताको नाममा महिला अस्मिताको व्यापार गर्न पाइदैन, सुरामा बिक्ने सुन्दरी चाँहिदैन भन्ने जस्ता नाराहरू लगाइएका थिए।

१.४ वेपत्ता पारिएको

०५० सालको दासढुंगा काण्ड विरूद्धको आन्दोलनमा **०५० असार १३** गतेदेखि वेपत्ता पारिएका प्रभाकर सुवेदी अझै फेला पर्न सकेका छैनन्। उनका सम्बन्धमा अनेरास्ववियूको तत्कालीन अध्यक्ष तथा सांसद रामनाथ ढकालले सर्वोच्च अदालतमा दायर गर्नु भएको मुद्दा अझै फैसला भएको छैन। सो घटनाका सम्बन्धमा प्रभाकरलाई प्रहरीले कुटपिट गरी घिसार्दै मरणासन्न अवस्थामा रानी पोखरी प्रहरी कार्यालय लगेको फोटो र प्रहरीको नाम पनि रिट निवेदकहरूले अदालतमा पेश गरी सकेका छन्। त्यसबेला मानबहादुर कार्की नामको एक प्रहरी जवान मारिएको भनी हल्ला गरिएको र आन्दोलनका क्रममा महेन्द्र पुलिस क्लवमा ९ वटा लाश

मध्ये ८ वटाको मात्र सनाख्त भएको र एउटा लाश प्रहरी मानबहादुरको नभएर प्रभाकरको हो भन्ने दावी सांसद ढकालको छ। उहाँका अनुसार मृतक भनिएका प्रहरी जीवित नै छन्। यस घटनाका सम्बन्धमा प्रहरीले अदालतको धेरै पटकको आदेशलाई बेवास्ता गरिसकेको छ।

काठमाडौं मेडासिंहबाट **०४८ साउन ३०** गतेदेखि हराएका इन्द्रचोकका राजकुमार गुप्ता अझै फेला नपरेकोमा उनका परिवारले यस वर्ष पनि उनको खोजीका लागि सम्बन्धित निकायको सहयोग मागे। पंचायतकालमा वेपत्ता पारिएकाहरूको बारेमा पनि यस वर्ष चर्चाहरू उठे तर सरकारले सही जानकारी दिएन।

काठमाडौं वालुवाटार चण्डोल बस्ने डा. आलोकराज चालिसेले आफ्नो छोरा राहुललाई आफ्नै पत्नी डा. शारू चालिसेले वेपत्ता पारेकोमा सर्वोच्च अदालतमा रिट दर्ता गराउनु भयो। डा. चालिसेले छोरालाई बाबु चिन्नबाट रोक लागएकाले दिनु भएको बन्दी प्रत्यक्षीकरणको रिट सम्बन्धमा सर्वोच्च अदालतले **०५२ पुस ६** गते विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरेको थियो।

शाही सेनामा कार्यरत धनबहादुर गुरूङ ०४२ साल देखि वेपत्ता छन्। त्यस्तै गत वर्षदेखि बानेश्वरबाट वेपत्ता लेखबहादुर गुरूङ पनि फेला परेका छैनन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा बस चालक कर्मचारीहरू र विद्यार्थी नेता जगन्नाथ खतिवडा वीच **०५१ माघ १३** गते भएको विवादमा खतिवडाको टाउकोमा केही चोट लाग्यो। प्रहरीले बसका चालक र खलासीलाई हिरासतमा राखी कार्वाही चलायो।

०५१ फागुन १३ गते साँझ खिचापोखरीमा केही अज्ञात व्यक्तिले भारतीय नागरिक महमद आसिकलाई छुरा प्रहार गरे।

मखनका १९ वर्षीय जितेन्द्र तुलाधरलाई **०५१ चैत ३०** गते केही अज्ञात व्यक्तिले छुरा प्रहार गरे।

काठमाडौं नपा-२५ कोटेश्वर डेरा गरी बस्ने २८ वर्षीय रत्ना शाहीलाई **०५१ चैत ३०** गते किरण.के.सी., भैरव कार्की लगायतका व्यक्तिले छुरा प्रहार गरे। पीडकलाई प्रहरीले पक्राउ गऱ्यो।

अमृत साइन्स क्याम्पस ठमेल अगाडि **०५२ वैशाख ३** गते कालधाराका २२ वर्षीय संयोग गुरूङलाई मोटर साइकलमा आएका केही व्यक्तिले खुँडाले आक्रमण गरी भागे। पीडित गुरूङलाई उपचारका लागि अस्पताल भर्ना गरियो भने प्रहरीले विवेक गौचनलाई पक्राउ गऱ्यो।

नेपाल विद्यार्थी संघको **०५२ वैशाख ११** गते पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको समर्थनमा निस्केको जुलुसले प्रहरी सहायक निरीक्षक वीरबहादुर कार्कीलाई शहीद गेटमा गस्ती गरिरहेका अवस्थामा ढुंगाले प्रहार गरी घाइते बनायो।

सिनेमा हेर्ने टिकटको कारण उत्पन्न विवाद र झगडामा आराधना चलचित्र हल बौद्धमा **०५२ जेठ २०** गते खुकुरी हानाहान भयो। घटनामा सोमन अर्याललाई टिकटकै कारण केही व्यक्तिले शरीरका विभिन्न भागमा खुकुरी प्रहार गरी पीडकहरू भागे।

नेपाल विद्यार्थी संघको **असार ५** गतेको उपत्यका बन्दको दिन असनमा केही पसल लुटिए, केही व्यक्तिमाथि आक्रमण गरियो। जुलुसले प्रविणलाल श्रेष्ठको पसल तोडफोड गऱ्यो। उनको पसलबाट करीव २ लाखको सामान लुटिएको पनि श्रेष्ठले बताए। इन्द्रचोक र असनका व्यापारीले असार ६ गते उक्त घटनाका विरोधमा सम्पूर्ण बजार बन्द गरे।

नेविसंघको सोही बन्द कार्यक्रममा नुवाकोट जिल्ला सुखानी गाविसका ४५ वर्षीय जितबहादुर लामा हाती गौंडामा गाडीमाथि प्रदर्शनकारीहरूले हानेको ढुंगा आफ्नो टाउकोमा लागेपछि बेहोस भए। उनलाई चिन्ताजनक अवस्थामा शिक्षण अस्पताल महाराजगंजमा भर्ना गरिएको थियो।

एमरेष्ट होटलको क्यासिनोमा प्रवेश गर्न नदिएकोमा **०५२ साउन ५** गते काठमाडौं नपा क्षेत्रपाटी निवासी २३ वर्षीय सुमन घलेले होटलका सुरक्षाकर्मी राजकुमार राईमाथि खुकुरी प्रहार गरे। प्रहरीले सुमन घले लगायतलाई खुकुरी सहित पक्राउ गऱ्यो।

काठमाडौं नपा-१० भिमसेनगोलामा **०५२ साउन १४** गते ४ जना अज्ञात व्यक्तिहरूले स्थानीय दयाकृष्ण नेउपानेलाई खुकुरीले आक्रमण गरे। न्यौपाने राष्ट्रिय एकता पार्टीका अध्यक्ष पनि हुन्। उनलाई सेनामा काम गर्दाको रीसको बदला लिइएको उनका परिवारका सदस्यले बताए।

रासस केन्द्रीय कार्यालयका सुरक्षा कर्मी लोकबहादुर लामालाई **०५२ साउन २५** गते बालाजु विष्णुमती पुलमा केही अज्ञात व्यक्तिले कुटपिट गर्नुका साथै ९ सय ५० रूपियाँ लुटे।

गोलढुंगा पुरानो गुजेश्वरीका कोहिरा पुतुहारलाई **०५२ साउन २६** गते स्थानीय गैंडा पुतुहारले छातीमा खुकुरी प्रहार गरी सख्त घाइते बनाए। पीडक फरार छन्।

जनसेवा प्रहरी कार्यालयका प्रहरी जवान धिरेन्द्रकुमारलाई **०५२ साउन २६** गते ढोकाटोलका केही युवाहरूले पिटे। त्यहाँ भएको झगडा मिलाउन खोज्दा उनलाई पिटिएको थियो। प्रहरीले बरूण तुलाधरलाई पक्राउ गऱ्यो।

ठमेलको आँगन रेष्टुराँमा **०५२ साउन ३१** गते राती ११ बजे दुई समूह वीच रक्सी खाएपछि भएको झगडामा प्रभु शाक्य, विनोद थापा, राजकुमार गुरूङ र रेष्टुराँका कामदार विपेन्द्र प्याकुरेल घाइते भए।

काठमाडौं जिल्ला रामकोट **सितापाइला-८** का ७७ वर्षीय भिष्मराज गिरीलाई **०५२ मदौ ४** गते आफ्नै छोरा शम्भुले कुटपिट गरी घाइते बनाए। पीडकलाई प्रहरीले हिरासतमा लियो।

काठमाडौं नपा-३५ कोटेश्वर महादेव रोडकी ३६ वर्षीय सोना मगर र उनकी छोरी सुनीतालाई घरको कोठाभित्र पसी **०५२ मदौ ६** गते धोवीधाराका २० वर्षीय सुधिर लामा, राजु

श्रेष्ठ र समीर श्रेष्ठले पैसा माग्दा छैन भनेपछि खुकुरीले आक्रमण गरी घाइते बनाए। पीडक ३ जनालाई नै प्रहरीले पक्राउ गऱ्यो।

लगनटोलमा **असोज ६** गते चङ्गा उडाउने निहुँमा भएको विवादमा गौतम स्थापितले स्थानीय रामजीवन शाक्यलाई **खुँडा** प्रहार गरी सख्त घाइते बनाए। नेकाका स्थानीय नेता ध्यानगोविन्द रंजितको दवावमा पीडकलाई प्रहरीले त्यसैदिन छोडेको पीडक पक्षले बताए।

मातातिर्थ गाविसका केही व्यक्ति वीच **०५२ असोज ७** गते दुई वटा भोगटेको निहुँमा कुटपिट हुँदा ७ व्यक्ति घाइते भए। घाइते हुनेमा प्रकाश रिजाल, विष्णुप्रसाद रिजाल, हरिप्रसाद रिजाल, नारायणप्रसाद रिजाल, भरत रिजाल र पूर्णबहादुर महर्जन छन्।

काठमाडौं नपा-३२ मैतिदेवीका ७७ वर्षीय कुलबहादुर महर्जनलाई **०५२ असोज २१** गते केही अज्ञात व्यक्तिले टाउकोमा खुकुरी प्रहार गरे।

वीर अस्पतालमा कार्यरत डा. दिनेश **मैनाली**लाई **०५२ कार्तिक ११** गते आफ्नो घर **सिता पाइला**तर्फ गइरहेको अवस्थामा केही व्यक्तिले कुटपिट गरे। डा. मैनालीमाथि हातपात गर्ने लक्ष्मण भट्टराईलाई प्रहरीले पक्राउ गऱ्यो भने अर्को एक भुवन के.सी. नामको व्यक्ति भाग्न सफल भए।

शिवरात्रीको चन्दा माग्न गएका व्यक्तिलाई भने जति पैसा नदिएका कारण **काठमाडौं नपा नघल**का ओमप्रकाश शाक्यलाई चन्दा माग्नेहरूले ज्यान मार्ने धम्की दिए। १०-१५ जनाको हुलले उनीमाथि हातपात गर्न जाई लागेपछि उनले चन्दा माग्नेले भने जति दिएका थिए। यस घटनामा प्रहरीले महेश मानन्धर र अन्य एक व्यक्तिलाई पक्राउ गऱ्यो।

काठमाडौं जिल्लामा यसै किसिमका कुटपिट र धम्कीका घटनाहरू थुप्रै भए। यो वर्ष जिल्ला प्रहरी कार्यालयमा २ सय ५० वटा यस्ता घटनाहरू दर्ता भएको पाइयो।

१.६ थुनामा मृत्यु

केन्द्रीय कारागरका कैदी हिरादास कायस्थको ०५२ जेठ ४ गते र भद्र बन्दी गृहका कैदी अमरबहादुर रानामगरको ०५२ पुस-१ गते हृदयगति बन्द भई निधन भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५१ पुस ३० गतेका दिन सिने अभिनेता कृष्ण मल्लले कुमारी हल मा सौभाग्य फिल्मको प्रेस सो हेर्न उपस्थित पत्रकार कृष्ण भट्टराईमाथि हातपात गरे। मल्लले आफ्नो बारेमा "युगसम्वाद" साप्ताहिकमा प्रकाशित समाचारलाई लिएर उक्त हमला गरेका थिए। मल्लले हत्याको अभियोग लगाएकोमा पिटेको बताए पनि पत्रकार भट्टराईले भने सो आशयको समाचार नलेखेर नक्कली पासपोर्टका सम्बन्धमा मल्लको संलग्नता बारे लेखेको बताए।

पत्रकार अनुप सुवेदीलाई **०५१ फागुन ४** गते अस्कल क्याम्पसका केही विद्यार्थीहरूले कुटपिट गरे। जनमंच साप्ताहिकमा प्रकाशित समाचारमा क्याम्पस र विद्यार्थीहरूको चरित्र हत्या भएको आशय विद्यार्थीहरूले लगाएका थिए।

त्रिभुवन विश्वविद्यालय हाताभित्र नेकपा एमालेसंग सम्बन्धित कार्यक्रम हुन दिने र नदिने भन्ने विवादमा अनेरास्ववियू र नेविसंघका विद्यार्थीहरू बीच **०५१ चैत १०** गते ढुंगा हानाहान भयो। यस घटनामा केही विद्यार्थी र प्रहरी समेत घाइते भए।

नयाँ मोर्चा दैनिकमा कार्यरत शालिकराम तिवारीलाई **०५१ चैत १३** गते कार्यालयबाट घर तर्फ जाँदा केही अज्ञात व्यक्तिले कुटपिट गरी घडी र पैसा पनि लुटे।

पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला शाही नेपाल वायु सेवा निगमको धमिजा काण्ड सम्बन्धमा निगमको छानवीन समिति समक्ष बयान दिन जाँदा **०५२ वैशाख ११** गते त्यहाँ उपस्थित केही पत्रकारहरूलाई प्रहरीले अभद्र व्यवहार गऱ्यो। त्यस क्रममा पत्रकार राजेश मिश्र, सुनिल शर्मा र ऋषि धमलालाई हातपात गरेकोमा नेपाल फोटो पत्रकार संघले एक वक्तव्य प्रकाशित गरी विरोध जनाएको थियो। फोटो पत्रकार उषा तिवारीलाई पनि पूर्व प्रधामनमन्त्रीका साथमा गएको नेविसंघको जुलुसले फोटो खिच्न खोज्दा क्यामरा खोस्न खोजेको थियो। क्यामरा खोस्न नसकेपछि उनीहरूले ढुंगा प्रहार गर्दा फोटो पत्रकार उषा तिवारीको घुँडामा चोट लाग्यो।

संयुक्त जनमोर्चाले **०५२ वैशाख २१** गते उपत्यका बन्द कार्यक्रम आह्वान गरेको थियो। माइतीघर, नयाँबजार, रत्नपार्क, सिंहदरबार अगाडि प्रदर्शनकारीहरू र प्रहरी बीच सामान्य झडपहरू भए। प्रदर्शनकारीहरूले केही बसका सिसाहरू तोडफोड गरे। यस सन्दर्भमा प्रहरीले विभिन्न ठाउँबाट ९९ जना पक्राउ गरेको बताए पनि बन्दको आह्वान कर्ताहरूले ४ सय भन्दा बढी आफ्ना पार्टीका समर्थक व्यक्ति पक्राउ गरी प्रहरी हिरासतमा राखेको जनाएको थियो। त्यस्तै संजमोले २२ जना व्यक्ति घाइते भएको र ती मध्ये ९ जना गम्भीर घाइते भएको जानकारी गराएको थियो। ती घाइतेहरू टंकप्रसाद तिमिल्सिना, रामकुमार घर्ती, बुद्धि गुरूङ, कृष्ण कार्की (संजमो जिल्ला सचिव), देवी दुलाल, केदार गौली, प्रदिप खनाल, वीरबहादुर मगर, प्रेम लामालाई घाइते अवस्थामा पनि दुई हप्तासम्म प्रहरी हिरासतमा राखियो। उनीहरूमाथि सार्वजनिक अपराधको मुद्दा चलाइएको थियो।

काठमाडौंबाट प्रकाशित चक्षु साप्ताहिकका सम्पादक पद्मभक्त खरेललाई **०५२ वैशाख २४** गते सोही पत्रिकामा प्रकाशित समाचारको विषयलाई लिएर पंकज प्रधानले कुटपिट गरे।

नेविसंघले बन्दको तयारीका लागि **०५२ जेठ ४** गते आयोजना गरेको मसाल जुलुस डिल्लीबजार कालिकास्थानमा पुगेपछि प्रहरीसंग भिडन्त भयो। भीडन्त नियन्त्रण गर्न प्रहरीले लाठी चार्ज गऱ्यो। जुलुसले केही घरका झ्यालका सिसाहरू

ढुंगाले हानी तोडफोड पनि गऱ्यो। यस घटनामा संघका महामन्त्री चन्द्र भण्डारी, वीरबहादुर बलायर कर्ण मल्ल, केशव पाण्डे र सजिव अधिकारीलाई चोटपटक लागेको संघले जनाएको थियो।

नेपाल विद्यार्थी संघले आयोजना गरेको **०५२ जेठ ५** गते उपत्यका बन्दको कार्यक्रममा काठमाडौंमा करीब १ सय ५० जना पक्राउ गरिएको कुरा प्रहरीले जनाएको थियो। तर संघले करीब ५ सय विद्यार्थीहरू पक्राउ परेको उल्लेख गरेको थियो।

बन्दका आह्वान कर्ताले नयाँ सडकमा बा.अ.ह.१६४४ को भूमिगत जलस्रोत आयोजनाको गाडी ठमेलमा बा.अ.फ. १८८ को सरकारी गाडी र नयाँ बजारमा ना.अ.ख. ३८४० को बस तोडफोड गरेको प्रहरीले जानकारी गरायो। १० वटा ट्रली बस, एउटा बस पनि तोडफोड गरिएका थिए। तोडफोडमा १६ जना यात्रुहरू घाइते भएका थिए।

नेपाल विद्यार्थी संघले **०५२ जेठ ५** गते उपत्यका बन्दको कार्यक्रम आह्वान गरेको थियो। बन्दका दिन विहान ७.१५ बजे महानगर दैनिकका आर.के. धर्मस्थलीलाई बालाजु चक्रपथमा नेविसंघका ९ जना व्यक्तिले मोटरसाइकल रोकी जथाभावी गालीगलौज गरे। त्यसैदिन गोरखापत्रका श्रीधर आचार्यलाई भोटाहिटीमा र साहस साप्ताहिकका महेश्वरमान वैद्यलाई पनि नेविसंघका कार्यकर्ताले मोटरसाइकल लडाई दिने र हातपात गर्ने काम गरे।

काठमाडौंबाट प्रकाशित फाइनान्सियल टाइम्स साप्ताहिकका सम्पादक वासुदेव अमात्यलाई **०५२ जेठ १६** गते केही व्यक्तिले डिल्लीबजारमा हमला गरे। पत्रकार अमात्यले आफ्नो पत्रिकामा मोर्डन बिल्डर्सले वर्षौंदेखि कर छल्दै आएको समाचार प्रकाशित भएका कारण हमला भएको बताए।

मध्यावधि चुनावको घोषणाको विरूद्ध निस्केको नेविसंघको जुलुसले **०५२ जेठ ३०** गते अपरान्ह त्रिचन्द्र क्याम्पस अगाडि मानवअधिकार वर्ष पुस्तक काठमाडौं जिल्ला प्रतिनिधि तथा स्वतन्त्र पत्रकार लेखनाथ भण्डारीलाई सो जुलुसको फोटो खिच्न खोज्दा आक्रमण गऱ्यो। जुलुसका सहभागीहरूले भण्डारीका साथमा रहेको क्यामराको रिल निकालेर च्यात्ने, क्यामरा लगायत इन्सेकको परिचयपत्र, डायरी र पत्रकार प्रेस पास समेत लुटेका थिए। उक्त जुलुसमा नेविसंघका महामन्त्री चन्द्र भण्डारी, नेविसंघका कार्यकर्ता तथा अधिवक्ता हेमन्त मल्ल, वीरबहादुर बलायर, महेश थपलिया, रवीन जोशी, कृष्णप्रसाद रेग्मी, यदुनाथ अर्याल लगायत १०-१५ जना रहेका थिए। यस घटनामा संलग्न रवीन जोशी, कृष्णप्रसाद रेग्मी र यदुनाथ अर्याललाई प्रहरीले पक्राउ गरी धरौटीमा छोडेको थियो। सो जुलुसले विभिन्न उत्तेजित नारा लगाउँदै सडकमा गुडिरहेका गाडीहरूमा ढुंगाइट्टा प्रहार गर्दै बागबजारबाट त्रिचन्द्र क्याम्पस तर्फ बढ्दै गरेका बेलाको फोटो खिच्न लाग्दा आक्रमण गरेको थियो। घटनास्थलमा

रत्नपार्कको भित्ते प्रकरणमा प्रहरीद्वारा लाठी चार्ज

उपस्थित "अस्मिता" मासिक पत्रिकामा कार्यरत शान्ता भण्डारीलाई पनि आक्रमणकारीहरूले लछार पछार गर्नुका साथै अभद्र व्यवहार गरेका थिए। त्यस घटनाका सम्बन्धमा क्षतिपूर्तिको माग गर्दै पत्रकार भण्डारीले ०५२ साउन १ गते जिल्ला अदालतमा मुद्दा दर्ता गराएका छन्। मुद्दा अहिलेसम्म किनारा लागिसकेको छैन। पीडितलाई उपचारार्थ अस्पतालमा भर्ना गर्नु परेको थियो।

काठमाडौं नपा-३२ मैतीदेवीका नेपाली कांग्रेस समर्थक रवीन्द्र श्रेष्ठको घरमा **०५२ असार ५** गते निस्केको नेपाल विद्यार्थी संघको जुलुसले ढुंगा हानी घरका सिसा तोडफोड गऱ्यो।

नेपाल विद्यार्थी संघको आयोजनामा **०५२ असार १४** गते तत्कालीन सरकारको विरोध गर्दै सिंहदरबारमा धर्ना दिन अघि बढेको जुलुसमा प्रहरीले लाठी चार्ज गर्दा ७५ जना विद्यार्थी घाइते भएको कुरा नेविसंघले एक वक्तव्य प्रकाशित गरी जनायो। जुलुसले प्रधानमन्त्री, सरकारी संचार माध्यमहरू गोरखापत्र, टेलिभिजन र रेडियोको पुत्ला जलाउने कार्यक्रम रहेको थियो। यस घटनामा डि.एस.पी. माधव थापालाई केही चोट लागेको थियो। त्यस्तै अन्य घाइतेमा नेविसंघका उमेशजंग रायमाझी, गंगाबहादुर कार्की, पुरूषोत्तम अर्याल, हिरालाल तण्डुकार, खिलनाथ घिमिरे, केशवसिंह ठकुरी, खगेन्द्र ढकाल, रेडियो नेपालका साहीत्यक कार्यक्रमका संचालक यज्ञनिधि दाहाल र पत्रकार अनुप थपलिया समेत ३५ जनालाई उपचारका लागि वीर अस्पतालमा भर्ना गरिएको थियो।

पत्रकार चन्द्रलाल झालाई **०५२ भदौ ९** गते केही अज्ञात व्यक्तिले आक्रमण गरे। नकाबधारी आक्रमणकारीले हातमा धारिला हतियार लिएको र गाडीबाट उत्रन लाग्दा आक्रमण गरेका थिए। पत्रकार झाको हातमा चोट लाग्यो भने उहाँका ड्रामइर पूर्ण खड्गीको हात भाँचियो।

गोरखापत्र संस्थानबाट प्रकाशित "सण्डे डिस्प्याच" साप्ताहिक पत्रिकाको **०५२ असोज २२** गतेको अंकमा प्रकाशित एउटा तस्वीर सम्बन्धमा प्राविधिक कारणले गल्ती भएकोमा प्रहरीले सो पत्रिकासंग सम्बन्धित व्यक्तिहरूमाथि "राज्य विरूद्ध" को अपराध र सजाय अन्तर्गतको मुद्दा

वैशाख २१ गतेको उपत्यका बन्दको समर्थनमा निस्किएको मशाल जुलुस

चलायो। सो पत्रिकामा राजारानी र राजपरिवारका सदस्यहरूको तस्वीर तल "वस पार्क जहाँ टिकटमा पनि तस्करी र काला बजारीयाको विगविगी हुन्छ" भन्ने कुरा असावधानी बस लेखिएको थियो। प्रहरीले सम्पादक लोकदिप थापा, विजयलाल श्रेष्ठ, सुनिल के.सी., योगेश कोइराला, गोपालकृष्ण राना, तिलेन्द्र आचार्य समेतलाई मुद्दा चलाउन चाहेकोमा सरकारी वकीलले मुद्दा चलाउन अस्वीकार गरिदिएपछि कुनै कारवाही गरिएन।

शाही जंगी अड्डा प्रधान कार्यालयमा कार्यरत शशी खड्काको मृत्यु र त्यससंग सम्बन्धित प्रधान सेनापतिको एक चिठी प्रकाशित भएपछि सो विषयलाई लिएर सेनाले छलफल पत्रिका कार्यालयमा एक महिनासम्म विभिन्न प्रकारले दवाव र धम्की दिइनै रहे। सो सम्बन्धी समाचार सत्य र घटना शकास्पद हुँदाहुँदै पनि दवाव दिएर खण्डन गर्न बाध्य गराइएको कुरा छलफलका सम्पादक गोपाल थपलिया र राजेन्द्र गौतमले बताए।

काठमाडौंको रत्नपार्क स्थित विद्युत प्राधिकरणको भित्तामा नारा लेख्ने विषयमा अनेरास्ववियू र संजमो (भट्टराई) वीच **०५२ साउन २१** गते भएको झगडामा ५० जनाभन्दा बढी व्यक्ति घाइते भए भने प्रहरीले ५ जनालाई गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा संजमोका पम्फा भूसाल, शक्ति लम्साल, भिम अधिकारी, प्रमोद उप्रेती र एन आचार्य थिए। यस घटनामा अनेरास्ववियूका राजेन्द्र राई, दिनेश शर्मा, शिव गुरूङ लगायत अन्य केही व्यक्तिहरू घाइते भएका थिए।

२.२ धार्मिक स्वतन्त्रता

क्रिश्चियन धर्मको गतिविधि काठमाडौंमा विगतको तुलनामा बढी हुने गरेको छ। गाउँमा जनतालाई प्रलोभन देखाएर धर्म परिवर्तन गराउने काम पनि यस धर्मका अनुयायीहरूले गर्ने गरेका छन्। अन्य उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

काठमाडौं जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दा १ हजार ८ सय ६८ दर्ता भएकोमा १ सय ६२ फैसला भए। सरकारवादी फौज्दारी मुद्दा ५ सय २ वटा दर्ता भएकोमा १ सय ३६ फैसला भए। फौज्दारी मुद्दा ७ सय ९ दर्ता भएकोमा ६२ वटा फैसला भए। संक्षिप्त फौज्दारी मुद्दा १ सय ९४ दर्ता भएकोमा १ सय ५ वटा फैसला भए। जिल्ला अदालतमा संक्षिप्त देवानी २८ वटा मुद्दामा सबैजसो माना चामल भराई पाउँ भन्ने छन्। त्यस्तै अन्य अपराधका मुद्दाहरूमा हत्या २१, चेलीवेटी बेचबिखन १६, गर्भपतन १, वहुविवाह ८ र जबरजस्ती करणीका १० वटा मुद्दा पनि जिल्ला अदालत काठमाडौंमा दर्ता भएका छन्। यसरी यस वर्ष जिल्ला अदालतमा जम्मा ३ हजार ३ सय १ मुद्दा दर्ता भएकोमा ४ सय ७१ मात्र फैसला भए।

दुई जिल्ला न्यायाधीशहरूको खराव आचरणबारे उजुर परेकाले न्याय परिषद्ले **०५२ वैशाख २०** गते एक सदस्यीय जाँचबुझ समिति गठन गऱ्यो। कालिकोट जिल्ला अदालतका न्यायधीश रामेश्वरमानसिंह अधिकारी र डोल्पा जिल्ला अदालतका न्यायाधीश धुवलाल राजका विरूद्ध आचरण सम्बन्धी मुद्दा परेकाले सर्वोच्च अदालतका न्यायाधीश कृष्णजंग रायमाझी रहनु भएको समितिले आफ्नो प्रतिवेदनमा न्यायधीशहरूले न्यायपालिकाको आचरण विपरितको चरित्र गरेको ठहर भएकाले दुवैजना न्यायाधीशलाई पदमुक्त गरियो।

जनआन्दोलन ०४६ मा पेटमा गोली लागी घाइते भएका आलोक कार्कीलाई श्री ५ को सरकार गृहमन्त्रालयले "घ" श्रेणीको स्थानमा राखी अपहेलना गरेकोमा सर्वत्र निन्दा गरियो। प्रहरीको गोली पेटमा लागेकाले कार्कीको गोली अझै निकालिएको छैन। उनको ४ पटकसम्म अप्रेशन भइसकेको छ। कार्की आफ्नो औषधि उपचारको खर्चको विल बोकेर सहायताको आश गर्दै हिडेका छन्।

त्यस्तै पर्वत भोगसिङ्गका टीकाराम लामीछानेलाई पनि सरकारले "ङ" श्रेणीको सहायता दिई उपेक्षा गरेको छ। छाती र कम्मरमा ३ वटा गोली लागेका लामिछानेको पनि स्थिति चिन्ताजनक छ। तर अर्कोतिर राजनीतिक पीडित सहायता समितिले सामान्य घाइतेलाई पनि क र ख श्रेणीको सहायता दिएको भन्ने समाचारहरू पटक-पटक प्रकाशमा आउने गरेका छन्।

काठमाडौं नपाका ९५ जना सुरक्षाकर्मीहरूले आफ्नै कार्यालय प्रमुख बद्रीकुमार प्रधानको अत्याचार विरूद्ध **०५१ पुस २२** गते काठमाडौं नपामा उजुरी दिए। उनीहरूले डि.एस.पी. प्रधानले आफूहरूमाथि अन्याय गरेको र नगरमा फुटपाथका पसलहरूबाट जफत सामान आफ्नो घर लैजाने गरेको आरोप लगाएका छन्। तर प्रधानले सो कुरा अस्वीकार गर्दै सुरक्षा कर्मीले अन्य कामको निवेदन दिएको बताए।

श्री ५ को सरकारले **०५२ वैशाख २१** गते शाही नेपाली सेनाका केही अधिकृत तथा कनिष्ठ अधिकृतहरूलाई सजायँ दिने गरी जनरल सैनिक अदालतले गरेको फैसलालाई सदर गऱ्यो। त्यसरी कावारहीमा पर्नेहरूमा सम्भाररथी विभागका अवकास प्राप्त उपरथी योगेन्द्र प्रतापजंग राणालाई ४ वर्ष कैद

र १ करोड ४ लाख ५४ हजार ३७७ रूपैयाँ जरिवाना गर्ने अदालतले फैसला गरेको थियो। तर रानालाई संयुक्त सरकार गठन भएपछि गैरकानूनी ढंगले जेल मुक्त गरी स्वास्थ्य उपचारको बहनामा घरमा राखिएको छ। सोही कारवाहीमा परेका शम्सेर गण दलका सेनानी मिनबहादुर रावल, सम्भाररथी विभागका गोपाल कोइराला, सुवेदार डिल्लीबाहादुर कार्की लगायत अन्य व्यक्तिलाई तोकिएको सजायमा कुनै छुट दिइएन। कारवाहीमा पर्ने उपरथी राणा संयुक्त सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाको आफन्त (मामाससुरा) भएको कारण प्रचलित ऐन मिचेर कैद सजाय छुट दिइएको गुनासो कार्वाहीमा परेका अन्य व्यक्तिहरूले बताए।

नेकपा एमालेको **०५१ भदौ ३** गतेको सिंहदरबार धर्ना कार्यक्रमको दिन स्थानीय होटलमा काम गर्ने सिन्धुपाल्चोकका १४ वर्षीय राजकुमार **खड्का** प्रहरीले सार्वजनिक अपराधको मुद्दा चलाई रू. २५ हजार धरौटी तिर्न नसकी थुनामा राखिएकोमा ०५१ फागुन २९ गते छुटे। निर्दोष बाल बन्दीका रूपमा रहेका रामकुमारको रिहाईको लागि विभिन्न मानवअधिकारवादी संस्था, वकील तथा पत्रकारहरूले पनि सम्बन्धित निकायहरूलाई दवाव दिने काम गरेका थिए।

नेपाल पत्रकार संघ अवैधानिक भएको दावी गर्दै नेपाल पत्रकार संघ (मंजुरत्न शाक्य) द्वारा दायर गरिएको रिट निवेदनलाई सर्वोच्च अदालतले ०५२ असार १३ गते खारेज गऱ्यो। संस्था दर्ता ऐन अन्तर्गत अन्य वैकल्पिक उपचारको व्यवस्था भएकोले खारेज गरिएको सो रिटमा नेपाल पत्रकार संघ (वियोगी) लाई विपक्षी बनाइएको थियो।

२.५ सरूवा / घटुवा / पक्षपात आदि

श्री ५ को सरकार गृह मन्त्रालयले **०५१ चैत १५** गते विभिन्न १४ जिल्लाबाट अवैध रूपमा लिएका ३५ वटा नागरिकता रद्द गरेको कुरा सार्वजनिक गऱ्यो।

काठमाडौं नपा-३१ पुतली सडक स्थित लाइफ केयर अस्पतालमा कार्यरत ४ जना डाक्टरहरूलाई विना पूर्व सूचना निष्काशन गरिएको थियो। निष्काशित डाक्टरहरूले सो अस्पतालमा डाक्टरहरूलाई अमर्यादित व्यवहार गरिने कुरा पनि **०५२ कार्तिक ३** गते एक पत्रकार भेटघाटमा बताए।

निजामति सेवा नियमावली ०५० को नियम ६ (क) मा सरूवा गर्ने आधारमध्ये कुनै कर्मचारी पदस्थापन भएको ४६६ दिन हुनु पर्ने पनि छ। तर संयुक्त सरकारले १२० दिन पनि नभई उद्योग मन्त्रालयको १९ जना अधिकृतलाई सरूवा गऱ्यो।

नेपाल निजामति कर्मचारी संगठनले ०४८ असार १६ देखि भाद्र ८ गतेसम्ममा कर्मचारी आन्दोलनका क्रममा कारवाहीमा परेका कर्मचारीलाई अझै पनि मुद्दा फिर्ता नलिएको बताएको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

विघटित काठमाडौं उपत्यका सुकुम्बासी समस्या समाधान आयोगले जानकारी दिए अनुसार आयोग समक्ष काठमाडौंका ३ हजार ३ सय ११ जना बासिन्दाले सुकुम्बासी भएको निवेदन दिएका थिए। अधिवक्ता ओम थपलियाको अध्यक्षतामा गठित उपत्यका सुकुम्बासी समस्या समाधान आयोगमा विभिन्न ६८ जिल्लाका मानिसले निवेदन दिएका थिए।

श्री ५ को सरकारले भूमि समस्या समाधान गर्ने उद्देश्यले ०५१ माघ २ गते सांसद केशव बडालको अध्यक्षतामा एक १५ सदस्यीय उच्च स्तरीय भूमिसुधार आयोग गठन गरेको थियो। आयोगले ०५२ भदौ ९ गते तत्कालीन उपप्रधानमन्त्री माधव नेपाललाई बुझाएको १९९ पृष्ठको आफ्नो प्रतिवेदन सार्वजनिक गरिएको छैन। प्रतिवेदनमा भूमिको ऐतिहासिक पृष्ठभूमि, भूमिमाथिको दोहोरो नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था, गुठी व्यवस्था, हदबन्दी व्यवस्था, चक्ला बन्दी व्यवस्था, भू-उपयोगको नीति, नेपालमा कृषि विकासका समस्या र समाधान, कृषि श्रमिकका समस्या र समाधान तथा कार्यान्वयन र व्यवस्थापनका सम्बन्धमा उल्लेख छ।

सरकारले सुकुम्बासी समस्या समाधान गर्न ऋषिराज लुम्सालीको अध्यक्षतामा एक उच्चस्तरीय आयोग गठन गरी विभिन्न जिल्लामा जिल्ला स्तरीय आयोग पनि गठन गरेको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

०५१ पुसको तेस्रो साता भारतीय स्वास्थ्य संगठनले प्रकाशित गरेको एक प्रतिवेदन अनुसार भारतमा नेपालका २ लाखभन्दा बढी महिलाहरू वेश्यावृत्तिमा लागेका छन्। प्रतिवेदनमा प्रति वर्ष ५-७ हजार नेपाली युवती भारतमा वेचिने र तिनीहरू मध्ये १ लाख कलकत्ता, दिल्ली र बम्बैमा छन् भनिएको छ। उत्तर प्रदेशमा २५ देखि ३० हजारसम्म वेश्यालयहरू भएको र त्यहाँ २४ हजार नेपाली महिला भएको पनि प्रतिवेदनमा उल्लेख छ।

सिन्धुपाल्चोक थुमपाखर गाविस-१ घर भई **काठमाडौं नपा कपन** बस्ने १७ वर्षीय कविता भण्डारी र सोही ठाउँकी सीता थापालाई भक्तपुर घर बताउने मिना थापा, निजकै पति कृष्ण थापा र नारायणगढ घर बताउने राम सिलवालले बैंकमा नोकरी दिलाउने प्रलोभनमा **०५१ पुस २३** गते भारू १-१ लाखमा विक्री गरे।

काठमाडौं महाराजगंजका १८ वर्षीय सुनिता धितालालाई भारतमा लगी बेच्ने कृष्णबहादुर राई, पूर्णबहादुर परियार र रूपा तामाङलाई प्रहरीले **०५१ माघ ९** गते पक्राउ गऱ्यो।

मकवानपुर जिल्ला हाँडीखोला-४ घर भई काठमाडौं **नगरपालिका-१५** स्वयम्भु बस्ने २० वर्षीय चतुर भन्ने पासाङ्ग लामा र विनोद लामाले **०५१ माघ ११** गते महोत्तरी जिल्ला बर्दिवास किसाननगर गाविस-४ घर भई काठमाडौं बौद्ध बस्ने १६ वर्षीय शान्ति चौधरीलाई दार्जीलिङ्ग आफ्नी दिदीको घर

जाउँ भनी भारतको बम्बैमा लगी ६० हजार भारूमा बेचे। पीडितले भारतीय प्रहरीको सहयोगमा नेपाल आई ०५१ चैत १४ गते काठमाडौं जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडकहरूलाई थुनामा राखिएको छ।

ओखलढुंगा जिल्ला सिस्नेरी गाविस-६ घर भई काठमाडौं गुरजुधारा बस्ने १४ वर्षीय रूद्र कुमारीलाई धादिङ्ग जिल्ला सुनौला गाविस-९ रिजालथोक घर भई गुरजुधारा बस्ने २० वर्षीय नारायणबहादुर मल्ल र बलबहादुर भन्ने श्रीराम मल्लले भारतमा लगी बेच्ने प्रयास गरे। सो थाहा पाई प्रहरीमा उजुरी दिएपछि प्रहरीले **०५१ फागुन ११** गते निजहरूलाई पक्राउ गरी थुनामा राख्यो।

गत एक-दुई वर्ष यता नेपाली युवतीहरूलाई वैदेशिक रोजगारको नाममा विदेशमा लगी वेश्यावृत्तिमा लगाउने गरेको र केही युवती भागेर आएको कुरा प्रहरीले जानकारी गराए। **०५१ चैत**मा त्यस्तै धन्धामा संलग्न विनोद बस्नेत, यमनसिंह राना र अन्य केही व्यक्तिलाई प्रहरीले पक्राउ गऱ्यो। उनीहरूले बुटवलकी पंचकुमारी खड्गी, धादिङकी पार्वती पन्त र काठमाडौंकी प्रमिला खड्कालाई दिल्ली पुऱ्याउने र तेस्रो मुलुक लैजाने तयारी गरेर बुटवल पुऱ्याएका थिए।

उदयपुर जिल्ला कटारी-२ घर भई स्वयम्भू बस्ने १७ वर्षीय पोकी थापामगर समेत ४ जना युवतीलाई मकवानपुर पदमपोखरी गाविस-१ को २० वर्षीय सुमन लामा र निजकै पत्नी १६ वर्षीय मनकुमारी लामा (राई) ले काम दिलाउने प्रलोभनमा भारतको बम्बै लगी बेच्ने प्रयास गरेको आरोपमा पोकीले **०५१ चैत १२** गते प्रहरीमा जाहेरी दिइन्। पीडक दुवै जनालाई प्रहरीले पक्राउ गऱ्यो।

भारत घर भई **धापासी** बस्ने १७ वर्षीय मुकेश सुब्बाले सोलुखुम्बु घर भई टुसाल बस्ने एक ४ वर्षीय बालिकालाई बलात्कार गरेकोमा प्रहरीले **०५१ चैत २** गते पक्राउ गऱ्यो।

सिन्धुपाल्चोक क्यूल गाविस-२ की १५ वर्षीय सुकमाया तामाङ र १२ वर्षीय चिरमाया तामाङलाई सोही जिल्ला इचोक गाविस-४ घर भै बौद्ध बस्ने ४० वर्षीय प्रेमबहादुर तामाङ र प्रेमलाल लामाले **०५१ चैत ७** गते ललाई फकाई भारत लान खोज्दा झापा जिल्ला काँकरभिटाका प्रहरीले पक्राउ गऱ्यो।

धनकुटा जिल्ला राजारानी गाविस-३ घर भई काठमाडौं नपा धोबीचौर बस्ने एक १३ वर्षीय बालिकालाई काठमाडौं जिल्ला चण्डेश्वरी गाविस-६ घर भई **काठमाडौं नपा-१७** क्षेत्रपाटी बस्ने २२ वर्षीय राम सुर्खेतीले म फिल्मको हिरो हुँ, तिमीलाई विवाह गर्छु भनी आफ्नो डेरामा लगि **०५१ चैत १५** गते बलात्कार गऱ्यो।

धादिङ घर भई काठमाडौं **स्वयम्भू** बस्ने मोटे दमाईले **०५१ चैत २६** गते आफ्नै पत्नी ३१ वर्षीय मिना दमाईलाई आगो लगाई भागे।

नेपाली युवतीहरूलाई खाडी मुलुकहरूमा घरेलु काममा लगाई दिन्छु भन्नेहरूले उदयपुर लेखानी गाविस-५ की २३ वर्षीय निलकुमारी राईलाई बंगलादेशमा पुऱ्याई वेश्यावृत्तिमा लगाउने प्रयास गरेपछि उनी त्यहाँबाट भागेर नेपाल आइन्। काठमाडौं **सिफल**मा गलैंचा कारखानामा मजदूरी गर्ने निलकुमारीलाई **०५२ वैशाख २४** गते बंगलादेश पुऱ्याई वेश्यावृत्तिमा लगाउन मरणासन्न हुने गरी पिटिएको थियो। उनीसँगै गएका अन्य ४ जना युवतीहरू समेतलाई काठमाडौं लैनचौर बस्ने ओम विष्टले ७-७ सय डलरमा बेचेका थिए। अन्य ४ जना भने फर्कन सकेनन्।

नेपालमा कार्यरत महिला सम्बन्धी गैर सरकारी संस्थाका अध्ययन अनुसार प्रतिवर्ष ५ हजारभन्दा बढी नेपाली महिलाहरू बेचिन्छन्। त्यसरी बेचिने देशहरूमा भारत, हङ्गकङ्ग, सिंगापुर र अरब राष्ट्रहरू रहेका छन्।

भारतको बम्बैमा पुऱ्याई बेचिएकी खोटाङकी सरिता राई र धादिङकी सिर्जना लामाको उजुरीमा प्रहरीले मानबहादुर कार्की र तुलसी आचार्यको गिरोहलाई **०५२ जेठ २** गते पक्राउ गऱ्यो। त्यस्तै प्रहरीले तुलसी आचार्यकी नक्कली पत्नी बनेर गाउँबाट केटीहरू ओसार्ने रूपा लामा, नेपी सार्की र समुन्द्रा ढकाललाई पनि पक्राउ गरेको छ।

सुनार गाविस निवासी खगेन्द्र राईले आफ्नै पत्नी चन्द्रकुमारी राईलाई **०५२ जेठ २२** गते छुरी प्रहार गरी सख्त घाइते पारे।

काठमाडौं नपा बल्खु चक्रपथमा **०५२ जेठ ३०** गते २४ वर्षीय शर्मीला राईले ५ वर्षको छोरालाई बल्खु खोलाको डिलमा राखी बाढीमा हाम फालिन्। उदयुर घर भएकी शर्मीलाका पति पैसा कमाउन अरब गएकाले उनी बल्खुमा साहुको घरमा काम गरेर ढुंगा गिटी कुटेर जीवन गुजार्दै थिइन्। त्यस दिन छोराले भोक लाग्यो भनेर साह्रै रोएकाले उनले साहुसंग पैसा मागिन्। साहुले पैसा नदिए पनि उनले पसलमा गएर छोरालाई रोटी खुवाइन्। आफूले पनि खाइन्। पसलेले पैसा माग्दा पैसा छैन भनेकाले पसलेले सारी नै तानेपछि उनले ठूलो बेइज्जती महसुस गरी खोलामा हाम फालेकी थिइन्। तर उनलाई अरूले बचाए।

सिन्धुली जिल्ला ठाकुर गाविस-८ घर भै काठमाडौं **जोरपाटी** बस्ने ३८ वर्षीय दलबहादुर तामाङकी १५ वर्षीय छोरी शान्तिलाई जोरपाटी स्थित गलैंचा फ्याक्ट्रीमा काम गर्ने झापा जिल्ला घैलाडुबा गाविस-३ का १८ वर्षीय अजय श्रेष्ठले **०५२ जेठ ३१** गते भारत लगि बेचे। बेचिएकी शान्तिले बम्बैबाट भारतीय प्रहरीको सहायतामा नेपाल आई भदौ १७ गते प्रहरीमा जाहेरी दिइन्। पीडक अजयलाई प्रहरीले गिरफ्तार गरी धरौटीमा छोड्यो।

महोत्तरी जिल्ला रामनगर गाविस-५ का ज्ञानेश्वर भन्ने मदन श्रेष्ठले **०५२ साउन २३** गते बारा जिल्ला घर भै **काठमाडौं नपा-३३** मा डेरा गरी बस्ने २२ वर्षीय एक युवतीलाई बलात्कार गर्ने प्रयास गरे।

मकवानपुर जिल्ला छतिवन गाविस-४ हातीखोलाकी १७ वर्षीय मिनकुमारी स्याङ्तानलाई पद्म पोखरी-४ का ज्ञानु तिलुङ र सोही गाविस-१ को ल्वाङ लामाले **०५० मदौ**मा काठमाडौंमा गलैंचा कारखानामा काम गरिरहेका बेला घर जाउँ भनी बम्बै लगी भारू. ५० हजारमा बिक्री गरे। पीडितका

आफन्तले प्रहरीमा किटानी जाहेरी दिएपनि पीडक अहिलेसम्म फरार छन्।

दैनिक २ सय दिने प्रलोभनमा दीपक घले नामको व्यक्तिले **०५२ असोज**मा नुवाकोट जिल्ला सेरतुङ्गका १९ वर्षीय जाम तामाङ, थममाया तामाङ र टासीमाया तामाङलाई बम्बै लगी जनही ३० हजार भारूमा बिक्री गरे।

काठमाडौं नपा विशालनगरका १५ वर्षीय बालिकालाई **काठमाडौं नपा-२७** ज्याठाका ४५ वर्षीय बाबुकाजी दर्शन धारीले घरमा काम गर्न बोलाई **०५२ असोज २०** गते बलात्कार गरे। पीडककी पत्नी रुक्मणी दर्शनधारीले पनि उनीमाथिको ज्यादतीलाई सहयोग पुऱ्याएकोमा प्रहरीले पति-पत्नी दुवैलाई पक्राउ गरी कारवाही चलायो।

काठमाडौं नपा-२९ लैनचौरका नारायण आचार्यले ३३ वर्षीय पत्नी रीतालाई **०५२ असोज ३०** गते घरायसी झगडाको कारण शरीरमा मट्टितेल खन्याएर आगो लगाई दिए। दुवै हात, छाती, पेट र मुखमा आगोले पोलेर सख्त घाइते पीडितलाई शिक्षण अस्पतालमा भर्ना गरिएको थियो।

ओखलढुंगा गामनाम गाविस-६ घर भई काठमाडौं नपा-३५ कोटेश्वर बस्ने १५ वर्षीय बालिकालाई **काठमाडौं नपा-२** लाजिम्पाट बस्ने २३ वर्षीय राजु महर्जन, रवी डंगोलले मिठो खान दिने लोभ देखाई **०५२ कार्तिक २०** गते बलात्कार गरे।

काठमाडौं नपा-१६ वनस्थली ढुंगेधाराका सुविन्दा गुरूङलाई ललाई फकाई बिक्री गर्न भारत लैजान लागेकाले प्रहरीले रामेछाप घर भई काठमाडौं नपा-१५ स्वयम्भू बस्ने १९ वर्षीय कल्पना के.सी. साहलाई **०५२ मंसीर १** गते पक्राउ गऱ्यो।

भारतमा राम्रो काम लगाई दिन्छु भनी **काठमाडौं नपा-७** की १८ वर्षीय कमला दमिनी र धादिङ्ग जिल्ला महादेववेसीकी १६ वर्षीय लक्ष्मी राईलाई भारतमा लगी बिक्री गर्न खोज्ने भारत हाजिपुरकी १८ वर्षीय निशा झालाई **०५२ मंसीर १८** गते प्रहरीले पक्राउ गऱ्यो।

संखुवासभा जिल्ला दिदिङ्ग गाविस-८ घर भई **काठमाडौं नपा-७** चावहिल बस्ने १७ वर्षीय माइली राईलाई ललाई फकाई बम्बै लैजान लाग्दा सिन्धुपाल्चोक सिन्धुकोट गाविस-८ का चन्द्रबहादुर तामाङलाई **०५२ पुस १६** गते प्रहरीले पक्राउ गऱ्यो।

लप्सीफेदी गाविसकी १७ वर्षीय मर्सानी तामाङलाई गागलफेदी-२ का ३० वर्षीय राजेन्द्रप्रसाद अर्यालले नोकरी लगाई दिन्छु भन्ने प्रलोभनमा बस चढाई भारत लैजान लाग्दा नेपालगंजमा पुऱ्याएपछि प्रहरीले पक्राउ गऱ्यो।

मकवानपुर जिल्ला पदमपोखरी गाविस-१ की १७ वर्षीय अनिता तिलुङ्ग र सपना लामालाई चाबेल तिब्बतीयन गलैंचामा काम गर्न बसेको अवस्थामा भारतबाट सामान खरिद गरी ल्याउने प्रलोभनमा काठमाडौं नपा-७ की पातली मोक्तान र पदमपोखरी-४ को काजी तिलुङ्गले बम्बै लगी ६० हजार भारूमा बिक्री गरे।

स्याङ्जा जिल्ला कोल्मा-३ का २३ वर्षीय राजकुमार गुरूङले बौद्ध स्थित गलैंचा फ्याक्ट्रीमा काम गर्ने झापा जिल्लाकी १८ वर्षीय माया घिसिङ्गलाई गोरखपुरमा काम पाइन्छ जाऔं भनी ०५० मा बम्बै लगि भारू २८ मा बिक्री गरे। पीडितका आफन्तले प्रहरीमा किटानी जाहेरी दिएपनि पीडक अहिलेसम्म फरार छन्।

प्रहरी प्रधान कार्यालयमा कार्यरत एकजना असईकी पत्नीले केही युवतीहरूलाई भारतमा लगि बिक्री गरेको आरोप लागेको छ। निज महिलाले कुमारीगाल बस्ने कुमारी राई र नयाँ बानेश्वरकी अनु शेर्पालाई बम्बै लगि कोठी नं. ३८ मा चमेली नामकी बाईलाई प्रतिव्यक्ति रू. ३० हजारमा बेचेको बताइन्छ। ती दुई मध्ये अनुको नाम सिमला राखिएको र उनी गर्भवती भएको पनि बुझिएको छ।

छैमले गाविस-१ की एक ६२ वर्षीय बृद्धालाई सोही ठाउँका ४२ वर्षीय तिर्थबहादुर मोक्तानले बलात्कार गरेकोमा प्रहरीले पक्राउ गऱ्यो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जारी देउकीका घटना उल्लेख्य नभए पनि यस वर्ष काठमाडौंमा ११ वटा बहुविवाहका घटना जिल्ला कार्यालयमा दर्ता भएका थिए भने ८ वटा जिल्ला प्रहरी अदालतमा दर्ता भए।

रामकोट-६ इचाडोलका २० वर्षीय रामराज भट्टराईले स्थानीय १६ वर्षीय सरू नेपालसंग **०५१ पुस १४** गते दोस्रो विवाह गरे।

बागलुङ जिल्ला नरेठाटी-८ घर भई **कलंकी**मा बस्ने २६ वर्षीय चेतराम सुनारले जेठी पत्नी गोमा विक हुँदाहुँदै **०५२ पुस**मा दोस्रो विवाह गरे।

सरस्वती गाविस-२ की २२ वर्षीय फूलमाया श्रेष्ठका पति श्यामलाल श्रेष्ठले घरमा पत्नी हुँदाहुँदै मुना श्रेष्ठ नामकी अर्की १८ वर्षीय युवतीलाई **०५२ जेठ ३०** गते विवाह गरे।

नेपालका विभिन्न तारे होटलमा अवैध कारोवार तथा देह व्यापारको लागि युवतीहरू राखिने गरेका चर्चा पटक-पटक उठ्ने गरेका छन्। त्यस्ता चर्चाहरु विभिन्न घटनाहरूबाट पुष्टि पनि हुने गरेका छन्। ०५२ जेठको तेस्रो सातामा त्यस्तै एउटा घटना होटल एभरेष्टमा भएको कुरा प्रकाशमा आएको थियो। सो होटलको ५३१ नं. कोठामा भास्करण कोमालान नामका भारतीय बसेको र उनलाई एभरेष्ट क्यासिनोका तर्फबाट गेष्ट रिलेशन अफिसर भारतीय नागरिक सगुन शारदा र आरती सुब्बाले एक तिब्बतीयन युवतीको व्यवस्था गरिदिएका थिए। सो सम्बन्धमा होटलको सुरक्षा अधिकृतले उनीहरूलाई पक्राउ गरेपछि दुई पक्षवीच झगडा पनि भएको थियो।

तिनथाना गाविस-७ ढुंगे अड्डाकी २५ वर्षीय कमला राउतले आफ्ना पति अच्युत राउतले विमला नामकी युवतीसंग दोस्रो विवाह गरेकोमा **०५२ कार्तिक ७** गते प्रहरीमा उजुर गरिन्।

५.३ गर्भपतन

गर्भपतनका घटनाहरू काठमाडौंमा दैनिक १० देखि १२ वटा हुने गरेको सम्बन्धित क्षेत्रका चिकित्सकहरू बताउँछन्। तर यस सम्बन्धमा नेपालमा स्पष्ट कानून छैन। यस वर्ष पनि गर्भपतनलाई कानूनी मान्यता दिने र नदिने विषयमा विभिन्न बहस, विवाद र गोष्ठीहरूको आयोजना गरियो। गर्भपतन शहरमा फेसन सरह भएको छ भने गाउँमा अपराध सरह हुने गरेको कुरा महिला हक अधिकारका क्षेत्रमा कार्यरत मानिसहरू बताउँछन्। यस वर्ष गर्भपतन सम्बन्धी ६ वटा मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता भए भने एउटा मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता भयो।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

काठमाडौंमा मात्र ५० हजार जति श्रमजीवी बालिकाहरू भएको र ती मध्ये ५ हजार वेश्यावृत्तिमा र २५ हजार घरवार विहिन तथा ३ सय बालिकाहरूले आकाशमुनी खुला सडकमा नै जीवन बिताइरहेको कुरा बाल संरक्षण केन्द्रले **०५१ पुस २१** गते एक विज्ञप्ति प्रकाशित गरी जानकारी गराएको थियो। विज्ञप्तिमा बालिकाहरूमा धेरैजसो घरको भित्री काम गर्ने "कान्छी" भएको पनि उल्लेख छ।

सो केन्द्रका केदार सुवेदीका अनुसार त्यसरी घर-घरमा काम गर्ने बालिकाहरू करीब १० हजार रहेका र तिनीहरू मध्ये २० प्रतिशत मालिकहरूबाट यौन उत्पीडनको शिकार हुने गरेका छन्। ती मध्ये ३० प्रतिशतले बारम्बार दुर्व्यवहार सहनु पर्ने र ७० प्रतिशत निरक्षर छन्। ती बालिकाहरूले दैनिक १३ घण्टा भन्दा बढी काम गर्नु पर्ने पनि विज्ञप्तिमा जनाइएको छ।

काठमाडौं विष्णमुति, बाग्मती र टुकुचामा विभिन्न समय-समयमा नावालक बच्चाहरू मृत अवस्थामा फालिएको पाइने गरेको प्रहरी सूत्रले जनाएको छ। त्यसरी फालिने नवजात शिशुहरूमा अधिकांश बालिका हुने गरेका छन्।

काठमाडौं नपा बौद्ध ढुंगेधारा नजिकको ढलमा **०५१ माघ १६** गते करीब ३ वर्षकी एक बालिका मृत अवस्थामा फेला परिन्। ती बालिकालाई कस्ले किन फाल्यो थाहा हुन सकेन।

०५१ फागुन १८ गते देखि हराएकी सांसद डा. बंसीधर मिश्रकी ६ वर्षीय छोरी स्मृति (वन्दना) २० गते बेलुकी सर्लाही बरहथवामा फेला परिन्। महाराजगंज स्थित एपेक्स स्कूलमा पढ्ने ती बालिकालाई सांसदको घरमा काम गर्ने सतेन्द्र ठाकुरले घर पुऱ्याई दिन्छु भनी फुक्याएर त्यस तर्फ लगेको थियो। तर सोको उद्देश्य थाहा भएन।

०५२ असोज १ गते शोभा भगवती विष्णुमति खोलाको किनारमा एक नवजात शिशुको लाश फेला पऱ्यो।

खोटाङ जिल्ला ऐसेलु खर्कका दिपक गुरुङले बौद्ध स्थित लामा कार्पेटका मालिकका ६ वर्षीय छोरालाई अपहरण गरी उपत्यका बाहिर लैजान लाग्दा थानकोटमा प्रहरीले पक्राउ गऱ्यो। मालिकसंगको लेनदेनको कारण उक्त बालकलाई फकाएर अपहरण गर्न खोजिएको थियो।

काठमाडौं नपा-५ सानो गौचरणमा **०५२ असोज २७** गते एक नवजात बालिका मृत अवस्थामा फेला परिन्।

समयमा उपचार नपाउँदा **०५२ असोज २८** गते एक ८ वर्षीय बालिका रेखा साहको निधन भयो। असोज २७ गते राती कान्ति बाल अस्पताल पुऱ्याइएकी ती बालिकालाई डाक्टरले आफ्नो ड्युटी सकिएकाले भोलिपल्ट आउन भनेका थिए। भोलिपल्ट बिहान पनि डाक्टर शनिवार भनी नआएकाले ती बालिका झन्-झन् सिकिस्त बन्दै गइन्। शनिवार बेलुकी उनको मृत्यु भयो।

श्री ५ को सरकारले ०५१ माघ ७ गते बालबालिकाको हक संरक्षण गर्न "बालबालिका सम्बन्धी नियमावली ०५२" प्रकाशित गऱ्यो। यस वर्ष बालअधिकारका पक्षमा भएको यस कार्यलाई निकै महत्वपूर्ण मानिएको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा आर्थिक गतिविधिका ठूल-ठूला कार्यहरू हुने गरेका छन्। पेशागत स्वतन्त्रता, ट्रेड यूनियन, श्रम, पारिश्रमिक, सुरक्षा र संगठित हुने अधिकारको हननका घटनाहरू पनि त्यतिकै हुने गरेको पाइन्छ। ०५१ फागुनदेखि श्री ५ को सरकारले औद्योगिक मजदूरको लागि वृद्धि गरेको मासिक ३ सय भत्ता अहिलेसम्म मजदूरहरूले पाएका छैनन्। यस वर्ष सरकारले निजामति सेवामा तलवमा ३ सय गाभेर थप भत्ता दिंदा पनि मजदूरले सो सुविधा पाएनन्।

नेपाल बैंकका कर्मचारीहरूले कर्मचारीहरूका हकहित र पेशागत सुरक्षा सम्बन्धमा विभिन्न माग राखी **०५१ माघ १** देखि धर्ना कार्यक्रम शुरू गरे। कर्मचारीहरूले ०५१ भदौ ८ गते कर्मचारी संघ र व्यवस्थापन बीच भएको द्विपक्षीय सम्झौता लागु नभएका कारण उक्त आन्दोलन गरेका थिए।

०५१ माघ २९ गते देखि त्रिभुवन विश्व विद्यालयका उपकुलपति कमलकृष्ण जोशीलाई नेपाल विद्यार्थी संघका विद्यार्थीहरूले घेराउमा राखे। ०५१ फागुन १४ गते हुने स्ववियूको निर्वाचनमा मतदाता नामावलीमा अनियमितता भएको भनी नेविसंघले उक्त कार्य गरेको थियो। यस विषयलाई लिएर उपकुलपति जोशीले आफ्नो मानवअधिकार हनन भएको कुरा बताउनु भयो। उहाँलाई एकहप्तासम्म घेराउ गरिएको थियो। यस सम्बन्धमा अनेरास्ववियूले नेविसंघले मानवीय संवेदनाको बेवास्ता गरेको कुरा एक वक्तव्य मार्फत् उल्लेख गरेको थियो।

०५१ फागुन ४ गते तीन थाना ढुंगे अड्डा स्थित पशुपति क्यासेट, वाइके तथा आर.वी. ब्रस प्रा.लि.कम्पनीमा कार्यरत मजदूर र उद्योगपति वीचको वार्ताको क्रममा सो उद्योगका व्यवस्थापक हनुमानप्रसाद अग्रवाल र उनका छोरा मनोज अग्रवालले मजदूरलाई कुटपिट गरी अनावश्यक दवाव दिए।

नेपाल निजामति कर्मचारी संघलाई सर्वोच्च अदालतले गैर कानूनी भएको भनी **०५१ चैत १४** गते फैसला गऱ्यो।

नेपाल निजामति कर्मचारी संगठनले ४ वर्ष पहिले संघका विरूद्ध मुद्दा दर्ता गराएको थियो।

नेपाल नाई संघको आहवानमा **०५२ जेठ**को दोस्रो साता १ हप्तासम्म विभिन्न मागहरू राखी भद्रकालीमा अनशन बसे।

नेपालबाट वैदेशिक रोजगारका लागि विदेशमा जाने नेपालीहरूलाई यस वर्ष पनि विभिन्न यातना दिने र हिरासतमा राख्ने काम भयो। मलेशीया र सिंगापुरमा १५० भन्दा बढी नेपाली कामदारहरूलाई अवैध रूपमा प्रवेश गरेका कारण त्यहाँको अदालतले ३ कोर्रा र ३ महिनाको जेल सजाय तोकिदिएको कुरा त्यहाँबाट भागेर आउनेहरूले बताए। नेपालबाट वैदेशिक रोजगारका लागि विदेश पठाउँछु भनी ठगेर पैसा खाएका १७ वटा घटना जिल्ला प्रहरी कार्यालयमा दर्ता भए।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

दासत्व, कमैया, बाँधा र हलिया आदि प्रथा यस जिल्लामा परम्परागत रूपमा नभए पनि त्यस्ता विकृतिका घटनाहरू भने सम्पन्न वर्ग र विपन्न वर्ग बीच हुने गरेको छ। विभिन्न उद्योगमा कामदार मजदूरहरूले पनि त्यस स्थितिको सामना गर्नु परेको छ। तर यो वर्ष उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

उल्लेख्य घटना जानकारीमा आएको पाइएन। तर पनि यस वर्ष छुवाछूत सम्बन्धी विशेष चर्चा भयो।

सबै प्रकारका जातीय विभेद निर्मूल सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुसार नेपालले उत्पीडित दलित नागरिकका तर्फबाट आयोजक समितिले तयार गरेको मस्यौदा ०५१ पुसमा सार्वजनिक गरियो। संयुक्त राष्ट्र संघद्वारा सन् १९६५ डिसेम्बर २१ मा सबै प्रकारका जातीय विभेद निर्मूल सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि घोषणा गरी सन् १९७९, ४ जनवरी देखि लागु गरिएको थियो। नेपालले त्यस सम्बन्धी महासन्धिलाई सन् १९६९ को जनवरी ३० मा अनुमोदन गरी १ मार्च १९७१ देखि लागु गरिएको थियो। तर महासन्धिमा हस्ताक्षर गरेपछि हरेक २ वर्षमा बुझाउने पर्ने राष्ट्रिय प्रतिवेदन नेपालले अहिलेसम्म संयुक्त राष्ट्रसंघमा बुझाएको छैन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

देशको राजधानी भएकाले यसै जिल्लामा श्री ५ को सरकारका अधिकांश केन्द्रीय कार्यालयहरू छन्। त्यस्तै सबै राजनीतिक दलका केन्द्रीय कार्यालय र प्रवक्ता पनि रहेका छन्। त्यसैले विभिन्न समयमा भएका घटनाहरूमा त्यस्ता घटनाका सम्बन्धमा र अन्य रूपले पनि सम्बन्धित निकायहरूले आफ्ना प्रतिक्रिया प्रेस वक्तव्य मार्फत् वा अन्य प्रकारले सार्वजनिक गरेको पाइएको छ।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

अध्यागमन विभागले **०५१ माघ १** गते **काठमाडौं नपा-१०** बानेश्वर स्थित एक घरमा छापा मारी ६ जना श्रीलंकाका नागरिकलाई पक्राउ गऱ्यो। उनीहरू ४-५ वर्ष यतादेखि नेपालमा बसेर अवैध रूपमा पासपोर्टको कारोबारमा संलग्न रहेको प्रमाण पनि फेला परेको कुरा गृह मन्त्रालयका प्रवक्ताले बताए।

नेपाल प्रहरीले **०५१ फागुन १८** गते थानकोटमा ८ जना भारतीय प्रहरीलाई पक्राउ गऱ्यो। भारतको विहार राज्यको डि.एस.पी. अजितनारायण सिंहको नेतृत्वमा आएको सो टोली अनाधिकृत रूपमा उपत्यका प्रवेश गरेको थियो। विहान ८ बजे पक्राउ गरी तिनीहरूलाई सोही दिन बेलुकी छोडियो। हातहतियार वाकीटकी सहित आएको टोलीले आफ्नो गाडी जाँच गर्न दिएन।

यस वर्ष यस जिल्लामा १ सय ५६ जनाले आत्महत्या गरे जस अनुसार विष खाएर ६२ जनाले, आगो लगाएर २१ जनाले, झुण्डिएर ७१ जनाले, हातहतियारको प्रयोगबाट १ जनाले र पानीमा डुबेर १ जनाले आत्महत्या गरेको पाइयो। त्यसरी आत्महत्या गर्नेहरूमा महिलाको संख्या बढी छ।

त्यसैगरी यस वर्ष विभिन्न **१४** वटा ब्लाकमेलिङ, ठगी र किर्ते जालसाजका घटना भए। गैर कानूनी हातहतियारका घटना जिल्ला प्रहरी कार्यालयमा दर्ता भए। त्यस्तै **९४** वटा सडक दुर्घटनाका घटनाहरू भए। त्यसक्रममा **९१** जनाको मृत्यु भयो भने **७** जना गम्भीर घाइते भए। त्यसरी भएका **९४** वटा सवारी दुर्घटनाका **४६** वटा घटनामा मात्र प्रहरीले कारवाही चलायो।

■



२. मध्यमाञ्चल

बागमती

२.१६ धादिङ्ग

जनसंख्या : २७८०६८

साक्षरता : ३२.० प्रतिशत

महिला साक्षरता : १८.४ प्रतिशत

क्षेत्रफल : १९२६ वर्ग कि.मी.

पृथ्वी राजमार्गको ८० कि.मि. सडक ओगटेको र देशको राजधानी पुग्ने ६६ जिल्लाको द्वारका रूपमा रहेको धादिङ्गको एक हिस्सा दुर्गम पनि छ। सदरमुकामदेखि ४/५ दिन हिंड्दा पनि यसको सीमाना छिचोल्न कठिन छ। जम्मा ५० वटा गाविस छन्। उब्जाउका हिसाबले २५ प्रतिशत मात्र जमिन खेती योग्य मानिन्छ। ३ वटा संसदीय निर्वाचन क्षेत्रमा विभक्त यस जिल्लाको क्षेत्र नं. १ सबै हिसाबले पछि परेको छ। पिछडिएको चेपाङ्ग जातिको समेत बसोबास रहेको यो जिल्लामा मानवअधिकार उल्लंघनका विविध घटनाहरू पाइन्छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

केवलपुर गाविस-६ का ८० वर्षीय धनबहादुर तामाङलाई **०५१ पुस २६** गते सोही ठाउँका ६१ वर्षीय जेठी लामाले लौराले कुट्दै कान्लाबाट धकेली हत्या गरिन्। हातमा ठूलो घाउ आइ नचल्ने भएकोमा झाँक्री हेराउँदा बोक्सो लागेको छ भनेको र त्यो बोक्सो निकै बुढो र तिनै छिमेकमा बस्छ भनेकाले बेघरवार अवस्थाका ती वृद्धको हत्या भएको हो। अभियुक्तलाई थुनामा राखिएको छ।

मार्पाक गाविस-७ की १७ वर्षीय भुण्टी वि.क.लाई निजकै पति भुण्टे वि.क.ले **०५१ चैत २९** गते राती आफू घरमा आउँदा आफ्नी पत्नीले पहिल्यै खाना खाइसकेको भन्ने निहुँमा कुटी कुटी हत्या गरे। हाल पीडकलाई कानूनी कार्वाहीका निम्ति थुनामा राखिएको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
वनअधिकृतको गोलीले मृत्यु	-	-	-	१
हिरासतमा यातना	३	-	२	-
बलात्कृत	-	-	१	२
[प्रहरीद्वारा बलात्कृत				१]
आत्महत्या	-	-	९	१५

गुम्दी गाविस-५ बस्ने वर्ष ४० का फट्टबहादुर घलेलाई **०५२ वैशाख १४** गते निजकै बाबु वर्ष ६० का हिराबहादुर घलेले गोठालो जाउँ भन्दा नटेरेपछि दाउरो लिएर जाँदा छोराले खुर्पा लिएर आएपछि छोराको खुर्पा खोसी आफूले लिएको दाउराले ३/४ चोटी प्रहार गर्दा छोरो बेहोस अवस्थामा पुगेको थियो र त्यसकै कारण २ दिनपछि उसको मृत्यु भयो। पीडकलाई कानूनी कार्वाही चलाइएको छ।

सल्टानकोट गाविस-१ की १८ वर्षीय भगवती भण्डारीलाई निजकै पति २१ वर्षीय गोविन्दबहादुर भण्डारीले **०५२ असार १६** गते राती १२ बजेतिर आफ्नै घरभित्र कुटी कुटी मारे। आफ्नो पतिले अर्कै केटीसंग प्रेम गर्छ भन्ने आशंकामा भगवती प्रायः माइतै बस्दथिन्। तर त्यस दिन घर आएकी थिइन्। अभियुक्तले साविती बयान दिएपछि कानूनी कार्वाही चलाइएको छ।

वैरेनी गाविस-७, वेल्टारमा डेरा गरी कुल्ली काम गर्ने ४५ वर्षीय भक्तबहादुर राईको लाश **भूमेस्थान गाविस-६ कोइराले** भन्ने ठाउँमा **०५२ असार २१** गते फेला पऱ्यो। अनुसन्धान गर्दा स्थानीय सीताराम चालिसेसँगै महादेव वेंसी जान हिंडेको र सीतारामले नै उनलाई मारेको कुरा साविती बयानबाट थाहा भयो।

गजुरी गाविस-२ मा **०५२ मंसीर ७** गते गोली चल्यो। फुर्के खोलामा स्थानीय बासिन्दाहरूले ढुङ्गा लोड गरिरहेको अवस्थामा जिल्ला वन अधिकृत जीवनकुमार ठाकुर आइपुगे। उनले ट्रस ट्कमा काठ लोड गरेको शंका गरी तत्काल वन सुरक्षा गार्ड र प्रहरी लिएर घटनास्थलमा पुगी जनतालाई समात्न लाग्दा दुईथरीको मनाभन भएपछि प्रहरीले हवाइ फायर गऱ्यो तर झगडा साम्य भएन। प्रत्यक्षदर्शीका अनुसार प्रहरीले हवाइ फायर गरेपछि वन अधिकृत आफैले प्रहरीसंग वन्दुक खोसी सीधा ताकेर गोली हाने। झगडा हेर्न पुगेका ४० वर्षीय टोपबहादुर पाठकलाई गोली लाग्यो। वन अधिकृत भागे। काठमाडौं उपचारार्थ लैजाँदा लैजाँदै

टोपबहादुरको निधन भयो। तत्कालिन सरकारले वन अधिकृतलाई निलम्बन गरी कानूनी कार्वाही गर्ने निर्णय गऱ्यो। मृतकलाई तत्कालै ५० हजार राहत प्रदान गरेको थियो तर हाल निज वन अधिकृत पुनः बहाली भएको बुझिएको छ।

मार्पाक गाविस-९ का ३१ वर्षीय भीमबहादुर तामाङलाई सोही ठाउँका २५ वर्षीय चोकबहादुर तामाङले आपसी झगडामा **०५२ असोज २५** गते मीरबाट खसाली हत्या गरे। उक्त घटनामा दुबै जना रक्सीले मातेका थिए। हाल चोकबहादुर तामाङलाई जिल्ला प्रहरी कार्यालय मार्फत जिल्ला अदालतले थुनामा राखी कानूनी कार्वाही चलाइरहेको छ।

मैदी गाविस-८ का २५ वर्षीय काले भन्ने अम्बरबहादुर गुरुङ्ग मगरलाई **०५२ कार्तिक** ८ गते उनकै काका ५१ वर्षीय दानबहादुर गुरुङ्ग मगरले मुँढीमा चुपी रोपी हत्या गरे। अमर लेनदेनको विषयमा कुरा गर्न काकाको घर आएका थिए। तिहारको दिन रक्सीको सुरमा उक्त घटना भएको कुरा स्थानीय व्यक्तिहरू बताउँछन्। पीडक अदालती कार्वाहीमा जेलमा बसी रहेका छन्।

१.२ जेल र बन्दीहरू

धादिङ जेल जीर्ण अवस्थामा रहेको छ। ३ वटा कोठा र २५ जना बन्दी क्षमता भएको यस जेलमा औसत ३५ जना भन्दा घटी बन्दी कहिल्यै हुँदैनन्। महिला र पुरूषको लागि छुट्टाछुट्टै कम्पाउण्ड नभएको यस जेलमा महिला बन्दीहरूले बाहिर निस्कन र घाम ताप्न समेत नपाउने स्थिति विद्यमान छ। कुनै सीप तथा आयमूलक काम नहुनु, बेलुका भएपछि बत्तीको राम्रो उज्यालो नपाउनु, छानाबाट पानी चुहिनु, बेलुका ५ बजेपछि बिहान सात बजेसम्म सुत्ने कोठामै दिशा पिसाब गर्नु पर्ने, पत्रपत्रिका तथा संचार साधनबाट टाढै रहनु पर्ने यस जेलका समस्या हुन्। जेल भवन २०३८ सालमा बनेको भए पनि आवश्यक सुविधा विहीन देखिन्छ।।

हाल यस जेलमा जम्मा ३६ जना रहेका छन्। जसमा गत वर्षका २२ जना र यो वर्षका ५० जना गरी ७२ जना थुनुवा रहेकोमा विभिन्न मितिमा ३६ जना छुटी सकेका छन्। हाल बाँकी रहेका ३६ जनामा विगत वर्ष कैद सजाय पाएका १ जना र यो वर्ष कैद सजाय पाएका ६ जना गरी जम्मा ७ जना बाहेक अन्य सबै पुर्पक्षको लागि राखिएका थुनुवा हुन्। यसमध्ये ३ जना महिला रहेका छन्।

१.३ गिरफ्तारी र यातना

जिल्ला अस्पतालको सुधारका निम्ति विभिन्न माग राख्दै **०५२ साउन २७** मा नेविसंघद्वारा **अस्पताल आँगन**मा धर्ना दिइयो। वार्ताद्वारा कुरा नमिलेपछि प्रहरीले धर्नाकारीहरूलाई बलपूर्वक बाहिर निकाले। बाहिर रहेको भीडले प्रहरीप्रति आक्रोश व्यक्त गर्न पुग्यो र नारा लगायो। त्यसै बीच भीडबाट ढुङ्गा प्रहार गरियो। त्यसको जवाफमा प्रहरीले व्यापक रूपमा लाठी चार्ज गरी बजारसम्म आन्दोलनकारीहरूलाई लखेट्यो। जुलुसबाट मुरलीभञ्ज्याङ गाविस अध्यक्ष भीमप्रसाद ढुङ्गाना, निलकण्ठ गाविस-५ का रवीन श्रेष्ठ, हरिकुमार श्रेष्ठ, शिवराम भण्डारी, नारायणकुमार श्रेष्ठलाई गिरफ्तार गरी प्रहरी हिरासतमा राखियो। पछि उनीहरूलाई सार्वजनिक मुद्दा लगाई जिल्ला सभापति भीमसेनकुमार श्रेष्ठको जमानीमा छाडियो र उनीहरूले हाल जिल्ला प्रशासनबाट सफाई पाइसकेका छन्।

भूमेस्थान गाविस-६ मा भएको भक्तबहादुर राईको मृत्यु सम्बन्धी अनुसन्धानका लागि पक्राउ गरिएका बैरेनी गाविस-७ का सीताराम चालिसेलाई प्रहरीले निर्मम यातना दिएको, पैतालामा पाइपले हानेको, बुठले कुल्चिएको लौराले जीउमा कुटेर बेहोश पारेको पीडितले बताएका छन्। यस विषयमा जिल्लाका डि.एस.पी.संग बुझ्दा उहाँले त्यस्तो निर्देशन नदिएको र सो सम्बन्धी आफूलाई जानकारी पनि नभएकाले त्यस्तो भएको भए प्रहरी जवानलाई हप्काउने आश्वासन दिनु भएको थियो।

१.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

नलाङ गाविस-४ का २७ वर्षीय पातली सुनारलाई अपशब्द बोलेको आरोपमा **०५१ चैत ५** गते सोही ठाउँका लोके सुनार, कुमार सुनार, जुठे सुनारले घरमै पसेर कुटपिट गरे। दुइ जीउकी पातली सुनारको त्यही कुटपिटका कारण १७ दिनपछि गर्भ तुहयो। हाल अभियुक्तहरूलाई तारेखमा छाडिएको छ।

धुँवाकोट गाविस-७ का शिक्षक नेत्र नेपाललाई **०५२ असोज २५** गते सरस्वती मा.वि.को प्राङ्गणमै त्यहाँका छात्रहरू रामसिं तामाङ, गोन्दे तामाङ, फुलबहादुर तामाङ लगायतका विद्यार्थीहरूले मरणासन्न हुने गरी कुटे। अपायक सरूवा गरिएका शिक्षक नेत्र नेपाललाई त्यस विद्यालयमा एक शिक्षक दरबन्दी रिक्त भएपछि सरूवा फिर्ता गरी पठाएकोमा त्यहींकै स्थानीय व्यक्तिलाई राख्न उनलाई त्यस विद्यालयमा हाजिर हुन नदिने योजना अनुरूप त्यहाँकै शिक्षक वृद्धिलाल तामाङको निर्देशनमा सो घटना भएको बताइन्छ। पीडक पक्षलाई सार्वजनिक अपराध ऐन अन्तरगत मुद्दा लगाइएको छ।

नौबिसे गाविस-४ का १८ वर्षीय ध्रुवराज राईले सोही ठाउँका २५ वर्षीय जेठा राईलाई पारिवारिक विवादका कारण **०५२ मंसीर १४** गते छुरी प्रहार गरी घाइते बनाए। पीडक ध्रुव राईलाई ज्यान मार्ने उद्योग अन्तरगत मुद्दा चलाइएको छ।

दार्खा गाविस-१ का ३५ वर्षीय माधवप्रसाद रिजाल र उनकी पत्नी झंककुमारी रिजाललाई आफ्नै भाइ गोपालप्रसाद रिजालले **०५२ पुस ३** गते हँसियाले कुटे। केही वर्ष अगाडि छुट्टिएर बसेका दाजुभाइमा बाबुआमाको अंश खाने विषयमा झगडा भई सो घटना भएको थियो। पीडकलाई ज्यान मार्ने उद्योग अन्तरगत मुद्दा लगाइएको छ।

जिल्ला मालपोत कार्यालयमा लेखापढीको काम गर्ने **निलकण्ठ गाविस-५** का ४९ वर्षीय कृष्णकुमार श्रेष्ठलाई **०५२ असोज ११** गते सोही ठाउँका १८ वर्षीय प्रकाश श्रेष्ठले दिउँसो १ बजेतिर कार्यालय हाता भित्रै कुटे। पीडकसंग आफ्नो कुनै

सरोकार नभएको र त्यस दिन कुद्दासम्म पनि आफूलाई केही थाहा नभएको बताए पनि रीसइबीकै कारण प्रकाश श्रेष्ठले कृष्णकुमारलाई कुटेको भन्ने जानकारी पाइयो।

१.६ थुनामा मृत्यु
यस सम्बन्धमा कुनै घटना भएन।

२. मौलिक अधिकार
२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)
०५२ असार १६ गते नेविसंघको आव्हानमा भएको नेपाल बन्दका विपक्षमा आफ्नो मत प्रकट गर्ने धादिङ बेसीका शालीकराम अधिकारीलाई आन्दोलनकारीहरूबाट घरभित्रै थुन्ने काम गरियो। धादिङ बेसीकै पुछार बजारका हरि अधिकारीको कपडा पसलमा पसी कपडा छरेर उनी र उनका परिवारलाई लछारपछार गरियो।

२.२ धार्मिक स्वतन्त्रता
यस जिल्लामा पनि विभिन्न धर्मको प्रवेश बढ्दो मात्रामा देखिन थालेको छ। हिन्दू, वौद्ध पछि क्रिश्चियन र इश्लाम धर्मको प्रभाव यहाँ देखिन थालेको छ। जिल्लाको उत्तरी क्षेत्रमा क्रिश्चियन र बुद्धिष्टहरूको बीचमा केही विवाद सृजना हुन थालेका छन् र जबरजस्ती क्रिश्चियन बनाउने गरिएको छ। त्यस्तै गरी दक्षिणी क्षेत्रको तसर्पु, थाक्रे, भूमेस्थानका केही भागमा क्रिश्चियन धर्म मान्ने नाममा हिन्दू परम्परा त्याग्ने कुराले ती व्यक्तिहरू सो समाजबाट तिरस्कृत भएका घटना पनि देख्न थालिएको छ।

२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार
सामान्य मुद्दामा पनि वर्षौं कुर्नु पर्ने, पचासौं तारेख खेप्नु पर्ने र ठूलो धनरासी खर्च हुने आदि कारणबाट पनि अदालत जाने कुरामा उत्सुकता नदेखाउने स्थिति देखिन्छ।

२.५ सरूवा / घटुवा / पक्षपात आदि
सरूवा घटुवाका पक्षपातपूर्ण घटनाको बारेमा कर्मचारीहरूसंग बुझ्दा कर्मचारीको टिप्पणी थियो अब त हामीलाई निजामति कर्मचारी नभनेर राजनीतिक नियुक्तिका व्यक्ति भन्ने नाम राख्ने राम्रो हुन्थ्यो। सत्ता परिवर्तन हुने वित्तिकै एउटा कार्यकर्ताको चित्त बुझाउन नसक्दा सरूवा भइहाल्ने अवस्था रहुञ्जेल यस्तो भई नै रहन्छ। यसै सन्दर्भमा स्वास्थ्य क्षेत्रमा काम गर्ने अहेबहरू कार्तिकदेखि यता मात्र १ दर्जनभन्दा बढी सरूवा भएका छन् भने उपस्वास्थ्य चौकीका १ दर्जन अस्थायी पियनहरूलाई आस्थाका कारण हटाएर पुनः अस्थायी पियन नै भर्ना गरिएको छ।

खानी खोला मा.वि.मा प्र.अ. राख्ने विषयमा सर्वपक्षीय छलफलबाट अरूण जोशीलाई नियुक्ति दिइएकोमा हाल आएर अरूण जोशीलाई घटुवा गरी रामविनायक शाहलाई मन्त्रीको आदेशमा प्र.अ. बनाइएको बताइन्छ। यसरी व्यक्तिको प्रभावका आधारमा पनि घटुवा र बढुवाको स्थिति बनिरहेको छ।

यसका अतिरिक्त यस जिल्लामा **पुस १** गतेदेखि लागू हुने गरी १६ जना प्राथमिक शिक्षकहरूले अवकाश प्राप्त गरेका छन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या
यस जिल्लामा लगभग एक हजारको संख्यामा सुकुम्बासी रहेको अनुमान छ।

४. महिला अधिकार
४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना
गोरखा जिल्ला कटेल डाँडा माइती बताउने भारत (यू.पी.) गोरखपुर पटेलगञ्ज निवासी सुदर्शन जोगी पंजावीसंग विवाह गरी बसेकी २७ वर्षीय अञ्जु लामिछानेले **०५१ चैत ४** गते **बेनीघाटकी** २१ वर्षीय पम्फा रेग्मीलाई केही खाने कुरा दिएर बेहोश पारी सुनौली पुऱ्याइन्। सुनौली पुगेपछि उनको होश खुल्यो। आफू अनौठो ठाउँमा आइपुगेको थाहा पाएर आत्तिदै कराएपछि प्रहरीको सहयोगले उनलाई मुक्त गरियो। अभियुक्त त्यस बखत फरार भए पनि पछि धादिङ जिल्लाको बेल्टारमा अर्को एक महिलालाई त्यसैगरी फकाउन लागेको अवस्थामा स्थानीय व्यक्तिहरूले शंका लागि पक्रिएर प्रहरीमा बुझाए। पहिले बेच्न लगिएकी केटीबाट अभियुक्तको पहिचान भएपछि प्रहरीले कानूनी कार्वाहीका निम्ति अदालतमा बुझायो र अदालतले दोषी प्रमाणित गरी जेल सजाय तोकेको छ।

जोगीमारा गाविस-२ घर भई कुल्ली काम गरी बस्ने १५ वर्षीय एक बालिकालाई **०५२ मंसीर २८** गते ना.अ.ख २२११ नं. को ट्रक चालक २१ वर्षीय इन्द्रराज पन्तले ललाई फकाई एकान्त ठाउँमा लगेर बलजफ्ती बलात्कार गरे। पीडक फरार रहेको थाहा भएको छ।

बेनीघाट गाविस मलेखु बजारकी एक युवतीलाई **०५२ असार १३** गते राती प्रहरी नायव निरीक्षकले बलात्कार गरे। प्रहरी नायव निरीक्षकलाई राजमार्ग गस्ती प्रहरीको टोलीका प्रहरीले पक्राउ गरी कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय चितवन पठाएका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार
बहुविवाह सम्बन्धी कानूनी दण्ड खासै ठूलो नभएको र बहुविवाह भइसकेपछि त्यसलाई दण्ड गर्नु भन्दा पनि मिलाउने र पहिलेकी पत्नीसंग सामञ्जस्य कायम गर्ने कुरामै मान्छेको ध्यान जाने र पीडित पक्षले पनि अधिकांश त्यस्तै चाहना राख्ने स्थितिले बहुविवाहका अधिकांश घटना चर्चामा आएको पाइँदैन।

निलकण्ठ गाविस-९ का २२ वर्षीय कर्णबहादुर घलेले **०५२ असोज २९** गते घरमा पत्नी हुँदा हुँदै गाउँकै अर्की केटी माया घलेलाई बिहे गरेका छन्।

बैरेनी गाविस भल्टार निवासी रामकृष्ण न्यौपानेले **०५२**

साउनमा पत्नी र दुइवटी छोरी हुँदा हुँदै पनि छिमेकी ३ वटा बच्चाबच्चीकी आमालाई अर्को पत्नी बनाएर दुबै तर्फका बच्चालाई अलपत्र पारेका छन् भने जेठी पत्नी गोमा न्यौपाने एक्ली र असहाय बनेकी छिन्।

देह व्यापार पनि बढ्दो मात्रामा विशेष गरी सडक क्षेत्रहरूमा देखिन थालेको छ। उदाहरणका रूपमा ०५२ भदौ महिनामा सिम्लेमा २ वटा भर्खर जन्मेका बच्चा फालिएको फेला पर्नु, बच्चा जन्मी सक्दा पनि बाबुको ठेगान नहुनु, एउटी महिलाले गर्भ लुकाउन या फाल्न नसक्दा त्यस्ता महिलालाई केटाको नाम भन्न लगाउँदा ५/७ जना व्यक्तिको नाम लिनु जस्ता घटनाले देहव्यापार चलिरहेको पुष्टी गर्दछ।

५.३ गर्भपतन

सल्यानटार गाविस-२ की ३५ वर्षीय मैया गिरी र सोही ठाउँका शिक्षक विजयकान्त मिश्रका बीच अनुचित सम्बन्ध भई गिरी गर्भवती भएकी थिइन्। शिक्षकले गर्भ पतन गराउन औषधि प्रयोग गर्दा उनको **०५२ असार २५** गते मृत्यु भयो। मिश्रलाई पक्राउ गरी हाल तारेखमा छोडेको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लामा अझै पनि बालकहरूलाई पठन पाठनमा लगाउनुभन्दा आर्थिक उपार्जनको निम्ति श्रममा लगाएको पाइयो। बालकहरू एकातिर बस स्टपमा विस्कुट, पापड लगायतका सामान बेचेर पैसा कमाउने आदतमा फँसिसकेका छन् भने अर्कोतिर चिया ग्लास माझेर बस्ने संख्या पनि उल्लेख्य छ। संगसंगै आगरा खोला र महेश खोलाबाट ठूलो संख्यामा हातले कुटेको गिट्टी बिक्री हुने हुनाले त्यसमा पनि बाल श्रमको ठूलै लगानी भएको देख्न सकिन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा पनि समान कामको समान ज्यालाको सिद्धान्त लागू भएको पाईंदैन। एउटै काममा लोग्ने मान्छेको ज्याला बढी हुन्छ भने महिलाहरूको ज्याला घटी रहेको पाइन्छ। यसका अतिरिक्त थोरै पैसा तिरेर १८ घण्टासम्म बालबालिकालाई विशेष गरी होटेल तथा घरेलु काममा लगाएर शोषण गर्ने स्थिति कायम छ। यहाँका ९० प्रतिशत महिलाहरू विहान उज्यालो नहुँदै उठ्नु पर्ने र बेलुका १२ बजेसम्म घर धन्दामा लाग्नु पर्ने स्थिति विद्यमान छ। यसबाट महिला वर्गमाथि विश्रामको अधिकार कुण्ठित भएको पाइन्छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यी कुनै पनि प्रथा यस जिल्लामा परम्परागत रूपमा छैन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा मानवअधिकारको उल्लंघन विशेष गरी परिवारका मूलीहरूबाट पनि चर्को रूपमा भएको पाइन्छ। जसको कहीं चर्चा भएको पनि पाईंदैन र पीडित पक्ष चर्चा गर्न पनि चाहँदैन। जस्तै लोग्नेले आफ्नी पत्नीलाई मरणाशन्न हुनेगरी कुट्ने, छोरीले स्कूल जाँदा लाग्ने खर्च समेत सजिलै नपाउने, जातका आधारमा भेदभाव गरिने, सासुले बुहारीको शोषण गर्ने, वृद्धहरूलाई वास्ता नगर्ने, बालकहरूलाई कुटेर तह लगाउन खोज्ने जस्ता घटनाबाट मानवअधिकार ठाडो उल्लंघन भइरहेको छ।

छुवाछूत सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

फुर्केखोलाको गोलीकाण्ड बारे धादिङ जिल्ला क्षेत्र-३ का सांसद राजेन्द्रप्रसाद पाण्डेले हत्यारा वन अधिकृत जीवनकुमार ठाकुरलाई तत्काल निलम्बन गरी कानूनी कार्वाही गर्नु पर्छ र पीडित पक्षलाई सरकारले तत्काल राहतको व्यवस्था गरोस् भन्ने सार्वजनिक संचार माध्यमबाट आफ्नो प्रतिक्रिया व्यक्त गर्नु भयो। साथै सिसाद धादिङले पनि यस घटनाको उचित छानबीनको माग तथा घटनाप्रति दुःख व्यक्त गर्दै एक वक्तव्य प्रकाशित गरेको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

धादिङ जिल्ला सवारी दुर्घटनाका हिसाबले अत्यन्त चर्चामा आउने जिल्ला हो। दुर्घटनाका विभिन्न कारणमध्ये गाडीको चाप बढी हुनु, घुम्ती परेको बाटो हुनु, आवश्यक भन्दा बढी गतिमा गाडी चलाउनु, खलासीलाई गाडी चलाउन दिनु, लामो रूटका बसहरू यहाँ आइपुग्दा निन्द्राले बढी सताउने बेला पर्नु, वर्षाको समयमा बाटोमा ब्रेक नलाग्नु नै प्रमुख छन्। यी कारणले गर्दा यहाँ कुनै न कुनै दुर्घटना भइरहन्छ र विभिन्न समयमा मान्छेहरूको ज्यान गइरहेको हुन्छ। यस वर्ष करीब ५० वटा जति दुर्घटनाहरू भए। उक्त घटनाबाट ४० जना व्यक्तिको तत्काल मृत्यु हुन पुग्यो। बाढी पहिरो जस्ता विपत्तिहरूमा परेर ११ जनाको मृत्यु भयो।

यो वर्ष यहाँ १५ जनाले आत्महत्या गरे। जसमा ९ जना महिला र ६ जना पुरूष छन्। नीलकण्ठ गाविस-६ की फूलमाया गुरूङ्गले गरीबीका कारण खान लाउन समेत नपाउने भएपछि ०५१ पुस १९ गते आत्महत्या गरिन्। आफ्नो प्रेमीले लेखेको चिठ्ठी बाबुको हात परेपछि डराएर बुढी गण्डकी नदीमा हामफालेर आत्महत्या गर्ने गोरखा जिल्ला तन्द्राङ्ग गाविस-३ की १८ वर्षीय कोपिला खनालको लाश ०५२ कार्तिक १९ गते धादिङ्ग जिल्लामा पर्ने बुढी गण्डकीको किनारमा फेला पर्‍यो। अन्य ५ जनाले घरायसी झगडाका कारण आत्महत्या गरेको पाइएको छ भने अरूको कारण थाहा हुन सकेको छैन। आत्महत्याको तरीकामा ४ जनाले खोलामा हामफालेर, ४ जनाले विष सेवन गरेर र ७ जनाले झुण्डिएर आत्महत्या गरेको देखिएको छ।

यो वर्ष यहाँ डकैतीको एउटा घटना भयो।

■



२. मध्यमाञ्चल

बागमती

२.१७ सिन्धुपाल्चोक

जनसंख्या : २६१०२५
साक्षरता : २९.२ प्रतिशत
महिला साक्षरता : १४.७ प्रतिशत
क्षेत्रफल : २५४२ वर्ग कि.मी.

चीनको तिब्बतसंग जोडिएको सिन्धुपाल्चोक जिल्लामा तामाङ्ग जातिको बाहुल्यता छ। यहाँ रोजगारीको अभाव चर्को छ। बेरोजगारीकै कारण पनि यहाँका कतिपय युवतीहरू दुर्व्यसनमा लाग्ने, मुग्लान जाने प्रचलनमा रमाएको पाइन्छ। मानवअधिकार उल्लंघनका घटनाहरूमा यो जिल्ला पनि चर्चामा रहने गरेको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मोताङ्ग गाविस-५ का ६० वर्षीय डनेरसिं तामाङ्गलाई स्थानीय ३० वर्षीय बलबहादुर तामाङ्गले **०५१ माघ १** गते कुटपिट गर्दा १० दिन पछि निज डनेरसिंको मृत्यु भयो। पीडक बलबहादुर फरार छन्।

गोल्चे गाविस-१ का ३५ वर्षीय कान्छा तामाङ्गलाई जीतबहादुर र काइला स्याङबा तामाङ्ग मिली गोठमा एक्लै बसेको बेला **०५१ फागुन १२** गते कुटेर मारे। जीतबहादुर तामाङ्गलाई तारेखमा छाडिएको छ।

हगाम गाविस-७ का २७ वर्षीय लामा दोर्जे गोले तामाङ्गलाई तास खेल्दाको झगडामा स्थानीय ९ जनामध्ये भिमबहादुर तामाङ्गले कोदालोको पासोले टाउकोमा हान्दा लामा दोर्जे बेहोश भए। काठमाडौं पुऱ्याई वीर अस्पतालमा उपचार गर्दा गर्दै **०५२ बैशाख २३** गते दोर्जेको मृत्यु भयो। अभियुक्तहरूमध्ये ८ जना पक्राउ परेका र एकजना फरार रहेका छन्।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	–	–	–	–
हिरासतमा यातना	–	१	२	१
बलात्कृत	२	३	–	१
आत्महत्या	–	१०	११	२५

हगाम गाविस-७ का हर्कलाल तामाङ्गलाई स्थानीय दावा दोर्जे तामाङ्गसमेत १० जनाले आक्रमण गरी कुटपिटका साथै खुकुरी प्रहार गरे। काठमाडौं पुऱ्याएर वीर अस्पतालमा उपचार गर्दा गर्दै **०५२ जेठ १९** गते निजको मृत्यु भयो।

पेढ्कु गाविस-४ का तेजबहादुर गुरुङ्गलाई पेढ्कु गाविस-६ का लिलाबहादुर खड्का, बद्री खड्का, रामजी खड्काले छुरी प्रहार गरी **०५२ कार्तिक २१** गते हत्या गरे। गुरुङ्ग दोलखास्थित कोरियन अस्पतालको मोटर चलाउँथे र महादेवको जात्राका निम्ति घर आएका थिए। एक वर्ष पहिलेको रीसइबीले लडेका साथीभाईलाई छुट्याउन जाँदा उनको मृत्यु भएको थियो। हाल अभियुक्तहरूलाई थुनामा राखी कार्वाही गरिँदै छ।

१.२ जेल र बन्दीहरू

जम्मा ३५ जना अटाउने चौतारा जेलमा हाल ६४ जना मध्ये थुनुवा ४४ जना र कैद तोकिएका १८ जना र नावालक २ जना रहेका छन्। तिनीहरू मध्ये महिला ४ जना रहेका छन्। जेलभित्र र बाहिर गरी २ चर्पी र दुई धारा छन्। स्वास्थ्योपचारको सुविधा छ। भेटघाट गर्न र पत्रिका पढ्न दिइन्छ। प्रौढ कक्षा सञ्चालित छ। बन्दीहरूसंग आर्थिक अभाव भएकोले वकील राख्न नसकेको गुनासो पाइयो। अरू विशेष गुनासाहरू पाइएनन्।

१.३ गिरफ्तारी र यातना

धुस्कुन गाविसका भूपीचन्द सापकोटाको घर चोरी भएको निहुँमा आफ्नो सामान बिक्री गरी घर फर्किरहेका धुस्कुन गाविस-२ का ४७ वर्षीय वीरबहादुर वि.क. र ३५ वर्षीय चन्द्रबहादुर विश्वकर्मालाई प्रमाणबिना नै प्रहरीले **०५२ मंसीर १४** गते गिरफ्तार गरी ३ दिनसम्म हिरासतमा राखी यातना दिइयो।

१.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

महांकाल गाविस-५ का ३५ वर्षीय चिङ्गा तामाङ्गलाई स्थानीय कृष्णबहादुर तामाङ्ग र आइमान तामाङ्गले **०५१ चैत २६** गते बेलुका कुटपिट गरे। वन सम्बन्धी विवादको रीसइबीले अभियुक्तहरूले चिङ्गालाई कुटेका थिए। दुवै पीडकहरू फरार भएका छन्।

थाङपालधाप गाविस-३ का २७ वर्षीय पद्मबहादुर धितालालाई स्थानीय धनबहादुर खड्काले **०५२ जेठ १०** गते ज्यान मार्ने धम्की दिंदै कुटपिट गरे। गाउँलेहरूले हार गुहार गरी छुट्याए। पीडित पद्मबहादुरले प्रहरीमा जाहेरी दिएपछि पीडक फरार भएका छन्।

बाँडेगाउँ गाविस-७ का ३७ वर्षीय विलाजित विश्वकर्मालाई **०५२ कार्तिक ४** गते स्थानीय एकबहादुर, रामबहादुर, धनबहादुर वि.क. लगायतले उनलाई कुटपिट गरी यातना दिए।

ठोकर्पामा ०५२ मंसीर १९ गते राती संजमो कार्यकर्ताले राप्रपाका कार्यकर्ता रामकृष्ण भण्डारी लगायतका व्यक्तिलाई कुटपिट गरेको र त्यस क्रममा छुरा प्रहार समेत गरेको कुरा जानकारीमा आएको छ।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

लिसंखु गाविस अध्यक्ष चेलकुमार लामालाई **०५२ वैशाख १८** गते विद्युत प्राधिकरणबाट सामान लिई जाँदै गर्दा ८०-९० जनाको हुलले **बुलबुले** भन्ने ठाउँमा सांघातिक आक्रमण गरी घाइते पारे। उक्त घटनामा अरू ८-१० जना स्थानीय सहयोगी समेत घाइते भए।

२.२ धार्मिक स्वतन्त्रता

हिन्दू धर्मले रूढीवादी परम्परालाई टिकाउन साथ दिएको आरोप लगाउँदै केही व्यक्तिहरूले धर्म फेरेको कुरा बताए। यसरी धर्म बदल्ने मानिसहरू क्रिश्चियन बनेका छन्। यसरी हिन्दू धर्म त्यागेर क्रिश्चियन धर्ममा लाग्ने क्रियाकलाप यहाँ दिन प्रतिदिन बढ्दो रूपमा देखिन थालेको छ। तर धर्मको नामबाट द्वन्द वा भै-भगडा भने भएका छैनन्।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दायर हुन आएका मुद्दाहरूमध्ये देवानी संख्या-२२३, फछ्यौंट संख्या-७७ र

चौतारा जेलको पछिल्लो भाग

फछ्यौंट हुन बाँकी रहेको संख्या-१४६ र सरकारवादी मुद्दा-८८, फछ्यौंट संख्या-३२, फछ्यौंट हुन बाँकी संख्या-५६ तथा फौजदारी तर्फ जम्मा संख्या-३४३, फछ्यौंट संख्या-२३४ र बाँकी १०९ रहेको पाइयो। त्यस्तै जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका विभिन्न शीर्षक अन्तर्गतका मुद्दाहरूको संख्या-१०३ र अदालतमा पेश गरेको संख्या ५८ छ। बाँकी ४५ मुद्दाहरूको छानविन जारी रहेको पाइयो। यी तथ्यहरूले न्याय कति सुगम छ आफै बोलिरहेको छ। न्यायालयको सम्बन्धमा उल्लेख्य जनगुनासो पाइएको छैन। प्रजिअको कार्यालयमा २ सय वटा निवेदन पेश भएको तर के कति निवेदन उपर कार्वाही चलाइयो बुझ्न खोज्दा यथेष्ट जानकारी प्राप्त हुन सकेन। जिल्ला प्रशासनमा भने कार्वाही छिटो छरितो हुन नसकेको गुनासो छ। थुनुवाबन्दीहरूको गरीबीका कारण व्यक्तिगत वकील राख्न नसकिएकोले आफूउपर लागेको अभियोग चाँडो सुनुवाई हुन नसकेको गुनासो छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

कुनै घटना प्रकाशमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

करीब २ सय सुकुम्बासीहरूले अरूको जग्गा कमाएर, गुठीको जग्गा कूतमा कमाएर र ज्याला गरेर दुःख साथ

पारिवारिक जीवन बिताइरहेका छन्। यस अघिको सरकारको पालामा ५-७ गाविसका सुकुम्बासीले जग्गा प्राप्त गरे भने बहुसंख्यक सुकुम्बासी सरकारले जग्गा देला र घर गृहस्थी गरी जीवन बिताउन पाइएला भनी आशामुखी बनेको पाइयो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

हैबुङ्ग गाविस-६ का जीतबहादुर लामा र महांकाल गाविस-३ का सुकुमान तामाङ्ग मिली **सिन्धुकोट गाविस-८** की माया तामाङ्गनी र फुल्सानी तामाङ्गनीलाई बिक्री गर्ने उद्देश्यले **०५१ फागुन २०** गते भारत लैजाँदा प्रहरी कार्यालयले काँकडभिट्टाले पक्राउ गऱ्यो। अभियुक्तद्वय हाल पुर्पक्षको लागि चौतारा जेलमा थुनामा रहेका छन्।

साँगाचोक गाविस-३ की तारा गिरी र एक विवाहित युवतीलाई साँगाचोक गाविस-८ की २० वर्षीय शोभा गिरी र इन्द्रप्रसाद सापकोटा मिली ललाइ फकाइ भारत तर्फ लैजान खोजेको शंका लागि गिरफ्तार गरिएको छ। तारा गिरीकै जाहेरीमा पीडकहरूलाई **०५१ चैत १४** गते पक्राउ गरी पुर्पक्षको लागि हाल थुनामा राखियो।

क्यूल गाविस-१ का दोर्जे तामाङ्गकी बुहारी १६ वर्षीय पिंगाई तामाङ्गनीलाई इचोक गाविस-५ का श्रीमान तामाङ्ग, टिके तामाङ्ग र हेलम्बु गाविस-१ का कार्चेन लामाले बिक्री गर्ने उद्देश्यले लगेको अवस्थामा **०५१ चैत २०** गते पीडक श्रीमान तामाङ्ग पक्राउ परे। अन्य २ जना फरार रहेका छन्।

भिमटार गाविस-१ का ३२ वर्षीय शम्भु माझीले स्थानीय हेलमान माझीको आफन्तलाई बिक्री गर्न बम्बइ तर्फ लगेको थाहा पाएपछि चेलिबेटी बेचबिखन अभियोगमा ०५२ **कार्तिक २२** गते मुद्दा दायर भएको र हाल निज अभियुक्त थुनामा रहेका छन्।

इचोक गाविस-१ बस्ने २ युवती **०५२ भदौ २७** गते हराएपछि सोही ठाउँ बस्ने वर्ष १८ को कान्छा तामाङ्ग सोही ठाउँ बस्ने २७ वर्षीय झ्याउरे तामाङ्ग र २५ वर्षीय आसाराम तामाङ्गलाई जीउ मास्ने बेच्ने अभियोगमा ०५२ असोज ३ गते जिप्रकामा मुद्दा दिइयो। कान्छा तामाङ्ग थुनामा छन्। अरू २ जना फरार रहेका छन्।

बरूवा गाविस-३ की २० वर्षीय आइती तामाङ्गलाई महांकाल गाविसकी माया तामाङ्गनीले जागिर लगाई दिने प्रलोभनमा ललाई फकाई २०४८ मा भारतको बम्बइमा लगी बिक्री गरेकोमा पीडित आइती ३ वर्षपछि हाल घर फर्किइन् र जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी छिन्। पीडक फरार रहेको बताइन्छ।

फुल्पिङ्गकोट गाविस-३ की १२ वर्षीय बालिकालाइ **०५२ कार्तिक १४** गते सोही ठाउँको प्रेमबहादुर नेउपानेले बलात्कार गरेकोमा प्रहरीले पक्राउ गऱ्यो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

फुल्पिङ्गकोट गाविस-१ का ४३ वर्षीय मेखबहादुर थापाले **०५१ माघ २७** गते पत्नी घरमा हुँदा हुँदै कान्छी पत्नी भित्र्याए।

कदमबास गाविस-२ का राजकुमार भारतीले घरमा पत्नी हुँदा हुँदै **०५१ चैत २८** गते कान्छी पत्नी माया पुरीलाई घरमा भित्र्याए।

हगाम गाविस-९ का २७ वर्षीय गोम्बे तामाङ्गले घरमा पत्नी हुँदा हुँदै २२ वर्षीय साइली तमाङ्गनीलाई कान्छी पत्नीको रूपमा भित्र्याए।

थाङ्पालधाप गाविस-४ का प्रेमबहादुर जिम्बाले घरमा जेठी पत्नी हुँदा हुँदै **०५१ फागुन २** गते अर्को बिहे गरेर पोक्ची तामाङ्गनीलाई भित्र्याए।

कुन्चोक गाविस-३ का भक्तबहादुर भारतीले घरमा पत्नी हुँदा हुँदै **०५२ जेठ ३** गते कान्छी पत्नी भित्र्याएका छन्। जेठी पत्नी हिराकुमारी भारतीले जिल्ला प्रहरी कार्यालयमा न्यायको निम्ति ०५२ जेठ १६ मा जाहेरी दिएको पाइयो।

थाङ्पालधाप गाविस-४ का २४ वर्षीय सुधे वाइबाले घरमा पत्नी हुँदाहुँदै **०५२ जेठ ५** गते कान्छी पत्नी भित्र्याए। जेठी पत्नी म्लाङ सानीले जिल्ला प्रहरी कार्यालयमा कार्वाहीको लागि ०५२ जेठ २३ गते जाहेरी दिएकी छिन्। पीडक फरार रहेका छन्।

बरूवा गाविस-६ का डोल्मा लामाले पनि कान्छी पत्नी भित्र्याए। जेठी पत्नी २२ वर्षीय सुक्का तामाङ्गनीले जिल्ला प्रहरी कार्यालयमा ०५२ पुस ३ मा जाहेरी दिएकी छिन्।

इर्खु गाविस-३ का पूर्ण मन्ने हरिबहादुर वि.क.ले घरमा जेठी पत्नी हुँदाहुँदै **०५२ बैशाख १** गते बालविवाह गरेर कान्छी पत्नी भित्र्याउन पुगे। ०५२ बैशाख २६ गते बालविवाह अन्तर्गत ठोकर्पा गाविस-२ बस्ने बच्चु वि.क.ले मुद्दा दर्ता गराए पछि जिल्ला प्रहरी कार्यालयले हिरासतमा राखी कार्वाही चलाएको थियो।

ठूलो सिरूवारी गाविस-४ की एक बालिकालाई स्थानीय व्यक्तिहरूले ललाई फकाइ **०५१ फागुन २९** गते बालविवाह गराएछन्। सो विवाह बारे थाहा पाएपछि **०५२ बैशाख २६** गते दुर्गाप्रसाद ढुङ्गेलको जाहेरीले लक्ष्मीकान्त दाहाल, कुलप्रसाद दाहाललाई जिल्ला प्रहरी कार्यालयले हिरासतमा लिइ कार्वाही चलाइयो।

थाङ्पालधाप गाविस-३ का ४० वर्षीय भिमबहादुर थापा समेत ४ जनाको मिलेमतोबाट १४ वर्षीय मनकुमारी थापाको बाल विवाह गराए। **०५२ बैशाख ९** गते भएको उक्त घटना बारे ०५२ जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दायर भएको छ।

४.३ गर्भपतन

सानो सिरूवारी गाविस-३ की ५४ वर्षीय नानीमाया श्रेष्ठले आफ्नो देवर उत्तम श्रेष्ठको अनैतिक सम्बन्धबाट गर्भ बोकी जन्मिएको बालकको **०५२ जेठ ३०** गते हत्या गरिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लाका अधिकांश भागहरूमा बसोबास गर्ने बालबालिकाहरू गरीबीका कारण पढ्न लेख्नबाट वञ्चित रहेका छन्। ७-८ वर्ष पुगेपछि बाख्रा वस्तु चराउन र घाँस दाउरा बटुल्न जंगल चाहार्ने गर्दछन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जिल्लामा स्थापित पेशागत स्वतन्त्र संगठनहरूले निर्वाध रूपमा आफ्नो स्वतन्त्रताको उपभोग गर्न पाएको देखिँदैन। बहुदलीय व्यवस्थामा एक पार्टी सत्तामा र अरू विपक्षमा हुने हुँदा सत्तापक्षको चाकडी नगर्ने संघ संगठनमा रहेका व्यक्तिहरूमाथि सत्तापक्षको दमन पुरानै परम्परामा कायम रहेको पाइन्छ। रोजगारीका निम्ति काठमाडौं, भक्तपुर र काभ्रेको बनेपा मात्र हैन मुग्लानतिर समेत झर्नु पर्ने वाध्यता छँदैछ। बेरोजगारी समस्या चर्को छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यो जिल्लामा दासत्व प्रथा छैन। कठिन काम, कम ज्याला पाउने परम्परा रही आएको छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा जातीय छुवाछूत प्रथा रहेको छ। उत्पीडित दलितहरूले यसको मार भोग्नु परेको छ। पुरोहितवादले गर्दा अछूत भनेर दबाइएका जातिहरूले सम्मान पाउन र आफ्नो जीवनको गौरव हासिल गर्न सकेका छैनन्। अछूत भनिनेहरू जिल्लाका अधिकांश ठाउँहरूमा रहेका होटेल, पसलमा भित्र पस्न पाउँदैनन्। बाहिर बसेर खानु पर्ने, खाएको गिलास प्लेट माझेर (सफा गरेर) हिंड्नु पर्ने प्रचलन कायम छ। उनीहरूलाई पूजाआजा गर्न मन्दिर पस्न दिइँदैन। स्कूलमा समेत उत्पीडितका बालबालिकाले भेदभावपूर्ण व्यवहार भोग्नु परेको छ।

कालिकास्थित उग्रचण्डीमाई लिष्टिकोटमा पूजा गर्न गएका भक्तजनहरू **तातोपानी गाविस-१** का भिमबहादुर वि.क., फुलिङकोटका टुल्कु र रामबहादुर वि.क. मन्दिर पसेको निहुँमा **०५१ चैत २६** गते त्यहींका माथिल्लो जाति भनिने प्रधान नेवार समुदायका पूजारीहरूले गाउँले उठाइ कुटपिट गराए।

मोटेचौर गाविसस्थित डाँडा गाउँमा रहेको "जनकल्याण दूध उत्पादक सहकारी संस्था" मा उत्पीडितहरूले लगेको दूधको क्यान भरिएन। ०५१ बैशाख ८ गते मुक्ति समाजले विरोध सभा गरी दूध समान ढंगले भर्न आग्रह गऱ्यो। तत्काल सहमति पनि भयो। तर ०५२ मंसीर १० गते कामी दमाईले ल्याएको दूध हामी भर्दैनौं भनी रोहिणी विश्वकर्मालाई थप्पड हानियो। सानो जितबहादुर वि.क.ले गाली गलौज सहेर फर्कन पऱ्यो। बाँसबारी गाविस र शिखरपुर गाविसमा उत्पीडितहरूले दूध बिक्री गर्न पाएका छैनन्। धान कुट्ने, तोरी पेल्ने र चिउरा बनाउने मिलमा समेत उत्पीडितले पस्न पाउँदैनन्।

लिस्तिकोट गाविस स्थित माइको मन्दिरमा ०५१ चैत २६ गते दशैंको अवसरमा पुजा गर्न गएका भक्तजनहरू तातोपानी गाविस-१ का भिमबहादुर वि.क., फुलिङकट्टीका पूर्णबहादुर वि..क. र टुल्कु वि.क.लाई मन्दिर भित्रै पुजारीले कुटपिट गरेका थिए। स्थानीय बासिन्दा रामबहादुर प्रधान र पूर्णबहादुर प्रधान समेतको सहयोग लिई मन्दिर चोख्याउन भनी पीडितहरूसंग भएको नगद रू. २६५० समेत जर्बरजस्ती लिएका थिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य/टिप्पणी प्रकाशमा आएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यहाँ पहिरोबाट ३ जना र आगलागीबाट १ जनाको मृत्यु भयो। २५ जनाले आत्महत्या गरे। आत्महत्या गर्नेमा १७ जना पुरूष र ८ जना महिला छन्। विभिन्न ठाउँमा गरी ५ वटा बेवारिसे लाश पनि यो वर्ष देखा परेका थिए।

■



२. मध्यमाञ्चल

बागमती

२.१८ नुवाकोट

जनसंख्या : २४५२६०
साक्षरता : ३१.४ प्रतिशत
महिला साक्षरता : १७.८ प्रतिशत
क्षेत्रफल : ११२१ वर्ग कि.मी.

नेपालको राष्ट्रिय राजनीतिमा चर्चित जिल्ला मध्ये नुवाकोट पनि एक हो। अहिलेको संयुक्त सरकारमा यस जिल्लाका ३ जना नै सांसदहरू मन्त्री छन्। तर यो जिल्लाका अधिकांश क्षेत्र शिक्षा र सचेतनताका हिसाबले ज्यादै पिछडिएका छन्। यो जिल्ला राजधानीको नजिक रहेता पनि यहाँका वासिन्दाहरू कतिपय सुविधाबाट वञ्चित छन्। चेलीवेटी व्यापार यो जिल्लाको ज्वलन्त समस्या रहेको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

विदुर नपा-५ की २८ वर्षीय स्वना अर्याल र ४१ वर्षीय रामराजा अर्याललाई **०५१ माघ २६** गते वच्चा पाएर मारी गाडेको अभियोगमा प्रहरीले गिरफ्तार गरेको थियो। उनी २ वर्षदेखि पतिसंग अलग बसेकी थिइन्।

मदुटार गाविस-७ का हेमलाल गिरीले **चौघडा गाविस-४** मा अन्दाजी वर्ष ६५ को लाशदेखि **०५१ चैत २** गते प्रहरीमा खबर गरेका थिए। यसैगरी प्र.ना.नि. रामबहादुर कार्की र प्र.स.नि. रघुनाथ के.सी.ले ०५२ वैसाख ३ गते अन्दाजी वर्ष ५० की महिलाको वेवारिसे लाश त्रिसुली खोलामा भेटेका थिए। दुबै लाशको बारेमा अन्य जानकारी प्राप्त हुन सकेन।

थप्रेक गाविसका बहादुर अधिकारीको **०५२ असोज १४** गते हत्या भयो। रालुका गाविसका प्रेमबहादुर कँडेलले आफ्नो घरमा खुकुरी प्रहार गरी उनको हत्या गरेका थिए। निज प्रेमबहादुर उनकी पत्नी र बाबु समेतलाई थुनामा राखी कारवाही चलाइएको छ।

उर्लेनी गाविस-९ का ६३ वर्षीय लालबहादुर गुरूङले **०५२ असोज २६** गते आफ्नै पत्नी कालीमैया गुरूङलाई रातको समयमा टाउकोमा घनले हिर्काएर हत्या गरे।

हल्देकालिका गाविस-२ का २८ वर्षीय नमराज ज्योतिले **०५२ कार्तिक ६** गते स्थानीय अमरबहादुर थापाको १३ वर्षीय छोरा रामराजा थापाको शरीरमा मट्टितेल खन्याएर आगो लगाई दिएको आरोप लगाई अम्मबरबहादुर थापाले प्रहरीमा उजुरी दिएपछि नमराज ज्योतिलाई प्रहरीले पक्राउ गरेको थियो। तर पछि आफैंले बोकेको पेट्रोम्याक्सबाट मट्टितेल पोखिएर आगो लागेको र राजनैतिक प्रतिशोध साध्नकै लागि यस्तो आरोप लगाएको थाहा भएपछि कारवाही स्थगित गरी छोडिएको थियो।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	१	१	-
बलात्कृत	-	-	३	-
आत्महत्या	-	८	२८	२३

१.२ जेल र बन्दीहरू

२५ जनाको क्षमता रहेको "ग" श्रेणीको यस जेलमा थुनुवा तर्फ जम्मा २९ जना कैदी रहेका छन्। जस मध्ये कोही पनि महिला छैनन्। बन्दी तर्फ ९ पुरुष र १ महिला गरी १० जना रहेका छन्। उक्त जेलमा एक जना नावालिग केटी बन्दीको रूपमा रहेकी छिन्। जेलको भौतिक अवस्था दयनीय रहेको छ।

१.३ गिरफ्तारी र यातना

चारघरे गाविसका वडा सदस्य २८ वर्षीय गोधु राई, ३० वर्षीय गोपाल रिमाल र २८ वर्षीय महेन्द्र थापालाई **०५१ चैत २९** गते प्रहरीले गिरफ्तार गरी १ रात हिरासतमा राखेर छाड्यो।

१.४ वेपत्ता पारिएको

यो वर्ष वेपत्ता पारिएको घटना पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

गत मध्यावधि निर्वाचनका समयमा आफ्ना साथीहरू उपर अभद्र व्यवहार गरेको तथा आफूहरू भाल्चे जाँदा आक्रमण गर्न आएको भन्दै नारायण बस्नेत तथा समुन्द्र राजभण्डारीले भाल्चे गाविसका मेघबहादुर घलेमाथि **०५१ फागुन ८** गते सदरमुकाम विदूरमा हातपात गरे। निज मेघबहादुर तामाङले ०५१ फागुन १४ गते यसै विषयलाई लिएर उजुरी दर्ता गरेपछि उनीहरूलाई सार्वजनिक अपराध अन्तर्गत कारवाही चलाइयो।

त्रिशुली देवीघाट जलविद्युत सुदृढीकरण आयोजनामा काजमा रहेका प्रहरी हवल्दार केशव ठकुरीलाई **०५१ चैत ३०** गते आफ्नो ड्युटी एरियाभित्र स्थानीय महिलासंग कोठाभित्र बसिरहेको भन्ने निहुँमा स्थानीय केही व्यक्तिहरूले हातपात गरे। निज प्रहरी हवल्दार सहित अन्य ५ जनाको उजुरीमा विदुर न.पा.-९ का ८ जनालाई प्रहरीले गिरफ्तार गरी केही दिन हिरासतमा राखेपछि सार्वजनिक अपराध अन्तर्गत कारवाही चलाएर छोडिदिएको थियो।

सुनखानी गाविस-४ का ४५ वर्षीय गंगाबहादुर तामाङलाई **०५२ साउन १** गते नुवाकोट जिल्ला सुनखानी गाविस-६ का २८ वर्षीय सुदर्शन दमाई तथा उनकी पत्नी मिश्री दमाई लगायत अन्य ६ जना व्यक्तिहरू समेत भई हतियार प्रयोग गरी कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

अभिव्यक्ति स्वतन्त्रतामा कुनै रोक लगाइएको पाइएको छैन। यो एक वर्षको समयमा पनि विभिन्न राजनीतिक गतिविधि जस्तै मेला, सभा, समारोह, जुलुस, आमसभा आदि विभिन्न पार्टीद्वारा विभिन्न सवालहरूलाई लिएर संचालन गरिए र ती कुनै पनि कार्यक्रमहरूमा प्रहरी प्रशासनको तर्फबाट कुनै किसिमको हस्तक्षेप भएन। मानवअधिकारसंग जोडिएको नुवाकोटको सबभन्दा ठूलो चुनौति तथा देशकै इज्जतसंग गाँसिएको सवाल "महिला बेचबिखन" को विरूद्धमा सेन्थुरद्वारा आयोजित एक सन्देश र्‍यालीमा जिल्ला प्रशासन प्रमुख लगायत प्रहरीहरूको समेत व्यापक सहभागिता रहेको थियो। यसैगरी अन्य गै.स.स.कार्यक्रमहरू तथा जनसेवाका कतिपय कार्यक्रमहरूप्रति पनि जिल्लाका प्रशासकहरूको राम्रै सहयोग रहने गरेको पाइएको छ।

२.२ धार्मिक स्वतन्त्रता

यो जिल्लामा धर्म परिवर्तन गरी क्रिश्चियन बनेकाहरू र सोही समुदायका परम्परागत धर्म नछोड्नेहरू बीच सुरूसुरूमा साना तिना झै-झगडा तथा झडपहरू हुने गरेको थियो। हाल यस्ता झै-झगडाहरू भएको पाइएको छैन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको न्याय सम्पादनमा प्रशस्त ढिलाई हुने गरेको छ भने सर्वसाधारण जनताको लागि न्याय अझै सुगम बन्न सकिरहेको छैन। न्याय दिने तथा प्रशासन संचालन गर्ने व्यक्तिहरूको स्वभाव र जनताहरूसंग उनीहरूले गर्ने व्यवहारले पनि जनतामा को राम्रो र को नराम्रो भन्ने छाप पर्ने गरेको पाइन्छ। त्यसैले जिल्ला प्रशासक तथा न्याय प्रमुखहरूको बारेमा पनि बेलाबेला टिकाटिप्पणीहरू हुने गरेकोले कतिपय प्रशासकहरूले जनतासंग गरिने व्यवहारलाई सुधार्नु पर्ने देखिन्छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

एमाले कालमा नेपाल शिक्षक संघ नुवाकोटले शिक्षकहरूलाई अपायक सरूवा गरेको कुरा उठाएको थियो भने संयुक्त सरकार बनेपछि शिक्षक संगठनले यस्तै आवाज उठाएको छ।

यसैगरी एमाले सरकारको पालामा जिल्ला स्वास्थ्य कार्यालयका २ जना कर्मचारीहरू मधु सुधन रिमाल र बद्रीप्रसाद अर्याललाई अन्यत्र जिल्लामा सरूवा गरिएको थियो भने संयुक्त सरकार बनेको लगत्तै उक्त सरूवा बदर गरी त्यसको प्रतिक्रिया स्वरूप सोही कार्यालयका अर्को पक्षका कर्मचारीहरूलाई सरूवा गरिएको बुझिएको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

सुकुम्बासीहरूको विगतको स्थितिमा कुनै आधारभूत परिवर्तन तथा गुणात्मक सुधार भएको पाइएको छैन। समग्रमा भन्दा सुकुम्बासीहरूको स्थिति दयनीय छ र उनीहरू चिन्तित छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

घ्याङ्गफेदी गाविस-८ की १४ वर्षीय सुन्तली तामाङ र १७ वर्षीय सानुमाया तामाङलाई उर्लेनी गाविस-१ का ३६ वर्षीय निमा लामा, पत्नी मुइमेन्दो लामा तथा घ्याङ्गफेदी गाविस-६ का जिते तामाङ, कान्छा तामाङ र माईला तामाङ समेतले **०५१ पुस २०** गते ललाई फकाई बिक्री गर्ने उद्देश्यले भारततर्फ लगे। केटाको भेषमा लगिएका यी दुईजना केटी तथा लिएर जाने व्यक्तिहरूमध्ये निमा लामा र उनकी पत्नी मुईमेन्दो लामालाई ईलाका प्रहरी कार्यालय काँकडभिट्टाले पक्राउ गर्‍यो।

छाप गाविस-६ की २८ वर्षीय कान्छी तामाङ्नीलाई **०५१ माघ २६** गते आफ्नै दाजु दिलबहादुर तामाङ तथा पातली तामाङ, चुडाराज तामाङ, वेदबहादुर तामाङ समेतको मिलोमतोमा भारतको बम्बइमा लगी बिक्री गरियो।

बेतिनी गाविस-२ का ग्याल्वो तामाङकी छोरी १४ वर्षीय मर्सानी तामाङलाई बेतिनी गाविस-२ की मुइसानी तामाङ, बेतिनी

गाविस-३ की माकी तामाङ तथा बेतिनी गाविस-३ कै दमाई तामाङ समेतभई **०५१ फागुन १४** गते बिक्री गर्ने अभिप्रायले लगेकोमा काठमाडौं बुढानिलकण्ठ पुगेपछि त्यतिकै छोडी हिंडेका थिए। यस सम्बन्धमा निज बालिकाका पिता ग्याल्बो तामाङले प्रहरीमा जानकारी गराए पनि पीडकहरू सबै फरार रहेको थाहा भएको छ।

शिखरवेशी गाविस-९ की कान्छी भन्ने २५ वर्षीय जिनी तामाङलाई **०५१ चैत १** गते शिखरवेशी गाविस-३ का विदुर भन्ने विरेन्द्रकुमार थापा क्षेत्री, मुकुन्द क्षेत्री, शिखरवेशी गाविस-९ की शोभा तामाङ समेत भई बिक्री गर्ने उद्देश्यले भारततर्फ लाँदै थिए। तर सुनौलीमा पुगेपछि प्रहरीले चालपाई निजहरूमध्ये विरेन्द्रकुमार थापा र मुकुन्द क्षेत्रीलाई पक्राउ गरी कारवाही चलाएको छ।

राउतवेशी गाविस-९ का जमानसिंह तामाङकी छोरी १७ वर्षीय मारमिन्दो तामाङलाई **राउतवेशी गाविस-९** कै श्यामे भन्ने माईला तामाङ र रामे भन्ने सार्की तामाङले **०५१ चैत ५** गते भारतमा लगी बिक्री गरेको थाहा भएको छ। यस सम्बन्धमा निज महिलाकी बाबु जमानसिंहले जिप्रका नुवाकोटमा उजुरी दिएको र हाल पीडक दुईजना मध्ये माईला तामाङलाई ०५२ जेठ ८ गते थुनामा राखियो।

वालकुमारी गाविस-७ की ६२ वर्षीय बृद्ध गिरेन्द्रकुमारी थापालाई ३४ वर्षीय ईश्वरीबहादुर थापाले **०५१ चैत ९** गते करणी गर्ने उद्देश्यले घिसारी परसम्म लगे। त्यतिबेला निज थापाले प्रशस्त मादक पदार्थ सेवन गरेको र उक्त नसाको सुरमा यस्तो कार्य गरेको कुरा थाहा हुन आएको छ। पीडकमाथि कार्वाही चलाइएको छ।

वेतिनी गाविस-९ का ६६ वर्षीय सेले तामाङले बताए अनुसार उनकी १४ वर्षीय छोरी पिङ्गाई तामाङ तथा १५ वर्षीय सानीकान्छी तामाङलाई श्याम तामाङ, रामे तामाङ, फुर्लुङ्ग तामाङ, बुदय तामाङ, साईला तामाङ र कुमार तामाङ समेतले **०५२ साउन ७** गते बिक्री गर्ने उद्देश्यले घरबाट भगाई लगे। यसरी लिएर जाँदा ईलाका प्रहरी कार्यालय काँकडभिट्टाले थाहा पाई निजहरूलाई पक्राउ गर्न लाग्दा श्याम तामाङ बाहेक अरू सबै भाग्न सफल भए।

उर्लेनी गाविसकी १४ वर्षीय बुद्धिमाया तामाङ र १५ वर्षीय वीरूमाया तामाङलाई स्थानीय दमाई तामाङ, श्याम तामाङ, गणेशमान तामाङ, काले भन्ने श्याम तामाङ तथा बम्बईमा कोठी खोलेर बसेकी निजकी पत्नी सुनिकान्छी तामाङ समेतको मिलोमतोमा बिक्री गर्न भारततर्फ तैजाँदै गरेको बेला ०५२ भदौ **१** गते काँकडभिट्टा पुगेपछि इलाका प्रहरी कार्यालय काँकडभिट्टाले निजहरूमध्ये दमाई तामाङ, श्याम तामाङ र गणेशमान तामाङलाई पक्राउ गऱ्यो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

विदुर नपा-९ का २० वर्षीय माधव भण्डारीले घरमा पत्नी हुँदाहुँदै **०५२ वैशाख ३०** गते अर्को विहे गरे। उनकी जेठी पत्नी मैया भण्डारीले प्रहरीमा उजुरी दिएपछि पीडकमाथि कारवाही चलाइएको छ। पीडित मैया भण्डारी माईती घरमा बसिरहेकी छिन्। यस बाहेक जिल्ला भरिमा अनगिन्ति वहुविवाहका घटनाहरू घटेका छन्।

४.३ गर्भपतन

मदानपुर गाविस-४ मा एक नवजात शिशु मारेर फालेको अवस्थामा फेला परेपछि गाउँलेहरूले प्रहरीलाई जानकारी गराए। प्रहरीले अनुसन्धानबाट उक्त बच्चा स्थानीय १५ वर्षीय अविवाहित महिला सीतादेवी सिल्वालको हो भन्ने पत्ता लगाएपछि उनलाई गिरफ्तार गरियो। उनले मदानपुर गाविसकै दाङ्गमै भन्ने ठाउँमा दिदीको घर गएको र दिदीले ओड्ने पुग्दैन, सानीमा छोरा एकै ठाउँमा सुत भनी एउटै ओछ्यानमा सुत्न भनेपछि आफू दिदीको छोरासंग एउटै ओछ्यानमा सुतेको र उसैसंगको अनुचित सम्बन्धबाट रहन गएको गर्भ तुहेको बताइन्। त्यसपछि उनलाई ५ सय धरौटीमा छोडियो भने निजसंग अनुचित सम्बन्ध राख्ने उनकै दिदीको छोरा प्रकाश पाण्डे भने हालसम्म फरार रहेको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना प्रकाशमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

उल्लेखनीय घटना प्रकाशमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धमा उल्लेखनीय घटना भएनन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

घटनाका सम्बन्धमा प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

खोलामा डुबेर २ जनाको मृत्यु भयो। पहिरोबाट १० वटा घर ध्वस्त भए। जंगली जनावरको आक्रमणबाट ३ जना घाइते भए। १४ जना पुरूष र ९ जना महिला गरी २३ जनाले आत्महत्या गरे। २ वटा डकैतीका घटनाहरू भए।

■

२. मध्यमाञ्चल

बागमती

२.१९ रसुवा

जनसंख्या : ३६७४४
साक्षरता : २२.९ प्रतिशत
महिला साक्षरता : ११.३ प्रतिशत
क्षेत्रफल : १५४४ वर्ग कि.मी.

गोसाईंकुण्ड जस्तो मनोरम स्थल रहेको यो जिल्ला चीनसंग जोडिएको छ। प्रसिद्ध लामटाङ हिमाल, गणेश हिमाल यहीं रहेको छ। यहाँका बासिन्दामा मुख्यत तामाङ्गहरू रहेका छन्। त्यसबाहेक ब्राम्हण, क्षेत्री, नेवार, गुरूङ्ग, मगर,. दमाई आदि रहेका छन्। पहाडी भू-बनोट रहेको हुँदा परम्परागत कुटिर व्यवसायसगैं कृषि र पशुपालन यहाँको उत्पादन व्यवसाय बनेको छ। शिक्षाको अभाव छ। मानवअधिकारप्रति अधिकांश अनभिज्ञ नै छन्। केही संस्थाहरू मानवअधिकार शिक्षाका लागि क्रियाशील रहेका छन्।

१ सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

ठूलोगाउँ गाविस-८ का ३७ वर्षीय सन्तबहादुर ताम्माङ्गको लाश **०५१ पुस २९** गते मीरमा कुहिएको अवस्थामा फेला पऱ्यो। घटनालाई लिएर स्थानीय ५० वर्षीय गोरे गुरूङ्ग, ४९ वर्षीय हरिबहादुर तामाङ्ग, ३० वर्षीय फैलामा तामाङ्ग, २६ वर्षीय श्रीलामा तामाङ्ग र ४९ वर्षीय माइली गुरूङ्ग समेत ५ जनालाई ०५१ माघ २७ गतेदेखि थुनामा राखी कार्वाही चलाइयो।

राम्चे गाविस-३ का ३२ वर्षीय गोम्वो तामाङ्गले गोसाईकुण्ड जान लागेका काठमाडौं जिल्ला मनमैजु गाविस-९ का ३७ वर्षीय भक्तराम थापालाई उनीकहाँ बास बसेको अवस्थामा आफ्नी पत्नी उररचा तामाङ्गमाथि हातपात गऱ्यो भन्ने आरोप लगाई **०५२ साउन २४** गते खुर्पाले घाँटी छिनाली हत्या गरे। पीडक थुनामा छन्।

१.२ जेल र बन्दीहरू

रसुवा जेलमा अहिले ३ जना महिला र ९ जना पुरूष गरी जम्मा १२ जना बन्दीहरू रहेका छन्। यी सबै पुर्पक्षको लागि थुनामा रहेका छन्। १० रोपनी १२ आना क्षेत्रफल ओगटेको यहाँको जेलको क्षमता ३६ जना बन्दीहरू अट्न सक्ने छ। घाम ताप्न र पत्रपत्रिका पढ्न नपाएको गुनासो बन्दीहरूको रहेको छ। उनीहरूको मागलाई ध्यानमा राखी ०५२ मंसीरदेखि हुसेक रसुवाले केही पत्रपत्रिका र मानवअधिकार सम्बन्धी प्रकाशनहरूको व्यवस्था गरिदिएको छ। जेलको सुरक्षा तर्फ हेर्दा २० जनाको प्रहरी दरबन्दीमा हाल १० जना मात्र छन्। जेल भवनलाई पर्खालले घेरिएको छैन।

१.३ गिरफ्तारी र यातना

ठूलोगाउँ गाविस-६ का जनक जीवन उपाध्यायलाई हिमाली युवा क्लब रसुवाको सहायतार्थ **०५१ माघ १** गते मूमेस्थान मेलामा चिठ्ठा राख्न गएको बखत नुवाकोट जिल्ला मनकामना गाविस-६ का ओमबहादुर तामाङ्ग, टीकाराम तामाङ्ग, श्यामकृष्ण तामाङ्ग, सिगीबहादुर तामाङ्ग समेत चारजनाले केटीलाई अभद्र व्यवहार गऱ्यो भन्ने आरोपमा कुटपिट गरे। पीडकहरू टीकाराम तामाङ्ग, श्यामकृष्ण तामाङ्ग र सिगीबहादुर तामाङ्ग समेत ३ जना फरार भए भने ओमबहादुर तामाङ्ग चाहिं २ हजार ८ सय धरौटी राखी सार्वजनिक अपराध ऐन अन्तर्गत तारिखमा छुटे।

धुन्चे गाविस-५ का ३१ वर्षीय छवाङ तेन्जेन तामाङ्ग र सोही ठाउँमा होटल व्यवसाय गरी बस्ने ४१ वर्षीय बद्रीनिधि घिमिरे, नुवाकोट, विदुर नपा घर भई हाल धुन्चेमा सुद्रा पसल गरी बस्ने २७ वर्षीय राजु श्रेष्ठ र काभ्रेपलान्चोक जिल्ला घर भई हाल धुन्चेमा पसल व्यवसाय गरी बस्ने २६ वर्षीय अनन्त नारायण श्रेष्ठ समेत ४ जनालाई बढी मूल्य लिई सामान बिक्री गरेमन्ने आरोपमा **०५२ साउन २८** गते रातको ९ बजे प्रजिअ निवासमा बोलाई जथाभावी गाली गरेको गुनासो पीडकहरूले गरे। व्यापारी अनन्त नारायण वैद्य र प्रजिअ विष्णुराज कुसुम सुवेदी बीच हात हालाहालको स्थिति समेत सृजना भयो।

प्रजिअको विरोधमा मोलिपल्ट बजार बन्द भयो। काठमाडौं

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	-	-	-
बलात्कृत	-	-	-	-
आत्महत्या	-	४	१	१

त्रिशुली जाने वसहरू चलेनन्। स्थिति शान्त हुन नसकेपछि प्रजिअ कुसुमले नेकपा एमालेका कार्यकर्ता रणध्वज कन्दङ्वा र साङरोम्बा तामाङ्लाई वार्तामा बोलाइ सहमति कायम गरियो।

१.४ वेपत्ता पारिएको

यो वर्ष वेपत्ता पारिएको घटना पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

उल्लेख्य घटना प्रकाशमा आएन।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस जिल्लामा मौलिक अधिकार हनन भएको उल्लेखनीय घटना प्रकाशमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

धर्मको नाममा यहाँ कुनै किसिमको झै-झगडा भएको छैन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायपालिका सुगम र निष्पक्ष हुँदाहुँदै पनि न्याय सम्पादनको क्षेत्रमा निष्पक्ष न्याय पाइने अवस्था यहाँ पाईदैन। त्यसको मुख्य कारण जिल्ला न्यायाधीशहरूको निरन्तर उपस्थितिको अभाव हो।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस जिल्लामा यस वर्ष सरूवा घटुवा र पक्षपात सम्बन्धी घटना जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

उल्लेख्य घटना देखा नपरे पनि यस जिल्लाको चिलिमे, स्याप्रो र टिम्बुरे गाविसमा चिनको स्वशासित क्षेत्र तिब्बतबाट आएका मानिसहरू हालसम्म पनि शरणार्थीको रूपमा बसोबास गरेको पाइन्छ।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यार्सा गाविस-१ की १५ वर्षीय मेन्दो तामाङ्नी, स्याइजोम तामाङ्नी र कामीजोङ तामाङ्नी समेत ३ जनालाई **०५१ माघ ४** गते सोही ठाउँ बस्ने नुर्पु चोक्रा तामाङ्, घोर्मुका वाङ्गेल चोक्रा तामाङ् र नुवाकोट जिल्ला लच्याङ गाविस- ७ बस्ने श्रीलामा तामाङ्, लालकाजी तामाङ् समेतको मिलोमतोमा भारत तर्फ बिक्री गर्न लान लागेको अवस्थामा सर्लाही जिल्ला मलङ्गवा प्रहरी गस्तीले पक्राउ गऱ्यो। अभियुक्तमध्ये २ जना फरार छन्।

मोर्ले गाविस-७ धुसेनीकी १५ वर्षीय च्यासी विश्वकर्मा, १६ वर्षीय सानी विश्वकर्मा समेत २ जनालाई **०५२ वैशाख १३** गतेका दिन सोही ठाउँ बस्ने चनमति विश्वकर्मा, चनमतिको पति कृष्णबहादुर विश्वकर्मा, गोपी विश्वकर्मा, चनमतिको बहिनी, भारतमै बस्ने शोभा विश्वकर्मा समेत ५ जनाको मिलोमतोमा ललाई फकाई बम्बई पुऱ्याएर बिक्री गरे। अभियुक्तहरूमध्येका प्रमुख चनमति विश्वकर्मा ०५२ असार २९ गतेदेखि थुनामा छिन् भने अन्य ३ जना फरार छन्।

लहरेपौवा गाविस-७ का २७ वर्षीय चन्द्रबहादुर वुलुनले मोर्ले गाविसकी १६ वर्षीय शान्तिमाया तामाङ्लाई विवाह गरी १ वर्षसम्म काठमाडौं राखेपछि मोर्लेका भरत विश्वकर्मा र डाँडा गाउँकी बिबमाया तामाङ्लाई रू.५ हजारमा बिक्री गरे। त्यसपछि बिबमाया तामाङ् र चन्द्रबहादुर वुलुनका बीच विवाह भयो। निजहरू दुबैजना मिली ०५२ भदौ ८ गते धादिङ् जिल्ला सेरतुङ गाविस-७ की २० वर्षीय टाँसीमाया तामाङ्, २२ वर्षीय माया तामाङ् र बेजुङ् तामाङ् समेत ३ जनालाई काठमाडौंमा हिंडिरहेको अवस्थामा ललाई फकाई गरी भारतको वेश्यालयमा लगी ९० हजारमा बिक्री गरेको कुरा थाहा हुन आएको छ। पीडक दुबैलाई थुनामा राखिएको थाहा भएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस वर्ष यो जिल्लामा जारी र बहुविवाहका घटनाहरू भएको जानकारीमा आएन।

४.३ गर्भपतन

यस सम्बन्धी घटना प्रकाशमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा पेशागत संगठनहरूमा आवद्ध हुने स्वतन्त्रता पाएका छन्। आफूलाई मन परेको पेशा रोज्ने अवसर पाएकै छन्। तर महिला र पुरुषहरूको बीचमा ज्यालाको भिन्नता छ र महिलाहरू पुरुष सरह ज्याला पाउने अधिकारबाट वञ्चित छन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यहाँ यस किसिमको समस्या विद्यमान छैन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लाको दक्षिणी भेगमा रहेका दमाई, कामी, सार्की, जस्ता मानिसहरूको श्रम चले पनि सानो र अछूत जात भनिनेहरूसंग छुवाछूत गर्ने चलन छ। तल्लो जातका भनिएका कारण यस क्षेत्रका मानिसहरू शिक्षा क्षेत्रमा पनि पछाडि परेका छन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस जिल्लामा हालसम्म घटेका घटनाहरूको सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यहाँ वस दुर्घटनामा २ जनाको मृत्यु भयो। आगलागी र खोलामा डुबेर १/१ जनाको मृत्यु भयो। २ जनाको हिउँको पहिरोका कारण मृत्यु भयो, जसमा १ जना जर्मनी नागरिक छन्। मानसिक रोगबाट पीडित एकजना पुरूषले झुण्डिएर आत्महत्या गरे। ३ वटा चोरीका घटना सार्वजनिक जानकारीमा आएका थिए।

■

पश्चिमाञ्चल

३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ्ग

३.४ स्यांग्जा

३.५ कास्की

३.६ मनाङ्ग

३.७ नवलपरासी

३.८ रूपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ वाग्लुङ्ग

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१६ मुस्ताङ्ग



३. पश्चिमाञ्चल

गण्डकी

३.१ तनहुँ

जनसंख्या : २६८०७३

साक्षरता : ५०.० प्रतिशत

महिला साक्षरता : ३५.८ प्रतिशत

क्षेत्रफल : १५४६ वर्ग कि.मी.

यस जिल्लामा ५८ प्रतिशत जनता साक्षर छन्। जिल्लामा क्रियाशील कल्याणकारी महिला समूह, मानवअधिकारवादी संघ संस्थाहरूले मानवअधिकार शिक्षा कार्यक्रम, कानूनी प्रशिक्षण जस्ता कार्यहरू गरी आम जनमुदायमा मानवअधिकार सम्बन्धी चेतना बृद्धि गर्ने काम भइरहेको छ। मानवअधिकार उल्लंघनमा यो जिल्ला पनि चर्चित नै रहँदै आएको छ।

१ सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

केशवटार गाविस-७ का ३३ वर्षीय रिठे दमाईलाई **०५२ वैशाख ३०** गते आफ्नै पत्नी सुकमाया दमाई र तिनकी आमा ६५ वर्षीय लक्ष्मी दमाई, दाजु ३३ वर्षीय मनविर दमाई र २० वर्षीय भाइ रामबहादुर दमाई समेत मिली घाँटीमा डोरीले कसेर हत्या गरे। पीडकहरूलाई पक्राउ गरी जिल्ला अदालतमा बुझाएकोमा अदालतको आदेश अनुसार जेल चलान गरिएको छ।

मानु गाविस-८ की ४५ वर्षीय चिनीमायाँ भूसाललाई **०५२ साउन ३१** गते राती केही अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे।

१.२ जेल र बन्दीहरू

२५ जना बन्दी अटाउन सक्ने क्षमता रहेको दमौली "घ" श्रेणीको जेल हो। हाल यो जेलमा १५ जना थुनुवा, १७ जना कैदी रहेका छन्। क्षमताभन्दा बढी बन्दीहरू राखिएको हुँदा बन्दीहरूलाई सुत्न र बस्नमा निकै अप्ठेरो भइरहेको छ। जेलमा पत्रपत्रिकाको अभाव रहेको छ। जेलको भौतिक स्थिति जीर्ण भएको हुँदा मरम्मत तथा जेल सुधार हुनु पर्ने देखिएको छ।

१.३ गिरफ्तारी र यातना

भिम्अद गाविस-२ सिस्नेरीका ३२ वर्षीय गोरे दमाईलाई **०५२ साउन ३२** गते सोही ठाउँको एउटा घरबाट सामान चोरीको आरोपमा पक्राउ गरी भिमाद इलाका प्रहरी कार्यालयमा पुऱ्याइयो। सो कार्यालयका प्रहरी नायब निरीक्षक आनन्दमणी लामिछानेले उनको बयान लिने क्रममा कुटपिट गरी हात समेत भाँचिदिए। त्यसपछि प्रहरी कार्यालय हाताबाट उनलाई बाहिर धकेलियो। ०५२ भदौ १ गते स्थानीय मानवअधिकारवादी र सामाजिक कार्यकर्ताहरूको दबावमा पीडित गोरे दमाईलाई पीडक प्रहरी नायब निरीक्षकले २ हजार रूपैयाँ औषधि उपचार खर्च दिन बाध्य भए।

१.४ बेपत्ता पारिएको

मिरकोट गाविस-१ तारूका भन्ने ठाउँका १२ वर्षीय श्रीकान्त रानाभाटलाई **०५० असोज २१** गते सोही ठाउँका हरिभक्त रानाभाटले फकाई फुलाई भारतमा नोकरी गर्न जाउँ भनी लगेका थिए। उनलाई भारतको पानिपथमा काम गर्ने घरबाट साथीहरूलाई भेट्ने भनी बाहिर निस्केको अवस्थामा केही व्यक्तिहरूले बाटोबाट घिसार्दै चण्डीगढतिर लगेको कुरा प्रत्यक्षदर्शीहरू बताउँछन्। उनलाई भारतमा लिएर जाने हरिभक्त पनि श्री कान्तकहाँ छन् भन्ने कुरा आफूलाई केही थाहा नभएको बताउँछन्। अहिलेसम्म श्रीकान्त कहाँ छन् केही थाहा हुन सकेको छैन।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	१	४	१
बलात्कृत	-	-	१	-
आत्महत्या	-	-	३	१०

कुटपिटबाट घाइते टिकाबहादुर खड्का

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

व्यास नपा–२ मा रहेको विद्युत प्राधिकरण शाखा कार्यालयका कर्मचारी रामबहादुर कार्कीलाई **०५२ साउन १५** गते सोही ठाउँका मनप्रसाद थापा समेतका ७ जना व्यक्तिहरूले कुटपिट गरे। नेपाल विद्यार्थी संघले बत्ति निभाउने कार्यक्रम राखेको दिन बत्ति बालेकाले उनलाई कुटपिट गरिएको कुरा पीडित बताउँछन्।

राइपुर गाविस–६ का घनश्याम भट्टराईलाई **०५२ साउन १५** गते कुलो पानी सम्बन्धी विवादमा राइपुर गाविस–८ का थानप्रसाद भट्टराईले कोदालोको पासोले हिर्काइ सख्त घाइते बनाए। पीडकले पीडितलाई ११ हजार रूपैयाँ जरिवाना तिरेर मिलापत्र गरिएको थियो।

व्यास नपा–४ वेलटारीका टिकाबहादुर खड्का र रेशमलाल खड्कालाई **०५२ कार्तिक ९** गते घाँसी कुवा गाविस–६ का लाल सुब्बा दुरा, विवेक भट्टराई, माने दुरा र राते दुरा समेतको करिव ७० जनाको एक हुलले कुटपिट गरी सख्त घाइते बनाई धान खेतमा फ्याँकेका थिए। पीडितका दाजु रेशमलाल खड्कालाई समेत ती व्यक्तिहरूले कुटपिट गरे। पीडितलाई औषधि उपचार खर्च २ हजार रूपैयाँ दिलाएर मिलापत्र गरिएको थियो।

१.६ थुनामा मृत्यु

यो वर्ष यस जिल्लामा कसैको पनि थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै उल्लेख्य घटना भएको जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता भएको पाइयो।

ढुण्डीराज भट्टराईद्वारा घाइते बनाइएका घनश्याम भट्टराई

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतबाट ढिलै भए पनि न्याय सम्पादन हुने गरेको तर प्रहरी र प्रशासनमा भने सत्तारूढ पार्टीहरूले दबाव दिने भएकाले निष्पक्ष न्यायिक अधिकार पाउन नसकेको गुनासो पीडितहरूको रहेको पाइयो।

यस जिल्लाको जिल्ला अदालतमा यस वर्ष साधारण देवानी १७२, संक्षिप्त देवानी ७, साधारण फौजदारी ११२, संक्षिप्त फौजदारी ३९ र सरकारी फौजदारी ४७ समेत जम्मा ३७७ वटा मुद्दा दर्ता भए। ती मध्ये ६८ वटा मुद्दा फैसला भई ३ सय ९ वटा मुद्दाहरू फैसला हुन बाँकी छन्। गत वर्षहरूका विभिन्न ४ सय ६२ मुद्दाहरूमध्ये यस अवधिमा १ सय १२ वटा फैसला भई ३ सय ५० मुद्दा फैसला हुन बाँकी रहेका छन्। यसरी यस जिल्लामा ६ सय ५९ वटा मुद्दाहरू रहेका देखिन्छन्। यसै अवधिमा जिल्ला प्रशासन कार्यालयमा केही सार्वजनिक अपराधका १७ वटा र हातहतियार सम्बन्धी २ वटा मुद्दाहरू दर्ता भएका थिए।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी घटना भएको जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

नेकपा एमालेको सरकारको पालमा गठन भएको सुकुम्बासी समस्या समाधान आयोगले ५ सय भूमिहीन सुकुम्बासीहरूलाई जग्गाधनी पूर्जा वितरण गरेको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

भिर्कोट गाविस-१ की २१ वर्षीय बालकुमारी रानाभाटलाई **०५२ मंसीर १** गते देखि घरमा बस्न नदिएर निकालियो। १ छोरीकी आमा समेत भई सकेकी बाल कुमारीलाई तिनका पति महेन्द्र रानाभाट, ससुरा डोलराज रानाभाट र सासु समेतले विभिन्न यातना दिएर घरबाट निकालेका थिए। उनी माइतीमै बसेकी छिन्। पीडक पति महेन्द्रले सम्बन्ध विच्छेद गर्न दबाव दिइरहेको बताइन्छ। अनेमसंघको सहयोगमा पीडितकी छोरी सम्झना रानाभाटको लागि बाबुले पाउने तलबको आधा हिस्सा दिलाइएको छ। पीडक महेन्द्र शाही नेपाली सेनामा कार्यरत छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

राईपुर गाविस-५ की १९ वर्षीय सीतामाया पराजुली र तिनको जेठाजु ४५ वर्षीय दिलबहादुर पराजुली समेतले **०५१ माघ ११** गते भर्खरै जन्मिएको नवजात शिशुलाई घाँटी निमोठेर हत्या गरे। सितामायाको पति २ वर्षअघि रोजगारको लागि विदेश गएका थिए। जेठाजु-बुहारी बीच अनैतिक सम्बन्ध भएका कारण सितामाया गर्भवती भएकी बताइन्छ। जिल्ला अदालतले पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

वसन्तपुर गाविस-२ चुँदीका क्षेत्रबहादुर गोदारलाई **०५२ असार १** गते आफ्नै दाजु कृष्णबहादुर गोदारले ढुंगाले हिर्काउँदा टाउकोमा गहिरो चोट लागेको थियो। ती दुई दाजुभाइबीच अंशवण्डा सम्बन्धी विवाद भएको बताइन्छ।

काहुँशिवपुर गाविस-८ कोइदिममा भिर्कोट-५ का ४७ वर्षीय डम्बरबहादुर विश्वकर्मा, सोही ठाउँका ४० वर्षीय वलबहादुर विश्वकर्मा र ५५ वर्षीय प्रतापसिं थापालाई **०५२ साउन २६** गते सोही ठाउँका यामबहादुर आले, वसन्त आले, विष्णबहादुर आले र उडबहादुर आले समेतका व्यक्तिहरूले कालो मोसो दलेर, जुत्ताको माला लगाई कुटपिट गरे। हात पाखुरा बाँधेर विभिन्न नारा जुलुस लगाउँदै दमौली बजार परिक्रमा गराइयो। जग्गा सम्बन्धी विवादका कारण पीडितहरूमाथि त्यस्तो अमानवीय व्यवहार गरिएको बताइन्छ।

शंकर मा.वि. डुम्रेका शिक्षक गोपाल भण्डारीलाई डुम्रे वेशीबाट घर फर्कन लाग्दा केही व्यक्तिले सांघातिक आक्रमण गरी घाइते बनाए। यस घटनामा संलग्न भएको आरोप दिलप्रसाद तिवारी र तारापति तिवारीलाई लगाइएको थियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

शिक्षक गोपाल भण्डारीमाथि भएको सांघातिक आक्रमणको नेपाल शिक्षक संघ तनहुँले तीब्र भर्त्सना गर्दै दमौलीमा विरोध जुलुस प्रदर्शन गर्‍यो। पेशागत सुरक्षा एवं अपराधीलाई कडा कार्वाही सहित पीडितलाई शीघ्र क्षतिपूर्ति दिलाउन प्रमुख जिल्ला अधिकारी समक्ष संघले माग गरेको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा बस दुर्घटनामा परी ४ जनाको मृत्यु भयो। स्टोभ पड्किंदा आगोले जलेर १ जनाको मृत्यु भयो भने पैहोमा परी १ जनाको मृत्यु भयो।

६ जना पुरुष र ४ जना महिला गरी १० जनाले आत्महत्या गरे। तिनमा धेरै जसोले झुण्डिएर आत्महत्या गरेको पाइयो। आत्महत्या गर्नेहरू १६ देखि ५५ वर्षको उमेरका थिए। १ जनाले ऋण तिर्न नसकेर र अन्यले अरू कारणले नै आत्महत्या गरे

मिर्लुङ गाविस-१ का २० वर्षीय गोपाल गुरुङ र सोही ठाउँकी १८ वर्षीय पार्वती गुरुङले **०५२ जेठ १६** गते राती रूखमा एउटै डोरीमा झुण्डिएर आत्महत्या गरे। उनीहरू एक अर्कालाई प्रेम गर्थे। तर परिवारको आर्थिक स्तर नमिल्ने भएकाले विवाह हुन सकेन। विवाह गर्न नपाएका कारण उनीहरूले संयुक्त रूपमा आत्महत्या गरेका थिए। ■

३. पश्चिमाञ्चल

गण्डकी

३.२ गोरखा

जनसंख्या : २५२५२४
साक्षरता : ४३.३ प्रतिशत
महिला साक्षरता : ३०.९ प्रतिशत
क्षेत्रफल : ३६१० वर्ग कि.मी.

गण्डकी अंचलको विकट जिल्लामध्ये गोरखा पनि हो। अशिक्षा, अज्ञानता, गरीबी, अन्धविश्वास र शोषणका कारण यहाँका अधिकाश गाउँहरू पछौटे अवस्थामा रहेका छन्। गरीबहरूमाथि हुने गरेको शोषण मानवअधिकारको उल्लंघनका दृष्टिले यहाँको आम र प्रमुख घटना हो। भौगोलिक विकटताका कारण मानवअधिकार हननका कतिपय घटनाहरू प्रचारमा समेत आउने गरेका छैनन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

आरुपोखरी-७ का हिरालाल खनालले **०५२ वैशाख २१** गते आफ्नी पत्नी शान्तदेवी खनाललाई बासीभात खुवाउन खोजेको भन्ने रीसमा कोदालाले हिर्काएर हत्या गरे।

कैरौजा गाविस-३ का ७२ वर्षीय दाने गुरूङलाई बोक्सीको आरोपमा सोही गाविसमा बस्ने दमसेर सिंह गुरूङ, कान्छा गुरूङ र सुमन सिंह गुरूङले कुटपिटका साथै आगोले पोली बोरामा हालेर गण्डकीमा फालिदिएका थिए। पीडकहरूलाई प्रहरीले हिरासतमा राखेको छ।

स्वारा गाविस-५ का १४ वर्षीय सुकबहादुर गुरूङ्गलाई **०५२ भदौ २१** गते हत्या गरी नवलपरासी गैंडाकोट नजिक नारायणी नदीको किनारमा फालिएको अवस्थामा लाश फेला पऱ्यो। हत्यारा पत्ता लाग्न सकेको छैन।

थालाजुङ गाविस-४ का यमबहादुर गुरूङ्गले आफ्नै दाजु मिनप्रसाद गुरूङ्गलाई पैसा नदिएको झोंकमा **०५२ असोज ९** गते दाउराले हिर्काएर हत्या गरे।

ताप्ले गाविस कोखे आहाले भञ्ज्याङमा पसल गरी बस्ने ४५ वर्षीय सुकुलक्ष्मी श्रेष्ठलाई एकजना अपरिचित व्यक्तिले विषालु पदार्थ खान दिई **०५२ असोज**मा हत्या गरे। अपराधी फरार रहेका छन्।

पाँचखुवा देउराली गाविस-५ का २० वर्षीय श्यामबहादुर भट्टले ताकमाभ लाकुरीवोट-५ का ६९ वर्षीय थिरप्रसाद भट्टलाई **०५२ कार्तिक ४** गते धनमाल लुट्ने उद्देश्यले धारिलो हतियारले हानी हत्या गरे।

मेसल-३ का सञ्जीव मंग्रातीकी पत्नी १९ वर्षीय सानुमाया मंग्रातीले आफ्नो १० दिनको बच्चालाई **०५२ मंसीर २** गते हत्या गरेर जंगलमा फालिन्।

१.२ जेल र बन्दीहरू

यहाँको जेल भर्खरै बनाइएको भए पनि सबै किसिमका सुविधाहरू प्राप्त हुन सकेका छैनन्। ५५ जनाको क्षमता रहेको यहाँको जेलमा हाल १६ जना कैदी र ४ जना थुनुवा गरी जम्मा २२ जना रहेका छन्। जसमा २ जना महिला र ३ जना विदेशी नागरिकहरू समेत रहेका छन्।

१.३ गिरफ्तारी र यातना

यस वर्ष गैर कानूनी गिरफ्तारी र यातनाका घटनाहरू भएको पाइएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी घटना भएको सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मिरकोट गाविस-३ का तिलकबहादुर कुँवर र रामकृष्ण कुँवरले **०५१ चैत ९** गते सोही ठाउँका १७ वर्षीय दीपकबाबु विष्टलाई कुटपिट गरी ज्यान मार्ने धम्की समेत दिए।

गोरखकाली गाविस-४ हरमटारीका रामप्रसाद श्रेष्ठको

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	२	-	-
बलात्कृत	-	२	-	१
आत्महत्या	-	-	१	१२

घरमा **०५२ वैशाख २३** गते एकजना नकाबधारी व्यक्ति आई घरमा रहेका मिश्रीमाया श्रेष्ठ र इस्मिता श्रेष्ठलाई छुराप्रहार गरी गम्भीर घाइते बनाई भागे।

ताक्ले गाविस-६ का तीर्थबहादुर कुँवरलाई आफ्नो वारीमा काम गरिरहेको बेलामा सोही ठाउँका काइला मियाँ र मोमद्दिनले सानो विवादमा कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

सिमजुङ गाविसमा "आफ्नो गाउँ आफैं बनाऊँ" भन्ने कार्यक्रमको रकम बाँडफाँडका लागि गइरहेका गाविस उपाध्यक्ष र २ जना सदस्यलाई **०५१ फागुन ४** गते स्थानीय केहरमान गुरूङ लगायतका ६ जनाले बीच बाटोमै छेकेका थिए। सोही हुलले गाविसको कागजपत्र च्यात्ने, फाल्ने र मानिसहरूलाई लछारपछार गर्ने काम पनि गरेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा देवानी फौज्दारी मुद्दा गरी जम्मा २ सय ६४ वटा मुद्दा परे। गरीबी र अशिक्षाका कारण पीडित जनताले न्याय प्राप्तिको कुरालाई सरल र निष्पक्ष महशूस गर्न सकिरहेको पाईंदैन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

च्याङ्ली गाविस-७ की ६ वर्षीय शोभा परियारलाई सोही ठाउँका ४६ वर्षीय लिलाबहादुर परियारले चकलेट दिएर फकाई **०५२ पुस ८** गते बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

नारेश्वर गाविस-९ का अमृतबहादुर वस्नेतले तनहुँ नपा-१० की निर्मला पौड्याललाई **०५१ पुस १३** गते दोस्रो विवाह गरे। हाल जेठी पत्नीले न्यायको लागि प्रहरीमा उजुर गरेकी छिन्।

नामजुङ गाविस-५ का दिलबहादुर थापाले **०५१ माघ ५** गते सोही ठाउँकी मिना खड्कासंग दोस्रो विवाह गरे।

फिनाम गाविस-४ मा घर भई तनहुँ वाइस जगारे प्रहरी चौकीमा कार्यरत कर्मचारी फलबहादुर खत्रीले **०५१ माघ १०** गते तनहुँ बाइस जगारेकी कृष्णकुमारी श्रेष्ठसंग दोस्रो विवाह गरे।

हर्मी गाविस-७ का मनोज बनियाले चितवन मंगलपुरकी एकजना स्त्रीनीसंग **०५२ वैशाख**मा दोस्रो विवाह गरे।

भिरकोट गाविस-२ का मानबहादुर रानाले सोही ठाउँका वेदबहादुर गेलाङकी पत्नीलाई लगेर **०५२ साउन २७** गते दोस्रो विवाह गरे।

तारानगर गाविस-१ का श्यामबहादुर परियारले **०५२ असोज २९** गते फिनाम-२ की मञ्जु परियारसंग दोस्रो विवाह गरे।

यस सम्बन्धी घटना भएको सार्वजनिक जानकारीमा आएन।

४.३ गर्भपतन

हर्मी गाविस-७ का मनोज वानियाकी पत्नी राममाया वानियाले **०५२ मंसीर २०** मा गर्भपतन गराइन्। हाल निजका पति मनोजले दोस्रो विवाह गरेका छन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना देखा परेन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

बोर्लाङ गाविस-५ मा पर्ने चण्डीमाइको मन्दीरमा अछूत जाति भनिनेहरूले मुक्ति समाज इकाई समितिको आयोजनामा **०५२ मसिर १४** गते मन्दीर प्रवेश कार्यक्रम सम्पन्न गरे। सो कार्यक्रम विफल पार्नका लागि सोही ठाउँका गाविस अध्यक्ष उदयजंग थापा र सुरक्षाका लागि प्रहरीहरू सक्रिय रहेका थिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य/टिप्पणी प्रकाशित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा जम्मा १३ जनाले आत्महत्या गरे। तिनमा ७ जनाले जीवनदेखि वाक्क भएर, ३ जनाले घरायसी झगडाको कारण, १ जनाले विना मञ्जुर विवाह गरिदिन थालेकोले र २ जनाले विनाकारण संयुक्त आत्महत्या गरे। आत्महत्या गर्नेहरूको उमेर २४ वर्षदेखि ५५ वर्षको बीचमा रहेको पाइएको छ। त्यस्तै मोटरसाइकल दुर्घटनाबाट ३ जनाको र जंगली जनावरको आक्रमणबाट १ जनाको मृत्यु भयो।

गोरखाच्याङ्ली गाविस-६ मा ज्वालामुखी निक्ली २४ घर परिवारको ठूलो क्षति भयो भने पहिरोबाट ४० हजार बराबरको धनमाल नष्ट भयो। ■



३. पश्चिमाञ्चल

गण्डकी

३.३ लमजुङ्ग

जनसंख्या : १५३६१७

साक्षरता : ४६.८ प्रतिशत

महिला साक्षरता : ३३.८ प्रतिशत

क्षेत्रफल : १६९२ वर्ग कि.मी.

मनासलु र अन्नपूर्ण (दोश्रो) हिमचुलीको सुन्दरतासँगै दूध पोखरी र मर्स्याङ्दीको जल तरंगमा प्रकृति हाँसेको यो जिल्लामा गुरूङ्गहरूको बाहुल्य छ। ब्राम्हण, क्षेत्री, नेवार, मगर, तामाङ्ग, थकाली आदि जातिका मानिसहरू पनि यहाँका वासिन्दामा पर्दछन्। दूर्लभ जातिको रूपमा रहेका दूरा जाति यही जिल्लामा छन्। स-साना घरेलु उद्योग बाहेक ठूला कलकारखानाहरू छैनन्। सानो मात्रामा व्यापार र मुख्यतया खेतिपाती नै यहाँको उत्पादन कार्य बनेको छ। मानवअधिकार उल्लघनका दृष्टिले यो जिल्ला पनि मुक्त छैन। यो वर्ष यहा बोक्सीको आरोपमा ज्यानै लिने घटना पनि भयो। त्यस्तै झूठो आरोपमा एउटी महिलालाई थुनेर यातना दिएको घटना पनि चर्चामा रहयो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

यस वर्ष राज्यको तर्फबाट वा व्यक्तिहरूको आपसी द्वन्द्वबाट समेत जिल्लामा कुनै गोली काण्ड भएको जानकारी प्राप्त हुन आएन। यद्यपि दूध **पोखरी-९** की ५८ वर्षीय सनमाया गुरूङ्गलाई ०५२ पुसमा बोक्सीको आरोपमा स्थानीय २५ वर्षीय काले गुरूङ्गले हत्या गरे। अभियुक्तलाई कानूनी कार्वाहीका निम्ति थुनामा राखिएको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	३	-	१
बलात्कृत	१	-	-	१
आत्महत्या	-	-	२	३

१.२ जेल र बन्दीहरू

लमजुङ्ग जेल सदरमुकाम वेशीशहरमा रहेको छ। "घ" श्रेणीको यस जेलको क्षमता २५ जनासम्म बन्दी अट्न सक्ने रहेको छ। हाल यस जेलमा १० जना थुनुवा, ३ जना कैदी र ४ जना नाबालक गरी जम्मा १७ जना बन्दी रहेका छन्। यस वर्ष यो जेलमा ०५१ माघ १० गते बन्दी राकेश परियारले आफूसँग आफ्नो बच्चा साथमा राख्न पाउनु पर्छ भनी सम्पूर्ण बन्दीहरूले आमरण अनशन बसेका थिए। जेलको भौतिक स्थिति भने जीर्ण भइसकेको हुनाले मरमत गर्नु पर्ने देखिएको छ।

१.३ गिरफ्तारी र यातना

राजनीतिक अभियोगमा यस वर्ष यहाँ गिरफ्तारी र यातना सम्बन्धी घटना भएको जानकारी प्राप्त भएन। तर प्रशासनिक अविवेक दर्शाउने घटनाको रूपमा भने **खुदी गाविस-१** का सोममायालाई **०५२ कार्तिक १७** गते आफ्नै सातवर्षे छोरीलाई खोलामा बगाएको झूठो अभियोगमा पक्राउ गरियो। त्यसपछि प्रहरी हिरासतमा सोममायालाई निकै यातना दिइयो र छोरी दुर्गा मायालाई खोलामा फालेको कुरा स्वीकार्न विवश बनाइयो। छोरी दुर्गा भने अन्यत्रै थिइन्। पछि यो घटनाको हल्ला चलेपछि उनलाई आमाकहाँ ल्याइयो। तर सोममायालाई भने निकै समयसम्म जेलमा राखियो। झूठो आरोपमा कारवाही चलाउने प्रहरीलाई कुनै कार्वाही गरिएको जानकारी प्राप्त भएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी घटना जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

सिमपानी गाविस-३ पामचोक बस्ने बलबहादुर थापाले दण्डबहादुरलाई **०५२ वैशाख** ८ गते पानी निकास गर्ने

कुलोको झगडाका कारण कुटपिट गरे।

बिचौर गाविस-४ मरहद्ठाका उमाकान्त दवाडी लगायत ४ जनालाई स्थानीय ज्ञानेश्वर मरहठ्ठा लगायतका व्यक्तिहरूले **०५२ बैशाख १३** गते घाँस दाउराको झगडाका कारण कुटपिट गरे। पहिले देखि २ नं. वडाका बासिन्दाले उपभोग गरेको जंगलमा ४ नं. वडाका बासिन्दा आएको हुँदा सो झगडा भएको बताइन्छ।

उदीपुर गाविस-३ गैरीस्थित भक्ति नमूना मा.वि.का विद्यार्थी र ना.अ.ख ७४९५ नं.को बसका खलासी बीच भएको विवादबाट **०५२ बैशाख २१** गते कुटपिट हुँदा खलासी कुमार थापा घाइते भए। यसै कुरालाई लिएर बैशाख २३ र २४ गते बस हड्ताल गरी बेशी शहरबाट बाहिर जाने कुनै पनि बस चलाइएन। प्रशासनले २ जना विद्यार्थीलाई पक्राउ गरेको थियो। त्यसको विरोधमा २४ गते विद्यालय हड्ताल भयो। अन्तमा गाविस प्रतिनिधि, छात्रहरू, प्रहरी प्रशासन र बस चालक एवं संचालक समितिका मानिसहरू बसी समस्या समाधान गरियो।

फलेनी गाविस-५ का धर्मसिंह तामाङ्गलाई स्थानीय मानबहादुरले **०५२ साउन २३** गते बेलुका कुटपिट गरे। कुटपिटबाट धर्मसिंहको आँखामा चोट लागेको छ। बराह पोखरीको मेलामा झाँक्री नाच्न जानु पर्नेमा छोरा बिरामी भएकोले जान सक्दिन भन्दा उनलाई कुटिएको थियो। पीडक मानबहादुरमाथि कानूनी कार्वाहीको माग राखी जिल्ला प्रशासन कार्यालयमा पीडित पक्षबाट निवेदन दिइएको छ। हाल सार्वजनिक अपराध अन्तरगत मुद्दा चल्दैछ।

जिता गाविस-७ सातघरेका हर्कबहादुर थापालाई स्थानीय बलबहादुर थापा र एकबहादुर थापाले **०५२ मदी ३०** गते कुटपिट गरे। केटाकेटीले खनेको बाटोको विषयमा मनाभन भए पछि उक्त कुटपिट भएको थियो। कुटपिटबाट हर्कबहादुरको दुईवटा दाँत भाँच्चिएको र अनुहारमा चोट लागेको थियो। पीडकलाई कानूनी कार्वाहीका निम्ति प्रहरीमा उजुरी दिइएको छ र पीडितले घाउ जाँच गराई प्रहरीमा घटना दर्ता गरेका छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँका सबै जनसमुदायले निर्वाध रूपमा धार्मिक स्वतन्त्रताको उपभोग गरिरहेका छन् र यहाँ धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक अर्धन्यायिक निकायमा गई न्याय माग गर्नेहरूको संख्या ठूलो छैन। यस वर्ष जिल्ला अदालतमा देवानी तथा लेनदेन अंश र जग्गा खिचोला सम्बन्धी ९२ मुद्दा परे। तीमध्ये ३९ वटाको फैसला पनि भइसकेको छ। चोरी, जीउ ज्यान, बहुविवाह, बलात्कार आदि गरी १७ मुद्दा दर्ता भएकोमा ८ वटाको फैसला भइसकेको छ। कुटपिट गाली बेइज्जति आदि गरी ४० वटा मुद्दा दर्ता भएकोमा १६ फछ्र्यौट भइसकेका छन्। वनफँडानी २, आगजनी १, सार्वजनिक अपराध सम्बन्धी १७ मुद्दाहरू दर्ज भए। प्रहरी सूत्रबाट प्राप्त जानकारी अनुसार आत्महत्या ५, आगजनी २, सवारी ज्यान १, नकवजनी चोरी सम्बन्धी ४, भवितव्य ज्यान ७, बलात्कार १, जीउमास्ने बेच्ने २, गर्भपतन १, कर्तव्य ज्यान २, सरकारी कागज कीर्ते गरेको १ मुद्दाहरू यसवर्ष चले। यीमध्ये २७ वटा जिल्ला अदालत पठाइयो।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यसवर्ष यहाँ शिक्षक पूर्णकान्त सापकोटाप्रति पक्षपातपूर्ण व्यवहार भएको कुरा सार्वजनिक चर्चाको विषय बनेको थियो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी उल्लेख्य जानकारी प्राप्त हुन आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

चक्रतीर्थ गाविस-१ को चम्पावति प्रा.वि.का शिक्षक मधु सापकोटाले स्थानीय मीना भुजेलसंग अनुचित सम्बन्ध राख्दै जाँदा **०५२ साउन १४** गते एउटा बच्चा जन्मियो। निजले मीनालाई केही सुत्केरी खर्च पनि दिए तर पछि स्वारन गर्न मानेनन् र गाउँबाट भागे। घटनाको सार्वजनिक जानकारीपछि ७६ जना गाउँलेहरूले नवजात शिशु मधु सापकोटाकै सन्तान हो भन्ने मुचुल्का गरी मीनालाई प्र.जि.अ. कार्यालयमा उजुरी दिन पठाए। समस्या नसुल्झेको हुँदा मीना अदालत जाने अवस्थामा छिन्। पीडक फरार छन्।

तार्कुघाट गाविस-४ की स्यानी दमिनी र सोही ठाउ बस्ने महमद मियाँको संसर्गबाट **०५२ कार्तिक १** गते एउटा बच्चा जन्मियो तर पछि मियाले उक्त बच्चालाई अस्वीकार गरेर फरार भयो।

सुन्दरबजार गाविस-९ की सीता भुजेललाई तनहु चोक-८ दुदेकुना बस्ने कृष्णबहादुरले **०५१ मंसीर**मा कान्छी पत्नीको रूपमा बिहे गरेर चैततिर भारत लिएर गए। त्यहाँ आन्ध्र प्रदेशको एउटा काँटा उद्योगमा काम गरी ४ महिनासँगै बसे। त्यसपछि ०५२ असारतिर सीताको पेवा नगद रू.३५ हजार समेत लिई कृष्णबहादुर भागे। अखिल भारत प्रवासी

आफ्नो शरीरमा मट्टितेल खन्याई आत्महत्या : विन्दु गुरुङ्ग

नेपाली संघको सहयोग लिई सीता स्वेदश आइन् र कृष्णबहादुरमाथि कार्वाहीको माग गरेकी छिन्। तर उनको सुनुवाई अझै भएको छैन र अभियुक्त पनि फरार रहेका छन्।

वेसीशहर गाविस–१ का २२ वर्षीय गगन भुजेललाई सोही ठाउँ बस्ने एक १७ वर्षीय युवतीलाई बलात्कार गरेको अभियोगमा कानूनी कार्वाही गरी जेल चलान गरिएको छ।

५.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस वर्ष यस सम्बन्धी घटना भएको सार्वजनिक जानकारीमा आएन।

५.३ गर्भपतन

मालिङ्ग गाविस–६ नयाँ गाउँ की ३५ वर्षीय वुद्धिमाया लामाले आफन्तसंग अनुचित सम्बन्ध राख्दा रहन गएको गर्भ **०५२ असोज १५** गते पतन गराइन्। उनलाई पक्राउ गरी कार्वाही गरिएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस वर्ष यहाँ बालअधिकार उल्लंघन भएका घटनाको कुनै उल्लेख्य जानकारी प्राप्त भएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

इसानेश्वरमा अवस्थित महादेवको मन्दीरमा **०५२ कार्तिक १** गते रूद्री पूजा गरिएको र त्यसमा भगवानका नाममा फूल, अक्षता र प्रसाद चढाउन भनी गएका मणीराम वि.क.लाई पुरोहित लगायतका केही व्यक्तिले गाली गरे। अछूतको अक्षता चढ्दैन भनी फूलपाती अस्वीकार गरियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै पनि दल वा व्यक्तिहरूले जिल्लामा भएका मानवअधिकार हननका कुरालाई लिएर वक्तव्य आदि दिएको सार्वजनिक जानकारी प्राप्त हुन आएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यहाँ खोलामा डुबेर २ जना र घरको छानाबाट खसेर १ जनाको मृत्यु भयो। १ जना महिला र २ जना पुरूष गरी ३ जनाले आत्महत्या गरे। उनीहरूले झुण्डिएर, मट्टितेल खन्याई, आगो लगाएर र नदीमा हामफालेर आत्महत्या गरे। १ जनाले मानसिक असन्तुलनका कारण आत्महत्या गरेको पाइएको छ भने अन्यको कारण थाहा हुन सकेन।

गाउँशहर गाविस–८ नरूवालका लेखमान थापा, निजकी ८२ वर्षीय आमा काली थापा र २२ वर्षीय जेठो छोरा सूर्य थापाको विषादीबाट **०५१ चैत १८** गते मृत्यु भएको छ। भैंसीको जुम्रा मार्न भनी ल्याएको औषधिलाई आँखा कम देख्ने हजुरआमाले बेसार झैं मानेर तरकारीमा हाल्दा सो दुर्घटना भएको थियो।

■



३. पश्चिमाञ्चल

गण्डकी

३.४ स्याङ्जा

जनसंख्या : २९३५२६
साक्षरता : ५१.१ प्रतिशत
महिला साक्षरता : ३८.२ प्रतिशत
क्षेत्रफल : ११६४ वर्ग कि.मी.

पश्चिमाञ्चलको पहाडी जिल्ला स्याङ्जाका करीब ९० प्रतिशत नागरिकहरू कृषि पेशामा संलग्न छन्। अशिक्षा र गरीबीबाट पीडित यस जिल्लामा मानवअधिकार उल्लंघनका घटनाहरू मई नै रहन्छन्। यो वर्ष यहाँका २ जना शिक्षकको हत्याको घटना निकै चर्चामा रह्यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

स्याङ्जा गाविस-९ का शरणकुमार राना परियारलाई **०५२ मदी २** गते छाङ्गछाङ्गदी गाविसको मेलाबाट घर फर्कदा स्थानीय संजय श्रेष्ठ लगायत ५ जनाले कुटपिट गरी हत्या गरे। पीडकमध्ये केही फरार छन्।

ओरस्टे गाविस-६ घर भएका कोल्मा बाराहाचौर मा.वि.का प्र.अ. ५० वर्षीय शिवप्रसाद पोखेल र सोही मा.वि.का शिक्षक २७ वर्षीय ऋषिराम वाग्लेलाई **०५२ असोज ९** गते खिलुङ्ग देउराली-६ का हस्तबहादुर गुरूङ्ग लगायतका ६ जनाले खुकुरीले घाँटी रेटेर विभत्स ढङ्गले हत्या गरे। प्र.अ. शिवप्रसाद पोखेलले शिक्षक कर्मचारीहरूको तलब २० हजार र शिक्षक ऋषिराम वाग्लेसंग भएको ५० हजार लिएर घर फर्किरहेका थिए। अरौदी देवीस्थानको थुम्कोमा पुगेपछि अपरिचित व्यक्तिहरूले झोला माग्दा निजले नदिएपछि लाठी, फलामको छड र खुकुरी प्रयोग गरी हत्या गरिएको थियो।

१.२ जेल र बन्दीहरू

०३७ सालमा बनेको स्याङ्जा कारागार ३ रोपनी जग्गामा रहेको छ। ३५ जना क्षमता भएको यहाँको जेलमा हाल जम्मा ३७ जना बन्दी रहेका छन्। जसमा २४ जना थुनुवा र १३ जना कैदी छन्।

१.३ गिरफ्तारी र यातना

०५२ साउन १ गते **काली गण्डकी रामदीघाम**मा शव दाह संस्कार गरी फर्केका मलामीहरूलाई इलाका प्रहरी कार्यालयका प्रहरी हवल्दार र प्रहरी निरीक्षकले दुःख र यातना दिने काम गरेको कुरा पीडितहरू बताउँछन्।

१.४ वेपत्ता पारिएको

पेलाकोट गाविस-८ मनहरीस्वर्ककी सीता दुबेका पति विदेशमा रहेको हुँदा जेठाजु गंगाराम दुबेसंग अनैतिक सम्बन्ध रहन गई गर्भ रहेकोले पतिले उनलाई छोडे। हाल सीता दुबे वेपत्ता भएकी छिन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

०५२ साउन १६ गते ने.वि.संघद्वारा आयोजित नेपाल बन्दको कार्यक्रममा पर्यवेक्षण गर्दै हिंडिरहेका मानवअधिकार संरक्षण मञ्च स्याङ्जाका सचिव निर्मलकुमार शेरचन, धनबहादुर वि.क. र चक्रबहादुर गुरूङ्गलाई जुलुसमा संलग्न व्यक्तिहरूले कुटपिट गरे। सो घटनामा हुरेडका अध्यक्ष शंकर कार्कीको क्यामरा खोसी नगद समेत लुटपिट गरिएको थियो।

तुलसी मञ्ज्याङ्ग गाविसका कार्यवाहक अध्यक्ष शंकरदेव अधिकारीलाई **०५२ मदी ५** गते जिल्ला उपसभापति लालगोपाल र उनका भाइ ड्यामप्रसाद अर्यालले तुलसी मञ्ज्याङ्गलाई छुट्याइएको रकम निकासी गर्नमा ढिलाई गरेको भनी कुटपिट गरे।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	-	-	-
बलात्कृत	-	-	१	-
आत्महत्या	-	-	-	-

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५२ मदौ १२ गते ने.रा.शि.संघको अधिराज्यव्यापी धर्ना कार्यक्रमका दिन भानुभक्त मा.वि. गल्याङका विद्यार्थीले पढाउने माग गर्दा प्र.अ. पदमप्रसाद पाण्डे नमाने पछि शिक्षक र विद्यार्थी बीच झडप भयो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अशिक्षा र गरिबीका कारण नागरिकहरू न्यायिक अधिकारबाट वञ्चित रहेका छन्। यो वर्ष यहाँको न्यायालयमा ८ सय २० वटा मुद्दा दर्ता भए भने १ सय ९४ वटा फछ्र्यौट भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएकन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या विद्यमान छ। तर यो वर्ष उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जगत्रदेवी गाविस-८ गल्याङ्गकी नीतु पाण्डे **०५२ जेठ २** गते घरमा आफ्नै नन्द नन्दकला पाण्डे र देवर श्याम पाण्डेद्वारा पकाइएको चिया पिउँदा बेहोस भइन्। चियामा विष राखेर दिइएको बताइन्छ।

पेलाकोट गाविस-९ मझुवाकी २६ वर्षीय विधुवाको स्थानीय २५ वर्षीय विश्व पाठकसंगको अनैतिक सम्बन्धबाट गर्भ रहन गएकोमा दुबै मिली **०५२ असार १९** गते गर्भ पतन गराए। घटनाका बारेमा समाजमा प्रचार भएपछि निजका बाल बच्चालाई पालन पोषणको लागि पीडकले केही रकम दिएर हाल पीडितलाई नवलपरासी सुनबलमा राखेका छन्।

रापाकोट गाविस-८ घर भई पाल्पा क्याम्पसमा प्रमाण पत्र प्रथम वर्षमा अध्ययनरत एउटी युवती र उनका काका बीच यौन सम्पर्क हुन गई उनी गर्भवती भइन्। पछि पीडितका दाजु सहितले निजको विवाह गरी दिने या गर्भ पतन गराउने भनी लगेका थिए। नत गर्भ पतन नै गरियो, नत विवाह नै भयो। उनले हाल बच्चा जन्माएर अलपत्र परेकी छिन्।

बानेथोक देउराली-४ का २५ वर्षीय मोटे भन्ने दिलबहादुर खड्काले शहीद शुक्र मा.वि. बानेथोक देउराली कक्षा १० मा अध्ययनरत एक छात्रालाई टिउसन पढी घर फर्किरहेको अवस्थामा **०५२ मदौ २०** गते मिर्दी खोलाको वगरमा बलात्कार गर्न लाग्दा पीडित महिला भाग्न सफल भइन्। पीडितले प्रहरीलाई उजुर गरेपछि पीडकलाई गिरफ्तार गरियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

चण्डी कालिका गाविस-७ का सोमे नेपाली भन्ने नारायणबहादुर थापाले आफ्नै पत्नीलाई भारतको पञ्जाबमा लगी ४५ हजार भारतीय रूपैयाँमा बेचेको प्रहरी अनुसन्धानबाट थाहा हुन आएको छ। पीडक गिरफ्तार गरिएका छन्।

४.३ गर्भपतन

रापाकोट गाविस-६ की २० वर्षीय एक युवतीले आफ्नो पति विदेशमा रहेको अवस्थामा रत्नपुर-७ का रामु ढकालसंग यौन सम्पर्क गरी गर्भ रहन गएकोले **०५२ वैशाख १९** गते ६ महिनाको गर्भ पतन गराइन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

जगत्रदेवी गाविस -६ की २० वर्षीय युवतीले **०५२ कार्तिक २८** गते बच्चा जन्माई हत्या गरिन्। ती युवतीले सो बच्चा बौलाहा कुकुरले टोकेर रहन गएको बताएकी छिन्। बच्चा जन्मिएपछि निजले तातो पानीमा डुबाएर मारेकी थिइन्। हाल प्रहरी कार्वाही भइरहेको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा छुवाछूतका व्यवहारहरू कायमै हुँदाहुँदै पनि उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

०५२ साउन १६ गतेको ने.वि.संघको नेपाल बन्द कार्यक्रमको सन्दर्भमा पर्यवेक्षण गरी रहेका हुरेड र मासमका कार्यकर्तामाथि कुटपिट र लुटपिट भए पश्चात त्यसको विरोधमा हुरेड र मासमद्वारा पर्चा प्रकाशित गरी वितरण गरिएको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष वस दुर्घटनाबाट १ जना, आत्महत्याबाट ३ जना र पहिरोबाट १८ जनाको मृत्यु भयो। पहिरोका कारण ०५२ असार २३ गते धनुवासे गाविस-८ का एउटै परिवारका ३ जनाको र अन्य ठाउँमा ४ जनाको मृत्यु भयो।

■

३. पश्चिमाञ्चल

गण्डकी

३.५ कास्की

जनसंख्या : २९२९४५

साक्षरता : ५६.८ प्रतिशत

महिला साक्षरता : ४४.२ प्रतिशत

क्षेत्रफल : २०१७ वर्ग कि.मी.

कास्की पर्यटन रमणीय र प्राकृतिक सौन्दर्य बोकेको पहाडी जिल्ला हो। जमिन मुनी भासिएर बगेको सेती नदी पर्यटनका दृष्टिले जति चर्चित छ- यही कारणले यो जिल्लाले अपराध स्थलको रूपमा पनि परिचय पाएको छ। फेवा, बेगनास र रूपा ताल यसै जिल्लामा पर्दछन्। यहाँका मानिसहरू तुलनात्मक रूपमा सचेत मानिए पनि मानवअधिकार उल्लंघनका घटनाहरूमा भने कमी आएको छैन।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

गैरा पाटनकी इन्दिरा कोइरालालाई उपचारका लागि **०५१ माघ १९** गते पश्चिमाचल क्षेत्रीय अस्पताल लैजाँदा बाटैमा मृत्यु भयो। दुई बच्चाकी आमा इन्दिरा कोइरालाको मृत्युलाई लिएर विभिन्न आशंका व्यक्त गरिएको छ। धेरैजसो मानिसहरू उनको हत्या गरिएको बताउँछन्। मृतकका पति मनोज कोइरालाको अर्को महिलासंग सम्बन्ध कायम हुनाका साथै बारम्बार इन्दिरालाई कुटपिट गर्दथे भनिन्छ। मनोज कोइराला बाहेक मृतककी सासु धर्मा कोइराला, नन्द तारा कोइरालाले पनि बेला-बेलामा उनलाई कुटपिट गर्ने गरेको बताइन्छ।

पश्चिमांचल क्षेत्रीय अस्पताल पोखराका पियन शोभाकर लामीछनेको **०५१ माघ १४** गते ड्यूटीमा रहेको समयमा लाश फेला पर्‍यो। निजको मृत्युको बारेमा विभिन्न आशंका गरिएको पाइएको छ। उनको लाश अस्पतालको अपरेशन थिएटरमा फेला पारिएको थियो।

काँहुडाँडा जाने बाटोमा **०५१ चैत १९** गते मित्रमणि पौडेलेको हत्या भयो। उनलाई ढुंगा र बोतलले हानेर हत्या गरिएको थियो। पीडक दुर्गाबहादुर क्षेत्री, हरिबहादुर घर्ती र लोकबहादुर क्षेत्रीलाई गिरफ्तार गरिएको छ। रूपैयाँ पैसा लेनदेनको विषयलाई लिएर उक्त हत्या भएको बताइन्छ।

भरतपोखरी गाविस-७ का देवीप्रसाद आचार्यको शरीर गाउँकै जंगलमा क्षतविक्षत अवस्थामा **०५२ जेठ १५** गते फेला पर्‍यो। उनलाई हत्या गरी फालिएको आशंका गरिएको छ। अभियुक्तहरू पत्ता लागेका छैनन्।

पोखरा नपा-१ की सेतुली श्रेष्ठलाई **०५२ जेठ ३१** गते मृत अवस्थामा पाइयो। उनको लाश र सुतेको कोठाको प्रकृतिलाई लिएर उनको हत्या भएको आशंका गरिएको छ। निजसंग भएको नगद, सुनचाँदी र कपडाहरू समेत सो ठाउँबाट बेपत्ता पारिएको थियो।

पश्चिमांचल क्षेत्रीय अस्पताल पोखराकी नर्स गीता प्रजापतिको लाश **०५२ असार ६** गते डेभिस फलको खोँचमा भेटियो। एक छोराकी आमा प्रजापतिको हत्या आफ्नै परिवारका सदस्यहरूद्वारा भएको आशंका गरिएको छ। पतिसंग र सासु ससुरासंग खटपट परिरहन्थ्यो। यद्यपि हत्याको पुष्टि हुन सकेको छैन।

पोखरा नपा-११ की विष्णुमाया कोइरालाको **०५२ असार १३** गते बेगनास गाविस-७ का आफ्नै भान्जा रामनाथ आचार्यको निर्देशनमा शिवकुमार कुँवर र विनय यादवले हत्या गरे।

दीपज्योति सिनेमा हलबाट सिनेमा हेरी फर्केका पोखरा नपाका धनबहादुर घलेलाई **०५१ फागुन १८** गते टेढे माइला गुरुङको समूहले हमला गरी छुरी प्रहार गर्दा उनको मृत्यु भयो।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	-	१	१
बलात्कृत	-	५	-	-
आत्महत्या	-	२५	८	१७

ढीकुरपोखरी गाविस-४ का धर्मराज भण्डारीकी पत्नी अनुमाया भण्डारीको **०५२ साउन ४** गते राती शंकास्पद अवस्थामा निधन भएको थियो। गाउँलेहरूले अनुमायालाई हृदयघात भई निधन भएको ठानेर दाह संस्कार गरे। तर मृतकका दाजुले भने जति दाइजो प्राप्त नभएको भोंकमा आफ्नी बहिनीको हत्या गरिएको भनी जाहेरी दिएपछि मलामी सहितलाई प्रहरीले घटना भएको १ हप्तापछि पक्राउ गऱ्यो। हाल धर्मराज भण्डारी पुर्पक्षको निम्ति थुनामा छन्।

पृथ्वीचोक स्थित होटल न्यू तिवेतीयनमा **०५२ साउन ८** गते लक्ष्मी नाम गरेकी महिलाको लाश फेला पऱ्यो। काठमाडौंतिर घर भएको अनुमान गरिएकी निज महिलाको हत्या भएको आशंका गरिएको छ।

पोखरा नपा-१५ का पिताम्बर रानाको खुकुरीको प्रहारद्वारा **०५२ असोज २६** गते मृत्यु भयो। हत्याको अभियोगमा सोमबहादुर राना र जितबहादुर गुरुङलाई प्रहरी हिरासतमा राखिएको छ।

लुम्ले गाविस-४ का कृष्णप्रसाद देवकोटाका दुई जना पत्नीहरू जेठी बालिका देवकोटा र कान्छी राधिका देवकोटाको बीचमा भगडा भई एक आपसमा **कुटपिट हुँदा ०५२ कार्तिक १** गते बालिका देवकोटाको मृत्यु भयो। राधिका देवकोटा हाल थुनामा रहेकी छिन्।

१.२ जेल र बन्दीहरू

६० जनाको क्षमता रहेको पोखरा कारागारमा **१ सय** १७ जना बन्दीहरूलाई कोचाकोच गरी राखिएको छ। जसमध्ये महिलाको संख्या १३ र पुरुषको संख्या १०४ रहेको छ। महिला थुनुवाको संख्या ८ र कैदीको संख्या ५ रहेको छ भने पुरुषतर्फ थुनुवाको संख्या ९५ र कैदीको संख्या ९ रहेको छ। उक्त जेलमा ०५० साउन २५ गते देखि वालकृष्ण अधिकारी र ०५१ मंसीर ५ देखि शंकर अधिकारीलाई विना अपराध पागल बन्दीको रूपमा राखिएको छ। विना कुनै मुद्दा र अपराध आफन्तहरूको अनुरोधमा निजहरूलाई प्रमुख जिल्ला अधिकारीले त्यहाँ थुनेर राख्ने आदेश दिएका थिए।

१.३ गिरफ्तारी र यातना

पोखरा नगरपाका कानून व्यवसायी जयनारायण पौड्याललाई ०५२ वैशाखमा पृथ्वीचोकबाट प्रहरीले विनापूर्जि गिरफ्तार गरेको थियो। **०५१ फागुन ७** गते भदौरे तामागढीमा भएको हत्याकाण्डका जिरह गरेका कारण उनलाई प्रहरी हिरासतमा राखी भोलिपल्ट छोडियो।

पोखरा नपाका अर्का कानून व्यवसायी जगन्नाथ ढकाललाई **०५२ वैशाख**मा जिल्ला प्रहरी कार्यालय कास्कीको स्वागत कक्षमा असई र एकजना प्रहरीले निर्घातसंग पिटे। वार एसोसियसनका सदस्य निज ढकाल प्रहरी हिरासतमा रहेका माधव बराललाई भेट्न जाँदा उक्त घटना भएको थियो।

१.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना भएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

१.६ थुनामा मृत्यु

म्याग्दी जिल्लाको चिमखोला गाविस-८ घर भई कर्तव्य ज्यान मुद्दामा २० वर्ष कैद भोगिरहेका २४ वर्षीय कमल थापाको **कास्की कारागार**मा **०५२ असोज २५** गते मृत्यु भयो। वि.सं. ०४७ साल कार्तिक २५ गते देखि कैद भोगिरहेका निज थापा खुट्टा सुन्निने रोगबाट पीडित थिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

एमाले सरकारद्वारा संसद विघटन गरी मध्यावधि निर्वाचनको घोषणा भएपछि त्यसका विरूद्ध **०५२ असार १४** गते नेपाल विद्यार्थी संघको आयोजनामा **पोखरा बन्द**को कार्यक्रम राखिएको थियो। यस सन्दर्भमा पोखरा नपा पृथ्वीचोकमा नेपालगंज, वाग्लुङ जाने बसलाई रोक्दा नेवि संघका ४ जना र पृथ्वीनारायण क्याम्पस लेखा फाँटमा काम गर्ने कर्मचारी ऋषि बुढाथोकीलाई गिरफ्तार गरियो। उनीहरूलाई साँझपख रिहा गरिएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

धर्मको विषयलाई लिएर कुनै घटना भएको पाइएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतप्रति आम धारणा अन्य प्रशासनिक निकायका तुलनामा सकारात्मक पाइन्छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

वरपाटन मा.वि.का शिक्षक रामचन्द्र चौधरीलाई अवकास दिइयो भने ३८ जना शिक्षकहरूलाई अपायक सरूवा गरियो।

पृथ्वीनारायण क्याम्पस स्नातक तह दोस्रो वर्षका विद्यार्थी भोजराज त्रिपाठीलाई क्याम्पस प्रशासनले ०५२ मंसीरमा १ वर्षका लागि क्याम्पसबाट निष्काशन गऱ्यो। विद्यार्थी त्रिपाठीले आफूलाई पक्षपात भएको बताए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

सुकुम्बासी समस्या सम्बन्धमा उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सिसुवा गाविस-३ मा डेरा गरी बस्ने ४१ वर्षीय एकबहादुर परियार खुट्टा कुँजो भएकी सिसुवा गाविस ३ की आफ्नै छोरीकी मितिनी १४ वर्षीय स्वसमाया गुरूङलाई ०५२ कार्तिक २३ गते भारत बम्बई लगी बेच्ने प्रयत्न गर्दा पक्राउ परे। परियारलाई पुर्पक्षको निम्ति थुनामा राखिएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस जिल्लामा देउकी प्रथा छैन। जारी र बहुविवाहका घटनाहरू यो वर्ष प्रकाशमा आएको पाइएन।

४.३ गर्भपतन

गर्भपतनको घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

बाल अधिकार सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना भएको सार्वजनिक जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कानून व्यवसायी जगन्नाथ ढकाल र जयनारायण पौडेललाई प्रहरीले कुटेको सिलसिलामा बार एसोशिएसन पुनरावेदन अदालतले खेद प्रस्ताव पारित गरी वक्तव्य निकालेको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा १७ जनाले आत्महत्या गरे। ३ जनाले विष सेवन गरेर, ७ जनाले झुण्डिएर आत्महत्या गरे। आफ्नो आमाको मृत्यु भयो भन्ने पिरले १ जनाले आमाको लाश घरबाट उठाउनु भन्दा पहिले विष सेवन गरेर प्राण त्याग गरे। एक जनाले साथीसंगै घुम्न् जान नपाएकोमा आत्महत्या गरे। १ जनाको पौडी खेल्दा, १ जना खोलामा डुबेर, २ जना बाढीबाट पुरिएर र २ जना आगलागीबाट मरे। यस वर्ष फेवाताल बाँध क्षेत्रमा भाडाको डुंगा चलाइरहेको बेला तालको मेलले डुंगा सहित बगाउँदा आयरल्याण्डकी नागरिक २४ वर्षीय मेरी मार्टिन बेपत्ता भइन्। उनको लाश समेत फेला परिएन।

■



३. पश्चिमाञ्चल

गण्डकी

३.६ मनाङ्ग

जनसंख्या : ५३६३
साक्षरता : ४२.९ प्रतिशत
महिला साक्षरता : २९.९ प्रतिशत
क्षेत्रफल : २२४६ वर्ग कि.मी.

नेपाल अधिराज्यको गण्डकी अञ्चलमा पर्ने मनाङ्ग जिल्ला देशका दुर्गम जिल्लाहरूमध्ये एक हो। चौरतिर हिमालले घेरिएको करीब आधाखण्ड बाह्रै महिना हिउँले ढाकिएको हुन्छ। पर्यटकीय स्थलको रूपमा परिचित यस जिल्लाका मुख्य स्थलहरूमा तिलिचो ताल, फोकर ताल, डोल्त ताल, गंगापूर्ण ताल र मनाङ तालहरू रहेका छन्। गरिबी र अशिक्षाका कारण मानवअधिकार हननका घटनाहरू हुँदाहुँदै पनि त्यति धेरै मात्रामा देखा परेको पाईंदैन।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

यस वर्ष हत्या र गोलीका घटना भएको जानकारीमा आएन।

१.२ जेल र बन्दीहरू

यो जिल्लामा कुनै पनि घटना प्राय गाउँ घरमै मिलाइने भएको हुँदा यहाँका घटनाहरू प्रहरी र अदालतसम्म कमै मात्रामा आउने गरेको छ। यस वर्ष यहाँको जेलमा २ जना थुनुवा पुरुष बन्दी राखिएको थियो तर अहिले ती बन्दीहरूलाई पनि छोडिसकिएको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	-	-	-
बलात्कृत	-	१	-	-
आत्महत्या	-	-	-	-

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस वर्ष जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक इन्द्रलाल प्रजापति र प्रहरी सहायक निरीक्षक बासु थापा बीच सामान्य विवादमा कुटपिट हुँदा प्रहरी सहायक निरीक्षक बासु थापा घाइते भएका छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस शीर्षक सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

गरीबी र अशिक्षाले गर्दा नागरिकहरू स्वयं नै न्यायका लागि न्यायालय धाउन सक्दैनन्। त्यसमाथि यहाँका वासिन्दा बुद्ध धर्मावलम्बी भएकाले उनीहरू आफ्नो रीतिथिति अनुसार

सकेसम्म कुनै पनि घटनालाई अदालत र प्रहरीसमक्ष पुग्न दिँदैनन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी घटना देख्न परेन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासीको समस्या हुँदाहुँदै पनि उल्लेख्य घटना जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यहाँ बलात्कारका घटनाहरू हुने गरेका छन्। तर यो वर्ष बलात्कार सम्बन्धी घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस शीर्षक सम्बन्धी कुनै पनि उल्लेख्य घटना जानकारीमा आएन।

४.३ गर्भपतन

यस वर्ष गर्भपतनको घटना देखिएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यहाँका बहुसंख्यक बालबालिका गरिबी र अशिक्षाका कारणबाट पढ्ने लेख्ने अधिकारबाट वञ्चित रहेका छन्। स्वास्थ्य उपचारको अभावबाट धेरैजसो अकालमै मृत्यु हुने गरेको पनि पाइन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा छुवाछूतको समस्या विद्यमान हुँदाहुँदै पनि उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस वर्ष कुनै पनि प्रेस वक्तव्य र टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

वगरछापमा ०५२ कार्तिक २४ गते पहिरो जाँदा धनजनको क्षति भएको छ। त्यस्तै एउटा गाउँमा आगलागीको घटनामा पनि केही धनमालको क्षति भएको छ।

■



३. पश्चिमाञ्चल

लुम्बिनी

३.७ नवलपरासी

जनसंख्या : ४३६२१७
साक्षरता : ३९.० प्रतिशत
महिला साक्षरता : २५.० प्रतिशत
क्षेत्रफल : २१६२ वर्ग कि.मी.

पहाड, भित्री मधेश र तराई तीन किसिमको भौगोलिक विभाजनभित्र परेको नवलपरासी जिल्ला दक्षिणमा भारतीय सीमासँग जोडिएको छ। कृषि पेशामा आश्रित यस जिल्लाका नागरिकहरूमा करीब ३९ प्रतिशत मानिस साक्षर छन्। शैक्षिक चेतनाका कमीले गर्दा मानवअधिकारप्रति मानिसको ध्यान पुग्न सकेको छैन।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

त्रिवेणी गाविस-४ की १५ वर्षीय चन्दा भरलाई **०५१ माघ २५** गते भारत विहार घर भएका व्यापारीहरू रामचन्द मल्लाह, रघु मल्लाह, ललन मल्लाह र सुरेश लोनिया समेतले गोली प्रहार गरी हत्या गरे। पीडकहरू उनको घरमा रक्सी सेवन गरी झगडा गर्दा बान्हवोर बन्दुकबाट गोली चलाएका थिए। उनीहरूलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको थियो।

पक्लीहवा गाविस-३ का ३८ वर्षीय दिलबहादुर गुरूङलाई **०५१ चैत ७** गते घाँटी थिचेर हत्या गरियो। हत्याको अभियोगमा मृतकको पत्नी गुनेश्वरी गुरूङ, रामआशा चमार, करिम मिया र खुमबहादुर थापालाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखियो। पीडितकी पत्नीको आरोपित पीडकहरूमध्ये एकजनासँग अनुचित सम्बन्ध भएको कुरा स्थानीय बासिन्दाहरू बताउँछन्।

रजहर गाविस-८ का गाविस उपाध्यक्ष ४५ वर्षीय विष्णुप्रसाद शमाको लाश **०५१ चैत २४** गते चितवन जिल्लोका दिव्यनगर गाविस-३ को नारायणी नदीको किनारमा फेला पर्‍यो। घटना प्रकृति अनुसार निजको हत्या भएको आशंका गरिन्छ।

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	५	४	-	१
बलात्कृत	-	१	१	५
आत्महत्या	-	-	३१	२२

कुडिया गाविस-९ का ३२ वर्षीय हरिशंकर लोनियालाई **०५१ चैत २५** गते बाख्राले खुर्सानी खाइदिएको निहुँमा स्थानीय भोला विन, देवर विन, छोटु विन, वसन्त विन समेतले कुटपिट गरी हत्या गरे। पीडकहरूलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको थियो।

गैंडाकोट गाविस-१ की १७ वर्षीय कलावती सापकोटाको लाश **०५२ वैशाख २१** गते आफ्नै घरमा झुण्डिरहेको अवस्थामा फेला पर्‍यो। पीडित कलावती ०५२ वैशाख १८ गते दिदीको घरबाट आफ्नो घरमा आएकी थिइन्। पहिलादेखि नै घरमा झगडा हुँदै आएकोले उनी घरमा आउन मानेकी थिइनन्। तर ससुरा नै बोलाउन आएको हुँदा जाने निर्णय गरी घरमा आइन। घरमा आएको तेस्रो दिन हत्या गरी झुण्डाइएको आशंका गरिएको छ।

मुकुन्दपुर गाविस-७ का १४ वर्षीय टेकबहादुर बरूवाललाई **०५२ वैशाख** २८ गते स्थानीय टेकबहादुर सुवेदीले कुटपिट गरी हत्या गरे। आफ्नो आँगन छेउमा दिशा गरेको भनी पीडकले कुटपिट गरेका थिए। पीडकलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको थियो।

माकर गाविस-४ का रवि चाम्लिङको लाश **०५२ साउन ६** गते खजुरा खोलामा फेला पर्‍यो। साउन ३ गते दिउँसो केही व्यक्तिहरूले उनलाई कुटपिट गरेको बताइन्छ। बेलुका पनि तिनै व्यक्तिहरूले कुटपिट गरी हत्या गरेको हुन सक्ने आशंका गरिएको छ। पीडकहरूका बारेमा केही थाहा हुन सकेको छैन।

माकर गाविस-४ का ४२ वर्षीय कुलबहादुर पुनलाई **०५२ साउन ३०** गते वन कार्यालयका सुरक्षा गार्ड जैसराम यादवले गोली प्रहार गरी घाइते बनाए। पीडितमाथि वनबाट

मृतक कलावती : झुण्डिएको होइन झुण्ड्याइएको आशंका

नवलपरासी जेलको भित्री भाग

काठ बोकी ल्याइरहेको अवस्थामा गोली प्रहार गरिएको थियो।

नवलपरासी इलाका वन कार्यालय वर्दघाटका वन रक्षक जम्दार वेदप्रकाश श्रेष्ठको टोलीले ०५२ मदौ ३० गते चलाएको गोलीबाट वर्दघाट बजारका ४२ वर्षीय कुलबहादुर पुन घुँडामा गोली लागि घाइते भए।

१.२ जेल र बन्दीहरू

यो जिल्लामा रहेको जेलमा जम्मा ३५ जना बन्दी राख्न सक्ने क्षमता छ। हाल यस जेलमा फैसला भएका २८ र नभएका १ सय ५२ गरी जम्मा १ सय ८० जना बन्दी राखिएका छन्। जसमा २८ जना महिला र २ जना नाबालक रहेका छन्। "ष" श्रेणीको यस जेलमा स्वास्थ्य, पानी र उज्यालोको अभाव छ। अझै पनि यस जेलमा चौकीदारहरूले आफू सरहका बन्दीहरूलाई हप्काउने, पिट्ने गरेको पाइन्छ भने महिला बन्दीको स्तनमा लौराले घोच्ने गरेको पनि पीडितहरू बताउँछन्। महिलाहरूलाई चौकीदारले लौराले पिट्ने गरेको विरोधमा २ जना महिलाले एक दिन खाना नै खाएनन्।

१.३ गिरफ्तारी र यातना

गैडाकोट गाविस-१ का केदार सापकोटालाई **०५२ वैशाख २२** गते कलावती सापकोटालाई मारेको अभियोगमा गिरफ्तार गरी निर्ममतापूर्वक यातना दिइयो। उनलाई हातखुट्टा बाँधेर, औंलाको टुप्पामा करेण्ट लगाउने जस्तो अमानवीय यातना दिइएको थियो।

१.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको कुरा प्रकाशमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कावासोती गाविस-७ का नन्दराम महत्तोलाई **०५२ साउन २३** गते गैडाकोट गाविस-१ का विष्णुबहादुर वि.क. लगायत २ जनाले छुरा प्रहार गरी घाइते बनाए।

नवलपरासी मालपोत कार्यालयका लेखनदास ०५२ जेठ २२ गते परासी गाविस-६ का प्रेमनाथ खनालले छुरा प्रहार गरी घाइते बनाए। पीडितलाई उपचारका लागि अस्पताल भर्ना गरियो तर पीडकमाथि प्रहरीले कुनै कार्यवाही गरेन्।

१.६ थुनामा मृत्यु

थुनामा कसैको पनि मृत्यु भएको जानकारी आएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

गैडाकोटस्थित प्रहरी चौकी अगाडि **०५२ वैशाख २३** गते एक विरोध जुलुसमा लाठी चार्ज र अश्रु ग्यास समेत प्रयोग गरियो। कलावती सापकोटाको हत्यामा प्रहरीको सहयोग रहेको र एकलौटी सर्जमिन हुन थालेको भन्ने थाहा पाई यसको विरुद्धमा विरोध जुलुस प्रदर्शन भएको थियो। जुलुसमा प्रहरीले लाठी चार्ज गर्नुका साथै २० देखि २२ राउण्डसम्म अश्रु ग्यास प्रयोग गरेको थियो। घटनामा १४ जना घाइते भए।

परासी बजारका विद्यार्थी संजीवकुमार घिमिरे र कृष्णबहादुर श्रेष्ठलाई **०५२ साउन १६** गते ने.वि.संघद्वारा आयोजित नेपाल बन्दको कार्यक्रममा सहभागी भएको भनी विनापूर्जी गिरफ्तार गरियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका जनतामा अदालतप्रति सकारात्मक धारणा नै रहेको छ। यस वर्ष यहाँको अदालतमा ८ सय ६२ वटा मुद्दा दर्ता भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

सुकुम्बासी समस्या समाधान गर्न यस वर्ष १ हजार १ सय ७३ जनालाई जग्गा धनी प्रमाण पूर्जा वितरण गरिएको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

रजहर गाविस-१ की १७ वर्षीय एक युवतीलाई **०५१ पुष २४** गते चितवन भरतपुर-४ का कृष्णमान श्रेष्ठ, कमला श्रेष्ठ र अशोक क्षेत्री तीनजनाले बिक्री गर्न सुनौलीतिर लिएर गइरहेको अवस्थामा प्रहरीले पक्राउ गऱ्यो।

सुनवल गाविस-४ की १६ वर्षीय एक युवतीलाई **०५१ पुष २८** गते स्थानीय कर्ण भन्ने दक्षिमा थारूले बलात्कार गर्ने प्रयास गरे। पीडकमाथि मुद्दा दायर गरिएको छ।

अग्यौली गाविस-९ की १४ वर्षीय बालिकालाई **०५१ माघ १६** गते हेटौंडा नपाकी सुमित्रा पन्तले काम लगाई दिने लोभ देखाई भारतमा लगी बिक्री गर्ने प्रयास गरेकोमा पीडकलाई प्रहरीले पक्राउ गऱ्यो।

शिवमन्दिर-३ की १० वर्षीय एक बालिकालाई **०५१ माघ २६** गते स्थानीय टंकप्रसाद सापकोटाले बलात्कार गरे।

मकवानपुर जिल्ला हर्नामणि गाविस-३ का राजु लोप्चनले लक्ष्मी गिरीलाई विवाह गरी घुम्न जाने निहुँमा **०४९ असोज ६ गते** अन्य दुईजना युवतीहरूलाई समेत भारतको बम्बईमा लगी बिक्री गरे। पीडितहरूले बम्बईबाट फर्केपछि ०५१ फागुनमा प्रहरीमा जाहेरी दिए पछि पीडकहरू राजुर दीपक शर्मा बजगाईलाई प्रहरीले पक्राउ गरेको थियो।

शिवमन्दिर-७ की २५ वर्षीय एक युवतीलाई **०५१ फागुन ११** गते राती सुती रहेको अवस्थामा स्थानीय २५ वर्षीय नवीन पौडेलले बलात्कार गरे।

दिव्यपुरी गाविस-५ का बाबुराम ढकालले **०५१ चैत २१** गते स्थानीय ९ वर्षीय एक बालिकालाई बलात्कार गरे।

हरपुरा गाविस-८ की ७ वर्षीय एक बालिकालाई **०५२ बैशाख ११** गते मिठाई दिन्छु भनेर फकाई फुल्याई स्थानीय कतरूवा तेली गुप्ताले बलात्कार गरे।

सुनवल गाविस-८ की प्रभा पून भन्ने गुरूङ्सेनीले **०५२ जेठ १८** गते स्थानीय १८ वर्षीय युवतीलाई ललाई फकाई भारतमा लगी बिक्री गरिन्। पीडकलाई गिरफ्तार गरिएको थियो।

नेपाल परिवार नियोजन संघ नवलपरासीका अधिकृत उमेश शर्मा, सचिव दिनेश उपाध्याय र सुरेश भट्टले **०५२ भदौ २८** गते सुनवल गाविस-६ का २ जना ग्रामिण महिला स्वास्थ्य कार्यकर्तालाई बलात्कार गरे।

दिव्यपुरी गाविस-२ की १६ वर्षीय अर्चना नेपालीलाई मीना लामा, सिता परियार, कमला वि.क. र दानबहादुर लामाले ०५१ पुस ५ गते बम्बै पुऱ्याएका थिए। बम्बैमा बिक्री गरिएकी अर्चना ३ महिनाको कष्टकर कोठी बास पछि भागेर घर फर्कन सफल भएकी छन्। उनको उजुरीका आधारमा पीडकहरूको गिरोहलाई गिरोहलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको थियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस वर्ष यहाँको जिल्ला अदालतमा बहुविवाह सम्बन्धी १० वटा मुद्दा दर्ता भए। जारी र देउकी समस्या देखिएन।

४.३ गर्भपतन

सोमनी गाविस-१ का सुरेश गुप्ताले **०५२ साउन ३** गते आफ्नै पत्नीलाई रीसको झोकमा हिर्काउँदा निजको गर्भपतन भयो।

अमरापुरी गाविस-१ की एक महिलाले **०५२ बैशाख १८** गते आफ्नै देवरसंगको शारीरिक सम्बन्धबाट रहन गएको गर्भपतन गरिन्। यस वर्ष यो जिल्ला अदालतमा जम्मा ४ वटा गर्भपतनका मुद्दा दायर भए।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

लुम्बिनी चिनी कारखाना सुनवलका उखु उत्पादक किसानहरूले **०५२ पुष १३** गतेदेखि उखुको मूल्यमा वृद्धि गर्नका लागि उखु उत्पादक किसान परमहंश चतुर्वेदीको संयोजकत्वमा हडताल गरी प्रति क्वीण्टल ४ रूपैयाँ वृद्धि गराए।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लाको तराई क्षेत्रमा जमिन्दारका घरहरूमा हरूवा चरूवा बस्ने परम्परा कायमै छ। तर उल्लेख्य घटना देखा परेको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

गैंडाकोट गाविस-१ मा कलावती सापकोटाको मृत्यु सम्बन्धी घटनालाई लिएर महिला संघ संगठनहरूले विभिन्न किसिमका कार्यक्रमको आयोजना गरी विरोध जनाए।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ट्राफिक दुर्घटनाबाट २ जना, भीर र रूखबाट लडेर २ जना, पानीमा डुबेर १ जना र आगोले जलेर १ जनाको मृत्यु भयो। ५ जना महिला र १७ जना पुरुष गरी २२ जनाले आत्महत्या गरे। जसमध्ये १ जनाले प्रेम असफल भएर, ४ जनाले आर्थिक विपन्नताका कारण र अन्यले घरायसी झगडा र मानसिक सन्तुलन ठीक नभएर आत्महत्या गरेको पाइयो। देउराली गाविस-४ का ६० वर्षीय दिलबहादुर मगरले आर्थिक विपन्नताका कारण आत्महत्या गरेको पाइयो। ■



३. पश्चिमाञ्चल

लुम्बिनी

३.८ रुपन्देही

जनसंख्या : ५२२१५०

साक्षरता : ३९.८ प्रतिशत

महिला साक्षरता : २६.१ प्रतिशत

क्षेत्रफल : १३६० वर्ग कि.मी.

बुद्धको जन्मस्थल लुम्बिनी रहेको रूपन्देही जिल्ला पहाडी श्रृंखलाबाट दक्षिण भारतीय सीमासम्म फैलिएको छ। लुम्बिनी यहाँको ऐतिहासिक स्थल हो। भारतीय सीमा क्षेत्रसंग जोडिएको हुँदा अपराधीहरूलाई आवतजावत गर्न यो ठाउँ निकै सजिलो भएको पाइन्छ। यस वर्ष यो जिल्लामा हत्या र गुण्डागर्दीका धेरै घटनाहरू भएको पाइएको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

बुटवल नपा-१० मा डेरा गरी बस्ने २२ वर्षीय पुष्पलाल श्रेष्ठको लाश **०५१ फागुन १५** गते वगहा गाविस-५ को वगैंचामा शरीर र टाउको छुट्टाछुट्टै रहेको अवस्थामा भेटियो। निजले भारतदेखि सामान ओसार पसार गर्ने गरेको हुँदा निजलाई उनकै साथीहरूले हत्या गरेको आशंका गरिएको छ।

भारत सिद्धार्थनगरका राजु भन्ने उदयनारायणलाई **०५१ फागुन २४** गते वाग्लुङ्ग **मिसी गाविस-८** का पूर्णबहादुर पुन मगर र वि.के. भन्ने व्यक्तिले पैसा लुट्ने उद्देश्यले हत्या गरे।

हरपुर गाविस-२ का सराफुद्दीन अन्सारीलाई **०५२ वैशाख २५** गते स्वाठी गाविसमा गोरू किन्न गएको बेलामा यो मान्छे चोरी गर्न आएको भनी त्यहाँका गाउँलेहरूले कुटपिट गर्दा निजको मृत्यु भयो।

डोल्पा जिल्ला धौ गाविस-२ का २९ वर्षीय मिन्जुर लामालाई **०५१ माघ १८** गते डोल्पा जुफाल गाविस-८ का हरिशचन्द्र डाँगी र धनवर डाँगीले हत्या गरेर **बुटवल नपा**मा पर्ने तिनाऊ पुल मुनी फालिदिए। पीडकहरूले वुटवलमा माल सस्तो पाइन्छ भनी व्यापार गर्न ल्याई निजको हत्या गरेको थाहा भएको छ।

नेपाल बैंक लि. भैरहवा शाखाका कर्मचारी इमकुमार श्रेष्ठलाई **०५२ श्रावण ६** गते राती सिद्धार्थनगर नपा-८ अन्नपूर्ण टोलका गोपाल क्षेत्री लगायत २ जनाले हत्या गरे।

भारतको महाराजगंजका गोविन्दकुमार जयसवालका १० वर्षीय छोरा मोहितकुमार जयसवालको लाश **०५२ कार्तिक १२** गते **वुटवल नपा-५** स्थित गोलपार्कमा फेला पर्‍यो। अज्ञात व्यक्तिले हत्या गरेर लाश फालेको बताइन्छ।

सूर्यपुर गाविस-३ का राजकुमार जयसवालको **०५२ कार्तिक १४** गते छुरा प्रहार गरी हत्या गरियो। हाल अनुसन्धानका लागि प्रहरीले स्थानीय शत्रुधनप्रसाद चौधरीलाई पक्राउ गरेको छ।

भैरहवा पक्लिहवा स्थित केपटलियामा सिताराम उपाध्याय र अहमदलाई **०५२ कार्तिक १७** गते स्थानीय शेरबहादुर मर र तेजप्रसाद तिवारी लगायतका व्यक्तिले छुरा प्रहारपछि गोली समेत हानेर हत्या गरे।

देवदह गाविसका कृष्णबहादुर रेग्मी मगरले **०५२ मंसीर ६** गते बाँदरलाई गोली हान्दा सो गोली भैसी चराइरहेकी २१ वर्षीय दिलकुमारी मगरलाई लागी निजको मृत्यु भयो।

मर्चवली गाविस-२ का ६० वर्षीय रामशंकर जैसवाललाई **०५२ मंसीर १५** गते राती अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गर्‍यो।

वुटवल नपा-६ की ४० वर्षीय श्रीमती यज्ञकुमारी मल्ल र सोही घरमा काम गरी बस्ने अन्दाजी ११ वर्षीय बालकुमारी पाण्डेको **०५२ पुस ७** गते अज्ञात व्यक्तिहरूद्वारा हत्या गरिएको थियो।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	२	–	–	–
हिरासतमा यातना	–	३	–	–
बलात्कृत	५	४	–	३
[बालक बलात्कृत				१]
बाबुद्वारा छोरी गर्भवती				१
आत्महत्या	–	५८	४	५

अज्ञात व्यक्तिद्वारा हत्या गरिएका यज्ञकुमारी मल्ल र ११ वर्षीय बालकुमारी पाण्डे

१.२ जेल र बन्दीहरू

यस जिल्लामा १९९० सालमा बनेको ६५ जना बन्दी राख्न सक्ने क्षमताको जेल छ। जेल भवन पुरानो मैसकेको हुनाले पानी चुहिने गरेको छ। हाल यस जेलमा १ सय ३० जना बन्दी रहेका छन्। जस मध्ये ३ जना महिला छन्।

१.३ गिरफ्तारी र यातना

यस वर्ष गिरफ्तारी र यातना सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएको पाइएन।

१.४ वेपत्ता पारिएको

०५१ जेठ ३ गते पछि वेपत्ता पारिएका त्रिलोकी गौड अझै फेला परेका छैनन्।

दुधराक्ष गाविसका कर्णबहादुर बलालकी जेठी छोरी बेलकुमारी बलाल **०५२ असार १८** गते वेपत्ता भइन्। निजलाई ०५१ मंसीर ७ गते गुल्मी रिम्घा निवासी नरेन्द्र पुनले काठमाडौं गलैंचा फ्याक्ट्रीमा काम लगाई दिने भनी लगेका थिए।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

हिमालय टाइम्सका भैरहवा सम्वाददाता रामेश्वर भट्टलाई **०५२ पुस** ८ गते साँझको बेलामा केही अज्ञात व्यक्तिहरूले कुटपिट गरे।

वुटवल दीपनगरकी पवित्रा गैरेलाई **०५१ पुस १९** गते मुखमा कालो पट्टी बाँधेका व्यक्तिहरूले छुरा प्रहार गरी गहना पैसा लुटि लगे।

भैरहवा आवा रोड स्थित वुद्ध ज्योति इंग्लिस बोर्डिङ स्कूलमा कक्षा ९ मा अध्ययनरत प्रियस गान्धीलाई **०५१ पुस** २५ गते स्कूलद्वारा आयोजित सांस्कृतिक कार्यक्रम हेर्न गइरहेको अवस्थामा सोही स्कूलका दिपेश विष्ट लगायत १५ जनाले सांघातिक हमला गरी घाइते बनाए।

सिद्धार्थनगर नपा-१३ का चन्द्रमान गुरूङले **०५१ माघ २** गते स्थानीय अमित थापालाई छुरा प्रहार गरे।

वुटवल बहुमुखी क्याम्पसमा ०५१ माघ १२ गते नेविसंघद्वारा आयोजित कार्यक्रममा अखिल र नेविसंघ बीच मनामन हुँदा अखिल समर्थक विद्यार्थीहरू पिटिए।

वुटवलबाट प्रकाशित हुने निष्पक्ष साप्ताहिकका सम्पादक रामप्रसाद खनाललाई **०५१ फागुन १८** गते एक अज्ञात व्यक्तिले टेलिफोनबाट ज्यान मार्ने धम्की दिए।

वुटवल नपा-९ का ओम खड्कालाई **०५२ असार २३** गते साँझ होटेलमा खाना खाइरहेका बेला सोही होटल मालिक पूर्णबहादुर थापा र निजकी पत्नी मंजु थापाले सामान्य विवादमा खुकुरी प्रहार गरी घाइते बनाए।

वुटवल नपा-४ का मजदूर रामबहादुर श्रेष्ठलाई **०५२ साउन ११** गते स्थानीय कान्छा गुरूङले खुकुरी प्रहार गरी सख्त घाइते बनाए।

सेमलार गाविस-४ का ३७ वर्षीय पिताम्बर खरेललाई **०५२ मंसीर १८** गते स्थानीय जयबहादुर नेपालीले हिंडिरहेको बेला आक्रमण गरी घाइते बनाए।

१.६ थुनामा मृत्यु

पजरकट्टी गाविस-२ का ६३ वर्षीय चन्द्रबहादुर सिंहको ०५१ चैत १४ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नेपाली कांग्रेस जिल्ला कार्य समितिद्वारा **०५१ फागुन ४** गते आयोजित विरोध जुलुसमाथि प्रहरीले लाठी, प्रहार गर्दा सांसद दूर्योधन चौधरी लगायत १० जना घाइते भए।

उपप्रधानमन्त्री माधवकुमार नेपाललाई **०५२ जेठ ३१** गते लुम्बिनी रोडमा नेपाली कांग्रेसका पूर्व सांसद रामकृष्ण ताम्राकारद्वारा नेतृत्व गरिएको एक जुलुसले कालो झण्डा देखाई विरोध गर्दा प्रहरीले लाठी चार्ज गर्‍यो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको न्यायालयप्रति सबैको विश्वास रहेको छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

वुटवल नपा-७ हाटबजारका पसलका टहराहरूमा अव्यवस्थित रूपले आश्रय लिइ बसेका देवकुमारी शाही लगायतका १४ जनालाई ०५२ साउन ८ गते वुटवल नपाका उपमेयर रामप्रसाद खनालको निर्देशनमा हाटबजार फोहर गरे भनेर निहुँ पारी साँझ ४.३० बजे भारतको मैसालोटनको जंगलमा अलपत्र पारी छाडियो। ती व्यक्तिहरू त्यहाँबाट फर्केर

पुनः वुटवल आएर नपा घेरा हाली क्षतिपूर्ति माग गरेपछि उपमेयर खनालले माफी मागेका थिए।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

पाल्पा भडेवा गाविस घर भै **बुटवल नपा**-४ बस्ने ३० वर्षीय विमला थापा लगायत २ जनाले **०५१ माघ १९** गते वुटवल नपा-११ मा पर्ने इट्टा भट्टीमा काम गर्ने १६ वर्षीय एक विवाहित युवतीलाई अर्को राम्रो केटासंग विवाह गरी दिने भनेर फकाई बम्बैमा लगेर बिक्री गरे।

बुटवल नपाकी १७ वर्षीय एक युवतीसंग विवाहको नाटक रची राजु नाम गरेको केटाले ०४७ फागुन ११ गते भारत लगी बेचेको थियो। उक्त घटनाको रहस्य ती युवती **०५२ पुस १२ गते** वुटवल फर्कीएर जाहेरी दिएपछि मात्र खुल्यो। निजको जाहेरीमा रहेका राजु फरार भए पनि मिटु कुँवरलाई प्रहरी हिरासतमा राखी मुद्दा चलाइयो।

देवदह गाविस-७ का ७० वर्षीय लालबहादुर क्षेत्रीले **०५१ फागुन २०** गते आफ्नै १७ वर्षीय छोरीसंग शारीरिक सम्बन्ध कायम गरेपछि उनकी छोरी गर्भवती भएकी छिन्।

पाल्पा जिल्ला भैरवस्थान घर भई **बुटवल नपा** स्थित वसपार्कमा चिया पसल गरी बस्ने थमानसिंह थापाकी १८ वर्षीय छोरीलाई **०५२ भदौ १०** गते कपिलवस्तुको वनकट्टीमा बस्ने लालबहादुर कुमालले भारतको पुनामा लगी बिक्री गरे।

मैनहीया गाविस-३ का जयप्रकाश मिश्रले **०५२ असोज ७** गते आफ्नै पत्नीलाई मट्टितेल खन्याई आगो लगाएर मार्ने प्रयत्न गरे। पीडित महिलाले अस्पतालमा उपचार गराएकी थिइन्।

देवदह गाविस-९ का १८ वर्षीय गणेश गिरीले **०५२ असोज २५** गते स्थानीय ८ वर्षीय एक बालिकालाई बलात्कार गरे। पीडकलाई थुनामा राखी कार्यवाही चलाइयो।

पाल्पा भुजुङ्गा घर भै हाल **बुटवल नपा-९** बस्ने रामु नेपालीले वुटवल नपा-४ की १७ र १८ वर्षीय दुई युवतीलाई व्यापार सम्बन्धी कारोवारको लोभ देखाई भारतको गोरखपुरमा लगी बिक्री गरे।

केटी बेच्ने गिरोहले बिक्री गर्ने नियतले हेटौडा, रौतहट र मकवानपुरका सात जना युवतीलाई वेहोस् बनाएर भारतको दिल्ली पुऱ्याए। पीडितहरूलाई ०५१ चैत ३१ गते भारतीय प्रहरीले जिल्ला प्रहरी कार्यालय भैरहवामा बुझाएपछि प्रहरीले आ-आफ्नो घर पठाइदिएको थियो।

शंकरनगर गाविस-७ का १७ वर्षीय विष्णु खरेलले स्थानीय पाँच वर्षीय एक बालिकालाई बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

उल्लेख्य घटना जानकारीमा आएन।

४.३ गर्भपतन

बुटवल नपा-१३ की २० वर्षीय शारदा ज्ञवालीले **०५२ जेठ २९** गते गर्भपतन गराउँदा अत्यधिक रक्तश्राव हुन गई उपचार हुँदाहुँदै लुम्बिनी अंचल अस्पतालमा मृत्यु भयो। दुईवटी छोरीको आमा शारदाले फेरि पनि छोरी नै हुने आशंकाले वुटवल गणेश मेडिकल हलमा १ हजार ५ सय रूपियाँ तिरी गर्भ पतन गराएकी थिइन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

बुटवल नपा-५ को ज्ञानोदय मा.वि.को पछाडिपट्टि खोलामा **०५१ फागुन १९** गते गर्भपात गरी फ्याँकिएका २ वटा जुम्ल्याहा शिशुहरूको लाश फेला पऱ्यो।

बुटवल नपा-५ चिडिया चौकीनिर एउटा ८ वर्षीय बालकलाई **०५२ कार्तिक १९** गते घाँटी रेटेर हत्या गरी सडकमा वेवारिसे रूपमा फालिएको पाइयो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

करहीया गाविस-९ का १२ वर्षीय युवराज न्यौपानेलाई **०५१ माघ**को दोस्रो हप्तामा स्थानीय श्यामबहादुर थापामगर र गणेश सेनले छुरी देखाएर गुदद्वारमा बलात्कार गरे।

आमा गाविस बंजरीयाका जमिन्दार अनिलकुमार श्रीवास्तवले **०५२ जेठ** २ गते स्थानीय विद्यालयका शिक्षक किशोर हरिजनलाई बसी-बसी नमस्ते गरेकोमा नराम्रो संग कुटे।

हिन्दू धर्मावलम्बी धनबहादुर विश्वकर्माले मन्दीरमा शिवको दर्शन गरेको अभियोगमा सार्वजनिक रूपमा **०५२ असोज**मा लिखित माफी माग्नु पऱ्यो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेपाल राष्ट्रिय शिक्षक संगठन रूपन्देहीले **०५२ मंसीर १०** गते एक प्रेस वक्तव्य जारी गरी महिला कोटा अन्तर्गत प्रा.वि. तहको शिक्षक पदमा अस्थायी पदपूर्तिका लागि जाँच लिई नतिजा प्रकाशित गरेर पनि नियुक्ति रोकिएको र केहीको नतिजा नै प्रकाशित नगरिएकोमा जिल्ला शिक्षा कार्यालयमा विरोधपत्र दियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष खोलाले बगाएर र पानीमा डुबेर ६ जनाको, घर भत्केर २ जना, स्टोभ पड्केर १ जना, करेण्ट लागेर १ जना र सवारी दूर्घटनाबाट २ जनाको मृत्यु भयो।

५ जनाले आत्महत्या गरे। जस मध्ये २ जना महिला छन्। त्यसमा १ जनाले प्रेम विछोडका कारणले अन्यले मानसिक स्थिति विग्रन गई आत्महत्या गरेको पाइयो।

■



३. पश्चिमाञ्चल

लुम्बिनी

३.१ पाल्पा

जनसंख्या : २३६३१३

साक्षरता : ४८.० प्रतिशत

महिला साक्षरता : ३४.७ प्रतिशत

क्षेत्रफल : १३७३ वर्ग कि.मी.

पहिले छुट्टै राज्यको रूपमा रहेको पाल्पा जिल्ला अहिले नेपालको एउटा महत्वपूर्ण पर्यटकीय क्षेत्र बनेको छ। ठूला फाँटहरू, टारहरू, नदीहरू र तालहरूले भौगोलिकतालाई रसिलो र रमाइलो बनाएका छन्। उत्तरमा गण्डकी बहन्छ। बीचमा तिनाऊ, पूर्वमा निस्दी र भन्डेवा खोला, पश्चिममा कुरुङ्ग खोला, दोमान र सिस्ने खोलाहरू छन्। सत्यवति ताल अचम्मको धार्मिक स्थल मानिन्छ। प्रसिद्ध भगवती जात्रा मनाउने राष्ट्रिय परम्पराले पनि यस जिल्लालाई चिनाएको छ। मगर जाति यहाँको मुख्य जाति भए पनि ब्राम्हण, क्षेत्री, नेवार, कुमाल, दरै बोटे आदिले पनि बसोबास गरेका छन्। शिक्षाको दृष्टिले पनि यो ठाउँ उल्लेख्य रही आएको छ। तर मानवअधिकार उल्लंघनका घटनाहरूलाई हेर्दा यो जिल्ला पनि हरेक वर्ष चर्चामा रहने गरेको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

प्रशासनिक क्षेत्रबाट र सामाजिक समूहहरूको प्रतिद्वन्दिताबाट कुनै गोलीकाण्ड भएको, हत्याका वारदातहरू घटेको जानकारी यस वर्ष प्राप्त भएन। व्यक्तिगत रूपमा मने केही हत्याहरू भएको पाइयो।

मदनपोखरा-६ दमकडाकी अविवाहित पूर्णकुमारी श्रेष्ठले तानसेन नपा वर्तुङका गणेश श्रेष्ठसंगको सहवासबाट जन्मिएको आफ्नै बच्चालाई हत्या गरिन्। **०५२ साउन १** गते स्थानीय दमकडा मा.वि.को एउटा कक्षा कोठामा उक्त शिशुको लाश फेला परेको थियो। अनुसन्धानका क्रममा पूर्णकुमारीलाई थुनामा राखिएको छ। गणेश मने फरार छन्।

चिर्तुङधारा-३ घर्ति टोलका नरबहादुर घर्ति मगरले आफ्नै माइ चित्रवीरलाई **०५२ मंसीर ३** गते कुटेर हत्या गरे। गाईले बाली खाईदिएको निहुँमा उनीहरूको झगडा भएको थियो।

कोलडाड-३ का भोमबहादुर दर्लामी मगर र सोही ठाउँका गञ्जसिंह दर्लामी बीच लौरो पोलिएको विषयलाई लिएर भनाभन भयो। त्यस क्रममा गञ्जसिंहले बोक्सो भनेको हुँदा रीस स्वप्न नसकी भोमबहादुरले ०५१ चैत २३ गते उनलाई कुटे। भोलिपल्टै गञ्जसिंहको मृत्यु भयो। अमियुक्तलाई थुनामा राखी कार्वाही चलाइएको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	१	-	-
बलात्कृत	१	१	१	-
आत्महत्या	-	२	१५	२०

१.२ जेल र बन्दीहरू

पाल्पा जेल "ख" श्रेणीको हो र यसको क्षमता ३५० जनाको छ। यहाँ पंचायतकालमा दमौली जेल फोडी भाग्ने विद्रोही रामबहादुर तिवारी राजनीतिक बन्दीका रूपमा थुनिएका छन्। तर उनलाई राजबन्दीको दर्जा दिइएको छैन र हातहतियार तथा स्वरस्वजाना मुद्दा लगाएर ६ वर्ष ३ महिनाको सजाय तोकिएको छ।

यस जेलमा अहिले थुनुवा पुरुष ५८, महिला २० र बन्दी पुरुष ८६, महिला ९ तथा नाबालक केटाकेटी ५ जना सहित जम्मा १८१ जना रहेका छन्। यी मध्ये ५२ पुरुष र ८ महिला नवलपरासी जेलबाट सरूवा गरी ल्याइएका हुन्।

यसवर्ष यहाँ लागु औषध र जिउ मास्ने बेच्ने अपराधमा जेल परेका दिनेश के.सी. **०५२ मदी ४** गते देखि केही दिन अनसन बसेका थिए।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी घटना भएको सार्वजनिक जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना भएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपि

तानसेन नपा-८ का जनचेतना साप्ताहिकका प्रकाशक जगदीश भट्टराईलाई झूठा समाचार छापेको आरोपमा स्थानीय फोटोग्राफर विकास नापितले **०५२ वैशाख २७** गते कुट्ने धम्की दिए। पछि नेपाल पत्रकार संघ पाल्पा शाखाको मध्यस्ततामा मिलापत्र भएको थियो।

गाडाकोट गाविस-४ मा सुकुम्बासीहरूको लगत लिन गएका कर्मचारी केशव पराजुली र नारायण न्यौपानेलाई **०५२ असार १६** गते बोमबहादुर थापा लगायतका मानिसहरूले कुटपिट गरी मार्ने धम्की दिएका थिए।

नेविसंघको आयोजनामा **०५२ साउन १६** गते भएको नेपाल बन्दका दौरान **तानसेन नपा** भगवती टोलकी लक्ष्मी श्रेष्ठलाई टाउकामा मट्टितेल खन्याएर जलाउने धम्की दिइयो। बसन्तपुरका प्रेम मल्लको प्रेसमा आगो लगाउने धम्की दिइयो। जनसेवा सहकारी पसलमा आगो लगाउने धम्की दिइयो।

१.६ थुनामा मृत्यु

यस वर्ष यहाँको जेलमा कृष्णबहादुर वि.क.को **०५१ फागुन १७** गते र ध्यानबहादुर राईको **०५२ जेठ १** गते थुनामै मृत्यु भयो। ती दुबै मस्तिष्क तथा फोक्सो सम्बन्धी रोगबाट पीडित थिए। उनीहरूलाई स्थानीय अस्पतालमा उपचार गरिँदै थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

सुकुम्बासी समस्या समाधान आयोग पाल्पाद्वारा लालपूर्जा वितरण कार्यक्रमको आयोजना गरिएकोमा त्यसलाई बिथोल्ने प्रयास नेविसंघद्वारा गरियो। **०५२ साउन २४** गते आयोजित त्यस कार्यक्रममा **तानसेन नपा-१०** मुसाल डाँडा र मदनपोखरा ६ दमकडाका ४६ सुकुम्बासी र अन्य अव्यवस्थित बसोबास गरेका सहित २०० परिवारलाई जग्गाधनी प्रमाणपूर्जा बाँड्ने योजना थियो। तत्कालीन यातायात मन्त्री अशोक राई प्रमुख अतिथि हुनुहुन्थ्यो। कार्यक्रममा उहाँले बोल्न थालेपछि करीब दशजना जति व्यक्तिले कालो झण्डा देखाउने, सरकार विरोधी नारा लगाउने र कार्यक्रम बिथोल्ने प्रयास गरे। पछि प्रहरी र जनताको प्रयासबाट उनीहरूलाई शान्त पारी कार्यक्रम सम्पन्न गरियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता रहेको छ।

हत्या गरी दमकडा मा.वि.को कक्षा कोठामा फालिएको अबोध बालकको लाश

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष परेका मुद्दाहरूमा देवानी १००, फौजदारी मुद्दा ६२ रहेका छन्। जसमध्ये अंश बण्डा ३६, लेनदेन २७, लिखतबदर ६, जग्गा खिचोला १०, दृष्टि चलन चलाई पाऊँ २, धनमाल जारी १, हकसफा २, दर्ताबदर ३, मानाचामल २, देवानी तहमा रहेका छन्। बाँकी फौजदारी छन्। जिल्ला प्रशासनमा सार्वजनिक अपराध १३ वटा र हातहतियार सम्बन्धी एउटा मुद्दा दर्ज भएको छ।

२.४ सस्वा / बटुवा / पक्षपात आदि

उल्लेख्य घटना प्रकाशमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा करीब १ हजार ५ सय १० सुकुम्बासी रहेको जानकारी प्राप्त भएको छ। तीमध्ये २ सय परिवारलाई यस वर्ष घडेरी उपलब्ध गराइयो र त्यसको लालपुर्जा समेत वितरण गरियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

तानसेन नपा बसन्तपुर निवासी झपेन्द्र नेपालका छोरा उपेन्द्र नेपालले बौद्ध गुम्बा-३ छेर्लुङ्गकी बाला भट्टराईलाई एस.एल.सी. दिन बसेको बेला विवाह गर्ने आश्वासन दिई अनुचित सम्पर्क राखे। बाला दोजिया भइन् र ०५२ कार्तिक १६ गते छोरी जन्माइन्। उपेन्द्रले उपयुक्त व्यवस्था मिलाएर बिहे गर्ने आश्वासन दिएको हुँदा उनी आश्वस्त भइन्। तर जब बालाले बच्ची जन्माइन् तब उपेन्द्रले बालालाई तिरस्कार गरे। उनी कुमारी आमाको रूपमा अलपत्र परिन्। अहिले पनि उनको समस्या सुल्झेको छैन।

मस्याम-१ धुसडाँडा निवासी मीना कार्कीलाई पूर्व पंच दुर्गबहादुरले घरमै आई हातपात गर्न खोजेका हुँदा त्यसको विरोधमा कालोमोसो दलेर प्रहरीलाई बुझाइयो। तर ती पंचले त्यसको बदलामा तीन जना व्यक्तिलाई सार्वजनिक अपराधको मुद्दा लगाए। मिना कार्कीले पनि बलात्कारको उद्योग सम्बन्धी

मुद्दा दिएकी छिन्। हाल दुवै थरी तारेखमा छुटेका छन् र मुद्दा चलिरहेको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

गौंडाकोट-८ बस्ने कृष्णबहादुर अर्यालले त्यही गाउँका मनबहादुर वंशीकी पत्नी अंशुलाई **०५१ चैत्र १२** मा जारी गरे। मनबहादुरले अंशुलाई ०४८ मा विहे गरेका थिए र आफू भारतमा नोकरी गर्न गएका थिए। अहिले उनले जारी र धनमाल दिलाई पाउँ भनी जिल्ला अदालतमा नालिस दिएका छन्।

कुसुमखोला-५ का मेघबहादुर पचभैयाकी पत्नी जुनुमैयालाई वौधा पोखरा थोकका टिकाबहादुर वगालेले **०५१ फागुन १०** गते जारी गरी लगे। पचभैया ड्राइभर थिए र कहिलेकाहीं घरमा आउँथे। अहिले अदालतमा मुद्दा चलिरहेको छ।

पालुङ मैनादी-६ का रामबहादुर कुँवरले **०५२ असार ६** गते दोस्रो विहे मंजु कुँवरसंग गरे। उनको जेठी पत्नीपट्टी एक छोरा छ। यस सम्बन्धमा जिल्ला अदालतमा मुद्दा चलेको छ।

४.३ गर्भपतन

गर्भपतन सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

वसन्त प्रा.वि. चारपानेका शिक्षक र विद्यार्थीहरूको **०५२ जेठ ३** गते श्रीनगरमा वनभोज आयोजना गरिएको थियो। सो अवसरमा विद्यालयका प्र.अ. राजेन्द्रले २३ जना विद्यार्थीहरूलाई अछूत भनी अरू विद्यार्थीहरू भन्दा अलग बसेर खान वाध्य गराए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्यमा टिप्पणी प्रकाशित / प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यहाँ यातायात दूर्घटनाबाट ८० जना, झाडावान्ताबाट ९ जना, करेन्ट लागेर १ जना र वाढी पहिरोबाट ७ जनाको मृत्यु भयो। वर्ष भरिमा ११ महिला र ९ पुरूष गरी २० जनाले आत्महत्या गरे। एकजनाले नदीमा हाम फाले, एकै जनाले विष सेवन गरेर र अन्य १७ जनाले गरीबीका कारण परिवार पाल्न नसकेर आत्महत्या गरे भने अन्यले पारिवारिक झगडा तथा मानसिक असन्तुलनका कारण आत्महत्या गर्नेहरूमध्ये अधिकांश १६ देखि ३० वर्ष बीचका छन्।

■



३. पश्चिमाञ्चल

लुम्बिनी

३.१० कपिलवस्तु

जनसंख्या : ३७१७७८
साक्षरता : २३.३ प्रतिशत
महिला साक्षरता : २६.० प्रतिशत
क्षेत्रफल : १७३८ वर्ग कि.मी.

भारतसंगको खुला सीमानाका कारण अपराधीहरू निर्विघ्न आवत जावत गर्न सक्ने भएको हुनाले यो जिल्लामा केही न केही अपराधिक घटनाहरू भइरहन्छन्। गाडी चोरीको मुख्य नाका मानिने "कृष्ण नगर" सीमानासंग दुबैतिरबाट बजार जोडिएको हुँदा अपराधी र दुई नम्बरी धन्दा गर्नेहरूलाई निकै सजिलो भएको छ। यस जिल्लामा मानवअधिकार उल्लंघन गरिएका थुप्रै घटना पाइएका छन्। मोहीहरूमाथि जमिन्दारी शोषण विद्यमान रहेको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

शिवगढी-७ की १७ वर्षीय सुश्री लक्ष्मीदेवी पोखेल **०५१ माघ १** गतेका दिन गाई गोठमा बसेका आफ्ना दाजुलाई खाजा पुऱ्याएर फर्किंदै थिइन्। शिवगढी गाविस नजिकै गुगौली रेन्जपोष्ट अन्तरगत पर्ने जंगलमा उनलाई पत्थरदेहिया गाविस शंकरपुरका ३५ वर्षीय झङ्कु थारू र उनका साथी समेतले बलात्कार गरी हत्या गरे। पीडकमध्ये एक जना गिरफ्तार भएका छन् भने, एकजना फरार रहेका छन्।

बहादुरगंज-९ देवगनडियामा उखु पेल्ने काम गरी बसेका भारतीय नागरिक रामलोटन यादवलाई **०५१ फागुन १८** गते डाकाहरूले हत्या गरी धनमाल लुटेका थिए। डाकासंगको मुठभेडमा पवन काश्यप, रोसन काश्यप, मदन काश्यप, श्याम सिंह र काशीराम यादव घाइते भएका थिए।

मोतीपुर बनगाईका ३२ वर्षीय नुरमोहम्मद मुसलमानलाई **०५२ वैशाख २०** गते सोही ठाउँका कल्लु थारूले आफ्नी पत्नी जयरानी थरूनीसंग अनुचित सम्बन्ध राखेको अभियोगमा कुटेर हत्या गरे। पीडक दुबैजनालाई जिल्ला अदालतले तारेखमा छोडेको छ।

गोटिहवा गाउँका ३२ वर्षीय राजाराम कुर्मी, २९ वर्षीय शिवलखन अहिर, ३४ वर्षीय पाटन अहिर लगायतका ७/८ जना व्यक्तिले **०५२ जेठ १०** गते सोही ठाउँका नन्दलाल अहिर र उनका बाबु राम मिलनमाथि बन्दुक र खुकुरीले हमला गरे। राममिलनले साहशपूर्वक बन्दुक समातेको हात समाई गोली तर्काइदिए। तर खुकुरीको हमलाबाट भने बच्न सकेनन्। दुबैजना सख्त घाइते भए। प्रहरीमा उजुरी भएपछि पनि अपराधीहरूलाई अपराध कबुल नगराई इन्कारी बयान गराएर तारेखमा छोडियो।

कपिलवस्तु नपा-४ की १६ वर्षीय द्रौपदी तेली (मुन्नी) लाई पति दीपराज गुप्ताले **०५२ असार २६** गते मट्टितेल खन्याई आगो लगाएर हत्या गरे। मृतक द्रौपदी पीडक दीपराजकी तेस्रो पत्नी हुन्। पीडक फरार छन्।

भारतको राजस्थान जिल्लाको हनुमानगढी घर भई **कृष्णनगर-४** मा बस्ने ऋषिकुमार हसरियाले **०५२ कार्तिक २९** गते आफ्नो पत्नी निलम हसरियालाई करेन्ट लगाएर हत्या गरे।

१.२ जेल र बन्दीहरू

करिब ६० वर्ष पुरानो भौतिक अवस्था जीर्ण भइसकेको यहाँको जेलको क्षमता १ सय जनाको छ। हाल ४८ जना बन्दी रहेको यो जेलमा २० जना थुनुवा र २८ जना कैदी रहेका छन्। जसमा १ जना महिला पनि छिन्। यस वर्ष डिल्लीबहादुर के.सी. नाउँ गरेका बन्दी ८० प्रतिशत कैद भुक्तान हुँदा पनि मुक्त नगरिएकाले अनशन बसेका थिए। तत्पश्चात ०५१ फागुन ७ गते कैद माफी मिनाहा भई उनी

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	१	-	-
बलात्कृत	-	३	५	२
आत्महत्या	-	-	२	१

छुटेका थिए। खेलकुद र संचारको कुनै पनि व्यवस्था नभएको, कोठा भित्रै दिसा पिसाब गर्ने प्रचलन भएकाले जेलको वातावरण अति दुर्गन्धित रहेको छ। गत वर्ष र यस वर्षमा जेलमा कुनै सुधार भएको पाइएन।

१.३ गिरफ्तारी र यातना

गोटिहवा का ४२ वर्षीय लालमोहन पासीलाई **०५२ जेठ १५** गते गिरफ्तार गरियो। हाल उनी अदालतको तारेखमा रहेका छन्। वर्ष पुस्तक १९९३ मा समेत उल्लेख भइसकेको यो घटना पुनः गिरफ्तारीका कारण यो वर्ष पनि चर्चामा रह्यो।

गोटिहवा गाविस उपाध्यक्ष राम अहिर र सोही ठाउँका राजबहादुर कुर्मीद्वारा जग्गाको किचलोमा लखेटिएका पासी परिवार प्र.जि.अ., एस.पी. र समाजबाट निर्णय भई पहिलेकै ठाउँमा आई बसोबास गर्न लाग्दा लालमोहन पासीलाई पुनः गिरफ्तार गरिएको थियो। पीडितको घर पनि पीडकहरूले भत्काई दिएका थिए।

१.४ बेपत्ता पारिएको

यस वर्ष बेपत्ता पारिएको घटना जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जहदी गाविस-३ का राजा साहेब भन्ने मुकेश विक्रम शाहले सोही गाउँका मजदुरी गरी खाने एकै घर परिवारका जगपति नाउनी, कमलेश कुमार नाउ, पशुपती नाउ, अर्जुनप्रसाद कुर्मी, बदी वढई समेत ५ जनालाई सोही ठाउ बस्ने कृष्णकुमार यादवकी छोरी भगाउने सहयोग गरेको आरोपमा **०५२ फागुन २२ गतेदेखि २५** गतेसम्म पानी पनि खान नदिई थुनेर कुटपिट गरे। यादवकी छोरीलाई दुबैको प्रेम सल्लाहबाट महादेव थारूले भगाई लगेका थिए।

कपिलवस्तु जिल्ला विकास समितिका उपसभापति विरेन्द्र कनौडियाले गौरीशंकर काष्ठ उद्योगको पछाडिपट्टि अवैध रूपमा लुकाइराखेको काठ **०५१ चैत २०** गते वन कार्यालयले जफत गरेपछि निज उपसभापतिले वन अधिकृत महेन्द्रप्रसाद जयसवाललाई केही लठैतहरू लगाई पिटाए। प्रहरीमा उजुरी गरेमा ज्यान मार्ने धम्की समेत पीडकहरूले दिएका थिए। हाल निज कनौडियालाई सार्वजनिक मुद्दा चलाइएको छ।

संसद पुनर्स्थापनाको निर्णयपछि **०५२ मदी १२** गते राती ९ बजे महेन्द्रकोट वसन्तपुरमा निस्किएको विजय जुलुस सांघातिक हमला गर्ने हुलको रूपमा परिणत भयो। महेन्द्रकोट-६ का मुक्तिराज पोखरेल वसन्तपुरका बालकृष्ण घिमिरे, टिक्करका केशब श्रेष्ठ लगायत ७/८ जनाको हुलले **महेन्द्रकोट-२** का खगेश्वर भुसाल, खिमानन्द घिमिरे, विमला घिमिरे, तिलकराम आचार्यलाई कुटपिट गरी ज्यान मार्ने समेत धम्की दिए।

१.६ थुनामा मृत्यु

कपिलवस्तु जेलमा रहेका राम समुझ चमारको मृगौलाको रोगबाट **०५२ असार ७** गते थुनामा नै मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धर्मकै कारणबाट कुनै घटना भएको पाइएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँ जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका घटनाहरू जम्मा १ सय ३३ वटा रहेका छन्। जसमा हत्या-३, बलात्कार-१, बहुविवाह-४, सवारी दुर्घटना-२१ र भवितब्य-१५ वटा छन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लाको विभिन्न ठाउँमा सुकुम्बासीको समस्या रहेता पनि यो वर्ष कुनै घटना चर्चामा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

धरमपनिया गाविस हरीहरपुरका ४५ वर्षीय चन्द्रिका वढईले आफ्नी पत्नी प्रेमकली वनियालाई **०५२ बैशाख** महिनामा अति नै दर्दनाक यातना दिने काम गरे। माइतीले दिएको जग्गा प्रेमकलीले आफ्नै नाउँमा राखेको हुनाले, सो जग्गा मेरो नाउँमा गर्नुपर्छ भनेर निज चन्द्रिकाले पत्नीलाई धेरै मानिसको बीचमा नाङ्गै पारेर कुट्ने, गुप्ताङ्गमा लौरो घुसाइ दिने, जस्ता अमानवीय यातना दिए।

शिवगढी गाविस-२ की ३० वर्षीय एक महिला शिवगढी नजिकैको जंगलमा गाई चराईरहेको बेलामा भारत गोण्डाका सुरेन्द्रकुमार मिश्राले निज युवतीको साथमा रहेको बञ्चरो खोसी घाइते तुल्याई बलात्कार गरे। पीडकलाई प्रहरीले सामान्य कार्यवाही गरी छोडी दिएको छ।

कपिलवस्तु नपा-३ का २७ वर्षीय मोहम्मद इकवालले आफ्नी पत्नी जरीता खातुनलाई विचल्लीमा पारेका छन्। बम्बईमा पनि घर भएका मोहम्मदका आमा समेतले निज महिलालाई **०५२ बैशाख**मा मट्टितेल खन्याइ आगो लगाउन थालेकोले निजको चित्कार सुनेर छिमेकी महिला माधुरी

श्रेष्ठले बचाइन्। हाल उनी माइतबाट पनि लखेटिएपछि घरमै आई बसेकी छिन्। तर खान समेत नदिएर दुःख दिई रहेका छन्। पीडितको साथमा ६ वर्षको छोरा र ३ वर्षकी छोरी छिन्।

मोतीपुर गाविस-२ का १७ वर्षीय मेघबहादुर गुरुङले सोही ठाउँका एक सात वर्षीय बालिकालाई रू.५/- दिई मिठाई खाने प्रलोभन देखाई बलात्कार गरेको आरोपमा प्रहरीले पीडकलाई पक्राउ गरेको थियो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस जिल्लामा बहुविवाह, देह व्यापार भई नै रहन्छन्। कुनै पनि घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

४.३ गर्भपतन

यस सम्बन्धको घटना जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

उल्लेख्य घटना देखा परेन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कसैले प्रेस वक्तव्य जारी गरेको सार्वजनिक जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यहाँ २१ वटा सवारी दुर्घटनाबाट र १ जनाको गाडाले च्यापेर मृत्यु भयो भने भवितव्य रूपमा १५ जनाको ज्यान गयो। एउटा आगलागीको घटना पनि जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको छ।

जयनगर गाविस-१ का ३० वर्षीय विष्णुप्रसाद चौधरीले **०५२ चैत ८** गते शिक्षित हुँदा हुँदै पनि रोजगार नपाएको हुँदा घर नजिकैको नर्सरी जंगलमा गई विषालु औषधि सेवन गरी आत्महत्या गरे।

■



३. पश्चिमाञ्चल

लुम्बिनी

३.११ अर्घाखाँची

जनसंख्या : १८०८८४

साक्षरता : ४३.० प्रतिशत

महिला साक्षरता : २९.५ प्रतिशत

क्षेत्रफल : ११९३ वर्ग कि.मी.

अर्घा र खाँची दुई पुराना राज्यहरू मिलेर बनेकोले यस जिल्लाको नाम अर्घाखाँची रहेको हो। यो जिल्ला आर्थिक दृष्टिकोणले पछाडि परेको भए पनि राजनीतिक रूपले सचेत नै मानिन्छ। रूढीवादी परम्पराबाट मुक्त हुन नसकेको समाजका कारण पनि मानवअधिकारको स्वतन्त्र उपभोग गर्नबाट कैयौं मानिसहरू वञ्चित नै छन्। यस जिल्लामा मानवअधिकारका क्षेत्रमा क्रियाशिल संस्था "प्राग" ले विभिन्न कार्यक्रमहरू संचालन गरी जनतामा मानवअधिकारको चेतना बढाउने काममा सहयोग पुर्‍याइरहेको छ। यो वर्ष आत्महत्या सम्बन्धी घटना बढी भएको पाइयो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सन्धिखर्क गाविस-६ का ३६ वर्षीय नुरविक्रम शाहले **०५२ बैशाख १७** गते राती मस्त निन्द्रामा सुतिरहेकी आफ्नै पत्नी ३३ वर्षीय शोभा शाहलाई बञ्चरो प्रहार गरी हत्या गरे। पीडक नुरविक्रमलाई ०५२ बैशाख १८ गते नै प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको र निजले साविती बयान समेत दिइसकेका छन्।

चिदिका गाविस-५ का ४६ वर्षीय मनिराम सुनारको लाश **०५२ साउन २** गते बल्कोट गाविसको च्यान डाँडा भन्ने ठाउँमा भेटियो। ०५२ साउन १ गते उनको हत्या गरिएको आशंका गरिएको छ। हत्या गरेको आरोपमा स्थानीय दुर्गाबहादुर नेपाली, रामबहादुर सुनार र डिलबहादुर सुनारलाई पक्राउ गरी जनही ३० हजार रूपैयाँ धरौटीमा तारेखमा छोडिएको छ।

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	४	४	-
बलात्कृत	२	-	-	-
आत्महत्या	-	१	२	२०

१.२ जेल र बन्दीहरू

जेल नभएका अधिराज्यका जिल्लाहरूमध्ये अर्घाखाँची पनि एक हो। यस जिल्लाका थुनुवा र बन्दीहरूलाई गुल्मी लगायतका अन्य जिल्लाका जेलहरूमा राख्ने गरिन्छ।

१.३ गिरफ्तारी र यातना

बल्कोट गाविस-४ का ५५ वर्षीय ईश्वरी भूसाललाई **०५२ पुस १५** गते जिल्ला प्रहरी कार्यालयले पक्राउ गर्‍यो। निज भूसालका छोराहरूले भारतमा नोकरी गर्दा साहुको करीब १ करोड रूपैयाँ मूल्य बराबरको नगद र जिन्सी समेत चोरी गरेको आरोपमा पक्राउ गरिएको थियो। पीडित भूसाललाई ५ लाख रूपैयाँ बराबरको जेथाजमानीमा धरौटीबाट रिहा गरिएको छ।

यस जिल्लाको जिल्ला प्रहरी कार्यालयको हिरासत कोठा सानो र होचो भएकोले हिरासतमा दिन बिताउन निकै कष्टकर हुने कुरा हिरासतमा बस्नेहरूले मात्र होइन उक्त कार्यालयका प्रहरी निरीक्षक पनि बताउँछन्।

१.४ बेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

भगवती गाविस-३ का कृष्णप्रसाद श्रेष्ठलाई **०५१ चैत**

१५ गते जग्गा सम्बन्धी विवादका कारण स्थानीय लक्ष्मीनारायण श्रेष्ठ, डिलप्रसाद श्रेष्ठ, खिमबहादुर श्रेष्ठ र हरिकुमार श्रेष्ठ समेतका व्यक्तिहरूले कुटपिट गरे।

वाङ्ला गाविस-२ का टामलाल वञ्जाडे, जमालदिन मियाँ र सफी मियालाई **०५२ असोज २३** गते डिमर्ना गाविसका प्रेमबहादुर खड्का, कृष्णबहादुर खड्का लगायतका १० जना मानिसहरूले कुटपिट गरी घाइते बनाए। पीडकहरूलाई प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सन्धिखर्कमा राखिएको थियो। पछि दुबै पक्षबीच मिलापत्र गरी मुद्दा टुंग्याइयो।

खनदह गाविस-४ का २८ वर्षीय मेघराज खनाललाई **०५२ कार्तिक ७** गते स्थानीय चिरञ्जीवी खनाल लगायतका केही व्यक्तिहरूले कुटपिट गरी लछारपछार समेत गरे। पीडकउपर केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ।

जुकेना गविस-७ का ८२ वर्षीय टीकाराम मुसाललाई **०५२ मंसीर १०** गते सोही ठाउँका २६ वर्षीय द्रोणबहादुर थापाले कुटपिट गरे। आफ्नो बारीको दाउरा उठाएर लैजान लागेपछि त्यसो नगर्न आग्रह गर्दा द्रोणबहादुरले ८२ वर्षीय वृद्धमाथि आक्रमण गरेका थिए। पीडक फरार भएका छन्।

ढाकावाङ गाविस-९ का ६५ वर्षीय टंकप्रसाद खनाललाई **०५२ मंसीर १७** गते स्थानीय पिताम्बर खनाल र विष्णु खनालले सख्त घाइते हुने गरी कुटपिट गरे। पीडकहरूउपर ज्यानमार्ने उद्योग गरेको मुद्दा चलाइएको छ।

खनदह गाविस-१ दहबजारमा औषधि पसल गरी बस्ने ३४ वर्षीय यमलाल खनाललाई ०५२ कार्तिक २७ गते पिपलधारा गविसका तेजप्रसाद गौतमको नेतृत्वमा आएको एक हुलले कुटपिट गऱ्यो। प्रहरी प्रशासनमा उजुरी गर्दा समेत प्रशासनले पीडकहरूलाई कुनै कार्वाही नगरेको कुरा पीडित बताउँछन्।

सितापुर गाविस-५ की ५५ वर्षीय वीरमति गुरूङलाई गाउँनजिकै कपिलवस्तु जिल्लामा घर भई सोही ठाउँमा कपडा सिउने काम गरी बस्ने २२ वर्षीय कुमार दर्जीले ०५२ असोज ४ गते हातपात गरे। वीरमतिले त्यसको प्रतिवाद गरेपछि पीडक कुमार दर्जीले ढुङ्गा प्रहार गरी भीरबाट लडाएर खोलामा खसाली घाइते बनाए। यस सम्बन्धी मुद्दा जिल्ला अदालतमा चलिरहेको छ।

नुवाकोट गाविस-२ का ४८ वर्षीय हरिबहादुर खत्री बाटोमा हिँडिरहेको अवस्थामा **०५२ पुस १३** गते सोही ठाउँका हुमबहादुर आचार्य र दधीराम आचार्यले मारणाशन्न हुने गरी कुटपिट गरेका छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा यो वर्ष दर्ता भएका र गत वर्षका बाँकी देवानी मुद्दा जम्मा २ सय ७३ मध्ये १ सय ९६ वटा फैसला भए। गत वर्षका बाँकी २० र यस वर्ष दर्ता भएका २७ समेत ४७ वटा सरकारवादी मुद्दाहरूमध्ये ३० वटा फैसला भए। फौजदारी तर्फ यस वर्ष दर्ता भएका १ सय ७९ र गत वर्षका बाँकी ८९ समेत २ सय ५६ मुद्दाहरूमध्ये १ सय ६५ वटा मुद्दा फैसला भए। यसरी सबै जम्मा १ सय ८४ वटा विभिन्न मुद्दाहरू फैसला हुन बाँकी छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष दर्ता गरिएका ९ वटा केही सार्वजनिक अपराधका मुद्दाहरूमध्ये ८ वटा फैसला भइसकेको देखिन्छ।

जिल्ला प्रहरी कार्यालयमा यो वर्ष ६० वटा विभिन्न मुद्दा र घटनाहरू दर्ता भए।

जिल्ला वन कार्यालयमा यो अवधिमा एउटा मात्र मुद्दा दर्ता भई फैसला समेत भइसकेको देखिन्छ।

२.४ सरूवा / बढुवा / पक्षपात् आदि

यस सम्बन्धी कुनै उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासी समस्या चर्को रूपमा रहेको देखिएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सन्धिखर्क गाविस-७ की १६ वर्षीय एक युवतीलाई **०५१ माघ २२** गते अर्घा गाविस-१ का २१ वर्षीय घनश्याम मुसालले बलात्कार गर्ने प्रयास गरे।

भगवती गाविस-१ का १९ वर्षीय घनश्याम पाण्डेले **०५२ बैशाख १२** गते आफ्नी छिमेकी एक ७ वर्षीय बालिकालाई बलात्कार गर्ने प्रयास गरे। पीडकले बलात्कार गर्न खोज्दा पीडित बालिकाको योनी सुन्निएर निलो भएको थियो। पीडकउपर मुद्दा चलाइएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

मैदान गाविस-८ की २९ वर्षीय टीकादेवी घिमिरेका पतिले **०५२ मंसीर २** गते अर्की पत्नी भित्र्याए। पीडित टीकादेवीले पीडकहरूमाथि बहुविवाहको मुद्दा प्रहरी कार्यालयमा दर्ता गरिन्। मुद्दा चलिरहेको छ।

नुवाकोट गाविस-१ की २४ वर्षीय लक्ष्मीमा रायमाझीका पतिले **०५२ मंसीर १८** गते अर्की महिलासंग विवाह गरे। पीडित लक्ष्मीमाको उजुरीमा जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

पटौटी गाविस-८ की २२ वर्षीय शिवकला भट्टराईका पतिले **०५२ मंसीर २३** गते अर्की पत्नी भित्र्याए।

४.३ गर्भपतन

घनचौर गाविस-५ की २० वर्षीय विमला नेपालीले **०५२ मदी १६** गते ८ महिनाको मृत बच्चा जन्माइन्। सोही गाउँका २६ वर्षीय छविलाल नेपालीसंगको शारीरिक सम्पर्कका कारण उनी गर्भवती भएकी थिइन्। विमलालाई गर्भपतन गरेको आरोपमा प्रहरीले जिल्ला अदालतमा मुद्दा पेश गरे। अदालतले तिनलाई ९ हजार रूपैयाँ धरौटी राखी तारेखमा छोडेको छ।

खिल्ची गाविस-९ की १९ वर्षीय राधिका घर्तीले **०५१ पुस २७** गते गर्भपतन गरेको आरोपमा जिल्ला अदालतमा मुद्दा चलिरहेको छ। शंकरमान श्रेष्ठसंगको शारीरिक सम्पर्कबाट उनी गर्भवती भएकी थिइन्। मैरहवाबाट वसको यात्रा गरी आउँदा वसले उफारेकोले मृत अवस्थामा बच्चा जन्मिएको र त्यसलाई खोलामा फालेको कुरा राधिकाले बताइन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

स्कूल पढ्ने उमेर भएका थुप्रै बालबालिकाहरू विभिन्न कारणले पढ्न पाउनु पर्ने अधिकारबाट वञ्चित रहेको पाइयो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

जिल्ला प्रहरी कार्यालयको ३४ लाख रूपैयाँ मूल्य बराबरको रासन ठेक्का गर्ने कुरामा १२ जना ठेकेदारहरूले टेण्डर हालेका थिए। १० जनाको अस्वीकृत भयो। बाँकी दुईजना मध्ये आर्थिक नियम अनुसार रू. ३६/६२ को टेण्डर स्वीकृत हुनु पर्नेमा रू.३९/५० वाला टेण्डर स्वीकृत भयो। प्रमुख जिल्ला अधिकारीको दबावमा भएको उक्त टेण्डरलाई प्रहरी नायब उपरीक्षक र कोश तथा लेखा नियन्त्रण कार्यालयका प्रमुखले विरोध गरेका थिए।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

खेतीपाती गर्ने समयमा हलिया राख्ने गरिए पनि यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी कुनै घटना देखा परेन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धमा कुनै पक्षबाट वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा ट्राफिक दुर्घटना, रूख लडी च्यापेर, करेन्ट लागेर, पहिरोमा परेर र आफै भीरबाट लडी १२ जनाको मृत्यु भयो। जंगली जनावरको आक्रमणबाट १ जनाको मृत्यु भयो।

११ जना पुरुष र ९ जना महिलासमेत जम्मा २० जनाले आत्महत्या गरे। तिनमा ३ जनाले गरीबीका कारण २ जनाले प्रेम विवाहलाई परिवारले स्वीकार नगरेका कारण र अरूले अन्य कारणले नै आमहत्या गरे। आत्महत्या गर्नेहरूमा २१ देखि ६० वर्षसम्म उमरेका छन्। प्रायजसोले झुण्डिएर नै आत्महत्या गरे। ती मध्ये ठाडा गाविसका २१ वर्षीय मंगलबहादुर राना र उनकी पत्नी १६ वर्षीय लक्ष्मी रानाले **०५२ जेठ ७** गते विष सेवन गरेर सामुहिक रूपमा आत्महत्या गरे। उनीहरूको प्रेम विवाहलाई घर परिवारले स्वीकृति नदिएका कारण उनीहरूले आत्महत्या गरेको बताइन्छ। यो घटना जिल्लामा निकै चर्चित रहेको थियो।

यस जिल्लामा यो वर्ष २ वटा चोरी र एउटा डकैती सम्बन्धी घटना भएको पाइयो।

■

३. पश्चिमाञ्चल

लुम्बिनी

३.१२ गुल्मी

जनसंख्या : २६६३३१

साक्षरता : ४६.७ प्रतिशत

महिला साक्षरता : ३९ प्रतिशत

क्षेत्रफल : ११४९ वर्ग कि.मी.

यहाँका ९४ प्रतिशत मानिसहरू कृषिमा संलग्न छन्। अन्य बाँकी व्यापार, उद्योग आदि जस्ता काममा लागेका छन्। ब्राम्हण, गुरूङ, मगर, क्षेत्री, कामी, दमाई, सार्की, नेवार, सन्यासी आदि जातिको बसोबास रहेको यो जिल्लामा नागरिकहरू विभिन्न अधिकारबाट बंचित रहेका छन्। यस वर्ष यहाँ जमुना कार्कीको मृत्युलाई हत्या हो भनी निकै प्रचार गरियो। तर उनको कालगतिले मृत्यु भएको प्रमाणित भएको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

वलेटक्सार गाविस-७ का ५४ वर्षीय हिमलाल ज्ञवालीले **०५२ जेठ १२** गते राती ११ बजे देखि राती १ बजेसम्मको झगडा र पिटापिट पछि आफ्नी पत्नी ४५ वर्षीय कान्तिकला ज्ञवालीलाई कुटेर हत्या गरे।

१.२ जेल र बन्दीहरू

जम्मा २५ जना बन्दी राख्न सकिने जेलमा ३४ जना बन्दी राखिएका छन्। जसमा २० जना थुनुवा र १४ जना कैदी छन्। महिला कैदी २ जना छन्। क्षमता भन्दा बढी बन्दी भएको हुनाले बस्न सुत्नमा साह्रै कष्ट भएको कुरा बन्दीहरू बताउँछन्। सीपमूलक कार्यक्रमको व्यवस्था नहुनु, पत्रपत्रिका, खेलकुद इत्यादिको व्यवस्था नभएकोले दिन कटाउन समेत दुःख भएको छ। यस वर्ष यो जेलमा तुल्सिमेयर युनेस्कोद्वारा प्रौढ शिक्षा चलाइएको छ। जसमा १४ जना सहभागी रहेका छन्।

१.३ गिरफ्तारी र यातना

०५१ चैत्र २१ गते जिल्ला मालपोत कार्यालय **गुल्मी**का खरदार पूर्णलाल श्रेष्ठलाई प्रहरीले सार्वजनिक अपराधको मुद्दामा गिरफ्तार गरी ६ दिनसम्म हिरासतमा राख्यो। अर्जे गाविस-३ का ३५ वर्षीय रविलाल अर्याल र पूर्णलालको भनाभनमा निजलाई गिरफ्तार गरिएको थियो।

धुर्कोट रजस्थल गाविस-९ का शिक्षक झविन्द्र भण्डारीलाई **०५२ वैशाख १८** गते, झविन्द्र पन्थीलाई २४ गते र चिरन्जीवी पन्थी, गुणनिधि पन्थी र जर्नाजन पन्थीलाई २६ गते तम्घास बजारबाट प्रहरीले चोरीको अभियोगमा गरिफ्तार गरी प्रहरी हिरासतको चिसो साँगुरो कष्टडीमा राखे पनि प्रहरी अनुसन्धानबाट कुनै सबुत नभेटिएपछि रिहा गरिएको थियो।

०५२ जेष्ठ ७ गते दिउँसो १२ बजे गुल्मीको सदरमुकाम **तम्घास बजार**बाट जमुना कार्कीलाई मारेको अभियोगमा जगबहादुर नेपाली, रोशनकुमार पौड्याल लगायतका ६ जनालाई गिरफ्तार गरियो। जन सांस्कृतिक मंच गुल्मीद्वारा आयोजित "आफ्नो गाउँ आफैं बनाऔं" सांस्कृतिक अभियानको टोलीमा संलग्न पौदीं अमराईकी सुश्री जमुना कार्कीले वैशाख १३ गते रिडीमा अस्वस्थता हुँदा हुँदै पनि एउटा नृत्य देखाईसके पछि निजको मृत्यु भयो। उनको मृत्यु पश्चात् यो घटनाले राजनीतिक रंग लियो। पोष्टमार्टमको रिपोर्ट पश्चात् पेट दुख्ने रोगबाट निजको मृत्यु भएको प्रमाणित भएपछि मात्र गिरफ्तार गरिएकाहरूलाई छोडिएको थियो।

नयाँगाउँ गाविसका अध्यक्ष नारायण पोखरेललाई **०५२ असोज १०** गते प्रमुख जिल्ला अधिकारी बद्रीबहादुर कार्कीको आदेशमा गिरफ्तार गरी भ्रष्टाचारको झूठा मुद्दा लगाएर रू.१९ हजारको धरौटीमा छोडिएको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	२	४	१	१
बलात्कृत	-	२	-	-
आत्महत्या	-	-	-	११

१.४ वेपत्ता पारिएको

यस वर्ष वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

बडागाउँ गाविस-५ का धनबहादुर महतलाई **०५१ पुस २१** गते साँझ आफ्नै गाउँबाट घर फर्किरहेको बेला ठाँटीका चौरमा आइपुग्दा सोही ठाउँका पदमबहादुर जि.सी.ले खुकुरी प्रहार गरी घाइते बनाए।

अमरपुर गाविस-४ को विशेष वैठक चलिरहेको बेलामा **०५१ माघ २९** गते धुर्कोट रजस्थलका मेघनाथ अर्याल र शालिकराम आर्यालको नेतृत्वमा आएको एक जत्थाले नारायण गिरी लगायतका ४ जनालाई हाम्रो विरुद्धमा धनमालको कुरा गरेमा ज्यान सुरक्षित रहने छैन भनी धम्की दिए। सो वैठक नारायण गिरीकी पत्नी उषा गिरीलाई शालिकराम अर्यालले भगाई ल्याएको सम्बन्धमा बसेको थियो।

वांग्ला गाविस-२ तेर्छाबाटामा सोही गाविस अध्यक्ष लगायत १७ जना मिलेर **०५१ चैत्र ११** गते लालु गिरीको जग्गाको बारेमा छलफल गरिरहेको बेलामा जग्गा धनीले सस्तो मूल्यमा जग्गा नदिने भनेपछि धुर्कोट रजस्थल-६ निवासी मेघनाथ अर्याल, दिनेश अर्याल, शालिकराम अर्यालले जग्गा धनी लालु गिरी र नन्दराम गिरीमाथि खुकुरी प्रहार गरे। प्रहरीले दुबै पक्षलाई थुनामा राखेको थियो।

मलागिरी गाविस-८ का रामबहादुर खड्कालाई **०५२ वैशाख ११** गते मजुवा खोलाको कुलोपानीको सम्बन्धमा स्थानीय धोमबाहदुर खड्काले सख्त घाइते तुल्याए। यही घटनामा सोधपुछको क्रममा पीडित रामबहादुरले ६८ वर्षीय जुगुलाल लगायतका ४ जनाबाट पनि आफू कुटिएको झुठो बयान दिन लगाएर बिनाकसुर निर्दोषहरूलाई गिरफ्तार गराइयो।

खड्गकोट गाविस-९ का तेजबहादुर थापा लगायतका १३ जना व्यक्तिहरूले **०५२ वैशाख २७** गते राती सोही गाविसका तिलबहादुर थापाको घरमा आई निजलाई कुटपिट गरेर भगाएपछि निजका परिवारमाथि पनि हमला गरे। सो भीडले उक्त घटनामा गुहार दिन आएका छिमेकी यमबहादुर थापा लगायतका ३४ जनालाई समेत कुटपिट गर्नुका साथै दिपक थापालाई अपरहण गरी वाग्लुङ्ग घिस्ति गाविसमा लगी कुटपिट गरेर दोस्रो दिन मात्र छोडेका थिए। उक्त घटना ०५२ वैशाख ८ गते एउटा विवाह भोजमा भएको विवादबाट बदला लिने हिसाबले घटाइएको थियो।

फोक्सिङ गाविस-१ बोमबहादुर सुतपराई मगरको घरमा आई **०५२ वैशाख २९** गते स्थानीय भीमबहादुर बुढाथोकी, रत्नबहादुर राना लगायत ७० जनाको समूहले आक्रमण गर्न गयो। सो कुराको चाल पाएपछि निज बोमबहादुरका परिवार घर छोडी भागे। सो जत्थाले बोमबहादुरलाई नभेटेपछि निजको घर तोडफोड गरी निजकै घरको भित्तामा "बोमबहादुरलाई मारेर मासु खाइने छ" भनी लेखिएको थियो।

०५२ साउन १६ गते नेविसंघ द्वारा आयोजित नेपाल बन्द कार्यक्रमलाई सफल पार्न, १५ गते साँझ मसाल जुलुस प्रदर्शन गरिएको थियो। सो जुलुसमा "बजार बन्द नगर्नेलाई मार्ने" भन्ने जस्ता नारा लगाइएको थियो। भोलिपल्ट निक्लेको जुलुसले कुटपिट गर्ने र पसलका ढोकाहरू समेत तोडफोड गर्ने काम गरेको थियो। केही ट्रकको सिसा फुटाउने जस्तो काम भएकोमा १७ गते त्यसको विरोधमा यातायात मजदूरले चक्का जाम गरेका थिए। सो घटनाको कुनै छानवीन भएन।

०५२ भदौ २७ गते नेविसंघद्वारा आयोजित जुलुशमा संलग्न **जुमुङ्ग गाविस-७** का खिमबहादुर भलामीले तुफाङ गाविसका अध्यक्ष चेतन बस्नेतलाई कुटपिट गरी सख्त घाइते बनाए। पीडकमाथि कार्यवाही होस् भनी माग गर्दा पनि जिल्ला प्रहरी कार्यालयले केही नगरी सामान्य सोधपुछमा छोडिदिएको थियो।

तम्घास बजारका बद्री श्रेष्ठ लगायत १२ जनाको समूह **०५२ कार्तिक** ८ गते सिनेमा हेरेर बजार आउँदै गर्दा तम्घास गाविस-१ र ४ जानीगाउँका व्यक्ति विक्रम थापा लगायतका ८ जना व्यक्तिसंग भेट हुँदा दुबै पक्षबीच कुटाकुट भएको थियो। र पछि प्रहरीले विक्रम थापा लगायत ३ जनालाई मात्र गिरफ्तार गरिएको हुँदा, एक पक्षीय रूपमा गिरफ्तार गरिएको हुँदा स्वानी गाउँका जनप्रतिनिधि लगायतका १५० जनाले ०५२ कार्तिक १३ र १४ गते जिल्ला प्रशासन कार्यालयमा घेराउ गरिएको थियो।

हाडहाडे गाविस-६ को हिरासिंह रानाको घरमा **०५२ कार्तिक ९** गते साँझ ८ बजे मैलो खेलीरहेका सोही ठाउँका भिमबहादुर काउछा, ६२ वर्षीय गौमती काउछा लगायतका मैलीहरूमाथि स्थानीय भूपाल राना, वालसिंह थापा लगायतका व्यक्तिले विना कारण कुटपिट गरे।

१.६ थुनामा मृत्यु

०५२ जेठ १ गते गुल्मी कारागारमा गोवधको कैद भोगिरहेका हर्राचौर-९ निवासी केशवराज सुवेदीको थुनामै मृत्यु भयो। उनी पेटका रोगी थिए।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस अधिकारबाट कसैलाई वंचित गरिएको घटना जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक विवाद भएको कुनै पनि घटना जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको न्यायलय प्रति विश्वास हुँदाहुँदै पनि ढिलासुस्तीको कारण नागरिकहरू सन्तुष्ट छैनन्। यस वर्ष फौजदारी, देवानी र जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन

कार्यालय, वन कार्यालयबाट आएका गरी जम्मा ९ सय ४६ वटा मुद्दा दर्ता भएका थिए। जसमध्ये ४ सय **नब्बे** वटा फछ्र्यौट भएका छन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी कुनै उल्लेखनीय घटना जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

अर्खले गाविस-५ का ५० वर्षीय झगरे दमाईले ३५ वर्षीय आफ्नी पत्नी शिवकला दमाईलाई जाँड खाएर विना कारण **०५२ कार्तिक १७** गते कुटपिट गरे। पतिको कुटाईबाट माइत गई बसेकी शिवकला पतिले सम्झाई-बुझाई गरेपछि घरमा आई बसेकी थिइन्। तर फेरि ०५२ मंसीर ६ गते कुटपिट गरी लखेटे। निजले जहिले पनि रक्सी खाएर पत्नीलाई कुट्ने गरेको बुझिएको छ।

रूपन्देही जिल्ला परोहा गाविस-६ का खगराज गिरीकी पत्नी २२ वर्षीय माया गिरी **०५१ फागुन २०** गते सुनौलीबाट लु.अ.ख ८५ को वसबाट माइत आँपचौर गइरहेको बेलामा सोही बसका खलासी चोपप्रसाद घिमिरे र वुटवल-१४ बेलवासका कृष्ण थापाले निज महिलाको एक्लोपनको फाईदा उठाई रिडी रातामाटा भन्ने जंगलमा बलात्कार गर्ने प्रयास गरे। बलात्कार गर्ने प्रयास गर्ने चोपबहादुरलाई कार्यवाही भयो भने कृष्ण थापा फरार रहेका छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

वामी गाविस-५ का २४ वर्षीय शिक्षक भिमसेन के.सी.ले पत्नी घरमा हुँदा हुँदै सोही गाविस-७ **की २२ वर्षीय** कल्पना बुढाथोकी मगरसंग **०५१ फागुन १८** गते दोस्रो विवाह गरे।

हुँगा गाविस-७ का हर्कबहादुर रानाले घरमा पत्नी भए पनि **०५१ चैत ४** गते दोस्रो विवाह गरे।

वहागाउँ गाविस-५ का ३२ वर्षीय ऋषिराम कार्कीले पत्नी हुँदा हुँदै सोही ठाउँकी २१ वर्षीय जमुना कार्कीसंग **०५२ बैशाख २१** गते दोस्रो विवाह गरे।

दोहोली गाविस-२ का २३ वर्षीय हरीबहादुर गुरूङ्गले पत्नी हुँदा हुँदै **०५२ असार २८** गते सोही ठाउँकी १८ वर्षीय मुना गुरूङ्गसंग दोस्रो विवाह गरे।

इस्मारजस्थल गाविस-४ का २४ वर्षीय दधिराम ज्ञवालीले घरमा पत्नी हुँदा हुँदै दर्लाम चौर गाविस-२ की २० वर्षीय वसन्ती खनालसंग **०५२ साउन १५** गते दोस्रो विवाह गरे।

बाँग्ला गाविस-३ का २८ वर्षीय बालु गिरीले पत्नी पवित्रा गिरी हुँदा हुँदै **०५२ साउन ३१** गते सोही ठाउँकी १९ वर्षीय देवकला गिरीसंग विवाह गरे।

नयाँगाउँ गाविस-७ का २२ वर्षीय भरतबहादुर कुँवरले पत्नी घरमा हुँदा हुँदै वस्तु गाविसकी १७ वर्षीय शारदा कुँवरसंग दोस्रो विवाह गरे।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

पुर्कोटदह गाविस-१ की जमुना थापाले **०५१ फागुन २१** गते बच्चा जन्माउना साथ हत्या गरेर जमिनमा गाडिन्। निज जमुनाको सो गर्भ म्याल पोखरी गाविस-१ का २६ वर्षीय गोपीकृष्ण भट्टराईसंग भएको अवैध यौन सम्पर्कबाट रहन गएकोले कसैले पत्तो नपावस् भनी हत्या गरेको बुझिएको छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेखनीय घटना जानकारीमा आएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा छुवाछूतको भावना धेरै पाइन्छ। तर यस सम्बन्धी कुनै उल्लेखनीय घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस जिल्लामा भएको जमुना कार्कीको मृत्युको घटनालाई हत्या भनेर देशव्यापी रूपमा राजनीतिक रंग दिन खोजियो। यहीं मृतकको दाजु टीकाबहादुर कार्कीले एक पर्चा प्रकाशित गरी यो मृत्यु हैन, एमालेका कार्यकर्ताद्वारा गरिएको हत्या हो भनी न्यायको निम्ति माग गरेका थिए। केही दिन पछि निजको पेटको रोगले मृत्यु भएको प्रमाणित भएपछि निज टिका कार्कीले पुनः ०५२ असार २२ गते आफू अरूको होहल्लामा लागेर निकालिएको पर्चालाई विश्वास नगर्न भनी माफी मागेको पर्चा प्रकाशित गरेका थिए।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यहाँ २ जनाको जंगली जनावरबाट, १ जनाको स्टोभ पड्किएर मृत्यु भएको थियो भने ११ जनाले आत्महत्या गरेका थिए।

■



३. पश्चिमाञ्चल

धवलागिरी

३.१३ वाग्लुङ्ग

जनसंख्या : २३२४८६
साक्षरता : ४०.५ प्रतिशत
महिला साक्षरता : २७.१ प्रतिशत
क्षेत्रफल : १७८४ वर्ग कि.मी.

यहाँको समाजलाई अन्धविश्वास र कुसंस्कारले जकडेर राखेको पाइन्छ। यस वर्ष यो जिल्लामा हत्याका ६ वटा घटना भए। विशेषगरी चाडपर्वहरूमा जाँड रक्सी खाएपछि कुटपिटका घटनाहरू हुने गरेको पाइयो। यो वर्ष शाही नेपाली सेनाका केही जवानहरूले सार्वजनिक स्थलहरूमा स्थानीय व्यक्तिहरूमाथि अभद्र व्यवहार गरेको घटना विशेष चर्चामा रह्यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

बोवाङ्ग गाविस-५ का २२ वर्षीय खगे विश्वकर्माले **०५१ माघ २७** गते ससुराले तिर्नु पर्ने रकम नतिरेको रीसमा १८ वर्षीय आफ्नै पत्नी साउनी विश्वकर्मालाई घाँटी थिची मुक्काले छातीमा हिर्काएर हत्या गरे। पीडक खगे विश्वकर्मालाई प्रहरीले पक्राउ गरी अदालतमा बुझाएका छन्।

कुश्मीसेरा गाविस-५ काउलेमा **०५१ फागुन २५** गते विवाहमा विवाद हुँदा स्थानीय भिमबहादुर थापा र डेगबहादुर थापाले धादिङ्ग बसेरी गाविस-२ का २३ वर्षीय नौबहादुर गुरूङ्गलाई कुटपिट गरी हत्या गरे। पीडकहरू फरार छन्।

दमेक गाविस-९ का ५५ वर्षीय होमबहादुर छन्त्यालको **०५१ चैत २** गते गाउँलेहरूसंग विवाद भयो। उनले आफ्नो घरबाट भरूवा बन्दुक निकालेर गाउँले तर्फ सोझ्याउँदै गर्दा केही मानिसहरूले उनलाई पकडन खोज्दा बन्दुक पड्क्यो र चौतारीमा उभिएर चिया पिइरहेका दुदिला माटी गाविस-६ का २५ वर्षीय बलबहादुर विश्वकर्माको खुट्टामा गोली लाग्यो। होमबहादुरका विरूद्ध ज्यान मार्ने उद्योग गरेको मुद्दा लगाइयो।

मालिका गाविस-८ साँधखोलाका श्यामबहादुर सार्कीले **०५१ चैत २४** गते स्थानीय २६ वर्षीय फूलमती सार्कीलाई कुटपिट गरी हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको थियो।

बिहु गाविस-१ का जब्बरबहादुर लामिछाने र भारत विहार घर भई पोखरा नयाँपुलमा डेरा गरी बस्ने ३० वर्षीय संजयकुमार शाह **०५२ बैशाख ८** गते लामिछानेको घरमा गफ गरेर बसिरहेका थिए। गफमा हाँसो ठट्टा गर्दा गर्दै लामिछानेको हातमा रहेको बन्दुक पड्किएर संजयकुमारलाई गोली लाग्यो। जब्बर बहादुरले तत्काल मानिस खोजेर घाइते संजयकुमारलाई उपचारार्थ अस्पताल पुऱ्याइए। स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौंको बीर अस्पताल पुऱ्याएर गोली झिकिएको थियो। संजयका ससुरा गौरीशंकर शाहले जब्बरबहादुर उपर ज्यान मार्ने उद्योग गरेको मुद्दा लगाएपछि जब्बरबहादुर फरार छन्।

तित्याङ्ग गाविस-८ की २३ वर्षीय सुनौली सार्कीको लाश **०५२ असार १६** गते स्थानीय काठेखोला कालीदह भन्ने ठाउँमा फेला पऱ्यो। लाशको प्रकृति हेर्दा हत्या गरिएको हुन सक्ने अनुमान गरियो। मृतकका पति जंगबहादुर सार्कीले मानसिक स्थिति ठीक नभएर हामफालेर आत्महत्या गरेको भनी प्रहरीमा जाहेरी गरेका छन्। तर मृतकका बाबु मंगले सार्कीले भने छोरीको हत्या गरिएको हो भनी आशंका व्यक्त गरिरहेका छन्।

पाला गाविस-१ डाँडाथोकका लालबहादुर सार्कीले **०५२ असार २८** गते आफ्नै भाइको छोरा ९ वर्षीय जहरसिं सार्कीलाई हँसियाले काटेर हत्या गरे। पीडकलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

कुर्तिवाङ्ग गाविस-६ का ३२ वर्षीय बलराम विश्वकर्माले

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	१	-	-
बलात्कृत	-	-	३	२
आत्महत्या	-	-	४	११

०५२ मंसीर ६ गते आफ्नी पत्नी ३० वर्षीय मनकुमारी विश्वकर्मा र ४ वर्षीय छोरा ज्ञानकुमार विश्वकर्मालाई बञ्चरो र हँसियाले हिर्काएर विभत्स ढंगले हत्या गरे। त्यसपछि पीडक आफूले पनि आत्महत्या गरे।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा २५ जना बन्दी क्षमता भएको "ग" श्रेणीको जेल छ। यस वर्षको अन्त्यमा ७ जना कैद तोकिएका बन्दीहरू र १७ जना थुनुवा समेत जम्मा २४ जना रहेको पाइयो। तिनमा ३ जना महिलाहरू पनि रहेका छन्। जाडोको समय शुरू भइसक्दा पनि जाडो मौसममा पाउनु पर्ने कपडा नपाएको गुनासो बन्दीहरूको रहेको छ।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी कुनै उल्लेख्य घटना जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना देख्न परेको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

पाला गाविस-५ को एक पूजाघरमा **०५१ माघ २** गते नाचगान गर्ने क्रममा विवाद भएपछि स्थानीय प्रेमबहादुर थापा, गोरेबहादुर थापा लगायतले छुरी प्रहार गर्दा पाला गाविस-१ का घनश्याम रोकाको टाउको र तिघ्रामा काटिएको थियो भने भविलाल रोका र नरबहादुर थापालाई पनि चोट लागेको थियो। उनीहरूको बीच भएको घटनामा पीडकहरूलाई गाउँमै २६ हजार रूपैयाँ जरिवाना गर्ने भनी मिलापत्र गरिएको थियो।

मिम पोखरा गाविस-४ का गोविन्द के.सी.लाई **०५१ माघ २५** गते सोही गाविस-३ को एक विवाह घरमा सम्भरबहादुर थापा र राजेन्द्र थापाले ज्यान लिने धम्की दिए।

महेन्द्र बहुमुखी क्याम्पस बागलुङका विद्यार्थी १७ वर्षीय उमाशंकर सापकोटालाई **०५२ वैशाख ३०** गते रणशार्दूल गणका २ जना सिपाहीहरूले क्याम्पस हाता भित्रै कुटपिट गरे। पीडकहरूले उक्त क्याम्पसका प्राध्यापक हरिप्रसाद शर्मालाई समेत धम्की दिएका थिए। २ दिनपछि क्याम्पसको छात्रावासमा बस्ने विद्यार्थीहरूलाई ती सिपाहीहरूले बोरामा हालेर फालिदिन्छौं भनेर पनि धम्की दिँदै हिंडेका थिए।

निसी गाविस अेखरबोटे चौरमा **०५२ साउन १** गते लागेको मेलामा सोही गाविसका टेकबहादुर पुन र दिलबहादुर पुनले वोहरागाउँ गाविसका २४ वर्षीय देवबहादुर चन्द र २१ वर्षीय जीतबहादुर चन्दलाई कुटपिट गरे। पीडकहरू उपर केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ।

निसी गाविस-३ का तुलासिंह घर्ती, टेकबहादुर घर्ती, खड्कबहादुर घर्ती, मानसिं घर्ती, टीकाराम छन्त्याल र थमबहादुर घर्ती समेतका ३०-३१ जनाले **०५२ कार्तिक ८** गते स्थानीय मानसिं बुढामगर, धनबहादुर घर्ती, छविलाल घर्ती र हिराबहादुर वि.क. समेतलाई कुटपिट गरे। पीडित पक्षले जनाए अनुसार पीडकहरूले राष्ट्रिय जनमोर्चा कार्यालयको तोडफोड गरी सामान र केही नगद समेत लुटेका थिए। पीडकहरू उपर केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ। ती मध्ये केही धरौटीमा छुटेका छन् भने केही फरार भएको बताइन्छ।

राङखानी गाविसमा रहेको स्वास्थ्य चौकीका पियन नन्दलाल शर्माले पैयु थन्थाप उपस्वास्थ्य चौकीका अहेब कुलप्रसाद थापालाई **०५२ मंसीर १३** गते कुटपिट गरी सख्त घाइते बनाए।

बाग्लुङ जिल्ला विकास समितिका सभापति गोपालप्रसाद सापकोटालाई सकुवा गाविसमा आयोजित एक कार्यक्रममा भाग लिन जाँदा विनामारे गाविसका केही व्यक्तिहरूले ढुङ्गामुढा गरे।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५२ जेठ ११ गते नेपाल शिक्षक संघ बाग्लुङका सचिव तथा जनता मा.वि.का शिक्षक इन्द्र खत्री पकवानलाई राङखानी गाविस-२ का धर्मानन्द सुवेदी लगायतका व्यक्तिले सोही ठाउँको बेङथलामा लगी ३ दिनसम्म लुकाएर राखे। उनलाई राजनीतिक मत भिन्नताका कारण उक्त यातना दिइएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

०५१ साउन देखि ०५२ असारसम्म यहाँको जिल्ला अदालतमा दुनियाँवादी मुद्दा ४ सय १ वटा दर्ता भएका मध्ये १ सय ९४ वटा फैसला भइसके र २ सय ७ वटा बाँकी रहे। चालु आर्थिक वर्षमा ५३ वटा मुद्दा थप भई २ सय ६० वटा पुग्यो। तीमध्ये पनि ३८ वटा फैसला भएर २ सय २२ वटा मुद्दा बाँकी रहेका छन्। दुनियाँवादी फौजदारी तर्फ १ सय ६३ वटा दर्ता भएकोमा ७३ वटा फैसला भई ३० बाँकीमा यो वर्ष १८ वटा थप भएर १ सय ८ पुगेका मध्ये १७ वटा फैसला भई ९१ वटा बाँकी छन्। सरकारवादी फौजदारी मुद्दा ६२ वटा दर्ता भएकोमा २८ वटा फैसला भई ३४ वटा बाँकी छन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

नेकपा एमालेको सरकारको पालामा गठन भएको सुकुम्बासी समस्या समाधान आयोगले यस जिल्लामा ८२

जना सुकुम्बासीहरूलाई जग्गा वितरणको लागि नाप जाँच गरेकोमध्ये ३७ जना सुकुम्बासीहरूलाई मात्र जग्गाधनी लालपूर्जा वितरण गरियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

पाला गाविस-५ करिनामा **०५१ माघ १** गते रत्यौली खेल्न जम्मा भएका महिलाहरूमाथि स्थानीय ५५ वर्षीय मानबहादुर थापाले हातपात गरी मुखमा हानी कपाल समेत लुछेर आतंकित पारे। पीडक थापाले ६ हजार रूपैयाँ जरिवाना तिरेपछि गाउँमै मिलापत्र गरिएको थियो।

विहुँ गाविस-८ घोडावाघेमा **०५१ माघ २५** गते गुल्मी, सिमीचोरका ३५ वर्षीय चतुरसिं नेपाली भन्ने खिमबहादुर सार्की र तुलासिं भन्ने विष्णुबहादुर वि.क.ले २२ वर्षीय एक विवाहिता महिलालाई पालैपालो सामुहिक बलात्कार गरे। पीडक खिमबहादुरलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको अर्का व्यक्ति फरार छन्। पीडकले पीडितका परिवारका सदस्यहरूलाई पनि कुटपिट गरेको थियो।

विहुँ गाविस-१ गिठापाटाकी २७ वर्षीय विवाहिता महिलाले आफ्ना पति भारततिर गएका बखत परपुरूषसँगको सम्पर्कबाट गर्भवती भएर **०५१ फागुन १२** गते छोरी जन्माइन्। उनीसंग शारीरिक सम्पर्क राख्ने दयाराम कँडेल भागेका छन् भने उनका पति काशिराम सापकोटाले उनलाई घरबाट निकालिदिए पछि पीडित महिला पहिलो पतिकै गोठमा बस्न विवश भएकी छिन्।

अधिकारीचौर गाविस-९ प्याङखोलाकी ११ वर्षीय एक बालिकालाई **०५२ जेठ १८** गते सोही ठाउँका ६४ वर्षीय भिमबहादुर वि.क.ले बलात्कार गरे। यस घटनाको उजुरी प्रहरी कार्यालयमा परेको भए पनि पीडक फरार छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

लहरे पिपल गाविस-३ का २९ वर्षीय भिमप्रसाद सापकोटाले घरमा पत्नी गुमा सापकोटा हुँदाहुँदै चितवन भरतपुर नपा-६ की २४ वर्षीय यमकुमारी कँडेलसंग दोश्रो विवाह गरे। पीडित गुमाले ०५२ जेठ २४ गते पीडकहरू उपर बहुविवाहको मुद्दा जिल्ला अदालतमा दर्ता गरेकी छिन्।

नरेठाँटी गाविस-७ का २४ वर्षीय नरबहादुर शेरचनले घरमा पत्नी लक्ष्मी शेरचन हुँदाहुँदै **०५२ असार १३** गते वाग्लुङ बजारमा होटेल गरी बस्ने १८ वर्षीय पवित्रा शेरचनसंग दोश्रो विवाह गरे। पीडकहरूउपर बहुविवाह सम्बन्धी मुद्दा जिल्ला अदालतमा चलिरहेको छ।

विहुँ गाविस-६ का २२ वर्षीय महेन्द कँडेलले प्रेम विवाह गरी ल्याएकी १८ वर्षीय पत्नी खिमकला कँडेल घरमा हुँदाहुँदै बाबुको करकापमा वर्दिया जमुनी गाविस ७ की १९ वर्षीय जानुका सापकोटासंग दोश्रो विहे गरे। पीडक महेन्द्रमाथि बहुविवाह गरेको आरोपमा मुद्दा चलाइएको छ।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आए।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

छुवाछूतको चलन चलिरहेकै भए पनि यस वर्ष कुनै उल्लेख्य घटना देखा परेन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जनता मा.वि. सर्कुवामा ०५२ जेठ ११ गते शिक्षक इन्द्र खत्री "पकवान" माथि हातपात भएको घटनाका सम्बन्धमा नेपाल शिक्षक संघ जिल्ला कार्य समिति वाग्लुङ्गले ०५२ जेठ १७ गते "अमानवीय कार्यको भर्त्सना गरौं" भन्ने शीर्षक राखी पर्चा वितरण गरेको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा बाढीले बगाएर ८ जनाको मृत्यु भयो। ती मध्ये ५ जना एकै परिवारका थिए। भीरबाट लडेर, पहिरोमा परी, माटोले पुरिएर, पानीमा डुबेर र सवारी दुर्घटनामा परी ६ जनाको मृत्यु भयो। एउटा आगलागीको घटनाले थुप्रै धनमालको क्षति पुऱ्याए पनि कसैको ज्यान भने गएन।

८ जना पुरूष र ३ जना महिला गरी ११ जनाले आत्महत्या गरे। तिनमा प्रायजसो पारिवारिक चिन्ता र २ जनाले परीक्षामा पटक पटक असफल भएका कारण आत्महत्या गरेको देखिन्छ। ८ जनाले झुण्डिएर, २ जनाले खोलामा हामफालेर र १ जनाले शरीरमा मट्टीतेल खन्याई आगो लगाएर आत्महत्या गरेको पाइयो।

०५१ माघ २५ गते गुल्मी सिमीचौर-३ का धनबहादुर नेपाली सार्की र वाग्लुङ, तिसीभुर्जाका तुलासिं भन्ने विष्णुबहादुर विश्वकर्माले **बहु गाविस-८** को एक घरमा पसी घरपरिवारका सदस्यहरूलाई कुटपिट गरी १ लाख २७ हजार १ सय रूपैयाँ बराबरको धनमाल डकैत गरे। उनीहरूलाई जिल्ला अदालतले पूर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ। ■

३. पश्चिमाञ्चल

धवलागिरी

३.१४ पर्वत

जनसंख्या : १४३५४७

साक्षरता : ५१.७ प्रतिशत

महिला साक्षरता : ३८.० प्रतिशत

क्षेत्रफल : ४९४ वर्ग कि.मी.

नेपालका दुर्गम जिल्लाहरूमध्ये पर्वत पनि एक हो। यहाँ ५५ वटा गाविस रहेका छन्। सामाजिक हिसाबमा ब्राम्हण, क्षेत्री, मगर, गुरूङ्ग, दमाई, कामी, सार्की, कुमाल रहेको यो जिल्ला राजनीतिक रूपले २ क्षेत्रमा विभाजित रहेको छ। पहाड र हिमाल मात्र रहेको यो जिल्लामा ९० प्रतिशत जनता कृषिमै आश्रित छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

०५१ माघ १८ गते **पाङ्गराङ्ग-१ नेवारे** निवासी ४५ वर्षीय टीकाबहादुर वराल सोही ठाउँकै जितबहादुर वरालको घरमा वास बसेका थिए। नजिकैको खरवारीमा उनको लाश फेला परेपछि मृत्यु शंकास्पद भएको छ। हाल प्रहरी प्रशासन अनुसन्धानमै रहेको छ।

०५२ जेठ ४ गते **आर्चर डाँडाखर्क** निवासी वर्ष ३१ का रामकाजी गुरूङ्गलाई राम्जा-२ का सेते भन्ने टेकबहादुर जि.सी. लगायतका ६ जनाले लाठी ढुङ्गा प्रहार गरी हत्या गरे। मृतककी पत्नी मैना गुरूङ्गको टेकबहादुर जि.सी.संग अनैतिक सम्बन्ध रहेकोले उनी सहितको मिलोमतोमा रामकाजीको हत्या गरी मृतककै कमिजमा पासो लगाई वरको रूखमा भुण्ड्याई दिएका थिए।

०५२ जेठ ६ गते **माभफाँट-४** का रामहरि सुवेदीले आफ्नै पत्नी २१ वर्षीय खिमादेवी सुवेदीलाई हत्या गरे। मृतकको साथमा १७ महिनाकी छोरी र ३ महिनाको गर्भ रहेको अवस्थामा पति रामहरि सुवेदीले पत्नी निरक्षर भएको कारणले हत्या गरी बुइगलको धुरीमा डोरीले भुण्ड्याई दिएका थिए।

१.२ जेल र बन्दीहरू

२५ जनाको क्षमता भएको यहाँको जेलमा हाल ११ जना बन्दी रहेका छन्। जसमध्ये २ जना थुनुवा र ९ जना कैदी छन्। २ जना महिला बन्दी पनि छन्। जेलभित्र सरसफाई र खेलकुदको राम्रो व्यवस्था छैन।

१.३ गिरफ्तारी र यातना

नाङ्गलीवाङ्ग गाविसका ११ वर्षीय बालक सेते दर्जीलाई गाई मारेको आरोपमा मुद्दा चलाइएको छ। एउटा वाच्छी दौडदै आउँदा खाडलमा खसेको थियो। त्यसलाई निकाल्न निजले स-साना ढुङ्गाले हिर्काएका थिए। तर वाच्छी निस्केन। केही समयपछि वाच्छीको मृत्यु भएपछि निजले नै मारेको हो भनी गिरफ्तार गरिएको छ।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

०५१ माघ ५ गते **षाइरिङ्ग-७** का रविलाल आचार्यकी छोरी वर्ष ५ की देवी आचार्यलाई आफ्नो उखुबारीमा गई उखु खाएको भन्ने निहुँमा सोही ठाउँका ५६ वर्षीय मोहदत्त जैसीले आँखा तथा मुखमा सिस्नोले हिर्काई आँखा फुटाई दिए।

०५१ फागुन ३ गते **त्रिवेणी-१ नेकर्का** बस्ने टेकबहादुर राना लगायतका १४, १५ जनाले विवाहको मोजमा पाखापानी-४ का मदनबहादुर सेन लगायत ३ जनालाई कुटपिट गरे।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	३	२	-
बलात्कृत	-	-	-	-
आत्महत्या	-	-	२	६

०५१ चैत २ गते फागु पूर्णिमाको दिन **शिवालय-४ कुश्माको साझा बस टिकट काउन्टर**मा चन्द्रबहादुर के.सी. र वर्ष ५२ की विष्णुकुमारी भण्डारीलाई पुरानो रीसइबीका कारण शिवालय-८ निवासी शैलेन्द्र श्रेष्ठले कुटपिट गरे।

०५१ चैत २९ गते **देउराली-८** बस्ने वर्ष **१७** का नेवलाल दर्जीलाई देउपुर-१ बस्ने गोविन्दबहादुर खड्काले आफू केटीसंग बसेर गफ गरिरहेको बेलामा टर्चलाइट बाली हेरेको आरोपमा छुरा प्रयोग गरी कुटपिट गरेका छन्।

०५२ बैशाख ८ गते **नेपाल बैंक लि. बजार बीच**मा सर्न लाग्दा सामान लोड गरेको गाडीमा ढुङ्गाले हिर्काइ डिएसपी कृष्णबहादुर नेपालीलाई समेत शिवालय-८ निवासी रामचन्द्र जोशी लगायत ३ जनाले ढुङ्गामुडाद्वारा घाइते बनाए।

०५२ बैशाख १६ गते **देविस्थान गाविस-२** का नारायण श्रेष्ठ र सुरज श्रेष्ठ समेतले सोही ठाउँ घर भई हाल बाग्लु बजार बस्ने समुन्द्रभक्त पन्तलाई हिंडिरहेको अवस्थामा कुटपिट गरे। उनीहरूबीच राजनीतिक मत भिन्नता थियो।

०५२ असार २४ गते धवलागिरी बन्दको आव्हान गर्दै नेपाली कांग्रेस जिल्ला अध्यक्ष अर्जुन जोशीको नेतृत्वमा निक्लेको जुलुसले **शिवालय-८** का पाउरोटी व्यापारी कर्णबहादुर पौडेललाई पसल खोलेकोमा कुटपिट र लुटपिट गऱ्यो।

०५२ साउन १६ गते ने.वि.संघद्वारा आयोजित नेपालबन्दको कार्यक्रममा निक्लेको जुलुसमा सहभागी शिवालय-६ का केदार जोशी लगायतका ४ जनाले शिवालय-८ का रघुनाथ शर्मा लगायत ४ जनालाई कुटपिट गरे।

१.६ थुनामा मृत्यु
यस वर्ष थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार
२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)
यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

२.२ धार्मिक स्वतन्त्रता
यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार
गरिबी र अशिक्षाका कारण पीडित जनताले न्याय जस्तो कुरालाई सरल र निष्पक्ष महशूस गर्न सकिरहेका छैनन्।

२.४ सरुवा / घटुवा / पक्षपात आदि
यस सम्बन्धी घटना भएको सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या
कुनै उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार
४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना
यस सम्बन्धी कुनै घटना जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार
०५१ माघ १० गते मल्लाज **लेखफाँट-५** का २५ वर्षीय किरणबहादुर पाइजाले २० वर्षीय रेशमकुमारी पाइजासंग दोस्रो विवाह गरे। जेठी पत्नी तारामाया पाइजाले बहुविवाहको मुद्दा हालेकी छिन्।

४.३ गर्भपतन
यस सम्बन्धी कुनै घटना जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)
खुर्कोट गाविस-२ का देवनारायण पाइजाले १४ वर्षीय छोरी सितालाई ०५१ फागुन २२ गते ललाई फकाई ५० वर्षीय व्यक्तिसंग विवाह गरी दिए। तर बालिका घर नजाने प्रण गरी हाल माइतीमा अपमान सहेर बसी रहेकी छिन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)
कुनै उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू
७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि
यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत
यस सम्बन्धी कुनै घटना भएको पाइएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि
प्रेस वक्तव्य र टिप्पणी प्रकाशित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)
यस वर्ष यहाँ ट्राफिक दुर्घटनाबाट ५ जना, भिरबाट खसेर ३ जना र पानीमा डुबेर ४ जनाको मृत्यु भएको छ भने ६ जनाले आत्महत्या गरेका छन्। एकजना ११ वर्षीय बालिकाले स्कूल जान नपाएको र १७ वर्षीय अर्की युवतीले परीक्षामा राम्रो अंक नआएकोमा आत्महत्या गरेका घटना पनि पाइएको छ। अन्य ४ जनाले पारिवारिक झगडाको कारणबाट आत्महत्या गरेका छन्।

■



३. पश्चिमाञ्चल

धवलागिरी

३.१५ म्याग्दी

जनसंख्या : १००५५२

साक्षरता : ३९.५ प्रतिशत

महिला साक्षरता : २६.० प्रतिशत

क्षेत्रफल : २२९७ वर्ग कि.मी.

हिमाली र पहाडी भूभागको संगम रहेको यो जिल्ला प्राकृतिक दृष्टिले महत्वपूर्ण मानिन्छ। प्रशिद्ध रूपसे छहरा यहीं रहेको छ। तातोपानीका प्राकृतिक कुण्डहरूले पर्यटकहरूलाई मोहित पार्ने गरेको छ। मगर जातिको वाहुल्य रहेको भए पनि अन्य व्राम्हण, क्षेत्री, थकाली, गुरुङ्ग आदि जातिहरू पनि यहाँका वासिन्दा हुन्। पहिले कीर्तिवम मल्लको राज्यका रूपमा परिचित म्याग्दीलाई बहादुर शाहले एकीकृत गरेका थिए। मानवअधिकार उल्लघनका दृष्टिले यो जिल्ला पनि उल्लेख्य रहेको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

पात्ले खेत गाविस-७ का ११ वर्षीय भुवनबहादुर बुढाथोकीको **०५१ फागुन २६** गते फत्तबहादुरले बोकेको बन्दुक पड्कन जाँदा मृत्यु भयो। व्रतबन्धको बढाईंका निम्ति स्थानीय भरूवा बन्दुक मागी ल्याउँदा सो घटना भएको थियो।

रूम गाविस-६ का डिलबहादुर कामी र हिमलाल कामीले **०५२ जेठ २१** गते राती आफ्नी बुहारी फुवली कमिनीलाई घाँटी थिचेर हत्या गरे। निजको हत्यापछि सँगै सुतेकी छोरीलाई केही तल लगेर ढुङ्गाले टाउको थिचेर हत्या गरे। अभियुक्त दुबैले साविती बयान दिइसकेका छन्।

देवीस्थान मगरदाङको ठाडो बाटोमा बस्ने ६० वर्षीय सर्किनी बुढाथोकीलाई स्थानीय रूम्पा बस्ने २२ वर्षीय गौप्रसाद बुढाथोकीले **०५२ असार १** गते राती हत्या गरे। प्रहरीद्वारा पीडकको खोजी भइरहेको छ।

पुलाचौर गाविस-५ का १८ वर्षीय रमेश स्वत्रीले आफ्नी पत्नीलाई **०५२ असार ४** गते कुहुं स्वानी गाउँमा रहेको आफ्नै गोठमा कुटेर हत्या गरे। अभियुक्तलाई पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरू

२५ जना बन्दी राख्न सकिने यो जिल्लाको हाल जेलमा ३० जनालाई राखिएको छ। तीमध्ये २ जना महिला र २ जना नाबालक रहेका छन्। जेलमा कुनै सीप सिकाउने कामहरू हुँदैनन्। व्यक्तिगत स्वेच्छामा दाम्ला नाम्ला बाट्ने बुन्ने काम भने हुने गरेको पाइयो।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएको देखिएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक रूपमा देखा परेन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

पुलाचौर गाविस-५ को जनकल्याण नि.मा.वि.का शिक्षक नीलकण्ठ ढुङ्गानालाई धवलागिरी मा.वि.का शिक्षक माधवप्रसाद रेग्मीले **०५१ फागुन २** गते धम्की दिएको हुँदा जिप्रकामा फिकाई अब आइन्दा यस्तो गर्ने छैन भन्ने कागज गराइएको पाइयो।

बभिया चौर गाविस-५ का देवेन्द्र आचार्यले वरंजा गाविस-२ का गंगाबहादुर स्वड्कालाई **०५१ फागुन २७** गते राती मरणाशन्न हुने गरी कुटे। ती दुईबीच रक्सी स्वार्ड

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	-	-	-
बलात्कृत	१	-	२	१
आत्महत्या	-	-	१	५

झगडा भएको थियो।

सिङ्गा गाविस-४ तातोपानीका मणिलाल शर्मालाई आफ्नै खेतको डिलमा रहेको टुनी काट्दा राजनीतिक निहुँ झिकी सोही ठाउँमा टुंगलाल र विष्णु रामप्रसाद शर्मले **०५२ वैशाख २३** गते कुटी ज्यान लिने धम्की दिए।

रत्नचौर गाविस-५ का लामगरा बस्ने बल गिरीले रक्सी खाई आफ्नै भिनाजु खड्ग बोगटी र नइन्द्र बोगटीलाई **०५२ कार्तिक ८** गते कुटपिट गरे। पीडक फरार छन् भने पीडित पक्षले सुरक्षाको माग गर्दै कानूनी कार्वाही चलाएका छन्।

रत्नेचौर गाविस-३ का थमबहादुर वोगटी र बाबुराम वोगटी बीच आमाको जीउनी सम्बन्धी झगडाका कारण **०५२ कार्तिक १८** गते कुटपिट भयो। पीडक बाबुरामले दाजुको औषधि उपचार गर्ने शर्त स्वीकार गरी मिलापत्र भयो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्यु भएको पाइएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस अधिकारको उपभोगमा वाधा पुऱ्याउने कुनै घटना भएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ सबै धार्मिक धारणाहरूबीच सहिष्णुता रहेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक निकायबाट समयमा मुद्दा फैसला नहुँदा कठिनाई भएको गुनासो सर्वसाधारण जनताको रहेको पाइयो।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी उल्लेख्य घटना प्राप्त हुन आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

दरबाङ धारापानीका अर्जुन थापा र रीमबहादुर थापाले एक युवतीलाई **०५१ माघ ३** गते दिउँसो **दरबाङ खोलाको किनारामा** बलात्कार गरे। अभियुक्तहरूलाई कानूनी कार्वाही भइरहेको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

पाखापानी-३ का नरेश वि.क.ले जेठी पत्नीलाई छोरी पाएकोले हेला गरी सोही ठाउँकी अर्की १४ वर्षीय युवती जमाया विकसंग **०५२ मदौ २६** गते दोस्रो विहे गरे। अभियुक्तलाई कानूनी कार्वाहीका लागि थुनिएको छ।

पुलाचौर गाविस-७ की २० वर्षीय युवतीलाई ०५२ असोज १७ गते रत्नेचौर गाविस-१ का गणेशबहादुर महतले बलात्कार गर्ने प्रयास गरे। तर पीडकलाई कारवाही गर्ने राजनीतिक कारणले दिइएन।

४.३ गर्भपतन

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

कुनै उल्लेख्य घटना जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस अधिकारको उपभोगमा वाधा पुऱ्याइएका कुनै घटना सार्वजनिक जानकारीमा आएको देखिएन। परम्परिक ढंगले श्रमको शोषण गर्ने विविध प्रचलन भने कायमै छ।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस्ता कुनै प्रथाहरू यहाँ पाइएनन्। कामदारका रूपमा राखिएका केही श्रमिकहरू भने रहेको पाइयो।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै वक्तव्य/टिप्पणी कसैद्वारा दिइएको जानकारी पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

घतान घुपीकोट भन्ने ठाउँमा सार्वजनिक बाटो खन्दै गर्दा अचानक ढुङ्गा खसी किचेर २६ वर्षीय मनबहादुर कार्की र मीठे कामीको **०५२ साउन १२** गते मृत्यु भयो।

आगलागीका ३ वटा र आत्महत्याका ५ वटा घटना यस वर्ष भएको पाइयो। एक युवतीले अनमेल विवाहको कारण आत्महत्या गरेकी थिइन्।

■

३. पश्चिमाञ्चल

धवलागिरी

३.१६ मुस्ताङ

जनसंख्या : १४२९२

साक्षरता : ४८.४ प्रतिशत

महिला साक्षरता : ३४.७ प्रतिशत

क्षेत्रफल : ३५७३ वर्ग कि.मी.

चीनको तिब्बतसंग जोडिएको यो जिल्ला हिम चुचुराको सुन्दरताले सिंगारिएको छ। ८१३७ मीटर अग्लो धौलागिरी, ८०९१ मीटर अग्लो अन्नुपूर्ण र ७०५५ मीटर अग्लो निलगिरी यहाँको मुख्य चुचुराहरू हुन्। मुक्तिनाथको प्रसिद्ध मन्दिरसंगै दामोदर कुण्ड र लोमन्थाङ वरपरका सुन्दर हिमाली दृश्यहरूले पर्यटकहरूलाई मनमोहक आनन्द दिने यस ठाउँमा मुख्यतया थकाली, गुरूङ, शेर्पा र तिब्बती मूलका ताङ्वे, भोटेहरू रहेका छन्। लामा सम्प्रदायमा माइली छोरी भुमा बस्नै पर्ने प्रचलन छ। उत्तरी क्षेत्रमा बहुपति प्रथा पाइन्छ।

सामान्यतया जिल्लामा यस वर्ष मानवअधिकारको अवस्था राम्रै रहेको पाइयो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

यस वर्ष यहाँ राज्यद्वारा एवं व्यक्तिगत भै-भगडाका कारणबाट समेत कुनै हत्या र गोली प्रहारका घटनाहरू भएको पाइएन।

१.२ जेल र बन्दीहरू

यहाँ कूल १० जना थुनामा राख्न सकिने क्षमताको एउटा जेल रहेको छ र यस वर्ष जेलमा थुनुवा ३ र बन्दी ३ गरी जम्मा ६ जना रहेका छन्। महिला बन्दीहरू छैनन्। भेटघाट गर्न र चिठी-पत्र आदान-प्रदान गर्न दिइन्छ। सुरक्षाकर्मी, जेल प्रशासन र बन्दीहरू बीच राम्रो सम्बन्ध छ। त्यति भएर पनि जेलको अवस्था ज्यादै नै गए गुज्रेको छ। एउटा मात्र कोठा भएको हुँदा बन्दीहरूलाई ज्यादै कठिनाई छ। चर्पीको राम्रो व्यवस्था छैन। हिउँ पर्दा कठ्याग्रिएर बस्नु पर्छ। त्यसमाथि यहाँका बन्दीहरूलाई सँधै नेल लगाएर राखिन्छ। जेल भवन सुरक्षित नभएको कारण बताउँदै त्यहाँका डि.एस.पी. प्रबल समशेर राणा भन्छन् – "यो हाम्रो वाध्यता हो। पक्की जेल बन्ने वित्तिकै हामी बन्दीका नेलहरू खोली हाल्छौं।" स्थानीय जिल्ला सभापतिले भने बन्दीहरूको नेल फुकाउनु पर्ने विचार व्यक्त गरे।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी घटना यस वर्ष सार्वजनिक जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको

यस वर्ष धौलागिरी प्रथम आरोहणमा गएका स्वीस नागरिक फ्रान्कोहल टोरनी हराएको बाहेक कोही पनि वेपत्ता भएको घटना जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस सम्बन्धमा कुनै घटना भएको सार्वजनिक जानकारीमा आएन।

१.६ थुनामा मृत्यु

यहाँ यस वर्ष कोही कसैको पनि थुनामा मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै पनि अधिकार हनन भएका घटनाहरू यस वर्ष भएनन्।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	१	-	-
बलात्कृत	-	-	-	-
आत्महत्या	-	-	२	-

२.२ धार्मिक स्वतन्त्रता

यहाँ पूर्ण रूपमा धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा प्रायजसो न्यायाधीश हुँदैनन्। जसले गर्दा नागरिकहरूको मुद्दा हेर्ने काममा ढिलाई हुने गरेको पाइन्छ। यस वर्ष यहाँ ३ वटा मुद्दा दर्ता भए। ती मध्ये दुईवटा सम्बन्ध विच्छेदको र एउटा अंश सम्बन्धी मुद्दा रहेको छ। अंश मुद्दा यस जिल्ला मुस्तांगी राजा जिग्मे परवल विष्टका विरूद्धमा उनकी भाउजू डिकी डोल्कर परवल विष्टले दिएकी हुन्। मुद्दा चलिरहेको छ। फैसला हुन बाँकी मुद्दा एउटा छ। जिल्लाका सरकारी वकील पनि प्राय त्यहा बस्दैनन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी घटनाहरू भएको सार्वजनिक जानकारी प्राप्त हुन सकेन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा यो समस्या देखा परेको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यस प्रकारका घटनाहरू यो वर्ष भएको पाइएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यहाँ देउकी प्रथा छैन। बहुविवाह पनि यहाँ छैन। बरू सदरमुकामदेखि उत्तरका गाविसहरूमा बहुपति प्रथाको प्रचलन छ।

तेताङ घर मै **पाङलिङ** बसोबास गर्ने व्यापारी छिरिङ्ग गुरूङ र उनका भाइ ढुण्डुक गुरूङले साझा पत्नी कुञ्जुङ्गसंग परिवार बसाएका छन्। उनैका जेठा दाजु र कान्छा भाइ पनि साझा पत्नीसंगै रहन्छन्। ती दुई दाजुभाइको उमेर अन्तर २०/२२ वर्षको रहेको छ।

कागबेनीका २६ वर्षीय गुम्बु गुरूङका दुई भाइ पनि एक पत्नीसंगै रहन्छन्। यस्तो प्रथामा रहेका नागरिकहरूसंग सोध्दा उनीहरू भन्दछन् - यसबाट परिवारको व्यवसाय संचालन गर्न सजिलो पनि हुने र आफ्नो परम्परा पनि थामिन्छ।

गुम्बाहरूमा माइलो छोरा लामा र माइली छोरी झुमा बन्ने परम्परा नै छ। झुमा बस्नु अघि ३ वर्ष ३ महिना ३ दिन गुफा बस्नु पर्ने रीति छ। गुफाबाट झिक्दा बाजागाजाका साथ निकालिन्छ र उनीहरूले अविवाहित जीवन बिताउनु पर्दछ। कहिलेकाहीं कुनै झुमा बसेकी केटीले बिहे गरिहालेमा ऊ माइतीमा आउन पाउँदिन।

४.३ गर्भपतन

यस वर्ष गर्भपतनका कुनै घटना भएको सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यहाँका केटाकेटीलाई पढाईमा भन्दा कामधन्दामा लगाउने गरेको पाइन्छ। विशेष गरी भेंडा-च्याङ्ग्रा चराउने, पर्यटकहरूको काम गर्ने, शहर बजारमा होटलहरूमा भाँडा माझ्ने गरेको पाइन्छ। घोडा खच्चरको लिदी बटुल्ने काममा पनि बाल श्रमको प्रयोग भएको पाइन्छ। उदाहरणको रूपमा चन्द्रमोहन थकालीको होटलमा काम गर्ने १२ वर्षे शिव पौडेल विहान सबेरैदेखि होटलको काम गर्छन्, काली गण्डकीको किनारमा फलफूल बेच्छन्, हवाइ मैदानबाट सामान ओसार्छन् र बेलुका होटलको चूली चौकी स्याहार्छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस अधिकारको हनन भएका घटनाहरू यहा सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यहाँ दासत्व, कमैया, बाँधा, हालिया प्रथा छैन। धनी र पुराना घरानियाँहरूकहाँ काम गर्ने केही व्यक्तिहरू भने भेटिन्छन्।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी कुनै घटना भएको कुरा सार्वजनिक जानकारीमा आएन।।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै घटनाका सम्बन्धमा प्रेस वक्तव्य आदि जारी भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यहाँ हिमपातको कारणबाट ५ जना भरियाको मृत्यु भयो भने लेक लागेर एकजना अष्ट्रेलियन नागरिकको मृत्यु भयो। ■

मध्य पश्चिमाञ्चल

४.१ दाङ्ग

४.२ प्युठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रूकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालिकोट

४.१४ मुगु

४.१५ हुम्ला



४. मध्यपश्चिमाञ्चल

राप्ती

जनसंख्या : ३५४४१३

साक्षरता : ३९.७ प्रतिशत

महिला साक्षरता : २४.२ प्रतिशत

क्षेत्रफल : २९५५ वर्ग कि.मी.

४.१ दाङ्ग

राप्ती अञ्चलमा पर्ने दाङ्ग यस क्षेत्रकै सुगम र सजग मानिने जिल्ला हो। थारू राजा दंगीशरणले राज्य गरेकाले नै यस जिल्लाको नाम दाङ्ग रहन गएको हो भनिन्छ। यस जिल्लाका ८० प्रतिशत जनता कृषि व्यवसायमा नै आश्रित छन्। तर सिंचाइ व्यवस्थाको कमीले कृषि उत्पादन सन्तोषप्रद हुन सकेको छैन। सर्वसाधारण जनता अहिले पनि अन्धविश्वासले ग्रस्त छन्। उनीहरू भाग्य, धामी, झाँक्री गुरुवामा विश्वास गर्छन्। यो जिल्लामा कमैया प्रथा, देहव्यापार, दाइजो प्रथा आदि मानवअधिकारको लागि चुनौति भएका छन्। सामाजिक संघ-संस्थाहरू १ सय ५६ वटा दर्ता भइसकेका छन्। तीमध्ये ५ वटा संस्था मानवअधिकारका क्षेत्रमा कार्यरत रहेका छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

यो वर्ष यस जिल्लामा हत्या र गोलीका ७ वटा घटना प्रकाशमा आए।

बेला गाविसका ३९ वर्षीय निलबहादुर नेपालीलाई **०५१ चैत १** गते राती सोही गाविस-२ कटवरूवा बस्ने आफ्नै सम्धी पर्ने ४९ वर्षका कुम्फे भन्ने हेमलाल नेपालीले हत्या गरेको आरोप छ। दुवैजनाले धेरै रक्सी खाएर झगडा गर्दा सो घटना भएको बताइन्छ। हेमलाल नेपालीलाई जिल्ला अदालत दाङ्गले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो।

लमही बजारको वसपार्कको यात्रु प्रतीक्षालयमा **०५१ चैत २१** गते मगर जाति जस्तो देखिने एक अपरिचित मानिस जीवन मरणको दोसाँधमा रहेको अवस्थामा फेला पऱ्यो। उनको शरिरमा निलडाम देखिन्थे भने खुट्टामा काटिएको घाउ समेत थियो। पछि निजको मृत्यु भयो। ती अपरिचित व्यक्तिलाई कसैले कुटपिट गरेको हुनुपर्ने आशंका गरिएको छ।

तुलसीपुर नपा-५ मा डेरा गरी बस्ने त्रिभुवननगर नपा-१० का २० वर्षीय फत्तेबहादुर वस्नेतले **०५२ जेठ २७** गते आफ्नी पत्नी १८ वर्षीय मिना वस्नेतलाई आफ्नै डेराभित्र खुकुरी प्रहार गरी हत्या गरे। अभियुक्तलाई भोलिपल्ट विहान तुलसीपुरबाट वसमा घोराही तर्फ गइरहेको अवस्थामा प्रहरीले नारायणपुरमा पक्राउ गरी आवश्यक कानूनी कारवाहीका लागि इलाका प्रहरी कार्यालयमा दोषी प्रमाण सहित पेश गऱ्यो।

पवननगर गाविस-४ का २२ वर्षीय नन्दलाल सापकोटाले रक्सीले मात्तिएको अवस्थामा **०५२ असार २८** गते आफ्नै ससुरा मानबहादुर आलेलाई गोली प्रहार गरे। पीडित आले एमालेका तर्फबाट गाविस सदस्य थिए। ससुरा ज्वाईं बीच राजनीतिक मत भिन्नता थियो। त्यसै कारणले मेरो हत्या गर्न खोजिएको थियो, भाग्यले गोली लागेन भनी मानबहादुर आले बताउँछन्।

शान्तिनगर गाविस-४ का ४५ वर्षीय डिल्लीप्रसाद पाण्डेले **०५२ असार २८** गते आफ्नै छोरी १७ वर्षीय धनीकुमारी पाण्डेलाई दाउराले हिर्काएर हत्या गरे। आफूले अह्राएको नमानी जवाफ फर्काएको रिसमा पीडकले चिर्पट दाउराले हिर्काएका थिए। ०५० असार ३० गते मात्र प्रहरीले लाश प्राप्त गऱ्यो। पछि पीडक डिल्लीप्रसादकै छोराले घटनाको बारेमा पोल खोली दिएका थिए।

शान्तिनगर गाविस-६ वस्तीखोलाकी ६१ वर्षीय अम्बिका वि.क. उपर **०५२ साउन १६** गते बाघमारे गाविसका ४२ वर्षीय दलबहादुर वि.क.लाई हत्या गरेको आरोप छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	३	-
हिरासतमा यातना	-	१	३	५
वन सुरक्षाकर्मीको गोलीले मृत्यु				१
बलात्कृत	१	२	४	२
[बाबुद्वारा बलात्कृत				१]
आत्महत्या	-	१	४	९

गोवडिया गाविस-१ बस्ने अर्घाखाँची जलुके-६ का ३२ वर्षीय घनश्याम योगीले **०५२ असोज ८** गते आफ्नी पत्नी २४ वर्षकी कुचुरी योगीलाई घरमै खुकुरी प्रहार गरी हत्या गरे। पत्नीले परपुरूषसंग यौन सम्पर्क राखेको थाहा पाएपछि आवेशमा आई हत्या गरेको बताइन्छ।

ढिकपुर गाविस-२ का २८ वर्षीय श्रीप्रसाद पण्डितले **०५२ असोज २१** गते बबै किनारामा चरालाई हानेको गोलीका छर्रा विजौरी गाविस-९ पकरे घर भई सोही ठाउँ माइत आएकी १७ वर्षीय चन्द्रकली वोहराको दाहिने खुट्टाको घुँडामा लाग्यो। पीडक फरार भएका छन्।

इलाका वन कार्यालय तुलसीपुरका रेञ्जर ४८ वर्षीय सत्यनारायण यादव वन सुरक्षा गार्ड सहित कामका सिलसिलामा **०५२ मंसीर १६** गते गएका बस्वत हलवार गाविस-६ को एक घरमा बसेका थिए। वन सुरक्षा गार्ड कृष्णबहादुर ऐर र रेञ्जर यादव बीच सामान्य विवाद भएपछि ऐरीले आफूसंग भएको राइफलले गोली हानी रेञ्जर यादवको हत्या गरे। त्यसपछि उनी आफ्नो डेरा तुलसीपुरमा पुगी वर्दी फुकालेर राइफल समेत त्यहीं छोडी फरार भए। हत्याको आशंकामा प्रहरीले सोमबहादुर गुरूङ्ग र चेतराज सिं ठकुरीलाई गिरफ्तार गऱ्यो। गुरूङ्ग र ठकुरीको भनाइ छ - गोली हान्ने कृष्णबहादुर हो, हामी डरले भागेका थियौं।

लक्ष्मीपुर गाविस-७ सुनपुरका ४४ वर्षीय डोमाकान्त भुषालले **०५२ पुस ७** गते ३९ वर्षकी पत्नी माधवा भुषाललाई खुकुरी प्रहार गरी दुई टुक्रा पारेर आफूले पनि विष सेवन गरी आत्महत्या गर्ने प्रयास गरे। विहान पत्नीसंग भएको सामान्य झगडाका कारण उनको हत्या गरेका थिए।

१.२ जेल र बन्दीहरू

दाङ्ग जिल्लामा दुइवटा जेल रहेका छन्।

१ सय बन्दी क्षमता भएको जेल तुलसीपुरमा छ। यहा अहिले २२ जना थुनुवा र ८७ जना बन्दी रहेका छन्। उनीहरूमध्ये ८ जना महिला र ३ जना नाबालिकाहरू छन्। जेलको भौतिक अवस्था ठीकै छ। यस जेलमा हे.अ. तथा अ.हे.ब.को व्यवस्था भएकोले बन्दीहरूलाई आवश्यकता अनुसार स्वास्थ्य परीक्षण र औषधि गरिन्छ। रेडियो र टेलिभिजनको व्यवस्था छैन। यस जेलमा साक्षरता कक्षाको व्यवस्था छ। १८ वटा हाते तानहरू राखेर बन्दीहरूले ढाका कपडा र टोपी तयार पार्ने गर्छन्। यस जेलका जेलरको भनाइ छ - "सरकारी स्तरबाटै घरेलु उद्योग सञ्चालन गर्ने व्यवस्था हुन सके राम्रो हुने थियो।" यस जेलमा ज्यान सम्बन्धी मुद्दाको सजाय भोगीरहेका भागीराम पुनलाई ०५२ जेठ ६ गते धारामा नुहाइरहेका बेला नाइकेहरू भूपाल सार्की र पूर्णबहादुर के.सी.ले पानीको वचत गरेर नुहाउन भनेपछि रिस उठी उनीहरूमाथि जाइलाग्दा आफै उछिट्टिएर लडे। पुनका अघिल्ला दुइवटा दाँत फुक्लिएको कुरा शाखा प्रमुख देवेन्द्रबहादुर रायमाझीले बताउनु भयो।

अर्को जेल जिल्ला सदरमुकाम घोराहीमा छ। २५ जनाको क्षमता भएको उक्त जेलमा क्षमताभन्दा बढी बन्दी राख्ने गरिन्छ भने यस वर्ष मात्र ७७ जना पुरूष र ६ महिला समेत ८३ जनालाई यहाँ थुनिएको थियो। उनीहरूमध्ये कैद फैसला भएका ६ जना मात्र छन्। नेकपा मसालसंग सम्बद्ध प्युठानका वैकुण्ठबहादुर के.सी., मेघराज गिरी र सालिकराम उपाध्याय ३ जना राजनीतिक बन्दी रहेका छन्। यस जेलमा टेलिभिजनको पनि व्यवस्था छ।

१.३ गिरफ्तारी र यातना

तुलसीपुर नपा-८ दुधेनाका ३५ वर्षीय गोविन्द वस्याललाई **०५२ भदौ १५** गते एक महिलालाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०५२ भदौ १७ गते प्रहरीले पक्राउ गऱ्यो। भोलिपल्ट वयान दिने क्रममा आरोप स्वीकार नगरेपछि इन्सपेक्टर दिलसिं रोकाको आदेशमा २ जना प्रहरी र १ जना हवल्दार समेतले पालैपालो पिटे। बुटले पुठ्ठामा हिर्काउँदा छाला उप्किनुका साथै अण्डकोषमा समेत बाँध्न पर्न गएको थियो। यातनाको विरोध गर्दा पीडितको गाउँका मेघराज भुषाल र यादव भुषाललाई कार्यालयको माथिल्लो तलामा लगियो। तर इन्सपेक्टर रोका यातना त्यसरी दिएको कुरा स्वीकार गर्नु हुन्न, उहाँ भन्नु हुन्छ - हामीले त दुईपक्षको मिलापत्र गराएका मात्र हौं।

पुरन्धारा गाविस-८ का धनबहादुर बुढाथोकी, वेलबहादुर वि.क., नरसिंह खत्री, होताराम भण्डारी र टेकबहादुर भण्डारी लगायतं ८ जनालाई **०५२ असोज ८** गते गाविस अध्यक्ष टेकबहादुर वली, गाविस सदस्य डिल्लीराम खत्री लगायतको मिलोमतोमा इलाका प्रहरी कार्यालय पंचकुलेका प्रहरीहरूले विनापूर्जी नै गिरफ्तार गरी यातना दिएर जनही १ हजार रूपैयाँ समेत जरिवाना गरियो। उनीहरूलाई गाउँमा अशान्ति फैलाएको आरोप लगाइएको थियो।

पवननगर गाविस-४ का ३४ वर्षीय वुद्धिबहादुर गरंजालाई **०५२ असोज २३** गते कुटपिट गरेको अभियोगमा प्रहरीले पक्राउ गरी इलाका प्रहरी कार्यालयमा पुऱ्याएपछि असोज २५ गते राती स.ई. इन्द्रबहादुर बुढाले कुटपिट गरे। प्रहरी कार्यालय मर्मत गर्न भनी उनीसंग ४ हजार रूपैयाँ समेत मागेको तर आफूले १ हजार ५ सय मात्र दिएको कुरा पीडित बताउँछन्।

तुलसीपुर नपा-१ राना गाउँका ४५ वर्षीय मोहनलाल वली र ४१ वर्षीय होमनारायण घिमिरे समेतका ८ जनालाई **०५२ कार्तिक २** गते प्रहरीले पक्राउ गरी जिल्ला प्रशासन कार्यालयमा बुझाइयो। प्र.जि.अ. अब्दुल रईस खाँको आदेशमा उहाँकै गार्डले ती मोहनलाल वलीलाई मुक्का र लाठीले कुटपिट गरे। प्रा.वि. राना गाउँका प्र.अ. विष्णुप्रसाद भण्डारीले विद्यार्थीमाथि गरेको यातनाको विरोध गरेको हुँदा षडयन्त्रपूर्वक चोरीको मुद्दा लगाएर फसाइएको कुरा पीडितहरू बताउँछन्।

प्युठान बाङ्गेसाल गाविस घर भई तुलसीपुर बजारमा डेरा गरी बस्ने वसका कण्डक्टर २४ वर्षीय कृष्णप्रसाद शर्मालाई **०५२ कार्तिक २६** गते जानकी स्टाफ होटेलबाट पक्राउ गरी अस्थायी ट्राफिक प्रहरी चौकीका हवल्दार

मानबहादुर घर्तीले चौकीमा लगेर यातना दिएको कुरा पीडित बताउँछन्। बस नरोकेको कुरालाई लिएर रमण पुढासैनीसंग होटेलमा झगडा हुन थालेपछि उनलाई पक्राउ गरिएको तर यातना दिइएको थिएन भनी हवल्दार बताउँछन्। यही घटनालाई लिएर भोलिपल्ट दिउँसो १२ बजेसम्म सार्वजनिक यातायातका साधन ठप्प रहे। पीडकहरूलाई कार्वाही गरिने आश्वासन पाएपछि मात्र गाडीहरू चलेका थिए।

तुलसीपुर नपाका न्याउलाका १६ वर्षीय मानबहादुरलाई **०५२ पुस ११ गते** खसी चोरेको आरोपमा **तुलसीपुर न.पा.-१** का सदस्य थम्मन पाण्डे समेतका व्यक्तिहरूले नाङ्गै बनाएर सिस्नो लगाए। हात र खुट्टाले समेत कुटेको कुरा पीडित बताउँछन्। उनी भन्छन्- मलाई यति यातना दिइयो कि म बेहोस् भएछु, मलाई कसले कसरी ल्याए केही थाहा पाइन, होसमा आएपछि हेल्थपोष्टमा भएको थाहा पाएँ।

१.४ वेपत्ता पारिएको

गंगापरस्पुर गाविस-२ का ४१ वर्षीय टुकबहादुर खत्री **०५२ असार १५** गते लालमटिया गाविस भालुवाङको घरको घरभाडा लिन गएका थिए। तर उनी घर फर्किएका छैनन्। उनी कहाँ गए वा के भयो केही पत्ता लागेको छैन।

डिकपुर गाविस-५ की २४ वर्षीय तुलसा अधिकारी **०५० माघ** महिनादेखि वेपत्ता भएकी छिन्। उनी ०४७ सालमा कपिलवस्तु जिल्ला कृष्णनगर बस्ने दिनेश भन्ने केटाको फन्दामा परेर बम्बईमा बेचिएकी थिइन्। ०४९ को अन्त्यतिर कृष्णनगरकै रामबहादुर थापाले ७ महिनाकी गर्भवती भएको अवस्थामा घरमा ल्याई पुऱ्याए। त्यसको केही महिनापछि नै उनी पुनः वेपत्ता भएको कुरा उनका अभिभावकहरू बताउँछन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मानपुर गाविस-२ का ५० वर्षीय टोपबहादुर सेनको नेतृत्वमा रहेको एक समूहले **०५१ माघ १** गतेका दिन डुरूवा गाविस-६ का ३५ वर्षीय भीमबहादुर खत्रीलाई खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको बायाँ हात, कुम र ढाडमा खुकुरी प्रहार गरिएको थियो। पीडक र पीडित बीच कुलोपानी सम्बन्धमा झगडा भएका कारण उक्त घटना हुन पुगेको हो।

सोनपुर गाविस-५ का २४ वर्षीय शारदाप्रसाद चौधरीको नेतृत्वमा रहेको एक समूहले **०५१ माघ १** गते सोही ठाउँका २० वर्षीय बृजु चौधरीलाई खुकुरी प्रहार गरी घाइते बनाए। त्यसअघि पीडित पक्षका ३० वर्षीय प्रशु चौधरी र २० वर्षीय रामप्रसाद चौधरीमाथि पनि कुटपिट गरिएको थियो। खुकुरी प्रहारबाट घाइते भएका बृजु चौधरीमाथि राजनीतिक प्रतिशोधका दृष्टिले आक्रमण गरिएको थियो।

लालमटिया गाविस-८ का अन्दाजी २४ वर्षीय राजु वादी समेत ४ जनाले **०५१ माघ १६** गते राती सोही ठाउँको पेट्रोल पम्पमा काम गर्ने टरिगाउँ गाविस-२ रम्फेनाका २७ वर्षीय ऋषिराज भण्डारीलाई छुरी प्रहार गरी घाइते बनाए। पीडकमध्ये राजु वादी फरार छन् भने अर्का पीडक मक्तबहादुर मियाँलाई गिरफ्तार गरिएको छ।

श्रीगाउँ गाविस-५ का २६ वर्षीय प्रमोद शाहले **०५१ फागुन ३** गते राती ११ बजे स्थानीय हर्कबहादुर बुढाथोकी, तिलकराम थापा र कृष्णबहादुर चौधरीलाई मट्टितेल खन्याई आगो लगाई दिने धम्की दिएर आतंकित बनाए।

बाँचकाँडा गाविस-१ घर भई **तुलसीपुर नगरपालिका-५** मा डेरा गरी बस्ने २८ वर्षीय जोगबहादुर दमाई र ३२ वर्षीय लालवीर दमाईलाई **०५१ फागुन १५** गते घर मालिक यज्ञश्वर भुषालले फलामे छड प्रहार गरी कुटपिट गरे। आफ्नो घरको आँगनमा बच्चाको दिसा देखेपछि घर मालिक भुषालले भाडामा बस्ने जोगबहादुर र लालवीरलाई सफा गर्न भने। तर जोगबहादुर र लालवीरले आफ्ना बच्चाको दिसा नभएकोले सफा नगर्ने कुरा बताए। सोही कुरामा झगडा हुँदा उक्त घटना हुन गएको हो। पीडक र पीडित दुबै थरीले घटनाका बारेमा इलाका प्रहरी कार्यालयमा जाहेरी दिएका थिए र प्रहरी कार्यालयले मिलापत्र गराउने भूमिका खेलेको थियो।

बिजौरी गाविस-२ की ३७ वर्षीय टीकाकुमारी वस्नेत र छोरी २० वर्षीय हिराकुमारी वस्नेतलाई **०५१ चैत २** गते सोही ठाउँका लिलाधर बस्नेत, देवबहादुर बस्नेत, चक्रबहादुर बस्नेत र बलबहादुर बस्नेत समेतले लाठी, खुकुरी प्रहार गरी सख्त घाइते बनाए। ०५१ फागुन २३ गते घाँस सम्बन्धी विवाद र पीडितहरूको ०५० सालदेखि नै लिलाधर बस्नेत समेतका व्यक्तिहरूसंग जग्गा लेनदेनको झगडा पनि थियो। यसरी पुरानो रीसइबीका कारण ती दुई आमा छोरीमाथि आक्रमण गरिएको बताइन्छ।

जनता माध्यमिक विद्यालय हंसपुरमा **०५१ चैत १५** गते जुनियर रेडक्रस सर्कलको चुनावमा प्रोक्सी मत खसाल्न नपाएको झोकमा **पुरन्धरा गाविस** हापुरे पदमपुरका रामचन्द्र वालान क्षेत्रीको नेतृत्वमा आएको हुलले सोही ठाउँको स्कूलका विद्यार्थी रूद्रबहादुर खत्री, दुमबहादुर नली र शिक्षक लिलाधर खड्कामाथि सांघातिक आक्रमण गरे। उक्त घटनाको विरोध गर्ने शिक्षक हुमबहादुर के.सी. लाई ज्यान मार्ने धम्की समेत दिएका थिए। **०५१ चैत २०** गते शिक्षक अभिभावकहरूको मेलाले दुबै समूहका छात्र-छात्राहरू बीच मिलापत्र गराए। पीडकहरूलाई १ सय रूपैयाँ जनही जरिवाना पनि गरिएको थियो।

पुरन्धरा गाविस-५ र ६ का रूद्रबहादुर खत्री र शिक्षक हिमबहादुर बुढाथोकीलाई **०५१ चैत १६** गते सोही ठाउँका रामचन्द्र वलान लगायतका ४ जनाले सांघातिक आक्रमण गरी घाइते बनाए।

त्रिभुवन नपा-११ मरतपुर जनता मा.वि. हंसपुरका शिक्षक लिलाधर खड्कालाई **०५२ वैशाख २** गते जनकल्याण मा.वि. दुधरासका शिक्षक केशव लामिछानेले राजनीतिक प्रतिशोधको आरोपमा कुटपिट गरे।

शान्तिनगर गाविस-९ जुम्लेकुलाका कुलबहादुर खड्का, टेकबहादुर खड्का, पेशल खड्का र गोविन्द खड्का

समेतले **०५२ जेठ १०** गते सोही ठाउँ बस्ने शशीराम कामी, भिमबहादुर वि.क., खुमलाल डाँगी र दानबहादुर के.सी. समेतलाई कुटपिट गरे। वृक्षारोपण गरेको जग्गामा खनजोत गरेको कुराको विवादमा सो घटना भएको थियो।

तुलसीपुर नपा-१० भट्टेका लीलाबहादुर पुन, फरबहादुर पुन, पदमबहादुर घर्ती र श्रीमती केशव वि.क. समेतका २०-२५ जनालाई **०५२ जेठ ३०** गते सोही नपा-११ का भिमसेन शाह, वसन्त शर्मा र चेतबहादुर सेन समेतका सयौं जनाको जत्थाले कुटपिट गरी कालोमोसो दलेर गाउँमा घुमाए। सामुदायिक वनको सीमानाका बारेमा दुईपक्षका जनताको बीच विवाद हुँदा उक्त घटना भएको थियो।

त्रिभुवन नपा-११ नयाँ सडकको जलजला होटेलमा **०५२ असार १०** गते सोही ठाउँ बस्ने गणेश थापा र विमल कार्कीले रक्सी, मासु तुरुन्त नपाएको झोंकमा होटेल मालिक राजेश के.सी.लाई कुटपिट गर्नुका साथै तोडफोड समेत गरे। उनीहरूले ज्यान मार्ने धम्की समेत दिएका थिए। तीमध्ये गणेश थापालाई प्रहरीले पक्राउ गरेको थियो भने विमल कार्की फरार भए।

नारायणपुर गाविस-७ का २१ वर्षीय कुमार चौधरी र २६ वर्षीय लाहुराम चौधरी **०५२ असार ३१** गते खेतमा काम गरिरहेका बेला सोही ठाउँ बस्ने २० वर्षीय वलिराम थारूले खुकुरी प्रहार गरी घाइते बनाए। जग्गा सम्बन्धी विवादका कारण उक्त घटना घटेको थियो।

पवननगर गाविस-५ मनिकापुरका प्रेमबहादुर डाँगी र उनको छोरा नोखीराम डाँगी समेतका ३ जनाले सोही ठाउँ बस्ने लहानु चौधरीलाई आँगनमा झार फालिदिएको आरोपमा **०५२ साउन ८** गते कुटपिट गरी प्रहरीका जिम्मा लगाए। पीडित चौधरीका अनुसार आफ्नो बारीको असुरो अदमरी काटेको निहुँमा ३ बाबु छोरा आई मलाइ कुटपिट गरी प्लाष्टिकको डोरीले मेरो हात खुट्टा र घाँटी बाँधेर कोठामा राखे। प्रहरी बोलाएर प्रहरी चौकी चिराघाट पुऱ्याए र के-के कागज गराए मलाई थाहा छैन। उनीहरूले मलाई यस अघि पनि २-३ पटक कुटपिट गरी सके। उनीहरू मेरो जग्गा हडप्ने षडयन्त्र गर्दैछन् भन्ने कुरा बताए।

पवननगर गाविस-४ का ३३ वर्षीय वुद्धिबहादुर गरंजाले **०५२ भदौ १२** गते सोही ठाउँ बस्ने ३० वर्षीय सुकबहादुर वि.क.लाई फलामको छडले हिर्काइ घाइते बनाए। उनीहरूबीच पुरानो रीसइवी भएको बताइन्छ।

तुलसीपुर नपा-१ रानागाउँका नन्दलाल सेजुवालाई **०५२ असोज ३** गते राती ८ बजेतिर सोही वडा हर्नेटीका मानबहादुर बुढा सहितका ३ जनाले कुटपिट गरे। शिक्षकले विद्यार्थीलाई पिटेको कुराको विरोध गरेपछि पीडित सेजुवाललाई कुटपिट गरिएको थियो।

त्रिभुवन नपा घोराही बजारको न्यू राप्ती सुपर लजमा बसेका कलाकारहरूमाथि अभद्र व्यवहार गर्ने व्यक्तिहरूलाई **०५२ असोज ८** गते प्रहरीले पक्राउ गऱ्यो। पक्राउ पर्नेहरूमा त्रिभुवन नपाका रोशनभक्त श्रेष्ठ, भक्तराज रोका र विजौरीका आनन्द गौतम रहेका छन् भने अन्य फरार भएका छन्।

हलवार गाविस-६ का जर्मन थकाली र सोही गाविस-२ का पदम आचार्यलाई **०५२ असोज ९** गते राती हलवार गाविस-८ का यज्ञ गिरी र विजौरी गाविस-९ सुंगुर खोलाका रेवन्तबहादुर पुरीले हलवार-२ बम्नै मन्ने ठाउँमा खुर्पा प्रहार गरी सख्त घाइते बनाए। पीडित २ जनामध्ये पनि जर्मन थकालीलाई बढी चोट लागेको थियो। गत वर्ष जिल्ला अदालतमा उनीहरू विरूद्ध परेको मुद्दा नमिलाई दिएको रीसमा पीडकहरूले खुर्पा प्रहार गरेको बुझिएको छ।

सतवरिया गाविस-२ का २२ वर्षीय गगनसिं पुन मगरलाई **०५२ असोज १३** गते सेतो जीपमा चढी आएका अज्ञात व्यक्तिहरूले घरभित्र पसी तोडफोड गर्नुका साथै ज्यान लिने धम्की समेत दिए। यसभन्दा पहिले पनि गृहमन्त्री खुमबहादुर खड्काका भाइ-भतिजाहरूले धम्की दिएको कुरा पीडितहरू बताउँछन्।

विजौरी गाविस-९ छिलीकोटका ५८ वर्षीय डिलबहादुर वि.क. र उनका छोराहरूले **०५२ असोज १५** गते डोटेलडाँडाका भरतराज वि.क.लाई धारिलो हतियार प्रहार गरी घाइते बनाए। ०५२ असोज २३ गते डिलबहादुर वि.क. र परवीर वि.क.लाई प्रहरीले पक्राउ गऱ्यो। उनीहरूबीच मासुको किनवेचको कुरालाई लिएर विवाद भएपछि उक्त घटना भएको बताइन्छ।

सशस्त्र प्रहरी गुल्म तुलसीपुरमा कार्यरत ३६ वर्षीय प्रहरी जवान विष्णुबहादुर भण्डारीलाई **०५२ कार्तिक १०** गते साँझ **तुलसीपुर नपा-८** का वसन्त के.सी. र नारायणपुर गाविस-५ का घनश्याम वलीले ढुङ्गा प्रहार गरी कुटपिट समेत गरे। प्रहरी भण्डारीले दुबैलाई झगडा नगर्न आग्रह गरेपछि दुबै मिली प्रहरीमाथि नै जाइ लागे। उनीहरूका विरूद्ध केही सार्वजनिक अपराधको मुद्दा दायर गरिएको छ।

पवननगर गाविस-९ मनिकापुरका मोहनलाल डाँगी, नोखीराम डाँगी र प्रेमबहादुर डाँगीले रमेश रोशन कार्कीलाई कुला पानीको विवादका कारण **०५२ कार्तिक १४** गते कुटपिट गरी चक्कु, छुरी समेत प्रहार गरेको कुरा पीडित रोशन कार्की बताउँछन्।

उरहरी गाविस-५ हसनापुर घर भई तुलसीपुर बजारमा व्यापार गरी बस्ने ३६ वर्षीय खिमबहादुर खत्रीलाई **०५२ कार्तिक १८** गते राती ६-७ जना नकाबधारीहरूले कुटपिट गरे।

पवननगर गाविस-२ छोटेदमारका ३२ वर्षीय खिमबहादुर बुढा, २५ वर्षीय ठगप्रसाद न्यौपाने, २२ वर्षीय प्रकाश डाँगी र कमला गिरीलाई ०५२ मंसीर १६ गते सोही ठाउँका ध्रुव गिरी, देवबहादुर गुरूङ समेतका व्यक्तिहरूले घरमा ढुङ्गामुढा गर्नुका साथै २८ दिन भित्र ज्यान मार्ने धम्की समेत दिएको कुरा पीडितहरू बताउँछन्।

त्रिभुवननगर नपा-१० नयाँबजारका ४५ वर्षीय कमलनारायण सिंले **०५२ पुस ११** गते राती सोही ठाउँका कमल वराललाई कुटपिट गर्नुका साथै पसलको काउण्टर

समेत तोडफोड गरे। पीडक र पीडित बीच सुन खरिद बिक्री गर्ने कुरामा सोही दिन दिउँसो विवाद भएको थियो।

ढिकपुर गाविस-७ का नोखीराम के.सी., कमल डि.सी. र ऋषिराम के.सी.ले सोही ठाउँ साझा संस्था भवन अगाडि डुरूवा गाविस-१ डुरूवाका टोपेन्द्र रेग्मी तन्नेरीलाई कुटपिट गरे। पीडकहरू गत वर्ष विजौरी काण्डका घाइतेहरू हुन् र पीडित उक्त काण्डका आरोपित पीडक हुन्। यस घटनाका सम्बन्धमा पीडकहरू भन्छन् - "जिविस घोराहीको प्राङ्गणमा हामीलाई देख्ने वित्तिकै जरायोको शिकार गर्ने भनेको खरायो मर्‍यो के गर्ने ? भनेको हुँदा त्यो के भनेको हो भनेर सोधेका मात्रै हौं पिटेका होइनौं, पिटेको भए त साहेब मर्थ्यो होला नभए आजसम्म उठ्न बस्न सक्ने थिएन।"

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

प्रतिनिधि सभा विघटन भएपछि राप्रपा, नेपाली कांग्रेस र ती पार्टीका भातृ संगठनहरूले विरोध जनाउन विभिन्न कार्यक्रम संचालन गरे भने भदौ १२ को सर्वोच्चको फैसलापछि एमालेका जनवर्गीय संगठनहरूले फैसलाको विरोधमा विभिन्न कार्यक्रम संचालन गरे।

तुलसीपुर नगरपालिका-५ का सुनिल धितालले **०५२ वैशाख २३** गते विहान राजनैतिक आस्था फरक भएकै कारण सोही ठाउँकी ३० वर्षीय रेखा शर्मालाई फोनद्वारा धम्की दिए।

२.२ धार्मिक स्वतन्त्रता

यो वर्ष यस जिल्लामा एक अर्काको धार्मिक आस्थामाथि खलल पुर्‍याउने खालका घटना देखा परेनन्।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्ष कार्तिक १७ गते विजौरीमा भएको गोली काण्डमा ३ जनाले ज्यान गुमाएका थिए। त्यसका विरूद्ध जिल्ला अदालत दाङ्गमा चलिरहेको मुद्दा मन्त्री परिषदले फिर्ता लिने निर्णय गरेपछि निष्पक्ष न्यायिक अधिकार हनन भएको विचार मृतकका अभिभावकहरू व्यक्त गर्दैछन्।

पवननगर गाविस-४ कुमाल गाउँनेर सार्वजनिक जग्गामा २-३ वर्ष पहिले नै उक्त गाविसका युवाहरूको सक्रियतामा वाचनालय बनाइएको थियो। प्रजिअ अब्दूल रईस खाँले उक्त भवन २८ दिनभित्र भत्काउनू अन्यथा प्रतिव्यक्ति ५ हजार रूपैयाँ र भवन भत्काउँदा लाग्ने खर्च समेत असुल्ने आदेश दिए। सार्वजनिक स्थलमा बनेको वाचनालय घर भत्काउन स्थानीय नेपाली कांग्रेसका कार्यकर्ताहरू लागी परेको बताइन्छ। यस सम्बन्धी मुद्दा हाल सर्वोच्च अदालतमा चलिरहेको छ।

०५२ असोज २७ गते जिल्ला प्रशासन कार्यालयले शिक्षा कार्यालयको आर्थिक श्रेस्ता कब्जा गर्‍यो र आर्थिक कारोवार सहित प्रशासनिक काम बन्द गर्न लगाइयो र सानुनारायण अधिकारी, कविराज पौडेल र हरीप्रसाद पाण्डेलाई मौखिक आदेशकै भरमा गिरफ्तार गरिएको थियो। धरौटीका लागी मंसीर १० गते मालपोत कार्यालयबाट जग्गाको मूल्यांकन गराई पेश गर्दा समेत धरौटी सदर गरिएन। उहाँहरूलाई मंसीर ११ गते रिहा गरियो। लेखापालद्वय सानुनारायण अधिकारी र कवीराज पौडेललाई २ महिनाका लागि निलम्बन गरिएको छ।

पवननगर गाविस-३ का ज्ञानप्रसाद पाण्डेले **०५२ कार्तिक ४** गते विहान सोही ठाउँ बस्ने घनश्याम वि.क.को अन्दाजी १ कठ्ठा जग्गाको धानवाली लुटेर लगेपछि पीडित घनश्यामले अस्थायी प्रहरी चौकी चिराघाटमा निवेदन दर्ता गराए। यसअघि गाविस अध्यक्षसंग मौखिक निवेदन गर्दा कुनै सरोकार नराखेको गुनासो निज वि.क.को रहेको छ।

जिल्ला शिक्षा अधिकारी लोकनाथ पौडेल, शिक्षा शाखाकै लेखापालद्वय सानुनारायण अधिकारी र कविराज पौडेललाई आर्थिक अनियमितता गरेको आरोपमा **०५२ मंसीर ८** गते जिल्ला प्रशासनमा तारेख लिन गएकै अवस्थामा धरौटी राख्ने समय पनि नदिएरै प्रजिअ अब्दुल रईस खाँले जेल चलान गर्ने आदेश दिए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

विगत मध्यावधि निर्वाचनभन्दा पहिले अपायक सरूवा गरिएका शिक्षक कर्मचारीहरूलाई पायक सरुवा गरियो। शिक्षकहरूलाई राजनीतिक आस्थाका आधारमा सरूवा र घटुवा गरियो भनी नेपाल शिक्षक संघले विरोध कार्यक्रम संचालन गरेको थियो। संयुक्त सरकार बनेपछि एमाले शासन कालमा नियुक्ति भएका शिक्षकहरूलाई बर्खास्त गर्ने निर्णय गरेपछि सयौं शिक्षकहरू अवकाशमा परेका छन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा पनि सुकुम्बासी समस्या छ। एमाले शासनकालमा गठित सुकुम्बासी समस्या समाधान दाङ्गका अध्यक्ष अमर डाँगीका अनुसार १ हजार ६ सय सुकुम्बासीहरूलाई जग्गा धनी लालपूर्जा वितरण गर्ने निर्णय भइसकेको थियो। करिब ७ सय जना जतिलाई जग्गाधनी लालपूर्जा वितरण गरिएको जानकारी पनि डाँगीले दिनु भयो। भूमिहीन सुकुम्बासीहरू ढिलै भए पनि जग्गा पाउने आशामा बसेका छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

नारायणपुर गाविस-२ परेनीकी १७ वर्षीय एक

युवतीलाई **०५२ साउन १९** गते आफ्नै बाबु ४७ वर्षीय निमबहादुर घर्तीले हात पछाडि बाँधेर टोपीले मुख थुनेर बलात्कार गरे। र छोरीलाई यो कुराको हल्ला गरिस् भने तँलाई मार्छु नभने तेरी आमासंग भेट गराउन भारत लैजान्छु भनेपछि डर र आमासंग भेट हुने आशाले त्यो कुरालाई गोप्य राखिन्। पछि गर्भवती भएपछि ०५२ साउन ५ गते मात्र रहस्य खुल्यो। अपराधी बाबु फरार भए।

शान्तिनगर गाविस-८ का ३१ वर्षीय मोहनबहादुर भारतीले घरमा पत्नी हुँदाहुँदै स्थानीय बुदी विश्वकर्मासंग प्रेम गाँसे। उनीहरू दुईजना बीच यौन सम्बन्ध पनि कायम भयो। फलतः **०५१ फागुन १६** गते बुदी विश्वकर्माले बच्चा जन्माइन्। जात नमिलेकाले उनलाई घरमा राख्न नसक्ने भएपछि मोहनबहादुरले धम्की र यातना दिँदै ०५१ फागुन ११ गते बुदी विश्वकर्मालाई घरबाट निकाली दिए। न्यायका लागि स्थानीय गाविस अध्यक्ष र प्रहरी चौकीमा समेत निवेदन दिंदा बेवास्ता गरेको र आफू अन्यायमा परेको गुनासो पीडित बुदी विश्वकर्माको छ।

मानपुर गाविस-७ वनकट्टीका २३ वर्षीय देवमणी वलीले सोही ठाउँकी १७ वर्षीय टिका डाँगीलाई विवाह गर्ने आश्वासन दिएर यौन सम्पर्क गरे। **०५१ फागुन २२ गते** सँगै भागेर जाने आश्वासन दिएर उनी फागुन १८ गते भागेर भारत तर्फ गए। पीडित महिलाका अनुसार देवमणीले ३-४ वर्षसम्म भए पनि तिमी बस्नु भन्ने खबर पठाएका छन्। उनी भन्छिन् केटालाई भगाउने षडयन्त्र घर परिवारले नै गरेको भन्ने सुनेकी छु। मलाई स्याहारेमा ४० लाख तिर्नु वा सम्पत्ति नपाउने कागज गराएको भन्ने सुनेकी छु।

सतवरिया गाविसका सुनफुनिया चौधरी, श्रीमती खड्गकुमारी चौधरी, इन्द्राकुमारी चौधरी र वसन्ती चौधरीलाई फकाई-फुल्याई ०५२ भदौ ७ गते भारतको मैचवा भन्ने ठाउँमा बिक्री गरेको आरोपमा **०५२ असार २०** गते दाङ्ग **गोर्वडिया गाविस-३** जेठान गाउँका हनुमान कुमाल चौधरी, कङलु चौधरी तथा बुटवलका लाले कुमाल चौधरीलाई प्रहरीले पक्राउ गऱ्यो भने सोही अभियोगमा संलग्न कपिलवस्तु शिवपुर गाविसका छुन्नुलाल चौधरी भने फरार छन्।

सिसनिया गाविस-४ की १७ वर्षीय खुईती वि.क. र हाँसिपुर गाविस-२ की १८ वर्षीय मिना वि.क.लाई ०५२ जेठ ३१ गते विभिन्न प्रलोभन देखाई भारतको बम्बईमा लगेर बिक्री गरेको आरोपमा सिसनिया गाविस-५ की जसरी कुमाल, सोही ठाउँका बलबहादुर वि.क. र प्युठान क्वाँडी चितखोलाका फत्तेबहादुर सुनारलाई प्रहरीले पक्राउ गरी **०५२ भदौ ५** गते जिल्ला अदालत दाङ्गमा पेश गर्दा अदालतले अभियुक्तहरूलाई थुनामा राख्ने आदेश दियो। उक्त घटनाका बारेमा बम्बईमा बिक्री भई फर्केर आउन सफल भएकी मिना वि.क.ले प्रहरीमा जाहेरी गरेकी थिइन्।

तुलसीपुर नपा-८ का ३५ वर्षीय गोविन्द वस्यालले स्थानीय १६ वर्षीय एक युवतीलाई **०५२ भदौ १५** गते राती बलात्कार गर्ने प्रयास गरेको आरोपमा प्रहरीले पक्राउ गरेको थियो।

त्रिभुवननगर नपाका घोराही बजारकी १९ वर्षीय रत्ना वि.क., चौलाही गाविस-५ की १७ वर्षीय मन्नु चौधरी र सोही गाविस-६ की १८ वर्षीय जानकी चौधरीलाई भारतको **बम्बईमा** लगेर बिक्री गरेको आरोपमा चौलाही गाविसका राजु भन्ने राजबहादुर मगर, फुल्काबहादुर बुढाथोकी समेत २ जनालाई **०५२ साउन २८** गते प्रहरीले पक्राउ गरी आवश्यक कार्वाही गर्दै गरेको थाहा भएको छ।

हलवार गाविसका तुलसीराम दमाईले तुलसीपुर नपाबाट कालाखोला घुसुरी तर्फ जाने बाटोमा १७ वर्षीय एक युवतीलाई बलात्कार गरेको अभियोगमा निजलाई प्रहरीले पक्राउ गऱ्यो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस जिल्लामा वादी जातिका केही महिलाहरूले देहव्यापार गर्ने गरेको पाइन्छ।

पवननगर गाविसका सचिव सुमनराज भट्टले घरमा जेठी पत्नी हुँदाहुँदै **०५१ फागुन २५** गते **पवननगर-३** की शारदा भुषालसंग दोश्रो विवाह गरे। हाल सुमनराज फरार रहेको बताइन्छ।

तुलसीपुर नपा-४ मा देहव्यापार गरी बस्ने ४८ वर्षीय पुतली वादी, ३१ वर्षीय प्रकाशी वादीले सोही ठाउँ बस्ने १७ वर्षीय डब्बली वादी र ३२ वर्षीय चिन्ताकुमारी वादीले आफ्ना ग्राहकलाई आकर्षण गरेको भनी कुटपिट गरे। डब्बली वादी भन्छिन्- चिन्ताकुमारी पेशेवर नै हो। म पतिसंग पारिवारिक सम्बन्ध बिग्रिएकोले वाध्य भएर पेट पाल्न यो पेशा गरेकी हुँ। मैले पनि यही पेशा अपनाएकोले ग्राहक आकर्षण गरेको भनी मलाई कुटपिट गरियो।

त्रिभुवननगर नपाका-४ का ३५ वर्षीय वसन्तकुमार योगीले सोही नगरपालिका-१० की ३४ वर्षीय निर्मला योगीलाई दोस्री पत्नीको रूपमा **०५२ कार्तिक १०** गते भित्र्याए। योगीले ०३८ सालमा नै दुर्गा योगीलाई बिहे गरेका थिए। बहुविवाह गरेको आरोपमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको थियो।

पुरन्धारा गाविस-५ लसुनेका ३० वर्षीय दलबहादुर वलीकी दोश्री पत्नी २० वर्षीय पार्वती वलीले बाघमारे गाविस-९ तिनुखाराका २५ वर्षीय नोखीराम खत्रीसंग दोश्रो बिहे गरिन्। त्यसपछि जारी नपाएपछि दलबहादुरले नोखीरामको घरमा आएर नोखीरामका बाबु ६५ वर्षीय खड्गबहादुर खत्रीलाई रगताम्य हुने गरी कुटपिट गरी गोठमा बाँधिराखेको खसी समेत काटिदिए।

विवाहमा जन्ति पक्षसंग दुलही पक्षधरले ६ हजार रूपैयाँ मागेपछि दाङ्ग तिम्राङका गोपालबहादुर घर्ती विवाह नगरी फर्किए। तिम्राङका जुद्धबहादुर घर्तीका छोरा गोपाल घर्तीको सोही गाउँका टोपबहादुर घर्तीकी छोरी असारीसंग बिहे हुने टुङ्गो भएको थियो। मगर जातिको परम्परा अनुसार दुलाहा दुलही सहित जन्तिहरू दुलहीको घरमा पुग्यो। साँझ ६ बजे

दुलहीका घर पुगेका जन्तिसंग दुलही पक्षले ६ हजार रूपैयाँ मागे। जन्ति पक्ष ३ हजार रूपैयाँ दिन तयार भयो। ३ हजारको कुरा मिलेन। जन्तिहरू अपमानित भएर रातको २ बजे दुलाहाको घरमा फर्के।

मगर जातिको परम्परामा कास्व छुटाउने, ढोग लगाउने भन्दै दुलाहा पक्षसंग दस्तुर लिने चलन छ। पूर्व सहमति अनुसार कास्व छुटाउन १ हजार, सोही वापत १ हजार र ढोग लगाएको १ हजार रूपैयाँ दुलहीपक्षले पाइसकेको थियो। थप दस्तुर माग भएपछि दुलाहा पक्ष रिसाएर भोकै फर्किएका थिए। यसरी छोरीलाई अप्रत्यक्ष रूपबाट बिक्री गर्ने चलन अद्यावधि कायमै छ।

४.३ गर्भपतन

बर्ना गाविस-२ धरमवस्तीकी १८ वर्षीय सानु चौधरीले बच्चा जन्माइ मारेको अभियोगमा **०५२ जेठ १७** गते उनलाई प्रहरीले पक्राउ गऱ्यो। सानु चौधरीले बताए अनुसार सोही ठाउ बस्ने २० वर्षीय माधव चौधरीसंग भएको यौन सम्पर्कका कारण आफू गर्भवती भएको, गर्भ रहेको ८ महिनापछि ३-४ दिनसम्म दर्द भएर मरेको बच्चा जन्मिएको थियो।

लालमटिया गाविस-३ की २० वर्षीय कौशिला राईलाई **०५२ जेठ २४** गते बच्चा जन्माइ मारेर फालेको आरोपमा प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको थियो। कौशिला राईले मरेको बच्चा जन्माएकी थिइन्। केही व्यक्तिहरूले रीसइबीका कारण मलाई झूठा आरोप लगाएका हुन भन्दछिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

गरीबी, बेरोजगारी र महङ्गो शिक्षा प्रणाली आदि कारणले यस जिल्लामा थुप्रै बालबालिकाहरू शहरका होटेलहरू र गाउँघरमा अर्काका घरमा काम गर्न विवश छन्। घोराही हस्पीटल रोडको एउटा होटेलमा काम गरी बस्ने प्युठान घर भएका १४ वर्षीय खिमबहादुर पुन दाजुलाई भेट्न घोराही आएकोमा दाजुले नै भाँडा माझ्न होटलमा बसाली दिएको बताउँछन्।

तुलसीपुर नपाका-१ रानागाउँमा रहेको प्रा.वि.का प्र.अ. विष्णुप्रसाद भण्डारीले **०५२ असोज ३** गते दिउँसो २ कक्षामा पढ्ने ११ वर्षीय निमबहादुर वलीलाई सामान्य गल्ती गरेको आरोपमा कानमा साँचो राखी यातना दिंदा जाली नै फुटाइदिएको आरोप छ। कानबाट रगत आएको त धेरैले देखेका थिए। यसै विषयलाई लिएर असोज ९ गते अभिभावकहरूको बैठक बस्यो। बैठकले औषधि उपचार खर्च प्र.अ.ले बेहोर्नु पर्ने निश्कर्ष निकाल्यो र प्र.अ.ले पनि उक्त प्रस्तावलाई स्वीकारेको बताइयो। तर प्र.अ. विष्णुप्रसादले आफूले कुनै प्रकारको यातना विद्यार्थीहरूलाई नदिएको र आरोप झूठा भएको कुरा बताउनु भयो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

काम गरे वापत पाउने ज्याला काम लगाउने व्यक्तिमा भर पर्दछ। श्रमको उचित मूल्यांकन नभएको गुनासो पाइन्छ।

गोवर्डियाका पतिराम चौधरी मालिकको ऋण प्रत्येक वर्ष वृद्धि भएको कारण वाध्य भएर २१ मुरी धानमा कमैया बस्नु परेको बताउँछन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

कमैया, कमलरीहरूले सरदर १५-२५ मुरी धान पाउँछन्। कमैया परिवार जमिन्दारको ऋणबाट मुक्त हुन सकेका छैनन्। एउटासंगको ऋण अर्कोले तिरी दिन्छ र आफ्नो कमैया बनाउँछ। त्यसैले यस प्रथालाई दाश प्रथाकै अर्को रूप भनिन्छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

पंचकुले गाविस-२ का ५६ वर्षीय माहुत चौधरीलाई **०५१ फागुन १** गते सोही ठाउँका ४५ वर्षीय नोमबहादुर दमाई लगायत ८ जनाले कुखुरा चोरेको आरोप लगाई घेराउ गरेर धम्क्याउँदै ४ सय रूपैयाँ जरिवाना गराए। नोमबहादुरको एउटा कुखुरा हराएको र खोज्दै जाँदा माहुते चौधरीको घर आँगनमा केही भुत्ला देखिएपछि उनलाई त्यसरी धम्क्याउँदै जरिवाना गरिएको हो। तर पीडित माहुत चौधरी र उनका छोरा मानबहादुर चौधरी शक्ति हुनेहरूले झूठो आरोप लगाउँदै धम्क्याएर यसरी जबर्जस्ती जरिवाना गराएको बताउँछन्।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रजिअ अब्दुल रईस खाँद्वारा गरिएका विभिन्न अमानवीय व्यवहारका बारेमा मासम, माजाम तथा पत्रकार एवं बुद्धिजीवीहरूले प्रजिअसंग भेट गरी आफ्ना टिप्पणी व्यक्त गरे।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यहाँ सवारी दुर्घटनाबाट ८ जनाको मृत्यु भयो। आगलागीबाट ४ जनाको मृत्यु भयो र १४ वटा घर नष्ट भए। जंगली जनावरको आक्रमणबाट २ जनाको मृत्यु भयो। ९ जनाले आत्महत्या गरे, जसमा ५ जना पुरुष र ४ जना महिला छन्। ४ वटा डकैतीका घटना भए। विपत्तिबाट १ जनाको मृत्यु भयो।

■



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.२ प्युठान

जनसंख्या : १७५४६९
साक्षरता : ३२.५ प्रतिशत
महिला साक्षरता : १६.९ प्रतिशत
क्षेत्रफल : १३०९वर्ग कि.मी.

यस जिल्लामा स्वर्गद्वारी, गोमुखे र ऐरावति जस्ता धार्मिक स्थलहरू पर्दछन्। झिमरूक र माडीकी दुई ठूला नदीहरू रहेको यस जिल्लाको पूर्वमा गुल्मी, पश्चिममा दाङ, उत्तरमा रोल्पा, बाग्लुङ र दक्षिणमा अर्घाखाँची जिल्लाहरू पर्दछन्। यहाँ राजनीतिक चेतनाको तुलनामा मानवअधिकारप्रति नागरिकहरू त्यति सचेत भएको पाईंदैन। यहाँ मानवअधिकार हननका विविध प्रकारका घटनाहरू हुने गरेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

विजयनगर गाविस-७ का ३२ वर्षीय स्वगे पुनको **०५१ चैत २९** गते आफ्नै जेठान नमे घर्ती र तकमान घर्तीद्वारा हत्या गरियो। मृतक स्वगे पुन आफ्नी पत्नीसंग कान्छे छोरा र छोरी आफ्नो सन्तान हैनन् भनेर पटक-पटक झगडा गरिरहन्थे। पीडक नमे घर्तीलाई प्रहरीले गिरफ्तार गरेको छ।

नयाँगाउँ गाविस-१ को जस्पुर भालुवाङ प्युठान सडक विभागको कार्यालयमा कार्यरत पियन डिलबहादुर थापा **०५२ साउन १०** गते कार्यालयमै मृत अवस्थामा फेला परे। हत्याको आशंकामा इन्द्रबहादुर घर्ती र पूर्णबहादुर ठेडीलाई गिरफ्तार गरिएको थियो। हाल जिल्ला अदालतले उनीहरूलाई तारिखमा छाडी दिएको छ।

बागेसाल गाविस-१ का हीमबहादुर राना यल्ती मगरले आफ्नै भाउजू पम्फादेवीलाई **०५२ असोज १२** गते बन्चरोले हानी हत्या गरे। मृतक पम्फादेवी राना यल्ती मगरसंग निजको अनैतिक सम्बन्ध भई गर्भ रहन गएको थियो। भाउजूलाई गर्भ तुहाउन मेटासिड औषधि खान दिएको र औषधि सेवनपछि पम्फादेवी कराउन थालेपछि हत्या गरिएको बताइएको छ।

बर्जिवाङ-३ का ३८ वर्षीय जीवलाल घर्तीमगरलाई स्थानीय रवीलाल थापा लगायतले ०५२ कार्तिक ८ गते हत्या गरे। पीडक रविलाल थापा र शालीकराम भन्ने व्यक्तिलाई प्रहरीले हिरासतमा लिएको छ। तिहारमा भैलो खेल्दा भएको कुटपिटलाई लिएर उक्त घटना भएको थियो।

१.२ जेल र बन्दीहरू

यहाँको जेल साह्रै जीर्ण अवस्थामा छ। बन्दीहरूले कष्टमय जीवन बिताई रहेका छन्। वर्षा याममा छाता ओढेर खाना पकाउनु पर्दछ। कुन बेला जेल भवन भत्कने हो भन्ने अवस्था छ। जेल भित्र जम्मा २ कोठा छन्। औषधि उपचारको व्यवस्था छैन। विरामी भएको धेरै दिनपछि मात्र औषधि उपचार गरिन्छ। १५ पुरुष र १० महिला राख्ने क्षमता भएको यस जेलमा अहिले मुद्दा फैसला नभएका थुनुवा ६ जना र मुद्दा फैसला भइसकेका बन्दीहरू ४ जना रहेका छन्।

१.३ गिरफ्तारी र यातना

बागेसाल गाविस-७ का आत्मराम पोखरेललाई **०५२ असार २८** गते बागेसाल प्रहरी चौकीका हवल्दार गोपालप्रसाद उपाध्यायले गिरफ्तार गरी दुवै हातमा हतकडी लगाई रातभर थुने। व्यक्तिगत रीसइवीको कारण प्रहरीले गिरफ्तार गरेको भन्ने भनाई पीडितको रहेको छ।

जिल्ला प्रहरी कार्यालय खलंगामा कार्यरत प्रहरी जवान पूर्णबहादुर बस्नेतलाई प्रहरी निरीक्षक विष्णुहरी गौतमबाट यातना दिइएपछि **०५२ असोज १२** गते पीडित पूर्णबहादुर अफिस छोडी भागे। कार्तिक २३ गते अफिसमा हाजिर हुन आउँदा उनलाई हाजिर हुन दिइएन। प्रहरी जवान पूर्णबहादुर

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	२	१	२
बलात्कृत	-	१	१	-
आत्महत्या	-	४	११	१७

बस्नेतले आफ्नो जागीर नै गुमाउनु पर्‍यो।

मृत अवस्थामा फेला परेका डिलबहादुर थापा

विजुवार गाविस-६ कै विजुवार बजारमा **०५२ कार्तिक २५** गते रोल्पा गाविसका बाजेन्द्र घर्ती मगर र अन्य १४ जनाको समूहलाई विजुवार प्रहरी चौकीले हिरासतमा लियो। पीडितहरू आफूले उत्पादन गरेको आलु बिक्री गर्न भनी आएका थिए। देविस्थान प्रहरी चौकीले ३० जना, भिंगृ इलाका प्रहरीले ४६ जना, र लुङ्ग बहाने प्रहरी चौकीले पटक-पटक गरी ३० जनालाई गिरफ्तार गरी अड्डा सार गर्दै रोल्पा जिल्ला प्रहरी कार्यालयमा बुझाएका थिए।

विजुवार गाविस-३ का धर्मबहादुर थापा **०५२ मंसीर २५** गते भालुवाङबाट प्युठान आउँदा वस कर्मचारीसंग आफूले पैसा तिरेपछि टिकट माग्दा भनाभन भई दुवै तर्फबाट हात हालाहाल हुन गयो। तर धर्मबहादुर थापालाई मात्र प्रहरीले पक्राउ गर्‍यो।

१.४ वेपत्ता पारिएको

स्वाङ गाविस-८ का २१ वर्षीय इन्द्रबहादुर मगर **०५२ जेठ ३** गते देखि वेपत्ता छन्। निजकी पत्नी कमला दमाईले भाञ्जा जंगबहादुर छन्देलमाथि वेपत्ता पारेको शंका गरी ०५२ जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गरेकी थिइन्।

खलंगा-९ का नारायणबहादुर बस्नेतकी पत्नी जुठी भन्ने हरिदेवी **०५२ भदौ ४** गतेदेखि भारतको पंजाव प्रान्तको जालन्धर शहरको घाँस मण्डी भन्ने ठाउँबाट वेपत्ता भएकी छिन्। माभकोटका लास्वे भन्ने राजबहादुर बस्नेतले निजलाई वेपत्ता पारेको आशंका स्थानीय वासिन्दाले गरेका छन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

रुँदी गाविस-१ का गुप्तबहादुर राना, हरीले मिलवाला शिव र छोरा रेशम र मिल ड्राइभर नुमबहादुर कुँवरलाई ज्यान मार्ने धम्की दिन थालेपछि वडा सदस्य शालिकरामले झगडा नगर्न भनी सम्झाउन खोज्दा निजमाथि ढुंगा प्रहार भयो। **०५२ जेठ २१** गते विजुवार प्रहरी चौकीमा उक्त घटना सम्बन्धी मुद्दा दर्ता गरिएको थियो।

डामृ गाविस-९ का इन्द्रबहादुर रोकालाई स्थानीय केशव पुन, डन्डाराम पुन र हेमे थापाले **०५२ जेठ ३०** गते कुटपिट गरे। पीडकहरूले रक्सी जाँड सेवन गरेका थिए।

ओखरकोट गाविस-९ का वलबहादुर रोकाको घरमा आफ्नै छोरी ज्वाई नरबहादुर खत्रीले **०५२ असार १** गते राती १० बजे घरभित्र मानिस सुतिरहेको बेला आगो लगाई दिए। पत्नी माइत बसेकोमा पीडक रिसाएका थिए।

खलंगा गाविस-३ मा **०५२ साउन २६** गते राती ११ बजेतिर प्युठान जिल्लाका उपसभापति रमेशप्रसाद राजभण्डारी र इमानसिं भारतीमाथि पूर्णप्रसाद श्रेष्ठ, वासु श्रेष्ठ, कृष्णप्रसाद श्रेष्ठ र रामचन्द्र श्रेष्ठद्वारा सांघातिक आक्रमण भयो। राजनीतिक प्रतिशोधका कारण उक्त घटना भएको बताइन्छ।

प्युठान फप्ली गाविस-४ का अध्यक्षले **०५२ कार्तिक ८** गते राती ९ देखि १० बजेका बीच करिब २५ देखि ३० जनाको जमात ल्याई सोही गाविसका वलबहादुर पुन मगरको घरमा प्रवेश गरी माइ टिकाको उमङ्ग मनाइरहेका चित्रबहादुर लगायत बाबु-आमा समेतलाई कुटपिट गरे। यमलाल पुन मगरलाई करिव २० घन्टासम्म नाङ्गो बनाइ राखिएको थियो। गाविस अध्यक्षले रक्सी सेवन गरेको पाइएको थियो।

अर्खा गाविस-६ का ५७ वर्षीय हिरासिं थापालाई **०५२ असोज १५** गते खलुधारा स्थित गोठबाट आफ्नो घरतिर जान हिंडिरहेको बेलामा स्थानीय धनबहादुर थापा, ढोलबहादुर थापा र मोतिबहादुर थापाले आक्रमण गरे। ०५२ असोज २९ गते जिल्ला अदालत प्युठानमा यस सम्बन्धी कुटपिट मुद्दा दायर भएको थियो।

तोरवाङ गाविस-८ मा **०५२ मंसीर १९** गते मेला हेर्न गएका हेमन्तबहादुर बुढाथोकीलाई नाके कामी, डोरे सार्की, सेते कार्की र वले कार्की लगायतका आठ जनाले पिटे।

नयाँगाउँ-३ को भलावाया टोलमा **०५१ कार्तिक ३** गते गाविस सदस्यको पसलको आगनमा स्थानीय दुर्गाबहादुर कामी, कमारो पुजाती लगायतका मानिसहरूले दाखा क्वाडी गाविस-८ का गंगाबहादुर नेपाली र उनका दाजु तथा दिदीलाई कुटपिट गरे। राजनीतिक मतभिन्नताका कारण सो घटना भएको थियो।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

कोचिवाङ गाविसमा नेकपा एमाले प्युठान जिल्ला कमिटीका सदस्य बलबहादुर के.सी. ले गाउँलेहरूलाई मेला गराई आफ्ना विचार राख्न खोज्दा गाविस अध्यक्ष मिनबहादुर के.सी.ले करिब १ सय ६५ जनाको जत्था ल्याई उक्त ठाउँमा मेला हुन रोक लगाए। गाविस अध्यक्ष मिनबहादुर के.सी.ले उक्त गाविसमा नेपाली कांग्रेस बाहेक अन्य पार्टीहरूले प्रचार प्रसार गर्न नपाउने चेतावनी दिएका थिए।

नारीकोट गाविसमा **०५२ भदौ ३** गते गाविस भवन अगाडि सुकुम्बासी समस्या समाधान आयोगको लगत लिने क्रममा सुकुम्बासी समस्या समाधान आयोगबाट खटी गएका खरिदार विष्णु के.सी.लाई गाली वेइज्जती गरियो। यस किसिमको काम उक्त गाविस अध्यक्ष सर्वजीत बुढाथोकी र ललित वि.क.बाट भएको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस वर्ष यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

बांगे मरोट गाविस-३ की एक युवतीलाई चुँजा गाविस-४ का लिमान सिंह राहु मगरले **०५२ वैशाख १८** गते घरमा सुतिरहेको अवस्थामा बलात्कार गर्ने प्रयास गरे। आफ्नो प्रयास विफल भएपछि लिमान सिंहले उनीमाथि लौरो र लाठीले आक्रमण गरे। उक्त घटनामा ती युवतीकी दिदीमाथि पनि निजले छुराद्वारा आक्रमण गर्दा उनी सख्त घाइते हुन पुगिन्। पीडित पक्षबाट जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक अपराध ऐन अन्तरगत मुद्दा दायर गरिएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

विजयनगर गाविस-४ का २७ वर्षीय तुकाराम नेपालीले **०५२ वैशाख ४** गतेका दिन दोस्रो विवाह गरे। उनकी पहिली पत्नी बुरी नेपालीबाट तीन छोरी रहेका छन्। जेठी पत्नीले जिल्ला प्रशासन कार्यालयमा उजुर गरेकी थिइन्।

गोठीवाङ गाविस-४ का २८ वर्षीय युवराज महतरा क्षेत्रीले **०५१ मंसीर २४** गते दोस्रो विवाह गरे। पीडकमाथि कारवाहीको माग गर्दै जेठी पत्नीले प्रहरी कार्यालयमा उजुरी गरेकी थिइन्।

४.३ गर्भपतन

गर्भपतनको घटना प्रकाशमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस वर्ष उल्लेखनीय घटना प्रकाशमा आएको पाइएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

स्याउलीवाङ गाविस-६ का हीरासिंह बुढाथोकीलाई **०५२ भदौ २२** गते राती ८ बजेको समयमा विभिन्न अपमानजनक शब्द प्रयोग गर्दै नेपाल राष्ट्रिय शिक्षक संगठन छोडी नेपाल शिक्षक संघमा आउनको निम्ति दबाव र धम्की दिए। निज हीरासिंहले जीउ धनको सुरक्षा गरी पाउँ भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका छन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लामा यस किसिमको समस्या देखिँदैन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

लुङ गाविस-६ का डिल्लीराज रिजाल, माधव रिजाल र शिवराज रिजालले स्थानीय जुद्धबहादुर टमटालाई घर भित्र पस्यो भन्ने आरोपमा **०५२ असोज ११** गतेका दिन निर्ममतापूर्वक कुटपिट गरे। जुद्धबहादुर टमटालाई अछुत जाति भएर पनि ब्राम्हणको घरभित्र पसेको आरोप पीडकहरूले लगाएका थिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा यस किसिमको कुनै प्रतिक्रिया प्रकाशित / प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष १७ जनाले आत्महत्या गरे। ७ जना नदीले बगाएर मरेका थिए। यस बाहेक २ जना बाघद्वारा, ३ जना भीरबाट खसेर, २ जना पैह्रोबाट, १ जना ट्रकले किचेर, १ जना काठको मुढाले किचेर र १ जना ट्र्याक्टरबाट खसेर मरेका थिए।

■



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.३ रोल्पा

जनसंख्या : १७९६२१
साक्षरता : २७.५ प्रतिशत
महिला साक्षरता : १०.१ प्रतिशत
क्षेत्रफल : १८७९ वर्ग कि.मी.

मगर जातिको बाहुल्यता रहेको रोल्पा जिल्ला शैक्षिक, आर्थिक र सामाजिक रूपमा पिछडिएको छ। परम्परादेखि नै यस जिल्लाका विभिन्न ठाउँहरूमा मेला (जात्रा) हरू लाग्ने गरेको पाइन्छ। यस्ता मेला पर्वहरूमा गाउँ-गाउँ बीच चिठी पठाई झै-झगडा र लडाई समेत हुने चलन पुरानै देखिन्छ। तर बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि मेला पर्वमा हुने झगडाहरूलाई राजनैतिक रंग दिन कुनै दल पछाडि परेको देखिंदैन। यस जिल्लामा देखिने कुटपिटदेखि हत्यासम्मका घटनाहरू प्रायः मेलामा नै हुने गर्दछन्। यस वर्ष यो जिल्ला संयुक्त जनमोर्चा (भट्टराई) को "सिज" अभियान र प्रहरीद्वारा संचालन गरिएको "रोमियो" अप्रेशनले चर्चित रहयो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

प्युठान फोपी गाविस-९ का प्रजित घर्तीको **०५१ चैत २८** गते लिवाङबाट पेन्सन बुझेर फर्किरहेको अवस्थामा मिभिङ गाविस मिभिङ खोलाको भीरमा रहस्यमय तरिकाबाट लडेर मृत्यु भयो। तिनलाई पैसाको लोभमा तेवाङ्ग गाविस-२ का टोपबहादुर सुनारले भीरमा धकेलेर हत्या गरेको आरोप लगाइएको छ। यही आरोपमा निज सुनारलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

पाङ गाविस-८ का लालबहादुर विष्टलाई **०५२ जेठ १०** गते स्थानीय करसिंह रोकाले कुटपिट गरी हत्या गरे। उक्त दिन सिद्धको पूजा गर्ने ठाउँमा जाँड रक्सी खाएर एक आपसमा कुटाकुट गर्न लाग्दा पीडित लालबहादुर छुटाउन गएको कुरा प्रत्यक्षदर्शीहरू बताउँछन्। करसिं रोकालाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको थियो।

कोटगाउँ गाविस-९ का २६ वर्षीय हर्कमान दमाईलाई **०५२ मदी २** गते सोही ठाउँका धनपुरा कमिनी र कौसिला कमिनीले कुटपिट गरी हत्या गरे। पीडित र धनपुराबीच गर्भको बच्चा सम्बन्धमा विवाद हुँदा उक्त घटना भएको बताइन्छ। धनपुरा र कौशिलालाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

जेलबाङ गाविस-९ का ३० वर्षीय रामप्रसाद बुढामगरलाई **०५२ मदी २१** गते स्थानीय मदौरे मेलामा केही व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। यस हत्याको अभियोगमा प्रहरीले सोही ठाउँका वागसिं पुन, धनलाल बुढा र दुते बुढालाई पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार उनीहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पाखापानी गाविस-२ का ४५ वर्षीय वागवीर डाँगीलाई **०५२ कार्तिक ९** गते स्थानीय केशबहादुर वली र देवबहादुर वलीले कुटपिट गरी हत्या गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरी सदरमुकाम लिवाङ तर्फ लैजाँदालैजाँदै भाग्न खोज्दा भीरबाट लडेर मरेको बताइन्छ। उनीहरूलाई प्रहरीले लडाएर मारेको पनि हुन सक्ने शंका स्थानीय व्यक्तिहरूले व्यक्त गरेका छन्।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेलमा ५० जना बन्दी राख्न सकिने क्षमता छ। यसवर्षको अन्त्यतिर यहाँ ३१ जना पुरुष थुनुवा, ४ जना महिला थुनुवा र कैद तोकिएका १० जना पुरुष समेत जम्मा ४५ जना रहेका छन्। यहाँ नअटेका बन्दी तथा थुनुवाहरूलाई दाङ जिल्लाका जेलहरूमा स्थानान्तर गर्ने गरिन्छ। यस वर्ष दुई पटक यहाँका बन्दी तथा थुनुवाहरूलाई

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	२	-
हिरासतमा यातना	२	१३	१	९
बलात्कृत	१	१०	-	-
आत्महत्या	-	१८	८	१०

रोल्पा जेलको बाहिरी दृश्य

स्थानान्तर गरिएको थियो। ०५२ असोज २० देखि २७ गतेसम्म विभिन्न मागहरू राखी यहाँका बन्दीहरूले हडताल गरे। प्रमुख जिल्ला अधिकारीले उनीहरूका मागहरूका बारेमा विचार गर्ने आश्वासन दिएपछि हडताल टुंगिएको थियो।

१.३ गिरफ्तारी र यातना

गाम गाविस-५ अन्तर्गत पर्ने तमाखे डाँडामा ०५२ असोज २२ गते लागेको मेलामा भएको घटना पछि यस जिल्लामा थुप्रै घटनाहरू भए। गिरफ्तारी र यातनाका घटनाहरू पनि व्यापक रूपमा भएको पाइयो। प्रहरी सूत्रका अनुसार यस जिल्लामा घटेका विभिन्न घटनाका सम्बन्धमा विभिन्न आरोपमा ३ सय ३९ जनालाई गिरफ्तार गरिएको थियो। तिनमा १ सय ६५ जनालाई साधारण सोधपुछपछि छोडिएको र १ सय ७२ जनालाई विभिन्न मुद्दामा सम्बन्धित निकायमा बुझाइएको थियो। पक्राउ पर्नेहरू सबै संयुक्त जनमोर्चा समर्थकहरू रहेका छन्। संयुक्त जनमोर्चा सूत्रका अनुसार पक्राउ पर्नेहरूको संख्या प्रहरीले दिएको जानकारी भन्दा २ सय जति बढी छ। प्रहरी अपरेशनका नाममा दिन दहाडै जसलाई पनि पक्राउ गर्नुका साथै विना सूचना घरमा छापा मारी खानतलासी लिने काम गरियो।

यस वर्ष यस्ता प्रकृतिका घटनाहरूबाट गाम, उवा, जेल्बाङ्ग, भिरूल, तेवाङ, सेरम, भावाङ, राङसा, सिर्प, इरिवाङ, कोटगाउँ, पाछावाङ गाविसहरू बढी प्रभावित भए। पक्राउ गरिएकामध्ये धेरैलाई केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ। सत्तापक्षीय केही व्यक्तिहरूको इसारामा १३ वर्षको नाबालकदेखि ७४ वर्षको वृद्धसम्मका व्यक्तिहरूलाई गिरफ्तार गरी कर्तव्य ज्यान तथा केही सार्वजनिक अपराध जस्ता गम्भीर अपराधको अभियोग लगाएको पाइयो। प्रहरी यातनाका शिकार महिलाहरू पनि बने।

उवा गाविसकी १६ वर्षीय धनकुमारी घर्तीलाई **०५२ कार्तिक १४** गते घरैबाट पक्राउ गरियो। गाम प्रहरी चौकी पुऱ्याएर त्यसै दिन रातारात हिंडाएर १५ गते बिहान ६ बजे सुलिचौर पुऱ्याइयो। त्यहाँबाट लिवाङसम्म बसबाट ल्याइयो। पीडित धनकुमारीका अनुसार बयान लिने क्रममा तिनलाई प्रहरीले लट्ठी, सिस्नो-पानीले हात, गाला र घुँडा मुनी पिटे। दिलकुमारी भन्ने अर्की महिलालाई लुङ्गी कम्मरसम्म उचाल्न लगाई गुप्ताङ्ग लगायतका शरीरका सम्वेदनशील अंगमा सिस्नोले कुटिएको थियो। त्यसैगरी हात र कम्मरमा लट्ठीले कुटियो। यहाँ सम्मकि दिलकुमारीको गुप्ताङ्गमा प्रहरीले हातको औंलासम्म कोचिदिएको कुरा धनकुमारी बताउँछिन्।

उवा गाविसकी २० वर्षीय कलसरी रोकालाई **०५२ कार्तिक १४** गते घरबाटै पक्राउ गरिएको थियो। गाम प्रहरी चौकीमा ल्याई त्यहाँबाट लिवाङ्ग ल्याउने क्रममा बाटोमा प्रहरीले रक्सी खाई चिमोट्ने, गाला टोक्ने र अश्लील शब्दहरू प्रयोग गरी जिस्काउने गरेको कुरा पीडित बताउँछिन्।

गाम गाविसकी वंशी बुढालाई **०५२ कार्तिक २१** गते पक्राउ गरी २८ गते छोडेर एक हप्ता पछि पुनः पक्राउ गरियो र गाम चौकीमा २ दिन हिरासतमा बस्दा त्यहाँ खटिएका प्रहरी निरीक्षक गगनबहादुर खड्काले विभिन्न किसिमले मानसिक तथा शारीरिक यातना दिए। ८/१० फुटको हिरासत कोठामा ५०।६० जनासम्म कोच्रेर आफन्त र कानून व्यवसायीहरूलाई समेत भेट गर्न दिइएन।

०५२ कार्तिक २३ गते भावाङको मेलाबाट घर फर्कंदै गर्दा निर्मला रोकालाई चौधारा भन्ने ठाउँमा राङ्सीको देवानन्द डाँगीको निर्देशनमा पक्राउ गरियो र २५ गते लिवाङ पुऱ्याइयो। मावि राङसीमा १० कक्षामा अध्ययनरत पीडित छात्राको टेष्ट परीक्षा चलिरहेकै थियो। जिल्ला शिक्षा शाखा रोल्पाले हिरासतमै परीक्षा लिन इन्कार गरेका कारण अर्थशास्त्र विषयको परीक्षा छुटेको कुरा निर्मला बताउँछिन्। तिनलाई मध्यावधि निर्वाचनको क्रममा भएको झगडामा गत वर्ष पनि पक्राउ गरिएको थियो र सोही आरोपमा पुनः यस वर्ष पनि पक्राउ गरियो।

कोटगाउँमा भएको आगलागी घटनाको आरोपमा **०५२ कार्तिक २६** गते स्थानीय नन्दीराम घर्ती र तुलबहादुर घर्तीलाई पक्राउ गरी हिरासतमा बयान लिने क्रममा प्रहरीले निकै यातना दियो। प्रहरी हिरासतमा रहँदा घर्ती गाउँका थमे कामी र गामका साउने बुढालाई पनि निकै यातना दिइयो।

जैमाकसला गाविस नाखाङका कामी घर्ती, सन्तबहादुर घर्ती र अन्य एक महिलालाई **०५२ कार्तिक २८** गते प्रहरीले कुटपिट गरे।

राङसी गाविसका उपाध्यक्ष मृगसिंह बाठा र स्थानीय टेकबहादुर रोकालाई **०५२ कार्तिक २९** गते गिरफ्तार गरियो।

गाम गाविसकी २० वर्षीय सामरी घर्तीलाई तिम्रो नाम पुलिस चौकीमा छ त्यो कटाउन हिंड भनी झुक्याएर **०५२ मंसीर १** गते गाम प्रहरी चौकीमा ल्याई प्रहरी हिरासतमा २ दिन राखेर लिवाङ जिल्ला प्रहरी कार्यालयमा ल्याएको कुरा पीडित बताउँछिन्।

इरिवाङ गाविस-७ का पहलबहादुर डाँगीलाई **०५२ मंसीर ६** गते घरबाट पक्राउ गरी गाउँ मुकाममा ल्याई ४ जना प्रहरीले निर्ममतापूर्वक पिटे। पीडितको नाक, मुखबाट रगत बग्यो। पछि पीडित डाँगीलाई नै प्रहरीले रगत सफा गर्न लगाए।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

गजुल गाविस-३ धौली गाउँका देउराम सुनारलाई **०५२ जेठ ३** गते स्थानीय कमल सुवेदीले काप्रा सिमलटार भन्ने ठाउँमा कुटपिट गरे।

गजुल गाविस-६ कुवापानीका रामबहादुर शाहीलाई **०५२ असार २** गते स्थानीय कमल सुवेदीले कुटपिट गरे। पीडक उपर जिल्ला प्रहरी कार्यालयमा कुटपिट सम्बन्धी मुद्दा दर्ता गरिएको थियो।

माडिचौर गाविसका रेगबहादुर के.सी. र वेगम रानालाई **०५२ असार १६** गते केही व्यक्तिहरूले कुटपिट गर्नुका साथै खुकुरी समेत प्रहार गरी घाइते बनाए। उनको टाउकोमा गम्भीर चोट लाग्यो। वेगम रानाको दुबै हात र दुबै खुट्टा भाँचियो। वेगम राना सहितका ७ जना व्यक्तिहरू मिलेर ०५० कार्तिक ११ गते जंकोट गाविस-८ का पुर्खे कामीलाई हत्या गरी भीरबाट फ्याकेको अभियोगको मुद्दा अदालतमा चलिरहेको छ। के.सी. र वेगम राना दुबै नेपाली कांग्रेसका कार्यकर्ता हुन्। आक्रमण गर्ने संजमो समर्थकहरू भएको आरोप पीडितहरूको छ।

लिवाङ गाविस-४ फल्ले धाराका भिमबहादुर डाँगीलाई **०५२ असार २८** गते घरायसी रीसइवीका कारण आफ्नै माहिला दाजु सूर्यबहादुर डाँगीले कुटपिट गरी घाइते बनाए।

दुबिडाँडा गाविस-७ भुमबहादुर गिरीलाई **०५२ असार ३०** गते स्थानीय दुर्गबहादुर पुन, टेकबहादुर पुन, खड्कबहादुर डाँगी, टिकाराम डाँगी समेतले कुटपिट गरे।

गुम्बाल गाविस-१ का प्रथम रोका क्षेत्रीलाई **०५२ साउन २** गते आफ्नो जग्गामा मैंसी चराएको भनी स्थानीय चित्रबहादुर रोका क्षेत्रीले कुटपिट गरी ५ सय रूपैया जरिवाना समेत गरे।

होमा गाविस-९ रिसवाङका डिलबहादुर घर्तीलाई **०५२ साउन ४** गते जुवा खेल्दा विवाद भई सोही गाविसका बलबहादुर घर्ती, ठुटे घर्ती, लालसिं बुढा, जयधन थापा र प्रेमबहादुर थापा समेतका व्यक्तिहरूले कुटपिट गरे।

सिर्प गाविसका विनाराम खड्का, जनक घर्ती, पोले खड्का, दुर्गबहादुर खड्का, 'लुके बानियालाई **०५२ साउन २४** गते स्थानीय हस्ते पुन, मनबहादुर पुन, जयबहादुर खड्का, टेकबहादुर रोका, दुर्गे खड्का र ओवीलाल कामी समेतका व्यक्तिहरूले कुटपिट गरे।

राक्सी गाविस-५ का २३ वर्षीय आसबहादुर रोकालाई **०५२ असोज २१** गते आफ्नै पत्नी चमेली रोका, जेठानहरू गोविन्दबहादुर श्रेष्ठ र छविकुमार श्रेष्ठ समेतले छुरी प्रहार गरी घाइते बनाए। तर पीडकहरूउपर कुनै कार्वाही भएन।

तेवाङ गाविस-४ का भिमप्रसाद शर्मालाई **०५२ कार्तिक ११** गते मिभिङ गाविसमा तेवाङ गाविसकै वेगम रोका, दाइराज रोका र डम्बरबहादुर रोका समेतले कुटपिट गरी प्रहरी चौकीमा बुझाए। पीडितमाथि जासूसी गरेको आरोपमा कुटपिट गरिएको थियो।

गिरफ्तारमा परी प्रहरी दुर्व्यवहारको शिकार बनेका महिलाहरू

जेलवाङ गाविसमा रहेको निमाविका शिक्षक कृष्णबहादुर बस्नेतलाई **०५२ कार्तिक २३** गते दिउँसो स्थानीय भरत रोका र तिनका साथमा आएका प्रहरीहरूले ज्यान मार्ने धम्की दिए। त्यसपछि आफू लिवाङ आई बसेको कुरा पीडित बताउँछन्।

तेवाङ गाविस-३ का ३३ वर्षीय मुक्तिराम सुवेदीलाई **०५२ कार्तिक २७** गते स्थानीय फविलाल पुन, मेकलाल विष्ट र काले विष्ठ समेतका व्यक्तिहरूले हात, खुट्टा र लाठी समेतले कुटपिट गरे।

वडाचौर गाविस-८ का घमने विष्टलाई **०५२ पुस ४** गते रेमे विष्ट, चित्रे विष्ट र पूर्णे विष्ट समेतले कुटपिट गरे। आफ्नो जग्गामा पर्ने रूखको घाँस काटेको आरोपमा उक्त कुटपिटको घटना भएको बताइन्छ।

१.६ थुनामा मृत्यु

यस वर्ष यहाँ थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

मा.वि. वडाचौरमा अनेरास्ववियूको प्रारम्भिक कमिटीको गठन गर्न गएका अनेरास्ववियू जिल्ला कमिटीका उपाध्यक्ष योगेन्द्र वली र सचिव जितबहादुर बहकरी, उक्त माविका कमलबहादुर बुढाथोकी, जयन्द्र बुढाथोकी, डम्बरबहादुर बुढाथोकी र भुवन रोका क्षेत्री समेतका व्यक्तिहरूलाई मिति **०५२ वैशाख २१** गते ६ घण्टासम्म कोठामा थुनियो। यसरी कमिटी गठन गर्न नदिइ थुनेर राख्नेहरू अनेरास्ववियू (क्रान्तिकारी) का धनसिं बुढाथोकी, कमल बुढा, उदिराम घर्ती र श्यामकुमार बुढा समेतका २० जना थिए।

पाख्रवाङ गाविस-३ का पूर्णबहादुर बुढालाई **०५२ जेठ ३** गते स्थानीय डण्डबहादुर पुन, मनकुमार पुन, मतिराम पुन र पृथी पुन समेतले संजमो त्यागी एमालेमा किन प्रवेश गरिस्

कोटगाउँमा आगलागीमा परेको घर : आगलागीका सिलसिलामा गिरफ्तार भएकाहरूलाई यातना दिइएको थियो।

भनी कुटपिट गरे।

गाम गाविसको भित्री गाममा **०५२ असोज २२** गते पूर्णिमाको दिन पुण्यरामको मेलामा संयुक्त जनमोर्चाले राखेको सांस्कृतिक कार्यक्रममा वीरबहादुर लगायतका व्यक्तिहरूले व्यवधान गरेको निहुँमा झडप भयो। कार्यक्रम सकिएपछि नजिकैको जंगलबाट एक हुल मानिसहरू निस्किएर आक्रमण गरिएको कुरा प्रत्यक्षदर्शीहरू बताउँछन्। त्यसपछि दोहोरो भीडन्त शुरू भयो। उक्त भीडन्तमा विभिन्न पार्टीका गरी १ सय ६० जना भन्दा बढी घाइते भए। ६ जना सख्त घाइतेलाई हेलिकप्टरद्वारा काठमाडौं पुर्‍याइयो। गाम गाविसका चम्पसिं बुढामगर, तेजलाल घर्ती, मलौटे घर्तीमगर, हरिलाल घर्तीमगर, नन्दलाल घर्तीमगर र खड्गबहादुर घर्ती समेत ६ जनालाई भेरी अंचल अस्पताल नेपालगंजमा पुर्‍याइएको थियो। अन्य घाइतेहरूले जिल्ला अस्पताल दाङ र लिवाङकै स्वास्थ्य केन्द्रमा उपचार गराइएको थियो। आक्रमणकारीहरू गाम गाविसका नभई सबै बाहिरका मानिसहरू भएको कुरा प्रत्यक्षदर्शीहरू बताउँछन्। गत वर्ष पनि यसै दिन संजमोले राखेको कार्यक्रमलाई ने.का. समर्थकहरूले विथोलेका थिए। यस्ता मेलाहरूमा परम्परादेखि चलिआएका कार्यक्रम बाहेक कुनै पनि दलले आफ्नो दलको प्रचार प्रसार गर्ने खालका कार्य नगर्ने भनी ०५० पुसमा सर्वदलीय बैठकबाट ९ बुँदे आचार संहिता अपिल छपाई जिल्लाव्यापी रूपमा वितरण गरिएको थियो। यसको उल्लंघन संजमोले पटक-पटक गर्ने गरेको भन्ने भनाई कांग्रेस र राप्रपा पक्षको रहेको छ।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा राजनीतिक प्रतिशोधका कारण थुप्रै निर्दोष मानिसहरूलाई विभिन्न मुद्दामा फसाउने गरिन्छ। जिल्ला अदालतमा यस वर्ष गाली वेइज्जतीका २६ वटा, सम्बन्ध विच्छेदका ५१ र प्रहरीबाट १६ मुद्दाहरू दर्ता गरिए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी उल्लेख्य घटना भएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जुँगार गाविस-७ की १८ वर्षीय एक युवतीलाई **०५२ जेठ २३** गते जंगलमा काफल खान गएको अवस्थामा स्थानीय तिलक खड्का, रिछे भण्डारी र रमेश भण्डारीले जर्बजस्ती लछार-पछार गर्दै जंगलको बाटो सल्यानको रिम गाविसमा पुर्‍याए। अरू मानिसले देखेपछि पीडकहरूले उनलाई छोडिदिए। जुँगार गाविस कार्यालयमा उजुरी दिएपछि ०५२ जेठ २६ गते पीडित महिलालाई पीडकहरूबाट १० हजार रूपैया जरिवाना दिन लगाई मिलापत्र गराइयो।

कोर्चावाङ गाविस-९ की ३४ वर्षीय सौरा घर्तीलाई गाउँमै मानिस जम्मा गरी **०५२ असार ३२** गते तिनका पति गणेशबहादुर घर्तीले सम्बन्ध विच्छेद गरी घरबाट निकाले।

जेदवाङ गाविस-९ की १८ वर्षीय भूमी रावतलाई दुविडाँडा गाविस-१ मर्तीवनका वीरबहादुर दसौदीले ०५१ साउन १२ गते विवाह गरी घरमा भित्र्याएका थिए। तर पछि उनले आफ्नी पत्नीलाई माइत पठाइ घरमा नफर्कनु भनी धम्की दिएको कुरा पीडित महिला बताउँछिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

हुविङ गाविस-८ की तीला घर्तीका पति रमेशबहादुर घर्तीले **०५२ असार ७** गते दोस्रो विवाह गरे। तीला घर्तीलाई एउटा गाई दिएर सम्बन्ध विच्छेद गरे।

कोर्चावाङ गाविस-९ की २० वर्षीय तीर्थकुमारी दमाईका पति सन्तबहादुर दमाईले दोस्रो विवाह गरे। जेठी पत्नी तीर्थकुमारीलाई **०५२ असार २५** गते २ हजार ५ सय रूपैया दिएर सम्बन्ध विच्छेद गरे।

बहुविवाह सम्बन्धी दुई वटा मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता भए।

४.३ गर्भपतन

होमा गाविस-१ की खिर्मा खत्रीले **०५१ चैत्र २८** गते ७ महिनाको गर्भ पतन गराईन्। आफ्ना देवर कर्मसिं खत्रीसंगको शारीरिक सम्बन्धका कारण उनी गर्भवती भएकी थिइन्। तिनलाई जिल्ला अदालतले १३ हजार रूपैयाको धरौटी तोकेको छ। तर धरौटी बुझाउन नसकी जेलमै बसेकी छिन्।

जेलवाङ गाविस-१ लाल्टिवाङकी २२ वर्षीय पार्वती वुढाथोकीलाई **०५२ जेठ २२** गते गर्भपतन गरेको अभियोग

गामको मेलामा भएको भीडन्तका क्रममा घाइते भएका मलौटे घर्तीमगर, तेजलाल घर्ती, चम्मसिंह बुढामगर र हरिलाल घर्ती

गाउँलेहरूले लगाए। जिल्ला अदालतले पार्वती बुढाथोकीलाई तारेखमा छोडेको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

स्कूल पढ्न जाने उमेर पुगेका थुप्रै बालबालिकाहरू स्कूल नगई घरकै काम धन्दामा लागेको पाइन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी समस्या यहाँ छैन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

तेवाङ गाविस–८ वेगम रोकालाई **०५२ असोज १४** गते केही व्यक्तिले कुटपिट गर्नुका साथै दिसाको टिका लगाएर दुवै हात र घाँटीमा समेत डोरीले बाँधी घिसार्दै महादेवस्थानसम्म पुऱ्याए। उनको घरबाट १ लाख १० हजार रू. बराबरका तमसुकहरू पनि फिकेर च्यातेका थिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस जिल्लामा यो वर्ष भएका घटनाका सम्बन्धमा प्रहरी, प्रशासन, सरकारी पक्ष र सत्ताधारी पार्टीहरूले संयुक्त जनमोर्चा पूर्ण रूपमा दोषी भएको प्रतिक्रिया व्यक्त गरेको पाइयो भने संजमोले भने आफ्नो पार्टीको अस्तित्व खतम पार्न प्रशासनिक दमन र प्रहरी हस्तक्षेप गरी व्यापक दमन गरिएको प्रतिक्रिया जनाएको छ। यस वर्ष यो जिल्लामा भएका घटनाहरूका सम्बन्धमा छानवीन गर्न संसदीय तथा मानवअधिकारवादीहरूका टोली गठन भए र सबैले आ-आफ्ना प्रतिवेदन प्रकाशित गरे। प्रायजसो टोलीले सरकारी पक्षबाट दमन बढी भएको उल्लेख गरे भने नेपाली कांग्रेसका सांसदहरूले संजमोलाई नै दोषी ठहऱ्याए।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा मिलमा च्यापिएर १ जनाको मृत्यु भयो। रूखबाट लडेर १ जनाको मृत्यु भयो। सवारी दुर्घटनामा ३ जना मरे। जंगली जनावर बाघद्वारा १ जनाको मृत्यु भयो। पहिरोमा परी १ जना घाइते भए। आगलागीका ७ वटा घटना भए। चट्याङ पर्नाले १० वटा गाई र एउटा भैंसी मरे।

१० जनाले आत्महत्या गरेका घटना सार्वजनिक भए। तिनमा एक जना १३ वर्षीय बालकले भुण्डिएर र १ जना पुरूषले विस्फोटक पदार्थ ब्लास्टीङ गराई आत्महत्या गरेको पाइयो। ■



४. मध्यपश्चिमाञ्चल

राप्ती

४.४ सल्यान

जनसंख्या : १८१७८५
साक्षरता : २९.६ प्रतिशत
महिला साक्षरता : १२.४ प्रतिशत
क्षेत्रफल : १४६२ वर्ग कि.मी.

अशिक्षा, अज्ञानता, रूढीवादी परम्पराबाट ग्रस्त छ यो जिल्ला। मान्छे विरामी भएमा अस्पताल लानुभन्दा धामी झाँक्रीलाई देखाउने यहाँको चलन छ। जसले गर्दा कैयौंले अकालमै ज्यान गुमाउनु पर्दछ। यस जिल्लामा क्रियाशील मानवअधिकार जागरण केन्द्र जस्ता संस्थाहरूले मानवअधिकार शिक्षालाई गाउँ-गाउँका जनतासम्म पुऱ्याउने काममा सहयोग पुऱ्याई रहेका छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

कोटमौला गाविस-७ का ४५ वर्षीय चक्रप्रसाद शर्मालाई **०५१ माघ १२** गते सोही ठाउँका केही व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। हत्याको अभियोगमा एकै घरका ४ दाजुभाई हेमराज शर्मा, भुपप्रसाद शर्मा, दिपेन्द्र शर्मा र चक्रपाणी शर्मालाई गिरफ्तार गरी कार्वाही चलाइएकोमा जिल्ला अदालत सल्यानले भुपप्रसाद शर्मालाई सफाई दिएर अन्य ३ जनालाई २० वर्ष कैदको सजाय फैसला गरेको छ।

६ वर्षीय वाल्मी वलीलाई आफ्नै बाबु झुपलाल वलीले हत्या गरेको भन्ने व्यहोराको मुद्दा **०५१ चैत ३** गते जिल्ला प्रहरी कार्यालयमा दर्ता भयो। पीडक झुपलालले प्रहरी समक्ष सावित्ती बयान दिएपछि उनलाई जिल्ला अदालत सल्यानमा पेश गरिएको कुरा प्रहरी सूत्रले जनाएको छ।

लक्ष्मीपुर गाविस-९ का २४ वर्षीय टेकबहादुर वली शिकार खेल्न गएको अवस्थामा **०५१ चैत २१** गते सापमारे भन्ने भीरमा मृत अवस्थामा भेटिए। उनको मृत्यु स्वाभाविक वा लडेर नभई हत्या गरिएको भन्ने आरोपमा उनीसँगै सिकार खेल्न गएका कुलबहादुर कुँवर, भिमबहादुर कुँवर, झुपलाल कुँवर, विष्णुप्रसाद कुँवर, डोटीलाल कुँवर र टोपबहादुर घर्तीलाई २ थान बन्दुक सहित प्रहरीले पक्राउ गरी जिल्ला अदालतमा पेश गरेको थियो।

हिवल्चा गाविस-२ का डिल्लीबहादुर रानाले ०५१ माघ १५ गते आफ्नै पत्नीको हत्या गरे। उनले स्थानीय दही मेलामा आफ्नी पत्नीले अन्य केटाहरूसंग हाँसखेल गरेको भन्ने रीसमा हत्या गरी लाशलाई जंगलको एउटा रूखमा झुण्ड्याएका थिए। पीडक डिल्लीबहादुरलाई अहिले थुनामा राखिएको छ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेल भवन करीब सय वर्ष पुरानो छ। २० जना बन्दी क्षमता भएको यो जेल साह्रै जिर्ण र साँघुरो छ। यस वर्षको अन्त्यतिर यस जेलमा फैसला भइसकेका बन्दी र थुनुवा गरी २० जना नै रहेका छन्।

१.३ गिरफ्तारी र यातना

फलावाङ गाविस-२ छोटकेका धनीराम वि.क.लाई **०५१ चैत १६** गते लुहाम प्रहरी कार्यालयका प्रहरीले पक्राउ गरी हिरासतमा भुईमा सुताइ वुटले हिर्काएर यातना दिइयो। पीडितलाई लेनदेन सम्बन्धी मुद्दामा पक्राउ गरिएको थियो।

सल्यान मालपोत कार्यालयमा भ्रष्टाचार गरेको आरोपमा सह-लेखापाल खडानन्द काफ्लेलाई **०५२ असार १७** गते सुर्खेतमा पक्राउ गरी सल्यान जिल्ला कार्यालयमा उपस्थित गराएर ०५२ असार २६ गते २ लाख ७० हजार धरौटीमा लिई तारेखमा छोडियो।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	-	२	१
बलात्कृत	२	६	२	१
आत्महत्या	-	-	२	९

१.४ बेपत्ता पारिएको

यस वर्ष कसैलाई बेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जिल्ला वन कार्यालय सल्यानका कार्यालय प्रमुख लालनारायण सिं कर्णले जिल्लाका विभिन्न रेञ्जपोष्टमा कार्यरत वन सुरक्षा गार्डलाई सदरमुकाममा **०५२ जेठ ५** गते तलव लिन आएका बखत लाइनमा उभिन लगाएर कुटपिट गरे। पीडक कर्णको पिटाइबाट पदमबहादुर भण्डारीको कानमा निकै चोट लागेको थियो।

मार्के गाविस-१ का नारायणप्रसाद आचार्य, निलकुमारी आचार्य र कृष्णकुमारी आचार्यलाई **०५२ असार १५** गते सोही ठाउँका शेरबहादुर खत्री, नकुल खत्री, जीवराज खत्री, गमबहादुर खत्री, पद्मबहादुर खत्री र चन्द्रकुमारी खत्री समेतले लाठी, मुक्का र ढुंगा समेत प्रहार गरी कुटपिट गरे। उनीहरू उपर केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ।

दार्माकोट गाविस-५ का रेशम चन्द, लक्ष्मी चन्द समेतलाई **०५२ असोज १८** गते सोही गाविस-६ दालाको गैरा भन्ने ठाउँमा सोही ठाउँका नरेश चन्द, सुरेश चन्द, डिल्ली चन्द समेतका ६ जना व्यक्तिहरूले कुटपिट गरे। उक्त घटनामा पीडित रेशम चन्दलाई निकै चोट लागेको थियो।

१.६ थुनामा मृत्यु

यो वर्ष थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५२ असोज २९ गते **माफडाँडा**मा रहेको नेकपा एमाले इलाका कमिटीको कार्यालय तोडफोड गर्नुका साथै चन्द्रबहादुर हमाल र रामबहादुर हमाललाई कुटपिट समेत गरियो। तोडफोड र कुटपिट गर्ने काममा ध्रुवकुमार शाह, पहल सिंह पुन, टेकबहादुर दमाई र मनबहादुर पुन समेतको संलग्नता रहेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत सल्यानमा ६ सय ५ वटा मुद्दा दर्ता भएका मध्ये ३ सय ४५ वटा फैसला भैसकेका र २ सय ६० वटा फैसला हुन बाँकी छन्। ती मध्ये १४ वटा मुद्दा प्रहरी मार्फत् आएका थिए।

कुटपिटद्वारा घाइते बनाइएका नारायण आचार्य

२.४ सरुवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

दार्माकोट गाविस-२ ठानागाउँकी २३ वर्षीय युवतीलाई ०५१ कार्तिक २७ गते सोही ठाउँका २५ वर्षीय टीकाराम खत्रीले बलात्कार गरे। तर बलात्कारीले धम्की दिएकाले पीडित युवती डराएर घटना सार्वजनिक गराइनन्। **०५१ चैत १७** गते केही व्यक्तिको उत्प्रेरणाले जिल्ला प्रहरी कार्यालयमा घटना बारेमा जाहेरी दिइयो। पीडकलाई १ हजार ५ सय जरिवाना गरी पीडित युवतीलाई उक्त रकम दिलाइयो।

दमाचौर गाविस-३ का ४८ वर्षीय तुलबहादुर चन्दले **०५२ वैशाख २८** गते आफ्नी पत्नी ३८ वर्षीय तुलसा चन्दलाई लट्ठी र मुक्काले कुटपिट गरे। आमालाई कुटपिट गरेको देखेर छुट्याउन गएकी १४ वर्षीय छोरीलाई समेत उनले कुटपिट गरे। पीडक चन्दले अर्को विवाह गरेदेखि नै जेठी पत्नी तुलसालाई अनेक दुःख दिँदै आएका छन्।

खलंगा गाविस-५ की १७ वर्षीय युवतीसंग सितलपाटीका १८ वर्षीय नृपेन्द्रकुमार श्रेष्ठले **०५२ असार** देखि नै यौन सम्पर्क गर्दै आएका थिए। उनीहरू दुबै घरबाट भागेर प्रेम विवाह गरी २२ दिनसम्म कोहलपुरमा सँगै बसेर गाउँमा फर्के। पछि ती युवतीलाई केटाको घरमा पस्न दिइएन र सासु र आमाजूले उल्टै कुटपिट समेत गरे। हाल पीडित युवती गर्भवती अवस्थामा माइतीमा नै बस्न बाध्य भएकी छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

सेजवाल टाकुरा-४ का २५ वर्षीय खुमबहादुर खत्रीले घरमा २२ वर्षीय पत्नी मैना खत्री हुँदाहुँदै **०५२ मंसीर २८** गते

अछूत हुनुको पीडा भोगी रहेकी जोगमाया

सोही ठाउँकी २६ वर्षीय देवी बस्नेतलाई दोस्रो पत्नीका रूपमा भित्र्याए।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस सम्बन्धी कुनै उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

खलंगा गाविस- खलंगा बजारका १८ वर्षीय विनोदकुमार सिंहले **०५२ असार २९** गते विवाह गरी ल्याएकी १५ वर्षीय जोगमायालाई "अछूत भनिने" कामीकी छोरी भनी उनका सासू ससुराले घरमा पस्न दिएनन् र पति समेतले कुटपिट गरेका थिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै पक्षले प्रतिक्रिया व्यक्त गरेको सार्वजनिक जानकारीमा आएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष सवारी दूर्घटनामा परेर र भीरबाट लडेर मृत्यु हुनेहरूको संख्या ३ रहेको छ। ९ जनाले आत्महत्या गरे। ती मध्ये महावीर सार्कीले चाहीं घरको आर्थिक स्थिति ज्यादै कमजोर भएका कारणले आत्महत्या गरेका थिए। जंगली जनावरद्वारा १ जनाको मृत्यु भयो भने आगलागीका ३ वटा र चोरीका २ वटा घटना भएका थिए।

■

४. मध्यपश्चिमाञ्चल

राप्ती

४.५ रुकुम

जनसंख्या : १५५५५४

साक्षरता : २८.७ प्रतिशत

महिला साक्षरता : ११.३ प्रतिशत

क्षेत्रफल : २८७७ वर्ग कि.मी.

रुकुम राप्ती अञ्चलमा पर्ने ५ जिल्लाहरूमध्ये मोटरबाटो नपुगेको एक मात्र जिल्ला हो। यस जिल्लामा कुनै घटना भयो भने राजनीतिक रङ्ग दिने र कुनै खास राजनीतिक पार्टीका कार्यकर्ता र समर्थकहरू थुप्रैलाई मुद्दा लगाउने गरेको पाइन्छ। यहाँ मानवअधिकारप्रतिको सचेतनता निकै कम छ। यस जिल्लाका अधिकांश मानिसहरूलाई आफ्नो अधिकारका बारेमा समेत थाहा छैन।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

सौंख गाविस-७ का ३५ वर्षीय दलबहादुर घर्तीलाई **०५१ माघ १** गते बाटोमा हिँडिरहेको अवस्थामा कुटपिट गरी १० फिट तल खोंगोमा खसाली मारेको अभियोगमा स्थानीय हरिचन्द्र पाण्डे र लक्ष्मीराम शाहलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

रुँघा गाविस-१ का १४ वर्षीय इन्द्रबहादुर के.सी.ले **०५१ माघ २०** गते ढुङ्गा पल्टाउँदा उक्त ढुङ्गाबाट स्थानीय १४ वर्षीय टिकाजंग चन्दलाई चोट लाग्न पुग्यो। केही समयपछि टिकाजंगको मृत्यु भयो। मृतकका पक्षबाट दिइएको जाहेरी अनुसार इन्द्रबहादुरलाई हिरासतमा लिइएको छ।

गराइली गाविस-४ का ३२ वर्षीय वले वादीले **०५२ कार्तिक ७** गते रक्सी खाएको बेला ढुङ्गा लडाउँदा सो ठाउँभन्दा तल धारामा खेली रहेकी ४ वर्षीय केवली कमिनीलाई लाग्न पुग्यो र पीडितको सोही ढुङ्गाकै चोटले मृत्यु भयो। पीडक वले वादीलाई प्रहरीले पक्राउ गरी थुनामा राखेर कार्वाही चलाइएको छ।

पिपल गाविस-६ का विर्खबहादुर नाथलाई **०५२ कार्तिक ८** गते स्याला पास्ला गाविस ढुटो चिउरीका पदम कुँवरले कुटपिट गरे। २ महिना पछाडि विर्खबहादुरको मृत्यु भयो। हत्याको अभियोगमा पदम कुँवरलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

आठविस डाँडागाउँ गाविस-१ का २७ वर्षीय हरिबहादुर गिरीलाई **०५२ कार्तिक ६** गते स्थानीय रत्तु पुरी, कौसिला पुरी र कर्णबहादुर पुरीले कुटपिट गरे। सोही कुटपिटका कारण उपचारार्थ नेपालगञ्ज लैजाँदा-लैजाँदै बाटोमा उनको मृत्यु भयो। पीडित गिरीलाई रत्तु पुरीको घरमा खाना खान बोलाइएको थियो। उनी खाना खाएर घरमा फर्किएनन्। अनि उनको खोजी गर्न थालियो। गाउँलेहरूले शंका गरी पीडकको घरमा खोजी गर्दा बेहोश भएर लडिरहेका हरिबहादुर गिरीलाई फेला पारेका थिए। उनको अण्डकोशमा निकै चोट लागेको थियो। यस सम्बन्धी घटनाको जाहेरी मौखिक रूपमा खगेनकोट प्रहरी चौकीमा दिएपछि प्रहरीले रत्तु पुरी, कौशिला पुरी र कर्णबहादुर पुरीलाई पक्राउ गरेको छ।

मुरू गाविसका गलवीर वाठालाई **०५२ कार्तिक ६** गते राती खारा गाविस-७ घोरानीटारको मेलामा केही अज्ञात व्यक्तिहरूद्वारा छुरी हानेर हत्या गरियो। सो घटनामा संलग्न रहेको आरोप सोही गाविस-७ का टिमबहादुर घर्ती, जयबहादुर घर्ती, तुलबहादुर घर्ती, गलवीर पुन र डिल्ली घर्तीलाई लगाइएको छ।

हुकाम गाविस-७ का देशबहादुर घर्तीलाई **०५२ पुस १०** गते स्थानीय जयबहादुर घर्तीले भरूवा बन्दूकले छातीमा गोली प्रहार गरे। गोली लागेर पनि नमरेपछि खुकुरी प्रहार गरी टाउको छिनालेर हत्या गरे। हत्यापछि बन्दूक र खुकुरी लिई गाउँतर्फ आउँदै गरेको अवस्थामा जयबहादुरलाई प्रहरीले पक्राउ गऱ्यो। मृतक पीडकका सहोदर दाजु हुन्।

पोखरा गाविस-६ का मनसुर घर्तीको **०५२ पुस ९** गते

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	-	१	३
बलात्कृत	-	-	-	-
आत्महत्या	-	-	७	९

रूकुम जेल जहाँ बन्दीहरूलाई नेल लगाउने गरिन्छ।

रहस्यमय मृत्यु भयो। उनको मृत्यु स्वभाविक नभई कसैले हत्या गरेको हुनु पर्ने आशंका गरिंदैछ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेल, वर्गीकरण अनुसार "घ" श्रेणीमा पर्दछ। यसको बन्दी क्षमता १५ जनाको रहेको छ। यस वर्षको अन्त्यतिर यहाँ पुर्पक्षका लागि थुनिएका १३ जना थुनुवा र ७ जना बन्दी समेत जम्मा २० जना रहेका छन्। थुनुवामध्ये २ जना महिलाहरू छन्। तीमध्ये एक महिलासंग ५ वर्षीय बालिका पनि सँगै बस्छिन्। यस जेलमा हप्तामा २ दिन मात्र बन्दीहरूलाई उनीहरूका आफन्तसंग भेट गर्न दिइन्छ। ०५१ कार्तिक १६ गते जेल परेका ३५ वर्षीय लोकेन्द्र विष्ट संजमो (भट्टराई) का कार्यकर्ता हुन्। उनीलाई राजनीतिक व्यक्तिको हत्या गरेको आरोपमा पक्राउ गरी जेलमा थुनिएको छ।

१.३ गिरफ्तारी र यातना

काक्री गाविस-९ मा **०५२ मंदी १** गते गाउँलेहरू बीच सामान्य राजनीतिक विवाद हुँदा कुटाकुट भयो। यस घटनाका सम्बन्धमा काक्री गाविस-६ का रूजीबहादुर पुन समेतका व्यक्तिहरूले प्रहरी चौकी तकसेरामा उजुरी गरेपछि काक्री गाविस-९ का टेकमान घर्ती, डम्बरबहादुर गुरूङ्ग, रामचन्द्र गुरूङ्ग, श्रीप्रसाद गुरूङ्ग, धनकुमार गुरूङ्ग, डिलबहादुर बुढालाई ०५२ मंदी १ गते प्रहरीले पक्राउ गरी राती प्रहरी कार्यालयको स्वोरमा रास्वेर प्रहरी हवल्दार मृतु गिरी, प्रहरी जवान हरीबहादुर बुढाथोकी समेतले रक्सी स्वाएर पैतलामा तलमाथि लाठीले पिटे। राती सुत्ने समयमा कोठामा पानी पोस्वी दिएर ताल्चा लगाइदिएर पीडितहरूसंग भएका कम्बल, घुम आदि समेत स्वोसी अर्को कोठामा रास्विदिएको कुरा पीडितहरू बताउँछन्।

मुरू गाविसका गलवीर वाठाको हत्या गरेको अभियोगमा स्वारा गाविसका रिमबहादुर घर्ती, जयबहादुर घर्ती, तुलबहादुर घर्ती, गलवीर पुन र किल्ली घर्तीलाई प्रहरीले **०५२ कार्तिक २६** गते पक्राउ गऱ्यो। उनीहरूलाई विनापूर्जी पक्राउ गरी हिरासत्मा रास्वियो। त्यहाँ उनीहरूलाई गल लगाएर पेल्ने समेत गरी निकै यातना दिइयो। तीमध्येका रिमबहादुरको खुट्टाका फिलाको मासु चिराचिरा परेको देस्विन्थ्यो।

पोस्वरा गाविस-६ का मनसुन घर्तीलाई मारेको आरोप लगाई **०५२ मंसीर ९** गते प्रहरीले गिरफ्तार गरेर कलंबहादुर स्वड्का र तप्तबहादुर घर्तीलाई हिरासतमा अमानवीय यातना दिइयो। पीडितहरूलाई करेन्ट लगाउने, पीनले घोच्ने र स्वाना स्वान समेत नदिएर भोकै रास्वे समेत गरियो। आफन्तहरूसंग भेट गर्न समेत नदिएको बताइन्छ।

स्वारा गाविसका अध्यक्ष टेकबहादुर बुढालाई कुटपिट गरेको अभियोगमा स्थानीय दलबहादुर पुनलाई **मंसीर १९** गते प्रहरीले पक्राउ गरी हिरासतमा रास्वेको छ। त्यहाँ उनलाई मानसिक यातना दिइएको बताइन्छ। पीडितहरूसंग भेट गर्न समेत दिइएको छैन।

१.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको घटना भएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मा.वि. मुरूडाँडामा **०५२ वैशाख ७** गते सांस्कृतिक कार्यक्रमको पूर्व अभ्यास भइरहेको समयमा **पेउघा गाविस** घर भई सोही विद्यालयमा अध्ययन गर्ने प्रेमबहादुर स्वड्काले पेउघा गाविसकै १० वर्षीय कर्णबहादुर वलीको आँस्वामा बाँसले घोचेर देब्रे आँस्वा नै फोडिदिए।

काडा गाविस-५ का जुद्धबहादुर वुढा मगरले **०५२ कार्तिक ६** गते देवराज बुढा मगरलाई कुटपिट गरी सस्त्त घाइते बनाए। उनीहरू बीच अंशवण्डा सम्बन्धी विवाद थियो।

जिल्ला अदालतको रिकर्ड अनुसार यस जिल्लामा यो वर्ष कुटपिटका घटनाहरू २६ वटा दर्ता गरिएका थिए। अन्य कति मुद्दाहरू प्रहरी कार्यालयमै टुंगिएका थिए। कतिपय घटनाहरू गाउ घरमै मिलाउने गरिन्छ। अंशवण्डा, रक्सी, जुवा तास, गाली-गलौजका कारण यस किसिमका घटना हुने गरेको पाइन्छ।

पोस्वरा गाविस-७ का दलराज घर्ती र उनकी आमा ४६ वर्षीय रूपा घर्ती, फर्के घर्ती, चन्द्रबहादुर घर्ती, रणसिं पुन, मनबहादुर घर्तीलाई **०५२ कार्तिक ८** गते भाइटिकाको दिन गाउँमा नाचगान भइरहेको समयमा स्थानीय भीमबहादुर पुन, लालभक्ती घर्ती, टिकाराम घर्ती लगायतका १३ जनाको हुलले ढुंगामुडा गरे। उक्त घटनामा परी दलराज घर्तीको माथिको एउटा दाँत भाँचियो र टाउकोमा गम्भीर चोट लाग्यो। रूपा घर्तीको दाहिने आँस्वामा निकै चोट लाग्यो, चन्द्रबहादुर घर्ती, फर्के घर्ती र मनबहादुर घर्तीको टाउकोमा चोट लाग्यो भने रणसिं पुनको देब्रे गालामा गम्भीर चोट लागेको थियो। राजनैतिक रीसइवीका कारण उक्त घटना भएको बताइन्छ।

स्वारा गाविसका अध्यक्ष टेकबहादुर बुढा र मुरू गाविस-२ का कर्णबहादुर पुनलाई **०५२ मंसीर १९** गते रूघा गाविस-२ ठूलो स्वोला नजिकै केही नकावधारीहरूले कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएको घटना पाइएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५२ मंदी १२ गते सर्वोच्च अदालतको फैसला पछि मंदी १६ गते प्रयुसंघ, अनेरास्ववियू, अनेकिसंघ तथा अनेमसंघ

जिल्ला कमिटी रूकुमले संयुक्त रूपमा जुलुस प्रदर्शन गरिरहेको अवस्थामा जुलुसमाथि केही व्यक्तिहरूले ढुंगाप्रहार गरे। उक्त ढुंगामुढामा परी नुवाकोट गाविस-७ का डिल्लीजंग के.सी.लाई टाउकोमा चोट लागेको थियो।

०५२ पुस ९ गते रूकुम जिल्लाको कृषि सामाग्री संस्थानमा मल लिन गएका कृषकहरूले मल पाएनन्। तर केही सत्तापक्षीय नेताहरूले मल निकालिरहेका थिए। यस्तो अन्यायपूर्ण व्यवहार भएर मल नपाएपछि करीब २ सय जना जति कृषकहरूले नारा लगाउँदै खलंगा मा.वि.मा पुगेर उद्योग सहायकमन्त्री गोपालजीजंग शाहलाई ज्ञापन पत्र दिन खोज्दा प्रहरीले कृषकहरूमाथि लाठी चार्ज गरेर करिब ३० जनालाई घाइते बनायो। मा.वि. सिम्लेका प्र.अ. गोपाल सिं के.सी.लाई किसानहरूको पक्ष लिएको आरोपमा पक्राउ गरी केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक स्वतन्त्रता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा १ सय ७० वटा संक्षिप्त फौजदारी, ६९ वटा विशेष फौजदारी, ३८ वटा साधारण फौजदारी तर्फ ५६ वटा मुद्दा परेका थिए। अदालतप्रति जनताको सकारात्मक धारणा पाइए पनि ढिलासुस्ति प्रति भने गुनासो गरेको पाइयो।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

सामान्य रूपमा सरूवा हुनु नियमित प्रकृया नै हो। यस बाहेक अन्याय पूर्वक सरूवा, घटुवा, पक्षपात भएका कुनै घटना पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

थोरै संख्यामा भए पनि सुकुम्बासी समस्या यस जिल्लामा पाइन्छ। तर उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

नुवाकोट गाविस-१ का १९ वर्षीय आइते पुनले स्थानीय १९ वर्षीया स्विर्मी पुनलाई विहे गर्छु भनी **०५१ पुस १९** गते ढटेर शारीरिक सम्बन्ध गरे। स्विर्मी गर्भवती भइन् तर आइतेले विहे गरेनन्। ०५२ असार २७ गते उनी अदालतमा पुगेकी छिन्। पीडित स्विर्मी विवाहिता हुन् तर उनका पति परदेश गएकाले उनी माइती घरमा बसेकी थिइन्।

मग्मा गाविस-७ का २१ वर्षीय निमबहादुर कसारीले **०५२ असोज २०** गते स्थानीय १६ वर्षीया मैनी खत्रीलाई वनमा घाँस काट्न गएका बखत एक्लै फेला पारे। उनले मैनीलाई विहे गर्छु भनी जर्बजस्ती सिन्दुर हालेर घरमा ल्याई राखे। पीडित मैनीले विवाह बदर गरी पाउँ भनी जिल्ला अदालतमा निवेदन दिएकी छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

वाफिकोट गाविस-६ का ३० वर्षीय रत्नबहादुर के.सी.ले पत्नी डम्बरकुमारी के.सी. र धुनीवादको ७ वर्षीय छोरा अमृत के.सी. पनि हुँदाहुँदै **०५२ वैशाख** महिनामा हिमाली के.सी. भन्ने अर्को महिलालाई विहे गरी भित्र्याए। जेठी पत्नी डम्बरकुमारी के.सी.ले सम्बन्ध विच्छेद गरी पाउँ भनी जिल्ला अदालतमा निवेदन दिएकी छिन्।

जाजु गाविस-१ का २२ वर्षीय ज्ञानबहादुर बुढाले घरमा २५ वर्षीय पत्नी सुनकुमारी बुढा हुँदाहुँदै उनलाई कुटपिट गरी माइतीमा पठाएर **०५२ साउन २८** गते स्थानीय दीपकुमारी पुनलाई दोस्रो विहे गरे। पीडित जेठी सुनकुमारीले सम्बन्ध विच्छेद गरिपाउँ भनी जिल्ला अदालतमा निवेदन दिएकी छिन्।

४.३ गर्भपतन

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यहाँका थुप्रै वालवालिकाहरू शिक्षाको अधिकारबाट बंचित छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

गाउँ घरका साहु महाजनले गरीवहरूलाई व्याज थोपर्ने प्रचलन अद्यापि कायमै छ। यस बाहेक यस जिल्लामा औद्योगिक व्यवसाय नभएकाले आर्थिक अधिकार सम्बन्धी उल्लेख्य घटना भएको पाइदैन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस्तो प्रचलन उल्लेख्य रूपमा रहेको देखिएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

छुवाछूतको प्रचलन यस जिल्लामा अद्यापि कायमै छ। तर यो वर्ष उल्लेख्य घटना देखा परेन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लामा घटेका विभिन्न घटनाहरूमा आफ्नो पार्टीका मानिसहरूलाई राजनैतिक आस्थाका आधारमा फसाइएको कुरा संजमो (भट्टराई) ले टिप्पणी गरेको पाइयो भने संजमो कार्यकर्ताहरूले नै मानिसहरू कुटपिट गर्दै हिंडेको र आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरूको हत्या समेत गरेको टिप्पणी नेकाले गरेको पाइयो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

जिल्ला प्रहरी कार्यालयका अनुसार ४ वटा भवितव्यका घटनाहरू भए। **गोतामकोट गाविस-५** सल्यधाराको वनमा **०५२ जेठ ११** गते आगलागी हुँदा आगोमा परी १० वर्षीय कालु गिरी र डोल्पा जिल्ला घर भई भेडा गुहाला २१ वर्षीय मोती घर्तीको मृत्यु भयो। यस वर्ष ८ जनाले झुण्डिएर र १ जनाले विष सेवन गरेर आत्महत्या गरेको कुरा जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

■



४. मध्यपश्चिमाञ्चल

भेरी

४.६ बाँके

जनसंख्या : २८५६०४

साक्षरता : ३४.३ प्रतिशत

महिला साक्षरता : २१.६ प्रतिशत

क्षेत्रफल : २३३७ वर्ग कि.मी.

बाँके जिल्ला भेरी अञ्चलको तराई क्षेत्रमा पर्दछ। यस जिल्लामा कमैया प्रथा अझै कायमै छ। यहाँका अधिकांश नागरिक आफ्नो अधिकारका बारेमा सचेत छैनन्। मानवअधिकारका क्षेत्रमा क्रियाशील केही संघ संस्थाहरूले जनचेतना जगाउने कार्यक्रमहरू संचालन गरेका छन्। साम्प्रदायिक दंगाका कारण यो वर्ष यो जिल्ला निकै चर्चित रहयो।

१ सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

नेपालगञ्ज नपा-१६ सुर्खेत रोडमा ०५१ चैत १४ गते स्थानीय सुन व्यापारी बलवीर सिंहलाई लुट्ने प्रयासमा केही व्यक्तिहरूले गोली प्रहार गरी घाइते बनाए। पीडितको तिघ्राबाट थुप्रै स-साना छर्राहरू निकालिएको थियो। घटना स्थलमा एम.एफ.-३६ नं.को एक गोली पनि खसेको पाइएको थियो।

०५२ असार ११ गते वर्दिया **गुलरिया गाविस-७** का २१ वर्षीय धनबहादुर ठकुरीलाई नेपालगञ्ज पुरानो बसपार्कमा हिलो, दिशा, पिसाबमा लतपतिएको अवस्थामा फेला पारियो। अस्पतालमा पुऱ्याइ उपचार गर्दा गर्दै उनको मृत्यु भयो। तर पोष्टमार्टम नगरी लाश जलाइयो। उनको हत्या गरिएको पनि हुन सक्ने आशंका गरिएको छ।

पिप्रहवा गाविस-९ का पंचु दर्जीलाई स्थानीय माधव सोनार र नानपारा भारतका मेढइसिंह सरदारले **०५२ साउन २६** गते अपहरण गरी कालावञ्जरा भन्ने ठाउँमा पुऱ्याएर कुटपिट गर्न थाले। पंचु चिच्याएपछि भारतीय वनपालेहरू आए र माधव सोनार मेढइसिंह सरदारलाई कुटपिट गरी हत्या गरे। यस घटनामा संलग्न वकील गिरीलाई प्रहरीले पक्राउ गरेको छ।

नेपालगञ्ज नपा-२ का रूक्मप्रसाद वाग्लेको लाश **०५२ मंसीर १५** गते छिमेकीको निर्माणाधीन घरको भित्र पानी ट्यांकीमा फेला पऱ्यो। उक्त ट्यांकीमा मानिस मुश्कीलले मात्र छिर्न सक्छ। निर्माणाधीन घरमा काम गर्ने थारू-थरूनीहरू मात्र थिए। उनीहरू राती मानिस खसेको आवाज सुनेको तर अरू कुरा केही थाहा नभएको बताउँछन्। उता निर्माणाधीन घर बनाउने ठेकेदार सोही दिनदेखि फरार भएका छन्। घटनालाई रहस्यपूर्ण मानिएको छ।

महादेवपुरी गाविस-१ का ३३ वर्षीय गंगासागर चौधरीको लाश **०५२ मंसीर २१** गते सोही ठाउँको एउटा रूखमा झुण्डिएको अवस्थामा फेला पाऱ्यो। उनको दाहसंस्कार पनि गरियो। मृतक चौधरीकी पत्नीले ०५२ मंसीर २७ गते प्रहरी कार्यालयमा २ जनाको नाममा किटानी जाहेरी दिइन्। सोही अनुसार प्रहरीले मुलाई थारू र राम थारूलाई पक्राउ गरी बयान लिंदा उनीहरूले हत्या गरेको कुरा स्वीकार गरे।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको "ख" श्रेणीको जेलको बन्दी क्षमता १ सय २५ जनाको छ। यस वर्षको अन्त्यतिर यो जेलमा ७६ पुरूष, ५ महिला समेत ८१ जना थुनुवा र ९७ पुरूष, ३ महिला समेत १ सय जना कैद तोकिएका बन्दीहरूसमेत जम्मा १ सय ८१ जनालाई राखिएको छ। ती बाहेक महिला बन्दीहरूसंग बस्ने दुईजना केटा र १ जना केटी समेत ३ जना नाबालकहरू पनि रहेका छन्।

यस जेलका बन्दीहरू उपचारको व्यवस्था राम्रो नभएको गुनासो गर्दछन्। जेलभित्र स्वच्छ पानीको व्यवस्था भएको पाइएन। नेपालगञ्ज जस्तो गर्मी ठाउँमा रहेको जेल भित्र पंखाको समेत व्यवस्था नभएकोले गर्मी समयमा यहाँ बस्न साह्रै गाह्रो पर्ने कुरा बन्दीहरू बताउँछन्। नेकपा मसालसंग सम्बद्ध प्युठानका डब्ल्सिं के.सी. राजनीतिक बन्दीका रूपमा रहेका छन्।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	४	१	३
बलात्कृत	१	४	३	५
[बाबुद्वारा बलात्कृत				१]
आत्महत्या	-	५	४	७

१.३ गिरफ्तारी र यातना

बागेश्वरी गाविस-२ का भीमबहादुर थापा श्रीसलाई **०५१ चैत २९** गते राती ८ बजे प्रहरी निरीक्षक सुदीपराज भण्डारीले पक्राउ गरे। वडा प्रहरी कार्यालयमा पुऱ्याएर उनलाई निकै यातना दिए। ती प्रहरी निरीक्षकले एक महिलामाथि अभद्र व्यवहार गरेको हुँदा त्यसो नगर्न भनेपछि भिमबहादुरलाई गिरफ्तार गरिएको थियो।

०५२ जेठ ४ गते नेपालगञ्ज धम्बोजीदेखि पश्चिम खजुरा रोडमा मे.अ.ख ३६७ नं.का ट्रक चालक काजीबहादुर भण्डारीलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई ट्राफिक नियम उल्लंघन गरेको आरोपमा ट्रकबाट निकाली प्रहरी भ्यानमा राखियो। वाहनभित्रै प्रहरीहरूले तिनलाई कुटपिट गर्दै यातना दिए। सोही दिन राती तिनलाई अस्पताल पुऱ्याएर मादकपदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित गराई प्रहरी हिरासतमा राखियो। ०५२ जेठ ५ गते विहान पुनः अस्पताल पुऱ्याइयो। त्यहाँ स्वास्थ्य परीक्षण गरेपछि चिकित्सकको सल्लाह अनुसार थप उपचारका लागि लखनउ पुऱ्याइएको थियो। लखनउ अस्पतालमा स्वास्थ्य परीक्षणपछि औषधि दिई पूर्ण आराम गर्ने सल्लाह दिइएको थियो। यातनाको यो घटनाका सम्बन्धमा वास्तविकता बुझ्न इन्सेकका क्षेत्रीय संयोजक सूर्यप्रकाश भट्टराई, पत्रकारद्वय वासुदेव श्रेष्ठ र हेमन्त कर्माचार्य समेतको ३ सदस्यीय छानवीन समितिले चालक भण्डारीलाई प्रहरीले यातना दिएको ठहर गरेको छ। उक्त छानवीन समिति समक्ष पीडितले दिएको बयान अनुसार प्रहरी हिरासतमा निकै यातना दिइएको थियो। र चर्पी सफा गर्न समेत लगाइएको थियो। तर प्रहरी सूत्रका अनुसार उनलाई यातना नदिएको बताइन्छ।

वेलभार गाविस-८ का चेतराम नाउलाई साइकल चोरेको अभियोगमा **०५२ मंसीर १** गते वनकट्टा प्रहरी चौकीले पक्राउ गरी यातना दियो। तिनलाई हात खुट्टाले भूईमा टेक्न लगाएर पछाडि पुठ्ठामा डण्डाले हिर्काउने र शरिरका अन्य भागहरूमा पनि जथाभावी हिर्काएको कुरा पीडित बताउँछन्।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

नेपालगञ्ज नपा-७ फूल टेकराकी तुल्सी थरूनीलाई **०५१ फागुन ७** गते स्थानीय नारायण वर्मा, कचनापुर गाविस-७ का ढालबहादुर भण्डारी, होमबहादुर भण्डारी र खुसिराम थारू समेतका व्यक्तिहरूले कुटपिट गरे।

१.६ थुनामा मृत्यु

डोल्पाबाट नेपालगञ्ज जेलमा ल्याइएका ६० वर्षीय बन्दी सोनाम लामाको **०५१ फागुन ११** गते भेरी अञ्चल अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नेपाल विद्यार्थी संघले ०५२ साउन १६ गते राखेको "बन्द" कार्यक्रम सफल बनाउन नेपालगञ्जमा **साउन १५** गते जुलुस प्रदर्शन गरी संघ समर्थक विद्यार्थीहरू १६ गते विहानदेखि सडकमा धर्ना बसे। प्रहरीले बाटोमा अवरोध नगर्न अनुरोध गऱ्यो तर आन्दोलनकारीहरूले सडक छोडेनन्। त्यसपछि प्रहरीले लाठीचार्ज गर्नुका साथै १३ जना नेपाल विद्यार्थी संघ समर्थक विद्यार्थीहरूलाई गिरफ्तार गरेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक दङ्गाका कारण **०५२ कार्तिक ८ देखि ११** गतेसम्म **नेपालगञ्ज** तनावग्रस्त भयो। ०५२ कार्तिक ८ गते विहान त्रिभुवन चौक पूर्वलाइनका तरकारी व्यापारी राजु कवडिया र श्याम श्रेष्ठ बीच तरकारीको मूल्यलाई लिएर विवाद भई कुटाकुट भयो। श्याम श्रेष्ठलाई तरकारी पसलेहरूले सामुहिक आक्रमण गरे। त्यसपछि स्थानीय केही व्यक्तिहरूले तरकारी पसलहरूको तरकारी फाल्दै ठेला उल्टाइ दिए। सोही दिन बेलुका डि.एस.पी. रोडमा राजु वैश्यले पटका पटकाउँदा डेढ वर्षीय बच्ची तर्सिएको भनी बच्चीका बाबुले वैश्यलाई गाली गरे। यस विषयमा तनाव बढ्न गई ढुंगामुढा शुरू भयो। गस्ती प्रहरी घटना स्थलमा पुगी स्थिति तत्काललाई साम्य पाऱ्यो। तर यही घटनाले शहरका विभिन्न ठाउँहरूमा हिन्दू र मुश्लिम समुदायबीच झडप भयो। कर्फ्यू समेत लगाइयो। दुबै पक्षका गरी २० जना घाइते भए। दंगामा प्रत्यक्ष अप्रत्यक्ष रूपमा २० लाख रूपैया मूल्य बराबरको क्षति भएको अनुमान गरिएको छ। ०५२ कार्तिक १० गते नेपालगञ्ज नगरपालिका प्रमुखको अध्यक्षतामा सर्वदलीय बैठक बसेको थियो। उक्त बैठकले क्षतिपूर्ति सम्बन्धमा श्री ५ को सरकारसंग माग गर्ने प्रस्ताव पास गरेको थियो। बैठक पश्चात सम्पूर्ण राजनीतिक पार्टी, पत्रकार, बुद्धिजीवी, धार्मिक समूह आदिको शान्ति पद यात्रा समेत भएको थियो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्याय निष्पक्ष र सुगम तरिकाले नपाएको गुनासो यस जिल्लाका जिल्ला वासीहरूले गरेको पाइयो।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा २३ हजार ९ सय ९५ सुकुम्बासी परिवार भएको अनुमान गरिएको छ। विघटित सुकुम्बासी समस्या समाधान आयोगको रिपोर्ट अनुसार यस जिल्लामा १ हजार ६६ परिवार कमैया सुकुम्बासी रहेका छन्। उक्त आयोगले आफ्नो कार्यकालमा २ हजार ३ सय ५८ परिवारलाई जग्गा धनी लालपूर्जा वितरण गरेको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मनिकापुर गाविस-७ राँझाकी ३७ वर्षीय सीतादेवी वर्मालाई तिनका पति कृष्णकुमार वर्माले **०५१ फागुन २८** गते राती निकै कुटपिट गरे। पीडित महिला सोही दिनदेखि आफ्नो माइतीमा गएर बसेकी छिन्। सोनादेवी मानवअधिकार सचेतन मञ्चद्वारा सञ्चालित प्रौढ शिक्षा कार्यक्रमकी शिक्षिका हुन्। सामाजिक काममा आफ्नी

पत्नी हिंडेको मन नपरी त्यसरी कुटपिट गरेको बताइन्छ।

वागेश्वरी गाविस-९ "एफ" गाउँकी ५ वर्षीय बालिकालाई **०५२ जेठ ११** गते स्थानीय ६१ वर्षीय मनविर महताराले बलात्कार गरे। पीडक महतरालाई प्रहरीले पक्राउ गरी जेठ १५ गते जिल्ला अदालत **बाँकेमा** पेश गरेको छ।

नेपालगञ्जको एक क्लिनिकमा शरीरको एक्सरे गराउन गएकी वर्दिया जिल्ला मनाङ गाविसकी २८ वर्षीय महिलालाई सोही क्लिनिकका टेक्निसियन बब्लु हलुवाइले ०५२ जेठ १६ गते बलात्कार गरे। पीडक हलुवाईलाई प्रहरीले पक्राउ गरी हिरासतमा लिएको थियो।

सितापुर गाविस-१ की १० वर्षीय बालिकालाई **०५२ असार २** गते उनकै बाबु प्रतापसिंह ठकुरीले बलात्कार गरे। पीडक बाबुलाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ।

चिसापानी गाविस-१ का ३० वर्षीय विष्णुप्रसाद शर्माले स्थानीय ६ वर्षीय बालिकालाई ०५२ असोज महिनामा बलात्कार गरे। पीडित बालिकालाई मेरी अञ्चल अस्पतालमा जाँच गराइएको थियो भने पीडक विष्णुप्रसाद शर्मालाई प्रहरीले पक्राउ गरी कार्वाही चलाएको छ।

महिला बेचबिखन गरेको आरोपमा **०५२ असोजमा नेपालगञ्ज जमुनाका** प्रहरी चौकीका प्रहरीले कल्पना शाह नाम बताउने युवतीलाई पक्राउ गरे। तिनले एकवर्ष पहिले काठमाडौंकी एक महिलालाई भारत पुऱ्याएर बिक्री गरेको बताइएको छ।

पिप्रहवा गाविस-८ की १६ वर्षीय एक युवतीलाई **०५२ असोज ९** गते स्थानीय हिरा खटिकले बलात्कार गर्ने प्रयास गरे। तर पीडित महिला चिच्याएपछि गाउँलेहरू आउने डरले पीडक खटिक भागेका थिए। पीडित महिलाले पीडक विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी छिन्।

गोसाई गाउँकी १३ वर्षीय एक बालिकालाई **०५२ मंसीर २** गते स्थानीय वदल भजवाले भारतको नानपारामा लगी कटगरा भन्ने ठाउँका मनिराम भजवासंग ५ हजार रूपैयाँमा बिक्री गरे। पीडकलाई पक्राउ गरी कार्वाही चलाएको छ।

भवानीपुर गाविस-८ का दीपक मिण्डा र होलिया गाविस-७ की मालती लोतियालाई महिला किनबेच गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ। दीपक मिण्डाले रफेना गाविस-५ की एक १७ वर्षीय युवतीलाई विवाह गर्ने प्रलोभनमा भारतको रूपैडिया पुऱ्याए। रूपैडियाबाट ती युवतीलाई मालती लोतियाले भारतकै गुलरिया स्थित घरमा पुऱ्याएर रूपियाँ ६ हजारमा बिक्री गरेकी थिइन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

नेपालगंज नपा-८ गगनगंज टोलमा वादी जातिका युवतीहरूले देहव्यापार गर्ने गरेको पाइन्छ।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लाको शहरी क्षेत्रमा थुप्रै होटलहरूमा बाल मजदूरहरू पाइन्छन्। बालबालिकाहरूलाई घरेलु काममा पनि लगाउने गरेको देखिन्छ।

नेपालगञ्ज नपा-१ का ८ वर्षीय रविकुमार गुप्तालाई **०५२ मंसीर १७** गते आफ्नै बाजे मोतीलाल गुप्ताले ४ घण्टासम्म साङ्लाले बाँधेर राखे। आफ्नो नातिले राम्रोसंग नपढेको, फिल्म हेर्न गएको भनी त्यसो गरेको कुरा पीडक बताउँछन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा रहेका कारखानाहरूमा मालिकहरूले आफ्नै मनोमानी ढंगले पारिश्रमिक दिने गरेको पाइन्छ। कामको सुरक्षा छैन। मालिकले मजदूरहरूलाई जुनसुकै बेला पनि निकाल्ने गर्दछन्।

०५२ असार २३ गते रिक्सामा चढेर पनि राजी होटेलकी मालिक्नीले रिक्सावाल फरमान वुच्चरलाई पैसा नदिएर उल्टै कुटपिट गरिन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस जिल्लामा विद्यमान कमैया प्रथाले थारू जाति पीडित छन्। हाल गरिएको एक सर्भेक्षण अनुसार यस जिल्लामा १ हजार ६६ परिवार अर्काको घरमा कमैया बसी जीवन बिताउन वाध्य छन्। उनीहरूको पारिश्रमिक के कति हुन्छ भन्ने कुरा काममा लगाउने जमिन्दारकै निगाहमा भर पर्छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी कुनै उल्लेख्य घटना भएको पाइएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै पक्षबाट प्रेस वक्तव्य टिप्पणी आदि प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा **०५२ साउन २९** गते तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी, गृहमन्त्री खड्गप्रसाद ओली, प्रतिनिधि सभाका उपभामुख्य रामविलास यादव तथा नेकपा एमालेका उपमहासचिव वामदेव गौतम चढ्नु भएको शाही नेपाली सेनाको पुमा हेलिकोप्टर दुर्घटनाग्रस्त भयो। चालक मेजर किसेन्द्रबहादुर शाहीको कुशलताको कारण ठूलो क्षति हुन पाएन। मनमोहन अधिकारी, खड्गप्रसाद ओली वामदेव गौतम, किशेन्द्रबहादुर शाही, विष्णुबहादुर वस्नेत, इन्द्रबहादुर सिंखडा समेत दुर्घटनाबाट घाइते हुनु भएको थियो।

विभिन्न ट्राफिक दुर्घटनाहरूमा ४ जनाको मृत्यु भयो र ६ जना घाइते भए।

०५२ बैशाख महिनामा ७ वटा, जेठमा ५ वटा र मंसीरमा एउटा आगलागीका घटनाहरू भए।

यो वर्ष यस जिल्लामा ५ जना महिला र २ जना पुरूषले आत्महत्या गरे। तीमध्ये २ जनाले भुण्डिएर र २ जनाले विष सेवन गरेर आत्महत्या गरेका थिए।

■



४. मध्यपश्चिमाञ्चल

भेरी

४.७ बर्दिया

जनसंख्या : २८५६०४

साक्षरता : ३४.३ प्रतिशत

महिला साक्षरता : २१.६ प्रतिशत

क्षेत्रफल : २३३७ वर्ग कि.मी.

भेरी अञ्चलको वर्दिया जिल्ला नयाँ मुलुकका नामले पनि चिनिन्छ। तराई क्षेत्रमा पर्ने भए पनि यातायातको सुविधा त्यत्ति धेरै उपलब्ध छैन। बबई र कर्णाली नदी यसै जिल्ला भएर बग्ने हुनाले यो जिल्ला वर्षायाममा बाढीको चपेटामा पर्ने गर्दछ। थारू जातिको बाक्लो बस्ती भएको यो जिल्ला सुकुम्बासी समस्या र कमैया प्रथा आदि समस्याले चर्चामा आउने गर्दछ। यहाँ मानवअधिकार उल्लंघनका घटनाहरू बारम्बार देखा पर्ने गरेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

जमुनी गाविस-३ का २८ वर्षीय निर्मलदेव गिरीको **०५१ माघ ७** गते बेलवा गाविस-७ हात्तिखाल भन्ने ठाउँमा वनभोज गएका बेला बबई नदीमा डुबेर शंकास्पद मृत्यु भयो। मृतकलाई हत्या गरेर नदीमा फालेको हुन सक्ने आशंका गरिएको छ। मृतकको पेटमा पानी नहुनु, घाँटीमा डाम, नाक मुख सुनिएको र शरिरका अन्य भागमा निलडाम हुनुले हत्या भएको हुन सक्ने आशंका अझ बढेको छ। पीडितसंग सँगै वनभोज गएका सुर्खेत छिन्चु गाविस-७ का पूर्ण खरेल, रूपलाल वली समेतका ११ जनालाई ज्यान मारेको अभियोगमा मुद्दा चलाइएको छ। पीडित गिरीसंग उनीहरूको पुरानो रीसइबी भएको बताइन्छ। अदालतले सबैलाई तारेखमा छोड्ने निर्णय दिएको छ।

मधुराहर गाविस-९ का अन्दाजी ३९ वर्षीय पुलीलाल तेलीलाई **०५१ माघ ८** गते राती केही नकाबधारी व्यक्तिहरूले छुरी हानी हत्या गरे। पीडकहरू को हुन् पत्ता लाग्न सकेको छैन।

कालिका गाविस-७ का २१ वर्षीय कर्णबहादुरसिं ठकुरी **०५१ चैत २१** गते गुलरिया गाविस-८ की राधा पौडेलको घरमा बास बसेका थिए। त्यहीं उनको रहस्यमय मृत्यु भयो। पीडित र विधवा राधा पौडेल बीच अवैध सम्बन्ध समेत भएको बताइन्छ। उक्त दिन बेलुका राधा पौडेलका भाइ गणेश थापा सोही ठाउँका दुःखराम चौधरी समेत मृतकसंग एउटै कोठामा सुतेको बताइन्छ। मृतकको बाबुको जाहेरीमा प्रहरीद्वारा राधा पौडेल, गणेश थापालाई पक्राउ गरी पूर्पक्षका लागि थुनामा राखिएको र दुखराम चौधरीलाई तारेखमा छोडिएको थियो।

मधुराहर गाविस-८ का राजेन्द्र चाहीको ०५२ वैशाखमा हत्या गरेको आरोपमा स्थानीय वर्षाती मुसलमान र उनकै भाई ननकउ नाउ मुसलमानलाई पक्राउ गरी हिरासतमा राखियो। पीडकहरूकी बहिनीसंग पीडितले अनैतिक सम्बन्ध राखेको साथै उनीहरूले हत्या गरेको हुनु पर्ने कुरा जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

पशुपतिनगर गाविस-४ का ५५ वर्षीय वेचन थारूलाई **०५२ वैशाख २५** गते स्थानीय १६ वर्षीय गणेशप्रसाद थारूले कुटपिट गरी हत्या गरे। आफूलाई बोक्सो भनेको रीसमा पीडकले पीडितलाई कुटपिट गरेका थिए। जिल्ला अदालत वर्दियाले पीडकलाई १० वर्ष कैदको सजाय दिने फैसला गरेको छ। पीडक थारू हाल वर्दिया जेलमा बन्दी जीवन बिताइरहेका छन्।

इलाका वन कार्यालय मैना पोखरका अधिकृत ३८ वर्षीय मेघराज दाश चौधरी र रेञ्जर ४५ वर्षीय मित्रलाल थापालाई **०५२ असार १८** गते सोही कार्यालयका वन सुरक्षा गार्ड धर्म जंग विष्टले राइफलबाट गोली चलाएर हत्या गरे। पीडकलाई मोलिपल्ट नै प्रहरीद्वारा पक्राउ गरियो। पीडितहरूले रक्सी खाएर

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
निकुञ्जका सेनाको गोलीले मृत्यु				१
वन सुरक्षाकर्मीको गोलीले मृत्यु				१
हिरासतमा यातना	-	-	१	२
बलात्कृत	-	२	३	३
आत्महत्या	-	-	५	४

आई आफूसंग दूर्व्यवहार गरेकोले सहन नसकी अधिकृत चौधरीलाई मार्न भनी गोली चलाएको कुरा पीडकले बताएका छन्। पीडित रेञ्जरलाई आफूले मार्न नचाहेको तर पहिलो पटक चलाएको गोली उनलाई नै लाग्न गई मृत्यु भएकोमा पीडक विष्ट आफूलाई पछुतो भएको बताउँछन्। यस घटनाको आरोपमा सो कार्यालयका वन सुरक्षा गार्ड सुवाषचन्द्र झालाई समेत गिरफ्तार गरिएको थियो। यस सम्बन्धी मुद्दा जिल्ला अदालत वर्दियामा चलिरहेको छ।

नयाँगाउँ गाविस-४ का २६ वर्षीय मोदुराम थारूले **०५२ कार्तिक १** गते सोही गाविस-४ का २५ वर्षीय फुलाराम थारू र ६५ वर्षीय सोलुराम थारू समेत २ जनालाई वञ्चरोले हिर्काएर हत्या गरे। पीडकको मानसिक स्थिति ठीक नभएको बताइन्छ। उनलाई तत्कालै पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको थियो।

शाही वर्दिया राष्ट्रिय निकुञ्ज सौरपट्टी क्षेत्रमा शिकार खेलेको आरोपमा **०५२ मंसीर**मा एकजना शिकारीलाई उक्त निकुञ्जमा कार्यरत भिमकाजी गुल्म र निकुञ्जको संयुक्त गस्तीले गोली हानी हत्या गरे। हात हतियार सहित हिंडेका ती व्यक्तिलाई आत्मसमर्पण गर्न सम्झाउँदा पनि उल्टै गस्ती टोलीमाथि नै गोली चलाएपछि टोलीले पनि गोली चलाएको र यसै भीडन्तमा उनको मृत्यु भएको कुरा निकुञ्जका रेञ्जर रमेश थापा बताउनु हुन्छ। पीडित को को हुन् थाहा हुन सकेको छैन।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेल "ग" श्रेणीको भए पनि बन्दी क्षमता भने १ सय जनाको छ। कहिले काहीं यहाँ क्षमता भन्दा बढी बन्दीहरू पनि कोचेर राख्ने गरिन्छ। यो वर्षको अन्त्यतिर यस जेलमा २४ जना पुरूष र १ महिला समेत २५ जना थुनुवा र ५१ जना पुरूष, २ जना महिला समेत ५३ जना कैद तोकिएका बन्दी र २ जना नाबालक समेत जम्मा ८० जना रहेका थिए। बन्दीहरूलाई हप्तामा २ दिन आफन्तहरूसंग भेटघाट गर्न दिइन्छ। बन्दीहरूलाई दिइने सिरक, डसना राम्रो नहुने भएकाले २ वर्षसम्म टिकाउन गाह्रो परिरहेको गुनासो उनीहरूको रहेको छ। औषधि उपचारको राम्रो व्यवस्था नभएको गुनासो पनि उनीहरू गर्दछन्।

जेल प्रशासनका विरोधमा **०५२ पुस ११** गते बन्दीहरूले हडताल गरे। उनीहरूले जेलभित्रै विभिन्न नाराहरू समेत लगाए। प्रत्येक २ वर्षमा उपलब्ध गराइने सिरक, डसना, कम्बल, तन्नाहरू निम्नस्तरको वितरण गरिएपछि बन्दीहरूले नारा लगाएको कुरा कारागार सूत्रले बताएको छ। सरकारले विनियोजन गरेको वजेटमा दरी र सुकुललाई ५० रूपैयाँको दर तोकेको तर उक्त रकममा राम्रो दरी र सुकुल उपलब्ध गराउन गाह्रो परेको कुरा जेल प्रशासनबाट थाहा भएको छ।

१.३ गिरफ्तारी र यातना

कालिका गाविस-८ का ३२ वर्षीय विष्णु ढकाललाई **०५१ पुस २१** गते इलाका प्रहरी कार्यालयले पक्राउ गर्‍यो। पक्राउ पछि सो कार्यालयका सईले निर्ममतापूर्वक कुटेर उनलाई यातना दिए। पीडित ढकाललाई अर्काले चोरी गरेको पैसा राखेको आरोपमा पक्राउ गरिएको थियो।

कालिका गाविस-८ का ४० वर्षीय रामबहादुर सुनार, नन्दे वि.क. र कर्ण वि.क.लाई **०५२ असार २१** गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा पुर्‍याइयो र अर्को दिन प्रहरी निरीक्षक राजेन्द्रबहादुर सिंहले काठको छडीले पैतालामा हान्ने र बुटले तिघ्रामा हिर्काउने गरेर यातना दिएका थिए। पीडित रामबहादुरलाई ज्यान मार्ने उद्योग गरेको आरोपमा मुद्दा लगाइएको थियो।

१.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको कुनै घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान सीताराम के.सी.लाई **०५१ चैत ११** गते राती गस्तीमा हिंडेको अवस्थामा समिन अहमद लगायतका व्यक्तिहरूले कुटपिट गर्नुका साथै वर्दी समेत च्यातिदिए।

सानोश्री गाविस-३ की तिलकुमारी खत्रीले **०५२ जेठ ११** गते आफ्नै पति मस्तबहादुर खत्रीलाई बञ्चरोले गर्धनमा प्रहार गरेर सख्त घाइते बनाइन्।

कालिका गाविस-८ का कर्णबहादुर सुनारलाई **०५२ जेठ १६** गते स्थानीय गोविन्दप्रसाद पौडेलले जग्गा सम्बन्धी विवाद हुँदा खुकुरी प्रहार गरी सख्त घाइते बनाए।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक घनश्याम भट्टलाई **भारतको विथिया हुँदै राजापुर** तर्फ जाँदै गर्दा **०५२ जेठ महिना**मा भारतीय नागरिकहरूले सांघातिक आक्रमण गरी सख्त घाइते बनाए।

मोतिपुर गाविस-७ का टिकाराम जैसी र भिमबहादुर रेग्मीलाई **०५२ असार १७** गते स्थानीय सुजिया थारू, सुव्वा थारू र टहरू थारू समेतका व्यक्तिहरूले कुटपिट गरे।

१.६ थुनामा मृत्यु

यस सम्बन्धी कुनै घटना पाइएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक स्वतन्त्रता हनन भएका कुनै घटना सार्वजनिक जानकारीमा आएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला प्रहरी कार्यालय वर्दियामा यस वर्ष जम्मा ४८ वटा मुद्दा दर्ता गरिए। ती मध्ये कर्तव्य ज्यान सम्बन्धी ३, सार्वजनिक अपराधका ७, ज्यानमार्ने उद्योग गरेका २, जबर्जस्ती करणीका २ र जीउ मास्ने बेच्ने सम्बन्धी २ थिए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

जिल्ला शिक्षा कार्यालय वर्दियाबाट ०५२ असार २१ गते अस्थायी नियुक्ति पाएका शारदा थापा, विष्णु पौडेल समेतका शिक्षिकाहरूलाई **०५२ कार्तिक १९** गते अवकाश दिइयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासीहरूको संख्या धेरै छ। नेपाली कांग्रेसको शासनकालमा गठन भएको आयोग समक्ष १९ हजार १ सय ९१ सुकुम्बासीको निवेदन परेको थियो। ती मध्ये ८ हजार ३ सय ३० जनालाई २ हजार १ सय ४४ विघा जग्गाको जग्गा धनी पूर्जा वितरण गरिएको थियो भने एमाले शासन कालमा गठन भएको सुकुम्बासी समाधान आयोगले ६ हजार ९ सय ८७ जना सुकुम्बासीलाई १ हजार ९ सय ११ विघा ११ कठ्ठा १२ धुर जग्गा वितरण गरेको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

बेलवा गाविस-७ राँफाकी २३ वर्षीय एक महिलाले **०५१ पुस २९** गते छोरी जन्माइन्। तर उनका पति हरिबहादुर मल्लले मेरो बच्चा होइन भनी आमा छोरीलाई अलपत्र पारेका छन्।

मगरागढी गाविस-९ औरी सुकुम्बासी वस्तीकी ६ वर्षीय बालिकालाई **०५१ माघ १** गते सोही ठाउँका ११ वर्षीय हर्कमान दमाईले मिठाइ ख्वान भनी आफ्नै घरमा बोलाएर बलात्कार गरे। यस सम्बन्धी मुद्दा जिल्ला अदालतमा चलिरहेको छ।

बेलवा गाविस-७ राँफाकी ३१ वर्षीय एक विधवा महिलाले **०५१ माघ २३** गते बच्चा जन्माइन्। तर उनीसंग अनैतिक शारीरिक सम्पर्क राख्ने बाँके जिल्ला उदायन गाविस-२ का ५० वर्षीय लिले सुनारले उनीलाई अस्वीकार गरेर भागेपछि पीडित महिला अलपत्रमा परेकी छिन्।

०५२ साउन १ गते आरक्षको सैनिक जवान २८ वर्षीय कुलबहादुर श्रेष्ठले **गोला गाविस-३** की ३० वर्षीय थारू महिलालाई घरमा सुतिरहेको अवस्थामा बलात्कार गरे। पीडकलाई कार्वाही गर्न दबाव दिन सो गाउँका जनताले जिल्ला प्रशासनमा धर्ना समेत दिनु परेको थियो।

मोतीपुर गाविस-८ का रमेश कुमार वि.क.ले **०५२ साउन ६** गते आफ्नी पत्नी पार्वती वि.क. र साथमा २ वर्षको छोरालाई समेत भारतको रूपैडिया पुऱ्याएर हरिद्वार जाने बसमा चढाए। तर आफूसँगै नगएर महिला र बच्चालाई अलपत्र पार्ने काम गरे। प्रवासी नेपाली संघ भारत नगर समिति चण्डीगढले ती पीडित महिलाको उद्धार गरेको थियो।

जमुनी गाविस-८ की १७ वर्षीय एक युवतीलाई **०५२ मंदी २०** गते बाँके जिल्ला ओढारापुर गाविस-२ का २५ वर्षीय कृष्णप्रसाद श्रेष्ठले बलात्कार गर्ने प्रयास गरेका थिए। पीडक फरार छन्।

वनकटवा गाविस महादेवा भन्ने ठाउँकी १६ वर्षीय युवतीलाई जंगलमा दाउरा लिन गएको अवस्थामा **०५२ कार्तिक २२** गते वेलवा गाविस-५ का २५ वर्षीय तुलसीराम चौधरीले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस जिल्लाको राजापुर लगायतका केही ठाउँहरूमा वादी जातिका केही महिलाहरूले खुलेआम देहव्यापार गर्ने गर्दछन्। यस काममा १३ देखि ४५ वर्षसम्मका महिलाहरू संलग्न रहेको पाइन्छ।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लामा कैयौं कमैया मजदूरका छोराछोरीहरू बाबुले काम गर्ने घरमा काम सघाउनु पर्ने भएकाले पढ्ने लेख्ने अधिकारबाट वञ्चित रहेको पाइन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

शान्ति प्रा.वि. वालापुरकी शिक्षिका शारदा थापाले आफूले पाउनु पर्ने पूरा पारिश्रमिक नपाएको गुनासो गरेकी छिन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

बाँधा मजदूरको रूपमा रहेका कमैयाहरूको संख्या यस जिल्लामा निकै पाइन्छ। यिनीहरूलाई प्रत्येक वर्षको माघ महिनामा किनबेच गर्ने चलन अहिले पनि कायमै छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै घटनाका सम्बन्धमा कुनै पक्षबाट पनि वक्तव्य वा टिप्पणी प्रकाशित वा प्रसारित भएको सार्वजनिक जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ट्राफिक दुर्घटनामा परी ५ जनाको र डुबेर ३ जनाको मृत्यु भयो। यसरी नै डकैतीका ६ वटा घटनाहरू सार्वजनिक जानकारीमा आए। तीमध्ये सबैभन्दा ठूलो डकैती खैरापुर गाविसका वैजनाथ बञ्जराको घरमा भएको थियो। राती १ बजेतिर १० जना हतियार सहितका भारतीय डाँकाहरूले घरधनीका छोरालाई पिस्तोल प्रहार गरी घाइते बनाए। विवाहको लागि तयार पारेको ४० हजार नगद, ६ तोला सुन र १७५ तोला चाँदी लुटेर लगे।

महम्मतपुर गाविस-८ का २८ वर्षीय जयराम थारूले **०५१ चैत २८** गते विष सेवन गरी आत्महत्या गरे। बाबुआमाले आफ्नी प्रेमिकासंग बिहे गर्न नदिएका कारण उनले आत्महत्या गरेको बताइन्छ। यी बाहेक अन्य ३ जनाले पनि यस वर्ष आत्महत्या गरेका थिए।

मैनापोखर गाविस-१ का ३७ वर्षीय कृष्ण थारूले **०५२ बैशाख १७** गते गरिबीको कारण थायोडिन नामक विष सेवन गरी आत्महत्या गरे।

०५२ साउन २८ गतेको अविरल वर्षाका कारण बबइ नदीमा आएको बाढीले यस जिल्लाका करीब ३ हजार ५ सय परिवारलाई प्रभावित पारेको थियो। बाढी पीडितहरूलाई श्री ५ को सरकार र आर.आर.एन. लगायतका गैरसरकारी संस्थाहरूले सहयोग पुऱ्याएका थिए। ■



४. मध्यपश्चिमाञ्चल

भेरी

४.८ सुर्खेत

जनसंख्या : २२५७६८

साक्षरता : ४२.४ प्रतिशत

महिला साक्षरता : २५.४ प्रतिशत

क्षेत्रफल : २४५१ वर्ग कि.मी.

मध्य पश्चिमाञ्चलको भेरी अञ्चलमा पर्ने सुर्खेत जिल्लाका ९५ प्रतिशत नागरिकहरू कृषि पेशामा संलग्न छन्। ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार, मगर, कामी, दमाई, सार्की र वादी जातिको बसोबास रहेको यो जिल्लामा बेला बेलामा जातीय दंगाका घटनाहरू पनि हुने गरेको पाइन्छ। मानवअधिकार हननका दृष्टिले यो जिल्ला पनि चर्चामा रहने गरेको छ। यो वर्ष यहाँ एउटा पार्टीप्रति आस्था राख्ने मान्छेलाई बाँधेर कुटपिटद्वारा यातना दिई जबर्जस्ती अर्को पार्टीको सदस्यता लिन लगाएर राजनीतिक स्वतन्त्रताको हनन गर्ने घटना समेत हुन पुग्यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

विजौरा गाविस-९ का २७ वर्षीय जंगे कामीलाई कैलाली सुंगुरखाल गाविस-२ का ३८ वर्षीय दलबहादुर शाहीले पैसा लुट्ने उद्देश्यले **०५२ बैशाख २९** गते चिरूवा दाउराले हानेर हत्या गरे।

छिन्चु गाविस-५ का २५ वर्षीय प्रिमी सुनारलाई सोही ठाउँमा बस्ने दलबहादुर सुनारले **०५२ जेठ ३** गते हत्या गर्‍यो। सो हत्यामा सोही ठाउँका दानबहादुर र चन्द्रबहादुर पनि संलग्न रहेका थिए।

कल्याण गाविसका ३२ वर्षीय कृष्णबहादुर रास्कोटीले पैसा लुट्ने उद्देश्यले उत्तरगंगा-८ का ४६ वर्षीय नरबहादुर गुरूङ्गलाई **०५२ जेठ १४** गते राती टर्च लाइटले हिर्काइ हत्या गरे।

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	२	-	-	२
बलात्कृत	-	२	-	२
आत्महत्या	-	६	१३	१३

तातापानी गाविस-५ का ५२ वर्षीय बुधे दमाईले आफ्नी पत्नी कलसरी दमिनीलाई रक्सी खाएको बेलामा असावधानीपूर्वक संभोग गर्न खोज्दा नमानेपछि बञ्चरोले हिर्काइ **०५२ जेठ २७** गते हत्या गरे।

लाटीकोइली-४ का ४८ वर्षीय डम्बरबहादुर सार्कीले आफ्नै पत्नी उर्जाल दुर्गा सार्कीलाई **०५२ कार्तिक ९** गते टाउको बटारेर हत्या गरे।

सुर्खेत, सहारे-९ का ५२ वर्षीय आफ्नै पिता रामबहादुर घर्तीलाई जेठी पत्नी पट्टिका छोरा टोपबहादुर घर्ती र गुत्तीबहादुर घर्तीले अंशको झगडामा खुकुरीले हिर्काइ ०५२ असोज १० गते हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरेको छ।

१.२ जेल र बन्दीहरू

जम्मा २५ जना मात्र राख्न सकिने क्षमता भएको सुर्खेत कारागारमा हाल २८ जना थुनुवा र १२ जना कैदी गरी जम्मा ४० जना रहेका छन्। क्षमताभन्दा धेरै बन्दीहरू भएको हुँदा बस्नको लागि ठूलो समस्या रहेको छ। पानी, मनोरञ्जन, तालीम, शिक्षा इत्यादिको व्यवस्था छैन। जेलबाट पाइने रकम पनि फरक-फरक रहेको छ। ०४९ सालमा फौजदारी मुद्दा लागेका कमलप्रसाद रेग्मीले पटक-पटक निवेदन चढाउँदा पनि परीक्षा दिनबाट वञ्चित रहेका छन्। उनले पढ्न र जाँच दिन पाइने सेन्ट्रल कारागारमा सरूवा माग्दा पनि सरूवा गरिएन। पढ्न र परीक्षा दिन पाउने मौलिक अधिकारबाट समेत उनलाई वञ्चित गरिएको छ।

१.३ गिरफ्तारी र यातना

विरेन्द्रनगर नपाका-४ का २३ वर्षीय दीपक सार्कीलाई जिल्ला प्रहरी कार्यालयमै एकजना प्रहरी हवल्दारलाई हिर्काएको अभियोगमा **०५२ जेठ ५** गते निर्मम रूपमा यातना दिइयो। निज सार्कीलाई विना कसुर अनाहकमा पिटिएको छ

भनी विरेन्द्रनगर न.पा.-४ का मानवअधिकारवादी निर्मल पन्तले जनाएका छन्।

लेखफर्सा गाविस-६ का ३४ वर्षीय टेकबहादुर फौजरलाई कुटपिटको अभियोगमा **०५२ असार २३** गते गिरफ्तार गरी निर्मम रूपमा यातना दिइयो। निजमाथि कानूनी कार्वाही गर्नु पर्नेमा विभागीय कार्वाही गर्ने भन्ने बुझिएको छ।

जन मा.वि.मा कक्षा ९ मा पढ्ने यादव के.सी.लाई उनकै घर अगाडि वृद्धपथमा प्रहरी जवान कर्णबहादुर सिंहले **०५२ कार्तिक ३०** गते अन्धाधुन्ध लाठीले हिर्काए। प्रहरी र स्थानीय युवाहरूमा तनावको वातावरण रहेका कारण प्रहरीद्वारा रीस फेर्न उनलाई त्यसरी पिटिएको थियो।

१.४ बेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना भएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

नेवारेको अम्मरज्योती मा.वि. को चौकीदार पुरीश्चन्द्र भट्टराईलाई **०५१ माघ १८** गते राती सुती रहेको बेलामा **वीरेन्द्रनगर नपाका-१०** का तेजबहादुर थापा, आदर्श शाह, दीलिप शाह, खीलाल कामी, बीरबहादुर कार्की समेतले मरणासन्न हुने गरी कुटपिट गरी नगद समेत लुटे।

शिक्षा क्याम्पसका प्राध्यापक लिलबहादुर के.सी.लाई **लाटीकोइली गाविस-७** कृष्णबहादुर मल्लले **०५१ माघ १८** गते विरेन्द्रनगर नपाका-६ तल्लो बजारमा विनाकारण कुटपिट गरे। घटनाका बारेमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी गरेपछि पीडकलाई थुनामा राखी केही दिनपछि छोडिएको थियो।

उत्तरगंगा गाविस फलाटेको खेतमा सोही ठाउँका मानदेव भारतीलाई **०५२ असार ९** गते सोही ठाउँका हरिबहादुर गुरूङले खुंडाले हिर्काएर घाइते बनाएका छन्।

वीरेन्द्रनगर बजारमा सुनको काम गर्ने भरत नेपालीलाई एक अज्ञात व्यक्तिले **०५२ भदौ २८** गते छुरी र चेन प्रहार गरी घाइते बनायो।

गुठु गाविस-८ का जंगबहादुर कामीलाई **०५२ साउन १८** गते स्थानीय देवीराम उपाध्यायको नेतृत्वमा आएको ४०-५० जनाको हुलले बाँधेर प्रहरी चौकी बाबीयाचौरमा लगी कुटपिट गरे। निजलाई एमाले पार्टी त्याग गरी कांग्रेसको सदस्यता दिलाएर मात्र छोडिएको थियो।

विरेन्दनगर नपाका-९ स्थित नगर विकासको भवन अगाडिको बाटोमा तीन जना अज्ञात व्यक्तिहरूले अ.हे.व. क्याम्पसका निमित्त क्याम्पस प्रमुख मधुसुदन आचार्यलाई **०५२ भदौ २८** गते निर्मम रूपमा कुटपिट गरे।

विरेन्दनगर नपाका-७ इत्रामको बाटोमा श्री जन मा.वि.का शिक्षक ३० वर्षीय जीवन उपाध्यायलाई स्थानीय ध्रुव चापागाइको निर्देशनमा विरेन्दनगर न.पा.-८ का चन्द्रबहादुर राफ्ाली र सोही ठाउँका पविन्द्र शाहीले **०५२ असोज ५** गते कुटपिट गरे।

सहारे गाविस-४ स्थित धनबहादुर शाहको बारीमा पानी पटाउँदै गरेका ३२ वर्षीय गुञ्जमान बुढालाई सोही ठाउँका २२ वर्षीय रूद्रजङ्ग शाहले रीसइबीको कारण **०५२ असोज ६** गते चक्कु प्रहार गरेर मरणासन्न हुने गरी घाइते बनाए।

विरेन्दनगर नपाका-२ का रामप्रसाद थानी वडा नं. १ का चुडामणि थानी, तथा उत्तरगंगा-१ का डिल्ली थानी, रमेश थानी, कृष्ण थानी, नेत्र थानी, दिपक थानी, गोपी थानी बीच **०५२ असोज १०** गते हुल्का हानाहान भयो। रामप्रसाद थानी र चुडामणि थानीलाई कुटपिट गरेको भन्ने आरोपमा उत्तरगंगा-१ का ६ जनालाई सार्वजनिक अपराध मुद्दा दिइयो।

लाटीकोइली गाविसका शेरबहादुर पन्त, रूपे हमाल, सूर्य हमाल, यज्ञ थापा, मनोज पन्त र सूर्य हमालको माइले निलपुर निवासी हिरालाल चौधरी, प्रवी चौधरी, कुइरी थरूनी, कृष्णबहादुर चौधरी, लालबहादुर चौधरी, खुशीराम चौधरी, पृथ्वीबहादुर चौधरीलाई **०५२ असोज १७** गते अमानवीय रूपमा कुटपिट गरे। घटनाका बारेमा उजुरी गर्दा प्रहरीले समेत केही चासो देखाएन।

छिन्चु गाविस अध्यक्ष बखतबहादुर खरेलले **०५२ असोज** २२ गते सोही ठाउँका २४ वर्षीय लोकेन्द्र गौतमलाई कुटपिट गरे।

बाबीयाचौर गाविसका रामप्रसाद शर्मा र उनकी पत्नीलाई सोही ठाउँका मणिराम बुढाले राजनीतिक आस्थाका कारण **०५२ असोज २३** गते कुटपिट गरे।

बजेडीचौर गाविस-९ का २९ वर्षीय भक्तबहादुर खत्रीले स्थानीय शिक्षक प्रेमप्रसाद शर्मालाई राजनीतिक आस्थाका कारण **०५२ कातिक १०** गते कुटपिट गरे। पीडित प्रेमप्रसाद शर्मा नेकपा एमाले समर्थक र पीडक भक्तबहादुर खत्री नपाली कांग्रेस समर्थक हुन्।

विरेन्दनगर नपाका-६ का २४ वर्षीय सरयू नेपाली र सोही ठाउँका २२ वर्षीय महेन्द्र शाही बीच **०५२ कातिक १०** गते आपसी वादविवादमा कुटाकुट भयो। घटनामा महेन्द्र शाहीको टाउकोमा १६ वटा टाँका लगाउनु परेको थियो भने सरयू नेपालीको ओठमा पनि टाँका लगाउनु परेको थियो।

लाटीदेवी गाविसका ४ जना हुल्याहा व्यक्तिहरूले **०५२ कातिक १८** गते राती गस्ती गरिरहेका प्रहरी जवान गोपीलाल राना र छविलाल चौधरीलाई विनाकारण कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस वर्ष मेला हुने र संगठित हुने अधिकारबाट वञ्चित भएको उल्लेखनीय घटना जानकारीमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

लेखफर्सा गाविस घर भई हाल सुर्खेत जिल्ला कारागारमा कैदी जीवन बिताइरहेका १८ वर्षीय कमलप्रसाद रेग्मीले जेलबाट एस.एल.सी. परीक्षा दिन पाएनन्। उनी १३ वर्षको उमेरमा बाबुलाई मारेको अभियोगमा जेल परेका हुन्। उनले पढ्न र परीक्षा दिन पाउँ भनी काठमाडौं केन्द्रीय कारागारमा सरूवा माग्दा सरूवा पनि गरिएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

सहारे गाविस बढिचौरका वनपाले पदमबहादुर अधिकारीलाई राजनैतिक आस्थाका कारणले इलाका वन कार्यालय सहारेबाट ०५२ कार्तिकमा अपायक ठाउँ लेखगाउँमा सरूवा गरियो।

जिल्ला प्रशासन कार्यालय सुर्खेतका ना.सु. केसरसिंह माझीलाई ०४८ सालको कर्मचारी आन्दोलनमा लागेको आरोपमा कालीकोट सरूवा गरिएको थियो। ०५० सालमा सुर्खेतमै सरूवा गरियो र ०५२ कार्तिकमा उनलाई म्याग्दी सरूवा गरिएको छ। यहाँ उल्लेखनीय कुरा के छ भने एक पटक हिमाली क्षेत्रमा सरूवा गरिए पछि पुनः सरूवा गर्न ५ वर्ष बितेको हुनु पर्ने भन्ने नि.से.नि.मा स्पष्ट उल्लेख छ।

जिल्ला शिक्षा कार्यालय सुर्खेतले ०५२ मंसीर २८ गतेको मन्त्रिमण्डलको निर्णयपछि वलीराम रावल, इन्द्रराज पौडेल, कुशेश्वर ठाकुर, भीमबहादुर खत्री लगायत १६ जना शिक्षकलाई घटुवा गऱ्यो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस वर्ष भूमिहीन तथा सुकुम्बासी सम्बन्धी उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

दशरथपुर गाविस-६ का ३१ वर्षीय महिलालाई विरेन्द्रनगर न.पा.-९ का दिलिपबहादुर शाही र दुल्लु दैलेख बस्ने वर्ष १८ का आदर्श शाहले **०५१ फागुन २०** गते राती २ बजे सुतिरहेको अवस्थामा बलात्कार गरे।

विरेन्द्रनगर न.पा.-४ भैरवस्थानको भैरव मा.वि.मा कक्षा ६ मा अध्ययनरत दुर्गाबहादुर वलीले सोही विद्यालयमा कक्षा १ मा पढ्ने वर्ष ७ की एक बालिकालाई **०५२ साउन १** गते बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

साल्कोट गाविस-५ का ६५ वर्षीय राजकुमार खनालले **०५१ माघ १५** गते सोही ठाउँकी १६ वर्षीय सिद्धकला न्यौपानेलाई तेस्रो पत्नीको रूपमा विवाह गरे।

साल्कोट-५ का ४५ वर्षीय रणबहादुर सुनारले घरमा पत्नी हुँदाहुँदै **०५२ जेठ**मा दोस्रो विवाह गरे।

साल्कोट-५ का २३ वर्षीय तिलक कंडेलले घरमा पत्नी हुँदाहुँदै **०५२ कार्तिक**मा सोही ठाउँकी हरीमाया कंडेलसंग दोस्रो विवाह गरे।

साल्कोट-४ का २० वर्षीय देवीराम कंडेलले दोस्रो पत्नीको रूपमा **०५२ मंसीर**मा स्थानीय चन्द्रा बुढालाई बिहे गरे।

४.३ गर्भपतन

यस वर्ष गर्भपतनका घटनाहरू सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना देखा परेको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

उल्लेख्य घटना देखा परेन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

उल्लेख्य घटना देखा परेन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

घटनाका सम्बन्धमा प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष बसले किचेर २ जना, रूखबाट खसेर १ जना, साइकलबाट लडेर १ जना, भिरबाट खसेर २ जनाको मृत्यु भयो। आगलागीका दुईवटा घटना भए। विष सेवन गरेर ३ जना र झुण्डिएर १० जना गरी जम्मा १३ जनाले आत्महत्या गरे। यो वर्ष मल तस्करीको एउटा घटना पनि देखा परेको थियो। ■

४. मध्यपश्चिमाञ्चल

भेरी

४.१ जाजरकोट

जनसंख्या : ११३९५८

साक्षरता : २३.५ प्रतिशत

महिला साक्षरता : ९.० प्रतिशत

क्षेत्रफल : २२३० वर्ग कि.मी.

भेरी अञ्चलमा पर्ने जाजरकोट दुर्गम पहाडी जिल्लाको रूपमा चिनिन्छ। यस जिल्लामा पुग्न अहिलेसम्म मोटर बाटो बनेको छैन। यस जिल्लाका अधिकांश जनता शैक्षिक चेतनाको अभावमा आफ्नो हक र अधिकारका बारेमा सजक छैनन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

अछिनी गाविस-२ मा **०५२ कार्तिक १०** गते लागेको मेलामा टालेगाउँ गाविस-५ का बहादुरे मगरले अछिनी गाविस-७ का ५३ वर्षीय खड्के नेपालीलाई अग्लो ढिस्काबाट धकेली लडाए। लड्दा नेपालीको गर्धनमा निकै चोट लाग्यो। सोही चोटका कारण घर पुऱ्याउँदा-पुऱ्याउँदै उनको मृत्यु भयो। पीडक बहादुरे मगर फरार भए भने प्रहरीले पीडकका दाजु पर्ने पृथ्वीबहादुर मगरलाई पक्राउ गऱ्यो। तर उक्त घटनामा उनका दुवै हात नरहेको बताइन्छ।

जुम्ला जिल्ला **महतगाउँ गाविस-५** घर भई जिल्ला वन कार्यालय जाजरकोट अन्तर्गत इलाका वन कार्यालयमा वनपाले पदमा कार्यरत ४३ वर्षीय दक्षिणकाली महतको **०५२ कार्तिक ९** गते कार्यालयमै ड्युटी बसीरहेका बखत रहस्यमय तरिकाबाट मृत्यु भयो। निज महतको हत्या गरिएको आशंका गरिँदैछ।

थलारैकर गाविस-४ ०५२ कार्तिक १८ गते लागेको मेलामा जुंगा थापाचौर गाविस-८ का १६ वर्षीय नैनसराकुमारी शाहीको हत्या भयो। उक्त दिन सो मेलामा थलारैकर गाविस र जुंगा थापाचौर गाविसका केही व्यक्तिहरू बीच झगडा भएपछि दुई गाविस बीचका मानिसहरू बीच झडप शुरू भयो। एक पक्षले अर्को पक्षलाई लखेट्दै जाने क्रममा मेला लागेको ठाउँबाट करिब सय मिटर टाढा बसेकी नैनसरा शाहीमाथि नै ती व्यक्तिहरूले लाठी, ढुङ्गा हिर्काउँदा चोटले उनको मृत्यु भयो। उनी मरिसकेपछि लाशलाई ठूलो भीरबाट तल फ्याँकिएको थियो। ०५२ कार्तिक १९ गते जिल्ला प्रहरी कार्यालयमा यस घटनाको जाहेरी गरेपछि हत्याको आरोप लागेका बीरबहादुर शाही, टोपबहादुर शाही, रामबहादुर शाहीलाई प्रहरीले पक्राउ गऱ्यो भने अन्य ३ जना फरार छन्।

जुङ्गा थापाचौर गाविस-१ का २५ वर्षीय गोरे कामीलाई **०५२ साउन २३** गते हत्या गरेको आरोप स्थानीय मन्दिरे कामी, नैनसरा कमिनी र भिमे कामी समेतलाई लगाइएको छ। उनीहरू बीच पैसा लेनदेनको कुरामा विवाद भएको बताइन्छ। गाउँलेहरूले नै पीडकहरूलाई पक्राउ गरी ०५२ साउन ३० गते प्रहरी कार्यालयमा बुझाएका थिए।

राग्दा गाविस-५ ध्यार गाउँलाई **०५२ मंसीर २५** गते देखि पुस ५ गतेसम्म घेराबन्दी गरियो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजुबाबु श्रेष्ठको नेतृत्वमा गएको ३३ जनाको सशस्त्र प्रहरी जत्थाले उक्त गाउँको एक घरमा ०५२ मंसीर २५ गते छापामारी केही व्यक्तिहरूलाई पक्राउ गरे। निर्दोष व्यक्ति कर्णबहादुर ध्यारलाई पक्राउ गरेको भनी स्थानीय जनताहरूले विरोध जनाएपछि प्रहरी र जनता बीच झडप शुरू भयो। यसै क्रममा भीडलाई तितर बितर पार्न प्रहरीले हवाइ फायर गरेको थियो।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा "घ" श्रेणीको जेल छ। यसको क्षमता २५ जना बन्दी राख्न सकिने छ। यहाँ यस वर्षको अन्त्यतिर ४ जना थुनुवा र ४ जना मुद्दा फैसला भइसकेका कैदी समेत

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	२	१	१	३
बलात्कृत	२	४	-	-
आत्महत्या	-	-	१	१

८ जना रहेका थिए। ती सबै पुरूषहरू हुन्। यस वर्ष ३३ जना थुनुवा र १० जना कैदी छुटेका थिए। कैदी र थुनुवाहरूलाई लगाउने लुगा वर्षमा दुई पटक दिने गरेको पाइयो। सिरक डसना भने जेल पर्नासाथ नदिएर केही समय पछि मात्रै दिने गरिन्छ। ती कपडाहरू दुई वर्षमा एक पटक दिने गरिन्छ। सुकुल ३ वर्षमा एक पटक दिइन्छ।

हप्तामा २ दिन मात्र बन्दीहरूलाई आफन्तसंग भेटघाट गर्न दिइन्छ भने हप्तामा एक पटक स्वास्थ्य सहायकले जेलभित्रै स्वास्थ्य परीक्षण गर्ने व्यवस्था पनि छ। जेलभित्र पानी, बत्ति र चर्पीको व्यवस्था पनि राम्रै छ।

१.३ गिरफ्तारी र यातना

खलंगा गाविस-१ का शेरजंग शाहीलाई **०५१ चैत ९** गते मादक पदार्थ सेवन गरेको भनी बाटोमा हिंडिरहेको अवस्थामा प्रहरीले पक्राउ गऱ्यो। हिरासतमा १ घण्टा राख्दा उनलाई कुटपिट गरी यातना दिइएको थियो।

खलंगा गाविस-१ का रत्नबहादुर शाहको घरमा **०५२ बैशाख १४** गते प्रहरी हवल्दार चुडामणि गौतमको नेतृत्वमा गएको प्रहरी डफ्फाले छापा मार्दा पनि मदिरा भेट्टाएनन्। तर ५ लिटरको खाली जर्किन सहित रत्नबहादुर शाहलाई गिरफ्तार गरियो।

ठिमे गाविस-३ का ३८ वर्षीय जगतबहादुर शाहीलाई बलात्कार गरेको आरोपमा **०५२ साउन २९** गते प्रहरीले पक्राउ गरे। हिरासतमा राखेर प्रहरीले उनलाई कुटपिट गरेर निकै यातना दिएका थिए। ठिमे गाविसको गृहस्थाश्रममा काम गर्ने २२ वर्षीय विमला सुनारले निज जगतबहादुर शाहीले ०५२ साउन ११ गते राती मादक पदार्थ खाएर आफूलाई बलात्कार गरे भनी जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिएपछि उनलाई पक्राउ गरिएको थियो। तर जगतबहादुर शाहीले उक्त गृहस्थाश्रममा सधै नाचगान भइ राख्ने र आफ्ना बहिनीहरू पनि त्यस ठाउँमा गएकाले उनीहरूलाई बोलाउन उक्त ठाउँमा गएको र यसरी सधैं नाचगान गर्नु राम्रो होइन भनी सबैलाई सम्झाएकोमा त्यस्तो आरोप लगाएर आफूलाई अनाहकमा फसाइएको विचार व्यक्त गरेको पाइयो।

रुग्दा गाविस-५ ध्यार गाउँबाट **०५२ पुस ९** गते गिरफ्तार गरिएका कर्णबहादुर ध्यार, मानबहादुर बोहरा र डिलबहादुर बोहरालाई हिरासतमा अँध्यारो कोठामा उत्तानो पारी पैतलामा पिट्ने, भोकै राख्ने, चिसोमा नाङ्गै राखेर कसैसंग भेट गर्न समेत नदिएको कुरा पीडितहरू बताउँछन्। ०५२ मंसीर ८ गते विजय राईको ज्यान मार्ने उद्योग गरेको आरोपमा उनीहरूलाई गिरफ्तार गरिएको थियो।

१.४ बेपत्ता पारिएको

पुन्मा गाविस-७ साल्टाकुराका १२ वर्षीय बहादुर कामी **०५१ चैत ५** गतेदेखि खलंगा गाविस-१ बाल मन्दीर नजिकैबाट बेपत्ता भएका छन्। घरको आर्थिक स्थिति कमजोर भएकोले उनी मजदूरी काम गर्न खलंगा आउँदा हराएका थिए।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

गर्खाकोट गाविस-४ का ४१ वर्षीय परू शाहीलाई **०५१ माघ १०** गते स्थानीय खड्कबहादुर गिरी र कुमार गिरीले कुटपिट गरे।

कृषि विकास बैंक शाखा कार्यालयका अर्दली उत्तम के.सी.लाई **०५१ माघ २५** गते बैंककै अधिकृत रामविलास शाहले कुटपिट गरी ३ घण्टासम्म कार्यालय कोठामा थुने। पीडित के.सी.ले ऋण सिफारिस गरेको कुरालाई लिएर उनलाई कुटपिट गरेको बताइन्छ।

पुन्मा गाविस-८ का खलबीर वलीलाई **०५१ चैत २१** गते स्थानीय भीमबहादुर घर्ती, प्रसाद घर्ती र टिके कसेरो समेतले कुटपिट गरे। लेनदेन सम्बन्धी कुरामा विवाद हुँदा उक्त घटना भएको बताइन्छ।

मालपोत कार्यालय जाजरकोटका खरिदार सुरेन्द्र बहादुर खड्काले **०५२ बैशाख २३** गते सोही कार्यालयमा कार्यरत पियन वीरबहादुर शाहीलाई कुटपिट गरे।

नेपाल रेडक्रस सामुदायिक विकास परियोजनाका अधिकृत ओमराज श्रेष्ठलाई **०५२ बैशाख २७** गते रामजंग शाहले कुटपिट गरी दुर्व्यवहार गरे। नेताका लागि घोडा माग्न जाँदा नदिए पछि श्रेष्ठलाई कुटपिट गरिएको बताइन्छ।

रूपन्देही जिल्ला **उदयपुर गाविस-३** सोनवर्षा घर भई दशेरा गाविसको जनप्रिय मा.वि.मा कार्यरत शिक्षक योगेन्द्रनाथ चौवेलाई **०५२ बैशाख ३०** गते दशेरा गाविसकै अमरराज के.सी., कीर्तिबहादुर थापा, तुल्से बुढा र पृथ्वीबहादुर थापा लगायतका व्यक्तिहरूले कुटपिट गरे। राजनैतिक आस्थाका कारण चोवेलाई आक्रमण गरिएको बताइन्छ।

झाप्रा गाविस-७ का कर्णबहादुर चन्द, गणेशबहादुर शाह र नरबहादुर शाहलाई **०५२ जेठ ३०** गते स्थानीय हस्ते रोका लगायतका ७ जना व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए। ती दुबै पक्षबीच केही दिन पहिले झगडा भएको थियो।

खलंगा गाविस-७ ढिङ्गाका इन्द्रबहादुर नेपालीलाई जग्गा सम्बन्धी विवादका कारण **०५२ साउन ११** गते स्थानीय चन्द्रबहादुर थापाले वञ्चरो प्रहार गरी घाइते बनाए।

जकिपुर गाविस-१ हारासैनमा **०५२ मदी २३** गते लागेको जात्रामा गणेश हमाललाई स्थानीय जीतबहादुर गिरी, केशवप्रसाद शर्मा समेतका ५ जनाले कुटपिट गरी सख्त घाइते बनाए।

रुग्दा गाविस-७ राउत गाउँका महेश मल्लको घरमा बस्ने विजय राईलाई **०५२ मंसीर** ८ गते केही अज्ञात व्यक्तिहरूले आक्रमण गरी सख्त घाइते बनाए। पीडित राईको तिघ्राका मासु पुरै काटिएको थियो। त्यस घटनाका वास्तविक दोषी पत्ता नलगाएर राजनैतिक पूर्वाग्रहका कारण कुनै खास राजनैतिक पार्टीका व्यक्तिहरूलाई त्यस घटनाका दोषी ठहऱ्याई एक पक्षीय ढंगले कार्वाही गरिएको बताइन्छ।

खलंगा गाविस-२ थाप्लेका रामजंग शाहले **०५२ पुस ६** गते जिल्ला विकास समिति कार्यालयका खरिदार पवनकुमार

शाहलाई कार्यालय भित्रै कुटपिट गरे। उक्त दिन सो कार्यालयमा ठेकेदारहरूका बीच टेण्डर सम्बन्धी कुरामा झगडा हुन लाग्दा खरिदार शाहले तपाईंहरू बाहिर गई दिनुस् हामीलाई काम गर्न अप्ठ्यारो पर्‍यो भन्दा उनलाई कुटपिट गरिएको थियो। जि.वि.स.का सम्पूर्ण कर्मचारीहरूले त्यस घटनाको विरोध गर्दै पीडकलाई कार्वाही गरिनु पर्ने माग गरेका थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

संजमो (भट्टराई) पक्षधर मानिसहरूलाई राजनीतिक आस्था राखेकै कारण विभिन्न झुट्ठा मुद्दामा फसाउने गरेको कुरा संजमो (भट्टराई) ले जनाएको छ।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा एक आपसमा धार्मिक सहिष्णुता पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतले छिटो छरितो ढंगले मुद्दा फैसला नगरेको गुनासो पाइन्छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासीहरूको वास्तविक संख्या प्राप्त छैन। ठाउँ-ठाउँमा वन फाँडेर मानिसहरू बसोबास गर्दै आएका छन्। उनीहरूको व्यवस्थित बसोबासको लागि सम्बन्धित निकायले ध्यान दिन सकेको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मजकोट गाविस-४ की २७ वर्षीय मन्दरी खड्कालाई **०५१ चैत ३** गते आफ्नै पति जयबहादुर खड्काले कुटपिट गरी घरबाट निकाले। उनीहरू बीच ०४७ सालमा बिहे भएको थियो। पीडित मन्दरीबाट दुई वटा सन्तान पनि भए, तर बाँच्न सकेनन्। पीडक जयबहादुरले ०५१ सालमै नन्दकली वस्नेतलाई बहुविवाह गरेका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

कृषि सामाग्री संस्थान प्रशाखा कार्यालयका कार्यवाहक प्रबन्धक मोहनराज घिमिरेले **०५१ पुसमा १३ वर्षीय** बालिकासंग बहुविवाह गरे। पीडककी जेठी पत्नीले उजुरी गरेपछि ०५१ पुस २५ गते प्रहरीले उनलाई पक्राउ गरेको थियो।

झाप्रा गाविस-८ नल्फुका ५१ वर्षीय जयबहादुर गिरीले घरमा दुई वटा पत्नी हुँदाहुँदै **०५१ फागुन ५** गते खलंगा गाविस-१ की ४९ वर्षीय तारा राठौरसंग तेस्रो बिहे गरे। १२ जना छोराछोरीका बाबु जंगबहादुर गिरी र तारा राठोरलाई ०५२ बैशाख १० गते प्रहरीले पक्राउ गरेको थियो।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

०५२ बैशाख २६ गते **पुन्मा गाविस-६** गंगटियाका डण्डे लुहारकी छोरीको बिहे थियो। उनको घरमा बाजा बजाइयो। अछूत भनिने जातिका घरमा बाजा बजाएर बिहे गरेको कुरा ठूला भनिने जातिका व्यक्तिहरूले सहन सकेनन्। सोही ठाउँका सर्पु सिंहले तिमी कामीहरूले यसरी बाजा बजाउन पाउँदैनौ, फिर्ता गर भने। तर लुहारहरूले उनको कुरालाई स्वीकार गरेनन्। त्यसपछि विवाद चर्कियो र कुटपिट समेत भयो। कुटपिटमा परी नन्दे लुहार सख्त घाइते भए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लामा भएका घटनाका सम्बन्धमा कुनै पक्षले टिप्पणी वा वक्तव्य प्रकाशित प्रसारित गरेको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

नदीमा डुबेर १ जनाको मृत्यु भयो। बाढी र आगलागीका २ वटा घटनामा केही धनसम्पत्तिको क्षति भयो। आफ्नो प्रेम सफल नभएकाले १६ वर्षीय एउटी महिलाले विष सेवन गरेर आत्महत्या गरिन्। डकैतीको एउटा घटना भयो। ■

४. मध्यपश्चिमाञ्चल

भेरी

४.१० दैलेख

जनसंख्या : १८७४००

साक्षरता : २९.५ प्रतिशत

महिला साक्षरता : ११.१ प्रतिशत

क्षेत्रफल : १५०२ वर्ग कि.मी.

यहाँका अधिकांश मानिसहरू अहिले पनि शोषण-उत्पीडन, अन्धविश्वास, रूढीवादी परम्पराबाट पीडित छन्। मानवअधिकारका विषयमा यहाँका जनता पनि अनभिज्ञ नै छन्। यो वर्ष यहा प्रहरीले प्रहरीलाई नै गिरफ्तार गरेर थुनामा राखी यातना दिएको घटना पनि देखा पर्‍यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

छिउडी पुसाकोट गाविस-१ की पद्मकुमारी शाहीले **०५१ चैत २९** गते स्थानीय २६ वर्षीय नवराज खड्कालाई धारिलो हतियार प्रहार गरेर हत्या गरिन्। घरमा कोही नभएको मौका पारी बलात्कार गर्न आएकोले सतित्व बचाउन आफूले हतियार प्रहार गरेको कुरा पीडक शाही बताउँछिन्। हत्या गरेपछि उनी आफैं प्रहरी कार्यालयमा हाजिर भएकी थिइन्।

सल्लेरी गाविस-४ का २२ वर्षीय डिलबहादुर कटुवालले स्थानीय ३८ वर्षीय पिर्माकुमारी कटुवाललाई **०५२ वैशाख ३१** गते नाम्लो (वरियो) ले बाँधेर पल्टाइदिएपछि भोलिपल्ट **०५२ जेठ १** गते पिर्माको मृत्यु भयो। उनको मृत्युपछि पीडक डिलबहादुरलाई प्रहरीले पक्राउ गरी कर्तव्य ज्यान सम्बन्धी मुद्दा चलाएको छ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा "घ" श्रेणीको जेल रहेको छ। यसको क्षमता १६ जना बन्दी राख्न सकिने छ। यो वर्षको अन्त्यतिर ९ पुरूष, १ महिला गरी १० जना थुनुवा र ९ पुरूष, १ महिला गरी १० जना कैद तोकिएका बन्दी तथा महिला बन्दीसंग बस्ने १ नाबालक समेत जम्मा २१ जना रहेको पाइयो।

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	१०	२	१
बलात्कृत	-	२	-	-
आत्महत्या	-	-	५	६

१.३ गिरफ्तारी र यातना

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक निरीक्षक दिपककुमार श्रेष्ठलाई सोही कार्यालयका प्रहरी नायब उपरीक्षक प्रेमबहादुर चन्दले **०५२ कार्तिक** ८ गते साँझ रक्सी खाएर होहल्ला गर्‍यो भनी गिरफ्तार गरी लठ्ठी तथा बुटले कुटपिट गरे। पीडितलाई उपचारार्थ जिल्ला अस्पतालमा भर्ना गरिएको थियो।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना देखा परेको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

छिउडीपुसाकोट गाविस-९ रिजुपोखराका लक्ष्मी शाहीले सोही ठाउँका प्रेमबहादुर शाहीलाई **०५१ फागुन ४** गते कुटपिट गरे। प्रेमबहादुरको भैंसी ८ हजारमा लक्ष्मीले किनेका थिए। सोही रकम माग्दा लक्ष्मीले प्रेमबहादुरलाई पिटेर गालामा घाउ बनाई दिएका थिए। पीडितले घाउ जाँच गरी पीडकमाथि कारबाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएका छन्। तर पीडक फरार रहेको बताइन्छ।

तिलेपाटा गाविस-५ का परे वडुवालले स्थानीय केशव वडुवाल समेतको निर्देशनमा **०५१ फागुन ७** गते स्थानीय आफन्त भुवाने वडुवाल, हरि वडुवाल र ध्वजे वडुवालको घरमा आगो लगाई दिए। आगलागीबाट घर जल्न थालेपछि आगो निभाउन गएका बखत बहादुर वडुवाल, पृथ्वीबहादुर शाही, चंखे कामी, रामबहादुर शाही र लक्ष्मी कटुवाल घाइते भए। पीडक वडुवाललाई प्रहरीले गिरफ्तार गरेको छ। अंशबण्डा सम्बन्धी झगडाकै कारण आगो लगाई दिएको कुरा पीडकले स्वीकार गरेका छन्।

सरस्वती गाविस-४ का २५ वर्षीय प्रेमबहादुर थापालाई आफ्नै दाजु बलबहादुर थापा र दिदी पूर्णकुमारी वोगटीले **०५२ जेठ १६** गते लाठी र हँसिया प्रहार गरेर कुटपिट गरी सख्त घाइते बनाए। उनीहरू बीच अंश वण्डा सम्बन्धी विवाद रहेको बताइन्छ।

रावतकोट गाविस-४ गौलु गाउँका नन्दराम थापालाई स्थानीय लक्ष्मण थापा र गंगा थापाले **०५२ जेठ ३०** गते कुटपिट गरे। तर प्रहरीले पीडकहरूलाई कुनै कार्वाही नै नगरी उजुरी गर्न गएका पीडितलाई पक्राउ गरेर एकरात हिरासतमा बस्न वाध्य गरायो।

भेरी कालिका थुम गाविस-१ का ललितबहादुर शाहीले **०५२ मदी १६** गते रक्सी खाएको पैसा नतिरेको मनी भेलपाटा गाविस-२ का टेकबहादुर सार्की र वीरबहादुर सार्कीलाई छुरी प्रहार गरी सख्त घाइते बनाए। पीडक फरार भएको बताइन्छ।

नारायण गाविस-३ भगवती टोलका २० वर्षीय पद्म के.सी.लाई **०५२ असोज २२** गते नारायण गाविस-२ का भक्तबहादुर मल्ल, सरस्वती गाविसका कर्णबहादुर श्रेष्ठ र हरि श्रेष्ठ समेतले कुटपिट गरे। पीडकहरूलाई केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्युभएको पाइएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

वेलासुर गाविस-९ काँडाचौरमा **०५२ साउन १०** गते आयोजित आमसभामा तत्कालीन उपप्रधानमन्त्री माधवकुमार नेपाल आइपुग्नु हुँदा नेपाली कांग्रेसका स्थानीय कार्यकर्ताहरूले कालो झण्डा देखाई विरोध जनाए। आमसभातिर ढुंगामुढा पनि भए पछि नेकपा एमाले र नेका दुबै पक्षबीच दोहोरो ढुंगा हानाहान भयो। यस क्रममा विष्णुमान श्रेष्ठ र रामबहादुर खड्कालाई चोटपटक पनि लागेको थियो भने मोतीलाल वस्नेतलाई प्रहरीले पक्राउ गरेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा सबैभन्दा धेरै सम्बन्ध विच्छेद र बहुविवाह सम्बन्धी मुद्दा परेको पाइन्छ। जिल्ला प्रहरी कार्यालयमा **०५२ साउनदेखि ०५२ पुस ३** गते सम्मको मात्र विवरण हेर्ने हो भने बहुविवाह सम्बन्धी २ वटा, केही सार्वजनिक अपराध सम्बन्धी २ वटा र अन्य गरी ११ वटा मुद्दा दर्ता भएकोमा ९ वटा मुद्दा प्रहरी मार्फत जिल्ला अदालतमा चलान गरिसकिएको छ।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

कृषि विकास कार्यालय दैलेखका कायम मुकायम कृषि विकास अधिकृत रामनरेश शर्माले पक्षपातपूर्ण ढंगले आफूलाई सरूवा गराएको कुरा सोही कार्यालयका कर्मचारी डिल्लीप्रसाद शर्मा बताउँछन्। कर्मचारी बैठकमा कार्यालयमा भएको अनियमितता बारे कुरा उठाएपछि त्यसैको रीसले **०५१ फागुन १८** गते अनियमित तरीकाले कृषिको दरवन्दीमा रहेको व्यक्तिलाई पदस्थापन नभएको सिगासैन कृषि इकाईमा पशुतर्फको दरबन्दीमा सरूवा गरिएको कुरा पीडित डिल्लीप्रसादको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो समस्या छिटफुट रूपमा पाइए पनि उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

जम्बुकाँध गाविस-१ का शनतबहादुर शाही र लालचने सुजी कामीले **०५२ वैशाख ६** गते चामुण्डा गाविस-४ की एक १८ वर्षीय युवतीलाई हातपात गरी बलात्कार गर्ने प्रयास गरे। पीडित युवती चिच्याएपछि पीडकहरू भागेका थिए।

खरिगैरा गाविस-७ का जयलाल जैसीले आफ्नी पत्नी जैसरा जैसीलाई विनाकारण वारम्बार कुटपिट गरिरहने हुनाले पीडित महिलाले **०५२ असार १८** गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्।

राकमकर्णाली गाविस-८ का कृष्णबहादुर माझीले **०५२ साउन १३** गते राती आफ्नी भाउजू नाता पर्ने ३२ वर्षीय महिलालाई बलात्कार गर्ने प्रयास गरे। पछि पीडित महिला चिच्याएपछि छिमेकीहरूले उसलाई पक्राउ गरे। पीडकले आफ्नो अपराध स्वीकार गरेका छन्। उनी उपर जिल्ला अदालतमा हाडनाता करणी सम्बन्धी मुद्दा चलिरहेको छ।

नारायण गाविस-१ नयाँ बजारका चन्द्रबहादुर बुढाले मादक पदार्थ सेवन गरी **०५२ कार्तिक १७** गते आफ्नी पत्नी मिना बुढालाई कुटपिट गरे। यस अघि पनि उनले आफ्नी पत्नीलाई कुटपिट गर्ने गरेको कुरा पीडित बताउँछिन्।

वडलम्जी गाविस-२ का भीमबहादुर खत्रीले भैरीकालिका थुम गाविस-६ की २२ वर्षीय एक युवतीलाई बिहे गर्ने आश्वासन दिएर करणी गरी गर्भवती बनाए। पछि बिहे नगरेपछि गाविसमा उजुरी गरिन्। गाविसको निर्णय अनुसार पीडित युवतीलाई उनका बाबुले पीडक भीमबहादुरको घरमा लगेर छोडी दिए। तर घरमा बस्न दिइएन। त्यसपछि उनले **०५२ कार्तिक २०** गते जिल्ला अदालतमा मुद्दा दायर गरेकी छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

टोली गाविस-५ का गंगा मल्लले घरमा पत्नी मनकुमारी मल्ल हुँदाहुँदै **०५१ पुस १७** गते चौराठा गाविस-९ की विस्ना चन्दसँग दोस्रो बिवाह गरे। मन कुमारीलाई उनका पतिले पहिले-पहिले पनि घरमा कुटपिट गर्ने गर्दथे। अहिले दोस्री पत्नी ल्याएपछि गंगा मल्लले मनकुमारीलाई घरबाट निकाली

दिएका छन्। मन कुमारीले ०५१ माघ ९ गते जिल्ला अदालतमा मुद्दा दायर गरेकी छिन्।

वसन्तमाला गाविस-७ बस्ने टीकाराम जैसीले **०५१ चैत १** गते घरमा पत्नी हुँदा हुँदै सोही ठाउँ बस्ने शितला जैसीसंग दोस्रो विवाह गरे।

रानीवन गाविस-६ का बलबहादुर दमाईले घरमा पत्नी गोल्मा दमिनी हुँदाहुँदै **०५१ कार्तिक १** गतेका दिन वडाखोला गाविस-८ की डिल्लु दमिनीसंग दोस्रो विवाह गरे। त्यसपछि बलबहादुरले जेठी पत्नी गोल्मा दमिनीलाई फकाएर गरगहना बुझेको भरपाइ गराई घरबाट निकाली दिए। पीडित गोल्माले लोग्ने कायम गरी पाउँ भनी ०५१ माघ २७ गते जिल्ला अदालतमा निवेदन दिएकी छिन्।

ल्याटीविन्द्रा सैनी गाविस-४ का पूर्ण लुहारले घरमा पत्नी भरू कमिनी हुँदाहुँदै **०५२ असार १९** गते सोही ठाउँकी देउका कमिनीसंग दोस्रो विवाह गरे। जेठी पत्नीले ०५२ साउन १६ गते उनीउपर जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको मुद्दा दिएकी थिइन्।

पादुका गाविस-४ का लालबहादुर खत्रीले घरमा पत्नी सकुन्तला खत्री हुँदाहुँदै **०५२ जेठ २५** गते दुल्लु गाविस-८ की गगनसरासंग दोस्रो विवाह गरे। पतिउपर कार्वाही हुनु पर्ने माग पीडित शकुन्तलाको रहेको छ।

रावतकोट गाविस-७ का लक्ष्मी वडकामीले घरमा पत्नी डल्ली कमिनी हुँदाहुँदै **०५२ जेठ २५** गते पादुका गाविसकी शिवचनसंग दोस्रो विवाह गरे। पीडित महिलाले ०५२ असार १ गते पीडकहरू उपर बहुविवाहको मुद्दा दिएकी छन्। तर उनीलाई केही पैसा र जग्गा समेत दिएर मिलापत्र गराइयो। बहुविवाह गर्नेमाथि कानूनी कार्वाही गरिनु पर्ने माग पीडित डल्ली कमिनीको रहेको छ।

गमौडी गाविस-८ का पठाने दमाई र वसन्तमाला गाविस-७ ठकानेका टिकाराम जैसीले यसै वर्ष बहुविवाह गरे।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

रानीवन गाविस-२ की मनकुमारी आलेले आफैले जन्माएको १६ दिनको बच्चालाई **०५२ बैशाख ८** गते भोकै राखेर मारिन्। आफ्नो पति बीरबहादुर आलेसंग छुटकारा पाउन मितिनी भाउजूको सल्लाह अनुसार त्यसो गरेको कुरो पीडक मनकुमारी बताउँछिन्। पीडकका देवर यामबहादुर आलेले ०५२ बैशाख १३ गते जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरी अनुसार पीडकलाई प्रहरीले पक्राउ गरी थुनामा राखेको छ।

सरस्वती गाविस-९ का दलबहादुर सुनारले **०५२ मंसीर २६** गते गाईगोरू हेर्न छोडेर स्कूल पढ्न गएको भनी आफ्नै ११ वर्षीय छोरा यज्ञबहादुर सुनारलाई कुटपिट गरे।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस जिल्लाका थुप्रै मानिसहरू आर्थिक समस्याबाट मुक्ति पाउन भारतका विभिन्न शहरहरूमा गई काम गर्ने गर्दछन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

खेतीपाती गर्ने समय हलिया राख्ने गरिन्छ। दासत्व, कमैया र बाँधाहरूको समस्या यस जिल्लामा देखिँदैन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

नारायण गाविस-१ का अर्जुन श्रेष्ठ र बालकृष्ण श्रेष्ठले **०५१ चैत २** गते सोही ठाउँका डेकेन्द्रराज थापालाई गाली बेइज्जती गरी अमानवीय व्यवहार गरे।

बेलासपुर गाविस-३ का गोविन्दप्रसाद धमलाले मदिरा सेवन गरी सोही ठाउँका बालकृष्ण पाण्डेलाई **०५२ मंसीर ७** गते घुम्ने गैरा भन्ने सार्वजनिक स्थलमा गाली बेइज्जती गरी पीडितका जुत्ता समेत फालिदिए। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएपछि पीडकलाई प्रहरीले पक्राउ गरेको थियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रमुख जिल्ला अधिकारी बुद्धिसागर त्रिपाठीले मानवअधिकारको स्थिति गत वर्षभन्दा धेरै राम्रो भएको बताए। धेरै जसो पार्टीका नेताहरूले प्रहरी नायब उपरीक्षकले आफ्नै कार्यालयका प्रहरी सहायक निरीक्षकमाथि गरेको गिरफ्तारी र यातनाको विरोध गरेको पाइयो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा डुबेर, चिसोले कठ्याङ्ग्रिएर र ढुंगाले चोट लागेर ४ जनाको मृत्युभयो।

२ जना पुरुष र ४ जना महिला गरी ६ जनाले आत्महत्या गरे। तिनमा २ जनाले आर्थिक विपन्नताका कारणले, १ जनाले अनमेल विवाहका कारण, १ जनाले रोग निको नभएर र १ जनाले पत्नीले आत्महत्या गरेका कारण आत्महत्या गरेको देखिन्छ। आत्महत्या गर्नेहरूको उमेर १५ देखि २४ वर्षको बीचमा रहेको छ।

ढारी गाविस-४ का मुसे दमाईले **०५२ असोज १** गते आफ्नो जग्गामा गोठ बनाइदिएको कारण दिलबहादुर दमाइको गोठ भत्काई गाई समेत मारिदिए।

चोरी सम्बन्धी २ वटा घटना भएको पाइयो।

सुर्खेत वीरेन्दनगर न.पा.-८ का रत्नप्रसाद गौतम दैलेखका विभिन्न ठाउँहरूमा आफूलाई प्रहरी हुँ भन्दै झगडा मिलाउने बहानामा केही व्यक्तिहरूसंग पैसा असूल गर्दै हिंडेका थिए। उनी प्रहरी होइनन् ठग हुन् भन्ने कुरा थाहा पाएपछि **०५२ कार्तिक २८** गते प्रहरीले पक्राउ गरी सदरमुकाम ल्याँदै गर्दा रत्नप्रसादले प्रहरीमाथि नै आक्रमण गरेका थिए। उनी उपर ठगी र सार्वजनिक अपराधको मुद्दा चलाइएको छ।

४. मध्यपश्चिमाञ्चल

कर्णाली

जनसंख्या : २५०१३

साक्षरता : २३.२ प्रतिशत

महिला साक्षरता : ८.४ प्रतिशत

क्षेत्रफल : ७८८९ वर्ग कि.मी.

४.११ डोल्पा

डोल्पा नेपालको सबैमन्दा बढी क्षेत्रफल भएको जिल्ला हो। यसको क्षेत्रफल ७ हजार ८ सय ८९ वर्ग किलोमिटर छ। नेपालको सबैमन्दा गहिरो ताल फोक्सुण्डो पनि यसै जिल्ला पर्दछ। अशिक्षा र अज्ञानताले गर्दा धेरै जनताहरू आफ्नो अधिकारका बारेमा सचेत छैनन्। त्यसैले बाल विवाह, बहुविवाह, बहुपति प्रथा, झुमा प्रथा जस्ता परम्परागत कुरीतिहरू अहिले पनि यहाँ विद्यमान छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

दुनै गाविस-६ का रूद्रबहादुर रोकायको **०५१ चैत ३०** गते आफ्नै भाई पञ्चबहादुर रोकायले चलाएको गोली सुट्टामा लागेर मृत्यु भयो। शिकार खेल्न जंगलमा घुमिरहेको अवस्थामा रूद्रबहादुरलाई गोली लागेको थियो। अवैध रूपमा शिकार खेल्न गएको अवस्थामा यस्तो घटना घटेकोले यस कुरालाई गोप्य नै राखियो। मृतकको दाह संस्कार भइसकेपछि प्रहरीले थाहा पाये। त्यसपछि प्रहरीहरूले जंगलबाट घरमा बोकेर ल्याउने र मलामी जाने २६ जना मानिसहरूलाई पक्राउ गरी बयान लिएर केहीलाई धरौटी समेत राख्न लगाई छोडिएको कुरा प्रहरी नायब उपरीक्षक गुञ्जमान राईले जानकारी दिए।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेलको अवस्था राम्रै छ। २० वर्ष अगाडि निर्माण भएको यो जेलमा महिला र पुरूषका लागि अलग-अलग २ वटा कोठा छन्। २५ जना बन्दी क्षमता भएकोमा अहिले भएका ५ जनामध्ये ४ जना थुनुवा र १ जना मात्र मुद्दा फैसला भएका कैदी छन्। यस वर्ष १५ जनालाई थुनिएकोमा १३ जनालाई छोडियो। से-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा शिकार खेलेको आरोपमा पक्राउ परेका धादिङ्ग सेरतुङ्ग गाविसका मानबहादुर तामाङ्ग र वीरबहादुर लामिछाने ०५० माघ ३ गते देखि जेलमा छन्। उनीहरूको मुद्दा अझै टुङ्गो लागेको छैन। छार्का गाविसका तुन्दुप लामा र लाउन गाविसका छुल्टीम बुरालामालाई मूर्ति किनबेच गरेको आरोपमा ०५२ जेठ १२ गते जेल चलान गरिएको थियो। दैनिक दिइने १० रूपैयाँले दुर्गम जिल्लाको महंगीमा नपुग्ने गुनासो बन्दीहरूको रहेको छ। सुत्नको लागि खाटको व्यवस्था नभएकोले चिसो भूईंमा सुत्नु पर्ने वाध्यता छ।

१.३ गिरफ्तारी र यातना

संयुक्त जनमोर्चा नेपालका डोल्पा जिल्ला अध्यक्ष नन्दप्रसाद न्यौपानेलाई डाँका गर्ने प्रयास गरेको आरोपमा **०५२ मंसी १७** गते गिरफ्तार गरेर १७ दिनसम्म हिरासतमा राखी १ लाख ५६ हजार ७ सय ६५ रूपैयाँको धरौटीमा छोडियो।

मूर्ति चोरी बिक्री गरेको आरोपमा नै धेरै मानिस गिरफ्तार गरिए तर कसैलाई पनि शारीरिक यातना दिएको कुरा जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

बेपत्ता पारिएको हुन सक्ने शंका गरिएको एउटा घटना यहा चर्चित रहेको छ।

जुफाल गाविस-९ मोतीपुर घर भई जिल्ला वन कार्यालय दुनैमा पियन पदमा कार्यरत रणबहादुर शाही **०५२ जेठ ११** गते कार्यालय छुट्टी भएपछि हिंडे। तर घर पुगेनन् र कार्यालय पनि फर्केका छैनन्। कसै-कसैले उनलाई बेपत्ता पारेको हुन सक्ने आशंका पनि गरेका छन् भने धेरै जसोले नदीमा बगेर मरेको शंका गर्दैछन्। वास्तविकता थाहा हुन सकेको छैन।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	–	–	–	–
हिरासतमा यातना	–	१	१	–
बलात्कृत	–	–	–	–
आत्महत्या	–	–	–	–

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जुफाल गाविस-६ का ५६ वर्षीय नरजित डाँगीलाई स्थानीय राजमान डाँगी र पूर्णमान डाँगीले **०५१ फागुन ३०** गते कुटपिट गरे।

दुनै बजारमा स्थानीय लालप्रसाद पुनलाई आफ्नै माइ गोपालबहादुर पुनले **०५२ जेठ ३** गते राती १२ बजे हत्या गर्ने उद्देश्यले मुखमा धारिलो ढुङ्गा प्रहार गरी सख्त घाइते बनाए। दाजु मर्‍यो भन्ने ठानेर पीडक आफैं प्रहरी कार्यालयमा गएर घटनाका बारेमा बताएका थिए। हाल यस सम्बन्धमा जिल्ला अदालत डोल्पामा ज्यान मार्ने उद्योग गरेको आरोप अन्तर्गत मुद्दा चलिरहेको छ।

दुनै बजारको भिडियो फिल्म हल नजिकै त्रिपुराकोट गाविस-३ का नन्दप्रसाद न्यौपानेलाई **०५२ कार्तिक २३** गते सोही बजारका सूर्यबहादुर के.सी., दीपेन्द्रबहादुर शाही र रामप्रसाद बुढा समेतले कुटपिट गरी सख्त घाइते बनाए। पीडित न्यौपानेको नाक, मुख र टाउकोमा गहिरो चोट लागेको थियो।

दुनै गाविस-१ का अशोककुमार हमाल लगायतका केही व्यक्तिहरूलाई **०५२ कार्तिक ३०** गते त्रिपुराकोट गाविसका नन्दप्रसाद न्यौपानेले ज्यान मार्ने धम्की दिएको कुरा पीडितहरू बताउँछन्। तर न्यौपाने आफूलाई ती व्यक्तिहरूले पनि धम्की दिएको बताउँछन्।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

मुख्य रूपमा हिन्दू र बौद्ध धर्मावलम्बीहरू रहेको यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत डोल्पामा सरकारवादी मुद्दा ८ वटा र देवानी मुद्दा २० वटा दर्ता भएकोमा एउटा सरकारवादी मुद्दा मात्र फैसला भयो। **०५१ चैत १९** गते देखि यहाँ न्यायाधीशको कुर्सी मात्र छ, न्यायाधीश छैनन्। न्यायाधीश नभएका कारण मुद्दा फैसला नभएकाले ४ जनाले जेलमा बन्दी जीवन बिताइरहनु परेको छ भने निकुञ्ज सम्बन्धी मुद्दा विशेष अदालतले हेर्ने हुँदा निकुञ्जमा शिकार खेलेका आरोप लागेकाहरू सो अदालतको अभावमा २ वर्षमन्दा बढी समयदेखि बन्दी जीवन बिताउन विवश छन्।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

व्यापक रूपमा पक्षपातपूर्ण तरिकाले कसैलाई सरूवा बढुवा नगरिएको भए पनि डोल्पा जिल्लामा कार्यरत कर्मचारीहरू १/२ वर्ष पनि नबसी सरूवा हुन चाहन्छन्। धेरै वर्षसम्म त्यही जिल्लामा बस्नु परेका कर्मचारीहरू आफूलाई अन्याय भएको ठान्छन्। वर्दिया मैनापोखर गाविसका वृद्ध गिरी वन कार्यालय डोल्पामा मुखिया पदमा कार्यरत छन्। उनी विगत ११ वर्ष पहिलेदेखि डोल्पामै कार्यरत छन्। सरूवाका लागि सम्बन्धित निकायमा पटक-पटक निवेदन दिंदा पनि कुनै सुनुवाई नभएको गुनासो उनको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी कुनै घटना भएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यहाँ ८ हजार देखि २० हजारसम्म जारी लिने दिने चलन भएको कुरा स्थानीय वासिन्दाहरू बताउँछन्। बहुविवाहको चलन पनि छ तर यस वर्ष कसैले पनि बहुविवाह सम्बन्धी मुद्दा दर्ता गराएनन्। यहाँ अर्को चलन पनि छ - कसैले आफ्नी पत्नीलाई छोड्न चाहेमा ६ हजार रूपैयाँ पत्नीलाई दिएर छोड्न सक्छ। उत्तरी डोल्पामा बसोबास गर्ने बौद्ध धर्मावलम्बीहरूको सम्प्रदायमा झुमा राख्ने चलन छ।

४.३ गर्भपतन

यस सम्बन्धी घटना जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

स्कूल जाने उमेर पुगेका बालबालिकाहरूलाई पढ्न नपठाएर काममा पठाउने गरिन्छ। उनीहरूका अभिभावकहरू भन्छन् शिक्षकलाई तलब खुवाउन स्कूल बनाएको हो, हामीले छोराछोरी पढ्न नपठाए पनि उनीहरू तलब खान्छन् जान्छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

दुनै बजारमा पसल गरी बस्ने भिमप्रसाद पौडेल र शिवकुमार गुप्ताले थोरै नाफा लिएर सुपथ मूल्यमा सामान बिक्री गरेकोमा त्यहाँको व्यापार संघले जनही ५/५ सय रूपैयाँ जरिवाना गर्‍यो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

खेतीपातिको समयमा हलिया राख्ने गरिन्छ। उल्लेख्य घटना भने प्रकाशमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

छुवाछूतको चलन अहिले पनि कायमै छ। तर उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धी कुनै प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

आगलागीबाट २ जना र खोलामा डुबेर १ जनाको मृत्यु भयो। डकैतीको एउटा घटना प्रकाशमा आयो। आत्महत्याका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन। ■

रूकुम जेल जहाँ बन्दीहरूलाई नेल लगाउने गरिन्छ।

रहस्यमय मृत्यु भयो। उनको मृत्यु स्वभाविक नभई कसैले हत्या गरेको हुनु पर्ने आशंका गरिंदैछ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेल, वर्गीकरण अनुसार "घ" श्रेणीमा पर्दछ। यसको बन्दी क्षमता १५ जनाको रहेको छ। यस वर्षको अन्त्यतिर यहाँ पुर्पक्षका लागि थुनिएका १३ जना थुनुवा र ७ जना बन्दी समेत जम्मा २० जना रहेका छन्। थुनुवामध्ये २ जना महिलाहरू छन्। तीमध्ये एक महिलासंग ५ वर्षीय बालिका पनि सँगै बस्छिन्। यस जेलमा हप्तामा २ दिन मात्र बन्दीहरूलाई उनीहरूका आफन्तसंग भेट गर्न दिइन्छ। ०५१ कार्तिक १६ गते जेल परेका ३५ वर्षीय लोकेन्द्र विष्ट संजमो (भट्टराई) का कार्यकर्ता हुन्। उनीलाई राजनीतिक व्यक्तिको हत्या गरेको आरोपमा पक्राउ गरी जेलमा थुनिएको छ।

१.३ गिरफ्तारी र यातना

काक्री गाविस-९ मा **०५२ मदौ १** गते गाउँलेहरू बीच सामान्य राजनीतिक विवाद हुँदा कुटाकुट भयो। यस घटनाका सम्बन्धमा काक्री गाविस-६ का रूजीबहादुर पुन समेतका व्यक्तिहरूले प्रहरी चौकी तकसेरामा उजुरी गरेपछि काक्री गाविस-९ का टेकमान घर्ती, डम्बरबहादुर गुरूङ्ग, रामचन्द्र गुरूङ्ग, श्रीप्रसाद गुरूङ्ग, धनकुमार गुरूङ्ग, डिलबहादुर बुढालाई ०५२ मदौ १ गते प्रहरीले पक्राउ गरी राती प्रहरी कार्यालयको स्वोरमा रास्वेर प्रहरी हवल्दार मृतु गिरी, प्रहरी जवान हरीबहादुर बुढाथोकी समेतले रक्सी खाएर पैतलामा तलमाथि लाठीले पिटे। राती सुत्ने समयमा कोठामा पानी पोख्वी दिएर ताल्चा लगाइदिएर पीडितहरूसंग भएका कम्बल, घुम आदि समेत स्वोसी अर्को कोठामा राखिदिएको कुरा पीडितहरू बताउँछन्।

मुरू गाविसका गलवीर वाठाको हत्या गरेको अभियोगमा स्वारा गाविसका रिमबहादुर घर्ती, जयबहादुर घर्ती, तुलबहादुर घर्ती, गलवीर पुन र किल्ली घर्तीलाई प्रहरीले **०५२ कार्तिक २६** गते पक्राउ गऱ्यो। उनीहरूलाई विनापूर्जी पक्राउ गरी हिरासत्मा राखियो। त्यहाँ उनीहरूलाई गल लगाएर पेल्ने समेत गरी निकै यातना दिइयो। तीमध्येका रिमबहादुरको खुट्टाका फिलाको मासु चिराचिरा परेको देखिन्थ्यो।

पोखरा गाविस-६ का मनसुन घर्तीलाई मारेको आरोप लगाई **०५२ मंसीर ९** गते प्रहरीले गिरफ्तार गरेर कलंबहादुर खड्का र तप्तबहादुर घर्तीलाई हिरासतमा अमानवीय यातना दिइयो। पीडितहरूलाई करेन्ट लगाउने, पीनले घोच्ने र खाना खान समेत नदिएर भोकै राख्ने समेत गरियो। आफन्तहरूसंग भेट गर्न समेत नदिएको बताइन्छ।

स्वारा गाविसका अध्यक्ष टेकबहादुर बुढालाई कुटपिट गरेको अभियोगमा स्थानीय दलबहादुर पुनलाई **मंसीर १९** गते प्रहरीले पक्राउ गरी हिरासतमा राखेको छ। त्यहाँ उनलाई मानसिक यातना दिइएको बताइन्छ। पीडितहरूसंग भेट गर्न समेत दिइएको छैन।

१.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको घटना भएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मा.वि. मुरूडाँडामा **०५२ वैशाख ७** गते सांस्कृतिक कार्यक्रमको पूर्व अभ्यास भइरहेको समयमा **पेउघा गाविस** घर भई सोही विद्यालयमा अध्ययन गर्ने प्रेमबहादुर खड्काले पेउघा गाविसकै १० वर्षीय कर्णबहादुर वलीको आँखामा बाँसले घोचेर देब्रे आँखा नै फोडिदिए।

काडा गाविस-५ का जुद्धबहादुर बुढा मगरले **०५२ कार्तिक ६** गते देवराज बुढा मगरलाई कुटपिट गरी सख्त घाइते बनाए। उनीहरू बीच अंशवण्डा सम्बन्धी विवाद थियो।

जिल्ला अदालतको रिकर्ड अनुसार यस जिल्लामा यो वर्ष कुटपिटका घटनाहरू २६ वटा दर्ता गरिएका थिए। अन्य कति मुद्दाहरू प्रहरी कार्यालयमै टुंगिएका थिए। कतिपय घटनाहरू गाउ घरमै मिलाउने गरिन्छ। अंशवण्डा, रक्सी, जुवा तास, गाली-गलौजका कारण यस किसिमका घटना हुने गरेको पाइन्छ।

पोखरा गाविस-७ का दलराज घर्ती र उनकी आमा ४६ वर्षीय रूपा घर्ती, फर्के घर्ती, चन्द्रबहादुर घर्ती, रणसिं पुन, मनबहादुर घर्तीलाई **०५२ कार्तिक ८** गते भाइटिकाको दिन गाउँमा नाचगान भइरहेको समयमा स्थानीय भीमबहादुर पुन, लालभक्ती घर्ती, टिकाराम घर्ती लगायतका १३ जनाको हुलले ढुंगामुडा गरे। उक्त घटनामा परी दलराज घर्तीको माथिको एउटा दाँत भाँचियो र टाउकोमा गम्भीर चोट लाग्यो। रूपा घर्तीको दाहिने आँखामा निकै चोट लाग्यो, चन्द्रबहादुर घर्ती, फर्के घर्ती र मनबहादुर घर्तीको टाउकोमा चोट लाग्यो भने रणसिं पुनको देब्रे गालामा गम्भीर चोट लागेको थियो। राजनैतिक रीसइवीका कारण उक्त घटना भएको बताइन्छ।

स्वारा गाविसका अध्यक्ष टेकबहादुर बुढा र मुरू गाविस-२ का कर्णबहादुर पुनलाई **०५२ मंसीर १९** गते रूघा गाविस-२ ठूलो खोला नजिकै केही नकावधारीहरूले कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएको घटना पाइएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५२ मदौ १२ गते सर्वोच्च अदालतको फैसला पछि मदौ १६ गते प्ररायुसंघ, अनेरास्ववियू, अनेकिसंघ तथा अनेमसंघ

जिल्ला कमिटी रूकुमले संयुक्त रूपमा जुलुस प्रदर्शन गरिरहेको अवस्थामा जुलुसमाथि केही व्यक्तिहरूले ढुंगाप्रहार गरे। उक्त ढुंगामुढामा परी नुवाकोट गाविस-७ का डिल्लीजंग के.सी.लाई टाउकोमा चोट लागेको थियो।

०५२ पुस ९ गते रूकुम जिल्लाको कृषि सामाग्री संस्थानमा मल लिन गएका कृषकहरूले मल पाएनन्। तर केही सत्तापक्षीय नेताहरूले मल निकालिरहेका थिए। यस्तो अन्यायपूर्ण व्यवहार भएर मल नपाएपछि करीब २ सय जना जति कृषकहरूले नारा लगाउँदै स्वलंगा मा.वि.मा पुगेर उद्योग सहायकमन्त्री गोपालजीजंग शाहलाई ज्ञापन पत्र दिन खोज्दा प्रहरीले कृषकहरूमाथि लाठी चार्ज गरेर करिब ३० जनालाई घाइते बनायो। मा.वि. सिम्लेका प्र.अ. गोपाल सिं के.सी.लाई किसानहरूको पक्ष लिएको आरोपमा पक्राउ गरी केही सार्वजनिक अपराधको मुद्दा लगाइएको छ।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक स्वतन्त्रता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा १ सय ७० वटा संक्षिप्त फौजदारी, ६९ वटा विशेष फौजदारी, ३८ वटा साधारण फौजदारी तर्फ ५६ वटा मुद्दा परेका थिए। अदालतप्रति जनताको सकारात्मक धारणा पाइए पनि ढिलासुस्ति प्रति भने गुनासो गरेको पाइयो।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

सामान्य रूपमा सरूवा हुनु नियमित प्रकृया नै हो। यस बाहेक अन्याय पूर्वक सरूवा, घटुवा, पक्षपात भएका कुनै घटना पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

थोरै संख्यामा भए पनि सुकुम्बासी समस्या यस जिल्लामा पाइन्छ। तर उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

नुवाकोट गाविस-१ का १९ वर्षीय आइते पुनले स्थानीय १९ वर्षीया स्विर्मी पुनलाई विहे गर्छु भनी **०५१ पुस १९** गते ढंटेर शारीरिक सम्बन्ध गरे। स्विर्मी गर्भवती भइन् तर आइतेले विहे गरेनन्। ०५२ असार २७ गते उनी अदालतमा पुगेकी छिन्। पीडित स्विर्मी विवाहिता हुन् तर उनका पति परदेश गएकाले उनी माइती घरमा बसेकी थिइन्।

मग्मा गाविस-७ का २१ वर्षीय निमबहादुर कसारीले **०५२ असोज २०** गते स्थानीय १६ वर्षीया मैनी खत्रीलाई वनमा घाँस काट्न गएका बखत एक्लै फेला पारे। उनले मैनीलाई विहे गर्छु भनी जर्बजस्ती सिन्दुर हालेर घरमा ल्याई राखे। पीडित मैनीले विवाह बदर गरी पाउँ भनी जिल्ला अदालतमा निवेदन दिएकी छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

बाफिकोट गाविस-६ का ३० वर्षीय रत्नबहादुर के.सी.ले पत्नी डम्बरकुमारी के.सी. र धुनीवादको ७ वर्षीय छोरा अमृत के.सी. पनि हुँदाहुँदै **०५२ बैशाख** महिनामा हिमाली के.सी. भन्ने अर्को महिलालाई विहे गरी भित्र्याए। जेठी पत्नी डम्बरकुमारी के.सी.ले सम्बन्ध विच्छेद गरी पाउँ भनी जिल्ला अदालतमा निवेदन दिएकी छिन्।

जाजु गाविस-१ का २२ वर्षीय ज्ञानबहादुर बुढाले घरमा २५ वर्षीय पत्नी सुनकुमारी बुढा हुँदाहुँदै उनलाई कुटपिट गरी माइतीमा पठाएर **०५२ साउन २८** गते स्थानीय दीपकुमारी पुनलाई दोस्रो विहे गरे। पीडित जेठी सुनकुमारीले सम्बन्ध विच्छेद गरिपाउँ भनी जिल्ला अदालतमा निवेदन दिएकी छिन्।

४.३ गर्भपतन

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यहाँका थुप्रै बालबालिकाहरू शिक्षाको अधिकारबाट बंचित छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

गाउँ घरका साहु महाजनले गरीबहरूलाई व्याज थोपर्ने प्रचलन अद्यापि कायमै छ। यस बाहेक यस जिल्लामा औद्योगिक व्यवसाय नभएकाले आर्थिक अधिकार सम्बन्धी उल्लेख्य घटना भएको पाइदैन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस्तो प्रचलन उल्लेख्य रूपमा रहेको देखिएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

छुवाछूतको प्रचलन यस जिल्लामा अद्यापि कायमै छ। तर यो वर्ष उल्लेख्य घटना देखा परेन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लामा घटेका विभिन्न घटनाहरूमा आफ्नो पार्टीका मानिसहरूलाई राजनैतिक आस्थाका आधारमा फसाइएको कुरा संजमो (भट्टराई) ले टिप्पणी गरेको पाइयो भने संजमो कार्यकर्ताहरूले नै मानिसहरू कुटपिट गर्दै हिंडेको र आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरूको हत्या समेत गरेको टिप्पणी नेकाले गरेको पाइयो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

जिल्ला प्रहरी कार्यालयका अनुसार ४ वटा भवितव्यका घटनाहरू भए। **गोतामकोट गाविस-५** सल्यधाराको वनमा **०५२ जेठ ११** गते आगलागी हुँदा आगोमा परी १० वर्षीय कालु गिरी र डोल्पा जिल्ला घर भई भेडा गुहाला २१ वर्षीय मोती घर्तीको मृत्यु भयो। यस वर्ष ८ जनाले झुण्डिएर र १ जनाले विष सेवन गरेर आत्महत्या गरेको कुरा जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

■

१.३ गिरफ्तारी र यातना

बागेश्वरी गाविस-२ का भीमबहादुर थापा श्रीसलाई **०५१ चैत २९** गते राती ८ बजे प्रहरी निरीक्षक सुदीपराज भण्डारीले पक्राउ गरे। वडा प्रहरी कार्यालयमा पुऱ्याएर उनलाई निकै यातना दिए। ती प्रहरी निरीक्षकले एक महिलामाथि अभद्र व्यवहार गरेको हुँदा त्यसो नगर्न भनेपछि भिमबहादुरलाई गिरफ्तार गरिएको थियो।

०५२ जेठ ४ गते नेपालगञ्ज धम्बोजीदेखि पश्चिम खजुरा रोडमा मे.अ.ख ३६७ नं.का ट्रक चालक काजीबहादुर भण्डारीलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई ट्राफिक नियम उल्लंघन गरेको आरोपमा ट्रकबाट निकाली प्रहरी भ्यानमा राखियो। वाहनभित्रै प्रहरीहरूले तिनलाई कुटपिट गर्दै यातना दिए। सोही दिन राती तिनलाई अस्पताल पुऱ्याएर मादकपदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित गराई प्रहरी हिरासतमा राखियो। ०५२ जेठ ५ गते विहान पुनः अस्पताल पुऱ्याइयो। त्यहाँ स्वास्थ्य परीक्षण गरेपछि चिकित्सकको सल्लाह अनुसार थप उपचारका लागि लखनउ पुऱ्याइएको थियो। लखनउ अस्पतालमा स्वास्थ्य परीक्षणपछि औषधि दिई पूर्ण आराम गर्ने सल्लाह दिइएको थियो। यातनाको यो घटनाका सम्बन्धमा वास्तविकता बुझ्न इन्सेकका क्षेत्रीय संयोजक सूर्यप्रकाश भट्टराई, पत्रकारद्वय वासुदेव श्रेष्ठ र हेमन्त कर्माचार्य समेतको ३ सदस्यीय छानवीन समितिले चालक भण्डारीलाई प्रहरीले यातना दिएको ठहर गरेको छ। उक्त छानवीन समिति समक्ष पीडितले दिएको बयान अनुसार प्रहरी हिरासतमा निकै यातना दिइएको थियो। र चर्पी सफा गर्न समेत लगाइएको थियो। तर प्रहरी सूत्रका अनुसार उनलाई यातना नदिएको बताइन्छ।

वेलभार गाविस-८ का चेतराम नाउलाई साइकल चोरेको अभियोगमा **०५२ मंसीर १** गते वनकट्टा प्रहरी चौकीले पक्राउ गरी यातना दियो। तिनलाई हात खुट्टाले भूईमा टेक्न लगाएर पछाडि पुठ्ठामा डण्डाले हिर्काउने र शरिरका अन्य भागहरूमा पनि जथाभावी हिर्काएको कुरा पीडित बताउँछन्।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

नेपालगञ्ज नपा-७ फूल टेकराकी तुल्सी थरूनीलाई **०५१ फागुन ७** गते स्थानीय नारायण वर्मा, कचनापुर गाविस-७ का ढालबहादुर भण्डारी, होमबहादुर भण्डारी र खुसिराम थारू समेतका व्यक्तिहरूले कुटपिट गरे।

१.६ थुनामा मृत्यु

डोल्पाबाट नेपालगञ्ज जेलमा ल्याइएका ६० वर्षीय बन्दी सोनाम लामाको **०५१ फागुन ११** गते भेरी अञ्चल अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भयो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

नेपाल विद्यार्थी संघले ०५२ साउन १६ गते राखेको "बन्द" कार्यक्रम सफल बनाउन नेपालगञ्जमा **साउन १५** गते जुलुस प्रदर्शन गरी संघ समर्थक विद्यार्थीहरू १६ गते विहानदेखि सडकमा धर्ना बसे। प्रहरीले बाटोमा अवरोध नगर्न अनुरोध गऱ्यो तर आन्दोलनकारीहरूले सडक छोडेनन्। त्यसपछि प्रहरीले लाठीचार्ज गर्नुका साथै १३ जना नेपाल विद्यार्थी संघ समर्थक विद्यार्थीहरूलाई गिरफ्तार गरेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

धार्मिक दङ्गाका कारण **०५२ कार्तिक ८ देखि ११** गतेसम्म **नेपालगञ्ज** तनावग्रस्त भयो। ०५२ कार्तिक ८ गते विहान त्रिभुवन चौक पूर्वलाइनका तरकारी व्यापारी राजु कवडिया र श्याम श्रेष्ठ बीच तरकारीको मूल्यलाई लिएर विवाद भई कुटाकुट भयो। श्याम श्रेष्ठलाई तरकारी पसलेहरूले सामुहिक आक्रमण गरे। त्यसपछि स्थानीय केही व्यक्तिहरूले तरकारी पसलहरूको तरकारी फाल्दै ठेला उल्टाइ दिए। सोही दिन बेलुका डि.एस.पी. रोडमा राजु वैश्यले पटका पटकाउँदा डेढ वर्षीय बच्ची तर्सिएको भनी बच्चीका बाबुले वैश्यलाई गाली गरे। यस विषयमा तनाव बढ्न गई ढुंगामुढा शुरू भयो। गस्ती प्रहरी घटना स्थलमा पुगी स्थिति तत्काललाई साम्य पाऱ्यो। तर यही घटनाले शहरका विभिन्न ठाउँहरूमा हिन्दू र मुश्लिम समुदायबीच झडप भयो। कर्फ्यू समेत लगाइयो। दुबै पक्षका गरी २० जना घाइते भए। दंगामा प्रत्यक्ष अप्रत्यक्ष रूपमा २० लाख रूपैया मूल्य बराबरको क्षति भएको अनुमान गरिएको छ। ०५२ कार्तिक १० गते नेपालगञ्ज नगरपालिका प्रमुखको अध्यक्षतामा सर्वदलीय बैठक बसेको थियो। उक्त बैठकले क्षतिपूर्ति सम्बन्धमा श्री ५ को सरकारसंग माग गर्ने प्रस्ताव पास गरेको थियो। बैठक पश्चात सम्पूर्ण राजनीतिक पार्टी, पत्रकार, बुद्धिजीवी, धार्मिक समूह आदिको शान्ति पद यात्रा समेत भएको थियो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्याय निष्पक्ष र सुगम तरिकाले नपाएको गुनासो यस जिल्लाका जिल्ला वासीहरूले गरेको पाइयो।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा २३ हजार ९ सय ९५ सुकुम्बासी परिवार भएको अनुमान गरिएको छ। विघटित सुकुम्बासी समस्या समाधान आयोगको रिपोर्ट अनुसार यस जिल्लामा १ हजार ६६ परिवार कमैया सुकुम्बासी रहेका छन्। उक्त आयोगले आफ्नो कार्यकालमा २ हजार ३ सय ५८ परिवारलाई जग्गा धनी लालपूर्जा वितरण गरेको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मनिकापुर गाविस-७ राँझाकी ३७ वर्षीय सीतादेवी वर्मालाई तिनका पति कृष्णकुमार वर्माले **०५१ फागुन २८** गते राती निकै कुटपिट गरे। पीडित महिला सोही दिनदेखि आफ्नो माइतीमा गएर बसेकी छिन्। सोनादेवी मानवअधिकार सचेतन मञ्चद्वारा सञ्चालित प्रौढ शिक्षा कार्यक्रमकी शिक्षिका हुन्। सामाजिक काममा आफ्नी



४. मध्यपश्चिमाञ्चल

भेरी

जनसंख्या : २८५६०४

साक्षरता : ३४.३ प्रतिशत

महिला साक्षरता : २१.६ प्रतिशत

क्षेत्रफल : २३३७ वर्ग कि.मी.

४.७ बर्दिया

भेरी अञ्चलको वर्दिया जिल्ला नयाँ मुलुकका नामले पनि चिनिन्छ। तराई क्षेत्रमा पर्ने भए पनि यातायातको सुविधा त्यत्ति धेरै उपलब्ध छैन। बबई र कर्णाली नदी यसै जिल्ला भएर बग्ने हुनाले यो जिल्ला वर्षायाममा बाढीको चपेटामा पर्ने गर्दछ। थारू जातिको बाक्लो वस्ती भएको यो जिल्ला सुकुम्बासी समस्या र कमैया प्रथा आदि समस्याले चर्चामा आउने गर्दछ। यहाँ मानवअधिकार उल्लंघनका घटनाहरू बारम्बार देखा पर्ने गरेको पाइन्छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

जमुनी गाविस-३ का २८ वर्षीय निर्मलदेव गिरीको **०५१ माघ ७** गते बेलवा गाविस-७ हात्तिखाल मन्ने ठाउँमा वनभोज गएका बेला बबई नदीमा डुबेर शंकास्पद मृत्यु भयो। मृतकलाई हत्या गरेर नदीमा फालेको हुन सक्ने आशंका गरिएको छ। मृतकको पेटमा पानी नहुनु, घाँटीमा डाम, नाक मुख सुनिएको र शरिरका अन्य भागमा निलडाम हुनुले हत्या भएको हुन सक्ने आशंका अझ बढेको छ। पीडितसंग सँगै वनभोज गएका सुर्खेत छिन्छु गाविस-७ का पूर्ण खरेल, रूपलाल वली समेतका ११ जनालाई ज्यान मारेको अभियोगमा मुद्दा चलाइएको छ। पीडित गिरीसंग उनीहरूको पुरानो रीसइबी भएको बताइन्छ। अदालतले सबैलाई तारेखमा छोड्ने निर्णय दिएको छ।

मधुराहर गाविस-९ का अन्दाजी ३९ वर्षीय पुलीलाल तेलीलाई **०५१ माघ ८** गते राती केही नकाबधारी व्यक्तिहरूले छुरी हानी हत्या गरे। पीडकहरू को हुन् पत्ता लाग्न सकेको छैन।

कालिका गाविस-७ का २१ वर्षीय कर्णबहादुरसिं ठकुरी **०५१ चैत २१** गते गुलरिया गाविस-८ की राधा पौडेलको घरमा बास बसेका थिए। त्यहीं उनको रहस्यमय मृत्यु भयो। पीडित र विधवा राधा पौडेल बीच अवैध सम्बन्ध समेत भएको बताइन्छ। उक्त दिन बेलुका राधा पौडेलका भाइ गणेश थापा सोही ठाउँका दुःखराम चौधरी समेत मृतकसंग एउटै कोठामा सुतेको बताइन्छ। मृतकको बाबुको जाहेरीमा प्रहरीद्वारा राधा पौडेल, गणेश थापालाई पक्राउ गरी पूर्पक्षका लागि थुनामा राखिएको र दुखराम चौधरीलाई तारेखमा छोडिएको थियो।

मधुराहर गाविस-८ का राजेन्द्र चाहीको ०५२ वैशाखमा हत्या गरेको आरोपमा स्थानीय वर्षाती मुसलमान र उनकै भाई ननकउ नाउ मुसलमानलाई पक्राउ गरी हिरासतमा राखियो। पीडकहरूकी बहिनीसंग पीडितले अनैतिक सम्बन्ध राखेको साथै उनीहरूले हत्या गरेको हुनु पर्ने कुरा जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

पशुपतिनगर गाविस-४ का ५५ वर्षीय वेचन थारूलाई **०५२ वैशाख २५** गते स्थानीय १६ वर्षीय गणेशप्रसाद थारूले कुटपिट गरी हत्या गरे। आफूलाई बोक्सो भनेको रीसमा पीडकले पीडितलाई कुटपिट गरेका थिए। जिल्ला अदालत वर्दियाले पीडकलाई १० वर्ष कैदको सजाय दिने फैसला गरेको छ। पीडक थारू हाल वर्दिया जेलमा बन्दी जीवन बिताइरहेका छन्।

इलाका वन कार्यालय मैना पोखरका अधिकृत ३८ वर्षीय मेघराज दाश चौधरी र रेञ्जर ४५ वर्षीय मित्रलाल थापालाई **०५२ असार १८** गते सोही कार्यालयका वन सुरक्षा गार्ड धर्म जंग विष्टले राइफलबाट गोली चलाएर हत्या गरे। पीडकलाई मोलिपल्ट नै प्रहरीद्वारा पक्राउ गरियो। पीडितहरूले रक्सी खाएर

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
निकुञ्जका सेनाको गोलीले मृत्यु				१
वन सुरक्षाकर्मीको गोलीले मृत्यु				१
हिरासतमा यातना	-	-	१	२
बलात्कृत	-	२	३	३
आत्महत्या	-	-	५	४

यस जिल्लामा सुकुम्बासीहरूको संख्या धेरै छ। नेपाली कांग्रेसको शासनकालमा गठन भएको आयोग समक्ष १९ हजार १ सय ९१ सुकुम्बासीको निवेदन परेको थियो। ती मध्ये ८ हजार ३ सय ३० जनालाई २ हजार १ सय ४४ बिघा जग्गाको जग्गा धनी पूर्जा वितरण गरिएको थियो भने एमाले शासन कालमा गठन भएको सुकुम्बासी समाधान आयोगले ६ हजार ९ सय ८७ जना सुकुम्बासीलाई १ हजार ९ सय ११ बिघा ११ कठ्ठा १२ धुर जग्गा वितरण गरेको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

बेलवा गाविस-७ राँफाकी २३ वर्षीय एक महिलाले **०५१ पुस २९** गते छोरी जन्माइन्। तर उनका पति हरिबहादुर मल्लले मेरो बच्चा होइन भनी आमा छोरीलाई अलपत्र पारेका छन्।

मगरागढी गाविस-९ औरी सुकुम्बासी वस्तीकी ६ वर्षीय बालिकालाई **०५१ माघ १** गते सोही ठाउँका ११ वर्षीय हर्कमान दमाईले मिठाइ खान भनी आफ्नै घरमा बोलाएर बलात्कार गरे। यस सम्बन्धी मुद्दा जिल्ला अदालतमा चलिरहेको छ।

बेलवा गाविस-७ राँफाकी ३१ वर्षीय एक विधवा महिलाले **०५१ माघ २३** गते बच्चा जन्माइन्। तर उनीसंग अनैतिक शारीरिक सम्पर्क राख्ने बाँके जिल्ला उदायन गाविस-२ का ५० वर्षीय लिले सुनारले उनीलाई अस्वीकार गरेर भागेपछि पीडित महिला अलपत्रमा परेकी छिन्।

०५२ साउन १ गते आरक्षको सैनिक जवान २८ वर्षीय कुलबहादुर श्रेष्ठले **गोला गाविस-३** की ३० वर्षीय थारू महिलालाई घरमा सुतिरहेको अवस्थामा बलात्कार गरे। पीडकलाई कार्वाही गर्न दबाव दिन सो गाउँका जनताले जिल्ला प्रशासनमा धर्ना समेत दिनु परेको थियो।

मोतीपुर गाविस-८ का रमेश कुमार वि.क.ले **०५२ साउन ६** गते आफ्नी पत्नी पार्वती वि.क. र साथमा २ वर्षको छोरालाई समेत भारतको रूपैडिया पुऱ्याएर हरिद्वार जाने बसमा चढाए। तर आफूसँगै नगएर महिला र बच्चालाई अलपत्र पार्ने काम गरे। प्रवासी नेपाली संघ भारत नगर समिति चण्डीगढले ती पीडित महिलाको उद्धार गरेको थियो।

जमुनी गाविस-८ की १७ वर्षीय एक युवतीलाई **०५२ मंसीर २०** गते बाँके जिल्ला ओढारापुर गाविस-२ का २५ वर्षीय कृष्णप्रसाद श्रेष्ठले बलात्कार गर्ने प्रयास गरेका थिए। पीडक फरार छन्।

वनकटवा गाविस महादेवा भन्ने ठाउँकी १६ वर्षीय युवतीलाई जंगलमा दाउरा लिन गएको अवस्थामा **०५२ कार्तिक २२** गते बेलवा गाविस-५ का २५ वर्षीय तुलसीराम चौधरीले बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस जिल्लाको राजापुर लगायतका केही ठाउँहरूमा वादी जातिका केही महिलाहरूले खुलेआम देहव्यापार गर्ने गर्दछन्। यस काममा १३ देखि ४५ वर्षसम्मका महिलाहरू संलग्न रहेको पाइन्छ।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लामा कैयौं कमैया मजदूरका छोराछोरीहरू बाबुले काम गर्ने घरमा काम सघाउनु पर्ने भएकाले पढ्ने लेख्ने अधिकारबाट वञ्चित रहेको पाइन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

शान्ति प्रा.वि. बालापुरकी शिक्षिका शारदा थापाले आफूले पाउनु पर्ने पूरा पारिश्रमिक नपाएको गुनासो गरेकी छिन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

बाँधा मजदूरको रूपमा रहेका कमैयाहरूको संख्या यस जिल्लामा निकै पाइन्छ। यिनीहरूलाई प्रत्येक वर्षको माघ महिनामा किनबेच गर्ने चलन अहिले पनि कायमै छ।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै घटनाका सम्बन्धमा कुनै पक्षबाट पनि वक्तव्य वा टिप्पणी प्रकाशित वा प्रसारित भएको सार्वजनिक जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ट्राफिक दुर्घटनामा परी ५ जनाको र डुबेर ३ जनाको मृत्यु भयो। यसरी नै डकैतीका ६ वटा घटनाहरू सार्वजनिक जानकारीमा आए। तीमध्ये सबैभन्दा ठूलो डकैती खैरापुर गाविसका बैजनाथ बञ्जराको घरमा भएको थियो। राती १ बजेतिर १० जना हतियार सहितका भारतीय डाँकाहरूले घरधनीका छोरालाई पिस्तोल प्रहार गरी घाइते बनाए। विवाहको लागि तयार पारेको ४० हजार नगद, ६ तोला सुन र १७५ तोला चाँदी लुटेर लगे।

महम्मतपुर गाविस-८ का २८ वर्षीय जयराम थारूले **०५१ चैत २८** गते विष सेवन गरी आत्महत्या गरे। बाबुआमाले आफ्नी प्रेमिकासंग बिहे गर्न नदिएका कारण उनले आत्महत्या गरेको बताइन्छ। यी बाहेक अन्य ३ जनाले पनि यस वर्ष आत्महत्या गरेका थिए।

मैनापोखर गाविस-१ का ३७ वर्षीय कृष्ण थारूले **०५२ बैशाख १७** गते गरिबीको कारण थायोडिन नामक विष सेवन गरी आत्महत्या गरे।

०५२ साउन २८ गतेको अविरल वर्षाका कारण बबइ नदीमा आएको बाढीले यस जिल्लाका करीब ३ हजार ५ सय परिवारलाई प्रभावित पारेको थियो। बाढी पीडितहरूलाई श्री ५ को सरकार र आर.आर.एन. लगायतका गैरसरकारी संस्थाहरूले सहयोग पुऱ्याएका थिए। ■



४. मध्यपश्चिमाञ्चल

भेरी

४.८ सुर्खेत

जनसंख्या : २२५७६८

साक्षरता : ४२.४ प्रतिशत

महिला साक्षरता : २५.४ प्रतिशत

क्षेत्रफल : २४५१ वर्ग कि.मी.

मध्य पश्चिमाञ्चलको भेरी अञ्चलमा पर्ने सुर्खेत जिल्लाका ९५ प्रतिशत नागरिकहरू कृषि पेशामा संलग्न छन्। ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार, मगर, कामी, दमाई, सार्की र वादी जातिको बसोबास रहेको यो जिल्लामा बेला बेलामा जातीय दंगाका घटनाहरू पनि हुने गरेको पाइन्छ। मानवअधिकार हननका दृष्टिले यो जिल्ला पनि चर्चामा रहने गरेको छ। यो वर्ष यहाँ एउटा पार्टीप्रति आस्था राख्ने मान्छेलाई बाँधेर कुटपिटद्वारा यातना दिई जबर्जस्ती अर्को पार्टीको सदस्यता लिन लगाएर राजनीतिक स्वतन्त्रताको हनन गर्ने घटना समेत हुन पुग्यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

विजौरा गाविस-९ का २७ वर्षीय जंगे कामीलाई कैलाली सुंगुरख्वाल गाविस-२ का ३८ वर्षीय दलबहादुर शाहीले पैसा लुट्ने उद्देश्यले **०५२ बैशाख २९** गते चिरूवा दाउराले हानेर हत्या गरे।

छिन्चु गाविस-५ का २५ वर्षीय प्रिमी सुनारलाई सोही ठाउँमा बस्ने दलबहादुर सुनारले **०५२ जेठ ३** गते हत्या गर्‍यो। सो हत्यामा सोही ठाउँका दानबहादुर र चन्द्रबहादुर पनि संलग्न रहेका थिए।

कल्याण गाविसका ३२ वर्षीय कृष्णबहादुर रास्कोटीले पैसा लुट्ने उद्देश्यले उत्तरगंगा-८ का ४६ वर्षीय नरबहादुर गुरूङ्गलाई **०५२ जेठ १४** गते राती टर्च लाइटले हिर्काइ हत्या गरे।

घटनाको प्रकृति	घटना संख्या			
	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	२	-	-	२
बलात्कृत	-	२	-	२
आत्महत्या	-	६	१३	१३

तातापानी गाविस-५ का ५२ वर्षीय बुधे दमाईले आफ्नी पत्नी कलसरी दमिनीलाई रक्सी खाएको बेलामा असावधानीपूर्वक संभोग गर्न खोज्दा नमानेपछि बञ्चरोले हिर्काइ **०५२ जेठ २७** गते हत्या गरे।

लाटीकोइली-४ का ४८ वर्षीय डम्बरबहादुर सार्कीले आफ्नै पत्नी उर्जाल दुर्गा सार्कीलाई **०५२ कार्तिक ९** गते टाउको बटारेर हत्या गरे।

सुर्खेत, सहारे-९ का ५२ वर्षीय आफ्नै पिता रामबहादुर घर्तीलाई जेठी पत्नी पट्टिका छोरा टोपबहादुर घर्ती र गुत्तीबहादुर घर्तीले अंशको झगडामा खुकुरीले हिर्काइ ०५२ असोज १० गते हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरेको छ।

१.२ जेल र बन्दीहरू

जम्मा २५ जना मात्र राख्न सकिने क्षमता भएको सुर्खेत कारागारमा हाल २८ जना थुनुवा र १२ जना कैदी गरी जम्मा ४० जना रहेका छन्। क्षमताभन्दा धेरै बन्दीहरू भएको हुँदा बस्नको लागि ठूलो समस्या रहेको छ। पानी, मनोरञ्जन, तालीम, शिक्षा इत्यादिको व्यवस्था छैन। जेलबाट पाइने रकम पनि फरक-फरक रहेको छ। ०४९ सालमा फौजदारी मुद्दा लागेका कमलप्रसाद रेग्मीले पटक-पटक निवेदन चढाउँदा पनि परीक्षा दिनबाट वञ्चित रहेका छन्। उनले पढ्न र जाँच दिन पाइने सेन्ट्रल कारागारमा सरूवा माग्दा पनि सरूवा गरिएन। पढ्न र परीक्षा दिन पाउने मौलिक अधिकारबाट समेत उनलाई वञ्चित गरिएको छ।

१.३ गिरफ्तारी र यातना

विरेन्द्रनगर नपाका-४ का २३ वर्षीय दीपक सार्कीलाई जिल्ला प्रहरी कार्यालयमै एकजना प्रहरी हवल्दारलाई हिर्काएको अभियोगमा **०५२ जेठ ५** गते निर्मम रूपमा यातना दिइयो। निज सार्कीलाई विना कसुर अनाहकमा पिटिएको छ

भनी विरेन्द्रनगर न.पा.-४ का मानवअधिकारवादी निर्मल पन्तले जनाएका छन्।

लेखफर्सा गाविस-६ का ३४ वर्षीय टेकबहादुर फौजरलाई कुटपिटको अभियोगमा **०५२ असार २३** गते गिरफ्तार गरी निर्मम रूपमा यातना दिइयो। निजमाथि कानूनी कार्वाही गर्नु पर्नेमा विभागीय कार्वाही गर्ने भन्ने बुझिएको छ।

जन मा.वि.मा कक्षा ९ मा पढ्ने यादव के.सी.लाई उनकै घर अगाडि वृद्धपथमा प्रहरी जवान **कर्णबहादुर** सिंहले **०५२ कार्तिक ३०** गते अन्धाधुन्ध लाठीले हिर्काए। प्रहरी र स्थानीय युवाहरूमा तनावको वातावरण रहेका कारण प्रहरीद्वारा रीस फेर्न उनलाई त्यसरी पिटिएको थियो।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना भएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

नेवारेको अम्मरज्योती मा.वि. को चौकीदार पुरीश्चन्द्र भट्टराईलाई **०५१ माघ १८** गते राती सुती रहेको बेलामा **वीरेन्द्रनगर नपाका-१०** का तेजबहादुर थापा, आदर्श शाह, दीलिप शाह, रवीलाल कामी, बीरबहादुर कार्की समेतले मरणासन्न हुने गरी कुटपिट गरी नगद समेत लुटे।

शिक्षा क्याम्पसका प्राध्यापक लिलबहादुर के.सी.लाई **लाटीकोइली गाविस-७** कृष्णबहादुर मल्लले **०५१ माघ १८** गते विरेन्द्रनगर नपाका-६ तल्लो बजारमा विनाकारण कुटपिट गरे। घटनाका बारेमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी गरेपछि पीडकलाई थुनामा राखी केही दिनपछि छोडिएको थियो।

उत्तरगंगा गाविस फलाटेको खेतमा सोही ठाउँका मानदेव भारतीलाई **०५२ असार ९** गते सोही ठाउँका हरिबहादुर गुरुङले खुंडाले हिर्काएर घाइते बनाएका छन्।

वीरेन्द्रनगर बजारमा सुनको काम गर्ने भरत नेपालीलाई एक अज्ञात व्यक्तिले **०५२ भदौ २८** गते छुरी र चेन प्रहार गरी घाइते बनायो।

गुठु गाविस-८ का जंगबहादुर कामीलाई **०५२ साउन १८** गते स्थानीय देवीराम उपाध्यायको नेतृत्वमा आएको ४०-५० जनाको हुलले बाँधेर प्रहरी चौकी बाबीयाचौरमा लगी कुटपिट गरे। निजलाई एमाले पार्टी त्याग गरी कांग्रेसको सदस्यता दिलाएर मात्र छोडिएको थियो।

विरेन्द्नगर नपाका-९ स्थित नगर विकासको भवन अगाडिको बाटोमा तीन जना अज्ञात व्यक्तिहरूले अ.हे.व. क्याम्पसका निमित्त क्याम्पस प्रमुख मधुसुदन आचार्यलाई **०५२ भदौ २८** गते निर्मम रूपमा कुटपिट गरे।

विरेन्द्नगर नपाका-७ इत्रामको बाटोमा श्री जन मा.वि.का शिक्षक ३० वर्षीय जीवन उपाध्यायलाई स्थानीय ध्रुव चापागाइको निर्देशनमा विरेन्द्नगर न.पा.-८ का चन्द्रबहादुर राफाली र सोही ठाउँका पविन्द्र शाहीले **०५२ असोज ५** गते कुटपिट गरे।

सहारे गाविस-४ स्थित धनबहादुर शाहको बारीमा पानी पटाउँदै गरेका ३२ वर्षीय गुञ्जमान बुढालाई सोही ठाउँका २२ वर्षीय रूद्रजङ्ग शाहले रीसइवीको कारण **०५२ असोज ६** गते चक्कु प्रहार गरेर मरणासन्न हुने गरी घाइते बनाए।

विरेन्द्नगर नपाका-२ का रामप्रसाद थानी वडा नं. १ का चुडामणि थानी, तथा उत्तरगंगा-१ का डिल्ली थानी, रमेश थानी, कृष्ण थानी, नेत्र थानी, दिपक थानी, गोपी थानी बीच **०५२ असोज १०** गते दुङ्गा हानाहान भयो। रामप्रसाद थानी र चुडामणि थानीलाई कुटपिट गरेको भन्ने आरोपमा उत्तरगंगा-१ का ६ जनालाई सार्वजनिक अपराध मुद्दा दिइयो।

लाटीकोइली गाविसका शेरबहादुर पन्त, रूपे हमाल, सूर्य हमाल, यज्ञ थापा, मनोज पन्त र सूर्य हमालको माइले निलपुर निवासी हिरालाल चौधरी, प्रवी चौधरी, कुइरी थरूनी, कृष्णबहादुर चौधरी, लालबहादुर चौधरी, खुशीराम चौधरी, पृथ्वीबहादुर चौधरीलाई **०५२ असोज १७** गते अमानवीय रूपमा कुटपिट गरे। घटनाका बारेमा उजुरी गर्दा प्रहरीले समेत केही चासो देखाएन।

छिन्चु गाविस अध्यक्ष बखतबहादुर खरेलले **०५२ असोज** २२ गते सोही ठाउँका २४ वर्षीय लोकेन्द्र गौतमलाई कुटपिट गरे।

बाबीयाचौर गाविसका रामप्रसाद शर्मा र उनकी पत्नीलाई सोही ठाउँका मणिराम बुढाले राजनीतिक आस्थाका कारण **०५२ असोज २३** गते कुटपिट गरे।

वजेडीचौर गाविस-९ का २९ वर्षीय भक्तबहादुर खत्रीले स्थानीय शिक्षक प्रेमप्रसाद शर्मालाई राजनीतिक आस्थाका कारण **०५२ कातिक १०** गते कुटपिट गरे। पीडित प्रेमप्रसाद शर्मा नेकपा एमाले समर्थक र पीडक भक्तबहादुर खत्री नपाली कांग्रेस समर्थक हुन्।

विरेन्द्नगर नपाका-६ का २४ वर्षीय सरयू नेपाली र सोही ठाउँका २२ वर्षीय महेन्द्र शाही बीच **०५२ कातिक १०** गते आपसी वादविवादमा कुटाकुट भयो। घटनामा महेन्द्र शाहीको टाउकोमा १६ वटा टाँका लगाउनु परेको थियो भने सरयू नेपालीको ओठमा पनि टाँका लगाउनु परेको थियो।

लाटीदेवी गाविसका ४ जना हुल्याहा व्यक्तिहरूले **०५२ कातिक १८** गते राती गस्ती गरिरहेका प्रहरी जवान गोपीलाल राना र छविलाल चौधरीलाई विनाकारण कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस वर्ष मेला हुने र संगठित हुने अधिकारबाट वञ्चित भएको उल्लेखनीय घटना जानकारीमा आएन।

४. मध्यपश्चिमाञ्चल

भेरी

४.१ जाजरकोट

जनसंख्या : ११३९५८

साक्षरता : २३.५ प्रतिशत

महिला साक्षरता : ९.० प्रतिशत

क्षेत्रफल : २२३० वर्ग कि.मी.

भेरी अञ्चलमा पर्ने जाजरकोट दुर्गम पहाडी जिल्लाको रूपमा चिनिन्छ। यस जिल्लामा पुग्न अहिलेसम्म मोटर बाटो बनेको छैन। यस जिल्लाका अधिकांश जनता शैक्षिक चेतनाको अभावमा आफ्नो हक र अधिकारका बारेमा सजक छैनन।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

अछिनी गाविस-२ मा **०५२ कार्तिक १०** गते लागेको मेलामा टालेगाउँ गाविस-५ का बहादुरे मगरले अछिनी गाविस-७ का ५३ वर्षीय खड्के नेपालीलाई अग्लो ढिस्काबाट धकेली लडाए। लड्दा नेपालीको गर्धनमा निकै चोट लाग्यो। सोही चोटका कारण घर पुऱ्याउँदा-पुऱ्याउँदै उनको मृत्यु भयो। पीडक बहादुरे मगर फरार भए भने प्रहरीले पीडकका दाजु पर्ने पृथ्वीबहादुर मगरलाई पक्राउ गऱ्यो। तर उक्त घटनामा उनका दुवै हात नरहेको बताइन्छ।

जुम्ला जिल्ला **महतगाउँ गाविस-५** घर भई जिल्ला वन कार्यालय जाजरकोट अन्तर्गत इलाका वन कार्यालयमा वनपाले पदमा कार्यरत ४३ वर्षीय दक्षिणकाली महतको **०५२ कार्तिक ९** गते कार्यालयमै ड्युटी बसीरहेका बखत रहस्यमय तरिकाबाट मृत्यु भयो। निज महतको हत्या गरिएको आशंका गरिँदैछ।

थालारैकर गाविस-४ ०५२ कार्तिक १८ गते लागेको मेलामा जुंगा थापाचौर गाविस-८ का १६ वर्षीय नैनसराकुमारी शाहीको हत्या भयो। उक्त दिन सो मेलामा थलारैकर गाविस र जुंगा थापाचौर गाविसका केही व्यक्तिहरू बीच झगडा भएपछि दुई गाविस बीचका मानिसहरू बीच झडप शुरू भयो। एक पक्षले अर्को पक्षलाई लखेट्दै जाने क्रममा मेला लागेको ठाउँबाट करिब सय मिटर टाढा बसेकी नैनसरा शाहीमाथि नै ती व्यक्तिहरूले लाठी, ढुङ्गा हिर्काउँदा चोटले उनको मृत्यु भयो। उनी मरिसकेपछि लाशलाई ठूलो भीरबाट तल फ्याँकिएको थियो। ०५२ कार्तिक १९ गते जिल्ला प्रहरी कार्यालयमा यस घटनाको जाहेरी गरेपछि हत्याको आरोप लागेका बीरबहादुर शाही, टोपबहादुर शाही, रामबहादुर शाहीलाई प्रहरीले पक्राउ गऱ्यो भने अन्य ३ जना फरार छन्।

जुङ्गा थापाचौर गाविस-१ का २५ वर्षीय गोरे कामीलाई **०५२ साउन २३** गते हत्या गरेको आरोप स्थानीय मन्दिरे कामी, नैनसरा कमिनी र भिमे कामी समेतलाई लगाइएको छ। उनीहरू बीच पैसा लेनदेनको कुरामा विवाद भएको बताइन्छ। गाउँलेहरूले नै पीडकहरूलाई पक्राउ गरी ०५२ साउन ३० गते प्रहरी कार्यालयमा बुझाएका थिए।

राग्दा गाविस-५ घ्यार गाउँलाई **०५२ मंसीर २५** गते देखि पुस ५ गतेसम्म घेराबन्दी गरियो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजुबाबु श्रेष्ठको नेतृत्वमा गएको ३३ जनाको सशस्त्र प्रहरी जत्थाले उक्त गाउँको एक घरमा ०५२ मंसीर २५ गते छापामारी केही व्यक्तिहरूलाई पक्राउ गरे। निर्दोष व्यक्ति कर्णबहादुर घ्यारलाई पक्राउ गरेको भनी स्थानीय जनताहरूले विरोध जनाएपछि प्रहरी र जनता बीच झडप शुरू भयो। यसै क्रममा भीडलाई तितर बितर पार्न प्रहरीले हवाइ फायर गरेको थियो।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा "घ" श्रेणीको जेल छ। यसको क्षमता २५ जना बन्दी राख्न सकिने छ। यहाँ यस वर्षको अन्त्यतिर ४ जना थुनुवा र ४ जना मुद्दा फैसला भइसकेका कैदी समेत

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	२	१	१	३
बलात्कृत	२	४	-	-
आत्महत्या	-	-	१	१

८ जना रहेका थिए। ती सबै पुरूषहरू हुन्। यस वर्ष ३३ जना थुनुवा र १० जना कैदी छुटेका थिए। कैदी र थुनुवाहरूलाई लगाउने लुगा वर्षमा दुई पटक दिने गरेको पाइयो। सिरक डसना भने जेल पर्नासाथ नदिएर केही समय पछि मात्रै दिने गरिन्छ। ती कपडाहरू दुई वर्षमा एक पटक दिने गरिन्छ। सुकुल ३ वर्षमा एक पटक दिइन्छ।

हप्तामा २ दिन मात्र बन्दीहरूलाई आफन्तसंग भेटघाट गर्न दिइन्छ भने हप्तामा एक पटक स्वास्थ्य सहायकले जेलभित्रै स्वास्थ्य परीक्षण गर्ने व्यवस्था पनि छ। जेलभित्र पानी, बत्ति र चर्पीको व्यवस्था पनि राम्रै छ।

१.३ गिरफ्तारी र यातना

खलंगा गाविस-१ का शेरजंग शाहीलाई **०५१ चैत ९** गते मादक पदार्थ सेवन गरेको भनी बाटोमा हिंडिरहेको अवस्थामा प्रहरीले पक्राउ गर्‍यो। हिरासतमा १ घण्टा राख्दा उनलाई कुटपिट गरी यातना दिइएको थियो।

खलंगा गाविस-१ का रत्नबहादुर शाहको घरमा **०५२ बैशाख १४** गते प्रहरी हवल्दार चुडामणि गौतमको नेतृत्वमा गएको प्रहरी डफ्फाले छापा मार्दा पनि मदिरा भेट्टाएनन्। तर ५ लिटरको खाली जर्किन सहित रत्नबहादुर शाहलाई गिरफ्तार गरियो।

ठिमे गाविस-३ का ३८ वर्षीय जगतबहादुर शाहीलाई बलात्कार गरेको आरोपमा **०५२ साउन २९** गते प्रहरीले पक्राउ गरे। हिरासतमा राखेर प्रहरीले उनलाई कुटपिट गरेर निकै यातना दिएका थिए। ठिमे गाविसको गृहस्थाश्रममा काम गर्ने २२ वर्षीय विमला सुनारले निज जगतबहादुर शाहीले ०५२ साउन ११ गते राती मादक पदार्थ खाएर आफूलाई बलात्कार गरे भनी जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिएपछि उनलाई पक्राउ गरिएको थियो। तर जगतबहादुर शाहीले उक्त गृहस्थाश्रममा सधै नाचगान भइ राख्ने र आफ्ना बहिनीहरू पनि त्यस ठाउँमा गएकाले उनीहरूलाई बोलाउन उक्त ठाउँमा गएको र यसरी सधैं नाचगान गर्नु राम्रो होइन भनी सबैलाई सम्झाएकोमा त्यस्तो आरोप लगाएर आफूलाई अनाहकमा फसाइएको विचार व्यक्त गरेको पाइयो।

रुग्दा गाविस-५ ध्यार गाउँबाट **०५२ पुस ९** गते गिरफ्तार गरिएका कर्णबहादुर ध्यार, मानबहादुर बोहरा र डिलबहादुर बोहरालाई हिरासतमा अँध्यारो कोठामा उत्तानो पारी पैतलामा पिट्ने, भोकै राख्ने, चिसोमा नाङ्गै राखेर कसैसंग भेट गर्न समेत नदिएको कुरा पीडितहरू बताउँछन्। ०५२ मंसीर ८ गते विजय राईको ज्यान मार्ने उद्योग गरेको आरोपमा उनीहरूलाई गिरफ्तार गरिएको थियो।

१.४ बेपत्ता पारिएको

पुन्मा गाविस-७ साल्टाकुराका १२ वर्षीय बहादुर कामी **०५१ चैत ५** गतेदेखि खलंगा गाविस-१ बाल मन्दीर नजिकैबाट बेपत्ता भएका छन्। घरको आर्थिक स्थिति कमजोर भएकोले उनी मजदूरी काम गर्न खलंगा आउँदा हराएका थिए।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

गर्खाकोट गाविस-४ का ४१ वर्षीय परू शाहीलाई **०५१ माघ १०** गते स्थानीय खड्कबहादुर गिरी र कुमार गिरीले कुटपिट गरे।

कृषि विकास बैंक शाखा कार्यालयका अर्दली उत्तम के.सी.लाई **०५१ माघ २५** गते बैंककै अधिकृत रामविलास शाहले कुटपिट गरी ३ घण्टासम्म कार्यालय कोठामा थुने। पीडित के.सी.ले ऋण सिफारिस गरेको कुरालाई लिएर उनलाई कुटपिट गरेको बताइन्छ।

पुन्मा गाविस-८ का खलबीर वलीलाई **०५१ चैत २१** गते स्थानीय भीमबहादुर घर्ती, प्रसाद घर्ती र टिके कसेरो समेतले कुटपिट गरे। लेनदेन सम्बन्धी कुरामा विवाद हुँदा उक्त घटना भएको बताइन्छ।

मालपोत कार्यालय जाजरकोटका खरिदार सुरेन्द्र बहादुर खड्काले **०५२ बैशाख २३** गते सोही कार्यालयमा कार्यरत पियन वीरबहादुर शाहीलाई कुटपिट गरे।

नेपाल रेडक्रस सामुदायिक विकास परियोजनाका अधिकृत ओमराज श्रेष्ठलाई **०५२ बैशाख २७** गते रामजंग शाहले कुटपिट गरी दुर्व्यवहार गरे। नेताका लागि घोडा माग्न जाँदा नदिए पछि श्रेष्ठलाई कुटपिट गरिएको बताइन्छ।

रूपन्देही जिल्ला **उदयपुर गाविस-३** सोनवर्षा घर भई दशेरा गाविसको जनप्रिय मा.वि.मा कार्यरत शिक्षक योगेन्द्रनाथ चौवेलाई **०५२ बैशाख ३०** गते दशेरा गाविसकै अमरराज के.सी., कीर्तिबहादुर थापा, तुल्से बुढा र पृथ्वीबहादुर थापा लगायतका व्यक्तिहरूले कुटपिट गरे। राजनैतिक आस्थाका कारण चोवेलाई आक्रमण गरिएको बताइन्छ।

झाप्रा गाविस-७ का कर्णबहादुर चन्द, गणेशबहादुर शाह र नरबहादुर शाहलाई **०५२ जेठ ३०** गते स्थानीय हस्ते रोका लगायतका ७ जना व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए। ती दुबै पक्षबीच केही दिन पहिले झगडा भएको थियो।

खलंगा गाविस-७ ढिङ्गाका इन्द्रबहादुर नेपालीलाई जग्गा सम्बन्धी विवादका कारण **०५२ साउन ११** गते स्थानीय चन्द्रबहादुर थापाले वञ्चरो प्रहार गरी घाइते बनाए।

जकिपुर गाविस-१ हारासैनमा **०५२ मदौ २३** गते लागेको जात्रामा गणेश हमाललाई स्थानीय जीतबहादुर गिरी, केशवप्रसाद शर्मा समेतका ५ जनाले कुटपिट गरी सख्त घाइते बनाए।

रुग्दा गाविस-७ राउत गाउँका महेश मल्लको घरमा बस्ने विजय राईलाई **०५२ मंसीर** ८ गते केही अज्ञात व्यक्तिहरूले आक्रमण गरी सख्त घाइते बनाए। पीडित राईको तिघ्राका मासु पुरै काटिएको थियो। त्यस घटनाका वास्तविक दोषी पत्ता नलगाएर राजनैतिक पूर्वाग्रहका कारण कुनै खास राजनैतिक पार्टीका व्यक्तिहरूलाई त्यस घटनाका दोषी ठहर्‍याई एक पक्षीय ढंगले कार्वाही गरिएको बताइन्छ।

खलंगा गाविस-२ थाप्लेका रामजंग शाहले **०५२ पुस ६** गते जिल्ला विकास समिति कार्यालयका खरिदार पवनकुमार

शाहलाई कार्यालय भित्रै कुटपिट गरे। उक्त दिन सो कार्यालयमा ठेकेदारहरूका बीच टेण्डर सम्बन्धी कुरामा झगडा हुन लाग्दा खरिदार शाहले तपाईंहरू बाहिर गई दिनुस् हामीलाई काम गर्न अप्ठ्यारो पर्‍यो भन्दा उनलाई कुटपिट गरिएको थियो। जि.वि.स.का सम्पूर्ण कर्मचारीहरूले त्यस घटनाको विरोध गर्दै पीडकलाई कार्वाही गरिनु पर्ने माग गरेका थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

संजमो (भट्टराई) पक्षधर मानिसहरूलाई राजनीतिक आस्था राखेकै कारण विभिन्न झुट्ठा मुद्दामा फसाउने गरेको कुरा संजमो (भट्टराई) ले जनाएको छ।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा एक आपसमा धार्मिक सहिष्णुता पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतले छिटो छरितो ढंगले मुद्दा फैसला नगरेको गुनासो पाइन्छ।

२.४ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासीहरूको वास्तविक संख्या प्राप्त छैन। ठाउँ-ठाउँमा वन फाँडेर मानिसहरू बसोबास गर्दै आएका छन्। उनीहरूको व्यवस्थित बसोबासको लागि सम्बन्धित निकायले ध्यान दिन सकेको छैन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मजकोट गाविस-४ की २७ वर्षीय मन्दरी खड्कालाई **०५१ चैत ३** गते आफ्नै पति जयबहादुर खड्काले कुटपिट गरी घरबाट निकाले। उनीहरू बीच ०४७ सालमा बिहे भएको थियो। पीडित मन्दरीबाट दुई वटा सन्तान पनि भए, तर बाँच्न सकेनन्। पीडक जयबहादुरले ०५१ सालमै नन्दकली बस्नेतलाई बहुविवाह गरेका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

कृषि सामाग्री संस्थान प्रशाखा कार्यालयका कार्यवाहक प्रबन्धक मोहनराज घिमिरेले **०५१ पुसमा १३ वर्षीय** बालिकासंग बहुविवाह गरे। पीडककी जेठी पत्नीले उजुरी गरेपछि ०५१ पुस २५ गते प्रहरीले उनलाई पक्राउ गरेको थियो।

झाप्रा गाविस-८ नल्फुका ५१ वर्षीय जयबहादुर गिरीले घरमा दुई वटा पत्नी हुँदाहुँदै **०५१ फागुन** ५ गते खलंगा गाविस-१ की ४९ वर्षीय तारा राठौरसंग तेस्रो बिहे गरे। १२ जना छोराछोरीका बाबु जंगबहादुर गिरी र तारा राठोरलाई ०५२ बैशाख १० गते प्रहरीले पक्राउ गरेको थियो।

४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

०५२ बैशाख २६ गते **पुन्मा गाविस-६** गंगटियाका डण्डे लुहारकी छोरीको बिहे थियो। उनको घरमा बाजा बजाइयो। अछूत भनिने जातिका घरमा बाजा बजाएर बिहे गरेको कुरा ठूला भनिने जातिका व्यक्तिहरूले सहन सकेनन्। सोही ठाउँका सर्पु सिंहले तिमी कामीहरूले यसरी बाजा बजाउन पाउँदैनौ, फिर्ता गर भने। तर लुहारहरूले उनको कुरालाई स्वीकार गरेनन्। त्यसपछि विवाद चर्कियो र कुटपिट समेत भयो। कुटपिटमा परी नन्दे लुहार सख्त घाइते भए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लामा भएका घटनाका सम्बन्धमा कुनै पक्षले टिप्पणी वा वक्तव्य प्रकाशित प्रसारित गरेको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

नदीमा डुबेर १ जनाको मृत्यु भयो। बाढी र आगलागीका २ वटा घटनामा केही धनसम्पत्तिको क्षति भयो। आफ्नो प्रेम सफल नभएकाले १६ वर्षीय एउटी महिलाले विष सेवन गरेर आत्महत्या गरिन्। डकैतीको एउटा घटना भयो।

■

जुम्ला जेलको अवस्थामा अझै सुधार भएन

१.४ बेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

अर्घाखाँची जिल्ला घर भै जुम्लाको भैरव प्रा.वि. जोगीवाउनमा कार्यरत शिक्षक २६ वर्षीय मानबहादुर पाण्डेले **०५२ असोज ५** गते दशैं मनाउन कालिकोटबाट फर्किएका **चन्दननाथ गाविस-९** का गोकुलानन्द चौलागाईलाई सामान्य झगडा भएपछि अन्धाधुन्ध छुरी प्रहार गरी घाइते बनाए। चौलागाईलाई उनका साथी भीमबहादुर खत्रीले रक्ताम्य भएका अवस्थामा अस्पताल पुऱ्याए। घटना भएको मोलिपल्ट मानबहादुर पाण्डेलाई प्रहरीले पक्राउ गरेर अदलातमा बुझाएपछि अदालतले उनलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दियो।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनैतिक स्वतन्त्रताको अधिकार)

०५२ साउन ९ गते तत्कालीन उपप्रधानमन्त्री माधवकुमार नेपालले जुम्लामा आयोजित आमसभालाई सम्बोधन गर्नु हुँदा नेमकिपा, नेका र राप्रपाका कार्यकर्ताहरूले कालो झण्डा देखाउँदै र विभिन्न नारा लगाउँदै मंचतर्फ गएपछि एमाले कार्यकर्ताहरूले त्यसको प्रतिवाद गर्दा दुई पक्ष बीच झडप भयो। घटनामा नेकपा एमालेका नन्द ऋषि चापागाई र नेमकिपाका राजबहादुर न्यौपाने सामान्य घाइते भएका थिए।

२.२ धार्मिक स्वतन्त्रता

यहाँका जनतामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा धेरै महिनासम्म न्यायधिश अनुपस्थित रहने गरेका छन्। न्यायधिशको अनुपस्थितिले जनता न्याय पाउने अधिकारबाट बचित भएको पाइयो।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

रिरीपुच्छ मा.वि. डिल्लीचौर जुम्लामा कार्यरत शिक्षक २४ वर्षीय जगतबहादुर शाहीले घरमा पत्नी सेतु शाही हुदाहुँदै आफ्नै विद्यालयमा ८ कक्षामा पढ्ने छात्रा टोमा लामालाई **०५२ मंसीर** ८ गते दोस्री पत्नीको रूपमा भित्र्याए।

४.३ गर्भपतन

कसैले गर्भपतन गराएको घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

उल्लेख्य घटना भएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य वा टिप्पणी प्रकाशन गरेको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष दूर्घटना, विपत्ति, आत्महत्या, अपराधसंग सम्बन्धित कुनै घटना भएको पाइएन।

■



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१२ जुम्ला

जनसंख्या : ७५९६४

साक्षरता : २५.२ प्रतिशत

महिला साक्षरता : ८.४ प्रतिशत

क्षेत्रफल : २५३१ वर्ग कि.मी.

यो जिल्लामा जनचेतनाको कमीले गर्दा अन्धविश्वास र रूढीवादी कुसंस्कारले जरो गाडेको पाइन्छ। जिल्लामा कायम रहेका जारी प्रथा, वाल विवाह, वहुविवाह, छुवाछूत जस्ता कुराहरू मानवअधिकारका लागि चुनौति बनेका छन्।

१. सम्मानित रूपले बाँच्ने अधिकार

१.१ हत्या / गोली

तातोपानी गाविस-९ लिताकोटका २५ वर्षीय साउने कामी **०५१ चैत्र २०** गते आफ्नो ससुराली हाँकु गाविस-२ जुईतपुर जान भनी घरबाट हिंडेका थिए तर वीच बाटोबाटै हराए। चैत्र २३ गते गाउँलेहरूले उनको खोजी गर्न थाले र प्रहरीलाई पनि खबर गरे। बाहुन ज्युला भन्ने ठाउँमा छाला सुइलिएकोले अनुहारबाट चिन्न नसकिने अवस्थामा साउने कामीको लाश फेला पऱ्यो। उनका दाँत, कपडा र टुपीकै आधारमा सनाखत भएको थियो। उनको मृत्युका सम्बन्धमा रोनाष्टमा परीक्षण भइरहेको छ। साउने कामीको हत्या भएको आशंका गरिँदैछ।

तलिउम गाविस-६ तल्लो रोकाय गाउँका पृथ्वी दमाई, उनको मिनाजु नातापर्ने झिरे दमाईलाई **०५२ जेठ २९** गते सोही गाविस अन्तर्गत ओमगाड बजार नजिकै बेहोश भई लडेको अवस्थामा भेटाइयो। ती मध्ये वीरबहादुरको स्थिति सामान्य नै थियो भने पृथ्वी दमाईको नाक, कान र मुखबाट रगत बगिरहेको थियो। उनीहरू दुवैलाई उपचारार्थ जुम्ला सदरमुकामको अस्पतालमा ल्याएकोमा उपचार गर्दागर्दै **०५२ जेठ ३१** गते पृथ्वी दमाईको मृत्यु भयो। मृतकका दाजु वलबहादुर दमाईको जाहेरीले तलिउम गाविस श्री दुस्का गाउँका वीरबहादुर दमाईलाई पक्राउ गरियो र अनुसन्धानकै क्रममा असार ३ गते वीरे दमाईलाई पनि पक्राउ गरियो र पुर्पक्षको लागि थुनामा राखियो। ती दुईजना र मृतक समेतले जेठ २९ गते सँगै बसी रक्सी खाएका थिए। तर मृतकको लाशको पोष्टमार्टमको रिपोर्टमा- आन्तरिक रक्त श्रावका कारण मृत्यु भएको हुन सक्ने भन्ने उल्लेख छ। उक्त रिपोर्ट जिल्ला प्रहरी कार्यालयमा बुझाइएको छ।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेल "घ" श्रेणीमा पर्दछ। यसको भौतिक अवस्था त्यति राम्रो छैन। पानीको अभाव छ। महिला बन्दीहरू हिउँदमा घाम ताप्न समेत नपाएको गुनासो गर्दछन्। ३० जना बन्दी क्षमता भएको यस जेलमा १४ जना थुनुवा र ६ जना बन्दीहरू समेत २० जना छन्। ती मध्ये २ जना महिला र अन्य पुरुष छन्। महिला बन्दीहरूका २ जना नावालक सन्तान पनि छन्।

१.३ गिरफ्तारी र यातना

तलिउम गाविसका पृथ्वी दमाईको रहस्मय मृत्युका सम्बन्धमा छानवीन गर्ने क्रममा **०५२ जेठ ३०** गते पक्राउ परेका वीरबहादुर दमाई र असार ३ गते पक्राउ परेका वीरे दमाईलाई प्रहरी हिरासतमा यातना दिइयो। वीरबहादुरलाई असार २ गते हिरासत कोठाबाट अर्कै कोठामा लगेर दुवै हातका औंलाहरूमा पिन रोपियो र वीरे दमाईलाई पैतलामा पिटेको कुरा पीडितहरू बताउँछन्।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	२	२	१
बलात्कृत	-	२	१	-
आत्महत्या	-	४	-	-

जुम्ला जेलको अवस्थामा अझै सुधार भएन

१.४ बेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

अर्घाखाँची जिल्ला घर भै जुम्लाको भैरव प्रा.वि. जोगीवाउनमा कार्यरत शिक्षक २६ वर्षीय मानबहादुर पाण्डेले **०५२ असोज ५** गते दशैं मनाउन कालिकोटबाट फर्किएका **चन्दननाथ गाविस-९** का गोकुलानन्द चौलागाईलाई सामान्य झगडा भएपछि अन्धाधुन्ध छुरी प्रहार गरी घाइते बनाए। चौलागाईलाई उनका साथी भीमबहादुर खत्रीले रक्ताम्य भएका अवस्थामा अस्पताल पुऱ्याए। घटना भएको भोलिपल्ट मानबहादुर पाण्डेलाई प्रहरीले पक्राउ गरेर अदलातमा बुझाएपछि अदालतले उनलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दियो।

१.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनैतिक स्वतन्त्रताको अधिकार)

०५२ साउन ९ गते तत्कालीन उपप्रधानमन्त्री माधवकुमार नेपालले जुम्लामा आयोजित आमसभालाई सम्बोधन गर्नु हुँदा नेमकिपा, नेका र राप्रपाका कार्यकर्ताहरूले कालो झण्डा देखाउँदै र विभिन्न नारा लगाउँदै मंचतर्फ गएपछि एमाले कार्यकर्ताहरूले त्यसको प्रतिवाद गर्दा दुई पक्ष बीच झडप भयो। घटनामा नेकपा एमालेका नन्द ऋषि चापागाई र नेमकिपाका राजबहादुर न्यौपाने सामान्य घाइते भएका थिए।

२.२ धार्मिक स्वतन्त्रता

यहाँका जनतामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा धेरै महिनासम्म न्यायधिश अनुपस्थित रहने गरेका छन्। न्यायधिशको अनुपस्थितिले जनता न्याय पाउने अधिकारबाट बचित भएको पाइयो।

२.४ सरुवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

रिरीपुच्छ मा.वि. डिल्लीचौर जुम्लामा कार्यरत शिक्षक २४ वर्षीय जगतबहादुर शाहीले घरमा पत्नी सेतु शाही हुदाहुँदै आफ्नै विद्यालयमा ८ कक्षामा पढ्ने छात्रा टोमा लामालाई **०५२ मंसीर** ८ गते दोस्री पत्नीको रूपमा भित्र्याए।

४.३ गर्भपतन

कसैले गर्भपतन गराएको घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

उल्लेख्य घटना भएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य वा टिप्पणी प्रकाशन गरेको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष दूर्घटना, विपत्ति, आत्महत्या, अपराधसंग सम्बन्धित कुनै घटना भएको पाइएन।

■



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१३ कालिकोट

जनसंख्या : ८८८०५
साक्षरता : १९.४ प्रतिशत
महिला साक्षरता : ५.१ प्रतिशत
क्षेत्रफल : १७४१ वर्ग कि.मी.

यो जिल्ला कर्णालीको पश्चिम दक्षिणमा रहेको छ। यहाँ बाहुन, क्षेत्री, ठकुरी, दमाई, मगर जातिको बसोबास छ। शैक्षिक रुपमा मात्र पछाडि परेको नभई यातायात सेवाबाट समेत यो जिल्ला वञ्चित छ। मोटर बाटो पुगेको छैन। रोजगारीका निम्ति कुनै साधन छैनन्। गरीबहरूमाथि धनीमानीहरूको शोषण-दमन कायम छ। मानवअधिकार बारेमा सचेत मान्छेको संख्या यहाँ अत्यन्तै कम देखिएको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

ओदानकु गाविस-२ की ४५ वर्षीय किट्टी सिंहलाई स्यूना-९ बस्ने प्रेमबहादुर मल्लले **०५२ साउन २२** गते खुकुरी प्रहार गरी हत्या गरे। अभियुक्त मल्ललाई सहयोग गर्ने हर्षबहादुर सिंह समेत पूर्पक्षका निम्ति थुनामा राखिएका छन्। जुवा खेल्नका निम्ति किट्टीले लगाएका गहना लुट्न भनी सो हत्या गरिएको थियो।

थिर्पु गाविस-९ का छिता कौरा बमलाई स्थानीय छिता शाही लगायतका पाँच जनाले हत्या गरे भनिएको छ। तर उनी गर्भ तुहेर रक्तस्राव भई मरेको कुरा स्थानीय वासिन्दाहरू बताउँछन्। घटनाका सम्बन्धमा न्यायिक फैसला भइसकेको छैन।

१.२ जेल र बन्दीहरू

पच्चीस जनालाई थुन्न सकिने क्षमता भएको यहाँको जेलमा यस वर्ष थुनुवा एवं बन्दी गरी जम्मा १२ जनालाई राखिएको छ। त्यसमध्ये ११ जना पुरुष र एकजना महिला छिन्। एकजना बाहेक सबै नै पूर्पक्षका निम्ति राखिएका छन्। पर्खाल राम्रो नभएको र चर्पीको उचित व्यवस्था नहुँदा कठिनाई उत्पन्न भएको पाइयो। शीपमूलक केही कार्यक्रम सञ्चालन भएमा राम्रो हुने कुरा बन्दीहरू बताउँछन्।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

१.४ बेपत्ता पारिएको

यहाँ कसैलाई बेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

स्युना गाविस-४ का प्रेमबहादुर शाही, अमलबहादुर शाही र कालिबहादुर शाही समेत मिली प्रहरी कृष्णबहादुर के.सी.लाई **०५२ असोज ५** गते कुटपिट गरे। अभियुक्तलाई सार्वजनिक अपराधको मुद्दा लगाई धरौटीमा छाडिएको छ। प्रहरीले हामीलाई धम्की दिएको हुँदा झगडा भएको थियो भनी अभियुक्तहरूले स्वीकारेका छन्।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रताको अधिकार)

यस अधिकारको उपभोगमा कहीं कतैबाट कुनै वाधा उत्पन्न गरेका घटनाहरू भएको जानकारी प्राप्त भएन।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	७	-	-
बलात्कृत	-	-	-	२
आत्महत्या	-	-	१	१

खुकुरी प्रहारबाट हत्या गरिएकी कीर्तीसिंह

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँ न्यायिक माग राखी अदालतमा दायर भएका मुद्दाहरूमा देवानी तर्फ १ सय दुनियाँवादी फौज्दारी ३०, विशेष फौज्दारी १४, संक्षिप्त फौज्दारी २० र सरकारवादी फौज्दारी मुद्दा १६ वटा रहेका छन्। बहुविवाह सम्बन्धी ५, जारी सम्बन्धी ४ वटा मुद्दा पनि दायर भएको पाइयो। प्रायः न्यायाधीशको अनुपस्थितिले गर्दा मुद्दा फैसला हुन ढिलाई हुने गरेको गुनासो पीडित पक्षको रहेको पाइयो।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

बदालकोट गाविस-१ की १४ वर्षीय बालिकालाई सोही ठाउँ बस्ने २१ वर्षीय नरेन्द्र भारतीले **०५२ बैशाख १३** गते बलात्कार गरे। सो घटना बारे बालिकाले अदालतमा जाहेरी दिएपछि अभियुक्त अहिले ५० हजार धरौटी राखी तारिखमा छुटेका छन्।

मर्ती गाविस-६ का ४८ वर्षीय आसमान सुनारले सोही ठाउँकी ३३ वर्षीय एक महिलालाई बलात्कार गरे। गाउँका भलाद्मी बसी जुनालाई क्षतिपूर्ति दिने टुंगो गरी मिलापत्र भयो र खसी काटेर भोज खाए। तर आसमानले जुनालाई पैसा नतिरेपछि जुनाले जाहेरी दिइन्। हाल अभियुक्त धरौटीमा छुटेका छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

ओदानकु गाविस-४ का नन्दसिंहले जयकला शाहीसंग दोश्रो बिहे गरे। जेठी पत्नीले कुनै उजुर बाजुर गरेकी छैनन्।

मुग्रा गाविस-८ का २५ वर्षीय देउराम तिरूवाले स्थानीय १९ वर्षीय काल्ची खत्रीनीसंग दोश्रो बिहे गरे। धरौटी रकम तिर्न नसक्दा देउरामलाई पूर्पक्षका निम्ति थुनामा राखिएको छ।

मेहलमुडी गाविस-८ का गोरे दमाईले खिमु दमीनीसंग दोश्रो बिहे गरे। जेठी पत्नीले अदालतमा उजुर गरेकी छिन्।

कोटवाडाका २८ वर्षीय खम्बा दमाईले स्थानीय जुना दमिनीलाई दोश्रो पत्नीको रूपमा जारी बिहे गरे। उनकी जेठी पत्नीबाट सन्तान भएका थिएनन्।

४.३ गर्भपतन

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

बालबालिकामाथि भएका अत्याचारको उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस किसिमको प्रतिक्रिया टिप्पणी आदि प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

मर्ना-९ बस्ने रत्नबहादुर शाहीकी पत्नी पद्मा शाहीको **०५२ कार्तिक २४** गते बाढीमा बगेर मृत्यु भयो भने रूकु-४ बस्ने ध्रुवदेव उपाध्यायकी छोरी १३ वर्षीय सावित्री ढुंगाले किचिएर मारिन्।

कोटवाडा-९ का डबले दमाईले **०५२ असोज १८** गते जीविका चलाउन अप्ठेरो परेको कारणबाट भुण्डिई आत्महत्या गरे। ■



४. मध्यपश्चिमाञ्चल

कर्णाली

जनसंख्या : ३६३६४
साक्षरता : २१.७ प्रतिशत
महिला साक्षरता : ५.१ प्रतिशत
क्षेत्रफल : ३५३५ वर्ग कि.मी.

४.१४ मुगु

सुप्रसिद्ध राराताल रहेको यस जिल्लामा बौद्ध, हिन्दू, दुवै मत सम्प्रदायका मानिसहरू बसोबास गर्दछन्। चीनसंग सीमा जोडिएको आर्थिक विकासको ज्यादै न्यूनता रहेको छ। यस जिल्लाको इतिहासमै यस वर्ष पहिलो चोटी यहाँ गोली चल्यो।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

यस वर्ष यहाँ प्रशासनिक पक्षबाट पहिलो पटक हवाई फायर गरेको घटना भयो। **०५२ साउन ८** गते तत्कालीन उपप्रधान मन्त्री माधवकुमार नेपालको भ्रमणमा विपक्षीद्वारा विरोध प्रदर्शन हुँदा शान्ति सुरक्षाको खातिर दुई राउण्ड रवर गोली चलाइयो र त्यसबाट सब्बलबहादुर मल्ल घाइते भए। उनको अवस्था उपचार पछि ठीक भयो। त्यस घटनामा एक जना प्रहरी चन्द्रकला र वृद्ध महिलालाई पनि सामान्य चोट पटक लागेको थियो। यस बाहेक अन्य घटना भएको सार्वजनिक जानकारीमा आएन।

१.२ जेल र बन्दीहरू

पाँच जनालाई थुन्ने क्षमता रहेको गमगडी जेलको आफ्नो भवन छैन। भाडामा लिइएको घरमा बन्दीहरूलाई हतकडी नेल लगाएर खाँबामा बाँधेर राखिन्छ। यहाँको जेलमा १० वटा हतकडी र सातवटा नेल सिक्री प्रयोगमा रहेको पाइयो। पुर्पक्षमा राखिएका थुनुवा १४ वर्षीय वालक सेनापति र अर्का बन्दी राजेश शाहलाई सुत्दा पनि बाँधेर राखेको पाइयो। यसप्रकारको पशुवत व्यवहार बारे जेलर भन्छन्- "जेल सुरक्षित नभएको हुँदा भागी जाने डरले बाँधेर राख्नु परेको हो।"समयमा रासन र लुगाफाटो नपाइने गरेको, रू. १८।- मा खाद्य संस्थानद्वारा वितरित चामललाई रू. ४७।- तिर्नु परेको र रेडियो सुन्न र पत्रपत्रिका हेर्न दिने व्यवस्था नभएको गुनासो बन्दीहरूको रहेको छ।

१.३ गिरफ्तारी र यातना

श्रीनगर गमगडी बजारमा **०५२ साउन ८** गते आयोजित आमसभालाई सम्बोधन गर्ने क्रममा त्यहाँ पुग्नु भएका तत्कालीन उपप्रधानमन्त्रीलाई ढुंगामुढा गर्दै कार्यक्रम विथोल्ने काममा संलग्न केही व्यक्तिहरूलाई स्थानीय प्रशासनले पक्राउ गऱ्यो। पक्राउ पर्नेहरूमा कर्मचारी रामचन्द्र कार्की, नेकाका सदस्य जयबहादुर मल्ल र विष्णु मल्ल रहेका छन्। उनीहरू मध्ये दुईजनालाई आइन्दा हुलहुज्जत नगर्ने कागज गराएर र रामचन्दलाई सार्वजनिक अपराध ऐन अन्तरगत तारेखमा छाडियो।

जिविस सभापति बखतबहादुर शाहीलाई **कार्कीवाडा गाविस-७** का देवीकृष्ण रावललाई नागरिकताको सिफारिस गरे वापत र निज रावललाई दुईपटक नागरिकताको प्रमाणपत्र लिए वापत **०५२ साउन १०** गते पक्राउ गरियो। अभियुक्त मध्ये सभापतिलाई छानवीन पछि छाडियो भने रावललाई थुनामा राखियो।

जिल्ला शिक्षा शाखा मुगु प्राविनि ललितजंग शाही र कोलेनिकाका सह-लेखापाल लोकबहादुर रावललाई ०५२ असोज ८ गते बिनापूर्जी जिप्रका मुगुका प्रहरी निरीक्षक सुभाष चौधरीले गिरफ्तार गरी ३ दिनसम्म हिरासतमा राखी निर्मम यातना दिएको थियो।

१.४ वेपत्ता पारिएको

यस प्रकारको घटना देखा परेन।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	–	–	–	–
हिरासतमा यातना	–	२	२	१
बलात्कृत	–	–	१	–
आत्महत्या	–	–	–	–

प्रहरीको गोलीद्वारा घाइते सब्बल मल्ल

मुगु कारागार

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

श्रीनगर गमगढीबजारमा **०५२ असोज ८** गते जिल्ला प्रहरी कार्यालय मुगुमा कार्यरत पाँच जना प्रहरीलाई कुटपिट गरियो। त्यस अभियोगमा विद्यार्थी मुकुन्द मल्ल, इन्द्र राजवंशी, ललितजंग मल्ल, लोकबहादुर मल्ललाई प्रहरीले बदलाको भावनाले निर्मम यातना दियो। प्रहरी र जड्याहाहरू वीच भएको त्यस घटनामा प्रहरी जवान दीर्घराज भारती मरणासन्न भएकाले उनलाई उपचारार्थ हेलिकप्टरबाट नेपालगंज पुऱ्याइयो। पक्राउ परेका मध्ये ललित जंगलाई निर्दोष पाई ४ दिन पछि छाडियो अरू पीडकहरू फरार रहेका छन्।

१.६ थुनामा मृत्यु

यस वर्ष यहाँ पुर्पक्षका निम्ति थुनामा राखिएका मिजुर ऐडीको **०५२ पुस १५** गते बेलुका हृदयघातद्वारा मृत्यु भयो। सत्र महिना थुनामा रहँदा पनि उनको मुद्दा फैसला नभएको गुनासो पीडित पक्षको रहेको थियो।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस वर्ष यहाँ राजनैतिक प्रतिद्वन्दितावश आमसभा विथोलेको र भेला हुन नदिएको घटना भएको पाइयो। तत्कालीन उपप्रधानमन्त्री माधवकुमार नेपालको आगमनमा आयोजित आमसभालाई नेपाली कांग्रेस समर्थक व्यक्तिहरूले ढुंगामुडा गर्ने, शिशाको बोतलले हान्ने, कालो झण्डा प्रदर्शनको क्रममा फोहोर फ्याँक्ने काम गरे। त्यस घटनाप्रति नेकपा एमालेका स्थानीय नेता चन्द्रबहादुर शाहीले सभा सम्मेलन गर्न पाउने मौलिक अधिकारमा बाधा पुऱ्याइएको विचार व्यक्त गरे भने नेपाली कांग्रेसका कृष्णबहादुर मल्ल शान्तिपूर्ण विरोधमा प्रहरी दमन भएको बताए।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता रहेको छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

शिक्षाको कमी, अन्धविश्वासको प्रभाव र स्थानीय ठालुहरूको हैकमका कारण पनि नागरिकहरू प्रायः न्यायिक उपचारका निम्ति अदालतसम्म पुग्ने गर्दैनन्। पुगेका खण्डमा पनि अदालतमा न्यायधिशको अभावले गर्दा समयमा मुद्दा फैसला हुँदैनन्। सामान्य धरौटीमा छुट्ने मुद्दामा पनि जिल्ला न्यायधिश नभएको कारण थुनामै रहनु परेको गुनासो जिविसका सभापति बखतबहादुर शाही बताउ छन्। यस वर्ष अदालतमा २३ वटा देवानी मुद्दा, २९ वटा दुनियावादी फौज्दारी मुद्दा, ८ सरकारवादी र ३ सम्बन्ध विच्छेद गरी जम्मा ६३ वटा मुद्दा दर्ता भए।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस वर्ष यहाँ १ सय ३० जना शिक्षकलाई सरूवा गरिएको पाइयो। ती मध्ये कतिपयलाई अपायक सरूवा र घटुवा समेत गरेको हुँदा भदौ ८ र १२ गते शिक्षकहरूले धर्ना र जुलुस प्रदर्शन गरे। यस बारेमा संघ र संगठन समर्थकहरूद्वारा पक्ष-विपक्षमा प्रतिक्रियाहरू व्यक्त गरेको पाइयो।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा ३ सय भन्दाबढी परिवार सुकुम्बासीका रूपमा रहेको जानकारी प्राप्त भएको छ।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मिई-१ की ठिमुरी दमैलाई स्थानीय चक्रबहादुर धामीले **०५१ पुस १८** गते ललाई फकाई सहवास गरी गर्भ रहेकोमा पछि उनले तल्लो जातकी महिला भनी अस्वीकार गरेको हुँदा हाल ठिमुरीले नाता कायम गरी पाउँ भनेर अदालतमा उजुर गरेकी छिन्।

रारा-८ मुर्म गाउँकी २५ वर्षीय आउँसी रोकायाले आफूलाई बोक्सी भनेको अरोप सहन गर्न नसकी आफ्नो १० महिने बच्चालाई पिठ्यूमै बोकेर **०५२ वैशाख १७** गते

रारातालमा हाम फालेर आत्महत्या गरिन्।

रोवा-९ की देवी बुढाले आफ्नो छोरा र छोरी दुवैलाई लिई शोभा खोलामा हाम फाली आत्महत्या गरिन्। उनी लोग्नेको कुटपिट सहन नसकी त्यसरी मरेकी थिइन्।

कोटडाँडा-४ का सैलेन्द्र शाहीले आफ्नी पत्नी नन्ददेवी शाहीलाई सन्तान नबाँचेको दोष लगाई हेला होंचो गरेकाले सम्बन्ध विच्छेदका निम्ति अदालत गएकी छिन्।

श्रीनगर-४ का ठिमुरी वमलाई प्रहरी प्रेमबहादुर बमले विवाह गरी २ वच्चा भएपछि हेलाहोचो गर्न थालेकाले उनी माइतीमा रहन थालिन्। त्यहाँ रहँदा रत्नबहादुर मल्लसंग ठिमुरीको सहवास भयो। शुरूमा विवाहको आस्वासन दिंदै आएको भए पनि पछि रत्नबहादुरले ठिमुरीलाई स्याहारेनन् र अहिले उनले नाता कायम गरी पाउँ भनी अदालतमा नालिस दिएकी छिन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

कार्कीवाडा-८ का गिरी दमाईले जेठी पत्नी हुँदाहुँदै लाटी दमिनीलाई दोस्रो पत्नीका रूपमा **०५२ मंसीर २** मा विहे गरे। उनकी जेठी पत्नी पालमा दमिनी न्यायिक उपचारका निम्ति अदालत पुगेकी छिन्।

यस वर्ष यहाँ चालिस जति जारीका घटना भए। ती मध्ये चर्को जारी तिर्नेमा धैन-२ दइका मनसुर मल्लकी पत्नीलाई आफ्नी पत्नी बनाए वापत पुरूमुर गाउँका निरंजन मल्लले रू. पचास हजार जारी तिरे। जारीकै कारणबाट यस जिल्लामा धनमाल चोरीका मुद्दाहरू समेत चलाइने गरेको छ। श्रीनगर-५ का लोकविक्रम चौलागाईले जिमा-४ का नन्दप्रसाद काफ्लेलाई रू. ४७ हजारको धनमाल मुद्दा लगाएका छन् भने पिना-७ का हरिभक्त जैसीले बाजुरा जिल्ला दिमा गाउँका धनरूप जैसीलाई ४० हजारको विगो किटेर धनमाल मुद्दा लगाएका छन्। तमाङ्ग जातिमा भने जारी भर्ने तर्फ भन्दा जारलाई कुटपिट गर्ने, घर भत्काइ दिने गरेको पाइन्छ।

पिना-२ का तेजबहादुर शाहीले घरमा पत्नी छँदाछँदै खिन- छलाहाकी बालकुमारी मल्ललाई **०५२ वैशाख १६** गते बहुविवाह गरे। तर घरमा ल्याए पछि दुई पत्नी बीच झै-झगडा भई उनी बस्न सकिनन् र माइत गइन। त्यसपछि बाल कुमारीले डिलबहादुर मल्लसंग विहे गरिन्। उनले विहे गरेको थाहा पाउना साथ तेजबहादुरले २६ हजार विगो राखी धनमाल लगेको मुद्दा दिए। हाल दुवै थरी माफ मिलापत्र भइसकेको छ।

४.३ गर्भपतन

यस प्रकारको घटना देखा परेको पाइएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

राजनीतिक मीडन्तबाट घाइते ७५ वर्षीय चन्द्रकला मल्ल

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लंघन भएको घटना देखा परेन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यसप्रकारका कुनै प्रथा यहाँ देखा परेनन्।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यहाँ छुवाछूत प्रथा रहेको पाइयो। बोक्सी भनी निर्दोषलाई दोष लगाएर दुःख दिने गरेको पनि पाइयो। तर उल्लेख्य घटना प्रकाशमा आएको भेटिएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै टिप्पणी, प्रतिक्रियाहरू देखा परेनन्।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यहाँ रक्सी सेवन गरी हिंड्दा भीरबाट खसेर १ जनाको मृत्यु र काठ काट्दै गर्दा खसेर १ जनाको मृत्यु भयो।

■



४. मध्यपश्चिमाञ्चल

कर्णाली

४.१५ हुम्ला

जनसंख्या : ३४३८३
साक्षरता : १९.५ प्रतिशत
महिला साक्षरता : ४.५ प्रतिशत
क्षेत्रफल : ५६५५ वर्ग कि.मी.

आर्थिक विपन्नताले यहाँका अधिकांश युवाहरू रोजगारीका लागि भारततिर जाने गर्छन्। अशिक्षा र अन्धविश्वासग्रस्त आमसमुदायहरू मानवअधिकारका बारेमा अनभिज्ञ छन्। यस जिल्लामा अहिले पनि जारी प्रथा, छुवाछूत प्रथा जस्ता कुरीतिहरू कायमै रहेका छन्। यहाँका अधिकांश जनता आफूमाथि अन्याय पर्‍यो भने अदालत जाँदा उल्टै समस्या आउँछ कि भन्ने डरले गाउँकै "ठूला ठालु" कहाँ जाने गर्छन्। ती "ठूलाठालु" हरूले निमुखा जनतासंग खसी बोका खाएर झगडा मिलाउने गर्दछन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

१.२ जेल र बन्दीहरू

जेल वर्गीकरण अनुसार यहाँको जेल "घ" श्रेणीमा पर्दछ। यसको बन्दी क्षमता १५ जनाको छ। भौतिक अवस्था दयनीय रहेको छ। महिला बन्दीहरू राख्ने कोठाको व्यवस्था नै छैन। सुरक्षाकर्मी प्रहरीहरूले पहरा दिने ठाउँ (बुर्जा) नभएका कारण उनीहरू पनि बन्दीहरू संगसंगै बस्नु पर्ने बाध्यता छ। हप्तामा २ दिन मात्र बन्दीहरूसंग उनीहरूका आफन्तलाई भेट गर्न दिइन्छ। अहिले यो जेलमा लोकचाङ लामा र उनका २ जना छोराहरू समेत ३ जना थुनुवा र १ जना कैद तोकिएका बन्दी समेत ४ जना रहेका छन्। थुनुवा लोकचाङ आफूले आफन्तसंग भेट गर्न मुश्किलले पाउने गरेको र औषधि उपचारमा समेत हेलचेक्र्याँइ भएको गुनासो गर्छन्। जेलको भौतिक अवस्था र बन्दीहरूको सुविधाका बारेमा जेलर शसीराम घिमिरेले पनि चिन्ताव्यक्त गरेको पाइयो।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	-	-	-
बलात्कृत	-	-	-	२
आत्महत्या	-	-	-	-

१.३ गिरफ्तारी र यातना

सदरमुकाम सिमिकोटमा **०५२ कार्तिक** ८ गते भाइटिकाको दिन रक्सी सेवन गरी लडिरहेका स्थानीय श्यामबहादुर रोकायलाई उनकै दाजु पुसे रोकायले पिटेर घर लान खोजिरहेका थिए। गस्तीमा घुमिरहेका प्रहरीहरूले त्यहाँ रहेका सबैलाई पिट्दै पक्राउ गर्न खोज्दा दोहोरो भीडन्त भयो। उक्त भीडन्तमा प्रहरी हवल्दार मानबहादुर मल्ल, स्थानीय व्यक्तिहरू तुलसिं रोकाय र जयपति रोकाय घाइते भए। जयपतिको हात भाँचिएको थियो। भीडन्तपछि प्रहरीले घाइतेहरू सहित श्यामबहादुर रोकाय र पुसे रोकायलाई पक्राउ गरेर पुनः कुटपिट गरेको कुरा पीडितहरू बताउँछन्।

मुवु गाविस याल्वाङ चौरमा ०५२ असोज १३ गते भएको झगडाको सिलसिलामा प्रहरीले एकजनालाई पक्राउ गरी हिरासतमा राखेको थियो।

१.४ वेपत्ता पारिएको

यो वर्ष यस जिल्लामा कसैलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन। तर **०५२ साउन ११** गते मैला गाविसका ७ वर्षीय हासे छन्याल आफ्नो बाजे देवी शाहीसंग गाईखर्क सिप्च भन्ने ठाउँमा गएका थिए तर उनी घरमा फर्केनन्। प्रहरीले समेत खोजी गर्दा पनि उनको कुनै पत्ता लाग्न सकेको छैन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

श्रीनगर गाविस-३ का मुढे बुढाकी भतिजी उचारी बुढालाई सोही गाविस-१ का सुके रोकायले जबर्जस्ती विहे गरेका थिए। **०५२ जेठ ७** गते आफ्नी भतिजीलाई लुकाइ राखेको ठाउँ मुगु जवलधारा ल्याउन खोज्दा सुके रोकायले मुढे बुढालाई टाउकोमा हिर्काएर घाइते बनाए।

लाली गाविस-५ का भैरवबहादुर शाही र समबहादुर शाहीलाई **०५२ मंसीर १७** गते सोही ठाउँका हर्कधन शाही, जयबहादुर शाही, राजेन्द्र शाही र चक्रबहादुर शाहीले कुटपिट गरे। गाउँका मुखियालाई दिनु पर्ने पाथी नदिएको विवादमा उक्त घटना भएको थियो।

सदरमुकाम सिमीकोटमा **०५२ साउन २७** गते सिमीकोटका स्थानीय वासिन्दा र वरगाउँ लिमाटाङ्गका वासिन्दाहरू बीच मादक पदार्थका कारण झगडा भयो। विवाद बढ्दै गएपछि उनीहरू बीच कुटपिट र ढुङ्गा हानाहान समेत भयो। सो घटनामा परी ५ कक्षामा पढ्ने वेन्जु थापा, २ कक्षामा पढ्ने धर्मेन्द रावत, लालमती वोहरा, ग्याङ्जोर लामा, सेरप लामा र मिर्दु लामा गरी ६ जना घाइते भएका थिए। स्थिति नियन्त्रणमा ल्याउन भनी प्रहरीले २ सेल अश्रुग्याँस पनि प्रयोग गरेका थिए।

१.६ थुनामा मृत्यु

यो वर्ष थुनामा कसैको मृत्यु भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रताको अधिकार)

मैला गाविस वडे चौरमा **०५२ कार्तिक**मा नेपाली कांग्रेसले आयोजना गरेको आमसभामा एमाले समर्थक केही व्यक्तिहरूले सभा विथोल्न ढुंगामुढा प्रहार गरे। दुबै पक्षबीच ढुंगा हानाहान भयो। एमाले समर्थकहरूद्वारा बाबुरत्न जैसी पिटिए। उक्त घटनामा अन्य केही घाइते समेत भएका थिए।

२.२ धार्मिक स्वतन्त्रता

धर्म सम्बन्धी विवादका कारण केही घटना नभए पनि छुवाछूत सम्बन्धी भावना अझै कायम भएका कारण अछूत भनिने जातिका मानिसहरूलाई छुत मनिने जातिका मानिसहरूले धार्मिक कार्य गर्न समेत रोक लगाएका घटनाहरू बेला बेलामा हुने गरेका छन्।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जनचेतनाको कमीले यस जिल्लाका अधिकांश मानिसहरू आफूलाई अन्याय परे पनि अदालत जाँदैनन्। गाउँमै "ठूलाठालु" धामी झाँक्रीहरूलाई खसी, बोका, पैसा खुवाएर विवाद मिलाउने गरिन्छ। कोही अदालत पुगी हाल्यो भने पनि मिलापत्र गर्ने भनी मुद्दा फिर्ता गर्ने गरेको पाइन्छ। श्रीनगर कल्ले गाउँका जयकर्ण र दोर्जे दमाई बीचको जग्गा खिचलो मुद्दा अदालतमा परेको भए पनि मिलापत्रबाटै मिलाइयो। जिल्ला न्यायाधीश भिमबहादुर बोहराका अनुसार यस वर्ष जिल्ला अदालतमा ३३ वटा मुद्दाहरू दर्ता भए भने ४ वटा देवानी २ वटा सरकारवादी, १ वटा संक्षिप्त कार्यविधि, २ वटा दुनियावादी फौजदारी, ३ वटा विशेष अदालत सम्बन्धी गरी जम्मा १२ वटा मुद्दा किनारा लागे। भौगोलिक विकटता र न्यायाधीश प्रायः जिल्लामा नरहने हुँदा पूर्पक्षमा रहेकाहरूको मुद्दा ढिलो फैसला भएको गुनासो पाइन्छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

जैर सिंचाइ योजनामा भ्रष्टाचार गरेको आरोपमा जैर गाविसका स्थायी सचिव जयबहादुर शाहीलाई **०५१ चैत २१** गते बर्खास्त गरियो। प्रशासकीय अदालत सिंहदरवारमा यस सम्बन्धी मुद्दा चलिरहेको छ।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासी समस्या बाहिरी रूपमा त्यत्ति देखिंदैन। तर यहाँका अधिकांश अछूत जातिका भनिने मानिसहरू बाहुन, क्षेत्री, ठकुरीहरूको काम गरी जीवनयापन गर्छन्। उनीहरूसंग सानो घर बाहेक जग्गा जमिनको लिखित प्रमाण पत्र छैन। मालिकहरूलाई रिझाउन नसके कुनै बेला उनीहरूले आफूले भोग चलन गरेको जग्गाबाट हात धुनु पर्ने स्थिति कायमै छ। यस जिल्लाको अधिकांश भाग हिउँले ढाक्ने भएकाले वर्षमा १ वाली मात्र हुन्छ। खाद्य संस्थानको चामल र गहुँमा भर पर्नु पर्ने यहाँको विवशता छ।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यहाँ छोराको बिहे गर्नलाई सानैमा केटी मागिसकिएको हुन्छ। कसैको लागि मागिएका केटी जवान भएपछि स्वइच्छाले अरू कसैसंग बिहे गरेमा पहिला केटी मागेको पक्षले अर्को पक्षसंग जति सक्यो बढी पैसा असुल्ने चलन कायमै छ।

श्रीनगर गाविस मकै दुब्लाको सुगे रोकायले **०५२ जेठ ७** गते राती स्थानीय एक १६ वर्षीय युवतीलाई बलात्कार गरे।

श्रीनगर गाविस-७ विगोठीका २६ वर्षीय वर्स्ने बुमीकी पत्नी पोइल गएको आरोपमा **०५२ कार्तिक २७** गते वर्स्ने बुमी समेतका व्यक्तिहरूले उनलाई गल्फागाढ भन्ने ठाउँमा रक्ताम्य हुने गरी कुटपिट गरे।

श्रीनगर गाविस-३ का धने महतराकी १६ वर्षीय पत्नीलाई **०५२ साउन ५** गते सोही गाविस-४ का लोगे फडेराले भगाई लगे वापत २० हजार नगद तथा जिन्सी तिरेका थिए।

सिमिकोट गाविस-६ का १८ वर्षीय प्रेम रावलले **०५२**

पुस २ गते सोही ठाउँकी १५ वर्षीय एक बालिकालाई बलात्कार गरे। पीडितले ०५२ पुस ३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी गरेकी थिइन्।

५.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यो वर्ष यस जिल्लामा १० देखि ३० हजारसम्म जारी लिने दिने गरेका थुप्रै घटनाहरू चर्चामा आए।

सर्किदेउ गाविस उनापानीका ३२ वर्षीय बलबहादुर फडेराले घरमा पत्नी हुँदाहुँदै **०५१ पुस २०** गते सोही ठाउँकी २५ वर्षीय औंला फडेरालाई विवाह गरे।

श्रीनगर गाविस-१ का ३० वर्षीय हरि भण्डारीले घरमा पत्नी अमनी भण्डारी हुँदाहुँदै **०५१ माघ १७** गते सोही गाविसकी २० वर्षीय सौमती बुढालाई दोश्रो पत्नीका रूपमा भित्र्याए।

मदाना गाविस पाँदा लोटपाटाका ३० वर्षीय धनसिं बोहराले घरमा पत्नी जती बोहरा हुँदाहुँदै **०५१ फागुन ७** गते सोही गाविसकी २० वर्षीय तुलसा बुढालाई विवाह गरे।

श्रीनगर गाविस-१ भण्डारी गाउँका २५ वर्षीय सुगे रोकायाले घरमा पत्नी मुगा रोकाय हुँदाहुँदै **०५२ जेठ २** गते सोही गाविसकी १८ वर्षीय उचारी बुढालाई विवाह गरे।

श्रीनगर गाविस-५ का जैमान फडेराले **०५२ जेठ २०** गते सोही गाविस-४ का लागे फडेराकी पत्नीसंग बसउठ गरेको भनी जैमानलाई २० हजार जरिवाना गरी लागेको पत्नीलाई जैमानको घरमा जबर्जस्ती लखेटेर लगियो।

मैला गाविस-७ का अजे थापाकी पत्नी **०५२ असार ७** गते मदाना गाविस सिरूपाटाका नरपती वोगटीले भगाएर बिहे गरे वापत ०५२ कार्तिक १० गते २० हजार जारी तिरेका थिए।

यी बाहेक जारीका अन्य यस्ता घटना ६ वटा सार्वजनिक जानकारीमा आएको पाइयो।

श्रीनगर गाविस-३ का २५ वर्षीय गोरख सुनारले घरमा पत्नी मुगा सुनार हुँदाहुँदै **०५२ जेठ १०** गते सोही ठाउँका भक्ते मिर्याँलकी छोरीलाई विवाह गरे।

यी बाहेक अन्य २ वटा बहुविवाह सम्बन्धी घटना सार्वजनिक जानकारीमा आए तर कुनै घटना अदालतमा दर्ता गरिएन।

कालीका गाविसका विरबल रोकायाकी २० वर्षीय पत्नी **०५२ साउन १५** गते सोही ठाउँका रत्ने ऐडीले भगाइ बिहे गरेकाले विरबललाई २५ हजार नगद तथा जिन्सी तिरेका थिए।

श्रीनगर गाविस-४ फडेरा गाउँका भक्त बमाइकी पत्नीलाई **०५२ असोज २** गते सोही गाविस-५ रोकाय गाउँका किथ्या दमाईले भगाएर बिहे गरे वापत भक्त दमाईलाई किथ्या दमाईले १० हजार रूपैयाँ जारी तिरेका थिए।

५.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लाका अधिकांश बालबालिकाहरूलाई उनका अभिभावकहरूले स्कूलमा पढ्न पठाउनुभन्दा घरायसी काममा लगाउने गरेको पाइन्छ।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा आफ्नो श्रम बेचेर खानेहरूलाई उचित ज्याला नदिएको गुनासो पाइन्छ। यसो हुनुको कारणमा रोजगारीको अवसर कम र श्रमिकहरूको संख्या बढी हुनुले पनि हो। यहाँका अधिकांश युवाहरू कठिनाइबाट मुक्ति पाउन कामको खोजीमा छिमेकी देश भारतका विभिन्न शहरहरूमा जाने गर्दछन्।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस जिल्लामा अहिले पनि अछूत भनिनेजातिका मानिसहरूले स्वतन्त्र नागरिकको रूपमा बाँच्न पाएका छैनन्। उनीहरूले राम्रो लुगा लगाउन र मिठो खान हुँदैन भन्ने सामन्ती धारणा अहिले पनि विद्यमान छ।

सिमिकोट गाविस-८ पुराउँसेका सुरजन कामीका छोरा सार्की कामीको विहेमा **०५२ मंसीर २६** गते खार्पुनाथ गाविसमा जन्ती गएका कामी जातिका मानिसहरूले रातो वोरका, पटुका र पगरी बेरेको त्यहाँका उपल्लो जातिका भनिने ठकुरीहरूलाई सह्य भएन। उनीहरूले कामीको बिहेमा बाजा बजाउन हुँदैन भनेर बाजा बजाउन समेत दिएनन्। भोलिपल्ट बेहुली लिएर फर्कंदा भिमबहादुर शाही र देव शाही समेतको हुलले बेहुली समेत खोसेर सुरजन कामीलाई जरिवाना पनि गरेका थिए।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै पक्षले पनि प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित गरेको सार्वजनिक जानकारीमा आएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

०५२ भदौ १० गतेको अविरल वर्षाका कारण आएको बाढीले कालिका गाविस र श्रीनगर गाविसमा निकै क्षति पुऱ्यायो।

जंगली जनावरको आक्रमणबाट एकजनाको मृत्यु भयो।

■

सुदूर पश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ्ग

५.६ कञ्चनपुर

५.७ डडेलधुरा

५.८ बैतडी

५.९ दार्चुला



५. सुदूरपश्चिमाञ्चल

सेती

जनसंख्या : ४१७८९१
साक्षरता : ३०.० प्रतिशत
महिला साक्षरता : १४.९ प्रतिशत
क्षेत्रफल : ३२३५ वर्ग कि.मी.

५.१ कैलाली

थारू जातिको बाहुल्य रहेको यस जिल्लामा कमैया प्रथा कायमै छ। बहुसंख्यक नागरिकहरू अशिक्षा र गरीबीबाट पीडित छन्। इन्सेक लगायतका मानवअधिकारवादी संघ संस्थाहरूले केही वर्ष यता साक्षरता कार्यक्रम संचालन गरी मानवअधिकारका बारेमा समेत जनतालाई सचेत गराउने अभियान चलाएका छन्। यसबाट कमैया समुदाय पनि आफ्नो अधिकारका लागि सचेत बन्दैछ। यो वर्ष यहाँ राज्यको तर्फबाट हुने मानवअधिकार उल्लंघनमा कमी आएको पाइयो भने आत्महत्याका घटनाहरूमा वृद्धि भएको देखिन्छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

धनगढी नपा-३ बडहरा गाउँमा **०५१ फागुन ११ गते** अन्दाजी २५ वर्षको युवकको वेवारिस लाश भेटियो। हत्याको यो घटनामा अभियुक्त फेला परेको छैन।

दोदोधरा गाविस-६ का सुके चौधरीको लाश **०५१ चैत ६ गते** स्थानीय जंगलमा भेटियो। हत्याको आशंकामा स्थानीय वीरबहादुर पुन, कविराज थापा, कमानसिं पुन र धनबहादुर थापालाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बलीया गाविस-९ की लीला चलाउनीलाई **०५१ चैत २५ गते** आफ्नै पति वीरबहादुर चलाउनीले पारिवारिक झगडाका कारण लट्ठीले कुटेर हत्या गरे। अभियुक्तलाई थुनामा राखिएको छ।

पच्हीन गाविस-७ का ३८ वर्षीय वीरबहादुर सुनार्खी मगरले **०५१ चैत २६ गते** आफ्नी ३० वर्षीय पत्नी अर्मितादेवी मगर, १६ वर्षकी छोरी लालमति मगर, ८ वर्षको छोरा शेरबहादुर मगर र ३ वर्षकी छोरी बाटुली मगर समेत ४ जनालाई हँसियाले काटेर हत्या गरे। त्यसपछि पीडक आफैले आफूलाई भरूवा बन्दुकले हानी आत्महत्या गरे। अन्धविश्वासका कारण देउतालाई बली दिन पीडकले आफ्ना परिवारको विभत्स ढंगले हत्या गरी आफूले पनि आत्महत्या गरेको बताइन्छ।

बलीया गाविस वलचोर आमवगीया नजिक कर्णाली नदीबाट निकालिएको भोक्सी कुलोमा अन्दाजी २२ वर्षकी एक अपरिचित महिलाको लाश **०५१ चैत ३० गते** भेटिएको थियो।

दोदोधरा गाविस-७ की ३५ वर्षीय धुरी वदेनीलाई **०५२ जेठ १९** गते आफ्नै पति पिउले वादीले छुरी हानी हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

धनगढी नपा-१ का २५ वर्षीय पतिराम चौधरीलाई **०५२ जेठ २२ गते** अज्ञात व्यक्तिद्वारा गोली हानेर हत्या गरियो। अभियुक्त पत्ता लाग्न सकेको छैन।

धनगढी नपा-३ त्रिनगर चौकी भन्सारका ४५ वर्षीय लालगिरी बाबा नामको जोगीको **०५२ साउन ४** गते मृत्यु भयो। निजलाई प्रहरीले पिटेर मारेको हो भनी बजारमा जुलुश प्रदर्शन समेत भएको थियो। मृत्यु हुनुअघि बाबा र प्रहरी हवल्दार झपेन्द्र बीच झगडा भएको थियो।

गोदावरी गाविस-५ का खड्गे कामी **०५२ भदौ ६** गते घरबाट वेपत्ता भएपछि ०५२ भदौ ७ गते मछली खोलाको किनारमा जंगलभित्र मरी रहेको अवस्थामा फेला परेको थियो।

बलीया गाविस-९ का २०' वर्षीय हर्कबहादुर शाही चिसापानी मेरी होटल **०५२ कार्तिक ६** गते मृत अवस्थामा फेला परे। निजको हत्याको अभियोगमा कृष्ण स्वरेल, बावर स्वान र

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	२	२	२
बलात्कृत	-	७	२	५
[झड्केलो बाबुद्वारा बलात्कृत]				१
आत्महत्या	-	१	४	३०

विक्रम सिंहलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षको लागि **थुनामा** राखिएको छ।

मालाखेती गाविस-३ का ३० वर्षीय पद्मराज भट्टराईलाई **०५२ कार्तिक ७ गते** रक्सीको झगडामा स्थानीय टीकाराम पन्तले अण्डकोषमा हिर्काउँदा उनको मृत्यु भयो। अभियुक्तलाई प्रहरी हिरासतमा राखिएको छ।

साढेपानी गाविस-८ का ४७ वर्षीय टिटे दमाईको **०५२ पुस २ गते** राती अण्डकोष र घाँटी थिचेर हत्या गरियो। हत्याको अभियोगमा बुहारी शिवादेवी दमिनीलाई प्रहरीले पक्राउ गरेको छ। मृतककी पत्नी र प्रहरीका अनुसार बलात्कारबाट बच्न शिवा दमाईले ससुरा टिटे दमाईको हत्या गरेकी हुन्।

धनगढी नपा-२ डेरा गरी बस्ने राष्ट्रिय वाणिज्य बैंक कैलाली शाखामा पियन पदमा कार्यरत विहारीलाल चौधरीलाई **०५२ पुस १५** गते स्थानीय गयाप्रसाद चौधरी, होलुराम चौधरी र लालबहादुर चौधरी समेतले कुटपिट गरी हत्या गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

नेपाल-भारत सीमा नजिक **केलाली वंगरा कटान**मा धनगढी नपा-१४ का २४ वर्षीय हरिलाल चौधरीलाई केही अज्ञात व्यक्तिहरूले गोली हानी मारेका थिए।

१.२ जेल र बन्दीहरू

७५ जनाको क्षमता भएको जेलमा यो वर्षको अन्त्यतिर १ सय २० जनासम्मलाई कोचेर राखिएको पाइयो। तिनमा ७ जना महिला र १ जना बालिका छन्। क्षमताभन्दा बढी बन्दी राखिएको हुँदा सुत्न बस्न असुविधा भएको कुरा बन्दीहरूले बताए।

१.३ गिरफ्तारी र यातना

भारतीय सीमा क्षेत्र गौरीफन्टा नाकामा यस वर्ष नेपाली रिक्सा चालकहरूलाई भारतीय प्रहरीहरूले कुटपिट गरे। धनगढी नपाका रिक्सा चालक नन्दु सिंहलाई भारतीय प्रहरी राम आश्रमले कुटपिट गरेकोमा सो को विरोध गर्दा लाठी चार्ज गरी कुटपिट गरिएको थियो। त्यसमा रिक्सा चालकहरू श्रीप्रसाद मण्डल र मोहम्मद मियाँ गम्भीर रूपले घाइते भए।

फागु पूर्णिमा मनाउन दिल्लीबाट घर फर्किंदै गरेका नेपालीहरूलाई **०५२ फागुन २७ गते** भारतको **पुरनपुर प्रदेशमा** गिरफ्तार गरी यातना दिइयो। यू.पी. १५ वी ९३६६ र डी. एल. आई. ४६६६ नम्बरका भारतीय गाडीमा नेपाल फर्किरहेका बेला उत्तर प्रदेश प्रहरीका सई आर.सी. निरालाले प्रतिव्यक्ति २ सय रूपियाँ घूस मागे। तर यात्रीहरूले दिएनन्। त्यसपछि वस अगाडि बढ्न नदिने धम्की प्रहरीहरूले दिए। बाध्यतावश यात्रीहरूले एक-एक सय घूस दिए। अर्को चेकपोष्टमा पुग्दा त्यहाँ पनि प्रहरीहरू फुलसिंह र कालिचरणले घूस मागे। बसको कागजपत्र कब्जा गरे। ड्राभइरलाई तल झारेर कुटपिट गर्न थाल्दा यात्रीहरूले विरोध गरे। ती दुईजना प्रहरी त्यहाँबाट हिंडेपछि थप प्रहरी आएर ड्राइभर सहित १८ जनालाई थानामा पुर्‍याई यातना दिइयो। ५ जनामाथि प्रहरीलाई हातपात गरेको अभियोग लगाइयो। तिनमा स्याङ्जाका ज्ञानबहादुर, पाल्पाका भीमबहादुर र हर्षबहादुर, पोखराका श्यामबहादुर र बुटवलका रामबहादुर छन्। उनीहरूलाई भारतीय दण्ड संहिताको धारा १४७, ३३२, ३२५ र ५०४ अन्तर्गत कुटपिटको अभियोग लगाएर न्यायिक मजिस्ट्रेड एस.एम. शुक्लको अदालतमा पेश गरिएको थियो। उक्त घटनाको सन्दर्भलाई लिएर पिलिभित पुरनपुरका स्थानीय राजनीतिज्ञ झाँझनलाल र रमेशचन्द्र पाण्डे तथा इलाहावाद विश्वविद्यालयका छात्र नेता अजयकुमार शुक्लले छुट्टाछुट्टै प्रेस वक्तव्यद्वारा प्रहरी कारवाहीको विरोध गरेका थिए।

फूलवारी गाविस-५ का धर्मराज कुँवर, विष्णु ज्ञवाली र **सोही गाविस-६** का मुरारी अधिकारीलाई **०५२ वैशाख १४ गते** गिरफ्तार गरी खान समेत नदिई एकरात भर हिरासतमा राखियो। सुकुम्बासी समस्या समाधान आयोगद्वारा जग्गाधनी पूर्जा वितरण गर्दा दुई पक्ष बीच भीडन्त भएपछि उनीहरूलाई गिरफ्तार गरिएको थियो।

नेपाल विद्यार्थी संघले आयोजना गरेको नेपाल बन्द कार्यक्रममा **०५२ असार ३० गते** शेरबहादुर बुढा, निर्मल बोहरा र देवीदत्त नौनीयालाई गिरफ्तार गरी २ घण्टापछि छाडियो।

हसुँलीया गाविस-८ का नेकपा एमाले इलाका कमिटी सदस्य ३८ वर्षीय दिलबहादुर बोहरालाई भिडियो प्रदर्शनको विरोध गर्दा **०५२ मंसीर २ गते** गिरफ्तार गरी एक रात हिरासतमा राखियो।

कर्तव्य ज्यानको अभियोगमा पक्राउ परेका **महेन्द्रनगर नपा**का वावर खान, कृष्ण खरेल र विक्रमबहादुर सिंहलाई प्रहरीले निकै यातना दिएको बताइन्छ। पीडकहरूले सेती अञ्चल अस्पतालमा **०५२ कार्तिक १४** गते घाउ जाँच गराएका थिए।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना देखा परेको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मजनी गाविस-३ का चेतराज चौधरीलाई **०५२ जेठ** २२ गते प्रहरी हवल्दार र जवानहरूले सुतिरहेको अवस्थामा लछारपछार गर्दै कुटपिट गरी घाइते बनाए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

गरीबी र अशिक्षाका कारण पीडित जनताले न्याय जस्तो कुरालाई सरल र निष्पक्ष महशूस गर्न सकिरहेका छैनन्। केही बन्दीहरू पुर्पक्षका लागि थुनामा राखेको ६-७ वर्ष बितिसक्दा पनि मुद्दा किनारा नलागेकोमा गुनासो गरिरहेका छन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

कुनै उल्लेख्य घटना देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

टीकापुर गाविस-९ का एकजना जमिन्दारले **०५१ फागुन १० गते** आफ्नै घरमा काम गरेर बसेकी ११ वर्षीय बालिकालाई बलात्कार गरे।

सहजपुर गाविस-१ की ६ वर्षीय बालिकालाई स्थानीय दिलबहादुर विश्वकर्माले **०५१ चैत २** गते बलात्कार गरे।

पथरैया गाविस-९ की १५ वर्षीय दुई युवतीलाई भुक्याएर **०५२ वैशाख २२ गते** बिक्री गर्न भारततर्फ लैजान लाग्दा अभियुक्त रामबहादुर बर्मालाई गिरफ्तार गरियो।

जानकीनगर गाविस-१ की १७ वर्षीय एक युवतीलाई **०५२ वैशाख** २७ गते कृषि तालिम केन्द्र धनगढीका प्रमुख अनिल कार्कीले कार्यालयमै एकान्त कोठामा लगी अभद्र व्यवहार गरेका थिए।

मसुरीया गाविस-७ का जीतबहादुर चौधरीले **०५२ साउन ७ गते** १२ वर्षीय आफ्नै भत्केली छोरीलाई बलात्कार गरी बेहोस् बनाए।

उर्मा गाविस-७ की २५ वर्षीय एक महिलालाई स्थानीय चन्द्रराम रानाले ०५२ **असोज ४ गते** बलात्कार गरे।

चौमाला गाविस-७ की १४ वर्षीय बालिकालाई **०५२ कार्तिक ७ गते** भुक्याएर भारततर्फ बिक्री गर्न लगिरहेको बेला टेकबहादुर दमाईलाई गिरफ्तार गरियो। टेकबहादुरलाई सहयोग पुऱ्याउने लालसिं दमाई र वीरबहादुर दमाईलाई पनि पक्राउ गरी कारवाही चलाइएको छ।

फूलवारी गाविस-३ की ८ वर्षीय एक बालिकालाई २१ वर्षीय पतिराम चौधरीले **०५२ मंसीर १५** गते बलात्कार गरे।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

धनगढी नपा-२ का निकीराम चौधरीले **०५२ वैशाख** ४ गते घरमा पत्नी हुँदाहुँदै गदरीया, धर्मपुरकी अनिता चौधरीसंग दोस्रो विवाह गरे। उनीहरूमाथि कानूनी कारवाही चलाइएको छ।

सहजपुर गाविस-२ का दुर्गाप्रसाद आचार्यले **०५२ मंसीर २२** गते घरमा पत्नी लक्ष्मी आचार्य हुँदाहुँदै इन्द्रदेवी भट्टराईसंग दोश्रो विवाह गरे। पीडितका उजुरीमा दुबैलाई प्रहरीले पक्राउ गरेको थिए।

४.३ गर्भपतन

नारायणपुर गाविस-८ की २१ वर्षीय पार्वती स्वत्रीले **०५२ मदी २६ गते** ३ महिनाको गर्भपतन गराइन्। यो घटनाका अभियुक्त पार्वती र स्थानीय पहलसिं बस्नेतलाई थुनामा राखिएको छ।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

गेटा गाविस-५ का कमलसिं कडायतले **०५१ माघ १५ गते** आफ्नो कमैया चुन्टे थारूकी पत्नी र आमालाई आफ्नै घरमा बन्दी बनाए। कसैसंग भेट गर्न समेत दिएनन्। नगद १५ हजार ९ सय ८१ रे ७ क्वीन्टल धान तथा ५० किलो गहुँ नतिरेसम्म उनीहरूलाई नछोड्ने कुरा कडायतले बताए। चुन्ने थारू ०४९ सालदेखि नै निज कडायत कहाँ कमैया बसेका थिए।

प्रतापपुर गाविस-४ का छोटेलाल चौधरीलाई विहान ४ बजेदेखि काममा नआएको भनी **०५२ वैशाख २१ गते** जमिन्दार प्रेमभक्त रेग्मीले कामबाट निकाली दिए। पीडित चौधरी प्रेमभक्तकै काममा जाँदा जंगलमा लडेर घाइते अवस्थामा थिए। उनको औषधि उपचार गराउनुको सट्टा उल्टो २ दिन काममा नआएको भनी १ सय रूपियाँ हर्जाना तिराइयो। १ हजार ६ सय सौंकी तुरून्त तिरेर गइहाल् भनेर मालिकले आफूलाई निकालेको कुरा पीडित चौधरी बताउँछन्।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जोगीलाल गिरी बाबाको मृत्यु सम्बन्धमा इन्सेक, वार एसोसिएशन, कैलाली, मासम, नेपाधिसंघ र नेपाल पत्रकार संघ कैलालीले संयुक्त रूपमा घटना छानवीन गरी अपराधीमाथि कारवाही गर्नु पर्ने माग सम्बन्धित निकायसंग गरिएको छ।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा लडीया, जीप, ट्रके तथा बस दूर्घटनामा परी १० जनाको मृत्यु भयो। त्यस्तै नदी र पोखरीमा डुबेर ११ जनाको ज्यान गयो। रूखले किचेर १ जना र पहिरोबाट १ जनाको मृत्यु भयो।

यो वर्ष यस जिल्लामा २४ जना महिला र २२ जना पुरूष गरी ४६ जनाले आत्महत्या गरे। तिनमा २ जनाले गरीबिका कारण परिवार पाल्न नसकेर र १ जनाले आफ्नो रोगको उपचार गर्न नसकेर आत्महत्या गरेको पाइन्छ। अन्यले भने पारिवारिक झगडा, मानसिक असन्तुलन आदि कारणले आत्महत्या गरेको देखिन्छ। आत्महत्या गर्नेहरूको उमेर १६ देखि ४० वर्षको वीचमा रहेको पाइएको छ। यो वर्ष देहव्यापारबाट वाक्क भएर एउटी महिलाले आत्महत्या गरेको घटना पनि देखा पऱ्यो। आत्महत्या गर्ने मध्ये २१ जनाले भुण्डिएर र ९ जनाले विष सेवन गरेर आत्महत्या गरेको पाइयो। ■



५. सुदूरपश्चिमाञ्चल

सेती

५.२ अछाम

जनसंख्या : १९८१८८

साक्षरता : २३.४ प्रतिशत

महिला साक्षरता : ५.४ प्रतिशत

क्षेत्रफल : १६८० वर्ग कि.मी.

यो जिल्ला अन्धविश्वास र रूढीवादी संस्कारबाट ग्रस्त छ। यहाँको समाजमा महिनावारी वा सुत्केरी भएकी महिलालाई घरमा बस्न समेत दिइँदैन। उनीहरूलाई घरदेखि बाहिर छुट्टै टहरोमा बस्न बाध्य गराइन्छ। यहाँका नागरिकहरू रोजगारीका लागि ठूलै संख्यामा भारततिर लाग्ने गरेका छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

बलीगाउँ गाविस- ५ का ४२ वर्षीय सेते बोहरालाई **०५२ कार्तिक ९** गते आफ्नै पत्नी भागी बोहरा र सासु जलु बोहराले खलको लोहराले टाउकामा हिर्काई हत्या गरे। आफूसँग झगडा भएपछि रिसाएर माइत गएकी पत्नीलाई घर फर्काउन जाँदा सेते बोहराको हत्या भएको हो। पीडक दुवैजना थुनामा छन्।

१.२ जेल र बन्दीहरू

२५ जनाको क्षमता भएको यहाँको जेलमा यो वर्षको अन्त्यमा २३ जना थुनुवा र बन्दीहरू रहेको पाइयो। जसमा २ महिला र ३ पुरूष गरी ५ जना थुनुवा र ११ पुरूष र ४ महिला गरी १५ जना बन्दी रहेका छन्। त्यस बाहेक ३ जना नाबालकहरू पनि छन्। जेलभित्र उज्यालोको व्यवस्था छैन।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	२	१	१
बलात्कृत	-	१	-	१
[बाबुद्वारा छोरी बलात्कृत				१]
आत्महत्या	-	-	१	३

१.३ गिरफ्तारी र यातना

दुनै गाविस- चौखुट्टे बजार स्थित मानबहादुर साउदको होटेलभित्र **०५२ कार्तिक २७** गते भएको एउटा चोरीको घटनामा **०५२ मंसीर १२** गते मानबहादुर साउद, खड्गबहादुर खड्का, कला बोहरा र सर्जन साउदलाई गिरफ्तार गरी ४ दिनसम्म हिरासतमा राखेर लाठी र बुटले पैताला, घुँडा र पिठ्युँमा हिर्काएर यातना दिइयो। ४ दिनपछि मानबहादुर साउदलाई थुनामै राखेर अरूलाई रिहा गरियो।

१.४ बेपत्ता पारिएको

बेपत्ता पारिएका विष्णुनाथ तिमिल्सिना यो वर्ष पनि फेला परेका छैनन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

बलीगाउँ गाविस- ५ का लागे ढोली, जहरे ढोली र पातु ढोलीलाई **०५२ जेठ ११** गते स्थानीय ज्योती बोहरा, रती बोहरा, जगत बोहरा र प्रसाद कुँवरले गालीगलौज गरी कुटपिट गरे। बोहरा परिवारमा जुठो परेको र स्थानीय पहले ढोलुले आफ्नो विवाहमा बाजा बजाउन खोज्दा बोहराहरूले कुटपिट गरेका थिए।

बान्नातोली गाविस- ४ का केशरबहादुर विष्टलाई स्थानीय भीमबहादुर रावल, टेकबहादुर रावल, नृपबहादुर रावल, कर्तबहादुर रावल र तेजबहादुर रावलले **०५२ जेठ १३** गते जात्रा हेर्न जाँदा पुरानो रीसइवी फेर्न टाउकोमा लठ्ठीले हिर्काएर कुटपिट गरे।

जुपु गाविस- ९ का मीनबहादुर भण्डारी र टेकबहादुर भण्डारीलाई स्थानीय केशवबहादुर भण्डारी, गंजबहादुर भण्डारी र प्रेम भण्डारीले **०५२ जेठ १३** गते कुलो पानीको झगडामा कुटपिट गरे।

कालागाउँ गाविसका भ्वार्नसिंह स्वडारीलाई **०५२ असोज १** गते स्थानीय शेरबहादुर भण्डारीले रक्सीको

झगडामा कुटपिट गरे।

स्पताड गाविस- १ की मीना रानालाई **०५२ कार्तिक २८** गते स्थानीय सर्वे राना र बाजीरे रानाले कुटपिट र गाली बेइज्जती गरे। भूतपूर्व प्रधानपञ्च अर्जुन रानाले गाउँका सोझासाझा मान्छेलाई दुःख दिने काम गरेकोमा त्यसको विरोध गर्दा मीनालाई निज अर्जुन रानाले नै पिटाउन लगाएको बताइन्छ। घटनाका सम्बन्धमा **०५२ मंसीर ८** गते जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरीलाई गम्भीरतासाथ नहेरिएको गुनासो पीडितको छ।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

प्रत्यक्षतः मौलिक अधिकार हनन सम्बन्धी उल्लेख्य घटना देखा परेको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्याय पाउनका लागि लाग्ने खर्च र मुद्दा फैसलामा हुने ढिलासुस्तीका कारण आम जनतामा न्यायलयप्रति सकारात्मक धारणा रहेको पाइन्न।

२.४ सरुवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

उल्लेख्य घटना देखा परेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मस्टामाण्डौ गाविस-५ का धने आउजीले **०५२ भदौ ४** गते राती आफूसंग सुतिरहेकी ११ वर्षीय आफ्नै छोरीलाई बलात्कार गरे। पीडित बालिका चिच्याएपछि छिमेकीहरूले घटनाका बारेमा थाहा पाए र प्रहरीलाई जानकारी गराए। बलात्कारीलाई थुनामा राखिएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

सान्तडा गाविस- ३ का रामबहादुर रावलले घरमा पत्नी देवु रावल हुँदाहुँदै **०५१ चैत्र ३० गते बादुला सैन गाविस- ८** की झुमा विष्टसंग दोस्रो विवाह गरे। जेठी पत्नीको उजुरीमा पीडक रामबहादुरमाथि कानूनी कारवाही चलाइएको छ।

अछाम जेलको भित्री भाग

४.३ गर्भपतन

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

कुनै घटना प्रकाशमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

त्यस्तो कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

अन्धविश्वासका कारण महिनावारी भएकी महिलालाई घरमा बस्न नदिने चलन अनुसार **अताम सिद्धेश्वर गाविस- १** की १८ वर्षीय कालिमा कुँवरको घरदेखि टाढा टहरामा सुतिरहेको अवस्थामा **०५२ साउन १** गते सर्पले टोकेर मृत्यु भयो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

घटनाहरूका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी प्रकाशित / प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा झाडावान्ता फैलिएर ७५ जनाको मृत्यु भयो। साँफेबगर स्थित एउटा फोटो स्टुडियोमा आगलागी हुँदा ५० हजार जतिको धनमाल नष्ट भयो।

आत्महत्याका ३ वटा घटना भए। आत्महत्या गर्नेमा ३ जना नै पुरुष छन्। एक जनाले शरीरमा मट्टितेल खन्याई आगो लगाएर आत्महत्या गरे भने अरू २ जनाले झुण्डिएर आत्महत्या गरे। आत्महत्या गर्नुको कारणमा एकजनाले आफ्नो बदनामी भएकाले आत्महत्या गरेको बताइन्छ भने अरूको कारण थाहा हुन सकेन। ■



५. सुदूरपश्चिमाञ्चल

सेती

५.३ डोटी

जनसंख्या : १६७१६८

साक्षरता : २८.३ प्रतिशत

महिला साक्षरता : ९.८ प्रतिशत

क्षेत्रफल : २०२५ वर्ग कि.मी.

पहिलेदेखि नै राजा रजौटा, ठूलाठालुको दबदबा रहँदै आएको यो जिल्लाका नागरिकहरू अहिले पनि त्यस्तो स्थितिबाट मुक्त हुन सकेका छैनन्। विभिन्न खालका दुःख कष्ट र पीडाहरूबाट ग्रस्त ठाउँका रूपमा पनि यो जिल्ला परिचित छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

जिजौडामाण्डौ गाविसकी खिमुली पुरियाललाई **०५१ चैत्र २** गते स्थानीय रघुनाथ भण्डारी र हर्कबहादुर फूयालले ढुंगाले हिर्काई हत्या गरे। पीडकहरूले आफ्नै अनैतिक सम्पर्कबाट खिमुली भाट गर्भवती भएपछि भारतको बम्बईमा रहेका पतिसंग भेट गराइदिन्छौं भनी जंगलमा लगेर हत्या गरेका थिए। दुवै पीडक थुनामा रहेका छन्।

१.२ जेल र बन्दीहरू

४० जनाको क्षमता भएको यहाँको जेलमा ३५ जना बन्दी छन्। जसमा ३३ पुरुष, १ महिला र १ नावालिका छन्। भुल, तन्ना, टोपी, खाट र सिरकको खोल नपाएको गुनासो बन्दीहरूको छ। घरेलु शिल्पकलाको तालिम दिनु पर्ने र टेलिफोनको व्यवस्था हुनु पर्ने माग पनि बन्दीहरूको छ। जेलमा खटिएका प्रहरीले नराम्रो व्यवहार गर्ने गरेको र नाइकेहरूले बाहिरबाट बन्दीहरूका आफन्तहरूले पठाएका सामानहरू ठीक ढंगले नदिने गरेको कुरा पनि बन्दीहरू बताउँछन्।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	४	-	-	२
बलात्कृत	-	-	१	-
आत्महत्या	-	१	-	-

१.३ गिरफ्तारी र यातना

०५१ चैत्र २ गतेको हत्याको अभियोगमा गिरफ्तार गरिएका हर्कबहादुर फूयाललाई निकै नै यातना दिएर कागजमा सही गर्न लगाएको कुरा पीडित बताउँछन्।

दिपायल नपा- पिल्लाका मनोहर श्रेष्ठलाई **०५२ वैशाख २९** गते पारिवारिक झगडामा विनापूर्जी प्रहरीले गिरफ्तार गरी यातना दियो। उनलाई घाउ जाँच गराउन पनि दिइएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जिल्ला कारागार नजिकै पसल राखेर बसेका विष्णुदत्तलाई **०५२ जेठ २** गते प्रहरी रघुवीर चन्दले धम्की दिंदै सामान समेत तोडफोड गरिदिए। पीडितले प्रहरी विरूद्ध उजुरी दिन डराए।

दिपायल नपा-४ मा **०५२ जेठ ४** गते नागार्जुन कन्स्ट्रक्सनका ड्राइभर रमेश विरूद्ध ड्राइभरहरूले चक्काजाम गरे। पछि सम्बन्धित अधिकारीहरू बसेर चक्काजाम तोड्ने निर्णय गरे तर पीडित रमेश घिमिरेले न्याय पाउन सकेनन्।

साना गाविस-४ का खड्क सिं खड्कालाई **०५२ जेठ १९** गते स्थानीय पद्म सिंह खड्काले पुरानो रीसइवीका कारण पाकिरहेको तातो मासु टाउकामा खन्याई दिएर घाइते बनाई दिए। पीडकलाई प्रहरीले पक्राउ गरेकोमा जिल्ला विकास समितिका उपसभापति भरतसिंह खड्काले जमानीमा छुटाएको बताइन्छ।

दिपायल नपा-१० का लोके साउदले **०५२ जेठ ३०** गते स्थानीय पार्वती दमाईलाई लाठीले टाउकामा हानी घाइते बनाए। दुवैका छोराहरू बीचको झगडामा यो घटना भएको थियो।

दिपायल नपा-१४ का लोकबहादुर विष्टलाई **०५२ जेठ ३१** गते आफ्नै दाजु पर्ने गोरखबहादुर विष्टले घाँसको विवादमा हँसियाले टाउकामा हिर्काई रगताम्य बनाई दिए। त्यसपछि पीडक फरार रहेका छन्।

०५२ मदी २ गते **सिलगढी**मा कृष्णको रथयात्रा र मष्टको जाँचको बजार परिक्रमा गरिरहेको दृश्यको फोटो खिच्दा उपसेनानी बन्धु कार्कीलाई नरबहादुर मलासी लगायतले कुटपिट गरे। त्यहाँ फोटो खिच्न पाईंदैन भन्ने कुरा बन्धु कार्कीलाई थाहा थिएन।

मुडभरा गाविस-७ की कालुदेवीलाई जग्गा सम्बन्धी विवादमा **०५२ मदी २२** गते स्थानीय गोरखबहादुर मल्लले हातपात गरी मार्ने धम्की समेत दिए, पछि प्रहरीले उनीहरूबीच मिलापत्र गराएको थियो।

मुडभराकोट गाविस- ककानी बाँजकी महिला खिमा खड्कालाई **०५२ मंसीर ४** गते आफ्नै भतिजा पर्ने रनी खड्काले लछारपछार पार्दै कुटपिट गरे। पीडकलाई ३० रूपियाँ जरिवाना गरेर दुवै बीच गाउँलेहरूले मिलापत्र गराएका थिए।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

कृषि सेवा केन्द्र राख्ने कुरामा विवाद उत्पन्न भएपछि **०५२ वैशाख २४** गते **मुडभरा गाविस**का जनता र अन्य गाविसका समेत करीव ३ सयले जुलुस निकाली बहुमत जनताको माग अनुसारको ठाउँमा सो केन्द्र राख्नु पर्ने माग गरेका थिए।

सिलगढी दुढिखेलमा नेकपा (एमाले) द्वारा **०५२ जेठ १६** गते आयोजित आमसभामा प्रधानमन्त्री मनमोहन अधिकारी बोल्न थाल्नु भएपछि नेविसंघका विद्यार्थीले कालो झण्डा देखाए। त्यसलाई लिएर नेविसंघ र अनेरास्ववियूका विद्यार्थी बीच चर्को विवाद भयो। केही कर्मचारीले आफूहरूमाथि हातपात गरेको आरोप लगाई नेविसंघका विद्यार्थीहरूले जिल्ला विकास समितिमा ज्ञापनपत्र पनि दिएका थिए।

२.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक निकायहरूमा हुने ढिलासुस्ती प्रति जन गुनासो व्यापक छ।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

टोलीनी गाविस- १ सिमी गाउँका गोपी ओलीले १८ हजार रकम लिएर आफ्नी १५ वर्षीय छोरीको **०५२ वैशाख २३** गते स्थानीय भीम थापाका छोरासंग विवाह गरिदिए।

बान डुग्रासैन गाविस- २ की १३ वर्षीय एक बालिका महिनावारी भएर गोठमा सुतिरहेको बेला **०५२ जेठ १६** गते स्थानीय शंकरबहादुर बलायरले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले कारवाही चलाएको छ।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

बाफ ककानी गाविसका ५० वर्षीय मोती खड्काले जेठी पत्नीबाट छोरा नजन्मिएको भनी **०५२ जेठ ५** गते बारपाटा गाविसकी १६ वर्षीय युवतीसंग अनमेल बहुविवाह गरे। उनले केटीका बाबुआमालाई २० हजार नगद दिएर यो विहे गरेका थिए।

बगलेख गाविस- २ का २७ वर्षीय गोरे ठगुन्नाले ४ वर्ष अघि विहे गरेकी पत्नीबाट सन्तान नभएको बहानामा सोही गाउँकी २३ वर्षीय तारा वलीलाई भगाएर ल्याए।

४.३ गर्भपतन

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

वालअधिकार हननका घटना प्रकाशमा आएनन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकार हननको कुनै उल्लेख्य घटना देखा परेन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

कुनै उल्लेख्य घटना पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

सरस्वतीनगर गाविस- ४ का दानबहादुर खातीकी पत्नीसंग सोही ठाउँका कमले सार्कीले अनुचित सम्बन्ध राखेको झुठो प्रचार गरेर **०५१ पुस २४** गते राती स्थानीय दानबहादुरका भतिजा, गाविस उपाध्यक्ष, वडा सदस्य सहितको हुलले कमले सार्कीलाई कुटपिट गरे। आपसमा राम्रो सम्बन्ध भएका दानबहादुर र कमले वीच फाटो ल्याउन यसो गरिएको बताइन्छ।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कृषि सेवा केन्द्र मुडभरा गाविसको मुडभरा गाउँमा नै राख्नु पर्छ भन्ने जनताको माग विपरित अन्यत्रै राख्न खोजेपछि न्यायप्रेमी जनताको नामबाट "तानाशाही एवं असक्षम सभापति विरूद्ध एकजुट होऔं" भन्ने पर्चा प्रकाशित गरी बाँडिएको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

विभिन्न सवारी साधनहरूको दूर्घटनाबाट ४७ जनाको मृत्यु भयो भने ९५ जना घाइते भए। जंगली जनावरका कारण ३ वर्षीय बालिकाको मृत्यु भयो। आत्महत्या र अन्य अपराधिक घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन। ■



५. सुदूरपश्चिमाञ्चल

सेती

५.४ बाजुरा

जनसंख्या : ९२०१०
साक्षरता : २४.९ प्रतिशत
महिला साक्षरता : ७.६ प्रतिशत
क्षेत्रफल : २१८८ वर्ग कि.मी.

आर्थिक रूपले विपन्न यहाँका नागरिकहरू अन्धविश्वास र रूढीवादबाट पनि उत्तिकै ग्रस्त छन्। रोजगारीका लागि भारत जानु यहाँका नागरिकहरूका लागि पहिलेदेखिकै बाध्यता बनेको छ। मानवअधिकारका बारेमा जिल्लावासीहरू अनभिज्ञ नै छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

यो वर्ष हत्या र गोलीको घटना भएन।

१.२ जेल र बन्दीहरू

२५ जनाको क्षमता भएको यहाँको जेलमा हाल ७ जना पुरूष र १ महिला गरी ८ जना बन्दी रहेका छन्। बन्दीहरूलाई हप्तामा ३ दिनमात्र आफन्तहरूसंग भेट गर्न दिइन्छ।

१.३ गिरफ्तारी र यातना

यस सम्बन्धी कुनै घटना जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धमा पनि कुनै घटना प्रकाशमा आएको पाइएन।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	-	-	-
बलात्कृत	-	-	-	-
आत्महत्या	-	२	१	१

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कुलदेवमाण्डौं गाविस- ७ स्थित विद्यालयबाट घर फर्किरहेका शिक्षक लालबहादुर थापालाई **०५२ मंदी १२** गते गाविस अध्यक्ष ललितबहादुर स्वाती, चक्रबहादुर शाह, मीनबहादुर शाह लगायतले कुटपिटका साथै चक्कु प्रहार गरेर घाइते बनाए। पीडकहरूमाथि कुनै कारवाही भएन।

कैलाशमाण्डौ गाविस- ६ का मोहन गिरी, चन्द्रा गिरी, मधुरा गिरी, लालमति गिरी र पद्मी गिरीलाई **०५२ असोज ४** गते रामसिं रावल, वीर विष्ट र हरि रावल समेतले कुटपिट गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

कुलदेवमाण्डौ गाविस- **१ र २** वडामा पर्ने सार्वजनिक ठाउँमा मनाइने दशैं पर्वमा **०५२ असोज १६** गते गाविस अध्यक्ष ललितबहादुर स्वातीको नेतृत्वमा रहेको एउटा हुलले स्थानीय शेरबहादुर थामी, खम्म साउद र प्रकाश गिरीलाई कुटपिट गऱ्यो। पीडकहरूमाथि कारवाही भएन।

गुडुस्वाती गाविस- **५** की विरूदेवी मिजारलाई निजको देवर नन्दु मिजारसंगको अनुचित सम्बन्धबाट गर्भवती भइन्। **०५२ मंसीर १** गते पीडक नन्दुले गर्भपतन गराउन अस्पताल जाउँ भनी एकान्तमा लगेर विरूदेवीमाथि खुकुरी प्रहार गरे। विरूदेवी सख्त घाइते भइन्। पीडक नन्दु थुनामा रहेका छन्।

१.६ थुनामा मृत्यु

यस्तो घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

०५२ जेठ २४ गते नेपाल शिक्षक संघ, बाजुराले आयोजना गरेको शिक्षा कार्यालय घेराउ तथा धर्ना कार्यक्रममाथि जिल्ला प्रशासन कार्यालयले निशेधाज्ञा जारी गऱ्यो।

तोली गाविस भवनको प्रांगणमा **०५२ साउन २६** गते नेकपा (एमाले) इलाका कमिटीले आयोजना गरेको आमसभामा गाविस अध्यक्ष कालु साउद, उपाध्यक्ष कृष्ण गिरी लगायतको हुलले ढुंगामुढा गर्दा स्थानीय खड्गबहादुर शाह, गोकुल शाह, गोरे गिरी र प्रहरी हवल्दार गणेश कुँवर घाइते भए।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ आपसी धार्मिक सद्भाव कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

उल्लेख्य घटना देखा परेन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

नेपाल शिक्षक संघको आरोप अनुसार यो वर्ष शिक्षकहरूलाई राजनैतिक पूर्वाग्रह राखी सरूवा गर्ने, ग्रेड रोक्का गर्ने, गयल गर्ने, घटुवा गर्ने जस्ता कामहरू भए।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

सुकुम्बासी समस्या समाधान आयोगले सुकुम्बासीहरूलाई जग्गा वितरण गरिरहेको बेला **०५२ जेठ ३१** गते **पाप्पुसैन गाविस**का धनबहादुर खड्का, गोर्खे खड्का, इन्दुवीर खड्का, अंगलाल खड्का लगायतका व्यक्तिहरूले नापी कार्यमा बाधा पुऱ्याई ढुंगामुढा गरे। केही व्यक्ति घाइते भए। आक्रमणबाट आइते लुहार लगायत ४२ जना सुकुम्बासी मर्कामा परे।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

कुनै घटना प्रकाशमा आएको पाइएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जारी प्रथा कायम रहे पनि यो वर्ष उल्लेख्य घटना प्रकाशमा आएन।

४.३ गर्भपतन

कुनै घटना प्रकाशमा आएको पाइएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

तातो मासु शरीरमा खन्याई घाइते बनाइएका खडकसिंह खड्का

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

कसैलाई काममा लगाउँदा न्यूनतम पारिश्रमिक दिइन्छ। तर यो वर्ष उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

उल्लेख्य घटना देखा परेन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित / प्रशारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

एक जना शिक्षकको भीरबाट लडेर मृत्यु भयो। ६० वर्षीय एकजना वृद्धले झुण्डिएर आत्महत्या गरे। आत्महत्याको कारण मानसिक स्थिति ठीक नभएको बताइन्छ। ■



५. सुदूरपश्चिमाञ्चल

सेती

५.५ बझाङ्ग

जनसंख्या : १३९०९२
साक्षरता : २७.३ प्रतिशत
महिला साक्षरता : ६.९ प्रतिशत
क्षेत्रफल : ३४२२ वर्ग कि.मी.

समाजमा विद्यमान अन्धविश्वास र रूढीवादी परम्पराबाट यो जिल्ला पनि मुक्त हुन सकेको छैन। मानवअधिकारका बारेमा यहाँका अत्यन्तै कम मान्छे मात्र सचेत छन्। आर्थिक दृष्टिले यो जिल्ला पनि विपन्न छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मष्टा गाविस- ८ की ५० वर्षीय हुडीदेवी धामी **०५२ जेठ** .२ गते मृत अवस्थामा फेला परिन्। उनको मृत्युमा हत्याको आशंका देखियो। उनको हत्या स्थानीय सिउमल धामीले गरेको भनी राजमल धामीले प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। आरोपित सिउमल धामीले हुडीदेवी विरूद्ध गाली वेइज्जती मुद्दा दिएको र त्यसैको प्रत्युत्तर दिन अदालततिर गएको बेलामा नै रूइना बगड भन्ने ठाउँमा मृत अवस्थामा भेटिएकी थिइन्। सिउमल धामी हाल थुनामा छन् तर साविती बयान दिएका छैनन्।

पारकाटने गाविस- ८ की १८ वर्षीय नन्दमती धामीले दाजु नाता पर्ने जगत भण्डारीसंगको अनैतिक सम्बन्धबाट जन्मिएको बच्चाको **०५२ भदौ २९** गते हत्या गरिन्। हाल उनी थुनामा छिन्।

१.२ जेल र बन्दीहरू

२५ जनाको क्षमता भएको यहाँको जेलमा ७ जना पुरुष र २ जना महिला गरी जम्मा ९ जना बन्दीहरू रहेका छन्। जेलभित्र पानीको समस्या भएको गुनासो बन्दीहरूको छ।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	-	-	-	२
बलात्कृत	-	१	-	-
आत्महत्या	-	२	१	-

१.३ गिरफ्तारी र यातना

सुबेडा गाविस- २ का देवराज रतालालाई रक्सी खाएको आरोपमा **०५२ साउन १** गते प्रहरीले गिरफ्तार गरी यातना थियो। उनलाई १ हजार १ सय जरिवाना समेत गराइएको थियो।

बाज गाविस- ३ का ५५ वर्षीय तारे कुमालेलाई **०५२ साउन २९** गते रक्सी खाएर गाली बेइज्जती गरेको आरोपमा जिविस सभापति चेतराज बभ्फाल, जिविस सदस्य रमेश भण्डारी र गाविस उपाध्यक्ष भरत थापाले पछाडि हात बाँधिदिएर हिडाउँदै र पिट्दै यातना दिए। उनको शरीरभरी नीलडाम देखिन्थ्यो।

मौलानी गाविस- ४ का नामी जुवाडे अग्नि खत्री र प्रहरी वीच **०५२ कार्तिक १२** गते विवाद हुँदा दुई पक्षवीच भिडन्त नै भयो। स्थानीय भास्कर दत्तको खुट्टा भाँचियो। प्रहरीले प्रतिशोधका दृष्टिले ८ जनामाथि सार्वजनिक अपराध मुद्दा लगाए। नारायण धामी र राजेन्द्र धामीलाई यातना सहित हिरासतमा राखियो। पछि उनीहरू धरौटीमा छुटेका थिए।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी घटना प्रकाशमा आएको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

लुपाय गाविस- ४ का खड्गबहादुर सिंहलाई **०५२ वैशाख १३** गते सोही ठाउँका हर्कजंगबहादुर सिंह समेत ५ जनाले जग्गा विवादमा कुटपिट गरी कागजपत्र समेत खोस्न खोजे। घटनाका बारेमा सम्बन्धित निकायमा जानकारी गराउँदा पीडकहरूमाथि कुनै कारवाही भएन।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

पिपलकोट गाविस- ७ स्थित भवानी प्रा.वि.मा **०५२ जेठ १२** गते आयोजित सांस्कृतिक कार्यक्रममा शिक्षक रामबहादुर बोहराले रक्सी खाएर आई महिला कलाकारमाथि अभद्र व्यवहार गर्दै कार्यक्रम विथोल्न खोजेका थिए।

०५२ जेठ १८ गते नेकपा (एमाले) द्वारा **चैनपुर**मा आयोजित आमसभामा प्रधानमन्त्री मनमोहन अधिकारीले बोल्दै गर्दा नेपाली कांग्रेसका कार्यकर्ताले कालोझण्डा देखाउँदै होहल्ला गरे।

०५२ साउन १६ गते नेपाल विद्यार्थी संघले आयोजना गरेको नेपाल बन्द कार्यक्रममा प्रदर्शनकारीहरूले जबर्जस्ती पसल बन्द गराउन थाल्दा अनेरास्ववियू र नेविसंघका विद्यार्थीहरू बीच भनाभन भयो।

२.२ धार्मिक स्वतन्त्रता

यहाँ आपसमा धार्मिक सहिष्णुता कायम छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

उल्लेख्य घटना प्रकाशमा आएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

उल्लेख्य घटना देखा परेन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

कुनै घटना प्रकाशमा आएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

दहवगड गाविस- ८ की पार्वती धामीलाई स्थानीय मनवीर बोहराले **०५२ असोज २७** गते बिहे गर्ने प्रलोभन देखाएर अनैतिक सम्पर्क गरी गर्भवती बनाए। तर पछि बिहे गर्न आलटाल गरे। पछि गाउँले र प्रहरीद्वारा पार्वतीलाई मनवीरको जिम्मा लगाइयो।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

चौधारी गाविस- ७ का २२ वर्षीय गणेश सार्कीले घरमा पत्नी हुँदाहुँदै सोही गाउँकी १७ वर्षीय धनुदेवी सार्कीसँग **०५२ वैशाख ७** गते दोस्रो बिहे गरे। तर जेठी पत्नीले गाली गलौज गरेकाले कान्छी पत्नी धनुदेवी माइत गएर बसिन्। कान्छी पत्नीलाई लिन भनेर गएका गणेशलाई ससुराले समाती गाविस अध्यक्षलाई जिम्मा लगाए। गाविस अध्यक्षले गणेशको बाबुलाई समेत बोलाएर २० हजार रूपियाँ जरीवाना गराएको बताइन्छ।

४.३ गर्भपतन

रिठापाटा गाविस-३ का लक्ष्मीराज धामीकी पत्नी गीता धामीले ०५१ २४ गते आफ्नो ५ महिनाको बालकलाई छोडी माइत बसेकी छिन्।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

उल्लेख्य घटना देखा परेन।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

कुनै घटना सार्वजनिक जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धमा पनि कुनै घटना देखा परेन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

जिल्ला अस्पतालमा कार्यरत डा. नित्यप्रसाद खनाललाई **०५२ भदौ ५** गते जिविस सभापति चेतराज बफाल, सांसद नरेशबहादुर सिंह, भूतपूर्व सांसद अर्जुनबहादुर सिंह समेत करीव २५ जनाको हुलले अभद्र व्यवहार गरी लछारपछार पार्दै जिल्ला प्रशासन कार्यालयमा पुऱ्याए। तत्कालै कर्मचारीहरूले पनि जुलुस निकाली राजनीतिक हस्तक्षेपको विरोध गरे। हुलहुज्जत गर्ने केहीलाई प्रहरीले हिरासतमा लियो। भदौ ११ गते दुवैपक्ष बीच मेलमिलाप भयो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

घटनाका सम्बन्धमा प्रेस वक्तव्य र टिप्पणी प्रकाशित प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा २ जनाको लडेर मृत्यु भयो। खेलौना बन्दुकमा बारूद हालेर पड्काउँदा आफैलाई लागि एकजनाको मृत्यु भयो। बाघको आक्रमणबाट एकजना घाइते भए। **मैलीली गाविस**का अध्यक्ष रामप्रसाद जोशी "आफ्नो गाउँ आफैं बनाउँ" कार्यक्रम अन्तर्गत आएको बजेटको पहिलो किस्ता ९८ हजार लिएर ०५२ असार २ गते फरार भए। ■



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.६ कञ्चनपुर

जनसंख्या : २५७९०६
साक्षरता : ४०.५ प्रतिशत
महिला साक्षरता : २२.८ प्रतिशत
क्षेत्रफल : १६१० वर्ग कि.मी.

केही वर्ष यता यो जिल्ला टनकपुरको नामले पनि चिनिँदै आएको छ। यो जिल्लाका आदिवासीका रूपमा रहेका थारू जातिका मानिसहरू अहिले पनि कमैया जीवन बिताउन विवश छन्। नयाँ मुलुक क्षेत्रको एक जिल्लाका रूपमा चिनिने कञ्चनपुरमा हाल आएर पहाड तथा भित्री मधेशका विभिन्न जिल्लाहरूबाट बसाइ सर्ने क्रम बढ्दो छ। त्यसैले विविध खाले धर्म संस्कृति एवं भाषाको समिश्रणका रूपमा यहाँको जनजीवन जीवित छ।

समाजमा बढ्दै गएको मदिरा सेवन र बिक्री वितरणबाट पीडित भएका महिलाहरू र स्थानीय क्लबहरूको सक्रियतामा यस वर्ष रक्सी विरोधी आन्दोलन संचालन गरी यस जिल्लालाई मदिरा निषेधित क्षेत्र घोषणा गरिएको छ। मानवअधिकारसंग सम्बद्ध संघ संस्थाहरूले कमैया साक्षरता कार्यक्रम र कमैया बाल साक्षरता कार्यक्रम संचालन गरी मानवअधिकार बारे सचेतनता कार्यक्रम पनि संचालन गरेका छन्। यस वर्ष यो जिल्लामा आत्महत्या गरी मर्नेहरूको संख्या बढेको पाइएको छ।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

वेलडाँगी गाविस-८ का ३४ वर्षीय पूर्णानन्द जोशीलाई कार्यालयबाट घर फर्किरहेको अवस्थामा **२०५१ फागुन ४** गते कुटपिट गरी हत्या गरियो। मृतक जोशीलाई वेलडाँगी गाविसकै कल्लु, पप्पु, भिम्मु र रम्मु लगायतका व्यक्तिहरूले कुटपिट गरेका थिए। पीडकहरूलाई पक्राउ गरी कारागार शाखा कञ्चनपुरमा राखिएको छ।

इलाका हुलाक झलारीमा कार्यरत हल्कारा चन्द्रप्रसाद अवस्थी **२०५२ जेठ ११** गते चिठीपत्र बाँड्न गएका थिए तर उनी फर्केनन्। कलुवापुरदेखि दक्षिणतर्फ **वेलौरी सडक**मा गोली लागी मरेको अवस्थामा उनको लाश प्राप्त भयो। हत्याका बारेमा थप कुरा जानकारीमा आएको छैन।

शाही नेपाली सेनाहरूले **महेन्द्रनगर नपा-७ घाडीघाँच** भन्ने ठाउँमा लापरवाही गरी छोडिएको थ्री "जे" मोर्टस नामक बम **२०५२ पुस १** गते अचानक विस्फोट हुँदा महेन्द्रनगर नपा-७ की २३ वर्षीय धौलीदेवी भट्टलाई लाग्न गई घटनास्थलमै उनको मृत्यु भयो भने सोही ठाउँ बस्ने २८ वर्षीय कस्तुरा भट्ट सख्त घाइते भइन्।

श्रीपुर गाविस-६ बस्ने देवसिंह विष्टको घरमा **२०५२ पुस ५** गते राती डाँकाहरूले आक्रमण गर्दा उनीहरूले चलाएको गोलीबाट घर धनी विष्ट घाइते भए। पछि प्रहरी र छिमेकीहरू आएपछि डाँकाहरू भागे। घाइते विष्टलाइ उपचारार्थ सेती अञ्चल अस्पताल धनगढी पुर्‍याइएको थियो। त्यहाँ उनको शरीरबाट ८ वटा छर्रा निकालिएको थियो।

१.२ जेल र बन्दीहरू

जिल्ला कारागार शाखा कञ्चनपुरको बन्दी क्षमता ७५ जनाको रहेको छ। "ख" श्रेणीको यस कारागारमा यस वर्षको अन्ततिर ४३ जना थुनुवा र ५२ जना बन्दी गरी जम्मा ९५ जना रहेको पाइयो। ती मध्ये २ जना महिला छन्। राजनैतिक बन्दीहरू नभएकोले अन्य बन्दीहरूलाई "ख" श्रेणीको सिधा दिने गरिन्छ। क्षमताभन्दा बढी बन्दीहरू राखिएको हुँदा सुत्न बस्न समस्या परेको कुरा बन्दीहरूले बताए।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	२	२	-	-
बलात्कृत	-	१	४	४
आत्महत्या	-	-	३६	१८

१.३ गिरफ्तारी र यातना

लारी डिष्टिलरी महेन्द्रनगरको प्रमुख बिक्री डिपोमा **०५२ साउन २०** गते भएको तोडफोडको आरोपमा प्रहरीले नन्दलाल उपाध्याय, विष्णु अवस्थी र श्यामसिंह थापा सहित तीनजनालाई गिरफ्तार गरेको थियो। त्यस समयमा निस्किएको जुलुशलाई तितरबितर पार्न प्रहरीले ३ सेल अश्रु ग्याँस र लाठी चार्ज समेत गरेको थियो।

परासन गाविस-८ का बच्चुसिंह ठकुरी र निजका छोरा राजुसिंह ठकुरीलाई भारत लखिमपुर खिरी अन्तर्गत पलिया थानाका ३ जना प्रहरीहरूले अनाधिकृत तवरले नेपाल प्रवेश गरी पक्राउ गरी लगेकोमा नेपालको प्रहरी प्रशासनको सक्रियतामा रिहा गरिएको थियो। गत वर्षको हत्या सम्बन्धी घटनाको छानवीनका क्रममा उनीहरूलाई पक्राउ गरिएको बुझिएको छ।

१.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना घटेको पाइएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

दोधारा गाविस-४ बस्ने ४२ वर्षीय दलबहादुर दमाईलाई आफ्नै पत्नी ज्योती दमिनीले **२०५१ फागुन १९** गते ज्यान मार्ने उद्देश्यले सुतेको मौका पारी वञ्चरो प्रहार गरिन्। रक्सी खाएर आफूलाई गाली गर्ने गरेकोले निज ज्योती दमिनीले त्यसो गरेको बुझिएको छ। वञ्चरो प्रहारबाट पीडितको घाँटी अगाडिको भागको नसा काटिएको थियो।

महेन्दनगर नपा-११ का ४१ वर्षीय सूर्यबहादुर चन्दलाई **२०५१ चैत ५** गते सोही ठाउँ बस्ने हरिसिंह विष्टले कुटपिट गरे।

वेलडाँगी गाविसका नन्दबहादुर जोशीलाई **२०५१ चैत २३** गते राति अन्दाजी १२/१ बजेतिर केही अज्ञात व्यक्तिहरूले कुटपिट गरी उनको घरमा डाँका गरे। ती व्यक्तिहरूले नन्दबहादुर जोशीकी पत्नीलाई समेत कुटपिट गरेका थिए।

महेन्द्रनगर नपा-१८ निम्मुखेडाका २८ वर्षीय विरेन्द्रकुमार भण्डारीलाई **२०५१ चैत ३०** गते **महेन्दनगर बजार**मा हिँडिरहेको अवस्थामा सोही नपा वडा नं. ६ का सुरेश रावल र दिपेन्द्र रावलले कुटपिट गरी मरणासन्न अवस्थामा छोडे। पीडकहरूलाई प्रहरीले पक्राउ गरेको थियो पछि उनीहरूलाई तारेखमा छोडियो।

रैकवार विचवा गाविस-९ बस्ने कनका रानालाई लक्ष्मीदत्त जोशी, मक्तिराम भट्ट, दुर्गादत्त जोशीले **२०५२ बैशाख १५** गते आफ्नै घरमा बसिरहेको अवस्थामा कुटपिट गरी कालोमोसो दलेर जुत्ताको माला लगाइदिए। पीडकहरूले आफूहरूलाई वन विभागमा उजुरी गरिदिएको आरोप लगाएका थिए।

महेन्दनगरस्थित चमन चौकमा **२०५२ बैशाख २५** गते विहान ३०-४० जनाको एउटा समूहले नारायण ज्ञवाली, विमल चटौत र कमल चटौत लगायतका व्यक्तिहरूलाई कुटपिट गरे। यस घटनाका सम्बन्धमा प्रहरीमा जानकारी दिएको भए पनि दोषीमाथि कार्वाही गर्ने कुनै चासो देखाइएन।

२०५२ जेठ ३ गते रैकवार **विजवा गाविस-५** बस्ने गमबहादुर विष्टले सोही ठाउँ बस्ने चन्द्रदेव जोशीलाई खुकुरी प्रहार गरे। त्यसरी प्रहार गरेको खुकुरीले जोशीका दुबै खुट्टामा गहिरो चोट लागेको थियो। स्थानीय अस्पतालमा उपचार हुन नसकेकोले पीडित जोशीलाई उपचारार्थ नेपालगञ्ज लगिएको थियो भने पीडक फरार छन्।

२०५२ जेठ १० गते राती ९ बजे प्रहरी थाना कृष्णपुर गुलरियाका प्रहरी हवल्दार गणेशबहादुर रावल र प्रहरी जवान टिकादत्त भट्टलाई कृष्णपुर गाविस-५ बस्ने रतनबहादुर देउवा र मोहनबहादुर देउवाले कुटपिट गरेका थिए। हरिप्रसाद भट्ट र मोहनबहादुर देउवा बीच झगडा भई आपसमा कुटपिट समेत भएपछि शान्ति सुरक्षाका लागि प्रहरीहरू त्यहाँ गएका थिए। त्यस घटनापछि प्रहरीले मोहनबहादुर देउवा र रतनबहादुर देउवालाई पक्राउ गरी हिरासतमा राखेको थियो।

महेन्दनगर नपा-११ मुजेल्हा नहर छेउ बस्ने ४२ वर्षीय गणेश नाथलाई **२०५२ भदौ १२** गते राती सोही वडाका सदस्य सूर्यबहादुर चन्दले घरबाट बाहिर बोलाई कुटपिट गरे। पीडित योगीले गड्डा चौकी प्रहरी कार्यालयमा उजुरी गर्दा कुनै सुनुवाई नभएको गुनासो गरेका छन्।

त्रिभुवन वस्ती गाविस-८ का २६ वर्षीय शुकमान तामाङलाई **२०५२ मंसीर २६** गते राती सोही ठाउँका २९ वर्षीय दली साउदले कुटपिट गरे। निज साउदमाथि जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा केही सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलिरहेको छ।

मानमति गाविस-३ कालिकोट बस्ने ५० वर्षीय गंगाबहादुर वडाललाई भारतबाट कमाई गरी फर्किरहेको अवस्थामा **महेन्द्रनगर बसपार्क**मा नरेन्द्र खत्री लगायतका चार व्यक्तिहरूले कुटपिट गरे। ती व्यक्तिहरूले सामान समेत लुट्ने प्रयास गरेका थिए।

१.६ धुनामा मृत्यु

धुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

मौलिक अधिकार हनन सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै उल्लेख्य घटना भएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

बहुसंख्यक हिन्दू धर्मावलम्बी रहेको यस जिल्लामा अन्य धर्मावलम्बीहरू पनि रहेका छन्। धार्मिक स्वतन्त्रताको हकबाट कोही वञ्चित भएको पाइएन।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धमा उल्लेख्य घटना भएको पाइएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस वर्ष सरूवा, घटुवा, पक्षपात आदि जस्ता घटनाहरू प्रकाशमा आएनन्।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा करीब ३० हजार सुकुम्बासी रहेकोमा नेकपा एमालेको शासनकालमा केही सुकुम्बासीहरूलाई जग्गाधनी लालपूर्जा वितरण गरिएको थियो।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

महेन्द्रनगर नपा-४ का २६ वर्षीय महेश औजीले सोही ठाउँकी एक ४ वर्षीय बालिकालाई घरमा एक्लै भएको मौका पारी **२०५१ चैत ३** गते बलात्कार गर्न खोज्दा पीडित बालिकाको गुप्ताङ्गसमेत सुन्निएको थियो।

लक्ष्मीपुर गाविस-६ की २६ वर्षीय एक महिलालाई **२०५२ साउन १९** गते फटैया प्रहरी चौकीका जवान लालबहादुर नेपालीले बलात्कार गर्ने प्रयास गरेको तर महिला चिच्याएपछि उनको प्रयास विफल भएको थियो।

कृष्णपुर गाविस-१ की १७ वर्षीय एक युवतीलाई **२०५२ साउन २१** गते निजकै छिमेकी नरबहादुर ओली लगायतका तीनजनाले बलजफ्ती अपहरण गरी बलात्कार गरे। पीडित युवती घरबाट गोठ तर्फ गइरहेका बेला भ्मकेपानी भन्ने ठाउ जंगलको बीचमा उनलाई अपहरण गरी १५ दिनसम्म आफ्नो कब्जामा राखेर बलात्कार गरेका थिए।

त्रिभुवन वस्ती गाविस-६ भानुवस्तीकी १४ वर्षीय एक बालिकालाई **२०५२ मंसी २४** गते सोही ठाउँ बस्ने राजु वि.क. र कमल लामाले सामुहिक बलात्कार गरे। ती बालिका घरमा एक्लै भएको मौका पारी बलात्कार गर्न लाग्दा उनी चिच्याइन् र गाउँलेहरू त्यहाँ आउँदा बलात्कारीहरू भागेपछि प्रहरीले पक्राउ गरेका थिए। अदालतबाट उनीहरूलाई जेल चलान गर्ने आदेश दिइएको छ।

महेन्द्रनगर नपा-१५ की १६ वर्षीय एक महिलालाई **२०५२ कार्तिक २५** गते राती सोही नपा **वडा नं. १८** का विरेन्द्र भण्डारीले बलात्कार गरे। पीडित महिला आफ्नो घरमा सुतिरहेका अवस्थामा भण्डारीले बलात्कार गर्न थालेपछि उनी चिच्याएर गुहार माग्दा छिमेकीहरू जम्मा भएर पीडकलाई पक्राउ गरी प्रहरीमा बुझाएका थिए।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

४.३ गर्भपतन

गर्भपतनका घटनाहरू सार्वजनिक जानकारीमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

शोर्षे गाविस-७ का ३ वर्षीय धनाकुमारी लोहार र ५ वर्षीय वासुलोहारलाई ०५२ कार्तिक ३० गते आफ्नै बाबुले आर्थिक अभावको कारण आफू पनि मर्ने र बच्चाहरूलाई विष सेवन गराई आफ्ना दुई सन्तानको हत्या गऱ्यो।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकार, पारिश्रमिक सुरक्षा र संगठित हुने अधिकारहरू बारे यो वर्ष कुनै घटना प्रकाशमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

बाँधा मजदूरको रूपमा कमैया राख्ने प्रचलन यस जिल्लामा अहिलेसम्म पनि कायमै छ। हलिया कमैयालाई सौकी (ऋण) तिरेर किन्ने गरिन्छ। प्रत्येक वर्षको माघ १ गते जमिन्दार वर्गले कमैया राख्न चाहेमा कमैया बसिरहेको जमिन्दारलाई कमैयाको सौकी तिरेर किन्छन् र आफ्नो दास बनाउँछन्।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

छुवाछूत सम्बन्धी चलन यस जिल्लामा कायमै रहेको भए पनि यस सम्बन्धमा उल्लेख्य घटना मने सार्वजनिक जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

२०५२ जेठ ११ गते रहस्यमय तरिकाले गोली लागी मृत्यु भएका **फलारी इलाका हुलाक**का हल्कारा चन्द्रप्रसाद अवस्थीको मृत्यु बारे नेपाल निजामति कर्मचारी संगठन जिल्ला कार्य समिति कञ्चनपुरले न्यायिक छानवीनको माग गरेको थियो।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

२०५१ माघ २२ गते जिल्ला भवन कार्यालय कञ्चनपुरका प्रमुख इन्जिनियर कृष्णकुमार श्रेष्ठको **महाकाली नदी टनकपुर विद्युत परियोजनाको बाँध**मा डुबेर मृत्यु भयो। ब्रम्हदेवमा रातीको खाना खाएर बिना लाइटको मोटरसाइकिलमा उनी त्यस तर्फ गएका थिए। भोलिपल्ट बाँधको किनारमा मोटरसाइकल हेल्मेट हैण्डीलमा राखेका अवस्थामा स्टैण्ड गरेको पाइयो भने २०५२ माघ २३ गते विहान भारतीय प्रहरीले श्रेष्ठको लाश फेला पारेका थिए। स्थानीय मानिसहरू श्रेष्ठको मृत्युलाई रहस्यमय नै ठान्छन्।

यस बाहेक दुई जना महिला र एकजना बालकको पनि डुबेर मृत्यु भयो।

यो वर्ष यस जिल्लामा १८ जनाले आत्महत्या गरे जसमा ९ जना महिला र ९ जना पुरूष छन्। तिनमा १४ जनाले झुण्डिएर र ४ जनाले विष सेवन गरेर आत्महत्या गरेका थिए। आत्महत्या गर्ने मध्ये ४ जनाले पारिवारिक झगडाका कारण, २ जनाले लोग्नेले रक्सी सेवन गरेका कारण, १ जनाले आमाले गाली गरेका कारण आत्महत्या गरेको पाइन्छ भने अन्यको कारण थाहा हुन सकेन। यसरी आत्महत्या गर्ने ३० वर्ष माथिका ६ जना मात्र छन्। अरू सबै १६ देखि २८ वर्ष बीचका छन्। ■



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.७ डडेलधुरा

जनसंख्या : १०४६४७

साक्षरता : ३६.१ प्रतिशत

महिला साक्षरता : १२.८ प्रतिशत

क्षेत्रफल : १५३८ वर्ग कि.मी.

नेपालको पश्चिम सीमानामा महाकाली अञ्चलमा पर्ने डडेलधुरा जिल्ला २५ वटा गाविसमा विभाजित छ। यस जिल्लामा १२८ वटा प्राथमिक विद्यालय, २७ वटा निम्न माध्यमिक विद्यालय, १५ वटा माध्यमिक विद्यालय, एउटा उच्च माध्यमिक विद्यालय र एउटा स्नातक तह (बी.एड.) क्याम्पस पनि संचालन भइरहेका छन्। यद्यपि यहाँका अधिकांश जनता अशिक्षा कुरीति र रूढिवादी प्रथाले ग्रस्त छन्। प्रजातन्त्रको पुर्नस्थापनापछि बिस्तारै यहाँका जनतामा राजनीति र मानवअधिकारप्रति चेतना बढ्दै गएको पाइन्छ।

१ सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

चिपुर गाविस-४ की धनादेवी महतालाई **०५१ फागुन ६** गते सोही ठाउँका जयलाल महताले हत्या गरे। धनादेवी महता विधवा थिइन्। जयलालसंगको अनैतिक सम्बन्धका कारण उनी गर्भवती भएकी थिइन्। बच्चा जन्माइन् भने बेइज्जती हुने डरले उनको हत्या गरिएको थियो। पीडकले आफ्नो साविती बयान समेत दिइसकेका छन्। जिल्ला अदालत डडेलधुराले उनलाई पूर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेलको बन्दी क्षमता २५ जनाको छ। जसमा १७ पुरुष र ८ जना महिला बन्दी राख्न सक्ने व्यवस्था छ। यस वर्षको अन्त्यतिर ६ जना थुनुवा र १५ जना पुरुष तथा एक महिला बन्दी समेत गरी जम्मा २२ जना रहेका छन्। यस जेलमा भौतिक सुविधा राम्रै रहेको छ।

१.३ गिरफ्तारी र यातना

शिर्ष गाविस-९ का ओखबहादुर बुढामगरलाई **०५१ माघ १०** गते गन्धक ल्याएको भनी **सीमा प्रहरी चौकी जोगबुढा**मा पक्राउ गरियो। उनले उक्त गन्धक औषधिका लागि ल्याएको बताए। आफूसंग बन्दुक नभएको तर दाजु खड्गबहादुरसंग भएको बताएपछि खड्गबहादुरलाई पनि प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई हातहतियार खर खजाना ऐन अन्तर्गत कार्वाही चलाइयो। पछि उनीहरूलाई धरौटी राख्न लगाएर तारेखमा छोडिएको थियो।

मणिलेक गाविस-१ का लाल लुहार, हिरा लुहार र गुजडे लुहारलाई **०५२ वैशाख ६** गते प्रहरीले पक्राउ गरे। उनीहरूलाई केही सार्वजनिक अपराधको मुद्दा लगाइएको थियो। उनीहरूले नवदुर्गा गाविस-८ दावलीका शिवराज उप्रेतीलाई बागबजार नजिक सडकमा पिटेको आरोपमा मुद्दा लगाइएको थियो। ८ दिन हिरासतमा राखेर ०५२ **वैशाख १७** गते उनीहरूसंग प्रतिव्यक्ति १३ हजार धरौटी लिइएको थियो।

प्रहरी चौकी सेरीका प्रहरी हवल्दार, जगतबहादुर चन्दले **मणिलेक-८** का लाल विष्ट र मानबहादुर विष्टलाई **०५२ वैशाख ३०** गते विनाकारण पक्राउ गरी यातना दिए। यस अघि मणिलेक गाविस-९ बकालका तेजबहादुर विष्टको बिहेमा लक्ष्मीदत्त पाण्डेयले रक्सी सेवन गरिरहेको अवस्थामा हवल्दार चन्दले पक्राउ गर्न खोजेका थिए। माथि उल्लेखित तीनजना व्यक्तिहरूले भोलि चौकीमा बुझाउँला भनी कागज गरेका थिए। भोलिपल्ट पाण्डेयलाई चौकीमा बुझाउन जाँदा पीडितहरू समेत पक्राउ परेका थिए। अर्को दिनमात्र उनीहरू प्रहरीबाट मुक्त भए।

१.४ बेपत्ता पारिएको

यस वर्ष जिल्लामा कसैलाई बेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

आलीग्राम गाविस-१ का नेकसिंह देउवा र लोकबहादुर देउवालाई सुतिरहेको अवस्थामा **०५२ जेठ १६** गते स्थानीय लालबहादुर देउवा, लिलबहादुर देउवा, कर्णबहादुर देउवा, पदमबहादुर देउवा, हरिस देउवा, नरबहादुर देउवा र शेरबहादुर देउवाले घाइते हुनेगरी कुटपिट गरे। पुरानो रिसइबीका कारण भएको उक्त कुटपिट घटनापछि पीडकहरूलाई प्रहरीले

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	१	१	१
बलात्कृत	-	-	-	-
आत्महत्या	-	-	८	८

पक्राउ गरी १८ गते गाविस अध्यक्षको जमानीमा तारेखमा छोडियो।

आलिताल गाविस-५ की पदमा देवी ताम्राकारलाई **०५२ जेठ २२** गते स्थानीय शंकरादेवी ताम्राकारले गाली गलौज गरी कुटपिट समेत गरिन्। गोरूले बाली खाएको कारणबाट झगडा हुँदा उक्त घटना भएको थियो।

खलंगा गाविस-८ का छविराज पाठकलाई **०५२ असार २३** गते गाई-गोरू चराएर फर्किरहेको अवस्थामा स्थानीय हरिप्रसाद पाठकले कुटपिट गरे। जिल्ला प्रहरी कार्यालयले पीडकलाई पक्राउ गरी ०५२ असार २६ गते दुबै पक्षलाई सँगै राखेर मिलापत्र गरायो।

खलंगा-७ भुर्काली बस्ने दलबहादुर साहु **०५२ असार २५** गते बजारबाट घर फर्किरहेको अवस्थामा समैजी ४ सिलिङ्गी बस्ने धनबहादुर ऐरले अकस्मात पछाडिबाट खुकुरी प्रहार गर्दा सख्त घाइते पारे। छोरीलाई घर नपठाइ माइतमै राखेको रिसमा आफ्नै ज्वाईंले त्यसरी रिस पोखे। उनलाई तत्काल सवुत प्रमाण खुकुरी सहित प्रहरीले पक्राउ गरेका थिए।

अजय मेरू गाविस-२ बसाना बस्ने दशरथ पाललाई स्थानीय गगनसिं ऐर, इश्वरीसिं ऐर, गणेशबहादुर पाल, भोज रनिपाल, दिवाकर समेतले **०५२ असोज २८** गते कुटपिट गरे।

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकारको उल्लंघनका घटना भएको पाइएन।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइयो।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतप्रति जनगुनासो रहेको पाइएन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धमा कुनै उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

भूमिहीन र सुकुम्बासी यस जिल्लामा भए पनि कुनै उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

परम्परागत रूपमा चलेका विभिन्न कुरीति र प्रथाका कारण महिलाहरूमाथि अत्याचार भएको भए पनि कुनै उल्लेख्य घटना जानकारीमा आएन।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जारी, बहुविवाह हुने गरे पनि कुनै घटना जानकारीमा भने आएन।

४.३ गर्भपतन

कसैले गर्भपतन गरे/गराएको घटना सार्वजनिक जानकारीमा आएन।

५ बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

बाल अधिकार हनन भएका उल्लेख्य घटना देखा परेनन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

भागेश्वर देवताको मन्दीरमा **०५२ असोज १७** गते लागेको मेलामा पसल गरी बसेका भागेश्वर गाविस-४ का नारायणदत्त भट्टलाई भागेश्वर-१ का वीरेन्द्रबहादुर शाहीले कुटपिट गरी पसल समेत तोडफोड गरिदिए। पीडक शाहीमाथि केही सार्वजनिक अपराधको मुद्दा चलाइयो।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

कुनै घटना प्रकाशमा आएको पाइएन।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

कारागार शाखामा कार्यरत प्रहरी जवान उद्धव टमटालाई **०५२ जेठ १५** गतेदेखि सोही शाखामा कार्यरत हवल्दार चामुसिंह रावलले पानी खान र धारो छुन दिएनन्। तँ तल्लो जातको मान्छे तैंले छोएको धाराको पानी खाएर म बिरामी हुन्छु, मैले कति औषधि गरिसकें तर पनि बिरामी भइरहन्छु भनी धम्क्याएर पानी छुनबाट वञ्चित गरेका थिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि उनलाई जिल्ला प्रहरी कार्यालयमा काजमा राखिएको थियो।

आलिताल गाविस-५ घर भएकी मानवअधिकार सचेतन कक्षाकी शिक्षिका लक्ष्मी ताम्राकारलाई **०५२ मदी २१** गते **काजी होटल डडेलधुरा**का मालिक डम्बरसिं भण्डारीकी पत्नीले अभद्र व्यवहार गरी गाली बेइज्जत गरिन्। अघिल्लो दिनदेखि उक्त होटलमा बसेकी लक्ष्मीलाई तँ तल्लो जातकी मान्छे मेरो होटलमा किन भित्र पसिस् भनेकोले पीडित लक्ष्मीले २२ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएपछि इन्सेकका क्षेत्रीय संयोजक कुलराज घिमिरेको प्रयासमा पीडकका पतिले अबदेखि यस्तो व्यवहार गरिने छैन, म मेरी पत्नीलाई सम्झाउँछु भनी माफी मागे। यस घटनाका सम्बन्धमा प्रशासन समेतको सकारात्मक भूमिका रहेको थियो।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धी वक्तव्य र टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

ट्रक दुर्घटनामा ४ जनाको मृत्यु भयो। ३ जना पुरूष र ३ जना महिला गरी ६ जनाले आत्महत्या गरे। वगरकोट गाविस-९ का दुई बालिकाहरू मंगला सार्की र ठगु सार्कीको लाश ०५२ साउन ७ गते सालको रूखमा झुण्डिएको अवस्थामा फेला पर्‍यो। गरीबीका कारण उनीहरूले आत्महत्या गरेको बताइन्छ। यो वर्ष एउटा डकैतीको घटना पनि प्रकाशमा आएको थियो।

■



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.८ बैतडी

जनसंख्या : २००७१६

साक्षरता : ३५.३ प्रतिशत

महिला साक्षरता : १३.४ प्रतिशत

क्षेत्रफल : १५१९ वर्ग कि.मी.

महाकाली अञ्चलमा पर्ने वैतडी एक दुर्गम पहाडी जिल्ला हो। यस जिल्लामा अशिक्षा, बेरोजगारी र गरीबी व्याप्त छ मने अन्धविश्वास र रूढीवादले समेत यहाँका जनता ग्रस्त छन्। देउकी प्रथा जस्तो कुरीति यहाँ अफै विद्यमान छ। केही वर्ष यता मानवअधिकारवादी संघ संस्थाहरू जनचेतना जगाउने कार्यमा सक्रिय रहेका छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

मठैराज गाविस-१ का ५२ वर्षीय लक्ष्मणसिं नेगीको **०५२ बैशाख १०** गते आफ्नै घरमा हत्या गरियो। स्थानीय जगन्नाथ नेगीले पुरानो रीसइबीका कारण वञ्चरोले हानी हत्या गरेको अभियोग लगाइएको छ। पीडक जगन्नाथलाई प्रहरीले पक्राउ गरी जेल चलान गरेको छ।

डिलासैनी गाविस-७ वाइनका प्रहरी ३० वर्षीय अम्बादत्त जोशी र अर्का ५० वर्षीय अम्बादत्त जोशीलाई **०५२ असार १** गते वाइन गाउँकै एक घरमा खुकुरीले काटेर हत्या गरियो। सो हत्याको अभियोगमा डिलासैनी गाविसकै धनबहादुर धामी, फुलवन्द धामी, गणेशसिं धामी, रूदेश्वर गाविसका गौरसिंह धामी र नवराज धामीलाई प्रहरीले पक्राउ गरी जेल चलान गरेको छ। पीडक धनसिं धामीले मृतकहरूको बहिनी नाता पर्ने राधादेवीलाई कुटपिट समेत गरेका थिए। उक्त घटनापछि पीडकहरूले त्यस रात मिलोमतो गरी मृतकहरूको घर वाइमगाउँमा आई गौरसिंहले एकजना अम्बादत्त तथा धनसिं धामीले अर्का अम्बादत्तलाई खुकुरी प्रहार गरेका थिए।

१.२ जेल र बन्दीहरू

कारागार शाखा वैतडीका नामले चिनिने यहाँको जेल "घ" श्रेणी अन्तर्गत पर्दछ। २५ जना राख्न सकिने यस जेलमा क्षमताभन्दा बढी बन्दीहरू राखिएका छन्। मुद्दा फैसला नभएका २२ पुरूष, १ महिला र मुद्दा फैसला भैसकेका २४ पुरूष, ३ महिला समेत ५० जना बन्दी र एउटी नाबालिका गरी जम्मा ५१ जनाले बन्दी जीवन बिताइरहेका छन्। ती बन्दीहरूले श्री ५ को सरकारले दिएको सुविधा नियम अनुसार पाइरहेका छन्। जेलमित्र टेलिभिजन समेतको व्यवस्था गरिएको छ मने प्रौढ शिक्षा र घरेलु इलमका कामहरूमा बन्दीहरूलाई लगाइने गरेको कुरा जेलर हर्षबहादुर सिंहले बताए।

१.३ गिरफ्तारी र यातना

यो वर्ष यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

१.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना पनि सार्वजनिक जानकारीमा आएनन्।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

सामान्य स्वालका धम्की एकले अर्कालाई दिने र सामान्य कुटपिट गर्ने जस्ता घटना प्रायः घटिरहन्छन्। तर उल्लेख्य त्यस्तो कुनै घटना प्रकाशमा आएन।

घटनाको प्रकृति	घटना संख्या १९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	३	३	-	-
बलात्कृत	-	३	-	१
[प्रहरीद्वारा बलात्कृत				१]
आत्महत्या	-	७	४	३

१.६ थुनामा मृत्यु

थुनामा मृत्युको घटना भएन।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

यस सम्बन्धी कुनै अधिकार हनन भएको घटना प्रकाशमा आएन।

२.२ धार्मिक स्वतन्त्रता

जिल्लावासीहरूमा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

विभिन्न कारणले न्याय सम्पादन कार्य छिटो हुन नसकेकोले गत वर्ष थुनामा परेका १२ जना थुनुवाहरूको मुद्दा अझै फैसला भएको छैन।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना चर्चामा आएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

भूमिहीन तथा सुकुम्बासी समस्या यहाँ विलकुलै नभएको त होइन तर यस सम्बन्धी कुनै घटना भने भएको पाइएन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

खलंगा गाविस वाल्लेक भुलेउडाका तिखुरे भूलले **०५२ जेठ १८** गते पानी भर्न पँधेरा गएकी आफ्नी पत्नीलाई त्यहींबाट पिट्दै घरमा ल्याएर काठको मुङ्ग्राले हानी सख्त घाइते बनाए। अग्लो ठाउँबाट धकेलेर तल खसाली दिए। पछि स्थानीय नातेदारहरूले बोकेर अस्पताल पुऱ्याई उपचारार्थ भर्ना गरे भने पीडक तिखुरे भूललाई पक्राउ गरी प्रहरी थानामा बुझाइदिए। पतिबाट यस्तो कार्य बारम्बार भइरहने कुरा पीडित बताउँछिन्।

सर्माली गाविस-८ सनकोटकी १५ वर्षीय एक बालिकालाई **०५२ असोज १३** गते तोरी पेलाएर घर फर्किरहेको अवस्थामा सर्माली प्रहरी चौकीका हवल्दार मानसिंह साउदले बलात्कार गरे। तर हवल्दार यस अभियोगलाई अस्वीकार गर्छन्।

४.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

जारी, बहुविवाह र देउकी प्रथाकै रूपमा विद्यमान भए पनि यस वर्ष त्यस्तो कुनै घटना प्रकाशमा आएनन्।

४.३ गर्भपतन

डुङ्गार गाविस-७ की एक युवतीलाई न्यौटी धामीले पेट बोकाइ ०५२ बैशाख १४ गते ७ महिनाको गर्भपतन गराउन लगाए।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

गरिबी र अज्ञानताका कारण थुप्रै बालकहरू अहिले पनि आफ्नो अधिकारबाट वञ्चित छन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धमा कुनै घटना भएको कुरा जानकारीमा आएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएनन्।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी कुनै घटना भएको जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कसैले प्रेस वक्तव्य/टिप्पणी प्रकाशित गरेको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष नदीमा डुबेर २ जनाको, रूखबाट लडेर १ जनाको र वसबाट खसेर १ जनाको मृत्यु भयो। बाघको आक्रमणबाट १ जनाको मृत्यु भयो। ३ जना महिलाले घरायसी झगडाका कारण झुण्डिएर आत्महत्या गरे। ■



५. सुदूरपश्चिमाञ्चल

महाकाली

५.१ दार्चुला

जनसंख्या : १०१६८३
साक्षरता : ४०.९ प्रतिशत
महिला साक्षरता : १७.६ प्रतिशत
क्षेत्रफल : २३२२ वर्ग कि.मी.

महाकाली अञ्चलमा पर्ने दार्चुला एक विकट पहाडी जिल्ला हो। यो जिल्ला पहिलेदेखि नै तीन क्षेत्रमा विभाजित छ। दुई क्षेत्रमा बसोबास गर्नेहरूलाई "द्वाल" भनिन्छ। यस क्षेत्रमा वम ठकुरीको प्रभुत्व छ। त्यस्तै अर्को क्षेत्र हो "मार्मा"। यस क्षेत्रमा बस्नेलाई "मार्माला" भनिन्छ। यहाँ सिंह ठकुरीको प्रभुत्व छ। त्यस्तै तेश्रो क्षेत्र हो "लेकम"। यहाँ बस्नेलाई लेकमाल भन्ने गरिन्छ। यस क्षेत्रमा पाल ठकुरीको प्रभुत्व छ। यी ठकुरीहरूले अन्य जातिका मानिसहरूलाई रैतिर पनि भन्ने गर्दछन्। जिल्लाका अधिकांश नागरिकहरू आफ्ना अधिकारका बारेमा समेत अनभिज्ञ छन्।

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या / गोली

घाप गाविसका चन्द्रराम कोली **०५१ पुस १८** गते छपारी लास्कुबाट घर फर्किरहेका थिए। तर उनी घर पुगेनन्। उनको लाश किम्तडी ठठो पहीरोमा पाइयो। मृतक संगसँगै फर्किरहेका शंकरराम लुहार, ऐतराम लुहारले हत्या गरेका हुन् भनी किटानीसाथ चन्द्ररामका दाजु देवीराम कोलीले ०५२ पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दिएपछि आरोपित पीडकहरू फरार भए। ०५२ साउन १७ गते ऐतराम लुहारलाई प्रहरीले पक्राउ गरी हाल कारागारमा राखिएको छ, मुद्दा फैसला भएको छैन।

१.२ जेल र बन्दीहरू

यस जिल्लामा रहेको कारागार "घ" श्रेणीको हो। यसको बन्दी क्षमता ४० जनाको भए पनि अहिले यसमा मुद्दा फैसला नभएका २ जना र मुद्दा फैसला भई सजाय काटिरहेका १९ जना समेत जम्मा २१ जना बन्दी रहेका छन्। ती सबै पुरुषहरूमात्र छन्। बन्दीहरूसंग हप्तामा दुई दिनमात्र भेट गर्न दिइन्छ। उनीहरूलाई जेल प्रशासनका तर्फबाट कुनै क्रियाकलापमा संलग्न नगराइए पनि बन्दीहरू आफैं सुइटर तथा गलैंचा बुन्ने काम गर्दछन्।

१.३ गिरफ्तारी र यातना

ब्रम्हदेव गाविस-१ का प्रेमदत्त जोशीलाई **०५१ फागुन २५** गते गाई मारेको उजुरी थोले लुहारले दिएपछि प्रहरीले गिरफ्तार गरी अमानवीय यातना दिए। चुरोटको ठुटाले पैतलामा डामेको, हिरासतमा स्वान पनि नदिई अँध्यारो कोठामा राखिएको कुरा पीडित बताउँछन्। उनलाई ४ दिन हिरासतमा राखिएको थियो।

ब्रम्हदेव गाविसका उपाध्यक्ष जगबहादुर वम र प्रेमदत्त जोशी बीच लेनदेन सम्बन्धी झगडामा **०५२ असार २४** गते प्रेमदत्त जोशीलाई प्रहरीले गिरफ्तार गरी कुटपिट र गाली गलौज समेत गऱ्यो। गिरफ्तार गरी सकेपछि उनलाई केही सार्वजनिक अपराधको मुद्दा पनि लगाइयो। मुद्दा लगाउनुको कारण भू.पू. डिएसपी भरतसिं सुवालसंग घोडा खरिद सम्बन्धी विषयमा विवाद भएकोले हो भनी पीडित बताउँछन्। उनी ०५२ साउन ३ गते ५७ हजार २ सय ३५ रूपैयाँ धरौटीमा छुटेका थिए। पीडितका अनुसार उनलाई मुद्दा लगाउने र यातना दिने काम इन्स्पेक्टर लोकबहादुर सार्हाजुले गरेका थिए।

वोहरीगाउँ गाविस-१ रामदत्त जोशी र गोपालदत्त जोशीलाई रामसिं स्वत्रीको पसलबाट सामान चोरी गरेको अभियोगमा **०५२ कार्तिक १५** गते इलाका प्रहरी कार्यालयले गिरफ्तार गरी यातना दिएको कुरा पीडितहरू बताउँछन्।

	घटना संख्या			
घटनाको प्रकृति	१९९२	१९९३	१९९४	१९९५
प्रहरीको गोलीले मृत्यु	-	-	-	-
हिरासतमा यातना	१	-	२	३
बलात्कृत	३	१	-	-
आत्महत्या	-	-	८	३

दार्चुला जेल

१.४ वेपत्ता पारिएको

दार्चुला खलंगा-४ को अस्थायी प्रहरी चौकीमा राती १० देखि १२ बजेसम्म ड्युटी बसेका प्रहरी जवान कीर्तिबहादुर थापा **०५२ साउन ४** गतेदेखि बेपत्ता भएका छन्। उनको राइफल ट्वाइलेट नजिक राखेको पाइयो। यसरी राती ड्युटी बसिरहेकै अवस्थामा बेपत्ता भएका प्रहरी जवान थापा जिउँदै छन् वा मरे केही थाहा हुन सकेको छैन।

१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

वोहरी गाउँ गाविस-८ का गोपालसिं धामी, धाना धामी र रघुविर धामी ३ जनाले एउटी महिलालाई स्वरमा बास्रा लगाएको आरोपमा मरणासन्न अवस्थामा पुग्ने गरी कुटपिट गरे।

१.६ थुनामा मृत्यु

कारागार शाखामा कैद सजाय भोगी रहेका कुष्ठ रोगी ५० वर्षीय गगने टमटाले **०५१ चैत ९** गते आफ्नो शरीरमा मट्टितेल खन्याएर आगो लगाई आत्महत्या गरे।

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनाव समेत)

दार्चुला सदरमुकाममा **०५२ जेठ १७** गते दिउँसो तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी पुग्नु हुँदा नेपाली कांग्रेसले विरोध प्रदर्शन गऱ्यो। प्रदर्शनकारी र प्रहरीबीच मुठभेड हुँदा ढुङ्गामुडा भएपछि प्रहरीले प्रदर्शनकारीमाथि लाठी चार्ज गरेको थियो। त्यसमा परी दिलेन्द्रप्रसाद भट्ट, मन्दिरसिं धामीलाई सामान्य चोटपटक लागेको थियो भने हर्कसिं धामीलाई प्रहरीले गिरफ्तार गरी सोही दिन बेलुका विनाशर्त छोडेको थियो।

२.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता पाइन्छ।

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका मानिसहरूको न्यायालयप्रति स्पष्ट धारणा छैन। अधिकांश नागरिकहरू न्यायालयप्रति विविध कारणले गर्दा आफ्नो विश्वास जाग्न नसकेको बताउँछन्।

२.४ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै उल्लेख्य घटना देखिएन।

३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो वर्ष भूमिहीन तथा सुकुम्बासी सम्बन्धी कुनै घटना उल्लेख्य रूपमा देखा परेन।

४. महिला अधिकार

४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

ग्वानी गाविस-६ माइती र वैतडी ककरपाखा घर भएकी २१ वर्षीय तारादेवी वोहरालाई **०५२ कार्तिक १७** गते ग्वानी आगर जात्रामा सोही ठाउँको ठेकेदारी काम गर्ने २४ वर्षीय लक्ष्मणसिं ऐरीले बिहे गर्छु भनी फकाइ ३ रातसम्म आफूसंग राखेपछि तँलाई म बिहे गर्दिन जहाँ गए पनि जा भनेर भने। हाल ठेकेदार दिल्ली तर्फ गएका छन्। निज महिलालाई साथ लगे वा मारे थाहा हुन सकेको छैन। पीडित महिलाका कपडा धौलानी नदीको किनारमा फेला परेकाले शंका उब्जाएको छ।

हुनैनाथ गाविस-२ की कमलादेवी धामीलाई सिर्मोली गाविस-६ विथ्थडका भुपे बोहराले **०५२ कार्तिक २६** गते राम्रो जागिर भएको व्यक्तिसंग बिहे गरिदिन्छु भनी फकाइ आफ्नो घर पुऱ्याए। ३ दिन आफ्नो घरमा राखी आफ्नो ज्वाइँ भिमबहादुरबाट केही पैसा लिइ विवाह गराइ दिने शर्तमा उसको घरमा पुऱ्याए। त्यसपछि पीडित कमलालाई महेन्द्रनगरमा घर छ भनी भुपे बोहरा लगायतका व्यक्तिहरूको मिलोमतोमा दिल्ली तर्फ लगे। अहिले दुबै पीडक फरार छन्।

स्वरस्वडा गाविस-३ टाकानाकी २० वर्षीय धाना गिरीलाई घरमा जेठाजु दामोदर गिरी र सासुले स्वान बस्न नदिइ यातना दिने गरेपछि दिल्लीमा काम गरी बस्ने आफ्नो पतिसंग भेट गर्न भतिजा नाता पर्ने दामोदर गिरीसंग जान खोज्दा प्रहरी चौकीमा उजुरी गरी पतिसंग भेट गर्न जान समेत दिइएन र त्यही भतिजा पर्ने केटासंग विवाह गर्नुपर्ने जबर्जस्ती दबाव परिवारका सासु र जेठाजुले दिएको कुरा पीडित धना गिरी बताउँछिन्।

५.२ जारी / बहुविवाह / देउकी / देहव्यापार

मालिकार्जुन गाविस-८ मलवावका २३ वर्षीय पदमसिं धामीले घरमा पत्नी कलावती हुँदाहुँदै दोश्रो बिहे गरे। पहिलो पत्नीलाई तँ कम्युनिष्टको छोरी, कम्युनिष्ट भनेका त डुम हुन् डुमकी छोरी मलाई चाहिँदैन भनी अर्को बिहे गरेको कुरा पीडित बताउँछिन्। लक्ष्मी धामीसंग दोश्रो बिहे गरेपछि कलावतीले बहुविवाह गरेको उजुरी दिइन्। **०५२ वैशाख ११** गते प्रहरीले पदम र लक्ष्मी दुबैलाई पक्राउ गऱ्यो। पहिलो पत्नीसंग सम्बन्ध विच्छेद भयो तर बहुविवाह गरेकोमा कुनै कारवाही भएन।

रानीशिखर-८ रातापानीका ४८ वर्षीय पार्वतीदेवी ठगुन्नालाई सोही ठाउँका ५२ वर्षीय कम्मु ठगुन्नाले **०५२ वैशाख १६** गते भगाएर लगे। कम्मु ठगुन्नाको घरमा पत्नी छोरा बुहारीसमेत छन् भन्ने पार्वती देवीले पनि आफ्नो पति, छोरा बुहारीलाई छोडेर हिंडेकी थिइन्।

दत्तु गाविस-३ का नारायण चुनाराले घरमा पत्नी हुँदाहुँदै २० वर्षीय फूलीदेवीलाई पनि भित्र्याए। आफ्नी पत्नी बढी माइत बस्ने र आचरण पनि ठीक नभएकोले दोश्रो बिहे गर्नु पऱ्यो भनी पीडक बताउँछन्। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयबाट पक्राउ गरी आवश्यक कार्वाही गर्दै गरेको कुरा जानकारीमा आएको छ।

५.३ गर्भपतन

यस सम्बन्धी घटना प्रकाशमा आएन।

५. बाल अधिकार (बालबालिकाउपरको अत्याचार)

बाल अधिकार उल्लंघन भएका घटनाहरू यस वर्ष सार्वजनिक जानकारीमा आएनन्।

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड यूनियन / श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकार, पारिश्रमिक, सुरक्षा र संगठित हुने अधिकारहरूबारे यो वर्ष कुनै घटना प्रकाशमा आएको पाइएन।

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

दासत्व, कमैया, हलिया सम्बन्धी घटनाहरू यस वर्ष चर्चामा आएनन्।

७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

यस सम्बन्धी कुनै घटना जानकारीमा आएन।

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लामा कुनै त्यस्तो ठूलो घटना पनि नघटेकोले कसैले प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित गरेको पाइएन।

९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दत्तु गाविस-८ का ८ वर्षीय महेश सिंह नगरीलाई **०५२ भदौ २०** गते महाकाली नदीले बगाएर ल्याएको दाउरा लिन जाँदा नदीबाट आएको छालले बगाइ मृत्यु भयो। कक्षा ४ मा पढ्ने उक्त बालक विद्यालयबाट घर फर्कन लाग्दा आमा बुबाले दाउरा उतार्न थालेको देखी ऊ पनि दाउरा लिन गएको थियो।

यो वर्ष २ महिला र १ पुरूष गरी ३ जनाले आत्महत्या गरे। १ जनाले झुण्डिएर र २ जनाले नदीमा हामफालेर आत्महत्या गरेको पाइयो। २ जनाले मानसिक स्थिति ठीक नभएकाले आत्महत्या गरे भने अन्य एकजनाको कारण थाहा हुन सकेन। एउटा चोरी र एउटा ठगीको घटना पनि यो वर्ष यहाँ चर्चामा रह्यो।

■

अनुसूची ७

वर्ष पुस्तक सम्बन्धी समीक्षा गोष्ठीको राष्ट्रिय प्रतिवेदन

नेपालमा मानवअधिकार वर्ष पुस्तक प्रकाशनको थालनी १९९२ बाट इन्सेकले शुरूवात गर्‍यो। मानवअधिकारको क्षेत्रमा भएका उपलब्धी र उल्लंघनको वार्षिक अभिलेख प्रस्तुत गर्ने पहिलो परिकल्पनाकार प्रकाश काफ्ले हुनुहन्थ्यो। उहाँले वर्ष पुस्तकको साकार रूप देख्ने अवसर पाउनु भएन। यद्यपि उहाँको सोचलाई व्यवहारमा उत्तार्न हामी लागी पर्‍यौं। सीमित स्रोत, साधन र न्यून अनुभवको आधारमा उभिएर हामीले यो प्रकाशनलाई प्रस्तुत गर्न कम्मर कस्यौं। काम गर्दा गल्ती हुन्छ कि भन्ने त्रास हामीमा रहेन, बरू भएका गल्तीहरूलाई सच्याउँदै अग्रगति पक्डन सकिन्छ। यही आत्मविश्वासले हामीलाई डोर्‍यायो। १९९३ र १९९४ को वर्ष पुस्तक प्रकाशन कार्य सम्पन्न भए पश्चात् पुस्तक सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चर्चा परिचर्चाहरू भए, यसको क्रम जारी छ।

मानवअधिकार वर्ष पुस्तकको प्रकाशन मानवअधिकारहरूका घटनाहरूको प्रस्तुती गर्नु मात्र होइन, मानवअधिकार संस्कृतिको निर्माण निम्ति सबै पक्षको ध्यानाकर्षण गर्दै सजग र सचेत बनाउने आन्दोलनमुखी प्रयत्न पनि हो। यही अवधारणालाई प्रस्थानविन्दु मानेर मानवअधिकारलाई जनताको प्रत्यक्ष सरोकारको विषय बनाइनु जरूरी छ। कामले मानिसलाई सिकाउँछ। पुस्तक प्रकाशनमा संलग्न हामी सबै यस कार्यमा पारंगत थिएनौं। बरू एक पछि अर्को गर्दै सिक्दै गयौं। अझै पनि हामी पूर्णताको दावी गर्न सक्ने स्थितिमा छैनौं।

मानवअधिकारलाई जनताको प्रत्यक्ष सरोकारको विषय बनाउने सार्थक उद्देश्यका साथ नेपालीपनमा नेपालीहरू कै निम्ति यो पुस्तक प्रस्तुत गरिएको हो। तर पुस्तकका परिच्छेद र अनुसूचिहरू के कति सार्थक छन्। पुस्तकमा वर्णित जिल्ला-जिल्लामा भएका मानवअधिकार हननका घटनाहरूबारे सम्बन्धित जिल्लाका बौद्धिक, राजनीतिक, प्रशासनिक एवं न्यायिक निकायसंग सम्बद्ध व्यक्तिहरूको के प्रतिकृया छ, तथा के कस्ता सुझावहरू प्राप्त हुन्छन्, सारांशमा वर्ष पुस्तकलाई सम्बद्ध सबै व्यक्ति वा निकायले कस्तो रूप ग्रहण गर्दछन, तत्सम्बन्धमा जिल्ला जिल्लामै पुगेर छलफल चलाउनु पर्ने आवश्यकता बोध हामीले गर्दै रहयौं। यही सिलसिलामा इन्सेकका क्षेत्रीय कार्यालयहरू मार्फत् वर्ष पुस्तक सम्बन्धी सम्भव भएसम्म सबै जिल्लामा समीक्षा गोष्ठीहरूको आयोजना गर्ने निष्कर्षमा पुग्यौं।

उपरोक्त निष्कर्षलाई कार्यान्वयन गर्न पाँचै विकास क्षेत्रमा ५ ओटा क्षेत्रीय स्तरका समीक्ष गोष्ठी आयोजना गरिए। पूर्व मेचीको पाँचथर देखि पश्चिम महाकालीको बैतडी सम्मका ५२ जिल्लामा जिल्ला स्तरीय समीक्षा गोष्ठीहरू सम्पन्न भए। क्षेत्रीय रूपमा भएका गोष्ठीहरूमा इन्सेक केन्द्रबाट अध्यक्ष सुशील प्याकुरेल, डा.राजेश गौतम, बद्रिप्रसाद खतिवडा र सुवोध प्याकुरेल सहभागी हुनु भएको थियो भने जिल्ला स्तरका समीक्षा गोष्ठीहरूमा क्षेत्रीय संयोजकहरू सहभागी हुनुहुन्थ्यो। मध्यमाञ्चलका बारा, पर्सा, रौतहट, सर्लाही, मकवानपुर, चितवन, धादिङ, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, काभ्रे आदि जिल्लाका समीक्षा गोष्ठीहरूमा डा. राजेश गौतम र नरनाथ लुईंटेल उपस्थित हुनु भएको थियो।

प्राय सबैजसो गोष्ठीहरूमा वर्ष पुस्तक १९९४ सम्बन्धमा विज्ञ कानून व्यवसायी, प्राध्यापक एवं समीक्षकहरूबाट लिखित समीक्षा प्रति राजनीतिक पार्टीका प्रतिनिधि, कानून व्यवसायी, पत्रकार, प्रशासनिक र न्यायिक निकायका प्रमुखहरूद्वारा टिप्पणी एवं मन्तव्य व्यक्त गरिएको थियो। वर्ष पुस्तक मुलुकको निम्ति पहिलो अभिलेख संग्रह भएकोले पनि होला धेरै सहभागीहरूले पुस्तकमा यावत विषयहरू हुनु पर्ने कुरामा जोडदिएका थिए। कमी कमजोरी तथा त्रुटीहरूबाट मुक्त गराउँदै वर्ष पुस्तकलाई मानवअधिकारको प्रामाणिक दस्तावेजको रूपमा स्थापित गर्न धेरै राम्रा सुझावहरू हामीले समीक्षा गोष्ठीहरूबाट प्राप्त गरेका छौं। गोष्ठीको प्रमुख उपलब्धी पनि यही हो।

गोष्ठी सम्पन्न भए पश्चात् जिल्ला-जिल्लाबाट प्राप्त प्रतिवेदनलाई संक्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ। गोष्ठी सम्पन्न भए पनि प्रतिवेदन प्राप्त नभएका केही जिल्लाहरूको कार्यक्रम विवरण छुट भएको हुन सक्छ।

पूर्वाञ्चल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा मोरङ, **विराटनगरमा** ०५२ भदौ २ गते वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। इन्सेकका पूर्वाञ्चल क्षेत्रीय संयोजक दशरथ बुढाथोकीको सभापतित्व र पुनरावेदन अदालत विराटनगरका मुख्य

न्यायाधीश भैरवप्रसाद लम्सालको प्रमुख आतिथ्यमा कार्यक्रम संचालन भएको थियो। उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै प्रमुख अतिथि लम्सालले यातना विरूद्ध क्षतिपूर्तिको ऐन बनाउँदा पीडकले जसका परिवारलाई मर्का पुऱ्याएको छ त्यस पक्षलाई केही तिर्नु पर्ने कुरा समावेश गरिनु पर्ने विचार व्यक्त गर्नु भयो। सोही कार्यक्रममा मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी देवराज रेग्मीले वर्ष पुस्तकमा मानवअधिकार उल्लंघनका घटनाहरू समावेश गरिनु राम्रो प्रयास हो। यस पुस्तकले अब कसरी यस्ता घटना कम गर्ने भन्ने विषयमा समाधानको बाटो नियाल्न उद्दत रहेको देखिन्छ। यो सह्रानीय कार्य हो भन्नुभयो। अर्का वक्ता राष्ट्रिय सभाका सदस्य चिरञ्जीवी रिजालले मानवअधिकारवादी संस्थाहरू स्वतन्त्र र निष्पक्ष हुनु पर्ने विचार व्यक्त गर्नु भयो।

दुई सत्रमा विभाजित सो कार्यक्रमको दोस्रो सत्रको कार्यक्रमको सभापतित्व इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले गर्नु भएको थियो। सहप्राध्यापक अर्जुन बराल र अधिवक्ता तथा सहप्राध्यापक विश्वराज पाण्डेले अलग-अलग कार्यपत्र प्रस्तुत गर्नु भएपछि विभिन्न वक्ताहरूले कार्यपत्रमाथि टिप्पणी गर्नु भएको थियो। त्यसपछि नेपाली कांग्रेस मोरङका कोषाध्यक्ष विरबहादुर थापा, नेकपा एमाले मोरङ जिल्ला कमिटीका उपसचिव नरेश पोखरेल, पत्रकार संघ मोरङ अध्यक्ष मोहन भण्डारी, लव प्रधान, मासम मोरङका अध्यक्ष त्रिलोक न्यौपाने, संजमो मोरङका जिल्ला कमिटीका सचिव राजन निरौला, सहप्राध्यापक तथा पत्रकार राम रिफन यादव, राससका प्रमोद प्रधान, सहप्राध्यापक सुशीलकुमार झा र पत्रकार केदार कोइरालाले आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो। कार्यक्रमको अन्त्यमा विभिन्न वक्ताहरूले उठाएका प्रश्नहरूको जवाफ सभाको सभापतित्व गरिरहनु भएका इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले दिनु भएको थियो। अध्यक्ष प्याकुरेलले आजको यस कार्यक्रममा विभिन्न वक्ताहरूले उठाउनु भएका कुराहरूलाई मैले सुझावका रूपमा लिएको छु भन्नुहुँदै मानवअधिकार वर्ष पुस्तकप्रति सबै क्षेत्रबाट देखाएको चासोले वर्ष पुस्तक अझ सुदृढ भई संस्थागत रूपमा रूपान्तर हुने छ भन्ने विश्वास व्यक्त गर्नु भयो।

देवी बाँस्कोटाले संचालन गर्नु भएको उक्त कार्यक्रममा ४३ जनाको सहभागिता रहेको थियो।

०५२ असार २९ गते **झापा**को भद्रपुरमा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। प्राध्यापक खगेन्द्र प्रसाईको प्रमुख आतिथ्य र जिल्ला विकास समितिका उपसभापति सुवासचन्द्र सिंह राजवंशीको सभापतित्वमा सम्पन्न भएको सो गोष्ठीमा राजनैतिक पार्टी, प्रहरी, प्रशासन, विभिन्न पेशागत संघसंस्थाहरूका प्रतिनिधिहरूले वर्ष पुस्तकका बारेमा आ-आफ्ना धारणा व्यक्त गर्नु भएको थियो। उक्त गोष्ठीमा ३३ पुरूष र १ महिला समेत ३४ जनाको सहभागिता रहेको थियो।

०५२ असार २० गते **ओखलढुंगा** जिल्लाको सदरमुकाममा पनि वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। जिल्ला न्यायाधीश बुद्धीप्रसाद रेग्मीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठीमा इन्सेकका क्षेत्रीय संयोजक दशरथ बुढाथोकी, जिल्ला विकास समितिका सभापति महेशकुमार कोर्मोचा लगायत विभिन्न पार्टीका प्रतिनिधिहरू, बुद्धिजीवीहरू, सरकारी अधिवक्ता, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, प्रहरी नायव उपरीक्षकले आ-आफ्ना विचार व्यक्त गर्नु भएको थियो। कार्यक्रमको सभापतित्व नारी जागरण समुह ओखलढुंगाकी अध्यक्ष प्रेमकुमारी कैदीले गर्नु भएको थियो।

०५२ असार १७ गते **तेह्रथुम** जिल्लाको सदरमुकाम **म्याङलुङ**मा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। जिल्ला न्यायधीश सहदेवप्रसाद वास्तोलाको प्रमुख आतिथ्य र ललित श्रेष्ठको सभापतित्वमा सम्पन्न सो गोष्ठीमा विभिन्न राजनैतिक दलहरू, प्रहरी, प्रशासन र अन्य सरकारी कार्यालयका प्रतिनिधि साथै वकिल, बुद्धिजीवीहरूले वर्ष पुस्तकका बारेमा मूल्यांकन गरी सुझावहरू दिएका थिए। सो कार्यक्रममा २५ जना सहभागीहरूले भाग लिएका थिए।

०५२ असार ३१ गते **इलाम** जिल्लाको सदरमुकाममा पनि वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। पुनरावेदन अदालत इलामका न्यायाधीश ताहिर अलि अन्सारी प्रमुख अतिथि रहनु भएका सो गोष्ठीको सभापतित्व प्राध्यापक रामचन्द्र पराजुलीले गर्नुभएको थियो। न्यायाधीश अन्सारी र प्राध्यापक नृसिंह खत्रीले कार्यपत्र प्रस्तुत गर्नु भएको सो कार्यक्रममा विभिन्न राजनैतिक पार्टी, विभिन्न संघसंस्था, वार एसोसियसन, प्रशासनका प्रतिनिधि र पत्रकारहरूले त्यस कार्यक्रममा वर्ष पुस्तकका बारेमा आ-आफ्ना सुझाव व्यक्त गरेका थिए।

०५२ साउन ८ गते मानवअधिकार चेतना र विकास केन्द्रको आयोजनामा **पाँचथर**को फिदिममा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। जिल्ला अदालतका न्यायाधीश रामचन्द्र राईको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठीमा जिल्ला सरकारी वकिल सुरेन्द्रबहादुर थापा र अधिवक्ता चन्द्रप्रसाद पोखरेलले कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो। सो कार्यक्रममा विभिन्न राजनैतिक पार्टी, प्रशासन, प्रहरी र अन्य गैर सरकारी संघसंस्थाका प्रतिनिधिहरूले वर्ष पुस्तकका बारेमा आ-आफ्ना धारणा व्यक्त गर्नु भएको थियो। कार्यक्रमको सभापतित्व श्रीमती साविनी गुरूङले गर्नु भएको थियो।

०५२साउन ४ गते इन्सेक र आशाहुर्डको आयोजनामा **भोजपुर** जिल्लाको सदरमुकाममा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। पूर्व सांसद धनहर्क राई प्रमुख अतिथि रहनु भएको सो गोष्ठीमा अधिवक्ता निराकारमान उप्रेतीले प्रस्तुत गर्नु भएको कार्यपत्रमाथि पूर्व सांसद नरेन्द्र बस्नेतले टिप्पणी गर्नु भएको थियो। विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू, प्रमुख जिल्ला अधिकारी, प्रहरी, बुद्धिजीवीहरू तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले आ-आफ्ना धारणा राख्नु भएको थियो। पिवन्त न्यौपानेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा ४७ जना पुरूष र ८ महिला समेत ५५

जनाको सहभागिता रहेको थियो।

०५२ असार १५ गते **धनकुटामा** आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठी जिल्ला न्यायाधीश बलराम विष्टको प्रमुख आतिथ्यमा सम्पन्न भयो। अधिवक्ता दुर्गा लिम्बा र सहप्राध्यापक जिवनाथ चापागाईले कार्यपत्र प्रस्तुत गर्नु भएको सो गोष्ठीमा सहप्राध्यापक चक्रपाणि लुइँटेलले कार्यपत्र प्रस्तुत गर्नु भएपछि विभिन्न राजनैतिक दलहरूका प्रतिनिधिहरू, प्रहरी, प्रशासन, विभिन्न संघसंस्थाका प्रतिनिधि र बुद्धिजीवी, प्राध्यापक र समाजसेवीहरूले वर्ष पुस्तकका बारेमा आ-आफ्ना धारणा राख्नु भएको थियो। हुसाडेकका संयोजक केशवराज दहालको सभापतित्वमा सम्पन्न सो गोष्ठीमा २१ जना पुरूष र ६ जना महिला समेत २७ जनाको सहभागिता रहेको थियो।

०५२ साउन ११ गते **ताप्लेजुङ्ग** जिल्लाको सदरमुकाममा सम्पन्न वर्ष पुस्तक समीक्षा गोष्ठीमा जिल्ला न्यायधीश लिलाप्रसाद गौतम प्रमुख अतिथिको रूपमा रहनु भएको थियो। जिल्ला विकास समितिका सभापति दीपेन्द्र सेन्दाङ्गको सभापतित्वमा सम्पन्न गोष्ठीमा अधिवक्ता डिल्ली प्रसाईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। विभिन्न राजनैतिक पार्टीका प्रतिनिधि, प्रशासन, प्रहरी, अन्य सरकारी कार्यालयका प्रतिनिधिहरू तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले वर्ष पुस्तकका बारेमा टिप्पणी गर्नु भएको थियो। इन्सेकका क्षेत्रीय संयोजक दशरथ बुढाथोकीले समीक्षा गोष्ठीका साथै इन्सेकले संचालन गरेका कार्यक्रमहरूको चर्चा गर्नु भएको सो गोष्ठीमा ५९ जनाको सहभागिता रहेको थियो।

०५२ असार ७ गते इन्सेकको आयोजनामा **संखुवासभाको** स्वाँदबारीमा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। क्याम्पस प्रमुख कृष्ण अधिकारीको प्रमुख आतिथ्य र स्थानीय समाजसेवी कृष्णभक्त श्रेष्ठको सभापतित्वमा सम्पन्न सो गोष्ठीमा तारानाथ खनाल र वासु सुवेदीले वर्ष पुस्तकका बारेमा समीक्षा गर्नु भएपछि विभिन्न राजनैतिक पार्टीका प्रतिनिधि, प्रशासन र प्रहरीले वर्ष पुस्तकका बारेमा टिप्पणी गरेका थिए। २३ जना पुरूष र २ जना महिला समेत २५ जनाको सहभागिता रहेको थियो।

०५२ असार १५ गते **सोलुखुम्बु** जिल्लाको सल्लेरीमा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। जिल्ला न्यायाधीश चित्रदेव जोशीको प्रमुख आतिथ्यमा संचालन भएको सो कार्यक्रमको सभापतित्व जिल्ला विकास समितिका सभापति कर्मा गोल्पन लामाले गर्नु भएको थियो। प्राध्यापक उद्धवकुमार शर्माले पुस्तकका बारेमा समीक्षा गर्नु भएको सो कार्यक्रममा विभिन्न राजनैतिक पार्टीहरू, प्रशासन, प्रहरी, विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयका अधिकृत तथा स्थानीय व्यापारी समेत जम्मा ५२ जनाको सहभागिता रहेको थियो। सहभागी मध्ये पुरूष ५० र महिला २ जना थिए

०५२ साउन ४ गते इन्सेक र हुरेण्डेक **उदयपुरको** संयुक्त आयोजनामा उदयपुर जिल्ला गाईघाटमा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। जिल्ला न्यायाधीश विश्वम्बरमान श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा जिल्ला अदालतका कानून अधिकृत गोपालप्रसाद बाँस्कोटाद्वारा लिखित कार्यपत्र दुर्गाकुमार थापाले बाचन गर्नु भएको थियो। सो कार्यक्रममा विभिन्न पार्टीका प्रतिनिधिहरू, बार एशोसियसनका प्रतिनिधि, प्रहरी आदिले वर्ष पुस्तकका बारेमा आ-आफ्ना धारणा व्यक्त गर्नु भएको थियो। सो कार्यक्रममा २८ पुरूष र १ महिला समेत २९ जनाको सहभागिता रहेको थियो।

०५२ साउन २४ गते **सिराहा** जिल्लामा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। प्रमुख अतिथि जिल्ला न्यायाधीश हरिप्रसाद पोखरेल र अधिवक्ता जयकुमार गोहितले दुई बेग्लाबेग्लै कार्यपत्र प्रस्तुत गर्नु भएको सो कार्यक्रमको सभापतित्व स्थानीय शिक्षक रामेश्वर सिंह रमाकारले गर्नु भएको थियो। वर्ष पुस्तकका बारे विभिन्न राजनैतिक दल,प्रशासन, प्रहरी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले आ-आफ्ना धारणा राख्नु भएको थियो। ३३ जना पुरूष र २ जना महिला समेत ३५ जनाको सहभागिता रहेको थियो।

०५२ साउन २४ गते **खोटाङ जिल्लाको दिक्तेलमा** वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। दिक्तेल गाविसका अध्यक्ष कर्णबहादुर राई, प्राध्यापक धनकर्ण राई र जिल्ला सरकारी अधिवक्ता मेदिनी पौड्यालले बेग्लाबेग्लै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। विभिन्न राजनैतिक पार्टी, प्रहरी, प्रशासन, विभिन्न पेशागत संघसंस्थाका प्रतिनिधिहरूले वर्ष पुस्तकका बारेमा आ-आफ्ना धारणा व्यक्त गर्नु भएपछि इन्सेकका क्षेत्रीय संयोजक दशरथ बुढाथोकीले वर्ष पुस्तकको विभिन्न पक्ष बारेमा जानकारी गराउनु भएको थियो।

मध्यमाञ्चल

०५२ कार्तिक ३० गते इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकका सम्बन्धमा **काठमाडौंमा** एउटा छलफल कार्यक्रम सम्पन्न भएको थियो। मानवअधिकार वर्ष पुस्तक १९९५ को मस्यौदा विषय सूचिमाथि छलफल गर्न आयोजित यस कार्यक्रममा मानवअधिकारको क्षेत्रमा कार्यरत संघ संस्था तथा व्यक्तिहरूको सहभागिता रहेको थियो। उक्त छलफल कार्यक्रममा इन्सेकका अध्यक्ष सुशील प्याकुरेल, कार्यकारिणी सदस्य बद्री खतिवडा, कल्याणदेव भट्टराई, इन्सेक सल्लाहकार वीरेन्द्रकेशरी पोखरेल, रघु मैनाली, चेतेन्द्रजंग हिमाली, गोपाल शिवाकोटी, माधवी कार्की, खगेन्द्र संग्रौला, विष्णु प्रभात, दिनेश त्रिपाठी, इन्सेकका महासचिव डा. राजेश गौतम र कार्यकारिणी सदस्य सुवोध प्याकुरेल तथा बुद्धिजीवी परिषदका लेखनाथ गुरागाईले आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो। यस अघि वर्ष पुस्तक संयोजक नरनाथ लुइँटेलले मस्यौदा विषय सूचि प्रस्तुत गर्नु भएको थियो।

०५२ मंसीर १५ गते **रसुवा** जिल्लाको धुन्चेमा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। जिल्ला न्यायाधीश विरबहादुर डाँगी प्रमुख अतिथि रहनु भएको सो कार्यक्रममा

जिल्ला सरकारी वकिल रामकुमार थापाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। विभिन्न पार्टीहरूका प्रतिनिधि, प्रशासन, प्रहरी, सैनिक, अन्य सरकारी कार्यालयका प्रमुखहरू, शिक्षकहरूले वर्ष पुस्तकका सम्बन्धमा आ-आफ्ना धारणा राख्नु भएको थियो। धुन्चे गाविसका अध्यक्ष लादा रेन्जन घलेको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा वर्ष पुस्तक संयोजक नरनाथ लुइँटेलले वर्ष पुस्तकका सम्बन्धमा प्रकाश पार्नु भएको थियो।

०५२ पुस ७ गते **दोलखा**को चरिकोटमा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। जिल्ला न्यायाधीश कुमारप्रसाद पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न सो गोष्ठीमा प्रमुख जिल्ला अधिकारी रामप्रसाद शर्मा, प्रहरी नायव उपरीक्षक सुश्री कविता निरौला, इन्सेक केन्द्रीय कार्यालयका रमेश बानियाँले वर्ष पुस्तकका बारेमा आ-आफ्ना धारणा राख्नु भएको थियो। हुराडेकका सचिव सरोज उप्रेतीको सभापतित्वमा उक्त गोष्ठी संचालन भएको थियो।

०५२ मंसीर ५ गते **बारा** जिल्लाको सदरमुकाम कलैयामा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भएको थियो। उक्त गोष्ठीमा प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, जिल्ला न्यायाधीश, सरकारी अधिवक्ता, जिल्ला विकास समितिका सभापति, नगर प्रमुख र विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू र संघ संस्थाका प्रतिनिधिहरूले पुस्तकको सम्बन्धमा आ-आफ्ना विचारहरू व्यक्त गरेका थिए। इन्सेकका महासचिव राजेश गौतम र वर्ष पुस्तक संयोजक नरनाथ लुइँटेलको पनि उपस्थिति रहेको उक्त गोष्ठीमा ४० जनाको सहभागिता थियो।

०५२ मंसीर ६ गते पर्सा, **वीरगंज**मा मानवअधिकार वर्ष पुस्तक गोष्ठी सम्पन्न भएको थियो। गजेन्द्रबहादुर वस्नेतको सभापतित्वमा भएको सो गोष्ठीमा इन्सेकका महासचिव डा. राजेश गौतमले देशमा कुनै पनि राजनीतिक दलहरू मानवअधिकारको कुरामा संवेदनशील नरहेको बताउनु भएको थियो। सो गोष्ठीको मूल उद्देश्यमाथि वर्ष पुस्तकका सम्पादक नरनाथ लुइँटेलले प्रकाश पार्नु भएको थियो भने वर्ष पुस्तक सम्बन्धी विभिन्न राजनीतिक दलका प्रतिनिधि, कानून व्यवसायी, पत्रकार एवं बुद्धिजीवीहरूले विभिन्न सुझाव तथा प्रतिकृया व्यक्त गरेका थिए।

०५२ कार्तिक २४ गते जिल्ला न्यायाधीश शारदाप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा मानवअधिकार वर्ष पुस्तक समीक्षा गोष्ठी **नुवाकोट**मा सम्पन्न भयो। गोष्ठीमा केन्द्रबाट डा. राजेश गौतम र बद्रीप्रसाद खतिवडाले भाग लिनु भएको थियो। उक्त कार्यक्रममा ४ जना महिला र ३० जना पुरुषको सहभागिता रहेको थियो।

०५२ मंसीर २९ गते मकवानपुरको **हेटौंडा नगरपालि**का भवनको सभाकक्षमा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। पुनरावेदन अदालतका न्यायाधीश मोहनप्रसाद सिटौलाको प्रमुख आतिथ्यमा उहाँद्वारा नै मैनवत्ति प्रज्वलन गरी आरम्भ भएको गोष्ठीको सभापतित्व इन्सेकका कार्यकारिणी सदस्य बद्रीप्रसाद खतिवडाले गर्नु भएको थियो। उक्त अवसरमा विभिन्न राजनीतिक दलका व्यक्तिहरूले आ-आफ्नो धारणा व्यक्त गरेका थिए।

०५२ पुस २ गते (चितवन) **भरतपुर**मा मानवअधिकार वर्ष पुस्तक समीक्षा गोष्ठीको आयोजना भएको थियो। उक्त गोष्ठीको सभापतित्व पत्रकार मदनमोहन जोशी र शुभारम्भ जिल्ला न्यायाधीशले गर्नु भएको थियो। केन्द्रबाट जानु भएका वर्ष पुस्तक संयोजक नरनाथ लुइँटेलले इन्सेक मानवअधिकार बहालीका निम्ति कसरी परिचालित छ भनेर चर्चा गर्दै वर्ष पुस्तक प्रकाशनको उद्देश्य एवं प्रकाशन प्रक्रिया बारे प्रकाश पार्नु भएको थियो। इन्सेकका महासचिव डा. राजेश गौतम र कार्यकारिणी सदस्य बद्री खतिवडाले पनि आफ्नो मन्तव्य प्रकट गर्नु भएको थियो। सभामा उल्लेखनीय उपस्थिति थियो।

०५२ मंसीर ७ गते **रौतहट** जिल्लाको सदरमुकाम गौरमा वर्ष पुस्तक समीक्षा गोष्ठीको आयोजना भएको थियो। गोष्ठीको सभापतित्व बुद्धिजीवी परिषदका जिल्ला अध्यक्ष मारायणहरी शर्माले गर्नु भएको थियो भने मैनवत्ती बालेर इन्सेकका महासचिव डा. राजेश गौतमले गोष्ठी आरम्भ गर्नु भएको थियो। प्रजिअ लगायत विभिन्न राजनीतिक पार्टीका नेताहरूले वर्ष पुस्तकमाथि आ-आफ्नो विचार व्यक्त गरेका थिए। केन्द्रबाट नरनाथ लुइँटेल सहभागी हुनुहुन्थ्यो।

०५२ मंसीर ८ गते **सर्लाही** जिल्लाको सदरमुकाम मलंगवामा आयोजित वर्ष पुस्तक समीक्षा गोष्ठी वार एशोसिएसनका मदनराम यादवको सभापतित्वमा सम्पन्न भएको थियो। डा. राजेश गौतमद्वारा आरम्भ गरिएको उक्त गोष्ठीमा कानून व्यवसायी राजेश कटुवाल र मलंगवा जेलका जेलर पदम कोइरालाले लिखित समीक्षा प्रस्तुत गर्नु भएको थियो। सभामा विभिन्न राजनीतिक पार्टीका नेताहरूले आ-आफ्नो धारणा र सुझावहरू प्रस्तुत गर्नु भएको थियो भने पुस्तक बारे उठाइएका विभिन्न सवालबारे नरनाथ लुइँटेलले प्रकाश पार्नु भएको थियो।

०५२ साउन १९ गते **सिन्धुपाल्चोक**को चौतारमा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भएको थियो। राजनीतिक, प्रशासनिक, शैक्षिक तथा सामाजिक सेवामा संलग्न विभिन्न व्यक्तिहरूको उपस्थितिमा सम्पन्न उक्त गोष्ठीमा वर्ष पुस्तक सम्बन्धी विभिन्न सुझाव एवं टिप्पणी प्रस्तुत भएका थिए। इन्सेक केन्द्रबाट डा. राजेश गौतम र नरनाथ लुइँटेल सहभागी हुनुहुन्थ्यो।

०५२ साउन २२ गते **धादिङ**को सदरमुकाम धादिङवेसीको कर्मचारी मिलन केन्द हलमा वर्ष पुस्तक समीक्षा गोष्ठीको आयोजना गरिएको थियो। जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी, डि.एस.पी. लगायत कार्यालय प्रमुखहरू र विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले मानवअधिकार स्थिति एवं वर्ष पुस्तकका सन्दर्भमा आ-आफ्ना धारणा प्रस्तुत गर्नु भएको थियो।

०५२ मंसीर २९ गते मकवानपुर, **हेटौंडा**मा वर्ष

पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। पुनरावेदन अदालतका न्यायाधीश मोहनप्रसाद सिटौलाको प्रमुख आतिथ्यमा बद्रिप्रसाद खतिवडाको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा वर्ष पुस्तक प्रकाशनको उपादेयताबारे नरनाथ लुइँटेलले प्रकाश पार्नु भएको थियो। नेकाका रामचन्द्र माइक, एमालेका रामेश्वर राना, प्रमुख जिल्ला अधिकारी, सांसद हिरण्यलाल श्रेष्ठ, जिविस सभापति वीरबहादुर लामा आदिले वर्ष पुस्तकका बारे आ-आफ्ना विचारहरू प्रस्तुत गर्नु भएको थियो भने मानवअधिकारको समग्र स्थितिको बारे डा. राजेश गौतमले बोल्नु भएको थियो। हेटौंडा नपा भवनको सभाकक्षमा सम्पन्न उक्त गोष्ठीको संचालन जिल्ला प्रतिनिधि एवं पत्रकार प्रताप विष्टद्वारा गरिएको थियो।

पश्चिमाञ्चल

०५२ भदौ १० गते इन्सेक क्षेत्रीय कार्यालय कास्की, **पोखरा**को आयोजनामा पृथ्वीनारायण क्याम्पसको हलमा मानवअधिकार वर्ष पुस्तक १९९४ माथि समीक्षा गोष्ठी सम्पन्न भयो। कृष्ण शर्माको संचालन र राजनारायण नेपालीका सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा बुद्धिजीवी झलक सुवेदीले समीक्षा पत्र प्रस्तुत गर्नु भएको थियो। २५ महिला र ६० पुरूष गरी ८५ जना सहभागी रहेको कार्यक्रममा इन्सेकका अध्यक्ष सुशील प्याकुरेल र महासचिव डा. राजेश गौतमले उठेका प्रश्नहरूको जवाफ दिनु भएको थियो। कार्यक्रमको प्रमुख अतिथि पुनरावेदन अदालत पोखराका माननीय न्यायाधीश वैद्यनाथ उपाध्याय हुनु हुन्थ्यो भने इन्सेकका कोषाध्यक्ष दिपक काफ्लेको पनि उपस्थिति रहेको थियो।

०५२ मंसीर २२ गते **बाग्लुङ्ग**मा पनि मानवअधिकार वर्ष पुस्तक १९९४ को मूल्यांकन गोष्ठी सम्पन्न भयो। महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङ्गका क्याम्पस प्रमुख लक्ष्मीप्रसाद शर्माको सभापतित्वमा सम्पन्न सो गोष्ठीको उद्‌घाटन प्रमुख अतिथि जिल्ला न्यायाधीश रमेश पोखरेलले गर्नु भएको थियो। गोष्ठीमा विभिन्न कार्यालय प्रमुख, संघ संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कानून व्यवसायी र समाज सेवी एवं प्राध्यापकहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो। जिल्ला सरकारी न्यायाधिवक्ता कृष्णप्रसाद पौडेलद्वारा वर्ष पुस्तक १९९४ को सन्दर्भमा कार्यपत्र प्रस्तुत गरिएको थियो। गोष्ठीमा २७ जनाको सहभागिता रहेको थियो।

०५२ मंसीर २६ गते **पर्वत** जिल्लाको सदरमुकाम कुश्मा बजारमा मानवअधिकार वर्ष पुस्तक १९९४ को मूल्यांकन गोष्ठीको आयोजना भएको थियो। इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक देवी बास्कोटाको सभापतित्वमा आयोजना भएको उक्त गोष्ठीको उद्‌घाटन प्रमुख अतिथि जिल्ला न्यायाधीश प्रकाशकुमार काफ्लेले गर्नु भएको थियो। सो गोष्ठीमा प्रजिअ, कार्यालय प्रमुखहरू, राजनीतिक दलहरूका प्रतिनिधिहरू गरी जम्मा २३ जनाको सहभागिता रहेको थियो।

मानवअधिकार वर्ष पुस्तक समीक्षा गोष्ठी **गुल्मी**मा पनि आयोजना भएको थियो। उक्त समीक्षा गोष्ठीको सभापतित्व महिला विकास शाखा गुल्मीका प्रमुख विशेश्वरी अधिकारीले गर्नु भएको थियो भने प्रमुख अतिथि नेपाल बार एसोशिएसन गुल्मीका अध्यक्ष कृष्ण आचार्य हुनुहुन्थ्यो। सो कार्यक्रममा ९ महिला र २८ जना पुरूष गरी जम्मा ३७ जनाको सहभागिता थियो। कार्यक्रममा टोमलाल पाण्डेले समीक्षा पत्र प्रस्तुत गर्नु भएको थियो।

मध्यपश्चिमाञ्चल

०५२ पुस १३ गते **बाँके, नेपालगञ्ज**मा पनि वर्ष पुस्तक मूल्यांकन गोष्ठी सम्पन्न भयो। उक्त गोष्ठी क्याम्पस प्रमुख कुमारबहादुर कार्कीको प्रमुख आतिथ्य र क्षेत्रीय संयोजक सूर्यप्रकाश भट्टराईको सभापतित्वमा भएको थियो। ४ महिला र ८५ पुरूष गरी ८९ जनाको सहभागिता रहेको उक्त गोष्ठीमा प्राध्यापक जनार्दन आचार्य र नेपाल बार एसोशिएसनका केन्द्रीय उपाध्यक्ष टीकाजंग सिंहले मानवअधिकार वर्ष पुस्तक १९९४ माथि समीक्षा पत्र प्रस्तुत गर्नु भएको थियो। उक्त गोष्ठीमा इन्सेकका अध्यक्ष श्री सुशील प्याकुरेल पनि उपस्थित हुनुहुन्थ्यो।

०५२ वैशाख १८ गते घोराही **दाङ**मा वर्ष पुस्तक समीक्षा गोष्ठी सम्पन्न भयो। उक्त समीक्षा गोष्ठीमा विभिन्न राजनैतिक दलहरूका प्रतिनिधि, जिल्ला प्रहरी, प्रशासन, न्यायालय र बौद्धिक व्यक्तिहरूको सहभागिता रहेको थियो। सहभागीहरूमा महिलाहरूको संख्या ३५ र पुरूषको संख्या पनि ३५ गरी जम्मा ७० जनाको सहभागिता रहेको थियो। गोष्ठीमा वक्ताहरूले वर्ष पुस्तकको सम्बन्धमा आ-आफ्नो विचार प्रस्तुत गरेका थिए। कार्यपत्रहरू पनि गोष्ठीमा प्रस्तुत गरिएको थियो।

०५२ वैशाख २० गते **सल्यान** जिल्लाको खलंगामा पनि वर्ष पुस्तक समीक्षा गोष्ठीको आयोजना भएको थियो। विभिन्न राजनीतिक दलहरूका प्रतिनिधि, जिल्ला प्रहरी, जिल्ला प्रशासन र बुद्धिजीवीहरूको सहभागिता रहेको उक्त गोष्ठीमा सबैले आ-आफ्ना विचारहरू प्रकट गरेका थिए। ३० महिला र २७ पुरूष गरी जम्मा ५७ जनाको सहभागिता रहेको थियो। गोष्ठीमा कार्यपत्र प्रस्तुत भएपछि त्यसमाथि टिप्पणी पनि गरिएको थियो।

०५२ वैशाख १५ गते **प्युठान** जिल्लाको खलंगामा मानवअधिकार वर्ष पुस्तक समीक्षा गोष्ठीको आयोजना भएको थियो। जिल्ला विकास समिति, प्रहरी, प्रशासन, न्यायालय र अन्य सामाजिक संघ संस्थाका प्रतिनिधिहरूले वर्ष पुस्तकको सन्दर्भमा आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए। मूल्यांकन गोष्ठीमा जम्मा ७४ जनाको सहभागिता रहेको थियो। उक्त गोष्ठीमा कार्यपत्र प्रस्तुत गरिएपछि त्यसमाथि टिप्पणी पनि भएको थियो।

सुदूर पश्चिमाञ्चल

०५२ भदौ २९ गते कैलाली, **धनगढी**मा वर्ष पुस्तक समीक्षा गोष्ठीको आयोजना भएको थियो। प्रहरी, प्रशासन र राजनीतिक दलहरूको सहभागिता रहेको उक्त गोष्ठीको प्रमुख अतिथि मानवअधिकार वर्ष पुस्तक संयोजक नरनाथ लुईंटेल हुनुहुन्थ्यो। गोष्ठीमा डा. हेमराज पन्तले कार्यक्रम प्रस्तुत गर्नु भएको थियो भने त्यस कार्यक्रममाथि भोजराज भट्टले टिप्पणी गर्नु भएको थियो। वक्ताहरूले वर्ष पुस्तक बारे आ-आफ्नो धारणाहरू प्रस्तुत गरेका थिए। क्षेत्रीय संयोजक कुलराज घिमिरेको सभापतित्वमा समारोह संचालन भएको थियो।

०५२ भदौ १८ गते इन्सेकको आयोजनामा मानवअधिकार तथा जनसेवा केन्द्र डोटीको व्यवस्थापनमा **डोटी** जिल्लाको सदरमुकाम सिलगढीमा वर्ष पुस्तक समीक्षा गोष्ठीको आयोजना भएको थियो। तीन चरणमा विभाजित उक्त कार्यक्रमको पहिलो चरणमा मानवअधिकार तथा जनसेवा केन्द्र डोटीका कार्यालय सहायक खड्कराज जोशीले स्वागत भाषण गर्नु भएको थियो भने कार्यक्रमको उपादेयता बारे जिल्ला संयोजक हर्कबहादुर सिंहले बोल्नु भएको थियो। सुकुम्बासी समस्या समाधान आयोगका अध्यक्ष डिल्लीराज भट्टले कार्यक्रमप्रति सुभेच्छा एवं सफलता व्यक्त गर्नु भएको थियो। त्यसपछि नेपाल कम्युनिष्ट पार्टी डोटीका पार्टी सचिव नन्दलाल जोशीले उक्त कार्यक्रमप्रति आफ्नो धारणा राख्नु भएको थियो।

दोस्रो चरणको कार्यक्रममा जिल्ला अधिवक्ता खडकबहादुर के.सी. र सहायक प्रजिअ यज्ञराज वोहराले पनि कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उक्त कार्यपत्रहरूमाथि अधिवक्ता केशवराज जोशी र अधिवक्ता कृष्णबहादुर कठायतले टिप्पणी गर्नु भएको थियो।

तेस्रो चरणको कार्यक्रममा सुदूरपश्चिमाञ्चल क्षेत्रीय संयोजक कुलराज घिमिरेले मानवअधिकार वर्ष पुस्तक सम्बन्धी उठेका विषयहरूमाथि बोल्नु भएको थियो भने सो गोष्ठीमा थप सुझावहरू राख्ने क्रममा प्रमुख अतिथि प्रजिअ रत्नकाजी बज्राचार्यले आफ्ना सुझावहरू प्रस्तुत गर्नु भएको थियो।

०५२ भदौ २० गते **डडेलधुरा**मा वर्ष पुस्तक १९९४ को मूल्यांकन गोष्ठीको सम्पन्न भएको थियो। उक्त गोष्ठीमा प्रहरी, प्रशासन, जनप्रतिनिधि र राजनीतिक दलहरूका प्रतिनिधिहरू जम्मा १९ जनाको सहभागिता रहेको थियो। प्रजिअ, डिएसपी र गाविस अध्यक्षहरूले पुस्तकको बारे आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए।

०५२ भदौ ८ गते मानवअधिकार वर्ष पुस्तक समीक्षा गोष्ठी **बैतडी**मा पनि आयोजना भएको थियो। गोष्ठीमा न्यायालय, प्रशासन, राजनीतिक दलहरूका प्रतिनिधि लगायत बुद्धिजीवीहरूको सहभागिता रहेको थियो। प्रमुख अतिथि बैतडी जिल्ला न्यायाधीश रहनु भएको उक्त गोष्ठीका सभापति हुडेक बैतडीका संयोजक राजेन्द्रबहादुर साउद हुनु हुन्थ्यो। गोष्ठीमा करीब ३० जनाको सहभागिता रहेको थियो।

यस अतिरिक्त सप्तरी, काभ्रे लगायत अरू केही जिल्लामा पनि समीक्षा गोष्ठी सम्पन्न भएका थिए।

गोष्ठीबाट प्राप्त सुझावहरू

समीक्षा गोष्ठीका अधिकांश सहभागीहरूले वर्ष पुस्तकमा प्रस्तुत गरिएका विषयवस्तु तथा अनुसूचि र परिच्छेदहरूको सामयिकता, विषय छनौट र तिनीहरूको प्रस्तुती अत्यन्त सार्थक रहेको उल्लेख गरेका थिए। १९९४ को वर्ष पुस्तकले ओगटेका क्षेत्र र विषयहरूमाथि प्राय कसैको गुनासो रहेन तर हामीले १९९२ र १९९३ मै प्रस्तुत गरिसकेका कतिपय विषयहरू यस वर्षको परिच्छेद ११ अनुसूचिमा किन परेन भन्ने प्रश्न निकै ठाउँका गोष्ठीहरूमा उठेका थिए। हामीले विगत वर्षहरूमा प्रस्तुत गरेका धेरैजसो अनुसूचि परिच्छेदका विषय वस्तुहरू हरेक वर्ष प्रस्तुत गरिरहनु पर्ने खालका छैनन्। उदाहरणको रूपमा नेपालको शरणार्थी समस्यालाई लिन सकिन्छ। यो समस्याको चरित्र फेरिएको छैन। तर पूर्वाञ्चल क्षेत्र अन्तर्गतका धेरै गोष्ठीहरूबाट यो विषय समावेश हुनु पर्थ्यो भन्ने सुझाव प्राप्त भएका थिए। यिनै कुरालाई ध्यानमा राखेर हामीले विगत वर्षका वर्ष पुस्तकमा समावेश भएका परिच्छेद र अनुसूचिहरूको सूचि यस वर्ष प्रस्तुत गरेका छौं।

केन्द्र र जिल्ला-जिल्लामा सम्पन्न भएका समीक्षा गोष्ठीहरूबाट आगामी वर्ष पुस्तकमा प्रस्तुत गरिनु पर्ने विषय वस्तुहरूका बारेमा सामयिक सुझावहरू प्राप्त भएका थिए। ती सुझावहरूको हार्दिक कदर गर्दै हामीले यस वर्षको वर्ष पुस्तकमा वर्षको उल्लेख्यका रूपमा "शहीद र शहीदका परिवार", प्रमुख घटनाका रूपमा "अरूण-३ जलविद्युत परियोजना", नेपालको सन्दर्भमा मानवअधिकार आयोग, किसान आन्दोलन आदि विषयहरूको संयोजन गरेका छौं। तर अन्तर्राष्ट्रिय क्षेत्रमा भएका मानवअधिकार सम्बन्धी आन्दोलनहरूको परिचय दिनु पर्ने सुझाव ग्रहण गर्दा गर्दै पनि तत्सम्बन्धी सामाग्री यस वर्ष प्रस्तुत गर्न असमर्थ भयौं।

प्रत्येक जिल्लाका घटनाहरूको विस्तृत विवरण हुनु पर्ने र परिच्छेदहरूको अन्तमा सन्दर्भग्रन्थहरूको सूचि दिइनु पर्ने, ठाउँ-गाउँ र घटनाका सन्दर्भमा उल्लेख गरिएका नामहरू शुद्ध हुनु पर्ने जस्ता सुझावहरू प्राप्त भएका थिए। पुस्तकको मोटाइपन नबढोस् भन्ने उद्देश्यले विवरणलाई संक्षिप्त बनाउन हामी विवश छौं। ठाउँ-गाउँ र घटना सन्दर्भमा उल्लेख हुने नामहरूको शुद्धता बारेमा हामी चिन्तित छौं। यस वर्ष तयार गरिएको प्रतिवेदनलाई सम्बन्धित क्षेत्रको कार्यालयमा पठाइ गाउँ-ठाउँ र व्यक्तिका नामहरूमा त्रुटि रहेका भए सच्चाउने प्रयत्न गरेका छौं। यद्यपि दुरदराजबाट प्राप्त हुने सूचनामा रहेको अक्षरको अस्पष्टता, बोलाइ र लेखाइ वीच हुने अन्तर, एवं टंकनका कारण अझै पनि अशुद्धता रहेका हुन सक्छन्, निमिट्यान्नै पार्ने हाम्रो प्रयास भने जारी छ।

■

अनुसूची ८

क्रिया-प्रतिक्रिया

मानवअधिकार वर्ष पुस्तक १९९४ को प्रकाशन पछि विभिन्न पत्रपत्रिकामा पुस्तक सम्बन्धी चर्चा परिचर्चा प्रकाशित भएका थिए। वर्ष पुस्तक बारे जिल्ला-जिल्लामा समीक्षा गोष्ठीहरू आयोजना गरियो। पुस्तक सम्बन्धी प्रतिकृया स्वरूप हामीलाई थुप्रै चिठीहरू पनि प्राप्त भए। यिनै टिप्पणी, समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षा पत्रका अंशहरू र चिठीपत्रका प्रतिकृयाहरू यहाँ प्रस्तुत गरिएको छ।

मानवअधिकार वर्ष पुस्तक १९९४ प्रकाशित गर्न इन्सेकले गरेको प्रयत्नको म प्रशंसा गर्दछु।

गणेशमान सिंह
मानवअधिकार वर्ष पुस्तक- १९९४ को विमोचन मन्तव्य
चैत २७, ०५१

मानवअधिकार वर्ष पुस्तक १९९४ मा ०५० साल पुसदेखि ०५१ साल पुससम्म भएका मानवअधिकार उल्लघन सम्बन्धी गतिविधिहरू उल्लेख भएका छन्। सो अवधिमा घटेका यातनाका विभिन्न घटनाहरूबाट ८५ जना पीडित भए भने १३ जनाको कारागार र प्रहरी हिरासतमा नै मृत्यु भयो।

हातका नङहरूमा पिन गाडी प्रहरीले यातना दिने क्रम सो अवधिमा पनि जारी रह्यो भने यातनाका अन्य नयाँ स्वरूपहरूमा करेण्ट लगाउने, नाकमा पानी हाल्ने, टाउको पानीमा डुबाईदिने, मरिचको धुलो नाक र अन्य संवेदनशील अंगमा हालिदिने, मलद्वारमा लद्ठी कोच्ने, महिलाको गुप्ताङ्गमा लद्ठी कोच्ने, कपाल टाटेपाग्रे पारिदिने, यौन दुराचार गर्ने तथा थुनुवाको परिवारलाई त्रास देखाउने आदि छन्।

सो अवधिमा घटेका बलात्कारका घटनाहरूबट ४६ जना वालिका र १०३ जना महिला पीडित भएका छन् भने महिलाहरूमाथि पारिवारिक हिंसा र दुर्व्यवहारका घटनाहरूपनि बढ्दै गइरहेको कुरा मानवअधिकार वर्ष पुस्तक १९९४ मा उल्लेख छ। प्राप्त जानकारी अनुसार उक्त अवधिमा पतिद्वारा पत्नीको हत्याका २८ वटा घटना घटेका छन् भने बलात्कारमा प्रहरी, दाजु, ससुरा र बाजे संलग्न रहेको पाइएको छ।

इन्सेकले देशमा २१ जना आस्थाका बन्दीहरू छन् भन्ने जानकारी सार्वजनिक गरिसकेको भए तापनि पूर्व नेका सरकारको पालामा जस्तै वर्तमान एमाले सरकारका उपप्रधानमन्त्री, परराष्ट्र मन्त्री तथा रक्षा मन्त्रीले विदेशमा गई मुलुकमा राजनीतिक आस्थाका बन्दीहरू तथा मृत्यु दण्डको प्रावधान पनि छैन भनी बताउनु भएको प्रसंग वर्ष पुस्तकमा समावेश छ।

गोरखापत्र, काठमाडौं
चैत २६, ०५१

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि शुरू गरेको मानवअधिकार प्रतिवेदनको तेस्रो प्रकाशन अर्थात् मानवअधिकार वर्ष पुस्तक १९९४ सार्वजनिक रूपमा आइसकेको छ। ४८८ पेज मोटो सो पुस्तक मानवअधिकार प्रतिवेदन कम र इतिहास धेरै हो कि जस्तो लाग्छ। ९ वटा परिच्छेदमा वर्गीकृत सो पुस्तकमा ०१७ सालदेखि ०४८ सालसम्मका मानवअधिकार उल्लंघनका घटनाहरू, श्री ५ को सरकार र मानवअधिकार, संसद र मानवअधिकार, आम संचार र मानवअधिकार जस्ता महत्वपूर्ण शीर्षकहरूमा मानवअधिकारलाई उजिल्याउन खोजिएको छ। पुस्तकको अन्तमा विगत तीन वर्षमा मानवअधिकार उल्लंघनको दिन र संख्या समेत खुलाएर बढी सूचना मूलक बनाइएको छ। वर्ष पुस्तकमा आत्महत्या, डकैती, आगलागी र जंगली जनावरद्वारा घाइते भएका घटनाहरूलाई समेत समावेश गरेर खिचडी बनाइएको छ।

पुस्तकलाई मानवअधिकारको सर्वमान्य सिद्धान्त अनुरूप विशुद्ध रूपमा प्रकाशित गर्ने हो भने यसका प्रकाशकहरूले ठण्डा दिमागले सोच्नै पर्छ। एक वर्ष भरिमा मुलुकमा घटेका यावत् घटनाहरू मानवअधिकार उल्लंघन भित्रै पर्दछन् त? पुस्तकमा अर्को पूर्वाग्रह के देखियो भने श्री ५ को सरकार र मानवअधिकार शीर्षकमा संसदमा भएको हात हालाहालको घटनालाई

"उपसभामुख्य महन्थ ठाकुरको वल मिच्याइको प्रयास जिम्मेवार भएको देखियो" भनिएको छ तर उहाँमाथि आक्रमण गर्ने सांसदहरूको नाम प्रकाशमा किन ल्याइएन? यो पूर्वाग्रह नभए के त?

कृष्ण कँडेल
साप्ताहिक राष्ट्रपुकार, काठमाडौं
वैशाख २७, ०५२

हाल ५२ जना निर्दोष नेपाली वालवालिकाहरू नेपाल अधिराज्यका विभिन्न जेलहरूमा बस्न बाध्य भएका छन्। आमाबाबुको विशेष गल्तीले उमेर नपुगेका कलिला केटाकेटीहरू त्यहाँ रहेका विकृत मनस्थिति र भीमकाय कैदीहरूसंग बसेर बाँच्न विवश छन्। तिनीहरू मध्ये अधिकांश वालवालिकाहरू काठमाडौं केन्द्रीय कारागारमा राखिएका छन्। त्यहाँभित्र पठन पाठनको लागि एउटा सामान्य स्कूल छ तर असाध्य अँध्यारो हुनाले पढ्ने उपयुक्त वातावरण छैन। मानवअधिकारवादी संस्था इन्सेकको वर्ष पुस्तक- १९९४ का अनुसार वालवालिकाको उचित मौलिक अधिकारलाई बहाल गर्नु पर्ने अवस्था छ। कहिलेकाँही जेलर साहब निर्दोष वालवालिकालाई पनि कैदीको जस्तो व्यवहार गर्दछन्। त्यो समयमा उनी केन्द्रीय कारागारको पर्खालभित्र रहेका सबै प्राणी कैदी हुन् जस्तो सम्झिन्छन्। अन्य ठाउँभन्दा काठमाडौं उपत्यका नेपालीहरूको आँखा गढेको ठाउँ हो। त्यसैले यहाँ सयौं गैर सरकारी संस्था स्थापित छन्। उनीहरू ती वालकको अवस्था बारे मूल्याकन गर्दछन्, तस्वीर खिच्छन् र विदेशी दातृ संस्था तथा राष्ट्रहरूसंग वालवालिकाको भविष्यको खातिर लालन पालन गर्छु भन्दै पैसा माग्छन्। तर पुनः अर्को पटक अनुसन्धान गर्न आउँदा वालवालिकाको संख्या घटेको हुँदैन। मानवअधिकारवादी संस्था इन्सेकको वर्ष पुस्तक १९९४ का अनुसार वालवालिकाको उचित मौलिक अधिकारलाई बहाल गर्नु पर्ने अवस्था भएको उल्लेख गरिएको छ।

दैनिक महानगर, काठमाडौं
वैशाख ८, ०५२

कारागार सुधारका कुराहरू गरिए पनि सन् १९९४ मा कुनै काम भएन। कारागारको अवस्था आज पनि हिजो जस्तै अस्तव्यस्त रहेको छ। नवलपरासी कारागारमा एक जना बन्दीलाई एक वित्ता सुत्ने ठाउँ दिइएको छ।

सन् १९९४ को वर्षमा पनि बन्दीहरूलाई यातना दिने काम भएको, सबै बन्दीहरू एकै ठाउँमा राख्ने क्रम यथावत रहेको, बन्दीहरूले पाउनु पर्ने सुविधामा एकरूपता नभएको र विभिन्न रोगका कारण १२ बन्दीको असमयमा नै मृत्यु भएको जानकारी पनि दिइयो।

त्यस वर्ष ५२ जना वालक कारागारमा भएको, अधिकांश कारागार जीर्ण अवस्थामा पुगेको, कारागारको स्थिति बारे अनगिन्ती आयोग गठन भए पनि आयोगका सुझावहरू कार्यान्वयन नभएको दुःखद स्थिति पनि यथावत छ।

दैनिक कान्तिपुर, काठमाडौं
वैशाख १, ०५२

मानवअधिकार वर्ष पुस्तक १९९४ भित्र यस्तै घटनाहरू संकलित छन्। गएको वर्ष नेपालमा यस्ता घटनाहरू अरू पनि थुप्रै भए। यदि ती सारा घटनाहरूको विवरण यहाँ लेख्ने हो भने यस पत्रिकाका सबै पाना भरिने छन्। यी रौं ठाडा हुने घटनाहरू पाठकहरू समक्ष प्रस्तुत गरेर सनसनी उत्पन्न गर्नु हाम्रो उद्देश्य होइन। सोच्नु होस् त, हामी कस्तो समाजको निर्माण गरिरहेका छौं? बलात्कार, हत्या, कुटपिट, बालविवाह, बहुविवाह, गर्भपात, आत्महत्या, चेलीबेटी बेचबिखन र वेश्यावृत्ति जस्ता महिला विरोधी घटनाहरू वर्षेनी बढ्दै गइरहेका छन्? यही हो सभ्यता? यही हो विकास?

"अस्मिता" मासिक, काठमाडौं
वैशाख-जेठ ०५२

यस पुस्तकलाई सरसरती हेर्दा यसमा देखा परेका राम्रा पक्षहरू कमीहरू र सुझाव छोटकरीमा यस प्रकार छन्। यसको राम्रा पक्षहरूमा पुस्तकको आकार प्रकार, वाह्य बनौट, आवरण, छपाई र कागज अत्यन्त नै प्रशंसनीय, आकर्षक एवं प्रभावकारी छ। बाहय बनौटका अतिरिक्त शैली, विषयवस्तु र घटना वर्णन क्रमहरू सरल, निष्पक्ष एवं प्रभावोत्पादक छन् त्यसैले यस पुस्तकलाई प्रकाशन गरी जन समक्ष ल्याएकोमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) धन्यवादको पात्र छ। यस पुस्तकका कमीहरूमा यो पुस्तक सर्व सुलभ छैन। पुस्तकमा अनावश्यक घटनाहरू पनि समावेश गरिएको छ। शरणार्थी समस्यालाई वास्ता गरिएको छैन, सुझावहरूमा शरणार्थी समस्याहरूलाई आगामी वर्षको पुस्तकमा स्थान दिए राम्रो हुने थियो। सूचना प्रेषकहरूलाई अझ तालिम दिइयोस्।

अनन्तराम आत्रेय
०५२ वैशाख २० गते सल्यानमा आयोजित समीक्षा गोष्ठीमा
प्रस्तुत समीक्षा पत्रबाट

विपन्न एवं पिछडिएका जनसमुदायप्रति विशेष प्राथमिकता दिई मानवअधिकारको अवधारणालाई अगाडि बढाउनु हाम्रो जस्तो मुलुकको प्रमुख आवश्यकता रहेको छ। केही महत्वपूर्ण कुरालाई आत्मसात गरेर नेपाली समाजको वस्तुगत अध्ययन गरी मुलुकमा घटेका वा घटाइएका घटनाहरू र विभिन्न जिल्लामा रहेका यातना गृहको अवस्थालाई वस्तुपरक ढंगले प्रस्तुत गर्ने जमर्को "मानवअधिकार वर्ष पुस्तक १९९४" ले गरेको देखिन्छ। साथै देशभक्त प्रजातन्त्रवादी तथा मानवअधिकार प्रति अटल रही जन चेतना फैलाउने वीर योद्धाहरूको वीरता र जन विरोधी शासकहरूको कार्यरतापूर्ण वर्वर दमनका घटना क्रमले आम नागरिकलाई आक्रोसित बनाई मानवअधिकारको पक्षमा जुट्न र आमूल परिवर्तन गरी सामाजिक न्याय स्थापनाको लागि सचेतनताका साथ लाग्न प्रेरणा प्रदान गरेको छ। प्रत्येक वस्तुका दुई पक्ष हुन्छन् भन्ने मान्यतालाई आत्मसात गरी हेर्ने क्रममा मानवअधिकार वर्ष पुस्तक १९९४ ले महत्वपूर्ण विवरणहरू अथक प्रयासद्वारा संकलन गरेको भएता पनि इतिहासका घटनाक्रमलाई अझ व्यापक रूपमा समेट्न आवश्यक छ।

नेपालको सार्वभौमिकतामाथि प्रकाश पार्ने क्रममा भारतीय शासक वर्गद्वारा नेपालप्रति गरिने व्यवहार र भारतीय जनतालाई गलत ढंगले नेपालको सार्वभौमिकता विपरित भारतीय भौगोलिक रूपमा रेखाको अध्ययन गराइने परिपाटीको जोडदार खण्डन गर्न तथ्यगत विवरण प्रस्तुत गर्न आवश्यक देखिन्छ।

नेकपा (एमाले)

०५२ माघ १७ गते जिल्ला कमिटी पाँचथरले वर्ष पुस्तक १९९४ को सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्दै मानवअधिकार चेतना र विकास केन्द्र पाँचथरलाई लेखेको पत्रबाट।

मानवअधिकार वर्ष पुस्तक १९९४ मा सगरमाथा अंचलको सिरहा जिल्ला अन्तर्गत ९.४ आत्महत्या शीर्षकमा उल्लेखित कामेश्वर नायककी पत्नी ३१ वर्षीय उषा नायक ०५१ असार १७ गते आत्महत्या गरेको भनी लेखिएको रहेछ। सो घटना आत्महत्या नभई मानसिक रोगको कारणले पागल भएकी उषा घर धन्दामा रहँदा मुख र व्यवहार फोहोरी प्रकृतिकी भएकी कारणले लाज शर्मको कारणले लोग्ने कामेश्वर र घर परिवार मिलेर लठ्ठीद्वारा मारेको व्यापक प्रचार छ। जिल्ला अदालत सिरहामा यो सम्बन्धी ज्यान मारेको मुद्दा चलिरहेको छ। उषाले आत्महत्या गरेको भए मुद्दा चलाउन आवश्यकता हुने थिएन र पागल मान्छेले आत्महत्या कसरी गर्न सक्छ? उक्त घटना असत्य छापिएकोले भएसम्म संशोधन गर्न अनुरोध गरेको छु।

गोविन्द बिष्ट "दुःखी"

साहित्य कुन्ज, नारायणपुर सिरहा

सन् १९९४ मा नेपालमा भए गरेका मानवअधिकार उल्लंघनका घटनाहरूको राम्रो उल्लेख र तस्वीर यस पुस्तकमा पाइन्छ। विषय वस्तुलाई विभिन्न परिच्छेद, अनुसूचि र शीर्षकमा बाँडेर सकेसम्म प्रभावकारी, व्यवस्थित र श्रृङ्खलाबद्ध ढंगले प्रस्तुत गर्ने काम यस वर्ष पुस्तकमा देख्न सकिन्छ। पुस्तक शुरूदेखि अन्तसम्म पढ्दा के अनुभव हुन्छ भने प्रकाशक तथा सम्पादकहरू पुस्तक सकेसम्म उपलब्धी मूलक होस् भन्ने कुरामा सचेष्ट छन् र उनीहरूको सम्पूर्ण प्रयास यस दिशातर्फ केन्द्रित छ। भाषिक शुद्धता, शैलिगत परिष्कार, सम्पादनमा सजगता देखि लिएर विषय वस्तुको प्रभावकारी प्रतिपादन र परिच्छेदहरूको उचित वर्गीकरण समेतमा सकेसम्म ध्यान दिइएको पाइन्छ। मानवअधिकारसंग सम्बन्धित अत्यन्तै महत्वपूर्ण विषय र घटनाहरूलाई अनसूचिको थप व्यवस्था गरेर व्याख्या औ विश्लेषण गरिनाले पुस्तकको महत्व तथा गरिमा अझ बढ्न गएको छ। पुस्तकलाई प्रमाणिक बनाउन आधार स्रोतहरूलाई खुलाउने काम पुस्तकमा गरिएको छ। प्रकाशक-सम्पादकहरूको "कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरू" शीर्षक अन्तर्गतका भनाइहरूले यस कुरालाई पुष्टि गर्दछन्।

अमर गिरी

०५२ वैशाख १८ गते दाङमा आयोजित वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

"अरूको मानवअधिकार उल्लंघनमा चासो देखाएमात्र आफ्नो अधिकारको रक्षा गर्न सकिन्छ" भन्ने सन्देश सहित शुरू गरिएको यो पुस्तकमा देशमा मानवअधिकारको समग्र स्थितिलाई प्रष्ट पार्ने गरी घटना र विषयवस्तुलाई समेट्ने अधिकतम प्रयत्न भएको देखिन्छ।" "एउटा प्रजातान्त्रिक जन निर्वाचित सरकारको हैसियतमा मानवअधिकारको रक्षा र विकासमा राज्यले प्रमुख उत्तरदायित्व निर्वाह गर्नै पर्छ।" भूमिकामा लेखक सुशील प्याकुरेलले भन्नु भएको छ। पुस्तकको सम्पूर्ण विषय वस्तुले उपरोक्त भनाइलाई मध्यनजर राखी सामग्रीहरूको संगठन गरेको पाइन्छ। यद्यपि नेपालको इतिहासलाई सजिव राख्ने र तथ्यका आधारमा मात्र कुनै पनि कुरालाई अगाडि सार्ने प्रचलनलाई स्थापित गरेर इन्सेकले यो पुस्तक मार्फत् अत्यन्त महत्वपूर्ण र अप्ठेरो काम सम्पन्न गरेको छ तापनि पुस्तकको अध्ययन गर्दा केही खट्किने खालका अस्पष्टता र कमजोरी भने पाइन्छन्।

झलक सुवेदी

पोखरा ०५२ भदौ १० गते सम्पन्न मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

मानवअधिकार वर्ष पुस्तक १९९४ को पृष्ठ १४ मा उल्लेखित डडेलधुराको गणेशपुर गाविस वडा नं. ९ का मोहनबहादुर मल्लको हातमानै डाइनामाइट पडकी हतकेला उडाई दिएको भन्ने अवैध हातहतियार खरखजना मुद्दामा निजमाथि कार्यवाही भएको हो। तर निजलाई भगाई रहेको बेला प्रहरीले नै उपचार गर्न ल्याई स्थानीय जि.प्र.का.मा मुद्दा बुझाउने बेलासम्म निज उक्त अस्पतालमा नै वेड भर्ना थिए। हो होइन भन्ने सम्बन्धमा उक्त अस्पतालमा यातना दिएको थियो भन्ने उल्लेख गरिदा थाहा पाउने जो कोहीले पनि उक्त पुस्तक प्रति कस्तो धारणा हुन जाला विचारणनीय छ। यसरी पूर्वाग्रह राखी लेखिएको टिपोटमाथि छानवीन गरी गलत भए सम्बन्धितलाई चेतावनी दिई भविष्यमा यस्तो गल्ती नदोहोरिने व्यवस्था गर्न सकेमा नै इन्सेकको पवित्र उद्देश्यमा सघाउ पुग्नेछ। उक्त घटना जिल्ला प्रहरी कार्यालय डडेलधुरामा कार्यरत रहँदाको अवस्थाको भएकोले अर्थात् पूरा जानकारीको लागि यसैद्वारा अनुरोध गर्दछु।

सुरतबहादुर शाह

प्रहरी नायव उपरीक्षक

हाल जि.प्र.का, सिन्धुपाल्चोक

०५२ साउन १९गते लेखिएको पत्रबाट

पाल्पा जिल्लाको जेल र बन्दीहरू शीर्षक अन्तरगत "महिला र पुरुष बन्दीलाई आपसी प्रेममा फसाएर जेल प्रशासनले फाइदा लिने गरेको वाक्यांश नमिलेको। सारांशमा अरू ठिकै छ। यसमा आफन्तहरूसंग बाहिर निस्केर भेट गर्न नपाएको भन्ने वाक्याशंमा व्यवस्थित ढंगले भेटघाट गर्ने व्यवस्था नभएको भनिदा राम्रो हुन्थ्यो।

कर्णबहादुर बानिया

पाल्पा

निर्वाचन क्षेत्र नं. १ दोलखा जिल्लामा मत गणना भइरहेको समयमा जिल्ला सदरमुकाम चरिकोटमा प्रशासन र नेपाली कांग्रेस पक्षीय व्यक्तिहरूले गरेका धाँधलीहरूको बारेमा निर्वाचन अधिकृत समेतको मिलोमतोले निर्लज्जतापूर्वक धाँधली गरेको कुरा निर्वाचन पर्यवेक्षण टोलीका पर्यवेक्षकहरू चोकबहादुर दाहाल, राजेन्द्रप्रसाद पोखरेल, सरोज उप्रेती समेतका व्यक्तिहरूले उक्त निर्लज्जतापूर्ण धाँधलीलाई हेर्न नसकी पर्यवेक्षकहरूले सामूहिक रूपले मत गणना स्थललाई बहिष्कार गर्नु पर्‍यो। यस्तो हुनु पर्नेमा अन्यथा पर्न गएकोले यो ध्यानाकर्षण गर्दछु।

सरोज उप्रेती
दोलखा
०५२ जेठ १३ गते लेखिएको पत्रबाट

वर्ष पुस्तक १९९४ ले नेपालभित्र मानवअधिकारका घटनाहरू वास्तविक तथ्यको आधारमा जानकारी दिनु ठूलै उपलब्धी मान्न सकिन्छ। कतिपय घटनाहरूमा प्रहरी प्रशासनले यथार्थ जानकारी नदिदा नदिदै पनि धेरै तथ्यहरू उजागर भएका छन्। मानवअधिकार उल्लंघन कर्ताहरूलाई सचेत गराउँदै मानवअधिकारको प्रयोगमा ठूलो योगदान दिएको छ। यद्यपि मानवअधिकारको उल्लघन जनस्तरबाट पनि हुने भएकोले समाजमा घटेका मानवअधिकार उल्लंघनका घटनाहरूको केही अंश मात्र मानवअधिकार कार्यकर्ताहरूबाट संकलित हुन सकेका छन्। तसर्थ मानवअधिकार कार्यकर्ताहरू त्यो गहिराइसम्म पुग्न अनिवार्य छ। प्रस्तुत पुस्तकले मानवअधिकार आन्दोलनभित्र आफ्नो बेग्लै पहिचान र महत्व स्थापित गर्न सफल भएको छ।

दुर्गा लिखा
०५२ असार १५ गते धनकुटामा आयोजित वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

मानवअधिकार वर्ष पुस्तक १९९४ को मूल उद्देश्य मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रचारमा ल्याउने, त्यस्ता घटनाहरूबाट नागरिकहरूलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने र मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मूख गराउने रहेको स्पष्ट हुन्छ। वास्तवमा यस्तो गहन उद्देश्य लिएर तयार गरिएको यो पुस्तकलाई उद्देश्य अनुरूप सफल रहेको मान्नु पर्दछ। प्रस्तुत पुस्तकलाई अध्ययन गर्दा कतिपय ठाउँमा राजनीतिक प्रभावमा परी घटनाको व्याख्या भए गरेको देखिन्छ।

जीवनाथ चापागाई
०५२ असार १५ गते धनकुटामा आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

वर्ष पुस्तक १९९४ भन्दा अगाडि अन्य मानवअधिकार वर्ष पुस्तक प्रकाशित भइसकेता पनि अध्ययन गर्ने मौका नपाएकोले ती पुस्तकसंग १९९४ को प्रस्तुती दाँज्न नपाएता पनि यस पुस्तकले ऐतिहासिक राजनैतिक घटनादेखि लिएर सन् १९९४ को वर्ष अवधिभर विभिन्न व्यक्तिहरूबाट भएका मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरू उल्लेख गरी दिएर सम्बन्धित निकायहरूलाई मानवअधिकार हनन हुन नदिन सर्तक गराएको छ। १९९४ को वर्ष पुस्तकमा दिइएको कारागारको जानकारी विवरणमा सबै कारागारको उस्तै-उस्तै विवरण उल्लेख गरेको पाइयो। जस्तै- कैदी बन्दीहरूलाई २ वर्ष पछि ओड्ने ओछ्याउने दिने, दैनिक रू. ६।- (त्यस समयमा रू. ६।- थियो) र दैनिक ७०० ग्राम चामल दिने इत्यादी। यी सबै कार्यहरू श्री ५ को सरकारले तोकि दिए बमोजिम वा जेल ऐन नियम बमोजिम नै दिइने कुरा भएकोले यी कुराहरू प्रत्येक कारागारमा उल्लेख नगरी त्यस्को सट्टा नियमानुसार पाउने उपरोक्त सुविधा कुन-कुन कारागारमा नियमित रूपमा प्राप्त हुने गरेको छ छैन, जेलर वा सम्बन्धित कर्मचारीहरूबाट कस्तो व्यवहार भैरहेको छ, वितरण हुने रासन चामल के कस्तो गुणस्तरको हुने गरेको छ, सत्य तथ्य बुझी उल्लेख गरिने गरेमा मानवअधिकार संरक्षण गर्न सम्बन्धित निकाय वा व्यक्ति सतर्क हुने मौका मिल्न जाने भएकोले यो कुरा उल्लेख गर्न मनासिव देखिन्छ। सर्लाही कारागारमा रहेकी वृद्ध ६९ वर्षीय सागरदेवी यादव जेलमै रहेकी उल्लेख भएकोमा निज कारागार मुक्त भै सकेकी छिन् भन्ने कुरा जानकारी गराउन चाहन्छु।

पदमप्रसाद कोइराला
जेलर कारागार शाखा सर्लाही
०५२ मंसीर ८ गते मलंगवामा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत प्रतिक्रियाबाट।

यस संस्थाले आफ्नो मानवअधिकार वर्ष पुस्तकमा नेपालका विभिन्न जिल्लाहरूमा विभिन्न पक्षहरूबाट गरिएको मानवअधिकार उल्लंघनका घटनाहरूलाई एउटा पुस्तकको रूपमा प्रकाशित गरी आफ्नो मानवअधिकार प्रति संवेदनशील रहँदै आइरहेको आह्वान नै यस पुस्तकको सबैभन्दा महत्वपूर्ण सकारात्मक पक्ष हो भन्ने मेरो धारणा छ। यसका साथै हालसम्मका मानवअधिकार उल्लंघनका घटनाहरूको तथ्यांक हुनु, कैदी थुनुवा वा बन्दीहरूको स्थिति, तिनीहरूले जेलमा पाउनु पर्ने स्वास्थ्य उपचार सम्बन्धी सुविधा प्राप्त भएको वा नभएको सम्पूर्ण तथ्यांकहरूको संकलनले यसको गरिमालाई अझै चुल्याएको छ।

अधिवक्ता राजेश कटुवाल
०५२ मंसीर ८ गते मलंगवा, सर्लाहीमा आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षाबाट।

मानवअधिकार वर्ष पुस्तक १९९४ अध्ययन गर्ने मौका पाएँ। साह्रै हर्ष लागेको छ। यसरी देशको कुना काप्चामा भएका मानवअधिकार हनन सम्बन्धी घटनाहरूलाई वर्ष पुस्तकमा समावेश गरेर मानवअधिकार सम्बन्धी जनचेतना जगाउने कार्य गरेकोमा इन्सेक धन्यवादको पात्र बनेको छ। यस पुस्तकको परिच्छेद ७ (पेज नं. ७७) उल्लेख गर्न आवश्यक केही कुरा शीर्षकमा "पत्रपत्रिकामा प्रकाशित सूचनाको आधारमा सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरेपछि मात्र घटनाहरूलाई समावेश गर्ने काम भएको छ भन्ने पढ्दा साह्रै उदेक लागेको छ। के सम्बन्धित

पक्ष भन्नाले पीडक होइन? यदि हो भने सम्बन्धित पीडकसंग किन सम्पर्क राखिदैन? प्रहरीको क्रुर दमनको कारण आफू ०५१ वैशाख २५ गते राती मएको एउटा महिलाको बलात्कार र हत्याको केशमा निर्दोष हुँदाहुँदै पनि कारागारमा जीवन यापन गर्न विवश मएको छु। यसै बीच केही महिना अघि "मानवअधिकार वर्ष पुस्तक १९९४" मा आफ्नो नाम र घटनाको सम्बन्धमा पढ्दा मेरो पुस्तकप्रति हिनताबोध मयो। इन्सेकले पनि प्रहरी प्रतिवेदन र पत्रपत्रिकाको आधारमा मात्र लेखेको हुँदा मेरो हृदय छियाछिया मयो।

मानबहादुर विसिङ
मलंगवा कारागारबाट
०५२ मंसीर ८ गते वर्ष पुस्तक १९९४ को सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्दै लेखिएको पत्रबाट।

मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरूको विवरण संकलन गरेर त्यसको यथार्थ स्थिति जनसमक्ष ल्याई त्यसबाट जनचेतनाको अभिवृद्धि गर्ने उद्देश्य समेतबाट अभिप्रेरित मएर यो पुस्तक तयार पारिएको छ। पुस्तक मूल्यको दृष्टिकोणले रू. १५०।- धेरै मए पनि ज्ञानवर्धक र उपयोगी रहेको छ। यसमा उल्लेखित केही तथ्यबाट पुस्तक राजनैतिक दृष्टिबाट पूर्वाग्रही रहेको आशंका पनि उत्पन्न हुन जान्छ।

टीकाजंग सिंह
०५२ पुस १३ गते नेपालगंजमा आयोजना मएको मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

वर्ष पुस्तक १९९४ मानवअधिकार विषयलाई मात्र लिएर नेपालमा प्रकाशित गरिएको आफ्नै खालको महत्वपूर्ण पुस्तक हुनुका साथै वर्ष पुस्तकको रूपमा इन्सेकबाट प्रकाशित गरिएको यो तेस्रो पुस्तक पनि हो। इन्सेकद्वारा क्रमिक रूपमा यो पुस्तकको प्रकाशनले मानवअधिकारका सम्बन्धमा इन्सेकको बचनबद्धता र प्रतिबद्धतालाई पुष्टि गरेको छ भन्नु पर्ने बाध्यता हुन आउँछ। पुस्तकमा समाविष्ट गरिएका सामाग्रीहरूले देशका विभिन्न भागमा मएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई समेट्न सफल मएको छ।

जनार्दन शर्मा आचार्य
०५२ पुस १३ गते नेपालगंजमा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

वर्ष पुस्तक १९९४ को छपाई आकर्षक र शैली राम्रो छ। मानिसहरू वेपत्ता मएका घटना, बन्दी गृहहरूको चित्रण, देशमरि घटेका घटनाहरूको विवरण तथा अवस्थाको जानकारी समावेश गरिनु पुस्तकका राम्रा पक्षहरू रहेका छन्। वर्ष पुस्तकमा एउटै कुरालाई धेरै ठाउँमा दोहऱ्याउनु, कतिपय प्रसंगमा महत्व नपाउनु पर्ने घटनाले बढी महत्व पाएको र पाउनु पर्नेले कम महत्व पाएको र कतिपय पार्टीहरूको मानवअधिकार सम्बन्धी धारणा वर्ष पुस्तकमा समावेश मएका नपाइएको र सरकार प्रशासनले गरेका राम्रा कुराहरूको उल्लेख नगरिनु पुस्तकका नराम्रा पक्षहरू रहेका छन्।

खड्कबहादुर के.सी.
०५२ साल मदौ १८ गते डोटीको सदरमुकाम सिलगढीमा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा व्यक्त प्रतिक्रियाबाट।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपालमा मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएकोले मानवअधिकारप्रति आस्था राख्ने सबै व्यक्ति, संस्थालाई खुशी लाग्नु स्वभाविक कुरा हो। यसरी पुस्तक प्रकाशित गर्नु निश्चय पनि सजिलो काम छैन। आगामी वर्षदेखि प्रकाशित हुने पुस्तकमा देशका विभिन्न व्यक्ति संस्थाबाट प्राप्त हुने सुझावहरूलाई अध्ययन मनन गरी अझ निष्पक्ष र प्रमाणिक गराई पुस्तक परिमार्जित अवस्थामा प्रकाशित हुने अपेक्षा गर्दछु।

यज्ञराज बोहरा
०५२ मदौ १८ गते डोटीको सदरमुकाम सिलगढीमा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

इन्सेकले विगत ३ वर्षदेखि मानवअधिकारको क्षेत्रमा देश भित्रका हरेक जिल्लामा आफ्ना प्रतिनिधिद्वारा समाचार संकलन गरी मानवअधिकार उल्लंघन मएका घटनाहरूको संगालोको रूपमा मानवअधिकार वर्ष पुस्तकको प्रकाशन गरेको छ। पुस्तक प्रकाशन गर्ने कार्य आर्थिक र परिश्रमको हिसाबले कठिन छ। इन्सेकले ज्यादै मेहनतका साथ मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरी आएकोमा प्रशंसनीय कार्य गरेको मान्नु पर्दछ। विगत वर्षहरूका पुस्तकहरूमा मएको कमी कमजोरीलाई आगामी दिनहरूमा सच्चाएर सबैको अगाडि मानवअधिकार वर्ष पुस्तक १९९५ प्यारो बन्नु आवश्यक छ।

कृष्णप्रसाद पौडेल
०५२ मंसीर २२ गते वाग्लुङमा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

मानवअधिकार वर्ष पुस्तकको प्रकाशक संस्था इन्सेकले सन् १९९२ देखि नेपाल अधिराज्य भरको मानवअधिकारको स्थितिलाई सहितावद्ध गरी प्रत्येक वर्ष पुस्तकको रूपमा प्रकाशित गरी मानवअधिकार क्षेत्रमा योगदान पुऱ्याउँदै आएको र उक्त पुस्तकलाई अझ कसरी यस क्षेत्रको महत्वपूर्ण दस्तावेजको रूपमा अगाडि बढाउने भनी गर्न लागेको मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठी, यसको औचित्य र उपादेयताहरूलाई हेरेर अत्यन्त महत्वपूर्ण र संवेदनशील विषयमा सुधारात्मक कदमको रूपमा मान्नु पर्दछ। मानवअधिकार जस्तो महत्वपूर्ण विषयलाई नेपाल र नेपालीको भावना र चाहना अनुरूप एउटै पुस्तकको माध्यमबाट नेपाल भित्रका हरेक क्रियाकलापलाई समेटी गहिराईमा पुगेर अध्ययन गर्न खोजिएको प्रस्तुत पुस्तकबाट

मानवअधिकारसंग प्रत्यक्ष वा परोक्ष दुवै रूपबाट संलग्न सम्पूर्ण संघ, संस्था, निकाय, क्षेत्र आदिका हरेक क्रियाकलापलाई समेट्न सफल भई वर्ष भरिमा देशभित्र घटेका विविध मानवअधिकारसंग सम्बन्धित घटनाको पूर्ण विवरणले मानवअधिकारको बारेमा चासो राख्ने सम्पूर्ण नागरिकको एक मात्र प्रमुख दस्तावेजको रूपमा देखिएको छ। कानून लागु गर्ने प्रमुख निकायहरू प्र.जि.अ.,प्रहरी र सरकारी वकील लगायतका निकायहरूलाई त यसले मानवअधिकारको सम्मान गर्न पृष्ठभागमा बसेर घच्घच्याई रहेको महशुस हुन्छ।

रामकुमार थापा

सरकारी वकील

०५२ मंसीर १५ गते धुन्चे रसुवामा आयोजित मानवअधिकार वर्ष पुस्तक समीक्षा गोष्ठी प्रस्तुत कार्यपत्रबाट।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना पछि मानिसहरूले उपभोग गर्न पाएको बोल्ने र लेख्ने स्वतन्त्रता, आम संचारका माध्यमहरू र विभिन्न गैर सरकारी संस्थाहरूको प्रयासले मानवअधिकार संरक्षणको अवधारणा बारे नेपाली जन मानसलाई सचेत गराउने कार्य भइरहेको छ। यस बारे जन चेतना फैलाउने कार्यमा इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकले अग्रणी भूमिका खेलेको छ। मानवअधिकार वर्ष पुस्तक १९९४ मा नेपालमा भएका मानवअधिकार उल्लंघनका बढीभन्दा बढी घटनाहरूलाई समेट्ने प्रयास गरिएको छ।

यो पुस्तकले नेपाल अधिराज्यभित्रमा सन् १९९४ मा भएका राजनैतिक एवं फौज्दारी न्याय एवं कानूनसंग सम्बद्ध रहेका मानवअधिकार उल्लंघनको घटनाहरूको सूचि प्रकाशित गरी सर्वसाधारण नेपाली जनतालाई आफ्नो अधिकार संरक्षण हेतु सचेत गराएको छ भने सरकारलाई पनि मानवअधिकारको परिपालन गराउन हेतु क्रियाशील हुन दत्तचित्त गराउने प्रयास गरेको कुरामा विवाद छैन।

अधिवक्ता जयकुमार गोइत

०५२ साउन २४ गते सिरहामा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

मानवअधिकार वर्ष पुस्तक १९९४ ले मुलुकको मानवअधिकारको वर्तमान स्थितिलाई मात्र होइन, इतिहासलाई पनि कोट्याउने प्रयास गरी अनभिज्ञलाई विज्ञ बनाएको छ। जिल्ला जिल्लामा घटेका मानवअधिकार उल्लंघनका घटनालाई जन समक्ष प्रस्तुत गरेर सचेत जनमत तयार गर्न मात्र होइन मानवअधिकार संरक्षण गर्ने वातावरणको सृजना गर्न पनि पुस्तक सफल रहेको छ।

हिरकुमार पोखरेल

अ. जिल्ला न्यायाधिस

०५२ साउन २४ गते सिरहामा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

मानवअधिकार वर्ष पुस्तक १९९४ को समष्टीगत रूपमा मूल्यांकन गर्नु पर्दा विगत वर्षको भन्दा यस पटक इन्सेकले पुस्तकलाई ज्यादै परिमार्जित रूपमा प्रकाशित गरेकोले यो पुस्तकको प्रसंसा गर्नु पर्ने हुन्छ। १९९४ को मानवअधिकार वर्ष पुस्तकको मूल्यांकन गर्नु पर्दा विगत वर्षभन्दा केही सकारात्मक, दक्ष देखिएको छ। यसरी नै निरन्तर रूपमा जनताको सामु देशभित्र घटेका घटना प्रत्यक्ष रूपमा प्रकाशित गरी दिएकोमा इन्सेक प्रसंसाको पात्र छ। मानवअधिकार भन्ने वस्तु हाम्रो आँखाको नानी जस्तो भएकोले यो आँखाको नानीलाई फुलो पर्न नदिने जस्तो कार्य सदैव इन्सेकले गरोस्।

निराकार उप्रेती

०५२ साउन १२ गते भोजपुरमा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

मानवअधिकार वर्ष पुस्तक प्रकाशन अभियानको तेस्रो प्रयास "मानवअधिकार वर्ष पुस्तक १९९४" जसमा ४९१ पृष्ठ लामो र ०५० पुस १७ गते देखि ०५१ पुस १६ गतेसम्मका नेपाल अधिराज्यभित्र विभिन्न क्षेत्रबाट घटे घटाइएका १३९१ वटा मानवअधिकार उल्लंघनका घटनाहरू सहित अन्य ऐतिहासिक सवालहरूको संगालोको प्रकाशित रूप हो। अर्को शब्दमा भन्दा छोटो समयमै इन्सेकले गरेको कठीन उच्च प्रयासको सफलताको प्राप्तिको रूपमा मानवअधिकार वर्ष पुस्तक १९९४ लाई लिन सकिन्छ। यो पुस्तक मूलतः शोषित, पीडित र आम जनसमूदायको मानवअधिकार सम्बन्धी चेतना अभिवृद्धि गर्न सफल होस्।

अधिवक्ता डिल्ली प्रसाई

०५२ साउन ११ गते ताप्लेजुङमा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट

विविध कमी कमजोरीका बाबजुद पनि इन्सेकद्वारा मानवअधिकारका नाममा देशका कुना काप्चामा समेत घटेका राजनैतिक र गैर राजनैतिक समेतका तमाम घटनावलीलाई जनसमूदायमा ल्याई जनचेतना अभिवृद्धि गराउन यसले गरेको अथक प्रयासका लागि प्रशंसाका थुँगाहरू पनि पर्याप्त नहोलान्। भौतिक साधन स्रोतको अभावका बाबजुद पनि आकर्षक पुस्तक प्रकाशित गर्नु, तथ्यांक समेतका आधारमा वार्षिक तुलनात्मक विवरण दिई हिजो र आजको वस्तु स्थितिमा तात्विक भिन्नताको बोध गराउनु, निकै दूरूह मानिएका घटना समेतका बारेमा अनुसन्धान गरी वास्तविकता जनसमक्ष ल्याउने प्रयत्न गरिनु यो पुस्तकका ज्यादै सकारात्मक र उज्याला पक्षहरू हुन्।

अधिवक्ता गोपालप्रसाद वास्तोला

०५२ साउन २० गते उदयपुरमा आयोजित मानवअधिकार वर्षपुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

नेपालमा भएको ०४६ सालको राजनीतिक परिवर्तनपछि स्थापित विभिन्न संघ संस्थाहरू मध्य इन्सेकले नेपालमा मानवअधिकारको सम्बन्धमा विगत र वर्तमानको लिखित दस्तावेज तयार गर्ने क्रममा यो पुस्तक तेस्रो प्रयास हो। यो प्रयास अत्यन्त सराहनीय छ। यस पुस्तकलाई सन् १९९४ को नेपालको सन्दर्भमा मानवअधिकार दर्शन भने हुन्छ। यसमा लेखन, मुद्रण,

तथ्यसंकलन, विश्लेषणको क्रममा केही कमी कमजोरी भए पनि यसलाई दिनानुदिन परिमार्जित गर्दै सबैका लागि उपयोगी सिद्ध गर्न सकिने कुरामा मलाई विश्वास छ।

नृसिंह खत्री
उपप्राध्यापक महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम
०५२ भदौ ३१ गते इलाममा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

"मानवअधिकार वर्ष पुस्तक १९९४" एक गैर सरकारी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अथक प्रयत्न र ठूलो लगानी, ठूलो सहभागिता र भगिरथ प्रयासको बावजुद नेपाल अधिराज्य भरिका विविध घटनाक्रमहरूको एउटा सटिक र सान्दर्भिक संगालो हो। पुस्तकले सन् १९९२, १९९३ र १९९४ का घटनाहरूलाई तुलनात्मक रूपमा प्रस्तुत गरेर सामाजिक प्रवृत्तिलाई बुझ्ने मौका प्रदान गरेको पाइन्छ। प्रस्तुत पुस्तकको उल्लेखनीय पक्ष रहँदा रहँदै पनि यसको केही कमजोरी पनि रहेको छ। यसले मानवअधिकारको नाममा जस्तासुकै घटनाहरूलाई पनि समावेश गरेर अतिसयोक्ति र पुस्तकलाई भद्दा बनाउने काम गरेको छ। पुस्तक सर्वसाधारण जनता समक्ष पुग्न नसक्नु पनि यसको कमजोरी रहेको छ।

अधिवक्ता चन्द्रप्रसाद पोखरेल
०५२ साउन ८ गते पाँचथरमा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

मानवअधिकार वर्ष पुस्तक १९९४ नौ परिच्छेदहरूमा विभाजित भई ८ वटा अनुसूचिहरू सम्मिलित गरिएको प्रस्तुत पुस्तकको प्रकाशन नेपालको सन्दर्भमा एउटा अनौठो र सार्थक प्रयास हो। यस पुस्तकमा विभिन्न पक्षहरूमा प्रकाश पार्न खोजिएको छ। तर समग्रमा यस पुस्तकको प्रकाशनले मानवअधिकारमा चासो राख्ने सबैको एउटा ठूलो खाँचो टारेको छ। यो पुस्तकको आगामी प्रकाशनहरूमा केही सुधारहरू गर्नु पर्ने मैले देखेको छु।

ताहिर अली अन्सारी
न्यायाधीस पुनरावेदन अदालत
०५२ असार ३१ गते इलाममा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

यो पुस्तक सन् १९९२ देखि वार्षिक रूपमा प्रकाशित हुँदै आएको छ। यसमा केही कमी कमजोरीहरू विद्यमान रहेको भएता पनि मानवअधिकार संरक्षणको क्षेत्रमा यसले गहन तथा जिम्मेवारीपूर्ण योगदान नेपाली जनता र समाजलाई दिँदै आएको कुरा नकार्न सकिँदैन साथै यस पुस्तकले मानिसलाई अपराधी हुनबाट जोगाउने र समाजलाई शान्तिपूर्ण समाज बनाउने कुरामा पनि दुई मत छैन।

अधिवक्ता कुलप्रसाद खतिवडा
०५२ असार २० गते ओखलढुंगामा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

इन्सेकद्वारा मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरी देश भरमा भएका मानवअधिकार उल्लंघनका घटनाहरू र त्यसको अनुसन्धान गरी त्रुटीहरू औंल्याई सबैको सामु ल्याई त्रुटीहरू सुधार गर्न सचेत गराई दिनु भएकोमा यस संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यस संस्थाले मानवअधिकार उल्लंघन भएका तथ्यहरू खोजी गरी गाउँ, घर वा कुना काप्चासम्म पुर्‍याई यस तर्फ सचेत गराई अझ सुदृढ गर्दै लैजानु पर्ने आवश्यकता महसुस भएको छ।

नन्दकुमार श्रेष्ठ
प्रहरी नायव उपरीक्षक, ओखलढुंगा
०५२ असार २० गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठी प्रस्तुत सुझाव

यसरी प्रकाशित वर्ष पुस्तक १९९२ देखि १९९४ सम्मका वार्षिक विवरणले जिम्मेवार पक्ष एवं अधिकार उपभोग गर्ने पक्षहरूले आफ्ना कार्यलाई मूल्यांकन गरी अध्ययन गरी आचरणलाई परिवर्तन गरे गरेनन्, कुन-कुन वर्षमा कस्ता-कस्ता अपराध, कस्ता-कस्ता यातनाबाट हत्या भए, कति हत्या र बलात्कार भए जस्ता सम्पूर्ण सूचना संकलन गर्न सफल पुस्तकलाई मानवअधिकार एवं यातना सम्बन्धी एलबम भनेमा त्यति फरक नपर्ला।

अभिवक्ता रामचन्द्र पहाडी
०५२ असार २० गते ओखलढुंगामा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

मानवअधिकारको क्षेत्रमा धेरै कुराहरू हुन वा पुग्न बाँकी रहेको यो मुलुकमा मानवअधिकार वर्ष पुस्तक १९९४ ले यस्ता मानवअधिकारवादी पुस्तकको अभाव वा सुन्यतालाई पूरा गर्ने प्रयासको एउटा महत्वपूर्ण पाइला भएको छ। यो पुस्तकलाई मेरो विचारमा अन्धकारमा एउटा चिरागको संज्ञा दिनु उपयुक्त हुने छ भन्ने लाग्छ। समग्रमा भन्नु पर्दा मानवअधिकार उल्लंघनका सवालहरू १९९४ मा निकै नै भएको सबैले महसुस गरेको पाइयो।

अधिवक्ता विष्णु सुवेदी
०५२ असार १७ गते तेह्रथुममा आयोजित समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

सन् १९९४ को वर्षमा सत्ता संचालन गर्ने सरकारले आफूलाई प्रजातन्त्र र प्रजातन्त्रलाई नै आफू ठहर गरेकोले त्यस वर्ष अरू वर्षभन्दा बढी मानवअधिकार हनन हुन पुगेको तीतो सत्य यस वर्ष पुस्तकमा उल्लेख्य छ। आगामी दिनहरूमा नेपालका थुप्रै मानवअधिकारवादी संस्थाहरूले इन्सेकले झैं आ-आफ्नो ठाउँबाट मानवअधिकारका उल्लेखनीय काम गरेर र सरकारले पनि मानवीय न्यूनतम आवश्यकता आपूर्ति गर्ने दायित्व महसुस गरेमा सम्पूर्ण आवश्यकताका निम्ति सर्व सुलभ व्यवस्था

नै मानवअधिकारको ठहर हुने छ। तर यस्ता मानवअधिकारवादी संस्थाहरू कुनै पक्षीय राजनीति विचारधारामा ढल्कनु चाहिं हुँदैन।

धनकर्ण श्रेष्ठ

सह प्राध्यापक दिक्तेल बहुमुखी क्याम्पस खोटाङ

०५२ साउन २४ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

मानवअधिकार वर्ष पुस्तक १९९४ प्रकाशन गरेर इन्सेकले मानवअधिकार जागरण र सूचना प्रवाहका सन्दर्भमा अनन्त यात्राको सुनिश्चित थालनी गरेको छ। यो वर्ष पुस्तक १९९४ वास्तवमै अध्ययन योग्य छ र यसले मानवअधिकार बहालिका निम्ति चालिने विभिन्न पहलहरूलाई गुरूत्वपूर्ण खबरदारी गर्न सक्षम रहेको मैले बुझेको छु।

मेदिनीप्रसाद पौडेल

जिल्ला सरकारी अधिवक्ता

०५२ साउन २४ गते खोटाङमा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

विगतका अनुभवहरूलाई समेट्दै कमी कमजोरीहरूलाई सुधार्दै मानवअधिकार सम्बन्धी खोजपूर्ण तथ्य समावेश गरिएको प्रस्तुत पुस्तक विषय वस्तुले गहन, परिष्कृत भाषा शैली, आकर्षक छपाई एवं कलापूर्ण साजसज्जा, सन्दर्भ अनुकूल फोटोहरू र नक्साहरूको समाविष्टले अझ बढी आकर्षक बन्न पुगेको देखिन्छ ता पनि पुस्तकको सिलाई कमजोर भएकोले पाना छुट्टिने सम्भावनालाई भने नकार्न सकिदैन। मानवअधिकार वर्ष पुस्तकमा उल्लेख गरिएका कुराहरूलाई सम्बन्धित क्षेत्रले गम्भीरतापूर्वक मनन गरी व्यवहारमा लागु गर्न सकेमा मानवअधिकार वर्ष पुस्तक १९९४ को सार्थकता झल्कने र फलदायी बन्न जाने देखिन्छ।

भवनाथ सडौला

उपप्राध्यापक- वीरेन्द्रबहुमुखी क्याम्पस

०५२ पुस २ गते चितवनमा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट।

इन्सेकले मानवअधिकार वर्ष पुस्तक १९९४ प्रकाशित गरेर मानवअधिकार उल्लंघनका सूचनाहरूको प्रमाणिक दस्तावेज बनाउने उद्देश्यको उपलब्धी सकारात्मक छ।

रमाकान्त सापकोटा

सहायक प्राध्यापक

सप्त गण्डकी बहुमुखी क्याम्पस,चितवन

०५२ पुस २ गते चितवनमा आयोजित वर्ष पुस्तक १९९४ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षाबाट

मानवअधिकार वर्ष पुस्तक १९९४ पनि त्रुटी रहित पाइएन। विशेष गरी ०१७ सालको संघर्षको इतिहासलाई प्रस्तुत गर्ने क्रममा सुदूर पूर्वमा नेपाली कांग्रेसको बलीदानीपूर्ण संघर्षको इतिहासलाई बिलकुलै छोइएन। संक्षिप्तमा ती घटनाहरू यस प्रकार छन्।

०१७ सालमा प्रजातन्त्रको अपहरणपछि देशमा नै पहिलो हतियार संघर्ष पाँचथरको सुकियापोखरीमा ०१७ साल फागुन १७ गतेको दिन भएको थियो। उक्त संघर्षको नेतृत्व भूविक्रम नेम्वाङ र कृष्णविक्रम नेम्वाङको नेतृत्वमा फिन्जा शेर्पा, काशीराम आचार्य, तेमसुरे सुनुवार लगायतका नेपाली कांग्रेसका मुक्ति सैनिकहरूले प्रहरीहरूबाट २ थान राइफल खोसी मुक्ति संघर्षको सुरूवात गरेका थिए। मुक्ति सैनिकहरूको गठन केही दिन अघिमात्र भएको थियो। यो घटना नै नेपालको ०१७ सालको क्रान्तिको इतिहासमा पहिलो घटना थियो। पछि त्यही क्रान्ति धनकुटा, इलाममा सर्वत्र फैलियो।

०१७ साल फागुन १७ गतेको सुकियापोखरीको सफल एक्सन पछि मुक्ति सैनिकहरूको गतिविधिमा बृद्धि भयो। ठाउँठाउँमा सेना र मुक्ति सैनिक वीच संघर्षका उल्लेखनीय घटनाहरू हुन थाले। नरबहादुर राई, डिल्लीराम राई, हर्कप्रसाद राई, जहरथुम्की काण्डमा, वलबहादुर तामाङ पौवा काण्डमा, र कावेली, शिलौटी, देउराली, धनमाने, पाँचथरेटार आदि एक्सनहरूमा सैयौंको संख्यामा मुक्ति सैनिकहरू मारिए। ०१७ देखि ०१९ सालसम्म त्यस क्षेत्रमा लगातार हतियार कार्वाही भए।

मेमेङ्ग भन्सार, बन्दुके भन्सार, च्याङथापु भन्सार कब्जा गर्ने क्रममा ८ जना भन्दा बढी मारिए। च्याङथापु पटक-पटक कब्जा गरियो।तमोर, इवा, कावेली,त्रदी लगायतका ठूला साना गरी १० वटा भन्दा बढी पुलहरू काटिए।

तल्लांक प्रहरी चौकी, फेदाप मोरा हाङको प्रहरी चौकी, रविथाना, थानाचौकीहरू लगायत ताप्लेजुङ्ग बजार मुक्ति सेनाले कब्जा गरे। श्रीप्रसाद पराजुली लगायत धेरैलाई सैनिकले मार्‍यो।

धनकुटा जेल, इलाम जेल नेका कार्यकर्ताहरूले भरियो। धेरै मानिसहरू वेपत्ता पारियो। उक्त संघर्षको नेतृत्व भूविक्रम नेम्वाङ्ग, देवान दोर्जे थिङ्ग, चौविसको इगलसिं सेन हरूले गर्नु भएको थियो।

ने.का.पाँचथर जिल्लाको राजनीतिक, पीडित तथ्यांक संकलन समितिले ३९ जना शहीद र २५० जना जति जेलनेल, प्रवास, भूमिगत, आदिद्वारा पीडितहरूको पहिचान गरेको छ।

इलाम जिल्लाको आइपोखरीको देउराली भन्ने ठाउँमा सेनाले खाडल खन्न लगाएर ७ जना मुक्ति सैनिकहरूलाई गोली हानी एकै ठाउँमा पुरे। माईपोखरीको अर्को एक्सनमा भद्रसिंह राई मारिए। साखेजुङ्ग, माईमझुवा, पुवामझुवा लगायतका एक्सनमा धेरै मारिए। धेरै पक्राउ परे। अराष्ट्रिय तत्व भनेर मुद्दा चलाइयो।

तेजप्रकाश रिजाल *सभापति एवं*

कृष्णविक्रम नेम्वाङ्ग *महासचिव*

नेपाली कांग्रेस जिल्ला समिति

०५२।१०।२२ *पाँचथर*

अनुसूची ९

कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरू १९९५

यस वर्षको शुरूमै ७५ मध्ये ७१ जिल्लाका लागि जिल्ला प्रतिनिधि नियुक्त गरिएको थियो। ४ वटा जिल्लाको लागि उपयुक्त स्वयं सेवकको खोजी कार्य जारी राखियो। २ वटा जिल्लाको लागि केन्द्रबाट वर्षको अन्त्यमा मान्छे पठाउनु पर्‍यो। २ वटा जिल्लाका प्रतिनिधिले विशेष कारणवश वर्षको उत्तरार्धमा आफ्नो जिम्मेवारी निर्वाह गर्न सक्नु भएन र त्यसको पनि वैकल्पिक प्रबन्ध गर्नु पर्‍यो। अर्घाखाँची र स्याङ्जा जिल्लाको काम पश्चिमाञ्चल क्षेत्रीय कार्यालय मार्फत् सम्पन्न गरियो।

गत वर्षकै निर्देशिका र सूचना संकलनको फारम एवं विधिलाई यसवर्ष पनि प्रयोग गरियो। मानवअधिकारको सैद्धान्तिक पक्ष र कार्यविधि एवं प्रचलित अन्तर्राष्ट्रिय शीर्षकहरूबारे हाम्रा जिल्ला प्रतिनिधि साथीहरू पारंगत भैसक्नु भएको छैन। अतः घटनाका शीर्षकले नै निर्देशिकाको काम गरोस् भनेर जिल्ला-जिल्लाको घटनाको विषयसूचि गत वर्षकै कायम गरियो।

श्री ५ को सरकार गृहमन्त्रालयले समयमै सबै जिल्ला प्रशासनमा परिपत्र गरिदिएकोले जिल्ला जिल्लामा प्रशासन, प्रहरी र कारागारबाट आवश्यक सहयोग पाउन सजिलो भयो।

वर्षको शुरूमा वर्ष पुस्तक १९९४ को विमोचनको बेलामा ०५१ चैत २७ गते देखि काठमाडौंमा सबै जिल्ला प्रतिनिधिहरूलाई ३ दिने तालिममा संलग्न गराइयो। पाँचै विकास क्षेत्रमा पनि त्यस्तै तालिम संचालन गरियो।

केन्द्रीय कार्यालय र क्षेत्रीय कार्यालयबाट अन्य मानवअधिकार संस्थाहरूसंग समन्वय राखेर विभिन्न घटना घटेका बेला स्थलगत भ्रमण अध्ययन गर्ने सिलसिला कायम राखियो।

पाँचै विकास क्षेत्रका सम्भव भएसम्मका जिल्लामा वर्ष पुस्तक समीक्षा गोष्ठी संचालन गरियो, पत्रपत्रिका र पत्राचार मार्फत् प्राप्त प्रतिक्रियालाई संग्रह गर्ने, विश्लेषण गर्ने र तदअनुरूप वर्ष पुस्तक १९९५ को विषय सूचि छनौट गर्ने काम सम्पन्न गर्न एउटा केन्द्रीय मेला पनि गरियो। इन्सेकका अध्यक्ष, कार्यकारी सदस्यहरू र जिम्मेवार पदाधिकारीहरू दूरदराजका जिल्लाहरूमा भएका गोष्ठीहरूमा पनि सहभागी हुनुभयो। यस वर्ष ४४ मन्दा बढी जिल्लामा यस्ता गोष्ठीहरू सम्पन्न गरिए। ती गोष्ठीका प्रतिवेदनको सारांश अनुसूचि ७ मा प्रस्तुत गरेका छौं।

यस वर्ष तथ्यांकपरक ढंगले केही नयाँ कुराहरू थपिएको छ। अंग्रेजी संस्करणमा जिल्ला जिल्लामा घटेका घटनाहरूको विस्तृत जानकारी दिने अनुसूचि ६ हटाइएको छ। सो विषयलाई विगत वर्षहरूमा परिच्छेद अन्तर्गत समावेश गरिएकोमा यस पटक अनुसूचिमा लगिएको छ। वर्ष पुस्तक १९९२ देखि १९९४ सम्मका पुस्तकमा प्रकाशित घटनाको प्रभाव स्वरूप १९९५ मा थप घटना घटेका छन्। अतः घटनाहरूको निरन्तरताको परख गर्ने हो भने उक्त अनुसूचि आवश्यक छ। देशमा मानवअधिकारसंग सम्बन्धित घटनाहरूले समष्टिमा दृष्टिकोण बनाउनमा मद्दत पुर्‍याउँछ। जिल्लाहरूमा सर्वाधिक लोकप्रिय विषय यही अनुसूचि बनेको छ। मानवअधिकारको उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित दफा ९ को व्यहोरालाई यथासम्भव सानो बनाउन तथ्यांकमूलक बनाइएको छ।

यस वर्ष शहीद र शहीदका परिवार बारे देशभरिबाट सूचना संकलन गर्ने प्रयास गरियो। प्राप्त सूचनाहरूलाई संग्रहित गरेर यस वर्षको उल्लेख्य विषयका रूपमा प्रस्तुत गरेका छौं। अरूण जलविद्युत आयोजना यस वर्षको प्रमुख विषय वस्तुका रूपमा प्रस्तुत गरेका छौं। अर्को विषय किसान आन्दोलनलाई यस पटक प्रस्तुत गरिएको छ।

यस वर्ष पनि मानवअधिकार परिस्थिति सूचकको प्रकाशनको निरन्तरता कायम राख्न सकियो। यसले गर्दा घटनाहरूलाई अद्यावधिक गर्ने काम हुँदै गयो।

मानवअधिकारका विभिन्न फाँटमा थुप्रै गैरसरकारी संस्थाहरू संलग्न रहेका छन्। उनीहरूको भूमिकाले मानवअधिकारको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएको छ। अतः केही मानवअधिकार संस्थाहरूसंग उनीहरूको प्रतिवेदन माग गरेका थियौं। प्राप्त प्रतिवेदनहरू पनि यस वर्ष पुस्तकमा संग्रहित छन्।

यस वर्ष श्री ५ को सरकार गृहमन्त्रालय, परराष्ट मन्त्रालय र नेपाल प्रहरीसंग पनि १९९५ मा मानवअधिकारको स्थितिबारे प्रतिवेदनका लागि अनुरोध गरियो र प्राप्त जवाफ संकलित गरिएको छ।

नेपालका सबै प्रमुख राजनीतिक दलहरूलाई ०५२

पुस २४ मा वर्ष १९९५ मा मानवअधिकारको स्थितिबारे आफ्नो धारणा उपलब्ध गराउन पत्राचार गरियो। तर वडो मुस्किलले जम्मा ३ वटा राजनीतिक दलहरू नेकपा (एमाले), नेमकिपा र नेपाल सद्भावना पार्टीको मात्र धारणा प्राप्त हुन सक्यो। सत्ताधारी दलहरू मध्ये नेपाली कांग्रेस र राप्रपाको धारणा अन्तिम बेलासम्म प्रयत्न गर्दा पनि प्राप्त हुन सकेन। राप्रपाले वर्ष पुस्तक १९९२ देखि आजसम्म कहिले पनि आफ्नो धारणा दिएको छैन।

समस्याहरू

नेपालको गृह प्रशासन अझै पनि मानवअधिकारको क्षेत्रलाई आफूप्रति असहयोग गर्ने क्षेत्रका रूपमा लिने मानसिकताबाट पूर्णतः मुक्त भएको छैन।

नेपालका प्रमुख राजनीतिक पार्टीहरूमा नै मानवअधिकारप्रति तत्परता रहेको पाइएन। आफूले नै उठाएका विविध समस्याहरूको अभिलेख राख्ने र घटनाहरूप्रति तत्पर रहने गरेको पाइएन।

संचार र यातायातको समस्या यथावत रहेका छन्। कतिपय जिल्लामा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा बाहेक अन्यत्र फ्याक्सको सुविधा छैन। त्यस्तो स्थितिमा हाम्रा प्रतिनिधिलाई सूचनाको शीघ्र प्रेषण गर्न समस्या परेको छ।

आफ्नै आर्थिक समस्याका कारण हामीले आवश्यक सुविधा दिन सकेका छैनौं। विकट ठाउँहरूमा लामो समय खर्च नगरी सूचनाको तहसम्म पुग्न समस्या पर्ने गरेको छ।

स्थानीय तहमानै सचेतनता नआइसकेकोले प्रभावशाली व्यक्तिहरूले गरेका मानवअधिकारको उल्लंघनका घटनाको वास्तविकता बटुल्न समस्या परिरहेको छ।

हाम्रा जिल्ला प्रतिनिधिहरूले कतिपय मामिलामा कुनै एक स्रोतको आधारमा घटना संग्रह गरिदिने गर्नाले समस्या परिरह्यो। प्रत्येक घटनामा पीडक, पीडित, प्रत्यक्षदर्शी, प्रशासन सुरक्षा र अन्य सम्बद्ध निकाय, संस्था समेतसंग प्रत्यक्ष भेटघाट गरेर प्रतिवेदन तयार गर्नु पर्ने कुराको अक्षरशः पालना भएन।

केन्द्रीय कार्यालयमा थोरै मानिसहरूले सबै काम भ्याउनु पर्ने र कतिपय साथीहरूले निरन्तर रूपमा काम गर्न नसक्नु भएकोले समस्या परिरह्यो। प्राप्त सूचनाको छानवीन गर्ने, कमी कमजोरी उल्लेख गरेर तत्कालै पत्राचार गर्ने काममा कमजोरी रह्यो। क्षेत्रीय कार्यालयमा यही कामका लागि भनेर अतिरिक्त कार्यकर्ताको प्रबन्ध गरियो। यस मामिलामा कुनै पनि क्षेत्रीय कार्यालय सक्षम भैसकेको पाइएन।

वर्ष पुस्तक शाखालाई सक्षम बनाउनका लागि सक्षम र आत्मनिर्भर सचिवालयको प्रबन्ध गर्नु पर्ने देखिएको छ। मानवअधिकार उल्लंघनको सूचना संग्रह गर्ने मात्र होइन त्यसलाई तुरून्तै प्रचार गर्ने र त्यस्ता प्रवृत्ति विरूद्ध जागरण फैलाउने काम गर्नु पर्ने आवश्यकता टड्कारै देखिएको छ। ■

अनुसूची १०

वर्ष पुस्तक १९९२, १९९३ र १९९४ का विषय-सूची

वर्ष पुस्तक १९९२

भूमिका
परिच्छेद - १ : नेपालको सामान्य परिचय
परिच्छेद- २ : नेपालमा राजनैतिक तथा संवैधानिक विकास
(क) राजनैतिक विकास
(ख) नेपालमा संवैधानिक कानूनको विकास
परिच्छेद -३ : नेपालका मानवअधिकारसंग सम्बद्ध संघसंस्थाहरू
(क) मानवअधिकारसंग सम्बद्ध संघ संस्थाहरू
(ख) महिला अधिकारसंग सम्बद्ध संघ संस्थाहरू
परिच्छेद - ४ : नेपाल अधिराज्यको संविधान ०४७ र मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू
परिच्छेद- ५ : न्यायपालिका र मानवअधिकार
परिच्छेद - ६ : संसद र मानवअधिकार
परिच्छेद - ७ : श्री ५ को सरकार र मानवअधिकार
परिच्छेद - ८ : सन् १९९२ र मानवअधिकार उल्लंघनका तथ्यहरू
१. पूर्वाञ्चल
२. मध्यमाञ्चल
३. पश्चिमाञ्चल
४. मध्य-पश्चिमाञ्चल
५. सुदूर पश्चिमाञ्चल
परिच्छेद - ९ : वर्ष पुस्तकको उद्देश्य, कार्याविधि र तयारीका क्रममा देखिएका समस्याहरू
परिच्छेद - १० : निष्कर्ष र सुझाव

अनुसूची - १ : कर्मचारी संघर्ष र मानवअधिकार
अनुसूची - २ : सन् १९९२ मा मानवअधिकार र विभिन्न राजनैतिक पार्टीहरूको धारणा
अनुसूची - ३ : सन् १९९२ र नेपालका बालबालिकाको अधिकार
अनुसूची -४ : प्रहरी यातना र नेपाल
अनुसूची - ५ : नेपालमा शरणार्थी समस्या
अनुसूची - ६ : नेपालमा बाँधा मजदूर
अनुसूची - ७ : महिला र मानवअधिकार
अनुसूची - ८ : आदिवासी र मानवअधिकार
अनुसूची - ९ : चिठ्ठीपत्र र कागजात
अनुसूची - १० : जिल्लामा खटिएका स्वयंसेवकहरूको नामावली
अनुसूची - ११ : मानवअधिकार उल्लंघन पात्रो - १९९२

वर्ष पुस्तक १९९३

भूमिका
परिच्छेद - १ : परिचय
नेपालमा मानवअधिकार आन्दोलन (०१७सम्मको)
परिच्छेद - २ : सन् १९९३ मा राजनैतिक तथा संवैधानिक विकास
(क) सन् १९९३ र राजनैतिक विकास
(ख) सन् १९९३ र संवैधानिक विकास
(ग) मानवअधिकारको धारणासंग बाझ्ने नेपाल कानूनका केही प्रावधानहरू
परिच्छेद - ३ : न्यायपालिका र मानवअधिकार -१९९३
परिच्छेद - ४ : संसद र मानवअधिकार १९९३
परिच्छेद - ५ : श्री ५ को सरकार र मानवअधिकार -१९९३
परिच्छेद - ६ : आमसंचार र मानवअधिकार १९९३
परिच्छेद - ७ : तथ्यांकमा नेपाल-आर्थिक योजना लक्ष र उपलब्धी
परिच्छेद - ८ : सन् १९९३ र मानवअधिकार उल्लंघनका तथ्यहरू
१. पूर्वाञ्चल
२. मध्यमाञ्चल
३. पश्चिमाञ्चल
४. मध्य-पश्चिमाञ्चल
५. सुदूर पश्चिमाञ्चल
परिच्छेद - ९ : सन् १९९३ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन
परिच्छेद- १० : कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरू
परिच्छेद - ११ : निष्कर्ष र सुझाव

अनुसूची - १ : यस वर्षको उल्लेख्य- नेपालमा जातीय छुवाछूत
अनुसूची - २ : यस वर्षको प्रमुख घटना - दासढुंगा दूर्घटना
अनुसूची - ३ : नेपालमा विद्यालय शिक्षकहरू र मानवअधिकार
अनुसूची - ४ : नेपाल ट्रेड यूनियन आन्दोलन र मानवअधिकार
अनुसूची - ५ : नेपालमा विस्थापनको समस्या : केही उदाहरण
अनुसूची - ६ : सन् १९९३ र मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने केही अन्य विषयहरू
- ६.१ बालबालिकाको अधिकार
- ६.२ प्रहरी यातना र रोकथामका उपायहरू
- ६.३ नेपालमा शरणार्थी समस्या
- ६.४ नेपाली महिला र मानवअधिकार
- ६.५ आदिवासी र माानवअधिकार

अनुसूची - ७ : सन् १९९३ मा मानवअधिकारको स्थिति बारे विभिन्न राजनैतिक पार्टीहरूको धारणा
अनुसूची - ८ : चिठ्ठीपत्र र कागजातहरू
अनुसूची - ९ : क्रिया / प्रतिक्रिया
अनुसूची - १० : वर्ष पुस्तक तयारीका क्रममा संलग्न व्यक्तिहरू
अनुसूची - ११ : मानवअधिकार उल्लंघन पात्रो- १९९३

वर्ष पुस्तक १९९४

भूमिका
परिच्छेद - १ : मानवअधिकार आन्दोलन ०१७-०४८
परिच्छेद - २ : न्यायपालिका र मानवअधिकार १९९४
परिच्छेद - ३ : श्री ५ को सरकार र मानवअधिकार १९९४
परिच्छेद - ४ : संसद र मानवअधिकार १९९४
परिच्छेद - ५ : आमसंचार र मानवअधिकार १९९४
परिच्छेद - ६ : वर्ष पुस्तकभित्र यस्ता घटनाहरू पनि छन्
परिच्छेद - ७ : सन् १९९४ र मानवअधिकार उल्लंघनका तथ्यहरू
- १. पूर्वाञ्चल
- २. मध्यमाञ्चल
- ३. पश्चिमाञ्चल
- ४. मध्य-पश्चिमाञ्चल
- ५. सुदूर पश्चिमाञ्चल

परिच्छेद - ८ : सन् १९९४ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन
परिच्छेद - ९ : निष्कर्ष र सुझाव

अनुसूची - १ : यस वर्षको उल्लेख्य- प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन
अनुसूची - २ : यस वर्षको प्रमुख घटना - नेपालमा भारतीय अतिक्रमण
अनुसूची - ३ : सन् १९९४ मा मानवअधिकारको स्थिति बारे राजनैतिक पार्टीका धारणा
अनुसूची - ४ : क्रिया / प्रतिक्रिया
अनुसूची - ५ : कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरू
अनुसूची - ६ : चिठ्ठीपत्र र कागजात
अनुसूची - ७ : वर्ष पुस्तक तयारीका क्रममा संलग्न व्यक्तिहरू
अनुसूची - ८ : मानवअधिकार उल्लंघन पात्रो -१९९४

■

अनुसूची ११

चिठ्ठी पत्र र कागजात

श्री ५ को सरकार
गृह मन्त्रालय
(आन्तरिक व्यवस्थापन शाखा) सिंहदरबार,

पत्र संख्या:- आव्य(ग)७।१०।१६३ ।०५१।५२ च.नं.५६४ काठमाण्डौ नेपाल ।

मिति : २०५२।१।१३

विषय :- सहयोग गरि दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
 ७५,पचहत्तर जिल्ला ।

श्री केन्द्रीय सेवा विभाग,.. .. विभाग, विशेष प्रहरी विभाग, राष्ट्रिय अनुसन्धान विभाग सिंहदरबार, कारागार व्यवस्थापन विभाग मिनभवन, अध्यागमन विभाग त्रिदेवी मार्ग ठमेल, प्रहरी प्रधान कार्यालय नक्साल,
 .. .. ।

सर्व प्रथम त यस अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विगत तीन वर्ष (१९९२,१९९३ र १९९४) को मानवअधिकार वर्ष पुस्तकको प्रकाशनका क्रममा यहाँको निकायका तर्फबाट भएको सहयोगको निम्ति धन्यवाद ज्ञापन गर्दछु ।

यस वर्ष पनि वर्ष पुस्तक समिति १९९५ को वर्ष पुस्तक निर्माण कार्यमा जुटिसकेको छ । तसर्थ गृह मन्त्रालयका निकायहरु जिल्ला प्रशासन तथा प्रहरीलाई वर्ष पुस्तक स्वयंसेवक वा कार्यकर्ताहरुलाई सहयोग गरि दिने निर्देशन जारी गरि दिन हुन अनुरोध गरिन्छ । वर्ष पुस्तक तयारीका लागि विभिन्न क्षेत्रबाट जस्तै जेलहरुबाट पनि तथ्यहरु संकलन गर्नु पर्ने भएकोले ती निकायहरुमा समेत आवश्यक सहयोगका लागि परिपत्र गरि दिनु हुन भनि अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक)को पत्र प्राप्त भएकोले पत्रमा उल्लेख भए बमोजिम आवश्यक सहयोग गरि दिनुहुन आदेशानुसार अनुरोध छ ।

बोधार्थ:-

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्टबक्स नं. २७२६
काठमाण्डौं

२०५२।१।१३

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

कारागार व्यवस्थापन विभाग

(.................................शाखा)

फोन: { २३२११२ / २३१०३०

सीनभवन, बानेश्वर

काठमाडौं ।

पत्र संख्या:–

चलानी नं.:– २१६४

मिति:...........................

विषय:–

श्री जिल्ला प्रशासन कार्यालय

कारागार शाखा सबै ।

श्री गृह मन्त्रालय आ.व्य शाखा को च.नं ५६४ मिति २०५२।१।१३ को जिल्ला प्रशासन कार्यालय (७५)लाई लेखेको पत्रको प्रतिलिपी समलग्न छ । कारागार ऐन नियम को परिधि भित्र रही आवश्यक सहयोग उपलब्ध गराई दिनु हुन निर्देशानुसार अनुरोध छ ।

२०५२।१।२०

शाखा अधिकृत

श्री ५ को सरकार

गृह मन्त्रालय

कारागार व्यवस्थापन विभाग

(..शाखा)

फोन: २२३११२, २३१०३०

मीनभवन, बानेश्वर

काठमाडौं।

पत्र संख्या:- प्रा।२।१।०५२।५२

चलानी नं.:- १६४३

मिति २०५२।१।२६......

विषय:- सहयोग गरी दिने बारे।

श्री कारागार शाखा,

सबै (भुसरी, धुरुणा, तारा र भक्तपुर बाहेक)।

सर्वप्रथम त यस अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विगत तीन वर्ष (१९९२, १९९३ र १९९४) को मानव अधिकार वर्ष पुस्तकको प्रकाशनका क्रममा यहाँको निकायका तर्फबाट भएको सहयोगको निमित्त धन्यवाद ज्ञापन गर्दछु।

यस वर्ष पनि वर्ष पुस्तक समिति १९९५ को वर्ष पुस्तक निर्माण कार्यमा जुटिसकेको छ। तसर्थ गृह मन्त्रालयका निकायहरू जिल्ला प्रशासन तथा प्रहरीलाई वर्ष पुस्तक सम्पादक का कार्यकर्ताहरूलाई सहयोग गरि दिने निर्देशन जारी गरि दिन हुन अनुरोध गरिन्छ। वर्ष पुस्तक तयारीका लागि विभिन्न क्षेत्रबाट जस्तै जेलहरूबाट पनि तथ्यहरू संकलन गर्नु पर्ने भएकोले ती निकायहरूलाई समेत आवश्यक सहयोगका लागि परिपत्र गरि दिनु हुन भनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को पत्र प्राप्त भएकोले पत्रमा उल्लेख भए बमोजिम आवश्यक सहयोग गरी दिन गृह मन्त्रालय, आन्तरिक व्यवस्था शाखाको च.नं. ५६४, मिति ०५२।१।१५ को पत्रबाट लेखी आएको हुँदा उपर्युक्तानुसार सहयोग गरी दिनु हुन आदेशानुसार अनुरोध छ।

बोधार्थ:-

श्री गृह मन्त्रालय, आन्तरिक व्यवस्था शाखा :- उक्त पत्रको सिलसिलामा।

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)।

For Human Rights and Social Justice

Informal Sector Service Centre (INSEC)

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति :- ०५२ फागुन १५

श्री गृह सचिवज्यू,
गृहमन्त्रालय, सिंहदरबार

विषय :- आधिकारिक धारणा उपलब्ध गराई दिनु हुन।

यस संस्थाद्वारा १९९२ देखि हरेक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित हुँदै आएको कुरा विदित नै छ। १९९३ र १९९४ को प्रकाशनपछि अहिले हामी १९९५ को वर्ष पुस्तक प्रकाशनको अन्तिम तयारीमा पुगिसकेका छौं। वर्ष पुस्तक प्रकाशनको क्रममा गृह मन्त्रालय एवं मन्त्रालय अन्तर्गतका विभाग तथा निकायहरूबाट भएको निरन्तर सहयोगप्रति कृतज्ञता व्यक्त गर्दछौं।

यस वर्ष अर्थात् १९९५ (०५१ पुस १५ गते देखि ०५२ पुस १६ गते) मा मुलुकको मानवअधिकार स्थिति के कस्तो रह्यो, उपलब्धी एवं उल्लंघन र उपचारको क्षेत्रमा गृह मन्त्रालयले के कस्तो भूमिका निर्वाह गर्‍यो, सोको आधिकारिक धारणालाई समेत वर्ष पुस्तकमा प्रस्तुत गर्नु प्रासंगिक हुने हुँदा उक्त आधिकारिक धारणा आगामी फागुन २३ गतेसम्ममा उपलब्ध गराई वर्ष पुस्तक प्रकाशनमा थप सहयोग पुर्‍याइदिनु हुन सादर अनुरोध गर्दछु।

सुशील प्याकुरेल
अध्यक्ष

Postal Address: P. O. Box 2726, Kathmandu, Nepal
Tel: 270770, 278770; Fax: +977-1-270551

पत्राचार : पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
टेलिफोन : २७०७७०, २७८७७०, फ्याक्स : २७०५५१

For Human Rights and Social Justice
Informal Sector Service Centre (INSEC)
मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति ०५२ फागुन १५ गते

श्री सचिवज्यू,
परराष्ट्र मन्त्रालय,

विषय :- आधिकारिक धारणा उपलब्ध गराइदिनु हुन।

यस संस्थाद्वारा १९९२ देखि हरेक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित हुँदै आएको कुरा विदित नै छ। १९९३ र १९९४ को प्रकाशन पछि अहिले हामी १९९५ को वर्ष पुस्तक प्रकाशनको अन्तिम तयारीमा पुगी सकेका छौं। यस वर्ष अर्थात् ०५१ पुस १५ देखि ०५२ पुस १६ गते मित्रमा मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध तथा सम्मिलनहरू मध्ये के-के मा र कहिले-कहिले नेपालले हस्ताक्षर गऱ्यो, त्यस बमोजिम हस्ताक्षरित अनुबन्ध तथा सम्मिलनमा अभिव्यक्त सवालहरूलाई व्यवहारमा कार्यान्वयन गर्न श्री ५ को सरकारबाट भए गरेका प्रयत्नहरू एवं उपलब्धीहरू बारेको आधिकारिक धारणा प्रकाशोन्मुख वर्ष पुस्तकमा प्रस्तुत गर्नु सान्दर्भिक हुने हुँदा आगामी फागुन २३ गते सम्ममा उपलब्ध गराइ दिई, वर्ष पुस्तक प्रकाशनमा सहयोग पुऱ्याई दिन हुन सादर अनुरोध गर्दछु।

सुशील प्याकुरेल
अध्यक्ष

Postal Address: P. O. Box 2726, Kathmandu, Nepal
Tel: 270770, 278770; Fax: +977-1-270551

For Human Rights and Social Justice

Informal Sector Service Centre (INSEC)

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति ०५२ फागुन १५ गते

श्री मानव अधिकार तथा परराष्ट्र समिति
संसद भवन, सिंहदरबार

विषय : आधिकारिक धारणा उपलब्ध गराइ दिनु हुन।

यस संस्थाले १९९२ देखि हरेक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको कुरा विदित नै छ। १९९३ र १९९४ को प्रकाशनपछि अहिले हामी १९९५ को वर्ष पुस्तक प्रकाशनको अन्तिम तयारीमा जुटिसकेका छौं। यो वर्ष अर्थात १९९५ र यो मुलुकको मानवअधिकार स्थितिका बारेमा मानवअधिकार क्षेत्रमा कार्यरत सरकारी एवं गैरसरकारी संस्थाहरू के कस्तो मुल्यांकन गर्दछन्, संस्थाका आधिकारिक धारणालाई यस वर्षको वर्ष पुस्तकमा समावेश गर्नु प्रासंगिक हुने हुँदा यो पत्र लेख्ने काम गरिएको छ। अतः आगामी फागुन २२ गते सम्ममा प्राप्त हुने गरी निम्न विषयमा आधारित भएर त्यस समितिको आधिकारिक धारणा उपलब्ध गराई वर्ष पुस्तक प्रकाशनमा अमूल्य सहयोग पुर्‍याई दिन हुन सादर अनुरोध गर्दछु।

सम्बद्ध विषय

सन १९९५ र नेपालको मानव अधिकार स्थिति
(संक्षिप्त विश्लेषण)

डा. राजेश गौतम
महासचिव

Postal Address: P. O. Box 2726, Kathmandu, Nepal
Tel: 270770, 278770; Fax: +977-1-270551

पत्राचार : पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
टेलिफोन : २७०७७०, २७८७७०, फ्याक्स : २७०५५१

For Human Rights and Social Justice
Informal Sector Service Centre (INSEC)
मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

च. नं. ९६२

मिति :- ०५२।९।२४

श्रीमान् ....
नेपाली कांग्रेस केन्द्रीय का.

विषय :- यो वर्षको मानवअधिकार स्थितिबारे आधिकारिक धारणा उपलब्ध गराई दिनु हुन।

यस संस्थाद्वारा मानवअधिकार वर्ष पुस्तक १९९२, १९९३ र १९९४ प्रकाशित गरिसकेको कुरा यहाँलाई विदितै छ।

यसै सिलसिलामा मानवअधिकार वर्ष पुस्तक १९९५ को अन्तिम तयारीमा हामी जुटिरहेका छौं। विगतका वर्षहरू झैं सन् १९९५ मा यो देशमा मानवअधिकारको स्थिति समग्रमा कस्तो रह्यो, मानवअधिकार उल्लंघनका घटनाहरू के कस्ता रहे भन्ने सवालमा केन्द्रीत भएर समग्र अभिलेख प्रकाशन गर्ने हाम्रो उद्देश्य रहेको छ।

अतः विगत वर्ष जस्तै यो वर्ष १९९५ (अर्थात् ०५१ पौष १७ देखि ०५२ पौष १६गते सम्म) भित्र यो मुलुकको मानवअधिकार स्थितिको बारेमा यहाँको पार्टी / संस्था कसरी मूल्यांकन गर्दछ? यस वर्षको वर्ष पुस्तकमा समावेश गर्ने गरी यहाँको पार्टीको आधिकारिक धारणा लिखित रूपमा आगामी माघ १५ गते भित्रमा उपलब्ध गराई वर्ष पुस्तक प्रकाशनमा थप सहयोग पुऱ्याई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

सहयोगका निम्ति धन्यवाद।

नेपाली कांग्रेस
★ नेपाल ★

सुशील प्याकुरेल
अध्यक्ष

Postal Address: P. O. Box 2726, Kathmandu, Nepal
Tel: 270770, 278770; Fax: +977-1-270551

For Human Rights and Social Justice
Informal Sector Service Centre (INSEC)
मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

च. नं. १९१

मिति :- ०५२।९।२४

श्रीमान् ....
....

विषय :- यो वर्षको मानवअधिकार स्थितिबारे आधिकारिक धारणा उपलब्ध गराई दिनु हुन।

यस संस्थाद्वारा मानवअधिकार वर्ष पुस्तक १९९२, १९९३ र १९९४ प्रकाशित गरिसकेको कुरा यहाँलाई विदितै छ।

यसै सिलसिलामा मानवअधिकार वर्ष पुस्तक १९९५ को अन्तिम तयारीमा हामी जुटिरहेका छौं। विगतका वर्षहरू झैं सन् १९९५ मा यो देशमा मानवअधिकारको स्थिति समग्रमा कस्तो रह्यो, मानवअधिकार उल्लंघनका घटनाहरू के कस्ता रहे भन्ने सवालमा केन्द्रीत भएर समग्र अभिलेख प्रकाशन गर्ने हाम्रो उद्देश्य रहेको छ।

अतः विगत वर्ष जस्तै यो वर्ष १९९५ (अर्थात् ०५१ पौष १७ देखि ०५२ पौष १६गते सम्म) भित्र यो मुलुकको मानवअधिकार स्थितिको बारेमा यहाँको पार्टी / संस्था कसरी मूल्यांकन गर्दछ? यस वर्षको वर्ष पुस्तकमा समावेश गर्ने गरी यहाँको पार्टीको आधिकारिक धारणा लिखित रूपमा आगामी माघ १५ गते भित्रमा उपलब्ध गराई वर्ष पुस्तक प्रकाशनमा थप सहयोग पुऱ्याई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

सहयोगका निम्ति धन्यवाद।

सुशील प्याकुरेल
अध्यक्ष

Postal Address: P. O. Box 2726, Kathmandu, Nepal
Tel: 270770, 278770; Fax: +977-1-270551

४६४

हुलाक : पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
टेलिफोन : २७०७७०, २७८७७०, फ्याक्स : २७०५५१

अनुसूची १२

वर्ष पुस्तक १९९५ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद तथा अनुसूची लेखन

१. डा. राजेश गौतम
२. सुवोधराज प्याकुरेल
३. नरनाथ लुईटेल
४. शार्दूल भट्टराई
५. कुन्दन अर्याल
६. काशिराज दाहाल
७. गोपाल शिवाकोटी
८. रघु मैनाली
९. विष्णु प्रभात
१०. भगवानरत्न तुलाधर

जिल्ला प्रतिवेदन परिमार्जन

१. विष्णु प्रभात
२. कृष्ण गौतम
३. शार्दूल भट्टराई
४. युवराज काफ्ले
५. दीप सिलवाल

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१ झापा - कृष्ण मिश्र
१.२ इलाम - शोभा पराजुली
१.३ पाँचथर - प्रेम ओझा
१.४ ताप्लेजुङ - धनेन्द्र मादेन
१.५ मोरङ - डिल्ली धिमाल/दिपेन न्यौपाने
१.६ सुनसरी - रामप्रसाद आचार्य
१.७ धनकुटा - विदुर सुवेदी
१.८ तेह्रथुम - ललित श्रेष्ठ
१.९ भोजपुर - पिवन्त न्यौपाने/चित्राङ्गत चौलागाईं
१.१० संखुवासभा - जीतबहादुर घिमिरे
१.११ सप्तरी - उपेन्द्रनारायण शाह
१.१२ सिरहा - जया घिमिरे
१.१३ उदयपुर - चन्द्रनारायण चौधरी
१.१४ खोटाङ - कुमार तिवारी
१.१५ ओखलढुंगा - पेशलकुमार खतिवडा
१.१६ सोलुखुम्बु - बुद्धिकुमार राजभण्डारी

२. मध्यमाञ्चल

२.१ धनुषा - बसन्ती घिमिरे/नवराज बस्नेत
२.२ महोत्तरी - रामनाथ मण्डल
२.३ सर्लाही - नारायणी ढुंगाना
२.४ सिन्धुली - वासुदेव देवकोटा
२.५ रामेछाप - दिपक दाहाल
२.६ दोलखा - होमप्रसाद पाठक
२.७ रौतहट - जयचन्द्र पटेल
२.८ बारा - कृष्ण लामा
२.९ पर्सा - प्रेम कार्की
२.१० चितवन - मुकुन्द दाहाल
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - युवराज काफ्ले
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमिल्सिना
२.१४ भक्तपुर - अङ्कुर न्यौपाने
२.१५ काठमाडौं - लेखनाथ भण्डारी
२.१६ धादिङ - नेत्र पौड्याल
२.१७ सिन्धुपाल्चोक - बलराम वि.क.
२.१८ नुवाकोट - मुकुन्द नेपाल
२.१९ रसुवा - अशोककुमार घिमिरे

३. पश्चिमाञ्चल

३.१ तनहुँ - शान्तिदेवी खनाल
३.२ गोरखा - कुमारसिंह बस्नेत
३.३ लमजुङ - युवराज अधिकारी
३.४ स्याङ्जा - भिमबहादुर सोमै/देवी वास्कोटा
३.५ कास्की - कृष्ण शर्मा
३.६ मनाङ - छिरिङछिक्पा लामा
३.७ नवलपरासी - नारायण सापकोटा
३.८ रूपन्देही - शिवराज सुवेदी
३.९ पाल्पा - कर्णबहादुर बानियाँ
३.१० कपिलवस्तु - लक्ष्मी तिवारी

३.११ अर्घाखाँची - मोति खनाल/जंगबहादुर नेपाली
३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ बाग्लुङ - गोविन्द गौतम
३.१४ पर्वत - लालशर्मा सुवेदी
३.१५ म्याग्दी - भूपेन्द्र थापा
३.१६ मुस्ताङ - जनकल्याण पराजुली

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - भरतमणि ढकाल
४.२ प्युठान - करूणा श्रेष्ठ
४.३ रोल्पा - घनश्याम आचार्य
४.४ सल्यान - चरणकमल आचार्य
४.५ रूकुम - दामोदर गौतम
४.६ बाँके - पूर्णचन्द्र उपाध्याय
४.७ बर्दिया - लोकनारायण पोखरेल
४.८ सुर्खेत - दिपक गौतम
४.९ जाजरकोट - राजकुमार शाक्य
४.१० दैलेख - बालकृष्ण के.सी.
४.११ डोल्पा - कृष्ण गौतम
४.१२ जुम्ला - मनरूप नेप्च्युन
४.१३ कालिकोट - कृष्णप्रसाद पन्थी
४.१४ मुगु - गोपालबहादुर बम
४.१५ हुम्ला - देवीशरण फडेरा

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - जनक भण्डारी
५.२ अछाम - भरतसिंह रावल
५.३ डोटी - रोशनबहादुर के.सी.
५.४ बाजुरा - लालबहादुर थापा
५.५ बझाङ - मोहनराज जोशी
५.६ कंचनपुर - गजेन्द्र शाही
५.७ डडेलधुरा - गणेशबहादुर कठायत
५.८ बैतडी - वासुदेव कलौनी
५.९ दार्जुला - गंगादत्त जोशी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. दशरथ बुढाथोकी
२. टंक निरौला
३. गोपाल घिमिरे

पश्चिमाञ्चल

१. देवी बास्कोटा
२. जंगबहादुर नेपाली
३. रमेशराज पौड्याल

मध्यपश्चिमाञ्चल

१. सूर्यप्रकाश भट्टराई
२. भोजराज भूसाल
३. रमेश अधिकारी
४. सुरेश चौधरी

सुदूर पश्चिमाञ्चल

१. कुलराज घिमिरे
२. भोलानाथ महत क्षेत्री
३. विक्रम चौधरी

फोटो स्रोत

१. वर्ष पुस्तकको आफ्नै संकलन
२. सन्तोष पोखरेल
३. उषा तिवारी

रेखा चित्र

१. जीवन राजोपाध्याय
२. सुन्दर श्रेष्ठ

इन्सेक केन्द्रमा संलग्न

कृष्ण उपाध्याय
मुकुन्द कट्टेल
प्रेम पराजुली
समीर नेपाल
सन्तोष प्याकुरेल
राजनारायण नेपाली
कमला पराजुली
कविता अर्याल
प्रेक्षा ओझा
रमेश बानियाँ
नारायण दाहाल
जगदीश दाहाल
श्याम महर्जन
विजय पाण्डे
सिताराम लम्साल

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्ष झैं यस वर्ष पनि अधिराज्यका सबै विकास क्षेत्रका जिल्ला प्रतिनिधि मध्येबाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट सूचना प्रेषक" पुरस्कारले, अन्य चार जनालाई क्षेत्रीय स्तरको "उत्कृष्ट सूचना प्रेषक" पुरस्कारले र एकजनालाई "सान्त्वना" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भए अनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनु भएको छ। "सर्वोत्कृष्ट सूचना प्रेषक" पुरस्कार प्रशंसा पत्र सहित रू. ५०००।-, "उत्कृष्ट सूचना प्रेषक" र "सान्त्वना" पुरस्कार प्रशंसा प्रत्र सहित रू. ३०००।- को रहेको छ। पुरस्कृत प्रतिनिधिहरूलाई वर्ष पुस्तक समितिको हार्दिक बधाई।

सर्वोत्कृष्ट - प्रताप विष्ट - कार्यक्षेत्र : मकवानपुर जिल्ला (मध्यमाञ्चल)

उत्कृष्ट - दिपेन न्यौपाने - कार्यक्षेत्र : मोरङ जिल्ला (पूर्वाञ्चल)

उत्कृष्ट - दिलशोमा पुन - कार्यक्षेत्र : गुल्मी जिल्ला (पश्चिमाञ्चल)

उत्कृष्ट - भरतमणि ढकाल - कार्यक्षेत्र : दाङ जिल्ला (मध्यपश्चिमाञ्चल)

उत्कृष्ट - गणेशबहादुर कठायत - कार्यक्षेत्र : डडेलधुरा (सुदूर पश्चिमाञ्चल)

सान्त्वना - अकुर न्यौपाने - कार्यक्षेत्र : भक्तपुर जिल्ला (मध्यमाञ्चल)

अनुसूची १३

मानवअधिकार उल्लंघनको पात्रो १९९५

	1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16
January ०५१ पुस-०५१ माघ	४ / १७	६ / १८	४ / १९	२ / २०	२ / २१	१ / २२	३ / २३	५ / २४	४ / २५	२ / २६	२ / २७	१ / २८	२ / २९	२ / ३०	९ / १	२ / २
February ०५१ माघ-०५१ फागुन	४ / १८	३ / १९	३ / २०	२ / २१	३ / २२	२ / २३	१ / २४	६ / २५	३ / २६	५ / २७	– / २८	३ / २९	२ / १	३ / २	३ / ३	५ / ४
March ०५१ फागुन-०५१ चैत	१ / १७	५ / १८	२ / १९	५ / २०	७ / २१	४ / २२	१ / २३	२ / २४	३ / २५	३ / २६	१ / २७	१ / २८	३ / २९	१ / ३०	२ / १	१२ / २
April ०५१ चैत-०५२ बैशाख	– / १८	२ / १९	९ / २०	४ / २१	– / २२	२ / २३	२ / २४	१ / २५	७ / २६	४ / २७	५ / २८	६ / २९	७ / ३०	३ / १	३ / २	४ / ३
May ०५२ बैशाख-०५२ जेठ	६ / १८	४ / १९	३ / २०	१० / २१	२ / २२	७ / २३	६ / २४	१० / २५	१ / २६	५ / २७	३ / २८	५ / २९	८ / ३०	३ / ३१	२ / १	८ / २
June ०५२ जेठ-०५२ असार	५ / १८	४ / १९	३ / २०	१ / २१	८ / २२	४ / २३	५ / २४	४ / २५	१ / २६	३ / २७	१ / २८	३ / २९	१० / ३०	४ / ३१	७ / १	५ / २
July ०५२ असार-०५२ साउन	४ / १७	१ / १८	३ / १९	– / २०	७ / २१	२ / २२	६ / २३	२ / २४	२ / २५	३ / २६	– / २७	९ / २८	१ / २९	४ / ३०	४ / ३१	२ / ३२
August ०५२ साउन-०५२ भदौ	४ / १६	२ / १७	६ / १८	३ / १९	१ / २०	१ / २१	१ / २२	४ / २३	३ / २४	७ / २५	९ / २६	२ / २७	४ / २८	३ / २९	१ / ३०	५ / ३१
September ०५२ भदौ-०५२ असोज	२ / १६	४ / १७	५ / १८	१ / १९	५ / २०	२ / २१	३ / २२	४ / २३	४ / २४	२ / २५	२ / २६	४ / २७	९ / २८	१ / २९	२ / ३०	१ / ३१
October ०५२ असोज-०५२ कार्तिक	६ / १५	२ / १६	१२ / १७	४ / १८	१ / १९	३ / २०	९ / २१	७ / २२	४ / २३	– / २४	६ / २५	२ / २६	४ / २७	५ / २८	३ / २९	१ / ३०
November ०५२ कार्तिक-०५२ मंसीर	२ / १५	२ / १६	४ / १७	४ / १८	२ / १९	५ / २०	३ / २१	३ / २२	६ / २३	– / २४	४ / २५	६ / २६	४ / २७	६ / २८	३ / २९	५ / ३०
December ०५२ मंसीर-०५२ पुस	३ / १५	२ / १६	५ / १७	५ / १८	७ / १९	१ / २०	१ / २१	३ / २२	२ / २३	४ / २४	१ / २५	४ / २६	– / २७	५ / २८	३ / २९	२ / १

	17	18	19	20	21	22	23	24	25	26	27	28	29	30	31	गते नछुट्टिएको	जम्मा घटना संख्या	उल्लंघन दिन
January ०५१ पुस-०५१ माघ	३ / ३	१ / ४	४ / ५	– / ६	४ / ७	१ / ८	२ / ९	६ / १०	५ / ११	– / १२	१ / १३	१ / १४	४ / १५	३ / १६	२ / १७	९	९७	२९
February ०५१ माघ-०५१ फागुन	१ / ५	१ / ६	३ / ७	३ / ८	१ / ९	२ / १०	३ / ११	३ / १२	५ / १३	२ / १४	३ / १५	३ / १६				३	८१	२७
March ०५१ फागुन-०५१ चैत	५ / ३	३ / ४	१ / ५	२ / ६	३ / ७	१ / ८	५ / ९	१ / १०	७ / ११	२ / १२	२ / १३	३ / १४	६ / १५	४ / १६	३ / १७	२	१०३	३१
April ०५१ चैत-०५२ बैशाख	४ / ४	१ / ५	४ / ६	३ / ७	५ / ८	४ / ९	४ / १०	८ / ११	४ / १२	६ / १३	३ / १४	४ / १५	४ / १६	१ / १७		७	१२१	२८
May ०५२ बैशाख-०५२ जेठ	१० / ३	४ / ४	८ / ५	४ / ६	३ / ७	५ / ८	४ / ९	६ / १०	१० / ११	६ / १२	२ / १३	५ / १४	७ / १५	९ / १६	१ / १७	३	१७०	३१
June ०५२ जेठ-०५२ असार	६ / ३	३ / ४	२ / ५	५ / ६	८ / ७	१ / ८	५ / ९	२ / १०	२ / ११	२ / १२	४ / १३	२ / १४	३ / १५	५ / १६		१	११९	३०
July ०५२ असार-०५२ साउन	९ / १	२ / २	२ / ३	३ / ४	२ / ५	३ / ६	४ / ७	४ / ८	३ / ९	३ / १०	४ / ११	१ / १२	४ / १३	३ / १४	४ / १५	३	१०४	२९
August ०५२ साउन-०५२ भदौ	४ / १	६ / २	१ / ३	२ / ४	५ / ५	२ / ६	३ / ७	३ / ८	२ / ९	५ / १०	१ / ११	७ / १२	२ / १३	१ / १४	४ / १५		१०४	३१
September ०५२ भदौ-०५२ असोज	४ / १	२ / २	२ / ३	४ / ४	६ / ५	३ / ६	५ / ७	५ / ८	५ / ९	५ / १०	४ / ११	५ / १२	३ / १३	३ / १४		५	११२	३०
October ०५२ असोज-०५२ कार्तिक	२ / ३१	५ / १	२ / २	६ / ३	५ / ४	२ / ५	९ / ६	६ / ७	१८ / ८	८ / ९	५ / १०	३ / ११	४ / १२	२ / १३	६ / १४	२	१५४	३०
November ०५२ कार्तिक-०५२ मंसीर	७ / १	७ / २	२ / ३	३ / ४	३ / ५	३ / ६	१ / ७	४ / ८	२ / ९	३ / १०	१ / ११	२ / १२	३ / १३	१ / १४		४	१०५	२९
December ०५२ मंसीर-०५२ पुस	४ / २	५ / ३	३ / ४	१ / ५	१ / ६	२ / ७	३ / ८	४ / ९	४ / १०	३ / ११	२ / १२	२ / १३	१ / १४	२ / १५	३ / १६	३	९१	३०
																	१३६१	३५५

\+ गते नछुट्टिएको ९६

= यो वर्षभरीको कूल घटना संख्या १४५७

◀ यो संकेत भित्रको अंकले मानवअधिकार उल्लंघनका प्रमुख घटना संख्या जनाउँछ, पीडितको संख्या जनाउँदैन ।

	कूल दिन	उल्लंघन दिन	उल्लंघन संख्या
१९९२	३६६	२०९	३६३
१९९३	३६५	३१७	१०३३
१९९४	३६५	३४७	१३९१
१९९५	३६५	३५५	१४५७

घटना संख्या महिनामा



अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक)
कलंकी, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौं
फोन : २७०७७०, २७८७७०
फ्याक्स : २७०५५१